नेपाल

मानव अधिकार वर्ष पुस्तक २०२५

राजनीतिक दाउपेचमा सङ्क्रमणकालीन न्याय

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२५

(नेपाली संस्करण)

२०८० पुस १६ देखि २०८१ पुस १६ गतेसम्म अर्थात् सन् २०२४ भरिका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्य/तथ्याङ्कको सङ्कलन

प्रधान सम्पादक

मदन पौडेल

सम्पादक

गोविन्दप्रसाद त्रिपाठी
गणेश भण्डारी
रमेशप्रसाद तिमल्सिना
सोम नेपाली

आवरण

गीता माली

तथ्याङ्क रूजु

नवीनकुमार शर्मा

मानव अधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

नागार्जुन नपा-१०, स्यूचाटार
पत्र मञ्जुषा २७२६, काठमाडौं, नेपाल
फोन नं. ०१-५२१८७७०, फ्याक्स नं. ०१-५२१८२५१
e-mail: insec@insec.org.np
Web-site: www.insec.org.np; inseconline.org

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२५

प्रकाशन मिति
२०८१ फागुन ७ गते

सङ्ख्या
२ हजार ५ सय प्रति

प्रकाशक
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार
इन्सेकमा सुरक्षित

(यस पुस्तकमा प्रकाशित सामग्री इन्सेकको स्रोत उल्लेख गरी पुन:मुद्रण गर्न सकिनेछ।)

फोटो
यस पुस्तकमा प्रकाशन गरिएका केही फोटोहरू अन्य स्रोतबाट पनि लिइएको छ ।

आईएसबीएन : ९७८-९९३७-९८१७-०-५

मुद्रक
ड्रिम ग्राफिक्स प्रेस
धापासी, काठमाडौँ

विषय सूची

पृष्ठ सङ्ख्या

भूमिका

परिच्छेदहरू

परिच्छेद १	**समग्र मूल्याङ्कन**	
	राजनीतिक दाउपेचमा सङ्क्रमणकालीन न्याय	१
परिच्छेद २	**अनुसन्धान विधि, तथ्याङ्क सङ्कलन तथा विश्लेषण**	**१७**
परिच्छेद ३	**सन् २०२४ को मानव अधिकार उल्लङ्घन सूचकाङ्क, नेपाल**	**२३**
परिच्छेद ४	**नेपाल मानव अधिकार वर्ष पुस्तक र वातावरणीय अधिकार**	**३१**
परिच्छेद ५	**मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्याङ्क २०२४**	**४१**
परिच्छेद ६	**राज्य र मानव अधिकार**	
	६.१ न्यायपालिका	५१
	६.२ कार्यपालिका	७१
	६.३ व्यवस्थापिका	८१
परिच्छेद ७	**आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार**	
	७.१ सुनसरी, मोरङका उद्योग र मानवीय स्वास्थ्यमा परेको प्रभाव	९६
	७.२ अनियमितता र अक्षमताको छायामा परेको 'बेटी पढाउ, बेटी बचाउ' कार्यक्रम	१०३
	७.३ वातावरण विनाश: विकास र उद्यमले काभ्रेमा पारेको प्रभाव	१११
	७.४ गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र अवस्था	११८
	७.५ दाङमा सिमेन्ट कारखानाले वातावरण तथा अन्य क्षेत्रमा पारेको प्रभाव	१२८
	७.६ सुर्खेतको रेक्चामा खानेपानी समस्या: शिक्षा, स्वास्थ्य, कृषि र विस्थापन	१३७
	७.७ कैलाली जिल्लाका एचआईभी सङ्क्रमितहरूको अवस्था	१४४
परिच्छेद ८	**सन् २०२४ र मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरू**	
	८.१ कोशी प्रदेश	१५१
	८.२ मधेस प्रदेश	२०७
	८.३ बागमती प्रदेश	२४५
	८.४ गण्डकी प्रदेश	२९३
	८.५ लुम्बिनी प्रदेश	३२५
	८.६ कर्णाली प्रदेश	३७३
	८.७ सुदूरपश्चिम प्रदेश	४०५
परिच्छेद ९	**सन् २०२४ को मानव अधिकार अवस्थाबारे राजनीतिक दलका धारणा**	**४४२**
परिच्छेद १०	**सन् २०२४ को मानव अधिकार अवस्थाबारे प्रदेश सरकारहरूको धारणा**	**४५१**
परिच्छेद ११	**सन् २०२४ को मानव अधिकार अवस्थाबारे विभिन्न आयोगहरूका धारणा**	**४५९**
परिच्छेद १२	**सन् २०२४ को मानव अधिकार अवस्थाबारे विभिन्न क्षेत्रको धारणा**	**४६५**
परिच्छेद १३	**क्रिया/प्रतिक्रिया**	**४७३**
अनुसूची १	**नेपाल मानव अधिकार वर्ष पुस्तक २०२५ तयारीका क्रममा संलग्न व्यक्तिहरू**	**४९१**

जिल्लागत विषय सूची

कोशी प्रदेश

८.१.१ ताप्लेजुङ १५२
८.१.२ सङ्खुवासभा १५६
८.१.३ सोलुखुम्बु १६०
८.१.४ ओखलढुङ्गा १६३
८.१.५ खोटाङ १६७
८.१.६ भोजपुर १७०
८.१.७ धनकुटा १७३
८.१.८ तेह्रथुम १७६
८.१.९ पाँचथर १७९
८.१.१० इलाम १८३
८.१.११ झापा १८७
८.१.१२ मोरङ १९२
८.१.१३ सुनसरी १९८
८.१.१४ उदयपुर २०४

मधेश प्रदेश

८.२.१ सप्तरी २०८
८.२.२ सिरहा २१३
८.२.३ धनुषा २१७
८.२.४ महोत्तरी २२२
८.२.५ सर्लाही २२६
८.२.६ रौतहट २३२
८.२.७ बारा २३७
८.२.८ पर्सा २४०

बागमती प्रदेश

८.३.१ दोलखा २४६
८.३.२ सिन्धुपाल्चोक २४९
८.३.३ रसुवा २५२
८.३.४ धादिङ २५५
८.३.५ नुवाकोट २५९
८.३.६ काठमाडौँ २६२
८.३.७ भक्तपुर २७०
८.३.८ ललितपुर २७३
८.३.९ काभ्रेपलाञ्चोक २७७
८.३.१० रामेछाप २८१
८.३.११ सिन्धुली २८४
८.३.१२ मकवानपुर २८७
८.३.१३ चितवन २९०

गण्डकी प्रदेश

८.४.१ गोरखा २९४
८.४.२ मनाङ २९७
८.४.३ मुस्ताङ २९९
८.४.४ म्याग्दी ३०१
८.४.५ कास्की ३०३
८.४.६ लमजुङ ३०७
८.४.७ तनहुँ ३१०
८.४.८ नवलपरासी पूर्व ३१३
८.४.९ स्याङ्जा ३१६
८.४.१० पर्वत ३१९
८.४.११ बागलुङ ३२२

लुम्बिनी प्रदेश

८.५.१ रुकुम पूर्व ३२६
८.५.२ रोल्पा ३२९
८.५.३ प्यूठान ३३२
८.५.४ गुल्मी ३३५
८.५.५ अर्घाखाँची ३३८
८.५.६ पाल्पा ३४२
८.५.७ नवलपरासी पश्चिम ३४५
८.५.८ रूपन्देही ३४८
८.५.९ कपिलवस्तु ३५२
८.५.१० दाङ ३५६
८.५.११ बाँके ३६४
८.५.१२ बर्दिया ३६९

कर्णाली प्रदेश

८.६.१ डोल्पा ३७४
८.६.२ मुगु ३७६
८.६.३ हुम्ला ३७८
८.६.४ जुम्ला ३८२
८.६.५ कालीकोट ३८५
८.६.६ दैलेख ३८८
८.६.७ जाजरकोट ३९२
८.६.८ रुकुम पश्चिम ३९५
८.६.९ सल्यान ३९८
८.६.१० सुर्खेत ४०१

सुदूरपश्चिम प्रदेश

८.७.१ बाजुरा ४०६
८.७.२ बझाङ ४०९
८.७.३ दार्चुला ४१२
८.७.४ बैतडी ४१६
८.७.५ डडेल्धुरा ४१९
८.७.६ डोटी ४२३
८.७.७ अछाम ४२६
८.७.८ कैलाली ४३०
८.७.९ कञ्चनपुर ४३७

तालिका, चित्र र परिशिष्टको सूची

तालिका

तालिका १.१	सन् २०२४ मा प्रदेशगत आधारमा हत्या भएका व्यक्तिहरूको सङ्ख्या	२
तालिका १.२	सन् २०२४ मा जिल्लागत आधारमा परिवारबाट हत्या गरिएका महिलाको सङ्ख्या	३
तालिका १.३	दाइजोका कारण महिलामाथि भएको हिंसा	४
तालिका १.४	सन् २०२४ मा मानव अधिकार रक्षकको अवस्था	५
तालिका १.५	सन् २०२४ मा बाल अधिकार उल्लङ्घन तथा ज्यादतीबाट पीडित भएकाहरूको सङ्ख्या	६
तालिका १.६	घटनाका प्रकारअनुसार साइबर अपराधका घटनामा पीडितहरूको सङ्ख्या	७
तालिका १.७	सन् २०२४ मा महिला अधिकार उल्लङ्घन तथा ज्यादतीबाट पीडित भएकाहरूको सङ्ख्या	७
तालिका १.८	सन् २०२४ मा पीडित भएका ६५ वर्ष माथिका ज्येष्ठ नागरिकको सङ्ख्या	८
तालिका १.९	सन् २०२४ मा पेसागत आधारमा पीडित भएका मानव अधिकार रक्षकहरूको सङ्ख्या	९
तालिका १.१०	सन् २०२४ प्रदेशगत आधारमा पीडित अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्या	१०
तालिका १.११	सन् २०२४ मा पेसागत आधारमा पीडित सङ्ख्या	११
तालिका १.१२	सन् २०२४ मा जातिगत आधारमा पीडित सङ्ख्या	१३
तालिका ३.१	क्षेत्रगत अङ्कभार	२५
तालिका ३.२	शारीरिक हिंसाका विभिन्न क्षेत्रमा आधारित औसत स्थान	२६
तालिका ४.१	इन्सेकद्वारा सन् २०२४ मा आयोजित जिल्ला तथा क्षेत्रीय प्रतिनिधिहरूको भेला र कार्यशालाका सहभागी सङ्ख्या	३४
तालिका ४.२	इन्सेकद्वारा सेप्टेम्बर, २०२४ मा नेपालगञ्ज र जनकपुरमा आयोजित मानव अधिकार प्रतिनिधिहरूको कार्यशालाले पहिचान गरेका वातावरणीय समस्याहरू	३५
तालिका ४.३	नेपालको संविधानमा उल्लिखित मौलिक अधिकारहरूको आलोकमा पहिचान गरिएका वातावरणीय समस्याहरू र तिनका सूचनाको स्रोत	३६
तालिका ४.४	नेपालका सात प्रदेशको वातावरणीय अधिकारसँग सम्बन्धित समस्याहरूको फेहरिस्त (सङ्ख्यामा)	३७
तालिका ६.१.१	तीन तहका अदालतमा मुद्दा फर्स्यौटको अवस्था	६०
तालिका ६.१.२	जिल्ला र उच्च अदालतमा फरक मुद्दा व्यवस्थापन पद्धति कार्यान्वयनको लक्ष्य र प्रगति	६०
तालिका ६.१.३	तीन तहको अदालतमा फैसला लेखनको अवस्था	६१
तालिका ७.१.१	कोशी अस्पतालमा भर्ना भएका बिरामीको तथ्याङ्क	९८
तालिका ७.२.१	मधेश प्रदेशमा लैङ्गिक सूचकहरू	१०५
तालिका ७.२.२	बीमा गरिएका बालिकाको सङ्ख्या	१०६
तालिका ७.३.१	बाढीपहिरोका कारण मृत्यु भएकाहरूको सङ्ख्या	१११
तालिका ७.४.१	अपाङ्गता भएका व्यक्तिहरूको जिल्लागत विवरण	११९
तालिका ७.५.१	दाङमा सिमेन्ट उद्योगको अवस्था	१३०
तालिका ८.१.१.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	१५२
तालिका ८.१.१.२	अपाङ्गता भएका पीडित सङ्ख्या	१५३

तालिका ८.१.१.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या १५५
तालिका ८.१.२.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या १५७
तालिका ८.१.२.२ अपाङ्गता भएका पीडित सङ्ख्या १५८
तालिका ८.१.२.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या १५९
तालिका ८.१.३.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या १६१
तालिका ८.१.३.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या १६२
तालिका ८.१.४.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या १६४
तालिका ८.१.४.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या १६६
तालिका ८.१.५.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या १६८
तालिका ८.१.५.२ अपाङ्गता भएका पीडित सङ्ख्या १६९
तालिका ८.१.५.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या १६९
तालिका ८.१.६.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या १७१
तालिका ८.१.६.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या १७२
तालिका ८.१.७.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या १७४
तालिका ८.१.७.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या १७५
तालिका ८.१.८.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या १७७
तालिका ८.१.८.२ अपाङ्गता भएका पीडित सङ्ख्या १७८
तालिका ८.१.८.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या १७८
तालिका ८.१.९.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या १८०
तालिका ८.१.९.२ अपाङ्गता भएका पीडित सङ्ख्या १८१
तालिका ८.१.९.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या १८२
तालिका ८.१.१०.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या १८४
तालिका ८.१.१०.२ अपाङ्गता भएका पीडित सङ्ख्या १८५
तालिका ८.१.१०.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या १८६
तालिका ८.१.११.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या १८८
तालिका ८.१.११.२ अपाङ्गता भएका पीडित सङ्ख्या १८९
तालिका ८.१.११.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या १९१

तालिका ८.१.१२.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	१९३
तालिका ८.१.१२.२	अपाङ्गता भएका पीडित सङ्ख्या	१९४
तालिका ८.१.१२.३	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	१९७
तालिका ८.१.१३.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	१९९
तालिका ८.१.१३.२	अपाङ्गता भएका पीडित सङ्ख्या	२००
तालिका ८.१.१३.३	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२०३
तालिका ८.१.१४.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	२०५
तालिका ८.१.१४.२	अपाङ्गता भएका पीडित सङ्ख्या	२०६
तालिका ८.१.१४.३	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२०६
तालिका ८.२.१.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	२०९
तालिका ८.२.१.२	अपाङ्गता भएका पीडित सङ्ख्या	२१०
तालिका ८.२.१.३	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२१२
तालिका ८.२.२.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	२१४
तालिका ८.२.२.२	अपाङ्गता भएका पीडित सङ्ख्या	२१५
तालिका ८.२.२.३	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२१६
तालिका ८.२.३.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	२१८
तालिका ८.२.३.२	अपाङ्गता भएका पीडित सङ्ख्या	२१९
तालिका ८.२.३.३	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२२१
तालिका ८.२.४.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	२२३
तालिका ८.२.४.२	अपाङ्गता भएका पीडित सङ्ख्या	२२४
तालिका ८.२.४.३	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२२५
तालिका ८.२.५.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	२२७
तालिका ८.२.५.२	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२३१
तालिका ८.२.६.१	घटनाकोप्रकारअनुसार पीडित सङ्ख्या	२३३
तालिका ८.२.६.२	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२३६
तालिका ८.२.७.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	२३८
तालिका ८.२.७.२	अपाङ्गता भएका पीडित सङ्ख्या	२३८
तालिका ८.२.७.३	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२३९

तालिका ८.२.८.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या २४१

तालिका ८.२.८.२ अपाङ्गता भएका पीडित सङ्ख्या २४२

तालिका ८.२.८.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या २४४

तालिका ८.३.१.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या २४७

तालिका ८.३.१.२ अपाङ्गता भएका पीडित सङ्ख्या २४८

तालिका ८.३.१.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या २४८

तालिका ८.३.२.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या २५०

तालिका ८.२.२.२ अपाङ्गता भएका पीडित सङ्ख्या २५१

तालिका ८.३.२.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या २५१

तालिका ८.३.३.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या २५३

तालिका ८.३.३.२ अपाङ्गता भएका पीडित सङ्ख्या २५४

तालिका ८.३.३.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या २५४

तालिका ८.३.४.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या २५६

तालिका ८.३.४.२ अपाङ्गता भएका पीडित सङ्ख्या २५७

तालिका ८.३.४.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या २५८

तालिका ८.३.५.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या २६०

तालिका ८.३.५.२ अपाङ्गता भएका पीडित सङ्ख्या २६०

तालिका ८.३.५.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या २६१

तालिका ८.३.६.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या २६३

तालिका ८.३.६.२ अपाङ्गता भएका पीडित सङ्ख्या २६५

तालिका ८.३.६.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या २६९

तालिका ८.३.७.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या २७१

तालिका ८.३.७.२ अपाङ्गता भएका पीडित सङ्ख्या २७१

तालिका ८.३.७.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या २७२

तालिका ८.३.८.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या २७४

तालिका ८.३.८.२ अपाङ्गता भएका पीडित सङ्ख्या २७५

तालिका ८.३.८.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या २७६

तालिका ८.३.९.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या २७८

तालिका ८.३.९.२ अपाङ्गता भएका पीडित सङ्ख्या २७९

तालिका ८.३.९.३	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२८०
तालिका ८.३.१०.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	२८२
तालिका ८.३.१०.२	अपाङ्गता भएका पीडित सङ्ख्या	२८३
तालिका ८.३.१०.३	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२८३
तालिका ८.३.११.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	२८५
तालिका ८.३.११.२	अपाङ्गता भएका पीडित सङ्ख्या	२८५
तालिका ८.३.११.३	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२८६
तालिका ८.३.१२.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	२८८
तालिका ८.३.१२.२	अपाङ्गता भएका पीडित सङ्ख्या	२८८
तालिका ८.३.१२.३	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२८९
तालिका ८.३.१३.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	२९१
तालिका ८.३.१३.२	अपाङ्गता भएका पीडित सङ्ख्या	२९१
तालिका ८.३.१३.३	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२९२
तालिका ८.४.१.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	२९५
तालिका ८.४.१.२	अपाङ्गता भएका पीडित सङ्ख्या	२९६
तालिका ८.४.१.३	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२९६
तालिका ८.४.२.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	२९७
तालिका ८.४.२.२	अपाङ्गता भएका पीडित सङ्ख्या	२९८
तालिका ८.४.२.३	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२९८
तालिका ८.४.३.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	२९९
तालिका ८.४.३.२	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	३००
तालिका ८.४.४.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	३०१
तालिका ८.४.४.२	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	३०२
तालिका ८.४.५.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	३०४
तालिका ८.४.५.२	अपाङ्गता भएका पीडित सङ्ख्या	३०६
तालिका ८.४.५.३	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	३०६
तालिका ८.४.६.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	३०८
तालिका ८.४.६.२	अपाङ्गता भएका पीडित सङ्ख्या	३०८

तालिका ८.४.६.३	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	३०९
तालिका ८.४.७.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	३११
तालिका ८.४.७.२	अपाङ्गता भएका पीडित सङ्ख्या	३१२
तालिका ८.४.७.३	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	३१२
तालिका ८.४.८.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	३१३
तलिका ८.४.८.२	अपाङ्गता भएका पीडित सङ्ख्या	३१४
तालिका ८.४.८.३	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतिका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	३१५
तालिका ८.४.९.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	३१६
तालिका ८.४.९.२	अपाङ्गता भएका पीडित सङ्ख्या	३१७
तालिका ८.४.९.३	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	३१८
तालिका ८.४.१०.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	३२०
तालिका ८.४.१०.२	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	३२१
तालिका ८.४.११.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	३२२
तालिका ८.४.११.२	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	३२४
तालिका ८.५.१.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	३२७
तालिका ८.५.१.२	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	३२८
तालिका ८.५.२.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	३३०
तालिका ८.५.२.२	अपाङ्गता भएका पीडित सङ्ख्या	३३१
तालिका ८.५.२.३	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	३३१
तालिका ८.५.३.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	३३३
तालिका ८.५.३.२	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	३३४
तालिका ८.५.४.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	३३५
तालिका ८.५.४.२	अपाङ्गता भएका पीडित सङ्ख्यात्र	३३७
तालिका ८.५.४.३	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	३३७
तालिका ८.५.५.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	३३८
तालिका ८.५.५.२	अपाङ्गता भएका पीडित सङ्ख्या	३३९
तालिका ८.५.५.३	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	३४१

तालिका ८.५.६.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या ३४२
तालिका ८.५.६.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या ३४४
तालिका ८.५.७.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या ३४६
तालिका ८.५.७.२ अपाङ्गता भएका पीडित सङ्ख्या ३४६
तालिका ८.५.७.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या ३४७
तालिका ८.५.८.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या ३४९
तालिका ८.५.८.२ अपाङ्गता भएका पीडित सङ्ख्या ३५०
तालिका ८.५.८.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या ३५१
तालिका ८.५.९.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या ३५३
तालिका ८.५.९.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या ३५५
तालिका ८.५.१०.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या ३५७
तालिका ८.५.१०.२ अपाङ्गता भएका पीडित सङ्ख्या ३५८
तालिका ८.५.१०.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या ३६३
तालिका ८.५.११.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या ३६५
तालिका ८.५.११.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या ३६८
तालिका ८.५.१२.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या ३७०
तालिका ८.५.१२.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या ३७२
तालिका ८.६.१.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या ३७४
तालिका ८.६.१.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या ३७५
तालिका ८.६.२.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या ३७६
तालिका ८.६.२.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या ३७७
तालिका ८.६.३.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या ३७९
तालिका ८.६.३.२ अपाङ्गता भएका पीडित सङ्ख्या ३८०
तालिका ८.६.३.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या ३८१
तालिका ८.६.४.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या ३८३
तालिका ८.६.४.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या ३८४
तालिका ८.६.५.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या ३८५

तालिका ८.६.५.२	अपाङ्गता भएका पीडित सङ्ख्या	३८६
तालिका ८.६.५.३	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	३८७
तालिका ८.६.६.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	३८९
तालिका ८.६.६.२	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	३९१
तालिका ८.६.७.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	३९३
तालिका ८.६.७.२	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	३९४
तालिका ८.६.८.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	३९६
तालिका ८.६.८.२	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	३९७
तालिका ८.६.९.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	३९९
तालिका ८.६.९.२	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	४००
तालिका ८.६.१०.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	४०२
तालिका ८.६.१०.२	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	४०४
तालिका ८.७.१.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	४०६
तालिका ८.७.१.२	अपाङ्गता भएका पीडित सङ्ख्या	४०७
तालिका ८.७.१.३	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	४०८
तालिका ८.७.२.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	४०९
तालिका ८.७.२.२	अपाङ्गता भएका पीडित सङ्ख्या	४१०
तालिका ८.७.२.३	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	४११
तालिका ८.७.३.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	४१३
तालिका ८.७.३.२	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	४१५
तालिका ८.७.४.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	४१६
तालिका ८.७.४.२	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	४१८
तालिका ८.७.५.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	४२०
तालिका ८.७.५.२	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	४२२
तालिका ८.७.६.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	४२४
तालिका ८.७.६.२	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	४२५

तालिका ८.७.७.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	४२७
तालिका ८.७.७.२	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	४२९
तालिका ८.७.८.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	४३१
तालिका ८.७.८.२	अपाङ्गता भएका पीडित सङ्ख्या	४३३
तालिका ८.७.८.३	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	४३६
तालिका ८.७.९.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	४३८
तालिका ८.७.९.२	अपाङ्गता भएका पीडित सङ्ख्या	४३९
तालिका ८.७.९.३	सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	४४१

चित्र

चित्र ३.१	प्रदेशको मानव अधिकार उल्लङ्घन सूचकाङ्क	२५
चित्र ३.२	शारीरिक हिंसाको क्षेत्रका आधारमा सात प्रदेशको सूचकाङ्क	२७

अनुसूची

अनुसूची ४.१	नेपालका सात प्रदेशको वातावरणीय अधिकारसँग सम्बन्धित समस्याहरूको फेहरिस्त (सङ्ख्यामा)	३९

परिशिष्ट

परिशिष्ट १	नेपाल- घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	४१
परिशिष्ट २	पेसागत आधारमा पीडित सङ्ख्या	४३
परिशिष्ट ३	कोशी प्रदेश : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	४४
परिशिष्ट ४	मधेस प्रदेश : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	४४
परिशिष्ट ५	बागमती प्रदेश : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	४५
परिशिष्ट ६	गण्डकी प्रदेश : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	४५
परिशिष्ट ७	लुम्बिनी प्रदेश : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	४६
परिशिष्ट ८	कर्णाली प्रदेश : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	४६
परिशिष्ट ९	सुदूरपश्चिम प्रदेश : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या	४७
परिशिष्ट १०	जातजातिका आधारमा पीडित सङ्ख्या	४७
परिशिष्ट ११	भौतिक संरचनामा क्षति	४८
परिशिष्ट १२	अपाङ्गता भएका पीडित सङ्ख्या	४८
परिशिष्ट १३	सन् २०२४ मा पीडित भएका ६५ वर्ष माथिका ज्येष्ठ नागरिकहरूको सङ्ख्या	४८
परिशिष्ट १४	सन् २०२४ मा कारागारमा रहेका कैदी बन्दीहरूको सङ्ख्या	४९

हार्दिक आभार

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२५ तयार गर्ने क्रममा हामीलाई सहयोग गर्ने

नर्वेजीयन दूतावास

ब्रेड फर द वर्ल्ड (BFTW)

डीसीए (DCA)

इन्सेकका जिल्ला प्रतिनिधिहरू

राजनीतिक दलहरू

प्रदेश सरकारहरू

स्थानीय तहहरू

मानव अधिकार तथा अन्य आयोगहरू

नेपाल सरकारका मन्त्रालयहरू

सुरक्षा निकाय

पेसागत सङ्घसंस्थाहरू

तथा

अन्य सबैप्रति **आभारी छौँ।**

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सन् १९८८ देखि मानव अधिकार तथा सामाजिक न्यायका लागि कार्यरत छ। सात प्रदेश कार्यालय तथा ७७ जिल्लाका प्रतिनिधिहरू मार्फत् इन्सेकका नियमित कार्यक्रम तथा परियोजनाहरू सञ्चालन भइरहेका छन्। मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई अध्ययन/अनुगमन गर्नका लागि यसले देशका ७७ ओटै जिल्लामा प्रतिनिधिहरूको व्यवस्था गरेको छ।

सल्लाहकार समिति

संस्थापक अध्यक्ष
सुशील प्याकुरेल

पूर्व अध्यक्ष
डा. शिव शर्मा
सुबोधराज प्याकुरेल

निवर्तमान अध्यक्ष
डा. इन्दिरा श्रेष्ठ

आजीवन सदस्य
नजीर मियाँ

२०७९ पुस २० गते सम्पन्न साधारण सभाले तीन वर्षका लागि चयन गरेको कार्यसमिति

अध्यक्ष
डा. कुन्दन अर्याल

महासचिव
डा. रघुनाथ अधिकारी

कोषाध्यक्ष
गीता बराल

सदस्यहरू
ज्योति बानिया
डा. रुद्रबहादुर चर्मकार
लता प्याकुरेल
नरनाथ लुइँटेल

कार्यकारी निर्देशक तथा निम्नलिखित कार्यक्रमहरूमार्फत इन्सेकको दैनन्दिन कार्य सञ्चालन गरिन्छ ।

मानव अधिकार प्रलेख तथा पैरवी कार्यक्रम

इन्सेकले आफ्नो स्थापनाकालदेखि मानव अधिकार अनुगमन, अभिलेख, प्रसार तथा पैरवी गर्ने क्रियाकलापहरूमार्फत मानव अधिकारको संरक्षण तथा संवर्द्धनको कार्य गर्दै आएको छ । मानव अधिकार अवस्थाको समग्र अभिलेखको खाँचो भएकाले वर्ष पुस्तकलगायतका अवधारणालाई सन् १९९२ देखि सुरुआत गरिएको हो । नेपाल मानव अधिकार वर्ष पुस्तक, इन्सेक अनलाइन, स्थितिसूचक, प्राचीलगायत विषयगत प्रतिवेदनहरू इन्सेक जिल्ला प्रतिनिधिलगायतको स्रोतबाट प्राप्त तथ्यको आधारमा प्रकाशित गरिँदै आएको छ । तथ्य, तथ्याङ्क विश्लेषण र अवस्था अनुगमनको आधारमा तयार गरिएका प्रतिवेदनहरू मानव अधिकार संरक्षण र संवर्द्धनको पैरवी गर्ने कार्यको सहयोगी सामग्रीको रूपमा प्रयोग गर्ने गरिएको छ । इन्सेकले गरेका प्रलेख र पैरवीको कार्यले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना न्यूनीकरण गराउन र मानव अधिकार संरक्षणको नीतिगत तथा कानुनी संरचनामा सुधार आउने अपेक्षा गरिएको छ । नेपालले अन्तर्राष्ट्रिय मञ्चमार्फत गरेका प्रतिबद्धता, सन्धि र महासन्धिमा हस्ताक्षर गरी जनाएको ऐक्यबद्धता र नेपालको संविधानले निर्दिष्ट गरेका मानव अधिकारका मूल्य र मान्यताहरूलाई इन्सेकले प्रलेख तथा पैरवीमार्फत थप सुदृढ गराउन भूमिका खेल्नेछ ।

मानव अधिकार शिक्षा कार्यक्रम

यस कार्यक्रमअन्तर्गत इन्सेकले स्थानीय मानव अधिकार संस्थाहरूसँगको सहकार्यमा मानव अधिकार शिक्षाको प्रचार प्रसार गरिँदै आएको छ। संचेतनामार्फत ग्रामीण क्षेत्रमा जागरण फैलाउन यस कार्यक्रममार्फत मानव अधिकारसम्बन्धी तालिम, समूह परिचालन, सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरिँदै आएको छ। यस कार्यक्रम अन्तर्गत मानव अधिकारसम्बन्धी पुस्तक तथा तालिम सामग्री पनि प्रकाशन तथा वितरण हुँदै आएको छ। त्यसैगरी विभिन्न सरकारी विद्यालयहरूमा बाल अधिकार सचेतना समूह गठन गरी बाल अधिकारको विषयमा सचेतना तथा बालबालिकाको व्यक्तित्व विकाससम्बन्धी क्रियाकलापहरू यस कार्यक्रमअन्तर्गत सञ्चालन भइरहेका छन्। साथै समसामयिक मानव अधिकारका विषयवस्तुहरूलाई साप्ताहिक रूपमा रेडियो कार्यक्रम उत्पादन गरी रेडियोबाट प्रशारण गरिँदै आएको छ।

व्यवस्थापन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत इन्सेकको सम्पूर्ण प्रशासन तथा अर्थ व्यवस्थापन पर्दछ। यस कार्यक्रमले मानव संशाधन व्यवस्थापन अन्तर्गत कर्मचारीको वृत्ति विकासका सम्बन्धमा पनि काम गर्दै आएको छ। इन्सेकको संस्थागत योजना, अनुगमन र मूल्याङ्कन गर्ने काम पनि यस विभाग अन्तर्गत हुँदै आएको छ। इन्सेकको वार्षिक प्रतिवेदन जस्ता नियमित प्रकाशनको व्यवस्थापन पनि यही कार्यक्रम अन्तर्गत हुँदै आएको छ। संस्थाको सूचना व्यवस्थापन गर्ने कार्य अन्तर्गत पुस्तकालय तथा सूचना प्रविधिसम्बन्धी शाखाहरू पनि यस कार्यक्रम अन्तर्गत रहेका छन्।

इन्सेक प्रदेश कार्यालयहरू

- **कोशी प्रदेश कार्यालय,** विराटनगर महानगरपालिका-११, जनपथ टोल, मोरङ, फोन नं. ०२१-४७१०२५, ४७११२७
- **मधेश प्रदेश कार्यालय,** जनकपुरधाम उपमहानगरपालिका-४, पिडरिया माइस्थान, धनुषा, फोन नं. ०४१-५९११८४
- **बागमती प्रदेश कार्यालय,** नागार्जुन नगरपालिका-१०, स्यूचाटार, काठमाडौँ, फोन नं. ०१-५२१८७७०
- **गण्डकी प्रदेश कार्यालय,** पोखरा महानगरपालिका-८, ज्ञानकुञ्ज मार्ग, कास्की, फोन नं. ०६१-५३३३६६
- **लुम्बिनी प्रदेश कार्यालय,** जानकी गाउँपालिका-३, गुलरिया रोड, बाँके, फोन: ०८१-४१५३४३
- **कर्णाली प्रदेश कार्यालय,** बीरेन्द्रनगर नगरपालिका-७, इत्राम, सुर्खेत, फोन नं. ०८३-५२१४८९
- **सुदूरपश्चिम प्रदेश कार्यालय,** धनगढी उपमहानगरपालिका-४, उत्तरबेहडी, कैलाली, फोन नं. ०९१- ५२२५७६, ५२१४४६

स्वच्छ र स्वस्थ वातावरणको अधिकार आजको प्रमुख मानव अधिकार

यसपटक मानव अधिकार वर्ष पुस्तकको आवरणमा हरियो रङ किन थपिएको होला ? किन सजिलैसँग देखिने गरी हरियो रङको प्रयोग गरिएको होला ? यो प्रश्न आवरण नपल्टाउँदै उठ्न सक्छ। तर, उत्तर हरेकको मनमा स्वतः आउनेछ। मानव र पृथ्वी एकअर्कासँग यसरी जोडिएका छन् की पृथ्वीको वातावरण, जलवायु र दिगोपनामै सङ्कट आए मानव अधिकारको अस्तित्व कायम रहनै सक्दैन। त्यसैले बदलिएको राजनीतिक-सामाजिक परिवेशमा, जसरी मानव अधिकारका नयाँ-नयाँ आयामहरू सादृष्य हुँदैछन्, वर्ष पुस्तक २०२५ ले पनि स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने नेपाली नागरिकको मौलिक हकलाई मानव अधिकारका रूपमा अभिलिखित गर्न प्रारम्भ गरेको छ।

२०४६ सालको राजनीतिक परिवर्तनलगत्तै उत्साहको नयाँ परिवेशमा मानव अधिकार वर्ष पुस्तकको प्रकाशन शुभारम्भ भएको थियो। बदलिएको परिवेशमा मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि नियमित अनुगमन र अभिलेख परिणाममुखी ठहरिनेछ भन्ने सुरुआतकालीन विश्वास आज सत्य सावित भएको छ। त्यसयताको साढे तीन दशकको अवधिमा नेपालको मानव अधिकार अवस्था कतिपय बेला गम्भीर मोडमा पुग्यो, एक दशकसम्म बाँच्न पाउने अधिकारकै गम्भीर उल्लङ्घनका घटना ठूला सङ्ख्यामा अभिलिखित भए। तर, आज पछाडि फर्किएर समग्रमा हेर्दा, त्यसयता, हिंसात्मक द्वन्द्वका एक दशकबाहेक मानव अधिकार नेपाली राजनीतिको एक प्रमुख सरोकारको विषय बन्न पुगेको छ। आलोचना र विरोधको सामना तथा अपराध अनुसन्धानजस्ता नागरिक तथा राजनीतिक अधिकारसँग अन्योन्याश्रित रूपमा जोडिएका आयाममा मानव अधिकारको सम्मान गर्ने परिपाटी बढेको छ। संवैधानिक वा आधिकारिक मानव अधिकार संयन्त्रहरू राज्य सञ्चालनका महत्त्वपूर्ण अवयवहरूका रूपमा स्थापित छन्। मानव अधिकार वर्ष पुस्तकले आफूलाई ०४६ सालको परिवर्तनपछिको यो विकासक्रमको साक्षीका रूपमा उभ्याउँदै आएको छ। यसले सरकारहरूलाई हरेक वर्ष मानव अधिकार अवस्थाको ऐना देखाउँदै आएको छ। मानव अधिकारका दृष्टिले यसबिचका कठिन वर्षहरूलाई अब त्यस्तो कहिल्यै नहोस् भन्ने जोडदार आग्रहका साथ अभिलिखित पनि गर्दै आएको छ।

मानव अधिकार वर्ष पुस्तकको सुरुआतकालीन अवस्थालाई आधार मान्ने हो भने नेपाल धेरै दृष्टिले नयाँ परिवेशमा आइपुगेको छ। आज मानव अधिकार मात्र होइन, विशिष्टिकृत अधिकारका विविध क्षेत्रहरूमा केन्द्रित संवैधानिक आयोगहरू समेत कार्यरत् छन् । मन्त्रिपरिषद् र त्यस मातहतका निकायहरूका साथै सेना र प्रहरीजस्ता बल प्रयोगसँग सम्बन्धित संस्थाहरूमा पनि मानव अधिकारको लेखाजोखा गर्ने निकायहरू कार्यरत छन्। अनि, सबैभन्दा ठूलो कुरा, आमनागरिकमा

मानव अधिकार संचेतनाको विकास र प्रसार भएको छ। मानव अधिकार वर्ष पुस्तकको प्रकाशनसँगै आरम्भ भएको मानव अधिकारसम्बन्धी अध्ययन, अनुसन्धान, विमर्श र प्रकाशनको क्रम आज सशक्त हुन पुगेको छ। अपेक्षा गर्नु पर्दछ, आउँदा दिनहरूमा नेपाली जनता, मानव अधिकार रक्षक र अध्येताहरूको यही प्रयत्नले राज्यका समस्त निकायहरूलाई अझ बढी जबाफदेही बनाउँदै लैजाने छ। मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्तिको विषयलाई यही अवस्थाले अझ उचाइका साथ, अझ प्रभावकारी रूपमा उठाउँदै लैजाने वातावरण प्रदान गर्नेछ। नागरिक तथा राजनीतिक अधिकारको परिदृष्यमा मात्र हेर्ने हो भने आमरूपमा नेपालले बितेका पैंतीस वर्षमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ। तर, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको परिदृष्यमा हेर्दा नेपालले तय गर्नुपर्ने बाटो अझै धेरै लामो छ। अब मानव अधिकार अवस्थाको उत्खनन् हिजो बाँच्न पाउने आधारभूत अधिकारको खोजीका कारण ओझेलमा परेका यी क्षेत्रहरूमा गर्नु पर्दछ। सत्तासीनहरूसँग सुशासन र जबाफदेहिताको प्रत्याभूतिको माग गर्दै मानव अधिकारहरूको खोजी गर्नु पर्दछ। व्यापक भ्रष्टाचारले कसरी सर्वसाधारणलाई न्याय र अवसरबाट वञ्चित गर्दछ, मानव अधिकारको खोजी यता गर्नु पर्दछ। अनियन्त्रित र गैरजिम्मेवार व्यापारका कारण भइरहेको प्रकृतिको दोहनबाट हुने वातावरण विनासका कारण आममानिस कसरी आक्रान्त भएका छन् त्यसको अनुगमन र अभिलेख गर्दै मानव अधिकार पद्धतिअनुकूल विकासको पक्षपोषण गर्नु पर्दछ। यसरी हेर्दा, वातावरणीय विनास र जलवायु परिवर्तनका प्रतिकूल असरबाट ती पहिल्यै कमजोर पारिएका सर्वसाधारण नै सबैभन्दा बढी आक्रान्त छन्।

सन् २०२४ मा प्रहरीको गोलीबाट एक जनाको ज्यान गयो। यो सङ्ख्या विगतका वर्षहरूको तुलनामा निकै कम भए पनि आजको नेपालमा मानव अधिकारका दृष्टिले निन्दनीय हो। अघिल्ला वर्षहरूभन्दा अवस्थामा सुधार भएको छ। तर, यो वर्ष पनि हिरासत र कारागारमा मृत्यु हुनेहरूको सङ्ख्या पोहोरको दाँजोमा घटेको छैन। यस वर्ष एउटा घटना विशेष रूपमा उल्लेख्य छ, बहुविवाह गरेका पति हिरासतमुक्त किन भए ? भनी सोधखोज गर्न गएकी महिलालाई समेत हिरासतमा राखेर न्यायको बाटोबाट विमुख गरियो। सबैभन्दा गम्भीर कुरा, आफ्ना नागरिक, खासगरी महिला तथा बालबालिकालाई हिंसा र ज्यादतीबाट जोगाउन अनि न्याय दिलाउन राज्यका संयन्त्रहरू सफल हुन सकेका छैनन्। महिलाहरूमाथिको हिंसा झन् बढेको छ र महिला तथा बालबालिका घरभित्र समेत असुरक्षित देखिएका छन्। महिलाहरूमाथि साइबर अपराध पनि उत्तिक्कै बढेको छ । यस्ता अधिकांश घटनाका दोषीहरूलाई कानुनको दायरामा ल्याइएको छैन। हिंसाका घटनाका प्रताडित महिलालाई कानुनी उपचारको बाटोमा निरूत्साहित गर्ने वातावरणमा परिवर्तन ल्याउन राज्यका निकायहरूको चासो छैन। उदाहरणका लागि आफ्ना हिंस्रक पतिको उजुरी गर्ने एक महिलाले मानसिक यन्त्रणा सहन नसकी अन्ततः महाकाली नदीमा हामफाली आत्महत्या गरेको घटनालाई उल्लेख गर्न सकिन्छ। सात प्रदेशहरूको मानव अधिकार अवस्थाको तुलना गर्दा पनि महिला तथा बालबालिकामाथिको ज्यादती र हिंसाका सन्दर्भमा राज्यका निकायहरू प्रभावकारी हुन नसकेको छर्लङ्ग हुन्छ। कुटपिट, हत्या, यौनजन्य अपराध, बलात्कार र सामूहिक बलात्कार मात्र होइन, महिला तथा बालबालिका सबै प्रदेशमा प्रताडित भएका छन्। मधेस र लुम्बिनी प्रदेश यस मामिलामा

अगाडि छन्। यस्ता घटनाहरूले राज्यका निकायहरू संविधानको नागरिकको जिउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानुनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य मान्यतालाई शिरोपर गर्दै लोककल्याणकारी राज्यको स्थापना गर्ने निर्देशक सिद्धान्तको बेवास्ता गरिरहेका छन् भन्ने देखाउँछ ।

नेपालको वर्तमान मानव अधिकार अवस्थाको उल्लेख गर्दैगर्दा बृहत् शान्ति सम्झौतापछि सत्तामा पुगेको तीनथरी राजनीतिक दलहरूको आआफ्नो स्वार्थअनुकूलका दाउपेचका कारण गिजोलिएको सङ्क्रमणकालीन न्यायको विषयलाई बिर्सन हुँदैन। झण्डै दुई दशकअघि भएको विस्तृत शान्ति सम्झौताले त्यसबेलाका विद्रोही माओवादीका लागि सत्ता आरोहणको बाटो खोल्यो। तर, त्यस अघि दश वर्षसम्म भएको हिंसात्मक द्वन्द्वका क्रममा भएका मानव अधिकार ज्यादतीका घटनाहरूमाथि अझै छानविन हुन सकेको छैन। न त्यस्ता मानव अधिकार उल्लङ्घन र मानवताविरुद्धका अपराधका घटनाका विषयमा छानविन भएको छ, न सत्यको निरूपण भएको छ, न त्यसबेला बेपत्ता भएकाहरूका बारेमा यथार्थ सूचना सार्वजनिक गरिएको छ। यसबिच सरकार चलाउने राजनीतिक शक्तिहरूले सङ्मणकालीन न्यायको विषयलाई राजनीतिक मोलतोलका लागि गिजोले र हिंसा पीडित सर्वसाधारणको न्यायप्रतिको विश्वास र आशामा तुषारापात हुन दिनु हुँदैन भन्ने सोच्नै सकेनन्। विगतमा हिंसा आतङ्कबाट आक्रान्त नेपाली जनता समयक्रममा थप प्रतिकूलताबाट झन् प्रभावित हुँदै आएका छन्।

प्रत्येक नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरिसकिएको अवस्थामा नेपालको मानव अधिकार अखिलेखमा यो विषय पनि महत्त्वका साथ समाविष्ट हुनु पर्दछ। उद्योग वाणिज्य क्षेत्रका गैरजिम्मेवारीपना र सरकारहरूको अकर्मण्यताका कारण वातावरण विनाशको प्रतिकूल असरको शिकार भएका सर्वसाधारणको अवस्था कोशी, बागमती र लुम्बिनीका घटना अध्ययनहरूले देखाएका छन्। वातावरण विनाशका कारण उत्पन्न पानी अभावको समस्या र जिल्ला-जिल्लाबाट सङ्कलित खाद्यान्न सङ्कट, अव्यवस्थित उद्योगधन्दाका हानिकारक प्रदूषण र बसाइँसराइका तथ्याङ्कले पनि मानव अधिकारको यो आयामका जल्दोबल्दो चुनौतीको वर्णन गर्दछ। सन् २०२४ को मध्यतिर प्रकाशित संयुक्त राष्ट्रसङ्घीय समाधीक्षकको जलवायु परिवर्तनका सन्दर्भमा मानव अधिकार संरक्षण र संवर्द्धनसम्बन्धी प्रतिवेदनमा पनि विश्वभरका सरकारहरूले अन्तर्राष्ट्रिय जबाफदेहिता र उद्योग वाणिज्य क्षेत्रले जिम्मेवारीबोध गर्नुपर्ने कुरामा विशेष जोड दिइएको छ।

संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्ले स्वस्थ वातावरणलाई मानव अधिकारका रूपमा पहिचान गरेको छ। परिषद्ले पहिलो पटक स्वच्छ, स्वस्थ्य र दिगो वातावरणलाई मानव अधिकारका रूपमा विशिष्ट मान्यता प्रदान गरेपछि मानव अधिकारको वृत्त अझ विस्तृत बन्न पुगेको थियो। नेपालमा पनि मौसम र जलवायु परिवर्तनले नयाँ वा पुरानो समयदेखिको विस्थापनको समस्यालाई तीव्र बनाएको छ। देशका सबै भूभागमा खाद्यान्न र जीविकोपार्जनमा चुनौती थपेको छ। यो समस्या विश्वव्यापी छ। त्यसैले वातावरणीय विनाश र जलवायु परिवर्तनबाट सर्वसाधारणमाथि परेको आर्थिक सामाजिक असरहरूलाई मानव अधिकारको सङ्कटका रूपमा स्वीकार गरेर मात्र पुग्दैन भनेरै त्यही वर्ष जलवायु परिवर्तनको असरमा केन्द्रित हुन विशेष

समाधीक्षकको व्यवस्था गरिएको थियो। विस्थापन, पानी र खाद्यान्नको अभाव र स्वास्थ्यमाथिको प्रतिकूलताजस्ता सवालहरूसहित जलवायु परिवर्तनले विश्वव्यापी रूपमा मानव अधिकामाथि कसरी दुष्प्रभाव पार्दैछ भन्ने अनुसन्धान र अभिलेख गर्न विशेष समाधीक्षकको व्यवस्था गरेर संयुक्त राष्ट्रसङ्घले यो विषयलाई आधारभूत मानव अधिकारका रूपमा अङ्गीकार गरेको हो। नेपाल मानव अधिकार वर्ष पुस्तकले पनि यस वर्षदेखि वातावरणीय विनाश र जलवायु परिवर्तनलाई नेपालको एक गम्भीर मानव अधिकार सवालका रूपमा प्रस्तुत गरेको छ। पहिलेदेखि नै कमजोर आर्थिक, सामाजिक अवस्थामा रहेका जनताको मानव अधिकार संरक्षण र संवर्द्धन गर्न वातावरणीय विनाश र जलवायु परिवर्तनको अवस्थासम्बन्धी तथ्याङ्क बिना सम्भव हुँदैन। जलवायु परिवर्तनले नेपालको मानव अधिकार अवस्थामाथि पारेको दुष्प्रभावको सूचना बिना अबको नेपाली मानव अधिकार अभियान प्रभावकारी हुन सक्दैन। त्यसैले वर्ष पुस्तकमा यो विषय पनि समाविष्ट गरिएको हो। हामीलाई विश्वास छ, सूचनामा आधारित अभियानले आर्थिक, सामाजिक र वातावरणीय नीतिमा जनता र प्रकृतिको संरक्षण गर्ने स्वस्थ वातावरणको अधिकारको सुनिश्चितताका लागि ठोस रूपान्तरणको बाटो खोल्न सक्छ।

वर्ष पुस्तकको यो संस्करणका लागि अनुसन्धान, तथ्य तथ्याङ्कको पुष्टि-पुन:पुष्टि र परिस्कार, लेखन, सम्पादन, समग्र संयोजन र व्यवस्थापनमा अहोरात्र मिहिनेत गर्ने इन्सेकका सबै कर्मचारीहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु। यस कार्यमा नीतिगत नेतृत्व प्रदान गर्ने इन्सेक कार्यसमिति तथा सल्लाहकारहरूप्रति कृतज्ञता व्यक्त गर्दछु। सदाझैँ यस वर्ष पनि वर्ष पुस्तक प्रकाशनका लागि सहयोग गर्ने नर्वेजीयन राजदूतावास, ब्रेड फर द वर्ल्ड र डीसीए नेपाल लगायत सबैप्रति आभार प्रकट गर्दछु।

डा. कुन्दन अर्याल
अध्यक्ष

२०८१ फागुन ७

परिच्छेद

१

राजनीतिक दाउपेचमा सङ्क्रमणकालीन न्याय

सङ्क्रमणकालीन न्याय

नेपाल सरकारको अन्तर्राष्ट्रिय प्रतिबद्धता

राज्य र मानव अधिकार

सन् २०२४: मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्य र तथ्याङ्क

पृष्ठभूमि

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगका अध्यक्ष तथा सदस्यको नियुक्तिको सिफारिस गर्न सरकारले पुनर्गठन गरेको समिति जिम्मेवारी नै पूरा नगरी विघटन भएसँगै नेपालको सङ्क्रमणकालीन न्याय प्रकृयामा पुन: अवरोध आएको छ। द्वन्द्वकालमा भएका मानव अधिकार उल्लङ्घन र मानवताविरुद्ध भएका घटनाका दोषीहरूलाई माफी दिने मनसायका साथ केही प्रावधान राखिएका भए पनि विगतको ऐनका तुलनामा सकारात्मक ठहऱ्याइ द्वन्द्व पीडितसहित मानवअधिकार समुदायले शङ्काको सुविधा दिएर गरेको आशामा तुषारापात भयो। विगतमा पनि सिफारिस समितिले गरेको सिफारिस अनुसार गठित संयन्त्रहरू जिम्मेवारी पूरा गर्न असफल भएका थिए। अहिलेको परिस्थितिले यो प्रकृया कसरी अगाडि बढ्छ यसतर्फ चासो र चिन्ता देखिन्छ। यसले सिफारिससम्बन्धी वर्तमान कानुनी व्यवस्थामै गम्भीरतापूर्वक पुनरावलोकन गर्नु पर्ने स्पष्ट भएको छ।

मन्त्रिपरिषद्को २०८१ कात्तिक २ गते बसेको बैठकले ०८० चैत ३० गते गठित सिफारिस समिति पुनर्गठन गर्ने निर्णय गरेको थियो। सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्र संयोजक रहेको सिफारिस समितिमा अर्जुन कार्की, स्टेला तामाङ, खम्मबहादुर खाती र राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष वा उनले तोकेका व्यक्ति सदस्य रहने उल्लेख थियो। मानव अधिकार आयोगले आफ्ना सदस्य मनोज दुवाडीलाई सिफारिस समितिमा पठाएसँगै समितिले पूर्णता पाएको थियो। विगतमा सङ्क्रमणकालीन न्याय ऐनमा असहमति जनाउँदै आएको आयोगले आफ्नो प्रतिनिधि पठाउन अस्वीकार गर्दा सिफारिस समितिले पूर्णता पाएको थिएन। तर, सरकारद्वारा दुई महिनाको कार्यअवधि दिएर गठन गरिएको समितिले सत्य निरूपण तथा मेलमिलाप आयोगको अध्यक्ष, सदस्यमा कसलाई सिफारिस गर्ने भन्ने विषयमा आयोग निष्कर्षमा पुग्न सकेन। यसको कारण प्रमुख राजनीतिक दलहरूबीच सहमति हुन नसकेको भन्ने सर्वविदित छ।

तालिका १.१ सन् २०२४ मा प्रदेशगत आधारमा हत्या भएका व्यक्तिहरूको सङ्ख्या



(स्रोत : इन्सेक, २०२४)

समितिका प्रवक्ता खम्बबहादुर खातीले विज्ञप्ति जारी गर्दै मतैक्य हुन नसक्दा पदाधिकारीको नाम सरकारलाई सिफारिस गर्न नसकिएको बताए। उनले बहुमतका आधारमा निर्णय गर्नुभन्दा नियुक्तिका लागि सुरुबाट काम थाल्नु उपयुक्त भएको उल्लेख गरे। खातीले जारी गरेको विज्ञप्तिमा 'सिफारिस समितिबीच केही विषयमा मतैक्यता हुन नसकेकाले सिफारिस समितिभित्र बहुमत र अल्पमतको निर्णय गर्दा यसबाट दूरगामी असर पर्नसक्ने, शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन आयोगमा नियुक्त हुने अध्यक्ष तथा सदस्य नियुक्तिको प्रक्रियालाई थप विश्वसनीय र स्वीकार्य बनाउनका लागि आयोगका अध्यक्ष तथा सदस्यका लागि उपयुक्त व्यक्तिहरूको खोजीलाई अझ व्यापक र प्रभावकारी बनाई नियुक्ति प्रक्रिया अघि बढाउन उपयुक्त देखिएको उल्लेख गरिएको छ। ०८१ कात्तिक २ गते गठित यस समितिको कार्यावधि ०८१ मङ्सिर १ गते समाप्त भएसँगै सत्य निरूपण आयोग तथा बेपत्ता व्यक्तिहरूको छानविन आयोग गरी दुवै आयोगका अध्यक्ष र सदस्यको नाम सिफारिससम्बन्धी प्रक्रिया पुन: प्रारम्भ गर्न उपयुक्त हुने राय समितिले सार्वजनिक गऱ्यो। प्रक्रिया पुन: प्रारम्भ गर्न नेपाल सरकार, मन्त्रिपरिषद्‌लाई समितिले अनुरोध गरेसँगै दुई आयोगको पदाधिकारी छनौटका लागि खर्च भएको साधन, स्रोत, समय र १ सय ५६ जनाले दिएको आवेदन र ४० जनाको नाम संक्षिप्त सूचीमा प्रकाशन गरी उनीहरूसँग लिएको अर्न्तवार्ता र उनीहरूको प्रस्तुति समेत व्यर्थ हुन पुग्यो। यसले समितिको गठन नै द्वन्द्व पीडितको संवेदनशीलताको कदर गर्ने र द्वन्द्वकालका गम्भीर मानवअधिकार उल्लङ्घन तथा मानवताविरुद्धको अपराधका दोषीहरूलाई कानुनको दायरामा ल्याउनेभन्दा पनि पीडितहरूलाई अलमल्याउने र पीडकहरूलाई जोगाउने मनसायका साथ भएको थियो भन्ने प्रष्ट भयो। गम्भीर गृहकार्य र सोचविचार बिना गठन गरिएको सिफारिस समितिमा सर्वसम्मति

तालिका १.२ सन् २०२४ मा जिल्लागत आधारमा परिवारबाट हत्या गरिएका महिलाको सङ्ख्या

जिल्ला	सङ्ख्या
बाग्लुङ	१
बैतडी	३
बारा	२
पर्वत	१
ओखलढुङ्गा	३
भोजपुर	१
ललितपुर	२
म्याग्दी	२
दाङ	६
धनुषा	३
धादिङ	१
डडेल्धुरा	१
दोलखा	१
गोरखा	२
रुकुम पूर्व	१
इलाम	३
सिन्धुपाल्चोक	३
झापा	५
सोलुखुम्बु	१
कैलाली	१
कञ्चनपुर	२
काठमाडौँ	३
लमजुङ	१
महोत्तरी	३
मकवानपुर	३
मोरङ	४
नवलपरासी पूर्व	१
नवलपरासी पश्चिम	३
नुवाकोट	४
पाँचथर	२
पर्सा	३
रसुवा	१
रौतहट	२
रोल्पा	१
रुपन्देही	२
सङ्खुवासभा	१
सर्लाही	२
सिन्धुली	१
सिरहा	३
सुनसरी	३
तनहुँ	२
ताप्लेजुङ	१
तेह्रथुम	३
उदयपुर	७
जम्मा	**१००**

(स्रोत : इन्सेक, २०२३)

हुन नसक्नुको मूलकारण दलीय भागबण्डा र द्वन्द्वकालमा गम्भीर मानव अधिकार तथा मानवताविरुद्धको अपराधमा संलग्न व्यक्तिहरूलाई आममाफी दिने मनसायका साथ आयोग पदाधिकारी छनौटमा जोड दिनु हो भन्ने फेरि चर्चा हुन थालेको छ।

सङ्क्रमणकालीन न्यायसम्बन्धी विवादित विषय टुङ्ग्याउनुपर्ने मूल जिम्मेवारी भएका ठूला राजनीतिक दलहरू सत्तामा रहँदा एउटा र पक्ष प्रतिपक्ष हुँदा अर्कै कुरा गरेर यस प्रकृयालाई अल्मल्याउन व्यस्त रहे। यसलाई राजनीतिक दाउपेच र लेनदेनको विषय बनाएर द्वन्द्वकालीन मुद्दालाई गिजोल्ने काममा राजनीतिक दल उद्यत रहेका छन् भन्न हिचकिचाउनु पर्दैन। सङ्क्रमणकालीन न्यायका मुद्दा समयमा नै सम्बोधन भएमा राजनीतिक सौदाबाजी अन्त्य हुने बुझेका ठूला दलका नेताहरूले बेलाबखत एकअर्कालाई हेगमा उभ्याउने चेतावनी दिन पनि भ्याए। विस्तृत शान्ति सम्झौतामा उल्लेख भए अनुसार माओवादी लडाकुको नेपाली सेनामा समायोजन,संविधानसभाको निर्वाचनजस्ता जटिल कार्य कांग्रेस, माओवादी र एमालेले राजनीतिक सुझबुझसहित टुङ्ग्याएका थिए। तर, सर्वोच्च अदालतको परमादेश, अन्तर्राष्ट्रिय अभ्यास, मानव अधिकारका सिद्धान्त र पीडितको सहमतिमा न्याय प्रकृयालाई टुङ्ग्याउने सुनौलो अवसर उनीहरूले खेर फाले। नेपालको मौलिक शान्ति प्रकृयाका बाँकी काम पूरा गर्न र विश्वसामु प्रस्तुत गर्ने महत्त्वपूर्ण अवसर उनीहरूले गुमाउँदैछन् भने न्यायको आशामा रहेका हजारौं द्वन्द्वपीडितलाई धोका दिए। सत्ता र सत्तामा जान गरिने प्रयासमा राजनीतिक दल केन्द्रित

तालिका १.३ दाइजोका कारण महिलामाथि भएको हिंसा

जिल्ला	**जम्मा**
ललितपुर	२
मोरङ	१
धनुषा	१८०
पर्सा	१
रौतहट	५
रुपन्देही	२
सप्तरी	९
सर्लाही	१०
सिरहा	१
सुर्खेत	१
जम्मा	**२१२**

(स्रोत : इन्सेक, २०२४)

हुँदा शान्ति प्रक्रियाका महत्त्वपूर्ण काम राजनीतिक दाउपेचभन्दा बाहिर निस्कन सकेन।

बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) ऐन २०८१ साउन ३० गते प्रतिनिधि सभा र भदौ ६ गते राष्ट्रिय सभाबाट समेत बहुमतकासाथ पारित भई भदौ १३ गते राष्ट्रपतिबाट प्रमाणिकरण भएसँगै लामो समयदेखि अवरुद्ध नेपालको सङ्क्रमणकालीन न्यायको विषय समाधान उन्मुख हुन थालेको भन्नेमा आशा पलाएको थियो। पहिलोपटक २०७१ वैशाखमा जारी गरिएको उक्त ऐन त्रुटिपूर्ण रहेको भन्दै २ सय ३४ जना द्वन्द्वपीडितहरूले दर्ता गरेको रिटउपर सर्वोच्च अदालतले २०७१ फागुन १४ गते जारी गरेको परमादेश अनुरूप ऐन संशोधन गर्न सरोकारवालाहरूले निरन्तर वकालत पैरवी गरेका थिए। नेपालको शान्ति प्रकृया तथा सङ्क्रमणकालीन न्यायको विषय उदाहरणीय रहेको चर्चाबीच संसदीय कार्य दलले टुङ्ग्याएको सहमतिमा शीर्ष नेतृत्वले देखाएको सुझबुझप्रति सराहना भयो। पारित ऐनले यसअघि पेश भएको ऐनका धेरै गम्भीर त्रुटिहरू हटाउनुका साथै अन्तर्राष्ट्रिय मञ्चहरूमा सरकारले व्यक्त गरेका प्रतिबद्धता, सर्वोच्च अदालतका आदेश तथा परमादेशहरूमा पनि तादतम्यताको प्रयास भएको थियो। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टेनियो गुटरेसले २०८० कात्तिक १४ गते सङ्घीय संसदको संयुक्त बैठकमा सम्बोधन गर्दै सङ्क्रमणकालीन न्यायका माध्यमबाट युद्धका घाउ निको पार्दै यसमा उठ्ने प्रश्नहरू र अन्यायद्वारा त्रसित पीडित व्यक्ति, परिवार र समुदायलाई शान्ति दिने र विगतलाई पूर्णविराम दिन मद्दत गर्ने प्रक्रिया हुनुपर्ने बताएका थिए। महासचिव गुटरेसको भ्रमणपछि ऐन संशोधन प्रकृयाले गति लिएको थियो।

ऐनले 'मानव अधिकारको उल्लङ्घन' र 'मानव अधिकारको गम्भीर उल्लङ्घन' भनी स्पष्ट रूपमा वर्गीकरण गरेको छ। 'नि:शस्त्र व्यक्ति वा जनसमुदायविरुद्ध लक्षित गरी वा योजनाबद्ध रूपमा सशस्त्र द्वन्द्वका पक्षबाट नियतपूर्वक वा स्वेच्छाचारी रूपमा गरिएको हत्या (आर्बीट्री किलिङ), व्यक्ति बेपत्ता पार्ने कार्य वा अमानवीय वा क्रूर यातना' लाई मानव अधिकारको गम्भीर उल्लङ्घन अन्तर्गत राखिएको छ । 'मानव अधिकार उल्लङ्घन' अन्तर्गत सशस्त्र द्वन्द्वका क्रममा नि:शस्त्र व्यक्ति वा जनसमुदायविरुद्ध लक्षित गरी वा योजनाबद्ध रूपमा सशस्त्र द्वन्द्वका पक्षबाट गरिएका

मानव अधिकारको गम्भीर उल्लङ्घन बाहेकका प्रचलित नेपाल कानुन, अन्तर्राष्ट्रिय मानव अधिकार वा मानवीय कानुन विपरीत गरिएको कार्य सम्झनु पर्दछ भनी जनाइएको छ। सशस्त्र द्वन्द्वका क्रममा प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा प्रभावित व्यक्तिलाई परिपूरणको व्यवस्था ऐनले गरेको छ। सशस्त्र द्वन्द्वका क्रममा जबरजस्तीकरणी वा गम्भीर यौनजन्य हिंसामा परेका पीडित वा निजको तर्फबाट उजुरी दिन छुट भए आयोग गठन भएको तीन महिनाभित्र उजुरी दिन सकिने प्रावधान राखिएको छ। आयोगको कार्यक्षेत्र र छुट्टाछुट्टै इकाइहरूको व्यवस्था गरी यसको दायरा फराकिलो बनाइएको छ भने कर्मचारीका अतिरिक्त सम्बन्धित विषयविज्ञ राख्न सकिने व्यवस्था ऐनले गरेको छ।

तर, यो ऐन दण्ड सजाय, गम्भीर अपराध र क्षमादानको सन्दर्भमा केही चुकेको पाइन्छ। पीडितको सहमतिमा क्षमादान दिन सकिने विषय ऐनमा उल्लेख छ। विस्तृत कार्यविधि नबनाइ यो प्रावधानमा काम गर्न खोजियो भने कतिपय बेला डर, त्रासका कारण र कुनै बेला लोभलालच देखाएर पीडितलाई बाध्य पार्न सक्ने सम्भावना रहन्छ। विगतका ऐनहरूमा भएका यस्तै प्रावधानप्रति पीडित तथा सरोकारवालाको आपत्ती रहेको थियो। उपेक्षामा परेका 'बाल सेना' लाई ऐनमा 'बहिर्गमित व्यक्ति' भन्ने उल्लेख गरेर एकमुष्ट सम्बोधन गरिएको छ । मानव अधिकारका गम्भीर उल्लङ्घन बाहेकका मानव अधिकार उल्लङ्घनका दोषीलाई माफी दिएर पीडक र पीडितबीच मेलमिलाप गराउने व्यवस्था ऐनमा उल्लेख छ। जबरजस्तीकरणी वा गम्भीर यौनजन्य हिंसाका घटनाबाहेकका मानव अधिकारको गम्भीर उल्लङ्घनका अन्य घटना वा मानव अधिकार उल्लङ्घनका घटनामा प्रचलित कानुनबमोजिम २५ प्रतिशत सजायको माग दाबी लिन सक्ने व्यवस्था ऐनमा छ।

संसदीय मूल्य/मान्यतामा रहेका सात राजनीतिक दल र नेकपा माओवादीबीच ०६२ मङ्सिर ७ गते सम्पन्न १२ बुँदे सम्झौताले नेपालको शान्ति प्रक्रियाको बाटोलाई औपचारिक रूपमा खोलिदिएको थियो। विस्तृत शान्ति सम्झौताले द्वन्द्वरत समाजलाई शान्तितर्फ डोहोऱ्याइ अन्तरिम संविधान २०६३ को आधारभूमि तयार पारेको मानिन्छ। यसको अर्को महत्वपूर्ण पक्ष भनेको उक्त शान्ति सम्झौताले तत्कालीन विद्रोही माओवादीलाई राज्य सञ्चालन प्रक्रियामा सहभागिताको ढोकासमेत खोलेको थियो।

विस्तृत शान्ति सम्झौताले राज्य सञ्चालनका लागि परिवर्तित रूपरेखा कोरेको भए पनि यो दस्तावेजको एक महत्वपूर्ण प्रावधानमध्येको बुँदा नम्बर ५.२.५ मा द्वन्द्वरत दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्नहरूबारे सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग तथा बेपत्ता भएका व्यक्तिहरूको अवस्था छानबिन गर्ने आयोग गठन गर्न सहमत छन् भनी उल्लेख गरिएको थियो।

सङ्क्रमणकालीन न्याय निरूपणका सन्दर्भमा आयोगका पदाधिकारी नियुक्तिले ठूलो अर्थ राख्छ। ऐन संशोधन भएपछि पदाधिकारी नियुक्ति सम्बन्धमा सिफारिस समितिलाई नागरिक समाजले विभिन्न सुझावहरू दिएको थियो। सो अनुसार समितिले इच्छुक

तालिका १.४ सन् २०२४ मा मानव अधिकार रक्षकको अवस्था

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट			कुल जम्मा
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	
गिरफ्तार	२	३	५				५
कुटपिट	३	५	८	१८	३३	५१	५९
अमानवीय व्यवहार	२	४	६	१३	१२	२५	३१
घाइते	३	४	७	१४	५	१९	२६
हत्या				१	९	१०	१०
जातीय विभेद					१	१	१
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	५	७	१२				१२
धम्की		३	३	११	१६	२७	३०
जम्मा	१५	२६	४१	५७	७६	१३३	१७४

(स्रोत : इन्सेक, २०२४)

व्यक्तिहरूसँग निवेदन आह्वान, संक्षिप्त सूची प्रकाशन र संक्षिप्त सूचीमा छनोट भएका व्यक्तिहरूसँग अन्तरवार्ता र उनीहरूको प्रस्तुति पनि सुनेको थियो। तर, समिति सिफारिस नगरी विघटित हुनुले यस प्रक्रियाको पुनरावलोकन गरी ऐनमा आवश्यक संशोधन गर्नुको विकल्प छैन।

सत्य निरूपण आयोगमा रहेका ६३ हजार र बेपत्ता आयोगमा रहेका ३ हजार उजुरीको निरूपण गर्न सर्वस्वीकार्य मानव अधिकार, राष्ट्रिय कानुन, अन्तर्राष्ट्रिय कानुनका विज्ञ व्यक्तिहरू आवश्यक हुन्छन्। बेपत्ता पारिएका, अङ्गभङ्ग भएका, यौन हिंसा तथा यातनाका कारण प्रताडित ठूलो समूह नेपालको शान्ति प्रकृयाको मूलप्रवाहमा छैन। शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन राजनीतिक प्रतिबद्धता र घोषणा मात्रै काफी हुँदैनन्। विगतको अपराधका लागि पीडकको आत्मस्वीकृति वा आत्मालोचना, न्यायप्रति पीडितको भरोसा, आत्मसम्मान वा क्षमादानजस्ता विषय पनि प्राथमिकतामा राखिनु पर्छ। जसको अपनत्व पीडितले महसुस गर्न सकुन्।

सशस्त्र द्वन्द्वबाट पीडित भएका अन्य देशमा पनि द्वन्द्वउपान्त सङ्क्रमणकालीन अवस्थामा सत्य निरूपण तथा मेलमिलापलगायत अन्य प्रकृतिका आयोग तथा निकायहरू गठन भएको र त्यस्ता आयोगहरूबाट मानव अधिकार उल्लङ्घनका घटनालाई जनतासमक्ष उजागर गरी आरोपितलाई कानुनी दायरामा ल्याइएका उदाहरण पाइन्छन्। तर, अन्य मुलुकमा निरूपण गरिएका विधि र अभ्यासको अनुभवलाई नेपालमा जस्ताको तस्तै अनुसरण गर्न सकिन्न। शान्ति प्रक्रियाको वस्तुगत अवस्था र राजनीतिक शक्ति सन्तुलनमा पनि फरक पाइन्छ।

नेपालको विशिष्ट परिस्थितिका आधारमा सङ्क्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याउँदा मात्रै शान्ति प्रक्रिया टुङ्ग्याउन पीडित तथा द्वन्द्वमा संलगनहरूलाई बढी सकारात्मक बनाउन सकिन्छ। कानुन बनाउन प्राप्त सफलता सँगै सङ्क्रमणकालीन संयन्त्रका पदाधिकारी छनौट प्रक्रिया र चयन दुवैको विश्वनीयतामा जिम्मेवार राजनीतिक दलहरूले जवाफदेही हुनु आवश्यक छ।

सन् २०२४ र मानव अधिकारका सवाल

सम्मानपूर्वक बाँच्न पाउने अधिकार

सन् २०२४ मा सर्लाहीमा प्रहरीले प्रहार गरेको गोली लागेर बरहथवा नगरपालिका-६ का ३१ वर्षीय जयशङ्कर साहको मृत्यु भयो। बरहथवामा रहेको स्वास्थ्य केन्द्रको स्तरोन्नति गर्ने विषयमा भएको प्रदर्शनका क्रममा प्रहरीले गोली चलाएको थियो। पीडित साह घरनजिक रहेको आफ्नो कुखुरा फारमतर्फ जाँदै थिए, उनी प्रदर्शनमा सहभागी थिएनन्। बल प्रयोगको सामान्य सिद्धान्त विपरीत निहत्था व्यक्तिउपर भएको यो घटनामा छानविन समिति बनाउने, शहीद घोषणा गर्ने र घटनामा संलग्नलाई कारबाही गर्ने सहमतिमा टुङ्गियो। यो वर्ष राज्यपक्षबाट हुने गैरन्यायिक हत्याका घटनामा कमी आएको भए पनि भिड देख्ने बित्तिकै गोली चलाइ हाल्ने प्रवृत्तिको पुनरावृत्तिका रूपमा बरहथवा घटनालाई लिन सकिन्छ। गत वर्ष

तालिका १.५ सन् २०२४ मा बाल अधिकार उल्लङ्घन तथा ज्यादतीबाट पीडित भएकाहरूको सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट		अन्यपक्षबाट			कुल
	महिला	जम्मा	महिला	पुरुष	जम्मा	जम्मा
बाल विवाह			३६	४	४०	४०
बेचबिखन तथा ओसारपसार			४९	१५	६४	६४
विद्यालयमा दिइने शारीरिक सजाय			८	१८	२६	२६
नवजात शिशुको हत्या			४	४	८	८
बलात्कार	२	२	९३४		९३४	९३६
सामूहिक बलात्कार			४९		४९	४९
हाडनाता करणी			६३		६३	६३
बलात्कारपछि हत्या			१		१	१
यौन दुर्व्यवहार			३५५	१३	३६८	३६८
साइबर अपराध			२०३		२०३	२०३
जम्मा	२	२	१७०२	५४	१७५६	१७५८

(स्रोत : इन्सेक, २०२४)

ललितपुरको बालकुमारी दुई जना युवाको प्रहरीको गोली लागेर मृत्यु भएको घटनालाई सर्लाहीको घटनासँग तुलना गरेर हेर्न सकिन्छ। बालकुमारी घटनाको छानविन गर्न गठित समितिले दिएको प्रतिवेदनमा प्रहरीले अत्यधिक बल प्रयोग गरेको उल्लेख थियो। घटनामा संलग्नलाई कारबाही गर्नुपर्ने सिफारिसको कार्यान्वयन भयो वा भएन थाहा हुन सकेन। यस्ता घटनालगत्तै प्रहरी प्रशासनसँग सम्बन्धित अधिकारीको सरुवा गरेर कारबाही गरिएको भन्ने भाष्य निर्माण गर्न खोज्ने परम्परा गत वर्ष ललितपुर र यस वर्ष सर्लाहीमा पनि दोहोरियो।

यस वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १० हजार ७ सय ३४ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। गत वर्ष यो सङ्ख्या ९ हजार ३ सय ८८ थियो। यो सङ्ख्या गत वर्ष भन्दा १ हजार ३ सय ४६ ले बढी हो। यस वर्ष प्रहरी हिरासतमा पाँच जनाको मृत्यु भयो। हिरासतमा भएका कतिपय मृत्युका घटनालाई आत्महत्या भनियो। प्रहरीको २४ घण्टा निगरानीमा रहने हिरासत कक्षमा हुने यस्ता घटनाको जबाफदेहिताको खोजी कसैबाट भएन। प्रहरीबाट भएका गम्भीर मानव अधिकार उल्लङ्घनको घटनामा मिलापत्र गरिएको घटना इन्सेकले अभिलेख गर्‍यो।

महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका-३ मलिवारा सहनी टोलका १९ वर्षीय सुबोध सहनी, १९ वर्षीय विकास सहनी र १८ वर्षीय अभिशेक मण्डललाई ०८१ जेठ ९ गते प्रहरी चौकी मलिबारामा कार्यरत हवल्दार ४० वर्षीय सुमन खातले पाइपले पैताला र शरीरको विभिन्न भागमा निर्घात कुटपिट गरे। पारिवारिक वादविवादको घटनाका बारेमा छलफल गर्न ९ गते बिहान ८ बजे विकास सहनी, अभिशेक मण्डल, सुबोध सहनी प्रहरी चौकी मलिवारामा गएका थिए। सुबोध सहनी र अभिशेक मण्डललाई एक दुई पाइप मात्र हिर्काए पनि विकास सहनीलाई प्रहरी हवल्दार सुमन खातले मरनासन्न हुने गरी कुटपिट गर्नुका साथै चारपाटा मुडिदिए। घटनाबारे कसैलाई जानकारी गराए अरु कुट्ने धम्की दिई पीडितहरूलाई ४ बजे हिरा गरे। प्रहरी र गाँउलेबीच जेठ २७ गते प्रहरी चौकी मलिवारामै छलफल गरी मेलमिलाप भयो।

तालिका १.६ घटनाका प्रकारअनुसार साइबर अपराधका घटनामा पीडित भएका पीडितहरूको सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट
बाल अधिकार	२०३
महिला अधिकार	३६६
जम्मा	५६९

(स्रोत : इन्सेक, २०२४)

तालिका १.७ सन् २०२४ मा महिला अधिकार उल्लङ्घन तथा ज्यादतीबाट पीडित भएकाहरूको सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट	अन्यपक्षबाट	जम्मा
बेचबिखन तथा ओसारपसार प्रयास		२२	२२
घरेलु हिंसा		५,८७६	५,८७६
'बोक्सी'को आरोप		२९	२९
दाइजोजनित हिंसा		२१२	२१२
बलात्कार		६६४	६६४
सामूहिक बलात्कार		२५	२५
हाडनाता करणी		२३	२३
बैवाहिक बलात्कार		२३	२३
बलात्कार प्रयास		१४४	१४४
यौन दुर्व्यवहार	१	३१	३२
बेचबिखन तथा ओसारपसार		६०	६०
साइबर अपराध		३६६	३६६
बलात्कारपछि हत्या		७	७
पारिवारिक हत्या		१००	१००
जम्मा	१	७,५८२	७,५८३

(स्रोत : इन्सेक, २०२४)

यस वर्ष राज्यपक्षबाट ४ सय ५८ जना पीडित भए। यो सङ्ख्या गत वर्षभन्दा झण्डै ५ सयले कमी हो। मानव अधिकार उल्लङ्घनका घटनामा गत वर्ष भन्दा कमी आएको छ। तर, अन्य पक्षबाट हुने हिंसाका घटनाका फरक स्वरूपहरू अभिलेख भएका छन्। कुटपिट गरेर, आगो लगाएर, विष दिएर, धारिलो हतियार प्रयोग गरेर, गोली प्रहार गरेर व्यक्ति हत्या गरिएका घटनाहरू अभिलेख भए। राज्यको सुरक्षा व्यवस्थामा भएको कमजोरीका कारण यस्ता घटनाहरूमा बढोत्तरी भएको मान्न सकिन्छ। यस्ता घटनाका कारण पीडित भएका परिवारमा परेको आर्थिक, सामाजिक, मानसिक समस्याको पाटो मानव अधिकारका दृष्टिले विश्लेषण हुन सकेको छैन। न्याय पाउन पीडितले गर्नुपरेको सङ्घर्ष एकातिर छ भने पीडक कानुनी दायरामा नआउनु वा नल्याइनुजस्ता समस्याको अर्को विश्लेषण आवश्यक छ।

प्राथमिकतामा नपरेको सडक दुर्घटनाको रोकथाम

नेपाल प्रहरीले उपलब्ध गराएको विवरण अनुसार विगत १० वर्षमा नेपालमा विभिन्न खाले सडक दुर्घनामा परेर २४ हजार ९५ जनाले ज्यान गुमाएका छन्। एक दशकमा ज्यान गुमाउनेको सङ्ख्यालाई दैनिक औसतमा रूपान्तरण गर्ने हो भने प्रतिदिन सात जना बराबर हुन्छ। यी दश वर्षमा साना र ठूला गरेर झण्डै २ लाख ६० हजार ओटा दुर्घटनाहरू भएका छन्। सडक दुर्घटनामा परेर गत आर्थिक वर्ष (२०८०/८१) मा मात्र दुई हजार तीन सय ६९ जनाको ज्यान गएको प्रहरीको तथ्याङ्क छ। यातायात सुधार सुझाव कार्यदलको प्रतिवेदनअनुसार नेपालमा दुर्घटना हुने मुख्य पाँच कारण रहेका छन्। प्रतिवेदनका अनुसार मानवीय कारणमा चालकको ज्ञान सीप र क्षमता, शारीरिक र मानसिक अवस्था, पैदल यात्रुको सजगता जस्ता विषय सडक दुर्घटना हुनुको कारणमा पर्छन्।

नेपाल सरकार तथा सरोकारवालाको कम प्राथमिकतामा परेको विषय सडक दुर्घटना पनि हो। यो कहालीलाग्दो यथार्थ हाम्रो दैनिकी र नियति नै बन्दै गएको छ। तर, निराकरणका कैयौँ उपायहरू हुँदाहुँदै पनि सरकारी औपचारिकता कर्मकाण्डीमात्रै साबित भएका छन्। ठूला दुर्घटनापछि जारी हुने सरकारी वक्तव्यमा श्रद्धाञ्जली तथा समवेदना व्यक्त गरिए पनि विश्व स्वास्थ्य सङ्गठनले ४ सेप्टेम्बर २०२४ मा सार्वजनिक गरेको प्रतिवेदनमा नेपालमा मानिसहरूको मृत्युको सातौँ कारण रहेको उल्लेख छ। सडक दुर्घटनाका कारणहरूको पहिचान गरी तिनको रोकथामको उपाय अवलम्बन गर्ने विषय सरकारको प्राथमिकतामा कहिल्यै परेन। नियमित सवारी जाँच,ट्राफिक नियमको परिपालना, जरिवाना र सचेतना बढाउन सकियो भने पनि दुर्घटना कम गर्न सकिन्छ।

स्वास्थ्य अधिकार

स्वास्थ्य संस्थामा दरबन्दीअनुसार चिकित्सक नहुनु, औषधि उपलब्ध नहुनु तथा चेतना अभावका कारण सामान्य रोगबाटै पनि ग्रामीण भेगमा मानिसको मृत्यु हुने गरेका घटना सार्वजनिक भए। सरकारी

तालिका १.८ सन् २०२४ मा पीडित भएका ६५ वर्ष माथिका ज्येष्ठ नागरिकहरूको सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट			कुल जम्मा
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	
अपहरण				१		१	१
कुटपिट				४	१२	१६	१६
कारागारमा मृत्यु		१२	१२				१२
अमानवीय व्यवहार				१	२	३	३
घाइते		१	१	३	२	५	६
हत्या				१६	२८	४४	४४
जातीय विभेद					२	२	२
धम्की				१	१	२	२
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार	१		१	१	३	४	५
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	१	३	४				४
महिला अधिकार				११८		११८	११८
जम्मा	२	१६	१८	१४५	५०	१९५	२१३

(स्रोत : इन्सेक, २०२४)

तयारी अभाव, महामारीको रूप लिन सक्ने रोगबारे चेतना नहुनु तथा नदिइनुजस्ता कारण यसका लागि जिम्मेवार रहे। देशका धेरैजसो जिल्लामा लागु गरिएको स्वास्थ्य बीमाको प्रभावकारी कार्यान्वयनको टड्कारो आवश्यकता देखियो। सुविधा सम्पन्न अस्पतालमा उपचारका लागि प्राथमिक तहका अस्पतालबाट रेफर भई आउनुपर्ने नीतिका कारण यो प्रकृया झण्झटिलो भएको बीमितहरूको गुनासो यस वर्ष पनि दोहोरियो। नि:शुल्क भनिएका औषधी बीमितले नपाउने, उपचारका लागि लामो लाइन बस्नुपर्ने, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकतामा नराखिनुजस्ता कारणले स्वास्थ्य बीमाप्रति सकारात्मक धारणा विकास हुन सकेन। दुर्गमका स्वास्थ्य संस्थामा जनशक्ति र उपकरणको अभाव यो वर्ष पनि कायम रह्यो। समयमा उपचार नपाउँदा सुत्केरी महिलाको मृत्यु भएको घटना अभिलेखमा आयो। प्रजनन् स्वास्थ्यको विषयमा अझै धेरै काम गर्नुपर्ने आवश्यकता देखियो।

कारागार र बन्दी

कारागारमा क्षमता भन्दा बढी कैदी बन्दी राखिने र त्यसका कारण सिर्जित समस्या समाधानका लागि सरकारी पहल भएको पाइएन। नेपालका कारागारको क्षमता १८ हजार ५ सय ९ जनाको रहेकोमा हाल २९ हजार १ सय ५९ कैदीबन्दी रहेका छन्। कारागार सुधारका प्रतिवेदन दराजमा थन्किँदा खुला कारागारको अवधारणाले मूर्त रूप पाउन सकेको छैन। *कञ्चनपुर जिल्ला कारागारको क्षमता ९५ जना रहेकामा अहिले ४ सय ४८ पुरुष र २१ महिला गरी ४ सय ६९ जना कैदीबन्दी छन्। २०२३ सालमा स्थापना भएको कारागार भवन जीर्ण अवस्थामा रहेको, दिनदिनै थपिइरहने कैदीबन्दीहरूको चापले खान, बस्न, शौचालय प्रयोग गर्न पालो कुर्नुपर्ने बाध्यता छ। क्षमताभन्दा झण्डै ६ गुणा बढी कैदीबन्दी भएकोले पालो मिलाएर सुत्नुपर्ने, शौचालयको प्रयोगको लागि लामो समय कुर्नुपर्ने अवस्था रहेको छ। कोचिएर बस्नुपर्ने भएकाले सानोतिनो कुरामा वादविवाद हुने गरेको, कारागारमा पुस्तकालयको अभाव, पर्याप्त शौचालयको अभाव र सीपमूलक तालिमको व्यवस्था नभएको नाइके टेकराज जोशीले बताए।*

संवैधानिक व्यवस्थाअनुसार ज्येष्ठ नागरिक कैदीले सजाय छुट पाउनुपर्ने भए पनि कार्यान्वयनको ढिलाइले सैयौं कैदीबन्दी यो सुविधाबाट वञ्चित छन्। संविधानले ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरेको छ। सर्वोच्च अदालतले पनि ‘कारागारमा रहेका ज्येष्ठ नागरिकलाई संविधानले दिएको सजाय छुटको सुविधा दिनू’ भन्ने निर्देशनात्मक आदेश जारी गरेको छ। नुवाकोटको विदुर र बाँकेको नौबस्तामा ठूला कारागारहरू सञ्चालनमा आए। यी ठूला कारागार सञ्चालनमा आएपछि कैदीबन्दीको चाप घटाउन मद्दत पुग्ने अपेक्षा गर्न सकिन्छ।

नेपाल सरकारको अन्तर्राष्ट्रिय प्रतिबद्धता विश्वव्यापी आवधिक समीक्षा

संयुक्त राष्ट्रसङ्घका १ सय ९३ सदस्य राज्यहरूको मानव अधिकारसम्बन्धी दायित्व र प्रतिबद्धताको कार्यान्वयन अवस्थालाई आवधिक रूपमा समीक्षा गर्न संयुक्त राष्ट्रसङ्घीय महासभाको प्रस्ताव नं. ६०/२५१ द्वारा मानवअधिकार परिषद्द्वारा २००६

तालिका १.९ सन् २०२४ मा पेसागत आधारमा पीडित भएका मानव अधिकार रक्षकहरूको सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट			कुल जम्मा
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	
इन्जिनियर				१	३	४	४
स्वास्थ्यकर्मी				२४	६	३०	३०
मानव अधिकार रक्षक	१४	११	२५	६	१	७	३२
पत्रकार		११	११	७	३५	४२	५३
कानुन व्यवसायी					१	१	१
सामाजिक कार्यकर्ता	१	३	४	७	१३	२०	२४
शिक्षक		१	१	१२	१७	२९	३०
जम्मा	१५	२६	४१	५७	७६	१३३	१७४

(स्रोत : इन्सेक, २०२४)

मार्च महिनामा स्थापना गरिएको संयन्त्र हो। यो संयन्त्रले सम्पूर्ण मानव अधिकारको अवस्थाबारेमा राज्यहरूको नियमितरूपमा समीक्षा गर्दछ। नेपालले हालसम्म तीन ओटा समीक्षामा भाग लिइसकेको छ। समीक्षाका क्रममा नयाँ संविधान, सङ्क्रमणकालीन न्याय, यातना, स्वेच्छाचारी थुना, गैरन्यायिक र सामूहिक हत्या, मानवअधिकार महासन्धिहरू, बाल अधिकार, राष्ट्रिय मानव अधिकार आयोग, महिला अधिकार, सिमान्तकृत समुदायका अधिकार, मानव बेचविखन, प्राकृतिक प्रकोप, मानवअधिकार रक्षकसम्बन्धी विषयमा नेपाललाई सुझाब प्राप्त भएका थिए।

मानव अधिकार परिषद्ले चौथो चरणको समीक्षा सञ्चालन गरिरहेको छ। यसै सन्दर्भमा नेपालको आगामी समीक्षा सन् २०२५ को अक्टोबर-नोभेम्बरकालागि तय गरिएको छ। समीक्षाका लागि नेपालका ४ सय ५० गैरसरकारी संस्थाको सञ्जालबाट प्रतिवेदन पठाउने तयारी पनि भइरहेको छ। यो सञ्जालको सचिवालय इन्सेकमा छ। यूपीआरको पहिलो चरणको समीक्षादेखि नै प्रतिवेदन तयार गर्न र अन्य प्रकृयामा सहभागी हुन गैरसरकारी संस्थाहरूले विश्वव्यापी आवधिक समीक्षाका लागि नेपाली गैरसरकारी संस्थाहरूको सञ्जाल गठन गरेपछि सोही सञ्जाल क्रियाशील छ।

दिगो विकास लक्ष्य

संयुक्त राष्ट्रसङ्घको नेतृत्वमा विश्व सरकारद्वारा १७ वटा लक्ष्यसहित सन् २०१६ देखि २०३० सम्मको समयावधिका लागि दिगो विकास लक्ष्य तय गरिएका छन्। यो विकास लक्ष्यले सहस्राब्दी विकास लक्ष्यझैं आफैंमा कुनै पनि प्रकारको कानुनी दायित्व सिर्जना गर्दैनन्। नेपाल सरकारले यस लक्ष्यमा तय गरिएका विकास लक्ष्यहरू आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू प्राप्तिका लागि प्रतिबद्धता जनाएको छ। जुन यी अधिकार उपभोगका लागि महत्वपूर्ण प्रस्थान विन्दु हुन्।

दिगो विकासका लागि विकासको कार्यसूचीका रूपमा राष्ट्रसङ्घ महासभाबाट अनुमोदित यी लक्ष्यले विकासलाई दिगो र विस्तृत बनाउन आवश्यक क्षेत्रहरू सबै समेटेको छ। जसले आधारभूत मानवीय आवश्यकता पूर्तिबाट कोही छुट्नु हुँदैन भन्ने मान्यता अँगालेको छ। विकास एउटा निकायको प्रयासबाट मात्रै सम्भव हुने कुरा होइन। आवश्यक मात्रामा आर्थिक उपलब्धता, ज्ञान, विशेषज्ञता, क्षमता विकास र उपयुक्त

तालिका १.१० सन् २०२४ प्रदेशगत आधारमा पीडित अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्या



(स्रोत : इन्सेक, २०२३)

प्रविधि तथा नवीन विचारहरू दिगो विकास कार्यान्वयनको लागि महत्वपूर्ण स्रोतका रूपमा लिइएको छ। अरु मुलुकझैं नेपालको लागि पनि यहाँको सरकार नै दिगो विकास एजेण्डा कार्यान्वयन गर्ने प्रमुख जिम्मेवार निकाय हो। यसको राष्ट्रिय नीति, योजना, रणनीतिहरू तर्जुमा र बजेट व्यवस्थापन गर्ने काममा महत्वपूर्ण भूमिका रहन्छ।

दिगो विकास लक्ष्यले समेटेका विषयवस्तुमध्ये मानव अधिकारसँग सम्बन्धित गरिबी र भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा, सबैका लागि गुणस्तरीय शिक्षा, लैङ्गिक विभेदको अन्त्य, स्वच्छ पानी र सरसफाइ, सुरक्षित मानव बसोबास, जलवायु परिवर्तन र दिगो विकास न्यायमा पहुँचका लागि सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापनाजस्ता विषयलाई कार्ययोजनामा समायोजन गर्न सके नै दिगो विकास लक्ष्यहरू पूरा गर्न मद्दत पुर्‍याउँछ। तर, विकास योजनासँग सम्बन्धित संयन्त्रलाई मानव अधिकारसँग नजोड्नु र अनुगमन समितिको नियमित बैठक नै बस्न नसक्नु, भावी कार्ययोजनाबारे समयमै सरोकारवालाबीच गहन छलफल, विचार/विमर्श नहुनुसमेत विगतको कार्ययोजना कार्यान्वयनमा चुनौती रह्यो।

मानव अधिकार राष्ट्रिय कार्ययोजना

नेपाल सरकारको पाँचौ पञ्चवर्षीय मानव अधिकार कार्ययोजना (२०७८-२०८२) को अवधि अर्को वर्ष असार मसान्तमा समाप्त हुँदैछ। नेपाल सरकारको मानव अधिकारका प्राथमिकता क्षेत्र निर्धारण गरी जारी कार्ययोजनाको आवधिक मूल्याङ्कन र प्रभावकारी अनुगमन भने हुन सकेन। मानव अधिकार आयोगले मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन अवस्थाबारे अनुगमन गरेको छ। संविधानको कार्यान्वयन क्रममा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने

तालिका १.११ सन् २०२४ मा पेसागत आधारमा पीडित सङ्ख्या

पेसा	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
राजनीतिक कार्यकर्ता	१४	९०	१०४	४	१२	१६
सामाजिक कार्यकर्ता	१	३	४	२४	९	३३
स्वास्थ्यकर्मी				२४	६	३०
सुरक्षाकर्मी	२	१९	२१	१९	११७	१३६
कानुन व्यवसायी				१	१	१
मानव अधिकारकर्मी	१४	११	२५	६	१	७
मजदुर	४	१५	१९	२१३	४७	२६०
नाबालक		१	१	३६	९	४५
इन्जिनियर				१	३	४
जागिरे/कर्मचारी		४	४	२७८	३१	३०९
पत्रकार	१	११	१२	७	३५	४२
विद्यार्थी	१०	२२	३२	१४४९	९३	१५४२
शिक्षक		१	१	३८	१७	५५
उद्योग व्यवसायी	१२	३०	४२	१६१	८४	२४५
कृषक	२८	७१	९९	३९९७	२३४	४२३१
गृहिणी	२४		२४	३२३३		३२३३
कैदीबन्दी	४	५६	६०			
नखुलेको		१०	१०	८२	५	८७
जम्मा	११४	३४४	४५८	९५७२	७०४	१०२७६

(स्रोत : इन्सेक, २०२४)

प्रदेश सरकार र स्थानीय तहबाट कार्यान्वयन हुने प्रकृतिका कार्ययोजनाबीच जिम्मेवार निकायमा कुनै परिवर्तन भएनन्।

बाल अधिकार

नेपालको जनसङ्ख्याको झण्डै आधा हिस्सा बालबालिकाहरू रहेको छ। नेपाल सरकारले बालबालिकाहरूको हक, अधिकार, संरक्षण र सम्वर्द्धनका लागि बाल अधिकारसम्बन्धी महासन्धि लगायत विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरू, त्यसका ऐच्छिक प्रलेखहरू, घोषणापत्र तथा कार्ययोजनाहरूमा प्रतिबद्धता जनाएको छ। यस्ता महासन्धिहरूको व्यवहारिक कार्यान्वयनका लागि विभिन्न राष्ट्रिय तथा क्षेत्रीय एवम् स्थानीय स्तरका कार्यक्रमहरू, ऐननियमहरू निर्माण भए पनि व्यवहारिक कार्यान्वयनका लागि विभिन्न चुनौतीहरू देखापरेका छन्।

बालश्रम, बालबालिका ओसारपसार, बेचबिखन, यौनजन्य हिंसा, शिक्षा र स्वास्थ्यको अवसरबाट वञ्चितीजस्ता बाल अधिकार हनन्का घटनाबाट बालबालिका पीडित भएको इन्सेकको अभिलेखले दर्शाए। इन्सेक प्रतिनिधिहरूले जिल्लाका विद्यालयहरूको अनुगमन गर्दा धेरैजसो विद्यालयका भवन बालमैत्री पाएनन्। छात्राहरूका लागि उचित शौचालय थिएन। भएका शौचालयहरू अव्यवस्थित र फोहोर पाइए। अत्यन्त न्यून सङ्ख्यामा अपाङ्गमैत्री विद्यालय भेटिए। नि:शुल्क शिक्षाको विषय व्यवहारमा लागु भएको पाइएन। सामुदायिक विद्यालयले विभिन्न बहानामा शुल्क असुल गरेको पाइयो। *(हेर्नुहोस् यसै पुस्तकको जिल्लागत विवरणमा शिक्षाको अधिकार)।* यसबाहेक समाजमा अन्य पक्षबाट पनि बालबालिका उत्तिकै हिंसाको चपेटामा परे। यस वर्ष बालअधिकार उल्लङ्घनका घटनामा राज्यपक्षबाट दुई जना र अन्य पक्षबाट १ हजार ७ सय ५६ जना पीडित भएको अभिलेख भयो। बलात्कारका घटनामा ९ सय ३६ जना बालिका पीडित भए। एकजना बालिकाको बलात्कारपछि हत्या भयो। सामूहिक बलात्कारका घटनामा ४९ जना र ६३ जना बालिका परिवारका सदस्यद्वारा बलात्कृत भए। यसैगरी, यौन दुर्व्यवहारका घटनामा ३ सय ५५ बालिका पीडित भए। साइबर स्पेश प्रयोग गरी २ सय ३ जना बालिकामाथि हिंसाका घटना भए। ६४ जना बालबालिका बेचबिखन तथा ओसारपसार घटनामा पीडित भए। उमेर नपुगी विवाह हुने प्रचलन अझै पनि कायम छ। बालविवाहको एकीन तथ्याङ्क उपलब्ध छैन। इन्सेकले यस वर्ष ४० जना बालबालिका पीडित भए। प्रहरीसम्म उजुरी नआएका तथा सार्वजनिक नभएको सैयौँ घटनाहरू हुन सक्छन्। गरिबी, अशिक्षा तथा यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धमा ज्ञानको अभावका कारण बालविवाहका घटना हुने गरेको धेरै जसो बालविवाहका घटना प्रहरीसम्म आइपुग्दैन। प्रहरीसम्म आएका घटनामा प्रहरीले कानुनी कारबाहीको प्रकृया अगाडि बढाएको पाइयो। यस विद्यालयमा दिइने शारीरिक दण्डका घटनामा २५ जना बालबालिका पीडित भए। अभिलेख भएको सबैजसो घटना मिलापत्रमा टुङ्गिए।

मोरङ जिल्ला जहदा गाउँपालिका-२ डंग्राहाका ८ वर्षीय बालकको ०८१ भदौ १० गते शिक्षकले प्रहार गरेको लाठीको कुटाइका कारण टाउको फुट्यो। शिक्षकको सुरक्षाको माग गर्दै विद्यालयले भदौ १० गते नै प्रहरीमा उजुरी दियो। भदौ १२ गते दुबै पक्षबीच मिलापत्र भयो।

बालबालिकामाथि परिवारका सदस्यबाट गरिने दुर्व्यवहार तथा कुटपिटका गम्भीर घटना पनि यस वर्ष अभिलेख भए। घरपरिवारमा बालबालिकामाथि हुने दुर्व्यहार तथा हिंसाका घटना कमैमात्र सार्वजनिक हुन्छन्।

खिजिदेम्बा गाउँपालिका-९ ओखलढुङ्गाका ४३ वर्षीय फुरिन्जी शेर्पाले चार र ६ वर्षीय छोराहरूलाई दैनिक कुटपिट गर्ने, खँड्कुलोमा राखेर पानीसँगै उमाल्ने, डोरीले बाँधेर उधोमुण्टो पारेर झुण्ड्याउने, बाँधेर राख्ने र ती सबै कार्यको फोटो तथा भिडियो खिची वैदेशिक रोजगारीमा रहेकी पत्नीलाई पठाउने गरेको आरोपमा प्रहरीले २०८१ साउन ४ गते गिरफ्तार गऱ्यो। आरोपित पुर्पक्षका लागि थुनामा छन्।

महिला अधिकार

संविधान तथा कानुनमा महिला र बालिकाको अधिकार ग्यारेन्टी गरिएको भए पनि पितृसत्तात्मक सोच र मान्यताहरूका कारण महिला र बालिकाले अनेकौं चुनौतीहरूको सामना गर्नुपरेको छ। पितृसत्तात्मक मान्यतामा आधारित सांस्कृतिक र सामाजिक मान्यताहरूले बालिकाहरू र महिलाहरूको विरुद्ध हानिकारक परम्परागत अभ्यासहरूलाई निरन्तर कायम राखेका छन्। उदाहरणका लागि, २०६४ सालमा जारी गरिएको छाउपडी उन्मूलन निर्देशिका लागु भएको १७ वर्ष भइसकेको छ। छाउपडी, अर्थात् महिनावारीको समयमा महिलाहरूलाई छाउगोठमा पठाउने

तालिका १.१२ सन् २०२४ मा जातिगत आधारमा पीडित सङ्ख्या

जातजाति	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
सन्यासी	१	३	४	५		५
ब्राम्हण	१९	५५	७४	८३३	११७	९५०
यादव	२	३३	३५	४९६	४४	५४०
दलित	१२	२७	३९	१८२५	१०६	१९३१
आदिवासी	५	२१	२६	१८२	२६	२०८
मण्डल	६	६	१२	१७६	६	१८२
क्षेत्री	२४	७८	१०२	१७२१	१२६	१८४७
जनजाति	२९	५७	८६	२९११	१९८	३१०९
मुस्लिम	४	१३	१७	६२९	१३	६४२
कोइरी	१	५	६	१५९	१०	१६९
तेली	५	१९	२४	३२७	२८	३५५
वैश्य		३	३	३८	८	४६
बानिया				१६	२	१८
कायस्थ	१	५	६	१८		१८
नेवार	३	१६	१९	९२	१२	१०४
गोडिया	१		१	१५	१	१६
नखुलेको	१	३	४	१२९	७	१३६
जम्मा	११४	३४४	४५८	९५७२	७०४	१०२७६

(स्रोत : इन्सेक, २०२४)

परम्परालाई कानुनी रूपमा निषेध गरिएको थियो। तर, सुदूरपश्चिम र कर्णाली प्रदेशहरूमा अझै पनि प्रचलित छ। पछिल्ला केही वर्षमा, यी छाउगोठहरूमा धुँवा, चिसो र सर्पको टोकाइबाट १४ जना महिलाले ज्यान गुमाएका छन्।

छाउगोठमा बसेकी अछाम जिल्लाकी १६ वर्षीया बालिकामाथि १७ वर्षीय बालकले बलात्कार गरेको घटना सार्वजनिक भयो। प्रहरीले आरोपित बालकलाई गिरफ्तार गऱ्यो जिल्ला अदालतको आदेश आरोपित बालक बालसुधार गृहमा छन्।

सन् २०२४ मा महिलामाथि हुने हिंसाका घटनामा ७ हजार ५ सय ८३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा बेचविखनका प्रयासका घटनामा २२ जना, घरेलु हिंसाका घटनामा ५ हजार ८ सय ७९ जना, कथित बोक्सीको आरोपमा २९ जना, बलात्कारका घटनामा ६ सय ६४ जना, बलात्कार प्रयासका घटनामा १ सय ४४ जना, यौन दुर्व्यवहारको घटनामा ३२ जना, बेचबिखनका घटनामा ६० जना, सामूहिक बलात्कारका घटनामा २५, दाइजोजनित हिंसाका घटनामा २ सय १२ जना, वैवाहिक बलात्कारका घटनामा २३ जना, साइबर स्पेश प्रयोग गरी महिलामाथि भएको हिंसाका घटनामा ३ सय ६ जना महिला पीडित भए।

यस वर्ष परिवाजनबाट १ सय जना महिलाको हत्या भयो। गत वर्ष यो सङ्ख्या १ सय ९ जना थियो। परिवारजनबाट महिला मारिएको कतिपय घटनामा पीडित पक्षले हत्याको आरोप लगायो भने आरोपित पक्षले आत्महत्या गरेको भनी बताएको पाइयो। दाइजो नल्याएको आरोपमा परिवारका सदस्यको कुटपिट तथा हिंसा सहन नसकेपछि आत्महत्या गर्नुपरेको घटना पनि इन्सेकमा अभिलेख भयो।

बारा जिल्ला सुवर्ण गाउँपालिका-७ देवापुर चौरहिया टोलकी २३ वर्षीया सविना खातुनले परिवारका सदस्यले भनेजति दाइजो नल्याएको आरोपमा गरेको हिंसा सहन नसकी ०८० पुस १९ गते आत्महत्या

गरिन्। २०७५ सालमा मागेजति दाइजो दिएर छोरीको विवाह गरेको भए पनि मोटरसाइकलको माग गर्दै छोरीलाई परिवारका सदस्यले कुटपिट गर्ने गरेको बुबा बाबुजान अन्सारीले बताए।

दाइजोका कारण हुने मानसिक, शारीरिक यातनाको पाटो डरलाग्दो हुन्छ। कतिपय अवस्थामा यस्ता घटना प्रकाशमा नै आउँदैनन्। विपन्न वर्गका मानिसले दाइजोको प्रताडनाका कारण घरखेत नै बेच्नुपरेको वा उठिबास नै हुनुपर्ने अवस्था सृजना भएका छन्। नेपालको संविधान २०७२ को धारा ३८ को उपधारा ३० ले महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमका हिंसाजन्य कार्य वा शोषण गर्न नपाइने कुरा उल्लेख छ। महिलामाथि हुने घरेलु हिंसा नियन्त्रण कसुर सजाय ऐन २०६६ जारी भई लागु भएको छ। कथित बोक्सीको आरोपमा हुने हिंसा, महिनावारी भएको बेला गरिने विभेद, दाइजोका कारण गरिने मानसिक तथा शारीरिक यातना, बालविवाहजस्ता घटनामा महिला पीडित हुँदै आएका छन्।

जिल्ला प्रहरी कार्यालयमा रहेका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा दर्ता भएका धेरैजसो उजुरीमा मेलमिलाप हुने गरेको छ। परिवारजनका सदस्यबाट हुने हिंसाका घटना प्रहरी कार्यालयमा पुगेपछि मिलापत्रमा टुङ्गिन्छ वा टुङ्याइन्छ। हिंसाको घटनाबारे प्रहरीमा उजुरी गरेपछि फेरि त्यही घर फर्किनुपर्छ। त्यसपछि घरमा महिलाप्रति गरिने व्यवहारका कारण महिला झन् कमजोर हुनुपर्ने अवस्था सृजना हुने गरेका उदाहरण प्रशस्त छन्।

पति २१ वर्षीय उमेशसिंह कुँवरले घरमा बन्दी बनाइ कुटपिट गर्ने गरेको भन्दै वैशाख २० बङ्गाबगडा, दार्चुलाकी एक महिलाले प्रहरीमा उजुरी गरिन्। प्रहरीले कुँवरलाई गिरफ्तार गर्‍यो। आर्थिक अवस्था कमजोर भएकी पीडित महिलाले पतिको गिरफ्तारीपछि घरपरिवारबाट भएको अपमान सहन नसकी ०८१ असार २३ गते महाकाली नदीमा हामफालेर आत्महत्या गरिन्। उनको शव भेटिएन।

हरेक वर्ष महिलामाथि हुने हिंसाका घटनाको ग्राफ उकालो लागिरहेको छ। परिवारजनबाट महिलामाथि हुने धेरैजसो घटनालाई परिवारमै गुपचुप राख्ने वा गाउँ समाजमै मिलाउने परम्परा कायम छ। धेरैजसो घटनामा महिलाकै दोष देखाएर आरोपितलाई उन्मुक्ति दिने कार्य पनि भइरहेका छन्। हिंसाको दुष्चक्रबाट महिलालाई बचाउन सरकारी तथा गैरसरकारी प्रयासहरूको अपर्याप्तता सधैँ खड्किने विषय रह्यो।

मानव अधिकार रक्षक

मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको पचासौँ वर्षका अवसरमा सन् १९९८ मा संयुक्त राष्ट्रसङ्घको महासभाले सदस्य राष्ट्रहरूको मतैक्यमा मानव अधिकार रक्षकसम्बन्धी घोषणापत्र पारित गर्‍यो। त्यसयता मानव अधिकार रक्षकको सुरक्षा, अधिकार, दायित्वका बारेमा संसारभर चर्चा परिचर्चा हुने गरेको छ। मानव अधिकार रक्षकका संरक्षणका लागि राष्ट्रिय, अन्तर्राष्ट्रिय संयन्त्र र केही कानुनी व्यवस्था भए पनि यसले मानव अधिकार रक्षकको पूर्ण संरक्षण गर्न सकेको छैन। नेपालका मानव अधिकार रक्षकको हक अधिकारको संरक्षण, सूचनामा पहुँच, सुरक्षा सम्मान लगायतको सुनिश्चितताका लागि छुट्टै कानुनी व्यवस्थाको आवाज उठेको भए तापनि सो अनुरूपको कानुन बन्न सकेको छैन। इन्सेकले २०६५ सालमा मानव अधिकार रक्षकको अधिकार संरक्षणसम्बन्धी ऐनको मस्यौदा तयार पारी यसको आवश्यकताका बारेमा देशव्यापी वकालत गर्दै आएको छ। हालै लुम्बिनी, कर्णाली, सुदूरपश्चिम लगायतका केही प्रदेशमा इन्सेकको पहलमा ऐन दर्ताको पहल भएको छ। अरुको मानव अधिकारको संरक्षणका लागि बोल्ने मानव अधिकार रक्षकका आफ्नै अधिकार संरक्षण हुन सकेनन् ऊ नै जोखिममा पर्यो भने मानव अधिकार आन्दोलन नै कमजोर हुने भएकाले मानव अधिकार रक्षकको सुरक्षा, व्यवसायिक मर्यादाको सम्मान र हक अधिकार सुनिश्चितता हुनै पर्दछ। मानव अधिकारको संरक्षण र संवर्द्धनमा ज्यान जोखिममा राखेर लागिपरिरहेका मानव अधिकार रक्षकहरू सुरक्षित नभएको तथ्याङ्कहरूले देखाउँछन्। यस वर्ष अवधिमा १ सय ७४ जना मानव अधिकार रक्षक पीडित भएको इन्सेकमा अभिलेख भयो। उनीहरूमाथि हुने मानव अधिकारको उल्लङ्घन र ज्यादतीको निष्पक्ष छानबिन गरी पीडितलाई कारबाही गर्ने एक छुट्टै निकाय नहुँदा कानुनी तथा मनोवैज्ञानिक उपचारको प्रभावकारी व्यवस्थाको महसुस भयो।

राष्ट्रिय मानव अधिकार आयोगको ऐन संशोधनको प्रस्तावित विधेयकमा मानव अधिकार रक्षकका बारेमा उल्लेख गरिएको भए पनि यो विषयमा आयोगले नै मानव अधिकार रक्षहरूबीच पर्याप्त अन्तरकृया र छलफल गरेन।

खाद्य अधिकार

सरकारले खाद्य अधिकारको सुनिश्चितता र संरक्षणका लागि कानुनी व्यवस्था गर्न सकेन। खेतीयोग्य जमिन बाँझै रहनु, चाहिएको बेलामा मलखाद तथा बीउबिजन उपलब्ध नहुनु, खेतीयोग्य जमिन घडेरीका लागि खण्डीकरण गरिनु जस्ता कारणले खाद्य परनिर्भरताको अवस्था बढेर गयो। आत्मनिर्भर हुन सकिने चामल, दाल, तेल, फलफूल, माछामासुजस्ता खाद्यपदार्थ आयातका लागि ठूलो धनराशी खर्च गर्नुपर्ने अवस्थामा सुधार हुन सकेन। बसाइ सराइका कारण खेतीयोग्य जमिन बाँझो रहेको समाचार प्रकाशनमा आए। कर्णाली तथा सुदूरपश्चिम प्रदेशका हिमाली जिल्लामा बर्सेनि हुने खाद्यान्न अभाव, खाद्यान्नसम्म पहुँचको समस्या र खाद्यान्न व्यवस्थापनको पाटोमा कदम चाल्न राज्य चुकेको देखियो। आधुनिक कृषि प्रणाली विकास गर्ने नीति सरकारले लिएको भनिए पनि प्रभावकारी हुन सकेन। पहाडी तथा अति दुर्गम ३० जिल्लाका नागरिकलाई गुणस्तर तथा सुपथ मूल्यमा खाद्यान्न उपलब्ध गराइने मानव अधिकार राष्ट्रिय कार्ययोजनामा उल्लेख छ। तर, पनि अति विपन्न चेपाङ, राउटे, मुसहर, दलित, वादी, हलिया, बोटे जस्ता समुदायका मानिसलाई भोकमरीबाट जोगाउनेतर्फ खासै प्रगति भएको पाइएन। यी समुदाय खाद्य सङ्कटमा रहेका खबर प्रकाशन भए।

वातावरणको अधिकार

नेपाल मानव अधिकार वर्ष पुस्तकमा यस वर्षदेखि वातावरणको अधिकार, खासगरी जलवायु परिवर्तनको आर्थिक सामाजिक प्रभावका सम्बन्धमा मानव अधिकारका दृष्टिले तथ्याङ्क सङ्कलन र विश्लेषणको सुरुआत गरिएको छ।

नेपालको संविधानको धारा ३० मा स्वच्छ वातावरणको हकलाई मौलिक हकका रूपमा व्यवस्था गरिएको छ। प्रत्येक नागरिकलाई स्वच्छ वातावरणमा बाँच्न पाउने हकको प्रत्याभूति गरिएको छ। वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिमा पीडितलाई प्रदूषणकर्ताबाट क्षतिपूर्ति पाउने हक सुनिश्चित गरेको छ। विकास सम्बन्धी कार्य सञ्चालन गर्दा वातावरण र विकासबीच सन्तुलनका लागि आवश्यक कानुनी व्यवस्था गर्न सकिने व्यवस्था गरेको छ। नेपालको संविधानको अनुसूची ९ ले वनजङ्गल, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण ता जैविक विविधता, विपत् व्यवस्थापन वातावरण सम्बद्ध सरोकारका विषयलाई सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्र भित्र समेटेको पाइन्छ भने अनुसूची ८ ले आधारभूत स्वास्थ्य र सरसफाइको विषय स्थानीय तहको जिम्मेवारीमा राखेको छ। विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्कअनुसार नेपालमा हरेक वर्ष वायुप्रदूषणको कारण ३५ हजार मानिसको मृत्यु हुने गरेको छ। काठमाडौँ सहर विश्वको प्रमुख १० वायु प्रदूषित सहरभित्र पर्ने गरेको छ।

भौतिक विकासको प्रगति सँगसँगै वातावरणका मुद्दा पनि अगाडि आउन थालेका छन्। वातावरण,वायु प्रदूषण, प्लास्टिकका झोला, बोटल तथा प्लास्टिकजन्य सामग्रीको अत्यधिक र अव्यवस्थित उत्पादन प्रयोग, गिटी, बालुवा आदि प्राकृतिक स्रोतको अनियन्त्रित दोहन, अव्यवस्थित ढल, मलमुत्र, फोहोर मैला, अस्पतालजन्य फोहोर मैला र त्यसको अव्यवस्थित विसर्जन, सिमेन्ट उद्योगजन्य प्रदूषण, ध्वनि प्रदूषण, रसायनिक पदार्थ तथा मलको अनियन्त्रित प्रयोग आदि वातावरण प्रदूषणका प्रमुख कारण रहेका छन्। वनविनाश, डढेलो, नदीनालाको प्रदूषण, जथाभावी सडक निर्माणका कारण बाढी पहिरो, जलवायु परिवर्तनको असर र प्रभावले वातावरणीय अधिकारको व्यापक हनन् हुन गई मानिसको स्वच्छ,सुरक्षित र स्वास्थ्य वातावरणको अधिकारमा प्रतिकूल प्रभाव पर्दै गएको छ।

जातीय विभेद

जातका आधारमा मानिसमाथि विभाजन र भेदभाव गर्ने चलन व्यक्तिगत अधिकारको गम्भीर उल्लङ्घन हो। नेपाली समाजमा जातका आधारमा विभेद हुने गरेका घटनाहरू सार्वजनिक हुँदै आएका छन्। कतिपय घटना सार्वजनिक हुन्छन् त कतिपय सार्वजनिक हुँदैनन्।

जातका आधारमा मानिसबिच हुने भेदभाव अमानवीय कार्य हो। यस्ता व्यवहार कानुनी रूपमा अक्षम्य भए पनि संरचनात्मक मानसिकताका कारणले अझै पनि विद्यमान छ। भेदभावविरुद्ध समान अधिकार र न्यायको वकालत जारी रहे पनि कमजोर वर्गको रूपमा रहेका दलितहरू हिंसाबाट पीडित छन्। शून्य हिंसाको परिकल्पना कागजमा मात्रै सीमित बनेको छ। नेपालको संविधानले जातीय भेदभाव र छुवाछूतलाई गम्भीर अपराध मानेको छ। छुवाछुत र भेदभाव नहुने अवस्था सिर्जना गरी प्रत्येक व्यक्तिको समानता, स्वतन्त्रता र मर्यादाका साथ बाँच्न पाउने हकको संरक्षण गर्ने व्यवस्था संविधानमा नै गरिएको छ। तर पनि संविधानप्रदत्त अधिकारको सही कार्यान्वयन हुन सकेको छैन। यसको कार्यान्वयनका लागि जिम्मेवार

निकाय जबाफदेही हुनु पर्छ।

सन् २०२४ मा जातीय विभेदका घटनामा ३५ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा सार्वजनिक ठाउँ प्रवेश निषेधका घटनामा १५ जना, छुवाछुत गरिएको घटनामा २० जना, अन्तरजातीय विवाहको घटनामा एकजना र जागिरबाट निष्काशन गरिएको घटनामा एकजना पीडित भए। जातीय विभेदका धेरैजसो घटनामा मिलापत्र हुने गरेको, प्रहरीसम्म उजुरी नपुगेको, उजुरी गरिएका घटनामा पनि मिलापत्र हुने गरेको अभिलेखमा देखियो। तर, यस सुर्खेत अदालतमा दर्ता भएको जातीय विभेदसम्बन्धी मुद्दामा अदालतले कैद सजायको फैसला गऱ्यो।

फेसबुकमा दलित समुदायप्रति अपमानजनक शब्द लेखेको आरोपमा २०८१ साउन ८ गते गिरफ्तार भएका दैलेखको महाबु गाउँपालिका-४ फागुका ४२ वर्षीय तर्कबहादुर सिंह ठकुरीलाई सुर्खेत जिल्ला अदालतले तीन महिना कैद सजाय र ३० हजार रुपियाँ जरिवाना गर्ने फैसला सुनायो। आरोपित महाबु गाउँपालिकाको गीताचौरस्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा अंग्रेजी शिक्षक हुन्।

निष्कर्ष

लामो समयदेखि कायम सङ्क्रमणकालीन न्यायको विषयलाई टुङ्ग्याउनु, पीडितलाई परिपूरणको व्यवस्था गरिनुपर्ने कार्यभार यस वर्ष पनि अधुरै रह्यो। सङ्क्रमणकालीन ऐन पारित भई लागु भइसके पनि राजनीतिक दाउपेचको शिकार हुँदा आयोगमा पदाधिकारी नियुक्त हुन सकेन। सरकार तथा राजनीतिक दलको दह्रो इच्छाशक्तिको अभाव प्रष्ट देखियो। यो विषयलाई लम्ब्याइरँदा आउने परिणामका बारेमा सचेत हुन सकिए अगाडि बढ्ने बाटो पहिल्याउन सहज हुनेछ। शान्ति प्रकृयामा भएको अलमलका कारण नेपालमा भएका विभिन्न प्रयासलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय द्वन्द्वविज्ञहरूका माझ अनुकरणीय नमूनाका रूपमा प्रस्तुत गर्ने अवसर नेपालले गुमाउँदै गएको छ।

महिला तथा बालबालिकामाथि भएका र हुने गरेका अपराधको दर प्रतिदिन बढेको इन्सेकको तथ्याङ्कमा देखिन्छ। महिलामाथि भएका हिंसाका घटनामा मेलमिलाप गरिने, परिवारको घेराभन्दा बाहिर लैजान नदिने चलन व्याप्त रह्यो। कानुनको प्रभावकारी कार्यान्वयन यससन्दर्भमा नभइ नहुने कुरा हो।

मानव अधिकार कार्ययोजनाको प्रभावकारी कार्यान्वयन, दिगो विकास लक्ष्यले तोकेका विषयहरूको स्थानीयकरण, दण्डहीनताको अन्त्य, राजनीतिको अपराधिकरणको अन्त्यसजस्ता विषयमा काम हुन सके सरकारले भनेजस्तो समृद्धिका विषयले प्राथमिकता पाउलान् भन्ने अपेक्षा गर्न सकिन्छ। सरकारले अघि सारेका नीति तथा कार्यक्रमहरूले आमजनताको जीवनमा केही परिवर्तन ल्याउन सक्यो भने मात्रै सरकार भएको अनुभूति जनताले गर्नेछन्। विपत्का कारण भएको क्षतिको परिपूरण र पुर्नस्थापनाको मार्गचित्र बनाउन सरकार चुकेको देखियो। जलवायु परिवर्तनका कारण भविष्यमा प्राकृतिक विपत्तिका घटनामा बढोत्तरी हुने करामा दुईमत छैन। यस सन्दर्भमा सरकारको पूर्वतयारीको आवश्यकता टड्कारो देखियो।

सुझाव

१. सङ्क्रमणकालीन न्यायिक प्रकृयामा देखिएको अलमल, ढिलासुस्ती अन्त्य गरी विश्वासयोग्य आयोग प्रकृया तत्काल आरम्भ गर्नु पर्छ।
२. मानव अधिकार राष्ट्रिय कार्ययोजना र दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय, प्रादेशिक र सङ्घीय सरकार नेतृत्व तथा नागरिक सङ्गठनहरूको संलग्नतामा भरपर्दो, पारदर्शी, सहभागितामूलक र जवाफदेही कार्ययोजना बनाइ लागु गर्नु पर्छ।
३. कानुनी शासनलाई मजबुत बनाउन फौजदारी मुद्दाको अनुसन्धानका लागि भरपर्दो अनुसन्धान पद्धति विकास गरिनु पर्छ।
४. महिला तथा बालकालिकामाथि हुने हिंसा न्यूनीकरणका लागि प्रभावकारी कानुनी व्यवस्था लागु गर्नु पर्छ।
५. स्वतन्त्र न्यायपालिकाको अस्मिता जोगाउँदै अदालती आदेश कार्यान्वयन गर्न/गराउन सरकार जवाफदेही बन्नुपर्छ।
६. प्राकृतिक प्रकोपका पीडितको पुनर्स्थापना गर्ने कार्य तदारुकताका साथ अघि बढाउनु पर्छ।
७. शिक्षा, स्वास्थ्य जस्ता मौलिक हकको प्रभावकारी कार्यान्वयनका लागि कार्य गर्नु पर्छ।
८. सडक दुर्घटनाका कारण हुने क्षति न्यूनीकरण गर्न आवश्यक कार्ययोजना बनाइ कार्यारम्भ गर्नु पर्छ।

विजयराज गौतम
कार्यकारी निर्देशक

परिच्छेद २

अनुसन्धान विधि, तथ्याङ्क सङ्कलन तथा विश्लेषण

नेपाल मानव अधिकार वर्ष पुस्तक इन्सेकका ७७ जिल्ला प्रतिनिधिले वर्षभर गर्ने स्थलगत अनुगमनको विधिका माध्यमले प्राथमिक स्रोतबाट सङ्कलित र राज्यका आधिकारिक निकाय वा प्रतिष्ठित सार्वजनिक निकायबाट प्रशोधित सङ्कलित तथ्याङ्कमा आधारित छ। 'यस वर्ष' भन्नाले सन् २०२४ (२०८० पुस १७ गतेदेखि २०८१ पुस १६ गतेसम्म) बुझ्नुपर्छ। केही घटनाको पुष्टि गर्न आवश्यक परेको बाहेक यस पुस्तकमा यो अवधिको सीमा नाघ्ने प्रयास भएको छैन। यस पुस्तकमा उल्लेखित स्थलगत अनुगमनको माध्यमबाट सङ्कलित तथ्याङ्कहरूलाई प्रहरी, पीडित, आरोपित, न्यायिक लगायतका क्षेत्रद्वारा पुष्टि गरिएको छ।

सङ्कलित तथ्याङ्कहरूलाई नेपालले अनुमोदन गरेका मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूमध्ये ठूला ६ ओटा महासन्धि नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र १९६६, सबै किसिमका जातीय भेदभाव उन्मुलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५,महिलाविरूद्ध हुने सबै किसिमका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि १९७९, बाल अधिकारसम्बन्धी महासन्धि १९८९ र यातना तथा अन्य क्रुर अपमानजनक व्यवहारविरूद्धको महासन्धि १९८४ का आधारमा १६ शीर्षक/क्षेत्रहरू (domains) विभाजन गरी जिल्लागत तथा प्रदेशगत रूपमा तथ्याङ्क एवम् विवरण प्रस्तुत गरिएको छ। विभिन्न शीर्षक अन्तर्गत न्यूनतम एकदेखि अधिकतम नौओटा सूचकाङ्कको प्रयोग गरी जम्मा ४७ ओटा सूचकाङ्कहरूको बारेमा तथ्याङ्क सङ्कलन गरिएका थिए। मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको तथ्याङ्कलाई राज्यपक्ष र अन्यपक्षबाट भएको भनी छुट्टयाएर प्रस्तुत गरिएको छ। अन्यपक्ष भन्नाले विभिन्न सशस्त्र समूह, अज्ञात पक्ष, राजनीतिक दल, परिवारजन लगायतलाई बुझाउँछ। त्यसको विस्तृत विवरण अनुसूची १ को परिशिष्ट ३-९ मा रहेको तथ्याङ्कमा दिइएको छ।

शीर्षक र सूचकाङ्कहरूको परिभाषा र क्षेत्र

१ /२ बेपत्ता/अपहरण

इच्छाविपरीत कुनै व्यक्ति वा समूहले कसैलाई अज्ञात स्थलतर्फ वा अन्यत्र लग्यो भने बेपत्ता/अपहरण मानिन्छ। राज्यपक्षबाट बलपूर्वक बेपत्ता पारिएकालाई बेपत्ता शीर्षकमा र सङ्गठित समूहबाट राजनीतिक प्रतिशोध, फिरौती वा अन्य कारणबाट अपहरण गरिएको घटनालाई अपहरण शीर्षकमा राखिएको छ। वर्ष पुस्तकमा राज्यपक्षबाट बेपत्ता पारिएका र सङ्गठित समूहबाट राजनीतिक प्रतिशोध वा अन्य कारणबाट अपहरण गरिएकाहरूको विवरण समावेश छ।

३. गिरफ्तारी

गिरफ्तारी शीर्षकअन्तर्गत भेला तथा सङ्गठित हुने अधिकार हनन् भएका घटना अभिलेख छन्। गिरफ्तारी, पुनः गिरफ्तारी तथा गिरफ्तार गरिएका व्यक्तिलाई पुर्जी नदिइने तथा आफन्तलाई भेट्न नदिने जस्ता घटनाका पीडितको सङ्ख्या यस शीर्षकअन्तर्गत अभिलेख गरिएका छन्। गिरफ्तारीको कारण स्पष्ट गर्नुपर्ने कानुनका बाबजुद यसप्रकार घटनाका पीडितलाई सो अनुसारको व्यवहार नगरिएको घटना अभिलेख गरिएका छन्।

४ / ५. धम्की/कुटपिट

कुनै व्यक्तिलाई हात, लाठी, लात, बन्दुकको कुन्दा, खुकुरी, हँसिया, चक्कु, तरवार, भाला लगायतले प्रहार गरी कुटपिट गरेको घटना छ भने कुटपिट शीर्षकअन्तर्गत राखिएको छ। कुनै व्यक्तिलाई आफूले भनेको नमाने, कुनै काम नगरे बापत थुनिदिन्छु, मार्छु, कुट्छु, बेपत्ता पारिदिन्छु भन्दै भयग्रस्त तुल्याउन खोजिएका घटनालाई धम्की शीर्षकमा राखिएको छ। सरकारी निकाय, मानव अधिकार सङ्घसंस्थाहरूमा घटनाबारे लिखित वा मौखिक जानकारी दिइएका घटना यस शीर्षकमा समावेश गरिएका छन्। व्यक्तिगत कुटपिटका घटना भने समावेश गरिएको छैन।

६. घाइते

शारीरिक रूपमा घाइते हुनका लागि कुनै न कुनै घटना कारण बन्छ। शरीरमा घाउचोट लाग्नका लागि घटनास्थल वरिपरी मानिस स्वयम् उपस्थित हुन्छ। बम विष्फोट, गोली लागेर, दोहोरो झडप, कुटपिट लगायतका कारण मानिस घाइते हुन्छन्। यस्ता घटनाको अभिलेख गर्दा पीडित पक्षसँग सम्पर्क गरी सूचना सङ्कलन गर्ने गरिएको छ। यस्ता घटनाका विवरण प्राथमिक स्रोतमा आधारित हुने गर्छन्।

७. बाल अधिकार

बालअधिकार महासन्धि २० नोभेम्बर १९८९ ले १८ वर्षभन्दा कम उमेरका प्रत्येक मानव जातिलाई बालबालिका भनेको छ। सो महासन्धिले बालबालिको संरक्षण, सहभागिता र विकासका लागि विभिन्न व्यवस्थाहरू गरेको छ। महासन्धिले राज्यपक्ष भएका राष्ट्रहरूले बालिबालिका उपर यातना नदिइने, गिरफ्तारी, थुनुवा वा कैद कानुनअनुरूप मात्र हुने व्यवस्था गर्नु पर्नेछ। नेपालको संविधानले पनि १८ वर्षभन्दा मुनिकालाई बालबालिका मानेकाले यो पुस्तकले पनि १८ वर्षमुनिकालाई बालबालिका मानेको छ। नेपालको जनसङ्ख्याको ठूलो हिस्सा बालबालिकाको छ। बालबालिकामाथि विविध किसिमका शोषण विद्यमान छ। शारीरिक रूपमा पनि बालबालिका वयस्क भन्दा कमजोर हुन्छन्। सोच्ने शक्ति पनि क्रमश: विकास हुँदै गरेको अवस्थाले गर्दा ठिकबेठिक छुट्याउन पनि बालबालिकालाई गाह्रो हुन्छ। बलात्कार तथा यौन दुर्व्यवहार, भ्रुणहत्या, बेचबिखन तथा ओसारपसार, बालश्रम, विद्यालयमा शारीरिक दण्डजस्ता घटनालाई यस शीर्षकमा राखिएको छ।

८. अमानवीय व्यवहार

कुनै पनि व्यक्तिलाई यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड दिन नहुने तथा यस्तो क्रियाकलापबाट उनीहरूको अधिकारको संरक्षण र संवर्द्धन गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ। अन्य पक्षबाट व्यक्तिउपर हुने मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूलाई यस शीर्षकमा राखिएको छ।

९. भेला तथा सङ्गठित हुने अधिकार

बिना हातहतियार शान्तिपूर्वक भेला, विरोध प्रदर्शन, सभा, सङ्गठन गर्न राज्यपक्षबाट रोक लगाइएको अवस्थामा यस्ता घटनाको विवरण उल्लेख गर्ने गरिएको छ। त्यसैगरी, सशस्त्र वा निशस्त्र सङ्गठित गैरराज्यपक्षबाट शान्तिपूर्ण रूपमा आयोजित धर्ना वा हडताल, कार्यक्रममा अवरोध पुर्‍याइएको घटना पनि समावेश गरिएको छ। सभा/भेलाहरूमा, अश्रुग्याँस हान्नु/हवाइफायर गर्नु/लाठीचार्जलगायतका अत्याधिक बल प्रयोग भएका घटना समावेश छन्। कुनै पनि समूह, व्यक्ति आदिबाट चुनाव प्रचार प्रसार र मतदान प्रक्रियामा अवरोध खडा गरिएको घटना भए तिनलाई उल्लेख गरिएको छ। सभा, सम्मेलन तथा शान्तिपूर्ण विरोध प्रदर्शनका कार्यक्रममा सहभागी भएकै कारण कसैलाई केही बेरका लागिमात्र पनि गिरफ्तार गरिएका घटना पनि समावेश छन्। यस्ता घटनामा गिरफ्तार गरिएका व्यक्तिहरूलाई गिरफ्तार पूर्जी दिइएको छ कि छैन, बाटोको म्याद बाहेक २४ घण्टाभित्र अदालत वा सम्बन्धित निकाय समक्ष उपस्थित गराएको छ छैन खुलाउने गरिएको छ।

१०. यातना

यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ ले अनुसन्धान वा तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै व्यक्तिलाई यातना दिन नहुने र कसैलाई यातना दिइएको छ भने रिहा भएको ३५ दिनभित्र पीडितपक्षले थुनामा रहेको जिल्ला अदालतमा क्षतिपूर्तिको लागि उजुरी दिन सक्ने व्यवस्था गरेको छ। करेन्ट लगाउने, पिनले घोच्ने, पानीमा डुबाउने, कुटपिट गर्नु, यौन दुर्व्यवहार, सुत्न नदिनु, ४८ घण्टासम्म खाना खान, पानी खान नदिनु आदि नेपालमा प्रचलित यातनाका प्रकार हुन्। यस अन्तर्गतका विवरण समावेश गर्दा यातना दिने अधिकारीको नाम, पद, कार्यालयको नाम नखुलेको अवस्थामा सम्बन्धित कार्यालय प्रमुखको नाम, पीडितलाई कस्तो प्रकारको यातना दिइएको हो त्यो खुलाउने गरिएको छ।

११. कारागारमा मृत्यु

साामान्यतया: कारागार भन्नासाथ असामाजिक व्यक्तिहरूलाई केही समयको लागि बाहिरी संसारबाट अलग गराउने स्थान भन्ने बुझिन्छ। कारागारमा अदालत वा अर्धन्यायिका निकायबाट पठाइएका व्यक्तिहरूलाई राख्ने गरिन्छ। यसरी पठाइने व्यक्तिहरू दुई प्रकारका हुन्छन्। कैदी र थुनुवा। अदालतबाट मुद्दाको अन्तिम टुङ्गो लागेकालाई कैदी भनिन्छ भने

अदालतले पुर्पक्षको लागि पठाएकाहरूलाई थुनुवा भनिन्छ। अदालतबाट तत्काल अभियुक्तलाई धरौटीमा छोड्न नमिल्ने देखिएमा अनुसन्धान एवम् तहकिकातको सन्दर्भमा पुर्पक्षको लागि थुनामा राख्न सकिने व्यवस्था रहेको छ। नेपालका कारागारमा क्षमता भन्दा बढी कैदी बन्दी राखिनुले व्यवस्थापनाम ठूलो समस्या हुने गरेको छ। दीर्घरोग तथा अन्य सामान्य रोगका कारण कारागरामा मृत्यु हुने गरेको घटना अभिलेख गर्ने गरिएको छ। यस्ता घटनाको सूचना कारागार कार्यालयबाट प्राप्त गर्ने गरिन्छ। घटनाको थप पुष्टिका लागि अस्पतालको सहयोग लिने गरिन्छ। कारागार र हिरासतभित्र भएका घटनाका तथ्य/तथ्याङ्कलाई राज्यपक्षका घटनामा समावेश गरिएको छ

१२. हिरासतमा वा थुनामा मृत्यु

नेपालको संविधानले नागरिक स्वतन्त्रता, मौलिक अधिकार र कानुनी राज्यको अवधारणाप्रति प्रतिबद्धता व्यक्त गर्दै नागरिकहरूलाई स्वतन्त्रताको अधिकार, न्यायसम्बन्धी हक र यातना विरुद्धको हकको प्रत्याभूति गरेको छ। संविधानले कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट बञ्चित नगरिने व्यवस्था गरेको छ। कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा नराखिने, पक्राउमा परेका व्यक्तिले पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानुन व्यवसायीसँग सल्लाह लिन पाउने र कानुन व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुने र त्यस्तो व्यक्तिले आफ्नो कानुन व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहने, पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना नदिइने र निजसँग निर्मम, अपमानजनक र अमानवीय व्यवहार नगरिने व्यवस्था मौलिक हकमा उल्लेख छ। तर, कानुनी व्यवस्थाका बाबजुद् नेपालका हिरासतमा मृत्युको घटना हुने गरेको पाइन्छ। यस्ता घटनाको अभिलेख गर्दा पीडित पक्ष, पोष्टमार्टम रिपोर्ट, प्रहरी अधिकारीको भनाइलाई आधार मान्ने गएिको छ।

१३. महिला अधिकार

सरकारी तथा गैरसरकारी संस्थाले महिलामाथि हुने हिंसाका घटनाको न्यूनीकरणका लागि गरेका अनेक प्रयासका बाबजुद नेपालमा महिलामाथि हुने हिंसाका घटनामा कुनै कमी आएको छैन। चाहे त्यो घरेलु हिंसाका नाममा होस् वा बलात्कारका घटना। यसैगरी बोक्सी'को आरोपमा महिलामाथि दुर्व्यवहार हुने क्रम रोकिएको छैन। नेपाल प्रहरीको महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा सयौँको सङ्ख्यामा घरेलु हिंसापीडित महिलाले उजुरी गर्ने गरेका छन्। महिलामाथि घरेलु हिंसा, दाइजोका कारण हत्या, कथित बोक्सीको आरोप, बलात्कार, बलात्कार प्रयास, बेचबिखन तथा ओसार पसारजस्ता घटना हुने गरेका छन्। यस्ता घटनाको अभिलेख गर्दा कतिपय सन्दर्भमा पीडित वा पीडितको परिवारसँग सम्पर्क गर्ने गरिएको छ भने कतिपय घटनामा स्थलगत अनुगमन पनि गर्ने गरिन्छ। घटनाका कानुनी प्रकृयाबारे प्रहरी कार्यालय र अदालतबाट थप सूचना लिने गरिएको छ।

१४. जातीय विभेद

नेपालमा कानुनत: छुवाछुतको अन्त्यको घोषणा भएको ६ दशकभन्दा बढी समय भइसकेको छ। छुवाछुतलाई दण्डनीय फौजदारी अपराधका रूपमा परिभाषित गरी जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन-२०६८ प्रचलनमा छ। नेपालको संविधान, २०७२ ले अझै परिष्कृत रूपमा प्रत्याभूतिसमेत गरेको छ। तथापि कानुन कार्यान्वयन पक्षमा हामी जहाँको तहीँ छौँ। नेपाल मानव अधिकार वर्ष पुस्तकमा राखिएका जातीय छुवाछुतसम्बन्धी तथ्याङ्करू इन्सेक प्रतिनिधिले सङ्कलन गरेका हुन्। यसको पुष्टि र पुर्नपुष्टिका सम्बन्धित प्रहरी कार्यालय तथा न्यायिक निकायको सहयोग लिइएको छ।

१५. आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक तथा सामाजिक अधिकारले मानव जीवनका महत्वपूर्ण तत्व जस्तै मर्यादा, स्वतन्त्रता लगायत स्वास्थ्य, शिक्षा, खाना, पानी, सरसफाइ, आवास, सामाजिक सुरक्षा, स्वच्छ वातावरण तथा सांस्कृतिक तत्वहरूलाई समाविष्ट गर्दछ। यी अधिकारहरूलाई आर्थिक तथा सामाजिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धपत्रले मानव अधिकारकै मान्यता प्रदान गरेको छ। आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारका तथ्याङ्क तथा विवरणहरू प्राथमिक स्रोतहरूमा आधारित छन्। कतिपय सन्दर्भमा जिल्ल प्रहरी कार्यालयबाट विवरण रुजु गर्ने गरिएको छ। विस्थापन, संरचना/सम्पत्ति क्षति भएका घटनाहरूलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार शीर्षकअन्तर्गत समावेश गरिएको छ।

१६. हत्या

जीवनको अधिकार सामान्यतया बाँच्न पाउने अधिकार हो भन्ने बुझिन्छ। राज्य, राज्यका निकाय वा प्रतिनिधि वा राज्यसरह नै सशक्त रहेको विपक्षी वा हेग कन्भेन्सनमा उल्लेख भएबमोजिमका उच्च करार पक्ष रहेका सशस्त्र समूह, कुनै सङ्गठित समूह आदिबाट भएका हत्याका घटनाहरू यस शीर्षकअन्तर्गत समेट्ने गरिएको छ। परिवार, आफन्त र नातासम्बन्धका व्यक्तिले गरेका हत्यालाई यस पुस्तकमा पारिवारिक (परिवारजनबाट) हत्या शीर्षकमा समेटिएको छ। नागरिकको जीवनको रक्षा गर्ने दायित्व राज्यको हुने भएकोले राज्यबाट सुरक्षा हुन नसकेको अवस्थामा व्यक्तिबाट भएका हत्याको तथ्याङ्क वर्षपुस्तकमा समेट्ने गरिएको छ। सार्वजनिक व्यक्तित्व, मानव अधिकार रक्षक, मानव अधिकारका दृष्टिले सार्वजनिक सरोकार राख्ने कुनै घटना वा घटनासँग सम्बन्धित व्यक्तिमाथि कुनै समूह वा व्यक्तिबाट भएको आक्रमण, कुटपिट वा हत्यालाई भने समावेश गर्ने गरिएको छ।

मानव अधिकारमध्ये सबैभन्दा ठूलो अधिकार बाँच्न पाउने अधिकार हो।

खासगरी हत्याका अपराधका सबै घटनालाई मानव अधिकार उल्लङ्घनका रूपमा समेटिएको छैन्। त्यस्ता घटनाहरूका सन्दर्भमा राज्यका निकायहरूले विधिसम्मत रूपमा कुनै भेदभाव विना कारबाही अघि बढाएको अवस्थामा पीडितको हक संरक्षण भएको हुन्छ। त्यस प्रकृतिको घटनालाई मानव अधिकार उल्लङ्घनको तथ्याङ्कमा समावेश गरिएको छैन। तर नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय अनुबन्धको धारा २ (३) ले सुनिश्चित गरेझैं कुनै पनि अपराधबाट पीडित व्यक्तिको बाँच्न पाउने अधिकार र अन्य स्वतन्त्रता उल्लङ्घन विरुद्धको प्रभावकारी उपचारको हक उल्लङ्घनको अवस्थालाई भने मानव अधिकार उल्लङ्घनका रूपमा गणना गरिएको छ। यसरी कुनै पनि व्यक्तिको सक्षम न्यायिक प्रशासनिक वा व्यवस्थापकीय अधिकारी वा राष्ट्रका कानुनी प्रणालीबाट व्यवस्था गरिएका अन्य कुनै सक्षम अधिकारीद्वारा निर्धारित गरिपाउने न्यायको हक सुनिश्चित नभएको अवस्थालाई मानव अधिकार उल्लङ्घनका रूपमा समावेश गरिएको छ। यस सन्दर्भमा नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी महासन्धिको सोही धारामा सुनिश्चित गरिएको व्यक्तिको जाति, वर्ण, भाषा, धर्म, राजनीतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, जन्म वा आर्थिक लगायत अन्य हैसियतका आधारमा कुनै पनि प्रकारको भेदभावविरुद्धको हक प्रभावित भएको वा हुनसक्ने अवस्थाको परीक्षण गरिएको छ। नेपालको संविधानको धारा २१ ले प्रत्याभूत गरेको अपराध पीडितको हक प्रभावित हुन सक्ने आर्थिक, सामाजिक अवस्था वा पीडितको भूगोल र राजनीतिक पहुँचको अवस्थालाई पनि मानव अधिकार उल्लङ्घनको परिभाषाको आधार बनाइएको छ। नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी महासन्धिको भावना अनुरूप, खासगरी व्यक्तिको सुगम तथा निष्पक्ष सुनुवाइको अधिकार सुनिश्चित गर्ने फौजदारी न्यायिक प्रकृया विधिसम्मत ढङ्गले अघि बढेको स्पष्ट र सुनिश्चित नभएसम्म मानव अधिकारको संरक्षण हुन सक्दैन भन्ने मान्यताका आधारमा घटनाहरूको अनुगमन गरिएको छ। देशव्यापी अनुगमनबाट सङ्कलित घटनाहरूको छनौट गर्दा नेपालको संविधानको धारा २१ (१) ले सुनिश्चित गरेको अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने हकलाई आधार मानिएको छ। साथै, धारा २१ (२) ले प्रत्याभूत गरेको अपराध पीडितलाई कानुन बमोजिम सामाजिक पुन:स्थापना र परिपूरण सहितको न्याय पाउने हकलाई अर्को महत्त्वपूर्ण आधार मानिएको छ। जिल्लामा मानव अधिकारका दृष्टिले सबैभन्दा बढी खड्किएको विषयलाई उठान गर्ने जमर्को गरिएको छ ताकि सरोकारवालाको त्यसमा ध्यान पुगोस्।

तथ्याङ्कका स्रोतहरू

सामान्यत: व्यक्तिगत हत्याका घटनालाई विवरणमा नदिई तथ्याङ्कमा मात्र समावेश गरिएको छ। तर, परिवारजनबाट महिला, बालबालिका, ज्येष्ठ नागरिक मारिएका भए सो घटना र घटनाको अवस्थालाई समावेश गरिएको छ।

पुर्पक्षका लागि थुनामा पठाइएको भन्नुको मतलव मुद्दा जारी छ भन्ने हो। तारिखमा वा धरौटीमा रिहा गरिएको भन्नुको मतलब पनि मुद्दा टुङ्गिएको छैन भन्ने हो। जिल्ला अदालतबाट फैसला भएका मुद्दाको अवस्था चित्रणले प्रतिवादीको पुनरावेदन न्यायिक अधिकार बाँकी नरहेको भन्ने अर्थ लाग्दैन।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकारअन्तर्गतका तथ्याङ्क तत्काल घटनास्थलमा गिरफ्तार गरिएका र सामान्य चोटपटक लागेका पीडितहरूको मात्र तथ्याङ्क हो।

न्यायिक/अर्धन्यायिक निकाय, सञ्चारमाध्यम, प्रत्यक्षदर्शी आदिबाट प्राप्त सूचनालाई पुष्टि भएपछिमात्र उल्लेख गरिएको छ। इन्सेकको जानकारीमा आएका तर, पुष्टि नभएका जानकारी तथा विवरणहरू समावेश गरिएको छैन।

कारागारका बन्दी र कैदीको सङ्ख्या यो वर्षको अन्तिम (२०८० पुस दोस्रो साता) सम्मको हो।

शिक्षा, स्वास्थ्य, न्यायालय, बन्दी र कैदीसम्बन्धी तथ्याङ्कहरू जिल्लास्थित सम्बन्धित कार्यालयबाट लिइएका हुन्। जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रबाट घरेलु हिंसाको तथ्याङ्क लिइएको छ। पुस्तकमा समावेश गरिएका आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार र न्यायपालिका, कार्यपालिका र व्यवस्थापिका आलेखहरू तयार पार्दा समूह छलफल, व्यक्ति केन्द्रित अन्तरवार्ता तथा विभिन्न माध्यममा प्रकाशित सामग्री उपयोग गरिएको छ।

यस पुस्तकमा राष्टिय तथ्याङ्क कार्यालयको प्रतिवेदन, स्थानीय न्यायिक, अर्धन्यायिक, प्रशासनिक, सञ्चार र सुरक्षासम्बन्धी निकायहरूसँग गरिएको कुराकानी र प्रतिवेदन तथा विज्ञप्तिहरू, सन् १९९२ देखि सन् २०२३ सम्मका नेपाल मानव अधिकार वर्ष पुस्तकहरू, शिक्षासम्बन्धी तथ्याङ्कहरू जिल्ला समन्यव एकाइ तथा जिल्ला स्वास्थ्य कार्यालयबाट तथ्याङ्कहरू लिइएको छ। कारागारका तथ्याङ्क सम्बन्धित कारागार प्रशासनबाट लिइएको हो। सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जिल्लाको नक्सा लिइएको हो।

मात्रात्मक तथ्याङ्कहरूबाट मात्र घटनाको प्रकृति थाहा नहुने हुँदा कतिपय प्रतिनिधिमूलक घटनाहरूको घटना विवरण पनि प्रस्तुत गरिएको छ। जसलाई गुणात्मक तथ्याङ्क भनिएको छ। मात्रात्मक र गुणात्मक तथ्याङ्कहरूलाई भरपर्दो बनाउन विभिन्न विज्ञ तथा सम्बन्धित पक्षहरूसँग अन्तरर्वार्ता तथा केन्द्रीकृत छलफलजस्ता विधिहरू अपनाइएका छन्।

तथ्याङ्कहरूको विश्लेषण

प्राप्त तथ्याङ्क र तथ्यको विश्लेषण र प्रस्तुति नेपालको संविधान, कानुन, मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धिहरू, नागरिक समाजको अभियान र सरकारी नीति तथा निर्णयको जबाफदेहिताको आधारमा गरिएको छ। सङ्कलित मात्रात्मक तथा गुणात्मक तथ्याङ्कहरूलाई वर्णनात्मक शैलीमा प्रस्तुत गरी नेपालको सातै प्रदेश र ७७ जिल्लाहरूको वर्षभरिको मानवअधिकार अवस्थाको चित्रण गरिएको छ। मात्रात्मक तथ्याङ्कहरूलाई तालिका तथा चित्रहरूको माध्यमबाट देखाइएका छन्। साथै, नागरिक तथा राजनीतिक अधिकारहरू र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको अवस्थाको सरकारको सम्मान, संरक्षण र प्रवर्द्धन तथा परिपूर्तिको दायित्वको अवस्थासँग दाँजेर लेखाजोखा गरिएको छ।

देशका सात ओटा प्रदेशहरूको मानव अधिकार उल्लङ्घनको तुलनात्मक अवस्थालाई इङ्गित गर्नको लागि यस वर्ष सङ्कलित तथ्याङ्कको आधारमा मानव अधिकार उल्लङ्घन सूचकाङ्क पनि प्रस्तुत गरिएको छ। यसबारेको विधि र प्रकृया सम्बन्धित खण्डमा नै दिइएको छ।

अनुसन्धान आचारको परिपालना

तथ्याङ्क सङ्कलन, प्रशोधन तथा प्रकाशन गर्दा अनुसन्धान आचारका सिद्धान्तहरू, जस्तैः सुसूचित सहमति, स्वेच्छिक सहभागिता, आदर/सम्मान, गोपनीयता, प्रतिलिपी अधिकारको पूर्णरूपले पालना गरिएका छन्। सुसूचित सहमति अन्तर्गत जानकारीहरू सङ्कलन गर्दा जानकारीहरू सङ्कलन गर्नको उद्देश्यका बारेमा सम्बन्धित व्यक्ति तथा निकायका प्रतिनिधिहरूलाई यथेष्ट जानकारी दिई उहाँहरूको सहमति लिइएको छ। जानकारी सङ्कलन गर्दा कसैको आत्मसम्मानमा चोट नपुगोस् भनी विनम्रतापूर्वक अनुरोध गर्ने, भेटघाटको लागि पूर्व स्वीकृति लिने, पत्राचार गरी भेटघाट गर्न जाने आदि कुराहरूको पूर्णरूपमा पालना गरिएको छ। बलात्कार, यौन दुर्व्यवहार, बलात्कार प्रयास, घरेलु हिंसाजस्ता घटनाबाट पीडित बालबालिका र महिलाहरूका नाम र ठेगाना गोप्य राख्नुपर्ने भएकाले प्रतिवेदनमा उल्लेख गरिएको छैन। उनीहरूको विवरणहरू वितरण गर्दा पनि पीडित नचिनियुन् भन्नेतर्फ सतर्कता अपनाइएको छ। प्रतिवेदन तयार गर्दा उद्धरण गरिएका सामग्रीहरूमा American Psychological Association-Publication Manual of the American Psychological Association (2020) अनुसार सन्दर्भ सामग्रीहरूको उल्लेख गरी तिनीहरूको सूची पनि प्रस्तुत गरिएको छ।

सीमितता

यस पुस्तकमा नेपालको सबै भूभागमा यो वर्ष भएका मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई समेटिएको छ। तथापि तुलनात्मक अध्ययनको लागि विगत वर्षहरूका तथ्याङ्कहरू पनि प्रस्तुत गरिएका छन्। इन्सेक प्रतिनिधिको जानकारीमा आएका र पुष्टि भएका मानव अधिकार उल्लङ्घनका घटनाहरू मात्र यस प्रतिवेदनमा समावेश गरिएको छ। कतिपय घरभित्र नै भएका र सामाजिक इज्जतमा खलल पुऱ्याउने डरले मानव अधिकार उल्लङ्घनका घटनाहरू पीडित पक्षले सार्वजनिक गर्न वा सम्बन्धित निकायमा मुद्दा दर्ता पनि गर्न नचाहने प्रवृत्तिले गर्दा इन्सेकका प्रतिनिधिहरूले यस्ता घटनाहरूको पूर्ण रूपले जानकारी लिन नसक्ने हुन्छन्। तापनि पीडित पक्षले गम्भीर प्रकृतिका घटनाहरूका विरुद्ध विभिन्न व्यवधानका बाबजुद पनि मुद्दा दर्ता गर्ने या सार्वजनिक गर्ने प्रवृत्ति देखिएको छ। त्यसैले गर्दा यस पुस्तकमा प्रस्तुत तथ्याङ्कहरूले गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूलाई धेरै हदसम्म प्रतिनिधित्व गर्दछ। यस पुस्तकमा प्रस्तुत तथ्याङ्कहरू सङ्कलन तथा प्रशोधन गर्दा नागरिकहरूमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको सार्वजनिकीकरण गर्ने प्रवृत्ति र इन्सेकको ती घटनाहरूमा पहुँच देशभरि नै समान रहेको छ भन्ने मान्यता राखिएको छ। यस पुस्तकमा प्रस्तुत मानव अधिकार उल्लङ्घनसम्बन्धी तथ्याङ्कहरू धेरै मात्रामा शारीरिक उत्पीडनसम्बन्धी तथ्याङ्कहरू भएकोले मानव अधिकार उल्लङ्घन सूचकाङ्क निर्माण गर्दा पनि शारीरिक उत्पीडनसम्बन्धी तथ्याङ्कहरू मात्र समावेश गरिएको छ। साथै सङ्कलित क्षेत्रगत तथ्याङ्कहरूलाई क्षेत्रगत कूल जनसङ्ख्याको आकारले समायोजन गरिएको छैन। सङ्कलित क्षेत्रगत तथ्याङ्कहरूलाई क्षेत्रगत कूल जनसङ्ख्याको आकारले समायोजन गरी तुलनात्मक अध्ययन गर्ने हो भने क्षेत्रगत स्थिति फरक पर्ने हुनसक्छ।

स्वास्थ्य संस्था, विद्यालय, न्यायालय आदिमा दरबन्दीअनुसार कार्यरत भएकालाई भन्दा रिक्त अवस्थालाई जोड दिइएको छ किनकि यस्तो अवस्थाले मानव अधिकार प्राप्तिमा सोझै अवरोध सिर्जना गर्छ। सीमान्तकृत दलित समुदायलाई राज्यले उपलब्ध गराउने छात्रवृत्ति र अपाङ्गता भएका व्यक्तिलाई पढ्ने वातावरण उपलब्ध भए/नभएकोलाई विशेष स्थान दिइएको छ ताकि सेवाग्राही र प्रदायक दुवैलाई यस विषयमा मिलेर जान सहज हुन सकोस्।

राष्ट्रसङ्घको विश्वव्यापी अभ्यासलाई अनुसरण गर्दै न्यूनतम १५ देखि ६० वर्ष उमेर समूहका ९५ प्रतिशत नागरिक साक्षर भएको क्षेत्र, जिल्ला वा राष्ट्रलाई साक्षर घोषणा गर्न सकिने नीति छ। यसै नीति अनुसार कतिपय जिल्ला पूर्ण साक्षर घोषणा भएका छन्। जिल्ला विवरणमा उल्लेख साक्षर घोषणा भएका जिल्लाको तथ्याङ्क राष्ट्रिय जनगणना २०७८ सँग नमिल्न पनि सक्छ।

स्थानीय बोली, भाषा र लय आदिजस्ता कारणले गर्दा कतिपय व्यक्ति र ठाउँको नाममा केही फरक पर्न गएको पनि हुनसक्छ। यस्तो भेटिएको खण्डमा जानकारी दिनु भए हामी मूल अभिलेखमा सच्याउनेछौँ।

पुस्तकमा उल्लेख गरिएका स्थानीय तहका नाममा केही त्रुटि हुन सक्छन्। त्रुटि भएका नामहरूबारे प्रवुद्ध पाठकबाट सुझाव आउने नै छ।

परिच्छेद ३

सन् २०२४ को मानव अधिकार उल्लङ्घन सूचकाङ्क, नेपाल

यस खण्डमा नेपालका सात ओटै प्रदेशहरूमा शारीरिक हिंसाका घटनाहरूसँग सम्बन्धित मानव अधिकार उल्लङ्घन सूचकाङ्क (Human Rights Violence Index - HRVI) प्रस्तुत गरिएको छ। सन् २०२४ मा इन्सेकद्वारा सङ्कलित घटनाको तथ्याङ्कका आधारमा यसको गणना गरिएको हो। यो सूचकाङ्क २०२३ का लागि व्युत्पन्न समान सूचकाङ्कहरूसँग तुलना गरिएको छ। HRV एक मिश्रित सूचकाङ्क हो, जसले मानव अधिकार उल्लङ्घनको सन्दर्भमा नेपालका सात ओटा प्रदेशहरूको सापेक्ष स्थिति पहिचान गर्न मद्दत गर्दछ। विश्वव्यापी रूपमा, मानव अधिकारको सूचकाङ्क तयार गर्न विभिन्न विधिहरू उपलब्ध छन्। उदाहरणका लागि विश्वव्यापी मानव अधिकार सूचकाङ्क (https://huridocs.org/resource-library/human-rights-research-databases/universal-human-rights-index/), मानव अधिकार मापन प्रयास/पहल (https://humanrightsmeasurement.org/), मानव स्वतन्त्रता सूचकाङ्क २०२१ (वास्क्वेज, म्याकमहोन, मर्फी र स्नाइडर, २०२१) र आन्तरिक हिंसा सूचकाङ्क : विकासोन्मुख देशहरूमा आन्तरिक हिंसा र अपराधको समग्र तथा मात्रात्मक उपाय (फेइन्डुनो, गोजोन र वाग्नर, २०१६) हुन। संयुक्त राष्ट्रसङ्घ (२०१२) ले मानव अधिकार सूचकहरूको मापन र कार्यान्वयनका लागि विस्तृत मार्गनिर्देशन गरेको छ।

इन्सेकले तल्लो तहसम्म नियमित अनुगमन गरेर राज्य र अन्य पक्षबाट भएका मानव अधिकार उल्लङ्घन सम्बन्धी घटनाहरू सङ्कलन गर्ने गर्छ। तसर्थ, यस खण्डमा प्रस्तुत गरिएका सूचकाङ्कहरूले मानव अधिकार परिपूर्ति सूचकाङ्क नभएर मानव अधिकार उल्लङ्घन सूचकाङ्कलाई प्रतिनिधित्व गर्दछन्। यहाँ मानव अधिकार उल्लङ्घन सूचकाङ्क निर्माण गर्न फेइन्डुनो, गोजोन र वाग्नर (२०१६) ले प्रयोगमा ल्याएको मानव अधिकार उल्लङ्घन सूचकाङ्कको विधिलाई अनुसरण गरिएको छ, जसले घटनामा आधारित तथ्याङ्क र हिंसाको दर दुवैलाई समेट्छ। सन् २०२४ मा इन्सेकले १४ ओटा शीर्षक/क्षेत्र (Domain) अन्तर्गत ५३ ओटा सूचकहरू निर्धारण गरी मानव अधिकार उल्लङ्घनका तथ्याङ्क सङ्कलन गरेको थियो। यी सूचकहरूमध्ये ठूलो सङ्ख्या (४९ ओटा सूचकहरू) भौतिक प्रकृतिको हिंसा विशेषगरी शारीरिक हिंसाका घटनाहरूसँग सम्बन्धित छन्। जसलाई १२ ओटा विभिन्न क्षेत्रहरूमा सङ्गठित गरिएको छ। ती क्षेत्रहरूमा अपहरण, गिरफ्तारी, कुटपिट, बाल अधिकार, जेलमा मृत्यु, हिरासतमा मृत्यु, अमानवीय व्यवहार, घाइते, हत्या, धम्की, भेला हुने अधिकार र महिला अधिकार रहेका छन्। ४९ ओटा सूचकहरूमध्ये चार ओटा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उल्लङ्घन र जातीय भेदभावसँग सम्बन्धित छन्। यस विश्लेषणमा शारीरिक प्रकृतिको मानव अधिकार उल्लङ्घनका सन्दर्भमा नेपालका सात ओटा प्रदेशको तुलनात्मक स्थिति झल्काउन शारीरिक हिंसाका सूचकहरू मात्र समावेश गरिएको छ। शारीरिक प्रकृतिको मानव अधिकार उल्लङ्घनलाई बुझ्नु महत्वपूर्ण छ किनकि यो मानिसहरूको शारीरिक सुरक्षाको विरुद्धमा छ। त्यसैले सामाजिक-आर्थिक-सांस्कृतिक अधिकारको उल्लङ्घन (अन्तर्जातीय विवाह, छुवाछुत, सम्पत्ति स्वामित्वको अधिकार) सम्बन्धी तीन ओटा सूचकहरूलाई विश्लेषणबाट हटाइएको छ। यसका अतिरिक्त बाल अधिकार क्षेत्र अन्तर्गत सामाजिक-सांस्कृतिक प्रकृतिका एउटा सूचक बालविवाह पनि विश्लेषणमा समेटिएको छैन। यी सूचकहरूका बारेमा सङ्कलित तथ्याङ्कहरू पनि आशा गरिए भन्दा निकै कम भएको देखिन्छ।

माथि उल्लेख गरिएका चार ओटा सूचकहरू हटाएपछि विश्लेषणमा समावेश गरिएका कूल

सूचकहरूको सङ्ख्या ४९ हुन्छ। त्यसैले, घरेलु हिंसाका सन्दर्भमा "पछिल्लो १२ महिनाको अवधिमा आफ्ना यौन साथी (intimate parter) हरूबाट शारीरिक र यौन हिंसा भोगेका १५-४९ वर्ष उमेर समूहका महिलाको प्रतिशत" नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण २०२१ (स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय [MoHP] नेपाल लगायत, २०२३) बाट व्युत्पन्न गरिएको छ। यो तथ्याङ्क पनि शारीरिक प्रकृतिको हिंसा जस्तै शारीरिक र यौन हिंसालाई प्रतिबिम्बित गर्दछ।

विभिन्न शीर्षक अन्तर्गतका सूचकहरूद्वारा अरूलाई शारीरिक रूपमा चोट पुऱ्याउने नियतसहित गरिएका प्रत्यक्ष आक्रमणबाट उत्पन्न अवस्था (कुटपिट, अमानवीय व्यवहार, घाइते, हत्या, विद्यालयमा दिइने शारीरिक सजाय आदि), गिरफ्तारी (अपहरण, गिरफ्तारी, बेचबिखन), यौन आघात (यौन दुर्व्यवहार, बलात्कार, बलात्कार प्रयास), राजनीतिक स्वतन्त्रतामा अवरोध (गिरफ्तारी, लाठीचार्ज, भेला हुने अधिकार), जेलको अवस्था र अपर्याप्त सेवा (जेल तथा हिरासतमा मृत्यु र प्रसूती सेवाको अभावमा मृत्यु) र यस्तै अन्यलाई समेटिएको छन्। घटनाका अभियुक्त राज्य र अन्य पक्ष दुवै हुन सक्छन्।

सूचकाङ्कको संरचना

माथि उल्लेख गरिए अनुसार यो सूचकाङ्क फेइन्डौनो, गौजोन र वाग्नर (२०१६) द्वारा अघि सारिएको विधिलाई अवलम्बन गरी निर्माण गरिएको छ। फेइन्डौना र साथीहरूले सन् २०१२ मा १ सय ३० ओटा विकासोन्मुख देशका लागि आन्तरिक हिंसाका सात ओटा समूहसँग सम्बन्धित विभिन्न सूचकहरू प्रयोग गरी आन्तरिक हिंसाको सूचकाङ्क (IVI) निर्माण गरेका थिए। मानव विकास सूचकाङ्क (Human Development Index- HDI) निर्माणका लागि प्रचलित सूत्र प्रयोग गरी ती सूचकाङ्क निर्माण गरिएको थियो। मानव विकास सूचकाङ्कले विभिन्न इकाइहरूमा प्रस्तुत गरिएका तथ्याङ्कलाई सामान्य र तुलनात्मक बनाउन मानकीय आधार दिन्छ। यो सूत्र जसलाई "न्यूनतम/अधिकतम" विधि भनिन्छ, निम्न अनुसार रहेको छ :

$$\text{Index} = 100 \times \frac{(\text{Variable Value} - \text{Min}}{(\text{Max} - \text{Min})}$$

सूत्रमा प्रयोग चर मान (Variable value) ले सूचकको मूल्यलाई जनाउँछ, जुन घटनाहरूको वास्तविक गणना वा सर्वेक्षणबाट प्राप्त वास्तविक मूल्य हो। 'न्यून' (Min) र 'अधिक' (Max) ले 'न्यूनतम' र 'अधिकतम' मानलाई जनाउँछ। सात ओटा प्रदेशहरूमा अवलोकन गरिएको 'न्यूनतम' र 'उच्चतम' मूल्यलाई प्रतिनिधित्व गर्न 'न्यूनतम' र 'अधिकतम' मान प्रयोग गरिएको छ। सूचकाङ्कको मान न्यूनतम ० देखि अधिकतम १०० सम्म हुनेछ। यदि कुनै चर (चर मान) का लागि अवलोकन गरिएको मूल्य न्यूनतम मान बराबर छ भने सूचकाङ्कको मान ० हुन्छ। अर्कोतर्फ यदि कुनै चर (चर मान) का लागि अवलोकन गरिएको मूल्य अधिकतम मान बराबर छ भने सूचकाङ्कको मान १०० हुन जान्छ। अन्य अवलोकन गरिएका मूल्यहरूका लागि सूचकाङ्कको मान ० र १०० का बीचमा हुन आउँछ ।

सूचकाङ्कको निर्माणमा अर्को चरण भनेको अङ्कभारको प्रयोग गरेर सूचकहरूको मूल्य सम्मिलन गर्नु हो। फेइन्डौनो, गौजोन र वाग्नर (२०१२६) द्वारा निर्धारण गरिएको नियमलाई अनुसरण गर्दै प्रत्येक क्षेत्र (domain) लाई 1/(D×n) को समान अङ्कभार दिइएको छ, जहाँ 'D' भनेको क्षेत्रहरूको सङ्ख्या हो र 'n' भनेको प्रत्येक क्षेत्रमा सूचकहरूको सङ्ख्या हो। यस नियम अनुसार, एकल सूचकका साथ कुनै पनि क्षेत्रको अङ्कभार १/१२ वा १/(१२×१) का रूपमा दिइएको छ। यहाँ एकल सूचक (अपहरण, गिरफ्तार, कुटपिट, जेलमा मृत्यु, हिरासतमा मृत्यु, र धम्की) सहित ६ ओटा क्षेत्र छन्। बाँकी ६ ओटा क्षेत्र (महिला अधिकार, बाल अधिकार, अमानवीय व्यवहार, घाइते, हत्या र भेला हुने अधिकार) मा एकभन्दा बढी सूचक छन्। प्रत्येक क्षेत्रमा तोकिएको अङ्कभार तालिका नं. ३.१ मा दिइएको छ।

नतिजाहरू

अध्ययनको नतिजाले शारीरिक हिंसामा प्रतिबिम्वित हुने मानव अधिकार उल्लङ्घनको समग्र सूचकाङ्क (अङ्क) का आधारमा, सन् २०२४ मा, बागमती प्रदेश शारीरिक मानव अधिकार उल्लङ्घनको ६६.१८ सूचकाङ्क मूल्यसहित सबैभन्दा उच्च स्थानमा रहेको देखाएको छ भने दोस्रो स्थानमा लुम्बिनी प्रदेश

तालिका ३.१ **क्षेत्रगत अङ्कभार**

क्र.सं.	क्षेत्रहरू	सूचकहरूको सङ्ख्या	अङ्कभार	क्र.सं.	क्षेत्रहरू	सूचकहरूको सङ्ख्या	अङ्कभार
१.	महिला अधिकार	१	१/(१२×१४)	२.	बाल अधिकार	९	१/(१२×९)
३.	अपहरण	१	१/१२	४.	कुटपिट	१	१/१२
५.	कारागारमा मृत्यु	१	१/१२	६.	गिरफ्तारी	१	१/१२
७.	हिरासतमा मृत्यु	१	१/१२	८.	अमानवीय व्यवहार	३	१/(१२×३)
९.	घाइते	६	१/(१२×६)	१०.	हत्या	९	१/(१२×९)
११.	भेला हुने अधिकार	२	१/(१२×२)	१२.	धम्की	१	१/१२
	जम्मा					**४९**	

(स्रोत : इन्सेक, २०२४)

४१.८६ सूचकाङ्क मूल्यसहित दोस्रो स्थानमा रहेको देखिन्छ। कर्णाली र गण्डकी प्रदेश क्रमश: १३.१६ र ६.०५ को सबैभन्दा कम सूचकाङ्क मूल्यसहित सबैभन्दा तल्लो स्थानमा छन्। अध्ययनको नतिजाले बाँकी तीन ओटा प्रदेशहरू मधेश सूचकाङ्क मूल्य ३७.१७, कोशी सूचकाङ्क मूल्य ३६.१८ र सुदूरपश्चिम प्रदेश सूचकाङ्क मूल्य १७.६४ सहित मध्यम स्थानमा रहेको देखाएको छ। सन् २०२३ को तुलनामा, बागमती र कोशी प्रदेशको सापेक्ष स्थिति २०२४ मा अपरिवर्तित रहेको छ। २०२३ देखि २०२४ सम्म, मधेश, गण्डकी, र कर्णाली प्रदेशको सापेक्ष स्थिति अलि सुधार भएको छ। यसको विपरीत लुम्बिनी र सुदूरपश्चिमको सापेक्ष स्थिति घटेको छ। विशेष गरी सुदूरपश्चिममा उल्लेखनीय गिरावट आएको छ (सन् २०२३ मा ७ औं स्थानबाट सन् २०२४ मा ५ औं स्थानमा)।

चित्र ३.१ **प्रदेशको मानव अधिकार उल्लङ्घन सूचकाङ्क**



(स्रोत : इन्सेक, २०२४)

तालिका ३.२ ले शारीरिक हिंसाको सूचकाङ्कका आधारमा नेपालका सात ओटा प्रदेशहरूको विभिन्न क्षेत्रगत मूल्याङ्कन (सबैभन्दा कमदेखि उच्च श्रेणीसम्म, जसले खराबदेखि राम्रो अवस्थालाई जनाउँछ) प्रस्तुत गर्दछ। यस तालिकाले समग्रमा सबैभन्दा उच्च सूचकाङ्क मान भएको बागमती प्रदेशले सात क्षेत्रमा (महिला अधिकार, बाल अधिकार, कुटपिट, जेलमा मृत्यु, गिरफ्तारी, हिरासतमा मृत्यु र भेला हुने अधिकार) सबैभन्दा कम श्रेणी हासिल गरेको छ भने दुई क्षेत्रमा (अपहरण र अमानवीय व्यवहार) दोस्रो स्थान ओगटेको छ। बागमती प्रदेशले अन्य दुई क्षेत्रमा -हत्या (५ औं) र धम्की (४ औं) का सन्दर्भमा अलिक राम्रो स्थान ओगटेको छ। सन् २०२३ को तुलनात्मक तथ्याङ्कले कुटपिट (५ औं बाट १ औं) र अमानवीय व्यवहार (७ औं बाट २ औं) का सन्दर्भमा यो प्रदेशको श्रेणी २०२४ मा उल्लेखनीय रूपमा घटेको छ। समग्र श्रेणीकरणमा दोस्रो स्थानमा रहेको लुम्बिनी प्रदेशले चार क्षेत्रगत सूचकहरूमा (अपहरण, हिरासतमा मृत्यु, अमानवीय व्यवहार र धम्की) सबैभन्दा कम स्थान ओगटेको छ। सात क्षेत्रगत सूचकहरूमा (महिला अधिकार, बाल अधिकार, जेलमा मृत्यु, गिरफ्तारी, घाइते, हत्या र भेला हुने अधिकार) तेस्रोदेखि चौथो स्थान ओगटेको छ। सन् २०२३ को तुलनामा, यस प्रदेशको श्रेणी कुटपिटको घटनाहरूमा (तेस्रोबाट छैठौं) उल्लेखनीय रूपमा सुधार भएको छ, तर अमानवीय व्यवहार (चौथोबाट पहिलो) र घाइते (सातौंबाट चौथो) का सन्दर्भमा यसको स्थान घटेको छ र अन्य क्षेत्रगत सूचकहरूमा लगभग उस्तै रहेको छ।

मधेश प्रदेश समग्रमा तेस्रो स्थानमा रहेको छ। यो प्रदेश तीन सूचक (अपहरण, हत्या र धम्की) को सन्दर्भमा पहिलो स्थानमा छ। लुम्बिनी प्रदेश जस्तै यो प्रदेश पनि पाँच क्षेत्रगत सूचकहरू (बाल अधिकार, कुटपिट, काराकारमा मृत्यु, अमानवीय व्यवहार र घाइते) को सन्दर्भमा तेस्रो र चौथो स्थानमा पर्छ। सन् २०२३-२४ मा, यो प्रदेशको स्थान आठ क्षेत्रगत सूचकहरूमा लगभग उस्तै रहेको छ। तर कुटपिट

तालिका ३.२ **शारीरिक हिंसाका विभिन्न क्षेत्रमा आधारित औसत स्थान**
(सबैभन्दा कम स्थानले सबैभन्दा खराब अवस्थालाई र सबैभन्दा उच्च स्थानले सबैभन्दा राम्रो अवस्थालाई जनाउँछ)

क्षेत्र	कोशी		मधेश		बागमती		गण्डकी		लुम्बिनी		कर्णाली		सुदूरपश्चिम	
	२०२३	२०२४	२०२३	२०२४	२०२३	२०२४	२०२३	२०२४	२०२३	२०२४	२०२३	२०२४	२०२३	२०२४
महिला अधिकार	४	३	१	२	१	१	४	७	२	४	३	६	४	५
बाल अधिकार	२	२	४	४	१	१	५	६	३	३	७	७	६	५
अपहरण	३	३	१	१	१	२	४	४	२	१	३	४	४	४
कुटपिट	२	२	१	४	५	१	७	५	३	६	४	३	६	७
कारागारमा मृत्यु	२	२	५	३	१	१	५	६	४	४	५	५	३	५
गिरफ्तारी	२	३	३	४	१	१	५	४	४	४	६	४	७	२
हिरासतमा मृत्यु	२	१	१	२	२	१	२	२	१	१	२	२	२	१
अमानवीय व्यवहार	२	४	१	३	७	२	३	६	४	१	६	७	५	५
घाइते	२	१	३	४	१	२	४	६	७	४	५	७	६	५
हत्या	१	२	२	१	३	५	५	७	४	३	६	४	७	६
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	४	३	३	२	१	१	५	४	५	४	२	४	५	४
धम्की	१	२	५	१	१	४	४	५	२	१	१	३	४	५

(स्रोत : इन्सेक, २०२४)

चित्र ३.२ शारीरिक हिंसाको क्षेत्रका आधारमा सात प्रदेशको सूचकाङ्क



(स्रोत : इन्सेक, २०२४)

(पहिलोबाट चौथो) र अमानवीय व्यवहार (पहिलोबाट तेस्रो) मा सुधार देखिएको छ। यसको विपरीत, कारागारमा मृत्युको सन्दर्भमा यस प्रदेशको (पाँचौँबाट तेस्रो) स्थानमा गिरावट आएको छ। त्यस्तै, समग्रमा चौथो स्थानमा रहेको कोशी प्रदेश दश क्षेत्रगत सूचकहरूको सन्दर्भमा दोस्रो वा तेस्रो स्थानमा पर्छ। यो प्रदेश एउटा मात्र सूचक (घाइते) को सन्दर्भमा पहिलो स्थानमा छ र अमानवीय व्यवहारको सन्दर्भमा चौथो स्थानमा छ। अमानवीय व्यवहारमा स्थान सुधार (दोस्रोबाट चौथो) बाहेक, यो प्रदेशको स्थान २०२३-२४ को अवधिमा लगभग उस्तै रहेको छ।

सन् २०२४ मा, समग्रमा पाँचौँ स्थानमा रहेको कर्णाली प्रदेश कुनै पनि सूचकमा पहिलो स्थानमा रहेको देखिँदैन र यो प्रदेश जेलमा मृत्यु सूचकमा दोस्रो स्थानमा छ। यो प्रदेश पाँच ओटा क्षेत्रगत सूचकहरूको सन्दर्भमा चौथोदेखि पाँचौँ स्थानमा रहेको छ भने चार ओटा सूचकहरू (महिला अधिकार, बाल अधिकार, अमानवीय व्यवहार र घाइते) को सन्दर्भमा छैठौँदेखि सातौँ स्थानमा रहेको छ। यो प्रदेशको स्थान अधिकांश क्षेत्रगत सूचकहरूमा लगभग अपरिवर्तित रहेको छ। गिरफ्तारी (छैठौँबाट चौथो) र हत्या (छैठौँबाट चौथो) को सन्दर्भमा कर्णाली प्रदेशको स्थान घटेको देखिन्छ। यसको विपरीत, घाइते (पाँचौँबाट सातौँ), भेला गर्ने अधिकार (दोस्रोबाट चौथो) र धम्की (पहिलोबाट तेस्रो) क्षेत्रगत सूचकहरूको सन्दर्भमा यस प्रदेशको स्थानमा सुधार भएको देखिन्छ।

गण्डकी र सुदूरपश्चिम प्रदेशहरू आठ ओटा क्षेत्रगत सूचकको सन्दर्भमा पाँचौँ वा सोभन्दा माथिल्लो स्थानमा छन्। सुदूरपश्चिम प्रदेश कारागारमा मृत्यु र गिरफ्तारीको सन्दर्भमा पहिलो र दोस्रो स्थानमा छ। कुनै पनि सूचकले गण्डकी प्रदेशलाई पहिलो स्थानमा नराखेको देखिन्छ। तर, यी दुवै प्रदेशहरू कारागारमा मृत्युको सन्दर्भमा दोस्रो स्थानमा आउँछन्। सन् २०२३-२४ को अवधिमा, अधिकांश सूचकको सन्दर्भमा दुवै प्रदेशको स्थानमा थोरै मात्र परिवर्तन भएको देखिन्छ। यद्यपि, सुदूरपश्चिम प्रदेशको स्थान गिरफ्तारीका घटनामा ठूलो गिरावट आएको छ (सातौँबाट दोस्रो स्थानमा) भने जेलमा मृत्युको सन्दर्भमा सामान्य सुधार देखिएको छ (तेस्रोबाट पाँचौँ स्थानमा)। त्यस्तै गण्डकी प्रदेशले अमानवीय व्यवहार (तेस्रोबाट छैठौँ), घाइते (चौथोबाट छैठौँ) र हत्या (पाँचौँबाट सातौँ) सूचकको सन्दर्भमा सामान्य सुधार देखाएको छ। यस प्रदेशको स्थानमा कुटपिट (सातौँबाट पाँचौँ) सम्बन्धि सूचकमा सामान्य गिरावट देखिन्छ।

निष्कर्ष

माथिका विश्लेषणका आधारमा नेपालका सात ओटा प्रदेशहरू शारीरिक मानव अधिकार उल्लङ्घन सूचकाङ्कको सन्दर्भमा उल्लेखनीय रूपमा भिन्न रहेका छन्। बागमती प्रदेश २०२३ र २०२४ दुवै वर्षमा आफ्नो शीर्ष स्थान कायम राख्दै सबैभन्दा उच्च स्थानमा रहेको छ। २०२४ मा लुम्बिनी प्रदेश दोस्रो स्थानमा रहेको छ। यो प्रदेश अघिल्लो वर्षको तेस्रो स्थानबाट तल झरेको देखिन्छ। मधेश र कोशी प्रदेशहरूको सूचकाङ्क मानहरू तेस्रो र चौथो स्थानमा छ। मधेश प्रदेशमा अघिल्लो वर्षको तुलनामा आफ्नो स्थानमा सुधार आएको छ भने कोशी प्रदेशमा सुधार आउन सकेको छैन। सुदूरपश्चिम प्रदेश सन् २०२४ मा मध्यवर्ती स्थानमा रहँदा, यसको सापेक्ष सातौँ स्थानबाट पाँचौँ स्थानमा झरेको छ। यसको विपरीत, कर्णाली र गण्डकी प्रदेश छैटौँ र सातौँ स्थानमा रहँदा अघिल्लो वर्षको तुलनामा शारीरिक मानव अधिकार उल्लङ्घनको सन्दर्भमा सुधार भएको छ।

सात ओटै प्रदेशबीच शारीरिक मानव अधिकार उल्लङ्घन सूचकाङ्कका मानहरू क्षेत्रगत रूपमा तुलना गर्दा, समग्रमा उच्चतम सूचकाङ्क भएको बागमती प्रदेशमा अधिकांश क्षेत्र (महिला अधिकार, बाल अधिकार, कुटपिट, जेलमा मृत्यु, गिरफ्तारी, हिरासतमा मृत्यु, र भेला गर्ने अधिकार) मा सबैभन्दा खराब अवस्था रहेको देखिएको छ। तर, हत्या र धम्कीका क्षेत्रमा यस प्रदेशमा अलिकति सुधार आएको देखिएको छ। सन् २०२३ को तुलनामा, यस प्रदेशमा कुटपिट र अमानवीय व्यवहारका क्षेत्रमा अझ नराम्रो अवस्था देखिएको छ। समग्रमा दोस्रो स्थानमा रहेको लुम्बिनी प्रदेश चार सूचक (अपहरण, हिरासतमा मृत्यु, अमानवीय व्यवहार र धम्की) मा सबैभन्दा तल परेको छ। तर, २०२३ को तुलनामा, यस प्रदेशमा २०२४ मा

कुटपिटका क्षेत्रमा सुधार देखाएको छ। तर, घाइतेका क्षेत्रमा भने सुधार देखिएको छैन। तेस्रो स्थानमा रहेको मधेश प्रदेश अपहरण, हत्या र धम्कीका क्षेत्रमा पनि सुधार भएको छैन। अघिल्लो वर्षको तुलनामा जेलमा मृत्यु र धम्कीका क्षेत्रमा प्रदर्शनमा गिरावट देखाएको छ। र, कुटपिटका क्षेत्रमा सुधार देखाएको छ।

कोशी प्रदेश २०२३ र २०२४ दुवै वर्षमा चौथो स्थानमा रहेको छ। यो प्रदेशमा सबै क्षेत्रगत सूचकमा लगभग उस्तै अवस्था रहेको छ भने गिरफ्तारीमा सुधार भएको देखिन्छ। समग्रमा पाँचौं स्थानमा रहेको सुदूरपश्चिम प्रदेश २०२४ मा सामान्य सुधार भएको देखिएको छ। यस प्रदेशको कारागारमा मृत्युको क्षेत्रमा सुधार आएको छ भने गिरफ्तारीको क्षेत्रमा उल्लेखनीय गिरावट भएको देखिन्छ। समग्रमा छैटौँ स्थानमा रहेको कर्णाली प्रदेश सन् २०२३ र २०२४ दुबै वर्षमा अधिकांश क्षेत्रहरूमा स्थिर रूपमा सुधार भएको छ। २०२४ मा यो प्रदेशमा घाइते, भेला हुने अधिकार र धम्कीका क्षेत्रमा उल्लेखनीय सुधार भएको देखिएको छ भने गिरफ्तारी र हत्यामा भने सुधार हुन सकेको छैन। गण्डकी प्रदेश दुबै वर्षमा सबैभन्दा उच्च स्थानमा रहेको छ। यो प्रदेश लगभग सबै क्षेत्रमा उत्कृष्ट रहेको छ। यस प्रदेशमा अमानवीय व्यवहार, घाइते र हत्या क्षेत्रमा उल्लेखनीय सुधार भएको देखिएको छ भने सन् २०२३ को तुलनामा कुटपिटको क्षेत्रमा गिरावट भएको देखिएको छ।

सीमितता

यो अध्ययन भौतिक तथा शारीरिक प्रकृतिको मानव अधिकार उल्लङ्घनमा मात्र सीमित छ। सामाजिक-आर्थिक-सांस्कृतिक र जातीय विभेद अस्वीकृतिका कारण हुने मानव अधिकार उल्लङ्घनलाई यस विश्लेषणमा समावेश गरिएको छैन। घटनामा आधारित तथ्याङ्कको प्रयोग गर्दा यस विश्लेषणले पीडितहरूले घटनाको उजुरी गर्ने प्रवृत्ति र इन्सेकले ती घटनाहरू प्राप्त गर्ने प्रक्रिया देशभर समान छ भन्ने मान्यता राख्छ। तथ्याङ्क सङ्कलनका क्रममा, पीडितहरूले गम्भीर प्रकृतिका शारीरिक हिंसाका घटनाहरू उजुरी गर्न समस्या देखिएको थियो। बाधाहरू हुँदाहुँदै पनि घटनामा आधारित तथ्याङ्कले गम्भीर प्रकृतिका भौतिक तथा शारीरिक हिंसाको यथार्थ चित्रण गर्न सक्छ भन्ने मानिएको छ। यसका साथै, घटनामा आधारित तथ्याङ्क प्रदेशहरूको जनसङ्ख्या आकारलाई ध्यानमा नराखी प्रयोग गरिएको छ। यदि प्रदेशहरूको जनसङ्ख्या आकारलाई ध्यानमा राखेर विश्लेषण गरिएको भए मानव अधिकार उल्लङ्घन सूचकाङ्कको सन्दर्भमा प्रदेशहरूको सापेक्ष स्थिति परिवर्तन हुन सक्ने सम्भावना छ।

त्रुटि

सन् २०२३ को प्रतिवेदन (पृष्ठ ३३९, अङ्ग्रेजी संस्करण, चित्र ६.१) मा प्रस्तुत गरिएको सूचकाङ्क गणनाको गहन समीक्षापछि सूचकाङ्क मानहरूको गणना प्रक्रियामा त्रुटि पाइएको छ। तर, यो त्रुटिले कोशी र लुम्बिनी प्रदेश बाहेक अरु प्रदेशको स्थानक्रममा कुनै महत्वपूर्ण असर पारेको छैन। यो वर्ष हामीले त्रुटि सच्याएका छौँ। चित्र ६.१ मा सन् २०२३ का लागि संशोधित सूचकाङ्क मानहरू समावेश गरेका छौँ। यो त्रुटिका लागि हामी क्षमाप्रार्थी छौँ। आगामी दिनहरूमा यस्ता त्रुटि नदोहोरिने सुनिश्चित गर्न प्रतिबद्ध छौँ।

सन्दर्भ सामग्री

फेन्डोउनो, एस., गौजोन, एम., र वाग्नर, एल. (२०१६)। *आन्तरिक हिंसाको सूचकाङ्क: विकासशील देशहरूमा आन्तरिक हिंसा र अपराधको संयुक्त र परिमाणात्मक मापन* (विकास नीतिहरू कार्यपत्र १५१)। Fondation pour les études et recherches sur le développement international। https://ferdi.fr/dl/df-KXn41oHpgzqBAJvmiboiGe8A/ferdi-p151-internal-violence-index-a-composite-and-quantitative-measure-of.pdf

वास्क्वेज, आई., म्याकमाहोन, एफ., मर्फी, आर., र श्नाइडर, जी. एस. (२०२१)। मानव स्वतन्त्रता सूचकांक २०२१: व्यक्तिगत, नागरिक, र आर्थिक स्वतन्त्रताको विश्वव्यापी मापन। Cato Institute & Fraser Institute। https://www.fraserinstitute.org/sites/default/files/human-freedom-index-2021.pdf

परिशिष्ट १ नेपाल– घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	मानव अधिकार उल्लङ्घन राज्यपक्षबाट			मानव अधिकार ज्यादती अन्यपक्षबाट			कूल जम्मा
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	
अपहरण				१४	८	२२	२२
गिरफ्तारी	३	३४	३७				३७
कुटपिट	१०	३७	४७	६५	१५६	२२१	२६८
घाइते							
बम विष्फोटबाट					७	७	७
दोहोरो भडपमा घाइते	६	३७	४३		३९	३९	८२
कुटपिटबाट	१६	४३	५९	७	९४	१०१	१६०
गोली लागेर		६	६	१	४	५	११
आगो लगाएर					२	२	२
धारिलो हतियारबाट	२	९	११	१४	२७	४१	५२
जम्मा	२४	९५	११९	२२	१७३	१९५	३१४
बाल अधिकार							
बेचबिखन तथा ओसारपसार				४९	१५	६४	६४
बालविवाह				३६	४	४०	४०
बलात्कार	२		२	९३४		९३४	९३६
हाडनाता करणी				६३		६३	६३
सामूहिक बलात्कार				४९		४९	४९
साइबर अपराध				२०३		२०३	२०३
विद्यालयमा दिइने शारीरिक सजाय				८	१८	२६	२६
नवजात शिशुको हत्या				४	४	८	८
बलात्कारपछि हत्या				१		१	१
यौन दुर्व्यवहार				३५५	१३	३६८	३६८
जम्मा	२		२	१७०२	५४	१७५६	१७५८
अमानवीय व्यवहार							
जुत्ताको माला लगाइदिएको		३	३				३
अनुहारमा मोसो दलेको				१	८	९	९
अन्य	१	८	९	३१	८३	११४	१२३
जम्मा	१	११	१२	३२	९१	१२३	१३५
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार							
लाठी चार्ज	२	४	६				६
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	६४	९२	१५६	३	७	१०	१६६
जम्मा	६६	९६	१६२	३	७	१०	१७२
धम्की		७	७	१९	२६	४५	५२
कारागारमा मृत्यु	४	५६	६०				६०
हिरासतमा मृत्यु		५	५				५

घटनाको प्रकार	मानव अधिकार उल्लङ्घन राज्यपक्षबाट			मानव अधिकार ज्यादती अन्यपक्षबाट			कुल जम्मा
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	
महिला अधिकार							
बेचबिखन तथा ओसारपसार प्रयास				२२		२२	२२
बेचबिखन तथा ओसारपसार				६०		६०	६०
'बोक्सी'को आरोप				२९		२९	२९
बलात्कार				६६४		६६४	६६४
हाडनाता करणी				२३		२३	२३
वैवाहिक बलात्कार				२३		२३	२३
सामूहिक बलात्कार				२५		२५	२५
बलात्कार प्रयास				१४४		१४४	१४४
घरेलु हिंसा				५८७६		५८७६	५८७६
यौन दुर्व्यवहार	१		१	३१		३१	३२
साइबर अपराध				३६६		३६६	३६६
दाइजोजनित हिंसा				२१२		२१२	२१२
बलात्कारपछि हत्या				७		७	७
परिवारजनबाट हत्या				१००		१००	१००
जम्मा	१		१	७५८२		७५८२	७५८३
सबै प्रकारका जातीय विभेद							
जातीय छुवाछुत				८	१२	२०	२०
सार्वजनिक स्थलमा प्रवेशबाट वञ्चित		१	१	५	९	१४	१५
जम्मा		१	१	१३	२१	३४	३५
आर्थिक,सामाजिक तथा सांस्कृतिक अधिकार							
जागिरबाट निष्कासन				१६		१६	१६
सम्पत्तिको अधिकार	३	१	४	३	४	७	११
जम्मा	३	१	४	१९	४	२३	२७
हत्या							
कुटपिटबाट				६१	१०८	१६९	१६९
आगो लगाएर				१		१	१
बम विस्फोटबाट				१	१	२	२
विष खुवाएर				४	१	५	५
गोली प्रहारबाट		१	१	१	३	४	५
धारिलो हतियार प्रहारबाट				३२	४३	७५	७५
झडपमा				१	५	६	६
आफैले चलाएको गोलीबाट					१	१	१
हत्याको प्रकृति नखुलेको					२	२	२
जम्मा		१	१	१०१	१६४	२६५	२६६
कूल जम्मा	११४	३४४	४५८	९५७२	७०४	१०२७६	१०७३४

परिशिष्ट २ पेसागत आधारमा पीडित सङ्ख्या

पेसा	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
राजनीतिक कार्यकर्ता	१४	९०	१०४	४	१२	१६
सामाजिक कार्यकर्ता	१	३	४	२४	९	३३
स्वास्थ्यकर्मी				२४	६	३०
सुरक्षाकर्मी	२	१९	२१	१९	११७	१३६
कानुन व्यवसायी				१	१	१
मानव अधिकारकर्मी	१४	११	२५	६	१	७
मजदुर	४	१५	१९	२१३	४७	२६०
नाबालक		१	१	३६	९	४५
इन्जिनियर				१	३	४
जागिरे/कर्मचारी		४	४	२७८	३१	३०९
पत्रकार	१	११	१२	७	३५	४२
विद्यार्थी	१०	२२	३२	१४४९	९३	१५४२
शिक्षक		१	१	३८	१७	५५
उद्योग व्यवसायी	१२	३०	४२	१६१	८४	२४५
कृषक	२८	७१	९९	३९९७	२३४	४२३१
गृहिणी	२४		२४	३२३३		३२३३
कैदीबन्दी	४	५६	६०			
नखुलेको		१०	१०	८२	५	८७
जम्मा	११४	३४४	४५८	९५७२	७०४	१०२७६

परिशिष्ट ३ कोशी प्रदेश : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		२	२			
घाइते	३	१८	२१	८	४६	५४
बाल अधिकार				३४४	८	३५२
कुटपिट	१	३	४	२२	३३	५५
अपहरण				२	१	३
महिला अधिकार				११४०		११४०
धम्की		४	४		६	६
जातीय विभेद				३	४	७
हत्या				२९	४०	६९
हिरासतमा मृत्यु		१	१			
कारागारमा मृत्यु		५	५			
भेला, अभिव्यक्ति तथा सङ्गठित हुने अधिकार		४	४			
अमानवीय व्यवहार				४	४	८
जम्मा	४	३७	४१	१५५२	१४२	१६९४

परिशिष्ट ४ मधेस प्रदेश : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	५	२२	२७	३	५४	५७
बाल अधिकार				१६२	१८	१८०
अमानवीय व्यवहार		६	६	१	२	३
अपहरण				६	१	७
महिला अधिकार				१९६३		१९६३
कुटपिट		५	५	११	२२	३३
धम्की		२	२	६	४	१०
कारागारमा मृत्यु		३	३			
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	६		६			
हत्या		१	१	११	२१	३२
जातीय विभेद				३	२	५
जम्मा	११	३९	५०	२१६६	१२४	२२९०

परिशिष्ट ५ बागमती प्रदेश : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण					५	५
बाल अधिकार				५४४	१३	५५७
गिरफ्तारी	३	२६	२९			
कुटपिट	७	२३	३०	१२	३३	४५
महिला अधिकार				१०७७		१०७७
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	६०	९२	१५२	३	७	१०
कारागारमा मृत्यु	४	४५	४९			
जातीय विभेद				१	२	३
हिरासतमा मृत्यु		१	१			
घाइते	१२	३७	४९	२	१५	१७
धम्की		१	१	१	३	४
अमानवीय व्यवहार	१	१	२	१६	४२	५८
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार				१८		१८
हत्या				२०	५०	७०
जम्मा	८७	२२६	३१३	१६९४	१७०	१८६४

परिशिष्ट ६ गण्डकी प्रदेश : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते	१	२७	२८
बाल अधिकार	१२७	४	१३१
अमानवीय व्यवहार	३	१५	१८
जातीय विभेद		३	३
महिला अधिकार	२७९		२७९
धम्की	३		३
हत्या	९	११	२०
कुटपिट	७	१५	२२
जम्मा	४२९	७५	५०४

परिशिष्ट ७ लुम्बिनी प्रदेश : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	४	१८	२२	५	५	१०
बाल अधिकार	२		२	३२६	५	३३१
अमानवीय व्यवहार		२	२	७	२५	३२
धम्की				६	६	१२
अपहरण				६	१	७
महिला अधिकार				१७९१		१७९१
कारागारमा मृत्यु		१	१			
जातीय विभेद				१	१	२
कुटपिट		२	२	४	११	१५
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार					२	२
हिरासत वा थुनामा मृत्यु		२	२			
हत्या				१६	२२	३८
जम्मा	६	२५	३१	२१६२	७८	२२४०

परिशिष्ट ८ कर्णाली प्रदेश : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				३	१५	१८
बाल अधिकार				९७	३	१००
अमानवीय व्यवहार		१	१	१	१	२
धम्की				२	५	७
महिला अधिकार	१		१	३८५		३८५
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार	३	१	४	१	२	३
जातीय विभेद		१	१	४	७	११
कारागारमा मृत्यु		१	१			
कुटपिट	१	३	४	९	३४	४३
हत्या				१३	१४	२७
जम्मा	५	७	१२	५१५	८१	५९६

परिशिष्ट ९ सुदूरपश्चिम प्रदेश : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					११	११
बाल अधिकार				१०२	३	१०५
धम्की				१	२	३
अमानवीय व्यवहार		१	१		२	२
महिला अधिकार				९४७		९४७
कारागारमा मृत्यु		१	१			
जातीय विभेद				१	२	३
कुटपिट	१	१	२		८	८
हिरासतमा मृत्यु		१	१			
हत्या				३	६	९
गिरफ्तारी		६	६			
जम्मा	१	१०	११	१०५४	३४	१०८८

परिशिष्ट १० जातजातिका आधारमा पीडित सङ्ख्या

जातजाति	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
सन्यासी	१	३	४	५		५
ब्राम्हण	१९	५५	७४	८३३	११७	९५०
यादव	२	३३	३५	४९६	४४	५४०
दलित	१२	२७	३९	१८२५	१०६	१९३१
आदिवासी	५	२१	२६	१८२	२६	२०८
मण्डल	६	६	१२	१७६	६	१८२
क्षेत्री	२४	७८	१०२	१७२१	१२६	१८४७
जनजाति	२९	५७	८६	२९११	१९८	३१०९
मुस्लिम	४	१३	१७	६२९	१३	६४२
कोइरी	१	५	६	१५९	१०	१६९
तेली	५	१९	२४	३२७	२८	३५५
वैश्य		३	३	३८	८	४६
बानिया				१६	२	१८
कायस्थ	१	५	६	१८		१८
नेवार	३	१६	१९	९२	१२	१०४
गोडिया	१		१	१५	१	१६
नखुलेको	१	३	४	१२९	७	१३६
जम्मा	११४	३४४	४५८	९५७२	७०४	१०२७६

परिशिष्ट ११ **भौतिक संरचनामा क्षति**

घटनाको प्रकार	जम्मा
क्याम्पस	१
सरकारी सवारी साधान	८
सरकारी कार्यालय	६
विद्यालय	२
टावरमा क्षति	१
निजी सवारीसाधन	५
नगरपालिका भवन	३
स्वास्थ्य चौकी	५
जम्मा	३१

परिशिष्ट १२ **अपाङ्गता भएका पीडित सङ्ख्या**

घटनाको प्रकार	जम्मा
गिरफ्तारी	५
कुटपिट	२
बाल अधिकार	२४
घाइते	६
हत्या	३
जातीय विभेद	१
महिला अधिकार	६५
जम्मा	१०६

परिशिष्ट १३ सन् २०२४ मा पीडित भएका ६५ वर्ष माथिका ज्येष्ठ नागरिकहरूको सङ्ख्या

जातजाति	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण				१		१
कुटपिट				४	१२	१६
कारागारमा मृत्यु		१२	१२			
अमानवीय व्यवहार				१	२	३
घाइते		१	१	३	२	५
हत्या				१६	२८	४४
जातीय विभेद					२	२
धम्की				१	१	२
महिला अधिकार				११८		११८
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	१	३	४			
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार	१		१	१	३	४
जम्मा	२	१६	१८	१४५	५०	१९५

परिशिष्ट १४ सन् २०२४ मा कारागारमा रहेका कैदी बन्दीहरूको सङ्ख्या

प्रदेश	क्रसं	जिल्ला	कारागारको क्षमता	कारागारमा रहेकाहरूको सङ्ख्या			आश्रित बालबालिका
				जम्मा	पुरुष	महिला	
कोशी	१	ताप्लेजुङ	२५	१५९	१५९		
	२	सङ्खुवासभा	२५	१३२	१२४	८	१
	३	सोलुखुम्बु	२५	१०७	९६	११	१
	४	ओखलढुङ्गा	३०	८७	७९	८	
	५	खोटाङ	९९	१४६	१४४	२	
	६	भोजपुर	४०	११२	१०६	६	
	७	धनकुटा	५०	१६०	१५४	६	
	८	तेह्रथुम	३५	१०२	९१	११	१
	९	पाँचथर	२५	१४३	१३४	९	१
	१०	इलाम	१२०	२८६	२७५	११	
	११	झापा	७५०	१६६५	१५७०	९५	
	१२	मोरङ	३००	११०३	१००६	९७	५
	१३	सुनसरी	१००६	१७१५	१७१५		
	१४	उदयपुर	६०	२५८	२४९	९	
मधेस	१	सप्तरी	१२५	४६१	४५२	९	
	२	सिरहा	१५०	५२०	४९५	२५	५
	३	महोत्तरी	२००	५३८	५३८		
	४	सर्लाही	२१०	३१४	२९१	२३	५
	५	रौतहट	२००	१३८	१२७	११	
	६	पर्सा	१०००	१३८०	१३१८	६२	
बागमती	१	दोलखा	५१	१७९	१७९		
	२	सिन्धुपाल्चोक	५०	१३९	१३९		
	३	रसुवा	७१	९०	८५	५	
	४	धादिङ	२००	२७७	२६४	१३	
	५	नुवाकोट	१२७०	७५१	७२४	२७	
	६	काठमाडौँ (जगन्नाथदेवल)	१६००	३५००	३०५२	४४८	१०
	७	काठमाडौँ (डिल्लीबजार)	३००	६७६	६७६		
	८	ललितपुर	७००	१३७८	१३७८		
	९	काभ्रेपलाञ्चोक	८५	२७७	२७७		
	१०	रामेछाप	२००	३४०	३२३	१७	
	११	सिन्धुली	२०८	६२७	५६८	५९	१०
	१२	मकवानपुर	१५००	१०६०	१०१२	४८	
	१३	चितवन	२८०	८०१	७५३	४८	३
गण्डकी	१	गोरखा	२०	११०	१००	१०	
	२	मनाङ	५५	९	९		
	३	मुस्ताङ	२५	१०	१०		
	४	म्याग्दी	३२	९६	९१	५	
	५	कास्की	४२०	७६५	७२३	४२	

प्रदेश	क्र.सं.	जिल्ला	कारागारको क्षमता	कारागारमा रहेकाहरूको सङ्ख्या			आश्रित बालबालिका
				जम्मा	पुरुष	महिला	
गण्डकी	६	लमजुङ	३५	१०७	१०३	४	
	७	तनहुँ	१३५	३३५	३००	३५	
	८	स्याङ्जा	६५	१४३	१३७	६	
	९	पर्वत	३५	८९	८६	३	१
	१०	बागलुङ	७५	१६९	१५३	१६	
लुम्बिनी	१	रोल्पा	५०	१२४	११५	९	
	२	प्यूठान	२५	११५	१०९	६	१
	३	गुल्मी	२५	९७	६९	२८	
	४	अर्घाखाँची	१५०	८९	८३	६	
	५	पाल्पा	३२५	२६३	२४६	१७	
	६	नवलपरासी (पश्चिम)	१७५	५५१	४६४	८७	
	७	रुपन्देही	१५०	५७५	५७५		
	८	कपिलवस्तु	३५२	५२३	५२३		
	९	दाङ (घोराही)	१००	४०८	४०८		
	१०	दाङ (तुलसीपुर)	३१५	४९१	४३९	५२	४
	११	बाँके	३३५०	१२०८	१२०८		
	१२	बर्दिया	१५०	४४६	३८७	५९	३
कर्णाली	१	डोल्पा	१५०	२५	२५		
	२	हुम्ला	१२०				
	३	जुम्ला	२००	१२४	११८	६	
	४	कालिकोट	२५	५४	४९	५	
	५	दैलेख	१००	१६३	१४७	१६	१
	६	जाजरकोट	३५	७७	७७		
	७	रुकुम (पश्चिम)	२५	१५६	१४८	८	१
	८	सल्यान	२५	१४४	१२८	१६	३
	९	सुर्खेत	१००	४१६	३७९	३७	२
सुदूरपश्चिम	१	बाजुरा	२५	६८	६८		
	२	बझाङ	२५	६८	६८		
	३	दार्चुला	४०	८५	५४	३१	
	४	बैतडी	२५	९०	७३	१७	
	५	डडेलधुरा	१२५	१३२	१२१	११	१
	६	डोटी	२५	६५	६३	२	
	७	अछाम	७५	६९	६५	४	१
	८	कैलाली	१५०	६२०	५७२	४८	१
	९	कञ्चनपुर	९५	४६९	४४८	२१	
जम्मा			१८५०९	२९१५९	२७४९४	१६६५	६१

सन् २०२४ मा बालसुधार गृहमा रहेकाहरूको सङ्ख्या

प्रदेश	जिल्ला	बालक	बालिका
कोशी	मोरङ	२४४	
मधेश	पर्सा	१२८	
बागमती	मकवानपुर	६६	
	भक्तपुर	२२०	३७

सन् २०२४ मा बालसुधार गृहमा रहेकाहरूको सङ्ख्या

प्रदेश	जिल्ला	बालक	बालिका
गण्डकी	कास्की	११३	
लुम्बिनी	रुपन्देही	१०३	
	बाँके	३८६	
सुदूरपश्चिम	डोटी	६१	
जम्मा		१३२१	३७

परिच्छेद

६

६.१ राज्य र मानव अधिकार

न्यायपालिका

न्यायिक स्वतन्त्रता

न्यायिक जवाफदेहिता

न्याय सम्पादन

न्यायमा पहुँच

जनआस्था

१. परिचय

नेपालमा कानुनी शासन, न्यायको सुनिश्चितता, अधिकारको संरक्षण तथा संवर्द्धन गर्ने दायित्व रहेको न्यायपालिकाको स्वतन्त्रता, न्यायमा नागरिकको समान र निष्पक्ष पहुँच, प्रभावकारी न्याय सम्पादनजस्ता आधारभूत विषयहरूमा सुधारको आवश्यकता महसुस गर्न थालिएको छ। नेपालको संविधान २०७२ कार्यान्वयनको एक दशक र न्यायिक सुधारका प्रयासहरूलाई न्यायपालिकाले योजनाबद्ध रूपमा अगाडि बढाएको दुई दशक पूरा भइसकेको छ। तर, चौथो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको पाँचौ अथवा अन्तिम वर्ष र पाँचौ पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको पहिलो वर्ष न्यायिक स्वतन्त्रता, स्वायत्तता र जवाफदेहिता सुनिश्चित वृद्धि गर्ने सवालमा न्यायालय चुकेको देखिन्छ। यो यथार्थलाई पाँचौ पञ्चवर्षीय रणनीतिक योजना (०८१-०८५), चौथो पञ्चवर्षीय रणनीतिक योजनाको समीक्षा र वार्षिक प्रतिवेदन (०८१/८२) मा न्यायपालिकाले स्वीकार गरेको छ। (सर्वोच्च अदालत, ०८०)

न्यायपालिकाको स्वतन्त्रताको संरक्षण गर्ने दायित्वलाई सरकार, संसद र स्वयम् न्यायपालिकाले पनि यस वर्ष प्रभावकारी रूपमा सम्पादन गर्न सकेनन्। व्यवस्थापकीय र प्राविधिक दुबै कारणले सर्वोच्च अदालतमा मात्र २७ हजार ८ सय ६० मुद्दा विचाराधीन अवस्थामा छन्। (सर्वोच्च अदालत, ०८०) हरेक दिन पेसी तोकिएका आधा भन्दा बढी मुद्दाहरू हेर्न नभ्याइने वा हेर्न नमिल्ने भनी सार्ने गरिएको छ।

सर्वोच्च अदालतको फैसला कार्यान्वयन नगर्ने, फैसलामा एकपछि अर्को पुनरावलोकन माग गर्ने, अदालतका फैसलालाई संसदमा छलफलको विषयबस्तु बनाउने, अदालतमा विचाराधीन विषयलाई संसदीय सुनुवाइको विषयबस्तु बनाई न्यायाधीशका प्रत्याक्षीहरूलाई प्रभावित गर्न खोज्ने प्रवृत्तिको निरन्तरता यस वर्ष पनि भयो। न्यायालयले पनि आफ्नो दायित्व निष्पक्ष रूपमा निर्वाह गर्न नसकी संविधान र कानुनको गम्भीर उल्लङ्घन भएका विवादहरूमा प्रवेश नै गरेन। संवैधानिक इजलासको स्पष्ट अधिकारक्षेत्र भित्र नपर्ने विवादहरूमा अल्झिने, विवादबाट पन्छिने उद्देश्यले संवैधानिक इजलासमा र न्यायाधीशहरूले माथिल्लो इजलासमा सार्ने प्रवृत्तिको निरन्तरता यस वर्ष पनि कायम रह्यो। न्यायाधीश नियुक्ति, न्यायाधीशहरूको आचरणको विषय, फुलकोर्टको निर्णय विरुद्ध तथा अवहेलना मुद्दा र गम्भीर फौजदारी अपराधमा न्यायाधीशको संलग्नताजस्ता विषयले न्यायपालिकालाई विवादित बनायो।

न्याय प्रशासनको स्वतन्त्रता, निष्पक्षता र जवाफदेहिता जस्ता महत्त्वपूर्ण सिद्धान्तहरूको परिपालना गर्न न्यायपालिका चुकेको भए पनि आमनागरिकका हक अधिकारसम्बन्धी विषय समावेश भएका सार्वजनिक सरोकारका विवादहरूमा महत्त्वपूर्ण उदाहरणीय व्याख्या गरी नीति निर्माण गर्न सरकारलाई न्यायपालिकाले स्पष्ट निर्देशन गरेको छ। उदाहरणको लागि विद्यमान कानुनमा थप परिमार्जन गरी समावेशी सिद्धान्तलाई व्यवहारिक कार्यान्वयनमा ल्याउन, जबरजस्तीकरणी मुद्दामा पीडितको बकपत्रका आधारमा मात्र कसुर ठहर नगर्न र जबरजस्तीकरणीको उद्योग भएको अवस्थामा समेत क्षतिपूर्ति भराउन, सङ्क्रमणकालीन न्यायका कामकारबाहीहरू गर्दा सत्य अन्वेषण, न्याय र द्वन्द्व प्रभावित सबै पक्षको परिपूरणको न्यायोचित प्रबन्ध गर्न, बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्न, ज्येष्ठ नागरिकलाई जरिवाना बापत बस्नुपर्ने कैदमा सहुलियत दिन, द्वन्द्वकालको घटनाको पर्याप्त अनुसन्धान गरेर स्पष्ट आधार वा कारण खुलाएर मात्रै उजुरीलाई टुङ्ग्याउने आदि रहेका छन्। यद्यपि निर्देशनहरूको कार्यान्वयनका चुनौती त छँदैछ।

यस आलेखमा न्यायपालिकाको स्वतन्त्रता र जवाफदेहिता र नागरिकको न्यायमा पहुँचको अवस्थाको समीक्षाका साथै न्यायिक प्रणालीमा जनताको विश्वास सुदृढ गर्न आवश्यक तत्वहरू पहिचान गर्ने प्रयास गरिएको छ। यसैगरी, न्यायपालिकाको प्रभावकारिता र विश्वसनीयता बढाउन आवश्यक सुधारको सिफारिस समेत गरिएको छ। सुधारका उपायहरूको विस्तृत सूची उपलब्ध गराउन नसकिएको भए पनि न्यायपालिकालाई समतामूलक, प्रभावकारी बनाउँदै यसको सक्षमता सुनिश्चित गर्न आवश्यक मुख्य तत्वहरू न्यायिक स्वतन्त्रता, न्यायिक जवाफदेहिता र जनविश्वासबारे आलेखमा चर्चा गरिएको छ।

यो आलेख मुख्यतया: दस्तावेजहरूको समीक्षा, लक्षित समूह छलफल र घटनाहरूको समीक्षाजस्ता गुणात्मक विधिको अनुसरण गरी तयार गरिएको छ। लक्षित समूहसँगको छलफलको लागि उद्देश्यमूलक नमुना विधि मार्फत सहभागीहरूको चयन गरिएको थियो । यस आलखेमा ०८० पुस १६ देखि ०८१ पुस १६ गतेसम्म न्यायपालिकाले न्यायिक स्वतन्त्रताको सिद्धान्तको पालनामा खेलेको भूमिका, न्यायिक

जवाफदेहिताको सुनिश्चितता, प्रभावकारी न्याय सम्पादन, न्यायालयप्रति जनआस्था जस्ता विषयमा विस्तृत समीक्षा गरिएको छ।

२. न्यायिक स्वतन्त्रता

संविधान, नागरिक हक अधिकारको संरक्षण र संवर्द्धनमा न्यायपालिकाको विशेष भूमिका रहने हुँदा न्यायिक स्वतन्त्रतालाई आधुनिक संविधानवादको महत्त्वपूर्ण पूर्वसर्त मानिएको हो। न्यायिक स्वतन्त्रता नेपालको संविधानको एक महत्त्वपूर्ण विशेषता हो। नागरिक अधिकारमाथि राज्य पक्षबाट हुनसक्ने अनुचित हस्तक्षेपलाई न्यायालयले नियन्त्रण गर्न सकोस् भन्ने उद्देश्यले संविधानमा सक्षम, स्वतन्त्र र जवाफदेही न्यायिक संरचनाको परिकल्पना गरिएको हो। न्यायपालिकाको लोकतान्त्रिक आवश्यकता भनेको यसको संस्थागत (न्यायपालिका) र व्यक्तिगत (न्यायाधीश) स्वतन्त्रताको पूर्ण कार्यान्वयन र प्रदर्शन गर्नु हो। आफू समक्ष आएको विवादलाई राज्यका कुनै पनि अङ्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष हस्तक्षेप, अनुचित प्रभाव वा दबाबबिना न्यायका मान्य सिद्धान्त, संविधान, ऐन कानुन बमोजिम न्याय प्रत्याभूत गर्नु न्यायिक स्वतन्त्रता हो।

संरचनात्मक वा सङ्गठनात्मक स्वतन्त्रताको रूपमा पनि व्याख्या गर्ने गरिएको संस्थागत स्वतन्त्रताले न्यायपालिकाको कार्यपालिका र व्यवस्थापिकासँगको सम्बन्धलाई सामूहिक स्वतन्त्रताको रूपमा केन्द्रित गर्ने सङ्केत गर्दछ। यसले न्यायपालिकाको कृयात्मक स्वतन्त्रता र निर्णयात्मक स्वतन्त्रतालाई समेट्छ। आफ्नो प्रशासनिक मामिला र अदालत प्रशासनमा पर्याप्त नियन्त्रण नराखेसम्म न्यायपालिका स्वतन्त्र भएको मान्न सकिँदैन। न्यायालय स्वयम्द्वारा न्याय प्रशासनको व्यवस्थापन गरिनु उच्चतम स्तरको न्यायिक स्वतन्त्रता प्राप्त गर्ने सबैभन्दा प्रभावकारी उपाय हो। तर, नेपालको सन्दर्भमा न्यायिक काम कारबाही सञ्चालन गर्न आवश्यक पर्ने आर्थिक र मानवीय स्रोतमा कार्यपालिका र व्यवस्थापिकाको नियन्त्रण कायम रहेका कारण न्यापालिकालाई कार्यपालिका र व्यवस्थापिकामा आश्रित बनाइ न्यायपालिकाको संस्थागत स्वतन्त्रतामा अङ्कुस लगाइएको देखिन्छ।

न्यायिक क्षेत्रलाई गैर-उत्पादक मान्दै आवश्यक बजेट विनियोजनबाट न्यायिक कार्यसम्पादन वा उत्पादकत्वमा सुधार गर्नु नेपाल सरकारको न्यून प्राथमिकतामा रहेको छ। आर्थिक वर्ष ०८१/८२ को लागि कूल राष्ट्रिय बजेटको ०.४४ प्रतिशत बजेट न्यायपालिकाको लागि छुट्टयाइएको छ। जुन अघिल्लो वर्ष विनियोजन गरिएको बजेटको ०.०२ प्रतिशत बढी हो। हाल न्यायपालिकाको लागि विनियोजित बजेट राष्ट्रिय वार्षिक बजेटको एक प्रतिशतभन्दा कम छ, जुन न्यायपालिकाको सुधार कार्यसूची हासिल गर्न अपर्याप्त छ। प्रक्षेपण गरिएको बजेट विनियोजन गर्न हरेक प्रधानन्यायाधीशहरूले (न्यायपालिकाको पाँचौं पञ्चवर्षीय रणनीतिक योजना, ०८१), आग्रह गर्ने गरेका छन्। राज्यको संरचनामा परिवर्तन भएपश्चात् न्यायपालिकाको कृयाकलापमा पनि वृद्धि भएको अवस्थामा कम्तीमा पनि एक प्रतिशतसम्म वृद्धि गर्न न्यायपालिकाले बारम्बार गरेको मागलाई सरकारले निरन्तर बेवास्ता गर्नु न्यायपालिकाले आवश्यक पर्ने बजेट, बजेट शीर्षक, न्यायपालिकाको कामकारबाही र न्यायिक सुधार सम्बन्धमा सम्बन्धित निकायलाई बुझाउन नसकेको हो वा सौदावाजी गर्न नसकेको हो अथवा सरकारले नै बेवास्ता गर्ने रणनीति लिएको हो बुझ्नु जरुरी छ। तर न्यायिक बजेटमा सरकार र संसदको नियन्त्रण रहनु न्यायिक स्वतन्त्रताको सिद्धान्तको अतिक्रमणको रूपमा पनि बुझ्न सकिन्छ। सरकार र संसदको यस्तो प्रवृत्तिले अन्ततः न्यायिक सक्षमता र न्याय प्रणालीमा असर गरी विधिको शासनमा प्रभाव पार्दछ। जहाँ कार्यपालिकाको बजेट निर्माण र अदालतका कर्मचारीको प्रशासनमा पूर्ण नियन्त्रण हुन्छ, न्यायपालिका मात्र सरकारको मन्त्रालयको शाखा बन्न पुग्छ। (भट्टराई, विद्या, ०२३)

न्यायपालिकाले पाउने बजेटको विश्लेषण राष्ट्रिय बजेटका सापेक्षमा हुनु आवश्यक छ। बजेट पर्याप्त छ वा छैन भन्ने विश्लेषण गर्दा न्यायपालिकाले प्राप्त बजेट के कसरी खर्च गरेको छ ? त्यसको अनुपातमा उपलब्धि के कस्तो छ ? हेरिनु पर्दछ। न्यायपालिकाको पाँचौ रणनीतिक योजना (०८१-०८५) को कार्यान्वयनको लागि २६ अरब २२ करोड ७२ लाख २० हजार रुपियाँ बजेट प्रक्षेपण गरेकोमा पहिलो वर्ष (आर्थिक वर्ष ०८१/८२) को लागि ३ करोड ७ लाख ९७ हजार ३ सय १८ रुपियाँ प्रक्षेपण गरिएको छ। यो रकम आर्थिक वर्ष ०८१/८२ को लागि न्यायपालिकाको छुट्टयाइएको भन्दा ०.२० प्रतिशतले बढी हो। न्यायपालिकाले गर्नुपर्ने न्यूनतम कृयाकलापका लागि अदालतमा स्रोतको अभाव रहने, अर्कोतिर विनियोजित रकम पनि खर्च नहुने अवस्थाले विनियोजित रकम उपयोग गर्ने न्यायपालिकाको क्षमता झल्किन्छ

भने आवश्यक शीर्षकमा पर्याप्त बजेट नछुट्टयाइनुले कमजोर न्यायिक पूर्वानुमान गरेको जस्तो देखिन्छ। सरकारले निर्धारण गरेको बजेटले अदालतमा उपलब्ध स्रोत र सुविधाको सीमा निर्धारण गर्छ।

अदालतले जरिवाना बापत असुल गरेको आम्दानी नेपाल सरकारको राजस्व कोषमा जम्मा गर्नुपर्ने व्यवस्थाले आफ्नो आम्दानीको प्रयोगको अधिकार उपयोगमा कार्यपालिका र विधायिकाप्रति निर्भर रहनुपर्ने अवस्था छ। न्यायिक कोष स्थापनाको परिकल्पना गरी तर्जुमा गरिएको न्यायिक कोष ऐन ०४३ का केही प्रावधानहरू ०६६ मा संशोधन गरिएको भए पनि यो ऐन अनुरूप हुन सकेको छैन। न्यायिक कोषबाट केही आधारभूत न्यायिक कार्यहरू सम्पादन गर्न न्यायपालिकालाई सरकारमा निहित हुन पर्दैन्। कोर्ट फी, दण्ड, जरिवाना, धरौटी वा जमानतको रमक फिर्ता गर्ने लगायतका न्यायसम्बन्धी आवश्यक कार्यहरु गर्न न्यायिक कोष जारी भए तापनि कोषको कार्यान्वयन गरी न्यायालयको वित्तीय स्वायत्तता प्रबर्द्धन गर्ने तर्फ ध्यान नपुगेको देखिन्छ।

ऐनको कार्यान्वयन सम्बन्धमा परेको रिटमा (चापागाई, ०८०) ०८१ मङ्सिर १७ गते सर्वोच्च अदालतले अर्थ मन्त्रालय र कानुन तथा संसदीय मामिला मन्त्रालयलाई ऐन कार्यान्वयनका सम्बन्धमा भएको कामको विवरण, सेवाग्राही तथा मुद्दाका पक्षहरूबाट दाखिल भएका धरौटीलगायतका रकमहरू कुन कुन बैंकमा कस्तो सर्त वा अवस्थामा छन्, जम्मा धरौटी रकम के कति र कस्तो अवस्थामा रहेको छ ? भन्ने विषयमा मुख्य रजिष्ट्रारमार्फत सबै तहका अदालतहरूबाट विवरण सहितको प्रतिवेदन ०८१ पुस २१ गते इजलासमा पेश गर्न ०८१ मङ्सिर ११ गते आदेश दियो। आदेश अनुसार २१ पुसमा मुद्दालाई हेर्दाहेर्दैमा राख्दै सर्वोच्च अदालतले न्यायिक कोष ऐन, ०४३ को कार्यान्वयन सम्भावना र चुनौती, न्यायपालिकाको बजेट माग, सिलिङ, खर्च प्रणाली, सरकारका अन्य विभाग र न्यायपालिकाको खर्चको निकासाका आयामहरू, न्यायपालिकाको बजेटको माग र निकासा, खर्च गर्न सक्ने क्षमता, बजेट अनुशासन र उत्तरदायित्व समेतलाई ध्यानमा राखी तुलनात्मक अध्ययन तीन महिना भित्र पेश गर्न कानुन तथा संसदीय मामिला मन्त्रालयलाई निर्देशन दिएको छ।

कृयात्मक स्वतन्त्रता सुनिश्चित गर्न सर्वोच्च अदालतमा न्यायाधीशहरूको सङ्ख्या कानुनद्वारा तय गरिनुपर्छ। सर्वोच्च अदालतमा प्रधानन्यायाधीशसहित बढीमा २१ जना न्यायाधीश रहन्छन् र संवैधानिक संशोधनद्वारा परिमार्जन नगरेसम्म कार्यपालिकाको निर्णयले सङ्ख्यामा परिमार्जन गर्न सकिँदैन। यद्यपि, अदालत प्रणालीका सबै प्रशासनिक मामिलाहरू प्रधानन्यायाधीशमार्फत सर्वोच्च अदालतभित्रै हुन्छन्। जसलाई प्रारम्भिक निर्देशनहरू, वरिष्ठ न्यायाधीशहरूद्वारा निर्देशन र त्यसपछिको जाँचहरू मार्फत न्यायपालिकाको श्रेणीबद्ध संरचनाले खतरामा पार्न सक्छ। संविधानको धारा १३४ अनुसार एक अदालतबाट अर्को अदालतमा मुद्दा हस्तान्तरण गर्ने अधिकार सर्वोच्च अदालतलाई हुनाले केन्द्रीकृत शक्तिको प्रयोगले तल्लो तहको अदालतहरूको निर्णयको परिणामलाई प्रभाव पार्ने सम्भावना रहन्छ। तल्लो अदालतको सम्पूर्ण प्रशासन सर्वोच्च अदालतको नियन्त्रणमा रहेको देखिन्छ। विशेष, उच्च अदालत र सर्वोच्च अदालतले विरलै असहमतिपूर्ण निर्णय गर्नुको कारण यो हुन सक्छ, फैसला प्रायः सर्वसम्मत हुने गरेका छन्।

सार्वजनिक सरोकारका विवादहरूमा भएका निर्णयहरू मार्फत न्यायपालिकाको सक्रियताले नागरिकहरूको जीवनमा, कानुन र न्यायिक प्रणाली सुधारमा महत्त्वपूर्ण प्रभाव पारेको हुन्छ। कानुनको संवैधानिक व्याख्या र अन्तर्राष्ट्रिय मानवअधिकार सिद्धान्तहरूको व्यवहारिकता दिने सम्बन्धमा विस्तृत व्याख्या गरी दृष्टान्त परिवर्तन गर्नुका साथै न्यायपालिकाको भूमिकालाई पनि परम्परागत प्रणालीबाट माथि उठेर आधुनिकीकरण गरेको छ। उदाहरणका लागि समानुपातिक निवार्चन प्रणालीबाट निर्वाचित १ सय १० जना सांसदहरूको चयन संविधानको मर्म र भावना विपरीत भएकोले उनीहरूको नियुक्ति बदर गर्न माग गर्दै दायर निवेदनमा (न्यौपाने ०६९) अदालतले समानुपातिक समावेशी सिद्धान्त र समानुपातिक सहभागितासम्बन्धी हकको व्याख्या र व्यवहारिक कार्यान्वयनका लागि विद्यमान कानुनमा थप परिमार्जन गर्न आदेश दियो। 'सबैभन्दा पछाडि पारिएको वर्गलाई राज्यका निर्णायक तहमा पुऱ्याउने संविधानको मर्म विपरीतको कार्य नगर्नू' भन्ने यो आदेशको मर्म हो। त्यसैगरी, नागरिकका हक अधिकार समावेश भएका अन्य विवादहरूमा पनि अदालतका आदेशहरू अग्रगामी र नागरिकका हित लक्षित देखिन्छन्।

राजनीतिक दल, सरकार, व्यवस्थापिका र प्रधानमन्त्री संलग्न भएका विवादहरूको टुङ्गो नलगाउने, राजनीतिक प्रकृतिका मुद्दाहरू बारम्बार

स्थगित गर्ने वा आफन्तलाई वकालतनामा हाल्न लगाएर हेर्न नमिल्ने बनाउने, संवैधानिक इजलास वा माथिल्लो इजलासमा सार्नेजस्ता अन्तर्निहित स्वार्थ सम्मिलित निर्णयहरूका कारण अदालत यस वर्ष पनि गम्भीर विवादमा तानियो। बारम्बार पेसीमा राख्ने तर, हेर्न नभ्याइने सूचीमा राख्ने प्रवृत्तिले यस वर्ष पनि निरन्तरता पायो। माओवादी नेता अग्नि सापकोटा विरुद्ध द्वन्द्वकालमा काभ्रेका अर्जुन लामाको हत्यासम्बन्धी १२ वर्षदेखि विचाराधीन मुद्दा (सर्वोच्च अदालत, ०८१) ४१ पटक पेसी चढेको र सर्वोच्च अदालतको विशेष इजलासबाट सरेर संवैधानिक इजलासमा गएको, संवैधानिक आयोगहरूमा संसदीय सुनुवाइ बिना भएका ५२ ओटा नियुक्तको संवैधानिक जाँचको माग गर्दै दर्ता गरिएको रिटमा (सर्वोच्च अदालत, २०८१) पटक-पटक पेसी चढेको तर, यो विषय अदालतको प्राथमिकतामा नपरेको स्पष्ट देखिन्छ। यसले संवैधानिक इजलासको प्रभावकारिता र औचित्यतामा प्रश्न उठाएको छ। (चापागाई, श्रेष्ठ र उपाध्याय, ०८१) त्यस्तै प्रदेश सरकारहरू विरुद्ध अदालतमा दायर भएका रिट निवेदनहरूमध्ये धेरै विचाराधीन अवस्थामा छन्। *(सर्वोच्च अदालत,* ०८१)

सर्वोच्च अदालतले राजनीतिक विषय समावेश भएको उस्तै प्रकृतिको विवादमा फरक फरक निणर्य दिने, अदालतद्वारा स्थापित नजीरहरूको अनुसरण नगर्ने पनि देखियो। सर्वोच्च अदालतले कोशी प्रदेश र गण्डकी प्रदेशमा सरकार गठन सम्बन्धमा सभामुख निष्पक्ष रहनुपर्ने विवादमा कोशी र गण्डकीमा सभामुखलाई गणना गरिएको विषय फरक भएको तर्क गर्दै फरक फरक फैसला (बाह्रखरी, ०८१) गऱ्यो। त्यसैगरी भ्रष्टाचारको कसुरमा दोषी ठहर भएका व्यक्ति र तिनीहरूले कसुरदार भएबापत राज्यबाट प्रदान हुने सामाजिक सुरक्षा गुमाउनुपर्ने मान्यता सर्वोच्च अदालतको रहेकोमा सर्वोच्च अदालतको संयुक्त इजलास (न्यायीशहरू कुमार चुडाल र अब्दुल अजीज मुसलमान) ले १७ मङ्सिर ०८१ मा भ्रष्टाचारी ठहरिएका एक कसुरदारको पेन्सन नरोक्न अन्तरिम आदेश (अनलाइन खबर, ०८१) जारी गरी अदालतद्वारा स्थापित मान्यता विपरीत निर्णय गऱ्यो।

कतिपय मुद्दाहरू शीघ्र सुनुवाइ हुने तर, कति मुद्दाहरू इजलासको प्राथमिकतामा नै नपर्नुले कार्यपालिकाको प्रभाव न्यायपालिकामा परेको जस्तो देखियो। कोशी प्रदेशका पूर्वमन्त्रीलाई मानव तस्करी मुद्दामा सरकारी वकिल कार्यालयको निणर्य विरुद्ध सर्वोच्च प्रशासनको ०८१ मङ्सिर ८ गतेको दरपिठ आदेश बदर माग गरिएको रिट (त्रिपाठी, ०८१) निवेदन सर्वोच्चको एकल इजलासले दरपिठ आदेश कानुनसम्मत भएको भन्दै ०८१ मङ्सिर २३ गते सदर गऱ्यो। प्रदेशले प्रहरी ऐन बनाएको तर, नेपाल सरकारले पदपूर्तिका लागि विज्ञापन निकाल्नुले प्रदेशको अधिकारक्षेत्रमा हस्तक्षेप भएको भनी दायर निवेदन(रमण, ०७८), अन्तरसरकारी समन्वयसम्बन्धी एनेका दण्डसजायसम्बन्धी प्रावधानले प्रदेशको अधिकार क्षेत्रमा हस्तक्षेप भएको भन्दै दायर मुद्दा विचाराधीन छन्। कतिपय विचाराधीन मुद्दाको सान्दर्भिकता नै समाप्त भइसकेको छ। उदाहरणका लागि गत वर्ष मङ्सिर महिनामा सरकारले टिकटक प्रतिबन्ध गर्ने निर्णय गऱ्यो। सरकारको निर्णय कार्यान्वयन नगर्न माग गर्दै परेका सात ओटा रिटमा सर्वोच्च अदालतले अन्तरिम आदेश दिन अस्वीकार गरी विचाराधीन अवस्थामा राखेकोमा मन्त्रिपरिषद्ले नै १० महिनापछि ०८१ भदौमा टिकटकमाथिको प्रतिबन्ध हटायो।

सर्वोच्च अदालतले गरेका निणर्यहरूको सार्वजनिक विरोध गरी निणर्यको पुनरावलोकन गराउने कार्यमा कार्यपालिका अग्रसर देखिन्छ। सामाजिक सुरक्षा भत्ता र अन्य कामका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य नर्गन सर्वोच्च अदालतले ०८१ भदौ ७ गते जारी गरेको अन्तरिम आदेश (सेतोपाटी, ०८१), नदी किनारामा थप २० मिटर जग्गा छोड्नुपर्ने फैसलामा पुनरावलोकन गर्न सरकारले माग गरेकोमा सर्वोच्च अदालतले पुनरावलोकन (न्याय प्रशासन ऐन, ०७३) गर्ने अनुमति दियो।

यस्ता निर्णय र कार्यहरूले न्यायपालिकाको व्यक्तिगतका साथै संस्थागत क्षमतामाथि पनि प्रश्न उठाउनुका साथै स्वतन्त्रतामा पनि गम्भीर असर परेको देखिन्छ। कार्यपालिका वा राजनीतिक दल संलग्न रहेका विवादहरूले रिट क्षेत्राधिकार ग्रहण गर्ने स्पष्ट आधार हुँदाहुँदै पनि सर्वोच्च अदालत प्रशासनले निवेदन दरपिठ गर्ने गरेको र दरपिठ विरुद्ध निवेदनमा इजलासको आदेश पश्चात मात्र निवेदन दर्ता गर्ने गरेको देखियो। उदाहरणका लागि सहकारी बचत अपचलनबारे अनुसन्धान प्रकृयामा अनुचित प्रभाव र प्रतिकूल असर पार्ने तथा प्राकृतिक न्यायको सिद्धान्त विपरीत हुने भन्दै गृहमन्त्री र महान्यायाधिवक्ता विरुद्ध दर्ता गर्न खोजिएको निवेदन ०८१ जेठ १ गते सर्वोच्च प्रशासनले दरपिठ गरेकोमा सर्वोच्च इजलासको एकल इजलासले जेठ ९ गते दिएको आदेशपछि मात्र दर्ता गरिएको थियो ।

(कान्तिपुर, ०८१) त्यसैगरी कोशी प्रदेशका पूर्व मन्त्रीलाई मानव तस्करी मुद्दामा सरकारी वकिल कार्यालयले मुद्दा नचलाउने निर्णय विरुद्धको रिटलाई प्रशासनले ०८१ मङ्सिर २३ गते दरपिठ गरेकोमा दरपिठ आदेश बदर गर्न गरिएको मागमा इजलासको आदेशपछि निवेदन दर्ता गरिएकोमा (अन्नपूर्ण पोष्ट, २०८१) अदालतले दरपिठ आदेश सदर गर्ने निणर्य २३ मङ्सिरमा गरेको हो। त्यसैगरी, राष्ट्रिय सभाका सांसदले अदालतको अवहेलना (सेतोपाटी, ०८१) गरेको भन्दै सर्वोच्च अदालतमा कात्तिक २३ गते रिट निवेदन दर्ता भएकोमा संसदको विषय अदालतले हेर्न नमिल्ने भन्दै दर्ता भएको रिट निवेदनमा सुनुवाइ गर्न नमिल्ने भन्यो।

सर्वोच्च अदालतले संविधान र न्यायका सर्वमान्य सिद्धान्तहरू भन्दा राजनीतिक दल र सरकारको, र न्यायाधीशहरूले पनि 'आफूलाई सिफारिस गर्ने दल' को 'अधिकतम हितका' लागि भूमिका खेल्ने गरेको स्पष्ट प्रर्दशन भाटभटेनी सुपर मार्केटका सञ्चालक मीनबहादुर गुरुङले नेकपा एमालेलाई जग्गा दिएको विषयमा परेको रिट निवेदनमा न्याय निरूपण गर्ने सन्दर्भमा गऱ्यो। ०८१ असोज महिनामा परेको निवेदनमा अदालत प्रशासनको दरपिठ आदेश विरुद्ध इजलासमा परेको निवेदनमा न्यायाधीश तिलप्रसाद श्रेष्ठको एकल इजलासले निवेदन दर्ता गर्ने आदेश, न्यायाधीश सुनिलकुमार पोखरेलको एकल इजलासद्वारा जारी अन्तरिम आदेश, दुईपटक पेसीमा चढाइएको तर दुवै पटक हेर्न नभ्याइने सूचीमा राखिएको र अन्तत् ०८१ पुस १ गते न्यायाधीश अब्दुल अजीज मुसलमान र बालकृष्ण ढकालको संयुक्त इजलासले रिट खारेज गऱ्यो (राजधानी दैनिक, ०८१)। अदालतमा विवाद प्रवेश गर्न नदिने, प्रवेश गरेपछि बारम्बार पन्छाउने र एमाले पार्टीसँग प्रभावित भई उसैको हितमा आदेश गरेको देखियो। यस विवादमा सर्वोच्च अदालत प्रभावित हुँदा मीनबहादुर गुरुङ विरुद्ध ललिता निवास सरकारी जग्गा अपचलन सम्बन्धमा सर्वोच्च अदालतमा विचाराधीन मुद्दा र ललिता निवास सम्बन्धमा जिल्ला अदालतमा सरकारी लिखत कीर्ते मुद्दाहरू समेत प्रभावित हुने स्पष्ट छ। सरकारले ललिता निवासको सरकारी जग्गा हिनामिना छानबिन गर्नका लागि गठन गरेको समिति अनुरूप ललिता निवासको १ सय ४३ रोपनीभन्दा बढी जग्गा सम्बन्धमा सरकारी लिखत तथा कागजात कीर्ते गरेको र कृत्रिम मोही खडा गर्ने, गलत लिखत तयार गर्ने, सट्टाभर्ना दिने लगायतका कार्य गरी नीतिगत निर्णय गराउँदै अनधिकृत रूपमा व्यक्ति र संस्थाको नाममा जग्गा कामय गराएको अभियोगमा मीनबहादुर गुरुङविरुद्ध अनुसन्धान जारी छ।

मुद्दा दायर गर्न नदिइ अदालत प्रशासनले दरपिठ गर्ने तर इजलासबाट दरपिठ बदर भई मुद्दाको रूप लिने चलनले अदालतको समय दुरुपयोग भइरहेको पाइयो।

सङ्घीय संसदले पनि न्यायपालिकाको भूमिकामा हस्तक्षेप गरेको छ। निर्वाचन क्षेत्र विकास कायक्रम सम्बन्धमा सर्वोच्च अदालतले दिएको अन्तरिम आदेशलाई निरन्तरता दिन नहुने माग राखी सर्वोच्चको आदेश विरुद्ध सङ्घीय संसदले निवेदन दर्ता गरायो। सङ्घीय संसद वा प्रदेश सभा सदस्यहरूलाई कार्यकारिणी प्रकृतिको कार्य गर्ने जिम्मेवारी प्रदान नगरेकाले संसदले स्वीकृत गरेको बजेट कार्यान्वयन नर्गन अदालतले दिएको अन्तरिम आदेश व्यवस्थापिकाको अधिकार क्षेत्रसँग सम्बन्धित भएको दाबीसहित ०८० माघमा निवेदन (रातोपाटी, ०८०) दर्ता गराएको थियो। व्यवस्थापिका संसदमा अदालतका आदेशहरूको (हिमालखबर, ०८०) टिप्पणी हुने गरेको र अदालतले पनि त्यस्तो टिप्पणी गरेको भन्दै सांसदहरू विरुद्ध अवहेलनामा मुद्दा चलाउनुपर्ने अवस्था समेत रह्यो। सांसदहरूलाई अदालतमा बोल्ने पूर्ण अधिकार भएकाले संसदमा बोलिएको विषयमा अदालतले अवहेलनामा मुद्दा चलाउन नपाउने जिकिर संसदको रह्यो। बजेट (डुम्रे, लिलु, ०८०) माथि आक्रमण गर्नु भनेको सांसदमाथिकै आक्रमण हो भन्दै सरकारले कस्तो नीति बनाउने, कहाँ बजेट विनियोजन गर्ने कहाँ नगर्ने भन्ने विषय कार्यकारीको विशुद्ध नीतिगत कुरा भएकाले अदालतले त्यसमा हस्तक्षेप गर्न नहुने संसदले जीकिर लियो। तर, सिद्धान्तत: सर्वोच्च अदालतको यस कदमले राज्यका प्रमुख निकायहरूबिचको शक्ति सन्तुलनको सिद्धान्तलाई गम्भीरतापूर्वक अनुसरण गरेको हो र संविधानले सांसदको नेतृत्वमा बजेट खर्च हुने व्यवस्था नगरेको सन्दर्भमा बजेट खर्च गर्ने अधिकार कार्यकारीकै हो, संसदको होइन। कार्यकारीले सांसदलाई बजेट खर्च गर्न दिएर संसदलाई प्रभावित गर्न खोजेको अर्थमा विश्लेषण गरिनु पर्दछ।

संसदीय सुनुवाइका क्रममा सांसदहरूले न्यायाधीशका प्रत्याक्षीहरूलाई उनीहरूको क्षमता र निष्पक्षता जाँच गर्ने भन्दा पनि राजनीतिक विषय समावेश भएका (फैसला भइसकेका र विचाराधीन)

विषयमा केन्द्रित प्रश्न गर्ने गरेको देखिन्छ। उदाहरणका लागि वर्तमान प्रधानन्यायाधीश प्रकाश मानसिंह राउतको संसदीय सुनुवाइको क्रममा अधिकाश सांसदले सांसद विकास बजेटका सम्बन्धमा अदालतबाट भएको निर्णय, खोला किनारको मापदण्ड थप २० मिटर बढाउनु भन्ने आदेश, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल बनाउने सम्बन्धमा भएको आदेश सम्बन्धमा प्रश्न गरेको र अदालतलाई संवैधानिक दायराभित्र रहन, न्यायिक सक्रियता हानिकारक हुने भन्दै कार्यकारी र व्यवस्थापिकाका विषयमा अनावश्यक हस्तक्षेप नर्गन र यस्ता विषयमा ध्यान दिन धम्कीपूर्ण सुझाव दिएका थिए। आदलतको अवहेलनामा मुद्दा चलाउन पाउने अदालतको अधिकारको प्रयोगलाई 'संवैधानिक सीमा नाघेको' सङ्ज्ञा सांसदहरूले दिए। सर्वोच्च अदालतको न्यायाधीश नियुक्ति सम्बन्धमा संसदीय सुनुवाइका विद्यमान व्यवस्था नहटाएसम्म न्यायपालिका संसदबाट प्रभावित भई नै रहन्छ। नेपाल बार एशोसिएशनले पनि संवैधानिक निकायको प्रमुख र पदाधिकारीहरूको सिफारिसमा प्रधानन्यायाधीशको भूमिका नरहने व्यवस्था गर्ने, संवैधानिक परिषद्बाट अलग गर्ने र संसदीय सुनुवाइ हटाउन संविधानमा संशोधन गर्न सिफारिस गरेको छ। (नेपाल बार, ०८१)

अदालतमा विचाराधीन रहेको मुद्दा प्रभावित पार्ने गरी राजनीतिक दल, सरकारका मन्त्री, सर्वसाधारण, कानुन व्यवसायी, सञ्चार माध्यम तथा सांसदहरूले प्रभावित गर्न खोजेको देखियो। प्रधानमन्त्री, प्रतिपक्षी दलको नेतृत्व, सांसद र पार्टीका सदस्यहरूले विरोध गरी अदालतको अवहेलना गरियो। न्यायपरिषद् नियमावली संशोधनका लागि सर्वोच्च अदालत परिसरमा नेपाल बार एसोशियसनको धर्ना वा मिटरब्याज विरुद्ध मजदुर आन्दोलनरतहरूले जिल्ला अदालत घेरेको वा क्रिकेटर सन्दीप लामिछाने संलग्न विवादमा जिल्ला र उच्च अदालत अगाडि नारा जुलुस लगाइएको वा रवि लामिछानेमाथि राहदानी र सहकारीको रकम हिनामिना विवादमा सर्वोच्च अदालत र देशका अन्य जिल्ला अदालतहरूमा सांसद र सर्वसाधारणको जुलुस, यस्ता गतिविधिको उद्देश्य अदालतको कामकारबाही प्रभावित गर्नु रहेको स्पष्ट हुन्छ। न्यायपालिकाको कामकारबाही सम्बन्धमा स्वस्थ्य आलोचना र समालोचना अपेक्षित हुनु पर्दछ। तर, न्यायिक पूर्वाग्रहका आधारमा अदालत र न्यायाधीशहरूलाई आक्षेप लगाउनाले न्यायपालिकाप्रतिको जनविश्वास र भरोसा कमजोर बनाउँछ।

नेपालको सन्दर्भमा न्यायालयको संस्थागत र व्यक्तिगत स्वतन्त्रताको संयोजन संविधान मार्फत हुन नसकेको अवस्थामा, कानुनको शासन र नागरिक अधिकारको संरक्षण गर्ने दायित्व भएका न्यायाधीशहरू संस्थागत संस्कृति र अभ्यासहरूद्वारा बाँधिन सकेको अवस्था छैन। ०६१ सालमा लागू गरिएको पहिलो पञ्चवर्षीय रणनीतिक योजना र ०८१ साउन महिनामा जारी गरिएको न्यायपालिकाको पाँचौ पञ्चवर्षीय रणनीतिक योजनाले पनि 'न्यायपालिकाको स्वतन्त्रता, स्वायत्तता तथा न्यायिक सुशासनसम्बन्धी मूल्य मान्यताको प्रवर्धन' लाई प्रमुख योजनाको रूपमा निरन्तरता दिनुलाई गम्भीरतापूर्वक लिनुपर्ने देखिन्छ। न्यायिक स्वतन्त्रता र स्वायत्तताको निरन्तर ह्रास न्याय प्रशासनका प्रमुख कमजोरीहरू हुन् र यस्तो अवस्था विद्यमान रहनु न्यायको सिद्धान्त, विधिको शासन र लोकतान्त्रिक मूल्यमान्यताहरू खतरामा पारेको स्वीकारोक्ति हो। यस कारणले न्यायालय 'को' बाट स्वतन्त्र हुनु पदर्छ र 'के' उद्देश्यका लागि भन्ने महत्त्वपूर्ण विषय हुन्।

ट्रान्सपरेन्सी इन्टरन्यासनलको ०२३ को प्रतिवेदन अनुसार नेपाल अधिकतम भ्रष्टाचार हुने देशमध्ये ३५ औं स्थानमा रहेको विभिन्न सूचकहरूले देखाउँछ। उक्त सूची अनुसार न्यायपालिका बढी भ्रष्टाचार हुने क्षेत्रको रूपमा औँल्याइएको छ। त्यसैगरी वर्ल्डजस्टीस प्रोजेक्टको रुल अफ ल इन्डेक्स अनुसार सन् ०२४ मा १ सय ४२ मुलुकमध्ये नेपाल ६९ औं स्थानमा रही कानुनी शासनको अवस्था खस्किएको मुलुकहरू मध्येमा पऱ्यो भने भ्रष्टाचारको विद्यमानताको सन्दर्भमा ९१ औं स्थानमा रह्यो। न्याय सम्पादनमा हुने ढिलासुस्ती, कानुनको कमजोर कार्यान्वयन र नागरिकको मानव अधिकार र न्यायको अधिकार उपभोग हुन नसकेको आधारमा यसको मापन गरिन्छ। न्यायपालिका आफ्नै कारणले अथवा बाह्य जुनसुकै कारणले विवादित भए पनि, दुवै अवस्थाको सम्बन्धमा न्यायपालिका नै जवाफदेही हुनु पर्दछ, आफ्नो साख जोगाउनु पर्दछ।

३. न्यायिक जवाफदेहिता

'न्यायपालिकाको स्वतन्त्रता न्यायिक सुशासनको प्रतिबद्धता' न्यायपालिकाको दायित्व निष्पक्ष र प्रमावकारी रूपमा सम्पादन गर्न रणनीतिक योजनाले

निदृष्ट गरेको लक्ष्य हो। र, न्यायिक जवाफदेहिता सुनिश्चित गर्ने मार्ग पनि हो। सर्वोच्च अदालतमा लामो समयदेखि बाँकी रहेका पुराना मुद्दालाई सम्बोधन गर्न प्रत्येक शुक्रबार कार्यालय समयका अतिरिक्त दुई घण्टा थप कार्य गर्नु, पुराना मुद्दा घटाउने लक्ष्यसहित अभियान फाँट सञ्चालनमा ल्याइनु, न्यायिक निष्पक्षताका लागि गोला प्रथाद्वारा इजलास तोक्ने व्यवस्था गर्नुजस्ता कार्य न्यायालयको जवाफदेहिता सुनिचित गर्ने सम्बन्धमा सकारात्मक शुरुआत हो।

१७ जना न्यायाधीशलाई एकल, संयुक्त, पूर्ण, बृहत् पूर्ण र संवैधानिक इजलासमा (हरेक बुधबार र शुक्रबारमात्र) मुद्दा तोकिन्छ। सर्वोच्च अदालतमा हरेक दिन २ सय ५० देखि ३ सय ओटासम्म मुद्दा सुनुवाइ हुने पेसी सूची अदालतको वेवसाइटमा समेत सार्वजनिक हुन्छ तर, आधा भन्दा बढी मुद्दा हेर्न नभ्याइनेमा राखिन्छ। ०८१ मङ्सिर २ गतेदेखि २४ गते सम्म सर्वोच्च अदालतको वेवसाइटमा रहेको 'आजको मुद्दाको स्थिति' अनुगमन गर्दा हरेक दिन अधिकांश मुद्दा हेर्न नभ्याइने शीर्षक अर्न्तगत राखिएको पाइन्छ। मङ्सिर १२ देखि १४ गतेसम्म क्रमशः ३ सय १३, २ सय ५९ र ३ सय ६ ओटा पेसी तोकिएकोमा १ सय ९२, १ सय २३ र २ सय ४ थान मुद्दा हेर्न नभ्याइने सूचीमा राखियो। त्यसैगरी, मङ्सिर १७ देखि १९ गतेसम्म क्रमशः ३ सय ४, ३ सय ५३ र ३ सय ४३ थान मुद्दाको पेसी तोकिएकोमा १ सय ७२, २ सय ८ र २ सय ७ थान मुद्दा हेर्न नभ्याइने सूचीमा राखियो। यो विवरणले अदालतको कामकारबाही पूर्वानुमानित र संवेदनशील ढङ्गले हुन नसकेको स्पष्ट हुन्छ। कानुन व्यवसायी र बार एशोसिएशन पनि यसका लागि केही हदसम्म जिम्मेवार छन्। बार एशोसिएशनले आफ्ना बैठक वा भेलाहरू भएको अवधिभर सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत, विशेष अदालत र अन्य न्यायाधीकरणमा पेसी स्थगित गर्न अदालतलाई दबाव दिने र अदालतले पनि पेसी नतोक्ने प्रचलन छ। मुद्दा हेर्न नभ्याइने, हेर्न नमिल्ने, स्थगन गरिने, हेर्दा हेर्दैमा अर्को दिन वा सातालाई पन्छाउने, र आफ्नो इजलास भन्दा माथिल्लो इजलासमा मद्दा पेश गर्ने प्रवृत्ति मुद्दाको शीघ्र समाधान र न्याय निरूपणका लागि समाधान गर्न नसकिने समस्याको रूपमा रहेको छ। मुद्दाको पेसी तोकिने चलन अनुमानयोग्य र सेवाग्राहीमैत्री नहुनाले बर्दियादेखि साइकलमा ११ दिन लगाएर २०७९ सालदेखि हरेक महिना सर्वोच्च अदालतमा पेसी बुझ्न आउने शालिकराम अहिर जस्ता सेवाग्राहीप्रति न्यायिक जवाफदेहिता शून्य रहेको छ भन्नु अन्यथा हुँदैन। सेवाग्राहीमैत्री सेवा प्रवाह, सेवाग्राहीहरूको अनुभूतिको आधारमा सेवालाई उत्तरदायी बनाउने पद्धतिको निर्माण जवाफदेहितासहितको कार्य वातावरण र योजना अपरिहार्य छ।

पेसी स्थगन नियमित जस्तै बन्नु, न्यायाधीशहरूले 'न्यायिक घण्टा' अन्य कार्यमा प्रयोग गर्नु, संवैधानिक इजलासको प्रभावकारितामा प्रश्न उठ्नु, पेसी चढ्ने तर पेसी तोकिएका आधा भन्दा बढी मुद्दाहरू हेर्न नभ्याउनु र 'हेर्न नमिल्ने' समूहमा ठूलो सङ्ख्यामा दैनिक रूपमा मुद्दाहरू फिर्ता हुनाले अदालतको कार्यभार त बढाएकै छ, न्यायपालिकाका मान्य सिद्धान्तहरूको पालना र नागरिकको अधिकारको संरक्षण हुन नसकेको अवस्था छ।

अदालतको स्वतन्त्रताको प्रतिरक्षा र जवाफदेहिता सुनिश्चित गर्न अवहेलनामा कारबाही गर्ने विशेषधिकार अदालतलाई छ। अदालतले यस अधिकारको प्रयोग कतिपय अवस्थामा संयमित भएर गर्‍यो भने कतिपय अवस्थामा जवाफदेही हुनुको सट्टा आफूमाथि उठ्ने प्रश्नहरूलाई निस्तेज गर्न अस्त्रको रूपमा प्रयोग गरेको देखिन्छ। सिधाकुरा नामक युट्युब लगायतका सामाजिक सञ्जालबाट ०८१ वैशाख १४ गते र श्रृङ्खलाबद्ध रूपमा अपलोड गरी प्रसारण गरिएको '४ सय बढी भ्रष्टाचारका मुद्दा डिसमिस गराउने सर्वोच्च अदालतका न्यायाधीश सहभागी बैठकको स्टिङ अपरेसन' शीर्षक राखी कपोकल्पित, भ्रामक तथा नियोजित ढङ्गले समाचार प्रकाशन गर्ने कार्यले न्याय सम्पादनको कार्यमा अवरोध सृजना गरी अदालतको अवहेलना गरेको तथा स्वतन्त्र न्यायपालिकाप्रतिको जनआस्थामा गम्भीर आँच पुर्‍याई अदालतको अवहेलना गरेकोले उक्त कार्यमा संलग्नलाई हदैसम्मको सजाय गर्न माग गर्दै परेको रिट निवेदनमा विगतका आदेशहरूमा अदालत अनुदार रहेको भए तापनि क्रमिक रूपमा अवहेलनाको विवादको व्याख्या र कारबाही गर्ने क्रममा अदालत संयमित र उदार हुँदै आएकोमा यस विवादमा अदालतले कठोरतापूर्वक व्याख्या गरेको देखिन्छ र दण्डको मामिलामा अदालत अनुदार देखिएको छ।

त्यसैगरी, सर्वोच्च अदालतको न्यायाधीश सिफारिसमा लेनदेन भएको अभिव्यक्ति दिएका कारण नेपाल बार एशोसिएशनका अध्यक्ष गोपालकृष्ण घिमिरे विरुद्ध सर्वोच्च अदालतले अवहेलनासम्बन्धी मुद्दा

(सर्वोच्च अदालत, ०८१) चलायो। सांसद, कानुन व्यवसायी, सञ्चार माध्यमले अदालतको कामकारबाहीलाई निगरानीमा राख्ने निकायहरूमाथि अवहेलना मुद्दा चलाउने र कारबाही गर्ने प्रवृत्ति अदालतको बढेको छ। विवेकपूर्वक प्रयोग भएमा अदालतको स्वतन्त्रता जोगाउन कतिपय अवस्थामा आवश्यक हुन्छ। तर, नेपालको संविधानमा भएको अदालतको अवहेलनासम्बन्धी विशेषाधिकारलाई विधायिकाले कानुन बनाएर त्यसको सीमा, गम्भीरताको विषय तोक्नुपर्नेमा अवहेलनासम्बन्धी कानुन बन्न नसक्दा न्याय प्रशासन ऐनमा भएको व्यवस्था र नियमावलीका आधारमा अवहेलनासम्बन्धी कारबाही भइरहेको छ। कानुनी सीमाको अभावमा अवहेलनासम्बन्धी कारबाहीको कार्यविधि, त्यसको पालना अनि दण्ड, सजायको कुनै मापदण्ड छैन। फलस्वरुप कारबाहीमा एकरूपता रहँदैन।

न्यायाधीशको राय बाझिने विषय न्यायिक प्रकृयामा स्वस्थ आलोचनाको रूपमा लिइन्छ र कतिपय अवस्थामा राय बझाउनु आवश्यक पनि हुन्छ जसले न्यायिक स्वतन्त्रता सुनिश्चित गर्दछ। सर्वोच्च अदलतमा प्राय:जसो राजनीतिक विषय समावेश भएको विवाद वा राजनीतिक दलका प्रतिनिधि वा सरकारी अधिकारीहरू संलग्न भएका विवादमा राय बाझिने गरेको देखिन्छ। नेकपा एमालेकी सासंद रेखाकुमारी शर्माले बालिकालाई बालश्रम र यातना दिई घरेलु कामदार राखेको र ती बालिकालाई काठमाडौँ महानगरपालिकाले उद्धार गरी संरक्षण गृहमा राखेको सम्बन्धमा परेको मुद्दा, (अनलाइन खबर, २०८१) रवि लामिछानेलाई गृहमन्त्रीको पदमा रहन नमिल्ने भन्दै निलम्बनको माग गर्दै परेको गदै परेको रिटमा (नयाँ पत्रिका, ०८१) राय बाझिनुलाई स्वच्छ संवाद मान्न सकिँदैन। राय बझाइ विवादको निरूपण लम्ब्याउनुको साटो इजलासले बालिकाको अधिकतम हित र सुरक्षाका लागि तत्काल प्रभावकारी आदेश गर्नु उपयुक्त हुन्थ्यो। दलका नेताहरूले नै 'न्यायाधीशहरूमा पार्टीको अनुहार देख्ने' र नेपाल बार एसोसियसनका अध्यक्षले लेनदेनमा न्यायाधीशहरू नियुक्ति गर्ने गरेको अभिव्यक्ति सार्वजनिक रूपमा दिनु र सर्वोच्च अदालतका न्यायाधीशहरूले पनि न्यायाधीश नियुक्तिमा हुने भागबण्डा रोक्न बार र न्याय परिषद्मा राजनीतीकरण अन्त्य आवश्यक भएको टिप्पणीले भागबण्डाले 'इजलास' र न्यायपालिका दलहरूको छाँयामा रहेको छ भन्दा अन्यथा हुँदैन।

न्यायपालिकाको जवाफदेहिता माग गर्दै प्रधानन्यायाधीशलाई विपक्षी बनाइ सर्वोच्चमा रिट दायर भयो भने न्यायाधीशलाई नै वैबाहिक बलात्कार जस्तो गम्भीर अपराधको कसुरमा दोषी ठहऱ्याइ कारागार चलान गरियो। न्याय परिषद्मा उच्च र जिल्ला अदालका न्यायाधीशहरू उपर खराब आचरण वा आचारसंहिताको गम्भीर उल्लङ्घन सम्बन्धमा ठूलो सङ्ख्यामा उजुरीहरू परेकोमा आर्थिक वर्ष ०८१/०८२ को उजुरीको प्रकृतिगत विवरण (न्याय परिषद सचिवाल, ०८१), हेर्दा १ सय १४ ओटा उजुरी फर्स्यौट हुन बाँकी रहेकोमा ती अधिकांश उजुरी उच्च अदालतका न्यायाधीश विरुद्ध रहेका छन्। उच्च र जिल्ला अदालतका एक एक जना न्यायाधीशलाई आचरणका कारण ०८० चैत १३ गते पदमुक्त गरियो। तर, न्यायपालिकाको अध्ययन प्रतिवेदनले औँल्याएका न्यायपालिकामा व्याप्त भ्रष्टाचार र अनियमितता सम्बन्धमा न्यायालय र न्यायाधीश जवाफदेही हुन सकेका छैनन्। न्यायिक जपाफदेहीता सुनिश्चित गर्न उच्च र सर्वोच्च अदालतका न्यायाधीशहरू 'आफूलाई सिफारिस' गर्ने राजनीतिक दलको प्रभावबाट पूर्णतया अलग रहन सक्नु पर्दछ।

४. न्याय सम्पादन

'संविधान, कानुन र न्यायका मान्य सिद्धान्तका आधारमा स्वच्छ एवम् निष्पक्ष न्याय सम्पादन' गर्ने परिलक्ष्य साथ न्यायपालिकाद्वारा योजनाबद्ध सुधारको थालनी दुई दशक अगाडि गरिएको थियो। तर, चार ओटा रणनीतिक योजनाको कार्यान्वयन सम्पन्न भइसक्दा पनि निष्पक्ष र गुणस्तरीय न्याय सम्पादसँग जोडिएका महत्त्वपूर्ण सबालहरूको उचित सम्बोधन हुन सकेको छैन। छिटोछरितो र गुणस्तरीय न्याय सम्पादन अर्न्तगत मुद्दाको शीघ्र फर्स्यौट, मुद्दा व्यवस्थापन, न्यायिक काम कारबाही तथा फैसला लेखनमा शीघ्रता र गुणस्तरीयतामा वृद्धि, विवाद समाधानका वैकल्पिक उपायहरूको प्रभावकारी प्रयोग तथा फैसलाको तयारी एवम् प्रभावकारी फैसला कार्यान्वयन पर्दछन्। सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन, रणनीतिक योजनाको समीक्षा प्रतिवेदन र न्यायपालिकाबाट समय-समयमा हुने गरेका अध्ययन अनुसन्धानले न्याय सम्पादनका अधिकांश सवालहरूमा अपेक्षाकृत उपलब्धि हुन नसकेको उजागर गर्दछ।

प्रभावकारी न्याय सम्पादन मापन गर्ने र न्यायपालिकाको काम कारबाहीको प्रभाव देखाउने

तालिका ६.१.१ तीन तहका अदालतमा मुद्दा फर्स्यौटको अवस्था

अदालत	लागत	बाँकी	१ वर्ष भित्रको	१ वर्षदेखि १८ महिना भित्रको	१८ महिनादेखि २ वर्ष भित्रको		
सर्वोच्च अदालत	४२०१४	२८७४१	८१७८	२६८७	२४७८	११२३८ (२ वर्ष देखि ५ वर्ष भित्रको)	४१६० (५ वर्ष नाघेको)
उच्च अदालत	७९२४९	२५४९९	२१९१०	२९२८	१७४४	४३० (२ वर्ष नाघेको)	
जिल्ला अदालत	३४९६९५	११४५६८	८२१९५	१४७८८	८८५६	८७२९ (२ वर्ष नाघेको)	

(स्रोत : सर्वोच्च अदालत)

महत्त्वपूर्ण आधार मुद्दा फर्स्यौटको अवस्था हो। सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन अनुसार आर्थिक वर्ष ०७९/८० मा फर्स्यौट हुन ३१.५९ प्रतिशत मुद्दा बाँकी रहेको, ११ हजार २ सय ३८ थान मुद्दाहरू दुई वर्ष नाघेका तर पाँच वर्ष ननाघेका र ४ हजार १ सय ६० थान मुद्दाहरू पाँच वर्ष नाघेका छन्। त्यसैगरी उच्च अदालतमा ६७.८२ प्रतिशत र जिल्ला अदालतमा ६७.२० प्रतिशत मुद्दा बाँकी रहेको सर्वोच्च अदालतको तथ्याङ्कले देखाउँछ।

आर्थिक वर्ष ०८०/८१ मा सर्वोच्च अदालतले दुई वर्ष नाघेका ३ हजार २ सय १४ ओटा मुद्दा तथा रिट निवेदनहरूको फर्स्यौट गर्ने लक्ष्य लिएकोमा जम्मा ३ सय ६६ ओटा निवेदन फर्स्यौट हुन सकेकाले फर्स्यौटको लक्ष्य र प्रगतिबिच ८८.६१ प्रतिशतको अन्तर रहेको अवस्था छ। (सर्वोच्च अदालत, ०८१), त्यसैगरी तीन वर्ष नाघेका शुरु मुद्दा तथा पुनरावेदन फर्स्यौट बिचको लक्ष्य र प्रगतिबिच ८३.६८ प्रतिशतको अन्तर रहेको छ भने न्यायपालिकामा आठ वर्ष नाघेका १ सय ५४ थान मुद्दा छन्।

सङ्घीयता र सङ्घीय इकाइहरूबीच उत्पन्न हुने विवादको शीघ्र र प्रभावकारी न्यायिक निरूपणका लागि स्थापना भएको संवैधानिक इजलासमा हाल १ हजार २ सय १३ मुद्दा विचाराधीन छन्। इजलासको क्षेत्राधिकार अन्तर्गतका विवाद लगायतका २ सय ३० थान रिट निवेदनहरू एक वर्षभित्र फर्स्यौट गर्ने लक्ष्य रहेकोमा आर्थिक वर्ष ०८०/८१ मा जम्मा १२ थान निवेदन फर्स्यौट भएकोले लक्ष्य र प्रगतिबिच ९४.७८ प्रतिशतको अन्तर रहेको छ। इजलास गठनको अवधारणा र त्यसको अन्तर्वस्तु, न्यायाधीशको विषेशज्ञता, क्षेत्राधिकार र गम्भीर संवैधानिक व्याख्याको लागि प्रधानन्यायाधीशले अन्य मुद्दा समेत इजलासमा पठाउने व्यवस्था लगायतका विषयहरूले इजलासको प्रभावकारितालाई समस्याग्रस्त बनाएको छ। इजलासको गठन यता संसद विघटनको विवाद, वातावरण संरक्षण, मानव अधिकार, सुशासनको विषयमा केही महत्त्वपूर्ण व्याख्या गरेको भए पनि मानव अधिकार र कानुनी शासनको संरक्षणमा प्रत्यक्ष असर पार्ने विववादहरू पेसीमा राख्ने तर, फैसला नगर्ने प्रवृत्तिले इजलासको प्रभावकारिताप्रति नैराश्यता छाएको छ।

तालिका ६.१.२ जिल्ला र उच्च अदालतमा फरक मुद्दा व्यवस्थापन पद्धति कार्यान्वयनको लक्ष्य र प्रगति

अदालत	लक्ष्य	प्रगति	लक्ष्य र प्रगति बिचको अन्तर
जिल्ला अदालत	४१६२२७	१५७३९५	६२.१९
उच्च अदालत	१११५३२	२४७५९	७७.८०

(स्रोत : सर्वोच्च अदालत)

मुद्दा फर्स्यौटलाई प्रभावकारी बनाउन रणनीतिक योजनाको लक्ष्य अनुरूप फरक मुद्दा व्यवस्थापन पद्धतिको अनुसरण न्यायपालिकाले गर्‍यो। जिल्ला अदालतहरूमा ०७७ साउन १ र उच्च अदालतमा ०७७ भदौ १ गतेदेखि लागु गरिएको यस पद्धतिअनुसार मुद्दालाई सरल, सामान्य र विशेष गरी तीनओटा समूहमा विभाजन गरी तीन समूहमा मुद्दाहरू क्रमशः ६ महिना, १२ महिना र १८ महिनामा फर्स्यौट गर्ने समयावधि निर्धारण गरिएकोमा उद्देश्य अनुरूप लक्ष्य हासिल गर्न सकेको देखिँदैन। जिल्ला अदालतमा विशेष समूहमा वर्गीकरण गरिएको मुद्दा दर्ता भएको मितिले १८ महिनाभित्र फर्स्यौट गर्ने लक्ष्य रहेका २४.७९ प्रतिशत मुद्दा र उच्च अदालतमा जम्मा १३.५३ प्रतिशत मात्र मुद्दा फर्स्यौट हुन सकेको छ।

सर्वोच्च अदालतमा यो प्रणालीको पाँचौ रणनीतिक योजनाको कार्यान्वयन अवधिमा लागु गर्ने लक्ष्य रहेको छ।

मुलुकी देवानी कार्यविधि संहिता तथा मुलुकी फौजदारी कार्यविधि संहिताले मुद्दा फैसला भएको २१ कार्यदिनभित्र फैसला तयार गर्नुपर्ने व्यवस्था गरेको भए तापनि सोअनुरूप फैसला तयार गर्न नसकिएको चौथो रणनीतिक योजनाको कार्यान्वयन समीक्षामा उल्लेख गरिएको छ। समीक्षा अनुसार सर्वोच्च अदालतले ९.२९ प्रतिशत मात्र लेखन सम्पन्न गरी ९०.७१ प्रतिशत फैसला लेखनको काम बाँकी राखेको छ भने जिल्ला अदालतले सबैभन्दा बढी ७८.७८ र उच्च अदालतले ६५.७४ प्रतिशत फैसला लेखन सम्पन्न गरेको छ।

फैसला कार्यान्वयनतर्फ पनि कार्यान्वयको लक्ष्य र प्रगतिबिच ठूलो अन्तर रहेको चौथो रणनीतिक योजनाको कार्यान्वयन समीक्षाले देखाउँछ। आर्थिक वर्ष ०७६ देखि ०८१ सम्म १ लाख ५१ हजार १ सय ८९ ओटा देवानी मुद्दाको फैसला कार्यान्वयन गर्ने लक्ष्य लिएकोमा ८६.४२ प्रतिशत र १ लाख २८ हजार ९ सय १९ ओटा फौजदारी मुद्दाको फैसला कार्यान्वयन गर्ने लक्ष्य लिएकोमा ६३.२६ प्रतिशत फैसला कार्यान्वयन हुन सकेन। ९०.३४ प्रतिशत सरकारी बिगो भराउन नसकेको समीक्षाले देखाउँछ। त्यसैगरी रणनीतिक योजना कार्यान्वयनको अवधिमा सार्वजनिक सरोकारका विवादमा भएका ३ सय २३ ओटा आदेश जम्मा १ सय ६० ओटा फैसलाको कार्यान्वयन भयो। वार्षिक प्रतिवेदन ०७९/८० अनुसार सर्वोच्च अदालतबाट भएका निर्देशनात्मक आदेश, परमादेशलगायत गरी जम्मा १ सय ९६ ओटा आदेश फैसला कार्यान्वयन निर्देशनालयमा दर्ता भएकोमा ४४ ओटा आदेशको कार्यान्वयन भएको छ भने १ सय ५२ ओटा आदेशको कार्यान्वयन हुन बाँकी रहेको छ।

सर्वोच्च अदालतले २०६१ सालदेखि पाँच ओटा मुद्दामा बाल अदालत गठन गर्न सरकारको नाममा आदेश दिएको भए पनि कार्यान्वयन हुन सकेको छैन। फैसला कार्यान्वयनको माग गर्दै परेको निवेदनमा सर्वोच्च अदालतले असोज ०८० मा सरकारका नाममा थप आदेश (गोरखा पत्र, ०८१), जारी गरेको छ। त्यसैगरी, महानगरका सडक व्यवसायीको व्यवस्थापन र रोजगारीका वैकल्पिक उपायसहितको कार्ययोजना बनाउन र २४ वैशाख ०८० मा कार्ययोजना पेश गर्न सरकारकालाई दिएको आदेश पालना नगरेकोमा कार्ययोजना लिएर १५ दिनभित्र महान्यायाधिवक्ताको

तालिका ६.१.३ तीन तहको अदालतमा फैसला लेखनको अवस्था



(स्रोत : न्यायपालिकाको पाँचौ पञ्चवर्षीय रणनीतिक योजना)

कार्यालय मार्फत पेस गर्न सरकारलाई ०८१ जेठ ५ मा दोहोऱ्याएर आदेश दियो। म्यादभित्र गर्न नसकेको अवस्थामा न्याय प्रशासन ऐनको दफा ३४(२) बमोजिम इजलासमा पेस गर्ने समेत आदेशमा उल्लेख छ।

चौथो रणनीतिक योजनाले पाँच ओटा लक्ष्य र २३ ओटा रणनीतिक उद्देश्यहरू निर्धारण गरेकोमा लक्ष्य बामोजिम प्रगति हासिल गर्न नसक्नुमा निर्धारित लक्ष्यहरू बढी महत्त्वाकाङ्क्षी हुनु, योजनाले प्रक्षेपण गरेको बजेट, भौतिक साधन स्रोत तथा जनशक्तिको कमी, योजनाका प्राथमिकताहरूबिच तालमेल नहुनु, योजनालाई आन्तरिकीकरण गर्न नसक्नु योजना कार्यान्वयनमा रहेका चुनौतीको रूपमा पाँचौ रणनीतिक योजनाले पहिचान गरेको छ। पाँचौ रणनीतिक योजनाले निर्धारण गरेका पाँच ओटा लक्ष्य र २९ ओटा रणनीतिक उद्देश्यहरू पनि यथार्थपरक र अनुमानयोग्य ढङ्गबाट तर्जुमा गर्न नसकिएकाले अघिल्ला योजनाहरू अनुरूप नै महत्त्वाकाङ्क्षी र योजना अवधिमा हासिल गर्न चुनौतीपूर्ण देखिन्छ।

५. न्यायमा पहुँच

न्यायाधीश र अन्य न्यायिक कर्मचारीहरूको नियुक्ति, दरबन्दी र उचित व्यवस्थापन न्यायमा पहुँच सुनिश्चित गर्नका लागि कुनै पनि अवस्थामा सम्झौता गर्न नसकिने आधारभूत विषय हो। सर्वोच्च अदालतका पाँचजना न्यायाधीशहरू ईश्वर खतिवडा, सुष्मालता माथेमा, डा. आन्नद मोहन भट्टराई र विश्वम्भरप्रसाद श्रेष्ठ ले यस वर्ष अवकास लिए र प्रधानन्यायाधीश विश्वम्वरप्रसाद श्रेष्ठले अवकाश लिएपछि रोलक्रममा रहेका न्यायाधीश प्रकाशमान सिंह राउत (कान्तिपुर, ०८१) प्रधानन्यायाधीश बनेका छन्।

न्यायपालिकाको विकृति, विसङ्गतिबारे अध्ययन गर्न सर्वोच्च अदालत बार एशोसिएशनले गठन गरेको समिति र सर्वोच्च अदालतका न्यायाधीश

हरिकृष्ण कार्कीको नेतृत्वमा न्यायपालिकाको विकृति विसङ्गतिबारे अध्ययनमा उनी संलग्न भएकाले ती प्रतिवेदनहरूले उठाएका कानुनी राज र सुशासन, न्यायिक स्वतन्त्रता र जवाफदेहिता, जनआस्था लगायतका सबालहरू सम्बोधन गर्नुपर्ने जिम्मेबारी उनीमाथि पनि रहेको छ। खासगरी मुद्दामा स्वचालित प्रणाली लागु भएमा न्यायालयमा रहेको विकृति र विसङ्गतिहरू नियन्त्रण गर्ने सम्बन्धमा न्यायपालिकाको अग्रसरता सेवाग्राहीले स्पष्ट रूपमा महसुस गर्ने थिए। कानुन व्यवसायीको पृष्ठभूमिबाट आएकाले बार र बेञ्चबिच रहेको द्वन्द्व न्यूनीकरणमा महत्त्वपूर्ण भूमिका रहने अपेक्षा गर्न सकिन्छ। तर, प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले न्याय परिषद् नियमावलीमा गरेको संशोधनले प्रधानन्यायाधीश तथा न्यायपरिषद्लाई थप विवादमा पारी संविधान र ऐन बमोजिम हुने कामकारबाहीलाई नियमावलीबाट चल्ने प्रथा बसालिदिएकोले यस संशोधनलाई (न्याय परिषद्) खारेज गर्नुपर्ने बारको अडान (पहिले नियुक्त) रहेको अवस्थामा बारसँगको समन्वय, न्याय प्रशासनको दैनिक कामकाजमा संलग्न नभएको र जिल्ला तहदेखिको अनुभव नभएकोले कर्मचारीको कार्यशैली र स्वरूप बुझ्ने र न्याय सेवा कर्मचारीलाई विश्वासमा लिएर न्यायपालिकाको नेतृत्व गर्ने साथै राजनीतिक प्रभावबाट न्यायालयलाई मुक्त राख्नु उनका लागि चुनौतीपूर्ण हुने अनुमान गर्न सकिन्छ।

२१ न्यायाधीशको दरबन्दी रहेको सर्वोच्च अदालतमा हाल १७ न्यायाधीश छन्, चार दरबन्दी रिक्त छ। २०७९ सालमा न्यायाधीश मीरा खड्काको अवकाश भएयता सबै न्यायाधीशको पदपूर्ति हुन सकेको छैन। पाँच ओटा पद रिक्त रहँदा दुई जना (नृपध्वज निरौला र नित्यानन्द पाण्डे) मुख्य न्यायाधीशलाई मात्रै नियुक्तिका लागि सिफारिस गर्नुमा कुनै वस्तुनिष्ठ तथ्य र आधार देखिँदैन। २०८० मंसिरमा ६ जना न्यायाधीश दरबन्दी रिक्त रहेकोमा माओवादी कोटामा सिफारिस हुने न्यायाधीशका लागि पद रिक्त राखेर नाम सिफारिस गरिएको थियो। सर्वोच्च अदालतमा कुनै न्यायाधीशको पद रिक्त हुनु एक महिनाअघि नै नियुक्तिका लागि न्याय परिषद्ले संवैधानिक परिषद्लाई सिफारिस पत्र लेखी पठाउने संवैधानिक व्यवस्था छ। संविधानको व्याख्या गर्ने विशेष अधिकार पाएको न्यायालयसँगै प्रत्यक्ष जोडिएको न्यायाधीश नियुक्तिको विषय भने न्याय परिषद् र यसका सदस्यहरूले पालना गर्न सकेको छैनन्। न्यायाधीशहरूको सिफारिस नहुँदा नियमित रूपमा दुई ओटा संयुक्त इजलास प्रभावित भइरहेको छ। राजनीतिक हस्तक्षेप हुनु र न्यायिक नेतृत्वले हस्तक्षेपलाई रोक्न नसक्नु प्रमुख कारण हो। सर्वोच्च अदालतमा नियुक्तिका लागि वरिष्ठ अधिवक्ता भएका व्यक्तिलाई मात्रै सिफारिस गर्ने नीतिगत निर्णय भएको छ तर, कार्यान्वयन हुन सकेको छैन।

उच्च अदालतमा तीन जना मुख्य न्यायाधीशसहित रिक्त न्यायाधीशको सङ्ख्या २३ छ भने जिल्ला अदालतमा पाँच जना न्यायाधीशको दरबन्दी रिक्त छ। बारले उच्च अदालतका न्यायाधीश नियुक्ति सम्बन्धमा नियमावली संशोधनको माग राखेको कारणले रोकिएको हो। नियमावलीले नयाँ न्यायाधीश नियुक्ति गर्दा पुराना न्यायाधीशभन्दा बरियतामामाथि राखिएको तर्क गर्दै नेपाल बारले न्याय परिषद् नियमावली २०७४ खारेजको माग गर्दै आएको छ। न्याय परिषद्को संशोधित नियमावली अनसार मुख्य रजिष्ट्रारबाट न्यायाधीश हुने व्यक्तिलाई वरीयताक्रममा अघि राख्नेगरी नियमावली संशोधन गरेको थियो। न्याय परिषद नियमावली २०७४ को नियम ११ मा इजलास कायम गर्ने, पेसी सूची तोक्ने तथा अदालतको प्रशासनिक काम कारबाही सञ्चालन गर्ने प्रयोजनको लागि वरिष्ठता कायम गर्ने व्यवस्था छ। कर्मचारी र कानुन व्यवसायीबाट नियुक्ति हुँदाको बरियताक्रममा अगाडि पर्ने भन्ने विषयले न्यायाधीश नियुक्ति अन्योलमा परेको हो। प्रधानन्यायाधीशले बारसँग तत्काल छलफल गरेर न्याय परिषद् नियमावली संशोधनको प्रकृया अगाडि बढाउनु पर्दछ। बार र बेञ्चको सम्बन्ध अटुट रहेकाले बार र न्याय परिषद्मा विद्यमान राजनीतीकरण अन्त्य भएमात्र न्यायाधीश नियुक्ति स्वतन्त्र रूपले हुन सक्छ ।

हाल अदालतमा रहेका १७ जना न्यायाधीशमध्ये १५ जना पुरुष र दुई जना महिलाको उपस्थिति रहेकोमा बाहुल्यता पुरुष ब्राहमणको रहेको छ। १५ जना पुरुषमा १२ जना ब्राहमण, दुई जना जनजाति र एक जना मुसलमान रहेको छन्। नियुक्त हुने न्यायाधीशहरूमा अधिकांश पुरुष ब्राह्मण रहने गर्दछन्।

न्यायमा पहुँचका अवरोधहरूको सम्बोधन गर्ने, प्रवाह हुने सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउने, कानुनी सहायतालाई प्रभावकारी बनाउने, सूचना प्रवाह मार्फत न्यायिक प्रक्रिया र प्रणालीबारे जानकारी दिने र पीडितमैत्री न्याय प्रणालीको सुदृढीकरण गर्ने लक्ष्य चौथो रणनीतिक योजनाले लिएकोमा योजनाको

कार्यान्वयनले लक्षित उपलब्धि हासिल गर्न सकेन। न्यायमा पहुँच सम्बन्धमा विद्यमान अवरोधहरूको पहिचान र सम्बोधन, अदालतका भौतिक संरचना, न्यायिक प्रकृया र प्रविधिको जटिलता, र मानवीय स्रोतस्रोत सेवाग्राही मैत्री, अपाङ्गता भएका व्यक्तिहरूको भाषिक आवश्यकलाई सम्बोधन गर्न, कानुनी सहायता लगायतका उपलब्ध सेवाहरू प्रभावकारी र गुणस्तरीय नहुनु र यस्ता सेवाबारे जानकारी, प्रविधिको प्रयोगबारे जानकारी नहुन तथा प्रविधि प्रयोगकर्तामैत्री, अदालतमा लैङ्गिक तथा सामाजिक समावेशीकरणको सिद्धान्तको प्रवर्द्धन र अदालत अन्तर्गतका भौतिक तथा मानवीय संरचना पीडितमैत्री अथवा पीडितमैत्री न्यायप्रणाली प्रति न्यायापलिका गम्भीर नहुनु प्रमुख चुनौतीहरू हुन्। उल्लिखित चुनौती तथा अवरोधहरूका सम्बन्धमा समय समयमा अदालतबाट हुने गरेका अध्ययन अनुसन्धानहरूले पनि औंल्याएका छन् तर त्यस्ता अध्ययन प्रतिवेदनले गरेका सिफारिसको कार्यान्वयन अदालतको प्राथमिकतामा पर्ने गरेको छैन। न्यायमा पहुँच सुनिश्चित गर्न वार्षिक योजनामा समावेश गरिएको कामहरू केही बजेट अभावका कारण त केही सरोकारवालाहरूसँग समन्वय गर्न नसकेको कारणले र केही न्यायपालिकाको क्षमताका कारणले सम्पन्न गर्न नसकेको देखिन्छ। (न्यायमा पहुँच आयोग, २०८१) योजना अनुमान योग्य ढङ्गबाट गर्न नसकेको र न्यायिक निकाय लगायत बाह्य निकायहरूसँगको समन्वय र समाञ्जस्य कायम गर्ने सम्बन्धमा न्यायपालिकाको दक्षता रणनीतिक रूपमा निर्बाह गर्न नसकेको देखिन्छ।

न्यायालय समक्ष विवाद पुरयाउनु मात्रै न्यायमा पहुँच होइन। मुद्दाका पक्षहरूलाई शीघ्र न्यायको लागि मार्ग प्रशस्त गर्नु न्यायमा पहुँच हो। न्यायाधीशहरूको व्यवस्थापन गर्न नसक्नु, उनीहरूको कार्यबोझ बढाउनु, प्रभावकारी न्याय सम्पादन र पहुँचलाई न्यायप्रशासनले गम्भीरतापूर्वक नलिनु हो। न्यायपरिषद्ले ०८० माघ २३ गते गरेको निर्णयले न्यायालयको न्याय सम्पादन गर्ने दायित्व र नागरिकको न्यायमा पहुँचको अधिकारलाई बेवास्ता गऱ्यो। डडेलधुरा जिल्ला अदालतका न्यायाधीशलाई चितवन जिल्ला अदालतमा काज सरुवा गरेपछि डडेलधुरामा न्यायाधीश नपठाइ बैतडी जिल्ला अदालतमा कार्यरत न्यायाधीशलाई नै दुवै जिल्लाको जिम्मेवारी १५/१५ दिन हेर्ने गरी तोकियो। १५ साउन २०८१ मा अर्थात ६ महिनापछि कास्की जिल्ला अदालतका न्यायाधीशलाई डडेलधुरा सरुवा गरी त्यस जिल्लाको जिम्मेवारी तोकियो। त्यसैगरी, सर्वोच्चमा न्यायाधीश नियुक्ति नहुँदा थुनामा रहेका बन्दीहरू पुनरावेदनपत्र दायर गरेको तीन वर्षसम्म पनि शुरू सुनुवाइको पालो नआउने, अर्कातिर फौजदारी अपराधमा जन्मकैद तोकिएकाहरूलाई चाहिँ सरकार र राजनीतिक दलसँग स्वार्थ जोडिएकै आधारमा प्रत्येक साता मुद्दाको पेशी राखिदिने जस्ता मनोमानी सर्वोच्च अदालतमा भइरहेको छ। (ओली, ०८१)

कानुन र प्रविधिबिचको बढ्दो तादतम्यले सञ्चारको व्यापक प्रयोग र प्रभावकारिताको युगमा न्याय प्रशासनलाई सञ्चार र प्रविधिबाट अलग राख्न सकिँदैन। न्यायपालिकामा अनलाइन तारेखको व्यवस्था, सूचना प्रविधिको प्रयोग गरी भिडियो कन्फेरेसिङ मार्फत साक्षी वकपत्र, श्रव्यदृश्य माध्यमबाट मुद्दाको सुनुवाइ, अदालतका फैसलाहरूको विद्युतीय पहुँच लगायतका सूचना प्रविधिको प्रयोगले न्याय पहुँचयोग्य, प्रभावकारी छिटो छरितो र किफायती बनाउनका लागि नै भएकोमा कुनै द्विविधा छैन। तर, यसको विकास र उपयोग आवश्यकता अनुरूप हुन सकेको छैन। कार्यान्वयनमा ल्याइएका प्रविधिहरू प्रयोगकर्तामैत्री नहुनु, प्रयोगकर्तामैत्री बनाउन आवश्यक कदम प्रभावकारी रूपमा नचालिनु र अदालतका कर्मचारी पनि प्रविधि प्रयोग गर्न सक्षम नहुनु, न्याय सुधारको लक्ष्य र प्रविधिको लगानीबीचको भिन्नता, कमजोर संस्थागत क्षमता र गतल प्राथमिकता, नीति निर्माता र न्यायाधीहहरूमा प्रविधि र यसको प्रयोगबारे ज्ञान, सीप र उत्साहको अभाव, न्याय सम्पादन र नियमन गर्ने आवश्यक कानुनको अभाव, गोपनीयता र सूचनाको सुरक्षा मुख्य चुनौती (चापागाई, २०८१) हुन्। अनलाइन मार्फत मुद्दा दर्ता र पेसीको सूचना स्वचालित रूपमा पठाउने प्रणालीको शुरुआत सर्वोच्च अदालतले ०८१ जेठ १ गतेदेखि गऱ्यो। यस्तो प्रविधिको प्रयोग उच्च र जिल्ला अदालतमा पनि लागु गर्ने तयारी न्यायालयको रहेको छ। यस्तो प्रणालीको प्रयोगले सेवाको पहुँचमा सहजता, सरलता र सुविधा हुनुका साथै सेवालाई पारदर्शी, अदालती काम क्रमश: कागजबिहीन बनाउने र अभिलेख व्यवस्थामा सहजता ल्याउन सहयोग गर्ने भएता पनि स्थानीय स्तरमा इन्टरनेटको पहुँच र प्रविधि प्रयोग गर्न आवश्यक सीप र दक्षता चुनौतीका रूपमा रहेको छ।

७. जनआस्था

न्यायपालिका कति निष्पक्ष र सक्षम छ भन्ने विषय संविधान र कानुनले मात्र निर्धारण गर्ने विषय होइन, न्यायपालिकामाथि जनताको आस्था एवं विश्वास न्यायिक स्वतन्त्रता र जवाफदेहिता मापन गर्ने सूचक हो। सन् १९८६ मा अमेरिकी न्यायाधीश फेलिक्स फ्रान्कफर्टरले 'अदालत न त पैसा न त तरवार, यसप्रतिको नैतिक स्वीकृति भनेको केवल जनताको दिगो विश्वासमा निर्भर गर्दछ' भनेका छन्। भारतको सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश डी वाइ चन्द्रचुडले न्यायिक निकायको विश्वसनीयताको केन्द्रबिन्दु भनेको जनविश्वास हुने भएकोले न्यायालयको सञ्चालन जनमतबाट अलग रहन सक्दैन भनेका छन्। त्यसैगरी, नेपालको सर्वोच्च अदालतका पूर्व न्यायाधीश दीपककुमार कार्की र डा.आनन्दमोहन भट्टराईले ०७८ सालमा संवैधानिक इजलासको संरचनालाई सम्बोधन (न्यायाधीश, ०७८) गर्ने क्रममा न्यायिक शक्ति जनताको विश्वासमा आधारित रहेको उल्लेख गर्दै अविश्वासी न्यायाधीशले दिएको न्यायलाई विश्वसनीय मान्न सकिँदैन। न्याय प्राप्त गर्न निष्पक्ष परिणाम मात्र आवश्यक पर्दैन, सम्पूर्ण न्यायिक प्रक्रिया स्वच्छ र निष्पक्ष हुनुपर्दछ भनेका छन्।

न्यायपालिका बाहेक अन्य सार्वजनिक संस्थाहरूप्रतिको विश्वास मुख्यतया स्वतन्त्र र निष्पक्ष चुनाव मार्फत बढाइन्छ र कायम राखिन्छ, जनता र न्यायपालिकाबीच अन्य निकायमा जस्तो चुनावी सम्बन्ध नहुनाले न्यायिक प्रणालीमा जनताको विश्वास विशेष गरी महत्त्वपूर्ण हुन्छ। कानुनको शासन र न्यायपालिकाको संरक्षकको रूपमा अदालत र न्यायपालिकाहरूले आफ्नो कार्य र कर्तव्यहरू प्रभावकारी रूपमा पूरा गर्न सार्वजनिक विश्वास र आस्था आवश्यक पर्छन्।

न्यायपालिकाले दिने कतिपय आदेशहरूले नजीरको स्थान लिने गर्दछन्। हरेक आदेश र ती आदेशहरूमा गरिने संविधान र कानुनको व्याख्या जनआस्थासँग प्रत्यक्ष रूपमा जोडिएका हुन्छन्। यस वर्ष नागरिकहरूको आधारभूत अधिकार प्रत्याभूति गर्ने सम्बन्धमा न्यायपालिकाबाट थुप्रै आदेश जारी हुनुका साथै ती आदेशमा भएका व्याख्यात्मक टिप्पणीले न्यायपालिका नागरिकहरूको अधिकारप्रति सजग भएको भान हुन्छ।

महिला, बालबालिका, ज्येष्ठ नागरिक, फौजदारी अपराध प्रभावित, मानव बेचबिखन, द्वन्द्व प्रभावित, श्रमिक र लैङ्गिक अल्पसङ्ख्यक नागरिकको मानव अधिकारको संरक्षण गर्ने सम्बन्धमा मानव तस्करी सम्बन्धमा उचित कानुन बनाउन र सो को कार्यान्वयन गर्न ०८० पुस २९ गतेको निर्देशन (नेपाल सरकार), राष्ट्रिय मानवअधिकार आयोगको सिफारिसअनुसार मुद्दा चलाउन राष्ट्रिय मानवअधिकार आयोगले गरेका सिफारिसहरुको कार्यान्वयन गराउन माग गर्दै हालिएको रिटमा अदालतले आयोगले संशोधनकालागि प्रधानमन्त्री कार्यालयमा पठाएको ऐन संशोधन प्रस्ताव तत्काल सङ्घीय संसदमा पठाउन आयोगबाट सिफारिस भइ महान्यायाधीवक्ता समक्ष पेश भएका मुद्दा चलाउन, मानवअधिकार उल्लङ्घनकर्ताको नाम सार्वजनिक गर्न, त्यस्ता व्यक्तिलाई कुनै संवैधानिक वा सार्वजनिक पदमा नियुक्ति तथा बढुवा वा कुनै सुविधान प्रदान नगर्न र अगोगको सिफारिस कार्यान्वयन नगर्ने अधिकारीमाथि अवहेलनामा कारवाही गर्ने समेत भनेको छ।

सरकारका नाममा ०८० माघ १४ गतेको निर्देशनात्मक आदेश सामावेशी सिद्धान्त र संविधानको धारा २८ को विस्तृत व्याख्या गरी समावेशी सिद्धान्तलाई व्यवहारिक कार्यान्वयनको लागि विद्यमान कानुनमा थप परिमार्जन गर्न ३० फागुन २०८० को निर्देशनात्मक आदेश (सर्वोच्च अदालत (२०८०), जबरजस्तीकरणी मुद्दामा पीडितको बकपत्रका आधारमा मात्र कसुर ठहर गर्न नमिल्ने ०८० चैत ७ गतेको निर्णय (सर्वोच्च अदालत, ०८१), श्रमिकको न्यूनतम पारिश्रमिक सम्बन्धमा ०८० चैत १६ गतेको फैसला(सर्वोच्च अदालत, ०८१), सङ्क्रमणकालीन न्यायका कामकारबाहीहरू गर्दा सत्य अन्वेषण, न्याय र द्वन्द्व प्रभावित सबै पक्षको परिपूरणको न्यायोचित प्रबन्ध गर्ने गरी आवश्यक र उपयुक्त व्यवस्था गर्न ०८१ वैशाख १७ गतेको निर्देशनात्मक आदेश(सर्वोच्च अदालत,२०८१), बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग गठन सम्बन्धमा ०८१ वैशाख १७ गतेको आदेश (सर्वोच्च अदालत, ०८१), जबरजस्तीकरणी पूर्ण अपराध नभएको तर कसुरको उद्योग भएको अवस्थामा समेत क्षतिपूर्ति भराउन ०८१ भाद्र १२ को आदेश(सर्वोच्च अदालत, ०८१), स्वअनुभूतिको आधारमा आफ्नो लैङ्गिक पहिचान निर्धारण गर्ने अधिकार सबैलाई हुने सम्बन्धमा २० कात्तिक ०८१ को आदेश (सर्वोच्च अदालत,०८१), द्वन्द्वकालको घटनाको पर्याप्त अनुसन्धान गरेर स्पष्ट आधार वा कारण खुलाएर मात्रै उजुरीलाई टुङ्ग्याउन

सत्य निरूपण तथा मेलमिलाप आयोगलाई ४ पुस ०८० को आदेश (सर्वोच्च अदालत, ०८१)।, ज्येष्ठ नागरिकलाई जरिवाना बापत बस्नुपर्ने कैदमा सहुलियत दिने सम्बन्धमा ०८१ मङ्सिर २० गतेको आदेश (बह्रखरी, ०८१), संविधानले दिएको एकल अधिकारको प्रयोग गर्दा स्थानीय तहले जस्तोसुकै कानुन बनाएर शासन गर्न नपाउने ०८१ साउन १६ गतेको आदेश (सर्वोच्च अदालत, ०८१) र कानुनको विवादमा परेका बालबालिकाको हकमा पक्षहरू सहमत भएको अवस्थामा मुद्दा दिशान्तर (नेपाल कानुन आयोग, ०७५) गरी मेलमिलाप गर्ने ०८१ मङ्सिर २४ को काठमाडौँ जिल्ला अदालतको आदेश (सर्वोच्च अदालत, ०८१) हरू मार्फत न्यायिक जवाफदेहिता र सकृयता प्रदर्शन गर्नु अधिकार, न्याय र कानुनी शासनको सम्मान गर्दै जनआस्था बृद्धि गर्ने सन्दर्भमा न्यायालयको गम्भीरता र सकारात्मक कदम भएको मान्नु पर्छ।

यद्यपि, न्यायपालिका तथा न्यायाधीशहरूले उचित कारण बिना कानुनद्वारा निर्धारित अवधिभित्र मुद्दाको कारबाही र किनारा नगर्ने, मुद्दामा एकैपटक गर्न सकिने आदेश वा निणर्य एकै पटक नगरी वा कानुन बमोजिम मुलतवी राख्नुनपर्ने मुद्दा मुलतवी राखी वा मुलतवी रहेको मुद्दा नजगाइ असान्दर्भिक वा कानुन प्रतिकूल कारबाही वा आदेश गरी मुद्दालाई अनावश्यक रूपमा लम्व्याउने, मुद्दाको कारबाही र किनारा गर्दा असान्दर्भिक कानुनको प्रयोग गरी वा कानुनको स्पष्ट र असम्बन्धित व्याख्या वा अर्थलाई उपेक्षा गरी अर्कै व्याख्या वा अर्थ गरी मुद्दा कारबाही र किनारा गर्ने, एकै किसिमको कानुनी प्रश्न रहेको भिन्नभिन्न मुद्दामा भिन्नभिन्न राय कायम गरी कारबाही वा निर्णय गर्ने, मुद्दाका पक्षलाई उपस्थित गराएको वा तारिखका दिन मनासिव कारण बिना गर्नुपर्ने काम नगरी पन्छाउने, प्रमाण बुझ्ने आदेश गर्दा पक्षहरूको मुख मिलेको र नमिलेको तथ्य वा प्रश्न स्पष्ट नगरी प्रमाण बुझ्ने मात्र आदेश गर्नेजस्ता विकृति देखिन्छ। मनासिब कारण बिना निर्धारित समयमा इजलास नबस्ने वा मुद्दाको सुनुवाइ नगर्ने, निर्धारित समयभित्र फैसला नलेख्ने, आफूलाई कारबाही किनारा गर्न इच्छा नलागेको मुद्दालाई आफन्तको वकालतनामा दर्ता गराइ पन्छाउने, आफ्नो अदालतको काम पन्छाएर तल्लो तहको अदालत अनुगमन, सङ्घ संस्थाको कार्यक्रममा स्रोत व्यक्तिका रूपमा उपस्थित हुनेजस्ता कार्यले न्यायाधीशको आचरणप्रति प्रश्न उठाएको छ।

द्वन्द्वकालीन घटनामा व्यक्ति हत्याको अभियोग लागेका नेकपा (माओवादी केन्द्र)का नेता अग्नि सापकोटालाई अनुसन्धानको दायरामा ल्याउनुपर्ने माग सहित परेको रिटमा सर्वोच्च अदालतको संवैधानिक इजलासले फैसला सुनाउने मिति तोकेको चार महिनापछि अन्य आदेश दिएर टार्ने, निणर्य सुनाउनु पर्ने गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घन तर राजनीतिक विषयवस्तु पनि समावेश भएका विवादको निणर्य नसुनाइ पदमुक्त हुने, सरकारको प्रत्यक्ष सरोकार भएका राजनीतिक व्यक्ति समावेश भएका मुद्दाको अवस्था अनुसार दरपिठ गर्ने वा विभिन्न कारण देखाइ पेसी सार्ने वा शीघ्र निर्णय गर्ने अवस्थाले न्यायालयमा राजनीतिक दल र कार्यकारी हावी भएको स्पष्ट प्रतिबिम्वित हुन्छ। (कानुन व्यवसायी, ०८१) स्मरणरहोस् संवैधानिक इजलासमा प्रधानन्यायाधीशको मुख्य भूमिका रहने हुनाले प्रधानन्यायाधीश विश्म्भरप्रसाद श्रेष्ठ पदमुक्त भएपछि प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतको नेतृत्वमा गठन भएको संवैधानिक इजलासले अग्नि सपकोटा विरुद्धको मुद्दाको अङ्ग पुगेको भए तापनि कारबाही दोहोऱ्याउनुपर्ने अवस्था छ। न्यायलयमा हुने यस्ता अस्वाभाविक कामहरूले न्यायालयप्रति जनविश्वास घटाएकोछ।

भ्रष्टाचार जस्तो गम्भीर फौजदारी अभियोगमा प्रतिवादीलाई सर्वोच्च अदालतको पूर्ण इजलासले सफाइ दिएको सम्बन्धमा परेको निवेदन पुनरावलोकन गर्ने सन्दर्भमा पूर्ण इजलासले त्रुटिपूर्ण व्याख्या गरी नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार आरोपितलाई सफाइ दिएको निणर्य बृहत पूर्ण इजलासले त्रुटिपूर्ण भनी औंल्यायो। बृहत पूर्ण इजलासले कानुन र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुकूल फैसला नगरेको भन्दै पूर्ण इजलासले सफाइ दिई सर्वोच्च अदालतले आफ्नै निणर्य बदर समेत गऱ्यो। यस्ता त्रुटिपूर्ण निर्णयले अदालतप्रतिको जनआस्थामा नकारात्मक असर पार्दछ। संसदीय सुनुवाइको क्रममा संसदीय सुनुवाइ समितिले प्राय: सबैजसो न्यायाधीशहरूलाई न्यायालयप्रति जनआस्था खस्कँदै गएको जनगुनासो र जनआस्था बृद्धि गर्नका लागि खेल्ने भूमिका र योजना सम्बन्धमा प्रश्न गर्ने र प्रतिबद्धता खोज्ने गरेका छन्। विचौलिया र राजनीतिक दबाबको कारण न्याय निरूपणमा पर्ने प्रभाव र त्यसले न्यायालयप्रति भरोसा अभिवृद्धि हुन नसकेको उल्लेख संसदहरूले गर्ने गरेका छन्। न्यायाधीशहरूले पनि जनआस्थामा प्रभाव परेको स्वीकारोक्ति गरे पनि जनआस्था बढाउन र बिचौलियको प्रभावबाट

न्यायालयलाई मुक्त राख्ने सम्बन्धमा ठोस रणनीति स्पष्ट रूपमा राख्न सकेको देखिँदैन। उदाहरणको लागि सर्वोच्च अदालतको लागि प्रधानन्यायाधीशको पदको लागि विश्वभरप्रसाद श्रेष्ठ र अन्य दुईजना न्यायाधीशहरू (नृपध्वज निरौला र नित्यानन्द पाण्डेय) ले संसदीय सुनवाइमा न्यायालयप्रति जनआस्था बढाउनुपर्ने र सामूहिक प्रयासबाट सकारात्मक परिणाम निकाल्न सकिने तर्क प्रस्तुत गरेता पनि जनआस्था बढाउन आवश्यक ठोस कार्ययोजना र रणनीति भने प्रस्तुत गर्न सकेको देखिएन।

न्याय नपाएका नागरिकहरूको न्यायालयप्रति वितृष्णा बढेको अवस्था देखिन्छ। मुद्दाहरूको कारबाही अगाडि नबढाएको कारणले न्यायप्रतिको निराशाका कारण पीडितहरूले सर्वोच्च अदालतमा कालो मसी छ्याप्ने, अदालतमा विचाराधीन विवाद सम्बन्धमा टिकाटिप्पणी गर्ने, न्यायाधीशहरूको विगतको राजनीतिक आस्थाले न्यायालय प्रभावित र परिचालित हुन्छ भन्ने विश्वास हुनुले न्यायालयप्रति जनताको घृणा उजागर गर्दछ। न्यायपालिकामा जनआस्था खस्कँदै गएका कारण जनआस्था वृद्धि गर्न न्यायपालिका रणनीतिक रूपमा अगाडि बढेको २० वर्ष भइसक्दा पनि जनआस्था वृद्धि हुनुको साटो खस्कँदै गएको सेवाग्राही, सञ्चार माध्यम र कानुन व्यवसायीहरूको भनाइ रहेको छ।

'न्यायपालिकाको आस्था र विश्वास अभिवृद्धि' गर्ने लक्ष्य अनुरुप चौथो पञ्चवर्षीय रणनीतिक योजनाले अदालतका काम कारबाही सम्बन्धमा सेवाग्राहीको सन्तुष्टि अभिवृद्धि गर्ने रणनीतिक उद्धेश्य हासिल गर्न अदालतको काम कारबाहीको बारेमा सेवाग्राहीको सन्तुष्टि मापन गर्ने लक्ष्य (सर्वोच्च अदालत, २०७६) राखेको थियो। योजनाको मध्यावधि मूल्याङ्कन अनुसार अदालतको काम कारबाहीको बारेमा सेवाग्राहीको सन्तुष्टि मापन गर्ने सम्बन्धी मापदण्ड निर्धारण गर्ने र सबै अदालतमा आवधिक रूपमा सेवाग्राही सन्तुष्टिको स्तर मापन गर्ने जम्मा दुई ओटा कार्य आंशिक रूपमा सम्पन्न भएको, सेवाग्राही सन्तुष्टि मापन निर्देशिका निर्माण प्रारम्भसम्म भएको र निर्धारित मापदण्डको आधारमा सन्तुष्टि मापन गर्नको लागि आधारभूत सर्वेक्षण गर्ने कार्य प्रारम्भ हुननसेको (सर्वोच्च अदालत, २०७६) उल्लेख छ। पाँचौ रणनीतिक योजनाले यस लक्ष्यलाई निरन्तरता दिँदै अदालतको काम कारबाही र सेवा प्रवाहको बारेमा सेवाग्राहीको सन्तुष्टि मापन गर्न मापदण्ड बनाइ आवधिक रूपमा मूल्याङ्कन गर्ने पद्धति विकास गर्ने योजना बनाएको छ। न्यायपालिकाले यस लक्ष्यलाई प्राथमिकतमा राखी योजना कार्यान्वयन अवधिभित्र नै कार्यान्वयन गर्न सकेको अवस्थामा विद्यमान चुनौती र सुधारका अवसर पहिचान भई न्यायालय सुधारको मार्ग प्रशस्त हुने अपेक्षा गर्न सकिन्छ।

८. निष्कर्ष

स्वतन्त्र न्यायपालिकाले सिद्धान्तत: निष्पक्ष र स्वतन्त्र रूपमा न्याय निरूपण गर्ने जिम्मेवारी बोकेको हुन्छ तर, व्यवहारमा सिद्धान्तलाई अभ्यास गरिएको पाइँदैन। यस वर्ष पनि न्यायालयले आफ्नो जिम्मेवारीलाई सैद्धान्तिक र व्यवहारिक दुवै रूपमा कार्यान्वयन गर्न नसक्नाले आलोचित हुनु पुग्यो। राज्यका तीन अङ्गबिचको शक्ति सन्तुलन कायम गराउने र न्यायालयको मर्यादा जोगाउने सन्दर्भमा केही हदसम्म संविधान प्रदत्त भूमिका निर्वाह गरेता पनि राजनीतिक प्रभावबाट भने न्यायालयले आफूलाई अलग राख्न नसक्नु र नागरिको न्यायमा पहुँच सुनिश्चित गर्न नसक्नु संविधान र कानुनी शासनको गम्भीर उपहास हो। न्यायाधीशहरूले व्यक्तिगत रूपमा र समग्र न्यायालयले सिद्धान्त र कानुनलाई कसरी अनुसरण र व्याख्या गर्दछन् भन्ने विषय महत्त्वपूर्ण हुन्छ।

न्यायाधीश नियुक्तिमा देखिएको असंवैधानिक प्रवृत्ति, मानव अधिकारका गम्भीर विषय र राजनीतिक प्रकृतिका विवाद समावेश भएका मुद्दाको सुनुवाइमा इजलास विभाजित हुनु वा पन्छाउने प्रवृत्ति, कार्यपालिका र व्यवस्थापिकालाई नियन्त्रणमा राखी राज्यका निकायहरूबिच नियन्त्रण र सन्तुलनको सिद्धान्त स्थापित गर्ने सम्बन्धमा न्यायपालिकाको भूमिकाले जनताका वितृष्णा बढाएको छ। न्यायिक स्वतन्त्रता (व्यक्तिगत, संस्थागत, कृयात्मक, संरचनात्मक वा सङ्गठनात्मक) र जवाफदेहिताले नागरिकको साझा र बृहत्तर हित सुनिश्चित गर्दछ, न्यायपालिकाप्रति जनविश्वासको अवस्थाले कानुनको शासन र न्यायको दिगोपनमा योगदान पुऱ्याउँछ।

अत्यधिक सङ्ख्यामा पेसी ताकिनु, अनि ठूलो सङ्ख्यामा पेसी स्थगन पनि गरिनु, ठूलो सङ्ख्यामा मुद्दा सुनुवाइ र फैसला कार्यान्वयनको बाँकी रहनु, न्याय सम्पादनलाई पूर्वअनुमानयोग्य बनाउन नसक्नुको परिणाम हो। रणनीतिक योजना र वार्षिक कार्ययोजना लक्षित र प्राप्त गर्न सकिने, व्यवहारिक र यर्थाथपरक हुन जरुरी छ न की महत्त्वकाङ्क्षी। न्यायिक सुशासन,

न्यायिक निष्पक्षता र समयमै विवाद समाधान गरी न्याय सम्पादन गर्न सक्ने क्षमता भएको न्यायपालिका मुलुकको समग्र विकासको लागि आवश्यक पर्दछ।

९. सुझाव

- वर्तमान प्रधानन्यायाधीश समेत भएको कार्यदलले न्यायालयमा विकृति विसङ्गतिसम्बन्धी प्रतिवेदन र विभिन्न समयमा भएका अन्य अध्ययन प्रतिवेदनहरूको सिफारिसहरू अबिलम्ब कार्यान्वयन गर्ने।
- तीनै तहका अदालतमा न्यायाधीशको रिक्त दरबन्दी समयमा नै पूर्ति गर्ने र न्यायाधीशका लागि सिफारिस गर्दा राजनीतिक भागबण्डा भन्दा उच्च छवि र निष्पक्ष व्यक्तिलाई प्राथमिकतामा राखी न्यायाधीश चयन गर्ने।
- संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरूको नियुक्तिको सिफारिस प्रक्रियामा प्रधानन्यायाधीशको भूमिका हटाउने र संसदीय सुनुवाइहरू पूर्ण रूपमा खारेज गर्ने। संसदीय सुनुवाइको प्रकृया अन्त्य गरी न्यायाधीश नियुक्तिको नयाँ प्रक्रिया शुरु नहुदाँसम्म सुनुवाइ प्रकृया निष्पक्ष, तटस्थ र वस्तुनिष्ठ आधारमा सञ्चालन भएको सुनिश्चित गर्ने।
- योजनामा लक्ष्यको प्राथमिकीकरण गर्दै, प्रभावकारी न्याय सम्पादनका लागि मुद्दा फर्स्यौट, मुद्दा व्यवस्थापन पद्धतिमा सुधार, विवाद समाधानका वैकल्पिक उपायको प्रभावकारी अवलम्बन, सबै तहका अदालतहरूबिच समन्वय, सूचना प्रविधिको प्रयोग, पेसी हटाउन निरूत्साहित, सबै तहका अदालतमा स्वचालित पेसी व्यवस्थापन पद्धति लागु, फरक मुद्दा व्यवस्थापन पद्धतिको प्रभावकारी कार्यान्वयनका लागि स्पष्ट र निर्धारित समयावधिमा प्राप्त गर्न सकिने लक्ष्य तयार गर्ने।
- न्यायमा पहुँचमा वृद्धि गर्न न्यायिक प्रकृयालाई छिटोछरितो, प्रभावकारी र पूर्वानुमानयोग्य बनाउने, सुनुवाइ गर्न सकिने आधारमा दैनिक पेसी तोक्ने, फैसला लेखन तथा फैसला कार्यान्वयनलाई प्राथमिकतामा राख्ने। समयमा फैसला लेख्न नसक्ने न्यायाधीशलाई जवाफदेही बनाउने।
- न्यापालिकाको रणनीतिक योजना महत्त्वाकाङ्क्षी नभई, व्यवहारिक र समयमा परिणाम हासिल गर्नसक्ने खालको हुनु आवश्यक छ। अदालतको इच्छा भन्दा सेवाग्राहीको आवश्यकतालाई ध्यानमा राखी नागरिक समाज, सेवाग्राही र अन्य सम्बन्धित सरोकारवालाहरूसँग निरन्तर संवादको आधारमा तयार गर्ने।
- न्यायपालिकाबाट हुने न्याय सम्पादनको कार्यमा गुणस्तरीयता कायम गर्ने विभिन्न उपायहरूमध्ये न्यायाधीशको कार्यक्षमता अभिवृद्धि गरी दक्ष र सीपयुक्त बनाउनु पनि एक महत्त्वपूर्ण उपाय हो। यस्तो दक्षता अभिवृद्धि कार्यक्रममा सबै तहका न्यायाधीशहरूलाई सहभागी गराउने।
- न्यायिक स्वायत्तता सुनिश्चित गर्न बजेट व्यवस्थापनको पूर्ण अधिकार न्यायपालिकालाई हुनुपदर्छ। न्यायिक कोष ऐन २०४६ को प्रभावकारी कार्यान्वयन मार्फत न्यायिक कोष स्थापना गरी न्यायपालिकाले सेवाग्राहीबाट उठाएको सेवा शुल्क तथा जरिवाना उक्त कोषमा जम्मा गर्न र कोष परिचालन गरी आधारभूत कृयाकलाप सम्पादन गर्न सहज बनाउने।
- न्यायपालिकाले प्रस्तुत गरेको बजेटमा न्यायपालिकासँगको सम्वाद र सहमतिमा हेरफेर गर्ने र संसदबाट पारित भएको सम्पूर्ण बजेट सोझै सञ्चित कोषमा जम्मा हुने व्यवस्था गर्ने।
- न्यापालिकामा जनआस्था र विश्वास वृद्धि गर्न चौथो रणनीतिक योजनाले पकिल्पना गरेको र पाँचौ पञ्चवर्षीय रणनीतिक योजनाले पनि निरन्तरता दिए अनुरूप तीनै तहको न्यायपालिकामा नियमित रूपमा सेवाग्राहीहरूको सन्तुष्टि मापन वा सर्वेक्षण गर्ने प्रणाली अविलम्व लागू गर्ने र प्राप्त सुझावहरूको शीघ्र र उचित सम्बोधन रणनीतिक रूपमा गर्ने।

सन्दर्भ सामग्री

सर्वोच्च अदालत (०८०), *वार्षिक प्रतिवेदन (०७९/०८०)*, पृ.६७-७३, सर्वोच्च अदालत (०८१), *न्यायपालिकाको पाँचौ पञ्चवर्षीय रणनीतिक योजना (०८१/०८२-२०८५/०८६)*, पृ.४३-५१, सर्वोच्च अदालत।

सर्वोच्च अदालत (०८०), *वार्षिक प्रतिवेदन (०७९/०८०)*, पृ.२२, सर्वोच्च अदालत।

न्यायपालिकाको पाँचौं पञ्चवर्षीय रणनीतिक योजना (०८१), सर्वोच्च अदालत नेपाल। https://supremecourt.gov.np/web/assets/downloads/5th%20Strategic%20Plan%20-%20Supreme%20Court.pdf

भट्टराई, विद्या, (०२३), Judicial Reform: Judicial independence and financial autonomy: judicial budgeting in Nepal, *NJA Law Journal*, *16*(1), 13-31.

चापागाई, राजुप्रसाद (०८०), विपक्षी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, ०८०-WO-०८१८।

पोखरेल, विष्णु (५ असोज, ०८१) समानुपातिक कोटाका सांसद: 'प्रभावशाली' र 'तरमारा' को वर्चश्व हटाउन सर्वोच्च अदालतको आदेशको अर्थ के ? BBC News नेपाली. https://www.bbc.com/nepali/articles/cn497752l3eo

सर्वोच्च अदालत, २०८१), https://supremecourt.gov.np/lic/sys.php?d=reports&f=case_details&num=1&mode=view&caseno=98743

सर्वोच्च अदालत, २०८१), Supreme Court of Nepal. https://supremecourt.gov.np/lic/sys.php?d=reports&f=case_details&num=1&mode=view&caseno=224888 Webpage

चापागाई, राजु प्रसाद, श्रेष्ठ शर्मिला र उपाध्याय लिलाधर (०८१ कात्तिक २१), *संवैधानिक इजलास: असफल बनाउन खोजिएको हो वा प्रभावकारीता नपुगेको*, हिमालखबर।

वार्षिक प्रतिवेदन, (०८१), महान्याधिवक्ताको कार्यालय, गण्डकी प्रदेश।

बाह्रखरी, (१७ वैशाख, ०८१)। गण्डकी सरकारबारे सर्वोच्चको व्याख्या- सभामुख नभए पनि बहुमत पुग्ने देखियो। https://baahrakhari.com/detail/419354 Webpage

अनलाइन खबर (मंसिर ३०, ०८१)। भ्रष्टाचारी ठहर भएका राणालाई पेन्सन दिन सर्वोच्चको अन्तरिम आदेश। https://www.onlinekhabar.com/2024/12/1578127/supreme-courts-interim-order-to-grant-pension-to-rana-who-was-found-to-be-corrupt

त्रिपाठी, दिनेश (०८१)। विपक्षी नेपाल सरकार, ०८१–AP–०२८१।

रमण, वीरेन्द्र (०७८ फागुन ६) *प्रहरी भर्ना रोक्न माग गर्दै मधेश सरकारद्वारा सर्वोच्चमा रिट।* HimalKhabar - A Complete Nepali Political News Portal. https://www.himalkhabar.com/news/128406 Webpage

पूर्ववत्

सेतोपाटी (२३ कार्तिक ०८१), राष्ट्रिय परिचयपत्र अनिवार्य नगर्न सर्वोच्चको आदेशविरूद्ध सरकारको भ्याकेट। नेपालको डिजिटल पत्रिका।

कान्तिपुर, (१० जेठ, ०८१) *गृहमन्त्री र महान्यायाधिवक्ताविरुद्ध रिट दर्ता गर्न सर्वोच्चको आदेश।* . कान्तिपुर - नेपालको राष्ट्रिय दैनिक, https://ekantipur.com/news/2024/05/23/supreme-court-order-to-register-writ-against-home-minister-and-attorney-general-14-41.html

अन्नपूर्ण पोष्ट (१६ मंसिर ०८१) लिलाबल्लभलाई मुद्दा चलाउन माग गरिएको रिट सर्वोच्चद्वारा दरपीठ। https://www.annapurnapost.com/story/469431/

सेतोपाटी (१९ मंसिर, ०८१), कांग्रेस सांसद ढुंगानाले अदालतको अवहेलना गरेको रिट न्यायाधीश निरौलाले हेर्न नमिल्ने, https://www.setopati.com/politics/345213

राजधानी दैनिक, (२ पुस, ०८१), एमालेलाई मीनबहादुरले दिएको जग्गासम्बन्धी विवाद सर्वोच्चबाट खारेज, RajdhaniDaily.com. https://rajdhanidaily.com/id/105592/

रातोपाटी, (२४ माघ, २०८०), संसद् विकास कोष ब्युँताउने भ्याकेट निवेदनको जानकारी रिट निवेदकलाई दिन सर्वोच्चको आदेश। https://www.ratopati.com/story/410213

हिमालखबर, (६ भदौ २०८०), सांसद विकास कोष लागु नगर्न सर्वोच्चको आदेश। https://www.himalkhabar.com/news/137671

डुम्रे, लिलु, (७ भदौ, २०८०), सांसद विकास कोषमा अदालतको आदेशप्रति कांग्रेसले उठायो प्रश्न। Online Khabar. https://www.onlinekhabar.com/2023/08/1355413

नेपाल बार एसोशियसन (२०८१), *न्याय परिषद (पहिलो संशोधन) नियमावली, २०८० को कार्यान्वयन सम्बन्धमा आवश्यक सुझाव पेस गर्न गठित कार्यदलको प्रतिवेदन*, नेपाल बार एसोशियसन।

World Justice Project (2024), *Rule of Law Index 2024*, https://worldjusticeproject.org/rule-of-law-index/country/2024/Nepal.
रातोपाटी (१६ वैशाख, २०८१), सिधाकुराले अदालतको अपहेलना गरेको ठहर, प्रकाशक र सम्पादकलाई तीन-तीन महिना कैद, 'सिधा कुरा' विरुद्ध सर्वोच्चमा अवहेलना मुद्दा।
Nepal's first 24-hour updated news portal - Ratopati.ory/424050/supreme-court-contempt-of-court
देशसञ्चार, (१३ असोज, २०८१), सिधाकुराले अदालतको अपहेलना गरेको ठहर, प्रकाशक र सम्पादकलाई तीन-तीन महिना कैद। https://deshsanchar.com/2024/09/29/964244/
सर्वोच्च अदालत (०८१), र्वोच्च अदालतमा कार्यरत उपरजिस्ट्रार गोविन्द प्रसाद धिमिरे वि. गोपालकृष्ण घिमिरे, ०८१–AP–०१९३।
Laffranque, J (2003), Disseting Opinion and Judicial Independence, *Juridica International*, VIII/2003.
अनलाइन खबर (२३ कात्तिक, ०८१), सांसदको घरबाट उद्धार गरिएकी बालिकाबारे सर्वोच्चमा राय बाझियो, बाबुले लैजान पाएनन् छोरी। https://www.onlinekhabar.com/2024/07/1506629
संयुक्त नयाँ पत्रिका (२० असार ०८१) गृहमन्त्रीको मुद्दामा न्यायाधीश मल्ल र सुवेदीको राय बाझियो, पूर्ण इजलासमा पेस हुने। https://nayapatrikadaily.com/news-details/144694/2024-07-04
न्याय परिषद् सचिवाल (०८१), *न्याय परिषद बुलेटिन*, पृ. १७, न्याय परिषद्।
पूर्ववत् टिप्पणी नं.२, पृ. ग-घ।
पूर्ववत्।
सर्वोच्च अदालत (०८१), *न्यायपालिकाको पाँचौ पञ्चवर्षीय रणनीतिक योजना (०८१/०८२-०८५/०८६)*, पृ.२३, सर्वोच्च अदालत।
पूर्ववत्।
पूर्ववत्, पृ. २५।
पूर्ववत्, पृ. १९-२२।
पूर्ववत्, पृ.१९-२२।
पूर्ववत्, पृ. २७।
पूर्ववत्, पृ.२८-२९।
पूर्ववत् टिप्पणी नं २, पृ. २५।
सर्वोच्च अदालत (४ चैत ०८०) सरकारका नाममा सर्वोच्चको परमादेश: अझै किन गठन भएन बाल अदालत ?https://nagariknews.nagariknetwork.com/social-affairs/1429997-1710635750.html
गोरखापत्र (७ मङ्सिर ०८१), पहिलो पटक गठन हुँदै बाल अदालत।
GorakhaPatra. https://gorkhapatraonline.com/index.php/news/131559
अदालतले माग गरेको मिसिल, लिखत वा जवाफ उपलब्ध नगराउनेलाई पटकैपिच्छे १ हजारदेखि १० हजार रुपियाँसम्म जरिवाना गर्ने व्यवस्था छ।
कान्तिपुर (१ असोज, ०८१), प्रकाशमान सिंह राउत प्रधानन्यायाधीशमा सिफारिस।
https://ekantipur.com/news/2024/09/17/prakashman-singh-raut-recommended-to-the-chief-justice-27-06.html
पूर्ववत् टिप्पणी नं ४४, पृ. ४।
न्यायमा पहुँच आयोग (०८१), *वार्षिक प्रतिवेदन*, सर्वोच्च अदालत।
ओली, लोकेन्द्र (०८१ कात्तिक ३), *न्यायाधीश नियुक्तिमा न्यायपरिषद्को नियत*, हिमालखबर।
चापागाई बिद्या (०८१), सूचना तथा विद्युतीय प्रविधिको युगमा न्याय: न्यायिक प्रणालीमा विद्युतीय प्रविधिको समायोजन, सम्भावित अवसर र चुनौतीहरू, *प्रतिपादन*, राष्ट्रिय न्यायिक प्रतिष्ठान।
Baker v. Carr, 369 U.S. 186, 267 (1986) (Frankfurter, J., dissenting). Gregory A Caldeira, Neither the Purse Nor the Sword: Dynamics of Public Confidence in the Supreme Court, *The American Political Science Review, 80*(4), 1209-1226.

The Hindu (2024 October 12), *Public trust is central to judiciary, says CJI D.Y. Chandrachud*, https://www.thehindu.com/news/national/public-trust-is-central-to-judiciary-says-cji-dy-chandrachud/article68746461.ece, २०८१ माघ १ गते हेरिएको।

न्यायाधीश दीपककुमार कार्की र डा. आनन्दमोहन भट्टराईले २०७८ जेठ १६ गते राष्ट्रपति विद्यादेवी भण्डारीले गरेको प्रतिनिधिसभा विघटन विरूद्ध सुनुवाइ भइरहेको संवैधानिक इजलासबाट अलग हुने निर्णय गर्दा दिएको अभिव्यक्ति।

Chapagain, B. (2025), Upholding Public Trust and Confidence in the Judicial System in Nepal: Reinforcing Judicial Competency and Values, *NJA Law Journal, 17*(1).

सर्वोच्च अदालत (०८०), नेपाल सरकार वि. खेम बहादुर नेगी, ०७६–CR–०४३८।

सर्वोच्च अदालत (०८०, फागुन ३० गते) बालकृष्ण नेउपानेसमेत वि. निर्वाचन आयोग, ०७९–WC–००५३।

सर्वोच्च अदालत (०८१), अभिमन्यु अहिर (यादव) वि.नेपाल सरकार, ०७८–CR–०२००।

सर्वोच्च अदालत (०८१), लवेन्द्र सिंह मल्ल वि. श्रम अदालत, ०७९–WO–०३५०।

सर्वोच्च अदालत (०८१), ज्ञानेन्द्रराज आरण समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, ०७९–WO–१२६१।

सर्वोच्च अदालत (०८१) ज्ञानेन्द्रराज आरण समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, ०७९–WO–१४५७।

सर्वोच्च अदालत (०८१), नेपाल सरकार वि. राजन वि.क., ०७७–CR–१०५७ र ०७७–CR–१२२०।

सर्वोच्च अदालत (०८१), रुक्सना कपाली वि. नेपाल सरकार, ०७७–WO–०९७३।

सर्वोच्च अदालत (कात्तिक, ०८१), कमला राई तिमल्सेना समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, ०७३–WC–००२३, बेलरानी थरुनीसमेत वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, ०७३–WC–००२४, पृ. ३८।

बाह्रखरी, (१२ मङ्सिर, ०८१) ज्येष्ठ नागरिकलाई जरिबानाबापतको थप सजायमा पनि कैद छुट हुने सर्वोच्चको फैसला। बाह्रखरी :: Baahrakhari. https://baahrakhari.com/detail/437702

सर्वोच्च अदालत (१६ साउन, ०८१)। परोपकार आर्दश मा.वि.व्य.स. अध्यक्ष हितकविर सिंह कंसाकार समेत विरुद्ध काठमाडौं मनपा समेत/उत्प्रेषण परमादेश/०८०-WC-०००९।

नेपाल कानुन आयोग, (०७५, असोज २ गते), बालबालिकासम्बन्धी ऐन, ०७५। सर्वोच्च अदालत नेपाल। https://supremecourt.gov.np/web/assets/downloads/%E0%A4%AC%E0%A4%BE%E0%A4%B2%E0%A4%AC%E0%A4%BE%E0%A4%B2%E0%A4%BF%E0%A4%95%E0%A4%BE-%E0%A4%B8%E0%A4%AE%E0%A5%8D%E0%A4%AC%E0%A4%A8%E0%A5%8D%E0%A4%A7%E0%A5%80-%E0%A4%90%E0%A4%A8-%E0%A5%A8%E0%A5%A6%E0%A5%AD%E0%A5%AB.pdf Webpage

सर्वोच्च अदालत (१६ साउन, २०८१), नेपाल सरकार वि. परिवर्तित नाम ०८१/८२ खाँडदेवी (५) बहादुर समेत, ०८१–CR–०४९९।

कानुन व्यवसायी, (मङ्सिर,२०८१), कानुन व्यवसायीहरूसँग गरिएको समूह छलफलका आधारमा।

पूर्ववत्।

सर्वोच्च अदालत, न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना ०७६-०८१, पृ.१९२।

सर्वोच्च अदालत, मध्यावधि मूल्याङ्कन, न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना ०७६-०८१, पृ.९२।

पूर्ववत् टिप्पणी नं. ४६, पृ.१२३।

परिच्छेद

६

६.२ राज्य र मानव अधिकार

कार्यपालिका

सङ्क्रमणकालीन न्याय ऐन र २०२४ का संशोधनहरू

सरकार परिवर्तन र राजनीतिक अस्थिरता

निर्वाचन र सुशासन

सवैधानिक निकाय र संस्थागत जबाफदेहिता

मानव अधिकार रक्षक र कानुनी संरक्षण

प्रदेश सरकार र सङ्घीयता

जलवायु परिवर्तनः प्राकृतिक विपत् र पुनर्स्थापना

परिचय

राजनीतिक अस्थिरताका साथसाथै सामाजिक-आर्थिक चुनौतीहरूलाई सम्बोधन गर्न नसक्नु तथा बढ्दो जलवायु सङ्कटले सन् २०२४ मा नेपालको मानव अधिकारको अवस्थालाई कमजोर बनायो *(साह, २०८१)*। सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन संशोधन गर्ने र राष्ट्रिय मानव अधिकार आयोग विधेयक मस्यौदा गर्ने प्रयासहरू उल्लेखनीय भए पनि यो वर्ष बृहत् सुशासन र नीतिगत कमजोरीहरूको सन्तुलन कायम गर्ने सन्दर्भमा भने अपर्याप्त सिद्ध भयो।

यस वर्ष गैरन्यायिक हत्या, यातना र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी उल्लङ्घनका घटनाहरूमा उल्लेख्य रूपमा कमी आयो। यति हुँदाहुँदै पनि सरकार संवैधानिकको भावना अनुरूप अघि बढ्न असफल रह्यो र मानव अधिकार कार्ययोजनामा उल्लेख गरिएअनुसार आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको कार्यान्वयनमा मूलत: निष्क्रिय बन्यो। यी अवरोधहरूले सुशासनमाथि व्यवधान सिर्जना गरे। बेरोजगारी, गरिबी तथा बेघरबार जस्ता समस्या समाधान गर्न आवश्यक महत्वपूर्ण सामाजिक-आर्थिक सुधारहरूमा ढिलाइ भयो। लाखौं नागरिकहरू आवास, स्वास्थ्य सेवा र शिक्षा लगायतका आधारभूत आवश्यकताहरूको सीमित पहुँचको सामना गर्न बाध्य भए।

आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारप्रतिको सरकारी निष्कृयताले संवैधानिक प्रतिबद्धता कमजोर बनायो। जसले गर्दा व्यापक अधिकार प्राप्तीसहितको न्यायपूर्ण र समतामूलक समाजमा जोड दिने संविधानको परिकल्पना अधुरै रह्यो। यसबाट उत्पन्न नीतिगत सङ्कुचन, बेरोजगारी र असमानताहरूले जनविश्वास कायम राख्ने र स्थिर नेतृत्व प्रदान गर्ने संविधानको मनसाय प्रत्यक्ष रूपमा खण्डित हुन पुग्यो। विश्वव्यापी आवधिक समीक्षा (यूपीआर) प्रतिवेदनले मानव अधिकार सम्बोधन गर्नमा सरकार निरन्तर चुकेको तथ्यलाई उजागर गर्दै विशेष रूपमा आर्थिक र सामाजिक अधिकारजस्ता प्रमुख क्षेत्रहरूमा भएको सरकारी निष्क्रियतालाई औंल्यायो। प्रतिवेदनले यिनै अवस्थाका कारण मानव अधिकार चुनौतीहरूले निरन्तरता पाएको पनि उल्लेख गर्‍यो। यूपीआरले विशेषगरी आर्थिक र सामाजिक अधिकारहरूलाई तत्काल सुधार गर्न आह्वान गरेको छ भने न्यायपूर्ण एवम् समतामूलक समाज प्रत्याभूत गर्न भेदभावलाई सम्बोधन गर्नुपर्ने, अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्नुपर्ने र अन्तर्राष्ट्रिय मानव अधिकार दायित्वहरू पूरा गर्नुपर्ने आवश्यकतामाथि जोड दिएको छ।

जलवायु परिवर्तनका विषयमा नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चहरूमा निरन्तर अडान राख्दै आएको छ। उदाहरणका लागि यस वर्षको वैशाख महिनामा आयोजित हिमालय, जनता र जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय विज्ञ संवाद कार्यक्रममा सरकारले हिमालयको महत्त्वमाथि जोड दिएको थियो र यसबारे विश्वव्यापी छलफलहरूमा उचित मान्यता पाउनु पर्ने पक्षमा वकालत गरेको थियो *(ढुङ्गाना, २०८१)*। यसका अतिरिक्त, नेपालले नोभेम्बर २०२३ मा आफ्नो पहिलो राष्ट्रिय अनुकूलन योजना सार्वजनिक गर्दै सन् २०५० सम्म अनुमानित ४७ अर्ब अमेरिकी डलर लागतमा जलवायु परिवर्तन विरुद्ध लचिलोपन बढाउने विस्तृत रणनीति *(UNEP, २०८०)* प्रस्तुत गर्‍यो। यी पहलहरूले नीतिगत रूपरेखा र अन्तर्राष्ट्रिय संवादहरूमा सक्रिय सहभागिताका माध्यमबाट जलवायु परिवर्तन सम्बोधन गर्ने नेपालको प्रतिबद्धतालाई उजागर गरे। राष्ट्रिय अनुकूलन योजनामा जलवायु अनुकूलनलाई सहयोग पुर्‍याउने हरित लचिलो कृषि योजना र राष्ट्रिय अनुकूलन कार्यक्रम जस्ता श्रृङ्खलाबद्ध पहलहरू समावेश छन्, यी दुवै योजनाहरू दिगो कृषि अभ्यासहरूको प्रवर्द्धन र जलवायु आघातप्रतिको संवेदनशीलता घटाउने उद्देश्यमा केन्द्रित छन्। तर, यी प्रतिबद्धताहरू व्यवहारमा मूर्त रूपमा परिणत हुन सकेका छैनन्।

यो वर्ष नेपालले अत्यधिक ताप लहर (लु) को सामना गर्‍यो *(OCHA, २०८१)*। काठमाडौंमा जेठ महिनाको तापक्रम ३५.३ डिग्री सेल्सियससम्म पुग्यो भने नेपालगञ्जमा ४४.२ डिग्री। उत्तरी क्षेत्रहरूमा ९ डिग्री सेल्सियसभन्दा कम तापक्रम रेकर्ड गरिएको थियो भने दक्षिणी भागहरूमा अधिकतम तापक्रम ३३ डिग्री सेल्सियसभन्दा माथि पुग्यो। विशेषगरी, टीकापुर केन्द्रले मे ३० मा सबैभन्दा उच्च दैनिक तापक्रम ४५.२ डिग्री सेल्सियस *(जल तथा मौसम विज्ञान विभाग, २०८१)* रेकर्ड गर्‍यो। अत्यधिक तापक्रमले जनस्वास्थ्य, कृषि र दैनिक जीवनमा उल्लेखनीय असर गर्‍यो *(सिंह, २०८१)* र, प्रभावकारी जलवायु अनुकूलन रणनीतिहरूको अविलम्ब आवश्यकतालाई उजागर गरेको छ।

असोज महिनामा भएको अविरल वर्षपछि आएको बाढी र पहिरोका कारण सृजित समस्या सम्बोधन गर्ने क्रममा महत्वपूर्ण कमजोरी रहेको देखियो। २० जिल्लाका ७१ वटा पालिकालाई विपत् प्रभावित क्षेत्र घोषणा गरिए पनि विपत्को व्यापकताका कारण मुलुकले सङ्कट व्यवस्थापनमा चुनौतीहरूको

सामना गर्नुपऱ्यो। स्रोत र पूर्वाधार दुवैमा पर्याप्त पूर्वतयारीको अभावले अत्यधिक विनाश र राहत प्रयासमा ढिलाइ भयो। चरम मौसमी घटनाहरूको प्रभावसँग पहिल्यैदेखि जुधिरहेका संवेदनशील समुदायहरूको कष्ट झन बढायो। यो एउटै घटनाले दुई सयभन्दा बढी मानिसको ज्यान लियो, हजारौँ घरहरू नष्ट गऱ्यो र असङ्ख्य परिवारहरू विस्थापित हुन पुगे *(स्थितिसूचक, २०८१)*। सरकारको विपत्पछिको उद्धार उपायहरूमा विपत् क्षेत्र घोषणा र तत्काल सहायता कोष विनियोजन समावेश भए पनि अन्ततः दीर्घकालीन योजना र न्यायसङ्गत स्रोत वितरणमा गम्भीर कमजोरी रहेको छर्लङ्ग देखियो।

निरन्तरको आप्रवासन सङ्कटले नेपालको सामाजिक-आर्थिक सङ्घर्षमा अर्को तहको जटिलता थप्यो। वातावरणीय विपत्ले आन्तरिक विस्थापन निम्त्याएको छ भने आर्थिक चुनौती र २० प्रतिशत युवा बेरोजगारी दरले लाखौँ नेपालीहरूलाई अवसर खोजीमा विदेश पलायन गरायो। विप्रेषण अर्थतन्त्रका लागि महत्वपूर्ण जीवनरेखा रहेको भए तापनि *(सन् २०२३ मा नेपालको कूल गार्हस्थ्य उत्पादनको २५.५ प्रतिशत)* पछिल्ला पाँच वर्षमा १५ लाखभन्दा बढी वैदेशिक रोजगारीमा गएका नेपालीहरू स्वदेश फर्किए। दिगो रोजगार कार्यक्रम कार्यान्वयन गर्न वा पर्याप्त पुर्नएकीकरण सहायता *(आइओएम, २०७९)* प्रदान गर्न सरकार असफल भएको हुँदा नेपाली युवाहरूमा निराशा बढ्दो छ र अर्थतन्त्र दबाबमा पऱ्यो।

यस वर्ष सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनमा गरिएका संशोधनले नेपालको सशस्त्र द्वन्द्वका क्रममा भएका अपराधलाई सम्बोधन गर्नेतर्फ पहलकदमीलाई देखाएको छ। यस संशोधनले न्याय र जबाफदेहिताको आवश्यकताको स्वीकारोक्तितर्फ इङ्गित गरेको छ। विशेषगरी गम्भीर मानव अधिकार उल्लङ्घनका घटनाहरूमा आममाफी दिने प्रावधानका कारण यो संशोधन आलोचना मुक्त भने रहेन *(एचओडब्लु, २०८१)*।

पहिलो र पछिल्लो दुबै सरकार यी मुद्दाहरूसँग सङ्घर्ष गरिरहे र महत्वाकाङ्क्षी नीतिगत रूपरेखाहरू प्रस्तुत गर्दागर्दै पनि दीर्घकालीन जलवायु लचिलोपन योजनाहरू कार्यान्वयन गर्न असफल रहे। सत्य निरूपण तथा मेलमिलाप आयोगको प्रक्रिया सम्बोधन गर्नमा ढिलासुस्ती र मानव अधिकार रक्षकहरूका लागि अपर्याप्त संरक्षण व्यवस्थाले दुवै सरकारको मानवअधिकारलाई सम्बोधन गर्ने तौरतरिकाहरूमाथि प्रश्न उठ्यो।

नीतिगत रूपरेखा र विधायिका

सङ्क्रमणकालीन न्याय कानुन संशोधन र सोह्रौं पञ्चवर्षीय योजनामा महत्वाकांक्षी उद्देश्यहरू समावेश गर्नुले मानव अधिकार र सामाजिक न्यायसँग आफ्ना विकास प्राथमिकताहरूलाई तालमेल गर्ने सरकारको मनसायलाई उजागर गऱ्यो। यी उपायहरूले व्यवहारिक सुशासन र विकास प्रयासहरूमा संवैधानिक प्रत्याभूतिहरूलाई एकीकृत गर्ने बृहत् प्रतिबद्धतालाई जोड दियो। तर, सङ्क्रमणकालीन न्याय प्रक्रियाहरूमा ढिलाइ, अपर्याप्त बजेट विनियोजन र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको कार्यान्वयनका सन्दर्भमा उल्लेख गरिएका असफलताहरूले यस प्रतिबद्धतामाथि चुनौती खडा गरे।

सरकारको मानव अधिकार र वातावरणीय मुद्दाहरू सम्बोधन गर्ने प्रयासलाई नयाँ दर्ता गरिएका केही विधेयकहरूले प्रतिबिम्बित गरे। नवीकरणीय उर्जा र उर्जा दक्षता विधेयकले वातावरण संरक्षणप्रति सरकारको प्रतिबद्धता दर्शायो। मानव शरीर जलन नियन्त्रण र सजाय विधेयकले पीडित राहत कोष, बीमा, र आपतकालीन सेवाहरू उपलब्धता सम्बन्धी विधेयक समावेश छन्। यसका साथै ज्वलनशील र हानिकारक पदार्थहरूको प्रयोगलाई अपराध घोषित गरिएको छ। यी प्रयासहरू आशाजनक भए पनि, प्रभावकारी कार्यान्वयनमा भने चुनौतीहरू कायमै छन्।

मिडिया काउन्सिल विधेयकमा मिडियाका अभ्यासहरूलाई नियमन गर्ने खालका प्रवाधानहरू राखिए। यस विधेयकले अभिव्यक्ति स्वतन्त्रतामाथि पार्न सक्ने प्रभावका बारेमा प्रश्न उठ्यो। यस विधेयकले मिडिया जवाफदेहिता सुनिश्चित गर्न चाहे पनि, नागरिक स्वतन्त्रता कायम राख्ने सम्बन्धी संवैधानिक सुनिश्चितता र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूसँग यसको तादात्म्यताका बारेमा चासो विद्यमान छ। लोकतन्त्रको आधारशीलाका रूपमा अभिव्यक्ति स्वतन्त्रतालाई संरक्षण गर्नुपर्ने आवश्यकताले यस कानुनलाई विश्लेषण र संशोधन गरिनुपर्ने पक्षलाई औँल्याएको छ। गत वर्ष लगाइएको टिकटकमाथिको प्रतिबन्ध यो वर्ष सरकारले हटायो।

नेपाल सरकारका आगामी नीतिहरूले दीर्घकालीन चुनौतीहरू सम्बोधन गर्दै दिगो विकासलाई प्रवर्द्धन गर्ने लक्ष्य लिएका छन्। बृहत् आर्थिक स्थिरता र समावेशी आर्थिक वृद्धिमा केन्द्रित रहँदै सरकारले सङ्घीय शासकीय संरचना सुदृढ गर्न, विकास परियोजनाहरूको कार्यान्वयनमा तीव्रता दिन र नवीकरणीय ऊर्जामा लगानी बढाउन योजना तर्जुमा

गरेको छ। प्राथमिकताका क्षेत्रहरूमा जलवायु-प्रतिरोधी पूर्वाधारतर्फको सङ्क्रमण, "कृषि क्षेत्रमा लगानी दशक" जस्ता लक्षित कार्यक्रमहरू मार्फत कृषि उत्पादकत्व अभिवृद्धि र आउँदो आर्थिक वर्ष जलविद्युत क्षमतालाई ४,५०० मेगावाटसम्म विस्तार गरी स्वच्छ ऊर्जा पहुँचमा सुधार गर्ने लगायत छन्। सरकारले प्रदेशहरूबीच समान स्रोत वितरण सुनिश्चित गर्दै यातायात पूर्वाधार सुधार र प्रदेशहरूबीच समतामूलक स्रोतको वितरणमार्फत असमानताहरू कम गर्ने लक्ष्य लिएको छ, यसले सन्तुलित विकासतर्फको बृहत् दृष्टिकोणलाई इङ्गित गर्दछ। यसका साथै स्वास्थ्य बीमा विस्तार, पूर्व सावधानी प्रणालीहरू मार्फत विपत् प्रतिरोधकता सुदृढीकरण र अन्तर्राष्ट्रिय जलवायु वित्त पोषणका लागि वकालत गर्ने प्रतिबद्धताहरूले विश्वव्यापी दिगोपना लक्ष्यहरूलाई स्थानीय विकास पहलहरूसँग तादात्म्य स्थापित गर्ने नेपालको रणनीतिक प्रयासलाई प्रतिबिम्बित गर्दछन् *(नीति तथा कार्यक्रम, २०८१)*।

सङ्क्रमणकालीन न्याय ऐन र २०२४ का संशोधनहरू

दश वर्ष लामो सशस्त्र द्वन्द्व औपचारिक रूपमा सन् २००६ मा समाप्त भए पनि द्वन्द्वका कारण भएको क्षतिको परिपूरण अझै हुन सकेको छैन। संसदले संशोधित सङ्क्रमणकालीन ऐन पारित गरेसँगै सशस्त्र द्वन्द्वका कारण उत्पन्न जटिलता सम्बोधन हुने आश गर्न सकिन्छ। कानुनमा गरिएका सुधारहरूले पीडितहरूका गुनासाहरू सम्बोधन गर्न व्यवस्थित दृष्टिकोण अघि सारेका छन्। तर, तिनीहरूको सफलता अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरूको कडाइका साथ पालना र पीडित केन्द्रित दृष्टिकोण अपनाउँदै क्षतिपूर्तिमूलक न्यायलाई कसरी प्राथमिकता दिइन्छ त्यस कुरामा निर्भर हुन्छ।

हालको संशोधनमा सर्वोच्च अदालतको परमादेश, द्वन्द्वपीडित, राष्ट्रिय मानवअधिकार आयोग तथा अन्य राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाले गरेका सिफारिसलाई केही हदसम्म समावेश गरिएको छ। ऐनले गैरन्यायिक हत्या र बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरू लगायतका गम्भीर मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई सम्बोधन गर्न खोजेका छन्। तर, यी संशोधनहरूमा पनि कमीकमजोरीहरू रहेका छन्, विशेषगरी यातना र यौन हिंसाजस्ता अपराधहरूका लागि आममाफी दिने कार्यमा प्रत्यक्ष प्रतिबन्ध लगाउने प्रावधानको अभाव छ। यसखाले कमजोरीका कारण यी संशोधनले घरेलु अपेक्षा र अन्तर्राष्ट्रिय मापदण्ड दुवैसँग तादात्म्य राख्ने न्याय प्रदान गर्न सक्छन् की सक्दैनन् भन्ने कुरामा गम्भीर चासो उठेको छ।

बेपत्ता पारिएका व्यक्तिहरूको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (संशोधन) ऐन २०२४: संशोधित ऐनमा "मानवअधिकार उल्लङ्घन" र "गम्भीर मानवअधिकार उल्लङ्घन" बीच फरक छुट्टयाइएको छ। यस वर्गीकरणमा मनोमानी हत्या, बेपत्ता परिएका व्यक्तिहरू र गम्भीर यातनाजस्ता अपराधहरू समावेश छन्। संशोधनले त्यस्ता अपराधहरू सम्बोधन गर्न क्षतिपूर्तिका संयन्त्रहरू पनि अघि सारेको छ। यसका अतिरिक्त संशोधित कानुनले सम्बन्धित आयोग गठन भएको तीन महिनाभित्र गम्भीर यौन हिंसाका पीडितहरूलाई उजुरी दर्ता गर्न सुविधा प्रदान गरेको छ। यसले पीडितहरूको कष्टप्रति संवेदनशीलता र तत्परताबीच सन्तुलन कायम गर्ने प्रयासलाई प्रतिबिम्बित गर्दछ।

आममाफीका प्रावधानसम्बन्धी चासोहरू : सामान्य प्रकृतिका उल्लङ्घनहरूमा पीडितको सहमतिलाई अनुमति दिने ऐनका आममाफी सम्बन्धी प्रावधानहरूले महत्वपूर्ण बहसको थालनी गरेको छ। यस्ता प्रावधानहरूले विशेषत: पीडित र पीडकहरूबीच शक्ति असन्तुलनका सन्दर्भहरूमा दबाव सिर्जना गर्ने जोखिम बढाएका छन्। आलोचकहरूको तर्क के छ भने यी प्रावधानहरूले न्याय र जवाफदेहीताका सिद्धान्तहरूलाई कमजोर बनाउन सक्छन्। यसखाले चासोलाई सम्बोधन गर्न मेलमिलाप प्रक्रियाभरि पीडितका अधिकारहरूको सुनिश्चितताका लागि मजबुत सुरक्षा उपायहरू कार्यान्वयनमा ल्याइनु पर्दछ।

मेलमिलाप प्रक्रिया : मेलमिलाप नेपालको सङ्क्रमणकालीन न्याय रूपरेखाको आधारशीला रहेको छ। तर, यसको कार्यान्वयन विशेष गरी पीडित र पीडकहरूबीचको असमान शक्तिसम्बन्धका कारण चुनौतीपूर्ण छ। पीडितहरूको मर्यादा र स्वायत्तताको रक्षा गर्न नैतिक र पारदर्शी मेलमिलाप प्रक्रियाहरू अत्यन्त महत्वपूर्ण हुन्छन्। यस्तो सुरक्षा उपायविना पीडितलाई थप पीडित बनाउने जोखिम उच्च रहन्छ, जसले संक्रमणकालीन न्याय प्रणालीप्रतिको विश्वासलाई अझ कमजोर बनाउँछ।

नेतृत्वमा बारम्बार हुने परिवर्तनबाट निर्धारित नेपालको राजनीतिक परिदृष्यले सुशासन र नीतिहरूको सुसङ्गत कार्यान्वयनमा निरन्तर बाधा पुऱ्याउँदै आएको छ। यस अस्थिरताले मानव अधिकारसम्बन्धी समस्याहरूको समाधानमा ढिलाइ गराएको छ र संवैधानिक व्यवस्थाहरूको प्रगतिमा अवरोध पैदा गर्छ।

विशेषगरी पहिलेदेखिनै सीमान्तकृत कमजोर समुदायहरूमाथि यस अस्थिरताका कारण सबैभन्दा बढी असमानुपातिक बोझ थोपरिन्छ, किनभने नीतिगत अवरोधले उनीहरूका आधारभूत सेवाहरू र न्यायको पहुँचलाई सीमित गर्दछ।

सुदृढ शासनको आवश्यकता : यी प्रभावहरू कम गर्न नेपालले राजनीतिक सङ्क्रमणहरूको सामना गर्न सक्ने सुदृढ शासकीय संरचना निर्माण गर्नुपर्छ। संस्थागत संरचनाहरूलाई बलियो बनाउँदै विशेष गरी सङ्क्रमणकालीन न्यायको क्षेत्रमा प्रमुख सुधारहरूको निरन्तरतालाई सुनिश्चित गर्नु, जनताको विश्वास आर्जन गर्नु र जवाफदेहितालाई प्रवर्द्धन गर्नु अत्यावश्यक छ। शासकीय कार्यमा निरन्तर र पारदर्शी दृष्टिकोणले मानव अधिकारलाई अघि बढाउन र युगौंदेखिका अन्यायहरूको समाधान गर्न आवश्यक स्थायित्व प्रदान गर्न सक्छ *(एम्नेष्टी इन्टरनेशनल, २०८१)*।

सङ्क्रमणकालीन न्यायमा विश्वव्यापी पाठहरू : नेपालले सङ्क्रमणकालीन न्यायिक रूपरेखा भएका अन्य राष्ट्रहरूबाट महत्वपूर्ण पाठहरू सिक्न सक्छ। उदाहरणका लागि, दक्षिण अफ्रिकाको सत्य निरूपण र मेलमिलाप आयोगले दीर्घकालीन मेलमिलापलाई प्रोत्साहन गर्न पीडित-केन्द्रित दृष्टिकोण र परिपूरक न्यायलाई प्राथमिकता दिएको थियो। त्यस्तैगरी कोलम्बियाको शान्तिका लागि विशेष क्षेत्राधिकार (जेइपी) ले पुनर्स्थापनात्मक न्यायमा केन्द्रित हुँदै पीडितको सक्रिय सहभागिता सुनिश्चित गर्न र द्वन्द्वलाई निरन्तरता दिने प्रणालीगत समस्याहरू समाधान गर्ने उपाय सिकाउँछ। यी पाठहरूको निष्कर्ष नेपालले न्याय, जवाफदेहिता र मेलमिलापको सन्तुलनलाई महत्त्व दिँदै विशिष्ट सामाजिक-राजनीतिक सन्दर्भलाई अनुकूल हुने ढाँचा डिजाइन गर्नुपर्ने आवश्यकतालाई जोड दिनुपर्छ भन्ने देखिन्छ।

सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनको सन् २०२४ मा भएको संशोधनहरू नेपालमा लामो समयदेखि कायम रहेको सङ्क्रमणकाल अन्त्य गर्नेतर्फको पहलकदमी हो। तर, यसको सफलता कार्यान्वयन, दुरूपयोग रोक्न सुरक्षा उपायहरूको स्थापना र राजनीतिक अस्थिरताबीच संस्थागत निरन्तरता कायम गर्ने प्रतिबद्धतामा निर्भर हुनेछ। विश्वव्यापी उत्कृष्ट अभ्यासहरू समावेश गरी र पीडित-केन्द्रित दृष्टिकोणलाई प्राथमिकता दिएर नेपालले आफ्नो सङ्क्रमणकालीन न्याय रूपरेखालाई बलियो बनाउन र शान्ति तथा समानताप्रति सार्थक प्रगति सुनिश्चित गर्न सक्छ।

१६ औँ आवधिक योजना र दिगो विकास लक्ष्य

नेपालको १६ औँ आवधिक योजना (सन् २०२४-२०२८) ले राष्ट्र विकासका लागि समग्र खाका प्रस्तुत गरेको छ, जसले समावेशी विकास, पूर्वाधार निर्माण र मानव अधिकारको संरक्षणलाई प्राथमिकता दिएको छ। योजनाका प्रमुख लक्ष्यहरूमा लैङ्गिक हिंसामा ३० प्रतिशत कमी ल्याउने, न्यायमा सर्वसुलभ पहुँच सुनिश्चित गर्ने र मानव अधिकार रक्षक तथा द्वन्द्वपीडित लगायत सीमान्तकृत समुदायहरूको सुरक्षालाई बलियो बनाउने कार्यहरू समावेश छन्।

यति हुँदाहुँदै पनि योजनाको सफलता नीतिको अभिप्राय र कार्यान्वयनबीच विद्यमान खाडललाई पुर्न सक्नुमा निर्भर रहन्छ। जलवायु परिवर्तन, आर्थिक असमानता र मानव अधिकारजस्ता संवेदनशील क्षेत्रमा योजनाका व्यवस्थाहरूले कमजोर समूहहरूलाई असमान रूपमा प्रभावित गर्ने प्रणालीगत अवरोधहरूलाई सम्बोधन गर्नुपर्छ। लैङ्गिक हिंसा विरुद्धका कानुनी प्रावधानहरू विद्यमान रहे पनि, कार्यान्वयन पक्ष कमजोर छ, दोषी ठहर दर/दोषी प्रमाणित गर्ने दर कम छ र पीडितहरूले न्यायमा पहुँच पाउन अत्यधिक अवरोधहरूको सामना गर्नुपरेको छ। यी चुनौतीहरूले शासकीय कार्यमा व्यापक असफलता र महत्वाकांक्षी लक्ष्यहरूलाई व्यवहारमा रूपान्तरण गर्न राजनीतिक इच्छाशक्तिको अभावलाई झल्काएका छन्।

नेपालले प्रमुख मानव अधिकार सन्धिहरू अनुमोदन गरे पनि प्रणालीगत अवरोधहरूका कारण अन्तर्राष्ट्रिय दायित्व परिपूर्ति गर्ने मुलुकको क्षमता निरन्तर अवरुद्ध छ। महत्त्वपूर्ण सन्धिहरूको प्रतिवेदन समयमै बुझाउन नसक्ने स्थिति यसको प्रमाण हो। उदाहरणका लागि तेस्रो विश्वव्यापी आवधिक समीक्षा (यूपीआर) चक्र/चरणले यी म्यादहरूलाई प्राथमिकतामा राख्न सिफारिस गर्दा गर्दै पनि सीडका लागि सातौँ र आठौँ आवधिक प्रतिवेदन (२०२१ मा बुझाउनु पर्ने) र नागरिक तथा राजनीतिक अधिकार महासन्धिको प्रतिवेदन (२०२२ मा बुझाउनु पर्ने) भए पनि यो वर्ष पनि बुझाइएनन्। यी प्रतिवेदनहरू नबुझाइनुले नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताप्रतिको कमजोर जबाफदेहितालाई औँल्यायो। लैङ्गिक हिंसा, जातीय विभेद र मानव अधिकार रक्षकको संरक्षणजस्ता गम्भीर मुद्दाहरूको समाधानका लागि कमजोर प्रगति देखिएको छ। यस्ता समस्याहरूलाई सम्बोधन गर्न कानुनहरू भए पनि कमजोर कार्यान्वयन संयन्त्र र प्रणालीगत ढिलाइका कारण पीडितहरूले पर्याप्त न्याय र संरक्षण पाउन सकिरहेका छैनन् *(सीआइभीआइसीयुएर, २०८१)*।

लैङ्गिक हिंसाविरुद्धको सुरक्षालाई सुदृढ गर्नका लागि यूपीआरबाट प्राप्त सुझावलाई स्वीकार गरे पनि कार्यान्वयन भने कमजोर रह्यो। मानव अधिकार रक्षकको सुरक्षालाई बलियो बनाउन यूपीआरबाट आएका सिफारिसलाई पनि ध्यान नदिँदा पर्याप्त नतिजा आउन सकेन। मानव अधिकार रक्षकले यो वर्ष पनि दुर्व्यवहार भोगे। कानुनी बृहत् सुरक्षा संयन्त्रको अभावले मानव अधिकार रक्षकहरू आक्रमणको जोखिममा छन्।

मानव अधिकारका चुनौतीहरूका साथै नेपाल जलवायु परिवर्तन र विपत् तयारीको काममा अलमलिएको छ। यूपीआर ले नेपालको जलवायु अनुकूलन योजनाहरूलाई अघि बढाउनु पर्ने आवश्यकता रहेको कुरा उल्लेख गरेको भएपनि राष्ट्रिय अनुकूलन योजनामा प्रगति सुस्त रह्यो। यी खाडलहरूले जलवायु परिवर्तनबाट पर्ने र परिरहेको समस्यालाई सामना गर्न सरकारको असफलतालाई उजागर गरिदिएको छ। यूपीआरले विपत् तयारीलाई सुदृढ गर्न सिफारिस गरेको भए पनि सन् २०२४ मा विपत् क्षेत्र घोषणा र कोष विनियोजन जस्ता केही पहलका बाबजुद प्रणालीगत कमजोरीहरू कायमै रहे। *(हेर्नुहोस्, बागमती प्रदेशको आलेख)* विपत् पूर्व तयारी अझै अपूर्ण रहेको र स्रोत साधनको असमान वितरणले प्रभावकारी कदम हुन सकेन।

राष्ट्रिय मानव अधिकार कार्ययोजनाले यूपीआरका धेरैजसो प्राथमिकताहरू समेटेको भए पनि स्रोतहरूको सीमितता तथा राजनीतिक इच्छाशक्तिको कमीले सार्थक प्रगति हुन सकेन। यूपीआरका सम्बन्धमा नागरिक समाजका सङ्गठनहरू निरन्तर प्रगति अनुगमन र सिमान्तीकरणमा परेका समुदायहरूको पक्षमा वकालत गरिरहेका भए पनि यूपीआरका सिफारिस पूर्ण कार्यान्वयन हुन सकेन। प्रणालीगत चुनौतीहरू कायमै रहेकाले महत्वपूर्ण सुधारको प्रक्रिया अवरुद्ध भयो। नेपालले यस वर्ष यूपीआर चौथो चक्र/चरणमा प्रवेश गर्दैगर्दा यी समस्याहरूको सामना गर्नु आवश्यक छ। शासकीय संयन्त्रहरूलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय मानव अधिकार प्रतिबद्धता पूरा गर्दै सरकारको मानव अधिकार सरोकार पुष्टि गर्ने यो अवसर बन्न सक्छ। *(मानव अधिकार परिषद्, २०८१)*।

सरकार परिवर्तन र राजनीतिक अस्थिरता

सन् २०२४ मा नेपालले प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ले विश्वासको मत प्राप्त गर्न नसकेपछि राजीनामा दिए। एउटा गठबन्धन सरकार ढल्यो र अर्को राजनीतिक गठबन्धन सुरु भयो। यो परिवर्तनले नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष एवम् एमाले संसदीय दलका नेता खड्गप्रसाद शर्मा ओली चौथो पटक प्रधानमन्त्री बने। माओवादीसँगको गठबन्धन छाडेर नेपाली कांग्रेससँग भएको गठबन्धन सम्झौताले राजनीतिक गठबन्धनहरूको तरल अवस्थालाई उजागर गऱ्यो।

सङ्घमा गठबन्धन परिवर्तन भएसँगै प्रदेशस्तरीय गठबन्धन परिवर्तनले शासन चुनौतीहरूलाई थप जटिल बनायो। सर्वोच्च अदालतले गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले पाएको विश्वास मतलाई अवैधानिक घोषित गऱ्यो। जसले नेपाली कांग्रेसका सुरेन्द्रराज पाण्डेयलाई नयाँ मुख्यमन्त्रीको रूपमा नियुक्त हुने बाटो खोल्यो। त्यसैगरी बागमती प्रदेशमा मुख्यमन्त्री शालिकराम जमरकट्टेलले २०८१ वैशाख २६ गते दिएको राजीनामा स्वीकृत भएसँगै प्रदेशको नेतृत्वमा परिवर्तन ल्यायो। सङ्घीय र प्रदेश दुवै तहमा नेतृत्वका यी बारम्बार हुने गठबन्धन परिवर्तनहरूले नीतिगत निरन्तरतालाई बाधा पुऱ्याए। निर्णय प्रक्रियालाई ढिलो बनाए र प्रभावकारी शासनलाई कमजोर बनाए।

बारम्बार हुने गठबन्धन परिवर्तनले विशेष गरी आर्थिक नीति निर्माण, पूर्वाधार विकास र विदेश सम्बन्धलगायतका शासन पद्धतिलाई कमजोर बनायो। यी अक्षमताहरूले दिगो विकास लक्ष्य-१६ तर्फको प्रगतिलाई ढिलो बनाउने मात्र होइन दिगो र समावेशी आर्थिक वृद्धि प्रवर्धन गर्ने लक्ष्य-८ का प्रयासहरूलाई समेत अवरोध गर्छ।

निर्वाचन र सुशासन

यस वर्ष सम्पन्न निर्वाचनहरूले नेपालको सुशासन परिदृश्य निर्माण र महत्वपूर्ण नीतिगत दिशा निर्धारणमा प्रभाव पार्न निर्णायक भूमिका खेले। यी निर्वाचन परिणामले प्रभावकारी सुशासनको आवश्यकतालाई चित्रण गरे र सीमान्तकृत समूहहरू तथा मानव अधिकार रक्षकहरूका अधिकार संरक्षण गर्ने राज्यको क्षमताका बारेमा महत्वपूर्ण प्रश्नहरू उठाए। यी चुनौतीहरूले नेपाली शासन प्रणालीमा जबाफदेहिता र पारदर्शिता सुदृढीकरणको आवश्यकतालाई उजागर गरिदिए।

यो वर्ष राष्ट्रिय सभा निर्वाचन भयो। यस निर्वाचनले माथिल्लो सदनमा १९ सीटमध्ये नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र) नेतृत्वको सत्तारूढ गठबन्धनले १८ सीटमा जित हासिल गरे *(अन्तर-संसदीय सङ्घ, २०८१)*। विपक्षी नेकपा (एमाले) ले एक सीट जित्यो। जसले सत्तारूढ गठबन्धनको राष्ट्रिय सभामा प्रभुत्वलाई थप सुदृढ बनायो। तर, परिणामले

नेपालका कार्यपालिका र विधायिकाबिचको शक्तिसम्बन्धको नाजुक सन्तुलनलाई पनि उजागर गऱ्यो।

यस वर्षको मङ्सिर महिनामा निर्वाचन आयोगले नेपालका विभिन्न स्थानीय तहहरूका ४१ रिक्त पदपूर्तिका लागि उप-निर्वाचन गऱ्यो। ६२ प्रतिशत मतदाता सहभागी भएको यस उप-निर्वाचनमा २५ राजनीतिक दलहरूबाट ३ सय ७६ जना उम्मेदवारहरू सहभागी भए, जसमध्ये २० ओटा दलले उम्मेदवारी दिएका थिए। कुल २ लाख २६ हजार ७ सय ९९ जना मतदाता रहेको यो निर्वाचनमा कैलाली र ओखलढुङ्गामा नेपाली कांग्रेसका उम्मेदवारहरू र रुकुम पश्चिममा माओवादी केन्द्रका उम्मेदवार निर्विरोध निर्वाचित भए। बाँकी स्थानमा प्रतिस्पर्धा भएको थियो। उप-निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भए पनि निर्वाचन कर्मचारी र सुरक्षाकर्मीहरूलाई पर्यवेक्षक आचरणका बारेमा उचित अभिमुखीकरण प्रदान नहुँदा समस्या आए *(प्रतिवेदन, २०८१)*

यी निर्वाचनहरूले राष्ट्रिय र स्थानीय दुवै तहमा नेपालको राजनीतिक र शासन संरचनाहरू निर्माणमा लोकतान्त्रिक प्रक्रियाहरूको महत्त्वलाई उजागर गर्न सहयोगी भए।

संवैधानिक निकाय र संस्थागत जबाफदेहिता

नेपालका संवैधानिक निकायहरूमा राष्ट्रिय मानव अधिकार आयोगजस्ता महत्वपूर्ण संस्थाहरू समावेश छन्। संविधानले यी निकायहरूबाट जबाफदेहिता प्रवर्द्धन र मानव अधिकार संरक्षणमा महत्त्वपूर्ण भूमिका निर्वाह हुने अपेक्षा गरेको छ। यो वर्ष राष्ट्रिय मानव अधिकार आयोगले वातावरण मानव अधिकार रक्षकहरूको सम्मेलन सम्पन्न गऱ्यो। सम्मेलन पश्चात जारी घोषणापत्रमा वातावरण अधिकार रक्षकहरूको संरक्षण र दिगो अभ्यासलाई राष्ट्रिय मानव अधिकार रूपरेखामा एकीकृत गर्नुपर्ने आवश्यकतालाई जोड दियो।

राष्ट्रिय मानव अधिकार आयोगका प्रयासहरूमा समावेशिता प्रवर्धन र मानव अधिकार उल्लङ्घनको सम्बोधन गर्ने प्रतिबद्धता देखियो।

मानव अधिकार रक्षक र कानुनी संरक्षण

मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको पचासौं वर्षका अवसरमा सन् १९९८ मा संयुक्त राष्ट्रसङ्घको महासभाले सदस्य राष्ट्रहरूको मतैक्यमा मानव अधिकार रक्षकसम्बन्धी घोषणापत्र पारित गरेको थियो। त्यसयता मानव अधिकार रक्षकको सुरक्षा, अधिकार, दायित्वका बारेमा संसारभर चर्चा परिचर्चा हुने गरेको छ। मानव अधिकार रक्षकका संरक्षणका लागि राष्ट्रिय, अन्तर्राष्ट्रिय संयन्त्र र केही कानुनी व्यवस्था भए पनि यसले मानव अधिकार रक्षकको पूर्ण संरक्षण गर्न सकेको छैन। नेपालका मानव अधिकार रक्षकको हक अधिकारको संरक्षण, सूचनामा पहुँच, सुरक्षा सम्मान लगायतको सुनिश्चितताका लागि छुट्टै कानुनी व्यवस्थाको आवाज उठेको भए तापनि सो अनुरूपको कानुन बन्न सकेको छैन। मानव अधिकारको संरक्षण र संवर्द्धनमा ज्यान जोखिममा राखेर लागिपरिरहेका मानव अधिकार रक्षकहरू सुरक्षित नभएको तथ्याङ्कहरूले देखाउँछन्। यस वर्ष १ सय ४३ जना मानव अधिकार रक्षक पीडित भएको इन्सेकमा अभिलेख भयो। उनीहरूमाथि हुने मानव अधिकारको उल्लङ्घन र ज्यादतीको निष्पक्ष छानबिन गरी पीडितलाई कारबाही गर्ने एक छुट्टै निकाय नहुँदा कानुनी तथा मनोवैज्ञानिक उपचारको प्रभावकारी व्यवस्थाको महसुस भयो। राष्ट्रिय मानवअधिकार आयोगको ऐन संशोधनको प्रस्तावित विधेयकमा मानवअधिकार रक्षकका बारेमा उल्लेख गरिएको भए पनि यो विषयमा आयोगले नै मानव अधिकार रक्षकहरूबीच पर्याप्त अन्तरकृया र छलफल गरेन।

प्रदेश सरकार र सङ्घीयता

नेपालको सङ्घीय प्रणाली थप विकसित हुन आवश्यक पर्ने विकेन्द्रीकृत शासनसम्बन्धी जटिलताहरूसँग प्रदेश सरकार जुधिरहेका छन्। गण्डकी र बागमतीजस्ता केही प्रदेशहरूमा भएको सरकार परिवर्तन, कोशी र कर्णाली प्रदेश राजनीतिक अस्थिरता र वित्तीय सीमितताहरूसँग सङ्घर्ष गरिरहेका छन्। उदाहरणका लागि गण्डकी प्रदेशले बाढी र पहिरो राहतका लागि जम्मा ५० लाख रुपियाँ विनियोजन गऱ्यो। जबकी यो रकम विपत्मा परेको एउटा गाउँको पुनर्निर्माणका लागि पनि पर्याप्त थिएन। विपत्को पूर्वतयारीबारे प्रदेश सरकार अलमलमै रहेका आभाष भयो।

बागमती प्रदेशले विकास कार्यक्रमहरूमा लैङ्गिक समानता प्रवर्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मापदण्ड २०८१ जस्ता पहलहरू सुरु गऱ्यो। यो प्रदेशले सहरी आवास सुधार गर्न आवास कार्यक्रम पनि अघि सारेको थियो। तर, अन्य प्रदेशहरू झैँ बागमतीले पनि स्रोतको सीमितता जस्ता चुनौतीहरूको सामना गर्नुपऱ्यो।

लुम्बिनी प्रदेशले विद्युत् सञ्जाल विस्तार र वैकल्पिक ऊर्जा समाधानहरूको प्रवर्धन लगायत दिगो

विकासमा ध्यान केन्द्रित गऱ्यो। मधेस प्रदेशले महिला तथा बालबालिका सशक्तिकरण कार्यक्रमका लागि पहलकदमी लियो। उसका नीति तथा कार्यक्रममा कानुन र कार्यक्रमहरू मार्फत सामाजिक सशक्तिकरण र सीमान्तकृत समूहहरूको सवाललाई सम्बोधन गर्ने प्रयास गरिएको छ। तर, सुशासनसम्बन्धी चुनौतीहरू समाधान गर्न विशेषगरी मानव अधिकारको संरक्षणमा सङ्घीय र प्रदेश सरकारहरूबिच सहकार्य अत्यावश्यक भएको देखियो।

जलवायु परिवर्तनः प्राकृतिक विपत् र पुर्नस्थापना

जलवायु परिवर्तनका कारण हरेक वर्ष प्राकृतिक विपत्का घटनामा बढोत्तरी भइरहेका छन्। तर, सो अनुरूप संवेदनशीलता र विपत् तयारी तथा प्रतिकार्यमा सरकारी कमजोरी उजागर भयो। यस वर्ष प्राकृतिक विपत्का घटनाका कारण व्यापक मात्रामा जनधनको क्षति, स्थानान्तरण र पूर्वाधारमा ठूलो नोक्सानी भयो। गत वर्षको भूकम्पका कारण जाजरकोटमा घरबारविहीन भएका थुप्रै परिवारहरू एक वर्षपछि पनि अस्थायी शिविरमा बस्न बाध्य भए। यसैगरी, यसवर्षको अविरल वर्षाका कारण ललितपुर, काभ्रे र सिन्धुलीका बाढीपीडितहरूले सरकारी सहयोग नपाउँदा घर पुनर्निर्माण र पुनर्स्थापनाका लागि सङ्घर्षरत रहे। यी चुनौतीहरूले नेपालको विपत् प्रतिकार्य प्रणालीमा महत्वपूर्ण सुधारको आवश्यकता औंल्याए।

अत्यधिक वर्षाले शहर र ग्रामीण दुबै क्षेत्र जलमग्न बनाउँदै दुई सयभन्दा बढी मानिसको ज्यान लियो, हजारौं घर नष्ट गऱ्यो र अनगिन्ती परिवारलाई विस्थापित गऱ्यो (ल्याण्ड्रिन, २०८१)। काठमाडौंमा बागमती नदीको बाढीले बस्तीहरू डुबानमा पारेको थियो। मनसुनी वर्षाले देशभर पहिरो निम्त्यायो। नख्खुमा सीमान्तकृत बासिन्दा बस्ने अस्थायी टहराहरू बगाउँदा जलवायु प्रकोपले सबैभन्दा कमजोर समुदायहरूलाई कसरी असर पुऱ्याउँछ भन्ने स्पष्ट देखियो। यसले असमानता र जलवायु न्यायका मुद्दाहरूलाई अझै प्रस्ट रूपमा जोडेको छ।

तत्कालीन प्रभावलाई कम गर्न सरकारले विभिन्न उपायहरू अवलम्बन गऱ्यो। २० ओटा जिल्लाका ७१ ओटा स्थानीय तहलाई प्रकोप क्षेत्र घोषणा गर्दै मृतक वा बेपत्ताको परिवारलाई प्रतिपरिवार २ लाख रुपियाँ उपलब्ध गराउने निर्णय गऱ्यो।

यी प्रयासहरूका बाबजुद स्रोत वितरणका चुनौती र व्यवस्थित प्रतिकार्य प्रणालीको आवश्यकता नेपालका लागि झनै पेचिलो मुद्दा बनेको छ। विपत् प्रतिरोधात्मक क्षमतालाई सुदृढ गर्ने सरकारी प्रतिबद्धता जगजाहेर छ। तर, राहत सबैभन्दा बढी आवश्यकता भएकाहरूसम्म पुऱ्याउने सुनिश्चितताका लागि प्रभावकारी कार्यान्वयन र अनुगमन आवश्यक छ। पूर्व सावधानी प्रणालीको अभाव, कमजोर भूमि-उपयोग नीतिहरू र अनियन्त्रित सहरी विकास जस्ता कारणहरूले क्षतिको स्तरलाई अझै बढायो। काठमाडौं उपत्यकामा अव्यस्थित शहरीकरणले बाढीका जोखिमहरू बढायो भने दुर्गम क्षेत्रहरूमा सहायताको ढिलाइले समुदायहरूलाई सङ्कटकालीन समयमा अलपत्र बनायो।

बाढी र पहिरोका अतिरिक्त नेपालले लु (तातो लहर) को बढ्दो खतराको सामना गऱ्यो। समाजमा व्याप्त असमानताहरूले यस्ता खतराका प्रभावहरूलाई झन् बढाउँछ। यसको ठूलो मारमा गरीब तथा विपन्न वर्ग पर्ने जोखिम देखियो। जलवायु प्रकोपका जोखिमलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न नेपाल सङ्कट व्यवस्थापनको अवधारणाबाट पूर्वसक्रिय समाधानतर्फ अघि बढ्नुपर्ने आवश्यकता छ। यसका लागि पूर्व सावधानी प्रणालीलाई सुदृढ गर्नु, जलवायु प्रतिरोधी पूर्वाधारमा लगानी गर्नु र दिगो भूसंरचनासम्बन्धी योजनालाई बढावा दिनु अत्यावश्यक प्रारम्भिक कामहरू हुन्।

निष्कर्ष र सुझावहरू

सन् २०२४ मा नेपालको शासन व्यवस्थाले महत्त्वकाङ्क्षा र निष्क्रियताको विरोधाभासलाई अँगाल्यो। नीतिगत ढाँचाहरू र कानुनी सुधारहरूको त्रृटिपूर्ण कार्यान्वयन, स्रोत सीमितता र राजनीतिक अस्थिरताका कारण अपूर्ण रहे। एकातर्फ राष्ट्रिय अनुकूलन योजना र सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन संशोधन जस्ता पहलहरूले जलवायु न्याय, सङ्क्रमणकालीन न्याय र सामाजिक-आर्थिक चुनौतीहरूलाई सम्बोधन गर्ने क्रममा प्रगति देखाउँछन् भने अर्कोतर्फ प्रणालीगत शासकीय असफलताहरूले तिनको प्रभावलाई कमजोर पारेको देखियो। सन् २०२४ को विनाशकारी बाढी र पहिरोले विपत् पूर्वतयारीमा रहेका कमीकमजोरीहरूलाई उजागर गऱ्यो। विपत् पूर्व तयारी र व्यवस्थापनमा सरकारले धेरै काम गर्न बाँकी रहेको प्रष्ट भयो।

दीर्घकालीन रोजगार कार्यक्रमहरूको अभाव र फर्किएका आप्रवासीहरूको पुन: समायोजनमा सहयोगको कमीले नेपालका युवामा निराशा बढायो। लैङ्गिक समानता, पर्यावरण संरक्षण र बाल श्रमलाई सम्बोधन गर्ने कानुनी सुधारहरू प्रभावकारी कार्यान्वयनको अभावमा अवरुद्ध रहे।

सङ्घीय संरचनाले प्रदेशहरूलाई सशक्त बनाउने अभिप्राय राखेको भए पनि शासन र स्रोत वितरणमा असमानताहरू उजागर भए। कर्णाली र सुदूरपश्चिम प्रदेश अझै सङ्घीय स्रोतमा अत्यधिक निर्भर रहेको देखियो । प्रदेशहरू राजनीतिक अस्थिरता र सीमित पूर्वाधार विकासका समस्यासँग जुधिरहेका छन्। तर, बागमती र लुम्बिनी प्रदेशले विपत् राहत र स्थानीय पहलकदमीहरूमा आ-आफ्नै खाले सफलता हासिल गरे। प्रदेशबीचको यो असमान प्रगतिले कमजोर अन्तरसरकारी समन्वय देखायो।

नेपालको मानव अधिकार अवस्थाका बारेमा अझै पनि प्रश्न गर्ने ठाउँहरू छन्। मानव अधिकार रक्षकहरूको सुरक्षा, संरक्षणको सवाल यथास्थितिमा छ। सङ्क्रमणकालीन न्याय प्रक्रियामा व्यापक ढिलाइहरू भएका छन्। सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनमा गरिएका संशोधनहरू प्रगतिको पहिलो कदम भए पनि विशेष गरी गम्भीर मानव अधिकार उल्लङ्घनहरूका घटनाहरूको आममाफीका सन्दर्भमा ती संशोधनहरू अन्तर्राष्ट्रिय मापदण्ड विपरीत भएको कतिपय द्वन्द्वविद्‌ले बताए। अन्तर्राष्ट्रिय सन्धिहरू र दिगो विकास लक्ष्यहरू अन्तर्गत नेपालका प्रतिबद्धताहरूको परिपालना गर्न शासन प्रणाली असफल भएको देखियो। यसले नेपालको विश्वव्यापी विश्वसनीयतामा कमी ल्यायो।

राष्ट्रिय अनुकुलन योजना र विपत् व्यवस्थापन योजनाहरू लगायतका संरचनाहरूले व्यवहारिक नतिजा हासिल गर्न सकेनन्। सरकारले प्रतिक्रियात्मक राहत प्रयासहरूको सीमाभन्दा बाहिर गएर पूर्व सावधानी प्रणाली, जलवायु-प्रतिरोधी पूर्वाधार र दिगो शहरी योजनाजस्ता दीर्घकालीन तयारीमा ध्यान दिनु पर्छ। जलवायुमैत्री आवास र मजबुत भूमि उपयोग नीतिहरू जस्ता पूर्वसक्रिय उपायहरूले विशेषगरी सीमान्तकृत समुदायको जोखिम कम गर्न मद्दत पुऱ्याउँछन्।

दिगो रोजगार कार्यक्रमहरू, व्यवसायिक तालिम र उद्यमशीलता विकासले बेरोजगारी तथा विप्रेषणमाथिको दबाब कम गर्न युवालाई प्राथमिकतामा राख्नुपर्छ।

कानुनी सुधारहरूलाई केवल प्रतीकात्मक कदमबाट बाहिर ल्याइनु पर्छ। यसको प्रभावकारी कार्यान्वयनको आवश्यकता छ। मानव अधिकार रक्षकको संरक्षणमा रहेका कमजोरीहरूलाई सम्बोधन गर्न, लैङ्गिक हिंसाका पीडितहरूले न्या प्राप्तीमा सामना गर्नुपरेका अवरोध हटाउन र जातीय भेदभावका विरुद्ध संरक्षण बढाउन सके सामाजिक समानता प्रवर्धन हुने अपेक्षा गर्न सकिन्छ।

सन्दर्भ सामग्री

अन्तर-संसदीय सङ्घ (२०८१), नेपाल राष्ट्रिय सभा चुनाव २०२४: निर्वाचन परिणाम, अन्तर-संसदीय सङ्घ। https://data.ipu.org/parliament/NP/NP-UC01/election/NP-UC01-E20240125/

अनुमोदन (२०७३), *मोन्ट्रियल प्रोटोकलको ककगाली संशोधन अनमुोदन,* मन्ट्रियल प्रोटोकलको किगाली संशोधन अनुमोदन। https://hr.parliament.gov.np/uploads/attachments/7hquejv5op4oej6p.pdf

आइओएम (२०७९), *नेपालमा पुन:एकीकरण सेवाहरूको नक्सांकन,* अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन। https://publications.iom.int/system/files/pdf/Mapping-%20Reintegration-Services-Nepal.pdf

ह्युमन राइट्स वाच (२०८१), *नेपाल: नयाँ रूपान्तरण न्याय कानुन एक त्रुटिपूर्ण अगाडि कदम,* ह्युमन राइट्स वाच। https://www.hrw.org/news/2024/08/20/nepal-new-transitional-justice-law-flawed-step-forward

एडिबी (२०८१), *नेपालका म्याक्रोजोनिक अपडेट,* एसिएन डेभलपमेन्ट बैङ्क। https://www.adb.org/sites/default/files/institutional-document/1001006/nepal-macroeconomic-update-202409.pdf

एम्नेष्टी इन्टरनेशनल (२०८१), *नेपाल: नयाँ सङ्क्रमणकालीन न्याय कानून एक त्रुटिपूर्ण कदम अगाडि,* एम्नेष्टी इन्टरनेशनल। https://www.amnesty.org/en/latest/news/2024/08/nepal-new-transitional-justice-law-a-flawed-step-forward/

जल तथा मौसम विज्ञान विभाग (२०८१), प्रि-मनसुन MAM २०२४: प्रारम्भिक वर्षा र तापक्रमको संक्षेप।

https://www.dhm.gov.np/uploads/dhm/climateService/Pre-monsoon_MAM_2024-Preliminary_precipitation_and_temperature_summary.pdf

ढुङ्गाना, बद्रिराज (२०८१), *प्रेस विज्ञप्ति,* हिमाल, मानव र जलवायु सम्बन्धी अन्तर्राष्ट्रिय विज्ञ संवाद -

हिमाल, मानव र जलवायु सम्बन्धी अन्तर्राष्ट्रिय विज्ञ संवाद। https://mountain.mofe.gov.np/2024/04/15/press-release-international-expert-dialogue-on-mountain-people-and-climate-change/

बाल श्रम निषेध ऐन (२०८१), *बाल श्रम निषेध ऐन,* नेपाल सरकारको आधिकारिक पोर्टल। https://www.opmcm.gov.np/download-documents/?wpdmc=samiti-decision

भट्ट, मिना (२०८१), *नेपालको सङ्क्रमणकालीन न्याय प्रक्रियाको अब के हुन्छ ?,* द डिप्लोम्याट-एसिया प्यासिफिक करेन्ट अफेरस् म्यागजिन। https://thediplomat.com/2024/08/what-next-for-nepals-transitional-justice-process/

मसाज, आइ एण्ड शर्मा (२०७७), *कुनै कानुनी व्यवस्था, कुनै न्याय, पीडितहरूको लागि कुनै राज्य।* मानव अधिकार निगरानी, १०(२), ३२७-३४५। https://doi.org/10.1093/JHUMAN/HUY020

मानव अधिकार परिषद् (२०८१), *संयुक्त राष्ट्रसङ्घको सन्धि निकायहरू,* सन्धि। https://www.ohchr.org/en/treaty-bodies

नीति तथा कार्यक्रम (२०८१), *आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम,* नेपाल सरकार। https://www.opmcm.gov.np/en/wp-content/uploads/2024/05/policyannprogramEnglish_2081-2-1.pdf

रिपोर्ट (२०८१), *बाढी र पहिरो राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको प्रारम्भिक क्षति र क्षतिको मूल्याङ्कन,* राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण। https://www.bipad.gov.np/uploads/publication_pdf/Loss_and_Damage_Assessment_of_Flood_and_Landslide_2024_Updated_compressed.pdf

ल्याण्ड्रिन, सोफी (२०८१), *नेपालमा अविरल वर्षाले काठमाडौं र उपत्यकालाई तहसनहस बनाएको छ,* लि मण्डे। https://www.lemonde.fr/en/international/article/2024/09/30/in-nepal-torrential-rains-devastate-kathmandu-and-its-valley_6727777_4.html

विश्व बैङ्क (२०८१), *नेपाल गरिबी र समानता विवरणिका: अक्टोबर २०२४,* विश्व बैङ्क समूह। http://documents.worldbank.org/curated/en/099051101062533877/IDU17b8e95551a24414fe719608128aa787130cc

साह, उपेक्षा (२०८१), *नेपाल २०२४ मा: के राजनीतिक अस्थिरता अन्ततः समाप्त भएको छ?,* साउथ एसिएन भोइस। https://southasianvoices.org/pol-f-np-n-nepal-political-instability-12-18-2024/

साउद, पार्बती (२०८१), *६२ प्रतिशत मतदान: निर्वाचन आयोग,* इन्सेक अनलाइन। https://inseconline.org/np/news/%e0%a5%ac%e0%a5%a8-%e0%a4%aa%e0%a5%8d%e0%a4%b0%e0%a4%a4%e0%a4%bf%e0%a4%b6%e0%a4%a4-%e0%a4%ae%e0%a4%a4%e0%a4%a6%e0%a4%be%e0%a4%a8%e0%a4%83-%e0%a4%a8%e0%a4%bf%e0%a4%b0%e0%a5%8d%e0%a4%b5%e0%a4%be/

सिंह, शंकरमान (२०८१), *नेपालमा धेरै तातो दिनहरू, वा यसपटकको गर्मीले रेकर्ड तोडेको छ ?* स्पटलाइट नेपाल। https://www.spotlightnepal.com/2024/06/03/lot-heat-day-nepal-or-has-summer-temperature-broken-record-so-far/

स्थिति सूचक (२०८१), *२०२४ सेप्टेम्बर बाढी र पहिरो,* राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण। https://bipad.gov.np/uploads/publication_pdf/SitRep_4_-_2024_September_Floods_and_Landslides_English.pdf

हरित हाइड्रोजन नीति (२०८०), *हरित हाइड्रोजन नीति, ऊर्जा,* जलस्रोत तथा सिंचाइ मन्त्रालय। https://moewri.gov.np/storage/listies/January2024/green-hydrogen-policy-2080.pdf

OCHA (2081), *नेपाल: गर्मी लहर-०५-२०२४-गर्मी लहर ३२ (२०२४-०५-२३) - नेपाल,* रिलिफवेब। https://reliefweb.int/report/nepal/nepal-heat-wave-05-2024-heat-wave-2-2024-05-23

UNEP (२०८०), *नेपालले ऐतिहासिक जलवायु अनुकूलन योजना सार्वजनिक गऱ्यो,* ग्लोबल एडेप्टेशन नेटवर्क (GAN)। https://www.unep.org/gan/news/press-release/nepal-unveils-historic-climate-adaptation-plan/

https://inseconline.org/np/wp-content/uploads/2024/12/Local-level-Bielection-Report_2081_09_08.pdf

परिच्छेद

६

व्यवस्थापिका

सङ्घीय संसद

संसदीय गतिविधिहरू

प्रदेश सभाहरू

परिचय

यो वर्ष दुई ठूला दल मिलेर सरकार बनाए। संसदीय व्यवस्थामा विरलै हुने यस्तो अभ्यास हुँदा पनि सरकारले संसदलाई "बिजनेस" दिन नसक्दा कानुन निर्माणको काम प्रभावित हुन पुग्यो। जसले गर्दा यस वर्ष पनि संसदले आलोचनाको सामना गर्नु पर्‍यो। संसदमा विधेयक ल्याएर संसदलाई सक्रिय तुल्याउने मुख्य जिम्मेवारीमा कार्यपालिका सक्रिय नहुँदा संसद निष्प्रभावीजस्तो देखियो। सरकार गठन हुने, फेरि विघटन हुने र अर्को सरकार गठन हुने यो अस्थिरताका कारण कानुन निर्माणमा ढिलाइ हुने गरेका विगतको उदाहरण यस वर्ष पनि दोहोरिए। आर्थिक विनियोजन विधेयक र सरकारका नीति तथा कार्यक्रमलगायत काममा मात्र संसदले ध्यान केन्द्रित गर्दा कानुन निर्माणको पाटो ओझेलमा पर्‍यो।

विगत लामो समयदेखि अड्किएर बसेका विधेयकहरू जुन तदारुकताका साथ संसदमा आउनुपर्ने थियो, जसरी पास हुनुपर्थ्यो त्यो भएको देखिएन। सभामुखको नेतृत्वमा कार्यतालिका नै बनाएर संसदका गतिविधि अघि बढाइएको भनिए तापनि मूल कार्यबाट संसद विमुख हुनुले व्यवस्थापिकामाथि कार्यपालिकाको छायाँ परेको प्रष्ट महसुस भयो।

कानुन बनाउने, बजेट पारित गर्ने, जनताको मनको आवाज बोल्ने, सरकार निर्माण तथा अनुगमन र खबरदारी गर्ने मुख्य जिम्मेवारी भएको संसदका काम प्रभावकारी हुन सकेन। कानुन निर्माणमा संसदको भूमिका प्रभावकारी नभएको स्पष्ट देखियो । कानुन निर्माणमा सांसदहरूको भूमिका सरकारले ल्याएको मस्यौदामा समर्थन जनाउने मात्रै भएको देखियो।

सरकारको कामको निगरानी र खबरदारी गर्ने विषयमा पनि सांसदहरूको भूमिकामाथि प्रश्न खडा भयो। जरूरी सार्वजनिक महत्त्वको प्रस्ताव, सङ्कल्प प्रस्ताव प्रस्तुत गरेर सरकारको ध्यानाकर्षण गर्ने कार्य सांसदले गर्न सक्नुपर्थ्यो तर, त्यसतर्फ सांसदको धेरै ध्यान गएको पाइएन। पछिल्लो समय संसदीय समितिहरूले नियमित बैठक बस्नुका साथै निर्णय र निर्देशनका माध्यमबाट आफ्नो भूमिका र सक्रियता बढाए तापनि संसदीय समितिका निर्णय पालनामा सरकारको अटेरीपन यस वर्ष पनि दोहोरियो।

आमनागरिक सार्वभौमसत्ता सम्पन्न छन्। यो सार्वभौमसत्ताको प्रयोग गर्ने थलो हो, संसद। दुई तिहाइ भयो भने संसदले संविधान पनि संशोधन गर्न सक्छ। महत्त्वपूर्ण सन्धि सम्झौताहरू अनुमोदन गर्ने, नीति निर्माण गर्ने, कानुन बनाउने, बजेट पारित गर्ने काम पनि यसले गर्छ। राज्यशक्तिको प्रयोग कार्यकारीले गर्छ। राज्यशक्तिको प्रयोग गर्ने कार्यकारीलाई अनुगमन गर्ने, खबरदारी गर्ने र जिम्मेवार एवं जवाफदेही बनाउने निकाय संसद हो। तर, संसदका कतिपय व्यवहार र प्रस्तुतिले संसदको महत्त्वको विषयलाई हल्का बनायो।

सांसदहरूको क्रियाशीलता उनीहरूको उपस्थितिमा पनि झल्किन्छ। संविधानको धारा ८९ को खण्ड (३) मा सदनलाई सूचना नदिई लगातार १० पटक बैठकमा अनुपस्थित भएमा सांसदको पद रिक्त हुने व्यवस्था छ। तर, संसदमा अनुपस्थितिको विगतको परम्परामा खासै परिवर्तन भएको देखिँदैन।

राज्यशक्तिलाई तीन तहमा विभाजन गरेको नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहमा व्यवस्थापकीय अङ्ग रहने र ती निकायबाट कानुन निर्माण हुने परिकल्पना गरेको छ (संविधान, धारा ५६)। सङ्घमा प्रतिनिधि सभा र राष्ट्रिय सभासहितको दुई सदनात्मक सङ्घीय संसद, प्रदेशमा एक सदनात्मक प्रदेश सभा र स्थानीय तहमा व्यवस्थापिकाको रूपमा गाउँसभा र नगरसभाको प्रबन्ध गरिएको छ *(संविधान, धारा ८३, १७५ र २२१)*। सङ्घ र प्रदेशमा व्यवस्थापिकाले कार्यकारीको चयन गर्ने प्रबन्ध गरिएका कारण सरकारबाट फिर्ता बोलाउने व्यवस्था भए तापनि *(संविधान, धारा ७६, १००, १६८ र १८८)* स्थानीय तहमा कार्यकारी प्रमुख र व्यस्थापिकीय प्रमुख एउटै हुने प्रबन्ध गरिएको छ।

सशस्त्र द्वन्द्व अन्त्य भएको १८ वर्ष पुरा भइसक्दा पनि सङ्क्रमणकालीन न्यायको मुद्दा टुङ्गो लाग्न सकेको छैन। यसको लागि गठन भएका आयोगहरूले प्रभावकारी ढङ्गले काम गर्न नसक्दा आम द्वन्द्वपीडितहरू न्यायबाट पीडित भएका थिए। यस वर्ष सङ्क्रमणकालीन न्यायका मुद्दाहरू टुङ्गोमा लगाउन राजनीति सहमतिको आधारमा बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग २०७१ लाई संशोधन गर्न बनेको विधेयक संसदको दुवै सदनको बैठकबाट पारित भयो। यो वर्ष संसदले गरेको सबैभन्दा महत्त्वपूर्ण काम यही थियो।

सङ्घीय संसद

सभामा बहस र छलफल

संविधान बमोजिम सङ्घीय व्यवस्था कार्यान्वयनपछिको जनप्रतिनिधिमूलक संस्थाको पहिलो

पाँच वर्षको सिकाइका आधारमा कार्यसम्पादनमा प्रभावकारिता ल्याउनुपर्ने अपेक्षा गरिएको भए पनि दोस्रो कार्यकालको दोस्रो वर्षमा सङ्घीय संसद सो रूपमा क्रियाशील हुन सकेन। संसदको प्रभावकारिता भनेको संसदले संविधान तथा कानुन बमोजिम सम्पादन गर्नुपर्ने कार्य आम नागरिकले अनुभूत गर्न सकिने गरी सम्पादन गर्‍यो वा गरेन र त्यसबाट शासकीय प्रबन्धमा सुधार भयो वा भएन भन्ने प्रश्नसँग सम्बन्धित विषय हो।

संसदले आफ्नो औचित्य र उपादेयता पुष्टि गर्‍यो वा गरेन भन्नेबाट नै संसदको प्रभावकारिता निर्धारित हुन्छ। सरल भाषामा भन्ने हो भने समावेशी रूपमा जनप्रतिधित्व गर्ने संसद तथा यसका समितिहरूको बैठक निश्चित समयमा बस्ने र अन्त्य हुने, यसले सरकारी कामको उचित निगरानी राख्ने, कानुनी शासनलाई प्रवर्धन गर्ने, गुणस्तरीय विधायन पारित गर्ने, नागरिकको अधिकार संरक्षण गर्ने र नागरिकका गुनासो सम्बोधन गर्ने, सरकारी वित्त, राजस्व परिचालन र विनियोजनप्रति सरकारलाई जबाफदेही बनाउने, सरकारी नीति तथा कार्यक्रमको कमी, कमजोरी सुधार गर्ने र विकल्प दिने काममा संसदको भूमिका सर्वसाधारणले अनुभूति गरेमा संसद प्रभावकारी रहेको मान्नुपर्ने हुन्छ *(पौडेल, २०८१)*। सङ्घीय संसदलाई उल्लेखित मापदण्डमा राखेर मूल्याङ्कन गर्दा उत्साहजनक मान्न सक्ने अवस्था रहेन।

वर्ष २०२४ मा सङ्घीय संसदका दुईओटा अधिवेशन भए। २०८० माघ २२ गतेदेखि २०८१ वैशाख २ गतेसम्म प्रतिनिधि सभाको तेस्रो तथा राष्ट्रिय सभाको पन्ध्रौँ अधिवेशन चल्यो । यस अवधिमा प्रतिनिधि सभाको २३ र राष्ट्रिय सभाको २० ओटा बैठक बसी क्रमशः ८१ घण्टा ५५ मिनेट र ४७ घण्टा १६ मिनेट समय व्यतित गरे। प्रतिनिधि सभाको चौथो तथा राष्ट्रिय सभाको सोह्रौँ अधिवेशन २०८१ वैशाख २८ गतेदेखि २०८१ भदौ ३१ गतेसम्म चल्यो। यस अवधिमा प्रतिनिधि सभाको ५६ र राष्ट्रिय सभाको ४० बैठकमा क्रमशः २ सय ६ घण्टा २५ मिनेट र ७३ घण्टा ५५ मिनेट समय व्यतित गरेका थिए। यो अधिवेशन अवधिमा दुई ओटा दुवै सदनको संयुक्त बैठक बस्यो । एक वर्षमा प्रतिनिधि सभाले कूल २ सय ८८ घण्टा २० मिनेट र राष्ट्रिय सभाले १ सय २१ घण्टा ११ मिनेटको समय सभाको बैठकमा व्यतित गरे।

सभामा शून्य समय, विशेष समय र आकस्मिक समयमा सदस्यहरूले आफ्ना निर्वाचनक्षेत्रसँग सम्बन्धित, प्राकृतिक विपत् र बाढी पहिरोसँग सम्बन्धित एवम् सार्वजनिक चासो र सरोकारका विभिन्न मुद्दामा सदनमा आफ्ना धारणाहरू व्यक्त गरेका थिए। राष्ट्रिय सभाको पन्ध्रौँ अधिवेशनमा सात बैठकमा शून्य समय र ६ बैठकमा विशेष समय रहेकोमा क्रमशः ३९ र ४२ जना सांसदहरूले धारणा राखेका थिए (राष्ट्रिय सभा, २०८१) । त्यस्तै सोह्रौँ अधिवेशनमा १७ ओटा बैठकमा शून्य समय र १६ ओटा बैठकमा विशेष समय रहेकोमा क्रमशः ४४ र ५२ जना सांसदहरूले धारणा राखेका थिए *(राष्ट्रिय सभा, २०८१)*। त्यसका अतिरिक्त राष्ट्रिय सभाका सदस्यहरूले प्रादेशिक सरोकार समयमा पनि सङ्घीयता कार्यान्वयन र सवलीकरणका विषयमा धारणा तथा निर्वाचन क्षेत्रका प्रदेश तथा स्थानीय तहका समस्या राखेका थिए। दुवै अधिवेशनमा ३० जनाले प्रादेशिक सरोकार समयको उपयोग गरे।

यो वर्ष सङ्घीय संसदको दुवै सदनको दुईवटा संयुक्त बैठक बसे। प्रतिनिधि सभाको चौथो तथा राष्ट्रिय सभाको सोह्रौँ अधिवेशन अवधिमा सङ्घीय संसदको दुवै सदनको दुई ओटा संयुक्त बैठक बसेका छन्, जसमध्ये २०८१ जेठ १ गते संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलले नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो भने २०८१ जेठ १५ गते संयुक्त बैठकमा अर्थमन्त्री वर्षमान पुनले आर्थिक वर्ष २०८१/०८१ को को राजश्व र व्ययको वार्षिक अनुमान प्रस्तुत गर्नुभएको थियो।

यसै वर्ष संविधानमा भएको व्यवस्था बमोजिम राष्ट्रिय सभाका एक तिहाई सदस्यको पदावधि पूरा भएका कारण उक्त पदका लागि निर्वाचन भए। नवनिर्वाचित सदस्यहरूले २०८० फागुन २१ बाट पदभार ग्रहण गरेका छन्। पदावधि पूरा भई रिक्त सभाको अध्यक्ष पदमा नारायणप्रसाद दाहाल र राजीनामा दिएका कारण रिक्त उपाध्यक्ष पदमा विमला घिमिरे निर्वाचित हुनु भएको थियो।

सरकार निर्माण र विश्वासको मत

यो वर्ष पनि संसद सरकार निर्माणको खेलमा व्यस्त रह्यो। नेपाली कांग्रेस र माओवादी केन्द्रको सरकार रहेकोमा २०८० फागुनमा एमालेले तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई समर्थन गर्ने भएपछि नेपाली कांग्रेस सरकारबाट बाहिरियो र तत्कालीन प्रधानमन्त्री प्रचण्डले ०८० फागुन ३० गते तेस्रो पटक विश्वासको मत लिए। यो यात्रामा एमाले र

माओवादीसँगै राष्ट्रिय स्वतन्त्र पार्टी पनि थियो। ०८१ जेठ ७ गते चौथोपटक प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गरेका प्रधानमन्त्री दाहालको यो पटकको कार्यकाल लामो रहन सकेन। ०८१ असारमा आइपुग्दा नेपाली कांग्रेसको समर्थनमा आफूले प्रधानमन्त्री पाउने भएपछि एमाले सरकारबाट बाहिरियो। प्रधानमन्त्री दाहालले ०८१ असार २८ गते राखेको पाँचौपटकको प्रस्तावमा विश्वासको मत प्राप्त गर्न असमर्थ भए। पहिलोपटक विश्वासको मत लिँदा २ सय ६८ सांसदको समर्थन प्राप्त गरेका प्रधानमन्त्री पाँचौ प्रस्तावमा ६३ मा सीमित भएपछि प्रधानमन्त्रीबाट बाहिरिनु पर्‍यो *(नागरिक दैनिक, ०८१)* । त्यसपछि नेपाली कांग्रेसको समर्थनमा ०८१ असार ३१ गते नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा गठित सरकारले प्रतिनिधि सभाबाट ०८१ साउन ६ गते विश्वासको मत प्राप्त गर्‍यो।

संसद अवरोधको निरन्तरता

मुलुकका महत्त्वपूर्ण विषयमा गम्भीर छलफल हुनुपर्ने संसद अवरोधका घटना पछिल्ला वर्षहरूमा नियमित कार्यसूचीमा झैँ हुन थालेको छ। यो वर्ष पनि प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले लामो समयसम्म अवरोध गरिरह्यो। सत्ता साझेदारी परिवर्तन भएसँगै सत्तापक्षको कित्ताबाट एकाएक प्रतिपक्षमा पुगेको नेपाली कांग्रेसले २०८० फागुनदेखि २०८१ जेठ १४ सम्म निरन्तर संसद अवरोध गरिरह्यो। सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरेबापत राष्ट्रपतिलाई दिनुपर्ने धन्यवाद समेत प्रतिनिधि सभाले आठ दिनपछि विरोधकै अवस्थामा दिएको थियो। तत्कालीन उपप्रधान र गृहमन्त्री रवि लामिछाने सहकारी बचतकर्ताको बचत रकम दुरुपयोगमा संलग्न रहेको आरोप लगाउँदै लामिछानेउपर संसदीय छानबिन समिति गठन हुनु पर्ने माग राखी नेपाली कांग्रेसले निरन्तर संसद अवरोध गरेको थियो। लामिछानेलाई सदनमा बोल्न समेत अवरोध गरी निरन्तर सदन अवरुद्ध गर्दा सदनको तालिकामा रहेका महत्त्वपूर्ण काम हुन सकेनन्।

व्यवस्थापिकाको प्रमुख काम कानुन निर्माण भएपनि सङ्घीय संसदले यस अवधिमा उल्लेख्य कार्यसम्पादन प्रस्तुत गर्न सकेन। एक वर्षको अवधिमा संसदले चारओटा अर्थसम्बन्धी विधेयकसहित जम्मा १३ ओटा मात्र विधेयक पारित गरी कानुन बनायो। अर्थसम्बन्धी विधेयक बाहेक चार ओटा संशोधन विधेयक र पाँच ओटा मूल विधेयक कानुन बनेको हो। लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, ०८१ र सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण तथा व्यवसायिक वातावरण प्रवर्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, ०८१ बाट धेरै नेपाल कानुनलाई एकैपटक संशोधन गरिएको थियो।

सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐनमा संसदको तदारुकता

यो वर्ष अघिल्लो वर्ष संसदमा प्रस्तुत सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, ०७१ लाई संशोधन गर्ने विधेयक साउन ३० गते प्रतिनिधि सभाबाट र भदौ ६ गते राष्ट्रिय सभाबाट पारित भयो। विधेयकमाथि भएको छलफलमा भाग लिँदै प्रधानमन्त्री केपी शर्मा ओलीले शान्ति प्रक्रिया थालनी भएको १८ वर्षपछि सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनमा सहमति भएको भन्दै त्यसको कार्यान्वयनमा सरकारले यस कानुनलाई शान्ति प्रक्रियाको अन्तिम किस्ताका रूपमा बुझेको भन्दै कार्यान्वयनमा सहजीकरण गर्ने प्रतिबद्धता जनाउनु भएको थियो। यसैगरी, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले पछिल्लो सहमतिसँगै शान्ति प्रक्रियाले पूर्णता पाएको र इतिहासलाई न्याय गरेको बताए। उनले भने- 'शान्ति प्रक्रियाको पूर्णतासँगै राजनीतिक क्रान्तिको एउटा अध्यायले समेत पूर्णता पाएको छ र अब हामीलाई परिवर्तनका उपलब्धि संस्थागत गर्दै समृद्धिको महान् यात्रातर्फ अघि बढ्ने ढोका खुलेको छ।'

छलफलमा भाग लिँदै नेपाली कांग्रेसका सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले सत्यको अन्वेषण गर्ने, न्याय गर्ने, पीडितलाई परिपूरण गर्ने र द्वन्द्वको पुनरावृत्ति नहुने अवस्थालाई सुनिश्चित गर्ने व्यवस्था विधेयकले गरेको बताए। उनले भने- 'यो विधेयक सङ्क्रमणकालीन न्यायको मान्यतामा आधारित प्रचलित कानुन, सर्वोच्च अदालतको फैसला र अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल रहेको छ। लामो समयदेखि द्वन्द्वपीडितहरू न्यायको खोजीमा बसेका छन्। उचित परिपूरण हुन नसकेका कारण पीडित स्वयम् र परिवारजनले थप पीडा व्यहोर्नुपरेको छ। यो विधेयक कानुन बनेपश्चात् द्वन्द्वका सबै पीडितहरूले न्यायको अनुभूति गर्नेछन् भन्ने मैले विश्वास लिएको छु।'

छलफलमा राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्‍याउने

विधेयकलाई आफ्नो पार्टीले सकारात्मक रूपमा लिएको बताउँदै पीडितको पक्षमा आफ्नो दलले आवाज उठाइरहने प्रतिबद्धता व्यक्त गरे। उनले अगाडि भने- 'द्वन्द्वका बेला राजनीतिक आस्थाकै कारणले कतिपय मान्छे आक्रमणमा परेका र कतिपयले ज्यानसमेत गुमाएका छन्। अब त्यस्तो स्थिति कसैले व्यहोर्नु नपरोस् भन्ने कुराको सुनिश्चितता हामीले गर्नुपर्छ।'

नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले शान्ति प्रक्रियाका लागि ठूलो मेहनत गर्नुपरेको जुन अहिलेसम्म जारी रहेको बताए। उनले भने- 'शान्ति सम्झौतादेखि यहाँसम्म आइपुग्दा निकै मेहनत गरेका छौँ। तत्कालीन विद्रोही माओवादीलाई शान्ति प्रक्रियाका ल्याउन निकै ठूलो सङ्घर्ष गरेका थियौँ। अब शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याएर नेपालले दक्षिण अफ्रिकापछि एउटा राम्रो उदाहरण देखाउन सक्ने अवस्था बनाऔँ।'

संसदमा विचाराधीन विधेयकहरू

हाल प्रतिनिधि सभामै उत्पत्ति भएका १४ र राष्ट्रिय सभाले पारित गरी पठाएका सात समेत २१ ओटा विधयेक प्रतिनिधि सभामा र राष्ट्रिय सभामा चार ओटा विधेयक विचाराधीन छन्। राष्ट्रिय सभाले पारित गरी पठाएको राष्ट्रिय मर्यादासम्बन्धी विधेयक प्रतिनिधिसभामा टेबल भए पनि छलफलमा ल्याइएन। अन्य विधेयकहरू "फुल हाउस" र संसदीय समितिहरूमा विचाराधीन छन्। प्रतिनिधिसभामा संसदीय समितिहरूले विधेयकमाथिको छलफललाई तदारुकताका साथ अगाडि बढाउन सकेनन् *(नागरिक दैनिक, २०८१)*। राज्य व्यवस्था समितिले अख्तियार दुरूपयोग अनुसन्धान आयोग विधेयकमाथि तीन वर्ष पुग्दा पनि टुङ्गोमा पुऱ्याउन सकेन। उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा विद्युतीय व्यापार विधेयक, अर्थ समितिमा बैंक तथा वित्तीय संस्था विधेयक, सुरक्षित कारोबार ऐन संशोधन विधेयक, धितोपत्र ऐन संशोधन विधेयक, आर्थिक कार्यविधि ऐन संशोधन विधेयक र भन्सार विधेयक दफावार छलफलमा छन्। सङ्घीय निजामती सेवा विधेयक २०८१ जेठ १५ गतेदेखि दफावार छलफलका लागि राज्य व्यवस्था समितिमा छ। त्यस्तै शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिमा विद्यालय शिक्षा विधेयक र सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक दफावार छलफलमा छ।

सरकारले २०७६ सालमा संसदमा प्रस्तुत गरेका अख्तियार दुरूपयोग अनुसन्धान आयोग र भ्रष्टाचार निवारण ऐनका संशोधन विधेयकहरू अझै संसदमै विचाराधीन छन्। राष्ट्रिय सभाले पारित गरी प्रतिनिधि सभामा पठाएका दुवै विधेयकहरू प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिमा तीन वर्षदेखि विचाराधीन छन्। प्रतिनिधि सभामै प्रस्तुत भएका विद्यालय शिक्षा र निजामती सेवाजस्ता महत्त्वपूर्ण विधेयकहरू पनि पारित हुन सकेनन्।

प्रतिनिधि सभामा प्रस्तुतिको अनुमतिका लागि सूचना दिइएका दुई ओटा गैरसरकारी विधेयक सभामा प्रस्तुतसम्म हुन सकेनन्। नेपाली कांग्रेसका प्रदीप पौडेलले दर्ता गराएको औषधी तथा स्वास्थ्य सामग्री (नियमन तथा नियन्त्रण) विधेयक, २०८० प्रतिनिधि सभा नियमावलीमा भएको व्यवस्था बमोजिम पौडेल मन्त्री भएसँगै निष्क्रिय भयो। राष्ट्रिय स्वतन्त्र पार्टीकी बिन्दबासिनी कंसाकार सहित १४ जनाले दर्ता गराएको मानव शरीर जलन नियन्त्रण तथा सजाय विधेयक, २०८१ सभामा प्रस्तुत हुन सकेन । त्यस्तै राष्ट्रिय सभाबाट पारित भएको राष्ट्रिय मर्यादासम्बन्धी विधेयक पनि प्रतिनिधि सभामा अगाडि बढाइएन। यसले सरकारी मात्र नभई गैरसरकारी विधेयकको कारबाही प्रक्रिया अगाडि बढाउनेमा संसद पनि अनिच्छुक रहेको त होइन भन्ने प्रश्न समेत खडा भयो।

अध्यादेश, संसद छल्ने परम्पराको निरन्तरता

संसद छलेर अध्यादेशमार्फत् मुलुक सञ्चालन गर्ने कार्य यस वर्ष सङ्ख्यात्मक रूपमा कम भए पनि अध्यादेशरहित हुन सकेन। सरकारले अधिवेशन अन्त्य भएको १४ दिनपछि र अर्को अधिवेशन सुरु हुनुभन्दा १२ दिनअघि २०८१ वैशाख १६ मा लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ जारी गऱ्यो। आठ ओटा ऐनमा संशोधन गरेको उक्त अध्यादेश प्रतिस्थापन विधेयक पारित भई ऐन बनिसकेको छ। उक्त ऐनमा लागानीलाई सहज बनाउन जग्गा प्राप्ती गर्ने विषयमा सहजता कायम गर्ने, सरकारको स्वीकृति लिइ खरिद गरेको हदबन्दीभन्दा बढीको जग्गाको ५० प्रतिशतसम्म उद्योगको क्षमता वृद्धि गर्न धितो राख्न पाउने व्यवस्था गरिएको छ। औद्योगिक व्यवसाय ऐन २०४६ भूमिसम्बन्धी ऐन २०२१, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९, जग्गा प्राप्ती ऐन २०३४, विशेष आर्थिक क्षेत्र ऐन २०७३, सार्वजनिक निजी साझेदारी तथा लागानी ऐन २०७५, विदेशी लगानी

तथा प्रविधि हस्तान्तरण ऐन ०७५ र वन ऐन ०७६ समय अनुकुल संशोधन प्रस्ताव गरिएको छ। त्यस्तै सरकारले अधिवेशन बोलाउने समय नजिकिँदै गर्दा ०८१ पुस १४ गते सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, ०८१ जारी गरेको छ। उक्त अध्यादेश सदनमा पेश हुन बाँकी छ।

संसदीय गतिविधिहरू

सांसदको पद निलम्बन र फुकुवा

कास्की जिल्ला अदालतमा सम्पत्ति शुद्धीकरणसहितका मुद्दा दायर भएपछि चितवनबाट निर्वाचित प्रतिनिधि सभाका सदस्य रवि लामिछाने निलम्बित भए। सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा मुद्दा दर्ता भएपछि उक्त ऐनको दफा २७ बमोजिम स्वत: निलम्बन हुने कानुनी व्यवस्था रहेको छ *(पाण्डेय, ०८१)* । अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मुद्दा दायर भई निलम्बनमा रहेका मनाङ जिल्लाबाट निर्वाचित प्रतिनिधि सभाका सदस्य टेकबहादुर गुरुङउपर भ्रष्टाचार निवारण ऐन बमोजिम मुद्दा दायर भएका कारण निलम्बनमा रहेकोमा सर्वोच्च अदालतले निलम्बन सम्बन्धी निर्णय कार्यान्वयन नगर्न नगराउन आदेश जारी गऱ्यो। सङ्घीय संसद सचिवालयबाट ०७९ पुस ८ गतेदेखि निलम्बनमा रहने सूचना प्रकाशन भएकोमा सर्वोच्च अदालतले ०८० चैत १६ मा स्वत: निलम्बनको सूचना र सोसँग सम्बन्धित पत्राचार समेत खारेज गर्ने आदेश दिएको थियो। तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाको नेतृत्वमा श्रम तथा रोजगार राज्यमन्त्री रहेका गुरुङलाई काठमाडौं फनपार्कको जग्गा भाडामा लगाउँदा भ्रष्टाचार गरेको अभियोगमा अख्तियारले उनीसमेत विरुद्ध ०७५ माघमा विशेष अदालतमा ३१ करोड बिगोसहित मुद्दा दायर गरेको थियो। महोत्तरी जिल्ला अदालतमा कर्तव्य ज्यान र आगो लगाएको मुद्दा विचाराधीन रहेका कारण निलम्बनमा रहेका प्रतिनिधि सभाका सदस्य लक्ष्मी महतो कोइरीले अदालतबाट सफाइ पाएसँगै उनको निलम्बन फुकुवा भयो। उनी ०८० वैशाख १९ देखि निलम्बित थिए।

अलमलमा परेका मिनी संसद

कानुन निर्माणदेखि संसदीय निगरानी, अनुगमन तथा मूल्याङ्कन र सरकारउपर नियन्त्रण एवम् सरकारलाई जवाफदेही बनाउने कार्यमा समितिहरू प्रभावकारी संयन्त्र मानिन्छन्। प्रतिनिधि सभामा दश, राष्ट्रिय सभामा चार र दुई ओटा संयुक्त समिति छन् *(नियमावली, ०७५, ०७९)।* संसद अधिवेशन चालु नरहेको समयमा समेत संसदको कार्यकालभर नियमित सञ्चालन हुने समितिमा संसदीय काम कारबाही प्रभावकारी ढङ्गले हुने तथा समितिका सदस्यबाहेकका सरोकारवालाले समेत धारण राख्न पाउने भएको हुँदा सरकारउपरको निगरानीका लागि समितिलाई प्रभावकारी बनाउनु पर्ने मानिन्छ।

यस वर्ष मिनी संसदका रूपमा लिइने संसदीय समितिहरू पनि धेरै प्रभावकारी हुन् सकेनन् र भएनन् पनि। प्रतिनिधि सभाका समितिहरूले आफूमा प्राप्त विधेयक समेत लामो समय पारित गरी सभामा पठाउन नसक्दा समितिको प्रभावकारितामा प्रश्न उठेको छ। सिद्धान्तत: समितिमा सत्तापक्ष वा प्रतिपक्ष हुँदैन तर धेरै समितिका बहसहरूमा पक्ष-विपक्षको आभाष हुने गरेको गुनासो व्याप्त छ। खासगरी प्रतिनिधि सभातर्फका समितिमा गणपूरक सङ्ख्या समेत पुऱ्याउन कठिन हुने गरेको छ। विषयगत समितिका सभापतिहरूले समितिको बैठक राख्दा गणपूरक सङ्ख्या पुऱ्याउनै कठिन रहेको सभामुखसमक्ष गुनासो गरेका समाचार बाहिर आए *(अनलाइन खबर, २०८१)*। सभामुखले समितिमा रोकिएका विधेयक लगायतका बाँकी काम छिटो सक्न पटक-पटक आह्वान गरेता पनि नतिजा हासिल भएको देखिँदैन। समितिको बैठक बस्न सम्बन्धित मन्त्रीको उपस्थिति अनिवार्य हुने प्रावधानका कारणले समेत कतिपय अवस्थामा बैठक ढिलो बस्ने वा बैठक नै स्थगित गर्नु परेको पनि सभापतिहरूले गुनासो गरे।

कार्यक्षेत्र र समन्वयका विषयमा समेत समितिहरू विवादरहित हुन सकेनन्। एनसेल खरिदबिक्री प्रकरणमा संसदका चार ओटा समिति एकैपटक सक्रिय बन्दा फरक-फरक निर्देशन दिने समेतका काम भएका थिए *(पौडेल,०८०)*। समितिहरूले आफू अनुकूल व्याख्या गर्न र निर्देशन दिन थालेपछि सभामुखले समिति सभापतिहरूको बैठक समेत राख्नु परेको थियो *(नयाँ पत्रिका, २०८०)*।

यस वर्ष प्रतिनिधि सभामा एउटा विशेष समिति पनि गठन भयो र उक्त समितिले प्रतिवेदन प्रतिनिधि सभामा पेश गरेको छ। प्रतिपक्षी नेपाल कांग्रेसले सहकारी संस्थाहरूमा भएको बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय समिति गठन हुनुपर्ने माग राखी लामो समय सदन अवरुद्ध गरेपछि सभाले २०८१ जेठ १५ गते नेकपा एमालेका सूर्यबहादुर थापा क्षेत्री

सभापति रहने गरी सात सदस्यीय संसदीय समिति गठन गरेकोमा समितिले २०८१ भदौ ३१ गते सभामा प्रतिवेदन बुझाइसकेको छ। यद्यपि सोही रातीदेखि अधिवेशन अन्त्य भएका कारण उक्त प्रतिवेदनमाथि छलफल हुन सकेन।

संसदका विभिन्न समितिहरूद्वारा सरकारका लागि जारी निर्देशनहरूको कार्यान्वयनमा समस्या देखिएको नीति अनुसन्धान प्रतिष्ठानको एक अध्ययनले देखाएको छ। प्रतिष्ठानको अध्ययन अनुसार २० देखि २५ प्रतिशत निर्देशनहरू मात्र कार्यान्वयन भएका छन् भने ६५ प्रतिशत निर्देशनको आंशिक कार्यान्वयन हुने गरेको छ। यस्तै ५ देखि १० प्रतिशत निर्देशनहरू पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको अध्ययनका क्रममा पाइएको छ। कतिपय निर्देशनहरू कागजी रूपमा मात्र कार्यान्वयन गरिएका छन्। संसदीय समितिहरूले निर्देशन कार्यान्वयन गराउन थप कडाइ गर्नुपर्ने र मन्त्रालयहरूलाई दबाब दिनुपर्ने सुझाव प्रतिष्ठानले दिएको छ *(रातोपाटी, २०८१)*। निर्देशन कार्यान्वयनको प्रभावकारीताका लागि समन्वय र अनुगमन प्रणाली सुदृढ गर्नुपर्नेमा पनि प्रतिष्ठानले जोड दिएको छ। समितिको निर्देशन कार्यान्वयन कमजोर हुनुका कारणहरूमा अव्यवहारिक, हचुवा र कार्यान्वयन गर्न नसकिने किसिमका निर्देशन दिनु *(प्रतिवेदन, २०७८)*, नियम कानुनको परिधि पालना नभएका, अध्ययन अनुसन्धान विश्लेषणका आधार तथा तथ्य प्रमाण नपुगेका र कार्यान्वयन अवस्थाको जानकारी नलिइ दिनुजस्ता विषय औँल्याइएका छन्।

संवैधानिक अङ्गका रूपमा रहेको राष्ट्रिय मानव अधिकार आयोगको स्तर घट्न नदिन संविधान र कानुन बमोजिम आयोगलाई प्राप्त अधिकारबमोजिम आयोगका जिम्मेवारी र कामकारबाहीलाई प्रभावकारी बनाउन पर्याप्त साधन र स्रोतको व्यवस्था गर्न प्रतिनिधि सभाको कानुन, न्याय तथा मानव अधिकार समितिले सरकारलाई निर्देशन दिएको थियो। त्यस्तै इजरायलमा हमासको आक्रमणका क्रममा मृत्यु भएका नेपालीको शव स्वदेश ल्याउन, घाइतेको उपचार एवम् बेपत्ता र अप्ठ्यारोमा परेका नेपालीको खोजी गर्न अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिले निर्देशन दिएको थियो। त्यस्तै प्रतिनिधि सभाको महिला तथा सामाजिक मामिला समितिले धनुषामा आरती शाहको हत्याका सम्बन्धमा पीडितलाई यातना दिने प्रहरी अधिकृत उपर कारबाही गर्न निर्देशन दियो। त्यस्तै, समितिले समितिमा सवितादेवी नायकले दिएको घरेलु हिंसा भएको भन्ने सम्बन्धी निवेदनमा राष्ट्रिय महिला आयोगसँग छलफल गर्नुका साथै सो सम्बन्धमा अनुसन्धान र न्यायिक कारबाहीका लागि सरकारलाई निर्देशन दिएको थियो।

समितिले मुलुकभरमा आठ ओटा बालसुधार गृहमा रहेका १ हजार १ सय ६५ मध्ये ४ सय ७२ जना १८ वर्षभन्दा माथिका देखिएको हुँदा त्यस्ता बिज्याइँकर्तालाई कानुन बमोजिम १८ वर्षमुनिका बालबालिकालाई अलग्गै राख्ने व्यवस्था गर्न निर्देशन दिएको थियो। त्यस्तै समितिले संयुक्त राष्ट्रसङ्घीय महिलाविरुद्ध हुने भेदभाव उन्मूलन समितिले नेपालको प्रतिवेदनउपर उठाएका विषयका सम्बन्धमा समयावधिभित्रै प्रतिवेदन पठाउन र पालेर्मो पोर्टोकल कार्यान्वयन सम्बन्धमा कानुनमा गरिनुपर्ने संशोधनको प्रस्तावसहित संसदमा पेश गर्न समेत सरकारलाई निर्देशित गरेको थियो। त्यस्तै, तेजाब तथा अन्य रासायनिक पदार्थको प्रयोगबाट भएका पीडितलाई पीडित राहत कोषबाट क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था गर्न र समावेशीकरण नीतिबाट प्राप्त लाभ एवं अवसरका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन दिन सरकारलाई निर्देशित गरेको थियो।

प्रश्नोत्तरः संसदको महत्त्वपूर्ण काम

सरकारलाई संसदप्रति जवाफदेही तुल्याउने महत्त्वपूर्ण औजारका रूपमा प्रश्नोत्तर कार्यक्रम रहेको हुन्छ। प्रतिनिधि सभाको तेस्रो अधिवेशनमा ०८० फागुन ६ र चैत ६ को बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ले प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरमा भाग लिई २६ जना सांसदका प्रश्नको जवाफ दिएका थिए। त्यस्तै चौथो अधिवेशनमा ०८१ असार ६, साउन ७ र भदौ ६ गतेका बैठकहरूमा भएका प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरमा सांसदहरूका प्रश्नको जवाफ प्रधानमन्त्री केपी शर्मा ओलीले दिएका थिए।

तेस्रो अधिवेशनमै दर्ता भएका विभिन्न मन्त्रालयसँग सम्बन्धित ६५ ओटा मौखिक र ८ ओटा लिखित प्रश्नहरू मध्ये ३२ ओटा मौखिक र ३ ओटा लिखित प्रश्नको उत्तर सभाको ०८० चैत २० गतेको बैठकमा प्रस्तुत भयो। ६ ओटा मौखिक प्रश्नको उत्तर सम्बन्धित मन्त्रीबाट दिइएको थियो। त्यस्तै चौथो अधिवेशनमा दर्ता भएका विभिन्न मन्त्रालयसँग सम्बन्धित ५० ओटा मौखिक र एउटा लिखित प्रश्नमध्ये गृह मन्त्रालय, अर्थ मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, उर्जा, जलस्रोत

तथा सिँचाइ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, खानेपानी मन्त्रालय, सहरी विकास मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित ३३ ओटा मौखिक प्रश्नको उत्तर प्राप्त भई २० ओटा मौखिक प्रश्नमा सम्बन्धित मन्त्रीबाट उत्तर दिने कार्य भए भने १३ ओटा प्रश्नका उत्तर बैठकमा टेबुल भए।

सङ्घीय संसद स्थापना पश्चात् राष्ट्रिय सभामा पहिलो पटक सोह्रौं अधिवेशनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित एउटा लिखित प्रश्न र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्बन्धित दुई ओटा, गृह मन्त्रालयसँग सम्बन्धित एउटा, खानेपानी मन्त्रालयसँग सम्बन्धित एउटा, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय सँग सम्बन्धित दुई ओटा र अर्थ मन्त्रालयसँग सम्बन्धित दुईओटा समेत आठ ओटा मौखिक प्रश्नोत्तर सभामा सञ्चालन भयो।

सङ्कल्प र सार्वजनिक महत्त्वको प्रस्ताव

नीतिगत वा कानुनी प्रश्नमा सरकारको ध्यानाकर्षण गराउन, कुनै नीतिगत प्रबन्ध कार्यान्वयन गर्न वा नयाँ नीति तर्जुमा गर्न वा तत्काल नगरी नहुने कुनै समयसामयिक विषयमा संसदमा लिखित रूपमा प्रस्ताव पेश गरी तत्काल छलफल गरी सरकारको ध्यानाकर्षण गराउने औजारका रूपमा प्रस्तावलाई लिइन्छ *(नियमावली, ०७५, २०७९)*। यो वर्ष प्रतिनिधि सभामा एउटा सङ्कल्प, ११ ओटा जरूरी सार्वजनिक महत्त्वको प्रस्ताव र एउटा ध्यानाकर्षण प्रस्ताव दर्ता भएकोमा ध्यानाकर्षण प्रस्तावमा मात्र सभामा छलफल भयो। सांसद डा. तोसीमा कार्कीले दर्ता गराएको हैजा महामारी पूर्वानुमान र रोकथाम तथा सोका लागि तयारीसँग सम्बन्धित विषयको ध्यानाकर्षण प्रस्तावमा चौथो अधिवेशनमा ०८१ भदौ १२ गते सभामा छलफल भएको हो।

तेस्रो अधिवेशनमा एक सङ्कल्प र तीन जरुरी सार्वजनिक महत्त्वका प्रस्ताव दर्ता भए पनि कुनैमा छलफल भएनन्। चौथो अधिवेशनमा दर्ता भएका आठओटा जरुरी सार्वजनिक महत्त्वका प्रस्तावमा छलफल हुन सकेन। तेस्रो अधिवेशनमा सांसद चन्दा चौधरीले संवैधानिक र कानुनी व्यवस्था बमोजिम बाल बिवाहलाई गम्भीर सामाजिक अपराध मानी दोषीलाई कडा कारबाही र पीडितलाई क्षतिपूर्ति दिलाउन तथा विवाह हुनुपूर्व आफू बालिग भएको प्रमाणपत्र लिनुपर्ने व्यवस्था गर्ने सम्बन्धमा सङ्कल्प प्रस्ताव दर्ता गराएकी थिइन्। त्यस्तै, सांसद निशा डाँगीले सडक सुरक्षासम्बन्धी राष्ट्रिय लक्ष्य, उद्देश्य, नीति तथा रणनीति बनाइ दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले ०७३ सालमा गठित सडक सुरक्षा परिषद्लाई क्रियाशील बनाउन कानुन र बजेटको व्यवस्था गर्न, सडक र विद्यमान पूर्वाधारको क्षमता वृद्धि तथा स्तरोन्नति गर्न र ट्राफिक सचेतना बढाइ सार्वजनिक यातायात सुरक्षित गर्ने सम्बन्धमा, सांसद ज्ञानबहादुर शाहीले रूस र युक्रेनबीचको युद्धमा परी मृत्यु भएका तथा युद्धमा फसेकाहरूको तत्काल उद्धारको व्यवस्था गर्न र धनराज गुरुङले सार्वजनिक पद धारण गरेका र त्यस्तो पदबाट अवकाश पाएका पदाधिकारी तथा तिनका परिवारका सदस्यको सम्पत्ति जाँचबुझ गरी छानबिन गर्न निष्पक्ष र उच्चस्तरीय जाँचबुझ आयोग गठन गर्ने र त्यसको विधि, कार्यविधि र कार्यक्षेत्रगत सर्त निर्धारण गर्ने सम्बन्धी जरूरी सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता गराएको भए तापनि ति कुनै प्रस्तावमाथि सभामा छलफल हुन सकेनन्।

त्यस्तै चौथो अधिवेशनमा सांसद प्रपीप पौडेलले राजनीतिक शक्तिको आडमा हुने सार्वजनिक जग्गाको अतिक्रमण रोकी सरकारको नाममा फिर्ता ल्याउने सम्बन्धमा, स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चित गर्दै राज्यकोषबाट हुने खर्चको पारदर्शिता कायक गर्ने सम्बन्धमा र चक्रपथ विस्तार आयोजना शीघ्र पूरा गरी दुर्घटनाको जोखिम घटाउने सम्बन्धमा तीनओटा जरुरी सार्वजनिक महत्त्वका प्रस्ताव दर्ता गराएका थिए। त्यस्तै प्रतिमा गौतमले डेँगी प्रकोप न्यूनीकरण र रोकथाम सम्बन्धमा, सांसद डा. तोसिमा कार्कीले प्राकृतिक विपत्तिबाट उत्पन्न जोखिमलाई कम गरी क्षति र जोखिमलाई कम गर्न गरूयोजना बनाई लागु गर्ने सम्बन्धमा, सांसद सोविता गौतमले हवाइक्षेत्रको सुरक्षा बढाइ विश्वसनीयता बढाउने सम्बन्धमा, सांसद बिनीता कठायतले सार्वजनिक यातायात सुधारमा राज्यको दायित्व बढाउन र कर्णाली क्षेत्रको सार्वजनिक यातायातको गुणस्तर वृद्धि एवम् सम्भावित दुर्घटना रोकथामका उपाय अवलम्बन गर्ने सम्बन्धमा, सांसद राजेन्द्रप्रसाद पाण्डेले अदालतको फैसलाबाट बागमती लगायत अन्य नदीको दायाँबायाँ बस्ने एक लाख घरधुरी प्रभावित हुने हुँदा सोको मुआव्जा सम्बन्धमा जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता गराएका थिए।

राष्ट्रिय सभामा दर्ता भएका दुई ओटा सङ्कल्प प्रस्ताव र एउटा जरूरी सार्वजनिक महत्त्वको प्रस्तावमा छलफल भएको छ। पन्ध्रौ अधिवेशनमा सांसद दिलकुमारी रावल थापा (पार्वती) प्रस्तावक रहेको संविधान बमोजिम मौलिक हक कार्यान्वयनसँग सम्बन्धित कानुन ०८१ असोज ३ गतेसम्म बनाइ सक्न चालु अधिवेशनभित्रै संसद विधेयक पेश गर्नेसम्बन्धी सङ्कल्प प्रस्तावउपर ०८० फागुन ११ मा छलफल भई सर्वसम्मत रूपमा पारित भएको थियो। त्यस्तै सांसद कमला पन्त प्रस्तावक रहेको निःशुल्क स्वास्थ्य उपचारको सुनिश्चितता सम्बन्धी सङ्कल्प प्रस्ताव ०८० चैत ३० मा छलफल भई पारित भएको थियो। तर, पारित प्रस्ताव बमोजिम सरकारका तर्फबाट कुनै विधेयक संसदमा प्रस्तुत हुन भने सकेन।

सोह्रौ अधिवेशनमा सांसद सोनाम गेल्जेन शेर्पा प्रस्तावक र सात जना सदस्य समर्थक रहेको सवारी दुर्घटना न्यूनीकरण गर्नेसम्बन्धी जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमाथि सभामा छलफल भई सर्वसम्मतिले स्वीकृत भएको छ। उक्त प्रस्तावलाई पन्ध्रौँ अधिवेशनमा सांसद दिलकुमारी रावल थापा (पार्वती)ले प्रस्तुतिका लागि सूचना दिनुभएकोमा उहाँको कार्यकाल पूरा भएका कारण छलफल हुन पाएको थिएन।

नेपालको संविधानले प्रधानमन्त्री र मन्त्री सामूहिक रूपमा सङ्घीय संसदप्रति उत्तरदायी हुने प्रबन्ध गरेको छ *(धारा ७६, ०७२)*। संसदले उठाएका सवालमा सरकारका मन्त्रीहरूले जवाफ दिनुपर्ने प्रजातान्त्रिक सरकारको मान्यता पनि हो। प्रतिनिधि सभाको तेस्रो अधिवेशनमा प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ले दुईपटक, उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले दुईपटक र खानेपानी मन्त्री महिन्द्र राय यादव र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठले एकपटक आकस्मिक, शून्य एवं विशेष समयमा उठेका प्रश्नको सम्बन्धमा जवाफ दिनुभएको थियो।

राष्ट्रिय सभाको पन्ध्रौँ अधिवेशनमा उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले सभाको शून्य र विशेष समयमा सांसदहरूले उठाएका विषयमा जवाफ दिनु भएको थियो। सदन सुचारू हुने प्रयोजनका लागि मन्त्रीको उपस्थिति अनिवार्य हुने हुँदा सदनमा उपस्थित हुने बाहेक मन्त्रीहरूले सदनलाई समसायिक विषयमा जानकारी गराउने वा उठेका प्रश्नको जवाफ दिने अभ्यास र परम्परा निकै कमजोर छ। संसदले त्यसलाई बाध्य बनाउन सकेको छैन।

सभाबाट पारित संकल्प प्रस्ताव र जरुरी सार्वजनिक महत्त्वका प्रस्ताव कार्यान्वयन नभएकोमा सदस्यहरूले प्रश्न उठाए। ०८१ भदौ ९ गतेको बैठकमा प्रस्ताव कार्यान्वयनमा सरकार र सिंगो राष्ट्रिय सभा चुकेको भन्दै आलोचना भएको हो। सभाबाट पारित ६ ओटा सङ्कल्प र २ ओटा जरुरी सार्वजनिक महत्त्वका प्रस्तावबारे सभा बेखवर भएको सांसदहरूको गुनासो थियो *(नेपाल प्रेस, ०८१)*। सभाबाट 'सङ्घीयता कार्यान्वयन', 'यौन अपराधको हदम्याद', 'दलित अधिकार कार्यान्वयन', 'अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयन', 'सवारी दुर्घटना न्यूनीकरण' र 'मौलिक हक कार्यान्वयन' सम्बन्धी संकल्प प्रस्ताव र 'मुल्यवृद्धि नियन्त्रणका लागि' र 'सुदृढ अर्थतन्त्रका लागि योजना निर्माण सम्बन्धी'जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव पारित भएका छन्।

संसदीय छानबिन विशेष समिति

प्रतिनिधि सभाको ०८१ जेठ १५ को बैठकबाट तीन महिनाको कार्यावधि दिई गठन भएको सात सदस्यीय सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानविन विशेष समितिको कार्यावधि थप १५ दिनको लागि थप गर्ने प्रस्ताव ०८१ भदौ १८ को बैठकमा स्वीकृत भएको थियो। साथै उक्त विशेष समितिले ०८१ भदौ ३१ गते सभा समक्ष प्रतिवेदन पेश गरेको छ। समितिले आफूलाई प्राप्त चार कार्यादेशसँग सम्बन्धित अलग अलग सुझाव सिफारिस गरेको छ।

छानबिनको क्रममा समितिले ५१ ओटा सहकारी संस्थासँग सम्बन्धित ५ सय ५४ जना व्यक्तिका उजुरी ग्रहण गर्नुका साथै सहकारी संस्थासँगको बचत रकम दुरूपयोग र अपचलनमा आरोपित ४७ जना सहकारी सञ्चालक, गोरखा मिडिया नेटवर्क प्रा.लिसँग सम्बन्धित तीन जना र सहकारी नियामक निकायमा काम गरिसकेका पाँच जना निजामती कर्मचारी गरी ५५ जनासँग सोधपुछ गर्नुका साथै समितिको सम्पर्कमा नआएका र सरकारले खोजी गर्दा उपलब्ध हुन नसकेका दुई जनाबाट निवेदन प्राप्त भई त्यसलाई सोधपुछको अङ्ग बनाएको थियो। कार्यादेशमा उल्लिखितसहित जम्मा ४० ओटा सहकारी संस्थाहरूको वित्तीय विश्लेषण समेत गरेको समितिले सहकारी बचत रकम दुरुपयोग गरेको आरोप लागेका २९ जनालाई खोजी गरी समितिसमक्ष उपलब्ध गराइदिन सरकारलाई पटक पटक निर्देशन दिए पनि सरकारले उपलब्ध गराउन सकेन। समितिका ६६ ओटा

बैठकपछि समितिले आफूलाई प्राप्त कार्यादेशमा केन्द्रित ३२ र अन्य ७ समेत ३९ बुँदामा सुझाव सहित प्रतिवेदन दिएको थियो। समितिको सिफारिस कार्यान्वयन समेत प्रारम्भ भइसकेको सरकारले दावी गरेको छ।

प्रदेश सभाहरू

संविधानको धारा १९७ ले प्रदेश सरकारलाई कानुन निर्माण गर्ने अख्तियार दिएको छ। संविधानले निर्देशन गरेअनुसार प्रदेशले एकल क्षेत्राधिकारका विषयमा स्वतन्त्ररूपमा तथा साझा क्षेत्राधिकारका विषयमा सङ्घीय कानुनअन्तर्गत रहेर कानून निर्माण गर्न सक्दछन्। संविधानको अनुसूची ५-९ मा तीन सरकारका एकल तथा साझा क्षेत्राधिकारबारे उल्लेख छ। प्रदेशले पारित गरेका कानुनका प्रकृति सङ्घीयस्तरमा अत्यावश्यक कानुन निर्माणमा ढिलासुस्ती नै प्रदेश सरकारहरूले सामना गर्नुपरेका मुख्य चुनौतीमध्ये एक थियो। सङ्घीय कानुन नबनिसकेको अवस्थामा साझा क्षेत्राधिकारका विषयमा कानुन निर्माण गर्न प्रदेश सभाहरू असमर्थ भए। यो वर्ष प्रदेश सभाहरूका गतिविधिलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

कोशी प्रदेश

सन् ०२४ मा कोशी प्रदेशसभाले पाँच ओटा कानुन बनायो। ०८० पुस २५ गतेदेखि सुरूआत भएको पाँचौं अधिवेशन ०८१ असोज ४ गतेसम्म २१ ओटा बैठक बसी अन्त्य भयो। अधिवेशनले आर्थिक वर्ष ०८१-८२ को सेवा र कार्यको लागि कोशी प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, ०८१, कोशी प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, ०८१, प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, ०७७ लाई संशोधन गर्न बनेको विधेयक, केही प्रदेश ऐनको साविकको व्यवस्था जगाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश निजामती सेवा ऐन, ०७९ लाई संशोधन गर्न बनेको विधेयक पारित गरेको प्रदेशसभा सचिवालयले जनायो। पाँचौ अधिवेशनका क्रममा नेपाली कांग्रेसले सरकार परिवर्तनको विषयलाई लिएर १९ ओटा प्रदेशसभा बैठक वहिष्कार गऱ्यो। यस वर्ष पनि कोशी प्रदेशमा सत्ता परिवर्तनको सिलसिला चल्यो। पाँचौ अधिवेशनमा दुई ओटा सरकार परिवर्तन भए। पाँचौं अधिवेशनमा ०८१ भदौ २८ गते सात ओटा विषयगत समितिको निर्वाचन सम्पन्न भयो। पाँचौं अधिवेशनमा प्रदेशसभामा मानव अधिकारसँग सम्बन्धित विषयमा प्रत्यक्ष छलफल र विषयवस्तु प्रवेश भएन।

मधेश प्रदेश

यस वर्ष मधेश प्रदेशसभाले तेस्रो अधिवेशनमार्फत सात ओटा कानुन बनायो। यो वर्षको अन्त्यसम्म प्रदेशसभाका तेस्रो अधिवेशनमा ३८ वटा बैठक बसेका छन्। अधिवेशनले प्रदेश खेलकुद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, ०७९, प्रदेश बालिका संरक्षण सम्बन्धमा व्यवस्था बनेको विधेयक, आर्थिक विधेयक ०८१, विनियोजन विधेयक ०८१, प्रदेश सभा सचिवालयसम्बन्धी ऐन, ०७९ लाई संशोधन बनेको विधेयक, स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्तहरू सम्बन्धमा व्यवस्था बनेको विधेयक र मधेस प्रदेश सवारी तथा यातायत व्यवस्था विधेयक, ०८० लाई संशोधन गर्न बनेको विधेयक पारित गरेको प्रदेशसभा सचिवालयले जनायो।

बागमती प्रदेश

बागमती प्रदेश सभाको दोस्रो कार्यकालमा ६ ओटा विधेयक प्रदेशसभाबाट पारित भए। यो वर्षको अन्त्यसम्म प्रदेशसभाका चौथो अधिवेशनमा ४४ वटा बैठक बसेका छन्। ०८० फागुन १२ गतेदेखि सुरु भएको तेस्रो अधिवेशन ०८१ वैशाख १२ गतेसम्म ६ ओटा बैठक बसी अन्त्य भएको थियो भने चौथो अधिवेशन ०८१ वैशाख ३१ गते सुरु भई असोज १६ गते अन्त्य भएको थियो। प्रदेश सभाको दोस्रो कार्यकालको हालसम्म प्रदेश मामिला समितिको १२, अर्थ तथा विकास समितिको १९, सार्वजनिक लेखा समितिको २०, शिक्षा, स्वास्थ तथा कृषि समितिको ३७, उद्योग, पर्यटन तथा वातावरण समितिको २४ र विशेषाधिकार समितिको ६ ओटा समितिहरूको बैठक बसेको थियो। यस वर्ष कुनै पनि बैठकमा अवरोध भएन।

प्रदेश सभाको दोस्रो कार्यकालमा कानुन निर्माणमा भन्दा पनि सरकार फेरबदलका भइरहने कारण प्रदेश सभाले आवश्यक कानुन निर्माणमा गर्न सकेन। प्रदेश सभाको यस दोस्रो कार्यकाल अन्तर्गत ०७९ पुस १८ मा प्रदेश सभाको पहिलो बैठक सञ्चालन भएको थियो। त्यसयता प्रदेश सभाको चार ओटा अधिवेशन सम्पन्न भएकोमा यस अवधिमा १२ वटा विधेयक पारित भए। जसमध्ये प्रदेश सभाबाट

पारित १२ विधेयकमध्ये प्रदेश प्रमुखबाट १० वटा प्रमाणीकरण भए। दुई वटा विधेयक प्रदेश सभामा पुनर्विचारका लागि फिर्ता पठाइएको छ। सो अवधिमा प्रदेश सभाबाट आठ वटा मूल ऐन सम्बन्धी विधेयक र दुई वटा संशोधन विधेयक पारित भएको हो।

गण्डकी प्रदेश

छैटौं अधिवेशनबाट आ.व. ०८१/८२ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, गण्डकी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, ०७८ लाई संशोधन गर्न बनेको विधेयक, गण्डकी प्रदेश सभा नियमावली, ०८० र केही गण्डकी प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक पारित भएको छ। त्यस्तै यस वर्ष गण्डकी प्रदेशमा सार्वजनिक सडक निर्माण, विस्तार तथा मर्मत सम्भार गर्ने सम्बन्धमा व्यवस्था गर्न दफावार छलफलमा रहेको समिति, जीवनाशक बिषादी व्यवस्थापन सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक र गण्डकी प्रदेशमा साझेदारी फर्मको नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक दफावार छलफलमा रहेको छ।

लुम्बिनी प्रदेश सभा

लुम्बिनी प्रदेश सभाको दोस्रो कार्यकालमा कूल १३ विधेयक पेस भएकोमा १२ ओटा प्रदेशसभाबाट पारित भएका छन भने १० ओटा विधेयक प्रमाणिकरण भइसकेका छन्। यो वर्षको अन्त्यसम्म प्रदेशसभाका तेस्रो, चौथो र पाँचौं अधिवेशनमा ४० ओटा बैठक बसेका छन्। उक्त बैठकहरू ३३ दिन चले भने ०८१ असार ७ गते बसेको एउटा बैठक प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले अवरुद्ध गऱ्यो। जनता र संघीयताविरोधी बजेट आएको भन्दै बैठक अवरुद्ध गरियो।

यो वर्ष स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्तसम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक, प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गन बनेको विधेयक, आर्थिक वर्ष ०८१/८२ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोज र खर्च गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश निजामती सेवा ऐन ०८० लाई संशोधन गर्न बनेको विधेयक, प्रदेश विपत् व्यवस्थापन गर्न बनेको विधेयक र प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक गरी ६ ओटा विधेयक प्रदेशसभाबाट पारित भई प्रमाणीकरण भएको लुम्बिनी प्रदेशसभाका प्रवक्ता उपसचिव ईश्वरीप्रसाद आचार्यले बताए।

कर्णाली प्रदेश

कर्णाली प्रदेश सभामा सन् ०२४ मा हिउँदे र वर्षे अधिवेशन गरी ९८ ओटा बैठक बस्यो। कर्णाली प्रदेश सभाले सातओटा विधेयकहरू पारित गऱ्यो। प्रदेश सभा अन्तर्गत विभिन्न समितिका बैठक सङ्ख्या ६५ रहेका छन्। प्रदेश मामिला समितिको बैठक सङ्ख्या ६५, सार्वजनिक लेखा समितिको बैठक सङ्ख्या ४१, अर्थ तथा प्राकृतिक स्रोत समितिको बैठक सङ्ख्या १९, सामाजिक विकास समितिको बैठक सङ्ख्या २८ रहेका छन्।

कर्णाली प्रदेशसभाको प्रथम कार्यकालमा ५३ वटा र दोस्रो कार्यकालको दोस्रो वर्षसम्म थप चार ओटा कानून पारित गरी जम्मा ५७ ओटा कानुन बनेर कार्यान्वयनमा आएका छन्।

सुदूरपश्चिम प्रदेश

सुदूरपश्चिम प्रदेश सभाको सन् ०२४ मा एक ओटा हिउँदे अधिवेशन, एक ओटा वर्षे अधिवेशन र एक ओटा विशेष अधिवेशन गरी तीन ओटा अधिवेशन सम्पन्न भएका छन्। यी अधिवेशनबाट पाँच ओटा विधेयक संशोधन गरिएको छ। यस अवधिमामा प्रदेश सभाबाट आर्थिक वर्ष ०८१/०८२ को विनियोजन विधेयक, सुदूरपश्चिम प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, सुदूरपश्चिम प्रदेश सामूहिक राजश्व सङ्कलनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, ०८१, सुदूरपश्चिम निजामती सेवा ऐन ०७९ लाई संशोधन गर्न बनेको विधेयक र प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन ०७५ लाई संशोधन गर्न बनेको विधेयक संशोधन भएका छन्। यस अवधिमा सुदूरपश्चिम प्रदेश स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्तसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र सुदूरपश्चिम प्रदेश प्रज्ञा प्रतिष्ठान ऐन ०७६ लाई संशोधन गर्न बनेको विधेयक प्रदेश सभामा दर्ता भएका छन्। राजनीतिक अस्थिरताका कारण सरकार फेरबदल भइरहने हुँदा विधायन तथा प्रदेश मामिला समिति, सार्वजनिक लेखा समिति, अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा सभापति चयन हुन नसक्दा समितिको

ज्येष्ठ सदस्यको सभापतित्वमा बैठक बस्ने गरेको र सामाजिक विकास समितिमा सभापति रहेकाले बैठक बस्न सहज भएको प्रदेश सभा सचिवालयका सूचना अधिकारी युवराज जैशीले बताउनु भयो। एक वर्षको अवधिमा सामाजिक विकास समिति र सार्वजनिक लेखा समितिको बैठक बसे पनि अन्य दुई ओटा समितिको बैठक बस्न नसकेको र सामाजिक विकास समितिमा दलित सशक्तिकरण ऐन ०७८ कार्यान्वयन गर्न र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको सुनिश्चितताका लागि ऐन निर्माण गर्ने सन्दर्भमा छलफलहरू भए।

निष्कर्ष

दोस्रो कार्यकालको दोस्रो वर्षमा सङ्घीय संसद प्रभावकारी बन्न सकेन अर्थात् आफ्ना मूलभूत जिम्मेवारी समेत पूरा गर्न सकेन। कानुन निर्माण, सरकार निर्माण तथा सरकारउपर नियन्त्रण र जनताको प्रतिनिधित्व गर्नुपर्ने व्यवस्थापिका मूलतः सरकार निर्माण र विश्वासको मत दिने काममा संलग्न रह्यो। झण्डै चार महिना निरन्तर अवरुद्ध भएको संसद आफ्नो मूल काममा केन्द्रित हुन सकेन। सङ्घमा सरकार परिवर्तन हुने बित्तिकै त्यसको प्रभाव प्रदेश सरकारमाथि समेत गर्ने जटिल रोगबाट प्रदेशहरू यो वर्ष पनि मुक्त हुन सकेनन्। प्रतिनिधि सभामा अवरोध भएमा राष्ट्रिय सभामा स्वतः अवरोध हुने र प्रतिनिधि सभामा समाधान हुँदा राष्ट्रिय सभामा तत् विषयको यथोचित सम्बोधन विनै अवरोध हट्ने अपरिपक्व संसदीय अभ्यासले निरन्तरता पायो।

विधायिकाले प्रभावकारी कार्य गर्न नसक्दा पाँच वर्षदेखि विधेयकहरू संसदमा अलमलमा पर्नु दुःखद् छ। प्रतिनिधि सभाका समितिहरूको कार्यसम्पादन विधेयक व्यवस्थापनको दृष्टिमा निकै कमजोर सावित भयो। अध्यादेशको सङ्ख्या कम भए तापनि वर्ष अध्यादेशरहित हुन सकेन। यो वर्ष पनि संसदले संविधान कार्यान्वयनका लागि बनाउनुपर्ने सङ्घीय निजामती ऐन, सङ्घीय शिक्षा ऐनजस्ता अति महत्त्वपूर्ण कानुन बनाउन सकेन। एकातर्फ सरकारले नै विधेयक नल्याउने, ल्याएका विधेयक संसदमै रोकिने र गैरसरकारी विधेयक समेत अगाडि नबढाउने रोगले विधि निर्माणमा संसद प्रभावकारी बन्न सकेन भन्ने अवस्था देखिन्छ। संविधान कार्यान्वयनका लागि आवश्यक पर्ने आधारभूत कानुनहरू समेत बन्न नसक्नु सुखद कुरा होइन।

कानुन कार्यान्वयनको अवस्था अध्ययन र सरकारका काम कारबाहीको निगरानी गर्ने र सरकार तथा सार्वजनिक निकायको निगरानी गर्दै प्राप्त तथ्य अनुसार सम्बन्धित निकायलाई निर्देशन दिने दायित्वमा पनि संसद धेरै प्रभावकारी रहन सकेन। अपवादबाहेक आकस्मिक समय, शून्य समय र विशेष समय तथा राष्ट्रिय सभामा रहेको प्रादेशिक सरोकार समय समेत राजनीतिक मुद्दामा नै खर्च गरिनु सर्वथा अनुचित हो। अर्कोतर्फ संसद अधिवेशन आह्वान र अन्त्यको सिफारिस गर्ने मात्र नभई सदनलाई बिजनेश दिने काम सरकारको पनि हो। वेस्टमिन्स्टर मोडलको संसदीय प्रणालीमा सदनको नेता प्रधानमन्त्री स्वयं हो। संवैधानिक व्यवस्था र लोकतन्त्रको मर्मअनुरुप प्रधानमन्त्री र मन्त्रीहरू सामुहिक रूपमा मात्र नभई व्यक्तिगत रूपमा पनि संसदप्रति जवाफदेही हुनै पर्छ। जननिर्वाचित सांसद स्वयंले पनि जनताका प्रश्नको उत्तर दिन सक्नु पर्दछ।

सुझाव

- सङ्घीय संसद वा प्रदेश सभा दुवै व्यवस्थापिकीय अङ्गहरू जनताका प्रतिनिधिमूलक संस्था हुन्। संसदको प्रभावकारिताले लोकतान्त्रिक मूल्य र मान्यताहरू संस्थागत गर्न योगदान गर्दछन्। कार्यकारी शक्तिले युक्त सरकारलाई नागरिकप्रति उत्तरदायी बनाउनका लागि संसदीय अभ्यास र प्रभावकारिता अभिवृद्धिका लागि देहायका सुझाव सिफारिस गरिएको छ।
- संसदीय काम कारबाहीको वार्षिक कार्यतालिका स्वीकृत गरी सोही क्यालेण्डरमा आधारित भई संसदीय कारबाही अगाडि बढाउने
- सङ्घीय संसदले आफ्नो मूल जिम्मेवारीमा प्रभावकारिता ल्याउन कानुन निर्माण, सरकार उपरको निगरानी, जनताका आवाजको सार्वजनिकीकरण लगायतमा ध्यान केन्द्रित गर्नुपर्ने,
- सरकारलाई संसदप्रति वास्तविक रूपमा उत्तरदायी बनाउन आकस्मिक, शून्य र विशेष समय र राष्ट्रिय सभाको प्रादेशिक सरोकार समयमा सांसदले उठाएका विषयमा अनिवार्य सम्बोधन गर्नु पर्ने गरी बाध्यकारी बनाउने,
- संसदीय प्रस्तावहरूको कार्यान्वयन सरकारलाई समय तोकी प्रगति विवरण माग गर्ने आवधिक

कार्यान्वयन प्रगति पेश गर्ने व्यवस्था गर्ने,

- विधेयक संसदमा प्रवेश पश्चात् पारित हुनु पर्ने समयसीमाको निर्धारण गरी वार्षिक कार्यतालिका बनाउने,
- राष्ट्रिय सभामा उत्पन्न भएको विधेयक समितिमा प्राप्त भएको मितिले छ महिनाभित्र दफावार छलफल पूरा गरी सभामा प्रतिवेदन दिनुपर्ने नियमावलीको व्यवस्था छ, सोही प्रकारको व्यवस्था प्रतिनिधि सभा नियमावलीमा पनि गरिनु पर्ने,
- कानुन निर्माणमा नागरिक सहभागिता अभिवृद्धि गर्न सर्वसाधारणको सुझाव लिने प्रणाली व्यवस्थित गरिनुपर्ने।

सन्दर्भ सामग्री

अनलाइन खबर, (०८१ वैशाख १८), सभामुखसँग संसदीय समितिका सभापतिहरूको गुनासो: सांसदहरू बैठकमा आउनै मान्दैनन्। https://www.onlinekhabar.com/2024/04/1472476/parliamentary-committee-chairmens-complaints-to-the-speaker-mps-do-not-agree-to-come-to-the-meeting

दंगाल, शम्भु रातोपाटी (०८१ जेठ ११), रातापाटी, *९ वर्षमा २ सयभन्दा बढी संसद बैठक अवरुद्ध: कसले कति गरे अवरोध ?,* https://www.ratopati.com/story/428306/sadan

धारा ७६, नेपालको संविधान (०७२)। उपधारा १०।

धारा ५६, नेपालको संविधान (०७२)।

धारा धारा ८३, १७५ र २२१, नेपालको संविधान (२०७२)।

धारा ७६, १००, १६८ र १८८, नेपालको संविधान (२०७२)।

नागरिक दैनिक (०८१ असार २८), *दाहालका पाँच विश्वासका मत, कति विश्वास कति अविश्वास ?,* नागरिक दैनिक। https://nagariknews.nagariknetwork.com/politics/1441856-1720785312.html

नागरिक दैनिक (०८१ मङ्सिर ४), *कानुन निर्माणमा अझै उदासीन संसदीय समिति।* https://nagariknews.nagariknetwork.com/politics/1455182-1731993309.html

नियमावली १७३, प्रतिनिधि सभा नियमावली, २०७९ र नियम १४७, राष्ट्रिय सभा नियमावली, २०७५।

नयाँ पत्रिका (०८० माघ ८), *एनसेल प्रकरणमा चार वटै समिति सभापतिको बैठक राख्ने निर्णय,* नयाँ पत्रिका। https://www.nayapatrikadaily.com/news-details/133010/2024-01-22

नियमावली ७१, ७२ र ७९ प्रतिनिधि सभा नियमावली, ०७९ र नियम ६६, ६७ र ६८, राष्ट्रिय सभा नियमावली, २०७५।

नेपाल प्रेस (०८१ भदौ ९), *सङ्कल्प प्रस्ताव र जरुरी सार्वजनिक महत्त्वका प्रस्ताव कार्यान्वयन नभएकोमा राष्ट्रिय सभामा प्रश्न,* नेपाल प्रेस डट कम। https://www.nepalpress.com/2024/08/25/503374/

पाण्डेय, पद्मप्रसाद (०८१ पुस ८), संघीय संसद, प्रतिनिधि सभा, सूचनापत्र (४), ०८१ पुस ८ गते, *सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा २७ को प्रयोजनार्थ मुद्दा चलेको जानकारी प्राप्त भएको हुँदा सोही कानुनी व्यवस्थाको प्रयोजनका लागि सूचना प्रकाशित गरेको उल्लेख*

प्रतिवेदन, संसदीय समिति अभ्यास अध्ययन (०७८), वार्षिक प्रतिवेदन ०७८/०७८, विधान व्यवस्थापन समिति, राष्ट्रिय सभा। https://na.parliament.gov.np/uploads/attachments/wiorgb6ofjljkaf8.pdf

पौडेल, माधव (०८१), *संसदको प्रभावकारिता र सुधारका सम्भावनाहरू, सङ्घीय संसद सेवा स्मारिका ०८१,* सङ्घीय संसद सचिवालय।

पौडेल, चिरञ्जीवी (०८० पुस ६), नेपाल प्रेस, *एनसेल विवाद गिजोल्दै संसदीय समितिहरूको तुजुक, हचुवामा आरोप र बेतुकका निर्देशन।* https://www.nepalpress.com/2023/12/22/410170/

परिच्छेद ७

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

७.१ सुनसरी, मोरङका उद्योग र मानवीय स्वास्थ्यमा परेको प्रभाव

७.२ अनियमितता र अक्षमताको छायाँमा परेको 'बेटी पढाउ, बेटी बचाउ' कार्यक्रम

७.३ वातावरण विनाशः विकास र उद्यमले काभ्रेमा पारेको प्रभाव

७.४ गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र अवस्था

७.५ दाङमा सिमेन्ट कारखानाले वातावरण तथा अन्य क्षेत्रमा पारेको प्रभाव

७.६ सुर्खेतको रेक्चामा खानेपानी समस्याः शिक्षा, स्वास्थ्य, कृषि र विस्थापन

७.७ कैलाली जिल्लाका एचआइभी सङ्क्रमितहरूको अवस्था

७.१ सुनसरी, मोरङका उद्योग र मानवीय स्वास्थ्यमा परेको प्रभाव

परिचय

नेपालको संविधानको धारा ३० मा स्वच्छ वातावरणको हक मौलिक हक हुने व्यवस्था छ। संविधानको मौलिक हकमा नै प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको व्यवस्था गरेको छ। वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षति पीडितलाई प्रदूषणबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुने व्यवस्था छ *(धारा ३०, २०७२)*। विकाससम्बन्धी कार्यमा वातावरण विकासबीच समुचित सन्तुलनका लागि आवश्यक कानुनी व्यवस्था गर्न सकिने व्यवस्था गरेको छ। संविधानको अनुसूचीमा नै वातावरण सम्बद्ध सरोकारलाई सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रमा राखेको छ।

विश्वमा प्रत्येक वर्ष ४२ लाख मानिसको मृत्यु वायु प्रदूषणका कारण हुने गरेको विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्क रहेको छ। यही तथ्य नेपालमा प्रत्येक वर्ष ३५ हजार नेपालीले वायु प्रदूषणका कारण ज्यान गुमाइरहेका छन। जाडोयाममा नेपालको वायु गुणस्तर सूचक विश्व स्वास्थ्य सङ्गठनले निर्धारण गरेको गुणस्तरभन्दा १५ गुणा खराब स्थिति भएको तथ्याङ्क रेकर्ड भएको छ। तथ्याङ्कअनुसार प्रति १० जना नेपालीमा एक जनामा वायुप्रदूषणको कारण स्वास्थ्य समस्या भोगिरहेका छन्।

नेपालले मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय रूपमा स्वीकार गरेको दायित्वमा जवाफदेहिता फितलो देखिन्छ मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा २५ मा उच्च स्तरीय एवम् स्वस्थ जीवनको अधिकारको प्रत्याभूत गराउने राज्यको दायित्वको प्रश्न गर्ने स्वाभाविक ठाउँ देखिन्छ।

सुनसरीको दुहवी नगरपालिका-५ स्थित दुहवी चिल्ड्रेन एकाडेमीले ०८१ असोज १३ गते राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश कार्यालय, विराटनगरलाई सम्बोधन गरी राष्ट्रिय मानव अधिकार आयोगलाई बोधार्थ दिएर "छाला उद्योगले विद्यार्थी बालबालिकाको स्वास्थ्यमा गम्भीर असर परेको सम्बन्धमा" निवेदन लेख्यो। दुहवी नगरपालिका-६ मा रहेका युनाइटेड टेनेरिज र एशियन लेदर इन्डष्ट्रिजबाट निस्किएको हानिकारक रयासन र दुर्गन्धले बालबालिकाको स्वास्थ्यमा गम्भीर असर परेकाले समस्या समाधानका लागि दुहवी चिल्ड्रेन एकाडेमीले राज्यलाई गुहार्दै निवेदन लेख्नुपर्‍यो *(एकाडेमी, २०८१ असोज १३)*।

सिङ्गो मुलुककै अर्थतन्त्रमा विशेष अर्थ र महत्व राख्ने सुनसरी, मोरङ औद्योगिक करिडोर क्षेत्रमा साना ठूला गरी झण्डै ३ हजार २ सय बढी उद्योग छन्। कोभिड महामारीका समयमा बन्द भएका उद्योग क्रमश सुचारू हुँदै गएपछि सुनसरी मोरङ अद्यौगिक करिडोर क्षेत्रमा ३ हजार बढी उद्योग सञ्चालनमा रहेको सुनसरी र मोरङका घरेलु तथा साना उद्योग कार्यालयको आर्थिक वर्ष ०८०/०८१ को तथ्याङ्कमा देखिन्छ *(घरेलु तथा साना उद्योग कार्यालय, २०८१)*। सुनसरी मोरङ अद्यौगिक करिडोर क्षेत्रमा रहेका उद्योगले राज्यलाई जति राजश्व तिरिरहेका छन्, त्यो भन्दा बढ्ता क्षति नागरिकको स्वास्थ्यमाथि गरिरहेका छन्। विराटनगर र धरानबिचको ४५ किलोमिटर क्षेत्रलाई मुलुकै सबैभन्दा बढी प्रदूषित क्षेत्र भनी निर्क्योल गरिएको छ। सोही क्षेत्रमा रहेका उद्योगले यस क्षेत्रमा बसोवास गरिरहेका झण्डै १ लाख ५० जना मानिसको स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पारिरहेका छन्।

उद्योगका कारण मानवीय स्वास्थ्यमा समस्या

सुनसरी मोरङ औद्योगिक कोरिडोरमा अस्वस्थ्यकर हावा रहेको ०७४ फागुन २५ गते नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) ले विराटनगरमा आयोजना गरेको छ। सुनसरी, मोरङ औद्योगिक कोरिडोरको हावा प्रदूषित रहेको र मानव स्वास्थ्यलाई असर गर्ने गरेको छ *(काफ्ले, २०८१)*। हावामा बालुवाको सानो कणका साथै सल्फर अक्साइड समेत रहेकाले सुनसरी मोरङ औद्योगिक करिडर क्षेत्रमा वायू प्रदूषण भएको छ। सुनसरी मोरङ औद्योगिक क्षेत्रबाट निस्कने विकारयुक्त धुवाँ, धूलो, दुर्गन्ध र पानीका कारण वायुसहित जल प्रदूषण भएको छ *(झा, २०८१)*।

शरीरको अक्सिजन पुरा गर्नका लागि हामी हरेक दिन करिब २२ हजार पटक सास फेर्छौं र यसका लागि करिब २५ किलो हावा चाहिन्छ। खाना बिना हामी पाँच हप्ता बाँच्छौं भने पानी बिना पाँच दिन बाँच्न सकिएला र तर, हावा विना पाँच मिनेट बाँच्न सक्दैनौं *(नेपालमा वायु प्रदूषण समस्या र समाधान)* दश माइक्रोन (मानिसको रौँको मोटाइ करिब ५० माइक्रोन हुन्छ) भन्दा साना धूलाका कण *(पिएम-१०)* नाइट्रोजनका अक्साइडहरू, कार्वन मोनोअक्साइड, लिड, ओजोन, हाइड्रोकार्वनजस्ता वायु प्रदूषकहरू प्रमुख छन्। यी प्रदूषकहरूले सि ो पर्यावरणमा समस्या निम्त्याउँछन्। दश माइक्रोनभन्दा कम व्यास भएका मसिना धूलाका कणहरूलाई पिएम-१० भनिन्छ। त्यस्तै २ दशमलव ५ माइक्रोन भन्दा कम व्यास भएका धूलाका कणलाई पिएम २.५ भनिन्छ। पिएम-१० लगायतका मसिना धुलोका कणहरू नै सबैभन्दा खतरनाक वायु प्रदूषक हुन्। उद्योगधन्धा, कलकारखाना र सवारीसाधनबाट निस्कने धूवाँमा यस्ता मसिना धूलाका कणहरू प्रशस्त मात्रामा हुन्छन्। यसको वरिपरी पोलिसाइक्लिक एरोमेटिक हाइड्रोकार्वनजस्ता विषालु रासायनिक पदार्थ र गह्रौ धातुका कणहरू टाँसिएर रहेका हुन्छन्। यी पदार्थहरूको कारणले गर्दा मान्छेको फोक्सोमा क्यान्सर रोग उत्पन्न हुन सक्छ। पिएम-१० धूलाका कणहरू ज्यादै मसिना भएकाले सजिलै फोक्सोसम्म पुग्छन्। त्यहाँबाट यिनीहरू रगतमा मिसिएर मुटुसम्म पनि पुग्छन् र मुटु तथा स्नायुप्रणालीमा गम्भीर असर पुऱ्याउन सक्छन्।

०७७ पुस २३ गते विराटनगरको एअर क्वालिटी इन्डेक्स (एक्यूआई) २१९ पुगेको थियो। हावामा प्रदूषणको मात्र ४०-६० सम्मको अवस्थालाई राम्रो मानिन्छ। तर, विराटनगरमा हावाको गुणस्तर एयर क्वालेटी इन्डेक्स १८० भन्दा माथि छ। हावाको गुणस्तर पार्टीकुलर स्याटर 'पिएम २.५' र 'पिएम १०' स्केल विधिबाट मापन गरिन्छ। यसरी मापन गर्दा ४०-६० सम्मको अवस्थालाई सामान्य र त्यसमाथिको अवस्थालाई खतराको सङ्केत मानिन्छ। सुनसरी औद्योगिक करिडोर क्षेत्रको ४२ किलोमिटर क्षेत्रमा हावाको गुणस्तर सधैँ ०-६० भन्दा माथि हुने भएकाले यो क्षेत्रलाई सबैभन्दा प्रदूषित क्षेत्र भनि निर्क्योल गरिएको नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) वैज्ञानिक मदनलाल श्रेष्ठको भनाइ छ *(झा, २०८१)*।

वातावरण र मानव अधिकार सम्बन्ध

मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १ मा मानव स्वतन्त्र र समान भएर जन्मेका छौँ भनेर लेखिएको छ। तर, पृथ्वीमा जन्मने त मानिस मात्र होइन। हाम्रो वातावरणमा अन्य जीवहरु पनि छन्। के ति असमान भएर जन्मेका हुन त ? के ति समान छैनन त ? के तिनको सुरक्षण हुनु पर्दैन ? तिनीहरुको अधिकार नै छैन त ? भन्ने प्रस पनि विस्तारै मौलाउन थाल्यो। १९६०-१९७० को दशकमा आर्थिक समृद्धिको यात्रा तय हुन थालेपछि वातावरणको संरक्षणको विषयले प्राथमिकता पाउन थाल्यो। द्रुत गतिले आर्थिक विकास हुन थाल्यो। आर्थिक विकासको पछाडि वातावरणीय क्षति र दोहन पनि बढ्यो। जसले गर्दा खनिज पदार्थ मात्र नोक्सान होइन जीवित प्राणीको पनि धेरै हताहती हुन थाल्यो। उनीहरूको बासस्थानहरू लुटिए। अन्ततत्वगत्वा प्रभाव मानिसमा पऱ्यो। मानिस प्रभावित हुँदा उनीहरुको अधिकार पनि सुरक्षित हुन सकेन *(भुजु, २०८१)*। यसकारण वातावरणको अधिकार मानव अधिकारको रुपमा विकास भयो।

कोशी राजमार्ग भएर इटहरी, विराटनगर यात्राको क्रममा यात्रुहरूले कतै विस्कुट उद्योगको मीठो बास्ना लामो श्वास तानेर आनन्द मान्छन्, त कतै साबुन र छाला उद्योगबाट निस्किएका खप्नै गाह्रो हुने चर्को दुर्गन्धका कारण नाक खुम्च्याउँदै चाँडै यात्रा टुङ्गियोस भनी हतार गर्छन्। मोरङको बुढीगङ्गा गाउँपालिका-५ बुढीखोला दक्षिण किनारामा रहेका ४० घरका सुकुमबासीलाई उद्योगबाट निस्कने दुर्गन्ध र फोहोरले आक्रान्त बनाएको वर्षौं बितेको छ। उनीहरूले संविधानले व्यवस्था गरेको स्वच्छ वातावरणको हक उपभोग गर्न पाएका छैनन्। सुनसरी, मोरङ औद्योगिक करिडोर क्षेत्रभित्रका १ लाख ५० हजार बढी स्थायीवासी प्रत्यक्ष स्वच्छ वातावरणको हकबाट वञ्चित छन्। कोशी राजमार्ग भएर इटहरी, विराटनगर आवतजावत गर्नुपर्ने हजारौं नागरिक अप्रत्यक्ष रूममा स्वच्छ वातावरणको हकबाट वञ्चित छन्।

दुहवी नगरपालिका-६ मा रहेका युनाइटेड टेनेरिज र एशियन लेदर इन्डष्ट्रिज उद्योगसँगै कागज, सोयाविन तेल उद्योगबाट निस्किएको दुर्गन्ध र रसायनका कारण स्वास्थ्यमा गम्भीर असर परेकाले स्थानीय छाला फ्याक्ट्री पीडित सङ्घर्ष समिति बनाएर उद्योग र राज्यविरूद्ध आन्दोलित छन्। दुहवी नगरपालिका-६ का ५८ वर्षीय रामनन्द चौधरी उद्योगबाट निस्किएको दुर्गन्ध र रसायनका कारण स्वास्थ्य समस्याबाट ग्रसित छन्। सुरूसुरूमा उद्योगबाट

तालिका ७.१.१ कोशी अस्पतालमा भर्ना भएका बिरामीको तथ्याङ्क

		आर्थिक वर्ष						जम्मा
		२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	
१	निमोनिया	७२३	६८१	८०४	७५०	८७०	६०७	४४३५
२	क्रोनिक श्वासप्रश्वासका बिरामीहरू	३४८	२९८	३२५	३९७	३१५	६१४	२२९७

(स्रोत: कोशी अस्पताल, २०७५-८१)

आएको दुर्गन्धले बस्न गाह्रो हुने भएपनि बितेको १५ वर्षको अवधिमा उद्योगबाट निस्कने विषयुक्त फोहोर र दुर्गन्धसँग नाक अभ्यस्त भएपछि नाकले सुगन्ध र दुर्गन्ध छुट्ट्याउन छाडेको स्थानीयको भनाइ छ। सुनसरी, मोरङ औद्योगिक करिडोर क्षेत्रमा सञ्चालित प्लाष्टिक, साबुन, विस्कुट, खाद्यान्न, छाला, फलामे छड, विद्युतीय तार उत्पादन गर्ने उद्योगका कारण बालबालिका, ज्येष्ठ नागरिक, बिरामी, गर्भवती महिला र नवजात शिशु सबैभन्दा बढी प्रभावित छन्।

सुनसरीको दुहवी नगरपालिका-८ स्थित पञ्चायत आधारभूत विद्यालयमा अध्ययनरत बालबालिकाको विद्यालयमा छुट्टै किसिमको दिनचर्या र जिम्मेवारी छ। उनीहरू नजिकैको मैदा मिल चल्न थालेपछि हतारहतार झ्याल ढोका बन्द गर्छन्। मैदा मिलको चिम्नीबाट निस्किएको भुस आँखा र नाकमुख सम्म आइपुग्छ। विद्यालयले पूर्वपट्टि भएका झ्याललाई स्थायी रूपमा बन्द गरेको छ। उद्योगबाट निस्किएको विषयुक्त फोहोर पानी बुढीखोला र नालाहरूमा अलपत्र अवस्थामा फ्याल्दा नागरिकको स्वास्थ्य मात्र नभइ जलचर र पशुपौचायसेमत उत्तिकै प्रभावित छन्। दुर्गन्ध र रसायन मिश्रित हावासँगै विषयुक्त फोहोर पानीका कारण बुढीखोलाका पानी सबैभन्दा दुर्गन्धित छ। युनाइटेड टेनेरिज र एशियन लेदर इन्डष्ट्रिज उद्योगले उद्योगबाट निस्कने विषयुक्त पानी, हावालाई फिल्टर नगरी सोझै खोला वा वायुमण्डलमा छाड्दा त्यसले श्वासप्रश्वास, छाला र आँखासम्बन्धी रोग निम्त्याएको छ।

लगातार कुनै पनि प्रकारको गन्ध सुघिँरहदा घ्राण (सुँघ्ने) शक्तिमा कमी आउने चिकित्सक दीपक सिग्देलले बताए। दुर्गन्ध वा सुवासयुक्त गन्ध नाकको अल्फ्याक्टरी नर्भका रेशाले मानिसको गिदीसम्म पुऱ्याउँछ र मानिसले गन्धका प्रकारका बारेमा थाहा पाउने गर्छ। "लगातार एउटै गन्ध सुघिँरहने मानिसको नर्भका रेखा मर्ने, नाकमा मासु पलाउने, गन्ध थाहा नपाउने र क्यान्सरको सम्भावना रहने चिकित्सको सिग्देलको भनाइ छ" प्रदूषित क्षेत्रबाट कोशी अस्पतालमा आएका बिरामीमध्ये निमोनिया,क्रोनिक श्वासप्रश्वासका रोगी, नाक,कान, घाँटी र छालाका समस्या भएका बिरामी सङ्ख्या बढी रहेको छ *(कटुवाल, २०८१)*।

कोशी प्रदेशकै ठूलो सरकारी अस्पताल, कोशी अस्पतालमा भर्ना भएका बिरामीको तथ्याङ्कलाई आधार मान्ने हो भने वायु प्रदूषणका कारण सुनसरी, मोरङ अद्यौगिक करिडोर क्षेत्रका उद्योग विष फ्याल्ने उद्योग प्रमाणित भएका छन्। वायु प्रदूषणका कारण सबैभन्दा बढी श्वासप्रश्वासका बिरामी हुने गरेको छ *(सिग्देल, २०८१)*। सुनसरी, मोरङ अद्यौगिक करिडोरका उद्योगबाट निस्कने विषयुक्त विकारले बालबालिकालाई सबैभन्दा बढी हानि पुऱ्याएको छ *(चौधरी, २०८१)*। कोशी अस्पतालमा आर्थिक वर्ष २०७४/०७५ मा श्वासप्रश्वासमा समस्यासँगै निमोनियामा भएका ७२३ जना, आर्थिक वर्ष ०७५/०७६ मा ६२१ जना, आर्थिक वर्ष ०७६/०७७ मा ८०४ जना, आर्थिक वर्ष ०७७/०७८ मा ७५० जना, आर्थिक वर्ष ०७८/०७९ मा ८७० जना र आर्थिक वर्ष ०७९/०८० मा ६०७ जना भर्ना भएका थिए। सोही आर्थिक वर्षमा क्रोनिक श्वासप्रश्वासका विरामीहरू आर्थिक वर्ष ०७४/०७५ मा ३४८ जना, आर्थिक वर्ष ०७५/०७६ मा २९८ जना, आर्थिक वर्ष ०७६/०७७ मा ३२५ जना, आर्थिक वर्ष ०७७/०७८ मा ३९७ जना, आर्थिक वर्ष ०७८/०७९ मा ३१५ र आर्थिक वर्ष ०७९/०८० मा ६१४ जना भर्ना भएको छ *(कटुवाल, २०८१)*।

कोशी अस्पतालको तथ्याङ्कलाई मात्रै आधार मान्ने हो भनेपनि सुनसरी मोरङ अद्यौगिक करिडोर

क्षेत्रका स्थायीवासीसहित सुनसरी, मोरङका अन्य क्षेत्रमा वसोवासहरू वायु प्रदूषणका कारण निमोनिया र श्वासप्रश्वास कारण अस्वस्थ्य भएको चिकित्सको भनाइ छ। कोशी अस्पतालमा उपचारका लागि भर्ना नै भएका निमोनिया र श्वासप्रश्वासका बिरामीहरूको तथ्याङ्कका आधारमा ६ ओटा आर्थिक वर्षमा निमोनियाबाट ४ हजार ४ सय ३५ र श्वासप्रश्वासका कारण २ हजार २ सय ९७ जना अस्पताल भर्ना हुनुलाई वायू प्रदूषणको खतराको सङ्केतका रूपमा बुझ्न जरुरी छ *(चौधरी, २०८१)*।

सुनसरी मोरङ अद्यौगिक करिडोर क्षेत्रका उद्योगले फ्याल्ने धुवाँ, दुर्गन्ध,ध्वनि र रसायनिक पदार्थले सडक छेऊका नाला, खोला र स्थानीयको स्वास्थ्यमा प्रतिकूल असर पारेको छ। उद्योगका कारण कृषि उपजमा पनि प्रत्यक्ष प्रभाव परेको छ। उद्योग व्यवसाय ऐन, २०५३ र त्यसको नियमावली २०५८ ले व्यवस्था गरेअनुसार सीमा क्षेत्रभन्दा ८ किलोमिटर टाढा कारखानाहरू स्थापना गर्नुपर्ने प्रावधान छ। समतल जमिन, भौतिक पूर्वाधार जुटाउन सजिलो र यातायातको सुविधाले कच्चा पदार्थको ढुवानी साथै उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याउन सुविधा भएबाटै सुनसरी मोरङ औद्योगिक क्षेत्रमा तोकिएको मापदण्ड विपरित उद्योग सञ्चालन भइरहेका छन्।

कति छन् उद्योग ?

सुनसरी र मोरङमा घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएको तथ्याङ्क अनुसार सुनसरी मोरङ अद्यौगिक करिडोर क्षेत्रमा मानवीय जीवन र पर्यावरणमा प्रत्यक्ष प्रभाव पार्ने ३ सय ६३ ओटा उद्योग छन्। जसमध्ये सुनसरीमा १ सय ५२ र मोरङमा २ सय ११ ओटा उद्योग छन्। सबैभन्दा बढी प्रदूषणको कारण मानिएका छाला प्रशोधन तथा त्यससँग सम्बन्धित वस्तु उत्पादन गर्ने ५७ ओटा र रसायन एवम् जिङ्क अक्साइडसम्बन्धी ३५ ओटा उद्योग छन्। छाला प्रशोधन गर्ने उद्योग र रसायन एवम् जिङ्क अक्साइ उत्पादन गर्ने उद्योगका आधारमा सुनसरी मोरङ अद्यौगिक करिडोर क्षेत्रको ४२ किलोमिटर क्षेत्रफललाई मुलुकै सबैभन्दा बढी प्रदूषित क्षेत्र भनि निर्क्योल गरिएको उद्योग सङ्गठन मोरङले जनाएको छ।

फोहोर कहाँ कति ?

सुनसरी मोरङ अद्यौगिक करिडोर क्षेत्र जल, वायु, भूमि र ध्वनि प्रदूषणको चपेटामा परेको छ। रसायन प्रयोग हुने उद्योगहरूले आधुनिक प्रविधिको प्रयोग नै नगरी उद्योगबाट निस्कने विषयुक्त पानी र अन्य अवशेष त्यसै अलपत्र अवस्थामा फ्याल्ने हुँदा त्यसको डरलाग्दो असर मानवीय स्वास्थ्य र पर्यावरणमा बढ्दै गएको छ। सुनसरीको दुहवी नगरपालिका-८ का ५४ वर्षीय पूर्ण थपलिया नजिकैको बाबा प्याकेजिङ्ग उद्योगले डढाउने गरेको प्लाष्टिकजन्य पदार्थको धुवाँले पीडित भएको दशक बितिसकेको छ। उद्योगले धानको फूल फूलेको समयमा प्लाष्टिकजन्य फोहोर डढाउँदा त्यसबाट फैलने धुँवाका कारण धानको फूल मर्दा थातथलोबाट विस्थापित हुनुपर्ने अवस्थामा पुगेका छन्। उद्योगबाट निस्कने दुर्गन्धले वालीनाली र बोटविरूवा मात्र होइन, पशुचौपाय समेत उत्तिकै प्रभावित छन् *(अधिकारी, २०८१)*। उद्योगबाट निस्किएको विषयुक्त पानी खाएका कारण पशुचौपाया बिरामी भएर मर्ने गरेको छ। सुनसरी मोरङ औद्योगिक करिडोर क्षेत्रका उद्योगले विकारयुक्त पानी बुढीखोला, नालाआदीमा अलपत्र अवस्थामा फ्याल्दाँ त्यसले सिङ्गो पर्यावरणले असर पार्ने बताए। उद्योगले नदी वा खुल्ला रूपमा विषयुक्त पदार्थ बाहिर फ्याल्दा पानीमा फलामका कण, सिलिकनका कण, सल्फेट,नाइट्रोजन, मर्करीका लिड पानी मिसिने भएकाले सिङ्गो पर्यावरणमा प्रभाव पार्ने गरेको छ *(सलमान, २०८१)*। उद्योगबाट निस्कने फोहोरले प्रभाव पारेको क्षेत्रमा उत्पादित अनाज सेवन गर्दा मानवीय स्वास्थ्यमा गम्भीर असर पर्ने गरेको छ।

पीडित र उद्योगीबिचको द्रन्द्र

दुहवी नगरपालिका-६ मा रहेका युनाइटेड टेनेरिज र एशियन लेदर इन्डष्ट्रिजले कच्चा छाला प्रशोधन गर्दा निकालेको सोडियम सल्फाइड, बेसिक्रोमियम सल्फेट, लाइमजस्ता रसायनयुक्त फोहोरका कारण स्वास्थ्यमा समस्यासँगै श्वासप्रश्वासमा समस्या भएपछि छाला उद्योगविरूद्ध छाला फ्याक्ट्री पीडित सङ्घर्ष समिति बनाएर ०८१ साउनदेखि आन्दोलन सुरूआत गरे। सरकारी प्रक्रियामा प्रारम्भिक वातावरणीय परीक्षा (आइइइ) र वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) नगरी उद्योग सञ्चालनमा रहेकाले उद्योग र उद्योगीविरूद्ध आन्दोन गर्दै ०८१ भदौमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको ध्यानाकर्षण गराउँदै नेपाल सरकारलाई ज्ञापनपत्र बुझाए।

पीडितहरूले प्रारम्भीक वातावरणीय परीक्षा र वातावरणीय प्रभाव मूल्याङ्कन नगरी उद्योग

सञ्चालनमा रोक लगाउँदै कोशी प्रदेश सरकारको पर्यटन, वन तथा वातावरण मन्त्रालयमा उद्योगविरूद्ध ०८० साउनमा ज्ञापनपत्र बुझाए। पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतको अनुगमन तथा निरीक्षण समिति, दुहवी नगरपालिकाका जनप्रतिनिधि, दुहवी नगरपालिका-६ का वडाध्यक्ष सम्मिलित संयुक्त अनुगमन टोलीले दुहवी नगरपालिका-६ मा रहेका युनाइटेड टेनेरिज र एशियन लेदर इन्डष्ट्रिजले कच्चा छाला प्रशोधन गर्दा निकालेको फोहोरका बारेमा स्थलगत अनुगमन गऱ्यो। पीडितहरूले राष्ट्रिय मानव अधिकार आयोग केन्द्रीय कार्यालयलाई बोधार्थसहित दिएको निवेदनका आधारमा राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश कार्यालयले ०८१ असोजमा स्थलगत अनुगमन गऱ्यो *(लम्साल, २०८१)*।

वातावरणीय प्रभाव मूल्याङ्कन नगरी उद्योग बन्द गर्नुपर्ने सङ्घर्ष समितिको माग बमोजिम कोशी प्रदेश सरकारको पर्यटन, वन तथा वातावरण मन्त्रालयको वातावरण निरीक्षक हरिशङ्कर झाले ०८१ भदौमा युनाइटेड टेनेरिज र एशियन लेदर इन्डष्ट्रिजलाई काटे। तर, उद्योगले मन्त्रालयको पत्रलाई वेवास्ता गरी उद्योग सञ्चालन गरिरहँदा समस्या उस्तै छ।

दुहबी नगरपालिका-६ मा रहेका युनाइटेड टेनेरिज र एशियन लेदर इन्डष्ट्रिजले कच्चा छाला प्रशोधन गर्दा निकालेको सोडियम सल्फाइड, बेसिक्रोमियम सल्फेट, लाइमजस्ता रसायनयुक्त फोहोरका कारण स्वास्थ्यमा समस्यासँगै श्वासप्रश्वासमा समस्या भएपछि छाला उद्योगविरूद्ध छाला फ्याक्ट्री पीडित सङ्घर्ष समितिले उद्योगविरूद्ध जिल्ला प्रशासन कार्यालय, सुनसरीमा समेत उद्योग बन्दको माग गर्दै निवेदन दिए। जिल्ला प्रशासन कार्यालयले उद्योग सञ्चालन पूर्व वातावरण संरक्षण ऐन, २०७६ र नियमावली २०७७ बमोजिम उपयुक्त वातावरणीय अध्ययन नभएको तथा औद्योगिक व्यवसाय ऐन २०७६ र नियमावली २०७६ ले तोकेको न्यूनतम मापदण्ड विपरित उद्योग सञ्चालन भएको पाइएको हुँदा प्रदेश सरकार-१६ पर्यटन, वन तथा वातावरण मन्त्रालयको ०८१ भदौ १३ गतेको पत्र अनुसार उपयुक्त वातावरणीय प्रभाव मूल्याङ्कन नभएकाले तत्काल उद्योग बन्द गर्न प्रशासन कार्यालयका प्रशासकीय अधिकृत केशव खतिवडाले उद्योगका नाममा ०८१ असोज ६ गते पत्र काटे। तर, उद्योगले पत्रलाई बेवास्ता गरी उद्योग सञ्चालन गरिरहेको छ।

उद्योगले सरकारी निकायलाई वातावरणीय प्रभाव मूल्याङ्कन नगरी उद्योग सञ्चालन नगर्ने भनि जानकारी गराएपनि नियमित रूपमा उद्योग सञ्चालन गरिरहेको प्रमाण छाला फ्याक्ट्री पीडित सङ्घर्ष समितिले फेला पारेपछि उद्योग पीडित/प्रभावित स्थानीय, उद्योग र सरकारबिचको द्वन्द्व झन् बढ्दो छ। सरकारी निकायको आदेश समेतलाई अटेर गर्ने उद्योग र उद्योगीका कारण पीडित प्रभावितहरू भने दुहवी नगरपालिका-६ बाट विस्थापित हुनुपर्ने अवस्था छ।

दुहवी नगरपालिका-६ मा रहेका युनाइटेड टेनेरिज र एशियन लेदर इन्डष्ट्रिजले कच्चा छाला प्रशोधन उद्योगले सङ्घर्ष समितिको माग बमोजिम ०८१ पुस २ गते सार्वजनिक सुनुवाई कार्यक्रम तय गऱ्यो। दुहवी नगरपालिका-६ का वडाध्यक्षको खाली माइन्यूट पेपरमा निर्णय लेख्ने भन्दै हस्ताक्षर गराएपछि छाला पीडित सङ्घर्ष समितिले माइन्यूट च्यातिदियो। माइन्ट च्यातेसँगै टायर बालेर स्थानीयले विरोध गरे। यो वर्षको अन्त्यसम्म उद्योगी र स्थानीयबिचको द्वन्द्व चलिरह्यो।

उद्योगविरूद्ध उजुरी

सुनसरी मोरङ औद्योगिक करिडोर क्षेत्रका उद्योगका कारण मानवीय स्वास्थ्यसहित सिङ्गो पर्यावरणमा असर पारेको भन्दै प्रभावित/पीडितले २०५८ सालयता उद्योगविरूद्ध आन्दोलन गरिरहेका छन्। तर, उद्योगले सरकारको निर्णय र आदेशलाई वेवास्ता गर्दा पीडित प्रभावितहरू भने स्वच्छ वातावरणको अधिकारबाट वञ्चित भइरहेका छन्। मोरङको बुढीगङ्गा गाउँपालिका र सुनसरीको दुहवी नगरपालिका क्षेत्रमा रहेका उद्योगहरूले जथाभावी रूपमा उद्योगबाट निस्कने फोहोर फ्याल्दै आएका छन्। राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश कार्यालय, विराटनगरमा सुनसरीको इटहरी उपमहानगरपालिका-१३ खनारमा रहेको अरिहन्त अटोकोरूगेस प्रालिले उद्योगबाट निस्किएको फोहोर जथाभावी फ्याल्ने गरेका कारण स्वास्थ्यमा समस्या हुनुका साथै श्वास फेर्नसमेत अफ्ठ्यारो भएको भन्दै आर्थिक वर्ष ०७६/०७७ मा आयोगमा उद्योगविरूद्ध निवेदन दिए। उद्योगबाट निस्कने एसिड पाउडर, तारका मसिना कण, विषयुक्त पानी, धुवाँ र दुर्गन्धका कारण बेहोस हुने, टाउको दुख्नेलगायतका समस्याले उद्योगविरूद्ध राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी दिए। आयोगको अनुगमन टोलीले वातावरणीय प्रभाव मूल्याङ्कन र प्राविधिकबाट अनुसन्धान गराउन उद्योगलाई पत्र काटेपनि त्यसको

कार्यान्वयन नहुँदा पीडितको अवस्था उस्तै छ। उद्योग यथावत रूपमा सञ्चालन भइरहेको छ।

उद्योगको लापरवाही

मोरङको बुढीगङ्गा गाउँपालिका र सुनसरीको दुहवी नगरपालिका क्षेत्रभित्र सुनसरी मोरङ अद्यौगिक करिडोरका ठूला उद्योग छन्। मानवीय स्वास्थ्य र सिङ्गो वातावरणीमा हानी पुऱ्याउने उद्योग यही क्षेत्रमा सञ्चालित छन्। नेपाल स्ट्राबोर्ड कम्पनी, स्वस्तिक आयल, हिमगिरी साबुन उद्योग, एशियन थाइफुड्स, नेपाल सिल्केट उद्योग, राठीकोल, पायनियर केवल, अरूण वनस्पति, भगवती कार्बाइड, अरिहन्त मल्टीफाइवर्स, महालक्ष्मी सिल्क, नेपाल लिकर्स, कमला स्टील, आरती स्ट्रीप, हुलास आइरन, युनाइटेड टेनेरिज र एशियन लेदर इन्डष्ट्रिजजस्ता उद्योगले सबैभन्दा बढी प्रदूषण फैलाउने गरेका छन्। युनाइटेड टेनेरिज र एशियन लेदर इन्डष्ट्रिजले उद्योगबाट निस्किएको फोहोर छाला अलपत्र अवस्थामा फ्याल्ने गरेका कारण दुहवी नगरपालिका-६ का झण्डै ६ हजार स्थानीय प्रत्यक्ष प्रभावित भएका छन्। छाला उद्योगका कारण दुहवी नगरपालिका-५ र १ का स्थानीय उत्तिकै पीडित छन्।

गाउँ नै विस्थापित हुने खतरा

अत्यधिक फोहोर निष्काशन गर्ने उद्योगहरूमा छाला उद्योगलाई सबैभन्दा खराब मानिन्छ। दुहवी नगरपालिका-६ मा युनाइटेड टेनेरिज र एशियन लेदर इन्डष्ट्रिजले कच्चा छाला प्रशोधन गर्दै आएका छन्। छालामा तीव्र सङ्क्रमण फैलन, छोटो समयमा सडिएर गन्गाउने भएका कारण दुहवी नगरपालिका-६, ५ र १ का वडावासी सुनसरी मोरङ औद्योगिक करिडोरका क्षेत्रबाट सबैभन्दा बढी प्रभावित भएका छन्। उनीहरू नियमित रूपमा उद्योग सञ्चालन भए वा उद्योगले आधुनिक प्रविधिको प्रयोग नगरी उद्योग सञ्चालन गरेका गाउँबाट नै विस्थापित हुनुपर्ने अवस्थामा पुगेका छन्। छाला उद्योगका कारण घरजग्गा बिक्री नभएका कारण त्यस क्षेत्रबाट सोही उद्योगका मालिकलाई सस्तो मूल्यमा घर जमिन बेचेर ८ जना विस्थापित भइसकेको छ *(रहमुद्दिन, २०८१)*।

ऐनको फाइदा उठाउँदै उद्योग

वातारण संरक्षण ऐन, २०५३ मा व्यवस्था भए अनुसार सञ्चालित दुई ओटा छाला उद्योगमध्ये युनाइटेड टेनेरिज उद्योगले ०८१ कात्तिक २२ गतेदेखि उत्पादन बन्द गरेको छ। तर, एशियन लेदरले भने नियमित रूपमा उत्पादन गरिरहेको छ। वातावरण संरक्षण ऐन, २०५३ बमोजिम प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन गरी सञ्चालनमा आएको उद्योग अहिले पनि सोही मापदण्डलाई टेकेर उद्योग सञ्चालन गरिरहेको छ। वातावरण संरक्षण ऐन, ०५३ लाई वातावरण संरक्षण ऐन, २०७६ ले खारेज गरेपनि वातारण संरक्षण ऐनको नियमावलीमा २०५३ बमोजिमको नियमावलीलाई २०७६ ले मान्यता दिने उल्लेखका आधारमा एशियन लेदरले नियमित रूपमा काँचो छाला प्रशोधन गरिरहेको छ।

कानुनी व्यवस्था

संविधानले धारा ३० मा स्वच्छ वातावरणको हकलाई व्याख्या एवम् व्यवस्था गरेको छ। सोही धाराको उपधारा १ मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने हकको व्यवस्था गरेको छ। सोही धाराको उपधारा २ मा वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिवापत पीडितलाई प्रदूषकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुने व्यवस्था गरिएको छ (धारा ३०, २०७२)। वातावरण संरक्षण ऐन, २०७६ र नियमावलीले उद्योग सञ्चालन गर्नुपूर्व प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षा गर्नुपर्ने बाध्यताकारी व्यवस्था गरेको छ। तर, सुनसरी मोरङ औद्योगिक करिडोर क्षेत्रमा उद्योगहरू वातावरणीय प्रभाव मूल्याङ्कनलाई प्राथमिकतामा नराख्दा नागरिकको स्वच्छ वातावरणमा बस्न पाउने अधिकार खोसिएको छ। वातावरण संरक्षण ऐन, २०७६ तथा नियमावली २०७७, विपद् जोखिम न्यूनीकरण व्यवस्थापन ऐनलगायत राष्ट्रिय कानूनका साथै नेपाल पक्ष राष्ट्र भएको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ ले स्वच्छ वातावरणको अधिकारको उल्लेख गरेको छ।

समस्या समाधानको उपाय

सुनसरी मोरङ औद्योगिक करिडोर क्षेत्रमा रहेका उद्योगका कारण वायुसहित जल, जमिन र ध्वनि समेत प्रदूषण भएको छ। जसका कारण प्रत्यक्ष रूपमा १ लाख ५० हजार भन्दा बढी प्रभावित भएका छन् भने सुनसरीको दुहवी नगरपालिका र मोरङको बुढीगङ्गा गाउँपालिकाका स्थानीय थातथलोबाट विस्थापित हुनुपर्ने अवस्था सिर्जना हुँदै गएको छ। उद्योगबाट निस्कने विषयुक्त फोहोर पानीलाई शुद्धीकरण, विषाक्त धुवाँ नियन्त्रणका लागि आधुनिक प्रविधि र उच्च गुणस्तरीय

कच्चा पदार्थ उद्योगले प्रयोग गर्नुपर्ने देखिन्छ। उद्योगबाट निस्कने फोहोरलाई नियन्त्रण गर्न उद्योग सङ्गठन, मोरङ र उद्योग सङ्गठन, सुनसरीले एकसाथ काम गर्न आवश्यक छ।

निष्कर्ष

सुनसरी मोरङ औद्योगिक करिडर क्षेत्रका उद्योगका प्रत्यक्ष रूपमा १ लाख ५० हजार बढी मानिसलाई असर पुऱ्याएको पाइन्छ। मोरङ र सुनसरीमा रहेका घरेलु तथा साना उद्योग, दुई ओटै जिल्लामा रहेका उद्योग सङ्गठन, पीडित/प्रभावितसँगको कुराकानी, सरकारी कागजात, अस्पतालको बिरामी अभिलेख, विज्ञ एवम् वैज्ञानिकहरूका तर्कले सुनसरी मोरङमा रहेका उद्योगका कारण यस क्षेत्रमा रहेका मानिसको स्वास्थ्यमा प्रतिदिन प्रतिकूल प्रभाव पर्दै गएको छ। उद्योगबाट निस्कने विषयुक्त फोहोरलाई उद्योगहरूले अलपत्र अवस्थामा नदी,नाला, खुल्ला आकाश र वातावरणमा छाड्दा त्यसले मानिसको स्वच्छ वातावरणको हकलाई उपभोग गर्नबाट वञ्चित गराएको छ। फोहोरलाई जल, वायु र वातावरणमा मिसाउन नदिन राज्यले समसामयिक कानुन निर्माण गरी सोही अनुसार कार्यान्वयन गर्न अति आवश्यक छ।

सुझाव

- राज्यले वातावरण संरक्षण ऐन र त्यसको नियमावलीले गरेको व्यवस्थालाई समय सापेक्ष परिमार्जन गर्नुपर्ने।
- उद्योग सञ्चालन अनुमति पूर्व राज्यले अनिर्वाय रूपमा विज्ञ, प्राविधिकबाट प्रारम्भिक वातावरण परीक्षा र वातावरणीय प्रभाव मूल्याङ्कन गराउनुपर्ने।
- उद्योगधन्धाका भौतिक पूर्वाधार र संरचना निर्माण अघि वातावरण संरक्षण ऐन, २०७६ बमोजिम वस्तीभन्दा १२ किलोमिटर टाढा बनाउनुपर्ने।
- उद्योगधन्धाहरूले सामाजिक उत्तरदायित्व बमोजिम पीडित/प्रभावितहरूको उपचारका लागि निश्चित कोष सञ्चालन गर्नुपर्ने।
- आधुनिक प्रविधि र भौतिक पूर्वाधार निर्माण भएपछि मात्र राज्यले उद्योग सञ्चालनका लागि अनुमति दिनुपर्ने।
- उद्योगबाट निस्कने विषयुक्त फोहोरलाई शुद्धीकरण गरी जल, वायु र जमिनमा विर्सजन गर्ने सुनिश्चितता राज्य र उद्योगी दुवै पक्षबाट हुनुपर्ने।

सन्दर्भ सामग्री

एकाडेमी, दुहवी चिल्ड्रेन (२०८१ असोज १३), निवेदन, "छाला उद्योगले विद्यार्थी बालबालिकाको स्वास्थ्यमा गम्भीर असर परेको सम्बन्धमा"

अधिकारी, रामचन्द (२०८१), कुराकानीमा आधारित, प्राणी विज्ञान उपप्राध्यापक, डिग्री क्याम्पस, विराटनगर

कटुवाल, गोविन्द (२०८१), मेडिकल रेकर्ड तथा कुराकानीमा आधारित, निरिक्षक कोशी अस्पताल, विराटनगर

काफ्ले, अङ्कार (२०८१), कुराकानीमा आधारित, प्राध्यापक, प्रविधि क्याम्पस, विराटनगर

घरेलु तथा साना उद्योग कार्यालय (२०८१), सुनसरी, आर्थिक वर्ष ०८०/०८१ को तथ्याङ्क http://dcsi.gov.np/en/site/publication

चौधरी, राम नारायण (२०८१), कुराकानीमा आधारित, बाल रोग विशेषज्ञ, कोशी अस्पताल, विराटनगर

झा, प्रमोदकुमार (२०८१), कुराकानीमा आधारित, प्राध्यापक, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट), विराटनगर

भुजु, दिनेशराज (२०८१), कुराकानीमा आधारित, वातावरणविद्

धारा ३०, नेपालको संविधान (२०७२)

धारा ३०, नेपालको संविधान (२०७२)। उपधारा २।

रहमुद्दिन, मोहम्मद (२०८१), कुराकानीमा आधारित, स्थानीय, दुहबी नगरपालिका-६

लम्साल, डिल्लीराम (२०८१), कुराकानीमा आधारित, मानव अधिकार अधिकृत, राष्ट्रिय मानव अधिकार आयोग, विराटनगर

सिग्देल, दीपक (२०८१), कुराकानीमा आधारित, चिकित्सक, कोशी अञ्चल अस्पताल, विराटनगर

सलमान, मोहम्मद साहिन (२०८१), कुराकानीमा आधारित, अध्यक्ष, छाला फ्याक्ट्री पीडित सङ्घर्ष समिति, दुहवी नगरपालिका-६, मोरङ

७.२ अनियमितता र अक्षमताको छायाँमा परेको "बेटी पढाउ, बेटी बचाउ" कार्यक्रम

पृष्ठभूमि

मधेश प्रदेश सरकारको महत्त्वाकाङ्क्षी र लोकप्रिय "बेटी पढाऊ बेटी बचाउ" कार्यक्रम अन्तर्गत साइकल वितरण कार्य प्रभावकारी त देखियो तर, साइकल खरिद प्रक्रियामै अनियमिता भएको पुष्टि भएपछि कार्यक्रमले निरन्तरता पाउन सकेन। त्यसैगरी, महिलाहरूका लागि गरिएको लोक सेवा तयारी कक्षाको व्यवस्था वार्षिक बजेट नै रोकिएपछि अलपत्र पर्‍यो। आर्थिक वर्ष २०७९/०८० मा प्रदेश सरकारले ७७ करोड ४० लाख रुपियाँ बालिकाहरूलाई ल्यापटप वितरण गर्न बजेट छुट्टयाएको थियो। तर, यो कार्यक्रम पनि कार्यान्वयन नै हुन सकेन। यसरी सन् २०१५ देखि भारतको हरियाणामा सुरु गरिएको *(सर्वेक्षण, २०७७)* बेटी बचाओ बेटी पढाओ कार्यक्रमबाट प्रेरित भएर मधेस प्रदेश सरकारले अघि सारेको यो बहुप्रचारित कार्यक्रमले आठ वर्षपछि पनि लक्षित उपलब्धि हासिल गर्न सकेको छैन।

भारतको हरियाणामा यो कार्यक्रम पनि लैङ्गिक असमानता न्यूनीकरण गर्ने र छात्राहरूको सामाजिक सुरक्षा वृद्धि गर्ने उद्देश्यले लागु गरिएको थियो। अझ खासगरी कन्याको भ्रुण हत्या उन्मूलन गर्ने र शिक्षाको माध्यमबाट महिला सशक्तिकरण गर्ने उद्देश्यबाट थालनी गरिएको थियो। ताकि परिवारमा छोरा सरह छोरीको जन्मलाई पनि "उत्सव ठानुन्" र पूर्ण जिम्मेवारी सहित छोरीलाई पढाउन्। यो कार्यक्रम अन्तर्गत भारतमा छात्राहरूको शिक्षा र विवाहको खर्च पूर्ति गर्न "सुकन्य समृद्धि योजना" लागु गरिएको थियो। भारतको यो कार्यक्रम सुरुमा बालिका जन्मदर घट्दो अवस्थामा रहेका १ सय जिल्लामा लागु गरिएको थियो *(सर्वेक्षण, २०७७)*। नेपालको मधेस प्रदेशमा सङ्घीयताको कार्यान्वयनसँगै संरचनात्मक असमानता न्यून पार्दै सामाजिक रूपान्तरणको कार्यक्रम अघि बढाउने आवश्यकता महसुस गरियो। मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ कार्यक्रम यही सामाजिक रूपान्तरणको तीब्र इच्छाले जन्माएको हो *(साह र हुमागाईं, २०८०)* । मधेश प्रदेश सरकारको मुख्यमन्त्री कार्यालयमा २०७४ चैत १३ गते आयोजना गरिएको पत्रकार सम्मेलनमा मधेश प्रदेशका तत्कालीन मुख्यमन्त्री लालबाबु राउतले सय दिने कार्ययोजना सार्वजनिक गर्दै 'बेटी पढाउ बेटी बचाउ' कार्यक्रमको घोषणा गरेका थिए।

छोरीलाई विद्यालयमा पठाइ उनीहरूको वैयक्तिक विकासका अतिरिक्त सशक्तिकरणको माध्यमबाट छोरा र छोरीबीचको सामाजिक विभेद अन्त्य गर्ने यस कार्यक्रमको मुख्य उद्देश्य थियो। सोही उद्देश्य अन्तर्गत छोरी शिक्षा बीमा/मुद्दती बचत खाता, नि:शुल्क साइकल वितरण, छात्राहरूका लागि नि:शुल्क लोक सेवा आयोग तयारी कक्षा र लैङ्गिक हिंसा विरुद्धका अभियानहरू अगाडि सारियो।

यस पृष्ठभूमिमा बेटी पढाउ बेटी बचाउ मधेश प्रदेशमा छोरीहरूको सुरक्षा तथा शिक्षाको सवालमा कति प्रभावकारी भयो भन्ने समीक्षा गर्न जरुरी छ। छोरीहरूलाई लक्षित गरी ल्याइएको बेटी पढाउ बेटी बचाउ कार्यक्रमको कार्यान्वयनका क्रममा देखिएका समस्या र चुनौतीहरूको अध्ययन गरी कार्यक्रमलाई अझ प्रभावकारी तुल्याउन गर्नुपर्ने कार्यहरू निर्क्योल गर्न पनि उत्तिकै आवश्यक छ।

मधेस प्रदेशमा लैङ्गिक असमानताको स्थिति

मानव उत्थान र विकासका दृष्टिकोणले हेर्दा मधेश प्रदेशमा लैङ्गिक असमानताहरू रहेका छन्। मधेश प्रदेशमा लिङ्ग पहिचान गरी गरिने गर्भपतन र बालविवाहको दर देशव्यापी औसत दरभन्दा धेरै बढी छ। छोरीहरूले विद्यालय शिक्षा पूरा गर्ने र विभिन्न क्षेत्रमा रोजगारी गर्ने सङ्ख्या देशभरिको औसत दर र प्राय: सबै प्रदेशहरूको तुलानाम यस प्रदेशमा सबै भन्दा कम छ।

शैक्षिक दृष्टिकोणले मधेश प्रदेश अझै पनि अन्य प्रदेश भन्दा कमजोर छ। राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार मधेश प्रदेशको साक्षरता दर ४९.७२ प्रतिशत छ। जबकी, नेपालको साक्षरता ७१ प्रतिशत छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रका

अनुसार हालसम्म ७७ जिल्लामध्ये ६१ जिल्ला साक्षर भइसकेको छ भने १६ जिल्ला साक्षर हुन बाँकी छ। एक महानगरपालिका, तीन उपमहानगरपालिका, ७३ नगरपालिका, ५९ गाउँपालिका र १ हजार २ सय ७१ वडा रहेको मधेश प्रदेशका कुनै पनि जिल्ला अहिलेसम्म साक्षर घोषणा हुन सकेका छैनन्। मधेश प्रदेशमा महिला साक्षरता दर ३८.८८ प्रतिशत र पुरुषको ६०.०९ प्रतिशत छ। जबकी, नेपालको महिला साक्षरता दर ५७.४ प्रतिशत रहेको छ। शैक्षिक हिसाबले पछि परेको यो प्रदेशमा छोरीको शैक्षिक अवस्था दयनीय छ। मधेश प्रदेशमा अध्ययनरत २.९१ प्रतिशत बालबालिकाले बिचैमा पढाइ छाड्ने गरेका छन्। राष्ट्रियस्तरमा कुल कक्षा छाड्ने दर ३.६ प्रतिशत छ।

मधेश प्रदेशमा छात्राहरूले बीचमा नै विद्यालय छाड्ने एउटा प्रमुख कारण बालविवाहलाई मानिएको छ। बालविवाहका कारण कम उमेरमै गर्भवती हुनाले उनीहरू आफ्नो पढाइलाई निरन्तरता दिन सक्दैनन्। यो प्रदेशको बालविवाह दर ५२.५ प्रतिशत छ, जुन नेपालकै सबैभन्दा उच्च हो। जसमध्ये आधा किशोरीहरूको विवाह १८ वर्ष नपुग्दै हुने गरेको पाइएको छ। पछिल्लो तथ्याङ्क अनुसार मधेश प्रदेश गरिबीमा तेस्रो स्थानमा छ। मधेश प्रदेशका २४.२ प्रतिशत जनता गरिबीको रेखामुनी छन्। छात्राको शैक्षिक विकासका लागि मधेशमा बालविवाहसँगै गरिवी र दाइजो प्रथा पनि जिम्मेवार छ।

बहुआयामिक क्लष्टर सर्वेक्षण (मल्टिपल इन्डिकेटर क्लस्टर सर्भे), २०२० का अनुसार मधेश प्रदेशको विद्यालयमा कूल उपस्थिति र विद्यालय उत्तीर्ण गर्ने दर राष्ट्रिय औषत भन्दा कम छ। निम्न आधारभूत तहमा कूल उपस्थितिको राष्ट्रिय औषत ७४.५ प्रतिशत हुँदा मधेश प्रदेशको ५७.३ प्रतिशत मात्र छ। त्यसैगरी मावि तहमा कुल उपस्थितिको राष्ट्रिय औषत ४७.०७ प्रतिशत छ भने मधेश प्रदेशको ३३.८ प्रतिशत छ। प्रस्तुत तथ्याङ्कले शिक्षामा छात्राहरूको उपस्थिति मधेश प्रदेशमा निकै कमजोर रहेको देखाउँछ (समुइल्स एण्ड घिमिरे, २०७८)।

त्यसैगरी महिलामाथि हुने घरेलु हिंसा मधेश प्रदेशमा ज्यादा देखिन्छ। खास गरेर विवाह गरेर आउने महिलाले माइतीबाट कम दाइजो ल्याएको निहुँमा यहाँ अत्यधिक घरेलु हिंसा हुने गरेको पाइएको छ। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान विभागको प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८०/८१ को साउनदेखि असोज अर्थात तीन महिनाको अवधिमा देशभर ४ हजार ८ सय ५१ ओटा घरेलु हिंसासम्बन्धी उजुरी प्रहरीमा परेका छन्। जसमध्ये सबैभन्दा धेरै मधेश प्रदेशमा १ हजार ६ सय २५ उजुरी परेका छन्। घरेलु हिंसा मधेश प्रदेशमा सबै भन्दा उच्च रहेको देखाएको छ। साथै मधेशमा किशारी, महिलाको जीवन र भविष्यको निर्माण प्राय: बुबा अथवा पतिको हातमा रहने गर्दछ। किशोरीहरूको शिक्षामा कम पहुँच, कमजारे आर्थिक, सामाजिक र राजनीतिक आस्थाले गर्दा उनीहरूको अवस्था दयनीय छ।

यी समग्र सामाजिक साँस्कृतिक पक्षलाई ध्यान दिएर मधेश प्रदेश सरकारले बेटी पढाउ बेटी बचाउ कार्यक्रम ल्याएको हो। यो कार्यक्रमले मधेश प्रदेशमा बालविवाह र महिला हिंसा न्यूनीकरण गर्न, विद्यालय छाड्ने दर घटाउन, भ्रुण हत्या न्यूनीकरण गर्न र शिक्षामा किशोरीको पहुँच वृद्धि गरी सशक्तिकरण गर्ने उद्देश्य राखेको छ।

प्रदेश नीति तथा कार्यक्रममा बेटी पढाउ बेटी बचाउ

मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०७६/०७७ मा सार्वजनिक गरेको नीति तथा कार्यक्रममा यो अभियानको दायरालाई अझ फराकिले बनाइ छोरीहरूको विद्यालय भर्ना, लोक सेवा तयारी कक्षा, प्राविधिक शिक्षा अध्ययन गर्न चाहने छोरीहरूलाई पुर्ण छात्रवृति, साइकल वितरण, स्कुलको प्रत्येक विद्यालयमा सेनिटरीप्याड वितरण गर्ने जस्ता कार्यक्रमलाई प्रभावकारी बनाइने उल्लेख गऱ्यो। सङ्घीय सरकारसँग समन्वय गरेर आर्थिक रूपले विपन्न, दलित तथा मुस्लिम समुदायका बालिकाहरूलाई विशेष छात्रवृति कार्यक्रम अन्तर्गत सरकारी विद्यालयमा अध्ययनरत कक्षा एकदेखि आठ कक्षासम्मका छात्राहरूका लागि प्रत्येक महिना ५ सय रुपियाँको दरले नियमिति कक्षा आगमन छात्रवृत्ति प्रदान गरिनेसमेत उल्लेख गरियो *(नीति तथा कार्यक्रम, २०७७)*। एक वर्षमा २५ देखि ३० हजार छोरी जन्मिने यो प्रदेशमा सम्पूर्ण छोरीहरूको बीमा गर्ने अभियानलाई प्रभावकारी ढङ्गले निरन्तरता दिने मधेश प्रदेश नीति तथा कार्यक्रममा उल्लेख थियो।

यसैगरी, आर्थिक वर्ष २०७८/०७९ मा सार्वजनिक नीति तथा कार्यक्रममा छोरी शिक्षा बीमालाई अझ परिष्कृत र सशक्त ढङ्गले अगाडि बढाउँदै बीमित छोरी २० वर्ष पुगेपछि ३ लाख रुपियाँ प्रदान गर्ने, बेटी पढाउ बेटी बचाउ अभियान अन्तर्गत छोरी शिक्षा छात्रवृति, छोरी लोकसेवा तयारी कक्षा, आदर्श विवाह, साइकल वितरण, ल्यापटप र

तालिका ७.२.१ मधेश प्रदेशमा लङ्गिक सूचकहरू

मधेश प्रदेश		राष्ट्रिय औषत	उच्वतम दर	न्यूनतम दर
लिङ्गको आधारमा गरिने गर्भ पतन				
गर्भ पतनलाई वैधानिक ठान्नेहरू मध्ये, यदि भ्रुण छोरी छ भने गर्भतन गर्नु	९.९	३.०	९.९	१.५
वैधानिक हो भन्नेको प्रतिशत गर्भमा रहेको भ्रुणको लिङ्ग आफूलाई मन नपरेकोले गर्भपतन गराउनेको प्रतिशत	१५.९	६.५	१५.९	०.६
शिक्षा				
कहिले विद्यालय नगएको प्रतिशत	५२.९	३९.७	५२.९	३३.०
प्राथमिक शिक्षा गएको प्रतिशत	२१.३	१९.३	२२.१	१६.३
प्राथमिक शिक्षा पूरा गरेको प्रतिशत	५.४	५.९	६.८	५.३
माध्यमिक तहको शिक्षा गएको प्रतिशत	१३.४	२०	२४.७	१३.४
माध्यमिक तहको शिक्षा पूरा गरेको प्रतिशत	३.७	५.९	७.७	३.७
माध्यमिक तहभन्दा माथिको शिक्षा पूरा गरेको प्रतिशत	३.३	९.१	१७.७	३.३
रोजगारीमा महिला				
प्राविधिक/व्यवस्थापकीय प्रतिशत	३.८	५.७	१०.८	२.५
कार्यालय सहायक प्रतिशत	१.१	२.०	३.६	०.३
बिक्री तथा सेवा प्रतिशत	५.६	१३.२	२५.०	५.६
दक्ष प्रतिशत	७.०	५.७	९.०	२.१
अदक्ष प्रतिशत	३.९	३.४	४.७	२.५
प्राविधिक/व्यवस्थापकीय प्रतिशत	७८.७	६९.९	८३.७	४६.७
कार्यालय सहायक प्रतिशत	०.४	०.१	०.४	०.०

(स्रोत : मधेश प्रदेशमा मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ कार्यक्रम सुधारको प्रस्ताव, २०७८)

छोरीहरूको राज्य संरचनामा ५० प्रतिशित सहभागिताका लागि संरचनात्मक व्यवस्था गरिने नीति तथा कार्यक्रममा उल्लेख थियो।

आर्थिक वर्ष २०७९/०८० मा सार्वजनिक नीति तथा कार्यक्रममा यो अभियान अन्तर्गत छोरी बीमा, छात्रवृति, लोक सेवा अयोग तयारी कक्षा, साइकल वितरण लगायत छोरीमाथि समाजमा रहेको विभेदको अन्त्यको लागि विभिन्न कार्यक्रमलाई निरन्तरता दिँदै यस अभियान अन्तर्गत कक्षा आठमा अध्ययनरत छात्राहरूलाई साइकल खरिदको लागि सम्बन्धित विद्यालयमा अनुदान रकम उपलब्ध गराउने, प्रदेशका सामुदायिक विद्यालयहरूमा कक्षा १२ मा अध्ययनरत छात्राहरूलाई कम्प्युटर प्रविधिमा पहुँच पुऱ्याउन एक थान ल्यापटप सहयोग स्वरुप उपलब्ध गराइ र सोको नियमिति अनुगमन सामाजिक विकास मन्त्रालयबाट हुने नीतिगत व्यवस्था उल्लेख थियो *(सेतोपाटी, २०७९ असार १)* ।

आर्थिक वर्ष २०८०/०८१ मा सार्वजनिक गरिएको नीति तथा कार्यक्रममा यो अभियान अन्तर्गत छोरी बीमा, छात्रवृति, लोक सेवा आयोग तयारी कक्षा, साइकल वितरण लगायत छोरीमाथि समाजमा रहेका विभेद अन्त्यका लागि विभिन्न कार्यक्रमलाई निरन्तरता दिने, कक्षा आठमा अध्ययनरत छात्राहरूलाई साइकल खरिदको लागि विद्यालयमा अनुदान रकम उपलब्ध गराउने,सामुदायिक विद्यालयहरूमा कक्षा १२ मा अध्ययनरत छात्राहरूलाई कम्प्युटर प्रविधिमा पहुँच पुऱ्याउन एक थान ल्यापटप सहयोग स्वरुप उपलब्ध गराइने र कक्षा आठ देखि १० सम्म अध्ययनरत

तालिका ७.२.२ बीमा गरिएका बालिकाको सङ्ख्या

आर्थिक वर्ष	बीमित छोरीको सङ्ख्या	कैफियत
२०७५/०७६	५६६६	अफलाइन दर्ता
२०७६/०७७	–	कोरोना कारण हुन नसकेको
२०७७/०७८	–	कोरोना कारण हुन नसकेको
२०७८/०७९	१७०२	अफलाइन दर्ता
२०७९/०८०	३३०२	अनलाइन
२०८०/०८१	३७८३	अनलाइन
२०८१/०८२	३१००	अनलाइन (जारी)
कूल	**१७,५५३**	

(स्रोत : शिक्षा विकास निर्देशनलय, २०८१)

छोरीलाई जन्मिने बितिक्कै बीमादेखि लिएर प्रत्येक जिल्लामा लोकसेवा तयारी कक्षा प्रत्येक वर्ष सञ्चालन गरिने जसबाट छोरीहरूले सङ्घ, प्रदेश, स्थानीय कुनै पनि तहको लोकसेवा प्रतिस्पर्धाको सामना गर्न सक्षम हुने गरी प्रदेश सरकारले महिलाको लागि ५० प्रतिशत आरक्षणको व्यवस्था गरेको छ। यसले आउँदो १०-१५ वर्षभित्र प्रहरी प्रशासन सहित प्रत्येक कार्यालयको उच्च पदमा आधा सङ्ख्यामा महिला कर्मचारी हुने मधेश सरकारको स्पष्ट मार्गचित्र रहेको छ।

छात्राहरूलाई नि:शुल्क सेनेटरी प्याड र सोको नियमति अनुगमन शिक्षा तथा समाज कल्याण मन्त्रालयबाट गरिने नीति तथा कार्यक्रममा उल्लेख गरियो *(नीति तथा कार्यक्रम, २०८० असार २३)* ।

आर्थिक वर्ष २०८१/०८२ मा सार्वजनिक गरिएको नीति तथा कार्यक्रममा दलित, विपन्न तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्था, डोम, मुसहर, चमार, दुसाध र हलखोर जातिका बालबालिकाहरूलाई बिजक रकमको व्यवस्था, डोम र हलखोर बालबालिकालाई विद्यालय भर्ना गराउँदा विशेष प्रोत्साहनको व्यवस्था, बालमैत्री भौतिक तथा शैक्षिक वातावरण, अपाङ्गताको प्रकृति भएका विद्यालयहरूलाई सुदृढीकरण तथा गुणस्तरीय शिक्षाको लागि त्रिपक्षीय (विद्यार्थी, अभिभावक र शिक्षक) बिचको सम्बन्धलाई सम्बन्ध प्रभावकारी बनाउन मुख्यमन्त्री प्रदेश साक्षर अभियान सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिने उल्लेख थियो। प्रदेश सरकार गठन भएयता प्रदेश सरकारका नीति तथा कार्यक्रममा छोरीहरू प्राथमिकतामा परेको देखिन्छ।

छोरीलाई शिक्षादेखि रोजगारीसम्मको मार्गचित्र

मधेश प्रदेश सरकारले प्रदेशका छोरीलाई शिक्षादेखि रोजगारी दिनेसम्मको मार्गचित्र तयार गरेको छ। बेटी पढाउ बेटी बचाउ अभियान अन्तर्गत छोरी शिक्षा बीमा, कक्षा आठमा अध्यनरत छात्रालाई साइकल वितरण, कक्षा १२ पढ्ने छोरीलाई ल्यापटप वितरण, लोक सेवा तयारी कक्षा र राज्यका निकायमा ५० प्रतिशत आरक्षण दिने गरी कानुन निर्माण गर्ने कार्य मधेश प्रदेश सरकारले गरेको छ (खबर, २०७६ माघ २०) ।

छोरी शिक्षा बीमा/मुद्दती बचत कार्यक्रम

'छोरी शिक्षा बीमा/मुद्दती बचत खाता' कार्यक्रमको उद्देश्य मधेश प्रदेशमा बालविवाह र भ्रुण हत्याको अन्त्य र छोरीलाई शिक्षामा उकास्नु रहेको छ। मधेश प्रदेश सरकारले छोरी शिक्षा बीमा २०७५ माघ १ गतेबाट सुरु गरेको हो। प्रदेशभित्र स्थायी बसोबास भएका दम्पतीबाट जन्मिने नबजात छोरीहरूको लागि बीमा कम्पनी, बैङ्क वा बित्तीय संस्थाहरूसँग समन्वय र साझेदारी गरी शिक्षा बीमा बचत कार्यक्रम लागु गरेको छ। छोरी शिक्षा बीमा कार्यक्रम २०७८ माघ १ गतेदेखि जन्मिने हरेक छोरीको बीमा हुनेछ *(इडियु पत्र, २०७८)* । बीमा गरिने छोरीहरूलाई प्रदेश सरकारको तर्फबाट २० वर्षपछि एक लाख र सेवा प्रदायक बैंकको तर्फबाट २५ हजार प्रदान गर्ने गरी छोरी शिक्षा बीमा/मुद्दती बचत खाता सुरु गरिएको थियो। पछि मधेश प्रदेश सरकारको २०७६ माघमहिनाको निर्णय अनुसार छोरी शिक्षा बीमा गरेका छोरीलाई माध्यमिक तह पढेको र २० वर्ष पुरा गरेपछि ३ लाख रुपियाँ दिइने भएको छ। प्रभु बैंकसँग सम्झौता गरी छोरीहरूको बीमा गरिँदै आएको थियो। प्रभु बैङ्कसँगको सम्झौता सकिएपछि ग्लोबल बैंकसँग सम्झौता गरिएको छ।

२०७८ माघ १ गते पछि जन्मिएका छोरीहरूको लागि सुरू गरिको बीमा, २० वर्षपछि तीन लाख दिने गरी प्रतिबीमा ३७ हजार ४ सय ५७ मधेश प्रदेश सरकारले बैंकलाई प्रिमियम तिर्नुपर्ने छ। यी बीमावापत प्रदेश सरकारले ग्लोबल आइएमइ बैंकमा ३७ हजार ४ सय ५७ रुपियाँ मुद्दती खातामा जम्मा

गर्दछ, जसबाट बीमितले २० वर्ष पूरा गरी १२ कक्षा पास भएपछि सो रकम प्राप्त गर्ने व्यवस्था छ।

यो कार्यक्रम अन्तर्गत हालसम्म १७ हजार ५ सय ५३ जना छोरीहरूको बीमा गरिएको छ। बीमा गरिएका मध्ये १४ हजार ४ सय ५३ छोरीको Fixed Deposite (FD) कार्ड बनिसकेको छ।

मधेश प्रदेश शिक्षा विकास निर्देशनालय, जनकपुरधामका अनुसार, यो बीमा कार्यक्रम सफल बनाउन करिब ५९ करोड ७५ लाख रुपियाँ खर्च भएको छ। आर्थिक, शैक्षिक र सामाजिक दृष्टिकोणले पछाडि परेका बालिकाहरूलाई सहयोग पुऱ्याउन र उनीहरूको सशक्तिकरणका लागि यो बीमा गरिएको हो। आर्थिक वर्ष २०७५/०७६ बाट सुरु गरिएको छोरी शिक्षा बीमा आर्थिक वर्ष २०७६/०७७ र २०७७/०७८ मा कोरोना महामारीका कारण दुई वर्ष छोरी शिक्षा बीमा कार्यक्रम रोकिएको थियो। आर्थिक वर्ष २०७८/०७९ देखि छोरी शिक्षा बीमाको कार्य निरन्तर रहेको छ।

साइकल वितरण कार्यक्रम

मधेश प्रदेश भित्रका छात्राहरूलाई शिक्षामा पहुँच बढाउने उद्देश्यले यो अभियान सञ्चालनमा छ। साइकल वितरणले शिक्षाप्रति आकर्षण बढ्ने तथा अभिभावक पनि छोरी पढाउनेतर्फ अग्रसर हुने उद्देश्यले २०७५ माघ १ गतेदेखि नै यो अभियान सुरु भएको हो। मुख्यमन्त्री कार्यालयले कक्षा आठका छात्राले नियमित रूपमा अध्ययन गरेको प्रमाण पुग्ने तीन महिनाको हाजिरी, शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) मा दर्ता भएको रिपोर्ट तथा जन्मदर्तालाई आधार बनाइ साइकल वितरण गरेको थियो। आर्थिक वर्ष २०७५/०७६ मा १४ हजार र २०७७/०७८ मा २२ हजार गरी कूल ३६ हजार छात्राहरूलाई साइकल वितरण गरिएको छ *(प्रतिवेदन, २०७८)*।

मधेश प्रदेश सरकारले छात्राहरूलाई निःशुल्क साइकल वितरण गरेपछि छात्राहरूमा विद्यालय जान उत्साह बढ्यो। छात्राहरू साइकलमा विद्यालय जान सजिलो ठान्दै नियमित रुपमा विद्यालय पनि जान थाले।

धनुषाको बटेश्वर गाउँपालिका-३ कटानी टोलकी दुलारी कुमारी महतो हरेक दिन चार किलोमिटरको दूरीमा रहेको सोही गाउँपालिका वडा नं. ४ बजार टोलमा स्थित श्री शिव शक्ति उच्च माविमा पैदल हिँडेर अध्ययनका लागि जाने गर्थिन्। उनी महिनाको १०-१२ दिन स्कुलमा अनुपस्थित हुन्थिन्। त्यसले गर्दा उनको पढाइमा धेरै प्रभाव परेको थियो। जसले गर्दा उनीमा विद्यालय छाड्ने परिस्थिति सृजना हुन पुगेको थियो। उनको घरको आर्थिक अवस्था दयनीय थियो, साइकल किनिदिने अवस्था थिएन। कक्षा आठमा पढिरहेकी दुलारीले मधेश प्रदेश सरकारको 'मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ' कार्यक्रम अन्तर्गत साइकल निःशुल्क पाइन्। साइकल पाएपछि उनी निकै खुशी भइन्। 'समयमै स्कुल जान थालेँ। पढाइप्रति उत्साह बढ्यो' -उनले सुनाइन्। दुलारी अहिले कक्षा १२ मा अध्ययनरत छिन्। उनको पढाइमा पनि प्रगति भएको छ। उनी भन्छिन्,-'साइकल नभएको भए म आज १२ कक्षामा पढन सक्दिन थिएँ।' साइकलले मेरो पढाइलाई नियमित गर्न सहयोग गऱ्यो।

सोही पालिका वडा नं. ४ पुजारी टोलकी सोनु कुमारी पासवान सोही विद्यालयमा कक्षा १२ मा कम्प्युटर इन्जीनियरिङ्ग विषय अध्ययनरत छिन्। सोनुकुमारीले पनि साइकल पाएकी थिइन्। गरीब, विपन्न र दलित समुदायकी उनी साइकल पाएपछि निकै खुशी भइन्। 'सरकारले दिएको साइकल मेरो पठनपाठनमा ठूलो सहयोगी बन्यो, घरको कामकाजमा समेत उपयोगी भएको छ' -उनी भन्छिन्। दुलारी र सोनी मात्र नभई, मधेश प्रदेशका सामुदायिक विद्यालयमा कक्षा आठमा अध्ययनरत ३६ हजार छात्राहरूले 'मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ' कार्यक्रमबाट साइकल पाएकी छिन्। साइकल पाएकै कारण उनीहरूलाई विद्यालय जान सहज भयो र शिक्षालाई निरन्तरता दिएकी छिन्।

मधेश प्रदेश सरकारको महत्वकाङ्क्षी र लोकप्रिय "बेटी पढाउ बेटी बचाउ" कार्यक्रम अन्तर्गत साइकल वितरण कार्यक्रमको प्रभावकारिता देखिएता पनि साइकल खरिद प्रक्रियामा अनियमिता भएकोले यो कार्यक्रमले निरन्तरता पाउन सकेन। साइकल खरिदमा आंशिक भ्रष्टाचार गरेको ठहर गर्दै विशेष अदालतले २०८० माघको दोस्रो साता मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका तत्कालीन प्रदेश सचिव यमलाल भुसाल र जलस्रोत सिँचाइ तथा विकास डिभिजन कार्यालयका तत्कालीन प्रमुख भगवान झालाई तीन महिना कैद र १० हजार रुपियाँ जरिवानाको फैसला सुनायो। 'मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ' अभियान अन्तर्गत साइकल खरिद प्रक्रियामा अनियमितता भएको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०७८ साउन १७ गते विशेष अदालत, काठमाडौँमा भ्रष्टाचारको मुद्दा दायर गरेको थियो। मुद्दामामिला टुङ्गिए पनि मधेश प्रदेश सरकारले

साइकल वितरण कार्यक्रम अगाडि बढाउन सकेको छैन। २०७९ मङ्सिरको निर्वाचनपछि मुख्यमन्त्री बनेका जनता समाजवादी पार्टी (जसपा) का सरोज कुमार यादव र जनमत पार्टीका सतिश कुमार सिंहले यस कार्यक्रमलाई निरन्तरता दिन सकेनन्। आर्थिक वर्ष २०७७/०७८ मा खरिद गरेको १० हजार मध्ये ४ हजार ५ सय ५७ साइकल मधेश भवनको गोदाममा तीन वर्षदेखि कबाड बनिरहेको छ। तर, भ्रष्टाचार काण्डमा मुछिएपछि २०७९/०८० मा सरकारले साइकल वितरणका लागि बजेट नै छुट्ट्याएन। साइकल खरिद प्रकरणमा भ्रष्टाचार भएको भन्दै अख्तियारले अनुसन्धान र कारबाही प्रक्रिया अगाडि बढाएपछि साइकल वितरण कार्य नै रोकिएको छ।

लोक सेवा तयारी कक्षा र ल्यापटप वितरण कार्यक्रम

यो कार्यक्रम कक्षा १२ पास गरेका वा सो भन्दा माथिका छोरीहरूका लागि लोक सेवा तयारी कक्षा सञ्चालन गरिएको थियो। आर्थिक वर्ष २०७६/०७७ मा १ सय जनाले नि:शुल्क लोक सेवा तयारी कक्षा लिए भने आर्थिक वर्ष २०७६/०७७ मा कोभिडका कारण लोक सेवा तयारी कक्षा सञ्चालन हुन सकेन। आर्थिक वर्ष २०७७/०७८ मा ३ सय २० जना र आर्थिक वर्ष २०७८/०७९ मा ४ सय ८० जनाले लोक सेवा तयारी कक्षा लिएका थिए। हालसम्म ९ सय जना युवतीले नि:शुल्क लोक सेवा तयारी कक्षामा सहभागी भएका छन्। आर्थिक वर्ष २०७९/०८० र २०८०/०८१ गरी दुई वर्ष र आर्थिक वर्ष २०८१/०८२ मा लोक सेवा तयारी कक्षा नै सञ्चालन भएन। शिक्षा विकास निर्देशनालयका निर्देशक ठूलो बाबु दाहालका अनुसार लोक सेवा तयारी कक्षाका लागि वार्षिक बजेट नआएका कारण कार्यक्रमले निरन्तरता पाएन।

मधेश प्रदेशका सामुदायिक विद्यालयहरूमा कक्षा १२ मा अध्ययनरत प्रदेशका आठ जिल्लाबाट एक/एक हजार छात्रालाई कम्प्युटर प्रविधिमा पहुँच पुऱ्याउन एक/एक थान ल्यापटप उपलब्ध गराइने योजना थियो। त्यसका लागि आर्थिक वर्ष २०७८/०७९ देखि २०८०/०८१ सम्म नियमित रूपमा तीन वर्षसम्म सरकारको नीति तथा कार्यक्रममा छात्राहरूलाई ल्यापटप उपलब्ध गराउने राखिएको थियो। आर्थिक वर्ष २०७९/०८० मा प्रदेश सरकारले ७७ करोड ४० लाख रुपियाँ ल्यापटपको लागि बजेट छुट्याएको पनि थियो। तर, कार्यान्वयन हुन सकेन।

सुरक्षित बेटी र बेटी जिन्दावाद अभियान

मधेश प्रदेश सरकारले बालिकाहरूको सुरक्षालाई बेटी पढाउ बेटी बचाउ कार्यक्रमसँग जोड्दै पुस २०६६ मा "सुरक्षित् बालिका" र बेटी जिन्दावादजस्ता जनचेतनामूलक अभियानहरू शुरु गऱ्यो। बेटी बचाउ बेटी पढाउ कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयहरूमा शौचालय निर्माण, लोक सेवा तयारी कक्षा सञ्चालनमा पनि थिए। मुस्लिम तथा दलित समुदायका बालिकाहरूको जन्म दर्तालाई प्राथमिकतामा राखी २०७६ पुसमा घर दैलो कार्यक्रम सञ्चालनमा थियो। ताकी सबै समुदायका नवजात शिशु (बालिका) हरूलाई समावेश गर्ने प्रक्रियालाई विस्तार गर्न सकियोस्। यस अभियानमा जन्म दर्ता प्रक्रियालाई सहजीकरण गर्नको लागि वडा कार्यालय र स्वास्थ्य संस्थाका टोली परिचालन गरिएको थियो। एक वर्षसम्मका बालिकाहरूको पहिचान गरिएको थियो र उनीहरूको जन्मदर्ता गरि योजनाको लागि सूचीकृत गरिएको थियो।

मधेश प्रदेश सरकारले 'महिला हिंसाविरुद्ध शून्य सहनशिलता, सुरक्षित बेटी हाम्रो प्रतिबद्धता' भन्ने मूल नाराका साथ यो अभियान जनकपुरधामबाट सञ्चालन गरिएको थियो। मधेश प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्रालयले ल्याएको यो अभियानको २०७६ माघ २० गते तत्कालिन मुख्यमन्त्री लालबाबु राउतले उद्घाटन गरेका थिए। यो अभियान अन्तर्गत सचेतनामूलक सन्देश उत्पादन तथा प्रसारण, मी टु अभियान, विद्यालय पाठ्क्रममा लैङ्गिक हिंसाका विषयहरू समावेश गर्ने र लैङ्गिक हिंसा निवारण कोषको व्यवस्था गरिने जनाइएको थियो। यस्तै, प्रदेशको प्रत्येक विद्यालयमा आत्मरक्षाका निम्ति छोरीहरूलाई प्रशिक्षण समेत दिइने थियो।

तत्कालीन मुख्यमन्त्री लालबाबु राउतको नेतृत्वको सरकारले बालिकाहरूको लागि ल्याएको बेटी पढाउ बेटी बचाउ अभियानलाई मुख्यमन्त्री सशित कुमार सिंहको नेतृत्वको सरकारले बालिका संरक्षण तथा सशक्तिकरण ऐन, २०८१ ल्याएर त्यसलाई बेटी जिन्दावाद नारा दिएको छ।

प्रदेशका बालिकाहरूको हक, हितको संरक्षण गरी बालिका विरुद्धको जातीय, लैङ्गिक विभेदलाई अन्त्य गर्दै शारिरीक, मानसिक र बौद्धिक विकासका लागि बालिकाहरूको जन्म, पालनपोषण, शिक्षा तथा स्वास्थ्यको प्रत्याभूति गरी वयस्क भएपछि रोजगारीको तयारी समेत गर्न यो ऐन नै बनाएको छ। प्रदेश

सरकरले स्थानीय तहमार्फत प्रदेशमा बसोबास गर्ने चार वर्ष पुरा भएका प्रत्येक बालिकालाई विद्यालय भर्ना गरी, गराई अनिवार्य तथा नि:शुल्क शिक्षा अभियान सञ्चालन गर्नुपर्ने ऐनमा उल्लेख छ। प्रदेशमा बसोबास गर्ने बालिकालाई माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क प्रदान गर्ने व्यवस्था गर्नु पर्नेछ। पाँच वर्ष उमेर पूरा भएका बालिकालाई शिक्षाको अवसरबाट बञ्चित गराएमा, शिक्षादीक्षा र पालनपोषणमा छोरा छोरीबिच विभेद गराएमा र अपाङ्गताका कारणले पढ्ने वातावरण नदिइ शिक्षाबाट बञ्चित गर्ने काम गरे गराएमा त्यस्तो कसुर गर्ने र गराउनेलाई ५० हजार रुपियाँसम्म जरिवाना गर्ने सजायको कानुनी व्यवस्था रहेको छ। कसैले पनि गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गर्न, गराउन र त्यसरी लिङ्ग पहिचान गरी बालिका भएको कारण गर्भपतन गर्न, गराउन हुँदैन भनी ऐनमा उल्लेख छ।

अशिक्षाको प्रभावः लैङ्गिक विभेद

मधेशमा अहिले पनि अशिक्षा र चेतनाको कमीका कारण लैङ्गिक विभेद कायम छ। छोरालाई घरको कुलको रूपमा लिने र छोरीलाई पराया घरको ठान्ने प्रवृत्ति अहिले पनि कायम छ। घरमा छोरी जन्मिएपछि आर्थिक बोझको रूपमा लिने सोच व्याप्त छ। पितृसतात्मक सोच र छोराप्रतिको मोहका कारण छोरीको जन्मिने सङ्ख्या घट्दो क्रममा छ। मधेश प्रदेश स्वास्थ्य निर्देशनालय, सपही, धनुषाका अनुसार मधेश प्रदेशमा रहेको बर्थिङ्ग सेन्टरहरूमा आर्थिक वर्ष २०८०/०८१ मा ८६ हजार ५९ जना शिशुको जन्म भयो। जसमध्ये ४७ हजार ४ सय १६ बालक र ३८ हजार ६ सय ४३ बालिका रहेका छन्। एक वर्षमा मधेश प्रदेशमा बालक र बालिकाको सङ्ख्यालाई हेर्दा ८ हजार ७ सय ७३ बाढी बालक जन्मेको तथ्याङ्कले देखाउँछ। छोरीको सङ्ख्या घटेर गएको छ। यो आर्थिक वर्ष २०८१/०८२ को ६ महिनाको अवधिमा ४५ हजार ७ सय ६४ शिशु जन्मिएकोमा २५ हजार ४ सय ७५ बालक र २० हजार २ सय ८९ बालिका रहेका छन्। यो वर्षको ६ महिनामा ५ हजार १ सय ८६ बढी बालक जन्मिए भने छोरीको सङ्ख्या घट्दो छ।

निष्कर्ष

बेटी पढाउ बेटी बचाउ कार्यक्रम सामाजिक रूपान्तरण हानिकारक रूढीवादी चलन र बालिकाहरूलाई गरिने भेदभाव अन्त्यका लागि ल्याइएको कार्यक्रम हो। कार्यक्रमको मुख्य उद्देश्य बालिकाको शिक्षा र सशक्तिकरण र व्यक्तिगत विकासमा अभिवृद्धि गर्नु रहेको छ। तथ्य तथ्याङ्क तथा अनुसन्धानले मधेश प्रदेशमा बढ्दो लिङ्ग पहिचान गरी गरिने भ्रुण हत्या, छोरी जन्मेपछि बोझका रूपमा लिने, महिलालाई समाजमा गरिने उपेक्षा, दाइजो र बालविवाह जस्ता सामाजिक हानिकारक कुप्रथाहरूको अन्त्यका लागि मधेश प्रदेश सरकारले ल्याएको लोकप्रिय कार्यक्रम हो।

मधेश प्रदेश सरकारको यो कार्यक्रम छोरीलाई माध्यमिक विद्यालय शिक्षामा नियमित गराउनु तथा बालविवाह सम्बन्धी व्यवहारमा परिवर्तन ल्याउन र आर्थिक उत्प्रेणा गराउने उद्देश्यले सुरु गरेको हो। मधेश प्रदेश सरकारले कानुन बनाएर राज्यको निकायमा महिलालाई ५० प्रतिशत आरक्षण दिएर यो कार्यक्रम मार्फत छोरीले जागिर पाउने कुराको सुनिश्चितता गरेको छ। तर, यी कार्यक्रमका प्रक्षेपित लक्ष्य अध्ययन, अनुसन्धान बिनाका कार्ययोजनाका कारण प्रभावकारी रूपमा हासिल हुन सकेको छैन। छोरी शिक्षा बीमा र साइकल वितरण गर्दैमा छोरीको साक्षरता दर बढ्छ भन्ने होइन। त्यसका लागि स्पष्ट कार्यदिशा हुनुपर्छ।

सुझाव

बेटी पढाउ बेटी बचाउ कार्यक्रमले प्रदेशको छोरीको सुरक्षा र शिक्षालाई जोड दिएको हुँदा समस्याको अध्ययन र अनुसन्धान प्रक्रियालाई अगाडि बढाई स्पष्ट कार्ययोजना र कार्यदिशा प्रदेश सरकारले बनाउनु पर्छ। राष्ट्रिय औसत अनुसार मधेश प्रदेशमा लिङ्ग पहिचान गरी गरिने भ्रुण हत्या मधेश प्रदेशमा बढी देखिन्छ, समाजमा विद्यमान बालविवाह, दाइजो प्रथा, घरेलु हिंसाका घटना प्रदेशमा बढेर गएको छ। समाजमा विद्यमान यस्ता सामाजिक कुप्रथा तथा विभेद न्यूनीकरणमा छोरीलाई शिक्षित बनाउनु र उनीहरूलाई देशको मूलधारमा ल्याउन राज्यका हरेक निकायमा उनीहरूको समान सहभागिता गराउनु आवश्यक छ। साइकल खरिद प्रक्रियामा भ्रष्टाचार भएको भन्दै अख्तियारले गरेको हस्तक्षेपका कारण मधेश प्रदेश सरकारको गौरवको योजनामा बदनाम भएको छ। तर, बेटीपढाउ, बेटी बचाउ कार्यक्रमको ध्येय असल रहेकाले विगतका अनियमितताका घटनाबाट पाठ सिकेर नयाँ ढङ्गले कार्यक्रमलाई अगाडि बढाउनु पर्छ। कक्षा १२ मा अध्ययन छात्राहरूलाई प्रविधिमा पहुँच पुऱ्याउन ल्यापटप वितरण गर्ने कार्यक्रम र आर्थिक

सशक्तिकरणका लागि छोरीलाई रोजगारीमा प्रवेश गर्न सुरु गरिएको लोक सेवाको तयारी कक्षा विगत तीन वर्षदेखि रोकिएको हुँदा सो कार्यलाई नियमित गर्न जरुरी छ।

प्रदेशका अधिकांश विद्यालयहरूमा छात्राहरूका लागि छुट्टै शौचालय नहुँदा महिनाबारीका समयमा छात्राहरूले विद्यालय नआउने दर पनि बढ्दो छ। प्रदेश सरकारले यो कार्यक्रम मार्फत सञ्चालन गरेको शौचालय निर्माण कार्यलाई तदारुकताका साथ अगाडि बढाउन आवश्यक छ।

सन्दर्भ सामग्रीः

इडियु पत्र (२०७८), *मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ अभियानका लागि प्रस्ताव आव्हान, Edupatra*. https://edupatra.com/news/chief-minister-calls-for-proposals-for-beti-padau-beti-bachao-abhiyan

कार्यक्रम, बेटी पढाउ बेटी बचाउ (२०८० असार २३), मधेश प्रदेशमा मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ कार्यक्रम सुधारको कार्यक्रम प्रस्ताव

खबर, अनलाइन (२०७६ माघ २०), मधेष प्रदेश, सुरक्षित बेटी अभियान सञ्चालन, https://www.onlinekhabar.com/2020/02/833490/%E0%A4%AA%E0%A5%8D%E0%A4%B0%E0%A4%A6%E0%A5%87%E0%A4%B6-%E0%A5%A8-%E0%A4%AE%E0%A4%BE-%E0%A4%B8%E0%A5%81%E0%A4%B0%E0%A4%95%E0%A5%8D%E0%A4%B7%E0%A4%BF%E0%A4%A4-E0%A4%AC%E0%A5%87%E0%A4%9F

नीति तथा कार्यक्रम (२०७७), *आ.व. २०७६/७७ को नीति तथा कार्यक्रम, बजेट एवं वार्षिक विकास कार्यक्रम कार्यान्वयन कार्ययोजना तयार गरि पठाईदिने बारे - उल्लेखित निकायहरू।* https://www.mofaga.gov.np/detail/1170

प्रतिवेदन (२०७८), प्रतिवेदन, बेटी पढाउ बेटी बचाउ कार्यक्रम, शिक्षा विकास निर्देशनालय, तथ्याङ्क जनकपुरधाम

साह, सोहन प्रसाद र हुमागाईं, देवराज (२०८०), मधेश प्रदेशमा पैदल अनुसन्धान, २०८०, सशक्तिकरणका लागि साइकलः मधेशमा मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ कार्यक्रम https://martinchautari.org.np/mc-publications/madhesh-pradeshma-paidal-anusandhan

सर्वेक्षण, बहुआयामिक क्लष्टर (२०७७), मल्टिपल इन्डिकेटर क्लस्टर सर्भे, https://microdata.nsonepal.gov.np/index.php/catalog/108

समुइल्स, फिवना एण्ड घिमिरे, अनिता (२०७८), प्रिभेन्टिंग स्कूल ड्रपआउट एण्ड अर्ली म्यारिज इन् नेपालः रेभिउ एण्ड इस्कोपिंग अफ द बेटी पढाउ बेटी बचाउ (BPBB) एण्ड द बैंक खाता छोरीको सुरक्षा जीवन भरिको (BKCSJV) प्रोग्राम्स (प्रोविन्सिल गर्ल्स इन्सुरेन्स। गर्ल बेबी बोन्ड स्किम्स) लन्डनः ओडीआई, https://odi.org/en/publications/preventing-school-dropout-and-early-marriage-in-nepal

सेतोपाटी (२०७९ असार १), मधेश सरकारले कक्षा १२ मा अध्ययनरत छात्राहरूलाइ कम्प्युटर एवम् ल्यापटप वितरण गर्ने, https://www.setopati.com/kinmel/others/274211

शिक्षा विकास निर्देशनालय (२०८१), तथ्याङ्क एवम् वार्षिक प्रतिवेदन २०७५ देखि २०८१ सम्म, बेटी पढाउ बेटी बचाउ कार्यक्रम, जनकपुरधाम

७.३ वातावरण विनाशः
विकास र उद्यमले काभ्रेमा पारेको प्रभाव

पृष्ठभूमि

सन् १९६०-१९७० को दशकमा आर्थिक तथा भौतिक विकासमा तीब्रता आएसँगै वातावरण संरक्षणको विषयमा चर्चा हुन थालेको हो। द्रुत आर्थिक विकासका पछाडि वातावरणीय विनाश प्रमुख कारण रहेको थियो। वातावरण विनाशले विश्वको वातावरण चक्रमा प्रतिकुल असर पर्न थाल्यो। त्यसको प्रत्यक्ष प्रभाव मानिसमा पर्‍यो। जलवायु परिवर्तनका कारण सिर्जना भएका अनेकौँ प्रतिकूलताले मानिस प्रभावित हुन थालेपछि वातावरणलाई मानव अधिकारसँग जोडेर हेर्न थालियो। अनि यस विषयमा संसारभर चर्चा परिचर्चा हुन थालेको छ। जुनदेखि सेप्टेम्बरसम्मको मनसुनी वर्षाले नेपाल र दक्षिण एशियाभर हरेक वर्ष व्यापक मृत्यु र विनाश ल्याउँछ, तर पछिल्ला वर्षहरूमा विनाशकारी बाढी र पहिरोको सङ्ख्या बढेको छ *(अल जजिरा, २०८१)*। यस वर्ष असोज १० देखि १२ गतेसम्म लगातारको वर्षा र त्यसपछि आएको बाढीपहिरोले २० जिल्लाका ७१ स्थानीय तह प्रभावित भयो। *(नेपाल राजपत्र, २०८१)* बाढी पहिरोले २ सय ५० जनाको मृत्यु भयो। जसमध्ये सबैभन्दा बढी काभ्रेमा ८२ जनाको मृत्यु भयो। *(खड्का, २०८१)*। काभ्रे जिल्लाका १३ ओटा स्थानीय तहमध्ये धेरै क्षति बेथानचोक गाउँपालिका, रोशी गाउँपालिका र पनौती नगरपालिकामा भयो। यो आलेख बाढी पहिरोका कारण सबैभन्दा प्रभावित काभ्रेका तीन ओटा स्थानीय तहमा परेको असरबारे केन्द्रित छ।

वातावरण संरक्षणसम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था

नेपालको संविधानको धारा ३० मा स्वच्छ वातावरणको हक मौलिक हक हुने व्यवस्था छ। संविधानको मौलिक हकमा नै प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको व्यवस्था गरेको छ। वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षति पीडितलाई प्रदूषणबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुने व्यवस्था छ। विकाससम्बन्धी कार्यमा वातावरण विकासबिच समुचित सन्तुलनका लागि आवश्यक कानुनी व्यवस्था गर्न सकिने उल्लेख छ। संविधानको अनुसूचीमा नै वातावरण सम्बद्ध सरोकारलाई सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रमा राखिएको छ।

वातावरण संरक्षण ऐन २०७६, विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, स्थानीय सरकार सञ्चालन ऐन २०७४, फोहोर मैला व्यवस्थापन ऐन २०६८ ले वातावरण व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्ध राख्ने ऐन हुन्। यी लगायत वातावरणीय विषय उल्लेख भएको दर्जनौँ ऐन कार्यान्वयनमा रहेका छन्। यी ऐनमा आधारित कानुनी संरचना पनि रहेका छन्। मानव अधिकार पाँचौँ राष्ट्रिय कार्ययोजनामा वातावरण र दिगो विकास सम्बन्धमा पाँच ओटा उद्देश्यमा केन्द्रित भएर क्रियाकलाप र जिम्मेवारी निकाय पहिचान गरिएको छ। वातावरण शिक्षा सम्बन्धमा उद्देश्य ४ को स्वच्छ र स्वस्थ वातावरण बाँच्न पाउने हकको संरक्षण र प्रवर्धन गर्ने उल्लेख छ।

तालिका ७.३.१ बाढीपहिरोका कारण मृत्यु भएकाहरूको सङ्ख्या

स्थानीय तहको नाम	मृत्यु सङ्ख्या				
	महिला	पुरुष	बालक	बालिका	जम्मा
बेथानचोक गाउँपालिका	३	८	१		१२
रोशी गाउँपालिका	६	४	१	३	१४
पनौती नगरपालिका	८	८	१	१	१८
जम्मा	१७	२०	३	४	४४

स्रोत: जिल्ला प्रशासन कार्यालय, काभ्रे

दिगो विकासका लक्ष्यको राष्ट्रियकरण लगायत उल्लेखनीय कार्यले नेपाल सरकारले वातावरणीय सवाललाई सम्बोधन गरी मानव अधिकारको प्रत्याभूति, सम्मान, संरक्षण र प्रवर्धनको प्रयास गरेको देखिन्छ। कागजी रूपमा गरिएका व्यवस्थालाई कार्यान्वयनमा ल्याउन भने सरकार चुकिरहेको छ। चाहे त्यो काभ्रेमा सञ्चालित दर्ता नभएका खानीलाई कानुनी प्रक्रियामा ल्याउन होस्, चाहे राहत वितरणमा हुने विभेद हटाउन नै किन नहोस्।

वातावरणीय प्रभावमा नेपाल

नेपाल बाढी, पहिरो तथा भूकम्पजस्ता प्राकृतिक विपद्का हिसाबले उच्च जोखिममा पर्छ । नेपाल भूकम्पमा ११ औँ र बाढीपहिरोमा १६ औँ जोखिमयुक्त मुलुकमा पर्छ *(युनिसेफ, २०७३)*। जलवायुको उच्च जोखिम भएका मुलुकमध्ये नेपाल १० औँ स्थानमा छ *(एक्स्टीन, कुन्जेललगायत, २०७७)*। जसका कारण नेपालमा हरेक दिन कुनै न कुनै विपत्का घटना हुन्छन् । नेपालले पछिल्लोपटक पूर्वसूचना प्रणालीमा सुधार गरे पनि अझै विपतबाट हुने जोखिम न्यूनीकरणका लागि पर्याप्त काम गर्न सकेको छैन। बाढीपहिरो, भूकम्प र खडेरीबाट १९८०-२०२० (४० वर्षमा) मा ९ खर्ब ३६ अर्ब १८ करोड नेपाली रुपियाँको क्षति भयो। सन् २०१२ देखि २०२० सम्म मात्र विपत् उद्धार र प्रतिकार्यमा ५० अर्ब नेपाली रुपियाँ खर्च भएको प्रतिवेदनमा उल्लेख छ *(युएनडीपी, २०२३)*। विपत् जोखिम वित्त पोषणलाई तीन ओटै तहका सरकारले प्राथमिकतामा राख्नुपर्ने र यस्ता कार्यक्रमलाई पुनरावलोकन तथा सुधार गर्नुपर्दछ। विगतमा भएका क्षति र त्यसको समीक्षा गरेर सरकारले न्यूनीकरणका लागि कार्यक्रम तय गर्नु अति आवश्यक छ।

वातावरण र मानव अधिकार

मानव अधिकारको विश्वव्यापी घोषणापत्रका ३० ओटा धारा मानव अधिकारका मूल स्रोत हुन्। यिनीहरू आधारभूत मानव अधिकार हुन्। यसको पहिलो धारामा मानव स्वतन्त्र र समान भएर जन्मेका हुन्छन् भन्ने व्यवस्था छ। तेस्रो धारामा जीवनको अधिकारबारे लेखिएको छ। मानिसको जीवन मानवबाट मात्रै पूर्ति हुँदैन। त्यसैले जीवनको अधिकारभित्र वातावरणको अधिकार पनि समेटियो। धारा १७ मा सम्पत्तिको अधिकार छ। त्यसैगरी ३० ओटामध्ये १० ओटा धारा वातावरणसँग प्रत्यक्ष सरोकार राख्ने खालका छन् *(भुजु, २०८१)*। यसलाई अर्को अर्थमा भन्दा मानव अधिकार अन्तरसम्बन्धित छन्। एउटा अधिकारको प्रचलनमा अर्को अधिकारलाई छुट्याउन र बिर्सन मिल्दैन।

नेपालले मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय रूपमा स्वीकार गरेको दायित्वमा जबाफदेहिता फितलो देखिन्छ। मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा २५ मा उच्चस्तरीय एवम् स्वस्थ जीवनको अधिकारको प्रत्याभूत गराउने राज्यको दायित्वको प्रश्न गर्ने स्वाभाविक ठाउँ देखिन्छ। नेपाल पक्ष राष्ट्र रहेको आर्थिक, सामाजिक तथा सांस्कृति अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६ को धारा ११ को उपधारा २ (क), धारा १२ उपधारा २ (ख) र (ग) अनुसार वातावरणीय अधिकारको दायित्व राज्यको हो।

बाढीपहिरोको मुख्य कारणहरू

अधिक वर्षा

सरकारले वर्षासम्बन्धी अभिलेख राख्न थालेको ५४ वर्षयताकै सबैभन्दा बढी वर्षा उपत्यकामा असोज १२ गते भएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ। जल तथा मौसम विज्ञान विभागले असोज १० गतेदेखि १३ गतेसम्म भारी वर्षा हुने भन्दै सतर्कता अपनाउन र जोखिम औँल्याइएका स्थान हुँदै सडक यातायात सञ्चालन नगर्न अनुरोध गरेको थियो। तर, त्यसलाई समेत बेवास्ता गरेर कतिपय स्थानमा सवारीसाधन चलाइएका थिए। तयारी स्वरूप उपत्यका प्रहरी कार्यालयले असोज १२ गते काठमाडौँ उपत्यकाबाट बाहिरिने सबै सवारी सञ्चालनमा रोक लगाएको थियो *(दाहाल, २०८१)*। यसरी सरकारी निकायहरूबाट पूर्व तयारीका केही योजना बनाएको भए पनि प्रभावकारी कदम चाल्न नसक्दा क्षति हुन गएको पाइन्छ। प्राकृतिक प्रकोपको न्यूनीकरण र घटनादुर्घटना हुँदा स्रोत साधन नभएका कारण र सरकार तथा सरकारी संयन्त्र अलमलमा पर्दा खोज तथा उद्धार समयमा गर्न सकेन। प्रभावित क्षेत्रहरूमध्ये विपी राजमार्गमा पर्ने रोशी क्षेत्रमा सरकारको ध्यान ज्यादा पर्न गएको थियो। विपी राजमार्गबाट मात्रै ८ हजार ४ सय ७१ जनाको उद्धार गरिएको थियो *(खड्का, २०८१)*। हेलिकप्टरबाट पाँच दिनमा ८ सय ६७ जनाको उद्धार गरिएको थियो। प्रहरीले आफ्नो ताकतले भ्याएसम्म उद्धारको काम गर्‍यो। मौसम प्रतिकुलताका कारण कतिपय समस्या भने व्यहोर्नु पर्‍यो। यहाँ कार्यरत

प्रहरीका आफ्नै घरमा बाढीपहिरोको समस्या हुँदा पनि घरलाई बिर्सिएर उद्धारमा खटिए।

ढुङ्गा खानी र क्रसर उद्योग

असोज १२ गतेको बाढीपहिरोबाट बेथानचोक गाउँपालिका, पनौती नगरपालिका र रोशी गाउँपालिकामा गरी ४४ जनाको ज्यान गयो। ढुङ्गा खानी र क्रसर धेरै भएका पनौती र रोशीमा मात्रै ३२ जनाको ज्यान गयो। यस क्षेत्रमा ५ सय ओटा घर र २० ओटा विद्यालय बगायो भने २ हजारभन्दा धेरै पशुचौपाया मरे *(आचार्य, २०८१)*। बाढीबाट पनौतीका वडा नम्बर १, २, ३, ११ र १२ मा जनधनको क्षति भएको थियो। यस्तै, १२ जनाको मृत्यु भएको रोशी गाउँपालिकामा ३ सय ४४ परिवार घरबारविहिन भए। उक्त पालिकामा सबै १२ ओटै वडामा बाढीले भौतिक क्षति पुऱ्यायो *(दर्जी एण्ड अहमद, २०८१)*। यो तथ्यले अव्यवस्थित रूपमा सञ्चालनमा आएका खानी र क्रसरबाट उत्पन्न भएको धुलो र गेग्रान बगाउँदा बहाब थप तेजिलो भई क्षति बढ्न गएको अवस्था स्पष्ट पार्दछ।

खोलाले उजाड बनाएको पनौती र रोशीमा २५ ओटा ढुङ्गा खानी र क्रसर उद्योग थिए। खानीहरूले ढुङ्गा निकाल्न डाँडापाखा जताततै खोतलेका छन्। जसले गर्दा पनौती र रोशीका पाखा चर्किएर छियाछिया भएका छन्। क्रसर उद्योगहरूले ढुङ्गा, गिट्टी, बालुवा निकाल्ने क्रममा रोशी खोला लथालिङ्ग बनाएका थिए। ढुङ्गा खानी र क्रसर उद्योगले खोला तथा डाँडापाखा खोतल्दा विपद् आउँछ भनेर खोला छेउछाउका बासिन्दा पहिल्यैदेखि सशङ्कित थिए। उनीहरूले खानी र क्रसरको विरोध पनि गरेका थिए, तर दोहन रोकिएन *(दर्जी एण्ड अहमद, २०८१)*। सरकारी प्रतिवेदनले यस क्षेत्रमा सञ्चालनमा रहेका खानी र क्रसरमध्ये कतिपय दर्ता बिना र कतिपय मापदण्ड विपरीत चलेका देखाउँदै यिनलाई बन्द गर्न सुझाव दिएको भनिए पनि सञ्चालकहरू राजनीतिक रूपमा शक्तिशाली र पहुँचवाला भएका कारण सो रोकिएन। जसका कारण यो वर्ष काभ्रेले बाढी पहिरोबाट ठूलो क्षति व्यहोर्नुपऱ्यो। ढुङ्गा खानीका कारण वायु तथा ध्वनि प्रदूषण भएर बस्नै नसक्ने भएपछि पनौती नगरपालिका-१२, खारखोलाका अधिकांश बासिन्दा एकपछि अर्को गरी जग्गा बेच्दै अन्यत्र गए *(दर्जी एण्ड अहमद, २०८१)*। नागरिकले वातावरणीय दुष्प्रभावका कारण मानव अधिकारमा नकारात्मक प्रभाव पारेको भनी मुखरित गरेको आवाजलाई राज्यका निकायबाट बेवास्ता गर्दा यो क्षेत्रमा मानवीय र धनजनको क्षति हुन पुगेको भन्न सकिन्छ। राज्यले भुँइतहका मान्छेको आवाज समयमा नै सुन्ने हो भने यस्ता खालका क्षति न्यूनीकरण गर्न सक्ने देखिन्छ।

इञ्जिनियरिङ्बिनाका मोटरबाटो

बेथानचोक गाउँपालिकाको सलातुँ बगरबाट उकालो लागेपछि पारीपारीका डाँडामा थुप्रै पहिरो लडेको छ। मोटरबाटो खनिएका अधिकांश ठाउँमा बाटोमाथिबाट पहिरो आएको छ। यिनै पहिरोले यत्रतत्र अव्यवस्थित रूपमा बाटो खनेका कारण जमीन हल्लिन गई पहिरो गएको हो। घरघरमा मात्रै होइन गोठगोठमा पनि डोजर लगेर बाटो खनिएको छ *(तिमल्सिना, २०८१)* सङ्घीयतापछि नेपालमा स्थानीय पूर्वाधारको विकास तीव्र गतिमा भएको छ। वडावडा, टोलटोलमा सडक पुगेका छन्। हिजो जिल्ला सदरमुकाममा पनि यातायात नपुगेको अवस्थाबाट टोलटोलमा मोटरबाटो पुऱ्याइएको छ। हिजो बाटो थिएन। आज बाटो त पुग्यो। बाटो पुगिसकेको गाउँमा मान्छे बस्नै छाडे। सेवा र सुविधा गाउँगाउँमा पुग्यो। उपभोग गर्ने व्यक्तिको सङ्ख्या घट्दो छ। बाटो बनाउने नाममा धेरै विकृति आयो। आफैँ इञ्जिनियर आफैँ डोजर चालक भएपछि वातावरणीय प्रभाव नकारात्मक हुने नै भयो। त्यसमाथि प्रायः बाटोमा माथिबाट पहिरो आएपछि डोजर चलाएकै कारण समस्या थपिएको भन्न सकिन्छ *(खड्का, २०८१)*। खोलाले रुख पनि बगाएर ल्याउँदा थुनिने र एक्कासि खुल्ने भएपछि बाढीले उग्र रूप लियो। रोशी खोला वारी रोशी गाउँपालिका र पारी तेमाल गाउँपालिका पर्छ। यो खोलामा ६-७ सय गाडी अड्किएका थिए।

पूर्वाधार र उत्पादनलाई जोड्न नसक्दा यो परिस्थिति आएको हो। स्थानीय सरकारको कमजोरी भनेकै पूर्वाधार र उत्पादनलाई जोड्न नसक्नु हो। बाटो बनिसकेपछि त्यहाँ उत्पादनका के कार्यक्रम लैजाने भन्ने पहिले नै सुनिश्चित गर्नु पर्थ्यो। हामीले बाटोमा मात्रै ध्यान दिएकाले समस्या सृजना भएको हो *(गौतम, २०८१)*। सो बाटोबाट गाउँमा उत्पादित सामान शहर आउनु पर्नेमा शहरबाट गाउँतिर सामान लैजानका लागि प्रयोग गरियो। यो समृद्धिको उल्टो बाटो हो *(सापकोटा, २०८१)*। इञ्जिनियरिङ बिना बनाइएका बाटाघाटा विपद् बढाउनका लागि सहयोगी बनेर आएको छ *(तिमल्सिना, २०८१)*। विकासका कारण विनाश निम्तिएला कि भनेर सरकार र सरोकारवालाको

ध्यान बेलैमा पुग्नु जरूरी छ। बाढीपहिरोको घटनाले जलवायु अनुकूलनको उपायहरू र दिगो विकासका लागि नीति निर्माण र कार्यान्वयनलाई प्राथमिकतामा राख्नु पर्ने पाठ सिकाएको छ।

सामाजिक अवस्था

बाढीपहिरोका कारण ९२ विद्यालयमा क्षति पुग्यो। शिक्षा विकास तथा समन्वय इकाइले विद्यालयहरू पूर्ण रूपमा बन्द गरेको जानकारी गरायो। बाढीपहिरोका कारण पनौती नगरपालिकामा १३, रोशी गाउँपालिकामा १२, बेथानचोक गाउँपालिकामा पाँच, भुम्लु गाउँपालिकामा १०, तेमाल गाउँपालिकामा सात, धुलिखेल नगरपालिकामा पाँच, पाँचखाल नगरपालिकामा १३, चौरीदेउराली गाउँपालिकामा १४, बनेपा नगरपालिकामा तीन, खानीखोला गाउँपालिकामा चार र मण्डनदेउपुर नगरपालिकामा ६ ओटा विद्यालयमा क्षति पुग्यो *(ढकाल, २०८१)*। रोशी, पनौती, र बेथानचोकमा ३० ओटा विद्यालय पूर्ण रूपमा क्षति भए। क्षति पुगेका विद्यालयमा पठनपाठन पूर्णत: बन्द भयो। रोशी गाउँपालिका-४ स्थित ज्वालादेवी आधारभूत विद्यालयमा अध्ययनरत दुई जना विद्यार्थी सहित पाँच जना एकै परिवारका सदस्यको मृत्यु भयो *(आचार्य, २०८१)*। बेथानचोक गाउँपालिका र पनौती नगरपालिकामा पनि विद्यालयमा क्षति हुन पुग्यो। विद्यार्थीको मृत्यु, विद्यालय भवन पुरिने, बगाउने, कम्पाउण्ड वाल भत्कने, पहिरोले तान्ने तथा आवतजावत गर्ने बाटो अवरुद्ध हुँदा पठनपाठनमा समस्या हुन पुग्यो।

पनौती नगरपालिका, बेथानचोक गाउँपालिका र रोशी गाउँपालिकाका अधिकांश क्षेत्रमा खोपानीको समस्या हुँदा स्थानीयलाई पानी व्यवस्थापन गर्न कठिन भएको थियो। घरभित्र पानीको मूल फुटेर मुहानको सिर्जना भयो। सँगै जोडिएको गोठमासमेत जान सकिएन। एकैछिनमा घरको दायाँबायाँ र करेशामा पहिरो खस्यो। न भित्र बस्न सकिने न बाहिर निस्कने सकिने अवस्था भयो। बाढीपहिरोका कारण खानेपानीका मुहान र पाइप बगाएपछि पनौती नगरपालिका-१२, कलाँतीमा खानेपानीको मुहानमा क्षति पुग्नुका साथै पाइप सञ्जाल टुटेका कारण अन्यौल सिर्जना भयो। मुहान नजिकै घर भएकाहरूसमेत पानी अभावमा पीडित बने। मानिसलाई खान त थोरै भए पनि पुग्ने हुँदा जसोतसो भयो। बस्तु भाउलाई खुवाउन नै समस्या भयो *(हुमागाईं, २०८१)*। विपत्का बेलामा सरकारी उपस्थिति नै महत्त्वपूर्ण हुन्छ। त्यसपछि अन्य आपूर्तिको विषय आउँछ। तर, बाढीपहिरोको तीन दिनसम्म सरकारविहीन बन्यो कलाँती। गाउँमा मरेका व्यक्तिलाई दाहसंस्कारका लागि अन्यत्र लैजान सक्ने कुरै थिएन। जहाँ प्राण गयो त्यहीं जलाइयो। उद्धारका लागि हेलिकोप्टरको याचना गरे पनि समयमा नै उद्धार हुन सकेन। बाढी पहिरोका कारण, खानेपानीको अभावले जनजीवन थप सङ्कटग्रस्त बनायो। अर्कोतर्फ, बाढीले कृषि उत्पादन र वस्तु भाउलाई पनि असर पुऱ्यायो।

बाटो, बत्ती र सञ्चार सम्पर्क विच्छेद भएपछि सामाजिक सम्बन्धमा नै समस्या हुन गयो। स्थानीय सरकारको पहल र प्रयासका कारण बाटो खुलाउने तथा बत्ती पुऱ्याउने कार्यमा तीब्रता पायो। दैलोको सरकारले दु:खसुखमा साथ दिन्छ भन्ने सुनेका स्थानीयले विपद पूर्वको तयारीमा कमजोर देखिएको सरकारलाई विपत्पछि भने चलायमान भएको भेटे *(मोक्तान, २०८१)*।

निरन्तर आएको वर्षाको कारणले विपी राजमार्गअन्तर्गत रोशी खोला सडक खण्ड पूर्ण क्षति भएपछि बिरामी बोकेको एम्बुलेन्सहरू र सार्वजनिक तथा निजी सवारीसाधनका यात्रुहरू घण्टौंसम्म जाममा पर्दा अलपत्र परेका थिए। उक्त क्षेत्रमा सडक अवरुद्ध हुँदा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकलगायतका यात्रुलाई थप समस्या परेको थियो। बिरामीहरू सडकमै रोकिएका थिए। कोलाहालको वातावरण थियो। बाढीपहिरोले धुलिखेल नगरपालिकामा दुई, बनेपा नगरपालिकामा एक, पनौती नगरपालिकामा पाँच, नमोबुद्ध नगरपालिकामा दुई, पाँचखाल नगरपालिकामा तीन, मण्डनदेउपुर नगरपालिकामा एक, तेमाल गाउँपालिकामा चार र भुम्लु गाउँपालिकामा एउटा स्वास्थ्य संस्थामा क्षति पुग्यो *(आचार्य, २०८१)*। पानैती नगरपालिका-१ मा रहेको रयाले स्वास्थ्य चौकी, वडा नम्बर-३ को कुशादेवी स्वास्थ्य चौकी, वडा नम्बर-११ को बल्थली स्वास्थ्य चौकी आसपासमा पहिरो गएर बाटो भत्किएका कारण यहाँबाट स्वास्थ्य सेवा प्रवाहमा समस्या भयो। वडा नम्बर-८ को मल्पी स्वास्थ्य चौकी पछाडिबाट पहिरो आएका कारण भवन ढल्नसक्ने अवस्थामा पुग्यो। वडा नम्बर-१२ को कलाँती भूमेडाँडा स्वास्थ्य चौकीको भवनलाई पहिरोले पुरेका कारण यहाँ स्वास्थ्य सेवा पूर्णत: रोकियो। रोशी गाउँपालिकाको सबै वडामा रहेका स्वास्थ्य संस्थाहरू बाढीपहिरोबाट प्रभावित भए। यहाँको खोप राख्ने कोल्ड चेन बिग्रियो। बाटो र बिजुली

नभएका कारण अधिकांश वडाले सास्ती व्यहोरे। बेथानचोक गाउँपालिकामा पाँच ओटा स्वास्थ्य संस्थामा आंशिक क्षति भयो।

स्वास्थ्य संस्थामा क्षतिसँगै पहिरोका कारण बाटो अवरोध हुँदा स्वास्थ्य सेवा प्रभावित बन्यो। बाढी पहिरोमा परेर पशुपंक्षी मरेकाले त्यसबाट उत्पन्न दुर्गन्ध पनि स्वास्थ्यलाई प्रभावित बनाउने कारण बन्यो। स्थानीय र स्थानीय सरकारका प्रतिनिधिले सकेसम्म मरेका पशुपंक्षीको व्यवस्थापन गरेका थिए। समुचित व्यवस्थापनका कारण महामारी फैलन पाएन।

विपत्‌बाट बच्न छैन कुनै तयारी

बाढीसँगै गेग्रान बहावले रोशी खोलाले ठूलो क्षति पुऱ्यायो। अव्यस्थित बस्ती विकास र शहरीकरण तथा अनियन्त्रित उत्खननले क्षति बढाएको हो। हिजो बस्नयोग्य स्थान पनि असुरक्षित बनेका छन्। बस्ती कहाँ सार्ने भन्ने चुनौती छ। नदी दोहन, पहाड काट्दा, अध्ययनबिना संरचना बनाउँदा (मानवीय क्रियाकलाप) यस्तो घटना भएको भन्न सकिन्छ। बाढीको खतरालाई मध्यनजर गर्दै कुनै पूर्वतयारी योजना बनाएर लागु गरिएको भए पनि कार्यान्वयन गर्ने परिस्थिति नै बनेको छैन *(लामा, २०८१)*। बाढी पहिरोका कारण रोशी गाउँपालिकामा लगाइएको खेतीबाली नष्ट भयो। तरकारी सङ्कलन केन्द्र बाढीले बगायो। यसबाट आम कृषकको आयआर्जनसँगै खाद्य अधिकारमा समेत प्रतिकूल असर पर्न गयो।

स्थानीय तहहरूमा विपद प्रतिकार्य समितिहरू बनाएको भए पनि कामयावी भएको पाइएन। नीतिगत बाध्यताका कारण मात्रै त्यस्ता समिति बनाएको तर घटना हुँदा कसरी उद्धार गर्ने, के के सामान चाहिन्छ भन्ने सामान्य ज्ञान समेत हस्तान्तरण र साटासाट भएको देखिँदैन *(दाहाल, २०८१)* यस्तो अवस्थाको उजागर भएसँगै स्थानीय तहमा प्राविधिक जनशक्तिको व्यवस्थापन आवश्यक छ भन्न सकिन्छ। पीडित हुनसक्ने समुदायलाई बाढी र पहिरोको सम्भावनाको बारेमा स्थानीय सरकारहरूबाट यथोचित सूचना प्रसार गरेको पाइएन। तर, केन्द्रीय प्रशारणका रेडियो, टिभी र पत्रपत्रिकाबाट सूचना र समाचार जारी भएका थिए। विपदपछिको उद्दार, राहत र पुनर्स्थापनाको काममा भने स्थानीय सरकारको सक्रियता प्रभावकारी भएको थियो। पनौती नगरपालिकाका विस्थापितलाई पुनर्स्थापित गर्नेबारे छलफल चलाइएको भए पनि औपचारिक कदम अगाडि बढाउन बाँकी छ। तर, यहाँका नागरिकको हितलाई मध्यनजर गरेर पुनर्स्थापनाका प्याकेज ल्याउने तयारीमा नगरपालिका छ *(बञ्जारा, २०८१)*। विपदपछिको उद्धार, राहत र अन्य आवश्यकीय काममा भने स्थानीय सरकारले तदारूकता देखाएका थिए। यसबाट स्थानीय सरकारलाई दैलोको सरकार भन्ने गरिएको विषयलाई थप पुष्टि गर्न सहज भएको छ। तसर्थ स्थानीय सरकारलाई अझै प्रभावशाली र प्रभावकारी बनाउनु पर्छ।

राहत वितरणमा विभेद

बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाको अध्यक्षतामा असोज १४ गते बसेको सर्वदलीय बैठकको निर्णय नम्बर ३ मा बागमती प्रदेशभित्र स्थायी बसोबास गर्ने मृतक प्रतिव्यक्ति २ लाख रुपियाँ क्षतिपूर्ति स्वरुप तत्काल उपलब्ध गराउने भनिएको थियो। तर, प्रदेश सरकारको निर्णय विपरीत १८ जनालाई प्रतिव्यक्ति १ लाख रुपियाँ मात्रै उपलब्ध गराइएको छ *(आचार्य, २०८१)*। बाढीपहिरो गएको लामो समय बितिसक्दासमेत सरकारले पुनर्निर्माणका प्याकेज घोषणा गर्न सकेको छैन। यसरी पीडामा परेका नागरिकलाई ढाडस दिने गरी सरकारले कार्यक्रम तय गर्न नसक्दा यहाँका नागरिक आधारभूत मानव अधिकारबाट अझै वञ्चित रहेका छन्। तत्कालको राहतका कार्यक्रम सकिएपछि बस्ती स्थानान्तरण, उनीहरूको आधारभूत मानव अधिकारको संरक्षण र उपभोगको वातावरण लगायतका विषयमा तीनै तहका सरकारको जागरुक प्रयास आवश्यक छ।

निष्कर्ष

यी उल्लेखित तथ्य र तथ्याङ्कले नेपालीको मानव अधिकारको प्रत्याभूति र सम्मान हुन सकिरहेको छैन। काभ्रेपलाञ्चोक जिल्ला प्राकृतिक विपत्तिको उच्च जोखिममा रहेको क्षेत्र हो। जिल्लाको पहाडी भूभागमा पहिरोको समस्या गम्भीर रूपमा देखिन्छ। असिना-पानी, अनियमित वर्षाका कारण कृषि उत्पादनमा असर परेको छ। हरेक वर्ष मनसुनका बेला विभिन्न गाउँहरूमा पहिरो जाने, बाटो अवरुद्ध हुने र घरपरिवार विस्थापित हुने घटनाहरू भइरहेका छन्। झन् यो वर्ष त अधिक वर्षा हुँदा अव्यवस्थित रूपमा खनिएका मोटरबाटो र अनधिकृत खुलेका खानी क्रसरको माटो र गेग्रान बगाएर ठूलो क्षति पुग्न गयो।

जलवायु परिवर्तन र त्यसले जुनसुकै बेला पार्न सक्ने नकारात्मक प्रभावको पूर्व मूल्याङ्कन गरी विपत

पूर्व कार्य तयारीका काममा कमजोरी भएको छ। यस्ता कमजोरीलाई सकारेर आगामी दिनमा हुन सक्ने यी यस्तै र अन्य जोखिमबारे पूर्व सचेतना आवश्यक छ।

काभ्रेको बाढी र पहिरोका कारण सृजित समस्यामा केवल सरकारी प्रयास मात्र पर्याप्त छैन। यसका लागि नागरिकस्तरको जागरूकता र समुदायको सहभागिता पनि महत्वपूर्ण हुन्छ। काभ्रे जिल्लाका बाढी र पहिरो प्रभावित क्षेत्रका नागरिकलाई जोखिमका बारेमा जानकारी दिनु र तिनीहरूलाई विपद्को व्यवस्थापनमा संलग्न गर्नु अत्यन्त महत्वपूर्ण छ। यदि नागरिकहरूले विपद्को पूर्व तयारी र सुरक्षाका उपायहरूको बारेमा जानकारी राखे भने, विपत्को असर कम गर्न सकिन्छ।

काभ्रेको प्राकृतिक विपत्तिहरू न्यूनीकरण गर्न तीनै तहका सरकार, स्थानीय सामाजिक सङ्घ संस्था, नागरिक समाज तथा अन्तर्राष्ट्रिय निकायहरूले समन्वय गर्न आवश्यक छ। विपत् पूर्वसूचना प्रणाली, विपद् व्यवस्थापन कोष तथा दीर्घकालीन जलवायु अनुकूलन योजनाहरू लागू गर्नेतर्फ विशेष ध्यान दिनुपर्छ। यदि प्रभावकारी रणनीति अपनाइएन भने आगामी दिनहरूमा अझ गम्भीर प्राकृतिक सङ्कटको सामना गर्नुपर्ने अवस्था आउन सक्छ।

इन्जिनियरिङबिना भौतिक विकासका काम अगाडि बढाउनु भनेको विपतलाई निम्त्याउनु हो। त्यसैले सडक, संरचना लगायत भुमिसँग जोडिएका विकास निर्माणका काममा वातावरणीय प्रभाव मूल्याङ्कन गरेर मात्रै गर्नु आवश्यक छ। साथै व्यवहारिक विषय भन्दै आफूखुशी डोजरले पाखा पखेरा कोट्याउने काममा पूर्णतया रोक लगाउनु आवश्यक छ।

सन्दर्भ सामग्री

अलजजिरा (२०८१), *नेपालमा बाढी र पहिरोमा परी मृत्यु हुनेको सङ्ख्या १२६ पुग्यो, दर्जनौं अझै बेपत्ता,* अलजजिरा। https://www.aljazeera.com/news/2024/9/28/nepal-floods-landslides-several-people-killed-missing

अवाले, सोनिया (२०७६), *धुमपानभन्दा वायु प्रदूषण खतरनाक,* नेपाली टाइम्स। https://nepalitimes.com/here-now/air-pollution-is-more-dangerous-than-smoking

आचार्य, सुमित्रा (२०८१), *राज्यबाट प्रदान गरिने राहत वितरणमा समेत भेदभाव,* इन्सेकअनलाइन। https://inseconline.org/np/news/%e0%a4%b0%e0%a4%be%e0%a4%9c%e0%a5%8d%e0%a4%af%e0%a4%ac%e0%a4%be%e0%a4%9f-%e0%a4%aa%e0%a5%8d%e0%a4%b0%e0%a4%a6%e0%a4%be%e0%a4%a8-%e0%a4%97%e0%a4%b0%e0%a4%bf%e0%a4%a8%e0%a5%87-%e0%a4%b0%e0%a4%be/

एक्स्टीन, डेभिड, कुन्जेल, भेरा, स्काफेर, लाउरा (२०७७)। *ग्लोबल क्लाइमेट रिस्क इण्डेक्स,* जर्मन वाच। https://www.germanwatch.org/sites/default/files/Global%20Climate%20Risk%20Index%202021_2.pdf

खड्का, बसुन्धरा (२०८१), कुराकानीमा आधारित, एसपी, जिल्ला प्रहरी कार्यालय, काभ्रे।

गौतम, दीपक (२०८१), *कुराकानीमा आधारित,* प्रमुख, जिल्ला समन्वय समिति, काभ्रे।

ढकाल, देवका, (२०८१), *कुराकानीमा आधारित,* प्रमुख, शिक्षा विकास तथा समन्वय इकाइ, काभ्रे।

तिमल्सिना, नवराज (२०८१), *कुराकानीमा आधारित,* बेथानचोक गाउँपालिका, स्थानीयबासी, ढुङ्खर्क।

तिमल्सिना, रमेशप्रसाद (२०८१), पोडकाष्ट, मानव अधिकार, *वातावरणको संरक्षणमा सरकार र समुदाय सँगसँगै,* इन्सेक नेपाल। https://www.youtube.com/watch?v=FMTI_01J1c4

दर्जी, अर्चना एण्ड अहमद, शमशाद (२०८१), *यी हुन् रोशी र पनौतीमा विनाश निम्त्याउने क्रसरका मालिक,* हिमालखबर। https://www.himalkhabar.com/news/143237

दाहाल, मातृका (२०८१), *काठमाडौं उपत्यकामा ५४ वर्षयताकै अधिक वर्षा देशभर ११२ को मृत्यु, ६८ बेपत्ता,* इ कान्तिपुर। https://ekantipur.com/news/2024/09/29/highest-rainfall-in-kathmandu-valley-since-54-years-112-dead-68-missing-across-the-country-13-20.html

दाहाल, विश्वनाथ (२०८१), कुराकानीमा आधारित, प्रशासन प्रमुख, बेथानचोक गाउँपालिका, काभ्रे। https://inseconline.org/np/news/%e0%a4%b0%e0%a4%be%e0%a4%9c%e0%a5%8d%e0%a4%af%e0%a4%ac%e0%a4%be%e0%a4%9f-%e0%a4%aa%e0%a5%8d%e0%a4%b0%e0%a

4%a6%e0%a4%be%e0%a4%a8-%e0%a4%97%e0%a4%b0%e0%a4%bf%e0%a4%a8%e0%a5%87-%e0%a4%b0%e0%a4%be/
नेपाल राजपत्र (२०८१), *खण्ड ७४, २०८१ असोज २१ गते,* नेपाल राजपत्र।
पोडकाष्ट, मानव अधिकार (२०८१), *वातावरणको संरक्षणमा सरकार र समुदाय सँगसँगै,* इन्सेक। https://www.youtube.com/watch?v=FMTI_01J1c4
बञ्जारा, गीता (२०८१), उपमेयर, कुराकानीमा आधारित, पनौती नगरपालिका, काभ्रे।
भुजु, दिनेश (२०८१), *नागरिक र सरकारको सहकार्यले मात्रै वातावरणको अधिकार सुनिश्चित,* इन्सेक अनलाइन। https://inseconline.org/np/interview/%e0%a4%a8%e0%a4%be%e0%a4%97%e0%a4%b0%e0%a4%bf%e0%a4%95-%e0%a4%b0-%e0%a4%b8%e0%a4%b0%e0%a4%95%e0%a4%be%e0%a4%b0%e0%a4%95%e0%a5%8b-%e0%a4%b8%e0%a4%b9%e0%a4%95%e0%a4%be%e0%a4%b0%e0%a5%8d%e0%a4%af/
मोक्तान, जुमानसिं, (२०८१), *कुराकानीमा आधारित,* स्थानीयबासी, काल्दर, तेमाल गाउँपालिका।
युएनडीपी (२०८०), *कन्ट्री डाइग्नोष्टिक अन इन्क्लुसिभ इन्स्युरेन्स एण्ड रिस्क फाइनान्स फर नेपाल,* युएनडीपी। file:///C:/Users/DELL/Downloads/nepal_diagnostic_report-_final.pdf
युनिसेफ (२०७३), *आपतकालीन र विपत् जोखिम न्यूनीकरण,* युनिसेफ। https://www.unicef.org/nepal/emergency
ऋची, हान्ना (२०८०), *वायु प्रदूषणका कारण मृत्यु हुनेको सङ्ख्या धेरै,* क्लिन एयर फण्ड। https://www.cleanairfund.org/news-item/deaths-air-pollution-data-hope/#:~:text=The%20World%20Health%20Organization%20estimates,from%20burning%20wood%20and%20charcoal
लामा, दिनेश (२०८१), *कुराकानीमा आधारित,* अध्यक्ष, रोशी गाउँपालिका, काभ्रे।
सापकोटा, कृष्णप्रसाद (२०८१), प्राची, *सङ्घीयतापछिको नेपाल आशाको सञ्चार समृद्धिको यात्रा,* पृष्ठ २४-२९, इन्सेक।
हुमागाईं, केदार, (२०८१), *कुराकानीमा आधारित,* स्थानीयबासी, पनौती नगरपालिका-१२, कलाँती।

७.४ गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था

परिचय

कुनै पनि व्यक्तिको शारीरिक, मानसिक र संवेगात्मक क्षमतामा कमी हुने अवस्थालाई अपाङ्गता मानिन्छ। जसले मानिसको दैनिक जीवन यापनलाई असहज बनाउने गरेको छ। यो अवस्था जन्मजात पनि आउँछ भने विभिन्न रोगका कारण पनि मानिसमा अपाङ्गता सिर्जना हुनसक्छ। पोषणको कमीले पनि मानिसमा अपाङ्गता हुने गरेको पाइएको छ भने कतिपय अपाङ्गता दुर्घटनाले पनि निम्त्याउँछ। यसर्थ मानिसमा जतिवेला पनि अपाङ्गताको जोखिम रहिरहन्छ। "अपाङ्गता भएका व्यक्ति" भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीयसम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता वा विद्यमान अवरोधको कारण अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्तिलाई सम्झनुपर्छ। मानिसको कुनै पनि अङ्ग वा मानसिक अशक्तता हुनसक्छ। त्यही असक्तताको आधारमा अपाङ्गताको वर्गीकरण पनि गरिएको छ। मानिसमा शारीरिक अपाङ्गता, दृष्टिसम्बन्धी अपाङ्गता, सुनुवाइसम्बन्धी अपाङ्गता, श्रवण दृष्टिविहिन अपाङ्गता, स्वर र बोलाइसम्बन्धी अपाङ्गता, मानसिक अपाङ्गता, बौद्धिक अपाङ्गता, अनुवंशीय रक्तस्रावसम्बन्धी अपाङ्गता, अटिजमसम्बन्धी अपाङ्गता र बहुअपाङ्तामा वर्गीकरण गरिएको छ *(अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन, २०७४)*।

उल्लेखित अवस्थाहरू मानिसलाई जीवन रहँदासम्म निम्तिन सक्छन्। जसले गर्दा स्वयम् व्यक्तिलाई त समस्या हुन्छ नै सिङ्गो सामाजिक गतिविधिमा पनि असर पारिरहेको छ।

अपाङ्गताले परिवार, समाज र देशकै विकासमा उसको योगदानलाई न्यून बनाइदिएको छ। त्यही न्यूनतालाई लिएर आफ्नै परिवारबाट अपहेलित हुनेसम्मका समस्या अपाङ्गता भएका व्यक्तिहरूले भोगिरहेका छन्। अहिले पनि अपाङ्गता भएका व्यक्तिहरूलाई कोठामा थुन्ने, डोरीले बाँधेर राख्ने जस्ता कार्य घर परिवारभित्रै हुने गरेका छन्। बहिरा, दृष्टि गुमाएका, हिँड्डुल गर्न नसक्ने, बौद्धिक तथा मानसिक समस्या रहेका व्यक्तिलाई परिवारदेखि समाजसम्म उनीहरूको मर्यादित जीवनमा अवरोध सिर्जना गर्ने काम भइरहेको छ *(अधिकारी, २०८१)*। गण्डकी प्रदेश सरकारले २०७८ सालमा अपाङ्गतासम्बन्धी प्रादेशिक नीति लागू गरी अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, सुरक्षा र सशक्तिकरणको लागि महत्त्वपूर्ण कामहरू गर्दै आएको छ *(थापा, २०८१)*।

कानुनी व्यवस्था

नेपालको संविधान २०७२ को धारा ३१ को उपधारा ३ मा अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम नि:शुल्क उच्च शिक्षा पाउने हक हुने व्यवस्था छ भने उपधारा ४ मा दृष्टिविहिन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाईसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम नि:शुल्क शिक्षा पाउने हकको व्यवस्था गरिएको छ *(नेपालको संविधान, २०७२)*। धारा ४२ को उपधारा १ मा अपाङ्गता भएका व्यक्तिलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुने व्यवस्था गरिएको छ भने उपधारा ३ मा अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुने व्यवस्था छ। यसैगरी धारा ३९ को उपधारा ९ मा अपाङ्गता भएका बालवालिका राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुने व्यवस्था छ *(नेपालको संविधान, २०७२)*।

नेपालको सविधान २०७२ अनुसार अपाङ्गता भएका व्यक्तिको आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारलाई प्रवर्धन गर्न अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ र अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी नियमावली २०७७ जारी गरिएको छ। ऐनको दफा ८ को उपदफा १ मा अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गताको आधारमा भेदभाव वा निजलाई वैयक्तिक स्वतन्त्रताबाट बञ्चित नगरिने व्यवस्था गरिएको छ। अन्य व्यक्ति सरह समान आधारमा राजनीतिक, आर्थिक, सामाजिक तथा

तालिका नं. ७.४.१ अपाङ्गता भएका व्यक्तिहरूको जिल्लागत विवरण

जिल्ला	शारीरिक अपाङ्गता	न्यून दृष्टि	दृष्टि विहिन	बहिरा	सुस्त श्रवण	श्रवण दृष्टिविहिन	स्वर र बोलाइ	मानसिक मनोमाजिक समस्या	बौद्धिक अपाङ्गता	अनुवंशिक रक्तश्राव	अटिजम	बहु अपाङ्गता	जम्मा
कास्की	४४३५	१८४९	४६६	१२१७	१२६७	१३९	७७९	८०६	२८४	५०	९५	९७५	१२३६२
नवलपरासी पूर्व	३६१९	२५७६	३७७	११९०	१२०९	३११	९५८	६०१	२०५	४६	६४	९३२	१२०८८
तनहुँ	३०२७	१४७९	३२०	७८६	९४०	१६२	६४२	५३९	१९२	३४	५८	६०१	८७८०
गेरखा	२९६८	१८५७	४३७	१०४९	७७४	१६४	५४२	३५३	१०६	२१	४९	६७८	८९९८
बागलुङ	३०१०	११३६	३५०	८५९	६७२	१०४	४६८	४०२	१३८	२३	४५	६०४	७८११
स्याङ्जा	२३०८	१०३९	२२७	५४०	६५६	९०	४८२	४६३	१३५	१८	४७	५७४	६५७९
लमजुङ	१५२८	९००	१७७	७७२	६५२	८६	५९३	२३०	८९	२०	२४	४८६	५५५७
म्याग्दी	१६७२	४८९	१६९	७६४	६४८	५५	४९५	१७६	११४	६	२३	४९४	५१०५
पर्वत	१४९९	७०८	१४०	४२६	४०९	३४	३४०	२४९	८२	९	२४	३३९	४२५९
मुस्ताङ	१५७	७९	१८	९४	४५	७	४९	१८	७	५	३	४४	५२६
मनाङ	५९	४६	८	४४	२७	२	२१	७	५	-	३	४३	२६५

(स्रोत : राष्ट्रिय जनगणना, २०७८)

साँस्कृतिक क्षेत्रमा मानवअधिकारको उपभोग गर्न पाउने व्यवस्था गरिएको छ।

यसैगरी ऐनको दफा ९ को (२) मा अपाङ्गता भएका व्यक्तिलाई सम्मानपूर्वक जीवन यापन गर्न तोकिए बमोजिम सहायक सामग्री तथा सामुदायिक सहायता सेवा पाउने व्यवस्था छ भने ऐनको दफा १० को (१) मा अपाङ्गता भएका व्यक्तिलाई परिवार, संरक्षण वा अन्य व्यक्तिबाट हुने हरेक किसिमका अमानवीय वा अपमानजनक व्यवहार, शारीरिक वा मानसिक हिंसा, लैङ्गिक हिंसा, घरेलु हिंसा, यौनजन्य दुर्व्यवहार र शोषणविरुद्ध संरक्षण प्राप्त गर्ने अधिकारको व्यवस्था गरिएको छ। यस्तै ऐनको दफा १४ को (१) मा अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह समान आधारमा टेलिभिजन कार्यक्रम, चलचित्र, नाटक, नाट्यशाला, सिनेमा हल पुस्तकालय, पर्यटकिय सेवा, कला, साहित्य, सङ्गीतलगायतका साँस्कृतिक कार्यक्रम वा सेवा र मनोरञ्जनमा पहुँचयुक्त ढाँचा र विधिमा सहभागी हुने व्यवस्था छ भने उपदफा (३) मा अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह समान आधारमा साङ्केतिक भाषा बहिरा संस्कृतिलगायत विशेष सांस्कृतिक तथा भाषिक पहिचानको मान्यता र सहायता पाउने अधिकारको व्यवस्था गरिएको छ।

यसैगरी, ऐनको दफा २४(१) मा नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिको सीप अभिवृद्धि गरी व्यावसायिकता विकास तथा स्वरोजगारीको सिर्जना गर्न व्यवसायिक तालिम उपलब्ध गराउने, उपदफा (२) मा अपाङ्गता भएका व्यक्तिलाई निजमा रहेको सीप, क्षमता र पेशा व्यवसायका लागि निजले तयार गरेको प्रस्तावका आधारमा तोकिए बमोजिम सहुलियत दरमा ऋण उपलब्ध गराउने व्यवस्था गरिएको छ। यस्तै दफा २७ (१) मा नेपाल सरकारले तोकिए बमोजिमको आयभन्दा कम वार्षिक आय भएका वा तोकिएको रोगको उपचारका लागि सरकारी अस्पतालमा भर्ना भएका अपाङ्गता भएका व्यक्तिलाई नि:शुल्क स्वास्थ्य सेवा तथा स्पीच थेरापी, अकोपेशनल थेरापीलगायतका थेरापी सेवा उपलब्ध गराउने व्यवस्था पनि छ। यस्तै ऐनको दफा २९(१) मा नेपाल सरकारले पूर्ण अशक्त, अति अशक्त, सहाराविहिन वा बौद्धिक अपाङ्गता भएका र मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई पुर्नस्थापना गरिने व्यवस्था छ। त्यस्तै, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी नियमावली २०७७ को नियम २८ को उपनियम १ मा स्थानीय स्तरमा गाउँ तथा नगर कार्यपालिकाको

अध्यक्षको संयोजकत्वमा पुनर्स्थापना केन्द्र व्यवस्थापन समिति बनाउने व्यवस्था गरिएको छ।

यसैगरी प्रण्डकी प्रदेश सरकारले ल्याएको अपाङ्गता सम्बन्धी प्रादेशिक नीति २०७९ को रणनीति ११.५.५ मा अपाङ्गता भएका व्यक्तिलाई उद्यमशील, स्वरोजगार बनाउन र उनीहरूको परिवारलाई विशेष लक्षित क्षेत्रभित्र पारी आवस्यक अनुदान सहयोग प्रदानका कार्यक्रम गर्ने उल्लेख छ भने शिक्षासम्बन्धी रणनीतिको ११.३.२ मा शिक्षा प्रणाली, पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ प्रक्रिया, मूल्याङकन र विद्यालयको वातावरण सबैलाई अपाङ्गता भएका बालबालिका समावेशी हुने गरी सम्पूर्णरुपमा अपाङ्गतामैत्री बनाइने र स्वास्थ्यसम्बन्धी रणनीतिको ११.४.३ मा अपाङ्गता भएका व्यक्तिको यौन तथा प्रजनन् स्वास्थ्य अधिकारमा पहुँच भए नभएको सुनिश्चित गर्न उपयुक्त नीति अवलम्बन गर्ने व्यवस्था गरिएको छ।

यसैगरी अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धी र प्रोटोकल २००६ को धारा १५ (१) मा कुनै पनि व्यक्तिलाई यातना दिइने वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन भनिएको छ। यसैगरी कसैलाई पनि निजको स्वतन्त्र सहमति विना चिकित्सकीय वा वैज्ञानिक प्रयोग भोग्न लगाइने छैन भनिएको छ।

अपाङ्गता भएका व्यक्तिहरूको अवस्था

हिमाल, पहाड र तराई क्षेत्र रहेको गण्डकी प्रदेशका अधिकांश भाग पहाड र हिमाली क्षेत्र छ। त्यसैले यहाँ बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिहरूको जीवनयापन पनि कष्टकर नै छ। ११ जिल्ला रहेको गण्डकी प्रदेशमा ७२ हजार ३ सय ३० जना अपाङ्गता भएका व्यक्ति छन्। तीमध्ये सबैभन्दा धेरै यस प्रदेशमा शारीरिक अपाङ्गता भएका व्यक्ति छन्। त्यसपछि न्यून दृष्टि भएका व्यक्तिको पनि सङ्ख्या धेरै छ। गण्डकीमा शारीरिक अपाङ्गता भएका व्यक्ति २४ हजार २ सय ८२, न्यून दृष्टि भएका अपाङ्गता १२ हजार १ सय ५८, दृष्टिविहिन २ हजार ६ सय ८९, बहिरा ७ हजार ७ सय ४१ जना छन् *(राष्ट्रिय जनगणना, २०७८)*।

यसैगरी सुस्तश्रवण भएका ७ हजार २ सय ९९, श्रवण दृष्टिविहिन १ हजार १ सय ५४, स्वर र बोलाइ सम्बन्धी अपाङ्गता भएका ५ हजार ३ सय ६९, मानसिक मनोसामाजिक सम्बन्धी अपाङ्गता भएका ३ हजार ८ सय ४४, बौद्धिक अपाङ्गता भएका १ हजार ३ सय ५७, अनुवांशिक रक्तस्रावसम्बन्धी अपाङ्गता भएका २ सय ३२, अटिजम भएका ४ सय ३५ र बहुअपाङ्गता भएका ५ हजार ७ सय ७० जना छन्। गण्डकी प्रदेशको राजधानी कास्कीमा सबैभन्दा धेरै अपाङ्गता भएका व्यक्ति छन्। कास्कीमा १२ हजार ३ सय ६२, नवलपरासी पूर्वमा १२ हजार ८८, तनहुँमा ८ हजार ९ सय ९८, गोरखामा ८ हजार ९ सय ९८, बागलुङमा ७ हजार ८ सय ११, स्याङजामा ६ हजार ५ सय ७९, लमजुङमा ५ हजार ५ सय ५७, म्याग्दीमा ५ हजार १ सय ५, पर्वतमा ४ हजार २ सय ५९, मुस्ताङमा ५ सय २६ र मनाङमा २ सय ६५ जना अपाङ्गता भएका व्यक्ति छन्। गण्डकी प्रदेशमा सबैभन्दा कम मस्ताङमा अपाङ्गता भएका व्यक्तिको बसोबास छ *(राष्ट्रिय जनगणना, २०७८)*।

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ ले निर्दिष्ट गरेबमोजिम गण्डकी प्रदेशका स्थानीय तहहरूले आआफ्नो क्षेत्रअन्तर्गत बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिहरूको वर्गीकरण पनि गरेका छन्। उनीहरूको सामाजिक सुरक्षा तथा राज्यबाट पाउने सेवामा पहुँच बढाउन अपाङ्गताको जोखिमस्तरका आधारमा वर्गीकरण गरि परिचयपत्र वितरण गरिएको छ। गण्डकी प्रदेशमा कुल ३० हजार ४७ जनाले परिचयपत्र पाएका छन्। जस अनुसार रातो कार्ड अर्थात 'क' वर्गको परिचयपत्र पाउने ६ हजार ४ सय ६० जना छन् भने निलो कार्ड 'ख' वर्गको परिचयपत्र पाउने १४ हजार ६ सय १४ जना छन्। यस्तै पहेलो कार्ड अर्थात ग वर्गको परिचयपत्र पाउने ६ हजार ८५ र सेतो अर्थात 'घ' वर्गको परिचयपत्र पाउने सबैभन्दा कम २ हजार ८ सय ८८ जना छन् *(राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल गण्डकी प्रदेश, २०८१)*।

आर्थिक अवस्था

अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताकै कारण आर्थिक गतिविधिमा संलग्न हुने अवसर गण्डकी प्रदेशमा अन्य व्यक्ति भन्दा न्यून छ। अधिकांश जिल्लाको भौगोलिक अवस्था र अवसर अपाङ्गमैत्री छैनन्। कृषि उद्यम गर्नका लागि पनि भिरालो भौगोलिक अवस्थाले अपेक्षित उत्पादन र बजार छैन। त्यसकारण अधिकांश अपाङ्गता भएका व्यक्तिहरू परिवार वा अन्य व्यक्तिमा आश्रित हुने अवस्था छ। तथापि गण्डकी प्रदेशमा अपाङ्गता भएका बहुसंख्यक व्यक्तिहरू परम्परागत कृषिकै भरमा गुजारा गरिरहेका छन्।

अहिले पनि कृषि बाहेकका साना घरेलु व्यवसाय गर्ने अपाङ्गता भएका परिवार गण्डकी प्रदेशमा ५ हजार ४ सय ४० मात्रै छन्। अरु ५५ हजार ८ सय ९६ घर परिवार कुनै पनि व्यवसायमा छैनन्। अपाङ्गता भएका ठूलो परिवार व्यवसायमा लाग्न सकेको छैन। गण्डकीको ११ जिल्लाको तथ्याङ्क हेर्दा घरेलु उद्योग भएका १ हजार ६ सय ६९ जना, व्यवसाय भएका २ हजार ३ सय ७५, यातायात व्यवसायमा २ सय ३६, सेवामूलक व्यवसायमा ६ सय ४३ जना सहभागी छन् *(राष्ट्रिय जनगणना, २०७८)*।

व्यवसाय नभए पनि कृषि कर्म गर्न उनीहरूलाई जमिनको अभाव छ। गण्डकी प्रदेशमा अपाङ्गता भएका परिवार ६१ हजार ८ सय ७७ मध्ये घर जग्गा आफ्नो नाममा नभएका ४३ हजार ९ सय ४४ परिवार छन्। सरकारी तथ्याङ्कले गण्डकी प्रदेशमा आर्थिक रूपले निष्कृय ३१ हजार ४ सय १७ जना अपाङ्गता भएका व्यक्तिहरू रहेको देखाएको छ। जसमा १५ हजार ७ सय ४८ पुरुष र १५ हजार ६ सय ६९ जना महिला छन्। मुख्य कामको हिसावले गण्डकीमा अपाङ्गता भएका व्यक्ति सरकारी निकायमा ९ सय १, वित्तीय संस्थामा १ सय ३४, गैर वित्तीय संस्थामा १० हजार ६ सय ८, नाफा नकमाउने संस्थामा १ सय ८९, घरायसी क्षेत्रमा २१ हजार ६ सय १ र अन्यमा २ सय १६ जना संलग्न भएका छन् *(राष्ट्रिय जनगणना, २०७८)*।

निजामती सेवा ऐन २०४९ को दफा ७ को उपदफा ७ (१) मा अपाङ्गता भएका व्यक्तिलाई निजामती सेवामा ५ प्रतिशत र गण्डकी प्रदेश निजामती सेवा ऐन २०८० को दफा १० (१) मा निजामती सेवामा ५ प्रतिशत आरक्षणको व्यवस्था गरिएको छ। यस्तै अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ को दफा २४ को उपदफा १ मा नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिको सीप अभिवृद्धि गरी व्यवसायिकता विकास तथा रोजगारीको अवस्था सिर्जना गर्न व्यवसायिक तालिम उपलब्ध गराउने, उपदफा (२) मा विभिन्न पेशा व्यवसाय गर्न चाहने अपाङ्गता भएका व्यक्तिलाई उनीहरूको सीप, क्षमता तथा पेशा, व्यवसायका लागि निजले तयार गरेको प्रस्तावका आधारमा तोकिए बमोजिमको ऋण उपलब्ध गराउने व्यवस्था गरिएको छ।

तर, कानुनी व्यवस्थाको कार्यानन्वयनमा राज्यका निकाय गम्भीर भएको पाइएन। अपाङ्गता भएका व्यक्तिहरूलाई आत्मनिर्भर गराउन दिइएका तालिमहरू छोटो अवधिका छन्। जसले गर्दा तालिम लिएकाहरूले पनि तत्काल बजारको प्रतिस्पर्धामा आउने गरी वस्तु उत्पादनमा लाग्ने हैसियत दिएको पाइदैन। उनीहरूलाई दिइएका तालिमहरू आवश्यकताका आधारमा भन्दा पनि परियोजनाका आधारमा दिइएकाले अपाङ्गता भएका व्यक्तिहरूको सीप विकासमा टेवा पुगेको छैन *(भुसाल, २०८१)* ।

त्यतिमात्रै होइन सीप सिकेकासँग बीउ पुँजीको अभावले व्यवसायमा लाग्न सकिरहेका छैनन्। सानो लगानीले थालेको व्यवसायको उत्पादन पनि बजारका उस्तै वस्तुसँग प्रतिष्पर्धा गर्न नसकेको देखिन्छ। जस्तो अपाङ्गता भएका व्यक्तिले उत्पादन गरेका पुजा सामग्री, धुप बत्ती, पुजादानीजस्ता वस्तुले बजारका उस्तै वस्तुसँग प्रतिस्पर्धा गर्न सकिरहेका छैनन्। फिनिसिङ, प्याकेजिङमा समस्या हुँदा वस्तु उत्पादन रोकिने अवस्था छ। गण्डकी प्रदेशमा रहेका अपाङ्गता भएका व्यक्तिहरू ५० प्रतिशत बेरोजगार छन्। जसले गर्दा उनीहरूको गुजारामा समस्या छ। आर्थिक आय बृद्धिका लागि उद्यममा जोडिन तालिम दिइएको छ तर, कानुनले व्यवस्था गरेबमोजिम ऋण उपलब्ध गराउने वा आर्थिक सहयोग गर्ने कार्य हुन सकेको छैन *(अधिकारी, २०८१)*।

सरकारी सेवामा निकै कम उपस्थिति रहेका अपाङ्गता भएका व्यक्तिहरू आम्दानीका लागि धेरैजसो निजी क्षेत्रमा जोडिएका छन्। तर सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई निजी क्षेत्रमा रोजगारीको अवसर छैन। छनौटकै क्रममा 'क' र 'ख' वर्गका अपाङ्गता भएका व्यक्तिहरूलाई विभिन्न बहानामा रोजगारीको अवसरबाट पन्छ्याउने काम भइरहेको छ। जति पनि अपाङ्गता भएका व्यक्तिहरूले रोजगारी पाएका छन अधिकांश 'क' र 'ख' बाहेकका अपाङ्गता भएका व्यक्तिहरू हुन् *(श्रेष्ठ, २०८१)* ।

रोजगारीका क्षेत्रमा पनि अपाङ्गता भएका व्यक्तिलाई भेदभाव छ। 'क' र 'ख' बाहेकका रोजगारी पाएका अपाङ्गता भएका व्यक्तिहरूलाई पनि उसको अपाङ्गताको अवस्था हेरेर सहज वातावरण बनाउने कुरामा रोजगारदाता उदार छैनन्। रोजगारीको जस्तो संरचना र अवस्था छ त्यसमै काम गर्नुपर्ने बाध्यता छ। जहाँ बेरोजगारी छ त्यहाँ अपाङ्गता भएकाहरूलाई समस्या छ। अधिकांश अपाङ्गता भएकाहरू गरिबीभित्र छन्। केही गरेर खाउँ भन्दा पनि राज्यका नीति, नियम अपाङ्गतामैत्री छैनन्। ट्याक्सी चलाएर आम्दानी गरौं भन्ने अपाङ्गता भएकाहरूलाई राज्यले सवारी चालक

अनुमति पत्र नै दिँदैन। शक्ति र पैसा हुनेले पाउँछन् तर गरि खान्छु भन्नेहरूलाई सवारी लाइसेन्स नहुँदा समस्या परेको छ। राज्यका ऐन, कानुन, नीति, निर्देशिका व्यवहारमा लागु नहुँदा सेवामा सहजता आउन सकेको छैन *(खड्का, २०८१)* ।

सामाजिक अवस्था

परिवारले नै बोझको रूपमा लिएका अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक अवस्था आमरूपमा सम्मानजनक बन्न सकेको छैन। कम प्राथमिकतामा परेका अपाङ्गता भएका व्यक्तिहरू सामाजिक रूपमा पनि कमजोर छन् र उनीहरूको सामाजिक अवस्थालाई बढावा दिन शिक्षा र स्वास्थ्यमा त्यति ध्यान दिएको देखिँदैन। गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको साक्षरता दर ४९.६ प्रतिशत छ। यस प्रदेशको पुरुषको साक्षरता दर देशका अरु ६ प्रदेशभन्दा कम छ। गण्डकीमा अपाङ्गता भएका पुरुषको साक्षरता दर जम्मा ६०.२ प्रतिशत छ भने महिलाको साक्षरता दर ३७.५ प्रतिशत छ। महिला साक्षरतामा गण्डकी पाँचौ स्थानमा छ। अपाङ्गता भएकामध्ये २२ हजार ५ सय ४९ पुरुष र १२ हजार २ सय ९७ महिला साक्षर छन्। गण्डकी प्रदेशमा २ हजार ४ सय १ जना अपाङ्गता भएका व्यक्ति विद्यालय नगएको पाइएको छ। विद्यालय गएकामध्ये पनि १३.१० ले मानविकी तथा सामाजिक, २८.८० प्रतिशतले व्यवस्थापन, ३८.१० प्रतिशतले शिक्षा, ५.४० प्रतिशतले विज्ञान, प्रविधि, २.६० प्रतिशतले स्वास्थ्य, चिकित्सा, १.५० प्रतिशतले इञ्जिनियरिङ, ०.९० प्रतिशतले कानुन, ०.५० प्रतिशतले कृषि, ०.४० प्रतिशतले वन, ०.३० प्रतिशतले पशुविज्ञान र ०.८० प्रतिशतले कम्प्युटर प्रविधि पढ्ने गरेको पाइएको छ *(राष्ट्रिय जनगणना, २०७८)*।

आर्थिक वर्ष ०८१/०८२ मा गण्डकी प्रदेशमा ७ सय ३२ जना अपाङ्गता भएका बालवालिकाले स्रोत कक्षामार्फत अध्ययन गरिरहेका छन्। उनीहरूले आवासीय वा घरबाट आउने जाने दूरीको आधारमा प्रतिव्यक्ति मासिक ५ सयदेखि ५ हजारसम्म छात्रवृत्ति पाउँछन्। यसलाई थप प्रभावकारी गराउन गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष ०८१/०८२ को नीति तथा कार्यक्रमको बुँदा नं. १०९ मा उल्लेख भएबमोजिम प्रदेश सरकारले बौद्धिक अपाङ्गता एवम् अटिजम भएका बालवालिकाको शैक्षिक अधिकार सुनिश्चितताका लागि नेपाल सरकारसँगको सहकार्य र साझेदारीमा प्रदेशस्तरमा सुविधासम्पन्न आवासीय विद्यालय निर्माण गर्ने व्यवस्था गर्न बजेटको बुदा नं. ७४ मा व्यवस्था गरेको छ। तर बौद्धिक अपाङ्गता र अटिजम, बहिरा, दृष्टिविहिनहरूका लागि आवासीय अध्ययन गर्न स्रोत कक्षाको पर्याप्तता छैन *(भुसाल, २०८१)*।

प्रदेशका सामुदायिक विद्यालयका भौतिक पूर्वाधार अपाङ्गमैत्री बन्न सकेका छैनन्। शौचालय, खेलमैदान, धारा अपाङ्गमैत्री छैनन्। समावेशी शिक्षाको पर्याप्तता छैन। साङ्केतिक भाषाका शिक्षक, ब्रेललिपीको अभाव छ भने पाठ्य सामग्री अपाङ्गता अनुकुल छैनन्। विद्यार्थीहरूलाई सहायक सामग्रीको अभाव छ। दृष्टिविहिन, बहिरा, बौद्धिक अपाङ्गता, शारीरिक अपाङ्गता भएका व्यक्तिका लागि आया (केयर टेकर) को व्यवस्था छैन भने धेरै अपाङ्गता भएकाहरूलाई घरमै बसेर पढ्ने व्यवस्था हुन सकेको छैन। विद्यालयमा पाठ्यसामग्री प्रविधियुक्त अपाङ्गताअनुकुल छैन भने कक्षामा अपाङ्गताको प्रारम्भिक पहिचान गर्न नसक्दा शिक्षण सिकाइमा समस्या भएको छ। कक्षामा कम सुन्ने, कम देख्नेलाई कक्षाको अघिल्लो स्थानमा राखेर पढाउने व्यवस्था गरिएको छैन। विद्यालयमा वैयक्तिक शैक्षिक योजना कार्यान्वयन नगरिदा अपाङ्गता भएका व्यक्तिको अवस्था हेरेर पढाउने कुरा नीतिमै सीमित भएको छ। विद्यालय जाने उमेरका सबै अपाङ्गता भएका बालबालिका विद्यालय पुग्न सकेका छैनन् *(अधिकारी, २०८१)*।

स्रोत कक्षा नै पर्याप्त छैनन् भने त्यहाँसम्म पुग्न अपाङ्गता भएका बालबालिकालाई कठिन छ। बालबालिकालाई पढाउनुपर्छ भन्ने सचेतना अहिले तुलनात्मक रूपमा परिवारमा पुगेको छ तर सहायक सामग्री, भौगोलिक अवस्था, दूरी टाढा हुँदा समस्या भएको छ। अहिले पनि अपाङ्गता भएका व्यक्तिहरू घर बाहिर निस्किएर सामाजिक गतिविधिमा संलग्न हुने अवस्था छैन। घरभित्रै गुम्सिएर बस्दा उनीहरूको सामाजिक विकास र सहभागिता बढ्न सकेको छैन। सहभागितामात्रै होइन ह्विलचियरमा हिँड्ने अपाङ्गता भएका व्यक्तिहरूलाई सार्वजनिक शौचालयमा समस्या छ। हिँड्दा हिँड्दै सार्वजनिक शौचालय नभेटिने, भेटिहाले शौच गर्न अपाङ्गमैत्री संरचना नहुँदा दिशा, पिसाब रोकेर बस्नुपर्ने बाध्यता छ *(खड्का, २०८१)*।

स्वास्थ्यको अवस्था

गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिमध्ये

२ सय ३२ जना अनुवांशिक रक्तस्रावसम्बन्धी समस्या भएका र अरु थुप्रै दीर्घ रोगको समस्या भएका व्यक्ति छन्। उनीहरूलाई नियमित औषधी सेवन गर्नुपर्छ। महँगो औषधीको उपलब्धतामा सहजीकरण हुन सकेको छैन भने अन्य मानसिक समस्या भएका, दीर्घरोग भएकाहरूले सहज औषधी पाउन सकेका छैनन्। मुख्यगरी अपाङ्गता भएका व्यक्तिहरूको नियमित स्वास्थ्य जाँचको व्यवस्था छैन भने अपाङ्गताको असर कम गर्ने प्रयास सरकारी स्तरबाट उल्लेख्य रूपमा हुन सकेको छैन। अप्रेशन गर्नुपर्ने समस्या भएका अपाङ्गता भएका व्यक्ति आर्थिक जोहो नहुँदा समस्यामा परेका छन्। नियमित थेरापी गर्नुपर्नेहरूलाई थेरापीलगायतका स्वास्थ्य सेवा नगन्य मात्रामामात्रै उपलब्ध छन्। गण्डकीमा ९ हजार २ सय ३६ जना अपाङ्गता भएका व्यक्तिहरूकोमात्रै स्वास्थ्य बीमा गरिएको छ *(स्वास्थ्य मन्त्रालय, २०८१)*।

अपाङ्गताको असर कम गर्ने प्रयासहरू सरकारी स्तरबाट उल्लेख्य हुन नसक्दा अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य दिनानुदिन जोखिममा परिरहेको छ। उनीहरूको स्वास्थ अवस्था सुधारका लागि नियमित विशेषज्ञ सेवासहितको स्वास्थ्य शिविर सञ्चालन, स्क्रिनिङका कार्य पनि हुन सकेका छैनन्। आफै स्वास्थ्य समस्या देखाउन अपाङ्गता भएका व्यक्तिहरूलाई स्वास्थ्य संस्थासम्म जान भौगोलिक, आर्थिक र पारिवारिक सहजता छैन। स्वास्थ्य संस्थासम्म पुगिहाले पनि गाउँघरमा विशेषज्ञ सेवा पाउने अवस्था छैन। जसले गर्दा अतिकम आय भएका अपाङ्गता भएका व्यक्तिलाई सरकारी अस्पतालमा निःशुल्क उपचार सेवा दिने कानुनी व्यवस्था कागजमामात्रै सीमित हुन पुगेको छ। सीमितरूपमा हुने स्वास्थ्य शिविरको सूचनाको पहुँच नहुँदा स्वास्थ्य जाँचको अवसरबाट अपाङ्गता भएका व्यक्तिहरू बञ्चित भएका छन्। उनीहरूलाई स्थानीय सरकार वा सामाजिक संघसंस्थाले सञ्चालन गर्ने स्वास्थ्य शिविर कहिले, कहाँ भइरहेका छन् भन्ने कुराको जानकारी दिने दोभाषे समेत छैनन्। साङ्केतिक भाषा जानेका सहयोगी नहुँदा सूचना पुग्न सकिरहेको छैन *(अधिकारी, २०८१)*।

गण्डकी प्रदेशका ग्रामीण क्षेत्रका कतिपय अपाङ्गता भएका व्यक्तिहरूलाई आफूलाई कस्तो रोग लागेको छ भन्नेबारे जानकारी नै छैन। उनीहरूलाई स्वास्थ्य जाँच गरे समस्याबाट उन्मुक्ति पाइन्छ भन्ने जानकारी नहुँदा स्वास्थ्य शिविरमा जाने, नियमित जाँच गराउने, स्क्रिनिङ गराएर रोगको पहिचान गरी स्वास्थ्य लाभ लिन सकिरहेको अवस्था छैन। त्यतिमात्रै होइन अपाङ्गता भएका करिब १० प्रतिशतलाई परिचयपत्र बनाउनुपर्छ भन्ने पनि थाहा छैन। उनीहरू वर्गीकरणमा परेर परिचयपत्र लिनुपर्छ भन्ने थाहा नहुँदा राज्यबाट पाउने सेवा सुविधाबाट समेत वञ्चित भएका छन् *(खड्का, २०८१)*।

साँस्कृतिक अवस्था

गण्डकी प्रदेशका अपाङ्गता भएका व्यक्तिहरूको साँस्कृतिक अधिकारको अवस्था उनीहरूलाई गरिने विश्वास, सामाजिक तथा पारिवारिक जिम्मेवारी र सहभागिताले दर्शाउँछ। गण्डकी प्रदेशका ६ लाख ६२ हजार २ सय ४ सय ८० घरपरिवारमध्ये जम्मा २५ हजार २ सय ३९ परिवारको मुली अपाङ्गता भएका व्यक्तिले लिएका छन्। जसमा ७ हजार ६ सय ८७ जना महिलालेमात्रै घरमूली हुने अवसर पाएका छन्। अरु १७ हजार ५ सय ५२ पुरुषले घरमूलीको जिम्मेवारी पाएका छन्। जिम्मेवारी, सहभागितामा कमी हुनु परिवारका सदस्यहरूले गरेको उनीहरूप्रतिको अविश्वास दर्शाउँछ। जसले गर्दा अपाङ्गता भएका व्यक्तिहरूको व्यक्तिगत जीवनमा ठूलो असर पुऱ्याएको छ। यहाँसम्मकी अपाङ्गता भएका व्यक्तिले परिवार पाल्न सक्दैन भन्ने प्रवृत्तिले उनीहरूको वैवाहिक जीवनमा समेत असर पुगेको देखिन्छ।

गण्डकी प्रदेशमा अपाङ्गता भएका १० हजार २ सय ८६ पुरुष र ७ हजार ९ सय ३ जना अविवाहित भएर बसेका छन्। विदुर २ हजार ५ सय ६८, विधुवा ६ सय ६८, छुट्टिएर बसेका पुरुष ६ सय ४७ र महिला ५ सय २ तथा सम्बन्ध विच्छेद गरी बसेका २ सय २३ पुरुष र १ सय ५३ महिला छन्। घरमूलीकोमात्रै होइन अपाङ्गता भएका ७ सय ८४ जना बालबालिकाको जन्मदर्ता नै भएको छैन। बालक ४ सय ३० र बालिका ३ सय २८ जनाको जन्मदर्ता नभएको पाइएको छ। यस्तै ३ सय ८२ बालबालिका आफन्तको आश्रयमा छन भने चार जना रोजगारदातासँग र ३ सय १६ बालबालिका परिवारभन्दा बाहिर आश्रय लिएर बसिरहेको पाइएको छ। विभिन्न समस्याका कारणले गण्डकी प्रदेशका जिल्लाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको बसाइँसराइ पनि धेरै छ। १२ हजार २ सय ४६ जनाले जिल्लाबाट बसाइँ सरेका छन् भने बसाइँ सर्नुको कारण २ सय ५५ जनाले प्राकृतिक प्रकोपका कारणले भनेका छन् भने रोजगारका कारणले २ हजार ८ सय ९०, व्यापारका कारणले ५ सय ६७,

अध्ययन र तालिमका लागि १ हजार २ सय ६६, कृषिका लागि १ हजार १ सय २३, आश्रित भएका कारणले ४ हजार ७ सय ८५ जना र ७ हजार १३ जनाले वैवाहिक कारणले भनेका छन् *(राष्ट्रिय जनगणना, २०७८)*।

अपाङ्गता भएका व्यक्तिको साँस्कृतिक अधिकारप्रति गण्डकी प्रदेशका सरोकारवालाको प्रयासले मूर्तरूप लिन सकिरहेको छैन। घर परिवारमै विभेद छ। सामाजिक सहभागिता नगन्य अवस्थामा छ भने हेला, होचोका व्यवहार अपाङ्गता भएका व्यक्तिले प्रत्यक्ष, अप्रत्यक्षरूपमा अहिले पनि ब्यहोरिरहेका छन्। सार्वजनिक यातायातमा दिइने भाडा छुट र आरक्षित सिटको कार्यान्वयन हुन सकिरहेको छैन। भए पनि अपाङ्गता भएका व्यक्तिको सम्मानमा ठेस पुग्ने गरी व्यवहार हुने गरेको छ। अपाङ्गता भएका सबै व्यक्तिको मतदाता नामावली छैन। अटिजम, बौद्धिक र शारीरिक अपाङ्गता भएका व्यक्तिहरूलाई परिवारले नै कोठामा थुनेर राख्ने, डोरीले बाँधेर राख्ने गरिएको छ। घरभित्रको दुर्व्यवहार र परिवारको साथ सहयोग नहुँदा समाज र सार्वजनिक निकायमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता पनि अति न्यून छ। खेलकुद, मनोरञ्जनको क्षेत्रमा सहभागिता, पूर्वाधार र खेलकुद सामग्री उपलब्ध गराइएको छैन (भुसाल, २०८१)।

गण्डकी प्रदेशका स्थानीय तहमा अपाङ्गता परिचयपत्र वितरणमै भेदभाव छ। अपाङ्गताको जोखिम अनुसार पाउनुपर्ने परिचयपत्र वितरण निष्पक्ष नभएको अपाङ्गता भएका व्यक्तिहरूको भनाइ छ। त्यसैले यस्तो समस्या आउन नदिन र परिचयपत्र वितरणलाई निष्पक्ष बनाउन गोरखाको गण्डकी गाउँपालिकाले अपाङ्गता परिचयपत्र वितरण कार्यविधि नै बनाएको छ। त्यही वर्गीकरण र परिचयपत्रका आधारमा अपाङ्गता भएका व्यक्तिहरूले सामाजिक सुरक्षा भत्ता पाउँदै आएका छन्। 'क' अर्थात रातोकार्ड पाएकाले मासिक ४ हजार, 'ख' अर्थात निलो कार्ड पाएकाहरूले २ हजार १ सय ६० रुपियाँ सामाजिक सुरक्षा भत्ता पाउँदै आएका छन् भने 'ग' र 'घ' वर्गका अपाङ्गता भएका व्यक्तिहरूले सामाजिक सुरक्षा भत्ता नपाए पनि यातायात भाडा छुटलगायतका सेवा दिने व्यवस्था गरिएको छ। 'क' र 'ख' वर्गका अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक सुरक्षा भत्ता घर परिवारले दुरुपयोग गरिदिने समस्या छ। *(श्रेष्ठ, २०८१)*।

इन्सेकको भूमिका

अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारका लागि गण्डकी प्रदेशमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले निरन्तर पैरवी गर्दै आएको छ। अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी २००६, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४, नियमावली २०७७ प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालाहरूलाई ध्यानाकर्षण गराइएको छ भने गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी विधेयकमा सुझाव प्रदान गरिएको छ। विधेयक सभामा छलफल गरी पेश गर्ने तयारीमा छ। यसैगरी विभिन्न संघ संस्थासँगको सहकार्यमा अपाङ्गता भएका व्यक्तिहरूको निर्वाचनमा पहुँचताको सुनिश्चिततताका लागि प्रदेशका विभिन्न जिल्लामा अन्तरक्रिया कार्यक्रम गरिएको छ भने गण्डकी प्रदेशका विभिन्न जिल्लामा पहुँचयुक्त भौतिक संरचना निर्माणका लागि सरोकारवालाको भूमिका विषयक अन्तरक्रिया पनि गरिएको छ।

स्वास्थ्य सेवा पहुँचयुक्त बनाउनका लागि प्रदेश स्वास्थ्यमन्त्री, अस्पतालका मेडिकल सुपरीटेन्डेन्टलाई विभिन्न समयमा ध्यानाकर्षणपत्र पत्रमार्फत ध्यानाकर्षण गराएपछि गण्डकी स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत गण्डकी अस्पतालमा ३० शैयाको मानसिक स्वास्थ्य वार्डको स्थापना भएको छ। यस्तै निर्वाचनका बेला मतदान केन्द्रहरू अपाङ्गमैत्री भए नभएको स्थलगत अनुगमन गरिएको र नभएका स्थानमा अपाङ्गमैत्री बनाउन अनुरोध गरिएको थियो। यी बाहेक अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा, स्वास्थ्य, रोजगार, सम्मानीत जीवन यापनका लागि पैरवी गर्ने कार्य गरिएको छ।

सरोकारवालाहरूको भनाइ

गण्डकी प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण, संवर्द्दन र पुनर्स्थापनाका लागि अपाङ्गतासम्बन्धी प्रादेशिक नीति, २०७९ पारित गरेको छ। यस नीतिमा अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सहभागितामा पहुँच वृद्धि गर्न विभिन्न कार्यक्रमहरूको व्यवस्था गरिएको छ।

प्रदेश सरकारले शिक्षा, स्वास्थ्य र रोजगारीका क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सुनिश्चित गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। विशेष गरी, प्रदेशको नीति तथा कार्यक्रममा अपाङ्गता

भएका व्यक्तिहरूको शिक्षा र स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्न विशेष ध्यान दिइएको छ। अपाङ्गता भएका व्यक्तिहरूको पुनर्स्थापनाका लागि प्रदेश सरकारले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। विशेष गरी, स्पाइनल इन्जुरी तथा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको सहज जीवनयापन र पुनर्स्थापनाका लागि ह्विलचियर, कृत्रिम अङ्गहरूलगायतका आवश्यक सहायक सामग्री उपलब्ध गराउने व्यवस्था गरिएको छ। यस्तै प्रादेशिक नीति, २०७९ ले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण, संवर्द्धन र पुनर्स्थापनाका लागि कानुनी आधार प्रदान गरेको छ। अहिले गण्डकी प्रदेशमा अपाङ्गता ऐन बनाउन मस्यौदा तयार भएको छ त्यो ऐनलाई गण्डकी प्रदेश भित्रका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको अपनत्व हुने गरि पास गर्नको लागि हामीले पहल गरिरहेका छौँ *(थापा, २०८१)*।

गण्डकी प्रदेशका ५८ गाउँपालिकासहित ८५ स्थानीय तहहरूले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चितताका लागि स्रोतले भ्याएसम्म काम गरिरहेका छन्। सबैभन्दा पहिले त अपाङ्गताको अवस्थाको आधारमा परिचयपत्र वितरण गर्ने काम गरिएको छ। कहीं कतै समस्या होलान् तर, त्यस समस्यालाई त्रुटि सच्याएर अघि बढ्ने काम पनि भएको छ। पहिले जस्तो अपारदर्शी रूपमा परिचयपत्र वितरण हुँदैन। अहिले परिचयपत्र वितरण समिति छ र त्यो समितिले चिकित्सकले गरेको सिफारिसका आधारमा परिचयपत्र दिने काम गरिरहेको छ। कतै समस्या भयो भन्दैमा जताततै समस्या छ भन्ने होइन। अर्को कुरा अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक आयका लागि गाउँपालिकाहरूले उनीहरूले ल्याएको प्रस्तावनाको आधारमा बजेट उपलब्ध गराएर सीप विकास, उद्यम विकासमा टेवा पुऱ्याएको अवस्था छ।

कतिपय पालिकामा अपाङ्गता भएका व्यक्तिहरूकै सहकारी स्थापना गरी आयआर्जनका काम गरिएको छ भने बाख्रा, बंगुर, माहुरी पालन गरिएका पनि छन्। त्यस्तै सचेतीकरणका काम, सहायक सामग्री वितरण मागको आधारमा भइरहेका पनि छन्। त्यसैगरी सामाजिक गतिविधिमा पनि उनीहरूलाई सहभागी गराउने र सामाजिक दायित्व निर्वाहमा योगदान पुऱ्याउने अवसर पनि गाउँपालिकाले गरेका छन्। यति हुँदाहुँदै पनि प्रदेशको भौगोलिक अवस्था, स्रोतको सीमितताले अपेक्षित कार्य हुन सकिरहेको छैन। त्यसतर्फ हाम्रा नीति, कार्यक्रम र बजेटले सम्बोधन गर्न हामी तयार छौँ *(ओझा, २०८१)*।

अपाङ्गताका आधारमा हुने सबै किसिमका भेदभाव र असमानतालाई अन्त्य गरी अपाङ्गता भएका व्यक्तिले प्राप्त गर्ने नागरिक, आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक र शैक्षिक अधिकार बिना अवरोध उपभोग गर्दै आत्म सम्मानका साथ जीवनयापन गर्न सक्ने अवसरको सिर्जना गर्न अपाङ्गता भएका व्यक्तिको क्षमता विकास गरी स्वावलम्बी जीवन मार्फत राज्यलाई योगदान गर्न सक्ने सृजनशील, उत्पादनशील र आत्मनिर्भर नागरिक बनाउन उद्देश्यले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि ऐन निर्माण गर्न समेत गण्डकी प्रदेश सरकार अन्तिम तयारीको अन्तिम चरणमा छ। यसका अतिरिक्त, पूर्ण अशक्त र शारीरिक रूपमा अशक्त अपाङ्गता भएका व्यक्तिहरूका लागि स्वावलम्बन जीवन पद्धति कार्यक्रम, अपाङ्गता सूचना केन्द्र स्थापना कार्यक्रम, अपाङ्गता भएका व्यक्तिहरूलाई सहायता सामग्री वितरण कार्यक्रम, संस्थागत अनुदान लगायत विभिन्न सशक्तिकरणका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ (थापा, २०८१)।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र राज्यका कानुन कार्यान्वयनमा जिल्ला प्रशासनको भूमिकाअनुसार काम भइरहेको छ। खासगरी सार्वजनिक यातायातमा अपाङ्गता भएका व्यक्तिहरूका लागि सिटको आरक्षण र यातायात भाडा छुटको कार्यान्वयनका लागि सरोकारवाला सबैले भूमिका खेलिरहेको अवस्था छ। यसको कार्यान्वयन भए नभएको यसअघि जिल्ला प्रशासन कार्यालयबाट हुने व्यवस्था थियो तर, अहिले प्रदेश यातायात व्यवस्था मन्त्रालयबाटै हुने गरेको छ। हामीले पनि जिल्लास्तरमा बेला बेलामा सरोकारवालासहित अनुगमन गर्ने र आरक्षण सिटको व्यवस्था र भाडा छुटका विषयमा हेर्न गरेका छौँ र यसका कार्यान्वयनका लागि यातायात व्यवसायीहरूलाई सचेत गराउने काम गरेका छौँ। छुट दिएवापत यातायात व्यवसायीले राज्यबाट आफूले सेवा लिएपछि यसलाई नैतिक हिसावले पनि छुट दिने कुरामा जिम्मेवार हुनुपर्छ *(ढकाल, २०८१)*।

अपाङ्ग राष्ट्रिय महासङ्घ अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका लागि निरन्तर खबरदारीमा क्रियाशील छ। खासगरी गण्डकी प्रदेशमा अरु सामाजिक सङ्घ संस्थाहरूसँग सहकार्य गरेर सरकारी पक्षलाई ऐन, कानुनमा भएका व्यवस्थाको अक्षरश:

पालना गराउनका लागि खबरदारी गरिरहेका छौँ। पहिलो कुरा उनीहरूको स्वास्थ्य, शिक्षा र रोजगारका विषयमा हामी पैरवी गरिरहेका छौँ। आर्थिकरुपले कमजोर स्थिति रहेको अपाङ्गता भएका व्यक्तिहरूको आयआर्जनमा सवलीकरण गर्न उद्यम विकास, सीप प्रवर्द्धनका लागि सरकारी तथा गैरसरकारी संस्था र राज्यका निकायसँग समन्वय गरिरहेका छौँ। सीप क्षमताको विकास गर्ने, रोजगार र स्वरोजगारका लागि उत्प्रेरणा गर्ने र स्थानीय सरकारसँग उनीहरूलाई जोड्ने काममा हामी लागेका छौँ।

अर्को कुरा राज्यले ल्याएका ऐन, कानुनमा भएका व्यवस्थाका विषयमा अपाङ्गता भएका व्यक्तिहरूलाई जानकारी नै छैन। त्यसो भएर हामीले ऐन, कानुनका विषयमा सचेतिकरण गर्ने काममा लागेका छौं। राज्य आफैले अपाङ्गता भएका व्यक्तिहरूको हितका लागि अली बढी गम्भीर होस् भन्ने हाम्रो भनाइ हो। तर, राज्यका निकायले उनीहरूलाई प्राथमिकतामा राखेर काम गर्न सकेको अवस्था छैन। हामीले अपाङ्गता भएका व्यक्तिहरू प्राथमिकतामा हुनुपर्छ भन्ने खबरदारी गरिरहेका छौँ *(शर्मा, २०८१)*।

निष्कर्ष

गण्डकी प्रदेशका ११ ओटै जिल्लामा भौगोलिक विकटता छ। जसले अपाङ्गता भएका व्यक्तिहरूलाई सहज हिडडुल गर्न कठिनाइ निम्त्याएको छ। तर, अपाङ्गतामैत्री व्यहार र पूर्वाधारको व्यवस्थापन गर्न सक्ने हो भने अपाङ्गता भएर पनि सहज र सम्मानित जीवनयापन गर्न अपाङ्गता भएका व्यक्तिहरूलाई थप मद्दत पुग्नेछ। त्यसका लागि अपाङ्गता भएका व्यक्तिको अधिकारका लागि बनेका राष्ट्रिय, अन्तर्राष्ट्रिय ऐन, कानुनको प्रभावकारी कार्यान्वयन जरुरी छ। ऐन, कानुन बन्ने, अधिकारको ग्यारेन्टी गर्ने तर, त्यसको व्यवहारिक कार्यान्वयन नहुँदा अपाङ्गता भएका व्यक्तिले समस्याग्रस्त जीवन यापन गर्नु परेको छ। सबैभन्दा पहिले भएका ऐन, कानुनको प्रभावकारी कार्यान्वयनमै राज्यका निकायले ध्यान दिनुपर्छ।

अपाङ्गता भएका व्यक्तिका पक्षमा कार्य गर्न बनेका संयन्त्रहरू नाममात्रैका छन्। ती संयन्त्रको सुदृढीकरण गर्दै जिम्मेवारी बहनका लागि अग्रसर बन्नेगरी परिचालन जरुरी भएको छ भने नागरिक तहमा पनि सचेतनालाई थप प्रभावकारी बनाउन आवश्यक छ। अहिले पनि अपाङ्गता भएका व्यक्तिहरूलाई परिवार, समाजले बोझकारुपमा लिने र यी पनि यो समाजका लागि सहायक हुन् भन्ने कुराको बोध गराउन सचेतना जरुरी छ। त्यतिमात्रै होइन अपाङ्गता भएका व्यक्तिहरूलाई पनि राज्यका निकायले दिने सेवा, अवसर र सामाजिक सहभागिताका लागि अग्रसर बनाउन अपरिहार्य भएको छ। त्यसका लागि उनीहरूलाई शिक्षा लिने वातावरण र शैक्षिक सामग्रीको सहज उपलब्धता, सीपमूलक तालिम र उद्यम विकासमा प्रोत्साहन, सरकारी तथा गैरसरकारी निकायमा रोजगारी तथा स्वरोजगारका लागि अनुदान, सहयोग र सहुलियतमा ऋणको व्यवस्थापन गर्नुपर्छ।

त्यस्तै, नयाँ बन्ने सबै भौतिक संरचना अपाङ्गमैत्री बनाउनुपर्ने, नियमित स्वास्थ्य जाँच, दीर्घरोगको उपचार औषधीको उपलब्धता तथा उनीहरूलाई उचित पुर्नस्थापनाको कार्य गर्न राज्यले ध्यान दिनुपर्छ। अपाङ्गता भनेको व्यक्तिको क्षमतामा हुने कमी हो। यो जतिबेला जसलाई पनि हुनसक्छ, तसर्थ अपाङ्गता भएका व्यक्तिहरूलाई उचित शिक्षा, स्वास्थ्य सेवा, कानुनी सहायता र सामाजिक सम्मानको आवश्यकता पर्छ। अपाङ्गता एउटा चुनौती हो तर, सही दृष्टिकोण र सहयोगले यसलाई अवसरमा बदल्न सकिन्छ। त्यसैले अपाङ्गता भएका व्यक्तिहरूलाई आत्मनिर्भर र सम्मानीत जीवन जिउनका लागि अवसर पहुँच सुनिश्चित गर्नु सबै सरोकारवालाको दायित्व हो।

सन्दर्भ सामग्री

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन, २०७४

अधिकारी, कृष्ण (२०८१), कुराकानीमा आधारित, स्थानीय, घिरिङ गाउँपालिका, तनहुँ

ओझा, नवराज (२०८१), कुराकानीमा आधारित, अध्यक्ष, गाउँपालिका महासङ्घ गण्डकी, पोखरा

खड्का, गंगाबहादुर (२०८१), कुराकानीमा आधारित, अध्यक्ष, अपाङ्ग सञ्जाल, पोखरा

ढकाल, गुरुदत्त (२०८१), कुराकानीमा आधारित, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, म्याग्दी

थापा, अनीता (२०८१), कुराकानीमा आधारित, सांसद एवम् गण्डकी प्रदेश सभा सदस्य

थापा, विन्दुकुमार (२०८१), कुराकानीमा आधारित, गण्डकी प्रदेश सभा सदस्य एवम् सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री, गण्डकी प्रदेश

भुसाल, विज्ञान (२०८१), कुराकानीमा आधारित, स्थानीय, देवचुली नगरपालिका-७ नवलपरासी पूर्व

राष्ट्रिय जनगणना, गण्डकी प्रदेश (२०७८), 'अपाङ्गतासम्बन्धी तथ्याङ्कीय प्रतिवेदन'

राष्ट्रिय अपाङ्गता महासङ्घ, गण्डकी प्रदेश (२०८१), 'वार्षिक प्रतिवेदन'

श्रेष्ठ, अरुण (२०८१), कुराकानीमा आधारित, कार्यक्रम अधिकृत, राष्ट्रिय अपाङ्ग महासङ्घ गण्डकी प्रदेश कार्यालय, पोखरा

स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, २०८१

शर्मा, खोमराज (२०८१), कुराकानीमा आधारित, अध्यक्ष, राष्ट्रिय अपाङ्ग महासङ्घ गण्डकी प्रदेश, पोखरा

७.५ दाङमा सिमेन्ट कारखानाले वातावरण तथा अन्य क्षेत्रमा पारेको प्रभाव

परिचय

देशकै ठूलो उपत्यका दाङमा मापदण्ड विपरीत मानव बस्तीहरूमा सिमेन्ट कारखाना सञ्चालन गर्दा वातावरण प्रदूषण बढेको छ। यहाँ ४२ किलोमिटरको वृत्तमा तीन ओटा सिमेन्ट उद्योगहरु सञ्चालनमा छन्। उच्च अदालत तुलसीपुरका रजिष्ट्रारको संयोजकत्वमा गठन गरिएको नौ सदस्यीय अध्ययन अनुगमन समितिले ध्वनि, धुलो र धुवाँको उत्सर्जनका कारण मानव बस्तीमा अनेक रोगको सङ्क्रमण बढेको औंल्याएको छ। अध्ययन अनगमन समितिमा उच्च अदालतका शाखा अधिकृत, जिल्ला अदालतका स्रेस्तेदार, जिल्ला ट्राफिक प्रहरी कार्यालय, डिभिजन वन कार्यालय, खानेपानी तथा सरसफाई कार्यालय, कृषि ज्ञान केन्द्र, जनस्वास्थ्य कार्यालय, तुलसीपुर उमपहानगरपालिकाका वातावरण विज्ञ सहितको सहभागिता छ।

उद्योग स्थापना गर्ने उपयुक्त ठाउँ घोराही उमनपा-२, मैने क्षेत्र तथा वडा नं. ३ को मसोट क्षेत्र हुँदाहुँदै मानव बस्तीमै लगेर सिमेन्ट उद्योग स्थापना गरिएको छ। दाङका मुख्य क्षेत्रहरू घोराही, तुलसीपुर र लमहीमा गरी तीन ओटा ठूला सिमेन्ट उद्योग स्थापना गरिएका छन्। घोरही उमनपा-३ र ४ मा पर्ने गोग्लीमा स्थापना गरिएको घोराही सिमेन्ट उद्योग झण्डै १ सय २० विगाह क्षेत्रफलमा फैलिएको छ। कारखानाको १ सय मिटर वरिपरिमै सुनपुर, भानपुर, डाँडागाउँ, लक्ष्मीपुर, भकारे, बेलुवा बञ्जाडी, बर्गदुवा, बालिम लगायतका गाउँहरू छन्। झण्डै १ हजार ५ सय घरधुरी रहेको मानव बस्तीकै बीचमा २०६६ सालमा स्थापना गरिएको घोराही सिमेन्टले दैनिक ६ हजार टन क्लिङकर र दैनिक ४ हजार टन सिमेन्ट उत्पादन गरिरहेको छ। ठूला मेसिन जडानका कारण ध्वनि, धुलो र धुवाँको उत्सर्जनले मानव बस्ती नै क्षयरोग, दम र अन्य छालाजन्य रोग सङ्क्रमण बढ्न थालेको स्वास्थ्य संस्थाका रिपोर्टले देखाएको छ। घोराही सिमेन्टकै १ सयदेखि ५ सय मिटर दुरीमा मावि डाँडागाउँ गोग्ली, आधारभूत विद्यालय सुनपुर, सगरमाथा बोर्डिङ स्कुल र मावी झिङगी बञ्जाडी गरी चार ओटा विद्यालय छन्। जहाँ ३ हजार जनाभन्दा बढी विद्यार्थी अध्ययनरत छन्। यस्तै घोराही सिमेन्ट उद्योगकै २ सय मिटर दूरीमा लक्ष्मीपुर स्वास्थ्य चौकी छ। मानव बस्ती, विद्यालय र स्वास्थ्य संस्थाकै बिचमा उद्योग स्थापना गर्दा प्रदूषणले ठूलो मानवीय जोखिम बढाएको सरकारी अध्ययनले देखाएको छ।

घोराही सिमेन्ट मात्रै होइन तुलसीपुर उमनपा-१८, दूधरासमा अर्को ठूलो क्षमताको सिमेन्ट उद्योग सञ्चालनमा छ। सोनापुर सिमेन्ट उद्योग दूधरास बस्तीमै अवस्थित छ। घोराही-तुलसीपुर हाइवेसँगै जोडिएको सिमेन्ट उद्योग दूधरास, लमही टोल, बघौसी, हसपुरा टोल, धरमपुर, अक्कासी र घोराही उमनपा-११ को गन्धर्वबस्तीको बीचमा सञ्चालन गरिएको छ। ८० विगाह क्षेत्रफलमा सञ्चालन गरिएको उद्योगको धुलो, धुवाँ र ध्वनी प्रदूषणको प्रत्यक्ष मारमा घोराही र तुलसीपुर उपमहानगरपालिकाका झण्डै १ हजार घरधुरी परेका छन्। दैनिक १ हजार ६ सय ५० टन क्लिङकर र २ हजार ३ सय टन सिमेन्ट उत्पादन क्षमता रहेको सोनापुर सिमेन्टको धुलो, धुवाँका कारण घोराही उमनपा-११, गन्धर्व बस्तीमा क्षयरोगका बिरामी बढेका छन् भने उद्योगको ५ सय मिटर पेरिफेरिमै जनकल्याण मावि दूधरास, बाल अमृत बोडिङ स्कुल, नेत्र प्रावि अक्कासीका २ हजारभन्दा बढी शिक्षक विद्यार्थी उद्योगको धुलो, धुवाँ र ध्वनीले प्रभावित भएका छन्। २०६५ देखि उत्पादन थालेको सोनापुर सिमेन्टका कारण स्थानीय १ हजार घरधुरीका नागरिकमा छालाजन्य रोग, दीर्घ रोगको सङ्क्रमण देखिन थालेको छ *(चौधरी, २०८१)*।

घोराही र सोनापुर सिमेन्ट उद्योग जस्तै लमही नगरपालिका-७, कमानपुरमा स्थापना गरिएको सम्राट सिमेन्ट उद्योग पनि कमानपुर मानव बस्तीमै सञ्चालनमा छ। ४ हजार ५ सय टन क्लिङकर र ५ हजार टन सिमेन्ट उत्पादन गर्दै आएको सम्राट सिमेन्ट ४६ विगाह क्षेत्रफलमा सञ्चालित छ। २०७४ सालमा स्थापना भएको सम्राट सिमेन्ट पनि मानव बस्तीकै बीचमा छ। लमही नगरपालिका-६ र ७ का आठ ओटा भन्दा बढी बस्तीको बीचमा स्थापना गरिएको छ। जहाँ कमानपुर, बनगैं, हस्नापुर, निमुखुटी गाउँ, खैरी, देउपुर,

मध्यनगर र ढिकपुरलगायतका गाउँ सिमेन्ट उद्योगको प्रत्यक्ष मारमा परेका छन्। विभिन्न सात ओटा ब्राण्डमा उत्पादन गर्ने सम्राट सिमेन्टको धुलो, धुवाँ र ध्वनी प्रदूषणले लमही नगरपालिकाका ८ सय घरधुरीमा प्रत्यक्ष असर परेको छ। अर्जुन खोला, राप्ती नदीको छेउमा रहेको सम्राट सिमेन्टको ५ सय मिटर क्षेत्रमै लमही नगरपालिका-७ को बनगै स्वास्थ्य चौकी अवस्थित छ। टिपरको आवतजावतले विद्यालय जाने आउने बालबालिका जोखिममा छन् भने खैरी, बनगै लगायतका गाउँमा उद्योग चल्दा ध्वनि प्रदूषणले घरपरिवारभित्रै इशाराले कुराकानी गर्नुपर्ने बाध्यता छ *(गुरुङ, २०८१)*।

यतिमात्रै होइन छिमेकी जिल्ला अर्घाखाँचीको सितगंगा नगरपालिका-८, चरिङगेमा स्थापना गरिएको शुभश्री अग्नी सिमेन्ट कारखानाका कारण दाङको गढवा गाउँपालिका-१, कालाकाटे क्षेत्रका मानवबस्ती र पूर्वपश्चिम महेन्द्र राजमार्गका यात्रुसमेत प्रभावित भएका छन्। अर्घाखाँचीको जङ्गल क्षेत्र भएपनि दाङको गढवा, कालाकाँटेसँग सिमाना जोडिएकाले उद्योगको धुलो र कच्चा पदार्थ ढुवानीका कारण दाङका मानव बस्ती प्रभावित भएका छन् *(अधिकारी, २०८१)*।

कानुनी प्रावधान

नेपालको संविधान २०७२ ले स्वच्छ वातावरणको हकको ग्यारेन्टी गरेको छ। धारा ३० को उपधारा १ मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने हक हुनेछ भनि उल्लेख गरिएको छ भने धारा ३० को उपधारा २ ले वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षति वापत् पीडितलाई प्रदूषकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भनिएको छ। संविधानकै उल्लङ्घन गरेर स्थापना गरिएका यी सिमेन्ट उद्योगहरूले न सर्वसाधारण नागरिकको स्वास्थ्यको ख्याल गरेका छन् न त वातावरणीय क्षतिको क्षतिपूर्ति नै गरेका छन्। उद्योगकै कारण नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार, शिक्षाको अधिकार, स्वास्थ्यको अधिकार, खाद्य अधिकारजस्ता नागरिकका मौलिक हकको उल्लङ्घन भइरहेको छ। नेपालको संविधान २०७२ ले खाद्य सम्बन्धी हकको व्यवस्था गरेको छ। धारा ३६ को उपधारा १ मा प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ भनिएको छ भने ३६ कै उपधारा ३ मा प्रत्येक नागरिकलाई कानुन बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ भनिएको छ। तर सिमेन्ट कारखानाबाट उत्सर्जन भएको धुलो, रसायन पदार्थले बालीनाली नै उत्पादन हुन छोडेको छ। स्थानीय पीडित रिहारु चौधरीका अनुसार १० वर्ष अघि एक कट्ठामा साँढे पाँच मुरी धान फल्ने खेतमा अहिले मुस्किलले दुई मुरी फल्छ। यस्तै गहुँ, तोरी, मसुरोको पनि ५० प्रतिशत उत्पादन घटेको छ *(चौधरी, २०८१)*। नेपालको संविधानको धारा ३८ ले महिलाको हकसम्बन्धी गरेको व्यवस्थामा उपधारा २ ले प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यसम्बन्धी हकको व्यवस्था गरेको छ। तर उद्योगको धुलो, धुवाँ, ध्वनी र कम्पनले महिलाको गर्भ पतन हुने, बच्चा विकलाङ्ग हुने जोखिम बढेको छ।

राष्ट्रिय वातावरण नीति २०७६ को बुँदा नं. ८ मा प्रदूषण रोकथाम, नियन्त्रण र न्यूनीकरण सम्बन्धी नीतिको व्यवस्था गरिएको छ। ८(१) मासवै प्रकारका प्रदूषण रोकथाम नियन्त्रण र न्यूनीकरणका लागि प्रभावकारी प्रणाली स्थापना गरिनेछ भनिएको छ। त्यस्तै बुँदा नं. ८(२) मा उद्योग, कलकारखाना, अस्पताल तथा सवारी साधनहरूको सञ्चालनमा वातावरणमैत्री प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ भनिएको छ भने ८(३) मा उत्पादनमा भएका हानिकारक रसायनलाई नियमन तथा नियन्त्रण गर्दै जोखिमपूर्ण पदार्थबाट मानव स्वास्थ्यको रक्षा तथा वातावरण संरक्षण गरिने उल्लेख छ। यस्तै राष्ट्रिय वातावरण नीति २०७६ को रणनीति तथा कार्यनीतिसम्बन्धी व्यवस्थाको बुँदा नं. ३ मा औद्योगिक तथा अन्य क्षेत्रबाट निस्काशन हुने प्रदुषित पानीको प्रशोधनको व्यवस्था गरिने छ भनिएको भने बुँदा नं. ४ मा उद्योग र अन्य व्यवसायबाट निस्काशन हुने प्रदूषणयुक्त धुवाँ, धुलो, पानीलाई व्यवस्थित गर्न वातावरणमैत्री प्रविधि कार्यान्वयनमा ल्याइने उल्लेख छ।

वातावरण संरक्षण ऐन, २०७६ को दफा १५ को उपदफा २ मा कसैले पनि जनजीवन, जनस्वास्थ्य एवम् वातावरणमा उल्लेखनीय प्रतिकुल प्रभाव पार्ने गरी प्रदूषण गर्न वा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड विपरीतको कुनै काम गर्न गराउन हुँदैन भनिएको छ। उपदफा ४ ले वातावरणमा प्रतिकुल प्रभाव पारेको देखिएमा विभागले सम्वद्ध व्यक्ति, समूह वा संस्थालाई प्रदूषण न्यूनीकरण वा निराकरणको उपाय अवलम्वन गर्न निर्देशन दिने, आवश्यक शर्त तोक्न वा वातावरणमा प्रतिकुल प्रभाव पर्ने गरी कुनै कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ भनिएको छ। यसैगरी औद्योगिक व्यवसाय ऐन २०७६ को दफा ७(३) मा उद्योग सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको न्यूनीकरण

तालिका नं. ७.५.१	दाङमा सिमेन्ट उद्योगको अवस्था

क्र.सं.	उद्योगको नाम	स्थापना	क्षमता
१.	घोराही सिमेन्ट	२०६६	दैनिक ६ हजार टन क्लिङ्कर र ४ हजार टन सिमेन्ट।
२.	सोना सिमेन्ट	२०६५	दैनिक १ हजार ६ सय ५० टन क्लिङ्कर र २ हजार ३ सय टन सिमेन्ट।
३.	सम्राट सिमेन्ट	२०७४	दैनिक ४ हजार ५ सय टन क्लिङ्कर र ५ हजार टन सिमेन्ट।

(स्रोतः सुवेदी, २०८१)

गर्ने जिम्मेवारी सम्बन्धित उद्योगको हुनेछ भनिएको छ भने उपदफा ४ मा वातावरणीय प्रभावको न्यूनीकरण गरे नगरेको सम्बन्धमा उद्योग दर्ता गर्ने निकायले आवश्यकता अनुसार अनुगमन गरी निर्देशन दिन, कारवाही गर्न वा कारवाहीको लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउन सक्नेछ भनिएको छ। यस्तै राष्ट्रिय वातावरण नीति २०७६ ले स्थानीय तहको भूमिकाबारे उल्लेख गर्दै सङ्घ, प्रदेशका मापदण्डभित्र रही स्थानीय स्तरमा प्रदूषण नियन्त्रण, फोहर व्यवस्थापन तथा हारियाली प्रवर्द्धन सम्बन्धी नीति, योजना तर्जुमा कार्यान्वयन र अनुगमन तथा नियमन गर्ने व्यवस्था गरिएको छ।

उद्योगको असर

आफ्नै गाउँठाउँमा उद्योग स्थापना भए रोजगारीका लागि अन्यत्र जानु नपर्ने आशाले खुशी भएका स्थानीय भरतराज देवकोटा लगायतका (दाङवासी) सिमेन्ट उद्योगले उत्पादन थालेपछि निम्तिएको धुलो, धुवाँ र ध्वनि प्रदूषणले आजित भएका छन्। एउटै जिल्लामा तीन ठूला सिमेन्ट उद्योग स्थापना भएपछि उद्योग र खानी क्षेत्र गरी झण्डै ४ हजार ४ सय घरधुरीमा प्रत्यक्ष असर परेको छ। उद्योग क्षेत्रकै २५ ओटा गाउँ प्रत्यक्ष मारमा छन् भने खानी क्षेत्र र कच्चा पदार्थ ढुवानीका सडक मार्ग क्षेत्रका अरु हजारौं नागरिक धुलो, धुवाँ र ध्वनि प्रदूषण खेपिरहेका छन्। सिमेन्ट उद्योगबाट निस्किएको सिमेन्टको धुलो उडेर घरभरी, अन्नबाली बोटभरी हुने समस्या छ भने मेसिन चलेर रातभर निदाउन नसकिने अवस्था सिर्जना भएको छ। धुलो देखिने डरले दिउँसो कम क्षमतामा उद्योग सञ्चालन गर्ने र रातको समयमा पूर्ण क्षमतामा उद्योग सञ्चालन गर्दा पाँच किलोमिटरसम्म ध्वनि सुनिने, राति धुलोको मुस्लो आउने र खेतबारी, अन्नबालीमा सिमेन्टको धुलो लागेर जम्ने गरेको छ। सम्राट सिमेन्ट उद्योग सञ्चालन हुँदा चर्को आवाजका कारण आफ्नै घरभित्र पनि परिवारबीच इशाराले कुरा गर्नुपर्ने बाध्यता छ। घर बाहिर सुकाएका कपडामा धुलो जमेर सरसफाईमा समेत समस्या भएको छ। उद्योगका कारणले वातावरण प्रदूषण त छ नै, स्वास्थ्य, शिक्षा, प्रजनन्, खानेपानी, सिंचाई लगायतमा समेत असर परेको छ *(गुरुङ, २०८१)*।

स्वास्थ्यमा असर

घोराही सिमेन्ट उद्योग क्षेत्र घोराही उमनपा वडा नं. २, ३, ४ र १७ का नागरिकमा क्षयरोग र दमको सङ्क्रमण बढेको स्वास्थ्य संस्थाको तथ्याङ्कले देखाएको छ। कारखाना नजिक रहेका लक्ष्मीपुर, गोग्ली, रामपुर, ओखरा, भैसाही, चौघेराजस्ता बस्तीहरूमा क्षयरोग र दमका बिरामी ह्वात्तै बढेका छन्। घोराही सिमेन्ट कारखानाको ५ सय मिटर पश्चिममा रहेको लक्ष्मीपुर स्वास्थ्य चौकीबाट औषधी सेवन गर्नेहरूको तथ्याङ्क हेर्दा विगतको पाँच वर्षमा ६९ महिला, ८९ पुरुष गरी कुल १ सय ५८ जनामा क्षयरोगको सङ्क्रमण पुष्टि भएको छ। आर्थिक वर्ष ०७६/७७ मा १३ महिला र ११ पुरुष गरी २४ जनामा क्षयरोग सङ्क्रमण देखिएकोमा आर्थिक वर्ष ०८०/८१ मा दोब्बर बढेर २१ महिला र २५ पुरुष गरी ४६ जनामा संक्रमण पुष्टि भएको लक्ष्मीपुर स्वास्थ्य चौकीले जनाएको छ *(बुढाथोकी, २०८१)*।

आर्थिक वर्ष ०७७/७८ मा २३ जनामा क्षयरोग सङ्क्रमण भयो। जसमा १० महिला र १३ पुरुष थिए। त्यस्तै आर्थिक वर्ष ०७८/७९ मा बढेर ३४ जना क्षयरोगका बिरामी भेटिए। जसमा १३ महिला र २१ पुरुष छन्। आर्थिक वर्ष ०७९/८० मा ९ महिला र १८ पुरुषमा क्षयरोगको संक्रमण पुष्टि भएको थियो। स्वास्थ्य चौकीका अनुसार झन पछि झन क्षयरोगीका बिरामी बढ्दै गएको छ। स्वास्थ्य चौकीले क्षयरोगमात्र नभई स्वासप्रस्वास जन्य समस्या लिएर आउने बिरामी अझ धेरै रहेको छ। यसैगरी लक्ष्मीपुर स्वास्थ्य चौकी मार्फत औषधी सेवन गर्ने दमका रोगीहरू विगतको चार वर्षमा १ सय ७८ जना छन्। जसमा सबैभन्दा धेरै महिला ९८ जना छन् भने ८० जना पुरुष दमका रोगी छन्। स्वास्थ्य चौकीले आर्थिक वर्ष ०८०/८१ मा सबैभन्दा

धेरै दमका रोगी भेटिएका छन्। ३६ महिला र ३० पुरुषमा दम रोग देखिएको छ। जुन आर्थिक वर्ष ०७७/७८ को झण्डै दोब्बर सङ्ख्या हो *(बुढाथोकी, २०८१)*। आर्थिक वर्ष ०७७/७८ मा १८ पुरुष र २३ महिला गरी ४१ जनामा दम रोग थियो। यस्तै आर्थिक वर्ष ०७८/७९ मा २६ महिला र १५ पुरुषमा दम रोग देखियो भने आर्थिक वर्ष ०७९/८० मा १३ महिला र १७ पुरुष गरी ३० जनामा दम रोग देखिएको स्वास्थ्य चौकीले जनाएको छ।

रामपुरमा पनि बढे रोगी

घोराही सिमेन्ट कारखानाको तीन किलोमिटर पूर्वमा पर्ने घोराही उपमनपा-२, रामपुरलगायतका क्षेत्रमा पनि क्षयरोग र दमका रोगी बढ्न थालेको रामपुर स्वास्थ्य चौकीले जनाएको छ। रामपुर स्वास्थ्य चौकीले दिएको जानकारी अनुसार बिगत तीन वर्षमा १ सय ३४ जना दमका बिरामी देखिएका छन्। आर्थिक वर्ष ०८०/८१ मा ५४ जनामा दमको समस्या देखिएको छ भने आर्थिक वर्ष ०७८/७९ मा ४३ जना, आर्थिक वर्ष ०७९/८० मा ३७ जना दमका रोगी भेटिएका छन्। रामपुर स्वास्थ्य चौकीमा डट्स विधिबाट क्षयरोगको औषधी सेवन गर्ने बिरामी पनि कम छैनन्। विगत तीन वर्षमा ३१ महिला र ५८ पुरुष गरी ८९ जनामा क्षयरोग संक्रमण पुष्टि भएको छ। आर्थिक वर्ष ०७८/७९ मा १४ महिला र २३ पुरुष गरी ३७ जना, आर्थिक वर्ष ०७९/८० मा आठ महिला र १८ पुरुष गरी २६ जना र ०८०/८१ मा ९ महिला र १७ पुरुष गरी २६ जनामा क्षयरोग सङ्क्रमण पुष्टि भएको स्वास्थ्य चौकीले जनाएको छ *(रिजाल, २०८१)*।

छाला र स्वासप्रस्वासका बिरामीको गणना छैन

२०६६ सालमा घोराही उपमहानगरपालिका वडा नं. ३ र ४ मा स्थापना गरिएको घोराही सिमेन्ट कारखानाको धुलो धुवाकै कारण यस क्षेत्रका नागरिकमा छालाजन्य र स्वास्थ्य प्रस्वासजन्य समस्या दिनहुँ बढेको छ। धुलो धुवाँकै कारण दम र क्षयरोग हुनेहरूले स्थानीय अस्पतालबाट औषधी सेवन गरिरहेका छन् भने छालाजन्य र स्वासप्रस्वास जन्य समस्या लिएर अस्पताल आउनेहरूको गणना नै नभएको स्वास्थ्य चौकीले जनाएको छ।

शिक्षामा असर

दाङमा तीन ओटा सिमेन्ट उद्योग वरीपरी सात ओटा विद्यालय छन् भने चुनढुंगा खानी क्षेत्रमा पाँच र कच्चा पदार्थ ढुवानी क्षेत्रमा पाँच गरी १७ ओटा विद्यालय प्रत्यक्ष प्रभावित भएका छन्। घोराही सिमेन्ट उद्योग क्षेत्रमा मावि डाँडागाउँ गोग्ली, आधारभूत विद्यालय सुनपुर, सगरमाथा बोडिङ स्कुल गोग्ली, र मावि झिङनी बञ्जाडी छन् भने सोनापुर सिमेन्ट उद्योग क्षेत्रमा जनकल्याण मावि दूधरास, नेत्र प्रावि अक्कासी र बाल अमृत बोडिङ स्कुल दूधरास छन्। यसैगरी चुनढुंगा खानी क्षेत्रमा महेन्द्र आधारभूत विद्यालय तापा, महेन्द्र नमूना उमावि श्रीवारी, हिलटप इङलिस बोडिङ स्कुलश्रीवारी, सुधा मावि झेल्नेटा र महेन्द्र मावि स्यूजा छन् भने कच्चा पदार्थ ढुवानी क्षेत्र (सडक) मा आधारभूत विद्यालय बढिपोखरा, प्रावि जुम्लेपानी, अम्बिका मावि हर्नोक, प्रावि पालुथान र आधारभुत विद्यालय सवारीकोट छन् *(पुन, २०८१)*।

सिमेन्ट उद्योग क्षेत्रमा रहेका विद्यालयमा सिमेन्टको धुलो सिधै विद्यालयमा परिरहेको छ भने उद्योगबाट आउने आवाजले पठनपाठनलाई अव्यवस्थित बनाएको छ। खानी क्षेत्रका विद्यालयमा चुनढुंगा उत्खननको आवाजले समस्या बनाएको छ भने सडक क्षेत्रका विद्यालयमा टिप्परको आवाज र धुवाँ तथा सडकको धुलो विद्यालयमा पसेर समस्या भएको छ *(आचार्य, २०८१)*।

सिमेन्ट उद्योग, खानी उत्खनन् र कच्चा पदार्थ ढुवानीका टिप्परका कारण १७ विद्यालयका ७ हजार विद्यार्थी तथा शिक्षकको स्वास्थ्यमा प्रत्यक्ष रूपमा असर परेको छ। शिक्षक, विद्यार्थीहरूलाई धुलोबाट बच्न मास्कको व्यवस्थापन पनि हुन सकेको छैन। विहान विद्यालय पोशाकमा निस्किएका विद्यार्थी पढेर साँझ फर्किंदा नचिनिने अवस्थामा घर आइपुग्छन् (विक, २०८१)। धुलो, ध्वनीले पठनपाठनमा समस्या रोक्न नसकिए पनि खानी क्षेत्र रहेको बंगलाचुली गाउँपालिकाले विद्यार्थी स्कूल जाने र आउने समयमा टिप्पर सञ्चालनमा रोक लगाएको छ। विद्यार्थी धुलै धुलो हुने र टिप्परका कारण दुर्घटना हुने जोखिम आएको भन्दै आर्थिक वर्ष २०८०/८१ देखि विहान ९ बजेदेखि ११ बजेसम्म र साँझ ३ बजेदेखि ५ बजेसम्म टिप्पर सञ्चालनमा रोक लगाइएको छ। विद्यालय आउँदा जाँदा टाइम कार्डले सहज भए पनि पठनपाठनमा भने धुलो, धुवाँ र ध्वनीको समस्या ज्यूँका त्यूँ छ *(जिसी, २०८१)*।

कृषिमा असर

उद्योग स्थापना हुँदा खानेपानी र सिंचाईको समेत व्यवस्था गरिदिने आश्वासन दिएका सिमेन्ट

उद्योगले अहिले उद्योगबाट निस्किएको रसायनयुक्त पानी खेतमा बगाइदिँदा बाली उत्पादनमा तीन गुणा घटेको छ। घोराहीको सुनपुर, गोग्ली क्षेत्रको खेतीयोग्य जमिन, सोनापुरको दूधरास क्षेत्र तथा लमहीको कमानपुर, खैरी क्षेत्रमा बाली उत्पादनमा ह्रास आएको छ। घोराही उपमहानपा-४, सुनपुर र गोग्लीको ५० विगाह जमिनमा प्रत्यक्ष असर परेको छ। धान, मकै, तोरी, मसुरो फूल फुल्दा सिमेन्टको धुलो बसेर फल नलाग्ने समस्या छ भने उद्योगबाट निस्किएको रसायनसहितको कालो पानी खेतमा बगाइदिँदा खेत नै प्लाष्टर गरेजस्तो भएर उब्जनी ह्वात्तै घटेको छ *(चौधरी, २०८१)।*

रसायनयुक्त पानी खेतमा पस्दा माटो नै कडा हुँदै गएको छ। जसले गर्दा उत्पादन घटेर स्थानीयहरू नै विस्थापित हुन थालेका छन्। सिमेन्टको धुलोकै कारण चरिचरण समेत असुरक्षित बनेका छन्। गाइवस्तुले घाँस नखाने अवस्था सिर्जना भएको छ। डस्ट जमेर बस्तुभाउले घाँस खान छोडेपछि कृषिमा समेत असर परेको छ। सिमेन्ट उद्योगले बोरिङ लगाएर पानी तानेपछि सुनपुर र गोग्ली गाउँका इनार सुकेका छन्। कृषि उत्पादन घटेपछि १ सय ५० घरधुरी विस्थापित भएका छन्। थुप्रै स्थानीय स्थानान्तरणको तयारीमा छन् तर, भएको खेत बारी बिक्री नभएपछि उनीहरू उद्योगको असर सहेर बसिरहेका छन्। सस्तोमा दिँदा पनि बिक्री नहुने समस्या रहेको छ। उद्योगको धुलोले तरकारी बालीमा समेत असर परेको छ। साग, धनिया, आलु, प्याज, लसुन, गोलभेडामा समेत धुलो जमेर पात सुक्ने, फल खस्ने, दागी हुने र उत्पादन समेत कम हुने समस्या भएको छ *(शर्मा, २०८१)*।

पूर्वाधारमा असर

मदन भण्डारी राजमार्ग अन्तर्गत घोराही उपमहानगरपालिकाको सिस्ने खोलादेखि बंगलाचुली गाउँपालिकाको तापा-कमिरेचौर कालोपत्रे सडक पूर्ण रुपमा क्षतिग्रस्त भएको छ। घोराही सिमेन्ट, सम्राट सिमेन्ट, सोनापुर सिमेन्ट र शुभश्री अग्नी सिमेन्टमा चुनढुंगा ढुवानी गर्ने टिप्परका कारण कालोपत्रे गरिएको सडक चार महिना नबित्दै पुनः ग्रावेल सडकमा परिणत भएको छ। दैनिक २ सय भन्दा धेरै टिप्परहरूले ओभरलोड बोकेर हिँड्दा कालोपत्रे सडक कच्ची सडकमा परिणत भएको हो। कालोपत्रे भएको १७ किलोमिटर सडकमा अहिले कतै पनि कालोपत्रे छैन। सडक डिभिजन कार्यालय दाङ मार्फत लुम्बिनी जलजला जेभीले ३४ करोड १६ लाख ७७ हजार रुपियाँको लागतमा आर्थिक वर्ष २०७७/७८ मा सडक कालोपत्रे गरेको थियो। तर सडक हस्तान्तरण नहुँदै निर्माण गरिएको चार महिनामै कालोपत्रे उत्रिएर कच्ची सडकमा परिणत भएको छ। कच्ची सडकमा परिणत भएपछि टिप्पर आवतजावत गर्दा घोराही र बंगाचुलीका सडक छेउछाउका नागरिकहरूलाई धुलो, धुवाँ र ध्वनी प्रदूषणले समस्या पारेको छ *(पुन, २०८१)*। एकातिर यात्रा जोखिम बनाएको छ भने अर्कोतिर धुलो उडेर घर भित्रै पस्ने, कपडा सुकाउँदा धुलै धुलो हुने, सागपात, तरकारीका बोट र फलमा धुलो टासिएर दाग लाग्ने, उत्पादन नहुने तथा स्वास प्रश्वासमै समस्या हुने गरेको छ।

उत्खनन्ले १ सय ३६ परिवार उच्च जोखिममा

घोराही सिमेन्ट, सम्राट सिमेन्ट र शुभश्री अग्नी सिमेन्ट उद्योगले चुनढुंगा उत्खनन् गरेपछि बंगलाचुली गाउँपालिका वडा नं. २, ३, ४ र ६ का स्थानीय जोखिममा परेका छन्। सबैभन्दा घोराही सिमेन्ट उद्योगले उत्खनन् गरेको तापा क्षेत्रका १ सय ३६ परिवार उच्च जोखिममा परेका हुन्। बंगलाचुली गाउँपालिकाको वडा नं. ३ र ४ मा पर्ने जुद्धवीर सामुदायिक वन र सरस्वती सामुदायिक वन क्षेत्रको ३७ हेक्टर क्षेत्रफलमा गरिएको चुनढुंगा उत्खनन्ले ५ सय मिटर वरपर रहेको तल्लो तापा क्षेत्र धुलो, धुवाँ, ध्वनि र पहिरोको उच्च जोखिममा परेको छ (जिसी, २०८१)। उत्खनन्का बेला घरमाथिबाट ढुङ्गाका टुक्रा खस्ने र जमिन हल्लिएर पहाडै कमजोर भएकाले पहिरो खसेर तल्लो तापा गाउँ नै पुरिने जोखिम छ। राति सुतेको बेला एक्कासि उत्खनन् क्षेत्रबाट घर वरपर ढुङ्गा खसेर ज्यान जाने त्रासले स्थानीयलाई चयनले सुत्न समेत नपाउने अवस्था छ। उत्खनन्का क्रममा फालिएको वेष्टेज बगेर रुपला खोला र अरङ खोला हुँदै बंगलाचुली गाउँपालिका-४ का किसानहरूको खेतमा पुगेको छ। लगाएको धानबाली नै पुरिएको छ। स्थानीय भीमबहादुर परियारको दुई बिगाह खेत, जिवलाल घर्तीको एक बिगाह, दुर्गाबहादुर विष्टको १० कट्ठा, कर्णबहादुर पुनको तीन कट्ठा र रमेश परियारको पाँच कट्ठा खेत उत्खनन् क्षेत्रबाट खसेको लेदोले पुरिएको छ। त्यस्तै तल्लो तापाबासीले पुस्तौंदेखि खाइरहेको सानो पधेँरा पानीको मूल सुकेको छ भने ठूलो पधेँरामा धमिलो पानी आउन थालेको छ। अहिले खाइरहेको दरखोला र कपेरी खोला मूल पनि उत्खनन्को जोखिममा परेको छ *(चौधरी, २०८१)*[२]। उत्खनन्कै कारण आफूहरू जोखिममा परेका भन्दै स्थानीयले उचित मुआब्जा दिएर स्थानान्तरण गर्न माग गरेका छन्।

पीडितसँग उद्योगले पालना नगरेका सम्झौताहरू

उद्योग र उद्योग पीडितहरूबीच स्थानीय सरकार, स्थानीय प्रशासन तथा सरोकारवालाहरूको रोहवरमा विभिन्न मितिमा सम्झौताहरू भएका छन्। ती सम्झौताहरू सामान्यतया: पालना भए पनि अधिकांश सम्झौता कागजमै सिमित भएको पीडितहरूले बताएका छन्। सहमति पालना नगरेकै कारण बंगलाचुली गाउँपालिका र स्थानीय पीडितहरूले ०७८ पुस १ गतेदेखि झण्डै नौ महिना खानी उत्खनन् बन्द गरे। तर सम्झौतामाथि सम्झौता गरेको सिमेन्ट उद्योगले सम्झौता कार्यान्वयनमा भने अटेरी गर्दै आएको छ। उद्योग पीडितहरूले ध्वनी, धुलो, धुवाँ प्रदूषण नगरेको, उद्योग क्षेत्रमा गर्ने भनिएका विकास निर्माणका काम नगरिएको, सिस्ने खोला, पालुथानदेखि हर्नोक कमिरेचौर हुँदै खानीस्थल तापासम्मको बाटोमा रहेको धुलो प्रदूषण पूर्ण रुपमा नरोकिएको, नेपाली श्रमिकहरूलाई भारतीय कामदार सरह तलव र सेवा सुविधा उपलब्ध नगराएको, धुलो, धुवाँ, ध्वनीको प्रदूषण मापन गर्ने यन्त्रहरू बस्तीमा जडान नगरेको, उद्योगको प्रदूषण र पानी प्रयोगमा भएको अवरोधका कारण उद्योग वरिपरि रहेका जग्गाहरूको क्षतिपूर्ति तत्काल उपलब्ध नगराएको र उद्योगको प्रदूषणले त्यस क्षेत्रका बासिन्दाहरूको स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्ने भएकाले नियमित विशेषज्ञ चिकित्सकको सेवासहितको स्वास्थ्य शिविर र औषधी सेवा सञ्चालन नगरेको पाइएको छ।

यसैगरी उद्योग पीडितहरूले प्रदूषण नियन्त्रण नगरेको र सम्झौता अनुसार पनि काम नगरेको भन्दै थप माग अघि सारेका छन्। उनीहरूले उद्योगलाई हाल भइरहेको स्थानबाट स्थानान्तरण गरी मानव बस्तीबाट टाढा लैजानुपर्ने अथवा अन्य सुरक्षाका उपाय अवलम्बन गरी उद्योगबाट निस्कने धुवाँ, धुलो र ध्वनी प्रदूषणको मात्रालाई न्यूनीकरण गर्नुपर्ने, उद्योगबाट अति प्रभावित व्यक्तिहरूको जमिन उद्योगले उचित मूल्य दिएर खरिद गर्नुपर्ने वा उचित क्षतिपूर्ति दिनुपर्ने, साविक लक्ष्मीपुर गाविसभित्रको ६ क कि.नं. ५ को १-१-२, ८ क १९६ को ०-६-१, ६२१ र ६२२ को ०-ड १६-१, ६१६, ६१७, ६१८, ६१९, ८२३ र ८२५ को २-०-१२ गरी जम्मा ४ कट्ठा ६ धुर क्षेत्रफलको सार्वजनिक जग्गा गैरकानुनी रुपमा उद्योगले प्रयोग गरिरहेकोले तत्काल छाड्नुपर्ने, खानी क्षेत्रमा जोखिममा पहिरो लगायतको जोमिमा परेका १ सय ३६ घर परिवारलाई उचित मुआब्जाको व्यवस्था गरी स्थानान्तरण गरिनुपर्ने, सम्झौता २०७२ जेठ ३२ गते पछि क्षमता वृद्धिका लागि थपिएका संरचनाहरू हटाउनुपर्ने, उद्योगमा अति प्रदूषण फैलाउने तेलबाट चल्ने मेसिन जडान रोक्नुपर्ने, उद्योगभित्र गरिएको डिपबोरिङका कारण बस्तीमा इनार सुकेकाले बोरिङ बन्द गर्नुपर्ने र उद्योगबाट निस्कने फोहर पानी फालेका कारण अमारे सोतो प्रदूषण हुँदै गएको र उक्त पानी गाइबस्तुलाई खुवाउनुपर्ने तथा सरसफाईमा प्रयोग भइरहेकाले पानी प्रदूषण तुरुन्त रोक्नुपर्ने पीडितहरूको माग छ *(सम्झौता, २०७२)*।

पीडितहरूको आन्दोलन

सिमेन्ट उद्योगको धुलो, धुवाँ र ध्वनी नियन्त्रणको माग गर्दै उद्योग पीडितहरूको भेलाले ०७१ भदौ २१ गते सिमेन्ट उद्योग प्रभावित क्षेत्र वातावरण संरक्षण तथा सरोकार समिति गठन भयो। समितिले ०७१ पुस ९ गते प्रदूषण रोक्न माग गर्दै समितिद्वारा घोराही सिमेन्ट प्रालिलाई ज्ञापनपत्र बुझायो। उद्योगले मागको सुनुवाई नगरेपछि पीडित र सरोकार समितिले ०७२ जेठ ३२ गते घोराही सिमेन्ट उद्योगको मुल गेटमा तालाबन्दी गरे। तालाबन्दीले उद्योग ठप्प भएपछि दाङ उद्योग वाणिज्य सङ्घको समन्वयमा ११ बुँदे सम्झौता भयो। तर एक वर्षसम्म पनि सम्झौता पालना नगरेको भन्दै मध्यस्थता गरेको उद्योग वाणिज्य सङ्घ र सरोकार समितिको बैठकले ०७३ पुस ७ गते सम्झौता भंग भएको घोषणा गरे। त्यसपछि समस्या समाधानको माग गर्दै सरोकार समितिले ०७४ वैशाख २३ गते जिल्ला प्रशासन कार्यालय दाङ मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाए। उद्योगले मानव अधिकारको हनन् गरेको भन्दै पीडितहरूले ०७४ जेठ १२ गते राष्ट्रिय मानव अधिकार आयोग, नेपालगञ्ज शाखा कार्यालयमा उजुरी दर्ता गरे। त्यसपछि पीडितहरूले जिल्ला समन्वय समिति र घोराही उपमहानगरपालिकालाई ०७४ साउन २० गते ज्ञापनपत्र बुझाए भने ०७४ भदौ १२ गते सरोकार समितिको बैठकले वातावरण मन्त्रालयमा डेलिगेशन जाने निर्णय गऱ्यो। ०७४ माघ २२ गते जिल्लाका राजनीतिक दलसँग अन्तरक्रिया गरी उद्योगले दुष्प्रभाव कम नगरे उद्योग नै स्थानान्तरण गर्न सम्बन्धित निकायमा उजुरी दिने निर्णय गरेको थियो। त्यसपछि पीडितहरूले ०७४ फागुन १३ गते घोराही उपमहानगरपालिकाको न्यायिक समितिमा उजुरी दर्ता गरे भने ०७५ भदौ २८ गते उद्योगको असर बारे जानकारी गराउन प्रदेश सरकारमा डेलिगेशन जाने निर्णय गऱ्यो। सरोकार समिति घोराही उमनपा-४ का टोलविकास संस्था र सरोकारवालहरूबीच अन्तरक्रिया गरी उद्योगको उत्पादन बहिष्कार गर्ने निर्णय गरे। ०७७

माघ ७ गते घोराही उमनपा-४ का वडा अध्यक्ष भिमबहादुर सार्कीको अध्यक्षतामा बसेको टोल विकास संस्थाका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधिहरूको बैठकले उद्योगबाट उत्सर्जीत प्रदूषणले पारेको प्रभावका विरुद्धमा उच्च अदालत तुलसीपुरमा रिट दर्ता गर्ने निर्णय गरेको थियो। ०७७ चैत ५ गते घोराही सिमेन्ट उद्योग प्रभावित क्षेत्र वातावरण संरक्षण तथा सरोकार समितिका अध्यक्ष भरतराज देवकोटा, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का विनोद केसी, फियान नेपालका सुरेशकुमार गौतम, खाद्य अधिकार सञ्जाल दाङका अध्यक्ष हुमाकुमारी डिसी, कानुन व्यवासायी, अधिकारकर्मीलगायत २० जनाले उच्च अदालत तुलसीपुरमा रिट दायर गरे।

उच्च्व अदालतको आदेश

उच्च अदालत तुलसीपुरले दायर रिटमाथि प्रारम्भिक सुनुवाई गर्दै ०७७ चैत ९ गते वातावरणमा प्रतिकुल असर पार्ने कार्यहरूलाई नियन्त्रण गर्नका लागि Bag Filter, Lelectrostatic precipitator र Wid Breaking wall जस्ता कार्यहरू तत्काल व्यवस्थित गर्नु गराउनु र खानेपानीको स्रोतलाई खलबल नपुऱ्याउने गरी खानेपानीको व्यवस्थापन गर्नु र सडकमा धुलो नउड्ने गरी पानीको फोहरा व्यवस्थापन समेत तत्काल गर्नु गराउनु भनि निवेदनको अन्तिम टुंगो नलाग्दाको अवस्थासम्मको लागि विपक्षी घोराही सिमेन्टका नाममा अन्तरिम आदेश जारी गरेको थियो *(उच्च अदालत, २०७७)*। त्यसपछि अदालतले ०७८ भदौ २३ गते घोराही सिमेन्ट उद्योगका कारण स्थानीयमा के कस्तो प्रभाव परेको छ त्यसको असर बुझेर समाधानको सुझावसहित प्रतिवेदन तयार गर्न उच्च अदालत तुलसीपुरका रजिष्ट्रार यमबहादुर बुढामगरको संयोजकत्वमा उच्च अदालतका शाखा अधिकृत, जिल्ला अदालतका स्रेस्तेदार, जिल्ला ट्राफिक प्रहरी कार्यालय, डिभिजन वन कार्यालय, खानेपानी तथा सरसफाई कार्यालय, कृषि ज्ञान केन्द्र, जनस्वास्थ्य कार्यालय, तुलसीपुर उमपहानगरपालिकाका वातावरण विज्ञ सहितको नौ सदस्यीय अनुगमन समिति गठन गरी एक महिनाभित्र प्रतिवेदन पेश गर्न अर्को आदेश गऱ्यो। अनुगमन टोलीले उद्योग, स्थानीय, जनप्रतिनिधि, पीडित तथा सरोकारवालाबीच स्थलगत अध्ययन गरी ०७८ असार १९ गते प्रतिवेदन बुझाउँदै उद्योगले मापदण्डमा तोकिए बमोजिमको संख्यामा वृक्षारोपण नगरेको, रुख विरुवाले धुवाँ, धुलो रोक्ने अवस्था नरहेको, उद्योगबाट निस्केको धुवाँ, धुलोले नजिकै रहेको बस्ती तथा विद्यालयमा असर गरेको, त्यसको न्यूनीकरणको लागि उद्योगले गर्नुपर्ने काम प्रभावकारी रुपमा गर्न नसकेको, उद्योगबाट निस्केको रासायनिक पदार्थ सोझै खोलामा फाल्ने गरेको, जसले गर्दा जैविक विविधतामा प्रत्यक्ष असर गरेको, उद्योगले यसको न्यूनीकरण गर्न तदारुकता नदेखाएको उल्लेख गरेको छ *(उच्च अदालत, २०७८)*।

प्रतिवेदनमा हावामा शुद्धताको मापन गर्ने मेशिन सधैँ खुला आकाशमुनी राख्नुपर्नेमा कोठाभित्र राखिएको महिनामा एक दिन मात्र बाहिर राखेर सो प्रदूषण मापन उपकरणबाट प्राप्त हुने नतिजा प्रतिवेदन सम्बन्धित निकायमा पठाउने गरिएको पाइएको उल्लेख छ। यसैगरी प्रतिवेदनले स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख गरिए अनुसार सिमेन्ट कम्पनीले हरेक तीन/तीन महिनामा वातावरणीय प्रदूषण परीक्षण प्रतिवेदन र हरेक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र वार्षिक प्रगति प्रतिवेदन वन कार्यालय, वन विभाग, वन तथा भू-सं।रक्षण मन्त्रालयमा बुझाउनुपर्ने उल्लेख भएकोमा सम्बन्धित निकायमा पेश हुन नआएको पाइएको उल्लेख छ भने वन विभाग र विश्वकर्मा माइन्स एण्ड मिनरल्सबीच २०६९ असोज १२ गते भएको सम्झौता अनुसार क्षतिपूर्ति वापत् कुल २ सय ७ दशमलव २० हेक्टरमा वृक्षारोपण गरी पाँच वर्षसम्म स्याहार सम्भार गर्ने कार्य गर्नुपर्नेमा ८ दशमलव ७ हेक्टरमामात्रै वृक्षारोपण गरिएको, चुनढुङ्गा ढुवानीको पहुँच मार्गको माथिल्लो भाग र तल्लो तहमा भू-स्खलन भई साना ठूला बिरुवाहरू ढलेको, धुलोका कारण बाटो आसपासका बिरुवाहरूको पातमा धुलो टाँसिएर रहँदा त्यहाँ आसपासमा रहेका विरुवाहरूको वृद्धि र विकास प्रभावित भएको उल्लेख छ।

यसैगरी, उद्योगका कारण कृषिमा समस्या देखिएको प्रतिवेदनले उल्लेख गरेको छ। प्रतिवेदनमा सिमेन्ट उद्योग सञ्चालन गर्दा निस्किएको Chemical waste product सोझै सोतो खोलामा Discharge गरिएको र सो रसायनयुक्त Waste product खोलामा मिसिँदा सोही खोलाको पानी कृषि खेतीयोग्य जमिनमा प्रयोग हुने र यसले माटोको स्वास्थ्य विगार्ने, माटोको साथै विरुवाको उत्पादन क्षमतामा ह्रास ल्याउने, दीर्घकालीन रुपमा माथोलाई बाँझो बनाई उत्पादन लिन नसक्ने बनाउने देखिने उल्लेख गरिएको छ। यस्तै दाङ जिल्लाको गोग्ली आसपासको क्षेत्र व्यावसायिक माहुरी पालन र अधिक मौरी चरण स्रोत समेत भएकाले त्यस उद्योगबाट निस्किने धुवाँ र धुलोले प्रत्यक्ष रुपमा बाली उत्पादनका लागि माहुरी जस्ता किराले गर्ने परागसेचन

अपरिहार्य भएको र त्यस्ता किरालाई मार्ने, परागमा दुषित धातुका कणहरू टाँसिने भएकाले बाली उत्पादनका हिसावले उत्पादनमा ह्रास आउने, माहुरी जन्य परागशेचन गर्ने किराहरू लोप हुने, व्यवसायका हिरासले गुणस्तरहिन मह उत्पादन हुने प्रतिवेदनले उल्लेख गरेको छ। यस्तै उद्योग विस्तारका क्रममा उत्तरतर्फ Excavation गरी थुपारिएको मटोले Water logging condition बनाइ खेतहरूमा पानी जम्ने अवस्थाको सिर्जना भएको र लगाइएका बाली डुवानमा परेको, उद्योगबाट निस्कासित धुलो धुवाँ बालिमा टाँसिने र बाली कटानका समयमा सो रसायनयुक्त धुलो स्वासप्रस्वास लिँदा शरीरभित्र जाने र खडा बाली र बालीको स्वास्थ्यलाई पनि प्रत्यक्ष असर परेको प्रतिवेदनमा उल्लेख छ। यस्तै रासायनिक पदार्थले दीर्घकालीन रूपमा त्यस खेतबाट बाली उत्पादन लिन नसकिने प्रतिवेदनमा उल्लेख गरिएको छ *(प्रतिवेदन, २०७८)*।

अनुगमन समितिको प्रतिवेदनले मासिक, त्रैमासिक तथा वार्षिक रूपमा हुनुपर्ने निरीक्षण तथा अनुगमन नियामक निकाहरूबाट नभएका कारण र उद्योगले सोही बमोजिमको प्रतिवेदन नियामक निकायमा नियमित पठाउँदैनन्। उद्योगले वातावरण सन्तुलनका सन्दर्भमा गरेका प्रयास र सुधारका पक्ष के कति प्रभावकारी भए भन्ने सम्बन्धमा कतै उल्लेख भएको पाइँदैन। स्थानीय बासिन्दा र उद्योगका बीचमा भएका पूर्व सम्झौतालाई उद्योग प्रशासनले इमान्दारिपूर्वक पालना नगरेका कारण विवाद सिर्जना हुने गरेकोले स्थानीय बासिन्दाको उद्योग सञ्चालकप्रति ठूलो असन्तुष्टि रहेको छ। वातावरण प्रदूषणलाई न्यूनीकरण गर्न उद्योगले गनुपर्ने पर्याप्त मात्रामा वृक्षारोपण नगरेको, ब्याग फिल्टर ESP जडान गरे तापनि उद्योग परिसरमा धुलो उडेका पाइएकोले सोको नियमित रूपमा अनुगमन तथा नियमन गर्नुपर्ने, पानीको फोहरा तथा स्प्रेयर गर्ने गरेको भनिए तापनि वरपरको रुखमा समेत धुलो जमेको देखिएकाले उद्योगले पर्याप्त ध्यान पुऱ्याउन नसकेको उल्लेख छ। समस्या समाधानका लागि वातावरणीय प्रदूषणलाई न्यूनीकरण गर्न उद्योगले सामाजिक उत्तरदायित्व बहनका लागि अग्रसर हुनुपर्ने सुझाव दिएको छ।

सोही प्रतिवेदनको आधारमा उच्च अदालत तुलसीपुरका मुख्य न्यायाधीश नीता गौतम दीक्षितको ०७८ माघ २१ गतेको इजलासले उक्त प्रतिवेदनमा मुख्यत: उद्योगबाट निस्केको फोहर सोझै खोलामा जाने गरेको र वातावरणीय प्रदूषणलाई न्यूनीकरण गर्ने कार्यका लागि जडान गरिनुका उपकरणहरूको प्रभावकारी व्यवस्थापन गरेको नदिएको भन्ने व्यहोरा उल्लेख भएको देखिएकाले खोलाको पानी र वृक्षारोपण जस्तो सार्वजनिक सरोकार र महत्त्वको विषय समावेश भएको हुँदा अब उद्योगबाट निस्केको फोहर सोझै कुनै पनि खोलामा पठाउने कार्य नगर्नु, उद्योगमा जडान भएका Bag Filter समेतका उपकरणहरूलाई वातावरणीय प्रदूषणललाई न्यूनीकरण हुने गरी व्यवस्थापन गर्नु र उद्योगबाट निस्कने धुलो धुवाँलाई प्रदूषण सम्बन्धी मापदण्ड परिधिभित्र रही नियन्त्रण गर्नु भनि नेपालको संविधानको धारा १४४ बमोजिम विपक्षीमध्येको घोराही सिमेन्ट इन्डष्ट्रिज प्रालिका नाममा फैसला गरेको छ *(वली, २०८१)*।

नाममात्रका प्रदूषण मापनयन्त्र

उद्योगले मानव बस्तीमा पार्ने प्रदूषण मापनका लागि नेपाल सरकार वातावरण मन्त्रालयले दाङमा राखेका प्रदूषण मापन यन्त्र पनि नाम मात्रैका छन्। घोराही उमनपा-३ र ४ मा रहेको घोराही सिमेन्टले गर्ने प्रदूषण मापनका लागि सिमेन्ट उद्योगदेखि ३ किलोमिटर पूर्व घोराही उमनपा-२ मा लगेर प्रदूषण मापन यन्त्र राखिएको छ। अटो अपडेट हुने उक्त मेशिनले त्यस क्षेत्रको प्रदूषणको अवस्था के कस्तो छ भन्ने कही कतै सार्वजनिक गरिँदैन। अहिले त उक्त मेशिन वर्ष दिनदेखि बिग्रिएको अवस्थामा रहेको छ। मन्त्रालयबाटै प्राविधिक आएर ६/६ महिनामा मेशिन जाँचमा आउने गरेको तर एक वर्ष यता बिग्रिएर थन्किएको वातावरण विभागले जनाएको छ। सोनापुर सिमेन्टको प्रदूषण मापनका लागि तुलसीपुर उमनपा-१८, दूधरास थारुगाउँमा पनि प्रदूषण मापन यन्त्र राखिएको छ। उद्योगको ५ सय मिटर टाढा राखिएको उक्त मेसिनले वातावरण प्रदूषणको अवस्थाबार कतै केही सूचना सार्वजनिक गरेको छैन। दूधरास चोकमा सूचना टाँस गर्ने भनिएपनि कुनै जानकारी दिइँदैन *(सुवेदी, २०८१)*। वर्षमा झण्डै १० महिना पश्चिमी हावा चल्छ त्यसैले उद्योगदेखि पूर्वतिर राखिएको घोराही सिमेन्ट प्रदूषण मापन यन्त्र तीन किलोमिटर टाढा राखिएको छ भने सोनापुर सिमेन्टले उद्योगको नजिक राखे पनि हावाको उल्टो बहावमा राखेको छ। उद्योगदेखि पश्चिमतिर मेसिन राखेकाले त्यसको रिपोर्ट सही आउने देखिँदैन।

निष्कर्ष

देश विकासका लागि देशभित्रै कलकारखाना स्थापना हुनुपर्छ। स्थानीय प्राकृतिक स्रोतको उपयोग गर्दै देशलाई समृद्ध बनाउने र नागरिकहरूलाई आत्मनिर्भर हुने अवसर सिर्जना गर्नुपर्छ। तर नागरिकहरूलाई नै प्रतिकुल असर पर्ने गरी स्थापना गरिने उद्योग, कलकारखानाले देशको समृद्धि भन्दा नागरिकको स्वास्थ्य, शिक्षा जोखिममा पर्ने र आर्थिक भार बढेर थप समस्यामा पर्ने अवस्था आउन सक्छ। त्यसैले नागरिकको जीवन र वातावरणीय अवस्थामा असर नपर्ने गरी उद्योग कलकारखाना स्थापना गर्नका लागि राज्यले कानुन निर्माण गरी सोही अनुसार काम गर्ने व्यवस्था गरेको छ। वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरण परीक्षण रिपोर्टका आधारमा उद्योगधन्दा सञ्चालन गर्ने व्यवस्था गरेको छ। तर, दाङमा स्थापना भएका घोराही सिमेन्ट, सोनापुर सिमेन्ट र सम्राट सिमेन्टले वातावरणीय पक्षलाई पूर्णरूपमा पालना गरेका छैनन्। स्थानीय नागरिकको गुनासो, सरकारी कार्यालयहरूका स्थलगत रिपोर्ट, न्यायालयको आदेश र फैसला तथा हिँडडुल गर्दाका बेला देखिने प्रदूषणले वातावरणीय सन्तुलनका लागि पालना गर्नुपर्ने मापदण्डको उद्योगहरूले वेवास्ता गरेको देखिन्छ। उच्च अदालत तुलसीपुरले दिएको आदेशकै समेत पालना नहुनुले स्थानीयहरूको गुनासो उद्योगले सुन्छ भन्ने पत्याउने अवस्था छैन। तसर्थ उद्योगहरूले उद्योगबाट निस्किने धुलो, धुवाँ र ध्वनि नियन्त्रण गर्न उच्च गुणस्तरकायन्त्रको जडान तथा त्यसको नियमित अनुगमन, उद्योग क्षेत्रबाट निस्किने रसायनयुक्त पानी प्रशोधन पछिमात्रै खोलामा मिसाउनुपर्ने, वृक्षारोपण बढाउनुपर्ने, सामाजिक उत्तरदायित्व अन्तर्गत प्रभावित क्षेत्रमा नियमित स्वास्थ्य तथा विशेषज्ञसहितको जाँच हुनुपर्ने, खानेपानी, सिंचाई, सडक मर्मतका काम गर्नुपर्छ भने खानीपीडित नागरिकहरूलाई उचित मुआब्जा दिएर उनीहरूलाई स्थानान्तरण गर्नुपर्छ। नत्र ठूलो मानवीय जोखिमको अवस्था निम्तिने अवस्था छ। त्यस्तै ढुवानी गर्ने टिप्परहरूको मापदण्ड अनुसारको भार बोक्ने र टिप्पर सञ्चालनका लागि वैकल्पिक औद्योगिक मार्गको निर्माण गर्नुपर्छ। नत्र सडक क्षेत्रका नागरिकहरूलाई पनि उचित मुआब्जा दिएर स्थानान्तरण गर्ने, उद्योगहरू बस्तीकै बीचमा रहेकाले ती बस्तीहरूलाई पनि उचित मुआब्जा दिएर नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार, उसको खाद्य अधिकारको उच्च सम्मान गर्नुपर्छ।

सन्दर्भ सामग्रीहरू

अधिकारी, बाबुराम (२०८१), कुराकानीमा आधारित, वडा अध्यक्ष, गढवा गाउँपालिका वडा नं. १, दाङ

आचार्य, सतिष (२०८१), कुराकानीमा आधारित, शिक्षक, गोग्ली माध्यमिक विद्यालय, डाँडागाउँ

उच्च अदालत (२०७७), अन्तरिम आदेश, उच्च अदालत तुलसीपुर, दाङ

उच्च अदालत (२०७८), अन्तरिम आदेश, उच्च अदालत तुलसीपुर, दाङ

गुरुङ, मिना (२०८१), कुराकानीमा आधारित, सम्राट सिमेन्ट उद्योग पीडित, लमही नगरपालिका-७, देउखुरी, दाङ

चौधरी, नरुलाल (२०८१), कुराकानीमा आधारित, नगर प्रमुख, घोराही उमपानगरपालिका, दाङ

चौधरी, रमला (२०८१)[1], कुराकानीमा आधारित, वडा सदस्य, घोराही सिमेन्ट उद्योग पीडित घोराही उपमहानगरपालिका-४, दाङ

चौधरी, रिहारु (२०८१)[2], कुराकानीमा आधारित, पीडित किसान, घोराही उपमहानगरपालिका-४, दाङ

जिसी, भक्तबहादुर (२०८१), कुराकानीमा आधारित, उपाध्यक्ष एवम् न्यायिक समितिका संयोजक, ब   लाचुली गाउँपालिका, दाङ

प्रतिवेदन (२०७८), प्रतिवेदन, उच्च अदालत तुलसीपुरद्वारा गठित अध्ययन समिति, कृषि ज्ञान केन्द्र दाङको अध्ययन रिपोर्ट र स्वास्थ्य कार्यालय दाङको अध्ययनर रिपोर्ट

पुन, सावित्रा (२०८१), कुराकानीमा आधारित, सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, दाङ

बुढाथोकी, रमेश (२०८१), कुराकानीमा आधारित तथा बिरामी अभिलेख किताब २०७६-२०८१, स्वास्थ्यकर्मी, लक्ष्मीपुर स्वास्थ्यचौकी, घोराही उपमहानगरपालिका-४, दाङ

रिजाल, भुवनेश्वर (२०८१), कुराकानीमा आधारित तथा बिरामी अभिलेख किताब २०७८-२०८१, स्वास्थ्यकर्मी, रामपुर स्वास्थ्य चौकी, घोराही उपमहानगरपालिका-४, दाङ

वली, माधव (२०८१), कुराकानीमा आधारित, प्रवक्ता, तुलसीपुर उपमहानगरपालिका, दाङ

विक, देवा (२०८१), कुराकानीमा आधारित, अभिभावक, तापा प्राथमिक विद्यालय, बंगलाचुली गाउँपालिका-४, तापा

सम्झौता (२०७२), सिमेन्ट उद्योग प्रभावित क्षेत्र वातावरण संरक्षण तथा सरोकार समिति

सुवेदी, अमर (२०८१), कुराकानीमा आधारित, जनसम्पर्क अधिकृत, घोराही सिमेन्ट उद्योग

७.६ सुर्खेतको रेक्चामा खानेपानी समस्या : शिक्षा, स्वास्थ्य, कृषि र विस्थापन

परिचय

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरदेखि करिब ९० किलोमिटर पश्चिमको दूरीमा चौकुने गाउँपालिका वडा नम्बर-५ को रेक्चा बस्ती छ। बस्ती सुन्दर भए पनि यहाँका स्थानीयले सदियौंदेखि पानीको अभाव झेल्दै आएका छन्। यहाँ क्षेत्री र जनजाति समुदायको बसोबास छ। उनीहरू आर्थिक रूपमा समेत कमजोर छन्। यो बस्तीले सदियौंदेखि पानीको अभाव झेलिरहेको छ। पानीकै अभावमा प्रत्येक वर्ष यहाँको बस्तीमा बसाइँसराइ हुँदै आएको छ। त्यस्तै शिक्षा, स्वास्थ्य र कृषिमा समेत प्रत्यक्ष प्रभाव परेको छ। बस्ती नजिकै पहिलेजस्तो बोटबिरुवा पनि उम्रन छाडेका छन्। भएका बिरुवा पनि पानीको अभावमा सुकेका छन्। खाद्यान्न उत्पादमा ह्रास र पानीकै अभावमा बस्ती छोड्नेहरूको सङ्ख्या पनि उत्तिकै बढ्दो छ। शिक्षा, स्वास्थ्य र कृषिमा समेत त्यसले प्रभाव पारेको छ *(बुढाक्षेत्री, २०८१)*।

यहाँ खानेपानीको स्रोत भनेकै आकासे पानी हो। मानिसका लागि कुवामा जम्मा गरिएको पानी र गाईबस्तुका लागि तालको पानी प्रयोग गरिन्थ्यो। जसले वर्षभरी यहाँका स्थानीयलाई पुग्थ्यो। पछिल्लो १० वर्ष यता कुवा र तालमा पानी कम रोकिन्छ। जसको प्रमुख कारण भनेको गाउँको वरिपरि खनिएको सडक हो। फागुनसम्म मात्रै कुवा र तालको पानी पुग्छ। त्यसपछिका महिनाहरूमा भने दुई घण्टाको पैदल हिँडेर रानागैरा भन्ने ठाउँबाट बस्तुभाउ र मानिसलाई पानी ल्याइन्छ। खडेरीमा रानागैरा पुर्‍याएर गाइबस्तुलाई दुई दिनमा एकपटक पानी खुवाइन्छ। वर्षामा ड्रममा राखेको आकासको पानीले धेरै समय थाम्दैन। यसले शौचालय, नुहाउन र गाई बस्तुलाई प्रयोग हुन्छ। आकाशे पानी सङ्कलनमा स्थानीय तह र अन्य निकायले सहयोग गरेका छैनन्।

कानुनी व्यवस्था

संयुक्त राष्ट्रसङ्घको बडापत्र, १९४५, मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ लगायतले प्रत्याभूत गरेको स्वास्थ्य र मर्यादित जीवन जीउन पाउने हकको व्यवस्था गरेको छ। नेपालको संविधान २०७२ को मौलिक हक अन्तर्गत धारा ३५ मा स्वास्थ्यसम्बन्धी हकको व्यवस्था गरिएको छ। सोही धाराको उपधारामा ४ मा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानीको पहुँचको हक हुनेछ भनी उल्लेख गरिएको छ। त्यस्तै खानेपानी तथा सरसफाइ ऐन २०७९ को परिच्छेद-२ को (२) उपदफा (१) को (क) मा स्वच्छ खानेपानीमा सबै नागरिकको पहुँचको अधिकारलाई समेत सुनिश्चित गरिएको छ। त्यस्तै राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता नीति २०८० ले पनि खानेपानी र सरसफाइको अधिकारलाई समेटेको छ। तर, रेक्चाका नागरिकहरू संविधान प्रदत्त अधिकारबाट समेत वञ्चित हुनु दुःखद् कुरा हो। यस्ता समस्याको समाधान गर्नु राज्यको दायित्व हो *(कोइराला, २०८१)*।

जलवायु परिवर्तनले समस्या

बस्ती नजिकै पहिलेजस्ता बोटबिरुवा पनि उम्रन छोडेका छन्। भएका बोटबिरुवा पनि पानी अभावमा सुकेका छन्। जसले गर्दा तालमा समेत पानी सुक्दै गएका छन्। चुत्रा र अन्य पानी जम्मा हुने खालका झारहरू मात्रै होइन माछा समेत हराएका छन्। पहिला गोठभरी गाई भैंसी र बाखा पाल्नेहरू अहिले पानी र चरणका कारण पाल्न छोडेका छन्। यी सबको कारण भनेको खानेपानी नै हो *(बुढा, २०८१)*।

जलवायु परिवर्तनका कारण वर्षाको ढाँचा पनि परिवर्तन भएको छ। यसले रेक्चा क्षेत्रमा पानीको स्रोत सुकेर जाने समस्या झन् बढेको छ। जलवायु परिवर्तनले अनियमित र असमान वर्षा गराउँछ। यो समस्या झन् गम्भीर हुँदा प्राकृतिक स्रोतहरू नवीकरण हुन सक्दैनन्। दीर्घकालीन खडेरीले पानीको उपलब्धता घटाएको छ। पानीको अभावले वनस्पति र जमिनको हरियाली घटाएको छ। जसले जमिनको उर्वराशक्ति कमजोर बनाएको छ *(बुढाथोकी, २०७९)*। पानीको अभावले वन्यजन्तु र पारिस्थितिकीय प्रणालीमा प्रत्यक्ष असर

पुऱ्याएको छ। स्थानीय समुदायको खाद्य सुरक्षा र रोजगारीमा समस्या निम्त्याएको छ। खानेपानीको खोजीमा बसाइँ सर्ने क्रम बढ्ने र वन क्षेत्र फडानी हुने जोखिम छ। माटो र जमिनमा पानीको अभावले जैविक प्रक्रिया सुस्ताउँछ, जसले कार्बन भण्डारण क्षमतामा कमी ल्याउँछ।

बसाइँसराइले रित्तिँदै बस्ती

पानीकै अभावका कारण उत्पादन हुन छोडेपछि गाउँ रित्तिन थालेको छ। पाँच वर्ष पहिलेसम्म १ सय ८० घरधुरी भएको रेक्चामा अहिले घटेर ७० मा पुगेको छ। चार वर्षको बिचमा यहाँको आधा सङ्ख्या बसाइँ सरेको वडापालिकाको तथ्याङ्कमा उल्लेख छ। २०५४ सालमा यहाँको जनसङ्ख्या १ सय ५० घरधुरी, २०७१ सालमा १ सय १० घरधुरी, २०८० मा ९० घरधुरी र २०८१ मा ७० घरधुरीमा यहाँको जनसङ्ख्या खुम्चिएको छ। यहाँ अहिले पनि ३ सय जना मतदाता रहेका छन्। यहाँ पानीको समस्या कै कारण मानिसहरू बस्न रुचाउँदैनन्। नजिकै पानीका स्रोत समेत छैनन्। यहाँका नागरिकहरू बिजौरा, मायाताल, गुटु, वीरेन्द्रनगर र कैलालीमा बसाइँ सरेर गएका छन् *(हिस्की, २०८१)*।

अदालतले खानेपानीको व्यवस्था गर्न आदेश दिँदा पनि सम्बन्धित निकाय बेखबर जस्तै बनेका छन्। पानी खान पाऊँ भनेर यहाँका जनता अदालतसम्म पनि गए। अदालतले जनताको पक्षमा आदेश जारी गऱ्यो। तर, स्थानीय र प्रदेश सरकार आश्वासन मात्रै दिन्छन्। समस्या समाधान गर्ने तर्फ बेखबर छन्। नागरिकहरू पानीले काकाकुल हुँदा पनि सरकार मुकदर्शक भएको छ। विगतदेखि रेक्चाले भोग्दै आएको पानीको अभावलाई सरकारले पूरा गर्नुपर्छ *(बिसी, २०८१)*। नयाँ ठाउँमा जाँदा विभिन्न सांस्कृतिक र सामाजिक रहनसहनमा समेत फरक परेको छ। यसले केही हदसम्म सांस्कृतिक मेलमिलापको चुनौती पनि उत्पन्न गरेको छ।

शिक्षामा असर

स्थानीयका लागि वर्षायाममा १५ मिनेटको दूरीमा रहेका १२ ओटा कुवा र एक ओटा ताल छ। फागुन महिनादेखि असारसम्म (पानी नपरुन्जेल) दुई घण्टा पैदल हिँडेर रानागैराबाट डोकोमा पानी ल्याउनुपर्छ। १२ वर्षमाथिका विद्यार्थी बिहान ६ बजे पानी लिन गएर १० बजे घर पुग्छन्। कोहीका अभिभावकले आफू पानी ल्याउन गएर छोराछोरीलाई खाना पकाउन लगाउँछन्। रानागैरामा पानी ल्याउन जाँदा पनि लाइनमा बस्नुपर्छ। लाइनमा बस्दा बस्दै समय सकिएपछि विद्यार्थीको पढाइमा समेत प्रभाव पर्ने गरेको छ। उनीहरू विद्यालय जान पाउँदैनन्। महिनावारी भएका बेला बालिका चार दिनमा एकपटक मात्रै रानागैरा नै गएर नुहाउँछन्।

जनकल्याण आधारभूत विद्यालयमा १० वर्ष पहिलेसम्म ३ सय ५० विद्यार्थी थिए। तर, बसाइँसराइका कारण अहिले ७० जना मात्रै विद्यार्थी रहेका छन्। बालशिक्षामा १० जना र कक्षा १ देखि ८ कक्षासम्म ६० जना मात्रै छन्। विद्यार्थीले समेत पिउने पानी घरबाटै ल्याउनुपर्छ। कुवाबाट ल्याउने पानी हिलो भएका कारण शुद्ध गर्नको लागि कपडाले छानेर पानी पिउनुपर्ने बाध्यता छ। विद्यालयमा गरिब र विपन्न समुदायका बालबालिका मात्र अध्ययनरत छन्। ८ कक्षा पास गरेपछि ९ देखि माथि पढ्न गुटु वा बिजौरा भाडामा कोठा लिएर पढ्नुपर्ने बाध्यता छ। बालशिक्षामा विद्यार्थी सङ्ख्या बढे पनि माथिल्लो कक्षा गएपछि बसाइसराइका कारण विद्यार्थी पनि घट्छन्। विद्यालयमा खानेपानी नहुँदा शौचालय प्रयोगविहिन र जीर्ण छ *(देवकोटा, २०८१)*।

विद्यालयहरूमा खानेपानीको अभाव र शौचालयको जीर्ण अवस्थाले विद्यार्थीहरूको स्वास्थ्य र शिक्षा दुवैमा गम्भीर असर पुऱ्याएको छ। विद्यार्थीहरूले कुवामा जम्मा गरेको पानी पिउनाले पानीजन्य रोगहरू फैलिएका छन्। केही वर्ष पहिले विद्यालयमा झाडापखालाको महामारी आएको थियो *(जैसी, २०८१)*।

पानीजन्य रोगहरूको संक्रमणको कारण विद्यार्थीहरू विद्यालय आउन नसक्ने, बारम्बार अनुपस्थित हुने र यसले उनीहरूको पढाइमा व्यवधान पुऱ्याउने सम्भावना हुन्छ। यस्ता बिरामीहरूले विद्यार्थीलाई लामो समयसम्म विद्यालय जानबाट रोक्न सक्छ। जसका कारण उनीहरूको शैक्षिक प्रगति प्रभावित हुन्छ। अस्वस्थताको कारण विद्यार्थीहरूको ध्यान र मनोबलमा कमी आउँछ। शौचालयहरूको जीर्ण अवस्थाले विद्यार्थीलाई स्वच्छतासम्बन्धी समस्यामा पारेको छ। शौचालयमा पर्याप्त सफाइको अभावले स्वास्थ्यका समस्याहरूलाई बढावा दिन्छ। फोहोर शौचालयहरू प्रयोग गर्दा विद्यार्थीहरूलाई मानसिक असुविधा र लाज अनुभव हुन्छ। यसले उनीहरूको विद्यालयमा जाने इच्छा कम गर्छ। कहिलेकाहीँ शौचालयको अभावमा विद्यालय जान चाहँदैनन्।

अस्वस्थ्य पानी पिउनु र पानीजन्य रोगहरू बढ्नाले परिवारमा थप उपचार खर्चमा वृद्धि हुन्छ। यसले परिवारको आर्थिक रूपमा चुनौतीपूर्ण स्थिति उत्पन्न हुन्छ। विद्यार्थीहरू बारम्बार स्वास्थ्य समस्याबाट पीडित हुँदा उनीहरूको पढाइमा उत्साह र प्रेरणा घट्छ। विद्यालयको शौचालय र पानीको समस्याले शिक्षकहरूको स्वास्थ्यमा पनि असर पुऱ्याएको छ। प्रदूषित पानी र शौचालयको खराब अवस्थाले शिक्षकहरूलाई पनि पानीजन्य रोगहरूको जोखिममा पारेको छ। जसले उनीहरूको शिक्षण कार्यमा प्रभाव पारेको छ।

स्वास्थ्यमा असर

महिनावारीका बेला चार दिनमा मात्रै नुहाउन पानी उपलब्ध हुन्छ। महिनावारीमा दिनहुँ नुहाउनुपर्छ। अन्य सयमको तुलनामा यसबेला बढी सरसफाइ गर्नुपर्छ। तर, चार दिनमा मात्रै एक पटक नुहाउन पाइन्छ। महिनावारी हुँदा कुवा समेत छुन दिँदैनन्। अन्य व्यक्तिले समेत महिनामा दुई बाल्टीले मात्रै एक दिन नुहाउन पाउँछन्। हरेक दिन बिहानदेखि साँझसम्म पानीको जोहो गर्नमै बित्छ। पानीको कुवा घर नजिकै छ। तर, पर्याप्त मात्रामा पानी नहुँदा मानिस र गाईवस्तु समेत पर्याप्त पानी पिउन पाउँदैनन्। पखाला, ज्वरो जस्ता सामान्य बिराम लागेपनि नजिकमा स्वास्थ्य चौकी छैन *(जैसी, २०८१)*।

खानेपानी नपाउँदा अन्य आधारभूत सुविधाहरूको विकासमा पनि समस्या भोगिरहेका छन्। उद्योग, बजारीकरण, व्यवसाय र शिक्षामा पानीको अभावले सारा क्षेत्रलाई पछाडि धकेलिरहेको छ। खानेपानीको लागि सीमित स्रोतमा सबैले पहुँच खोज्दा कहिलेकाहीं विवाद पनि हुन्छ। कतिपय ठाउँमा पालो र पानी नपुगेको भन्दै झगडा हुन्छ। पर्याप्त र दीर्घकालीन स्रोत व्यवस्थापन, पानी शुद्धिकरणको व्यवस्था, प्रत्येक घरमा धारा निर्माण, कृषिका लागि विशेष सिंचाइ योजना, पानीको संरक्षण र उचित व्यवस्थापनबारे सचेतना कार्यक्रम यहाँ चाहेका समाधानहरू हुन्। स्थानीयहरूलाई पानीको समस्याबाट मुक्त गर्न तत्काल र दीर्घकालीन समाधानका लागि सरकार र गैरसरकारी निकायले सहयोग गर्न आवश्यक छ।

इनारको पानी जम्मा भएका कारण यसैपनि प्रदूषित हुन्छ। प्रदूषित पानीको सेवनबाट जन्डिस, पोलियो, बच्चामा भाइरल संक्रमण, झाडापखाला, टाइफाइड, रगतमासी, भाइरल र इन्फेक्टिब हेपाटाइटिस, पखाला, झाडाबान्ता, आन्द्रासम्बन्धी रोग, हैजा, म्यादे ज्वरो, आउँ, जियार्डियासिस, डोलो, कोर्रे र फित्ते जुकाको सङ्क्रमण हुने गर्छ। यही पानी पिएकै कारण कति जनाको मृत्यु भयो भन्ने विषयमा भने तथ्याङ्क स्थानीय तहसँग पनि छैन। इनारको फोहोर पानी जम्मा भई लामखुट्टे र अन्य किटाणु बढ्छन् र अन्य प्रमुख रोग औंलो, कालाज्वर, फाइलेरिया, डेंगु लगायतका रोगको जोखिम पनि उत्तिकै बढ्छ। तर रेक्चाका स्थानीय त्यही कुवाको दुषित पानी पिउन बाध्य छन्। त्यसले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव पारेको विषयमा दुई मत छैन *(केसी, २०८१)*।

कृषिमा असर

तपेन्द्र बुढाक्षेत्रीको १५ रोपनी जग्गा छ। आजभन्दा १० वर्षअघिसम्म १० जनाको परिवारलाई यही जग्गाबाट उब्जनी हुने अन्नले धान्थ्यो। आकासे पानीकै भरमा सिजन अनुसार धान, मकै, गहुँ लगाउँथे। तर, पछिल्लो समय आकासे पानी सयमा नपर्दा खाद्य संकट पर्ने गरेको छ। पानीको कुनै भर नहुँदा रेक्चाका स्थानीयले बारीमा धान लगाउनै छोडे। रेक्चाका स्थानीयले परापूर्वकालदेखि नै आकासे पानीको भरमा खेतिपाती गर्दै आएका थिए। ठूलो तालमा पानी भए पनि सिँचाइभन्दा गाईवस्तुलाई खुवाउनका लागि प्रयोग गर्थे। वैशाख जेठ महिनामा कुवाको पानी सुक्थ्यो। अनि त्यही तालकै पानी कपडाले छानेर समेत खाने गर्थे। अहिले ताल छेउबाटै सडक खनिएको छ। माथिबाट माटो आएर ताल नै पुरिएको छ। वर्षमा समेत पानी जम्मा हुँदैन। मकै र गहुँको मात्रै पानीको अवस्था अनुसार लगाउन लगाइयो। समयमा पानी नपर्दा गहुँ र मकै पनि कम उत्पादन हुन थाल्यो। त्यसैले यहाँका नागरिक एक दिनभरको पैदल यात्रा गरेर स्थानीय तहको केन्द्र गुटुमा पुगेर चामल ल्याउन बाध्य भएका छन्। यस वर्ष १५ रोपनीमा सात मुरी मकै मात्रै फल्यो। गहुँ पनि पहिलेजस्तो हुँदैन। जसले परिवारलाई धान्नै मुस्किल छ *(शाही, २०८१)*।

गाउँमा बाटो नाम मात्रको बाटो पुग्यो। तर, सवारी साधन पुग्दैनन्। मानिस र पशुपंक्षीलाई पिउने पानीको स्रोत भनेकै इनारको पानी हो। आकासे पानीबाट भरिएका कुवाले पनि खानेपानीमा संकट भएको छ। चैतबाट जेठसम्म पानी ल्याउन तीन घण्टा पैदल हिँडेर रानागैरा र धारापानीसम्म जानुपर्छ। आफ्नो जग्गा छ। तर, सिचाईं छैन। आकासे पानी पनि

समयमा पर्दैन। पानी नभएपछि उत्पादन नै हुन छोड्यो। पानी नहुँदा गाइ बाख्रा पाल्न पनि समस्या छ (थापा, २०८१)। १० रोपनी जग्गामा पानी अभावकै कारण उत्पादन हुन छोडेको छ।

रेक्चामा रहेका ७० घरधुरीकै अन्न उत्पादनमा कमी भएपछि किन्नुपर्ने बाध्यता छ। यी सबै घरधुरी पानीको प्रत्यक्ष चपेटामा छन्। कुवा भरिएको बेला पनि दिनमा दुई गाग्री मात्रै पानी लिन पाउँछन्। त्यो पनि चौकीदारको प्रत्यक्ष निगरानीमा। जम्मा १८ ओटा कुवामध्ये आठ ओटा कुवा मात्रै व्यवस्थित छन्। अन्य १० कुवा जीर्ण छन्। विवाह, ब्रतबन्ध तथा मृत्यु संस्कारमा मात्रै गाउँको सहमति अनुसार दुई चार गाग्री पानी बढी दिइन्छ। त्यसैले पनि यहाँ मान्छेहरू बस्न रुचाउँदैनन् *(शाही, २०८१)*। रेक्चामा पानीको अभावले कृषिमा गम्भीर प्रभाव पारेको छ। धान, मकै, र गहुँ उत्पादनमा गिरावट आएको छ। स्थानीय किसानहरूले साना तरकारी खेती (जस्तै, आलु, टमाटर) गर्न चाहँदा पनि पर्याप्त पानी अभावका कारण लगानी गर्न सकेका छैनन्। केही लगानी गरेकाहरूको पनि खेर गएको छ। ड्रिप इरिगेसन जस्ता प्रविधि अपनाउने चाहना हुँदाहुँदै पनि पानीको स्रोत नभएकोले कृषि आधुनिकीकरण सम्भव भएको छैन। बाली उत्पादन घटेपछि किसानहरूको आम्दानीमा कमी आएको छ। यसले परिवारको दैनिकीमा समेत असर पुऱ्याएको छ। डिप बोरिङ, पोखरी र साना जलाशय निर्माणले केही हदसम्म समाधान ल्याउन सक्छ।

इन्सेकको निरन्तर साथ

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले यो गाउँको खानेपानी समस्याको विषयमा निरन्तर खबरदारी र समन्वय गरिरहेको छ। वर्षौंदेखि खानेपानीको अभाव भोग्दै आएका रेक्चाका स्थानीयको तर्फबाट ०८० वैशाख २७ गते दैनिक पानी पुऱ्याउने बन्दोबस्तको माग गर्दै सुर्खेतका अधिवक्ता प्रकाशबाबु ऐडी र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), सुर्खेतका तत्कालीन कार्यक्रम अधिकृत परिस्कृत पौडेलले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भौतिक पूर्वाधार विकास मन्त्रालय र चौकुने गाउँपालिकाविरुद्ध उच्च अदालतमा रिट निवेदन दर्ता गरेका थिए। निवेदकद्वयले रेक्चाका नागरिकहरू न्यूनतम मानवीय आवश्यकता भित्र पर्ने स्वच्छ खानेपानीका लागि प्रताडित भइरहेको बताउँदै रेक्चाका ९० घरधूरीलाई तत्काल खानेपानी उपलब्ध गराउन अन्तरिम आदेश माग गरेका थिए।

अदालतले ०८० वैशाख २८ गते रेक्चाका स्थानीयका लागि दैनिक न्यूनतम खानेपानी आपूर्ति गर्न के कस्तो प्रबन्ध गर्न सकिन्छ ? सो को विवरण प्राविधिक समेतको सहयोगमा तयार गरी लिखित जवाफ साथ प्रतिवेदन पठाउन चौकुने गाउँपालिकालाई १५ दिनभित्र लिखित जवाफ पेश गर्न आदेश दिएको थियो। उच्च अदालत, सुर्खेतका तत्कालीन कायम मुकायम मुख्य न्यायाधीश माधवप्रसाद पोखरेल र न्यायाधीश पुनम सिंह चन्दको संयुक्त इजलासले ०८० साउन ३२ गते रेक्चावासीलाई खानेपानी उपलब्ध गराउन परमादेश जारी गरेको थियो। अदालतले चौकुने गाउँपालिकालाई कर्तब्य निर्वाह गर्न दत्तचित्त भएर लाग्न र अन्य विपक्षी कार्यालयलाई कर्तब्य निर्वाह गर्न परमादेश जारी गर्दै खानेपानीको दीर्घकालीन रूपमा समाधान गर्न आदेश दिएको थियो। त्यस्तै इन्सेक कर्णाली प्रदेशले चौकुनेमा गएर ०८० असोज २२ गते आयोजित रेक्चा खानेपानी समस्या समाधानसम्बन्धी जनप्रतिनिधि र सरोकारवाला निकायसँग संवाद कार्यक्रम गरेको थियो *(उच्च अदालत, २०८०)*। त्यस्तै ०८१ असोज १७ गते इन्सेकको टोलीले रेक्चामा पुगेर स्थलगत अनुगमन समेत गरेको थियो।

रेक्चबासीको समस्या समाधान गर्न स्थानीयलाई कानुनी सहयोग गरेको भन्दै उनीहरूलाई पानी उपलब्ध गराउन स्थानीय, प्रदेश र सङ्घीय सरकारले गम्भीर रूपमा लिनुपर्छ। यसका लागि इन्सेकले निरन्तर खबरदारी गरिरहेको छ *(सुवेदी, २०८१)*।

स्थानीयद्वारा गाउँपालिकामा धर्ना

पुस्तौंदेखि गाउँमा पानीको चरम अभाव भोगिरहेका रेक्चाका नागरिकले खानेपानीको माग राख्दै ०८१ जेठ ३२ गते चौकुने गाउँपालिकामा धर्ना दिए। सुखा खडेरीमा आकासे पानी सङ्कलन गर्ने कुवा सुक्दा पानीको सङ्कट बढेपछि स्थानीयहरूले खाली गाग्रीसहित गाउँपालिकामा पुगेर धर्ना दिए। एक गाग्री पानीका लागि कहिलेसम्म कुर्नुपर्ने सरकार भन्दै स्थानीयले विरोध जनाए *(विक, २०८१)*। खानेपानीको चरम संकट चुलिएपछि स्थानीयवासीहरू रेक्चा खानेपानी संघर्ष समिति नै गठन गरेर विरोधमा उत्रिए। उनीहरूले पानीको समस्या समाधान नभए चरणवद्ध आन्दोलन गर्ने घोषणा समेत गरेर कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलसँग भेटघाट गरे। मुख्यमन्त्रीले पनि पानी पुऱ्याउने आश्वासन दिएपछि

उनीहरू गाउँतिर फिर्ता भए। प्रदेशको नीति तथा कार्यक्रम र बजेटमा समेत रेक्चाको खानेपानी अटाउन सकेन। त्यसैले पनि यहाँका स्थानीय स्थानीय र प्रदेश सरकारसँग आजित भएका छन्। जबसम्म यहाँ पानी आउँदैन तबसम्म यहाँका नागरिकहरू निरन्तर खबरदारी र आन्दोलन गरिरहन्छन्। चाहे त्यसका लागि पद नै किन नजाओस्। यहाँका नागरिकलाई खानेपानीको समस्या समाधान हुँदैन तबसम्म प्रदेश र स्थानीय तहमा निरन्तर आन्दोलन जारी हुन्छ *(बुढाक्षेत्री, २०८१)*।

पानीका लागि जनप्रतिनिधि नै आन्दोलनमा

चौकुने गाउँपालिका-५, रेक्चाको खानेपानीको समस्या समाधान गर्न भन्दै जनप्रतिनिधिकै नेतृत्वमा संघर्ष समिति गठन भएको छ। वडा सदस्य तपेन्द्र बुढाक्षेत्रीकै नेतृत्वमा रेक्चावासीलाई पानीको व्यवस्थापन गर्न भन्दै संघर्ष समिति बनेको हो। समिति अहिले पनि आन्दोलनरत अवस्थामा छ। कर्णाली प्रदेश सरकार र चौकुने गाउँपालिकाको संयुक्त लगानी १ करोड २७ लाख रुपियाँमा ठेक्का दिएको रेक्चा लिफ्ट खानेपनी समेत अलपत्र अवस्थामा छ। सडक र विद्युतको अभाव देखाउँदै ठेकेदार पन्छिरहेका छन्। त्यसबाट पानी आउन सक्ने सम्भावना नदेखेपछि छिटोभन्दा छिटो समस्या समाधान गर्नका लागि हङ्कङ्को कादुरी नामक संस्थाले डिप बोरिङ मार्फत बनाउने गरी प्रक्रिया अगाडि बढाएको छ। ट्याङ्कीका लागि जग्गा उनै वडा सदस्य बुढाक्षेत्रीले उपलब्ध गराएका छन्। पानीका लागि पहिलो चरणमा गाउँपालिकासम्म आन्दोलन गए। अब यहाँका स्थानीयहरूको प्रदेश हुँदै केन्द्र सरकारसम्म जाने योजना छ। डोको र खाली गाग्री लिएर आन्दोलन गर्ने र समस्या समाधान नगरे आगामी निर्वाचनमा सबै पार्टीलाई बहिष्कार गर्ने निर्णय गरेका छन् *(विक, २०८१)*।

सरकारी तहको प्रयास

आर्थिक वर्ष २०७९-८० मा इनारहरूलाई व्यवस्थित गर्न कर्णाली प्रदेश सरकारको उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयले ४५ लाख रुपियाँ बजेट विनियोजन गरेको थियो। जसबाट जीर्ण तथा पुराना इनार मर्मत गर्ने र पानी झिक्नका लागि सहज हुने उपकरण जडान गरी बस्तुभाउलाई पानी खुवाउने इनार बनाइयो। पानीको उपयुक्त मुहान नहुँदा समस्या समाधान गर्न सकिएको छैन। अब मुहानको व्यवस्थापन गरेर समस्या समाधान गरिनेछ। रेक्चावासीलाई पानी दिनका लागि गाउँपालिकाले निरन्तर पहल कदमी गरेपनि विद्युत अभावका कारण उद्देश्य पूरा हुन सकेको छैन। रेक्चावासीलाई पानी खुवाउने ठूलो लक्ष्य छ। तर, त्यहाँ पानीको मुहान छैन। नदीबाट पानीमाथि ल्याउन विद्युतको आवश्यकता पर्दछ। त्यहाँ आवश्यक पर्ने विद्युत छैन। रेक्चासँगै चौकुनेका अन्य डाँडाका बस्तीमा समेत पानीको अभाव विगतदेखि रहेको छ। स्थानीय तहको सीमित स्रोत र साधनले मात्रै खानेपानीको समस्या समाधान गर्न सक्दैन।

चालु आर्थिक वर्षमा प्रदेश सरकारको लगानी र चौकुने गाउँपालिकाको समन्वयमा १ करोड २६ लाख रुपियाँ लागतमा बस्तीदेखि तीन किलोमिटर तल रहेको कर्णाली नदीबाट लिफ्ट खानेपानी आयोजना निर्माण चलिरहेको छ। तर, विद्युत नहुँदा काम अगाडि बढ्न सकेन। मुहानसम्म विद्युतको ट्रान्सफर्मर पुर्‍याउने सडक नहुँदा पनि काम अघि बढ्न सकेको छैन। स्थानीय तहले विभिन्न समयमा सरकारी तथा गैरसरकारी निकायसँग समन्वय गरेर काम गरिरहेको छ। छिटोभन्दा छिटो रेक्चावासीको पानीको समस्या समाधान गर्न प्रदेश र केन्द्र सरकारसँग आवश्यक पहल गरिरहेको छ *(विक, २०८१)*।

दशकौंदेखि खानेपानीको समस्या भोग्दै आएको रेक्चावासीका लागि लिफ्ट मार्फत पानी पुर्‍याउन २०७७ फागुन २५ गते ठेक्का सम्झौता भएको थियो। सम्झौता अनुसार २०७८ असार २५ गतेसम्म चार महिनामा काम पूरा हुनुपर्ने थियो। ठेक्काको म्याद सकिएको तीन वर्ष हुँदा पनि काम पूरा भएको छैन। गाउँपालिकाले १ करोड ७२ लाख रुपियाँ लागत अनुमान गरेको भए पनि 'रवीन्द्र निर्माण सेवा' एक करोड २७ लाखमा ठेक्का लिएको थियो। काम पूरा नहुँदा हालसम्म बनेका कतिपय संरचनाहरू जीर्ण हुन थालेका छन्। सम्बन्धित ठाउँमा सामग्री पुर्‍याउनका लागि बाटो छैन। हेलिकप्टरबाट सामान लैजान पनि महँगो छ। अन्य केही संरचनाहरू समेत बनेका छन्। ती संरचना पनि जीर्ण हुन लागिसके। ट्रान्सफर्मर लगायतका केही तौलवाला समान लिन सडक नभएका कारण काम रोकिएको छ। अप्ठ्यारा कामहरू बाँकी रहेका छन् सरकारी निकायको सहयोग आवश्यक रहेको छ *(शाही, २०८१)*।

रेक्चा खानेपानीका लागि चौकीदार

फागुनदेखि असारसम्मको खडेरीमा मानिस र

वस्तुभाउलाई खानेपानीको समस्या पर्छ। त्यतिबेला गाउँलेबिच नै खानेपानीका लागि कुवामा हानथाप हुन्छ। कतिपय अवस्थामा त झै-झगडा भएर हात हालाहाल हुन्छ। त्यही समस्या समाधान गर्नका लागि चौकीदार नै राख्ने गरेको छ। चौकीदारले प्रत्येक घरलाई दुई गाग्रीका दरले पानी वितरण गर्छन्। कुवामा ताला लगाइएको हुन्छ। चौकीदारले गएर खोलेपछि मानिसहरू लाइनमा बस्छन्। त्यसपछि पालैपालो दुई गाग्रीका हिसाबले पानी वितरण हुन्छ। गाईवस्तुलाई त पानी पुग्दैन। रानागैरा लिएर दुई दिनको फरकमा पानी खुवाउनुपर्छ। रेक्चाको कुवामा चौकीदार राख्दा फोहोर फाल्ने वा प्रदूषण हुने गतिविधिलाई नियन्त्रण गर्छन्। कुवाको वरपर अनाधिकृत पहुँच रोक्न र पानीको दुरुपयोगबाट जोगाउँछन्। त्यस्तै चौकीदारले पानीको सही वितरण सुनिश्चित गर्न सक्ने भएकोले सबैको पहुँचमा समान रूपले पानी पुग्छ। विवाह, मृत्युजस्ता शुभ, अशुभ काममा गाउँले नै बसेर अन्यलाई भन्दा त्यस्ता घरधुरीलाई प्राथमिकता दिएर दोब्बर पानी दिने गरेका छन् *(शाही, २०८१)*[1]। चौकीदारको उपस्थितिले कुवालाई सामुदायिक सम्पत्ति मान्ने भावना बलियो बनाउँछ। त्यस्तै कुवाको अवस्था बिग्रँदा वा कुनै समस्या आउँदा चौकीदारले तुरुन्तै सूचना दिन्छ र समयमै मर्मत गर्छन्। चौकीदारलाई गाउँलेले हरेक सिजन अनुसार चार पाथीका दरले अन्न दिन्छन्। धान, मकै, गहुँको सिजनमा प्रत्येक घरबाट पाथी उठाएर कुवामा रहेका चौकीदारलाई बुझाउने गर्छन्।

योजनाले पलाएको आशा

त्यसकारण रेक्चाको समस्या छिटोभन्दा छिटो समाधान गर्नका लागि हङ्कङ्को कादुरी नामक संस्थाले डिप बोरिङ्ग मार्फत बनाउने गरी प्रक्रिया अगाडि बढाएको छ। संस्थाले स्थानीयको सहभागितामा जनश्रमदान र संस्थाले प्राविधिक, सामग्री र सम्पूर्ण लागत सहयोग गर्ने गरी ०८१ साउन ८ गते सम्झौता समेत गरिसकेको छ। त्यसले गर्दा स्थानीयलाई आशा जगाएको छ। रेक्चा खानेपानी निर्माण उपभोक्ता समिति गठन भई आगमी प्रक्रिया अगाडि बढेको छ। तीन वर्षमा काम सक्नेगरी संस्थाले समितिसँग सम्झौता गरेको छ। तर, यहाँसम्म आउने सडकको अवस्था राम्रो नभएका कारण तत्कालका लागि काम गर्न सकिएको छैन। ट्याङ्कीका लागि जग्गा स्थानीयले निःशुल्क दिइसकेका छन्। ३० टन सामग्री ल्याएर आउने बाटोको आवश्यक छ। संस्थाले बाटोको जिम्मा स्थानीय र प्रदेश सरकारलाई दिएको छ। तर, त्यसमा सरकारले खासै चासो देखाएको छैन। ५ सयदेखि ९ सय मिटरको गहिराईमा ड्रिल गर्ने संस्थाको योजना छ। समयमा नै सडक र बत्तीको समाधान भए काम छिटो हुने थियो। नभए फेरि यो मौका गुम्ने खतरा पनि त्यति नै छ *(शाही, २०८१)*।

निष्कर्ष

खानलाई पानी र मानव सभ्यताको विकासको गहिरो सम्बन्ध छ। ऐतिहासिक कालमा प्रविधिको उपयुक्त विकास नभइसकेको अवस्थामा खोलानालामा बग्ने तथा ताल-पोखरीको पानी मानिसको जीविकोपार्जनसँग प्रत्यक्ष सम्बन्ध राख्थ्यो। प्रविधिको विकाससँगै पानीको गुणस्तर बारेमा ज्ञान वृद्धि हुँदै गयो र भूमिगत जलको प्रयोग पहिलो रोजाइमा पर्न थाल्यो। यसरी सतहमा उपलब्ध हुने पानी तथा सतह मुनिको पानी दुवै हाम्रो दैनिकीसँग प्रत्यक्ष सरोकार राख्ने वस्तुहरूमध्ये सबैभन्दा महत्वपूर्ण मानिन्छ। उक्त समस्याको समाधान गर्न सामान्यतः स्रोत व्यवस्थापन, पूर्वाधार निर्माण गर्दा प्राकृतिक वातावारणीय पक्षलाई ध्यान दिने, उचित भू-उपयोगलाई व्यवहारमा लागु गर्ने र नजिकैको कर्णाली नदीबाट पम्पिङ्गका माध्यमबाट बस्तीमा पानी पु¥याउन सकिने विकल्प छ। तर, त्यो त्यति सहज छैन। त्यसकारण चट्टानभित्र सञ्चित पानीलाई कम गहिराइका बोरिङहरू ड्रिल गरी प्रयोगमा ल्याउन सकिन्छ। त्यसका लागि स्थानीय नागरिक, राजनीतिक दल र सरोकारवाला निकायको सक्रिय सहभागिता र प्रभावकारी काममा निरन्तर अनुगमन गर्न आवश्यक छ। अर्को कुरा संविधानले नै सुनिश्चित गरेको अधिकारलाई बेवास्ता गर्ने अधिकार तीनै तहका सरकार र यो राज्यलाई छैन। जनताको स्वच्छ खानेपानीको अधिकारको रक्षा गर्न राज्यले समयमा नै ध्यान पु¥याउन जरुरी छ।

सन्दर्भ सामग्री

उच्च अदालत सुर्खेतको आदेश २०८० साउन ३२ गते सुर्खेत

कोइराला, गीता (२०८१), कुराकानीमा आधारित, अधिवक्ता, सुर्खेत

केसी, डा. नवराज (२०८१), कुराकानीमा आधारित, बाल रोग विशेषज्ञ, कर्णाली केयर अस्पताल, सुर्खेत

जैसी, निर्मला (२०८१), कुराकानीमा आधारित, स्थानीय, चौकुने गाउँपालिका ५ नम्बर वडा

देवकोटा, लोकराज (२०८१), कुराकानीमा आधारित, प्रध्यानाध्यापक, जनकल्याण आवि, रेक्चा

बुढाक्षेत्री, तपेन्द्र (२०८१), कुराकानीमा आधारित, चौकुने गाउँपालिका ५ नम्बर वडा सदस्य तथा संघर्ष समितिका अध्यक्ष रेक्चा

बुढा, पदम सिंह (२०८१), कुराकानीमा आधारित, चौकुने गाउँपालिका ५ नम्बर वडा स्थानीय जेष्ठ नागरिक

बुढाथोकी, प्रकाश (२०७९ वैशाख १० गते), *खानेपानी प्रदूषण र स्वास्थ्य समस्या* ः राजधानी डेली डट कम अनलाइन, https://rajdhanidaily.com/id/60730/

थापा, प्रेम बहादुर (२०८१), कुराकानीमा आधारित, स्थानीय, चौकुने गाउँपालिका ५ नम्बर वडा सुर्खेत

विक, जनाला जगतदल (२०८१ मङ्सिर १७ गते), रेक्चाबासीका दुख: पानीको अभावमा जग्गा बाँझै, विद्यालयमा विद्यार्थी घटे, बसाइ सरेर गाउँ रित्तिँदै, रमिते सरकार, उकेरा प्रकाशन, https://ukeraa.com/news/detail/148745/

सुवेदी, नारायण (२०८१), कुराकानीमा आधारित, संयोजक, इन्सेक कर्णाली प्रदेश कार्यालय, र इन्सेक कर्णाली प्रदेशले तयार गरेको फ्याक्टफान्डिङ्ग रिपोर्ट, २०८१

शाही, उपेन्द्रबहादुर (२०८१), कुराकानीमा आधारित, स्थानीय, चौकुने गाउँपालिका ५ नम्बर वडा सुर्खेत

शाही, जगत (२०८१), कुराकानीमा आधारित, अध्यक्ष, रेक्चा खानेपानी निर्माण उपभोक्ता समिति, चौकुने गाउँपालिका ५ नम्बर वडा, सुर्खेत

शाही, रतन (२०८१), कुराकानीमा आधारित, स्थानीय कुवा चौकीदार, चौकुने गाउँपालिका ५ नम्बर वडा, सुर्खेत

हिस्की, तुलाराम (२०८१), कुराकानीमा आधारित, चौकुने गाउँपालिका ५ नम्बर वडा अध्यक्ष

७.७ कैलाली जिल्लामा एचआईभी सङ्क्रमितहरूको अवस्था

परिचय

कैलालीलगायत सुदूरपश्चिम प्रदेशका अन्य जिल्लामा एचआईभी सङ्क्रमितहरू आधारभूत अधिकारबाट वञ्चित हुनुपरेको अवस्था छ। नेपाल सरकारले सन् २०३० सम्म नेपालमा एचआईभी निर्मूल पार्ने लक्ष्य राखेको भए पनि त्यस अनुरुपका ठोस् नीति तथा कार्यक्रमहरू ल्याइएको पाइदैन। रोजगारीका लागि छिमेकी मुलुक भारत जाने युवायुवतीहरूको सङ्ख्यामा कमी आएको छैन। एचआईभी सङ्क्रमित हुनुको मुख्य कारण भारतका मुम्बई, दिल्ली, बेङ्लोरलगायतका सहरहरूमा रोजगारीका लागि जाने युवायुवतीहरूको असुरक्षित यौन सम्पर्क हो भन्ने जानकारहरू बताउँछन् *जोशी,* २०७७)। जसमध्ये सङ्क्रमित बालबालिकाहरूको सङ्ख्या १२ छ।

राष्ट्रिय एचआईभी तथा एड्स महासङ्घ, नेपालको तथ्याङ्क अनुसार कैलाली जिल्लाका १३ ओटा स्थानीय तहमा १ हजार ४ सय २४ जना एचआईभी सङ्क्रमितहरू रहेका छन्। उनीहरूले सेती प्रदेशिक अस्पताल, धनगढी, टिकापुर अस्पताल, टिकापुर र मालाखेती अस्पताल, मालाखेतीबाट एआरटी सेवा लिइरहेका छन्। सङ्क्रमित व्यक्तिहरूमध्ये सेती प्रादेशिक अस्पतालबाट ७ सय ५१ जना, मालाखोती अस्पतालबाट १ सय १५ जना र टिकापुर अस्पतालबाट ५ सय ५६ जनाले एआरटी सेवाहरू लिइरहेका छन्। राष्ट्रिय एचआईभी तथा एड्स महासङ्घ, नेपाल र गोदावरी पल्सको तथ्याङ्क अनुसार कैलाली जिल्लामा सबैभन्दा बढी एचआईभी सङ्क्रमितहरूको सङ्ख्या गोदावरी नगरपालिकामा रहेको छ। गोदावरी पल्सको तथ्याङ्क अनुसार गोदावरी नगरपालिकामा १ सय ८२ जना महिलासहित ३ सय ४२ जना एचआईभी सङ्क्रमित छन्। जसमध्ये १२ जना बालिकासहित २५ जना बालबालिकाहरू सङ्क्रमणबाट पीडित भएका छन्। १२ जना सङ्क्रमित बालिकामध्ये ८ देखि १० कक्षामा अध्ययनरत सात जना छन्। एक जना अपाङ्गता भएकी सङ्क्रमित बालिकासहित तीन जनाले १० कक्षा अध्ययन पूरा गरी आर्थिक अभावका कारण उच्च शिक्षा पढ्न नसकेर घरमै बस्दै आएका छन्। दुई जना बालिकाले कक्षा १२ अध्ययन पूरा गरी उच्च शिक्षा अध्ययन गर्न आर्थिक अभाव भएपछि घरमै बस्न बाध्य छन्। १३ जना सङ्क्रमित बालकहरूमध्ये ६ जना बालकहरू राजगारीको खोजीमा छिमेकी मुलुक भारत गएका छन् भने सात जना बालकहरू विद्यालयमा अध्ययनरत छन्। यसैगरी बर्दगोरीया गाउँपालिकामा ३० जना महिला सहित ५९ जना, घोडाघोडी नगरपालिकामा ४० जना महिला सहित ७८ जना, गौरीगङ्गा नगरपालिकामा ८८ जना महिला सहित १ सय ७० जना, भजनी नगरपालिकामा १० जना महिला सहित २३ जना एचआईभी सङ्क्रमितहरू छन्। जसमध्ये बर्दगोरीया गाउँपालिकामा नौ जना, घोडाघोडी नगरपालिकामा चार जना, गौरीगङ्गा नगरपालिकामा नौ जना र भजनी नगरपालिकामा एक जना गरी २३ जना बालबालिकाहरू सङ्क्रमित छन्। सानो उमेरका बालबालिकाहरू विद्यालयमा अध्ययन गरिरहेका भए पनि कक्षा ८ देखि १२ सम्म अध्ययनरत बालबालिकाहरू अर्थिक अभावका कारण बिचमै विद्यालय छोडेर घरमा बस्ने र केही बालबालिकाहरू रोजगारीको खोजीमा छिमेकी मुलक भारत जान बध्य भएका गोदावरी पल्सका जिल्ला सहजकर्ता गोरख बिकले बताए। १२ कक्षासम्म अध्ययन गरेका एचआईभी सङ्क्रमित बालबालिकाहरूले स्वदेशमै रोजगारीको अवसर नपाएको समेत गुनासो गरेका छन्।

राष्ट्रिय नीति तथा कार्यक्रम

नेपालमा एचआईभी तथा यौन रोग रोकथाम र प्रतिक्रियाका लागि वि.स. २०४९ सालमा राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र स्थापना भयो। सन् २०३० सम्ममा देशबाट एड्सको माहामारीलाई अन्त्य गर्ने लक्ष्य हासिल गर्न र एचआईभीको जाँच र उपचारको रणनीतिमा आधारित भएर एचआईभी तथा एड्ससम्बन्धी कार्यक्रमहरू सञ्चालन भइरहेका भए पनि त्यसको प्रभाव न्यून रूपमा देखिएको छ। नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका अनुसार सन् २०२१ मा नेपालमा १ करोड ७५ लाख अमेरिकी डलर राष्ट्रिय एचआइभी कार्यक्रमका लागि खर्च भएको छ जुन कूल खर्चमा नेपाल सरकारको लगानी २४ प्रतिशत थियो।

नेपालमा राष्ट्रिय एचआईभी रणनीतिक योजना २०२१-२०२६ ले निर्देश गरेअनुरुप उच्च जोखिममा

रहेका समूहहरू जस्तै सुईद्वारा लागू पदार्थ प्रयोग गर्ने, यौनकर्मी र तिनका ग्राहकहरू, पुरुष समलिङ्गी तथा तेस्रोलिङ्गी र रोजगारीका लागि विदेशिनेहरू तथा तिनका दम्पति र जेलमा रहेका कैदैबन्दीहरूका साथै एचआईभी रोकथाम कार्यक्रम एवम् सङ्क्रमित र प्रभावितहरूका लागि उपचार, हेरचाह तथा सहयोग कार्यक्रम सञ्चालन हुन पर्ने थियो । तर, ती कार्यहरू सहज रुपमा सञ्चालन हुन नसकेको अवस्था *(अनुमोदन, २०७५)*।

नेपाल सरकारले एचआईभी र एड्स, यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धी शिक्षा सामुदायिक तथा संस्थागत विद्यालय र विश्वविद्यालयमा अध्ययन तथा अध्यापन गर्ने गराउने व्यवस्था गर्ने उल्लेख गरिएको छ। तर, यसको प्रभावकारी कार्यान्वयनमा समस्या देखिएको छ। विधेयकको परिच्छेद ४ को ३ र ४ मा कसैलाई पनि एचआईभी र एड्स भएको वा भएको छ भन्ने आशङ्कामा कुनै पनि मृतकलाई निजको अन्तिम संस्कार गर्ने कार्यमा रोक लगाउन वा बाधा अवरोध पु¥याउन हुँदैन। एचआईभी सङ्क्रमण र एड्स लागेको वा त्यसको आशङ्कामा कुनै पनि व्यक्तिलाई कसैले पनि कानुन प्रदत्त हक अधिकार प्रयोग गर्न रोक लगाउने गरी पारिवारिक तथा निजी जीवनमा भेदभाव गर्न गराउन नपाइने व्यवस्था गरिएको भए पनि एचआईभी सङ्क्रमितहरूले विगतका दिनहरूमा दाहसस्कार र स्वास्थ्य उपचार पाउने नैसर्गिक अधिकारबाट वञ्चित हुनुपरेको घटनाहरू जीवन्त छन्।

नेपाल सरकार स्वास्थ्य मन्त्रालयले पाँचौं राष्ट्रिय एचआईभी रणनीति योजना २०२१-२०२६ सार्वजनिक गरेर सन् २०३० सम्ममा नेपालबाट एचआइभी निर्मूल पार्ने लक्ष्य लिएको भए पनि एचआइभी सङ्क्रमितहरूको सङ्ख्यामा कमी आउन नसकेको अवस्था छ। रणनीति योजना २०२१-२०२६ मा नयाँ एचआईभी सङ्क्रमण रोकथाम गर्ने, एचआईभी सङ्क्रमित व्यक्तिहरूको स्वास्थ्यसम्बन्धी परिणामहरूमा सुधार ल्याउने, एचआईभी सङ्क्रमित तथा मुख्य समूहहरूमा एचआईभी सम्बन्धित असमानताहरूमा कमी ल्याउने र सन् २०२६ सम्ममा अनुमानित एचआईभी सङ्क्रमितमध्ये ९५ प्रतिशतको पहिचान गर्ने, एचआईभी सङ्क्रमण पुष्टि भएका ९५ प्रतिशत व्यक्तिको उपचार गर्ने, एआरटी सेवा लिइरहेका एचआईभी सङ्क्रमितमध्ये ९५ प्रतिशतमा भाइरल लोड सप्रेसन हासिल गर्ने, नयाँ एचआईभी सङ्क्रमणलाई ९० प्रतिशतले कम गर्ने र आमाबाट बच्चामा एचआईभीको सङ्क्रमण उन्मूलन गर्ने उद्देश्य तथा लक्ष्य राखिएको भए पनि त्यस अनुसार उपलब्धि हासिल हुन सकेको छैन*(ऐर, २०७७)*। यदपी सङ्क्रमणलाई कम गर्नका लागि आउटरीच शिक्षा, कण्डम प्रवर्धन, एचआईभीको परामर्श र परीक्षण, यौनरोगको निदान र उपचार, जोखिम न्यूनीकरण, पिएमटीसीटी सेवा, एआरटी सेवा, समुदाय सहयोगका कार्यक्रमहरू सरकारी स्वास्थ्य केन्द्र र अन्य विभिन्न सङ्घसंस्थाहरूबाट सञ्चालन भइरहेको भए पनि सबै सङ्क्रमितहरूको सहज पहुँच पुग्न सकेको छैन।

नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा ३५ मा स्वास्थ्यसम्बन्धी हकको व्यवस्था गरिएको छ। उक्त धाराको उपधारा १, २ र ३ मा आधारभूत स्वास्थ्य सेवा निःशुल्क तथा आकस्मिक सेवाबाट वञ्चित नगरिने, प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य अवस्थाका बारेमा जानकारी पाउने र स्वास्थ्य सेवामा समान पहुँच हुने व्यवस्था गरिएको छ। संविधानको धारा ३८ को उपधारा २ मा प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यसम्बन्धी हकको व्यवस्था गरिएको छ। संविधानको धारा ३९ को उपधारा २ मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण विकासको हकको सुनिश्चितता गरिएको छ *(नेपालको संविधान, २०७२)*। बाल अधिकारसम्बन्धी महासन्धी, १९८९ को धारा ६ अन्तर्गत बालबालिकाको दीर्घजीवन र विकास एवम् धारा २४ अन्तर्गत स्वास्थ्य अधिकार अन्तर्गत बालबालिकाको बाँच्न पाउने तथा स्वास्थ्य जीवनको अधिकारसम्बन्धी व्यवस्था गरिएको छ।

स्थानीय अवस्था

राष्ट्रिय स्तरमा तय गरिएका नीति-रणनीतिको कार्यान्वयनको अवस्था हेर्ने हो भने कैलालीमा एचआईभी सङ्क्रमित तथा सङ्क्रमित महिला र बालबालिकाहरूले मौलिक हकमा व्यवस्था भएका अधिकारहरूको समान उपभोग गर्न सकेका छैनन्। सङ्क्रमित भएकै कारण महिलाहरू प्रजनन् तथा मातृत्वको अधिकारबाट वञ्चित हुनुपरेको र बालबालिकाहरू पनि असुरक्षित जीवन बिताउन बाध्य छन्। तीन तहका सरकारको नीति तथा कार्यक्रममा स्वास्थ्य अधिकारका विषयहरूलाई प्राथमिकतामा राखिएको भए पनि एचआईभी सङ्क्रमितहरूको स्वास्थ्य उपचार तथा जीविकोपार्जनका सवालहरू प्राथमिकतामा परेको छैन।

एचआईभी सङ्क्रमित व्यक्तिहरू त्यसमा पनि महिला तथा बालबालिकाहरू आधारभूत अधिकारबाट समेत वञ्चित हुनुपरेको छ। आर्थिक अवस्था कमजोर भएका सङ्क्रमितहरू आवास, शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक विभेद तथा अपमान, स्वास्थ्य उपचार तथा चेकजाँच लगायतका समस्याबाट ग्रसित छन्।

आवास

आर्थिक अवस्था दयनीय भएका एचआईभी सङ्क्रमितहरूका लागि सरकारले हालसम्म आवास निर्माणमा कुनै पनि प्रकारको सहयोग नगरेको गुनासो एचआइभी सङ्क्रमितहरूको छ। केही वर्ष अगाडि मात्रै उद्धार नेपाल नामक गैरसरकारी संस्थाले कैलाली जिल्लाको गोदावरी नगरपालिका वडा नम्बर ११ र १२ मा विपन्न सात जना सङ्क्रमितहरूको घर निर्माण कार्य गरेको भए पनि सरकारी निकायबाट सहयोग नपाएको गोदावरी पल्सका सहजकर्ता गोरख बिकले बताए। गोदावरी नगरपालिका क्षेत्रमा रहेका सङ्क्रमितहरूको उचित बासस्थानको व्यवस्था हुन नसक्दा थप समस्या भोग्नुपरेको छ। विपन्न परिवारका व्यक्तिहरू घर निर्माण तथा परिवारको जिबिकोपार्जनका लागि छिमेकी मुलुक भारत जाने र भारतमा असुरक्षित यौन सम्पर्क गर्दा सङ्क्रमित हुने गरेको पाइएको छ। सङ्घीय, प्रदेश र स्थानीय तहले नागरिकहरूलाई रोजगारी प्रदान गर्ने वा सोरोजगार बनाउने नीति तथा कार्यकमहरू सञ्चालन गर्न सकेको अवस्थामा मात्रै सङ्क्रमित दर घटाउन सकिने र सङ्क्रमित भएका व्यक्ति तथा परिवारको जीविकोपार्जनमा सहज हुने स्थानीय तथा सहजकर्ता बिक बताउँछन्।

शिक्षा

सङ्क्रमित बालबालिकाहरू विद्यालय जाने गरेका भए पनि विभिन्न नाममा विद्यालयले शुल्क लिने गरेका कारण आर्थिक अवस्था कमजोर भएका सङ्क्रमित परिवारका बालबालिकाहरूले विद्यालय छोड्नुपर्ने बाध्यता छ। दुई वर्ष अगाडि उद्धार नेपाल नामक गैरसरकारी संस्थाले ४५ जना सङ्कमित बालबालिकाहरूलाई एसईसीसम्म अध्ययन गराउन सहयोग गरेको भए पनि हाल उक्त सस्था बन्द भएपछि आर्थिक रूपले कमजोर सङ्क्रमित परिवारका बालबालिकाहरूलाई कापीकलम किन्नसमेत समस्या छ। कक्षा १० सम्म जेनतेन पढे पनि त्यसपछिको पढाइ गर्न सङ्क्रमित बालिकाहरूलाई समस्या छ। आर्थिक अभावका कारण विद्यालय पनि जान नसकिने र कुनै आयआर्जनमा आधारित कार्यक्रमहरू पनि सरकारबाट सञ्चालन नभएका कारण १२ कक्षा उत्तीर्ण गरेका बालिकाहरू घरमै बस्न बाध्य छन्। गाउँघर नजिकै रहेका विद्यालयमा कक्षा १२ सम्म अध्ययन गरेको भए पनि कक्षा १२ पास गरेपछि उच्च शिक्षाका लागि घर छाडनुपर्ने हुन्छ। अध्ययनका लागि खर्चको जोहो गर्न नसक्दा आफूलगायत अन्य सङ्क्रमित छात्राहरू विद्यालय छोडेर घरमै बस्न बाध्यभएको स्थानीय एक युवतीले बताइन्। कक्षा १२ सम्म अध्ययन गरेका १५ जना सङ्क्रमित बालकहरू गाउँघर छोडेर अन्यत्र जिल्ला गई अध्ययन गर्न नसक्ने अवस्था भएपछि श्रमका लागि भारत पलायन हुन बाध्य भए।

सामाजिक विभेद

विगतको तुलनामा सङ्क्रमितहरूलाई गर्ने व्यवहार र हेर्ने दृष्टिकोणमा परिवर्तन आएको भए पनि हेलाको भावनाले हेर्ने दृष्टिकोण पूर्ण रूपमा हटेको छैन। विगतका दिनहरूमा सङ्क्रमितहरूको मृत्यु हुँदा समाजका अन्य व्यक्तिहरू अन्तिम संस्कारमा सहभगी हुँदैन थिए। धारा, पानी, पँधेरो छुन दिँदैन थिए। खाने कुरा तथा सरसामानहरू समेत टाढैबाट फालेर दिने गरिन्थो। गोदावरी नगरपालिका क्षेत्रमा एक जना बालकलाई सङ्क्रमण देखिएपछि साङ्लोले बाँधेर राख्ने गरेकोमा अहिले त्यस प्रकारका निकृष्ट व्यवहारहरूमा सुधार भएको छ। त्यस प्रकारको प्रत्यक्ष विभेद तथा अपमान नभए पनि सङ्क्रमितहरूलाई हेलाहोचोले हेर्ने दुष्टिकोण समाजमा कायमै छ। विद्यालय तथा अन्य कार्यक्रमहरूमा सहभागीहरूले बोतलमा रहेको पानी पहिला आफू खाने र त्यसपछि मात्रै सङ्क्रमितहरूलाई दिने गरेका छन्। सङ्क्रमित बालिकाको मृत्यु हुँदा दाहासंस्कार गर्न कोही नगएपछि सङ्कमितहरूले नै दाहासंस्कार गरेको घटना पनि छन्। कैलाली जिल्ला गोदावरी नगरपालिका-११ मा केही वर्ष अगाडि एक जना सङ्क्रमित बालकलाई साङ्लोले बाँधेर राखेको भए पनि हाल यस प्रकारका अमानवीय कार्य तथा व्यवहारहरूमा सुधार आएको छ। विगतको तुलनामा सङ्क्रमित व्यक्तिहरूलाई समाजमा हेर्ने दृष्टिकोण तथा व्यवहारमा सकारात्मक परिवर्तन आएको भए पनि सङ्क्रमतिहरूको आत्मसम्मानमा ठेस पुग्ने कार्यहरू रोकिएका छैनन्।

स्वास्थ्यमा पहुँच

अहिले पनि सङ्क्रमितहरूको स्वास्थ्य क्षेत्रमा सहज पहुँच छैन। सङ्क्रमितहरू उपचारका लागि अस्पताल जाँदा उनीहरूको समयमै उपचार हुन नसको अवस्था छ। सङ्क्रमितहरूको सरकारले नि:शुल्क बीमा गरेको छ। नि:शुल्क बीमा गरिएका कारण आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरूलाई स्वास्थ्य चेकजाँच तथा उपचार गर्न केही सहज भएको छ। सामान्य औषधीहरू बीमाबाट नै पाउने गरेको भए पनि महङ्गो औषधीहरू नि:शुल्क पाउँदैनन्। जिल्लामा आर्थिक अभावका कारण पोषिलो खाने कुरा खान नसक्दा सङ्क्रमितहरूको स्वास्थ्य थप जटिल बन्दै गएको छ। सङ्क्रमितहरूको स्वास्थ्य तथा रोगको अवस्था पत्ता लगाउन र शरीरको प्रतिरोधात्मक क्षमता मापन गर्ने सीटी फोर मेसिन सञ्चालनमा नभएका कारण स्वास्थ्य अवस्थाका बारेमा जानकारी पाउने अधिकारबाट समेत सङ्क्रमितहरू वञ्चित छन्। सेती प्रादेशिक अस्पताल, धनगढीमा केही वर्ष अगाडि सीटी फोर मेसिन सञ्चालनमा रहको भए पनि हाल उक्त मेसिन बिग्रिएको धेरै वर्ष भइसकेको र हालसम्म पनि सञ्चालनमा नल्याउँदा सङ्क्रमितहरूले आफ्नो स्वास्थ्य अवस्थाका बारेमा जानकारी पाउन नसकेको गुनासो गर्ने गरेका छन्।

रोजगारीको सङ्कट

रोजगारीको अभावका कारण पुरुष घरपरिवारको खर्च चलाउन तथा जिविकोपार्जन गर्न छिमेकी मुलुक भारत जाने गरेका छन्। नेपालमै रोजगारीको अवसर नभएपछि भारतका बिभिन्न सहरहरूमा कामको खोजीमा जाने र भारतमा नै असुरक्षित यौनसम्पर्क गर्दा पुरुषहरूमा एचआईभी सङ्क्रमण हुने गरेको पाइएको छ। भारतबाट सङ्क्रमित भएर घर फर्किएपछि यौनसम्पर्क गर्दा जन्मिएका १ सय ३७ जना बालबालिकहरूमा सङ्क्रमण देखिएको छ (चन्द, २०७४)। एचआईभी सङ्क्रमितहरूका बालबालिका तथा सङ्क्रमित बालबालिकाहरूले कक्षा १२ सम्म अध्ययन गरेका भए पनि आर्थिक अभावका कारण उच्च शिक्षा पढ्न सकेका छैनन्। १२ कक्षा उत्तिर्ण गरेका युवाहरू भारत पलायन हुने र युवतीहरू बेरोजगार भएर घरमै बस्नुपर्ने बाध्यता छ। सङ्क्रमित परिवारका बालबालिकाहरूका लागि पनि शिक्षा र रोजगारीका लागि आरक्षणको व्यवस्था गर्नु पर्ने सङ्क्रमितहरूको माग छ। गोदावरी नगरपालिका क्षेत्रमा तीन जना सङ्क्रमित बालबालिकाहरूले कक्षा १२ पास गरेका भए पनि उनीहरूले कुनै प्रकारको रोजगारीको अवसर नपाएको अवस्था छ। उच्च शिक्षा अध्ययन गर्न नसकेर बालकहरू भारत पलाएन हुने क्रम रोकिएको छैन।

औषधी उपचार तथा स्वास्थ्य परीक्षण

सरकारले एचआइभी सङ्क्रमितहरूको उपचारका लागि नि:शुल्क स्वास्थ्य बीमाको व्यवस्था गरेको छ। स्वास्थ्य बीमा गरिएको कारण सङ्क्रमितहरूलाई स्वास्थ्य परीक्षण गर्न सहज भएको भए पनि महँगो औषधीहरू स्वास्थ्य बीमाबाट पाउन नसक्दा आर्थिक अवस्था कमजोर भएका सङ्क्रमित परिवारहरूले समस्या भोग्नुपरेको छ। सङ्क्रमितहरू मध्ये पनि अपाङ्गता भएका सङ्क्रमित व्यक्तिहरूले थप सास्ती खेप्नुपरको छ। स्वास्थ्य बीमा गरिएको भए पनि नजिकैका सबै स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत सेवा प्रवाह नहुने भएकोले उनीहरूले धनगढीस्थित सेती प्रादेशिक अस्पताल तथा मालाखेती अस्पतालमा पुग्नुपर्ने बाध्यता छ। सरकारले सङ्क्रमितहरूको स्वास्थ्यमा लापरबाही गर्दा सिटी फोर मेसन र भाइरल लोड मेसिन समेत सञ्चालनमा ल्याइएको छैन। सङ्क्रमित व्यक्तिहरूको रगत जाँचका लागि रगत सङ्कलन गरिँदै आइएको भए पनि भाइरलोड मेसिन बिग्रिएका कारण रगतको जाँच तथा त्यसको प्रतिवेदन नआउने गरेको सङ्क्रमितहरूको गुनासो छ। परीक्षण बिना नै सङ्क्रमितहरूलाई एआरटी औषधी सेती प्रादेशिक अस्पताल र मलाखेती अस्पतालबाट उपलब्ध गराइँदै आइएको भए पनि प्रभावकारी नभएको सङ्क्रमितहरूको गुनासो छ। यद्यपि एआरटी औषधी सबैको पहुँचमा रहेको भए पनि औषधी प्राप्त गर्नका लागि सङ्क्रमितहरूको पायक पर्ने अस्पताल नहुँदा औषधी लिनकै लागि सङ्क्रमितहरूले सास्ती खेप्नुपरेको छ *(विक, २०८१)*।

प्रदेश र स्थानीय तहबाट गरिएका प्रयास तथा पहलहरू

सुदूरपश्चिम प्रदेश अन्तर्गत ८८ ओटा स्थानीय तहमध्ये कैलाली जिल्लास्थित लम्कीचुहाँ नगरपालिकाले २ सय ६० जना एचआइभी सङ्क्रमितहरूलाई हरेक महिना १ हजार ५ सय रुपियाँ सामाजिक सुरक्षा स्वरूप प्रदान गर्दै आएको छ। तर, अन्य स्थानीय तहले सङ्क्रमितहरूलाई मासिक रूपमा सहयोग गरेको छैन *(विक, २०८१)*। सेभ द चिल्ड्रेनले १८ वर्षमुनिका

सङ्क्रमित बालबालिकाहरूलाई मासिक १ हजार रुपियाँ बच्चा र अभिभावकको संयुक्त खाता खोली प्रदान गर्दै आएकोमा सुदूरपश्चिम प्रदेश सरकारले सोही रकममा ५ सय रुपियाँ थप गरी प्रदान गर्ने गरिएको छ। सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक वर्ष ०८१-०८२ को नीति तथा कार्यक्रममा गर्भवती, सुत्केरी, बालबालिका तथा ज्येष्ठ नागरिकहरूको स्वास्थ्य उपचारमा सहजता ल्याउन कार्यक्रमहरू सञ्चालन गरिने उल्लेख गरिएको भए पनि एचआईभी सङ्क्रमित महिला तथा बालबालिकाहरूका लागि भनेर ठोस कार्यक्रम तथा योजनाहरूको व्यवस्था गरिएको छैन *(देउवा, २०७८)*।

निष्कर्ष

नेपाल सरकारले महिला, बालबालिका र ज्येष्ठ नागरिकहरूको हक अधिकारको सुनिश्चितताका लागि कानुनी, नीतिगत र संस्थागत सुधार गर्दै योजना तथा कार्यक्रमहरू सञ्चालनमा ल्याएको भए पनि एचआइभी सङ्क्रमित महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकहरूका अधिकार तथा आधारभूत आवश्यकताहरूको सुनिश्चितताका लागि ठोस कानुनी, नीतिगत र संस्थागत योजना तथा कार्यक्रमहरू सञ्चालनमा ल्याएको पाइँदैन। सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेटमा आफूहरूका सवाल सम्बोधन नगरेको सङ्क्रमित व्यक्तिहरूको बुझाइ छ। एचआईभी सङ्क्रमितका बालबालिकाहरूको शिक्षा र स्वास्थ्यमा पहुँच नपुग्दा तथा उच्च शिक्षा अध्ययन गर्न नसक्दा विद्यालय छोडेर छिमेकीमूलक भारत जाने र रोजगारीको अभावमा सङ्क्रमित बालिकाहरू घरमै बस्न बाध्य छन्। सङ्क्रमितका बालबालिकाहरूको शिक्षा र स्वास्थ्यमा सहज पुहँच स्थापित गर्न विशेष छात्रवृत्ति र अनुदानको व्यवस्था गरी रोजगारीको व्यवस्था गरिनु पर्नेमा यसो हुन सकेको छैन। सङ्क्रमित व्यक्तिहरूलाई समाजले हेर्ने दृष्टिकोण विभेदकारी भए पनि स्थानीय सरकारले नीति तथा वार्षिक कार्यक्रममा विभेद विरुद्धको सचेतामूलक कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्न सकेको छैन। रोजगारीको खोजीमा भारत जाने भएका कारण सङ्क्रमणको थप जोखिम बढ्दै गएको भए पनि उनीहरूलाई भारत जानबाट रोक्न तथा रोजगारीका लागि प्रदेश तथा स्थानीय सरकारले ठोस कार्यक्रमहरू सञ्चालन गर्न सकेका छैनन्। अहिले पनि एचआईभी सङ्क्रमितहरूको स्वास्थ्य परीक्षण, चेकजाँच र औषधी उपचारमा सहज पहुँच नभएको अवस्था छ। सङ्क्रमित व्यक्तिहरूको रोग प्रतिरोधात्मक क्षमता जाँच गर्ने मेसिन (सीटी फोर) र भाइरल लोड मेसिन सञ्चालनमा नभएको कारण एचआईभी सङ्क्रमित व्यक्तिहरूले अनुमानको भरमा एआरटी खानुपरेको अवस्था छ। सीटीफोर र भाइरल लोड मेसिन धनगढीस्थित सेती प्रदेशिक अस्पतालमा मात्रै राखिएको र ती मेसिनहरू पनि बिग्रिएका कारण सुदूरपश्चिम प्रदेशका अन्य जिल्लाका सङ्क्रमितहरूको स्वास्थ्य परीक्षणमा समेत सहज पहुँच छैन। तीनै तहका सरकारको नीति तथा कार्यक्रममा सङ्क्रमितहरूका सवालहरूलाई सम्बोधन गर्न र सोही अनुसारको बजेटको व्यवस्था गरी उनीहरूका आधारभूत अधिकारको सुनिश्चितता गर्न आवश्यक छ।

सन्दर्भ सामग्रीहरू

ऐर, शेरबहादुर (२०७७), *कैलालीमा एचआईभी सङ्क्रमित बढे,* स्वास्थ्य खबर डट कम, https://swasthyakhabar.com/story/36867

अनुमोदन (२०७५), *एचआइभी सङ्क्रमितहरूका लागि गोरेटो बनाउँदै,* अनुमोदन खबर डट कम अनलाइन, https://anumodankhabar.com/2018/12/01/21192

अनुमोदन (२०७५), *एचआइभी सङ्क्रमितहरूका लागि गोरेटो बनाउँदै,* अनुमोदन खबर डट कम अनलाइन, https://anumodankhabar.com/2018/12/01/21192

चन्द, महेश (२०७४), प्रमुख, जिल्ला जनस्वास्थ्य कार्यालय, कैलाली, *कैलालीमा एक हजारले एचआइभीविरुद्धको औषधी खाँदै,* https://www.ratopati.com/story/17872/kailali-hiv

जोशी, कैलाश (२०७७), *कैलालीमा बढे एचआइभी सङ्क्रमित, फरकधार अनलाइन,* http://fd.prixa.net/story/40016/

देउवा, केशव (२०७८), *Leaflet World AIDS Day 2022*. https://aidsinfo.unaids.org

विक, पार्वती (२०८१), *कुराकानीमा आधारित,* अध्यक्ष, गोदावरी पल्स, कैलाली

विक, गोरख (२०८१), *कुराकानीमा आधारित,* समाजिक परिचालक, गोदावरी पल्स, कैलाली

८.१ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरू

कोशी प्रदेश

८.१.१ ताप्लेजुङ



जम्मा जनसङ्ख्या	१,२०,५९०
महिला	५९,८१७
घर परिवार सङ्ख्या	२७,७७६
घरजग्गामा महिलाको स्वामित्व	४,९२८
साक्षरता प्रतिशत	८२.२१
आश्रित जनसङ्ख्या	५९,४५०
अपाङ्गता भएका	२,९९९

यस वर्ष ताप्लेजुङ जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा चार जना पुरुष तथा ज्यादतीका घटनामा ४४ जना महिला र सात जना पुरुष गरी ५१ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १३ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २९ जना महिला पीडित भए।

तालिका ८.१.१.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट				१	३	४
घाइते		४	४		२	२
हत्या					२	२
जातीय विभेद				१		१
बाल अधिकार	बलात्कार			११		११
	यौन दुर्व्यवहार			२		२
	जम्मा			१३		१३
महिला अधिकार	घरेलु हिंसा			२३		२३
	बलात्कार			३		३
	हाडनाता करणी			१		१
	बलात्कार प्रयास			१		१
	पारिवारिक हत्या			१		१
	जम्मा			२९		२९
कूल जम्मा		४	४	४४	७	५१

(स्रोत : इन्सेक, २०२४)

झडप

फुङलिङ नगरपालिका-४ तल्लोफेदीस्थित काफ्लेपाटीमा केवलकार स्टेशन शिलान्यास गर्ने कार्यक्रममा ०८१ कात्तिक २३ गते प्रहरी र स्थानीयबिच झडप हुँदा सशस्त्र प्रहरी बलका प्रहरी निरीक्षक ४२ वर्षीय डिगेन्द्र ओली, असई ४५ वर्षीय अविनाश माझी तथा सर्वसाधारणहरू फुङलिङ नगरपालिका-४ का ३७ वर्षीय दामोदर अधिकारी, ४३ वर्षीय चन्द्र मादेन, मेरिङदेन गाउँपालिका-४ का ३५ वर्षीय कुमार शेर्पा र फक्ताङलुङ गाउँपालिका-५ का ३९ वर्षीय अर्जुन लिम्बू घाइते भए। घाइतेहरूको उपचार तमोर अस्पताल र जिल्ला अस्पतालमा भयो। पाथीभरा क्षेत्रको मौलिकता नास हुने भएकाले केवलकार निर्माण गर्न नहुने विषयमा विवाद हुँदा झडप भएको थियो।

कुटपिट

अन्यपक्षबाट

पाथीभरा याङ्वरक गाउँपालिका-६ थुम्बेदिनस्थित जनता आधारभूत विद्यालयमा कार्यरत शिक्षक ३७ वर्षीय खेमनाथ घिमिरेलाई ०८१ भदौ ४ गते कुटपिट गरेको आरोपमा सोही ठाउँकी ३५ वर्षीया मेनुका सुनुवार भण्डारीविरुद्ध पीडितले भदौ ४ गते

जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले भदौ ६ गते गिरफ्तार गऱ्यो। घाइतेको झापाको बिर्तामोडस्थित बीएण्डसी अस्पतालमा भदौ ५ गते उपचार भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा भदौ २८ गते ज्यान मार्ने उद्योग शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश विकास श्रेष्ठको भदौ २८ गतेको आदेशले आरोपितसँग १ लाख रुपियाँ धरौटी माग गऱ्यो। आरोपित सोही दिन धरौटी बुझाएर रिहा भएको अदालतका सूचना अधिकारी कुमार लुङ्गेलीले बताए। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता २५ जनाको रहेको छ। कारागारमा १ सय ५९ जना पुरुष छन्। कारागारमा कैद तोकिएका १ सय २५ जना र कैद नतोकिएका ३४ कैदीबन्दी छन्। यस वर्ष कारागारका कोठाहरू मर्मत सम्भार गरिएको र २५ जना भन्दा बढी बस्न सक्ने अवस्था भएकोले १ सय ५० बन्दी क्षमताका लागि कारागार विभागमा स्वीकृतिको पहल थालिएको जेलर कुलेन्द्र खबासले बताए। कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि एक जना अहेव कार्यरत छन्। कारागारमा खानेपानी र शौचालयको समस्या भएको जेलर खवासले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। अदालतमा ४१ जना कर्मचारीको दरबन्दी छ। यस वर्ष देवानी मुद्दा २ सय ४ थान र फौजदारी मुद्दा ९९ थान दर्ता भए। दर्ता भएकामध्ये ८१ थान देवानी र नौ थान फौजदारी मुद्दा फैसला भए। १ सय २३ थान देवानी र ९० थान फौजदारी मुद्दा फैसला हुन बाँकी छन्। दुई वर्ष भन्दाबढी पुराना मुद्दा पाँच थान रहेको अदालतका स्रेस्तेदार मनोज बरालले बताए।

बाल अधिकार

यस वर्ष ताप्लेजुङ जिल्लामा बलात्कार घटनामा ११ र यौन दुर्व्यवहारका घटनामा दुई जना गरी १३ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

तालिका ८.१.१.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
महिला अधिकार	१	१

(स्रोत : इन्सेक, २०२४)

शिक्षाको अवस्था

जिल्लामा २ सय ६१ आधारभूत र ६९ माध्यमिक गरी ३ सय ३० सामुदायिक विद्यालय छन्। जिल्लामा एक अपाङ्गमैत्री विद्यालय छ। सामुदायिक विद्यालयमा निःशुल्क पठनपाठन, निःशुल्क पाठ्यपुस्तक, निःशुल्क परीक्षा व्यवस्थापन र सञ्चालन, कक्षा ५ सम्मका विद्यार्थीलाई दिवा खाजा प्रबन्ध रहेको शिक्षा विकास तथा समन्वय इकाइ कार्यालयले जनायो। जिल्लाको उच्च हिमाली तथा ग्रामीण भेगका विद्यालयमा खेलकुद, अतिरिक्त क्रियाकलाप, सहक्रियाकलाप, भौतिक साधनको सुविधा, विज्ञान प्रयोगशाला, पुस्तकालय, इन्टरनेट, विद्युतीय सुविधा कम मात्रामा उपलब्ध छन्। भौगोलिक रूपमा विकट जिल्लाका हिमाली तथा ग्रामीण भेगका विद्यार्थीहरूले दैनिक दुई घण्टा बढी पैदल यात्रा गरेर विद्यालय पुग्नुपर्ने अवस्था छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २६ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा मादक पदार्थ सेवन गरी कुटपिटका २४, सामूहिक कुटपिटका एक र जातीय विभेदको एक उजुरी थियो। २५ उजुरीमा मेलमिलाप र एक उजुरीमाथि यो वर्षको अन्त्यसम्म अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर कमल लुङ्गेलीले बताए।

यो वर्ष ताप्लेजुङ जिल्लामा बलात्कारका घटनामा तीन, हाडनाता करणी घटनामा एक, बलात्कार प्रयासका घटनामा एक र घरेलु हिंसाका घटनामा २३ जना गरी २९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट एक जना महिलाको हत्या भयो।

बलात्कार

६८ वर्षीया महिलालाई ०८० चैत ३० गते बलात्कार गरेको आरोपमा दोलखा जिल्ला कालिञ्चोक

गाउँपालिका-७ स्थायी घर भई ताप्लेजुङ बस्दै आएका ५२ वर्षीय रत्न शिवाकोटीविरुद्ध पीडित पक्षले ०८१ वैशाख २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख २ गते भयो। आरोपितलाई प्रहरीले वैशाख २ गते फुङलिङबाट गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा वैशाख २ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश निर्मला योङ्याको वैशाख २३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला नभएको अदालतका स्रेस्तेदार मनोज बरालले बताए।

पारिवारिक हत्या

मेरिङदेन गाउँपालिका-२ कुलुभित्ता सान्थाक्राकी ७० वर्षीया सञ्चमाया लिम्बूलाई घरायसी विवादका क्रममा ०८१ मङ्सिर ५ गते ३५ वर्षीया नातिनी बुहारी विनु नेयोङले कुटपिट गरी हत्या गरेको आरोपमा पीडित पक्षले आरोपितविरुद्ध मङ्सिर ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले मङ्सिर १० गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश विकास श्रेष्ठको पुस ४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा मङ्सिर ६ गते भयो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

घरेलु हिंसा

मैवाखोला गाउँपालिका-५ फाकुम्बाकी २६ वर्षीया मनमाया शेर्पालाई ०८० माघ ८ गते घरायसी विवादका क्रममा ३९ वर्षीय पति दिलबहादुर बस्नेतसहित उनका साथीहरू ३८ वर्षीय मिङ्मा शेर्पा, ३७ वर्षीय मेघराज प्रसाई, ३२ वर्षीया रीतु शेर्पा, ३३ वर्षीय डम्बर बस्नेत र ३४ वर्षीय ताबु शेर्पाले कुटपिट गरेको आरोपमा पीडितले माघ ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले दिलबहादुर बस्नेतलाई माघ ८ गते गिरफ्तार गऱ्यो। अरू आरोपितहरूलाई प्रहरीले माघ ९ गते गिरफ्तार गऱ्यो। आरोपितहरूविरुद्ध प्रहरीले जिल्ला अदालतमा चैत २१ गते ज्यान मार्ने उद्योग शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश निर्मला योङ्याको चैत २१ गतेको आदेशले दिलबहादुरसँग ५० हजार र अरूसँग जनही १५ हजार रुपियाँ धरौटी माग गऱ्यो। आरोपितहरू चैत २१ गते धरौटी बुझाएर रिहा भएको अदालतका सूचना अधिकारी कुमार लुङ्गेलीले बताए। पीडितको उपचार जिल्ला अस्पतालमा माघ ९ गते भयो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको अदालतका स्रेस्तेदार मनोज बरालले बताए।

जातीय विभेद

फुङलिङ नगरपालिका-४ की ४५ वर्षीया मनमाया अछामीलाई ०८१ असार २ गते सोही ठाउँका ३५ वर्षीय आयुष लिम्बूले जुत्ता सिलाउने पेसासँग जोडेर जातीय विभेद गरेको आरोपमा असार ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। दुवै पक्षलाई असार ३ गते कार्यालय झिकाएर छलफलपछि मेलमिलाप भएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रका प्रमुख रुपा राईले बताइन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भौतिक संरचनामा क्षति

फुङलिङ नगरपालिका-२ मा पार्किङमा राखिएको फक्ताङलुङ गाउँपालिकाको प्र. १-०२-००१ भ ०८११ नम्बरको एम्बुलेन्स ०८१ साउन ३ गते तोडफोड गरेको आरोपमा प्रहरीले मिक्वाखोला गाउँपालिका-३ लिवाङका ३१ वर्षीय कुमार शेर्पा, फुङलिङ नगरपालिका-२ का २७ वर्षीय अर्जुन वाइबा र मेरिङदेन गाउँपालिका-३ खाम्लुङका ३६ वर्षीय फुर्वा छिरिङ शेर्पालाई साउन ४ गते गिरफ्तार गऱ्यो। आरोपितहरूले साउन ३ गते राती एम्बुलेन्समा तोडफोड गर्नुका साथै चालकलाई दुर्व्यवहार गरेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर कमलकुमार लुङ्गेलीले बताए। आरोपितहरूलाई साउन ४ गते फुङलिङ नगरपालिका-५ वीरेन्द्र चोकबाट अनुसन्धानका लागि गिरफ्तार गरिएको इन्स्पेक्टर लुङ्गेलीले बताए। आरोपितहरूविरुद्ध प्रहरीले जिल्ला प्रशासन कार्यालयमा साउन ४ अभद्र व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। प्रमुख जिल्ला अधिकारी रवीन्द्र आर्चायको साउन १८ गतेको निर्णयले आरोपितहरू जनही २८ हजार रुपियाँ धरौटी बुझाएर रिहा भए। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

वातावरण र मानव अधिकार

बसाइँसराइ

ताप्लेजुङमा यो वर्ष ८ सय ७७ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

ताप्लेजुङमा इँटाभट्टा र सिमेन्ट उद्योग स्थापना भएको छैन।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

ताप्लेजुङमा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत : जिल्ला प्रहरी कार्यालय

खानेपानी

ताप्लेजुङमा २७ हजार ७ सय ७६ घरपरिवार सङ्ख्या रहेको छ। जसमा ५६.३१ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

ताप्लेजुङमा चार ओटा सार्वजनिक शौचालय सञ्चालनमा छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र, ५० स्वास्थ्य चौकी, ३० सामुदायिक स्वास्थ्य इकाइ छन्। जिल्लामा ३३ बर्थिङ सेन्टर सञ्चालनमा रहेको स्वास्थ्य कार्यालयका प्रमुख कुलबहादुर पौडेलले बताए। एक जना विशेषज्ञ चिकित्सकको दरबन्दी रहेको जिल्ला अस्पतालमा मेडिकल अधिकृत एक जना स्थायी र एक जना छात्रवृत्ति करारमा कार्यरत छन्। यो वर्षको अन्त्यसम्ममा ९ सय ८० जना महिला र ९ सय ५० जना पुरुष गरी १ हजार ९ सय ३० जनाले स्वास्थ्य बीमा गरेको बोर्डले जनायो। अपाङ्गता भएका ९५ जना महिला र ८२ जना पुरुष गरी १ सय ७७ जनाले स्वास्थ्य बीमा गराएको बीमा बोर्डकी कार्यालय प्रमुख गङ्गा लुइटेलले बताइन्।

तालिका ८.१.१.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	११	११
यौन दुर्व्यवहार	२	२
जम्मा	१३	१३

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	३२		१	३३
बलात्कार			४	४
बलात्कार प्रयास			१	१
पारिवारिक हत्या		१		१
जम्मा	३२	१	६	३९

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	२

(स्रोत : इन्सेक, २०२४)

८.१.२ सङ्खुवासभा



जम्मा जनसङ्ख्या	१,५८,०४१
महिला	७८,४६२
घर परिवार सङ्ख्या	३९,११८
घरजग्गामा महिलाको स्वामित्व	९,१००
साक्षरता प्रतिशत	७९.७०
आश्रित जनसङ्ख्या	७७,७९८
अपाङ्गता भएका	५,२४२

यस वर्ष सङ्खुवासभा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक जना महिला र एक जना पुरुष गरी दुई जना पीडित भए। ज्यादतीका घटनामा ४४ जना महिला र ६ जना पुरुष गरी ५० जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा आठ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३४ जना महिला पीडित भए।

कुटपिट

राज्यपक्षबाट

सभापोखरी गाउँपालिका-६ की २९ वर्षीया सोमकुमारी राईलाई ०८१ असार ३ गते दिउँसो विद्युतको पोल गाड्ने विषयमा विवाद हुँदा गाउँपालिका अध्यक्ष ५२ वर्षीय भीमबहादुर लिम्बूले हातपात गरेको आरोपमा असार ७ गते अभद्र व्यहार शीर्षकमा जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। गाउँपालिका अध्यक्ष लिम्बूले घर नजिकै विद्युत पोल गाड्न खोजेपछि आफूले हटाउन आग्रह गर्दा जनप्रतिनिधिले हातपात गरेको पीडितले आरोप लगाइन्। गाउँपालिका अध्यक्षले लिम्बूले सोमकुमारी राईविरुद्ध असार ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। गाउँपालिका अध्यक्ष लिम्बूले आरोपको खण्डन गर्दै असार ९ गते प्रेस विज्ञप्ति जारी गरे। स्थानीय टोल विकास संस्थाको समन्वयमा तार जोड्ने क्रममा शुरु भएको विवाद समाधानको लागि समन्वय गर्ने क्रममा स्थानीय राईले अध्यक्ष लिम्बूलाई खुकुरी प्रहार गर्न लागेपछि खुकुरी खोस्ने काम भएको गाउँपालिका अध्यक्षले विज्ञप्तिमार्फत जानकारी गराए। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

अन्यपक्षबाट

सभापोखरी गाउँपालिकाका एम्बुलेन्स चालक सोही गाउँपालिका-६ का २९ वर्षीय आइतबहादुर राईमाथि ०८१ मङ्सिर १९ गते हातपात भएको पीडितले बताए। एम्बुलेन्स प्रयोगको राजश्व उठाउने क्रममा सभापोखरी गाउँपालिका-६ का २२ वर्षीय पर्वत राई र सोही ठाउँका २४ वर्षीय समीर राईले मङ्सिर १९ गते हातपात गरेको गाउँपालिका उपाध्यक्ष लक्ष्मी चापागाईंले बताइन्। सभापोखरी गाउँपालिका-६ स्थित नयाँबस्ती नजिकै कुटपिट भएको पीडितले बताए। पीडित पक्षले कुटपिट घटनाका आरोपितविरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी नदिएको इन्स्पेक्टर रामकुमार लामिछानेले बताए। कुटपिटबाट घाइते भएका पीडितको स्थानीय स्वास्थ्य संस्थामा मङ्सिर १९ र २० गते उपचार भयो। यस वर्षको अन्त्यसम्म घटना अनुसन्धानमा रहेको प्रहरीले जनायो।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता २५ जना रहेको छ। कारागारमा १ सय २४ जना पुरुष छन्। पाँच जना क्षमता भएको कारागारमा आठ जना महिला राखिएको छ। जिल्ला कारागारमा कैद तोकिएका ८१ पुरुष, सात महिला र कैदी नतोकिएका एक महिला गरी ४३ जना थुनुवा छन्। कारागारमा एक जना तीन वर्षीय आश्रित बालक र सात जना ज्येष्ठ नागरिक छन्। जिल्ला कारागारमा नयाँ भवन निर्माण भएसँगै पुरुष कारागारमा ५५ जना बन्दी क्षमताका लागि कारागार विभागमा जानकारी गराइए पनि ५५ पुरुष बन्दीको क्षमता स्वीकृत नभएको कारागारका जेलर तुलसी पौडेलले बताए। कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि एक जनाको अहेव कार्यरत छन्। नियमित तथा आस्कमिक स्वास्थ्य परीक्षण जिल्ला कारागारमै हुने गरेको जेलर पौडेलले बताए।

तालिका ८.१.२.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट		१		१		४	४
कारागारमा मृत्यु			१	१			
घाइते					१		१
हत्या					१	२	३
बाल अधिकार	बलात्कार				८		८
	जम्मा				८		८
महिला अधिकार	घरेलु हिंसा				३०		३०
	बलात्कार				३		३
	पारिवारिक हत्या				१		१
	जम्मा				३४		३४
कूल जम्मा		१	१	२	४४	६	५०

(स्रोत : इन्सेक, २०२४)

कारागारमा मृत्यु

यस वर्ष जिल्ला कारागार कार्यालय, खाँदबारीका वरिष्ठ प्रहरी हवल्दार खाँदबारी नगरपालिका-१ का ४१ वर्षीय डीकबहादुर तामाङको ०८० पुस १६ गते शङ्कास्पद मृत्यु भयो। जिल्ला प्रहरी कार्यालयका डिएसपी घनश्याम श्रेष्ठले डिकबहादुर बिरामी अवस्थामा भेटिएको भनी बिहान ४ बजे कारागार कार्यालयबाट फोन आएको र आफूले अस्पतालमा भर्ना गर्न निर्देशन दिएर आफू तत्काल अस्पताल पुगेको बताए। अस्पताल प्रशासनले भने बिहान ४ बजे डीकबहादुरलाई अस्पताल ल्याउँदा उपचार अघि नै मृत्यु भएको जनायो। शवको पुस १७ गते बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा पोष्टमार्टम भयो। मृत्यु शङ्कास्पद भएको भन्दै मृतकका परिवारले जिल्ल्ला अस्पतालमा पोष्टमार्टम गर्न नमानेपछि १६ गते नै धरान लगिएको थियो। शवको पुस १८ गते खाँदबारी नगरपालिका- १ स्थित नर्सरी घाटमा सद्गत गरियो। यो वर्षको अन्त्यसम्म पीडित पक्षले कानुनी कारबाही अघि बढाएन।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। ३७ जनाको दरवन्दी रहेको जिल्ला अदालतमा १६ स्थायी र १० जना करारमा कार्यरत छन्। यस वर्ष ४ सय ५९ थान मुद्दा दर्ता भएकोमा २ सय ४७ थान मुद्दा फैसला भए। जसमा फौजदारीतर्फ १ सय ५ मध्ये ३१ थान फैसला भए। देवानीतर्फ ३ सय ५४ थान मुद्दामध्ये २ सय १६ फैसला भए। फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ सय ३८ थान र फौजदारी ७४ थान छन् । दुई बर्ष भन्दाबढी पुराना मुद्दा नरहेको अदालतका स्रेस्तेदार भरतमणि पोखरेलले बताए।

बाल अधिकार

यस वर्ष सङ्खुवासभा जिल्लामा बलात्कार घटनामा आठ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा ३ सय ७ आधारभूत विद्यालय, ६ धार्मिक र ४० माध्यमिक गरी ३ सय ५३ विद्यालय छन्। खाँदवारी नगरपालिका-३ र चैनपुर नगरपालिका-६ मा गरी दुई सुस्तश्रवण केन्द्र रहेको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख गोपालमान भण्डारीले बताए। यस वर्ष २० हजार ३ सय ६९ जना छात्र र १९ हजार ४ सय १३ जना छात्रा गरी ३९ हजार ८

तालिका ८.१.२.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बाल अधिकार	४		४
महिला अधिकार	१		१
हत्या		१	१
कूल जम्मा	५	१	६

(स्रोत : इन्सेक, २०२४)

सय ९ जना विद्यालय भर्ना भए। जसमा दलित ३ हजार ८ सय १७ जना रहेका छन्। द्वन्द्वपीडित परिवारका १७ जना बालबालिकाले वार्षिक १४ हजारका दरले २ लाख ३८ हजार रुपियाँ छात्रवृत्ति पाएको भण्डारीले बताए। जिल्लामा अपाङ्गमैत्री विद्यालय दुई छन्। भोटखोलामा हिमपात र जाडोको समयमा माघ महिनामा एक महिना विद्यालय बन्द हुने गरेको भाटखोला गाउँपालिका अध्यक्ष वाङछेदर भोटेले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३२ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा खान नदिएको १८, लगाउन नदिएको सात र कुटपिटको सात उजुरी थिए। सबै उजुरीमा मेलमिलाप गराइएको जिल्ला प्रहरी कार्यालयले जनायो।

यो वर्ष सङ्खुवासभा जिल्लामा बलात्कारका घटनामा तीन र घरेलु हिंसाका घटनामा ३० जना गरी ३३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। यस वर्ष परिवारबाट एक जना महिलाको हत्या भयो।

पारिवारिक हत्या

सिलिचोङ गाउँपालिका स्थायी घर भई खाँदबारी नगरपालिका-७ की २६ वर्षीया विना राईको ०८० फागुन १८ गते मादक पदार्थ सेवन गरी कुटपिटपछि हत्या गरेको आरोपमा ३१ वर्षीय पति मङ्सिरे शेर्पाविरुद्ध पीडित पक्षले फागुन १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २४ गते खाँदबारी नगरपालिका-७ स्थित वेलफर डाँडाबाट गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश ध्रुवराज त्रिपाठीको ०८१ भदौ १७ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै जन्मकैदको फैसला सुनाएको अदालतका स्रेस्तेदार भरतमणि पोखरेलले बताए।

ज्येष्ठ नागरिक

हत्या

खाँदवारी नगरपालिका-९ तुम्लिङटारकी ६२ वर्षीया दिलकुमारी घिमिरेको ०८० माघ ६ गते सुनको गहना लुट्नको लागि हत्या गरेको आरोपमा मृतकका जेठा छोरा सुभाष घिमिरले माघ ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। हत्या गरेको आरोपमा प्रहरीले सुनसरी जिल्ला, धरान उपमहानगरपालिका-१३ जिरोपोइन्टका ३० वर्षीय दीपेन भनिने आकाश राईलाई माघ ११ गते गिरफ्तार गर्‍यो। पीडितलाई आरोपितले माघ ६ गते बञ्चरो प्रहार गरी हत्या गरेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर अशोककुमार जबेगुले बताए। आरोपितलाई धरान उपमहानगरपालिका-२ देशीलाइनस्थित एक गेष्टहाउसबाट माघ ११ गते गिरफ्तार गरेको प्रहरीले जनायो। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा माघ ७ गते भयो। पीडित पक्षले शव बुझी माघ ७ गते खाँदबारी नगरपालिका-९ सतिघाटमा सद्गत गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा माघ ११ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन ९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

वातावरण र मानव अधिकार

बसाइँसराइ

सङ्खुवासभामा यो वर्ष ८ सय ७७ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

सङ्खुवाभामा इँटाभट्टा र सिमेन्ट उद्योग स्थापना भएको छैन।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

सङ्खुवासभामा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत : जिल्ला प्रहरी कार्यालय

खानेपानी

सङ्खुवासभामा ३९ हजार १ सय १८ घरपरिवार सङ्ख्या रहेको छ। जसमा ६७.९७ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोतः खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा १३ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोतः स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, दुई नगर अस्पताल, चार प्राथमिक स्वास्थ्य केन्द्र, १४ शहरी स्वास्थ्य केन्द्र, ४० सामुदायिक स्वास्थ्य इकाइ, ३८ आधारभूत स्वास्थ्य केन्द्र, ३२ स्वास्थ्य चौकीसहित १ सय ३१ स्वास्थ्य संस्था छन्।

नौ विशेषज्ञ चिकित्सकको दरबन्दी रहेकोमा रिक्त छ। छात्रवृत्ति करारमा चार जना र अस्पताल विकास समिति करारमा ५३ जना कार्यरत छन्। २९ जना नर्सिङ स्टाफ दरबन्दीमा स्थायी नौ जना र अनमी तीन रिक्त छन्। ९८ प्रकारका औषधीमध्ये स्वास्थ्य संस्थामा निःशुल्क पाइने औषधीको ६२ छ। जिल्ला अस्पतालबाट १२ हजार ७ सय ४ जना पुरुष र १६ हजार ५३ जना महिलाले स्वास्थ्य बीमाबाट सेवा लिएका छन्।

तालिका ८.१.२.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	८	८

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		३०		३०
बलात्कार			३	३
पारिवारिक हत्या	१			१
जम्मा	१	३०	३	३४

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	३	३

(स्रोत : इन्सेक, २०२४)

८.१.३ सोलुखुम्बु

जम्मा जनसङ्ख्या	१,०४,८५१
महिला	५२,१०४
घर परिवार सङ्ख्या	२६,२३९
घरजग्गामा महिलाको स्वामित्व	५,३८६
साक्षरता प्रतिशत	७६.९५
आश्रित जनसङ्ख्या	५१,२२२
अपाङ्गता भएका	३,२८०

यस वर्ष सोलुखुम्बु जिल्लामा ज्यादतीका घटनामा ३२ जना महिला र तीन जना पुरुष गरी ३५ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २८ जना महिला पीडित भए। त्यसैगरी जातीय विभेदका घटनामा एक जना पुरुष पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता पाँच महिला र २० पुरुष गरी २५ जनाको रहेको छ। कारागारमा ११ महिला र ९६ पुरुष गरी १ सय ७ जना कैदीबन्दी छन्। कारागारमा आश्रित बालक एक जना छन्। कैदीको नियमित स्वास्थ्य परीक्षणका लागि एक जना स्वास्थ्यकर्मीको व्यवस्था रहेको जेलर सरस्वतीकुमारी रेग्मीले बताइन्। कारागारमा पाँच जना पुरुष र दुई जना महिला गरी सात जना ज्येष्ठ नागरिक छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीश दरबन्दी रहेकोमा कार्यरत छन्। यो वर्ष फौजदारी मुद्दातर्फ ५० थानमध्ये ३२ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ४१ थानमध्ये २१ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १४ थान छन् भने देवानी मुद्दा पाँच थान बाँकी छन्।

बाल अधिकार

यस वर्ष सोलुखुम्बु जिल्लामा बलात्कार घटनामा एक र नवजात शिशुको हत्याका घटनामा दुई जना गरी तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा आधारभूत १ सय ७८ र माध्यमिक १ सय गरी २ सय ७८ विद्यालय छन्। जिल्लाका ६० विद्यालयमा मात्र खेलकुद, अतिरिक्त क्रियाकलाप, सहक्रियाकलाप, भौतिक साधनको सुविधा, विज्ञान प्रयोगशाला, पुस्तकालय, इन्टरनेट, विद्युतीय सुविधा राज्यको खर्चमा निःशुल्क उपलब्ध गराइँदै आएको शिक्षा विकास तथा समन्वय इकाइका सूचना अधिकारी प्रकाण्ड न्यौपानेले बताए। जिल्लाको साक्षरता ९७.७३ प्रतिशत पुगेपछि ०७९ असार २६ गते साक्षर जिल्ला घोषणा गरिएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भन्दै २९ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक

सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका चार, खान लाउन नदिएका दुई, विवाह दर्ता नगरिदिएको चार, जन्मदर्ता नगरिदिएको तीन र नागरिकता नबनाइदिएको पाँच, कान्छी पत्नी ल्याएर हेला गरेको पाँच र घरायसी झगडाका ६ उजुरी छन्। जसमध्ये २३ उजुरीमा मेलमिलाप र सात उजुरी कानुनी प्रक्रियामा रहेको सेवा केन्द्रका प्रमुख सबिता अधिकारीले बताइन्।

यो वर्ष सोलुखुम्बु जिल्लामा बलात्कारका घटनामा ६ र घरेलु हिंसाका घटनामा २० जना महिला गरी २६ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट एक जना महिलाको हत्या भयो। बलात्कारपछि एक जना महिलाको हत्या भयो।

बलात्कार

९१ वर्षीया वृद्धालाई ०८१ साउन २ गते बलात्कार गरेको आरोपमा सोताङ गाउँपालिका २- का १९ वर्षीय पवन राईविरुद्ध पीडित पक्षले साउन १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन ३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण साउन २१ गते जिल्ला अस्पतालमा भयो। जिल्ला अदालतका न्यायाधीश शङ्करबहादुर राईको भदौ ३१ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

पारिवारिक हत्या

सोताङ गाउँपालिका-५ की ८४ वर्षीया चन्द्रमाया राईको घरायसी विवादका क्रममा ०८१ असोज २ गते खुकुरी प्रहार गरी हत्या गरेको आरोपमा पीडित पक्षले सौतेनी छोरा ४७ वर्षीय चन्द्रकुमार राईविरुद्ध असोज ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले असोज ५ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा असोज १५ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश शङ्करबहादुर राईको असोज १५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा असोज ५ गते भयो। सोही दिन पीडित पक्षले शव बुझी सद्गत गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

तालिका ८.१.३.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		१	१	२
हत्या			१	१
जातीय विभेद			१	१
बाल अधिकार	बलात्कार	१		१
	नवजात शिशुको हत्या	२		२
	जम्मा	३		३
महिला अधिकार	घरेलु हिंसा	२०		२०
	बलात्कार	६		६
	पारिवारिक हत्या	१		१
	बलात्कारपछि हत्या	१		१
	जम्मा	२८		२८
कूल जम्मा		३२	३	३५

(स्रोत : इन्सेक, २०२४)

वातावरण र मानव अधिकार

बसाइँसराइ

सोलखुम्बुमा यो वर्ष २ सय ८३ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

सोलुखुम्बुमा इँटाभट्टा र सिमेन्ट उद्योग स्थापना भएको छैन।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यो वर्ष सोलुखुम्बुमा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत : जिल्ला प्रहरी कार्यालय

खानेपानी

सोलुखुम्बुमा २६ हजार २ सय ३९ घरपरिवार सङ्ख्या रहेको छ। जसमा ३९.३२ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

सोलुखुम्बु जिल्लामा जम्मा ६ ओटा सार्वजनिक शौचालय सञ्चालनमा छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, दुई सामुदायिक अस्पताल, १७ स्वास्थ्य चौकी र दुई नगर स्वास्थ्य केन्द्र छन्। सरकारी अस्पतालमा तीन जना विशेषज्ञको दरबन्दीमा ०८१ साउन १६ गते यता तीन जना कार्यरत छन्। १४ जना स्वास्थ्यकर्मीको दरबन्दीमा आठ जना कार्यरत छन्। जिल्लामा ४ हजार ५ सय १५ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा ४ हजार ५ सय १५ जनाको बीमा गरिएको छ।

तालिका ८.१.३.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	१
नवजात शिशुको हत्या	२	२
जम्मा	३	३

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	३०			३०
बलात्कार			६	६
बलात्कारपछि हत्या		१		१
पारिवारिक हत्या			१	१
जम्मा	३०	१	७	३८

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

(स्रोत : इन्सेक, २०२४)

८.१.४ ओखलढुङ्गा



जम्मा जनसङ्ख्या	१,३९,५५२
महिला	७१,४७२
घर परिवार सङ्ख्या	३४,२८६
घरजग्गामा महिलाको स्वामित्व	८,४०९
साक्षरता प्रतिशत	७३.८९
आश्रित जनसङ्ख्या	६९,३७६
अपाङ्गता भएका	४,२६०

यस वर्ष ओखलढुङ्गा जिल्लामा ज्यादतीका घटनामा ५४ जना महिला र पाँच जना पुरुष गरी ५९ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १२ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ४४ जना महिला पीडित भए। त्यसैगरी जातीय विभेदका घटनामा एक जना पुरुष पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ३० जनाको छ। कारागारमा ६५ जना कैदी र २२ जना थुनुवा गरी ८७ जना छन्। जसमा कैदी पाँच र बन्दी तीन जना महिला छन्। कारागारमा एक जना सिनियर अहेवको दरबन्दी रहेकोमा कार्यरत छन्। कैदीबन्दीको नियमित तथा आकस्मिक स्वास्थ्य परीक्षण कारागारभित्रै हुने गरेको छ। क्षमताभन्दा तीन गुणा बढी कैदीबन्दी भएकाले व्यवस्थापनमा समस्या भएको जेलर लेखनाथ दाहालले बताए।

कारागारमा कैदीबन्दीबिच ०८१ असोज ४ गते झडप भयो। झडपपछि कारागार प्रशासनले नाइके र सहनाइकेलाई नुवाकोट कारागार स्थानान्तरण गऱ्यो। कारागारका नाइके र सहनाइकेले आर्थिक शोषणका साथै अपचलन गरेको आरोपमा कैदीबन्दीबिच झडप भएको कारागार प्रशासनले जनायो। कैदीबन्दीको आक्रोशित भीडले नाइके र सहनाइकेमाथि कुटपिट गरेको कारागारका जेलर लेखनाथ दाहालले बताए। झडपमा कोही कसैलाई चोट नलागेको र घाइते नभएको कारागार प्रशासनले जनायो। झडपमा संलग्न कैदीबन्दीको नाम, ठेगाना कारागार प्रशासनले गोप्य राख्यो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। अदालतमा स्थायी र करार गरेर ३० जना कार्यरत भए पनि पाँच जनाको दरबन्दी रिक्त छ। यस वर्ष जिल्ला अदालतमा फौजदारी मुद्दातर्फ ५० थान र देवानी मुद्दातर्फ २४ थान गरी ७६ थान मुद्दा दर्ता भए। जसमा फौजदारी आठ थान र देवानी २२ थान मुद्दा फैसला भएको अदालतका स्रेस्तेदार विनोदप्रसाद घिमिरेले बताए।

उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गा

चार जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत विराटनगर, ओखलढङ्गा अस्थायी इजलासमा तीन जना न्यायाधीश कार्यरत छन्। यस वर्ष अदालतमा फौजदारी मुद्दातर्फ १९ थान र देवानी मुद्दातर्फ २५ थान गरी ४४ थान मुद्दा दर्ता भए। जसमा फौजदारी सात थान र देवानी १३ थान मुद्दा फैसला भए। फौजदारी मुद्दातर्फ १२ थान र देवानी मुद्दातर्फ १२ थान गरी २४ थान मुद्दा फैसला हुन बाँकी रहेको अदालतका रजिष्ट्रार विष्णुप्रसाद पाण्डेले बताए। १८ महिना र दुई वर्ष ननाघेको मुद्दा अदालतमा नरहेको रजिष्ट्रार विष्णुप्रसाद पाण्डेले बताए।

तालिका ८.१.४.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			२	२
जातीय विभेद			१	१
बाल अधिकार	नवजात शिशुको हत्या		२	२
	बलात्कार	५		५
	हाडनाता करणी	१		१
	यौन दुर्व्यवहार	४		४
	जम्मा	१०	२	१२
महिला अधिकार	घरेलु हिंसा	२५		२५
	बलात्कार	१३		१३
	हाडनाता करणी	३		३
	पारिवारिक हत्या	३		३
	जम्मा	४४		४४
कूल जम्मा		५४	५	५९

(स्रोत : इन्सेक, २०२४)

बाल अधिकार

यस वर्ष ओखलढुङ्गा जिल्लामा बलात्कार घटनामा पाँच, हाडनाता करणी घटनामा एक, यौन दुर्व्यवहार घटनामा चार र नवजात शिशुको हत्या घटनामा दुई जना गरी १२ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा ३ सय १५ सामुदायिक विद्यालयमध्ये ८१ माध्यमिक र २ सय ३४ आधारभूत विद्यालय छन्। जिल्लाको साक्षरता प्रतिशत ९९.५ प्रतिशत छ। जिल्लामा १ हजार ७ सय ३ शिक्षकले अध्यापन गराइरहेका छन्। जिल्लाका सामुदायिक विद्यालयमा छात्रा १५ हजार ९७ जना र १४ हजार २ सय २७ छात्र गरेर २९ हजार ३ सय २४ विद्यार्थी रहेको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख भरतबहादुर भट्टराईले बताए। जिल्लाका २ सय ४१ विद्यालय भवन र १ सय ७ ओटा शौचालय अपाङ्गमैत्री छन्। यस वर्ष पहिरोले १५ ओटा विद्यालयमा क्षति पुऱ्यायो।

कुटपिट

चार र ६ वर्षीय छोराहरूलाई कुटपिट गरेको आरोपमा खिजिदेम्बा गाउँपालिका -९ का ४३ वर्षीय फूरिन्जी शेर्पालाई प्रहरीले ०८१ साउन २४ गते घरबाट गिरफ्तार गऱ्यो। आरोपितले छोराहरूलाई पटकपटक र अन्तिम पटक साउन २० गते यातना दिएपछि स्थानीयले आरोपितविरुद्ध साउन २३ गते प्रहरीलाई खबर गरेका थिए। वैदेशिक रोजगारीमा साइप्रसमा रहेकी ३५ वर्षीया पत्नी छोटी शेर्पासँग रिस साँध्न छोराहरूलाई यातना दिने र भिडियो र फोटो पठाउने गरेको अनुसन्धानका क्रममा खुलेको प्रहरीले जनायो। आरोपितले छोराहरूलाई कुटपिट गर्नुका साथै खड्कुलोमा राखेर पानीसँगै उमाल्ने, डोरीले बाँधेर उधोमुण्टो पारेर झुण्ड्याउने, बाँधेर राखेर यातना दिने गरेको फोटो र भिडियो आफैंले खिच्ने गरेको पाइएको प्रहरीले जनायो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा ०८१ भदौ १४ गते अमानवीय व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्लाका अदालतका न्यायाधीश गिरिराज गौतमको भदौ १६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडित बालकहरूको स्वास्थ्य परीक्षण र उपचार जिल्ला अस्पतालमा भयो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

बलात्कार

१७ वर्षीया बालिकालाई ०८० चैत २७ गते बलात्कार गरेको आरोपमा सिद्धिचरण नगरपालिका-७ का ३५ वर्षीय दावा शेर्पाविरुद्ध पीडित पक्षले चैत २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत २८ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश गिरिराज गौतमको ०८१ भदौ ६ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै १० वर्ष कैद, ५ लाख रुपियाँ जरिबाना, १ लाख रुपियाँ पीडितलाई क्षतिपूर्ति भराउन र २० हजार रुपियाँ पीडित राहत कोषमा जम्मा गर्न आदेश दिएको अदालतका स्रेस्तेदार विनोदप्रसाद घिमिरेले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २६ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमध्ये खान नदिएको १८, लगाउन नदिएको एक, विवाह दर्ता नगरेको एक र मादक पदार्थ सेवन गरी कुटपिटका ६ उजुरी छन् । यीमध्ये २५ उजुरीमा मेलमिलाप र एक उजुरीमा उजुरीकर्ता र आरोपितलाई सम्पर्क गर्दा सम्पर्कमा नआएकोले थप कानुनी प्रक्रिया अघि बढ्न नसकेको सेवा केन्द्रका इन्जार्च काजी पराजुलीले बताए।

यो वर्ष ओखलढुङ्गा जिल्लामा बलात्कारका घटनामा १३, हाडनाता करणी घटनामा तीन र घरेलु हिंसाका घटनामा २५ जना गरी ४१ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट तीन जना महिलाको हत्या भयो।

बलात्कार

२४ वर्षीया महिलालाई ०८० माघ ९ गते बलात्कार गरेको आरोपमा सिद्धिचरण नगरपालिका-८ सल्लेरीका ३४ वर्षीय मेघबहादुर परियारविरुद्ध पीडित पक्षले माघ १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १० गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश गिरिराज गौतमको ०८१ जेठ ८ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै चार वर्ष कैद, १ लाख ५० हजार रुपियाँ जरिबाना र १ लाख ५० हजार रुपियाँ क्षतिपूर्ति भराउन आदेश दिएको अदालतका सूचना अधिकारी प्रमोद रिजालले बताए।

पारिवारिक हत्या

सिद्धिचरण नगरपालिका-५ विप्लाटेकी ३८ वर्षीया किमु शेर्पाको ०८१ फागुन ११ गते घरायसी विवादमा कुटपिट गरी हत्या गरेको आरोपमा ४० वर्षीय पति काजी शेर्पाविरुद्ध पीडित पक्षले फागुन १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन १२ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश गिरिराज गौतमको ०८१ कात्तिक ११ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै जन्मकैद सजायको फैसला सुनाएको अदालतका स्रेस्तेदार विनोदप्रसाद घिमिरेले बताए।

वातावरण र मानव अधिकार

बसाइँसराइ

ओखलढुङ्गामा यो वर्ष ५ सय ६ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

ओखलढुङ्गामा इँटाभट्टा र सिमेन्ट उद्योग स्थापना भएको छैन।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यो वर्ष ओखलढुङ्गामा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत : जिल्ला प्रहरी कार्यालय

खानेपानी

ओखलढुङ्गामा ३४ हजार २ सय ८६ घरपरिवार सङ्ख्या रहेको छ। जसमा ५४.१३ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा सात ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, सामुदायिक अस्पताल एक, आधारभूत अस्पताल दुई, स्वास्थ्य चौकी ५२, प्राथमिक स्वास्थ्य केन्द्र एक, सहरी स्वास्थ्य केन्द्र पाँच, सामुदायिक स्वास्थ्य इकाइ सात, आधारभूत स्वास्थ्य इकाइ ३१ गरी १ सय स्वास्थ्य संस्था छन्। एक जना विशेषज्ञ चिकित्सकसहित ३० जनाको दरबन्दी रहेको जिल्ला अस्पतालमा विशेषज्ञ चिकित्सकको दरबन्दी रिक्त छ। दुई जना एमबीबीएस डाक्टरको दरबन्दी रहेकामा करारसहित ६ जना कार्यरत छन्। तीन जना स्टाफनर्सको दरबन्दी रहेकोमा सबैजना कार्यरत छन्। अहेब एक र एक हेल्थ असिस्टेनको दरबन्दी रिक्त छ। टेक्निसियन एक जना दरबन्दी रहेकोमा कार्यरत छन्। रेडियोग्राफर एक दरबन्दी रिक्त छ।

९८ प्रकारका नि:शुल्क औषधी पाउने सरकारी नीति भए पनि स्वास्थ्य संस्थामा ८० प्रकारका औषधी पाइने गरेको जिल्ला अस्पतालका प्रमुख डाक्टर साजन दुवालले बताए। जिल्ला अस्पतालमा रहेको दुई ओटा भेन्टिलेटर र पाँच बेडको आइसीयू दक्ष जनशक्ति नहुँदा सञ्चालनमा आउन सकेको छैन।

तालिका ८.१.४.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
नवजात शिशुको हत्या			२	२
बलात्कार	२		४	६
यौन दुर्व्यवहार		१	३	४
जम्मा	२	१	९	१२

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		१८	२	५	२५
बलात्कार	१		२	१३	१६
पारिवारिक हत्या	२		१		३
जम्मा	३	१८	५	१८	४४

(स्रोत : इन्सेक, २०२४)

८.१.५ खोटाङ



जम्मा जनसङ्ख्या	१,७५,२९८
महिला	८८,६६१
घर परिवार सङ्ख्या	४१,७२०
घरजग्गामा महिलाको स्वामित्व	७,५८५
साक्षरता प्रतिशत	७५.९९
आश्रित जनसङ्ख्या	९१,५३५
अपाङ्गता भएका	४,९२५

यस वर्ष खोटाङ जिल्लामा ज्यादतीका घटनामा ६९ जना महिला र चार जना पुरुष गरी ७३ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २६ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३४ जना महिला पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ६६ पुरुष र ३३ महिला गरी ९९ जनाको रहेको छ। कारागारमा १ सय १७ जना कैदी र ४७ जना थुनुवा गरी १ सय ६४ जना छन्। जसमा महिला कैदीको सङ्ख्या दुई छ। कारागारमा पाँच जना ज्येष्ठ नागरिक छन्। क्षमताभन्दा बढी कैदीबन्दी भएका कारण पालो मिलाएर सुत्नुपर्ने, शौचालय प्रयोगका लागि लामो समय कुर्नुपर्ने अवस्था रहेको जेलर सोमप्रसाद आचार्यले बताए। कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि एक जना अहेवको दरबन्दी रहेकोमा कार्यरत छन्। कारागारमा खानेपानीको समस्या रहेको पनि जेलर आचार्यले बताए।

चौकीदार छनौटको विषयलाई लिएर ०८१ साउन १६ गते भएको झडपमा ३६ वर्षीय कैदी रोहिनी कार्की घाइते भएको कारागार प्रशासनले जनायो। ३२ वर्षीय कैदी कर्मा शेर्पालगायतले बेल्चा प्रहार गर्दा रोहिनी घाइते भएको जेलर सोमप्रसाद आचार्यले बताए। उनलाई कर्मा शेर्पाका समर्थक ३१ वर्षीय सन्तोष परियार, ३० वर्षीय निश्चल श्रेष्ठ, २९ वर्षीय दर्शन राई, ४४ वर्षीय प्रेम पुरी, ३३ वर्षीय इन्द्र पौडेल र ३२ वर्षीय सुवास विश्वकर्माले आक्रमण गरेको कारागार प्रशासनले जनायो। घाइतेको उपचार जिल्ला अस्पतालमा साउन १६ गते भयो। कारागार प्रशासनले प्रेम पुरीलाई रौतहट र अन्यलाई सोही दिन पर्सा कारागार स्थानान्तरण गरेको जेलर सोमप्रसाद आचार्यले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। यस वर्ष फौजदारी मुद्दा ६८ थान र देवानी ७१ थान मुद्दा गरी १ सय ३९ थान मुद्दा दर्ता भए। जसमध्ये फौजदारी २८ थान र देवानी ३७ थान मुद्दा फैसला भए। जिल्ला अदालतमा दुई वर्ष पुराना मुद्दा नभएको अदालतका स्रेस्तेदार सीताराम खड्काले बताए।

बाल अधिकार

यस वर्ष खोटाङ जिल्लामा बलात्कार घटनामा १७, हाडनाता करणी घटनामा एक, सामूहिक बलात्कारका घटनामा एक, यौन दुर्व्यवहार घटनामा ६ र बालविवाहका घटनामा एक जना गरी २६ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा बालविकास केन्द्र ३ सय ४७, निम्न माध्यमिक विद्यालय ३ सय १६ र माध्यमिक विद्यालय

तालिका ८.१.५.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		८	२	१०
घाइते			२	२
हत्या		१		१
बाल अधिकार	बालविवाह	१		१
	बलात्कार	१७		१७
	सामूहिक बलात्कार	१		१
	हाडनाता करणी	१		१
	यौन दुर्व्यवहार	६		६
	जम्मा	२६		२६
महिला अधिकार	घरेलु हिंसा	२५		२५
	बलात्कार	३		३
	हाडनाता करणी	४		४
	यौन दुर्व्यवहार	२		२
	जम्मा	३४		३४
कूल जम्मा		६९	४	७३

(स्रोत : इन्सेक, २०२४)

८४ छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय नभएको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख तीर्थ बिकले बताए। जिल्लामा रहेका अधिकांश विद्यालयमा खानेपानीको व्यवस्था रहेको प्रमुख बिकले बताए।

बलात्कार

सात वर्षीया बालिकालाई ०८१ असार ५ गते बलात्कार गरेको आरोपमा ६३ वर्षीय पुरुषविरुद्ध पीडित पक्षले असार ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले असार ६ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नारायणप्रसाद दाहालको ०८१ कात्तिक ५ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै २५ वर्ष कैद, ५ लाख रुपियाँ जरिबाना र १ लाख ५० हजार रुपियाँ पीडितले क्षतिपूर्ति पाउने गरी फैसला भएको जिल्ला अदालतका स्रेस्तेदार सीतराम खड्काले बताए।

तीन वर्षीया बालिकालाई ०८१ असार २ गते बलात्कार गरेको आरोपमा १४ वर्षीय बालकविरुद्ध पीडित पक्षले असार २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले असार २ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नारायणप्रसाद दाहालको असोज १० गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै १२ वर्ष ६ महिना कैद, ३ लाख ५० हजार रुपियाँ जरिबाना र ७५ हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला गरेको अदालतका स्रेस्तेदार सीताराम खड्काले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २५ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये मादक पदार्थ सेवन गरी कुटपिट गरेको २३ र घर निकाला गरेको दुई उजुरी छन्। सबै उजुरीमा मेलमिलाप गराएको सेवा केन्द्रकी असई कोपिला भुजेलले बताइन्।

यो वर्ष खोटाङ जिल्लामा बलात्कारका घटनामा तीन, हाडनाता करणी घटनामा चार, यौन दुर्व्यवहार घटनामा दुई र घरेलु हिंसाका घटनामा २५ जना गरी ३४ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

ज्येष्ठ नागरिक

हत्या

साकेला गाउँपालिका-२ का ७१ वर्षीय कृष्णकुमार राईलाई घरायसी विवादका क्रममा ०८१ जेठ ७ गते कुटपिट गरी हत्या गरेको आरोपमा ४२ वर्षीय छोरा टिकाराम राईविरुद्ध पीडित पक्षले जेठ १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ १० गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा असार ६ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नारायणप्रसाद दाहालको असार ७ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा जेठ ११ गते भयो। आरोपितले जेठ ७ गते बाबुको हत्या गरी जेठ ८ गते घर नजिक पुरेको र आरोपितविरुद्ध प्रहरीमा उजुरी परेपछि शव उत्खनन गरिएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर वेनु कार्कीले बताए। पीडित पक्षले जेठ ११ गते साकेला गाउँपालिका-२ घर नजिक सद्गत गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

वातावरण र मानव अधिकार

बसाइँसराइ

खोटाङमा यो वर्ष १ हजार ४ सय ५३ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

तालिका ८.१.५.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
महिला अधिकार	१	१

(स्रोत : इन्सेक, २०२४)

इँटाभट्टा र सिमेन्ट उद्योग

खोटाङमा इँटाभट्टा र सिमेन्ट उद्योग स्थापना भएको छैन।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यो वर्ष खोटाङमा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

खोटाङमा ४१ हजार ७ सय २० घरपरिवार सङ्ख्या रहेको छ। जसमा ७६.७१ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

खोटाङ जिल्लामा सन् १७ ओटा सार्वजनिक शौचालय सञ्चालनमा रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा जिल्ला अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र र ७६ स्वास्थ्य चौकी छन्। ९८ प्रकारका औषधी नि:शुल्क पाउने सरकारी नीति भए पनि जिल्लाका स्वास्थ्य संस्थामा नि:शुल्क पाइने औषधीको सङ्ख्या ३८ को हाराहारीमा मात्र छ। जिल्लामा ३२ हजार ३ सय ३९ जना महिला र ३१ हजार ६ सय ६३ जना पुरुष गरी ६४ हजार ३ जनाले स्वास्थ्य बीमा गराएका छन्। स्वास्थ्य बीमा गराएकाहरूले नियमित स्वास्थ्य सेवा लिइरहेको स्वास्थ्य बीमाकर्ता सन्तोष दाहालले बताए।

तालिका ८.१.५.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह		१		१
बलात्कार	२	३	१४	१९
यौन दुर्व्यवहार	१	१	४	६
जम्मा	३	५	१८	२६

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	२३	२	२५
बलात्कार		७	७
यौन दुर्व्यवहार		२	२
जम्मा	२३	११	३४

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

(स्रोत : इन्सेक, २०२४)

८.१.६ भोजपुर



जम्मा जनसङ्ख्या	१,५७,९२३
महिला	७९,७१२
घर परिवार सङ्ख्या	३८,५८०
घरजग्गामा महिलाको स्वामित्व	७,१०३
साक्षरता प्रतिशत	७८.८७
आश्रित जनसङ्ख्या	७९,२७६
अपाङ्गता भएका	५,४९०

यस वर्ष भोजपुर जिल्लामा ज्यादतीका घटनामा ७० जना महिला र एक जना पुरुष गरी ७१ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा चार जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६६ जना महिला पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ४० जनाको रहेको छ। कारागारमा कैद तोकिएका ६७ जना र कैद नतोकिएका ४५ जना गरी १ सय १२ जना छन्। जसमा महिला कैदीबन्दीको सङ्ख्या ६ रहेको छ। कारागारमा सात जना ज्येष्ठ नागरिक छन्। क्षमताभन्दा बढी कैदीबन्दी भएकाले शौचालय, खानेपानी, सुत्न र स्वास्थ्य उपचारमा समस्या छ। भौतिक संरचना समेत जीर्ण हुँदा बस्न समेत जोखिम रहेको जेलर केशवप्रसाद खनालले बताए। कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि एक जना अहेवको दरबन्दी रहेको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेको अदालतमा यस वर्ष देवानीतर्फ १ सय ४२ थान मुद्दामध्ये ७१ थान मुद्दा फैसला भए। फौजदारीतर्फ दर्ता भएका १ सय ७ थान मुद्दामध्ये ५८ थान फैसला भए। दुई वर्षभन्दा पुराना कुनै पनि मुद्दा बाँकी नभएको जिल्ला अदालतले जनायो।

बाल अधिकार

यस वर्ष भोजपुर जिल्लामा बलात्कार घटनामा दुई र हाडनाता करणी घटनामा दुई गरी चार जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा ३ सय ३४ आधारभूत र ७४ माध्यमिक गरी ४ सय ८ विद्यालय छन्। जिल्लाका विद्यालयमा खेलकुद, अतिरिक्त क्रियाकलाप, सहक्रियाकलाप, भौतिक साधनको सुविधा, विज्ञान प्रयोगशाला, पुस्तकालय, इन्टरनेट, विद्युतीय सुविधा राज्यको खर्चमा नि:शुल्क उपलब्ध हुने भनिए पनि यो सुविधा जिल्लाका ७४ ओटा माध्यमिक विद्यालयमा मात्र छ। प्राथामिक र आधारभूत विद्यालयमा भने खेलकुद, अतिरिक्त क्रियाकलाप, सहक्रियाकलाप, भौतिक साधनको सुविधा उपलब्ध भए पनि विज्ञान प्रयोगशाला, पुस्तकालय, इन्टरनेट, विद्युतीय सुविधा नभएको शिक्षा

विकास तथा समन्वय इकाइ, भोजपुरका प्रमुख रामप्रसाद अधिकारीले बताए। ०७२ को भूकम्पपछि बनेका भवनमात्र अपाङ्गतामैत्री भएपनि यस्ता भवनको एकीन तथ्याङ्क नभएको समन्वय इकाइका प्रमुख अधिकारीले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २६ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट पाँच, खान/लाउन नदिएको सात, र घरायसी झगडाका ११ उजुरी छन्। यीमध्ये प्रहरीले २१ उजुरीमा मेलमिलाप गरायो भने पाँच उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ।

यो वर्ष भोजपुर जिल्लामा बलात्कारका घटनामा सात र घरेलु हिंसाका घटनामा ५८ गरी ६५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। यस वर्ष परिवारबाट एक जना महिलाको हत्या भयो।

पारिवारिक हत्या

अरूण गाउँपालिका-४ ल्याङडाँडा चरम्बीकी ६८ वर्षीया नीरकुमारी तामाङको घरायसी विवादका क्रममा ०८१ जेठ २७ गते खुर्पा प्रहारी गरी हत्या गरेको आरोपमा पीडित पक्षले ३४ वर्षीय छोरा मिलन तामाङविरुद्ध जेठ २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई सोही दिन घरबाटै गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा असार १६ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश बाबुकाजी बानियाको असार १६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको स्रेस्तेदार मोहन घिमिरेले बताए। शवको पोष्टमार्टम जेठ २८ गते जिल्ला अस्पतालमा गरी आफन्तले बुझेर अरूण गाउँपालिका-४ ल्याङडाँडा चरम्बीमा सद्गत गरे। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

वातावरण र मानव अधिकार

बसाइँसराइ

भोजपुरमा यो वर्ष १ हजार ३ सय १५ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

तालिका ८.१.६.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			१	१
बाल अधिकार	बलात्कार	२		२
	हाडनाता करणी	२		२
	जम्मा	४		४
महिला अधिकार	घरेलु हिंसा	५८		५८
	बलात्कार	७		७
	पारिवारिक हत्या	१		१
	जम्मा	६६		६६
कूल जम्मा		७०	१	७१

(स्रोत : इन्सेक, २०२४)

इँटाभट्टा र सिमेन्ट उद्योग

भोजपुरमा इँटाभट्टा र सिमेन्ट उद्योग स्थापना भएको छैन।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

भोजपुरमा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

भोजपुरमा ३८ हजार ५ सय ८० घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ८७.२९ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत : खानेपानी तथा सरसफाइ कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा ६ ओटा सार्वजनिक शौचालय सञ्चालनमा छन्।

स्रोत : स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, ६६ स्वास्थ्य चौकी, तीन प्राथमिक स्वास्थ्य केन्द्र, एक नगर स्वास्थ्य केन्द्र छन्। ९८ प्रकारका औषधी निःशुल्क पाउने सरकारी नीति भए पनि स्वास्थ्य संस्थामा निःशुल्क पाइने औषधीको सङ्ख्या २२ को हाराहारीमा छ। जिल्ला अस्पतालमा चिकित्सकको अभाव हुँदा जिल्ला बाहिरका अस्पतालमा जानुपर्ने बाध्यता छ। जिल्लामा ४२ हजार ८ सय २० जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क

बीमा कार्यक्रममा पनि २ हजार ७ सय ३० जना पुरुष र २ हजार ८ सय २९ जना महिला गरी ५ हजार ५ सय ५९ जनाको बीमित छन्। स्वास्थ्य बीमाले उपचारमा सहज हुने भोजपुर नगरपालिका-५ का स्थानीय धनबहादुर थापाले बताए।

तालिका ८.१.६.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बलात्कार	४	४

महिला अधिकार			
घटनाको प्रकार	**मेलमिलाप**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा	२३	३५	५८
बलात्कार		७	७
पारिवारिक हत्या		१	१
जम्मा	२३	४३	६६

(स्रोत : इन्सेक, २०२४)

८.१.७ धनकुटा



जम्मा जनसङ्ख्या	१,५०,५९९
महिला	७६,७७५
घर परिवार सङ्ख्या	३७,६१६
घरजग्गामा महिलाको स्वामित्व	९,२३९
साक्षरता प्रतिशत	८१.३६
आश्रित जनसङ्ख्या	७०,३२२
अपाङ्गता भएका	५,१९७

यस वर्ष धनकुटा जिल्लामा ज्यादतीका घटनामा ९६ जना महिला र तीन जना पुरुष गरी ९९ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १४ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ७७ जना महिला पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ३५ पुरुष र १५ महिला गरी ५० जनाको रहेको छ । कारागारमा कैद तोकिएका पुरुष १ सय ३० र महिला चार जना कैदी र कैद नतोकिएका पुरुष २४ र महिला दुई जना थुनुवा गरी १ सय ६० जना छन्। पुरुष कारागारमा क्षमता भन्दा १ सय १९ जना बढी राखिएकाले पालो मिलाएर सुत्नुपर्ने, शौचालय प्रयोगका लागि लामो समय कुर्नुपर्ने अवस्था छ। कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि एक अहेवको दरबन्दी रहेकोमा कार्यरत छन्। कारागारमा खानेपानीको अभाव हुने गरेको र शौचालयमा धेरै प्रयोगकर्ता भएकै कारण सरसफाइमा समस्या हुने गरेको जेलर सन्तोष भण्डारीले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। यस वर्ष ४ सय ७० थान मुद्दा दर्ता भएकोमा ३ सय ८५ थान देवानी र ८५ थान फौजदारी छन्। जसमा फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ सय १५ थान र फौजदारीतर्फ ६५ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी एक थान छ। देवानीतर्फ २ सय ७० थान र फौजदारी २० थान मुद्दा फैसला भएका छन्।

उच्च अदालत विराटनगर, धनकुटा इजलास

चार जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत विराटनगर, धनकुटा इजलासमा चारै जना कार्यरत छन्। देवानीतर्फ ९१ र फौजदारीतर्फ २ सय २० थान मुद्दा दर्ता भए। जसमा फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ४४ र फौजदारीतर्फ ८२ थान छन्। दुई वर्ष पुराना मुद्दा नरहेको अदालतका सूचना अधिकारी शम्भु भुजेलले बताए।

बाल अधिकार

यस वर्ष धनकुटा जिल्लामा बलात्कार घटनामा १०, यौन दुर्व्यवहार घटनामा तीन र बालविवाहका घटनामा एक गरी १३ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा २ सय ३६ आधारभूत र ९१ माध्यमिक विद्यालय छन्। जसमा कक्षा १ देखि १० सञ्चालन भएका ४७ र कक्षा १ देखि १२ सञ्चालन भएका ४४ छन्। यस वर्ष बालविकासमा २ हजार ६

तालिका ८.१.७.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
घाइते		१	२	३
हत्या		२	१	३
धम्की			१	१
जातीय विभेद		१		१
बाल अधिकार	बाल विवाह	१		१
	बलात्कार	१०		१०
	यौन दुर्व्यवहार	२		२
	जम्मा	१३		१३
महिला अधिकार	हरेलु हिंसा	६९		६९
	बलात्कारपछि हत्या	१		१
	बलात्कार	७		७
	बलात्कार प्रयास	१		१
	जम्मा	७८		७८
कूल जम्मा		९५	४	९९

(स्रोत : इन्सेक, २०२४)

सय ७० छात्रा र २ हजार ९ सय २ छात्र गरी ५ हजार ५ सय ७२ बालवालिका भर्ना भए। आधारभूत तहमा ११ हजार ४ सय ८० छात्रा र १२ हजार २ सय ७० छात्र गरी २३ हजार ७ सय ५० बालबालिका भर्ना भए। माध्यमिक तहमा ४ हजार ४ सय ५ छात्रा र ४ हजार ९० छात्र गरी ८ हजार ४ सय ९८ बालबालिका भर्ना भए। १८ हजार ५ सय ५५ छात्रा र १९ हजार २ सय ६२ छात्र गरी कूल ३७ हजार ८ सय १७ बालबालिका भर्ना भए।

जिल्लाका सबै विद्यालयमा छात्र र छात्राको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था छ। साँगुरीगढी गाउँपालिका र चौबीसे गाउँपालिकाका केही विद्यालयमा खानेपानी तीन वा चार दिनमा आउने हुँदा सङ्कलन गरेर राख्नुपर्ने अवस्था छ। जिल्लामा सात ओटा विद्यालय अपाङ्गतामैत्री छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३० जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरेका पाँच, खान/लाउन नदिएको १०, विवाह दर्ता नगरेको दुई र नागरिकता नबनाएको तीन, मादक पदार्थ सेवन गरी घरायसी झगडाका १० उजुरी छन्। २५ उजुरीमा मेलमिलाप र पाँच उजुरी कानुनी कारबाहीका लागि अघि बढाएको जिल्ला प्रहरी कार्यालयका डिएसपी ओमप्रकाश खनालले बताए।

यो वर्ष धनकुटा जिल्लामा बलात्कारका घटनामा सात, बलात्कार प्रयासका घटनामा एक, 'बोक्सी'को आरोपमा एक र घरेलु हिंसाका घटनामा ६८ गरी ७७ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

वातावरण र मानव अधिकार

बसाइँसराइ

धनकुटामा यो वर्ष ७ सय ४६ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोतः स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

धनकुटामा इँटाभट्टा र सिमेन्ट उद्योग स्थापना भएको छैन।

स्रोतः घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यो वर्ष धनकुटामा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोतः जिल्ला प्रहरी कार्यालय

खानेपानी

धनकुटामा ३७ हजार ९ सय १६ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ८६.७१ प्रतिशत जनताको खानेपानीको पहुँच पुगेको छ।

स्रोत : खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

धनकुटामा आठ ओटा सार्वजनिक शौचालय सञ्चालनमा छन्।

स्रोतः स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

एक जिल्ला अस्पताल, दुई सामुदायिक अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र, ३७ स्वास्थ्य चौकी र १५ नगर स्वास्थ्य केन्द्र छन्। ९८ प्रकारका औषधी निःशुल्क पाउने सरकारी नीति भए पनि स्वास्थ्य संस्थामा निःशुल्क पाइने औषधीको सङ्ख्या ४० को हाराहारीमात्रै छ। जिल्लामा यो वर्षसम्म ४९ हजार ६ सय ११ जनाले स्वास्थ्य बीमा गराएका छन् । जसमा २५ हजार ६ सय ८१ जना महिला र २३ हजार ९ सय २८ जना पुरुष छन्। जिल्लामा करिब ३३ प्रतिशत मात्रै बीमाको पहुँचमा पुगेका छन्।

तालिका ८.१.७.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	कानुनी दायरामा नल्याइएका	जम्मा
बालविवाह		१		१
बलात्कार	१	८	१	१०
यौन दुर्व्यवहार		३		३
जम्मा	१	१२	१	१४

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	६९			६९
बलात्कार		१	६	७
बलात्कारपछि हत्या			१	१
बलात्कार प्रयास			१	१
जम्मा	६९	१	८	७८

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१	१	३

(स्रोत : इन्सेक, २०२४)

८.१.८ तेह्रथुम



जम्मा जनसङ्ख्या	८८,७३१
महिला	४५,१५०
घर परिवार सङ्ख्या	२१,८४५
घरजग्गामा महिलाको स्वामित्व	५,२७९
साक्षरता प्रतिशत	८१.९४
आश्रित जनसङ्ख्या	४२,९६५
अपाङ्गता भएका	२,५४५

यस वर्ष तेह्रथुम जिल्लामा ज्यादतीका घटनामा ५४ जना महिला र एक जना पुरुष गरी ५५ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा सात जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ४८ जना महिला पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ३५ जनाको रहेको छ। कारागारमा कैदी ८८ जना र थुनुवा १४ जना गरी १ सय २ जना राखिएको छ । जसमा महिला थुनुवा चार र पुरुष थुनुवा १० जना छन्। महिला कैदी सात र पुरुष कैदी ८१ जना छन्। कारागारमा एक आश्रित बालक छन्। कारागारमा पुरुष कक्षतर्फ झण्डै तीन गुणा कैदीबन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। कैदीबन्दीका आफन्तजनलाई भेटघाट गर्ने राम्रो व्यवस्था गरिएको र कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्रीमा भलिबल, चेस, लुँडो, क्यारेमबोर्ड र पुस्तकालयको व्यवस्था गरिएको जेलर विक्रम लिम्बूले बताए। कैदीबन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि एक जना दरबन्दी रहेकोमा एक जनाले सेवा प्रदान गरिरहेका छन्। ६० वर्ष नाघेका सात जना पुरुष ज्येष्ठ नागरिक छन्। हरेक दिन कैदी बन्दीको स्वास्थ्यमा ध्यान दिइने, औषधी सेवन गरिरहेकाहरूले औषधी खाए/नखाएको हेर्ने गरिएको सिनियर अहेब कृष्ण ढुङ्गानाले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। यस वर्ष ३ सय ८ थान मुद्दा दर्ता भएकोमा २ सय ६९ थान देवानी र ३९ थान मुद्दा फौजदारी छन्। जसमा फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ २ सय २५ थान र २८ थान फौजदारी मुद्दा छन्। दुई वर्षभन्दा पुराना मुद्दा नभएको अदालतकी स्रेस्तेदार रितु राईले बताइन्।

बाल अधिकार

यस वर्ष तेह्रथुम जिल्लामा बलात्कार घटनामा तीन, यौन दुर्व्यवहार घटनामा तीन र नवजात शिशुको हत्याका घटनामा एक जना गरी सात जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

शिक्षाको अवस्था

जिल्लामा १ सय ७७ आधारभूत र ४६ माध्यमिक गरी २ सय २३ सामुदायिक विद्यालय छन्। यस वर्ष १० हजार ८५ जना छात्र र ९ हजार ८ सय १७ जना छात्रा गरी १९ हजार ९ सय २ जना भर्ना भए। अपाङ्गता भएका ६३ जना बालिका र ६५ जना बालक भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय

१४ ओटा छन्। यस वर्ष जिल्लाभर १ हजार ३ सय दलित बालक र १ हजार १ सय ५१ दलित बालिका विद्यालय भर्ना भएको शिक्षा विकास तथा समन्वय इकाइका सूचना अधिकारी भीम पौडेलले बताए। जिल्लाका सबै विद्यालयमा शौचालय र पानीको व्यवस्था भएको सूचना अधिकारी पौडेलले बताए। यस वर्ष ८ सय २८ शिक्षक दरबन्दी रहेकामा ४७ ओटा दरबन्दी मिलान हुन बाँकी रहे।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २३ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा मादक पदार्थ सेवन गरी कुटपिटका १५, खान नदिएको दुई, लगाउन नदिएको दुई र घरायसी झगडाका चार उजुरी छन्। सबै उजुरीमा मेलमिलाप गराएको सेवा केन्द्रकी प्रमुख असइ रीता पोखरेलले बताइन्।

यो वर्ष तेह्रथुम जिल्लामा बलात्कारका घटनामा पाँच, बलात्कार प्रयासका घटनामा एक र घरेलु हिंसाका घटनामा ३९ गरी ४५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। यस वर्ष परिवारबाट तीन जना महिलाको हत्या भयो।

बलात्कार

४५ वर्षीया महिलालाई ०८० चैत ५ गते बलात्कार गरेको आरोपमा म्याङलुङ नगरपालिका-१० सुसलिङका २३ वर्षीय नरेल लिम्बूविरुद्ध पीडितले चैत १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले चैत १५ गते घरबाटै गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश भीमबहादुर निरौलाको ०८१ असार २३ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै सात वर्ष कैद सजायसँगै ३ लाख रुपियाँ जरिबाना र ५० हजार रुपियाँ क्षतिपूर्ति भराउन आदेश भएको अदालतका स्रेस्तेदार रीतु राईले बताइन्।

पारिवारिक हत्या

म्याङलुङ नगरपालिका-६ सुर्केकी ५४ वर्षीया सुवासकुमारी लिम्बूको घरायसी विवादका क्रममा ०८० चैत १९ गते सिकल प्रहार गरी हत्या गरेको आरोपमा पीडित पक्षले ४६ वर्षीय पति दीपक सिंजागु लिम्बूविरुद्ध चैत १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत १९ गते घटनास्थलबाट गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश भीमबहादुर निरौलाको ०८१ वैशाख १३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गर्‍यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

तालिका ८.१.८.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
बाल अधिकार	नवजात शिशुको हत्या		१	१
	बलात्कार	३		३
	यौन दुर्व्यवहार	३		३
	जम्मा	६	१	७
महिला अधिकार	घरेलु हिंसा	३९		३९
	बलात्कार	५		५
	बलात्कार प्रयास	१		१
	पारिवारिक हत्या	३		३
	जम्मा	४८		४८
कूल जम्मा		५४	१	५५

(स्रोत : इन्सेक, २०२४)

वातावरण र मानव अधिकार

बसाइँसराइ

तेह्रथुममा यो वर्ष ७ सय ३१ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

तेह्रथुममा इँटाभट्टा र सिमेन्ट उद्योग स्थापना भएको छैन।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

तेह्रथुममा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

तेह्रथुममा २१ हजार ८ सय ४५ घरपरिवार सङ्ख्या रहेको छ । जसमा ८७.१२ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

तालिका ८.१.८.२	**अपाङ्गता भएका पीडित सङ्ख्या**	
घटनाको प्रकार	**अन्यपक्षबाट**	
	महिला	**जम्मा**
महिला अधिकार	१	१

(स्रोत : इन्सेक, २०२४)

सार्वजनिक शौचालय

तेह्रथुममा १२ ओटा सार्वजनिक शौचालय छन् ।

स्रोतः स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अदालतमा एक जना विशेषज्ञ डाक्टरसहित १२ जनाको दरबन्दी छ। यस वर्षको अन्त्यसम्म चार दरबन्दी रिक्त रहे। दुई जना बिदा र ६ जना चिकित्सक कार्यरत रहेको अदालतका सूचना अधिकारी महेन्द्रकुमारी खड्काले बताइन्। जिल्लामा १० सामुदायिक स्वास्थ्य इकाइ, दुई प्राथमिक स्वास्थ्य केन्द्र, २६ स्वास्थ्य चौकी, सात आधारभूत स्वास्थ्य केन्द्र र दुई सहरी स्वास्थ्य केन्द्र छन्। जिल्लामा सन् २०२४ को अन्त्यसम्म १९ हजार ७ सय १२ जनाले स्वास्थ्य बीमा गराएका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रममा २ हजार ९ सय ३७ जनाले स्वास्थ्य बीमा गराएर सेवा लिइरहेका छन्। जिल्ला अस्पतालमा ९८ प्रकारका औषधी पाउने सरकारी नीति भए पनि ४३ प्रकारका औषधी मात्र पाइने गरेको छ।

तालिका ८.१.८.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीकी घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
नवजात शिशुको हत्या		१	१
बलात्कार		३	३
यौन दुर्व्यवहार	१	२	३
जम्मा	१	६	७

महिला अधिकार					
घटनाको प्रकार	**मुद्दा टुङ्गिएका**	**मेलमिलाप**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा		३९			३९
बलात्कार	१		४		५
बलात्कार प्रयास				१	१
पारिवारिक हत्या				३	३
जम्मा	१	३९	४	४	४८

(स्रोत : इन्सेक, २०२४)

८.१.९ पाँचथर

जम्मा जनसङ्ख्या	१,७२,४००
महिला	८६,७१७
घर परिवार सङ्ख्या	४२,४३७
घरजग्गामा महिलाको स्वामित्व	६,९१३
साक्षरता प्रतिशत	८२.२९
आश्रित जनसङ्ख्या	८३,२२०
अपाङ्गता भएका	४,५८७

यस वर्ष पाँचथर जिल्लामा ज्यादतीका घटनामा २२ जना महिला र आठ जना पुरुष गरी ३० जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा आठ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १३ जना महिला पीडित भए।

ग्रिनेड विष्फोटमा मृत्यु/घाइते

फालेलुङ गाउँपालिका-५ प्राङबु डाडाँगाउँस्थित ५१ वर्षीय आइतराज केरूङको घरको आँगनमा ०८१ भदौ १३ गते अपरान्ह होम मेड ग्रिनेड विष्फोट हुँदा घाइते भएका अढाई वर्षीया बालिका र ११ वर्षीय बालकको उपचारको क्रममा इलाम अस्पताल र बिर्तामोडस्थित बीएण्डसी अस्पतालमा मृत्यु भयो। विष्फोटमा परी ११ वर्षीय र सात वर्षीय बालक घाइते भए। शवको पोष्टमार्टम भदौ १४ गते जिल्ला अस्पताल,इलाम र मेची प्रादेशिक अस्पताल भद्रपुरमा भदौ १४ गते भयो। विष्फोटमा घाइते भएका ११ वर्षीय बालक र सात वर्षीय बालकको कीर्तिपुरस्थित वर्न अस्पतालको जलन युनिटमा उपचार भयो।

विष्फोटमा घाइते भएका सात वर्षीय दिप्सन सावालाई जिल्ला अस्पतालले थप उपचारका लागि वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान रेफर गर्‍यो। बालकका ४० वर्षीय बाबु दीपक राईलाई प्रतिष्ठानका चिकित्सकले काठमाडौं लैजान सुझाव दिएपछि पैसा अभाव भएको भन्दै भदौ १८ गते जिल्ला लिएर फर्किए। कोशी अस्पताल, विराटनगरमा उपचारमा राखिएका ११ वर्षीय बालक पवन राईकी आमा कृष्णकुमारी राईलाई चिकित्सकले बालकको टाउकाको सिटी स्क्यान गरेर रिपोर्ट ल्याउन भने। रकम नभएपछि कृष्णकुमारीले छोरालाई बिराटनगरबाट फर्काएर जिल्ला अस्पताल, पाँचथरको आकस्मिक कक्षमा उपचार गराइरहेको इन्सेक अनुगमन टोलीले भेट्यो। चिकित्सकसँगको सल्लाह र बालकको स्वास्थ्य अवस्था र घाउका बारेमा जानकारी लिएपछि सिविन नेपाल र इन्सेकको अनुगमन टोलीले बालकलाई थप उपचारका लागि कीर्तिपुरस्थित जलन अस्पतालमा लैजाने निर्णय गर्‍यो। घाइते दुवै जना बालकको उपचार सिविनले गर्ने र काठमाडौंसम्म बालकहरूलाई पुर्‍याउन इन्सेक र सिविनले भदौ १८ गते फालेलुङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत डम्वरबहादुर आङदम्वेसँग परामर्श गर्‍यो। प्रमुख प्रशासकीय अधिकृतले वडा सचिवसँग समन्वय गरी दुवै जना बालकको परिचय खुल्ने कागजात भदौ १८ गते राति नै बनाएर गाउँपालिकाको सिफारिसहित काठमाडौं लैजाने व्यवस्था मिलायो। भदौ १९ गते घाइते दुवै जना बालकलाई कीर्तिपुरस्थित जलन अस्पतालमा भर्ना गराइ उपचार भयो।

मृतकका परिवारलाई ५ लाख रुपियाँ राहत उपलब्ध गराउने निर्णय ०८१ भदौ २४ गते मन्त्रिपरिषद् बैठकले गर्‍यो। सरकारको सोही निर्णयअनुसार घाइते ११ वर्षीय बालक पवन राई र सात वर्षीय बालक दिप्सन राईको उपचार खर्च राज्यले व्यहोर्ने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप पौडेलले

तालिका ८.१.९.१ **घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
घाइते			६	६
हत्या		१	२	३
बाल अधिकार	बलात्कार	६		६
	यौन दुर्व्यवहार	२		२
	जम्मा	८		८
महिला अधिकार	घरेलु हिंसा	३		३
	बलात्कार	४		४
	बलात्कार प्रयास	२		२
	यौन दुर्व्यवहार	१		१
	साइबर अपराध	१		१
	पारिवारिक हत्या	२		२
	जम्मा	१३		१३
कूल जम्मा		२२	८	३०

(स्रोत : इन्सेक, २०२४)

बताए।

घटनास्थल नजिकै ०८१ भदौ १३ गते अर्को शङ्कास्पद वस्तु भेटिएपछि पाँचथरमा रहेको श्री भैरवीदल गणको बम डिस्पोज टोलीले भदौ १४ गते निष्कृय बनाएको फालेलुङ गाउँपालिका-५ का वडा सदस्य ५३ वर्षीय मनबहादुर थाम्सुहाङले इन्सेकको अनुगमन टोलीलाई बताए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता २५ जनाको रहेको छ। कारागारमा कैद तोकिएका १ सय ७, कैद नतोकिएका ३६ जना थुनुवा गरी १ सय ४३ जना कैदीबन्दी छन्। जसमा महिला कैदीको सङ्ख्या आठ र थुनुवाको एक गरी नौ जना छ। कारागारमा आश्रित बालिका एक छन्। क्षमता भन्दा पाँच गुणा कैदीबन्दी भएकाले पालो मिलाएर सुत्नुपर्ने, शौचालय प्रयोगका लागि लामो समय कुर्नुपर्ने, पुरानो भवन जीर्ण अवस्थामा रहेको जेलर सुरेन्द्र मुखियाले बताए। एक जना अहेवको दरबन्दीमा चिकित्सक कार्यरत छन्। कारागारभित्र पुस्तकालय र खेलकूदको व्यवस्थापन गरिएको जेलर मुखियाले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। अदालतमा यस वर्ष फौजदारी मुद्दा ३७ थान र देवानी २५ थान गरी ६२ थान मुद्दा दर्ता भए। जसमध्ये फौजदारी ३३ थान र देवानी १३ थान मुद्दा फैसला भए। फौजदारी चार थान र देवानी १२ थान मुद्दा फैसला हुन बाँकी छ। जिल्ला अदालतमा १८ महिना नाघेको तर दुई वर्ष ननाघेको मुद्दा २६ थान छन्। दुई वर्ष नाघेको ११ थान मुद्दा फैसला हुन बाँकी छ। एक जना न्यायाधीशसहित ३५ जनाको दरबन्दी छ। तर पदपूर्ति भने स्थायी १९ जना र करार ९ गरेर २८ जनाको मात्रै छ। सात जनाको दरबन्दी पदपूर्ति हुन बाँकी छ। यस वर्ष ०८१ साउन १८ गतेदेखि पुस १६ गतेसम्मको अवधिमा तीन जना न्यायाधीशको सरूवा भएका कारण जिल्लामा मुद्दाको फैसला कम भएको अदालतका स्रेस्तेदार विष्णुप्रसाद खतिवडाले बताए।

बाल अधिकार

यस वर्ष पाँचथर जिल्लामा बलात्कार घटनामा ६ र यौन दुर्व्यवहार घटनामा दुई गरी आठ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

शिक्षाको अवस्था

जिल्लामा ३ सय ६७ सामुदायिक विद्यालय छन्। ३७ हजार ५९ जना बालबालिका अध्ययनरत र शिक्षक १ हजार ९ सय २१ जना कार्यरत रहेको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख नेत्रप्रसाद गजुरेलले बताए। जिल्लामा तीन ओटा विद्यालय अपाङ्गमैत्री छन्।

बलात्कार

१५ वर्षीया बालिकालाई ०८१ जेठ ४ गते बलात्कार गरेको आरोपमा हिलिहाङ गाउँपालिका-५ का २६ वर्षीय अमृत सुहाङविरुद्ध पीडित पक्षले जेठ ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ ५ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश उद्धवप्रसाद गजुरेलको भदौ १७ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै १० वर्ष कैद, ५ लाख रुपियाँ जरिबाना र २५ हजार रुपियाँ क्षतिपूर्ति पीडित राहत कोषमा जम्मा गर्ने फैसला सुनाएको अदालतका तहसिलदार गोपाल खनालले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २४ जना

महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा मादक पदार्थ सेवन गरी कुटपिटका १८ र घरनिकाला गरेका ६ उजुरी छन्। यी उजुरीमध्ये २० मेलमिलाप र चार उजुरी कानुनी प्रक्रियाका लागि अघि बढाएको इन्स्पेक्टर रूपेश तामाङले बताए।

यो वर्ष पाँचथर जिल्लामा बलात्कारका घटनामा चार, बलात्कार प्रयासका घटनामा दुई, यौन दुर्व्यवहारका घटनामा एक, साइबर अपराधका घटनामा एक र घरेलु हिंसाका घटनामा तीन गरी ११ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट दुई महिलाको हत्या भयो।

बलात्कार प्रयास

६८ वर्षीया महिलालाई ०८० चैत १७ गते बलात्कार प्रयास गरेको आरोपमा फालेलुङ गाउँपालिका-४ का ६८ वर्षीय ज्येष्ठ नागरिकविरुद्ध पीडित पक्षले चैत १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत १८ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा ०८१ वैशाख १३ गते बलात्कार प्रयास शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश टिकेन्द्र दाहालको वैशाख १४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा चैत १८ गते भयो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला नभएको अदालतका स्रेस्तेदार विष्णुप्रसाद खतिवडाले बताए।

साइबर अपराध

२१ वर्षीया महिलाको सामाजिक सञ्जाल फेसबुक प्रयोग गरी अश्लील फोटो, भिडियो प्रयोग गरी चरित्र हत्या गरेको आरोपमा इलाम जिल्ला रोङ गाउँपालिका- ५ का ३४ वर्षीय सफल कार्कीले यौन दुर्व्यवहार गरेको आरोपमा पीडितले आरोपितविरुद्ध ०८० पुस २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले पुस २३ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा माघ १८ गते साइवर अपराधसम्बन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश टिकेन्द्र दाहालको माघ १९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको स्रेस्तेदार विष्णुप्रसाद खतिवडाले बताए।

तालिका ८.१.९.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
महिला अधिकार	१	१

(स्रोत : इन्सेक, २०२४)

वातावरण र मानव अधिकार

बसाइँसराइ

पाँचथरमा यो वर्ष १ हजार १ सय ८० जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

पाँचथरमा पाँच ओटा इँटाभट्टा सञ्चालन छन्।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

पाँचथरमा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

पाँचथरमा ४२ हजार ४ सय ३७ घरपरिवार सङ्ख्या रहेको छ। जसमा ८६ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

पाँचथरमा जम्मा १० ओटा सार्वजनिक शौचालय सञ्चालनमा छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, एक आधारभूत अस्पताल, ४० स्वास्थ्य चौकी, १६ आधारभूत स्वास्थ्य केन्द्र, दुई शहरी स्वास्थ्य केन्द्र, १० सामुदायिक स्वास्थ्य केन्द्र र एक प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्ला अस्पतालमा दुई विशेषज्ञ चिकित्सक दरबन्दी रहेकोमा एक कार्यरत छन्। चार जना विशेषज्ञ चिकित्सक करारमा कार्यरत छन्। चार जना स्टाफ नर्सको दरबन्दीमा चार जना स्थायी र दुई जना करारमा कार्यरत छन्। ९८ प्रकारका औषधी जिल्ला अस्पतालबाट नि:शुल्क वितरण हुने गरेको छ। फिदिम नगरपालिकाले अस्पताल आउन र सुरक्षित सुत्केरी भएपछि घर फर्किनका लागि एम्बुलेन्सको व्यवस्था गरेको छ। अस्पतालमा आवश्यक उपकरण उपलब्ध

भए पनि तालिम प्राप्त जनशक्तिको अभावमा यो वर्षको अन्त्यसम्म आइसीयू तथा भेण्टिलेटर सञ्चालन गर्न नसकिएको सूचना अधिकारी नवीन रेग्मीले बताए। जिल्लामा १६ हजार ११ पुरुष र १५ हजार ८ सय ८९ महिलाले स्वास्थ्य बीमा गराएका छन्।

तालिका ८.१.९.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	२	३	६
यौन दुर्व्यवहार		१	१	२
जम्मा	१	३	४	८

महिला अधिकार						
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		१		१	१	३
बलात्कार			२	२		४
बलात्कार प्रयास					२	२
साइबर अपराध					१	१
पारिवारिक हत्या	१			१		२
यौन दुर्व्यवहार					१	१
जम्मा	१	१	२	४	५	१३

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	१	३

(स्रोत : इन्सेक, २०२४)

८.१.१० इलाम



जम्मा जनसङ्ख्या	२,७९,५३४
महिला	१,४०,१०३
घर परिवार सङ्ख्या	७०,५०१
घरजग्गामा महिलाको स्वामित्व	१२,५८३
साक्षरता प्रतिशत	८३.३७
आश्रित जनसङ्ख्या	१,२२,३७६
अपाङ्गता भएका	६,७५९

यस वर्ष इलाम जिल्लामा ज्यादतीका घटनामा ३१ जना महिला र १४ जना पुरुष गरी ४५ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १८ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा नौ जना महिला पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता २० महिला र १ सय पुरुष गरी १ सय २० जनाको रहेको छ । कारागारमा महिला कैदी नौ जना, महिला थुनुवा दुई जना, विदेशी पाँच जनासहित पुरुष कैदी २ सय २४ जना, पुरुष थुनुवा ५१ जना गरी २ सय ८६ जना राखिएको छ। कारागारको क्षमताभन्दा दोब्बर बढी कैदीबन्दी भएकाले शौचालय प्रयोगमा समस्या छ। कारागारमा २ सय ८६ जनाका लागि १२ ओटा शौचालय अपर्याप्त भएको जेलर रामहरि पोखेलले बताए। सुत्नका लागि पर्याप्त ठाउँ नभएकाले कारागारको प्यासेजमा सुत्ने व्यवस्था मिलाइएको छ। कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि एक जना अहेवको दरबन्दीमा कार्यरत छन्। नियमित खानेपानीको आपूर्ति नहुँदा स्वास्थ्य सरसफाइदेखि खाना पकाउने, कपडा धुने लगायतका काममा पानी अभाव हुने गरेको जेलर पोखेलले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दीमा कार्यरत छन्। यस वर्ष जिल्ला अदालतमा फौजदारी १ सय ३२ थान र देवानी २ सय ८५ थान गरी ४ सय ५६ थान मुद्दा दर्ता भए। जसमा फौजदारी २२ थान र देवानी १७ थान गरी ३९ थान मुद्दा फैसला भए। जिल्ला अदालतमा दुई वर्ष नाघेका दुई थान फौजदारी मुद्दा फैसला हुन बाँकी रहेको अदालतका स्रेस्तेदार इन्द्रकुमार श्रेष्ठले बताए।

उच्च अदालत विराटनगर, इलाम इजलास

चार जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत विराटनगर, इलाम इजलासमा सबै न्यायाधीश कार्यरत छन् । यस वर्ष अदालतमा फौजदारी १ हजार ३ सय ५२ थान र देवानी ४ सय १९ थान गरी १ हजार ७ सय ७१ थान मुद्दा दर्ता भए । जसमध्ये फौजदारी २ सय १४ थान र देवानी ६४ थान गरी २ सय ७८ थान मुद्दा फैसला भए । फौजदारी १ हजार १ सय ३८ र देवानी ३ सय ५५ थान गरी १ हजार ४ सय ९३ थान मुद्दा फैसला हुन बाँकी रहेको अदालतका रजिष्ट्रार तीर्थ भट्टराईले बताए ।

बाल अधिकार

यस वर्ष इलाम जिल्लामा बलात्कार घटनामा १३ र यौन दुर्व्यवहार घटनामा पाँच गरी १८ जना

तालिका ८.१.१०.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		४	९	१३
हत्या			५	५
बाल अधिकार	बलात्कार	१३		१३
	यौन दुर्व्यवहार	५		५
	जम्मा	१८		१८
महिला अधिकार	बेचबिखन तथा ओसारपसार	१		१
	बलात्कार	५		५
	पारिवारिक हत्या	३		३
	जम्मा	९		९
कूल जम्मा		३१	१४	४५

(स्रोत : इन्सेक, २०२४)

बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा ४ सय ७४ बालविकास केन्द्र, २ सय ९४ आधारभूत र ९४ माध्यमिक विद्यालय गरी ८ सय ६२ ओटा विद्यालय छन्। नेपाल सरकारले बालमैत्री स्थानीय शासनको प्रवर्धनका लागि बाल अधिकार संरक्षण, संवर्द्दन र प्रवर्दनसम्बन्धी एकीकृत कार्यविधि ०७९ मङ्सिर १८ गते स्वीकृत गरेर लागु गरेको भएपनि यो वर्षको अन्त्यसम्म सूर्योदय बाहेक अन्य स्थानीय तहले सो कार्यविधि बनाएर लागु गर्न सकेनन्।

जिल्लाका सामुदायिक विद्यालयमा खानेपानीको समस्या छ। पानीको अभावमा शौचालयको सरसफाइमा समस्या छ। फाकफोकथुम गाउँपालिका-३ सल्लेरीस्थित सल्लेरी आधारभूत विद्यालयमा खानेपानीको धारो छ। तर, पानी आउँदैन। विद्यार्थीले घरबाट बोतलमा पानी लिएर पढ्न आउँछन्। पिउन मात्र होइन, शौचालय जान पनि समस्या छ। हिमालय माध्यमिक विद्यालय गोर्खेमा अध्ययन गर्न भारतीय सीमा क्षेत्र मानेभञ्ज्याङबाट दुई घण्टाको पैदल हिँडेर विद्यार्थी आउनुपर्ने अवस्था छ। साक्षर जिल्ला घोषित जिल्लाको साक्षरता प्रतिशत ९७.६ प्रतिशत छ। जिल्लामा अपाङ्गतामैत्री विद्यालय छैनन्।

बलात्कार

१६ वर्षीया बालिकालाई ०८१ असार १६ गते बलात्कार गरेको आरोपमा माई नगरपालिका-४ का ३२ वर्षीय दुर्गाबहादुर भट्टराईविरुद्ध पीडित पक्षले असार १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश केशवप्रसाद घिमिरेको ०८१ असोज १६ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गरी १२ वर्ष कैद र पीडितले पाउने गरी २ लाख रुपियाँ क्षतिपूर्ति भराउने फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै नौ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका एक र घरेलु हिंसाका आठ उजुरी छन्। यीमध्ये प्रहरीले सबै उजुरीमा मेलमिलाप गराएको जिल्ला प्रहरी कार्यालयका एसपी प्रभु ढकालले बताए।

यो वर्ष इलाम जिल्लामा बलात्कारका घटनामा पाँच र बेचबिखन तथा ओसारपसार घटनामा एक गरी ६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट तीन जना महिलाको हत्या भयो।

पारिवारिक हत्या

माङसेबुङ गाउँपालिका-२ पासाङकी ६२ वर्षीया हस्तश्वरी लिम्बूको घरायसी विवादका क्रममा ०८० माघ १२ गते कुटपिट गरी हत्या गरेको आरोपमा पीडित पक्षले ६१ वर्षीय पति बालधोज लिम्बूविरुद्ध माघ १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। घरायसी विवादका क्रममा आरोपितले ०८० माघ १२ गते कुटपिट गरी घाइते भएकी पीडितको झापाको विर्तासिटी अस्पतालमा माघ १४ गते उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर प्रकाश जबेगुले बताए। प्रहरीले आरोपितलाई माघ १५ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा माघ १६ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका दीपककुमार पोखरेलको माघ १६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। शवको पोष्टमार्टम मेची अस्पतालमा माघ १५ गते भयो।

वातावरण र मानव अधिकार

बसाइँसराइ

इलाममा यो वर्ष ९ सय ४८ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

इलाममा इँटाभट्टा र सिमेन्ट उद्योग स्थापना भएको छैन।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष विषालु च्याउको सेवनबाट तीन जनाको मृत्यु भएको सूचना अभिलेख भयो।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

इलाममा ७० हजार ५ सय १ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ४८.४९ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

इलाममा ४४ ओटा सार्वजनिक शौचालय सञ्चालनमा छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, चार प्राथमिक स्वास्थ्य केन्द्र र ४४ स्वास्थ्य चौकी रहेका छन्। ९८ प्रकारका औषधी नि:शुल्क पाउने सरकारी नीति भए पनि स्वास्थ्य संस्थामा नि:शुल्क पाइने औषधीको सङ्ख्या २३ मात्रै छ।

१६ जना विशेषज्ञ डाक्टरको दरबन्दी भएको जिल्ला अस्पतालमा यो वर्षको अन्त्यसम्म तीन जना विशेषज्ञ मात्र कार्यरत रहे। ५० शैयाको जिल्ला अस्पतालमा जनशक्ति अभावमा बिरामीहरूलाई पालो पाउन समस्या छ। यो वर्ष पूर्ण खोपको सुनिश्चितता गरिएको जिल्ला स्वास्थ्य कार्यालयका खोप सुपरभाइजर गङ्गाधर पण्डितले बताए। डेङ्गी, स्क्रवटाइफस र भाइरल ज्वरोका बिरामी बढेपछि जिल्ला अस्पतालमा 'बेड' अभाव हुँदा यो वर्ष पनि बिरामीले अस्पतालको भुइँमा बसेर सेवा लिनु पर्‍यो।

स्वास्थ्य बीमा दर्ता सहयोगीले बीमा नवीकरण बापतको रकम बुझ्ने तर स्वास्थ्य बीमा बोर्डमा समयमा नबुझाउँदा माइजोगमाइ गाउँपालिका-३ का स्वास्थ्य बीमा बीमीतले उपचारबाट यो वर्ष वञ्चित भए। जिल्लामा ७७ हजार १ सय ४९ जना पुरुष र ७५ हजार २ सय ९२ जना महिला गरी १ लाख ५२ हजार ४ सय ७२ जनाले स्वास्थ्य बीमा गराएका छन्।

तालिका ८.१.१७.३ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
महिला अधिकार	१	१	२

(स्रोत : इन्सेक, २०२४)

तालिका ८.१.१०.३ **सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

बाल अधिकार			
घटनाको प्रकार	**मुद्दा टुङ्गिएका**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बलात्कार	१	१२	१३
यौन दुर्व्यवहार		५	५
जम्मा	१	१७	१८

महिला अधिकार			
घटनाको प्रकार	**कानुनी दायरामा ल्याइएका**	**कानुनी दायरामा नल्याइएका**	**जम्मा**
बलात्कार	५		५
बेचबिखन तथा ओसारपसार	१		१
पारिवारिक हत्या	२	१	३
जम्मा	८	१	९

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
हत्या	१	४	५

(स्रोत : इन्सेक, २०२४)

८.१.११ झापा



जम्मा जनसङ्ख्या	९,९८,०५४
महिला	५,१९,५४५
घर परिवार सङ्ख्या	२,४५,०१९
घरजग्गामा महिलाको स्वामित्व	८०,६६५
साक्षरता प्रतिशत	८२.८३
आश्रित जनसङ्ख्या	४,५६,४४१
अपाङ्गता भएका	२३,९२६

यस वर्ष झापा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा दुई जना महिला र १० जना पुरुष गरी १२ जना पीडित भए। ज्यादतीका घटनामा १ सय ७१ जना महिला र ११ जना पुरुष गरी १ सय ८२ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १ सय २ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६३ जना महिला पीडित भए।

कुटपिट

राज्यपक्षबाट

मेचीनगर नगरपालिका-७ गैरीगाउँमा ०८० फागुन १८ गते भारतीय सीमावर्ती बजार पानीट्याङ्कीबाट सामान लिएर आउँदै गरेका स्थानीयलाई तस्करीको सामान ल्याएको भन्दै प्रहरीले कुटपिट गर्दा पाँच जना घाइते भए। घटनामा मेचीनगर नगरपालिका-७ की २२ वर्षीया दीपा बातर, २२ वर्षीय आनन्द यादव, १८ वर्षीय मिलन चापागाईं, १७ वर्षीय विशेष सिंह, ४५ वर्षीय हरि बातर र एक जना सशस्त्र प्रहरी घाइते भएको इलाका प्रहरी कार्यालय, काकडभिट्टाका डिएसपी दीपक भारतीले बताए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ७ सय ५० जनाको रहेको छ। कारागारमा कैद तोकिएका ९ सय २२ जना र कैद नतोकिएका ७ सय ४३ जना गरी १ हजार ६ सय ६५ जना छन्। जसमा महिला कैदीबन्दीको सङ्ख्या ९५ छ। कारागारमा दुई जना आश्रित बालिका छन्। ५२ जना ज्येष्ठ नागरिक छन्। क्षमताभन्दा बढी कैदीबन्दी भएकाले पालो मिलाएर सुत्नुपर्ने, शौचालय प्रयोगका लागि लामो समय कुर्नुपर्ने अवस्था रहेको जेलर रेवन्त भट्टराईले बताए। एक जना अहेवको दरबन्दी रहेकोमा अहेव कार्यरत छन्।

हिरासतमा मृत्यु

मेचीनगर नगरपालिका-७ पालियका २८ वर्षीय झकबहादुर खड्काको मेचीनगर नगरपालिका-६ काकडभिट्टास्थित इलाका प्रहरी कार्यालयको हिरासतमा ०८१ साउन १६ गते मृत्यु भयो। लागु औषध कारोबार गरेको आरोपमा ०८१ साउन १३ गते गिरफ्तार भएका खड्काको असार १६ गते मृत्यु भएको प्रहरीले जनायो। जिल्ला प्रहरी कार्यालयका डिएसपी कृष्ण चन्दले अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय, काकडभिट्टा हिरासतमा रहेको अवस्थामा साउन १५ गते मध्यराति १२ बजे खड्का बिरामी भएको र उपचारका क्रममा साउन १६ गते बिहान साढे दुई बजे मृत्यु भएको बताए। पीडित परिवारले साउन १६ गते शव बुझी मेचीनगर नगरपालिका-८ स्थित निन्दाखोला घाटमा सद्गत गऱ्यो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

नौ जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा आठ जना कार्यरत छन्। यस वर्ष देवानीतर्फ

तालिका ८.१.११.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण					१		१
हिरासतमा मृत्यु			१	१			
घाइते		२	९	११	१		१
हत्या					९	६	१५
जातीय विभेद						१	१
बाल अधिकार	बेचबिखन तथा ओसारपसार				१		१
	विद्यालयमा दिइने शारीरिक सजाय				२		२
	बलात्कार				५०		५०
	हाडनाता करणी				५		५
	सामूहिक बलात्कार				१		१
	यौन दुर्व्यवहार				३८	३	४१
	जम्मा				९७	३	१००
महिला अधिकार	घरेलु हिंसा				२		२
	'बोक्सी'को आरोप				१		१
	बलात्कार				४४		४४
	हाडनाता करणी				२		२
	वैवाहिक बलात्कार				२		२
	बलात्कार प्रयास				७		७
	पारिवारिक हत्या				५		५
	जम्मा				६३		६३
कूल जम्मा		२	१०	१२	१७१	१०	१८१

(स्रोत : इन्सेक, २०२४)

१ हजार ३ सय १६ थान मुद्दामध्ये ४ सय ९ थान मुद्दा फैसला र ९ सय ७ थान मुद्दा फैसला हुन बाँकी छन्। फौजदारीतर्फ १ हजार २ सय ७१ थान मुद्दा दर्ता भएकामा ७ सय ३३ थान फैसला भए भने ५ सय ३८ थान मुद्दा फैसला हुन बाँकी छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी १ सय ४३ थान र फौजदारी ७८ थान मुद्दा फैसला हुन बाँकी छ। अदालतमा प्रति न्यायाधीश ५ सय ७२ थान मुद्दा हेर्नुपर्ने अवस्थाले न्याय सम्पादनमा ढिलाइ हुने गरेको सूचना अधिकारी रामचन्द्र बस्नेतले बताए।

बाल अधिकार

यस वर्ष झापा जिल्लामा बलात्कार घटनामा ५०, हाडनाता करणी घटनामा पाँच, सामूहिक बलात्कारका घटनामा एक, यौन दुर्व्यवहार घटनामा ४१, विद्यालयमा दिइने शारीरिक सजायका घटनामा दुई, बेचबिखन तथा ओसारपसार घटनामा एक गरी १ सय जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

शिक्षाको अवस्था

जिल्लामा २ सय ३० आधारभूत र १ सय ३१ माध्यमिक विद्यालय छन्। यस वर्ष ९ हजार ६ सय ३३ जना छात्रा र ७ हजार ४ सय ५४ छात्र गरी १७ हजार ८७ जना बालबालिका विद्यालय भर्ना भएको शिक्षा विकास तथा समन्वय इकाइले जनायो। यस वर्ष बाढीका कारण दुई ओटा विद्यालय भवनमा क्षति पुग्यो ।

विद्यालयमा दिइने शारीरिक दण्ड सजाय

कमल गाउँपालिका-५ की १७ वर्षीया बालिकालाई विद्यालयमा ०८० चैत २० गते सोही ठाउँका ५० वर्षीय शिक्षक मोहनकुमार बगाले थापा मगरले कुटपिट गरेको पीडित पक्षले आरोप लगायो। कमल गाउँपालिका-५ स्थित मङ्गलमय माध्यमिक विद्यालयमा कक्षा ११ मा अध्ययनरत छात्रालाई सोही विद्यालयका प्रधानाध्यापक मगरले सामाजिक सञ्जाल 'फेसबुक' मा 'कमेन्ट' लेखेको आरोपमा चैत २० गते खानेपानीको पाइपले कुटपिट गरेको पीडित पक्षले जनायो। घटनाका विषयमा छानविनका लागि कमल गाउँपालिकाले चैत २१ गते वडाध्यक्षको संयोजकत्वमा पाँच सदस्यीय छानविन समिति गठन गर्‍यो। छानविन समितिमा कमल गाउँपालिका-५ का वडाध्यक्ष लालबहादुर विष्ट, शिक्षासेवी सरस्वती सेडाईं, लेखनाथ खतिवडा, बद्री कार्की र बाल सञ्जालकी रञ्जना बस्नेत सदस्य रहे।

कमल गाउँपालिकाको शिक्षा समितिको निर्णय बमोजिम चैत २१ गतेदेखि चैत २४ गतेसम्म घटनाको वास्तविकता बुझी प्रतिवेदन पेश गर्न समय दिइएको कमल गाउँपालिकाका अध्यक्ष हुकुमसिंह राईले बताए। कुटपिट घटनाका आरोपितविरुद्ध पीडित पक्षले चैत

२१ गते इलाका प्रहरी कार्यालय, दमकमा उजुरी दियो। छानविन समितिले चैत २४ गते प्रतिवेदन बुझायो। प्रतिवेदनले शिक्षकको गल्ती औंल्यायो। चैत २६ गते दुवै पक्षबिच भएको छलफलमा शिक्षकले माफी मागेपछि मेलमिलाप भयो।

बलात्कार

१७ वर्षीया बालिकालाई ०८० फागुन ७ गते बलात्कार गरेको आरोपमा कमल गाउँपालिका-१ का २२ वर्षीय रवीन्द्र शाहविरुद्ध पीडित पक्षले फागुन २९ गते इलाका प्रहरी कार्यालय, दमकमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन ३० गते घरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश उमेशप्रसाद लुईंटेलको ०८१ कात्तिक ९ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै १२ वर्ष कैद र ५ लाख रुपियाँ जरिबानाको फैसला सुनाएको जिल्ला अदालतका स्रेस्तेदार किरणकुमार सिंहले बताए।

१५ वर्षीया बालिकालाई ०८१ वैशाख १ गते बलात्कार गरेको आरोपमा बुद्धशान्ति गाउँपालिका-१ का २३ वर्षीय हर्कबहादुर धमलाविरुद्ध पीडित पक्षले वैशाख २० गते इलाका प्रहरी कार्यालय अनारमानीमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख २० गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश उमेशप्रसाद लुईंटेलको ०८१ असोज ९ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै १२ वर्ष कैद र ५ लाख रुपियाँ जरिबानाको फैसला गरेको जिल्ला अदालतका स्रेस्तेदार किरणकुमार सिंहले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २ सय ४ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका ६५, खान नदिएको ११, लगाउन नदिएको १०, विवाह दर्ता नगरिदिएको एक, नागरिकता नबनाइदिएको एक र मादक पदार्थ सेवन गरी कुटपिटका १ सय १६ उजुरी छन्। उजुरीमध्ये १ सय ७३ उजुरीमा मेलमिलाप भयो। ३१ उजुरीकर्ता यस वर्षको अन्त्यसम्म सम्पर्कमा नआएको जिल्ला प्रहरी कार्यालयका डिएसपी कृष्णकुमार चन्दले बताए।

यो वर्ष झापा जिल्लामा बलात्कारका घटनामा ४४, हाडनाता करणी घटनामा दुई, वैवाहिक बलात्कार दुई, बलात्कार प्रयासका घटनामा सात, 'बोक्सी'को आरोप घटनामा एक र घरेलु हिंसाका घटनामा दुई जना गरी ५८ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट पाँच जना महिलाको हत्या भयो।

तालिका ८.१.११.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
बाल अधिकार	१	१
महिला अधिकार	२	२
जम्मा	३	३

(स्रोत : इन्सेक, २०२४)

यौन दुर्व्यवहार

२० वर्षीया महिलालाई ०८१ वैशाख २९ गते यौनदुर्व्यवहार गरेको आरोपमा शिवसताक्षी नगरपालिका-११ का ३१ वर्षीय श्रीबहादुर लिम्बूविरुद्ध पीडित पक्षले वैशाख ३० गते इलाका प्रहरी कार्यालय झिलझिलेमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ २ गते घरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाशकुमार अधिकारीको असार १२ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै ६ महिना कैद र २५ हजार रुपियाँ जरिबाना फैसला गरेको जिल्ला अदालतका स्रेस्तेदार किरणकुमार सिंहले बताए।

पारिवारिक हत्या

बाह्रदशी गाउँपालिका-१ की ३५ वर्षीया ममता राजवंशीलाई घरायसी विवादका क्रममा ०८० चैत २२ गते खुकुरी प्रहार गरी हत्या गरेको आरोपमा ३५ वर्षीय पति देवनारायण राजवंशीविरुद्ध पीडित पक्षले चैत २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत २२ गते घरबाट गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम मेची प्रादेशिक अस्पताल, भद्रपुरमा चैत २२ गते भयो। सोही दिन परिवारजनले शव बुझी बाह्रदशी गाउँपालिका-१ मा सामाजिक परम्परा अनुसार सद्गत गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा ०८१ वैशाख ८ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश अशोककुमार बस्नेतको वैशाख ९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला नभएको स्रेस्तेदार किरणकुमार सिंहले बताए।

जातीय विभेद

बिर्तामोड नगरपालिका-५ की ४५ वर्षी सोमनाथ पोर्तेललाई ०८० चैत १८ गते जातीय विभेद गरेको आरोपमा हल्दिबारी गाउँपालिका-२ घर भई बिर्तामोड नगरपालिका-५ बस्ने डम्बरबहादुर गिरी विरुद्ध पीडितले ०८० चैत २८ गते इलाका प्रहरी कार्यालय, अनारमनीमा उजुरी दिए। आरोपितलाई प्रहरीले चैत ३० गते घरबाट गिरफ्तार गऱ्यो। न्यायाधीश महेन्द्रप्रसाद पोखरेलको इजलासले मङ्सिर २५ गते अभियोग दावी पुग्ने भन्दै दुई महिना कैदका साथै २० हजार रुपियाँ जरिबाना, ११ हजार रुपियाँ क्षतिपूर्तिको फैसला गरेको अदालतका सूचना अधिकारी रामचन्द्र बस्नेतले जानकारी दिए।

वातावरण र मानव अधिकार

बसाइँसराइ

झापामा यो वर्ष ३ हजार ३ सय ६० जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोतः स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

झापा जिल्लामा २१ ओटा इँटाभट्टा र चार ओटा सिमेन्ट उद्योग सञ्चालनमा छन्।

स्रोतः घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यो वर्ष झापामा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोतः जिल्ला प्रहरी कार्यालय

खानेपानी

झापामा २ लाख ४५ हजार १९ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ८१.१३ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोतः खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

झापामा २१ ओटा सार्वजनिक शौचालय सञ्चालनमा छन्।

स्रोतः स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई अस्पताल, तीन प्राथमिक स्वास्थ्य केन्द्र र ६१ स्वास्थ्य चौकी छन्। ९८ प्रकारका औषधी निःशुल्क पाउने सरकारी नीति भए पनि ८२ प्रकारका औषधी पाइन्छ। जिल्लामा यो वर्षको अन्त्यसम्म ५७ हजार ३ सय ३ जना पुरुष र ६४ हजार ९ सय ९८ जना महिला गरी १ लाख २२ हजार ३ सय ५ जनाले स्वास्थ्य बीमा गराएको स्वास्थ्य बीमा बोर्ड झापाका दर्ता अधिकारी पुष्पराज भट्टराईले बताए।

१५ ओटै स्थानीय तहमा स्वास्थ्य बीमा अनिवार्य गरिएको छ। १ सय ९५ जना स्वास्थ्य बीमा दर्ता कर्मचारी परिचालन गरिएको स्थानीय तहले जनाए। यो वर्षको अन्त्यसम्म जिल्लाका १५ ओटा स्थानीय तहमध्ये १२ ओटा स्थानीय तहले आधारभूत अस्पताल सञ्चालनमा ल्याएका छन्।

मेचीनगर, कन्काई र गौरादह नगरपालिकाले नगर अस्पताल सञ्चालनमा ल्याएका छन्। बुद्धशान्ति, हल्दीवारी, कमल, बाह्रदशी, झापा र गौरीगञ्ज गाउँपालिकाले आधारभूत अस्पताल सञ्चालनमा ल्याएका छन्। भद्रपुर नगरपालिकामा प्रादेशिक अस्पताल सञ्चालनमा छ।

गौरीगञ्ज गाउँपालिका-६ खजुरगाछीस्थित आधारभूत अस्पतालमा ०८१ वैशाख २० गते स्थानीयले तोडफोड गरे। झाडापखाला र बान्ताले अस्वस्थ भएका बालकलाई वैशाख २० गते बिहान ६ बजे अस्पताल भर्ना गरिएको र बिहान ११ बजे बालकको मृत्यु भएपछि लापरवाही गरेको भन्दै स्थानीयले तोडफोड गरे। गौरीगञ्ज आधारभूत अस्पताल विकास समितिका अध्यक्ष वद्रीनारायण यादवले तोडफोडबाट २५ लाख रुपियाँ बराबरको क्षति भएको बताए। अस्पताल विकास समितिले पुस १६ गतेसम्म कोही कसैविरुद्ध कानुनी कारबाही अघि बढाएन।

तालिका ८.१.११.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार						
घटनाको प्रकार	**मुद्दा टुङ्गिएका**	**मेलमिलाप**	**अपूर्ण**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बेचबिखन तथा ओसारपसार					१	१
विद्यालयमा दिइने शारीरिक सजाय		२				२
बलात्कार	३			१	५२	५६
यौन दुर्व्यवहार	३		२		३६	४१
जम्मा	६	२	२	१	८९	१00

महिला अधिकार			
घटनाको प्रकार	**अपूर्ण**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा		२	२
'बोक्सी'को आरोप		१	१
पारिवारिक हत्या		५	५
बलात्कार	१	४७	४८
बलात्कार प्रयास		७	७
जम्मा	१	६२	६३

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
हत्या	१	१४	१५

(स्रोत : इन्सेक, २०२४)

८.१.१२ मोरङ



जम्मा जनसङ्ख्या	११,४८,१५६
महिला	५,९०,६४४
घर परिवार सङ्ख्या	२,७२,१६०
घरजग्गामा महिलाको स्वामित्व	९५,३०४
साक्षरता प्रतिशत	७८.६१
आश्रित जनसङ्ख्या	५,२७,९६२
अपाङ्गता भएका	२२,१२८

यस वर्ष मोरङ जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा १० जना पुरुष पीडित भए। ज्यादतीका घटनामा ६२ जना महिला र ३५ जना पुरुष गरी ९७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २५ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १९ जना महिला पीडित भए।

दुर्व्यवहार

निजी विद्यालयले कानुन विपरीत शुल्क लिइरहेको र शिक्षक छनोटमा मनपरी गरेको आरोपमा विद्यार्थीहरूले ०८१ जेठ १३ गते नगरपालिकालाई ज्ञापनपत्र बुझाउने क्रममा नगरपालिकाका कार्यबाहक मेयर एवम् रङ्गेली नगरपालिका-८ का वडाध्यक्ष ४८ वर्षीय ढकप्रसाद आचार्य र प्रमुख प्रशासकीय अधिकृत ४४ वर्षीय ओमकारप्रसाद न्यौपानेमाथि दुर्व्यवहार गरे। कार्यबाहक मेयर र प्रमुख प्रशासकीय अधिकृत न्यौपानेलाई दुर्व्यवहार गरेको आरोपमा रङ्गेली नगरपालिका-६ का २३ वर्षीय दीपक यादव, २० वर्षीय राहुल यादव, २० वर्षीय रूकुम यादव, रङ्गेली नगरपालिका-७ का १८ वर्षीय रमणकुमार राय, रङ्गेली नगरपालिका-८ का १९ वर्षीय विषेक झा र रङ्गेली नगरपालिका-२ का २२ वर्षीय मिलन मिश्रलाई जेठ २५ गते प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार भएकाहरूको रिहाइ माग गर्दै विराटनगरमा विद्यार्थीहरूले प्रदर्शन गरेपछि जेठ २९ गते प्रहरीले उनीहरूलाई रिहा गऱ्यो।

कुटपिट, धम्की

राज्यपक्षबाट

सिरहा जिल्ला, बरियापट्टी गाउँपालिका-२ घर भई विराटनगर माहानगरपालिका-६ निवासी पत्रकार २३ वर्षीय कपलेश्वर यादव २०८१ जेठ ११ गते प्रहरीको लाठी प्रहारबाट घाइते भए। कोशी अस्पताल, विराटनगरमा एक जना बिरामीको मृत्यु भएको घटना र घटनाको विरोधमा भइरहेको प्रदर्शनको समाचार सङ्कलनका लागि पीडित अस्पताल गएका थिए। प्रदर्शन नियन्त्रणमा लिन प्रहरीले लाठी प्रहार गर्दा उनी घाइते भएका हुन्। यादवको विराटनगरस्थित न्यूरो अस्पतालमा उपचार भयो। यादवको टाउकोमा चोट लागेको थियो।

सोही घटनाको समाचार सङ्कलन गर्न कोशी अस्पताल पुगेका लाइभन्यूज रफ्तारका सम्पादक विराटनगर महानगरपालिका-६ निवासी ३५ वर्षीय सोनुकुमार दासलाई कोशी अस्पताल विकास समितिका अध्यक्ष विराटनगर-३ हिमाली टोलका ५० वर्षीय डा फरवाड सिलवालले २०८१ जेठ ११ गते दुर्व्यवहार गरेको पीडितले आरोप लगाए। आफूलाई डा सिलवालले दुर्व्यवहार गरेको भन्दै दासले जेठ ११ गते

तालिका ८.१.१२.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		२	२			
कुटपिट				७	९	१६
कारागारमा मृत्यु		३	३			
अमानवीय व्यवहार				४	३	७
घाइते		२	२	४	१३	१७
हत्या				५	७	१२
भेला तथा अभिव्यक्ति स्वतन्त्रता		२	२			
धम्की		१	१		१	१
बाल अधिकार	नवजात शिशुको हत्या				१	१
	बलात्कार			१६		१६
	यौन दुर्व्यवहार			७	१	८
	जम्मा			२३	२	२५
महिला अधिकार	घरेलु हिंसा			१		१
	'बोक्सी'को आरोप			१		१
	दाइजोजनित हिंसा			१		१
	बलात्कार			९		९
	बलात्कार प्रयास			२		२
	बेचबिखन तथा ओसारपसार			१		१
	पारिवारिक हत्या			४		४
	जम्मा			१९		१९
कूल जम्मा		१०	१०	६२	३५	९७

(स्रोत : इन्सेक, २०२४)

नेपाल पत्रकार महासङ्घ, मोरङमा उजुरी गरेको सचिव नेत्र अधिकारीले जानकारी दिए।

अन्यपक्षबाट

ताप्लेजुङ जिल्ला सिरिजंघा गाउँपालिका ४ घर भई विराटनगरस्थित सामाजिक विकास मन्त्रालयका सचिव ५२ वर्षीय लक्ष्मीप्रसाद भट्टराईलाई २०८१ साउन ७ गते कोशी प्रदेशका पूर्व मुख्यमन्त्री मोरङ जिल्ला बुढीगंगा गाउँपालिका -३ टंकिसिनुवारीका ५० वर्षीय केदार कार्कीले कुटपिट गर्ने धम्की दिएको भन्दै साउन ७ गते जिल्ला प्रशासन कार्यालय मोरङमा सुरक्षाको प्रबन्ध र आरोपितलाई कारबाहीको माग गर्दै उजुरी दिए। सचिवको उजुरी अनुसार सुरक्षाको व्यवस्था मिलाइएको मोरङका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईले बताए।

गिरफ्तारी

इलाम जिल्ला, माङसेबुङ गाउँपालिका-१ गजुरमुखी स्थायी घर भई काठमाडौं भीमसेनगोला डेरा गरी बस्ने ३८ वर्षीय प्रविण मिश्र र पाँचथर जिल्ला च्याङथापु गाउँपालिका-१ स्थायी ठेगाना भई हाल याङवरक गाउँपालिका-१ बस्ने ३० वर्षीय वीपिन अधिकारीलाई प्रहरीले सर्वसाधारणसँग चन्दा असुली र विष्फोटक पदार्थ राखेर आतङ्कित पारेको आरोपमा ०८० फागुन १ गते विराटनगर महानगरपालिका-४ बाट गिरफ्तार गर्‍यो। गिरफ्तारी भएकाहरू नेकपा माओवादी (महावीर) समूहका कार्यकर्ता रहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी रञ्जनकुमार दाहालले बताए। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन २७ गते विष्फोट पदार्थ ओसारपसार तथा सङ्गठित अपराध शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका

तालिका ८.१.१२.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बाल अधिकार	१		१
महिला अधिकार	२		२
घाइते		१	१
जम्मा	३	१	४

(स्रोत : इन्सेक, २०२४)

न्यायाधीश राजेश्वर अर्यालको फागुन २९ गतेको इजलासले आरोपितहरूसँग जनही १ लाख रुपियाँ धरौटी माग गऱ्यो। आरोपितहरू अदालतको तोकेको धरौटी रकम फागुन २९ गते बुझाएर रिहा भएको अदालतका स्रेस्तेदार ओम सुवेदीले बताए। पीडितहरूको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा फागुन १ गते भयो। मुद्दा हाल कानुनी प्रक्रियामा छ।

अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

स्थानीय प्रशासनले विराटनगर महानगरपालिका-१५ रानी क्षेत्रमा ०८१ वैशाख ६ गतेदेखि सभा सम्मेलन गर्न लगाएको रोकलाई अटेर गरी प्रदर्शन गरेको आरोपमा प्रहरीले विराटनगर महानगरपालिका-१५ रानीका २० वर्षीय रितेश झा र २३ वर्षीय रन्जीत झालाई वैशाख ६ गते गिरफ्तार गऱ्यो। उनीहरूलाई सोधपुछ गरी सोही साँझ रिहा गरिएको जिल्ला प्रहरी कार्यालयका एसपी नवराज कार्कीले बताए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ३ सय जनाको छ। कारागारमा कैद तोकिएका पुरुष ६ सय १९ जना र महिला ६४, थुनुवा पुरुष ३ सय ८७ र महिला ३३ जना गरी १ हजार १ सय ३ जना छन्। कारागारमा चार जना बालिका र एक जना आश्रित बालक छन्। क्षमताभन्दा बढी कैदीबन्दी भएकाले पालो मिलाएर सुत्नुपर्ने, शौचालय प्रयोगका लागि लामो समय कुर्नुपर्ने अवस्था छ। कैदीबन्दीको अत्यधिक चाप भएका कारण चिसो भुइँमै सुत्नुपर्ने बाध्यताका कारण जाडो सिजनमा कैदीबन्दी बिरामी हुने गरेको जेलर कृष्णहरि न्यौपानेले बताए। कारागारमा सबैभन्दा बढी समस्या सुत्न, बस्न र शौचालय प्रयोगमा छ। मोरङ कारागारको सुविधा सम्पन्न भवन निर्माण सम्पन्न भए पनि यस वर्ष सञ्चालनमा आउन सकेन। कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि तीन जनाको दरबन्दीमा तीनै जना कार्यरत छन्। कैद भुक्तान गरिरहेका तीन जनाको यस वर्ष मृत्यु भएको कारागार प्रशासनले जनायो।

मोरङ कारागारमा रहेका कैदीबन्दीहरूको आधारभूत मानव अधिकार रक्षा र कारागारको अवस्था सुधार गर्न माग गर्दै इन्सेक कोशी प्रदेश कार्यालय, विराटनगरले उच्च अदालत, विराटनगरमा ०८० असार २० गते रिट दायर गऱ्यो। गृह मन्त्रालय, सिंहदरबार, काठमाडौँ, कारागार व्यवस्थापन विभाग, जिल्ला प्रशासन कार्यालय मोरङ, मोरङ कारागार कार्यालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालय, कोशी प्रदेशलाई विक्षपी बनाइ इन्सेकद्वारा दायर रिटमा ०८१ मङ्सिर १० गते उच्च अदालत, विराटनगरबाट सरकारका नाममा परमादेश जारी भयो। उच्च अदालतका न्यायाधीशद्वय विमल सुवेदी र विष्णुप्रसाद अर्यालयको मङ्सिर १० गतेको इजलासले गृहमन्त्रालयसँगै सरकारका नाममा परमादेशसँगै निर्देशन जारी गरेको अदालतका सूचना अधिकारी ओम सुवेदीले बताए। मोरङ कारागारमा रहेका कैदीबन्दीहरूको शङ्कास्पद मृत्यु घटनामा पोष्टमार्टम नहुने, कैदीबन्दीको मृत्यु घटनामा छानविन समितिले प्रतिवेदन सार्वजनिक नगर्ने, कारागारमा क्षमताभन्दा तीन गुणा बढी कैदीबन्दी राखिएका कारण उनीहरू आधारभूत अधिकारबाट वञ्चित भएकाले सरकारको ध्यानाकर्षण र कारागार सुधारका लागि उच्च अदालत, विराटनगरमा परमादेशको माग गर्दै इन्सेक कोशी प्रदेश कार्यालयले ०८० असार २० गते रिट दायर गरेको थियो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

१३ जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा ११ जना कार्यरत छन्। यसवर्ष दर्ता भएका मुद्दामध्ये देवानीतर्फ दुनियावादी देवानी ६ हजार २ सय ७, दुनियावादी फौजदारी २ हजार १५ थान र सरकारवादी फौजदारी २ हजार २५ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानीतर्फ दुनियावादी देवानीका सात, दुनियावादी फौजदारी एक र सरकारवादी फौजदारी एक थान मुद्दा छन्। जिल्ला अदालतमा दुनियावादी देवानीका पुनरावेदन ४७, सरकारी फौजदारीका पुनरावेदन नौ र दुनियावादी फौजदारीका

नौ थान मुद्दा रहेको स्रेस्तेदार हेमकुमार बुढाथोकीले बताए।

उच्च अदालत,विराटनगर

१२ जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत, विराटनगर इजलासमा ११ जना न्यायाधीश कार्यरत छन्। यसवर्ष दर्ता भएकामध्ये फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ हजार ४ सय ९१ र फौजदारीतर्फ १ हजार ७ सय ९६ थान र ८ सय १० थान रिट छन्। दुई वर्ष पुराना मुद्दा १२ थान रहेको अदालतका रजिष्ट्रार जगदिशप्रसाद भट्टले बताए।

बाल अधिकार

यस वर्ष मोरङ जिल्लामा बलात्कार घटनामा १६, यौन दुर्व्यवहार घटनामा आठ र नवजात शिशुको हत्याको घटनामा एक जना गरी २५ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

शिक्षाको अवस्था

जिल्लामा आधारभूत तहका ७ सय ६९ र माध्यमिक तहका ४ सय ५ गरी १ हजार १ सय ७४ विद्यालय छन्। सामुदायिक विद्यालयमा ८३ हजार ३ सय ८९ जना छात्र र ८८ हजार ९ सय ६१ जना छात्रा गरी १ लाख ३९ हजार ४० जना विद्यालय भर्ना भएको शिक्षा विकास तथा समन्वय इकाइका निमित्त प्रमुख शिवहरि घिमिरेले बताए। यस वर्ष जहदा गाउँपालिकाले स्थानीय पाठ्यक्रम सञ्चालनमा ल्यायो। यस वर्ष बाढीका कारण एक विद्यालय भवनमा क्षति पुगेको घिमिरेले बताए।

हत्या

सुन्दरहरैँचा नगरपालिका-७ की एक वर्षीया र तीन वर्षीया बालिकालाई २०८१ भदौ १४ गते विष खुवाएर हत्या गरेको आरोपमा प्रहरीले आमा २९ वर्षीया अस्मिता कार्कीलाई भदौ १९ गते झापाको बिर्तामोडबाट गिरफ्तार गर्‍यो। पतिसँगको विवादपछि भदौ १४ गते राती घरबाट हिँडेकी आरोपितले दुवै छोरीलाई विष खुवाई हत्या गरेको प्रहरीले जनायो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा असोज १४ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गर्‍यो।

विद्यालयमा दिइने शारीरिक दण्ड सजाय

जहदा गाउँपालिका-२ डंग्राहा मझारे (ग्रामबाबा टोल) का ८ वर्षीय बालक सत्यमकुमार साहको ०८१ भदौ १० गते शिक्षकको कुटाइबाट टाउको फुट्यो। चन्द्रसूर्य वोर्डिङ स्कुलमा अध्ययनरत साहलाई सोही विद्यालयका शिक्षक जहदा गाउँपालिका-२ हात्तीबन्दाका २६ वर्षीय राजन साहले भदौ १० गते दिउँसो लाठीले हानेर टाउको फुटाइदिएको पीडित पक्षले आरोप लगायो। शिक्षकको सुरक्षाको माग गर्दै विद्यालयले पनि भदौ १० गते नै प्रहरीमा उजुरी दियो। भदौ १२ गते दुबै पक्षबीच मिलापत्र भयो।

कुटपिट

११ वर्षीया बालिकालाई ०८१ जेठ १२ गते पैसा चोरेको भन्दै कुटपिट गरेको आरोपमा सुनसरी जिल्ला धरान उपमहानगरपालिका-११ स्थायी घर भई उर्लावारी नगरपालिका-६ मा बस्दै आएका २६ वर्षीय मिशन भनिने रुद्रबहादुर राईविरुद्ध पीडित पक्षले जेठ १३ गते इलाका प्रहरी कार्यालय, उर्लावारीमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ १३ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश नारायणप्रसाद पौडेलको भदौ ३१ गतेको इजलासले आरोपितलाई आंशिक दाबी पुग्ने ठहर गरी तीन महिना कैद, १५ हजार रुपियाँ र कसुरदारबाट पीडित बालिकाले पाउने गरी २० हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला सुनायो।

बलात्कार, यौन दुर्व्यवहार

१० वर्षीया बालिकालाई ०८० पुस १७ गते बलात्कार गरेको आरोपमा सुन्दरहरैँचा नगरपालिका-१० का ५५ वर्षीय पदम मगरविरुद्ध पीडित पक्षले पुस १८ गते इलाका प्रहरी कार्यालय, बेलबारीमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस १८ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश राजेश्वर आर्यालयको ०८१ वैशाख १० गतेको इजलासले आरोपितलाई अभियोग दाबी पुग्ने ठहर गर्दै जन्मकैद र ७ लाख रुपियाँ जरिबानाको फैसला सुनायो।

अपाङ्गता भएकी १४ वर्षीया बालिकालाई ०८१ वैशाख ४ गते यौन दुर्व्यवहार गरेको आरोपमा उर्लावारी नगरपालिका-७ सितटोलका ७० वर्षीय दिव्यश्वर निरौलाविरुद्ध पीडित पक्षले वैशाख ४ गते इलाका प्रहरी कार्यालय, उर्लाबारीमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख ४ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश नारायणप्रसाद पौडेलको

असोज १३ गतेको इजलासले आरोपितलाई अभियोग दाबी पुग्ने भन्दै १८ दिन कैद, १० हजार रुपियाँ जरिबाना र पीडितले पाउने गरी कसुरदारबाट २० हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३ सय ६ महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता भए। जसमा कुटपिट गरी घरनिकाला गरिएका ६३, खान नदिएका ६, लाउन नदिएका ६७, विवाह दर्ता नगरिदिएका ४९ र नागरिकता नबनाएको ३१, वहुविवाहका २३ र मादक पदार्थ सेवन गरी कुटपिटका ७३ उजुरी छन्। यीमध्ये प्रहरीले २ सय २६ उजुरीमा मेलमिलाप गरायो ८० उजुरी यस वर्षको अन्त्यसम्म कानुनी प्रक्रियामा छ।

यो वर्ष मोरङ जिल्लामा बलात्कारका घटनामा नौ, बलात्कार प्रयासका घटनामा दुई, बेचबिखन तथा ओसारपसारका एक, दाइजोजनित हिंसाका दुई, 'बोक्सी'को आरोपमा एक र घरेलु हिंसाका घटनामा दुई जना गरी १६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट चार जना महिलाको हत्या भयो।

पारिवारिक हत्या

बेलवारी नगरपालिका-१ भेडाटोलकी ४५ वर्षीया गीता लिम्बूको घरायसी विवादका क्रममा ०८० चैत ७ गते खुकुरी प्रहार गरी हत्या गरेर ६० वर्षीय पति बमबहादुर लिम्बूले आत्महत्या गरेको प्रहरीले जनायो। घरायसी विवादका क्रममा पत्नीलाई खुकुरी प्रहार गरी हत्या गरेको र आफूले सोही हतियारले घाँटी रेटेर आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी रन्जन दाहालले बताए।

'बोक्सी'को आरोपमा कुटपिट

५५ वर्षीया महिलालाई ०८० फागुन ३ गते 'बोक्सी' आरोपमा मानव अभक्ष कोच्याइ कुटपिट गरेको आरोपमा पीडित पक्षले बुढीगंगा गाउँपालिका-७ की ५० वर्षीया पारो माझीविरुद्ध फागुन ४ गते इलाका प्रहरी कार्यालय, वेलवारीमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ४ गते घरबाट गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा फागुन २४ गते अभद्र व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश राजेश्वर अर्यालको फागुन २७ गतेको इजलासले ५० हजार रुपियाँ धरौटी माग गऱ्यो। आरोपित फागुन २७ गते धरौटी बुझाएर रिहा भएको अदालतका सूचना अधिकारी हेमबहादुर बुढाथोकीले बताए। पीडितको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा फागुन ४ गते भयो। जिल्ला अदालतका न्यायाधीश मोहन सुवेदीको ०८१ असार २ गतेको इजलासले मुद्दा कुटपिटमा परिवर्तन हुने फैसला गऱ्यो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भौतिक संरचनामा क्षति

कोशी प्रदेश नीति तथा योजना आयोग र नेपाल विद्युत प्राधिकरणका ६ ओटा सरकारी सवारी साधनमा पहिचान नखुलेका व्यक्तिहरूले ०८१ जेठ २७ गते तोडफोड गरे। तोडफोडबाट को १ भ ६४४, बा एबी ८१८०, बागमती प्रदेश ०१ ०० ज २७०१, बा १ ज २४१९, बा ००१ ज २९९० र बा १ ज १८८७ नम्वरको गाडीमा क्षति पुग्यो।

वातावरण र मानव अधिकार

बसाइँसराइ

मोरङमा यो वर्ष ३ हजार ३ सय ३० जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पन्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

मोरङमा २९ ओटा इँटाभट्टा र चार ओटा सिमेण्ट उद्योग सञ्चालनमा रहेको छ।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

मोरङ जिल्लामा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

मोरङमा २ लाख ७२ हजार १ सय ६० घरपरिवार रहेका छन्। जसमा ५१ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

मोरङमा ४० ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा सङ्घीय अस्पताल कोशी अस्पताल एक र मदन भण्डारी ट्रमा सेण्टर प्रादेशिक अस्पताल एक छन्। १८ ओटा नगर अस्पताल छन्। जिल्लाका १७ स्थानीय तहका प्रत्येक वडामा एक ओटा आधारभूत स्वास्थ्य केन्द्र छन्। ९८ प्रकारका औषधी नि:शुल्क पाउने सरकारी नीति भए पनि जिल्लाका स्वास्थ्य संस्थामा नि:शुल्क पाइने औषधीको सङ्ख्या ५१ को हाराहारी मात्रै छ। जिल्लामा स्वास्थ्य बीमा गरेका ५ लाख ८८ हजार ५ सय ४४ जना छन्। जसमा पुरुष २ लाख ८८ हजार ५ सय १३ र महिला ३ लाख ३१ जना छन्। ४६ हजार ४ सय जना ज्येष्ठ नागरिकले जिल्लामा बीमा गरेको स्वास्थ्य बीमा बोर्ड, मोरङका संयोजक अर्जुन पण्डितले बताए।

तालिका ८.१.१२.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
नवजात शिशुको हत्या		१	१
बलात्कार	३	१३	१६
यौन दुर्व्यवहार	२	६	८
जम्मा	५	२०	२५

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	कानुनी दायरामा नल्याइएका	जम्मा
घरेलु हिंसा	१				१
दाइजोजनित हिंसा			१		१
'बोक्सी'को आरोप			१		१
बलात्कार		१	८		९
बलात्कार प्रयास			२		२
बेचबिखन तथा ओसारपसार			१		१
पारिवारिक हत्या			३	१	४
जम्मा	१	१	१६	१	१९

मारिएकाहरूको सङ्ख्या

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	कानुनी दायरामा नल्याइएका	जम्मा
हत्या	२	२	१	६	१	१२

(स्रोत : इन्सेक, २०२४)

८.१.१३ सुनसरी

जम्मा जनसङ्ख्या	९,२६,९६२
महिला	४,७७,९३९
घर परिवार सङ्ख्या	२,१२,४०७
घरजग्गामा महिलाको स्वामित्व	६८,२५३
साक्षरता प्रतिशत	७८.१०
आश्रित जनसङ्ख्या	४,२८,४५५
अपाङ्गता भएका	१६,६६३



यस वर्ष सुनसरी जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक जना महिला र १० जना पुरुष गरी ११ जना पीडित भए। ज्यादतीका घटनामा १ सय ३ जना महिला र ३३ जना पुरुष गरी १ सय ३६ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३६ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ५८ जना महिला पीडित भए।

झडप

भोक्राहा नरसिंह गाउँपालिकामा स्थानीय र प्रहरीबिच ०८१ असोज २१ गते झडप भयो। बाढी प्रभावितलाई राहत नदिएर पार्टीका कार्यकर्तालाई दिएको आरोपमा बाढी पीडितले असोज २१ गते गाउँपालिकाको कार्यालय तोडफोड गर्न थालेपछि प्रहरीसँग झडप भएको भोक्राहा नरसिंह गाउँपालिकाका अध्यक्ष अजमल अख्तर आजादले बताए। झडपमा सशस्त्र प्रहरीका इन्स्पेक्टर ४३ वर्षीय जय चौधरी, एक जना ३८ वर्षीय वरिष्ठ हवल्दार घाइते भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी रामप्रसाद तिम्सिनाले बताए। उनीहरूको जिल्ला अस्पतालमा उपचार भयो। सोही घटनामा प्रहरीले प्रहार गरेको लाठी लागेर भोक्राहा नरसिंह गाउँपालिका- ५ की ५३ वर्षीया मालोदेवी मण्डल र ३७ वर्षीय तजमुल हुसेन घाइते भए। मालोदेवी मण्डलको टाउकामा चोट र तजमुल हुसेनको गोडामा चोट लाग्यो। दुवै जनाको स्थानीय न्यूरो अस्पताल, भोक्राहामा सोही दिन उपचार भयो।

कुटपिट, धम्की, दुर्व्यवहार

राज्यपक्षबाट

बराहक्षेत्र नगरपालिका- ८ निवासी ३५ वर्षीय पत्रकार कृष्ण भट्टराईले समाचार सङ्कलनका क्रममा ०८० चैत १ गते इटहरी उपमहानगरपालिकाका नगर प्रहरीले आफूलाई दुर्व्यवहार गरेको आरोप लगाए। समाचार सङ्कलनका लागि इटहरी उपमहानगरपालिका परिसरमा पुगेका बेला नगर प्रहरीले चैत १ गते मोवाइल र क्यामारा खोसेको उनले बताए। शिलापत्र डटकममा कार्यरत पत्रकारले ०८० फागुन ३० गते अनलाइनमा 'अदालतको मुद्दा जित्न बनाइयो कीर्ते कानुन इटहरीको शिक्षा ऐनमा पालिकाबाटै चलखेल' शीर्षकको समाचार लेखेको र सोही विषयलाई लिएर दुर्व्यवहार गरिएको पीडित पत्रकारको आरोप छ। घटनाको पत्रकारहरूले चैत २ गते विज्ञप्ति जारी गरी विरोध गरे। चैत ३ गते इटहरी उपमहानगरपालिका मेयर हेमकर्ण पौडेल, पीडित पत्रकारसहित भएको छलफल विना निष्कर्ष टुङ्गियो। पीडित पक्षले कानुनी कारबाही अघि बढाएन।

अन्यपक्षबाट

धरान उपमहानगरपालिका-१८ स्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानका

तालिका ८.१.१३.१ **घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण					१		१
कुटपिट			२	२	१	२	३
कारागारमा मृत्यु			१	१			
अमानवीय व्यवहार						१	१
घाइते		१	३	४	१	२१	२२
हत्या					६	४	१०
जातीय विभेद						१	१
धम्की			३	३		४	४
यातना			१	१			
बाल अधिकार	बाल विवाह				१		१
	बेचबिखन तथा ओसारपसार				४		४
	विद्यालयमा दिइने शारीरिक सजाय				२		२
	बलात्कार				२२		२२
	हाडनाता करणी				२		२
	सामूहिक बलात्कार				१		१
	यौनदुर्व्यवहार				४		४
	जम्मा				३६		३६
महिला अधिकार	घरेलु हिंसा				१७		१७
	बलात्कार				३५		३५
	बलात्कार प्रयास				१		१
	हाडनाता करणी				१		१
	यौन दुर्व्यवहार				१		१
	पारिवारिक हत्या				३		३
	जम्मा				५८		५८
कूल जम्मा		१	१०	११	१०३	३३	१३६

(स्रोत : इन्सेक, २०२४)

कायममुकायम उपकुलपति प्राध्यापक डाक्टर प्रल्हाद कार्कीलाई प्रतिष्ठानको समस्या समाधानका लागि पहल नगरेको भन्दै ०८० माघ १६ गते मोहन वैद्य किरण नेतृत्वको क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल निकट क्रान्तिकारी युवा सङ्गठनका २३ वर्षीय सुदीप सिर्पाली, २४ वर्षीय निशान कटवाल र २८ वर्षीय खेम थापालाई मोसो दल्ने प्रयास गरेको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो। प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यको फागुन २ गतेको आदेशले जनही ७ हजार रुपियाँ धरौटी माग गरेकोमा तीनै जना फागुन २ गते धरौटी बुझाएर रिहा भएको सहायक प्रमुख जिल्ला अधिकारी वेदराज फुयालले बताए। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

धरान उपमहानगरपालिका-८ निवासी पत्रकार २८ वर्षीया रञ्जीता धमलालाई ०८१ साउन २ गते कुटपिट गरेको आरोपमा सोही उपमहानगरपालिका-१५ की ४२ चन्द्रकला थेवे, सोही उपमहानगरपालिका-१९ की ३४ वर्षीया मुना राई, सोही उपमहानगरपालिका-१७ की ५६ वर्षीया प्रमिला राई, ४० वर्षीय पूर्ण वान्तावा राई, ३५ वर्षीया सिर्जना बेघा, सोही उपमहानगरपालिका-११ की ४५ वर्षीया शर्मिला राई र सोही उपमहानगरपालिका-१ की ५२ वर्षीया शर्किनी थापा मगरविरुद्ध पीडितले साउन २ गते इलाका प्रहरी कार्यालय, धरानमा पीडितले उजुरी दिइन्। वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान मा साउन

तालिका ८.१.१३.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
हत्या	१	१

(स्रोत : इन्सेक, २०२४)

२ गते उपचारका लागि लाइनमा बसेको बेला आरोपितहरूले कुटपिट गरेको पीडितले बताइन्। धरानका मेयर हर्क साम्पाङसँग केही सार्वजनिक विषयमा विवाद भएको र मेयरका समर्थकले आफूलाई हातपात गरेको पीडितले बताइन्। आरोपितविरुद्ध प्रहरीले साउन ४ गते जिल्ला प्रशासन कार्यालयमा अभद्र व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। ०८१ पुस १६ गतेसम्म मुद्दा फैसला भएन। कुटपिटबाट घाइते धमलाको उपचार सोही अस्पतालमा भयो।

धरान उपमहानगरपालिका-१६ का ४० वर्षीय पत्रकार गोपाल दाहाललाई "हर्क साम्पाङको मनमौजी शासन, बेतिथिको दलदलमा धरान" शीर्षकमा खोज पत्रकारिता केन्द्रका लागि ०८१ मङ्सिर १६ गते समाचार लेखेको आरोपमा धरान उपमहानगरपालिकाका मेयर हर्कराज साम्पाङले उनको आधिकारिक फेसबुक पेज 'हर्क साम्पाङ ए रिभुलुसन' मार्फत मङ्सिर १९ गते धम्की दिएको पीडित पत्रकार गोपाल दाहालले बताए। मेयर साम्पाङले धरान उपमहानगरपालिका-१७ का ४९ वर्षीय पत्रकार जनक ऋषि राईलाई समेत सोही दिन धम्की दिएका थिए। पीडित पत्रकारहरूले मेयरले धम्की दिएको विषयमा मङ्सिर १९ गते जिल्ला प्रहरी कार्यालयमा मौखिक जानकारी दिएको एसपी सुमनकुमार तिम्सिनाले बताए। मौखिक उजुरीका आधारमा घटनाका विषयमा अनुसन्धान थालिएको एसपी तिम्सिनाले बताए। यो वर्षको अन्त्यसम्म घटना अनुसन्धानमा रहेको प्रहरीले जनायो। घटनाका बारेमा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य कमलमणि रिमालको नेतृत्वमा ६ सदस्यीय अध्ययन मिसन टोली पुस ९ गते गठन भयो। टोलीले हर्क साम्पाङसँग भेट्न खोज्दा भेट नदिएको मिसन टोलीका संयोजक पत्रकार कमलमणि रिमालले बताए।

हिरासतमा यातना

देवानगञ्ज गाउँपालिका-२ का २३ वर्षीय बाजुद्दिन अन्सारीलाई जिल्ला प्रहरी कार्यालयको हिरासत कक्षमा ०८१ साउन २ गते यातना दिएको पीडित परिवारले जनायो। मुस्लिम समुदायको मोहरम पर्वका बेलामा साउन २ गते बाखा चोरेको आरोपमा अनुसन्धानका लागि गिरफ्तार गरी हिरासतमा राखिएका अन्सारीलाई प्रहरीले यातना दिएको बाजुद्दिनकी ५५ वर्षीया आमा जलेखा खातुनले बताइन्। मोहरमका बेला हरिनगर गाउँपालिका-७ घुस्कीबाट साउन २ गते बाखा चोरी भएको र सोही आरोपमा प्रहरीले छोरालाई गिरफ्तार गरी हिरासत कक्षमा कुटेर हात भाँचिदिएको जलेखा खातुनले बताइन्। साउन १३ गते इन्सेक र मानव अधिकार आयोगलाई जलेखाले दिएको निवेदनमा प्रहरीले हिरासतमा छारालाई यातना दिएको उल्लेख थियो। जिल्ला प्रहरी कार्यालयका एसपी विपिन रेग्मीले अन्सारीलाई यातना नदिएको बरू खाना खाने बेलामा चिप्लिएर लडेका कारण हातमा चोट लागेको बताए। पीडितविरुद्ध प्रहरीले साउन ७ गते जिल्ला प्रशासन कार्यालयमा अभद्र व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। प्रमुख जिल्ला अधिकारी रामचन्द्र तिवारीको साउन ८ गतेको निर्णयले २५ हजार रुपियाँ धरौटी माग गऱ्यो। पीडित सोही दिन धरौटी बुझाएर रिहा भए। कुटपिटबाट घाइते भएका पीडितको उपचार खर्च प्रहरीले व्यहोरेको प्रहरी कार्यालयका एसपी विपिन रेग्मीले बताए। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

जिल्ला अस्पताल, इनरुवाका मेडिकल सुपरिटेन्डेण्ट ३२ वर्षीय डाक्टर सन्तोष राईलाई ०८१ कात्तिक ३ गते इनरूवा नगरपालिका-६ का खेमराज थापाले कात्तिक ३ गते कुटपिट गरेको आरोपमा पीडितले कात्तिक ५ गते जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयमा निवेदन दिए। आरोपितलाई प्रहरीले कात्तिक ५ गते गिरफ्तार गऱ्यो। जिल्ला अस्पतालमा उपचारका लागि भर्ना गरिएको एक जना बिरामीको रिपोर्ट गलत दिएको भन्दै आफूमाथि कुटपिट भएको डाक्टर सन्तोष राईले बताए। प्रमुख जिल्ला अधिकारी रामचन्द्र तिवारीको सोही कात्तिक १२ गतेको इजलासले ३५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश गऱ्यो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

कारागार र बन्दी

क्षेत्रीय कारागार झुम्काको क्षमता १ हजार ६ सय जनाको छ। कारागारमा १ हजार जना कैदी र ७ सय १५ जना बन्दी छन्। कारागारमा पुरुष कैदीबन्दीलाई मात्र राखिने गरिएको छ। कैदीबन्दीहरूको

नियमित स्वास्थ्य परीक्षणका लागि दुई जना अहेवको दरबन्दीमा दुईजना कार्यरत छन्। कारागारमा ३० जना कैदी जटिल मानसिक रोगी छन्। कारागारमा ७० जना पुरुष ज्येष्ठ नागरिक रहेको क्षेत्रीय कारागार प्रमुख महेन्द्रसिंह खड्काले बताए। कारागारमा १ सय ९० जना दीर्घरोगी छन्। मुद्दाको छिनोफानो समयमै नहुँदा २ सय ४० जना कारागारमा बस्न बाध्य भएको कारागार प्रमुख महेन्द्रसिंह खड्काले बताए।

कारागारमा मृत्यु

फोक्सोसम्बन्धी समस्या भएका खोटाङको साकेला गाउँपालिका स्थायी घर भइ इटहरी उपमहानगरपालिका-४ मा बस्दै आएका झुम्का कारागारका कैदी ४२ वर्षीय न्यायधीश राईको ०८० चैत १७ गते रामधुनी नगरपालिका-७ स्थित झुम्का कारागारमा मृत्यु भयो। पत्नी हत्या कसुरमा कारागारमा कैद भुक्तान गरिरहेका राईको उपचारका क्रममा चैत १७ गते बिहान ३ बजे जिल्ला अस्पतालमा मृत्यु भएको कारागारका जेलर ध्रुवराज कोइरालाले बताए। जिल्ला अस्पतालकी प्रमुख डाक्टर श्रेया पङ्गेनीले राई फोक्सोको बिरामी भएको र अक्सिजनको मात्रा कम भएपछि मृत्यु भएको बताइन्। मृतकका दाजु सुवास राई र भाउजु उर्मिला राईले शरीरभरी निलडाम देखिएको, शरीरका विभिन्न भागमा चोट देखिएकाले हत्या भएको दावी गरे। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा चैत १७ गते भयो। चैत १८ गते पीडित परिवारले शव बुझी इटहरी उपमहानगरपालिका-४ स्थित परोपकार स्वर्गद्वारी घाटमा सद्‌गत गऱ्यो। घटना अनुसन्धान गर्ने र दोषी पाइए कारबाही गर्ने सहमतिपछि शव बुझेको मृतकका दाजु सुवास राईले बताए। ०८१ पुस १६ गतेसम्म छानविन प्रतिवेदन सार्वजनिक भएन।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

१२ जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रिक्त छ। यो वर्ष फौजदारी मुद्दातर्फ ३ हजार ३ सय ७२ थान मुद्दामध्ये १ हजार ४ सय ९२ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ४ हजार ६ सय १३ थान मुद्दामध्ये ३ हजार १ सय ९८ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय २२ थान छन्। देवानी १ सय २५ थान मुद्दा फैसला हुन बाँकी छ। मुद्दाको चाप बढी र न्यायाधीश सङ्ख्या कम भएका कारण फैसलामा केही ढिलाइ हुने गरेको न्यायाधीश मुकेश उपाध्यायले बताए।

बाल अधिकार

यस वर्ष सुनसरी जिल्लामा बलात्कार घटनामा २२, हाडनाता करणी घटनामा दुई, सामूहिक बलात्कारका घटनामा एक, यौन दुर्व्यवहार घटनामा चार, विद्यालयमा दिइने शारीरिक दण्ड सजायका घटनामा दुई, बेचबिखन तथा ओसारपसार घटनामा चार र बालविवाहका घटनामा एक जना गरी ३६ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा २ सय २३ आधारभूत र १ सय ४९ माध्यमिक विद्यालय गरी ३ सय ७२ विद्यालय छन्। जिल्लामा २ हजार ७ सय ३१ शिक्षक दरबन्दी रहेकामा १२ दरबन्दी यस वर्षको अन्त्यसम्म मिलान हुन बाँकी रहेको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख खगेन्द्र सुवेदीले बताए। यस वर्ष २५ हजार ३४ जना छात्र र २० हजार ५ सय ३१ जना छात्रा तथा तीन जना अन्य गरी ४५ हजार ५ सय ६५ जना विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका १ हजार ५ सय ३० छात्रा र १ हजार ६ सय ७० जना छात्र छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय ६ ओटा छ। यस वर्ष द्वन्द्वपीडित परिवारका ३० जना बालबालिकाले वार्षिक १४ हजार रुपियाँका दरले छात्रवृत्ति पाए। यस वर्ष २ हजार २९ जना दलित छात्र र २ हजार २ सय २० जना दलित छात्रा विद्यालय भर्ना भए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका ८८ जना बालबालिका मध्ये आधारभूत तहमा प्रति विद्यार्थी ८ हजार रुपियाँ र माध्यमिक तहकाले १२ हजार रुपियाँ छात्रवृत्ति पाएको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख खगेन्द्र सुवेदीले बताए। शहीद परिवारका आठ जनाले १ लाख ८० हजार र द्वन्द्वपीडित परिवारका २० जना बालबालिकाले २ लाख ७८ हजार रुपियाँ छात्रवृत्ति पाए।

विद्यालयमा दिइने शारीरिक दण्ड सजाय

इटहरी उपमहानगरपालिका-१६ मा रहेको शिक्षादीप बोर्डिङ स्कुलमा कक्षामा ९ अध्ययनरत बालिकालाई गृहकार्य नगरेको भन्दै ०८१ जेठ १६ गते कुटपिट गरेको आरोपमा इटहरी उपमहानगरपालिका-१ निवासी शिक्षक ३७ वर्षीय पूर्णप्रसाद पोखरेलविरुद्ध

पीडित पक्षले जेठ १७ गते इलाका प्रहरी कार्यालय, इटहरीमा उजुरी दियो। कुटपिटबाट घाइते बालिकको विराटनगरस्थित विराट शिक्षण अस्पतालमा जेठ १७ गते उपचार भयो। विद्यालयका प्रिन्सिपल सहदेव काफ्लेले घटनामा संलग्न शिक्षकलाई जेठ १७ गते निलम्बन गरिएको बताए। आरोपित शिक्षकलाई प्रहरीले जेठ १७ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला प्रशासन कार्यालयमा जेठ २९ गते अभद्र व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। आरोपित शिक्षकलाई जिल्ला प्रशासन कार्यालयले जेठ २९ गते हाजिरी जमानतमा रिहा गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय १९ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका पाँच, खान नदिएका १०, लाउन नदिएका पाँच, विवाह दर्ता नगरिदिएका दश, जन्मदर्ता नबनाइदिएको दुई, नागरिकता नबनाइ दिएको आठ, वहुविवाहका ३६, दाइजो नल्याएको भनी हेला गरेको दश र मादक पदार्थ सेवन गरी कुटपिटका ३३ उजुरी छन्। उजुरीमध्ये प्रहरीले ६३ उजुरीमा मेलमिलाप गरायो भने ५६ ओटा उजुरी कारबाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर दिनेश अधिकारीले बताए।

यो वर्ष सुनसरी जिल्लामा बलात्कारका घटनामा ३५, हाडनाता करणी घटनामा एक, बलात्कार प्रयासका घटनामा एक, यौन दुर्व्यवहार घटनामा एक र घरेलु हिंसाका घटनामा १७ जना गरी ५५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट तीन जना महिलाको हत्या भयो।

पारिवारिक हत्या

कोशी गाउँपालिका-५ की २६ वर्षीया मञ्जुकुमारी यादवको ०८० चैत २ गते कुटपिट गरी हत्या गरेको आरोपमा पीडित पक्षले ६० वर्षीय ससुरा लेलाइ भनिने लक्ष्मी यादव र ५५ वर्षीया सासु फुदनीदेवी प्रसैला यादवविरुद्ध चैत ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। गढी गाउँपालिका-५ सतैरझोडा निवासी मृतकका काका ५८ वर्षीय योगेन्द्रप्रसाद यादवले भजितीको कुटपिट गरी हत्या भएको बताए। २५ वर्षीय छोरा प्रदीप यादवलाई ०७९ पुसमा विदेश पठाएपछि बुहारीलाई छोराले आफूखुशी विवाह गरेको र दाइजो नल्याएको आरोपमा कुटपिट गरेको पीडित पक्षको आरोप छ। बुहारीलाई करेण्ट लागेर मृत्यु भएको भनी प्रहरीमा झुटो विवरण दिएको पीडित पक्षको आरोप छ। शवको पोष्टमार्टम वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोपामा चैत ३ भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा चैत १३ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश पुण्यप्रसाद सापकोटाको चैत १४ गतेको इजलासले आरोपितहरूसँग जनही ५० हजार रुपियाँ धरौटी माग गऱ्यो। आरोपित चैत १४ गते धरौटी बुझाएर रिहा भएको अदालतका स्रेस्तेदार नारदप्रसाद भट्टराईले बताए ०८१ पुस १६ गतेसम्म मुद्दा फैसला भएन।

वातावरण र मानव अधिकार

बसाइँसराइ

सुनसरीमा यो वर्ष २ हजार ९ सय ८७ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

सुनसरीमा ७१ ओटा इँटाभट्टा र एक ओटा सिमेन्ट उद्योग सञ्चालनमा रहेको छ।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

सुनसरीमा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

सुनसरीमा २ लाख १२ हजार ४ सय ७ घरपरिवार सङ्ख्या रहेको छ। जसमा ५१.१६ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

सुनसरीमा ३८ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा सरकारी अस्पताल दुई, नगर अस्पताल चार, सामुदायिक अस्पताल नौ, स्वास्थ्य चौकी ४८, प्राथमिक स्वास्थ्य केन्द्र तीन, आधारभूत स्वास्थ्य केन्द्र ५१, स्वास्थ्य प्रवर्द्धन केन्द्र एक, सामुदायिक स्वास्थ्य इकाइ नौ, शहरी स्वास्थ्य केन्द्र सात ओटा छन्। जिल्ला सरकारी अस्पतालमा १० जना विशेषज्ञको दरबन्दीमा सबै कार्यरत छन्। जिल्लामा ५ लाख ७६ हजार १ सय १३ जनाले बीमा गराएर सेवा लिइरहेको स्वास्थ्य बीमा बोर्ड कार्यालय, सुनसरीका दर्ता अधिकारी मनोज काफ्लेले बताए। जिल्लामा ७० वर्ष उमेर बढीका ज्येष्ठ नागरिकका लागि पनि नि:शुल्क बीमा कार्यक्रम सञ्चालित छ। जिल्लामा ४४ हजार ४ सय ३४ जनाले नि:शुल्क स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध भइ सेवा लिइरहेका छन्।

तालिका ८.१.१३.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	**मेलमिलाप**	**अपूर्ण**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बालविवाह				१	१
बेचबिखन तथा ओसारपसार				४	४
विद्यालयमा दिइने शारीरिक सजाय	१			१	२
बलात्कार		१	२	२२	२५
यौन दुर्व्यवहार				४	४
जम्मा	१	१	२	३२	३६

महिला अधिकार				
घटनाको प्रकार	**अपूर्ण**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा			१७	१७
बलात्कार	३		३३	३६
बलात्कार प्रयास			१	१
यौन दुर्व्यवहार	१			१
पारिवारिक हत्या		१	२	३
जम्मा	४	१	५३	५८

मारिएकाको सङ्ख्या				
घटनाको प्रकार	**मुद्दा टुङ्गिएका**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
हत्या	१	२	७	१०

(स्रोत : इन्सेक, २०२४)

८.१.१४ उदयपुर

जम्मा जनसङ्ख्या	३,४०,७२१
महिला	१,७६,९८३
घर परिवार सङ्ख्या	८१,०५१
घरजग्गामा महिलाको स्वामित्व	१७,३८१
साक्षरता प्रतिशत	७७.१७
आश्रित जनसङ्ख्या	१,६७,३२२
अपाङ्गता भएका	९,२१८

यस वर्ष उदयपुर जिल्लामा ज्यादतीका घटनामा ७ सय १ जना महिला र १० जना पुरुष गरी ७ सय ११ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ७९ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६ सय १६ जना महिला पीडित भए।

कुटपिट

अन्यपक्षबाट

सिरहा जिल्ला लहान नगरपालिका-२२ घर भई रौतामाइ गाउँपालिका-४ सल्लेस्थित सल्ले माविका विज्ञान शिक्षक ६५ वर्षीय शिवप्रसाद यादवलाई सोही विद्यालयका लेखापाल रौतामाई गाउँपालिका-४ सल्लेका ४० वर्षीय नरेन्द्रकुमार राईले ०८१ असार १२ गते आपसी विवादको क्रममा निर्घात कुटपिट गरेको र उपचारको क्रममा वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोपामा सोही दिन मृत्यु भएको भन्दै मृतकका छोरा ३३ वर्षीय अविनास यादवले असार १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडित पक्षको उजुरीको आधारमा प्रहरीले आरोपितलाई सोही दिन घरबाटै गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश दीपककुमार खरेलको असार १७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गर्‍यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ६० जनाको छ। कारागारमा कैद तोकिएका १ सय ५७ जना, कैद नतोकिएका ९९ जना थुनुवा गरी २ सय ५६ जना छन्। महिला कैदीको सङ्ख्या नौ जना रहेको छ। क्षमता भन्दा चार गुणा भन्दा बढी कैदीबन्दी भएकाले पालो मिलाएर सुत्नुपर्ने, शौचालय प्रयोगका लागि लामो समय कुर्नुपर्ने अवस्था छ। बालबिज्याइँमा परेकालाई हिरासतका समयमा वयस्कसँगै राख्ने गरिएको जेलर महेश विष्टले बताए। कारागारमा एक जना अहेवको दरबन्दी रहेको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

तीन जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा सबै कार्यरत छन्। यसवर्ष १ हजार ६ सय ८ थान मुद्दा दर्ता भए। जसमा देवानीतर्फ १ हजार ९८ थान र फौजदारीतर्फ ५ सय १० थान मुद्दा छन्। फैसला हुन बाँकी मुद्दामध्ये देवानी ९ सय १४ थान र फौजदारी ३ सय २६ थान मुद्दा फैसला हुन बाँकी छ। दुई वर्ष भन्दा पुराना चार थान मुद्दा चालु अवस्थामा रहेको अदालतका स्रेस्तेदार भेषराज भट्टराईले बताए।

बाल अधिकार

यस वर्ष उदयपुर जिल्लामा बलात्कार घटनामा ६१, हाडनाता करणी घटनामा एक र यौन दुर्व्यवहार घटनामा १७ गरी ७९ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

शिक्षाको अवस्था

जिल्लामा ३ सय ३३ आधारभूत तह र १ सय १५ माध्यमिक तहका विद्यालय छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालयको सङ्ख्या नौ छ। सन् २०२४ मा ताप्ली गाउँपालिका र त्रियुगा नगरपालिकाले स्थानीय पाठ्यक्रम लागु गरे। जिल्लाका पहाडी तथा ग्रामीण क्षेत्रका विपन्न परिवारका बालबालिकाहरू बिचमै विद्यालय छाड्ने समस्या यस वर्ष पनि रहृयो। पहाडी क्षेत्रका विद्यालयमा स्वच्छ खानेपानी, बालमैत्री शौचालय, अपाङ्गमैत्री कक्षाकोठा, विज्ञान प्रयोगशाला,

पुस्तकालय तथा कम्प्युटर ल्याबको सुविधा नभएको शिक्षा विकास तथा समन्वय इकाइ कार्यालयले जनायो। यस वर्ष १६ हजार ८ सय ८४ जना छात्र र १७ हजार ४ सय २९ जना छात्र गरी ३४ हजार ३ सय २३ विद्यार्थी भर्ना भए।

बलात्कार

१५ वर्षीया बालिकालाई ०८१ वैशाख ६ गते बलात्कार गरेको आरोपमा त्रियुगा नगरपालिका-७ कालीखोलाका २१ वर्षीय सुनिल मगरविरुद्ध पीडित पक्षले वैशाख ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख ११ गते त्रियुगा नगरपालिका-७ चुहाडेबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश हरिशचन्द्र इङ्नामको असोज १४ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै १२ वर्ष कैद सजायको फैसला गरेको स्रेस्तेदार भेषराज भट्टराईले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २ सय ७२ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका ५०, खान नदिएका १०, लाउन नदिएको १२, मादक पदार्थ सेवन गरी कुटपिटका ४०, विवाह दर्ता नगरिदिएको ६, नागरिकता नबनाइ दिएको आठ, बहुविवाहका १३ र घरायसी झगडाका १ सय ३३ उजुरी रहेको सेवा केन्द्रकी प्रमुख अम्बिका कार्कीले बताइन्। उजुरीमध्ये २ सय ४४ उजुरी मेलमिलाप भयो। २८ उजुरी कानुनी प्रक्रियाका लागि न्यायिक निकायमा पठाएको महिला सेल प्रमुख कार्कीले बताइन्।

यो वर्ष उदयपुर जिल्लामा बलात्कारका घटनामा ३३, सामूहिक बलात्कारका घटनामा एक, बलात्कार प्रयासका घटनामा पाँच र घरेलु हिंसाका घटनामा ५ सय ७० जना गरी ६ सय ९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट सात जना महिलाको हत्या भयो।

बलात्कार

६६ वर्षीया ज्येष्ठ नागरिक महिलालाई ०८१ वैशाख ८ गते बलात्कार गरेको आरोपमा लिम्चुङबुङ गाउँपालिका-४ बलम्ताका ५७ वर्षीय श्यामशेर राईविरुद्ध पीडित पक्षले वैशाख १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख ११ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश हरिशचन्द्र ईङ्नामको कात्तिक १२ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गरी सात वर्ष कैद, ३ लाख रुपियाँ जरिबाना, पीडितले पाउने गरी ५० हजार रुपियाँ क्षतिपूर्ति र पीडित राहतकोषमा १२ हजार रुपियाँ जम्मा गर्ने फैसला गरेको अदालतका स्रेस्तेदार भेषराज भट्टराईले बताए।

तालिका ८.१.१४.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
अपहरण			१	१
हत्या		५	९	१४
जातीय विभेद		१		१
बाल अधिकार	बलात्कार	६१		६१
	हाडनाता करणी	१		१
	यौन दुर्व्यवहार	१७		१७
	जम्मा	७९		७९
महिला अधिकार	घरेलु हिंसा	५७०		५७०
	बलात्कार	३३		३३
	सामूहिक बलात्कार	१		१
	बलात्कार प्रयास	५		५
	पारिवारिक हत्या	७		७
	जम्मा	६१६		६१६
कूल जम्मा		७०१	१०	७११

(स्रोत : इन्सेक, २०२४)

पारिवारिक हत्या

कटारी नगरपालिका-५ भुल्केकी ३९ वर्षीया शर्मिला राउतको ०८१ जेठ २३ गते घरायसी विवादका क्रममा दाउराले प्रहार गरी हत्या गरेको आरोपमा पीडित पक्षले ४२ वर्षीय पति हिमाल राउतविरुद्ध जेठ २३ गते इलाका प्रहरी कार्यालय, कटारीमा उजुरी दियो। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा ०८१ असार ५ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

वातावरण र मानव अधिकार

बसाइँसराइ

उदयपुरमा यो वर्ष १ हजार २ सय ५३ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

तालिका ८.१.१४.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
बाल अधिकार	२	२
महिला अधिकार	२	२
जम्मा	४	४

(स्रोत : इन्सेक, २०२४)

इँटाभट्टा र सिमेन्ट उद्योग

उदयपुरमा पाँच ओटा इँटाभट्टा र चार ओटा सिमेन्ट उद्योग रहेका छन्।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

उदयपुरमा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

उदयपुरमा ८१ हजार ५१ घरपरिवार सङ्ख्या रहेको छ । जसमा ६८.९ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

उदयपुरमा १४ ओटा सार्वजनिक शौचालय रहेका छन् ।

स्रोत: स्थानीय तह

स्वास्थ्यको अधिकार

१३ जना विशेषज्ञ डाक्टरको दरबन्दी रहेको जिल्ला अस्पतालमा यस वर्षको अन्त्यसम्म दुई जना मेडिकल अधिकृत कार्यरत रहे। ५० शैयाको जिल्ला अस्पतालमा दरबन्दी अनुसार विशेषज्ञ डाक्टर नहुँदा सेवा प्रभावकारी नभएको अस्पतालका मेडिकल अधिकृत डाक्टर विशाल देवले बताए। जिल्लामा तीन अस्पताल, १ सय ५६ प्राथमिक स्वास्थ्य केन्द्र, ४१ स्वास्थ्य चौकी छन्। २ सय ४३ खोप केन्द्र छन्। जनशक्तिको अभावका कारण यस वर्षको अन्त्यसम्म जिल्ला अस्पतालमा रहेको भेण्टिलेटर र आइसीयू दुवै सञ्चालनमा नआउँदा नागरिक स्वास्थ्य अधिकारबाट वञ्चित भए। प्रदेश सरकारको ७९ लाख रुपियाँको लागतमा जिल्ला अस्पतालमा निर्माण गरिएको अक्सिजन प्लान्ट बिग्रेको दुई वर्ष बिते पनि यो वर्षको अन्त्यसम्म मर्मत भएन। जिल्ला अस्पतालमा ९८ प्रकारका औषधी पाउने सरकारी नीति भएपनि ६० प्रकारका औषधी पाइने गरेको छ।

तालिका ८.१.१४.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	३	५८	६२
यौन दुर्व्यवहार			१७	१७
जम्मा	१	३	७५	७९

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		३८९	३	१७८	५७०
बलात्कार	१		२	३१	३४
बलात्कार प्रयास				५	५
पारिवारिक हत्या				७	७
जम्मा	१	३८९	५	२२१	६१६

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१४	१४

(स्रोत : इन्सेक, २०२४)

परिच्छेद

८

८.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरू

मधेस प्रदेश

८.२.१ सप्तरी

जम्मा जनसङ्ख्या	७,०६,२५५
महिला	३,५४,८८७
घर परिवार सङ्ख्या	१,४६,८१६
घरजग्गामा महिलाको स्वामित्व	३७,५६५
साक्षरता प्रतिशत	६७.६९
आश्रित जनसङ्ख्या	३,५३,१०३
अपाङ्गता भएका	१०,७८३



यस वर्ष सप्तरी जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा चार जना महिला र २२ जना पुरुष गरी २६ जना पीडित भए। ज्यादतीका घटनामा ८० जना महिला र २० जना पुरुष गरी १ सय जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३० जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ४८ जना महिला पीडित भए।

झडप

राजविराज नगरपालिका-१३ विषहरियामा ०८० माघ ८ गते मधेस प्रदेश कृषि विश्वविद्यालय भवनको भूमिपूजन तथा शिलान्यास कार्यक्रममा प्रहरीले गरेको लाठीचार्जबाट मधेस प्रदेश सरकारका शिक्षा तथा संस्कृति मन्त्री राजविराज नगरपालिका-९ मलेठका ४९ वर्षीय महेशप्रसाद यादवको टाउकोमा चोट लाग्यो। प्रहरीको लाठीचार्जबाट मधेस प्रदेश सांसदहरू तिलाठी कोइलाडी गाउँपालिका-४ कोइलाडीका ४१ वर्षीय सतिशकुमार सिंह, सप्तकोशी नगरपालिका-९ की ३४ वर्षीया रञ्जुकुमारी मण्डल खड्ग, सिरहा जिल्लाको मिर्चैया नगरपालिका-१० की २९ वर्षीया भाग्यश्री कुमारी चौधरीलाई समेत चोटपटक लाग्यो। प्रहरीको लाठीचार्जबाट मन्त्री यादवका अङ्गरक्षकसहित राजविराज नगरपालिका-९ का ४७ वर्षीय भुपेन्द्रप्रसाद यादव, राजविराज नगरपालिका-११ का २८ वर्षीय सचितानन्द यादव, राजविराज नगरपालिका-११ का २८ वर्षीय पप्पु यादव, कञ्चनरुप नगरपालिका-१ का ३१ वर्षीय अनिलकुमार पञ्जियार, कञ्चनरुप नगरपालिका-११ का ३५ वर्षीय रोजी सिंह, कञ्चनरुप नगरपालिका-११ का ३३ वर्षीय सम्झना राणा चौधरी, डाक्नेश्वरी नगरपालिका-५ का ४० वर्षीय अमरेन्द्र यादव, डाक्नेश्वरी नगरपालिका-६ का ३८ वर्षीय अनिलकुमार यादव, डाक्नेश्वरी नगरपालिका-६ का ३२ वर्षीय विवेक यादव, बलान बिहुल गाउँपालिका-३ का ३१ वर्षीय देवनारायण यादव, महादेवा गाउँपालिका-१ का ७० वर्षीय हनुमान मलाहा, महादेवा गाउँपालिका-३ का ५४ वर्षीय हनुमान मुखिया, महादेवा गाउँपालिकाका ३७ वर्षीय प्रमोद इशर, तिलाठी कोइलाडी गाउँपालिका-५ का ५४ वर्षीय उमेश राय, २८ वर्षीय सुरेन्द्र यादव, रामशरण महतो, सिरहाको मिर्चैया नगरपालिका-१० का ३० वर्षीय निर्मल मण्डल सामान्य घाइते भए। उनीहरूको उपचार माघ ८ गते गजेन्द्र नारायण सिंह अस्पताल, राजविराजमा भयो।

कृषि विश्वविद्यालयका सहकुलपति तथा सिनेटका अध्यक्ष समेत रहेका मन्त्री यादवको नेतृत्वमा पुगेको जुलुस सुरक्षा घेरा तोड्दै अघि बढेपछि प्रहरीले लाठीचार्ज गरेको थियो। मन्त्री यादवले जानकारी नदिइकन गर्न लागिएको शिलान्यास कार्यक्रम स्थगित गर्न माघ ७ गते मन्त्रालयको लेटरप्याडमा सूचना जारी गरेका थिए। मन्त्री आबद्ध जनमत पार्टीले समेत सात बुँदे माग राखी विश्वविद्यालयको राजविराज नगरपालिका-३ स्थित कार्यालयमा माघ ७ गते तालाबन्दी गरेको थियो।

कुटपिट

अन्यपक्षबाट

राष्ट्रिय स्वतन्त्र पार्टीका राजविराज नगर समिति अध्यक्ष राजविराज नगरपालिका-७ का ३३ वर्षीय खेलानन्द दासलाई ०८० चैत ५ गते राजविराज नगरपालिकाका निलम्बित मेयर राजविराज नगरपालिका-९ का ५८ वर्षीय भीमराज यादव, उनका ३२ वर्षीय छोरा विलियम यादव र राजविराज नगरपालिका-५ का ४७ वर्षीय गुलाब यादवले कुटपिट गरेको भन्दै दासले चैत ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। सिटी रिक्सामा 'भ्रष्टाचारी मेयर भीमराज यादव राजीनामा देऊ' लेखिएको ब्यानर टाँगेर माइकिङ गर्दै बजार परिक्रमा गरिरहेका बेला राजविराज नगरपालिका-३ स्थित ग्लोबल बैङ्क अगाडि आरोपितहरूको समूहले कुटपिट गरेको दासले बताए। घाइते दासको उपचार छिन्नमस्ता अस्पतालमा भयो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार आरोपमा दायर गरेको मुद्दामा निलम्बित मेयर यादवलाई विशेष अदालतले साउन ३२ गते दोषी ठहर गर्दै २ लाख ६३ हजार ४ सय ६८ रुपियाँ जरिबाना तोक्यो।

तालिका ८.२.१.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट					१	७	८
कारागारमा मृत्यु			२	२			
अमानवीय व्यवहार			३	३	१	१	२
घाइते		४	१७	२१		२	२
हत्या					२	७	९
धम्की						१	१
बाल अधिकार	विद्यालयमा दिइने शारीरिक सजाय					१	१
	बालविवाह				१	१	२
	नवजात शिशुको हत्या				१		१
	बलात्कार				२३		२३
	सामूहिक बलात्कार				१		१
	यौन दुर्व्यवहार				२		२
	जम्मा				२८	२	३०
महिला अधिकार	घरेलु हिंसा				१९		१९
	'बोक्सी'को आरोप				२		२
	दाइजोजनित हिंसा				९		९
	बलात्कार				७		७
	बलात्कार प्रयास				१		१
	यौन दुर्व्यवहार				४		४
	वैवाहिक बलात्कार				१		१
	बेचबिखन तथा ओसारपसार				५		५
	जम्मा				४८		४८
कूल जम्मा		४	२२	२६	७८	२०	१००

(स्रोत : इन्सेक, २०२४)

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता १० महिला र १ सय १५ पुरुष गरी १ सय २५ जनाको रहेको छ। कारागारमा ४ सय ६१ जना कैदीबन्दी छन्। जसमा नौ महिला र ४ सय ५२ पुरुष छन्। कैदीबन्दीको नियमित स्वास्थ्य परीक्षणका लागि एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा रिक्त छ। कारागारमा १० जना कैदीबन्दीले सामान्य मानसिक रोगको औषधी उपचार गराइरहेका छन्। कारागारमा १५ पुरुष र एक जना महिला ज्येष्ठ नागरिक रहेको जिल्ला कारागार प्रमुख प्रवीणकुमार अधिकारीले बताए। कारागारमा दीर्घरोगी ५० जना छन्।

कारागारमा मृत्यु

बलात्कारको आरोपमा पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा रहेका हनुमाननगर कङ्कालिनी नगरपालिका-६ का १९ वर्षीय देबेन्द्र मण्डल ०८० माघ २८ गते मृत अवस्थामा फेला परेको प्रहरीले जनायो। मण्डलको शव कारागारभित्र शौचालयमा झुण्डिएको अवस्थामा माघ २८ गते बिहान फेला परेको राजविराज कारागारले जनायो।

राजविराज कारागारका कैदी कञ्चनरुप नगरपालिका-३ का ३५ वर्षीय गोरिया भनिने

तालिका ८.२.१.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
बाल अधिकार	१	१
महिला अधिकार	२	२
जम्मा	३	३

(स्रोत : इन्सेक, २०२४)

वीरेन्द्रकुमार मलाहाको उपचारका क्रममा माघ १० गते मृत्यु भयो। मानसिक सन्तुलन गुमेको र मिर्गौला रोगबाट पीडित मलाहाको अक्सिजन स्तर कम भएपछि माघ ८ गते दिउँसो अस्पताल भर्ना भएकोमा माघ १० गते बिहान मृत्यु भएको गजेन्द्रनारायण सिंह अस्पताल राजविराजले जानकारी दियो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

१० जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा एक दरबन्दी रिक्त रहेको छ। यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार २ सय ३० थानमध्ये ४ सय ८ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २ हजार ७ सय ७० थानमध्ये १ हजार १ सय ४१ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ८५ थान र देवानी मुद्दा १ सय ७१ थान बाँकी रहेको अदालतले जनायो।

उच्च अदालत जनकपुर, राजविराज इजलास

११ जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत जनकपुर, राजविराज इजलासमा सबै कार्यरत छन्। यस वर्षका लागि दुनियावादी देवानीका १ हजार २ सय ६० थान, दुनियावादी फौजदारीका ३ सय ६२ थान, सरकारवादी फौजदारीका ९ सय ५८ थान र सुरू क्षेत्राधिकारबाट ७५ थान मुद्दा जिम्मेवारी सरेका थिए। यो वर्ष दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ ३ सय ५२ थान उजुरी परे। अघिल्लो वर्षका जिम्मेवारी सरेका समेत १ हजार ५ सय ४६ थान मुद्दा फैसला भएको अदालतले जनायो।

बाल अधिकार

यस वर्ष सप्तरी जिल्लामा बलात्कार घटनामा २३, सामूहिक बलात्कारका घटनामा एक, यौन दुर्व्यवहार घटनामा दुई, विद्यालयमा दिइने शारीरिक सजायका घटनामा एक र बालविवाहका घटनामा दुई गरी २९ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यो वर्ष एक नवजात शिशुको हत्या भयो।

शिक्षाको अवस्था

यस जिल्लामा ४ सय २० आधारभूत र १ सय ५० माध्यमिक विद्यालय छन्। यस वर्ष २४ हजार ८ सय ७५ बालक र २१ हजार ३ सय ६० जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ३ सय १३ बालिका र ३ सय ९१ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय पाँच ओटा छन्। शहीद परिवार तथा द्वन्द्वपीडित परिवारका एक जनाले छात्रवृत्ति पाएको शिक्षा विकास तथा समन्वय इकाइका निमित्त प्रमुख कमलनाथ यादवले बताए।

विद्यालयमा दिइने शारीरिक दण्ड सजाय

बोदेबर्साइन नगरपालिका-५ स्थित माउण्ट एभरेष्ट प्याराडाइज एकेडेमीमा कक्षा ४ मा अध्ययनरत ११ वर्षीय बालकलाई गृहकार्य नगरेको आरोपमा ०८० चैत ९ गते विज्ञान शिक्षक बोदे बर्साइन नगरपालिका-५ का कमल यादवले पाइपले कुटपिट गरेको पीडितले बताए। शरीरमा निलडाम देखाएपछि घटनाबारे सोधपुछ गर्दा जानकारी पाएको पीडितकी आमाले बताइन्। पीडितको स्थानीय अस्पतालमा उपचार भयो। आरोपित शिक्षक यादव, प्राचार्य दिलिपकुमार चौधरी र संस्थापक मनोजकुमार चौधरीले क्षमा मागेपछि थप कारबाही भएन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ३२ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका ३४, खानलाउन नदिएका ४२, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका दुई, सामान्य घरायसी झगडाका ५६ उजुरी छन्। यीमध्ये प्रहरीले ८५ उजुरीमा मेलमिलाप गरायो भने ४५ उजुरी कारबाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी जितेन्द्रकुमार बस्नेतले बताए।

यो वर्ष सप्तरी जिल्लामा बलात्कारका घटनामा सात, वैवाहिक बलात्कारका घटनामा एक, बलात्कार प्रयासका घटनामा एक, यौन दुर्व्यवहार घटनामा चार, दाइजोजनित हिंसाका घटनामा नौ, बोक्सीको आरोपमा दुई, बेचबिखन तथा ओसारपसार

घटनामा पाँच र घरेलु हिंसाका घटनामा १९ गरी ४८ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

बलात्कार

५२ वर्षीया महिलालाई ०८० पुस २९ गते बोदेबर्साइन नगरपालिका-९ महनौरीका ३६ वर्षीय कामेश्वर मण्डलले बलात्कार गरेको भन्दै पीडितले माघ १ गते इलाका प्रहरी कार्यालय कडरबोनामा उजुरी दिइन्। प्रहरीले आरोपितलाई माघ २ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश मणिराम न्यौपानेको ०८१ असोज ६ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै सात वर्ष कैद, ३ लाख रुपियाँ जरिबाना तिराउने, १५ हजार रुपियाँ क्षतिपूर्ति भराउने र फौजदारी कसुर पीडित राहत कोषमा १ हजार ३ सय रुपियाँ जम्मा गर्न लगाउने फैसला गऱ्यो।

'बोक्सी'को आरोप

राजगढ गाउँपालिका-२ कमलपुरकी २७ वर्षीया महिलामाथि ०८१ साउन ५ गते सोही ठाउँका ५६ वर्षीय सीताराम यादव, उनकी पत्नी ५० वर्षीया सतनीदेवी यादव र उनका २६ वर्षीय छोरा मनिषकुमार यादवले 'बोक्सी'को आरोप लगाउँदै अमानवीय व्यवहार र कुटपिट गरेको भन्दै पीडितले साउन ७ गते जिल्ला प्रहरी कार्यालय उजुरी दिइन्। टुनामुना गरेर 'बोक्सी' लगाएर बिरामी बनाएको र ठिक नगरे अभक्ष कोच्याएर 'बोक्सी' विद्या नष्ट गर्ने भन्दै पीडितलाई २ सय मिटर टाढा रहेको आफ्नो घरमा पुऱ्याई बन्धक बनाएको पीडितले आरोप लगाइन्। जिल्ला प्रहरी कार्यालयले साउन ८ गते उजुरी दर्ता गऱ्यो। आरोपितहरू वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

६५ वर्षीया महिलालाई ०८१ असार ३१ गते डाक्नेश्वरी नगरपालिका-९ पत्थरगाढाका ५५ वर्षीय केदार खड्ग, उनका ४० वर्षीय भाइ चन्दर खड्ग मण्डल र सोही ठाउँका २८ वर्षीय मिनुदेवी खड्गले 'बोक्सी'को आरोप लगाउँदै अमानवीय व्यवहार र कुटपिट गरेको भन्दै पीडितले भदौ ४ गते जिल्ला प्रहरी कार्यालय उजुरी दिइन्। जिल्ला प्रहरी कार्यालयमा भदौ ४ गते उजुरी दर्ता भयो। आरोपितहरू वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

आगलागीबाट दलित र मुस्लिम समुदायको बस्तीमा पुगेको क्षति

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आगलागी

महादेवा गाउँपालिका-१ चिम्टीमा ०८१ वैशाख १८ गते भएको आगलागीमा १ सय भन्दा बढी घरगोठमा क्षति पुग्यो। आगलागीबाट ३ सय दलित र मुस्लिम समुदाय विस्थापित भएको वडा अध्यक्ष जयश्वर किशोर दासले बताए। बस्तीमा अधिकांश फुस र जस्तापाताले छाएका घर थिए। गाईभैंसीलाई दाना पकाउन शत्रुधन यादवको गोठमा सल्काएको परालको आगोको झिल्को उडेर छानामा पुगेपछि आगलागी भएको थियो। पश्चिमी हावा चलिरहेको र पूर्वतर्फ लहरै घरहरू भएकाले बस्ती नै सखाप भएको वडा अध्यक्ष दासले बताए। स्थानीय र नेपाल प्रहरीको टोलीले समेत आगो नियन्त्रणमा लिन नसकेपछि सेना र सशस्त्र प्रहरीको टोलीले आगो निभाएको थियो।

वातावरण र मानव अधिकार

बसाइँसराइ

सप्तरीमा यो वर्ष ३ हजार ८ सय ७३ जनाले बसाइसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोतः स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

सप्तरीमा ७२ ओटा इँटाभट्टा सञ्चालित छन्।

स्रोतः घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यो वर्ष सप्तरीमा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोतः जिल्ला प्रहरी कार्यालय

खानेपानी

सप्तरीमा १ लाख ४६ हजार ८ सय १६ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा तीन प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

शौचालय

जिल्लामा १ हजार ९ सय ८३ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, सात सामुदायिक अस्पताल, १ सय ११ स्वास्थ्य चौकी, चार प्राथमिक स्वास्थ्य केन्द्र, पाँच नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा १८ जना विशेषज्ञ डाक्टरको दरबन्दीमा १३ रिक्त छ। ४६ जना स्वास्थ्यकर्मीको दरबन्दीमा ११ रिक्त, एक जना बिदा र ३४ कार्यरत छन्। जिल्लामा ५२ हजार ७ सय ९८ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा पनि १५ हजार ५ सय ५८ जनाको बीमा गरिएको जिल्ला स्वास्थ्य कार्यालयले जनायो।

तालिका ८.२.१.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
विद्यालयमा दिइने शारीरिक सजाय	१		१
बालविवाह		२	२
बलात्कार		२४	२४
यौन दुर्व्यवहार		२	२
नवजात शिशुको हत्या		१	१
जम्मा	१	२९	३०

महिला अधिकार						
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	कानुनी दायरामा नल्याइएका	जम्मा
घरेलु हिंसा	२	१		१४	२	१९
'बोक्सी'को आरोप				२		२
बलात्कार	१			७		८
बलात्कार प्रयास				१		१
यौन दुर्व्यवहार				४		४
बेचबिखन तथा ओसारपसार				५		५
दाइजोजनित हिंसा			१	८		९
जम्मा	३	१	१	४१	२	४८

मारिएकाको घटना सङ्ख्या				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अपूर्ण	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१	६	८

(स्रोत : इन्सेक, २०२४)

८.२.२ सिरहा

जम्मा जनसङ्ख्या	७,३९,९५३
महिला	३,७६,२२९
घर परिवार सङ्ख्या	१,४८,५४९
घरजग्गामा महिलाको स्वामित्व	३७,७३६
साक्षरता प्रतिशत	६५.११
आश्रित जनसङ्ख्या	३,८९,२०५
अपाङ्गता भएका	११,९४५

यस वर्ष सिरहा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक जना पुरुष पीडित भए। ज्यादतीका घटनामा ४१ जना महिला र नौ जना पुरुष गरी ५० जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २१ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १९ जना महिला पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता १५ महिला र १ सय ३५ पुरुष गरी १ सय ५० जनाको रहेको छ। कारागारमा ५ सय २० जना कैदीबन्दी छन्। जसमा २५ महिला र ४ सय ९५ पुरुष छन्। कारागारमा आश्रित बालक तीन र बालिका दुई जना गरी पाँच जना छन्। कारागारमा क्षमताभन्दा झण्डै चार गुणा बढी कैदीबन्दी भएकाले व्यवस्थापनमा समस्या रहेको कारागार प्रमुख दिनेश भट्टराईले बताए। कैदीबन्दीहरूको स्वास्थ्य परीक्षणका लागि एक जना हेल्थ असिष्टेन्टको दरबन्दी रहेकोमा हप्तामा दुई दिन सेवा प्रदान गरिरहेका छन्। कारागारमा २५ जना कैदीबन्दीहरू जटिल मानसिक रोगी नौ जना पुरुष ज्येष्ठ नागरिक रहेको भट्टराईले बताए।

कारागारमा झडप

जिल्ला कारागारमा पुरानो चौकीदारलाई हटाएर नयाँ चौकीदार राख्ने विषयमा ०८० पुस १८ गते कैदीबन्दीहरूका दुई समूहबिच विवाद हुँदा झडप भयो। मोहमद सकिल हुसैनका समूहले आफूलाई कारागारको चौकीदार बनाउनका लागि कारागारभित्र खाना पकाउन राखिएका चिर्पट प्रहार गर्दा चौकीदार कैलाश ठाकुरको समूहका एक जना कैदी गम्भीर घाइते भए भने दुई जना सामान्य घाइते भए। घाइते दुई जनाको उपचार सिरहास्थित प्रादेशिक अस्पतालमा भयो भने एक जनालाई थप उपचारका लागि विराटनगर रेफर गरी उपचार गरिएको कारागारका सूचना अधिकारी राजगिर साहले बताए। घाइते हुनेमा चोरी मुद्दाका सिरहा नगरपालिका-२२ का २३ वर्षीय सुनिलकुमार यादव, खुनी डाँका तथा कर्तव्य ज्यान मुद्दाका सप्तरी जिल्ला सुरुङ्गा नगरपालिका-२ का ४१ वर्षीय मोहमद सकिल हुसैन र डाका तथा सङ्गठित अपराधका लहान नगरपालिका-१९ का ३३ वर्षीय जिवछकुमार साह रहेका छन्। गम्भीर घाइते सुनिललाई पुस १९ गते कारागार सरुवा गरी मोरङमा पठाइयो। उनको थप उपचार मोरङ कारागारले गरेको सूचना अधिकारी साहले बताए। अन्य घाइते सहित झडपमा संलग्न १० जनालाई पुस १८ र १९ गते मकवानपुरस्थित भीमफेदी कारागारमा सरुवा गरिएको साहले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा नौ जना न्यायाधीश दरबन्दी रहेकोमा एक रिक्त छ। यो वर्ष फौजदारी मुद्दातर्फ २ हजार ४ सय ३६ थानमध्ये १ हजार १ सय थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ६ हजार ७ सय ९ थान मध्ये ३ हजार ५ सय ३५ थान मुद्दा फैसला भए। यस

तालिका ८.२.२.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट					३	३
हत्या				१	५	६
धम्की		१	१		१	१
बाल अधिकार	बलात्कार			१३		१३
	सामूहिक बलात्कार			१		१
	यौन दुर्व्यवहार			७		७
	जम्मा			२१		२१
महिला अधिकार	घरेलु हिंसा			१		१
	बलात्कार			८		८
	बलात्कार प्रयास			५		५
	दाइजोजनित हिंसा			१		१
	परिवारजनबाट हत्या			३		३
	बेचबिखन तथा ओसारपसार			१		१
	जम्मा			१९		१९
कूल जम्मा		१	१	४१	९	५०

(स्रोत : इन्सेक, २०२४)

अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय ७३ थान छन् भने देवानी मुद्दा ३ सय १९ थान बाँकी रहेको जिल्ला अदालतका स्रेस्तेदार राजकुमार आचार्यले बताए।

बाल अधिकार

यस वर्ष सिरहा जिल्लामा बलात्कारका घटनामा १३, सामूहिक बलात्कारका घटनामा एक र यौन दुर्व्यवहार घटनामा सात जना गरी २१ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

शिक्षाको अवस्था

जिल्लामा ३ सय ३२ आधारभूत र ९४ माध्यमिक विद्यालय छन्। यसवर्ष ७३ हजार ५ सय ५९ बालक र ७५ हजार ६ सय १ बालिका विद्यालय भर्ना भए। जसमा २ सय ४० जना अपाङ्गता भएका शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख दीपकराज कलौनीले बताए। जिल्लामा अपाङ्गमैत्री विद्यालय दुई छन्। यस वर्ष २३ हजार २ सय ७० दलित बालक र २३ हजार ३ सय ७१ दलित बालिका विद्यालय भर्ना भए। वर्षको अन्त्यसम्म कुनै पनि बालबालिकालाई छात्रवृत्ति प्रदान नगरिएको कलौनीले बताए।

हत्या

तीन वर्षीया बालिकालाई ०८१ वैशाख १२ गते सिरहा नगरपालिका-१८ का ७२ वर्षीय धनिकलाल यादव, ४७ वर्षीया सोनादेवी यादव र १९ वर्षीया पूजाकुमारी यादवले हत्या गरेको आरोपमा पीडित परिवारले वैशाख १७ गते जिल्ला प्रहरी कार्यालय सिरहामा उजुरी दिए। जग्गाको सिमाना विषयमा पीडित र आरोपित पक्षबिच विवाद भएको थियो। सोही क्रममा बालिका अन्य बालबालिकाहरूसँग खेल्दै आरोपितहरूको घरमा गएपछि पूर्व विवाद र रिसइबीका कारण आरोपितहरूले बालिकालाई कुटपिट गरी घाँटी थिची हत्या गरेका थिए। बालिका वैशाख १२ गतेदेखि हराएको सूचना आएपछि खोजतलासको क्रममा वैशाख १४ गते आरोपितहरूको घरको सिँढीमुनी मुसुरोको झ्याङ्ले छोपेर राखेको अवस्थामा शव फेला परेको जिल्ला प्रहरी कार्यालयका डिएसपी मुक्तिनाथ सापकोटाले बताए। प्रहरीले आरोपित सोना र पूजालाई वैशाख १५ गते गिरफ्तार गरेको र धनिकलाल हालसम्म फरार रहेकाले खोजतलास भइरहेको डिएसपी सापकोटाले बताए। शवको पोष्टमार्टम धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा वैशाख १६ गते भयो। जिल्ला अदालतको जेठ ११ गतेको आदेशले आरोपितहरू पुर्पक्षका लागि थुनामा छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ९ सय ९८ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका ५८, खानलाउन नदिएका ६ सय ११, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका एक र सामान्य घरायसी झगडाका ३ सय २८ उजुरी छन्। यीमध्ये प्रहरीले ७ सय ४१ उजुरीमा मेलमिलाप गराएको जिल्ला प्रहरी कार्यालयका डिएसपी वीरेन्द्र पासवानले बताए।

यो वर्ष सिरहा जिल्लामा बलात्कारका घटनामा आठ, बलात्कार प्रयासका घटनामा पाँच, दाइजोजनित

हिंसाका घटनामा एक, बेचबिखन तथा ओसारपसारका घटनामा एक र घरेलु हिंसाका घटनामा एक गरी १९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। यस वर्ष परिवारबाट तीन जना महिलाको हत्या भयो।

पारिवारिक हत्या

सखुवानन्कारकट्टी गाउँपालिका-४ की ३० वर्षीया तञ्जिला खातुनलाई ०८० माघ ८ गते देवर ३० वर्षीय मोहमद जियाउल मियाँले घरायसी विवादमा बञ्चरो प्रहार गरी हत्या गरेको आरोपमा पीडित परिवारले इलाका प्रहरी कार्यालयमा माघ ८ गते उजुरी दियो। आरोपितलाई माघ ८ गते इलाका प्रहरी कार्यालयले गिरफ्तार गरेको डीएसपी भोलाकुमार भट्टले बताए। जिल्ला अदालतका न्यायाधीश टेकबहादुर कार्कीको ०८१ वैशाख ३० गतेको आदेशले आरोपितलाई जन्मकैदको फैसला सुनायो।

जातीय विभेद

नाकाबन्दी

नरहा गाउँपालिका-१ गौराहा टोलका मुसहर समुदायका मानिसहरू हिँडडुल गर्ने खेतको आलीको बाटोमा सोही गाउँपालिका-२ का ५६ वर्षीय रामचलितर यादवका परिवारका सदस्यहरूले ०८१ असोज ६ गते काँडा, बाँसको भाटाले बार लगाइ 'नाकाबन्दी' गरे। दलित बस्ती नजिकै रामचलितर यादवको जग्गा रहेको र उनकै खेतमा ज्याला मजदुरी गर्दै आएको ४५ वर्षीय उचित सदाले बताए। रामचलितरको खेतमा ज्यालामा धान रोप्ने काम गर्न नगई अलि बढी ज्याला पाउने आशामा अरुको खेतमा काम गर्न गएको विषयलाई लिएर रामचलितरका छोरा २३ वर्षीय महेश यादव र उनका परिवारका सदस्यहरूले बाटोमा काँडा, बाँसको भाटाले बार लगाएर बाटो अवरुद्ध गरी नाकाबन्दी गरेको पीडित सदाले बताए। दलित बस्तीमा नाकाबन्दी गरेको घटनाको विषयलाई लिएर असोज १४ गते राष्ट्रिय मानव अधिकार आयोग, मधेस प्रदेशका प्रमुख बुधनारायण सहनी, राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्मा, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेस प्रदेशका संयोजक राजु पासवान, इन्सेक जिल्ला प्रतिनिधि दुर्गा परियार, मानव अधिकार आयोगका अधिकृत दीपक ठाकुर, मुक्ति नेपालका जिल्ला संयोजक विशेश्वर दास लगायतको टोलीले घटनास्थल अनुगमन गरेको थियो। अनुगमन टोलीले

तालिका ८.२.२.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
महिला अधिकार	१	१

(स्रोत : इन्सेक, २०२४)

इलाका प्रहरी कार्यालय नरहाका सईलाई तुरुन्त घेरबार हटाउन र पीडितहरूको शान्ति सुरक्षा गर्न निर्देशन दिएको थियो र सोही दिन घेरबार हटाइ नाकाबन्दी खुला गरिएको थियो।

वातावरण र मानव अधिकार

बसाइँसराइ

सिरहामा यो वर्ष ३ हजार १ सय २० जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

सिरहामा दुई ओटा सिमेन्ट उद्योग र १ सय ६ ओटा इँटाभट्टा सञ्चालनमा रहेको छ।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यो वर्ष सिरहामा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

सिरहामा १ लाख ४८ हजार ५ सय ४९ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा १० प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा आठ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, १ सय ३१ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र, पाँच नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा आठ जना विशेषज्ञको दरबन्दीमा पाँच रिक्त छ। जिल्लामा ४ हजार ९ सय ४८ जनाले बीमा गरेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रम अन्तर्गत २ हजार ७ सय २ जनाको बीमा गरिएको छ।

तालिका ८.२.२.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बलात्कार	४	१०	१४
यौन दुर्व्यवहार	३	४	७
जम्मा	७	१४	२१

महिला अधिकार				
घटनाको प्रकार	**मेलमिलाप**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा	१			१
दाइजोजनित हिंसा			१	१
बलात्कार		१	७	८
बलात्कार प्रयास		१	४	५
बेचबिखन तथा ओसारपसार		१		१
परिवारजनबाट हत्या	१	१	१	३
जम्मा	२	४	१३	१९

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
हत्या	१	५	६

(स्रोत : इन्सेक, २०२४)

८.२.३ धनुषा

जम्मा जनसङ्ख्या	८,६७,७४७
महिला	४,३७,८५४
घर परिवार सङ्ख्या	१,७७,०९१
घरजग्गामा महिलाको स्वामित्व	५२,३५९
साक्षरता प्रतिशत	६५.२२
आश्रित जनसङ्ख्या	४,५९,५५५
अपाङ्गता भएका	१३,२३१

यस वर्ष धनुषा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा दुई जना पुरुष पीडित भए। ज्यादतीका घटनामा ७ सय ९० जना महिला र आठ पुरुष गरी ७ सय ९८ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १० जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ७ सय ७२ जना महिला पीडित भए।

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्न पाउने अधिकार

हत्या

अन्यपक्षबाट

धनुषाधाम नगरपालिका-५ निवासी इन्यूज ब्यूरोका कार्यकारी सम्पादक ३० वर्षीय विनयकुमार यादवको ०८१ वैशाख ११ गते हत्या गरेको आरोपमा सोही ठाउँका ५५ वर्षीय सुशील यादव, २६ वर्षीय वीरेन्द्र यादव, २३ वर्षीय धीरेन्द्र यादव र ३२ वर्षीय ललन भनिने लक्ष्मीनारायण यादवविरुद्ध पीडित पक्षले वैशाख १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। शवको पोष्टमार्टम वैशाख १२ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपित सुशील यादव, वीरेन्द्र यादव, धिरेन्द्र यादव र ललन भनिने लक्ष्मीनारायण यादवलाई जिल्ला प्रहरी कार्यालय, धनुषाले ०८१ पुस ९ गते जिल्ला अदालत, धनुषाको परिसरबाट गिरफ्तार गऱ्यो। घटनाको अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी रञ्जन आवाले बताए।

झडप

जनकपुरधाम उपमहानगरपालिका-८ रामानन्द चोकस्थित राजर्षि जनक विश्वविद्यालयमा लोकतान्त्रिक समाजवादी र अखिल क्रान्तिकारीका विद्यार्थीहरूबिच ०८१ असोज ८ गते झडप भयो। राजर्षि जनक विश्वविद्यालय क्याम्पसमा असोज ८ गतेदेखि आन्तरिक परीक्षा सञ्चालन हुने भनी असोज ७ गते विश्वविद्यालय प्रशासन र दुई स्वतन्त्र विद्यार्थी सङ्गठनबिच सहमति भएको थियो। तर, असोज ८ गते परीक्षा सञ्चालन गर्ने समयमा अखिल क्रान्तिकारीका सभापति पदका प्रत्यासी श्याम साह पक्षले प्रशासन शाखामा तालाबन्दी गरेपछि दुई सङ्गठनबिच विवाद हुँदा झडप भएको राजर्षि जनक विश्वविद्यालयका सभापति प्रवेश यादवले बताए। झडपमा अखिल क्रान्तिकारीका २४ वर्षीय श्याम शाह, २३ वर्षीय राकेश पण्डित घाइते भए। घाइतेहरूको उपचार सोही दिन स्थानीय क्लिनिकमा भयो।

कुटपिट

अन्यपक्षबाट

मुखियापट्टी मुसहर्निया गाउँपालिकाका अध्यक्ष

तालिका ८.२.३.१ **घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण				३	१	४
कुटपिट		१	१	२	३	५
घाइते					२	२
हत्या				२	१	३
धम्की		१	१			
जातीय विभेद				२		२
बाल अधिकार	विद्यालयमा दिइने शारीरिक सजाय				१	१
	बलात्कार			६		६
	सामूहिक बलात्कार			१		१
	यौन दुर्व्यवहार			२		२
	जम्मा			९	१	१०
महिला अधिकार	घरेलु हिंसा			५४५		५४५
	'बोक्सी'को आरोप			६		६
	दाइजोजनित हिंसा			१८०		१८०
	साइबर अपराध			२		२
	बलात्कार			३१		३१
	सामूहिक बलात्कार			२		२
	बलात्कार प्रयास			२		२
	यौन दुर्व्यवहार			१		१
	परिवारजनबाट हत्या			३		३
	जम्मा			७७२		७७२
कूल जम्मा		२	२	७९०	८	७९८

(स्रोत : इन्सेक, २०२४)

४८ वर्षीय जयकुमार यादवमाथि ०८० माघ ४ गते राति १२ बजे अपरिचित व्यक्तिहरूको समूहले आक्रमण गऱ्यो। पीडित अध्यक्ष यादवले माघ ४ गते राती अस्पतालमा उपचारार्थ आफन्तलाई भेटी घर फर्किने क्रममा वडा नं ७ स्थित तपसीचोक नजिक १०४७ नम्बरको गाडीमा आएका अपरिचित व्यक्तिहरूले घेरा हाली आक्रमण तथा कुटपिट गरेको बताए। पीडितको उपचार माघ ४ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। अध्यक्ष यादवले उजुरी नदिएको जिल्ला प्रहरी कार्यालयका वरिष्ठ सई सिकेन्द्र कामतले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

नौ जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा एक जना न्यायाधशीको दरबन्दी रिक्त रहेको छ। यो वर्ष फौजदारी मुद्दातर्फ २ हजार १ सय २४ थानमध्ये ५ सय २३ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ४ हजार १ सय २१ थानमध्ये १ हजार ७४ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ३ सय २० थान छन् भने देवानी मुद्दा ३ हजार ४७ थान बाँकी रहेको जिल्ला अदालत प्रशासन शाखाका प्रमुख आत्मराम विश्वकर्माले बताए।

उच्च अदालत, जनकपुर

१२ जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालतमा नौ जना न्यायाधीशको दरबन्दी रिक्त रहेको छ। यस वर्षका लागि दुनियावादी देवानीका ६ सय ९८ थान, दुनियावादी फौजदारीका १ सय ३३ थान, सरकारवादी फौजदारीका ४ सय ६२ थान र सुरू क्षेत्राधिकारबाट ५९ थान मुद्दा जिम्मेवारी सरेका थिए।

०८० पुस १६ देखि ०८१ पुस १६ गतेसम्म दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ १ हजार ५० थान उजुरी परे। अघिल्लो वर्षका जिम्मेवारी सरेका समेत २ हजार १ सय ३६ थान मुद्दा फैसला भएको प्रशासन शाखा प्रमुख सुनिल यादवल बताए।

बाल अधिकार

यस वर्ष धनुषा जिल्लामा बलात्कार घटनामा ६, सामूहिक बलात्कारका घटनामा एक, यौन दुर्व्यवहार घटनामा दुई र विद्यालयमा दिइने शारीरिक सजायका घटनामा एक गरी नौ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ७४ आधारभूत र १ सय ५२ माध्यमिक विद्यालय छन्। १ हजार २ सय ९४ शिक्षक दरबन्दी रहेकामा सबै दरबन्दी मिलान भएको छ। यस वर्ष ८६ हजार ५ सय ६० बालक र ८६ हजार २ सय ८८ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका १ सय ८३ बालिका र २ सय ४४ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय दुई ओटा छन्। यस वर्ष जिल्लाभर २० हजार ७ सय ५८ दलित बालक र २० हजार ८ सय ९ दलित बालिका विद्यालय भर्ना भए।

वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका १ सय ५६ जना बालबालिले छात्रवृत्ति पाएको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख चेतकुमार पोखरेलले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ८ सय ७२ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका १ सय १२, खानलाउन नदिएका ७४, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका ५१, अर्की पत्नी ल्याएर हेला गरेको २४, दाइजो नल्याएको भनी हेला गरेको २९ र सामान्य घरायसी झगडाका ५४ उजुरी छन्। यीमध्ये प्रहरीले ३ सय ९ उजुरीमा मेलमिलाप गरायो भने ४२ ओटा उजुरी कारबाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेटर निकिता मिश्रले बताइन्।

यो वर्ष धनुषा जिल्लामा बलात्कारका घटनामा २९, सामूहिक बलात्कारका घटनामा दुई, बलात्कार प्रयासका घटनामा दुई, यौन दुर्व्यवहार घटनामा एक,

तालिका ८.२.३.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
बाल अधिकार	१	१

(स्रोत : इन्सेक, २०२४)

दाइजोजनित हिंसाका घटनामा १ सय ८०, बोक्सीको आरोपमा ६, साइबर अपराधका घटनामा दुई, बेचबिखन तथा ओसारपसार घटनामा तीन र घरेलु हिंसाका घटनामा ५ सय ४५ जना गरी ७ सय ७२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट तीन जना महिलाको हत्या भयो।

'बोक्सी'को आरोप

शहीद नगरपालिका-५ की ३३ वर्षीया रामवतीदेवी महरालाई सोही ठाउँका २८ वर्षीय जयकुमार महराले २०८१ मङ्सिर १ गते 'बोक्सी'को आरोपमा कुटपिट गरेको भन्दै पीडितले ०८१ मङ्सिर ४ गते इलाका प्रहरी कार्यालय, यदुकाहामा उजुरी दिइन्। पीडितको स्वास्थ्य उपचार मङ्सिर १ गते प्रादेशिक अस्पताल, जनकपुरधाममा भयो। मङ्सिर १३ गते दुवै पक्षबिच भएको छलफलमा पीडितलाई ५ हजार रुपियाँ जरिबाना गर्ने निर्णय भएको इन्स्पेक्टर ओमप्रकाश यादवले बताए।

पारिवारिक हत्या

मिथिला नगरपालिका-३ हरिपुरकी ४५ वर्षीया रेशमीदेवी विनको ०८१ पुस १० गते हत्या गरेको आरोपमा निजका पति ५८ वर्षीय दशैया मुखिया विनलाई पुस ११ गते प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितले पत्नीको हत्या गरी शौचालयको पछाडि गाडेका थिए। मृतककी बुहारीले खोजतलासका लागि इलाका प्रहरी कार्यालय, सखुवा महेन्द्रनगरमा पुस ६ गते निवेदन दिएकी थिइन्। प्रहरीले आरोपित मुखियालाई नियन्त्रणमा लिइ सोधपुछ गर्दा घरायसी विवादको क्रममा मदिराको नशामा पत्नीको हत्या गरी शव शौचालयको पछाडि गाडेको बयान दिए। आरोपितलाई हिरासतमा राखी थप अनुसन्धान भइरहेको इन्स्पेक्टर सोनु शाहले बताए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आगलागी

मटिहानी नगरपालिका-६ जरलहवागाछी

आगलागीबाट क्षति पुगेको बस्ती

भगवती टोलमा ०८१ वैशाख १२ गते आगलागी हुँदा १ सय २४ ओटा भन्दा बढी घरगोठमा क्षति पुग्यो। आगलागीले विपन्न समुदायको सिङ्गो गाउँका ५ सय ७० जना प्रभावित भएको मटिहानी नगरपालिकाका मेयर हरिप्रसाद मण्डलले बताए। बस्तीमा परालको कुन्युबाट सल्किएको आगोले घरहरू जलेर खरानी भएको मण्डलले बताए। आगलागीबाट १ करोड ६२ लाख ८५ हजार रुपियाँ बराबरको सम्पत्ति क्षति भएको मण्डलले बताए।

वातावरण र मानव अधिकार

बसाइँसराइ

धनुषामा यो वर्ष २ हजार ८ सय ५६ जनाले बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तह पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

धनुषामा ७१ ओटा इँटाभट्टा सञ्चालनमा रहेका छन्।

स्रोत : घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यो वर्ष धनुषामा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

धनुषामा १ लाख ७७ हजार ९१ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ३५ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा ७६ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, सात सामुदायिक अस्पताल, ९८ स्वास्थ्य चौकी, पाँच नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा ३४ जना विशेषज्ञको दरबन्दीमा २८.जनाको दरबन्दी रिक्त छ। १४ जना स्वास्थ्यकर्मीको दरबन्दीमा २० जना कार्यरत छन्। जिल्लामा ३६ हजार १ सय ३४ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा पनि १ हजार ९ सय ४३ जनाको बीमा गरिएको छ। ०८० मङ्सिर १५ गते शिलान्यास भएका १९ अस्पतालमध्ये चार ओटाको निर्माण कार्य पूरा भएको स्वास्थ्य कार्यालय, धनुषाका सूचना अधिकारी रामहृदय यादवले बताए।

तालिका ८.२.३.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	**मेलमिलाप**	**अपूर्ण**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
विद्यालयमा दिइने शारीरिक सजाय	१				१
बलात्कार		२	२	३	७
यौन दुर्व्यवहार	१			१	२
जम्मा	२	२	२	४	१०

महिला अधिकार					
घटनाको प्रकार	**मेलमिलाप**	**अपूर्ण**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा	५३८	३	४		५४५
'बोक्सी'को आरोप	६				६
दाइजोजनित हिंसा	१८०				१८०
साइबर अपराध			१	१	२
बलात्कार		८	३	२२	३३
बलात्कार प्रयास			१	१	२
यौन दुर्व्यवहार			१		१
पारिवारिक हत्या			२	१	३
जम्मा	७२४	११	१२	२५	७७२

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
हत्या	२	१	३

(स्रोत : इन्सेक, २०२४)

८.२.४ महोत्तरी

जम्मा जनसङ्ख्या	७,०६,९९४
महिला	३,५७,८३५
घर परिवार सङ्ख्या	१,३७,८८६
घरजग्गामा महिलाको स्वामित्व	३४,९७२
साक्षरता प्रतिशत	५९.७७
आश्रित जनसङ्ख्या	३,८०,४१६
अपाङ्गता भएका	११,०४५



यस वर्ष महोत्तरी जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा सात जना महिला र ६ जना पुरुष गरी १३ जना पीडित भए। ज्यादतीका घटनामा ६ सय ८ जना महिला र ६ पुरुष गरी ६ सय १४ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १० जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ५ सय ९५ जना महिला पीडित भए।

कुटपिट

राज्यपक्षबाट

जलेश्वर नगरपालिका-३ मलिवारा सहनी टोलका १९ वर्षीय सुबोध सहनी, १९ वर्षीय विकास सहनी र १८ वर्षीय अभिशेक मण्डललाई ०८१ जेठ ९ गते प्रहरी चौकीका हवल्दार ४० वर्षीय सुमन खातले पाइपले पैताला र शरीरको विभिन्न भागमा कुटपिट गरे। विकास सहनीको हजुरआमा ३५ वर्षीया हिरादेवी सहनी र सोही ठाँउकी ६५ वर्षीया पानोदेवी सहनी र उनकी बुहारी ४० वर्षीया रुबी देवी सहनीबिच जेठ ८ गते साँझ ४ बजे भएको झगडाको विषयमा छलफल गर्न जेठ ९ गते बिहान ११:३० बजे पीडितहरू प्रहरी चौकी, मलिवारा गएका थिए। आरोपितले सुबोध सहनी र अभिषेक मण्डललाई एक/दुई पाइपमात्र हिर्काएको भए पनि विकास सहनीलाई मरणासन्न हुने गरी कुटपिट गर्नुका साथै चारपाटा मुण्डन गरेका थिए। तीनै जनालाई थुनामा राखेर यातना दिएपछि घटनाबारे अरुलाई जानकारी गराए थप कुट्ने भन्दै आरोपित हबल्दारले पीडितहरूलाई धम्क्याएका थिए। पीडित विकास सहनीको उपचार जेठ ९ गते प्रादेशिक अस्पताल, जलेश्वरमा गरी थप उपचार जनकपुरस्थित आर्या हेल्थ केयरमा गरिएको विकासका बुबा अनिल सहनीले बताए। घटनाबारे प्रहरी र गाउँलेबिच जेठ २७ गते प्रहरी चौकी, मलिवारामै छलफल गरी मेलमिलाप भयो।

दुर्व्यवहार

अन्यपक्षबाट

औरही नगरपालिका-२ का ३५ वर्षीय पत्रकार धर्वेन्द्र यादवमाथि ०८१ वैशाख १९ गते समाचार सङ्कलनका क्रममा हातपात भयो। मिटरब्याज पीडित सङ्घर्ष समितिले आयोजना गरेको कार्यक्रमको समाचार सङ्कलन गर्न वैशाख १९ गते औरही पुगेका यादवमाथि मिटरब्याजीहरूको समूहले मोबाइल तथा क्यामेरा तोडफोड गर्नुका साथै ढुङ्गा समेत प्रहार गरेको भन्दै पीडित यादवले जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा शान्ति सुरक्षा तथा क्षतिपूर्तिको लागि उजुरी दिए। घटनाका आरोपितहरू विरुद्ध कुनै कारबाही भएन।

तालिका ८.२४.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट			३	३	२	२	४
घाइते		१	२	३			
अमानवीय व्यवहार						१	१
कारागारमा मृत्यु			१	१			
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		६		६			
हत्या					२	१	३
जातीय विभेद					१		१
बाल अधिकार	बेचबिखन तथा ओसारपसार				१		१
	विद्यालयमा दिइने शारीरिक सजाय					१	१
	बलात्कार				४		४
	सामूहिक बलात्कार				३		३
	यौन दुर्व्यवहार					१	१
	जम्मा				८	२	१०
महिला अधिकार	घरेलु हिंसा				५७९		५७९
	'बोक्सी'को आरोप				१		१
	बेचबिखन तथा ओसारपसार प्रयास				१		१
	बलात्कार				८		८
	बलात्कार प्रयास				२		२
	बेचबिखन तथा ओसारपसार				१		१
	पारिवारिक हत्या				३		३
	जम्मा				५९५		५९५
कूल जम्मा		७	६	१३	६०८	६	६१४

(स्रोत : इन्सेक, २०२४)

कारागार र बन्दी

जिल्ला कारागारको बन्दी क्षमता २ सय जनाको छ। कारागारमा कैदीबन्दी ५ सय ३८ जना छन्। जसमा सबै पुरुष रहेका छन्। कैदी/बन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा सेवा प्रदान गरिरहेका छन्। कारागारमा पाँच जना कैदीबन्दीहरू जटिल मानसिक रोगी र सामान्य मानसिक रोगी १० गरी कूल १५ जना मानसिक रोगको औषधी उपचार गराइ रहेका छन्। कारागारमा २५ जना पुरुष ज्येष्ठ नागरिक रहेको जिल्ला कारागार प्रमुख धनन्जय प्रसाद साहले बताए।

कारागारमा मृत्यु

सिन्धुली जिल्ला कमलामाइ नगरपालिका-७ का ३० वर्षीय निसाज सुनुवारको ०८१ पुस ७ गते कारागारमा मृत्यु भयो। सुनार लागूऔषध मुद्दामा पुर्पक्षका लागि ६ महिनादेखि थुनामा थिए। पुस ७ गते बिहान ८ बजे सुनुवारलाई असहज भएपछि जलेश्वर अस्पताल लगिएकोमा उपचारको क्रममा उनको मृत्यु भएको जलेश्वर कारागार महोत्तरीका प्रवक्ता रविनचन्द्र ठाकुरले जानकारी दिए। सुनुवारको मृत्युको कारण हृदयघात भएको जलेश्वर अस्पतालले जनायो। शवको पोस्टमोर्टम पछि परिवारलाई जिम्मा लगाएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका डिएसपी सन्तु जैसवालले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

आठ जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा आठ जना न्यायाधीशहरू कार्यरत छन्। यो

तालिका ८.२४.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
बाल अधिकार	१	१
महिला अधिकार	१	१
जम्मा	२	२

(स्रोत : इन्सेक, २०२४)

वर्ष फौजदारी मुद्दातर्फ १ हजार ७८ थानमध्ये ३ सय १८ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ हजार ९ सय १४ थानमध्ये ८ सय १५ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ६५ थान छन् भने देवानी मुद्दा १ सय १० थान बाँकी रहेको नुतन झाले बताए।

बाल अधिकार

यस वर्ष महोत्तरी जिल्लामा बलात्कार घटनामा चार, सामूहिक बलात्कारका घटनामा तीन, यौन दुर्व्यवहार घटनामा एक, बेचबिखन तथा ओसारपसार घटनामा एक र विद्यालयमा दिइने शारीरिक सजायका घटनामा एक गरी १० जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

यस जिल्लामा २ सय १६ आधारभूत र १ सय माध्यमिक विद्यालय छन्। १ हजार ५ सय २६ शिक्षक दरबन्दी रहेकामा सबै दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष बालक र बालिका विद्यालय भर्ना भएको यकिन तथ्याङ्क नआएको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख रेविका अमात्यले बताइन्। जसमा अपाङ्गता भएका १ सय ३२ बालिका र १ सय ४७ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय पाँच छन्। यस वर्ष जिल्लाभर १६ हजार ९ सय ४४ दलित बालक र १७ हजार ३ सय ९५ दलित बालिका विद्यालय भर्ना भए।

छात्रवृत्तिका लागि द्वन्द्वपीडित परिवार, वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवार र शहीद परिवारका बालबालिकाहरूको तर्फबाट निवेदन नआएको हुनाले छात्रवृत्ति वितरण नगरिएको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख रेविका अमात्यले बताइन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ७ सय ४१ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका १ सय ५४, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका ९७,दाइजो नल्याएको भनी हेला गरेको ५४ र सामान्य घरायसी झगडाका ४ सय ३६ उजुरी छन्। यीमध्ये प्रहरीले ४ सय ७१ उजुरीमा मेलमिलाप गरायो भने २ सय ६२ उजुरी कारबाही प्रक्रियामा रहेको सेवा केन्द्रका सइ अताबुल अन्सारीले बताए।

यो वर्ष महोत्तरी जिल्लामा बलात्कारका घटनामा आठ, बलात्कार प्रयासका घटनामा दुई, बोक्सीको आरोपमा एक, बेचबिखन तथा ओसारपसार घटनामा एक, बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा एक र घरेलु हिंसाका घटनामा ५ सय ७९ जना गरी ५ सय ९२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट तीन जना महिलाको हत्या भयो।

बलात्कार

स्पष्टसँग बोल्न नसक्ने १८ वर्षीया युवतीलाई ०८१ वैशाख ३ गते बलात्कार गरेको आरोपमा गौशाला नगरपालिका-७ जमुनियाका ५६ वर्षीय गिरीदेव चौधरीविरुद्ध पीडित पक्षले वैशाख ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । प्रहरीले आरोपितलाई वैशाख ४ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश राजकुमार कोइरालाको भदौ १८ गतेको इजलासले आरोपितलाई ११ वर्ष कैद, ५ लाख रुपियाँ जरिवाना र ५० हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला सुनायो।

वातावरण र मानव अधिकार

बसाइँसराइ

महोत्तरीमा यो वर्ष २ हजार ५ सय ८६ जनाले बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

महोत्तरीमा १ सय ११ ओटा इँटाभट्टा रहेका छन्। जस मध्ये सात ओटा सञ्चालनमा छन्।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष महोत्तरीमा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

महोत्तरीमा १ लाख ३७ हजार ८ सय ८६ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ८६ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा २८ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, दुई सामुदायिक अस्पताल, ७० स्वास्थ्य चौकी, पाँच नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा आठ जना विशेषज्ञको दरबन्दीमा ६ रिक्त छ। ३ हजार ४८ जनाले बीमा सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रम अन्तर्गत जिल्लामा ४ हजार ९ सय २१ जनाले बीमा सेवा लिए। जिल्लाभर नौ प्रतिशतले बीमा गराएको स्वास्थ्य बीमा प्रमुख श्रीराम महतोले बताए।

तालिका ८.२.४.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार			१	१
विद्यालयमा दिइएको शारीरिक सजाय	१			१
बलात्कार		५	२	७
बलात्कार प्रयास		१		१
जम्मा	१	६	३	१०

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा नल्याइएका	जम्मा
घरेलु हिंसा		२४१	१४	३१९	५	५७९
'बोक्सी'को आरोप		१				१
बेचबिखन तथा ओसारपसार प्रयास				१		१
बलात्कार	१			३	४	८
बलात्कार प्रयास				१	१	२
बेचबिखन तथा ओसारपसार				१		१
पारिवारिक हत्या				२	१	३
जम्मा	१	२४२	१४	३२७	११	५९५

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	१	३

(स्रोत : इन्सेक, २०२४)

८.२.५ सर्लाही



जम्मा जनसङ्ख्या	८,६२,४७०
महिला	४,२७,३३९
घर परिवार सङ्ख्या	१,६४,८२४
घरजग्गामा महिलाको स्वामित्व	४०,५०२
साक्षरता प्रतिशत	६०.३१
आश्रित जनसङ्ख्या	४,५२,८५५
अपाङ्गता भएका	१३,४७४

यस वर्ष सर्लाही जिल्लामा प्रहरीले प्रहार गरेको गोलीबाट एक जना पुरुषको मृत्यु भयो। ज्यादतीका घटनामा १ सय ९१ जना महिला र ५४ पुरुष गरी २ सय ४५ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ५२ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १ सय ४० जना महिला पीडित भए।

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्न पाउने अधिकार

हत्या

राज्यपक्षबाट

बरहथवा नगरपालिका-६ का ३१ वर्षीय जयशङ्कर साहको ०८० पुस २० गते बरहथवामा प्रहरीले प्रहार गरेको गोली लागेर मृत्यु भयो। सो क्रममा रौतहट जिल्लाका सहायक हवल्दार ३२ वर्षीय सुरेश साह, ३१ वर्षीय राजेशप्रसाद यादव, सिन्धुली जिल्ला कमलामाइ नगरपालिका-५ का २९ वर्षीय मुक्तिनाथ वामसा, सप्तरी जिल्ला राजविराजका ३१ वर्षीय अर्जुनकुमार पासवान, महोतरी जिल्ला सोनमा गाउँपालिका-३ का २८ वर्षीय सुशिल महतो, २९ वर्षीय विपिन साह तेली, ३२ वर्षीय प्रहरी सहायक सुलोचन कुमार यादव, ३४ वर्षीय प्रहरी असई भिखारी यादव, ३३ वर्षीय अर्जुनकुमार साह, सिरहा जिल्ला लहान नगरपालिका-६ का २९ वर्षीय साजनदेज राय, २८ वर्षीय सोनेलाल यादव, ३१ वर्षीय दुखन यादव घाइते भए। घाइतेहरूको उपचार प्रादेशिक अस्पताल मलङ्गवामा भयो। असई दुखन यादवको उपचार पुस २० गतेदेखि २४ गतेसम्म काठमाडौँको वीर अस्पतालमा भयो।

प्रहरीको गोली लागेर मृत्यु भएका जयशङ्कर साह

बरहथवा नगरपालिकाको प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नति गर्ने विषयमा बरहथवा नगरपालिकासँग विवाद हुँदा नेपाली कांग्रेसका कार्यकर्ताहरूले ०८० पुस २० गते बरहथवा नगरपालिकाको कार्यालय र नगर प्रमुख कल्पनाकुमारी कटुवालको घरमा आगजनी प्रयास गरेपछि प्रदर्शनकारी र प्रहरीबिच झडप भएको थियो।

गृह मन्त्रालयले पुस २१ गते मन्त्रालयका सहसचिव थानेश्वर गौतमको संयोजकत्वमा नेपाल प्रहरीका डिआइजी सुरेन्द्र मैनाली र राष्ट्रिय अनुसन्धान विभागका निर्देशक भीमबहादुर बुढाथोकी समेतको तीन सदस्यीय छानविन समिति गठन गरी सात दिन भित्र प्रतिवेदन पेश गर्ने निर्णय गर्‍यो। साथै नेपाल सरकारको तर्फबाट मृतकको परिवारलाई रहत स्वरुप १० लाख रुपियाँ उपलब्ध गराउने र छानविन समितिको प्रतिवेदन

तालिका ८.२.५.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट				२	३	५
घाइते				१	३६	३७
हत्या		१	१	१	२	३
जातीय विभेद					२	२
धम्की				६		६
बाल अधिकार	बेचबिखन तथा ओसारपसार			४	११	१५
	बलात्कार			३७		३७
	जम्मा			४१	११	५२
महिला अधिकार	घरेलु हिंसा			५८		५८
	'बोक्सी'को आरोप			९		९
	दाइजोजनित हिंसा			१०		१०
	बलात्कार			६		६
	सामूहिक बलात्कार			१		१
	बलात्कार प्रयास			५४		५४
	पारिवारिक हत्या			२		२
	जम्मा			१४०		१४०
कूल जम्मा		१	१	१९१	५४	२४५

(स्रोत : इन्सेक, २०२४)

कार्यान्वयन गर्ने गरी प्रधानमन्त्रीबाट निर्देशन भयो।

०८१ जेठ १४ गते मृतक जयशङ्कर साहको आमालाई राज्यबाट घोषणा भएको क्षतिपूर्ति जिल्ला प्रशासन कार्यालय, सर्लाहीका प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमाला, एसपी प्रवीण धिताल, जिल्ला समन्वय समिति सर्लाहीका प्रमुख कौशलकिशोर सिंह र बरहथवा नगरपालिकाका प्रमुख कल्पना कटुवालको रोहबरमा १० लाख रुपियाँको चेक हस्तान्तरण गरियो।

सोही घटनाको विरोधमा स्थानीय प्रदर्शनकारीहरूले पुस २२ गते इलाका प्रहरी कार्यालय बरहथवामा ढुङ्गा प्रहार गरेपछि प्रहरी र प्रदर्शनकारीबिच झडप भयो। उक्त झडपमा इलाका प्रहरी कार्यालय बरहथवाका ४१ वर्षीय डिएसपी गङ्गाबहादुर थापा, धनुषा जिल्ला जनकपुरधाम उपमहानगरपालिका-७ का ३३ वर्षीय प्रहरी वरिष्ठ हवल्दार मोहन यादव, ३२ वर्षीय आकाश यादव, तनहुँ जिल्लाका ३१ वर्षीय मङ्गले तामाङ, पर्सा जिल्लाका २९ वर्षीय बबलुकुमार ठाकुर, ३० वर्षीय विरबहादुर साह, ३१ वर्षीय नवीनकुमार पण्डित, ३१ वर्षीय रामगुलाम यादव, ३० वर्षीय देवराम यादव, बारा जिल्ला कलैया नगरपालिका-६ ३१ वर्षीय कैलाश चौधरी, सिन्धुली जिल्ला कमलामाई नगरपालिका-४ का ३२ वर्षीय अर्जुन गुरुधामी, ३१ वर्षीय धिरजप्रसाद गुप्ता, ३२ वर्षीय सुधिर यादव, ३२ वर्षीय अशोक पण्डित, रौतहट जिल्ला गौर नगरपालिका-८ का ३३ वर्षीय किसन साह, सप्तरी जिल्ला राजविराज नगरपालिका-६ का २९ वर्षीय अजयकुमार पासवान र २८ वर्षीय श्यामसुन्दर महतो घाइते भए। घाइतेहरूको उपचार पुस २२ गते प्रादेशिक अस्पताल मलङ्गवामा भयो। प्रहरी प्रशासन, राजनीतिक दल र पीडित परिवारहरूबिच पुस २२ गते ११ बुँदे सहमति भयो।

अन्यपक्षबाट

मलङ्गवा नगरपालिका-४ निवासी पूर्व राज्यमन्त्री ७७ वर्षीय रामचन्द्र राय यादवलाई ०८१ साउन ६ गते राति चन्द्रनगर गाउँपालिका-१ रतनपुरस्थित कृषि फारममा आफ्नै भान्से कविलासी नगरपालिका-३ घर भई चन्द्रनगर गाउँपालिका-१ रतनपुर बस्ने २५ वर्षीय रामउजैन रायले हत्या गरेको पीडित पक्षले आरोप लगायो। चन्द्रनगर गाउँपालिका-१ रतनपुरस्थित आफ्नै कृषि फारममा खेत रोपाइँको

लागि गएका पूर्व राज्यमन्त्री यादवले राति खाना खाइसकेपछि भेट्न तीन जना अपरिचित व्यक्तिहरू आएको र शङ्कास्पद लागेकाले मन्त्री यादवका भान्से रायले प्रहरीलाई जानकारी गराएका थिए। शवको पोष्टमार्टम साउन ७ गते प्रादेशिक अस्पताल मलङ्गवामा भयो। प्रहरीले रामउजैन रायसँगै सोही ठाउँका ४६ वर्षीय वीरेन्द्र रायलाई साउन १३ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको साउन २४ गतेको आदेशमा आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा रहेको स्रेस्तेदार सदन अधिकारीले बताए। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

कुटपिट

अन्यपक्षबाट

जनता समाजवादी पार्टी (जसपा) का नेता एवम् प्रतिनिधि सभाका पूर्व सांसद मलङ्गवा नगरपालिका-६ खुटौनाका ४३ वर्षीय प्रमोद साहलाई ०८१ वैशाख १ गते राति कुटपिट गरेको आरोपमा प्रहरीले हरिपुर नगरपालिका-६ का ३२ वर्षीय आर्यन चौधरी, २९ वर्षीय सिद्धान्त चौधरी र हरिपुर नगरपालिका-२ का २७ वर्षीय सरोज माझीलाई वैशाख २ गते गिरफ्तार गऱ्यो। गिरफ्तार भएका तीनै जनामाथि ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता गरी कारबाही प्रक्रिया अगाडि बढाइएको र अन्य चार जना फरार आरोपितहरूको खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी दीपक श्रेष्ठले बताए।

कुटपिटबाट पूर्व सांसद साहसँगै उनका कामदार राजेन्द्र महतो, ३७ वर्षीय रवि पासवान र ३४ वर्षीय निकेश साह घाइते भए। घाइतेहरूको उपचार ईश्वरपुर अमृत हेल्थ केयरमा भयो। घाइते सांसदको उपचार वैशाख २ गते जनकपुरस्थित प्रादेशिक अस्पतालमा भयो भने थप उपचारका लागि सोही दिन काठमाडौँको वीर अस्पताल लगियो। आरोपितहरूविरुद्ध ०८१ वैशाख २५ गते ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता भएकोमा वैशाख २७ गते अदालतले धरौटी आदेश गरेको भए पनि यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

ईश्वरपुर नगरपालिका-१० का जनता माध्यमिक विद्यालयका शिक्षक ३४ वर्षीय कारीप्रसाद पासवानलाई ०८१ जेठ १८ गते सोही वडाका नेकपा माओवादी केन्द्र ईश्वरपुर नगर कमिटीका सदस्य ३४ वर्षीय राजेश कार्कीले कुटपिट गरेको भन्दै पीडितले असार २ गते इलाका प्रहरी कार्यालय, केशरगञ्जमा उजुरी दिए। कुटपिटबाट घाइते भएका पासवानको उपचार जेठ १९ गतेदेखि २२ गतेसम्म ईश्वरपुरस्थित स्थानीय स्वास्थ्य केन्द्रमा भयो भने थप उपचार जेठ २४ गते प्रादेशिक अस्पताल, मलङ्गवामा भयो। वर्षको अन्त्यसम्म आरोपित गिरफ्तार नभएको जिल्ला प्रहरी कार्यालयका डिएसपी दीपक श्रेष्ठले बताए।

बरहथवा नगरपालिका-८ स्थित जनता माध्यमिक विद्यालयका शिक्षक ३३ वर्षीय विरेन्द्रकुमार यादवलाई सोही वडाका ३६ वर्षीय महेन्द्र चौधरीले कुटपिट गरेको आरोपमा पीडित शिक्षकले ०८१ असार १८ गते इलाका प्रहरी कार्यालय, बरहथवामा उजुरी दिए। कुटपिटबाट घाइते भएका पीडित शिक्षकको उपचार असार १२ गतेदेखि १४ गतेसम्म बरहथवास्थित स्वास्थ्य केन्द्रमा भयो भने थप उपचार असार १६ गते प्रादेशिक अस्पताल, मलङ्गवामा भयो। वर्षको अन्त्यसम्म आरोपित गिरफ्तार नभएको इलाका प्रहरी कार्यालय, बरहथवाका इन्स्पेक्टर सुमन बनियाले जानकारी दिए।

कारागार र बन्दी

जिल्ला कारागारको बन्दी क्षमता २ सय १० जनाको छ। कारागारमा कैदीबन्दी ३ सय १४ जना छन्। जसमा महिला २३ र पुरुष २ सय ९१ रहेका छन्। कारागारमा आश्रित बालक दुई र बालिका तीन जना रहेका छन्। कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि तीन दरबन्दी रहेकोमा दुई जनाले सेवा प्रदान गरिरहेका छन्। कारागारमा नौ जना पुरुष र दुई जना महिला गरी ११ जना ज्येष्ठ नागरिक रहेको जिल्ला कारागार प्रमुख मनोजकुमार मिश्रले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

६ जना न्यायाधीश दरबन्दी रहेको सर्लाही जिल्लामा यो वर्ष फौजदारी मुद्दातर्फ ८ सय २३ थान मध्ये २ सय ३३ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ हजार ४ सय ८६ थानमध्ये ५ सय ६७ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय २६ थान छन् भने देवानी मुद्दा २ सय ६१ थान बाँकी रहेको अदालतले जनायो।

बाल अधिकार

यस वर्ष सर्लाही जिल्लामा बलात्कार घटनामा ३७ र बेचबिखन तथा ओसारपसार घटनामा १५ गरी

५२ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ३७ आधारभूत र १ सय १० ओटा माध्यमिक विद्यालय छन्। यस वर्ष २२ हजार ४ सय ८७ बालक र १७ हजार ६ सय ८४ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ८२ बालिका र ६१ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय तीन ओटा छन्। द्वन्द्वपीडित परिवारका ४४ जना बालबालिकाले छात्रवृत्ति पाए। यस वर्ष जिल्लाभर २ सय ९३ दलित बालक र २ सय ६४ दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका ११ जना बालबालिका र शहीद परिवारका ६ जनाले छात्रवृत्ति पाए।

बलात्कार

१६ वर्षीया बालिकालाई ०८० माघ ३ गते बलात्कार गरेको आरोपमा बसबरीया गाउँपालिका-६ का २८ वर्षीय अनिल पाण्डेविरुद्ध पीडित पक्षले माघ १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई ०८१ वैशाख १७ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश सूर्यबहादुर थापाको जेठ २० गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै सात वर्ष कैद र २५ हजार रुपियाँ क्षतिपूर्तिको फैसला गरेको जिल्ला अदालतका स्रेस्तेदार सदन अधिकारीले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४ सय ६८ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका १ सय ३४, खानलाउन नदिएका २ सय ५८, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका ७६ उजुरी छन्। यी मध्ये प्रहरीले १ सय ५८ उजुरीमा मेलमिलाप गरायो भने १ सय ३९ ओटा उजुरीका पीडितहरू प्रहरीको सम्पर्कमा नआएको, ४७ उजुरी उपर गाउँ घरमा छलफल भइ मेलमिलाप भएको र १ सय २४ उजुरी कारबाही प्रक्रियामा रहेको सेवा केन्द्रका इन्स्पेक्टर बालिस्टर सिंहले बताए।

यो वर्ष सर्लाही जिल्लामा बलात्कारका घटनामा ६, सामूहिक बलात्कारका घटनामा एक, बलात्कार प्रयासका घटनामा ५४, दाइजोजनित हिंसाका घटनामा १०, बोक्सीको आरोपमा नौ र घरेलु हिंसाका घटनामा ५८ जना गरी १ सय ३८ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट दुई जना महिलाको हत्या भयो ।

दाइजोका कारण हत्या

बलरा नगरपालिका-४ जब्दीकी २१ वर्षीया पूजादेवी सहनीको ०८० माघ १६ गते भारतीय नम्बर प्लेटको मोटरसाइकल र आधा तोला सुन दाइजोमा नल्याएको भन्दै हत्या गरेको आरोपमा प्रहरीले ५८ वर्षीया सासू बनारसीदेवी सहनीलाई माघ १७ गते गिरफ्तार गऱ्यो। अन्य आरोपितहरू मृतकका २६ वर्षीय पति छोटेलाल सहनी र ६१ वर्षीय ससुरा जयनारायण सहनी वर्षको अन्त्यसम्म गिरफ्तार नभएको जिल्ला प्रहरी कार्यालयका डीएसपी दीपेन्द्र पञ्जियार थारुले बताए। पूजाको शव माघ १७ गते उनकै घरभित्र खाटमा शङ्कास्पद अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालयका एसपी प्रविण धितालले बताए। उनले मृतकको घाँटी तथा शरीरमा डाम समेत देखिएको बताए। आरोपितहरू फरार रहेकोले खोजतलास भइरहेको एसपी धितालले जानकारी दिए आरोपितहरूविरुद्ध माघ २१ गते मुद्दा दर्ता भएकोमा जिल्ला अदालतले फागुन २१ गतेको आदेशमा आरोपित बनारसी देवीलाई पुर्पक्षको लागि थुनामा पठायो। वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन। दुई वर्ष अघि विवाह हुँदा केटा पक्षको माग बमोजिम दाइजो दिइएकोमा मोटरसाइकल र आधा तोला सुन दिन बाँकी थियो। माइतीपक्षले दिने तयारी गर्दागर्दै हत्याको घटना भयो।

हरिपुर्वा नगरपालिका-५ की २३ वर्षीया चित्रलेखा देवी यादवलाई २७ वर्षीय पति धिरेन्द्रकुमार यादवले ०८१ असोज १० गते बिहान गोली प्रहार गरी हत्या गरेको पीडित पक्षले आरोप लगायो। उक्त घटनामा ५४ वर्षीय बुबा रामदिनेश राय यादव घाइते भए। घाइते यादवको उपचार प्रादेशिक अस्पताल मलङ्गवामा भयो। शवको पोष्टमार्टम असोज १० गते प्रादेशिक अस्पतालमा भयो। आरोपित यादव वैदेशिक रोजगारीको सिलसिलामा कुवेतमा थिए। पति पत्नीबिच फोनमै घरायसी विवाद भइरहन्थ्यो। ०८१ भदौ ७ गते आरोपित यादव घर फर्किएपछि पुन: पति, पत्नी र बुबाबिच घरायसी विवाद भएपछि घर आएको ६ दिनमै उनी घर बाहिर बस्न थालेका थिए। असोज १० गते

बिहान आरोपितसमेत दुई जना मोटरसाइकलमा आएर पत्नीमाथि गोली प्रहार गरी हत्या गर्नुका साथै आफूलाई समेत गोली प्रहार गरी घाइते बनाएको पीडित रामदिनेश रायले बताए। आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार नभएको जिल्ला प्रहरी कार्यालयका डिएसपी दीपक श्रेष्ठले बताए।

बलात्कार

१८ वर्षीया युवतीलाई ०८० माघ ४ गते बलात्कार गरेको भन्दै मलङ्गवा नगरपालिका-४ का ३२ वर्षीय दिलिपकुमार यादवविरुद्ध पीडित पक्षले माघ २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ २४ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश सूर्यबहादुर थापाको ०८१ वैशाख १३ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै सात वर्ष कैद सजाय र ३५ हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति दिने गरी मुद्दाको अन्तिम फैसला गरेको स्रेस्तेदार सदन अधिकारीले जानकारी दिए।

जातीय विभेद

ब्रहमपुरी गाउँपालिका-४ का १८ वर्षीय दीपककुमार राममाथि जातीय विभेद गरेको आरोपमा सोही वडाका ३६ वर्षीय विलास राय यादवविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा ०८१ असार ४ गते उजुरी दियो। पीडितमाथि जातीय विभेद गर्दै कुटपिट गरेकाले न्यायको माग गर्दै असार ४ गते उजुरी दिएको पीडितका बुबाले बताए। ब्रहमपुरी गाउँपालिका-४ ब्रहमपुरी चौकस्थित आरोपितले सञ्चालन गर्दै आएको दूध पसलमा जेठ २४ गते दूध किन्न गएका बेला जातीय विभेद गरेको पीडित पक्षको आरोप रह्यो। पीडितको घाउजाँच जिल्ला अस्पतालमा असार ६ गते भयो। आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार नभएको जिल्ला प्रहरी कार्यालयका डिएसपी दीपक श्रेष्ठले बताए।

कौडेना गाउँपालिका-७ सक्रौलका ३७ वर्षीय रामविश्वास महरा चमारमाथि जातीय विभेद गरेको आरोपमा सोही वडाका ४८ वर्षीय सूर्यकान्त यादवविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यलयमा ०८१ वैशाख १० गते उजुरी दियो। पीडितलाई आरोपितले आरोपितले ०८० चैत २९ गते जातीय विभेद गर्दै कुटपिटसमेत गरेको भन्दै जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएको पीडितले बताए। पीडितको घाउजाँच सर्लाही जिल्ला अस्पतालमा वैशाख ११ गते भएको डा. नवलकिशोर झाले जानकारी दिए। आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार नभएको जिल्ला प्रहरी कार्यालयका डिएसपी दिपक श्रेष्ठले बताए।

सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकार

आगलागी

विष्णु गाउँपालिका-१ बाराउद्योरणमा ०८१ वैशाख २० गते आगलागी भयो। आगलागीले विपन्न समुदायको सिङ्गो गाउँनै खरानी भयो। भारतसँग सीमा जोडिएको विष्णु गाउँपालिकामा आगलागीका कारण मानवीय क्षति नभएपनि ७४ ओटा घरगोठ, ३५ ओटा बाख्रा, चार ओटा भैंसी र तीन ओटा गाई जलेर नष्ट हुनुको साथै ४ सय ९५ जना मानिस प्रभावित भएको विष्णु गाउँपालिकाका मेयर जवाहरलाल यादवले बताए। आगलागीबाट ६९ ओटा घरहरू पूर्ण क्षतिग्रस्त भए भने पाँच ओटा घरमा आंशिक क्षति भई १ करोड ४० लाख ५० हजार रुपियाँ बराबरको सम्पत्ति र नगद ७ लाख रुपियाँ समेत जलेर नष्ट भएको मेयर यादवले बताए। ४३ वर्षीय शत्रुधन राउतको घरबाट सुरु भएको आगलागीमा सात ओटा ग्याँसको सिलिण्डर विस्फोट भएपछि आगो गाउँभरी फैलिएको स्थानीय श्यामु राउतले जानकारी दिए।

स्थानीय स्तरबाट सरसहयोग गरिएको भए पनि आगलागी पीडितहरूलाई प्रदेश तथा केन्द्रबाट कुनै किसिमको सहयोग नभएको मेयर यादवले बताए।

वातावरण र मानव अधिकार

बसाइँसराइ

सर्लाहीमा यो वर्ष ५ हजार ८ सय ६० जनाले बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

आगलागीबाट क्षति पुगेको विपन्न समुदायको बस्ती

इँटाभट्टा र सिमेण्ट उद्योग

सर्लाहीमा १ सय ४७ ओटा इँटाभट्टा रहेका छन्।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु स्याउ

यस वर्ष सर्लाहीमा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

सर्लाहीमा १ लाख ६४ हजार ८ सय २४ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ४२ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा २७ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, ८४ सामुदायिक अस्पताल, ९२ स्वास्थ्य चौकी, ६ प्राथमिक स्वास्थ्य केन्द्र, २० नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा चार जना विशेषज्ञको दरबन्दीमा दुई जनाको दरबन्दी ०८१ जेठदेखि रिक्त छ। १४ जना स्वास्थ्यकर्मीको दरबन्दीमा चार खाली, तीन जना बिदा र सात कार्यरत छन्। जिल्लामा १ हजार ३ सय १५ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रममा पनि ४ सय ६६ जनाको बीमा गराएको जिल्ला जनस्वास्थ्य कार्यालयले जनायो।

तालिका ८.२.५.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार			७	८	१५
बलात्कार	१	३	४	२९	३७
जम्मा	१	३	११	३७	५२

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		५४	१	१	२	५८
'बोक्सी'को आरोप				२	७	९
दाइजोजनित हिंसा		४			६	१०
बलात्कार	१				६	७
बलात्कार प्रयास				७	४७	५४
पारिवारिक हत्या			१		१	२
जम्मा	१	५८	२	१०	६९	१४०

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	३	४

(स्रोत : इन्सेक, २०२४)

८.२.६ रौतहट

जम्मा जनसङ्ख्या	८,१३,५७३
महिला	४,०५,१७०
घर परिवार सङ्ख्या	१,३७,०२५
घरजग्गामा महिलाको स्वामित्व	३१,७७१
साक्षरता प्रतिशत	५७.७५
आश्रित जनसङ्ख्या	४,५१,१४९
अपाङ्गता भएका	१०,८४७



यस वर्ष रौतहट जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा दुई जना पुरुष पीडित भए। ज्यादतीका घटनामा ३ सय ६३ जना महिला र ६ पुरुष गरी ३ सय ६९ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २५ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३ सय ३५ जना महिला पीडित भए।

अमानवीय व्यवहार

अन्य पक्षबाट

माधबनारायण नगरपालिका-७ घर भई हाल गरुडा नगरपालिका-३ मलाही टोल बस्ने १८ वर्षीय राजु सहनी र २० वर्षीय परीक्षण सहनीलाई ०८१ मङ्सिर ४ गते गढिमाई नगरपालिका-९ का वडाध्यक्ष ४० वर्षीय हरिश्चन्द्र सहनीसमेत चार जनाले अमानवीय व्यवहार गरेको आरोपमा पीडित पक्षले सोही दिन आरोपितहरूविरुद्ध इलाका प्रहरी कार्यालय, गरुडामा उजुरी दिए। गरुडा बजारबाट घर फर्कँदै गर्दा बिच बाटोमा बसिरहेका गढीमाई नगरपालिका-९ का वडाध्यक्ष हरिश्चन्द्र सहनी सोही वडाका ३५ वर्षीय सोनेलाल सहनी, ३० वर्षीय सनम सहनी र ३२ वर्षीय शैलेन्द्र सहनीले गालीगलौज र कुटपिट गर्नुका साथै जुत्ताको माला लगाइ अमानवीय व्यवहार गरेको भन्दै पीडितहरूले आरोपितहरू विरुद्ध इलाका प्रहरी कार्यालय, गरुडामा उजुरी दिए। घटनापश्चात तीन जना आरोपितहरूलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो भने आरोपित वडाध्यक्ष वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। जिल्ला अदालतको मङ्सिर २१ गतेको आदेशमा आरोपितहरू जनही २५/२५ हजार रुपियाँ धरौटीमा रिहा भए। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

कुटपिट

मौलापुर नगरपालिका-१ मर्यादपुर निवासी समाजवादी प्रेस सङ्गठन नेपालका केन्द्रीय सदस्य ४२ वर्षीय कृष्ण तिवारी र माधवनारायण नगरपालिका-१ दीपहीका ३४ वर्षीय पत्रकार धिरज यादवको मोबाइल र क्यामेरा ०८० माघ २३ गते कटहरिया नगरपालिका-९ स्थित बाबा बैजनाथ सुगर एन्ड केमिकल प्रालिमा समाचार सङ्कलन गर्ने क्रममा मिल सञ्चालक अजय प्रकाशले लुटपाट गरेको पीडित पक्षले आरोप लगायो। उनीहरूमाथि मिल सञ्चालक तथा कटहरिया नगरपालिकाका मेयरसमेत रहेका ३३ वर्षीय अजयप्रकाश कलवारको संलग्नतामा कुटपिट भएको पीडितको आरोप छ। घाइते पत्रकार तिवारीको उपचार

माघ २३ गते वीरगंजस्थित सूर्य अस्पतालमा भयो। घटनामा मेलमिलाप भयो।

नवलपुर टुडेका सम्बाददाता तथा पत्रकार कटहरिया नगरपालिका-८ पिपरा पोखरीयाका ३२ वर्षीय अशोक यादवमाथि ०८० पुस २६ गते सोही वडाका २८ वर्षीय जितेन्द्र यादव, ३१ वर्षीय सिकिन्द्र यादव, २९ वर्षीय छोटेलाल राय, ३० वर्षीय प्रिन्स जयसवाल तथा समुन्द्रविक्रम साह भनिने ३२ वर्षीय पर्शुराम साहले गरेको कुटपिट तथा दुर्व्यवहार गरेको पीडित पक्षले आरोप लगायो। कटहरिया नगरपालिका-८ मा निर्माण गरिएको सार्वजनिक प्रतिक्षालयलाई निजी प्रयोजनको निम्ति प्रयोग गरिएको भनी समाचार लेखेको निहुँमा आफूमाथि कुटपिट तथा दुर्व्यवहार भएको पत्रकार यादवले बताए। कुटपिटका कारण पीडित यादवको आँखा र मुखमा गम्भीर चोट लागेको थियो। पीडितको उपचार घटना भएकै दिन कटहरीया अस्पतालमा र आँखाको थप उपचार गौर अस्पतालमा भयो। पीडित पक्षबाट आरोपितहरूविरुद्ध प्रहरीमा उजुरी नपरेको प्रहरीले जनायो।

तालिका ८.२.६.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण				१		१
कुटपिट				१	३	४
अमानवीय व्यवहार		२	२			
घाइते					१	१
हत्या				१	२	३
बाल अधिकार	बलात्कार			१७		१७
	सामूहिक बलात्कार			२		२
	हाडनाता करणी			२		२
	यौन दुर्व्यवहार			४		४
	जम्मा			२५		२५
महिला अधिकार	घरेलु हिंसा			३१०		३१०
	दाइजोजनित हिंसा			५		५
	बलात्कार			१५		१५
	सामूहिक बलात्कार			१		१
	हाडनाता करणी			१		१
	वैवाहिक बलात्कार			१		१
	पारिवारिक हत्या			२		२
	जम्मा			३३५		३३५
कूल जम्मा		२	२	३६३	६	३६९

(स्रोत : इन्सेक, २०२४)

कारागार र बन्दी

जिल्ला कारागारको बन्दी क्षमता २ सय जनाको छ। कारागारको क्षमता महिला २० र पुरुष १ सय ८० हो। कारागारमा कैदीबन्दी १ सय ३८ जना छन्। जसमा महिला ११ र पुरुष १ सय २७ जना रहेका छन्। कारागारमा आश्रित बालक र बालिका छैन। कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एक जनाको दरबन्दी रहेकोमा एक जना अहेबले सेवा प्रदान गरिरहेका छन्। कारागारमा २० जना पुरुष र एक जना महिला गरी कूल २१ जना ज्येष्ठ नागरिक रहेको जिल्ला कारागार प्रमुख मनिष झाले बताए। मुद्दाको छिनोफानो समयमै नहुँदा १ सय ५० जना कारागारमा बस्न बाध्य रहेका कारागार प्रमुख झाले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

आठ जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रिक्त छ। यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार २ सय ३१ थान मध्ये २ सय ६८ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ३ हजार १ सय ४४ थानमध्ये १ हजार ४ सय १२ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय २५ थान छन् भने देवानी मुद्दा २ सय २३ थान बाँकी रहेको जिल्ला अदालतले जनायो।

बाल अधिकार

यस वर्ष रौतहट जिल्लामा बलात्कार घटनामा १७, सामूहिक बलात्कारका घटनामा दुई, हाडनाता करणीमा दुई र यौन दुर्व्यवहार घटनामा चार गरी २५ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ३० आधारभूत र १ सय ३० माध्यमिक विद्यालय छन्। यस वर्ष २५ हजार ८ सय ५० बालक र २३ हजार २ सय ११ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ४५ बालिका र ६८ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय १२ ओटा छन्। द्वन्द्वपीडित परिवारका १ सय १२ जना बालबालिकाले छात्रवृत्ति पाए। यस वर्ष जिल्लाभर ५ सय ८२ जना दलित बालक र ४ सय १० दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका चार र शहीद परिवारका तीन जनाले छात्रवृत्ति पाए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ हजार १ सय ८१ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। यी मध्ये प्रहरीले १ हजार ९३ उजुरीमा मेलमिलाप गरायो भने ३६ उजुरी अदालत पठाएको र ७० उजुरी कारबाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालयका सई दीपिका ओझले बताइन्।

यो वर्ष रौतहट जिल्लामा बलात्कारका घटनामा १५, सामूहिक बलात्कारका घटनामा एक, हाडनाता करणीमा एक, वैवाहिक बलात्कारका घटनामा एक, दाइजोजनित हिंसाका घटनामा पाँच र घरेलु हिंसाका घटनामा ३ सय १० जना गरी ३ सय ३३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट दुई जना महिलाको हत्या भयो ।

पारिवारिक हत्या

बृन्दावन नगरपालिका-१ बलेरी टोलकी ३५ वर्षीया सेतिमाया वाइवालाई ४० वर्षीय पति तिर्थ वाइवाले ०८० चैत १४ गते हत्या गरी आत्महत्या प्रयास गरेको प्रहरीले जनायो। घाँस काट्न गएका पतिपत्नीबिच विवाद हुँदा आरोपितले पत्नीलाई बागमती नदीको बगरमा हँसियाले घाँटी रेटेर हत्या गरेको प्रहरीले जनाए। पत्नीको हत्या गरी घर आँगनमा आइ आफूले पत्नीको हत्या गरेको बताउनुका साथै आफ्नो घाँटीमा समेत सोही हँसियाले रेटेर आत्महत्याको प्रयास गरेको प्रहरीले जनायो। आत्महत्या प्रयास गर्दा गम्भीर घाइते भएका आरोपितलाई स्थानीय र प्रहरीको सहयोगमा उद्धार गरी चन्द्रपुर हस्पिटलमा उपचार गरियो। ०८१ वैशाख २१ गतेको इजलासले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

राजदेवी नगरपालिका-१ पथरा टोलकी ६९ वर्षीया राधिकादेवी तेलीलाई ०८१ असार ५ गते हत्या गरेको आरोपमा प्रहरीले ४० वर्षीय छोरा मनोज साहलाई असार २३ गते गिरफ्तार गऱ्यो। जग्गा जमीनको अंश तथा घरायसी विवादका कारण घरको कोठाभित्र लोहोराले टाउकोमा प्रहार गरी हत्या गरेको डीएसपी एलिजा गिरीले बताइन्। शवको पोष्टमार्टम असार ५ गते प्रादेशिक अस्पतालमा गरी शव परिवाजनले बुझेका थिए। न्यायाधीश मनोज केसीको साउन २२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

इशनाथ नगरपालिका-२ औरैयाकी २२ वर्षीया पिङ्कीदेवी साहलाई ०८१ असोज १ गते मट्टीतेल खन्याएर आगो लगाइ हत्या गरेको आरोपमा २४ वर्षीय पति रोशन साह सोनारलाई असोज १ गते प्रहरीले गिरफ्तार गऱ्यो। असोज १ गते विश्वकर्मा पूजाको दिन खेतमा पानी हाल्ने पम्पको ट्याङ्कीबाट मट्टीतेल झिकेर आगो लगाई गम्भीर घाइते बनाएका थिए। पीडितलाई उपचारको लागि गौरस्थित प्रादेशिक अस्पताल लगिएकोमा त्यहाँ उपचार सम्भव नभएपछि काठमाडौँको कीर्तिपुरस्थित बर्न अस्पतालमा लगिएको थियो। उनको उपचारको क्रममा असोज १० गते काठमाडौको कीर्तिपुरस्थित बर्न अस्पतालमा मृत्यु भयो। पिङ्की देवीको रोशनसँग ०७९ फागुनमा मागी विवाह भएको र उनीहरूको एक छोरा जन्मिएको थियो। जिल्ला अदालतको कात्तिक २ गतेको इजलासले आरोपित पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

कुटपिट

२९ वर्षीया महिलालाई ३२ वर्षीय पति र २८ वर्षीय देवरले ०८१ कात्तिक २७ गते अश्लील भिडियो बनाउन भन्दै कुटपिट गरेको आरोपमा पीडितले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। अश्लील भिडियो बनाउन नमानेको भन्दै आरोपित पति र देवरले आफूलाई कुटपिट गरी शारीरिक तथा मानसिक यातना दिएको पीडितले बताइन्। कुटपिटबाट घाइते भएकी पीडितको उपचार कात्तिक २७ गते प्रादेशिक अस्पताल गौरमा भयो। घटनापश्चात आरोपित पति र देवरलाई

कात्तिक २७ गते जिल्ला प्रहरी कार्यालयले गिरफ्तार गऱ्यो। मङ्सिर ३० गते प्रहरीको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र गरुडामा मेलमिलाप भयो।

वातावरण र मानव अधिकार

बसाइँसराइ

रौतहटमा यो वर्ष २ हजार ७ सय ८६ जनाले बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेण्ट उद्योग

रौतहटमा १ सय ६३ ओटा इँटाभट्टा दर्ता भइ सञ्चालनमा रहेका छन्।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष रौतहटमा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

रौतहटमा १ लाख ३७ हजार २५ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ३० प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा २६ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, चार स्वास्थ्य चौकी, ९७ प्राथमिक स्वास्थ्य केन्द्र, ६ नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा नौ जना विशेषज्ञको दरबन्दीमा आठ जनाको दरबन्दी रिक्त छ। ३७ जना स्वास्थ्यकर्मीको दरबन्दीमा ३२ खाली, र पाँच कार्यरत छन्। जिल्लामा २ हजार ५० जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा पनि १ हजार ६ सय जनाको बीमा गरिएको जिल्ला स्वास्थ्य कार्यालयले जनायो।

तालिका ८.२.६.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	११	१०	२१
यौन दुर्व्यवहार	१	३	४
जम्मा	१२	१३	२५

महिला अधिकार						
घटनाको प्रकार	मेलमिलाप	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	कानुनी दायरामा नल्याइएका	जम्मा
घरेलु हिंसा	१३२	१५३	२४		१	३१०
बलात्कार			१४	४		१८
दाइजोजनित हिंसा		५				५
पारिवारिक हत्या				२		२
जम्मा	१३२	१५८	३८	६	१	३३५

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	१	३

(स्रोत : इन्सेक, २०२४)

८.२.७ बारा

जम्मा जनसङ्ख्या	७,६३,१३७
महिला	३,७३,३५०
घर परिवार सङ्ख्या	१,३१,१७९
घरजग्गामा महिलाको स्वामित्व	२८,९९९
साक्षरता प्रतिशत	६४.५४
आश्रित जनसङ्ख्या	३,९४,८५०
अपाङ्गता भएका	१०,७३१

यस वर्ष बारा जिल्लामा ज्यादतीका घटनामा ६३ जना महिला र चार पुरुष गरी ६७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १७ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३९ जना महिला पीडित भए।

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्न पाउने अधिकार
हत्या
अन्यपक्षबाट

आर्दशकोटवाल गाउँपालिका-२ खजुरीया टोलका रामराजा मोहविक्रम शाह बहुमुखी क्याम्पस कलैयाका क्याम्पस प्रमुख ५० वर्षीय हरिभुषणप्रसाद कुशवाहलाई ०८१ जेठ ३२ गते आदर्शकोटवाल गाउँपालिका-३ बतरास्थित ग्रेवल सडक खण्डमा गोली प्रहार गरी हत्या गरेको आरोपमा असार ११ गते सोही टोलका ३२ वर्षीय अवधलालप्रसाद कुशवाहा, २९ वर्षीय चाँदसीप्रसाद कुशवाहा, ३४ वर्षीय राधेशकुमार पटेल, ५४ वर्षीय विनोद राउत कुर्मी, सोही वडा बतरा टोलका २७ वर्षीय श्रवणकुमार साह, कलैया उपमहानगरपालिका-१० मटिअर्वाका ५० वर्षीय ब्रहमदेव राम र करैयामाई गाउँपालिका-७ पिपराका ५० वर्षीय मोतिलाल चौधरीलाई गिरफ्तार गऱ्यो। पीडित पक्षले असार १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। गोली लागी घाइते भएका पीडितले जिल्ला प्रहरी कार्यालयका एसपी र घर परिवारका सदस्यलाई फोन गरी घटना बारे जानकारी गराएका थिए। शवको पोस्टमार्टम असार १ गते वीरगंजस्थित बयोधा अस्पतालमा भयो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

सात न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा सात जना न्यायाधीशहरू कार्यरत छन्। यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार ८ सय ४१ थानमध्ये १ हजार ५ सय १४ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ३ हजार ४ सय ३ थान मध्ये ३ हजार २ सय ४७ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय २३ थान छन् भने देवानी मुद्दा ४ सय ५ थान बाँकी रहेको जिल्ला अदालतले जनायो।

बाल अधिकार

यस वर्ष बारा जिल्लामा बलात्कार घटनामा आठ, सामूहिक बलात्कारका घटनामा दुई, हाडनाता करणीमा दुई र यौन दुर्व्यवहार घटनामा पाँच गरी १७ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

तालिका ८.२.७.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
अपहरण		१		१
कुटपिट		३		३
घाइते		२		२
हत्या		१	२	३
धम्की			२	२
बाल अधिकार	बलात्कार	८		८
	सामूहिक बलात्कार	२		२
	हाडनाता करणी	२		२
	यौन दुर्व्यवहार	५		५
	जम्मा	१७		१७
महिला अधिकार	घरेलु हिंसा	२०		२०
	बलात्कार	८		८
	सामूहिक बलात्कार	२		२
	बलात्कार प्रयास	१		१
	साइबर अपराध	२		२
	बेचबिखन तथा ओसारपसार	४		४
	पारिवारिक हत्या	२		२
	जम्मा	३९		३९
कूल जम्मा		६३	४	६७

(स्रोत : इन्सेक, २०२४)

शिक्षाको अवस्था

यस जिल्लामा १ सय प्राथमिक, २ सय ३२ आधारभूत र १ सय माध्यमिक विद्यालय छन् । २ हजार ३ सय ४२ शिक्षक दरबन्दी रहेकामा ९ सय ५० दरबन्दी मिलान हुन बाँकी छ। यस वर्ष १ लाख ६ हजार ६ सय ११ बालक र १ लाख १० हजार २ सय ७९ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ३ सय २० बालिका र २ सय १५ बालक छन् । यस वर्ष जिल्लाभर १४ हजार ८ सय ३० दलित बालक र १३ हजार ८ सय १५ दलित बालिका विद्यालय भर्ना भए।

वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका ६०, द्वन्द्वपीडित परिवारका पाँच र शहीद परिवारका पाँच जना बालबालिकाले छात्रवृत्ति पाउने गरेको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख हेमराज खतिवडाले बताए ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ हजार २ सय ३० जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका १ सय ३, खानलाउन नदिएका २ सय ४, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका १ सय १, अर्की पत्नी ल्याएर हेला गरेको पाँच, दाइजो नल्याएको भनी हेला गरेको २६ र सामान्य घरायसी झगडाका ७ सय ९१ उजुरी छन्। यी मध्ये प्रहरीले ९ सय ७ उजुरीमा मेलमिलाप गरायो भने ३ सय २३ उजुरी कारबाही प्रक्रियामा रहेको सेवा केन्द्रका सई शिवजीप्रसाद यादवले बताए।

यो वर्ष बारा जिल्लामा बलात्कारका घटनामा आठ, सामूहिक बलात्कारका घटनामा दुई, बलात्कार प्रयासका घटनामा एक, साइबर अपराधका घटनामा दुई, बेचबिखन तथा ओसारपसार घटनामा चार र घरेलु हिंसाका घटनामा २० जना गरी ३७ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। यस वर्ष परिवारबाट दुई जना महिलाको हत्या भयो।

पारिवारिक हत्या

निजगढ नगरपालिका-९ भमरा टोलकी ३८ वर्षीया लक्ष्मी राईलाई ४२ वर्षीय पति बिमल बस्नेतले ०८१ भदौ २५ गते घाँटीमा खुर्पा प्रहार गरी हत्या गरेको आरोपमा इलाका प्रहरी कार्यालयले आरोपितलाई सोही दिन गिरफ्तार गर्‍यो। आरोपितले खुर्पा प्रहार गरेको देखेर आमालाई बचाउन गएका दुई छोरीहरू पनि घाइते भए। उनीहरूको प्राथमिक उपचार प्रसूती गृह, निजगढमा गरी थप उपचार वीरगन्जको मेडिसिटी बयोधा अस्पतालमा भयो। शवको पोष्टमार्टम भदौ २५ गते प्रादेशिक अस्पतालमा भयो। जिल्ला अदालतका न्यायाधीश जगन्नाथ पौडेलको असोज १६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश गर्‍यो। न्यायाधीश सुरेशराज खनालको मङसिर १६ गतेको इजलासले प्रमाण बुझ्ने आदेश गर्‍यो। यो

तालिका ८.२.७.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
बाल अधिकार	१	१
महिला अधिकार	१	१
कूल जम्मा	२	२

(स्रोत : इन्सेक, २०२४)

वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

वातावरण र मानव अधिकार

बसाइँसराइ

बारामा यो वर्ष ३ हजार ३ सय ५७ जनाले बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जिकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

बारामा ६४ ओटा इँटाभट्टा छन् भने तीन ओटा सिमेन्ट उद्योग सञ्चालनमा रहेका छन्।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष बारामा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

बारामा ७१ हजार ६ सय ९७ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा २३ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा ९ सय ६० ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, चार सामुदायिक अस्पताल, ९४ स्वास्थ्य चौकी, पाँच प्राथमिक स्वास्थ्य केन्द्र, १० नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा नौ जना विशेषज्ञको दरबन्दीमा चार जनाको दरबन्दी रिक्त छ। १५ जना स्वास्थ्यकर्मीको दरबन्दीमा चार रिक्त र ११ कार्यरत छन्। जिल्लामा ४८ हजार ४ सय ८३ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रममा पनि १७ हजार ५ सय २२ जनाको बीमा गरिएको छ।

तालिका ८.२.७.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बलात्कार	१	११	१२
यौन दुर्व्यवहार	२	३	५
जम्मा	३	१४	१७

महिला अधिकार					
घटनाको प्रकार	**मेलमिलाप**	**अपूर्ण**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा	१८	१		१	२०
बेचबिखन तथा ओसारपसार			४		४
साइबर अपराध			१	१	२
बलात्कार			२	८	१०
बलात्कार प्रयास				१	१
पारिवारिक हत्या				२	२
जम्मा	१८	१	७	१३	३९

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	**मुद्दा टुङ्गिएको**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
हत्या	१	२	३

(स्रोत : इन्सेक, २०२४)

८.२.८ पर्सा

जम्मा जनसङ्ख्या	६,५४,४७१
महिला	३,१६,१८५
घर परिवार सङ्ख्या	१,१३,०१३
घरजग्गामा महिलाको स्वामित्व	२७,४८८
साक्षरता प्रतिशत	६९.१२
आश्रित जनसङ्ख्या	३,३४,९३२
अपाङ्गता भएका	९,३४४



यस वर्ष पर्सा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा चार जना पुरुष पीडित भए। ज्यादतीका घटनामा ३० जना महिला र १७ पुरुष गरी ४७ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १५ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १५ जना महिला पीडित भए।

कुटपिट

राज्यपक्षबाट

बहुदरमाई नगरपालिका-८ रामनगरीका इ-रिक्सा चालक २८ वर्षीय रञ्जन साह तेलीलाई ०८० चैत २४ गते बिन्दवासिनी प्रहरी चौकीका प्रहरी जवान कौशल चौधरीले कुटपिट गरेको पीडितको आरोप छ। वीरगंज महानगरपालिका-१९ तिलावे पुल नजिकै चैत २४ गते बिहान पीडितले चलाएको मधेस प्रदेश ०३-००२ ख १८२२ नम्बरको इ-रिक्सा रोकी आरोपित प्रहरीले कुटपिट गरेको पीडितले बताए। आरोपितविरुद्ध जिल्ला प्रहरी कार्यालयमा चैत २४ गते उजुरी दिएको पीडितले बताए। पीडितको उपचार स्थानीय स्वास्थ्य चौकीमा भयो। आरोपित प्रहरीलाई विभागीय कारबाही गरिएको इलाका प्रहरी कार्यालय पोखरियाका इन्स्पेक्टर मोहन बिक्रम केसीले बताए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ५० महिला र ९ सय ५० पुरुष सहित १ हजार जनाको छ। कारागारमा कैदीबन्दी १ हजार ३ सय ८० जना छन्। जसमा महिला ६२ र पुरुष १ हजार ३ सय १८ रहेका छन्। कारागारमा आश्रित बालक एक र बालिका चार जना छन्। कैदीबन्दीको नियमित स्वास्थ्य जाँचका लागि दुई दरबन्दी रहेकोमा एक जनाले सेवा प्रदान गरिरहेका छन्। कारागारमा दीर्घरोगी १ सय ८६ जना र कारागारमा ४९ जना पुरुष ज्येष्ठ नागरिक रहेको कारागार प्रमुख खिमराज भुसालले बताए।

बाल सुधार गृह

५० जनाको क्षमता भएको बाल सुधार गृहमा १ सय २८ जना बालक छन्। थुनुवा ७१ र कैदी ५१ गरी १ सय २२ जना रहेका छन् भने विदेशी थुनुवा ६ जना रहेका छन्। बाल सुधार गृहमा एक जना स्वास्थ्यकर्मी स्टाफ नर्स कार्यरत रहेको कार्यालयका वार्डेन कृष्णप्रसाद साहले बताए। कमजोर भौतिक पूर्वाधारका संरचनाका कारण बाल सुधार गृहमा एउटा कोठामा २० जनासम्म बालक राख्नुपर्ने अवस्था छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

११ न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा सबै कार्यरत छन्। यो वर्ष फौजदारी मुद्दातर्फ २ हजार ३३ थानमध्ये ६ सय ३५ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २ हजार ४ सय ४ थान मध्ये १ हजार ६ सय ३७ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ५१ थान छन् भने देवानी मुद्दा ३ सय ३७ थान बाँकी छ।

उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंज

१५ जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालतमा एक जना न्यायाधीशको दरबन्दी रिक्त रहेको छ। यस वर्षका लागि दुनियावादी देवानीका २ हजार ३ सय ३२ थान, दुनियावादी फौजदारीका ७ सय ७१ थान, सरकारवादी फौजदारीका १ हजार ४ सय ५१ थान र सुरू क्षेत्राधिकारबाट ४९ थान मुद्दा जिम्मेवारी सरेका थिए। ०८० पुस १६ देखि यो वर्ष दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ १ हजार ३ सय ५० थान उजुरी परे। अघिल्लो वर्षका जिम्मेवारी सरेका समेत १ हजार ७ सय ३५ थान मुद्दा फैसला भए।

तालिका ८.२.८.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण				१		१
कुटपिट		१	१		१	१
अमानवीय व्यवहार		१	१			
घाइते		२	२		१३	१३
हत्या				१	१	२
बाल अधिकार	बाल विवाह			२		२
	विद्यालयमा दिइने शारीरिक सजाय				२	२
	बलात्कार			७		७
	सामूहिक बलात्कार			२		२
	यौन दुर्व्यवहार			२		२
	जम्मा			१३	२	१५
महिला अधिकार	साइबर अपराध			२		२
	दाइजोजनित हिंसा			१		१
	'बोक्सीको आरोप'			१		१
	बलात्कार			७		७
	यौन दुर्व्यवहार			१		१
	परिवारबाट हत्या			३		३
	जम्मा			१५		१५
कूल जम्मा		४	४	३०	१७	४७

(स्रोत : इन्सेक, २०२४)

बाल अधिकार

यस वर्ष पर्सा जिल्लामा बलात्कार घटनामा सात, सामूहिक बलात्कारका घटनामा दुई, यौन दुर्व्यवहार घटनामा दुई, विद्यालयमा दिइने शारीरिक सजायका घटनामा दुई र बालविवाहका घटनामा दुई गरी १५ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ७१ आधारभूत र १ सय ५१ माध्यमिक विद्यालय छन्। यस वर्ष १० हजार ९ सय ७८ बालक र ९ हजार ९ सय १ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ३६ बालिका र २५ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय ४० ओटा छन्। यस वर्ष जिल्लाभर १ हजार ६ सय २ दलित बालक र १ हजार ५ सय ७२ दलित बालिका विद्यालय भर्ना भएको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख मोतीप्रसाद भट्टराईले बताए।

बलात्कार, यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई ०८० चैत १७ गते १७ वर्षीय बालकले बलात्कार गरेको आरोपमा पीडित पक्षले चैत १७ गते जिल्ला प्रहरी कार्यालय, पर्सामा उजुरी दियो। आरोपित बालकलाई सहयोग गरेको आरोपमा आरोपितका काका र दाजुविरुद्ध समेत पीडित पक्षले उजुरी दियो। आरोपितहरूलाई प्रहरीले ०८१ वैशाख ४ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख ४ गते नारायणी अस्पतालमा भयो। न्यायाधीश दीपक खनालको मङ्सिर ८ गतेको

तालिका ८.२.८.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
बाल अधिकार	१	१

(स्रोत : इन्सेक, २०२४)

इजलासले आरोपितहरूविरुद्धको अभियोग दावी पुग्ने फैसला गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसलाको पूर्ण पाठ आएको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ५ सय १३ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका ८६, खानलाउन नदिएका १ सय ५७, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका ५७, अर्की पत्नी ल्याएर हेला गरेको १२, दाइजो नल्याएको भनी हेला गरेको आठ र सामान्य घरायसी झगडाका १ सय ९३ उजुरी छन्। यी मध्ये प्रहरीले ३ सय ५३ उजुरीमा मेलमिलाप गरायो भने १ सय ६० उजुरी कारबाही प्रक्रियामा रहेको सेवा केन्द्रका असइ विशाल तामाङले बताए।

यो वर्ष पर्सा जिल्लामा बलात्कारका घटनामा सात, यौन दुर्व्यवहार घटनामा एक, दाइजोजनित हिंसाका घटनामा एक, साइबर अपराधमा दुई र बोक्सीको आरोपमा एक गरी १२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट तीन जना महिलाको हत्या भयो ।

पारिवारिक हत्या

बहादुरमाइ नगरपालिका-३ नगरदाहाकी २४ वर्षीया निशा भनिने बसन्तीकुमारी साहको हत्या गरेको आरोपमा पीडित पक्षले २५ वर्षीय पति इन्द्रजित साह गोढ र इन्द्रजितका ६० वर्षीय बाजे मङ्सिर साहविरुद्ध ०८१ वैशाख १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। तीन महिनाको गर्भवती समेत रहेकी निशालाई वैशाख १ गते लाती र मुक्का प्रहार गरी आरोपितहरूले कुटपिट गरे। कुटपिटका कारण घाइते भएकी निशालाई उपचारको लागि वीरगंजस्थित अस्पताल लैजाने क्रममा बाटोमा मृत्यु भएको पीडित पक्षले जनायो। शवको पोष्टमार्टम सोही दिन वीरगंजस्थित नारायणी अस्पतालमा गरियो। वर्षको अन्त्यसमम आरोपितहरू गिरफ्तार भएनन्।

दाइजोजनित हिंसा

वीरगंज महानगरपालिका-२४ रामगढवामा ०८० फागुन २८ गते राति दाइजोको विषयमा विवाद भएपछि विवाह छोडी फर्कन लागेको आरोपमा बाराको कलैया उपमहानगरपालिका-४ निवासी २८ वर्षीय उमेश साह (बेहुला), बेहुलाका बुबा ६० वर्षीय बच्चालाल साह गोढ, दाजुहरू ४२ वर्षीय राकेश साह र ४० वर्षीय मुकेश साह, र परवानीपुर नपा-५ का ४५ वर्षीय आनन्द साह (बेहुलाको भिनाजु)लाई प्रहरीले गिरफ्तार गऱ्यो। विवाहमा दाइजो स्वरूप सुनका गहनाहरू, नगद, मोटरसाइकल, ल्यापटप, कपडा पाएता पनि सुनको सिक्री नपाएको भन्दै बेहुला पक्षले बेहुली पक्षसँग विवाद तथा हातपात गर्दै विवाह छोडी जान लागेको भन्ने मौखिक सूचना प्राप्त हुनेबित्तिकै उनीहरूलाई गिरफ्तार गरिएको वडा प्रहरी कार्यालय श्रीपुरका इन्स्पेक्टर धर्मजङ्ग थिङले बताए। बेहुला उमेश साह वीरगंज महानगरपालिकाको स्वास्थ्य शाखामा कार्यरत कम्प्युटर अपरेटर हुन्। दाइजोमा नगद ८ लाख ५० हजार रुपियाँ, मोटरसाइकल बापत नगद ३ लाख २५ हजार रुपियाँ, ६५ हजार रुपियाँको एक थान ल्यापटप, ४० हजार रुपियाँ मुल्यको सुनको सिक्री विवाह अगाडि नै दिइसकेको थियो। पर्सा जिल्ला अदालतले चैत ११ गते उमेश साहसँग २ लाख रुपियाँ, बच्चालाल साहसँग १ लाख रुपियाँ र अन्य आरोपितहरूसँग जनही २५-२५ हजार रुपियाँ धरौटी लिई रिहा गर्ने आदेश गऱ्यो। वर्षको अन्त्यसमम मुद्दाको फैसला भएन।

'बोक्सी'को आरोप

सखुवा प्रसौनी गाउँपालिका-२ औराहकी ४२ वर्षीया गुड्डीदेवी तुरहालाई ०८१ कात्तिक ५ गते सोही ठाउँका ६८ वर्षीय सुरज साह, ३८ वर्षीय उपेन्द्र साह, २८ वर्षीय जितेन्द्र साह, ३५ वर्षीया रिनादेवी साह र ४५ वर्षीया केदली मलाहिनले 'बोक्सी'को आरोप लगाउँदै कुटपिट गर्नुका साथै दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले कात्तिक ५ गते जिल्ला प्रहरी कार्यालय पर्सामा उजुरी दियो। घटना पश्चात आरोपितहरू फरार रहेकाले खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर ज्ञानेन्द्र चन्दले बताए। आरोपितहरू वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

वातावरण र मानव अधिकार

बसाइँसराइ

पर्सामा यो वर्ष २ हजार ४ सय ३४ जनाले बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

पर्सामा ७४ ओटा इँटाभट्टा र चार ओटा सिमेन्ट उद्योग सञ्चालनमा छन्।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष पर्सामा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

पर्सामा १ लाख १३ हजार १३ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा २१ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा ९ सय ९ ओटा सार्वजनिक शौचालय छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, सात सामुदायिक अस्पताल, ७९ स्वास्थ्य चौकी, २ सय ८६ प्राथमिक स्वास्थ्य केन्द्र, पाँच नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा ४४ जना विशेषज्ञको दरबन्दीमा २५ जनाको दरबन्दी रिक्त छ। जिल्लामा ५४ हजार ८ सय २३ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा पनि २१ हजार १ सय ९१ जनाको बीमा गरिएको छ। ०८० मङ्सिर १५ गते शिलान्यास भएका दुई अस्पताल मध्ये एकको निर्माण कार्य पूरा भएको स्वास्थ्य कार्यालय, पर्साका वरिष्ठ स्वास्थ्य प्रशासक डा. मुक्तिनारायण साहले बताए।

तालिका ८.२.८.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	**मुद्दा टुङ्गिएका**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बालविवाह		१	१	२
विद्यालयमा दिइने शारीरिक सजाय		२		२
बलात्कार	१	३	५	९
यौन दुर्व्यवहार	१	१		२
जम्मा	२	७	६	१५

बाल अधिकार			
घटनाको प्रकार	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
साइबर अपराध	१	१	२
जाइजोजननित हिंसा		१	१
'बोक्सी'को आरोप	१		१
बलात्कार	२	५	७
यौन दुर्व्यवहार	१		१
परिवारजनबाट हत्या		३	३
जम्मा	५	१०	१५

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
हत्या	२	२

(स्रोत : इन्सेक, २०२४)

परिच्छेद
८

८.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरू

बागमती प्रदेश

८.३.१ दोलखा

जम्मा जनसङ्ख्या	१,७२,७६७
महिला	८९,०४७
घर परिवार सङ्ख्या	४९,४९३
घरजग्गामा महिलाको स्वामित्व	१०,५१९
साक्षरता प्रतिशत	७२.३१
आश्रित जनसङ्ख्या	८४,८६९
अपाङ्गता भएका	५,६००

यस वर्ष दोलखा जिल्लामा ज्यादतीका घटनामा २७ जना महिला र चार जना पुरुष गरी ३१ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १९ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६ जना महिला पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ५१ जनाको छ। कारागारमा १ सय ७९ जना पुरुष कैदी बन्दी छन्। महिला कैदीबन्दीलाई रामेछाप तथा अन्य जिल्लाका कारागार पठाउने गरिएको छ। कारागारमा सीपमूलक तालिमको व्यवस्था रहेको छ। भीमेश्वर नगरपालिकाको सहयोगमा एक जना अहेब मार्फत् कैदीबन्दीको स्वास्थ्य परीक्षण गर्ने गरिएको कारागार प्रमुख बिकल श्रेष्ठले बताए।

कारागार प्रमुखले कैदीबन्दीहरूलाई दुर्व्यवहार गरेको आरोप

राज्यले दिने सुविधामा समेत कारागार प्रमुख रामकृष्ण घिमिरेले आफूहरूलाई पैसा तिर्न बाध्य पारेको गुनासो गर्दा जिम्मेवारी खोस्ने, अन्यत्र पठाइदिने लगायतका धम्की दिँदै मानसिक त्रासमा राख्ने गरेको कैदीबन्दीले आरोप लगाए। जिल्ला कारागारका नाइके विष्णु तामाङ र कारागार प्रमुख घिमिरेले कारागारभित्र विकास निर्माणका लागि आएको कार्यक्रमहरू कैदीबन्दीलाई काम गर्न लगाएर रकम आफैँले लिने गरेको, भीमेश्वर नगरपालिकाबाट गत दशैँमा खसी किन्न दिएको १५ हजार रुपियाँ नदिएको, उपचारमा समयमा नलैजाने, बिजुली र पानीको पैसा कैदीबन्दीले उठाएर तिर्नुपर्ने, बन्दीले आफन्तको किरियामा जाँदा पाउने सरकारी सुविधा नदिएको, कैदीबन्दीहरूलाई दुर्व्यवहार गर्ने गरेको बताए। कैदीबन्दीहरूले प्रमुख घिमिरेको सरुवाको माग गर्दै ०८० माघ २९ गते आन्दोलन गरे। कारागार प्रमुख घिमिरेले राज्यबाट प्राप्त सेवा सुविधा कैदीबन्दीहरूलाई दिएको दाबी गरे। जिल्ला प्रशासन कार्यालयको रोहवरमा कारागार प्रमुख घिमिरेलाई माघ २९ गतेदेखि अन्यत्र सरुवा गर्ने सहमतिमा आन्दोलन स्थगित भयो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ६३ थान मध्ये ३१ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २ सय २५ थानमध्ये ७३ थान मुद्दा फैसला भए। अदालतमा दुई वर्ष नाघेका फौजदारी एक थान मुद्दा रहेको छ। अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएका ११ सय ९९ थान मुद्दा रहेको जिल्ला अदालतका नायब सुब्बा कृष्ण पौडेलले बताए।

बाल अधिकार

यस वर्ष दोलखा जिल्लामा बलात्कार घटनामा १२, यौन दुर्व्यवहार घटनामा तीन, सामूहिक बलात्कार

घटनामा एक र हाडनाता करणी घटनामा तीन जना गरी १९ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

यस जिल्लामा सामुदायिकतर्फ २ सय ४७ आधारभूत र ८४ मावि छन्। जिल्लामा छात्रा १७ हजार ७ सय ६९ र छात्र १७ हजार ८ सय ९४ जना अध्ययनरत छन्। जसमा अपाङ्गता भएका २ सय २१ छात्रा र २ सय ६० जना छात्र छन्। दलित छात्रा १ हजार ७ सय ५४ जना र छात्र १ हजार ८ सय ५१ जना छन्। वैदेशिक रोजगार छात्रवृत्ति स्थानीय तह मार्फत् वितरण हुने भएकोले जिल्लामा त्यसको तथ्याङ्क नरहने शिक्षा विकास तथा समन्वय इकाइ, दोलखाका निमित्त प्रमुख निर्मला पाण्डेले बताइन्।

बलात्कार तथा यौन दुर्व्यवहार

१६ वर्षीया बालिकालाई ०८० माघ १३ गते बलात्कार गरेको आरोपमा चितवन जिल्ला भरतपुर नगरपालिका-२ घर भई मेलुङ गाउँपालिका-७ बस्ने ३४ वर्षीय रमेशलाल श्रेष्ठ विरुद्ध पीडित पक्षले माघ १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ १४ गिरफ्तार गऱ्यो। जिल्ला अदालतले ०८१ जेठ ९ गते आरोपितलाई १२ वर्ष कैद र ५० हजार रुपियाँ जरिवाना गर्ने फैसला गऱ्यो।

महिलाविरुद्धहुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै १८ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। दर्ता भएका उजुरीमध्ये १३ ओटा मिलापत्र भएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रका इन्स्पेक्टर शत्रुधन महतोले बताए।

यो वर्ष दोलखा जिल्लामा बलात्कारका घटनामा दुई, हाडनाता करणी घटनामा एक, वैवाहिक बलात्कार घटनामा एक र घरेलु हिंसाको घटनामा एक गरी पाँच जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। परिवारबाट हत्याका घटनामा एक जना महिलाको मृत्यु भयो ।

वातावरण र मानव अधिकार

बसाइँसराइ

दोलखामा यो वर्ष १ हजार १ सय ५० जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत : स्थानीय तहका पञ्जीकरण शाखा

तालिका ८.३.१.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		१	१	२
हत्या		१	३	४
बाल अधिकार	बलात्कार	१२		१२
	यौन दुर्व्यवहार	३		३
	सामूहिक बलात्कार	१		१
	हाडनाता करणी	३		३
	जम्मा	१९		१९
महिला अधिकार	घरेलु हिंसा	१		१
	बलात्कार	२		२
	हाडनाता करणी	१		१
	वैवाहिक बलात्कार	१		१
	पारिवारिक हत्या	१		१
	जम्मा	६		६
कूल जम्मा		२७	४	३१

(स्रोत : इन्सेक, २०२४)

इँटाभट्टा र सिमेन्ट उद्योग

दोलखामा इँटाभट्टा र सिमेन्ट उद्योग स्थापना भएको छैन।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष दोलखामा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

दोलखामा ४९ हजार ४ सय ९३ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ४१ प्रतिशत घरपरिवारमा खानेपानीको धाराको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा १८ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा ६ सरकारी अस्पताल, ५२ स्वास्थ्य

तालिका ८.३.१.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
महिला अधिकार	२	२

(स्रोत : इन्सेक, २०२४)

चौकी, एक प्राथमिक स्वास्थ्य केन्द्र, १६ आधारभूत स्वास्थ्य केन्द्र, ६ शहरी स्वास्थ्य केन्द्र र २२ सामुदायिक स्वास्थ्य इकाइ छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा एक जना विशेषज्ञको दरबन्दीमा एक अस्थायीसमेत दुई जना कार्यरत छन्। डाक्टर १४ जनाको दरबन्दी भएकोमा सबै कार्यरत रहेको, हेल्थ असिष्टेण्ट दरबन्दी अनुसार ९० जना कार्यरत, स्टाफनर्स २२ जना दरबन्दी अनुसार कार्यरत रहेको जिल्ला स्वास्थ्य कार्यालय प्रमुख उत्तम खनालले बताए।

स्वास्थ्य

जिरी नगरपालिका-८ मा रहेको जिरी अस्पतालका प्रमुख डा. रञ्जित झासहित ड्युटीमा खटिएका स्वास्थ्यकर्मीले आफूहरूमाथि जिरी नगरपालिका-८ का वडा अध्यक्ष कृष्णकुमार खत्रीले दुर्व्यवहार गरेको आरोप लगाए। जिरी अस्पतालमा ०८० फागुन २ गते उपचारका लागि ल्याइएका बिरामीलाई थप उपचारका लागि काठमाडौँ लैजान अस्पतालको एम्बुलेन्स उपलब्ध नभएपछि वडाअध्यक्ष खत्री, बिरामीका परिवारजन र जिरी अस्पतालका प्रमुख डा. झासहितका स्वाथ्यकर्मीबीच विवाद भएको थियो।

तालिका ८.३.१.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अपूर्ण	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	२	१३	१६
यौन दुर्व्यवहार			३	३
जम्मा	१	२	१६	१९

महिला अधिकार				
घटनाको प्रकार	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		१		१
बलात्कार	१		३	४
पारिवारिक हत्या			१	१
जम्मा	१	१	४	६

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	४	४

(स्रोत : इन्सेक, २०२४)

८.३.२ सिन्धुपाल्चोक

जम्मा जनसङ्ख्या	२,६२,६२४
महिला	१,३३,४१९
घर परिवार सङ्ख्या	७१,६९७
घरजग्गामा महिलाको स्वामित्व	९,३८४
साक्षरता प्रतिशत	६८.०४
आश्रित जनसङ्ख्या	१,२६,७१२
अपाङ्गता भएका	८,२२६

यस वर्ष सिन्धुपाल्चोक जिल्ला कारागारमा एक जना पुरुषको मृत्यु भयो । ज्यादतीका घटनामा ९१ जना महिला र ११ जना पुरुष गरी १ सय २ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २३ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६६ जना महिला पीडित भए। जातीय विभेदको घटनामा एक जना पुरुष पीडित भए।

कारागार र बन्दी

कारागारको क्षमता ५० जनाको रहेको छ। कारागारमा कैद तोकिएका ८५ जना र कैद नतोकिएका ५४ गरी १ सय ३९ जना पुरुष रहेका छन्। क्षमता भन्दा धेरै कैदीबन्दी राखिएकोले व्यवस्थापनमा समस्या रहेको छ।

कारागारमा मृत्यु

मेलम्ची नपा-१० शिखरपुर स्थायी घर भई चौतारा कारागारका कैदी ५३ वर्षीय कृष्ण नेपालीको ०८० माघ २३ गते मृत्यु भयो। एक्कासि बेहोस भएर ढलेपछि उपचारका लागि चौतारा अस्पताल पुऱ्याउने बित्तिकै पीडितको मृत्यु भएको चौतारा कारागारका चौकीदार भीमबहादुर बस्नेतले बताए। दैनिक औषधी सेवन नगरेका कारण पीडितको मृत्यु भएको हुनसक्ने चौतारा कारागारका बन्दी भरत दङ्गालले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष देवानी मुद्दातर्फ ३ सय ५ थान, फौजदारी मुद्दातर्फ १ सय १४ थान मुद्दा गरी ४ सय १९ थान मुद्दा दर्ता भए। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका देवानी मुद्दातर्फ १ सय ५९ थान र फौजदारी मुद्दातर्फ ९९ थान मुद्दा रहे। यस वर्ष जिल्ला अदालतले देवानी २ सय ५७ थान र फौजदारी ८७ थान र पाँच थान रिट गरी ३ सय ४९ थान मुद्दा फैसला भयो। सिन्धुपाल्चोक जिल्ला अदालतमा १८ महिना नाघेको पाँच थान र दुई वर्ष पुरानो तीन थान मुद्दा रहेका छन्।

बाल अधिकार

यस वर्ष सिन्धुपाल्चोक जिल्लामा बलात्कार घटनामा १८, यौन दुर्व्यवहार घटनामा चार र सामूहिक बलात्कार/हाडनाता करणीका घटनामा एक गरी २३ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा ३ सय आधारभूत विद्यालय र १ सय ४९ ओटा मावि छन्। सबै सामुदायिक विद्यालयहरूमा शौचालय र खानेपानीको व्यवस्था छ। जिल्लाका अधिकांश विद्यालय भवनहरू अपाङ्गतामैत्री छैनन्।

तालिका ८.३.२.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट					२	२
कारागारमा मृत्यु		१	१			
घाइते					५	५
हत्या				२	३	५
जातीय विभेद					१	१
बाल अधिकार	बलात्कार			१८		१८
	यौन दुर्व्यवहार			४		४
	सामूहिक बलात्कार/हाडनाता करणी			१		१
	जम्मा			२३		२३
महिला अधिकार	घरेलु हिंसा			४८		४८
	बलात्कार			९		९
	बलात्कार प्रयास			६		६
	पारिवारिक हत्या			३		३
	जम्मा			६६		६६
कूल जम्मा		१	१	९१	११	१०२

(स्रोत : इन्सेक, २०२४)

यसवर्ष जिल्लामा २८ हजार ५ सय ४३ बालिका र २८ हजार ५ सय ३९ वालक गरी जम्मा ५७ हजार ८२ जना बालबालिका विद्यालय भर्ना भए।

बलात्कार, यौनदुर्व्यवहार

१३ वर्षीया बालिकालाई ०८० फागुन २९ गते बलात्कार गरेको आरोपमा सुनकोशी गाउँपालिका-१ का २९ वर्षीय भोजबहादुर कार्कीविरुद्ध पीडित पक्षले चैत्र १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत्र १ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश भवगती शर्मा ढुङ्गानाको ०८१ मङ्सिर १९ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै १८ वर्ष कैद हुने फैसला गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष सिन्धुपाल्चोक जिल्लामा घरेलु हिंसा पीडित भएको भन्दै ६७ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमध्ये मानसिक हिंसा २२ , शारीरिक हिंसा ३६ र आर्थिक हिंसाका नौ उजुरी छन्। दर्ता भएका सबै उजुरीहरू मेलमिलाप भएको सेवा केन्द्रकी प्रहरी जवान सुशीला खत्रीले बताइन्।

यो वर्ष सिन्धुपाल्चोक जिल्लामा बलात्कारका घटनामा नौ, बलात्कार प्रयास घटनमा ६ र घरेलु हिंसाका घटनामा ४८ गरी ६३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। परिवारबाट तीन जना महिलाको हत्या भयो।

बलात्कार, यौनदुर्व्यवहार

३६ वर्षीया महिलालाई ०८१ असार ५ गते बलात्कार गरेको आरोपमा चौतारा साँगाचोकगढी नपा-५ गैरीगाउँका २६ वर्षीय विशाल कार्कीविरुद्ध पीडित पक्षले साउन १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन २३ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश भगवती शर्मा ढुङ्गानाको ०८१ पुस ३ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै ७ वर्ष कैद र ३ लाख रुपियाँ जरिबाना भराउने फैसला गऱ्यो।

पारिवारिक हत्या

सुनकोशी गाउँपालिका-५ सुनखानीकी ५० वर्षीया डोल्मा तामाङलाई ०८० पुस १९ गते बिहान खुकुरी प्रहार गरी हत्या गरेको आरोपमा मृतकका पति ५१ वर्षीय सोमबहादुर तामाङ विरुद्ध मृतकका भाइले ०८० माघ १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। जिल्ला अदालतको फागुन ६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएकोमा आरोपितलाई कसुरदार ठहर गर्दै २५ वर्ष कैद सजाय सुनायो।

वातावरण र मानव अधिकार

बसाइँसराइ

सिन्धुपाल्चोकमा यो वर्ष १ सय ९ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत : स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

सिन्धुपाल्चोकमा इँटाभट्टा र सिमेन्ट उद्योग स्थापना भएको छैन।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष सिन्धुपाल्चोकमा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

सिन्धुपाल्चोकमा ७१ हजार ६ सय ९७ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ३९ प्रतिशत घरपरिवारमा खानेपानीको धाराको पहुँच पुगेको छ।

स्रोत : खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा २९ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत : स्थानीय तह

तालिका ५.३.२.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
महिला अधिकार	२		२
जातीय विभेद		१	१
कूल जम्मा	२	१	३

(स्रोत : इन्सेक, २०२४)

स्वास्थ्य सेवाको अवस्था

अस्पतालहरूमा ९८ र स्वास्थ्य चौकीहरूमा ९३ प्रकारका औषधीहरू निःशुल्क पाइने भनिए तापनि बेला बेलामा औषधीको अभाव हुने गरेको छ। जिल्लामा एक जना विशेषज्ञ चिकित्सक, १७ जना मेडिकल अधिकृत, ९१ जना हेल्थ असिस्टेन्ट, १८ जना स्टार्फ नर्स, ५४ जना विद्यालय नर्स, १ सय ९६ जना अनमी, १ सय ५४ जना अहेब, १५ जना ल्याब टेक्निसियन रहेको जिल्ला जनस्वास्थ्य कार्यालय प्रमुख दुर्गा बजगाइले बताइन्।

तालिका ८.३.२.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टङ्गिएका	अपूर्ण	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	२	४	१३	१९
यौन दुर्व्यवहार		१	३	४
जम्मा	२	५	१६	२३

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		४७	१			४८
बलात्कार	२		१	१	५	९
बलात्कार प्रयास	१			१	४	६
पारिवारिक हत्या	१				२	३
जम्मा	४	४७	२	२	११	६६

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	अपूर्ण	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	४	५

(स्रोत : इन्सेक, २०२४)

८.३.३ रसुवा



जम्मा जनसङ्ख्या	४६,६८९
महिला	२२,६५४
घर परिवार सङ्ख्या	११,१३१
घरजग्गामा महिलाको स्वामित्व	१,७७६
साक्षरता प्रतिशत	६९.६०
आश्रित जनसङ्ख्या	२२,१२१
अपाङ्गता भएका	१,२९३

यस वर्ष रसुवा जिल्लामा ज्यादतीका घटनामा १० जना महिला र तीन जना पुरुष गरी १३ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा एक जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा आठ जना महिला पीडित भए।

धम्की

अन्यपक्षबाट

लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालयका प्रमुख वरिष्ठ संरक्षण अधिकृत अणनाथ बराललाई नेपाल तरुण दल, नेपाल विद्यार्थी सङ्घ, नेपाली कांग्रेस क्षेत्रीय सभापतिलगायतको समूहले ०८१ वैशाख १४ गते २४ घण्टाभित्र जिल्ला नछाडे मार्ने धम्की दियो। ६०/७० जनाको समूहमा रहेको टोलीले कार्यालय हाताभित्र प्रवेश गरेर कार्यालयको टेबुल तथा कुर्सीसमेत तोडफोड गऱ्यो। 'नेविसङ्घको जिल्ला सचिव हुँ भन्दै सुन्दर अधिकारीले फोन गरी २४ घण्टाभित्र जिल्ला नछाडे मार्ने' धम्की दिएको प्रमुख बरालले बताए।

सदरमुकाम धुन्चेमा रहेको निकुञ्ज कार्यालयमा तोडफोड गरी नेपाली कांग्रेस रसुवाका सभापति पेम्बाछिरिङ तामाङको नेतृत्वको टोलीले प्रमुख जिल्ला अधिकारी समक्ष मागपत्र पेस गरेको थियो। माग पत्रमा निकुञ्ज प्रमुखले आफूखुशी वातावरणीय प्रभाव मूल्याङ्कन गरेको, पालिकाहरूसँग समन्वय नगरेको, मध्यवर्ती कोषको रकम मनलाग्दी ढङ्गले खर्च गरेको, मनलाग्दी कर्मचारी भर्ना गरिएको लगायतको विषय उल्लेख थियो। पीडितले उत्तरगया गाउँपालिका-५ का उत्तम थापा, कालिका गाउँपालिका-५ का लक्ष्मण देवकोटालगायत विरूद्ध किटानी जाहेरी दिए पनि वर्ष अन्त्यसम्म कुनै कारबाही भएन।

कारागार र बन्दी

जिल्ला कारागारमा ७१ जना कैदी र कैद नतोकिएका १९ जना थुनुवा गरी जम्मा ९० जना रहेका छन्। जसमा महिला कैदीबन्दीको सङ्ख्या पाँच रहेको छ। कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्रीको उचित प्रबन्ध रहेको जिल्ला कारागारका निमित्त प्रमुख शैलेश देवकोटाले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। यस वर्ष १४ थान मुद्दा फैसला हुन बाँकी रहेकोमा देवानीतर्फ ६ र फौजदारीतर्फ आठ थान छन्। अघिल्लो वर्ष जिम्मेवारी सरेर आएको १५ मध्ये १० थान मुद्दा फैसला भएको अदालतका सूचना अधिकारी शुभद्रा जिसीले बताइन्।

बाल अधिकार

यस वर्ष रसुवा जिल्लामा हाडनाता करणी घटनामा एक बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा ७२ आधारभूत र १९ मावि छन्।

संस्थागत विद्यालय १२ ओटा छन्। ७७ प्रारम्भिक बाल विकास केन्द्र, राहत ३९ जना शिक्षक छन्। जिल्लाभर दरबन्दीका ४ सय ५६ छन् भने ५ जना शिक्षक रिक्त छन्। कूल ८ हजार ६ सय ७ जना विद्यार्थी अध्ययनरत छन्। जिल्लामा नवनिर्मित विद्यालयहरू पाँच ओटा मात्र अपाङ्गतामैत्री रहेको शिक्षा समन्वय इकाइका प्रमुख जीवन दाहालले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भन्दै आठ जना महिलाले जिल्लाका विभिन्न प्रहरी चौकी, जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट दुई, गालीगलौजका तीन, आर्थिक हिंसाका एक, हेला गरेको एक र सामान्य घरायसी झगडाका एक घटना छन्। घरेलु हिंसासम्बन्धी सबै उजुरीमा मेलमिलाप भएको जिल्ला प्रहरी कार्यालय, रसुवाका डिएसपी केशव भट्टराईले बताए।

यो वर्ष रसुवा जिल्लामा बलात्कारका घटनामा दुई, यौन दुर्व्यवहारका घटनामा दुई र घरेलु हिंसाका घटनामा चार गरी आठ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

जलविद्युत आयोजनाका कारण बस्ती जोखिममा

आमाछोदिङ्मो गाउँपालिका-१ मा निर्माणाधीन २ सय १६ मेगावाट क्षमताको माथिल्लो त्रिशूली १ जलविद्युत आयोजनाका कारण आवास तथा अन्य क्षेत्रमा प्रभाव परेको छ। विद्युत गृह निर्माणस्थल उत्तरगया गाउँपालिका-१ मैलुङको बस्ती क्षेत्रमा भूकम्प तथा अत्यधिक विस्फोटक पदार्थ प्रयोगका कारण घरहरू चर्किएको र घर छाड्नुपर्ने स्थिति आएको भन्दै स्थानीयले ०८१ पुस २१ गते जिल्ला प्रशासन कार्यालयमा निवेदन दिए। स्थानीय बासिन्दा योविन्द्र घलेले भने, “हामीलाई आयोजनाका लागि आवास र जग्गा छाड्न बाध्य पारियो। तर, उचित क्षतिपूर्ति र पुनर्वासको व्यवस्था भएन। अहिले हामी ठूलो समस्यामा परेका छौँ। त्रिशुली नदी किनारका किसान ध्रुव तामाङले भने, “पहिले हामीले नदीको पानीले खेती सिंचाइ गर्थ्यौं। अब भने पानी सुक्दै छ, जसले हाम्रो कृषिजन्य उत्पादनमा धेरै कमी आएको छ।” उत्तरगया, कालिका, आमाछोदिङमो र गोसाइकुण्ड गाउँपालिका आयोजना प्रभावित क्षेत्रका रूपमा रहेको छ।

तालिका ८.३.३.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		१	१	२
धम्की			१	१
हत्या			१	१
बाल अधिकार	हाडनाता करणी	१		१
	जम्मा	१		१
महिला अधिकार	घरेलु हिंसा	४		४
	बलात्कार	२		२
	यौन दुर्व्यवहार	२		२
	जम्मा	८		८
कूल जम्मा		१०	३	१३

(स्रोत : इन्सेक, २०२४)

वातावरण र मानव अधिकार

बसाइँसराइ

रसुवामा यो वर्ष १ सय ४१ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत : स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

रसुवामा इँटाभट्टा र सिमेन्ट उद्योग स्थापना भएको छैन।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष रसुवामा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

रसुवामा ११ हजार १ सय ३१ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ६७ प्रतिशत घरपरिवारमा खानेपानीको धाराको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा एक सार्वजनिक शौचालय छ।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

रसुवामा एक जिल्ला अस्पताल, एक ग्रामीण अस्पताल, १७ वास्थ्य चौकी र नौ सामुदायिक स्वास्थ्य इकाइ रहेका छन्। दुई जना डक्टर दरबन्दी अनुसार एक जना कार्यरत छन्। ४२ जना अहेवको दरबन्दी

तालिका ८.३.३.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बाल अधिकार		१	१
महिला अधिकार	१		१
कूल जम्मा	१	१	२

(स्रोत : इन्सेक, २०२४)

रहेकोमा १८ जना कार्यरत छन् भने २७ जना स्टाफ नर्स दरबन्दी रहेकोमा १७ जना कार्यरत छन्। दरबन्दी अनुसार स्वास्थ्यकर्मी नरहे पनि स्थानीय तहले करार सेवामा लिएर स्वास्थ्य सेवा प्रवाह गरेको छ। स्वास्थ्य चौकीमा ७८ प्रकारका औषधी नि:शुल्क पाउने सरकारी नीति भए पनि स्वास्थ्य संस्थामा नि:शुल्क पाइने औषधीको समय समयमा अभाव हुने गरेको जिल्ला जनस्वास्थ्य कार्यालय प्रमुख भीमसागर गुरागाईंले बताए।

तालिका ८.३.३.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	१

महिला अधिकार

घटनाको प्रकार	अपूर्ण	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		४		४
बलात्कार	१		१	२
यौन दुर्व्यवहार			२	२
जम्मा	१	४	३	८

मारिएकाको सङ्ख्या

घटनाको प्रकार	अपूर्ण	जम्मा
हत्या	१	१

(स्रोत : इन्सेक, २०२४)

८.३.४ धादिङ

जम्मा जनसङ्ख्या	३,२५,७१०
महिला	१,६६,६६२
घर परिवार सङ्ख्या	८३,६२२
घरजग्गामा महिलाको स्वामित्व	१४,२३१
साक्षरता प्रतिशत	७२.४०
आश्रित जनसङ्ख्या	१,६०,०२४
अपाङ्गता भएका	९,०१७

यस वर्ष धादिङ जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा तीन जना पुरुष पीडित भए। ज्यादतीका घटनामा ५७ जना महिला र चार जना पुरुष गरी ६१ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १९ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३७ जना महिला पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको बन्दी क्षमता ५० महिला र १ सय ५० पुरुष गरी २ सय जनाको रहेको छ। कारागारमा २ सय ७७ जना कैदीबन्दी छन्। जसमा १३ महिला र २ सय ६४ पुरुष रहेका छन्। कारागारमा आश्रित एक बालक रहेको जेलर राममणि मिश्रले बताए। कैदी/बन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि एक जना अहेव कार्यरत छन्। कारागारमा दुई जना पुरुष कैदीबन्दीहरू जटिल मानसिक रोगको औषधी उपचार गराइरहेका छन्। कारागारमा सात पुरुष र एक महिला गरी आठ जना ज्येष्ठ नागरिक छन्। दुई वर्षभन्दा बढी समयदेखि पुर्पक्षका लागि थुनामा रहेका चार जना पुरुषहरू छन्। जसमध्ये एकजना ५ वर्षदेखि पुर्पक्षका लागि थुनामा छन्।

कारागारमा मृत्यु

धादिङ कारागारका बन्दी गल्छी गाउँपालिका-७ का ८१ वर्षीय कृष्णबहादुर परियारको उपचारका क्रममा ०८० पुस १८ गते मृत्यु भयो। दमको रोगी रहेका परियार अघिल्लो दिनदेखि बिरामी परेको र अन्य कैदीले दालको झोल खुवाएपछि बान्ता गरेको अवस्थामा तत्काल उपचारको लागि धादिङ अस्पताल लगिएको कारागार प्रमुख राममणि मिश्रले बताए। शवको पोष्टमार्टम पुस १८ गते धादिङ अस्पतालमा भयो। परिवारले सद्गतका लागि सोही दिन शव बुझेर लगेको गल्छी गाउँपालिका-७ का वडाध्यक्ष हरि खतिवडाले बताए। पाँच वर्षीया बालिकालाई ०८० मङ्सिर ६ गते बलात्कार गरेको भन्दै परियारविरुद्ध पीडित पक्षले मङ्सिर २१ गते इलाका प्रहरी कार्यालय, गजुरीमा उजुरी दिएको थियो। परियारलाई मङ्सिर २० गते गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका एसपी गौतम मिश्रले बताए। जिल्ला अदालतको पुस ८ गतेको इजलासले परियारलाई पुर्पक्षको लागि थुनामा पठाएको थियो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुई न्यायाधीश दरबन्दी रहेकोमा कार्यरत छन्। यो वर्ष फौजदारी मुद्दातर्फ ६ सय ४८ थानमध्ये ४ सय ६० थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ हजार ८८ थानमध्ये ७ सय ७५

तालिका ८.३.४.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण					१	१
गिरफ्तारी		१	१			
कारागारमा मृत्यु		१	१			
हत्या				२	२	४
धम्की		१	१			
बाल अधिकार	विद्यालयमा दिइने शारीरिक सजाय				१	१
	बलात्कार			१४		१४
	यौन दुर्व्यवहार			२		२
	हाडनाता करणी			२		२
	जम्मा			१८	१	१९
महिला अधिकार	घरेलु हिंसा			२६		२६
	बलात्कार			८		८
	बलात्कार प्रयास			२		२
	पारिवारिक हत्या			१		१
	जम्मा			३७		३७
कूल जम्मा		३	३	५७	४	६१

(स्रोत : इन्सेक, २०२४)

थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका मुद्दा ११ थान बाँकी छ।

अदालतमा आएका मुद्दाका पक्षहरूले न्याय पाएको अनुभूति गरेर जानु पर्नेमा यसतर्फ अदालतले अझै ध्यान दिन नसकेको जिल्ला अदालत वार एशोसिएशनका अध्यक्ष टंक श्रेष्ठले बताए।

बाल अधिकार

यस वर्ष धादिङ जिल्लामा बलात्कार घटनामा १४, यौन दुर्व्यवहार घटनामा दुई, हाडनाता करणी घटनामा दुई र विद्यालयमा दिइने शारीरिक सजायका घटनामा एक गरी १९ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा ४ सय आधारभूत र १ सय ५७ माध्यमिक विद्यालय छन्। १ हजार ६ सय ७९ शिक्षक दरबन्दी रहेकामा २३ दरबन्दी मिलान हुन बाँकी छ। यो वर्ष ३० हजार ४ सय ५१ बालक र ३० जार ८ सय १८ बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका २ सय १ बालिका र १ सय ७६ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय सात छन्। द्वन्द्वपीडित परिवारका सात जना बालबालिकाले छात्रवृत्ति पाए।

यस वर्ष वैदेशिक रोजगारीमा गएर मृत्यु भएका, अङ्गभङ्ग भएका, घाइते भएका, अशक्त भएका ६१ जना बालबालिकाले छात्रवृत्ति पाए। यो वर्ष ४ हजार ८ सय ३५ दलित बालक र ५ हजार २ सय ९७ दलित बालिका विद्यालय भर्ना भए। सबै दलित बालबालिकाले छात्रवृत्ति पाएको स्थानीय तहका शिक्षा शाखा प्रमुखहरूले जनाए।

अपहरण

एक वर्षीय बालकलाई ०८० माघ २० गते अपहरण गरेको आरोपमा थाक्रे गाउँपालिका -४ की २५ वर्षीया महिला, अपहरणपछि बालकलाई लुकाएर राख्ने तनहुँ जिल्ला भीमाद नगरपालिका-८ का ३३ वर्षीया शारदा क्षेत्री विक र पति २७ वर्षीय कमल विकलाई माघ २३ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडित बालकको प्रहरीले माघ २१ गते बिहान काठमाडौं महानगरपालिका रातोपुलस्थित फोहोर फाल्ने ठाउँबाट उद्धार गरी माघ २२ गते परिवारको जिम्मा लगाइएको

जिल्ला प्रहरी कार्यालयका डीएसपी सन्तुलालप्रसाद जैसवारले बताए। प्रहरीले आरोपितहरूविरुद्ध फागुन १५ गते जिल्ला सरकारी वकिल कार्यालयमार्फत जिल्ला अदालतमा अपहरण तथा शरीर बन्धक मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन १८ गतेको आदेशले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश गोपालप्रसाद बास्तोलाको मङ्सिर ११ गतेको इजलासले बालककी २५ वर्षीया फुपू दिदीलाई चार वर्ष कैद र सङ्गठित अपराध मुद्दामा दुई वर्ष कैद तथा ४० हजार रुपियाँ जरिबाना गर्ने फैसला सुनायो। शारदा क्षेत्री बिकलाई मुख्य कसुरदार ठहर गर्दै १० वर्ष कैद र सङ्गठित अपराधमा थप दुई वर्ष कैद र १ लाख रुपियाँ जरिबाना गर्ने फैसला भयो। यसैगरी शारदाका २७ वर्षीय पति कमल बिकलाई अपहरण तथा शरीर बन्धक मुद्दामा मतियार ठहर गर्दै पाँच वर्ष कैद सजायको फैसला सुनायो।

बलात्कार

१५ वर्षीया बालिकालाई ०८१ असार २१ गते बलात्कार गरेको आरोपमा १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले असार २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई असार २२ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश गोपालप्रसाद बास्तोलाको भदौ १६ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै १२ वर्ष ८ महिना कैद सजायको फैसला सुनायो। इजलासले कसुरदार १८ वर्षमुनिको बालक भएकोले १२ वर्ष ८ महिना कैद साथै ४ लाख ७३ हजार १ रुपैयाँ क्षतिपूर्ति तिर्न फैसला गरेको थियो। कसुरदारले तिर्ने जरिवानाको रकम पीडितलाई भराउन समेत आदेश भयो। जिल्ला अदालतले गरेको फैसलामा मुद्दा फैसला भएको तीन महिनाभित्र जरिबाना रकम दाखिला गरे कसुरदार बालकले पाउने सुबिधा अन्तरगत १० वर्ष ८ महिना कैद छुट भई दुई वर्षमात्र कैद बस्नु पर्ने फैसलामा उल्लेख छ।

१४ वर्षीया बालिका ०८१ वैशाख २४ गते यौन दुर्व्यवहार गरेको आरोपमा त्रिपुरासुन्दरी गाउँपालिका-१ का ५२ वर्षीय राजु श्रेठविरुद्ध पीडितले वैशाख २४ गते इलाका प्रहरी कार्यालय, सल्यानटारमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई वैशाख २४ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश मनकुमारी जिएम विकको भदौ २८ गतेको इजलासले आरोपितलाई नौ वर्ष कैद, ३ लाख ५० हजार रुपियाँ जरिबाना र पीडितलाई कसुरदारबाट १ लाख रुपियाँ क्षतिपूर्ति भराउने फैसला सुनायो।

तालिका ८.३.४.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
महिला अधिकार	३	३

(स्रोत : इन्सेक, २०२४)

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ८४ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिटका ३७, पालनपोषण तथा खानलाउन नदिएका २०, शारीरिक तथा मानिस यातनाका ६, झैझगडाका १४ र गालीगलौजका सात उजुरी छन्। यीमध्ये प्रहरीले ६५ उजुरीमा मेलमिलाप गरायो भने १९ उजुरी कारबाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी सुवास हमालले बताए।

यो वर्ष धादिङ जिल्लामा बलात्कारका घटनामा आठ, बलात्कार प्रयास घटनामा दुई र घरेलु हिंसाका घटनामा २६ गरी ३६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। यस वर्ष परिवारबाट एक जना महिलाको हत्या भयो ।

बलात्कार

१८ वर्षीया युवतीलाई ०८० माघ २३ गते बलात्कार गरेको आरोपमा सिद्धलेक गाउँपालिका-२ का २४ वर्षीय सञ्जय नेपालीविरुद्ध पीडित पक्षले फागुन ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन ४ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश गीता श्रेष्ठको इजलासले ०८१ जेठ १७ गते आरोपितलाई कसुर ठहरदार गरी जेठ ३२ गते सात वर्ष कैद र ३ लाख रुपियाँ जरिबाना सजायको फैसला सुनायो।

७५ वर्षीया वृद्धालाई ०८१ असार १० गते बलात्कार गरेको आरोपमा खनियाबास गाउँपालिका-५ का ४९ वर्षीय पदमबहादुर तामाङविरुद्ध पीडितले असार १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरी असार २४ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश गोपालप्रसाद बास्तोलाको भदौ ३० गते इजलासले आरोपितलाई कसुरदार ठहर

गर्दै जन्मकैद र ७ लाख रुपियाँ जरिबानाको रकम पीडितलाई क्षतिपूर्ति दिन समेत फैसला सुनायो।

वातावरण र मानव अधिकार

बसाइँसराइ

धादिङमा यो वर्ष २ सय ६३ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत : स्थानीय तहका पञ्जिकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

धादिङमा ४३ ओटा इँटाभट्टा र दुई सिमेन्ट उद्योग छन्।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष धादिङमा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

धादिङमा ८३ हजार ६ सय २२ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ९६ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा १ सय ६ ओटा सार्वजनिक शौचालय छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा नौ सरकारी अस्पताल छन्। एक सामुदायिक अस्पताल, ४४ स्वास्थ्य चौकी, आधामरभूत स्वास्थ्य केन्द्र वा इकाइ ६५ ओटा छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा १५ जना विशेषज्ञको दरबन्दीमा चार रिक्त छ।

जिल्लामा ५७ हजार १ सय ७४ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। यसमध्ये ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रममा १५ हजार ५ सय ५५ जनाले बीमा गरेका छन्।

तालिका ८.३.४.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
विद्यालयमा दिइने शारीरिक सजाय		१			१
बलात्कार	१		२	१३	१६
यौन दुर्व्यवहार	१			१	२
जम्मा	२	१	२	१४	१९

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		१४	६	४	२	२६
बलात्कार	२		१	२	३	८
बलात्कार प्रयास					२	२
पारिवारिक हत्या					१	१
जम्मा	२	१४	७	६	८	३७

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	४	४

(स्रोत : इन्सेक, २०२४)

८.३.५ नुवाकोट



जम्मा जनसङ्ख्या	२,६३,३९१
महिला	१,३४,३९३
घर परिवार सङ्ख्या	६८,६४६
घरजग्गामा महिलाको स्वामित्व	१२,२३५
साक्षरता प्रतिशत	६९.०७
आश्रित जनसङ्ख्या	१,२५,८३८
अपाङ्गता भएका	६,९३९

यस वर्ष नुवाकोट जिल्लामा ज्यादतीका घटनामा ३७ जना महिला र ११ जना पुरुष गरी ४८ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २० जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १७ जना महिला पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता १ हजार ३ सय ७० जनाको रहेको छ। कारागारमा ७ सय ५१ जना कैदीबन्दी रहेको शाखा अधिकृत ईन्द्रबहादुर खतिवडाले बताए। जसमध्ये महिला २७ जना र पुरुष ७ सय २४ जना छन्। हालै सुविधासम्पन्न भवन बनेकोले कैदीबन्दी कोचाकोच गरेर बस्नुपर्ने अवस्था छैन। कारागारमा सिनयिर अहेब र स्टाफ नर्सको दरबन्दी भए पनि हाल स्टाफ नर्स पद खाली छ। कैदीबन्दीहरूले बाँसको मुढा बनाउने, टेबल कुर्सी जस्ता फर्निचरको सामग्री बनाउने, स्वीटर, टोपी बुनाइ लगायतका आयआर्जनको काम गरिरहेको शाखा अधिकृत खतिवडाले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। यो वर्ष जिल्ला अदालतमा देवानी मुद्दातर्फ ७ सय ५४ थानमध्ये ५ सय ९७ थान फैसला भए। फौजदारी मुद्दातर्फ ३ सय १८ थानमध्ये २ सय २० थान फैसला भए। दुई वर्ष नाघेका दुई थान मुद्दा रहेको अदालतका सूचना अधिकारी तहसिलदार दीपा न्यौपानेले बताइन्।

बाल अधिकार

यसवर्ष नुवाकोट जिल्लामा बलात्कार घटनामा १३, यौन दुर्व्यवहार घटनामा ६ र बेचबिखन तथा ओसारपसार घटनामा एक गरी २० जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

२ सय ५९ ओटा प्राथमिक, ६५ निमावि र १ सय ६१ माध्यमिक विद्यालय छन्। जिल्लामा ६६ हजार ३ सय ८ जना विद्यार्थी रहेका छन्। जसमा ३३ हजार ७ सय ५ बालिका र ३२ हजार ६ सय ३ बालक छन्। शिक्षक दरबन्दी १ हजार ७० रहेको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ७१ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये पतिपत्नी झैंझगडाका ५३ र अन्य हिंसाका १८ उजुरी आएको सेवा केन्द्रकी प्रमुख सही सुकमाया तामाङले बताइन्। यीमध्ये प्रहरीले ६१ उजुरीमा मेलमिलाप गरायो भने पाँच उजुरी अन्य निकायमा पठाएको, पाँच जना उजुरीकर्ता सम्पर्कमा नआएको सेवा केन्द्रकी प्रमुख तामाङले बताइन्।

यो वर्ष नुवाकोट जिल्लामा बलात्कारका घटनामा तीन, हाडनाता करणी घटनामा एक, बलात्कार प्रयासका घटनामा तीन, यौन दुर्व्यवहार घटनामा एक, बेचबिखन तथा ओसारपसार घटनामा

तालिका ८.३.५.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
अपहरण			१	१
हत्या		१	९	१०
बाल अधिकार	बलात्कार	१३		१३
	यौन दुर्व्यवहार	६		६
	बेचबिखन तथा ओसारपसार		१	१
	जम्मा	१९	१	२०
महिला अधिकार	घरेलु हिंसा	१		१
	बलात्कार	३		३
	बलात्कार प्रयास	३		३
	हाडनाता करणी	१		१
	यौनदुर्व्यवहार	१		१
	बेचबिखन तथा ओसारपसार	४		४
	पारिवारिक हत्या	४		४
	जम्मा	१७		१७
कूल जम्मा		३७	११	४८

(स्रोत : इन्सेक, २०२४)

चार र घरेलु हिंसाका घटनामा एक गरी १३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। परिवारबाट चार जना महिलाको हत्या भयो ।

वातावरण र मानव अधिकार

बसाइँसराइ

नुवाकोटमा यो वर्ष १ हजार ८ सय ३७ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत : स्थानीय तहका पञ्जिकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

नुवाकोटमा तीन ओटा इँटाभट्टा छन्।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

तालिका ८.३.५.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
महिला अधिकार	१	१

(स्रोत : इन्सेक, २०२४)

विषालु च्याउ

यस वर्ष नुवाकोटमा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

नुवाकोटमा ६८ हजार ६ सय ४६ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ३५ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा २ सय ७८ ओटा सार्वजनिक शौचालय छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र, ६४ स्वास्थ्य चौकी, नौ शहरी स्वास्थ्य क्लिनिक, १९ ग्रामीण स्वास्थ्य इकाइ, २ सय ४० खोप केन्द्र र एक सामुदायिक आँखा केन्द्र रहेको छ। त्रिशुली अस्पताल ५० बेडको अस्पताल हो। तर, अस्पतालमा बिरामीको चापको कारण १ सय बेडबाट सेवा दिइरहेको छ।

जिल्ला अस्पतालमा सात जना विशेषज्ञ चिकित्सकको दरबन्दी रहेकोमा तीन जनामात्र कार्यरत छन्। ६ जना मेडिकल अधिकृतको दरबन्दी रहेकोमा तीन कार्यरत छन्। जिल्ला अस्पतालमा ५९ दरबन्दी तोकिए पनि २९ जनामात्र कार्यरत छन्। अस्पतालमा छात्रवृत्ति करारका सात जना चिकित्सकले सेवा प्रदान गरिरहेका छन्।

दुई प्राथमिक स्वास्थ्य केन्द्रमा दुई डाक्टरको दरबन्दी रहेकोमा स्थायी चिकित्सक अभाव रहेपनि छात्रवृत्ति करारका चिकित्सक कार्यरत छन्। जिल्लाभरमा स्वास्थ्य सहायक ७० दरबन्दी रहेकोमा ६६, अहेब १ सय ४० मा १ सय अनमी १ सय ३७ दरबन्दी रहेमा १ सय ३१, स्टाफ नर्स १५ दरबन्दीमा १०, ल्याब टेक्निसियन पाँच दरबन्दीमा तीन, मेडिकल रेकर्डर एक दरबन्दी रहेकोमा खाली, लेखापालको दुई दरबन्दीमा एक रिक्त रहेको मे.सु. डा. राजेन्द्र लामाले बताए।

तालिका ८.३.५.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	१	११	१३
यौन दुर्व्यवहार			६	६
बेचबिखन तथा ओसारपसार			१	१
जम्मा	१	१	१८	२०

महिला अधिकार				
घटनाको प्रकार	अपूर्ण	कानुनी दायरामा ल्याइएका	कानुनी दायरामा नल्याइएका	जम्मा
घरेलु हिंसा		१		१
बलात्कार	१	३		४
बलात्कार प्रयास	१	२		३
यौन दुर्व्यवहार		१		१
बेचबिखन तथा ओसारपसार		३	१	४
पारिवारिक हत्या		४		४
जम्मा	२	१४	१	१७

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	९	१०

(स्रोत : इन्सेक, २०२४)

८.३.६ काठमाडौं



जम्मा जनसङ्ख्या	२०,४१,५८७
महिला	१०,०५,८६१
घर परिवार सङ्ख्या	५,४२,८९२
घरजग्गामा महिलाको स्वामित्व	१,६०,४८१
साक्षरता प्रतिशत	८९.२३
आश्रित जनसङ्ख्या	७,७३,०२८
अपाङ्गता भएका	३०,६८७

यस वर्ष काठमाडौं जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा ७५ महिला र १ सय ७३ पुरुष गरी २ सय ४८ जना पीडित भए। ज्यादतीका घटनामा ७ सय ८ जना महिला र २० जना पुरुष गरी ७ सय २८ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २ सय ३१ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ४ सय ६९ जना महिला पीडित भए।

अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

सहकारीको रकम हिनामिना, बेथिति, भ्रष्टाचार र अनियमितता बढेको भन्दै नेविसंघले सरकारविरुद्ध ०८० चैत २५ गते गरेको प्रदर्शनका क्रममा नेविसङ्घका केन्द्रीय सदस्यहरू सुशान्त तामाङ, विकाश भण्डारी, महेश्वर पौडेल, शंकर ढकाल, शिव चौधरी र सुस्मित खड्का लाई प्रहरीले गिरफ्तार गर्‍यो। उनीहरूलाई प्रहरीले महानगरीय प्रहरी वृत, सिंहदरबारमा तीन घण्टा राखेर सोही दिन बेलुकी रिहा गर्‍यो।

बर्दिया जिल्ला मधुबन नपा-९ निवासी राप्रपाको मधुवन नगरपालिकाका अध्यक्ष ६५ वर्षीय ठाकुरप्रसाद डाँगी ०८० चैत २७ गते प्रहरीसँगको झडपमा परी घाइते भए। घाइतेको वीरेन्द्र सैनिक अस्पताल छाउनीमा उपचारको क्रममा वैशाख ३ गते मृत्यु भयो। झडपका क्रममा प्रहरीले प्रहार गरेको अश्रुग्याँसले उनको स्वास्थ्यमा थप असर पुगेको राप्रपाका प्रवक्ता मोहन श्रेष्ठले बताए। शवको पोष्टमार्टम सोही अस्पतालमा वैशाख ३ गते गरी आफन्त तथा राप्रपाका नेता तथा कार्यकर्ताहरूले सद्‌गत गरे।

यसैगरी, प्रहरीसँग झडप हुँदा राप्रपाका सांसद एवम् संसदीय दलका प्रमुख सचेतक ज्ञानेन्द्र शाहीसहित १४ जना घाइते भए। सो क्रममा प्रहरीले दुई जनालाई गिरफ्तार गर्‍यो। प्रदर्शनकारीले प्रहरीमाथि ढुङ्गा प्रहार गर्ने र निषेधित क्षेत्रतर्फ अगाडि बढ्न खोजेपछि झडप भएको थियो। राप्रपाले गणतन्त्र खारेज गर्नुपर्ने, राजासहितको शासन व्यवस्था हुनुपर्ने, धर्मनिरपेक्षता खारेज गरी नेपाललाई हिन्दू राष्ट्र घोषणा गर्नुपर्ने लगायतका माग राख्दै आएको थियो।

काठमाडौं महानगरपालिका-११ सिंहदरबारस्थित दक्षिण गेट अगाडि रुसी सेनामा गएका नेपालीको सकुशल उद्धार र मृत्यु भएकाहरूको शव फिर्ता ल्याउन सरकारलाई दबाब दिन भन्दै ०८१ वैशाख १३ गते प्रदर्शनरत नेपालीको जीवन रक्षार्थ अभियानकी अभियन्ता काठमाडौंकी कृति भण्डारी र सञ्जय श्रेष्ठ, कास्कीकी राजकुमारी मगर, रुकुमका सिरानी घर्ती र सुविता मगर, नुवाकोटकी चिनिमाया तामाङ, उदयपुरकी मैयाँ साइली, सुर्खेतकी किसन थापा, अछामका टेक बटला, तेह्रथुमका अपिल घिसिङ, ललितपुरकी बुद्धिमाया ब्रामु र उनका ८ वर्षीय छोरालाई प्रहरीले गिरफ्तार गर्‍यो। प्रदर्शनकारीहरूले प्लेकार्ड बोकेर नाराबाजी गर्दै निषेधित क्षेत्र तोड्न थालेपछि प्रहरीले गिरफ्तार गरी प्रहरी वृत्त

तालिका ८.३.६.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण						१	१
गिफ्तारी		३	२५	२८			
कुटपिट		३	४	७		५	५
घाइते		१०	२३	३३		३	३
हत्या					४	३	७
कारागारमा मृत्यु		४	४३	४७			
अमानवीय व्यवहार		१	१	२			
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		५४	७७	१३१	३	७	१०
धम्की					१	१	२
बाल अधिकार	बेचबिखन तथा ओसारपसार				१३		१३
	बलात्कार				८		८
	हाडनाता करणी				१		१
	यौन दुर्व्यवहार				६		६
	साइबर अपराध				२०३		२०३
	जम्मा				२३१		२३१
महिला अधिकार	बेचबिखन तथ ओसारपसार प्रयास				८		८
	घरेलु हिंसा				८७		८७
	साइबर अपराध				३५३		३५३
	बलात्कार				८		८
	वैवाहिक बलात्कार				१		१
	यौन दुर्व्यवहार				१		१
	बेचबिखन तथा ओसारपसार				७		७
	बलात्कारपछि हत्या				१		१
	पारिवारिक हत्या				३		३
	जम्मा				४६९		४६९
कूल जम्मा		७५	१७३	२४८	७०८	२०	७२८

(स्रोत : इन्सेक, २०२४)

सिंहदरबारमा राखिएकोमा सोही दिन साँझ रिहा भएको अभियान्ता भण्डारीले बताइन्।

काठमाडौँ महानगरपालिका-११, बबरमहलस्थित सिंहदरबारको दक्षिणी गेटको निषेधित क्षेत्रमा विरोध प्रदर्शन गर्न पुगेका बाँकेकी ३५ वर्षीया रुबी खान, ४२ वर्षीया ललिता थारु र ४२ वर्षीया गीता चमारलाई ०८१ असोज १८ गते प्रहरीले गिरफ्तार गऱ्यो। उनीहरूलाई पाँच घण्टापछि रिहा गरेको महिला अधिकार मञ्चका सूचना अधिकारी शेर बागवनले बताए।

काठमाडौँ महानगरपालिका-११, स्थित माइतीघर मण्डलामा निर्मला कुर्मीको न्यायको माग गर्दै निरन्तर विरोध प्रदर्शन गर्दै आएकी ३५ रुबी खान, ४२ वर्षीया गीता चमार, ५० वर्षीया साँवरा रैदास, ४५ वर्षीया माकुम दर्जी, ७३ वर्षीया निशा दर्जी, ३५ वर्षीया बानी चमार, ४२ वर्षीया ललितादेवी थारु र ४३ वर्षीया सकिना तेलीलाई ०८१ कात्तिक ५ गते प्रहरीले गिरफ्तार गऱ्यो। उनीहरूलाई प्रहरी बृत्त, सिंहदरबारमा राखिएको साँझ रिहा गरिएको महिला अधिकार मञ्चका सूचना अधिकारी शेर बागवनले बताए।

सरकारले राजनीतिक प्रतिशोध साँधेको भन्दै बालुवाटारको निषेधित क्षेत्रमा विरोध प्रदर्शनमा

उत्रिएका रास्वपाका सांसद अशोककुमार चौधरी, काठमाडौँका नवराज ढकाल, सोही ठाउँका रक्षा रायमाझी, काठमाडौँ महानगरपालिका-७ का नवराज ढकाल, ताप्लेजुङ जिल्ला सभापति वीरेन्द्रकुमार श्रेष्ठ, काठमाडौँ जिल्ला सभापति प्रदीप विष्ट, ललितपुर जिल्ला सभापति बुद्धरत्न महर्जन, जयराम नेपाल, सुरेन्द्र अवाले, नवराज भण्डारी, झापाका सुरेश पोखरेल, सिन्धुपाल्चोकका ध्रुव ढकाल, सोही ठाउँका दयाराम नेपाल, सोही ठाउँका उमेश लामा, गोरखाका प्रकाश लामिछाने, सोही ठाउँका नवराज मुडबरी, गोरखाका प्रकाश लामिछाने, नुवाकोटका साहिल प्रिया, ललितपुरका सबी खड्का, भक्तपुरका शैलेन्द्र खत्री, तनहुँका खुसिराम कैनी, पुकार बम, मकवानपुर बकैया गाउँपालिका सभापति अमर दङ्गाल, हेटौँडा उपमहानगर सभापति ध्रुवबहादुर विष्ट, बौद्ध बस्ने हरिशचन्द्र लामिछाने, मकवानपुर क्षेत्रीय सभापति सुरेश थापा र केन्द्रीय सदस्य रामकृष्ण भट्टराइलाई ०८१ कात्तिक १३ गते प्रहरीले गिरफ्तार गऱ्यो। उनीहरूलाई प्रहरीले सोही साँझ रिहा गऱ्यो।

प्रहरीले लाठी चार्ज गर्दा घाइते भएका कुशलभ केसी

सहकारी बचतकर्ता संरक्षण राष्ट्रिय अभियान महासङ्घले ०८१ मङ्सिर ५ गते बचत रकम फिर्ताको माग राखी आयोजना गरेको प्रर्दशनमा सहभागी प्रदर्शनकारीहरूले काठमाडौँस्थित माइतीघर मण्डला निषेधित क्षेत्रमा प्रवेश गर्न खोजेको आरोपमा प्रहरीले लाठी चार्ज गर्दा सहकारी पीडित महासङ्घका अध्यक्ष कुशलभ केसी, हेमबहादुर श्रेष्ठ, चावहिल क्षेत्रका संयोजक सन्तोष पन्त, वृन्दा राई, कुमारी थापा, रीना गिरी, पूर्णबहादुर तामाङ, श्याम राई, शुशिला शाही, राजकुमार ढकाल, श्याम गिरी र नरबहादुर श्रेष्ठ घाइते भए। घाइतेहरू उपचार राष्ट्रिय ट्रमा सेन्टरमा उपचार भयो।

रड प्रहारबाट घाइते भएका पुण्य गौतम

गोकर्णेश्वर नगरपालिका-८ बेशीगाउँ निवासी सामाजिक सञ्जाल अभियन्ता ४६ वर्षीय पुण्यराज गौतम (विश्वास) लाई ०८१ असोज २१ गते राति फलामको रड प्रहार गरी घाइते बनाएको आरोपमा काभ्रे जिल्ला घर भई भक्तपुर च्यामासिंह बस्दै आएका ३० वर्षीय टासी लामा भनिने सञ्जीव लामालाई असोज २२ गते र रसुवा जिल्ला नवकुण्ड गाउँपालिका-५ घर भई गोकर्णेश्वर बस्दै आएका ४१ वर्षीय मिलन भन्ने दिलबहादुर गडदानलाई असोज २३ गते प्रहरीले काठमाडौँको गंगाहिटीबाट गिरफ्तार गऱ्यो। घाइते गौतमको उपचार नेपाल मेडिकल कलेज अत्तरखेलमा भयो। आरोपितद्वयलाई प्रहरीले गिरफ्तार गरी ज्यान मार्ने उद्योग कसुरमा मुद्दा दर्ता गऱ्यो। आरोपित दिलबहादुर दुर्गा प्रसाईंको 'नागरिक बचाउ महाअभियान' अन्तर्गत नागरिक प्रतिरक्षा बलका संयोजक रहेको पीडितको आरोप छ। नागरिक बचाउ महाअभियानले असोज २२ गते एक विज्ञप्ति प्रकाशित गरी घटनामा आफ्ना कार्यकर्ता संलग्न नरहेको जनायो। उनीहरूको साथबाट प्रहरीले १ थान रड र ३ थान मोबाइल बरामद गऱ्यो। जिल्ला अदालतको मङ्सिर १८ गतेको इजलासले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठायो।

काठमाडौँ महानगरपालिका-११ स्थित सर्वोच्च अदालतको बोर्डमा कालो रङ छ्यापेर विरोध प्रदर्शन गर्ने क्रममा २६ वर्षीया बिनु यादवलाई ०८१ मङ्सिर ११ गते प्रहरीले गिरफ्तार गऱ्यो। यादव लामो समयदेखि आफ्नो माग सम्बोधनका लागि प्रदर्शन र अनसन बस्दै आएकी थिइन्। अनसन बसेपछि सरकार पक्ष र उनीबीच ०८१ जेठ ११ गते चारबुँदे सहमति भएको थियो। प्रदीप कठायतले बलात्कार गरेको मुद्दाको निवेदन उपर कारबाहीका लागि गृह मन्त्रालयले महान्यायाधिवक्ताको कार्यालय पठाउने सहमति भएको थियो। आफूमाथि जबर्जस्ती करणीको उजुरी फिर्ता गर्न लगाउने तत्कालीन डिएसपी सुरज कार्कीमाथि कारबाही र अन्य विभिन्न पाँचबुँदे मागसहित यादव माइतीघर मण्डलामा सत्याग्रह बस्दै आएकी थिइन्। तर, सो समयमा भएको सहमति कार्यान्वयन नभएपछि यादवले पुनः विरोध प्रदर्शन गर्न थालेकी थिइन्।

काठमाडौँको सुन्धारास्थित फुटपाथ व्यवसायीहरू र काठमाडौँ महानगरपालिकाका नगर प्रहरीहरूबीच ०८० फागुन १९ गते साँझ झडप हुँदा १० जना नगर प्रहरी, व्यवसायी नानीमैया बस्नेत सहित चार जना फुटपाथ व्यवसायी र एक जना पत्रकार घाइते भए। घाइतेहरूको राजधानीका विभिन्न अस्पतालमा उपचार भयो। फुटपाथबाट सामान हटाउन खोज्दा झडप भएको थियो। नगर प्रहरीले अनावश्यक रूपमा यातना दिने गरेको भन्दै फुटपाथ व्यवसायीहरूले

दुई दिनसम्म घटनाको विरोधमा सुन्धारा क्षेत्रमा प्रर्दशन गरे।

काठमाडौंको शंखरापुर नगरपालिका-३ लप्सीफेदीको बोझ्‍नेनीमा नेपाल विद्युत् प्राधिकरणले बनाइरहेको सबस्टेसन र टावर विषयमा स्थानीय र प्रहरीबीच झडप हुँदा १७ जनालाई प्रहरीले गिरफ्तार गऱ्यो। उनीहरूलाई साँझ रिहा गरेको जिल्ला प्रहरी परिसरका एसपी नवराज अधिकारीले बताए। सबस्टेसन र टावर निर्माणका लागि डोजर पुग्दा स्थानीयले ढुङ्गा प्रहार गरेर अवरोध गर्न खोज्दा झडप भएको थियो। नेपाल विद्युत प्राधिकरणले शंखरापुर नगरपालिका-३ स्थित बोझ्‍नेनीमा तामाकोशी तथा सुनकोशी नदी र तिनका सहायक खोलाहरूमा निर्माण भएका तथा हुने जलविद्युत आयोजनाको विद्युत काठमाडौं उपत्यकामा ल्याउन र स्थानीय रूपमा आपूर्तिका लागि ४००/२२०/१३२/११ केभी सबस्टेसन निर्माण गर्न गरिरहेको थियो।

काठमाडौंको त्रिपुरेश्वरस्थित भन्सार विभागमा विभिन्न माग गर्दै धर्ना दिन आएका आमजनता पार्टी (आजपा) निकटको आम सम्पर्क मञ्च र प्रहरीबीच ०८१ वैशाख ३१ गते झडप भयो। झडपमा परी आजपा केन्द्रीय सदस्य चन्दादेवी साह र चन्द्रिका साह घाइते भए। घाइतेको उपचार राष्ट्रिय ट्रमा सेन्टरमा भयो। आजपाका वरिष्ठ उपाध्यक्ष एवं संविधानसभाका सदस्य तिलक थापामगर, प्रवक्ता चन्द्रभूषण साह, आजपा नेतृ एवं भन्सार कानुन सुधार सङ्घर्ष समितिकी संयोजक रञ्जु साह, नेताहरू आर्य पाण्डे, चन्द्रिकालाल साह, देवकुमारी साह, कनक सिंह, मिनादेवी साह, विरवल यादव, हरिनारायण साह, सुनिलकुमार साह, सुरेश साह, प्रभु साह, अरुणकुमार साह, शम्भु साह, वीरबहादुर यादव, सिकेन्द्र साह, जयकिशोर साह, रामकिशोर साह, उमेश साह, रामनारायण साह लगायतलाई प्रहरीले गिरफ्तार गऱ्यो। उनीहरू सोही दिन साँझ रिहा भए।

काठमाडौं महानगरपालिकाको कार्यालय घेराउ गर्न पुगेका कवाड व्यवसायी र प्रहरीबीच ०८१ असार ४ गते झडप हुँदा तीन जना घाइते भए। प्रदर्शनकारीले प्रहरीतर्फ ढुङ्गा प्रहार गरेपछि प्रहरीले लाठीचार्ज गरेको थियो। घाइतेहरूको स्वास्थ्य उपचार राष्ट्रिय ट्रमा सेन्टरमा भयो।

अपाङ्गता भएका व्यक्ति र सरकारबीच २०८० चैत १२ गते भएको सहमति कार्यान्वयनको

तालिका ८.३.६.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
महिला अधिकार	१	१

(स्रोत : इन्सेक, २०२४)

माग गर्दै अपाङ्गता भएका व्यक्तिहरूले ०८१ जेठ २ गते काठमाडौं महानगरपालिका-२८ प्रदर्शनीमार्गमा गरेको प्रदर्शनका क्रममा प्रहरीले विकास थापा, पर्वतराज विष्ट, बासुदेव यादव, सीता भण्डारी, शरण श्रेष्ठलाई गिरफ्तार गऱ्यो। सो क्रममा ऋषि ढकाल, शर्मिला बिक, बेगबहादुर तामाङ, लक्ष्मण मगर, रमेश खड्का र गीता ढकाल घाइते भए। घाइतेहरूको उपचार ट्रमा सेन्टर, काठमाडौँमा भयो। गिरफ्तार भएकाहरू सोही दिन साँझ ५ बजे रिहा गरिए।

कारागार र बन्दी

काठमाडौँ जिल्लामा जगन्नाथदेवल र डिल्लीबजार गरी दुई कारागार छन्। जगन्नाथदेवल कारागारभित्र पनि केन्द्रीय कारागार, भद्रबन्दी गृह कारागार र महिला कारागार गरी तीन ओटा क्लस्टर छुट्याइएको छ। जगन्नाथदेवलका तीन ओटै क्लस्टरका कारागारको क्षमता १ सय महिला र १ हजार ५ सय पुरुषगरी १ हजार ६ सय जनाको रहेको जेलर कृष्णबहादुर कटुवालले बताए। जसमध्ये महिला ४ सय ४८ जना र पुरुष ३ हजार ५२ जना कैदीबन्दी छन्। आश्रित बालबालिका १० जना रहेका छन्। क्षमता भन्दा बढी कैदीबन्दी हुँदा एउटै कोठामा कोचिएर बस्नुपर्ने बाध्यता छ। पुरानो तथा जीर्ण भवन चुहिने गरेको र भत्किने त्रासमा कैदी बन्दी बस्नु पर्छ। कैदीबन्दीहरू कोचिएर बस्नुपर्ने भएकाले सानोतिनो विषयमा पनि बादविवाद हुने गरेको जेलर कटुवालले बताए। कारागारमा मेडिकल अधिकृतको दरबन्दी रहेकोमा सिअहेब एक जना रहेका छन्। अस्पताल नजिकै भएकोले एक जनाले सबैको स्वास्थ्य परीक्षण गर्न सकिने पनि जेलर कटुवालले बताए।

त्यसैगरी, ३ सय जना क्षमता भएको डिल्लीबजार कारगारमा ६ सय ७६ जना कैदीबन्दी रहेका छन्। जसमा कैद तोकिएका ३ सय २३ र कैद नतोकिएका ३ सय ५३ जना पुरुष छन्। यस कारागारमा महिला कैदीबन्दी राख्ने व्यवस्था छैन भने आश्रित बालबालिका पनि नरहेको बताए। कारागारमा

कैदीबन्दीको लागि एक जना वैतनिक वकिलको व्यवस्था रहेको छ भने स्वास्थ्य उपचारको लागि एक जना स्वास्थ्यकर्मीको व्यवस्था छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

जिल्ला अदालतमा ४३ जना न्यायाधीशको दरबन्दी रहेकोमा ३८ जना कार्यरत छन्। अदालतमा देवानी मुद्दातर्फ १० हाजर २ सय ७ थान मुद्दामध्ये ५ हजार १ सय ६७ थान फैसला भए। फौजदारी मुद्दातर्फ १५ हजार ९ सय ७४ थान मुद्दामध्ये ५ हजार ८ सय ६२ थान फैसला भए। दुई वर्ष नाघेका १ हजार ५ सय १८ थान मुद्दा रहेको अदालतका सूचना अधिकारी दीपककुमार श्रेष्ठले बताए।

सर्वोच्च अदालत

२१ जना न्यायाधीशको दरबन्दी रहेको सर्वोच्च अदालतमा चार न्यायाधीशको पद रिक्त छ। सर्वोच्च अदालतमा ०८० भदौ ७ गते र उच्च अदालतहरूमा ०८० पुस ८ गतेदेखि स्वचालित पेसी तारिख व्यवस्थापन प्रणाली लागु गरिएको सर्वोच्च अदलातले जनायो। ०८० असोज २२ गतेदेखि काठमाडौँ जिल्ला अदालतमा नमूनाका रुपमा दुई ओटा पारिवारिक इजलासको गठन गरी कामकारबाही गर्दै आएको अदालतले जनायो।

बाल अधिकार

यस वर्ष काठमाडौँ जिल्लामा बलात्कार घटनामा आठ, हाडनाता करणी घटनामा एक, यौन दुर्व्यवहार घटनामा ६ र साइबर अपराधका घटनामा २ सय ३ गरी २ सय ३१ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा १ हजार ३ सय ६१ आधारभूत र १ हजार १ सय २५ माध्यमिक विद्यालय छन्। यस वर्ष जिल्लामा आधारभूत तहमा१ लाख ६९ हजार ९ सय ४९ बालक र १ लाख ७५ हजार २ सय ११ बालिका गरी ३ लाख ४५ हजार १ सय ६० बालबालिका विद्यालय भर्ना भए।

काठमाडौँ महानगरपालिकाले 'किताबमुक्त शुक्रबार' कार्यक्रममार्फत नगर भित्रका सामुदायिक विद्यालयहरूका आधारभूत तहमा प्रत्येक शुक्रबार सीप, उद्यमशीलता, खेलकुद, सङ्गीत, कला तथा नेतृत्व विकासका लागि प्रशिक्षण कार्यक्रम सञ्चालनमा ल्याएको छ भने माध्यमिक विद्यालयका विद्यार्थीका लागि शिक्षासँग सीप कार्यक्रममार्फत विभिन्न खालका जीवनउपयोगी तालिमहरू सञ्चालनमा ल्याएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ९ सय १० जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये पतिपत्नी झैँझगडा मात्रै नभएर सबै खालका झगडा ७ सय १, विवाह दर्ता नगरेका ९७ र अन्य हिंसा (भन्नाले घरबेटीले भाडा समयमै दिएन भनेर गाली गलौज गरेको) ३ सय ७० उजुरी आएकोमा अन्य निकायमा नपठाइ जिल्लाबाट नै छिनोफानो गरेको प्रहरी परिसर काठमाडौँले जनायो।

यो वर्ष काठमाडौँ जिल्लामा बलात्कारका घटनामा आठ, वैवाहिक बलात्कार घटनामा एक, यौन दुर्व्यवहारका घटनामा एक, बेचबिखन तथा ओसारपसार प्रयास घटनामा आठ, बेचबिखन तथा ओसारपसार घटनामा सात, साइबर अपराधका घटनामा ३ सय ५३ र घरेलु हिंसाका घटनामा ८७ गरी ४ सय ६५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। परिवारबाट तीन जना महिलाको हत्या भयो। बलात्कारपछि एक जना महिलाको हत्या भयो।

पारिवारिक हत्या

ओखलढुङ्गा जिल्लाको सिद्धिचरण नगरपालिका-३ घर भई काठमाडौँ महानगरपालिका-६ भुगोलडाँडाकी ३२ वर्षीय अनिसा परियारलाई ०८१ वैशाख १८ गते कुटपिट गरी हत्या गरेको आरोपमा पति ३५ वर्षीय सन्तोष परियारविरुद्ध पीडित पक्षले वैशाख १९ गते प्रहरी वृत्त, बौद्धमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख १९ गते गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम त्रिवि शिक्षण अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जेठ १७ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ १८ गतेको इजलासले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठाउने आदेश गऱ्यो।

सोलखुम्बुको दूधकुण्ड घर भई काठमाडौ जिल्लाको नागार्जुन नगरपालिका-६ भैरवटोलमा बस्दै

आएकी ३८ वर्षीया ईश्वरी श्रेष्ठ, निजकी आठ वर्षीया छोरी अनिशा श्रेष्ठ र साढे दुई वर्षकी नातिनी सिवानी श्रेष्ठको राजु घिमिरे भन्ने काजी बिकले हत्या गरेको जिल्ला प्रहरी परिसर, काठमाडौंका प्रवक्ता तथा एसपी नवराज अधिकारीले जानकारी दिए। हत्या घटनाका आरोपित ईश्वरीका श्रीमान् राजु घिमिरे भनिने काजी विकको शव पनि घरभन्दा केही पर जङ्गलमा झुन्डिएको अवस्थामा फेला परेको एसपी अधिकारीले बताए। शवको त्रिवि अस्पताल, महाराजगञ्जमा फागुन ९ गते पोष्टमार्टम गरियो ।

बलात्कार

२४ वर्षीया महिलालाई ०८१ भदौ २९ गते राति बलात्कार प्रयास गरेको भन्दै प्रहरी वृत्त, लैनचौरमा कार्यरत ३५ वर्षीय सहायक हवल्दार अनिलकुमार दाहालविरुद्ध पीडितले भदौ ३० गते प्रहरी वृत्त, लैनचौरमा उजुरी दिइन्। आरोपिलाई प्रहरीले भदौ ३० गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण थापाथली अस्पतालमा भयो। काठमाडौँ जिल्ला न्यायाधीश पिताम्बर शर्माको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो।

बलात्कारपछि हत्या

धादिङ जिल्ला गजुरी गाउँपालिका-४ घर भई काठमाडौँको चन्द्रागिरी नगरपालिका- ११, सतुंगलमा डेरा लिएर बस्तै आएकी १७ वर्षीया सरिता तामाङलाई ०८१ मङ्सिर २८ गते राति बलात्कारपछि हत्या गरेको आरोपमा २६ वर्षीय विश्वास तामाङविरुद्ध पीडित परिवारले पुस ४ गते जिल्ला प्रहरी परिसर, काठमाडौँमा उजुरी दियो। आरोपित तामाङ्लाई प्रहरीले काठमाडौँ महानगरपालिका-१४ खड्कागाउँस्थित डेराबाट पुस ३ गते गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम पुस ३ गते त्रिवि शिक्षण अस्पताल महराजगञ्जमा भयो। आरोपितले बलात्कार गरेपछि पीडितले प्रतिकार गर्दा पोल खुल्ने डरले पीडितको घाँटी थिची पलङमा टाउको ठोकाएर हत्या गरेको देखिएको जिल्ला प्रहरी परिसर, काठमाडौंका प्रमुख एसएसपी वसन्त रजौरेले बताए। प्रहरीले आरोपित विरुद्ध पुस २५ गते जिल्ला सरकारी वकिलको कार्यलय मार्फत जिल्ला अदालत काठमाडौँमा जबरजस्ती करणी, कर्तव्य ज्यान र डाँका चोरी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको पुस २८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो।

साइबर अपराध

१८ वर्षीया युवतीलाई सामाजिक सञ्जालमार्फत दुर्व्यवहार गरेको आरोपमा सङ्खवासभाको चिचिला गाउँपालिका-२ का ३२ वर्षीय केशरमान राईलाई प्रहरीले ०८० माघ २ गते गिरफ्तार गऱ्यो। आरोपितले फेसबुक, युट्युव लगायत सामाजिक सञ्जालबाट पीडितको नाम, ठेगाना र फोटो दुरुपयोग गरेर चरित्रहत्या गरेको भन्दै पीडित पक्षले पुस २६ गते प्रहरी प्रधान कार्यालयको साइवर ब्युरो, भोटाहिटीमा उजुरी दिएको थियो। पीडित पक्षको उजुरीका आधारमा आरोपितलाई माघ २ गते जिल्ला प्रहरी कार्यालय, सङ्खुवासभाको सहयोगमा गिरफ्तार गरेको नेपाल प्रहरीको साइवर ब्युरो, भोटाहिटीका एसपी पशुपतिकुमार रायले बताए।

२७ वर्षीया महिलाको गोप्य तस्बिर र भिडियो आफन्तलाई पठाएको आरोपमा धादिङको त्रिपुरासुन्दरी गाउँपालिका-५ घर भइ काठमाडौं गुर्जुधारा बस्दै आएका ३१ वर्षीय रोशन भण्डारीलाई मङ्सिर २४ गते प्रहरीको केन्द्रीय साइबर ब्यूरोको टोलीले गिरफ्तार गरेको केन्द्रीय अनुसन्धान ब्यूरोका सूचना अधिकारी विश्व अधिकारीले बताए। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत अनुसन्धान सकेर अदातल पेस गरिने सूचना अधिकारीले बताए। यो वर्षको अन्त्यसम्म आरोपित काठमाडौँ प्रहरी परिसरको हिरासतमा रहे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

नेपाल टेलिकममा कार्यरत २९ जना कर्मचारीलाई बिना सूचना ०८१ कात्तिक १२ गते निष्काशन गरेको भन्दै बबरमहलस्थित टेलिकमको कार्यालय आगडि प्रदर्शनमा उत्रिएका १६ जनालाई प्रहरीले कात्तिक २५ गते गिरफ्तार गऱ्यो। गिरफ्तार भएकाहरूमा २६ वर्षीया सम्झना लामा, ४९ वर्षीया लक्ष्मी थापा, ४७ वर्षीया बिमला वाग्ले, ३६ वर्षीया पार्वती थपालिया, ४९ वर्षीया सान थापा मगर, ५० वर्षीया सरस्वती पोखरेल,४२ वर्षीया सानी काली बोहरा, ३६ वर्षीया चौलागाई, ३६ वर्षीया मन्दिरा आर्चाय, ४० वर्षीया लक्ष्मी थापा मगर, ३४ वर्षीया रमा बोगटी ३१ वर्षीया गोमा गौतम, ३० वर्षीया तारा घिमिरे र ३१ वर्षीया अनिशा अधिकारी रहेका थिए। आन्दोलनका क्रममा प्रहरीले चार जनालाई कुटपिट गरी घाइते बनाएको थियो। घाइते हुनेमा मूलपानीकी ३७ वर्षीया धनु दाहाल, एकान्तकुनाकी ४९ वर्षीया लक्ष्मी सारु मगर, सितापाइलाकी ३६ वर्षीया सावित्रा चौलागाई र

सोही ठाउँकी ३४ वर्षीया रमा बोगटी थापा रहेको थियो। घाइतेहरूको उपचार कात्तिक २५ गते वीर अस्पतालमा भयो। गिरफ्तार गरिएकाहरूलाई प्रहरीले जिल्ला प्रहरी परिसरमा राखेर कात्तिक २५ गते साँझ ७ बजे रिहा गर्‍यो। राजनीतिक आस्थाका आधारमा आफूहरूलाई बिना सूचना र बिना सेवासुविधा कामबाट हटाएको भन्दै निष्कासित कर्मचारीले कात्तिक १४ गतेबाट बबरमहलस्थित टेलिकमको कार्यालयमा धर्ना बस्दै आएका थिए। शान्तिपूर्ण धर्नामा बसेका मजदुरमाथि धरपकड भएपछि संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटीयूसीसी) ले प्रेस विज्ञप्ति जारी गरी गम्भीर ध्यानाकर्षण भएको र कुटपिटमा संलग्न प्रहरीलाई कारबाही गर्न माग गर्‍यो।

वातावरण र मानव अधिकार

बसाइँसराइ

काठमाडौँमा यो वर्ष १३ हजार ५ सय ८६ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन् ।

स्रोत : स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

काठमाडौँमा एक ओटा इँटाभट्टा रहेको छ भने सिमेन्ट उद्योग स्थापना भएको छैन ।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष काठमाडौँमा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी परिसर

खानेपानी

काठमाडौँमा ५ लाख ४२ हजार ८ सय ९२ घरपरिवार सङ्ख्या रहेका छन् । जसमा ४६ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा १ हजार ३ सय ५ ओटा सार्वजनिक शौचालय रहेका छन् ।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा २१ सरकारी अस्पताल, ४१ क्षयरोग उपचार केन्द्र, दुई प्राथमिक स्वास्थ्य सेवा केन्द्र, ५८ स्वास्थ्य चौकी, १५ आधारभूत स्वास्थ्य सेवा केन्द्र र ६६ शहरी स्वास्थ्य केन्द्र रहेका छन्। त्यसैगरी, जिल्लामा आयुर्वेद केन्द्र एक, आयुर्वेद औषधालय सात रहेको स्वास्थ्य कार्यालयका प्रमुख बसन्त अधिकारीले बताए।

तालिका ८.३.६.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार			१३	१३
बलात्कार	१	३	५	९
यौन दुर्व्यवहार			६	६
साइबर अपराध	२७	७९	९७	२०३
जम्मा	२८	८२	१२१	२३१

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार प्रयास				८	८
साइबर अपराध		७५	५१	२२७	३५३
घरेलु हिंसा	४८	१३	२३	३	८७
बलात्कार				९	९
यौन दुर्व्यवहार				१	१
बलात्कार पछि हत्या			१		१
बेचबिखन तथा ओसारपसार		३		४	७
पारिवारिक हत्या			१	२	३
जम्मा	४८	९१	७६	२५४	४६९

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	कानुनी दायरामा नल्याइएका	जम्मा
हत्या	२	४	१	७

(स्रोत : इन्सेक, २०२४)

८.३.७ भक्तपुर



जम्मा जनसङ्ख्या	४,३२,१३२
महिला	२,१३,७१४
घर परिवार सङ्ख्या	१,०८,४०६
घरजग्गामा महिलाको स्वामित्व	२८,३१३
साक्षरता प्रतिशत	८७.९६
आश्रित जनसङ्ख्या	१,६४,६११
अपाङ्गता भएका	५,९७०

यस वर्ष भक्तपुर जिल्लामा ज्यादतीका घटनामा १ सय १९ जना महिला र आठ जना पुरुष गरी १ सय २७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ४२ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ७६ जना महिला पीडित भए।

बाल सुधार गृह

व्यवस्थापन विभाग मातहत र न्यूनतम सुविधाविहीन बालबालिकाका लागि शैक्षिक कार्यक्रम (युसेप) नेपालको व्यवस्थापनमा मध्यपुर थिमी नगरपालिका-२ सानोथिमीमा २०५८ सालदेखि बाल सुधार गृह सञ्चालन हुँदै आएको छ। १ सय जना बालकको क्षमता रहेको बाल सुधार गृहमा २ सय २० जना बालक र ३७ जना बालिका छन्। जसमा १ सय ३२ बालक र १० जना बालिका कैद तोकिएका तथा आठ जना बालक र १६ जना बालिका कैद नतोकिएका छन्। बाल सुधार गृहमा आउने बालबालिका १८ वर्ष मुनिका मात्र भए पनि अदालतको आदेश नआएको तथा ऐन कानुनले पनि नखुलाएकोले हाल यस सुधार गृहमा १८ वर्षभन्दा माथिका ४६ जना रहेका छन्। सुधार गृहमा पठनपाठनको सुविधा पनि भएकाले ६ जना शिक्षकको व्यवस्था रहेको र कक्षा १० सम्म सुधार गृहमा नै अध्ययन सुविधा रहेको छ। औषधी उपचारको लागि कारागारबाट पाउने सेवा बन्द भए पनि बीमाबाट गराउने गरिएको र बीमाबाट नहुने उपचार परिवारजनको आर्थिक सहयोगमा गराउने गरिएको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा सात जना न्यायाधीशको दरबन्दी रहेको छ भने दुई जना काजमा गरेर नौ जना न्यायाधीश कार्यरत छन्। यो वर्ष जिल्ला अदालतमा देवानी मुद्दातर्फ २ हजार ७ सय २ थान मुद्दामध्ये ९ सय १० थान फैसला भए। फौजदारी मुद्दातर्फ ३ हजार २ सय ५ थान मुद्दामध्ये ८ हजार ५४ थान फैसला भए। दुई वर्ष नाघेका ३ सय १६ थान मुद्दा रहेको अदालतका स्रेस्तेदार छुनु श्रेष्ठले बताइन्।

बाल अधिकार

यस वर्ष भक्तपुर जिल्लामा बलात्कार घटनामा ३३, यौन दुर्व्यवहार घटनामा पाँच, बालविवाहका एक र बेचबिखन तथा ओसारपसार घटनामा दुई गरी ४इ बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। एक नवजात शिशुको हत्या भयो।

शिक्षाको अवस्था

जिल्लामा १ सय ३१ बाल विकास केन्द्र, ७१ आधारभूत र ४८ माध्यमिक विद्यालय छन्। यो वर्ष भक्तपुरमा २५ हजार ६ सय ४१ जना बालक र २४ हजार १ सय ४३ जना बालिका गरी ४९ हजार ७ सय ८४ बालबालिका विद्यालयमा भर्ना भए। अपाङ्गतामैत्री विद्यालय चार छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ५८ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये झैझगडाका ५६ उजुरीमा मेलमिलाप भयो भने दुई उजुरी अनुसन्धानमा रहेको सेवा केन्द्रका प्रहरी हवल्दार अमृता भण्डरीले बताइन्। अन्य १ सय २९ उजुरी आएको भण्डारीले बताइन्।

यो वर्ष भक्तपुर जिल्लामा बलात्कारका घटनामा १२, यौन दुर्व्यवहार घटनामा तीन र घरेलु हिंसाका घटनामा ६० गरी ७५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बलात्कारपछि हत्याका घटनामा एक जना महिलाको मृत्यु भयो।

वातावरण र मानव अधिकार

बसाइँसराइ

भक्तपुरमा यो वर्ष १ हजार २ सय ५७ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत : स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

भक्तपुरमा ६३ ओटा इँटाभट्टा रहेका छन्।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष भक्तपुरमा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

भक्तपुरमा १ लाख ८ हजार ४ सय ६ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ५० प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

तालिका ८.३.७.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
बाल अधिकार	१	१

(स्रोत : इन्सेक, २०२४)

तालिका ८.३.७.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
हत्या		२	७	९
बाल अधिकार	बालविवाह	१		१
	बेचबिखन तथा ओसारपसार	२		२
	बलात्कार	३३		३३
	यौन दुर्व्यवहार	५		५
	नवजात शिशुको हत्या		१	१
	जम्मा	४१	१	४२
महिला अधिकार	घरेलु हिंसा	६०		६०
	बलात्कार	१२		१२
	यौनदुर्व्यवहार	३		३
	बलात्कारपछि हत्या	१		१
	जम्मा	७६		७६
कूल जम्मा		११९	८	१२७

(स्रोत : इन्सेक, २०२४)

सार्वजनिक शौचालय

जिल्लामा १ सय ७८ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा सरकारी अस्पताल सात, क्षयरोग उपाचार केन्द्र १९, प्राथमिक स्वास्थ्य सेवा केन्द्र एक, स्वास्थ्य चौकी २०, आधारभूत स्वास्थ्य सेवा केन्द्र एक, सामुदायिक स्वास्थ्य इकाइ दुई, जिल्ला आयुर्वेद केन्द्र एक, आयुर्वेद औषधालय चार रहेको जनस्वास्थ्य कार्यालय भक्तपुरका सूचना अधिकारी दीपक अछामीले बताए।

तालिका ८.३.७.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बालविवाह		१	१
बेचबिखन तथा ओसारपसार	१	१	२
बलात्कार	८	२५	३३
यौन दुर्व्यवहार	१	४	५
नवजात शिशुको हत्या	१		१
जम्मा	११	३१	४२

महिला अधिकार					
घटनाको प्रकार	**मेलमिलाप**	**अपूर्ण**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा	४८	२	५	५	६०
बलात्कार			३	९	१२
यौन दुर्व्यवहार			१	२	३
बलात्कारपछि हत्या				१	१
जम्मा	४८	२	९	१७	७६

मारिएकाको घटना सङ्ख्या				
घटनाको प्रकार	**मुद्दा टुङ्गिएका**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
हत्या	१	५	३	९

(स्रोत : इन्सेक, २०२४)

८.३.८ ललितपुर

जम्मा जनसङ्ख्या	५,५१,६६७
महिला	२,७४,५३६
घर परिवार सङ्ख्या	१,४०,१३०
घरजग्गामा महिलाको स्वामित्व	३६,२२२
साक्षरता प्रतिशत	८८.०८
आश्रित जनसङ्ख्या	२,११,५७८
अपाङ्गता भएका	७,९५४



यस वर्ष ललितपुर जिल्लामा ज्यादतीका घटनामा ९३ जना महिला र २३ जना पुरुष गरी १ सय १६ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ४९ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ४४ जना महिला पीडित भए।

कारागार र बन्दी

नक्खु कारागारको क्षमता ७ सय जनाको रहेको छ। कारागारमा १ हजार ३ सय ७८ जना कैदीबन्दी छन्। कारागारमा स्वदेशी ५ सय ६ जना बन्दी र ७ सय ४७ जना कैदी तथा विदेशी कैदी ८९ जना र बन्दी ४२ जना छन्। कारागारमा जटिल मानसिक रोगी ८९ जना र सामान्य मानसिक रोगी ३ सय १६ जना छन्। देशभरका मानसिक स्वास्थ्य भएका कैदीहरूलाई नख्खु कारागारमा पठाउने गरिएकाले पनि मानसिक समस्या भएका कैदीबन्दीको सङ्ख्या बढी भएको कारागार प्रमुख भीम कोइरालाले बताए। कैदीबन्दीको नियमित स्वास्थ्य परीक्षणका लागि कारागारमा दुई जना स्वास्थ्यकर्मीको दरबन्दी छ। कारागारमा ६० वर्ष उमेर पुगेका ३५ जना कैदी रहेको कारागार प्रमुख कोइरालाले बताए।

बाल अधिकार

यस वर्ष ललितपुर जिल्लामा बलात्कार घटनामा २८, यौन दुर्व्यवहार घटनामा आठ, हाडनाता करणी घटनामा दुई र बेचबिखन तथा ओसारपसार घटनामा ११ गरी ४९ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

ललितपुरमा सामुदायिकतर्फ १ सय १ आधारभूत र ७७ माध्यमिक विद्यालय र संस्थागततर्फ १ सय २९ आधारभूत र २ सय ८ माध्यमिक विद्यालय रहेका छन्। यस वर्ष जिल्लामा ६८ हजार १ सय ५६ बालक र ६२ हजार ७ सय ८१ जना बालिका भर्ना भए। भर्ना भएकामध्ये ३ हजार ४ सय १ जना दलित बालक र ३ हजार ५६ बालिका छन्। जिल्लामा पाटन मावि र आदर्श सौल युवक मावि गरी दुई अपाङ्गमैत्री विद्यालय रहेका छन्। मुलुककै पहिलो साक्षर जिल्ला घोषणा भएको ललितपुरको साक्षरता ८८.०८ प्रतिशत रहेको जनगणना ०७८ मा उल्लेख छ।

बलात्कार

१७ वर्षीया बालिकालाई ०८१ जेठ १७ गते बलात्कार गरेको आरोपमा महालक्ष्मी नगरपालिका-२ का २६ वर्षीय सन्दीप भन्ने पुकार चौधरीलाई प्रहरीले जेठ १८ गते गिरफ्तार गऱ्यो । जिल्ला अदालतले ०८१

तालिका ८.३.८.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		२	६	८
घाइते		१	३	४
हत्या		१	१०	११
बाल अधिकार	बेचबिखन तथा ओसारपसार	८	३	११
	बलात्कार	२८		२८
	यौन दुर्व्यवहार	७	१	८
	हाडनाता करणी	२		२
	जम्मा	४५	४	४९
महिला अधिकार	घरेलु हिंसा	१९		१९
	साइबर अपराध	१		१
	दाइजोजनित हिंसा	२		२
	बलात्कार	१४		१४
	बलात्कार प्रयास	१		१
	बेचबिखन तथा ओसारपसार	३		३
	वैवाहिक बलात्कार	२		२
	पारिवारिक हत्या	२		२
	जम्मा	४४		४४
कूल जम्मा		९३	२३	११६

(स्रोत : इन्सेक, २०२४)

पुस ४ गते अरोपितलाई कसुरदार ठहर गर्दै १० वर्ष कैद र २ लाख रुपियाँ जरिबाना गर्ने फैसला सुनायो ।

१४ वर्षीया बालिकालाई ०८१ वैशाख ९ गते बलात्कार गरेको आरोपमा ललितपुर महानगरपालिका-२८, सेतीपाखा बस्ने १७ वर्षीय सविन लामालाई प्रहरीले वैशाख ३० गते प्रहरीले गिरफ्तार गर्‍यो। जिल्ला अदालतले ०८१ मङ्सिर २७ गते आरोपितलाई कसुरदार ठहर गर्दै १२ वर्ष कैद र ३ लाख रुपियाँ जरिवाना गर्ने फैसला सुनायो।

११ वर्षीया बालिकालाई ०८१ असोज ३ गते बलात्कार गरेको आरोपमा ५० वर्षीय बाबुविरुद्ध पीडित पक्षले असोज ४ गते प्रहरी वृत्त सातदोबाटोमा उजुरी दियो। आरोपितलाई प्रहरीले असोज ४ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतको पुस ४ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै १० वर्ष कैद र २ लाख रुपियाँ जरिबानाको फैसला सुनायो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

जिल्ला अदालतमा सात जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा सबै कार्यरत छन्। यो वर्ष दर्ता भएका फौजदारी मुद्दातर्फ २ हजार ३ सय २६ थान मध्ये ५ सय ४३ थान मुद्दा फैसला भए । देवानी मुद्दातर्फ २ हजार १ सय ७६ थान मुद्दा मध्ये २ हजार ५६ थान मुद्दा फैसला भए। यस अदालतमा ३४ थान रिट र ३० थान मुद्दा पुनरावेदन भए भने १८ महिना नाघेका ५ सय ४३ थान फौजदारी मुद्दा बाँकी छन् भने ५ सय ७६ थान देवानी मुद्दा बाँकी छन् ।

उच्च अदालत पाटन

३६ जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालतमा २५ जना न्यायाधीश कार्यरत छन् भने चार जना विशेष अदालतमा काजमा कार्यरत छन्। यस वर्षका लागि दुनियावादी देवानीका २ हजार १ सय ७ थान, दुनियावादी फौजदारीका ७ सय ८० थान, सरकारवादी फौजदारीका १ हजार ७ सय ३ थान र सुरू क्षेत्राधिकारबाट १ सय ७७ थान मुद्दा जिम्मेवारी सरेका थिए। यो वर्ष दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ २ हजार ७ सय ९५ थान, रिट क्षेत्राधिकारतर्फ ३ हजार २ सय ६१ उजुरी परे। अघिल्लो वर्षका जिम्मेवारी सरेका समेत ४ हजार ५ सय ८७ थान मुद्दा फैसला भए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भएका भन्दै २ सय २३ जना महिलाले महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये १ सय ९९ सय उजुरीमा मेलमिलाप भयो भने १९ उजुरी ललितपुर जिल्ला अदालतमा दर्ता भए। पाँच उजुरी छलफल प्रक्रियामा रहेको केन्द्रका प्रहरी निरीक्षक सपना पौडेलले बताइन्।

यो वर्ष ललितपुर जिल्लामा बलात्कारका घटनामा १४, बलात्कार प्रयासका घटनामा एक, बैवाहिक बलात्कारका घटनामा दुई, साइबर अपराधका घटनामा एक, दाइजोजनित हिंसाका घटनामा दुई, बेचबिखन तथा ओसारपसार घटनामा तीन र घरेलु हिंसाका घटनामा १९ गरी ४२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। परिवारबाट दुई जना महिलाको हत्या भयो ।

वातावरण र मानव अधिकार

बसाइँसराइ

ललितपुरमा यो वर्ष ३ हजार २ सय २७ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत : स्थानीय तहका पञ्जीकरण शाखा

इटाभट्टा र सिमेन्ट उद्योग

जिल्लामा १४ ओटा इटाभट्टा सञ्चालनमा छन्।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

ललितपुरमा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

ललितपुरमा ८३ हजार ६ सय २२ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ४४ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा २ सय ४७ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

तालिका ८.३.८.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
महिला अधिकार	१	१

(स्रोत : इन्सेक, २०२४)

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक स्वास्थ्य विज्ञान प्रतिष्ठान, एक केन्द्रीयस्तरको ५० शैयाको मानसिक अस्पताल, एक प्रदेशस्तरीय अस्पताल र दुई स्थानीय तहस्तरका अस्पताल छन्। जिल्लाभर २३ निजी अस्पताल, ३८ स्वास्थ्य चौकी, दुई स्वास्थ्य एकाइ, सात नगर स्वास्थ्य केन्द्र, एक परिवार नियोजन संस्थागत क्लिनिक, चार प्राथमिक स्वास्थ्य केन्द्र र १३ आधारभूत स्वास्थ्य केन्द्र रहेका छन्। जिल्लाका १६ हजार २ सय ५७ जनाले स्वास्थ्य बीमा गरेको स्वास्थ्य बीमा बोर्ड जिल्ला सम्पर्क कार्यालय ललितपुरका संयोजक सुष्मा आचार्यले जानकारी दिइन्।

तालिका ८.३.८.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार		१०		१	११
बलात्कार	३	४	१	२२	३०
यौन दुर्व्यवहार		३	१	४	८
जम्मा	३	१७	२	२७	४९

महिला अधिकार

घटनाको प्रकार	अपूर्ण	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		१९	१९
साइबर अपराध		१	१
दाइजोजनित हिंसा		२	२
बलात्कार	६	१०	१६
बलात्कार प्रयास		१	१
बेचबिखन तथा ओसारपसार		३	३
पारिवारिक हत्या		२	२
जम्मा	६	३८	४४

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	११	११

(स्रोत : इन्सेक, २०२४)

८.३.९ काभ्रेपलाञ्चोक

जम्मा जनसङ्ख्या	३,६४,०३९
महिला	१,८५,१३०
घर परिवार सङ्ख्या	९१,३३०
घरजग्गामा महिलाको स्वामित्व	१८,८४४
साक्षरता प्रतिशत	७५.६८
आश्रित जनसङ्ख्या	१,६१,२७५
अपाङ्गता भएका	८,५९३

यस वर्ष काभ्रे जिल्लामा ज्यादतीका घटनामा २ सय ७६ जना महिला र ७२ जना पुरुष गरी ३ सय ४८ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ४४ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २ सय ७ जना महिला पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ८५ जनाको रहेको छ। कारागारमा २ सय ७७ जना पुरुष कैदीबन्दी छन्। जसमा कैद तोकिएका ९२ र कैद नतोकिएका १ सय ८५ जना छन्। यहाँ क्षमताभन्दा बढी कैदीबन्दी भएकाले तीन जनालाई टेण्टमा राखिएको छ। यहाँ महिला र बालबालिकालाई राख्ने गरिएको छैन। कैदी बन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि अहेवले सेवा प्रदान गर्दै आएका छन्। कारागारमा नौ जनाले जटिल मानसिक रोगको औषधी उपचार गराइरहेका छन्। कारागारमा सात जना पुरुष ज्येष्ठ नागरिक रहेको कारागार प्रमुख जीवन निरौलाले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा तीन जना न्यायाधीशको दरबन्दी रहेको छ। अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ ८ सय १४ थान मुद्दा दर्ता भएकामध्ये ६ सय ८६ थान फैसला भए। देवानी मुद्दातर्फ १ हजार २ सय ३१ थान मुद्दा दर्ता भएकामा ८ सय १९ थान मुद्दा फैसला भए। अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा २८ थान र पाँच वर्ष नाघेको एक थान पुराना मुद्दा फैसला हुन बाँकी छन्। अदालतमा सेवाग्राही कार्डको व्यवस्था, मेलमिलापकर्ता र परामर्शदाताको व्यवस्था, साङ्केतिक भाषा, तामाङ र नेवारी भाषामा दोभाषेको व्यवस्था, वैतनिक वकिल, नि:शुल्क कानुनी सहायता, बाल विशेषज्ञ र मनोविज्ञको व्यवस्था रहेको अदालतका स्रेस्तेदार कर्णबहादुर राईले बताए।

बाल अधिकार

यस वर्ष काभ्रे जिल्लामा बलात्कार घटनामा ३१, यौन दुर्व्यवहार घटनामा ९, हाडनाता करणी घटनामा तीन र बालविवाहका घटनामा एक गरी ४४ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा ४ सय ९० बाल विकास केन्द्र, सामुदायिकतर्फ आवासीय विद्यालय ३ सय ६९, संस्थागततर्फ आवासीय विद्यालय २६, सामुदायिक क्याम्पस १६, प्राविधिक धारतर्फ बाली विज्ञान, सिई, पशु विज्ञान र कम्प्युटर विज्ञान पढाइ हुने आठ, सामुदायिक सिकाइ केन्द्र २५ र सामुदायिकतर्फ १ सय ४९ माध्यमिक विद्यालय, संस्थागत ७६ माध्यमिक विद्यालय, निजी तर्फका तीन क्याम्पस र प्राविधिक धार

तालिका ५.३.९.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
अपहरण			३	३
कुटपिट		४	१८	२२
अमानवीय व्यवहार		१५	३९	५४
घाइते		१	४	५
हत्या		६	६	१२
धम्की			१	१
जातीय विभेद			१	१
बाल अधिकार	बालविवाह	१		१
	बलात्कार	३१		३१
	यौन दुर्व्यवहार	८	१	९
	हाडनाता करणी	३		३
	जम्मा	४३	१	४४
महिला अधिकार	घरेलु हिंसा	१८५		१८५
	बलात्कार	९		९
	बलात्कार प्रयास	३		३
	बेचबिखन तथा ओसारपसार	४		४
	बेचबिखन तथा ओसारपसार प्रयास	१		१
	यौन दुर्व्यवहार	१		१
	हाडनाता करणी	१		१
	बलात्कारपछि हत्या	१		१
	सामूहिक बलात्कार	१		१
	वैवाहिक बलात्कार	१		१
	जम्मा	२०७		२०७
कूल जम्मा		२६६	८२	३४८

(स्रोत : इन्सेक, २०२४)

(सिटिइभिटी) बाट नर्सिङ, इन्जिनियरिङ, बालीविज्ञान र कम्प्युटर इन्जिनियरिङ पढाइ हुने आठ ओटा विद्यालय सञ्चालनमा रहेका छन्।

सामुदायिक विद्यालयतर्फ २ हजार ७ सय २१ दलित छात्रा र २ हजार ४ सय ५० दलित छात्र सहित २७ हजार ५६ छात्रा र २५ हजार ७ सय ९८ छात्र अध्ययनरत छन्। जिल्लामा ३ हजार ३ सय ९५ छात्रा र ३ हजार १ सय ६१ छात्र गरी ६ हजार ५ सय ५६ दलित बालबालिका भर्ना भए। यसवर्ष सामुदायिक र संस्थागत विद्यालयहरूमा ७१ हजार ४ सय ६८ छात्रा र ४४ हजार ९ सय ९८ छात्र गरी १ लाख १६ हजार ४ सय ६६ जना बालबालिका विद्यालयमा भर्ना भए। स्थानीय तह नै पिच्छे फरकफरक शिक्षासम्बन्धी कानुन बनेका र सरुवा बढुवामा राजनीतिक चलखेल बढी हुने भएकाले समस्याहरू देखिएको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख देवका ढकालले बताइन्।

बलात्कार, यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई ०८० चैत १९ गते यौन दुर्व्यवहार गरेको आरोपमा रोल्पाको रुण्टिगढी गाउँपालिका-३ जवाङका ५२ वर्षीय देवीराम दमाइलाई प्रहरीले चैत १९ गते गिरफ्तार गऱ्यो। पीडितका आफन्तले चैत २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। जिल्ला अदालतको २०८१ कात्तिक १२ गते इजलासले आरोपितलाई कसुरदार ठहर गरी सजाय निर्धारणका लागि पेश गर्न आदेश भयो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा भएको भन्दै १ सय ८५ जनाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गरे। १ सय २५ उजुरीमा मेलमिलाप भए भने ५९ उजुरीकर्ता सम्पर्कमा आएनन्। एक उजुरीकर्ता अदालत जाने सहमति भएको सेवा केन्द्रले जनायो।

यो वर्ष काभ्रे जिल्लामा बलात्कारका घटनामा नौ, बलात्कार प्रयास घटनामा तीन, हाडनाता करणी घटनमा एक, बैवाहिक बलात्कार घटनामा एक, सामूहिक बलात्कार घटनामा एक, बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा एक, बेचबिखन तथा ओसारपसारका घटनामा चार र घरेलु हिंसाका घटनामा १ सय ८५ गरी २ सय ६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बलात्कारपछि हत्याका घटनामा एक जना महिलाको मृत्यु भयो ।

बलात्कारपछि हत्या

नवलपरासी पूर्व जिल्ला देवचुली नपा-९ घर भई काठमाडौं ३२ बस्ने २२ वर्षीया महिलालाई ०८० पुस २४ गते काठमाडौंबाट मोटरसाइकलमा धुलिखेल नपा-७ स्थित एक होटलमा पुऱ्याएर बलात्कार गरी बेलुका भक्तपुर जिल्ला सूर्यविनायक नपा-९ पलासेस्थित सडकको खाल्डोमा मारेर फालेको भनी जिल्ला प्रहरी कार्यालय, भक्तपुरमा सर्लाही जिल्ला, धनकौल

गाउँपालिका-१ का ३१ वर्षीय नितेशकुमार झाविरुद्ध ०८० माघ १८ गते उजुरी दर्ता भयो। शवको पोष्टमार्टम शिक्षण अस्पताल काठमाडौँमा ०८० पुस २६ गते भयो। वर्षको अन्तिमसम्म आरोपित फरार छन्।

वातावरण र मानव अधिकार

बसाइँसराई

काभ्रेमा यो वर्ष २ हजार ७ सय ४३ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत : स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

काभ्रेमा सात ओटा इँटाभट्टा रहेका छन्।

स्रोतः घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष काभ्रेमा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोतः जिल्ला प्रहरी कार्यालय

खानेपानी

काभ्रेमा ९१ हजार ३ सय ३० घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ४४ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोतः खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा २ सय ४७ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोतः स्थानीय तह

तालिका ८.३.९.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
बाल अधिकार	१	१
महिला अधिकार	१	१
कूल जम्मा	२	२

(स्रोत : इन्सेक, २०२४)

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा ५० शैयाको मेथिनकोट अस्पताल, ५ सय शैयाको धुलिखेल अस्पताल, १५ शैयाको बनेपा अस्पताल, २ सय शैयाको शीर मेमोरियल अस्पताल, १५ शैयाको कृष्णप्रसाद अस्पताल, १५ शैयाको सदाबहार अस्पताल, १५ शैयाको सत्य साई अस्पताल, १५ शैयाको बनेपा नगरपालिका स्तरीय आधारभुत अस्पताल, पाँच शैयाको रोशी अस्पताल, पाँच शैयाको मण्डन देउपुर नगरपालिकास्तरीय अस्पताल, १५ शैयाको धुसेनी शिवालय अस्पताल, १५ शैयाको सामुदायिक अस्पताल र १० शैयाको भुम्लु अस्पताल गरी १३ ओटा सरकारी र नीजिस्तरबाट सञ्चालित अस्पताल रहेका छन्। जसमध्ये पाँच ओटा अस्पतालमा फार्मेसी रहेको छ। जिल्लामा एक मेथिनकोट प्रादेशिक अस्पतालमा चार जना विशेषज्ञ, ६२ जना स्वास्थ्यकर्मी कार्यरत छन्। जिल्लामा १ सय ४५ स्वास्थ्य संस्था रहेका छन्। जिल्लामा ६ जना स्टाफ नर्सको दरबन्दीसहित २ सय ३३ जना स्वास्थ्यकर्मी कार्यरत रहेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख रागीश्री कक्षपति श्रेष्ठले बताइन्।

तालिका ८.३.९.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	**मुद्दा टुङ्गिएको**	**अपूर्ण**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बालविवाह				१	१
बलात्कार		१	१७	१७	३५
यौन दुर्व्यवहार	१		५	२	८
जम्मा	१	१	२२	२०	४४

बाल अधिकार					
घटनाको प्रकार	**मेलमिलाप**	**अपूर्ण**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बेचबिखन तथा ओसारपसार प्रयास				१	१
घरेलु हिंसा	११८	१४	४९	४	१८५
बलात्कार		१	५	६	१२
बलात्कार प्रयास		१	२		३
यौनदुर्व्यवहार		१			१
बेचबिखन तथा ओसारपसार			४		४
बलात्कारपछि हत्या			१		१
जम्मा	११८	१७	६१	११	२०७

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
हत्या	१	११	१२

(स्रोत : इन्सेक, २०२४)

९.३.१० रामेछाप

जम्मा जनसङ्ख्या	१,७०,३०२
महिला	८९,४७८
घर परिवार सङ्ख्या	४६,४६६
घरजग्गामा महिलाको स्वामित्व	९,१११
साक्षरता प्रतिशत	६८.१२
आश्रित जनसङ्ख्या	८५,४१७
अपाङ्गता भएका	५,५०२

यस वर्ष रामेछाप जिल्लामा ज्यादतीका घटनामा २० जना महिला र तीन जना पुरुष गरी २३ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा सात जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १३ जना महिला पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता २ सय जनाको रहेको छ। कारागारमा १५ जना महिला २ सय ९९ जना पुरुष कैदी तथा दुई जना महिला र २४ जना पुरुष थुनुवा गरी ३ सय ४० जना कैदीबन्दी छन्। जेलमा आश्रित बालबालिका छैनन्। जेलमा ७० वर्ष नाघेका महिला एक जना र पुरुष चार जना कैदीबन्दी छन्। पानीको अभाव जेलको प्रमुख समस्याका रूपमा रहेको छ। पानी अभाव हुँदा सुख्खा मौसममा पालो मिलाएर हप्ताको एकपटक नुहाउने र लुगा धुनुपर्ने कैदीबन्दीको बाध्यता रहेको कारागार प्रमुख रूपलाल तामाङले बताए।

सुगम तथा निष्पक्ष अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। यो वर्ष जिम्मेवारी सरेर



आएकासहित फौजदारीतर्फ ५९ थान, देवानी १ सय ८२ थान मुद्दा र रिट ३ थान दर्ता भए। फौजदारीतर्फ ३० थान, देवानी १ सय ९ थान र एक थान रिट फैसला भए। अदालतमा फौजदारीतर्फ २९ थान, देवानीतर्फ ७३ थान र रिट निवेदन दुई थान फैसला हुन बाँकी रहेको जिल्ला अदालतका स्रेस्तेदार मधुसुदन आचार्यले बताए।

बाल अधिकार

यस वर्ष रामेछाप जिल्लामा बलात्कार घटनामा चार, यौन दुर्व्यवहार घटनामा एक र विद्यालयमा दिइने शारीरिक सजायका घटनामा दुई गरी सात जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा सामुदायिकतर्फ ९० माध्यमिक र २ सय ६५ आधारभूत विद्यालय छन्। त्यस्तै ३ सय ९० ओटा बाल विकास केन्द्र छन्।

संस्थागततर्फ तीन मावि र ३ आधारभूत विद्यालय छन्। जिल्लमा तीन धार्मिक आधारभूत विद्यालय सञ्चालनमा छन्। यस वर्ष १६ हजार ८ सय ३८ बालिका र १६ हजार १ सय २६ बालक विद्यार्थी विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका १ सय २५ जना बालिका र छात्र १ सय १९ बालक गरी २ सय ४४ जना छन्। २ हजार १ सय ३२ दलित बालिका र १ हजार ९ सय २३ बालक भर्ना भएको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख नेत्रप्रसाद गजुरेलले बताए।

कुटपिट

दोरम्बा शैलुङ गाउँपालिका-३ टोकरपुरको श्री कण्ठेश्वर माविमा कक्षा ६ मा अध्ययनरत ११ र १० वर्षीय बालकलाई ०८१ असार ७ गते सो विद्यालयका शिक्षक ३५ वर्षीय भुवन थापा मगरले विद्यालयमा

तालिका ८.३.१०.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		२		२
अमानवीय व्यवहार			१	१
बाल अधिकार	विद्यालयमा दिइने शारीरिक सजाय		२	२
	बलात्कार	४		४
	यौनदुर्व्यवहार	१		१
	जम्मा	५	२	७
महिला अधिकार	घरेलु हिंसा	८		८
	बलात्कार	२		२
	बलात्कार प्रयास	२		२
	हाडनाता करणी	१		१
	जम्मा	१३		१३
कूल जम्मा		२०	३	२३

(स्रोत : इन्सेक, २०२४)

कुटपिट गरी घाइते बनाए। घाइतेको स्थानीय स्वास्थ्यचौकी टोकरपुरमा उपचार भयो। विद्यालय प्रशासन र व्यवस्थापनले दोषीलाई कारबाही गर्नुको साटो ०८१ असार ११ गते विज्ञप्ति जारी गरी विद्यालयमा अनुशासन कायम गराउने सन्दर्भमा सो घटना भएको जानकारी दियो।

बलात्कार

सात वर्षीया बालिकालाई ०८० फागुन १९ गते बलात्कार गरेको आरोपमा दोरम्बा शैलुङ गाउँपालिका-६ का १८ वर्षीय सुजन नेपालीविरुद्ध पीडित पक्षले फागुन २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २० गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश राजेन्द्र नेपालको ०८१ पुस १ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै १२ वर्ष ६ महिना कैद र ३ लाख ५० हजार रुपियाँ जरिवाना हुन फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै १४ जना महिलाले, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा खान लगाउन नदिएको, हैँला गरेको, कुटपिट गरेको उजुरी थिए। तीमध्ये १३ उजुरीमा मेलमिलाप भए। एक उजुरीका पीडित सम्पर्कमा नै नआएको सेवा केन्द्रका इन्स्पेक्टर कौशल न्यौपानेले बताए।

यो वर्ष रामेछाप जिल्लामा बलात्कारका घटनामा दुई, हाडनाता करणी घटनामा एक, बलात्कार प्रयासका घटनामा दुई र घरेलु हिंसाका घटनामा आठ गरी १३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

घरेलु हिंसा

रामेछाप नगरपालिका-१ गोठगाउँकी २८ वर्षीया बिनु यादवले पति २८ वर्षीय प्रदीप कठायतको घरमा बस्न पाउनु पर्ने माग राखी ०८० माघ ७ गतेदेखि १२ गतेसम्म जिल्ला प्रशासन कार्यालय, रामेछापको गेटमा आमरण अनसनमा बसिन्। माघ १२ गते मानवअधिकारकर्मीको पहलमा जिल्ला प्रशासन कार्यालयले बिनुलाई बल प्रयोग गरी घरमा राख्न सक्ने अवस्था नभएको पत्र दिएपछि अनसन तोडिन्। जिल्ला अदालत रामेछापले सम्बन्ध विच्छेदको फैसला सुनाएको पति प्रदीप कठायतसँगको सम्बन्ध उच्च अदालतले कायम गरिदिएकोले पतिकै घरमा बस्न पाउनुपर्ने माग राखेर कठायतको मन्थलीस्थित घरमा माघ ५ गते जाँदा परिवारले बस्न नदिएको भन्दै यादव जिल्ला प्रशासन कार्यालयमा धर्ना बसेकी थिइन्। सम्बन्ध कायम गर्ने उच्च अदालतको फैसला चित्त नबुझेर प्रदीपले सर्वोच्च अदालतमा पुनरावेदन गरेका छन्। सर्वोच्च अदालतको फैसला नआएसम्म बिनुलाई घरमा राख्न नसक्ने कठायत परिवारको भनाइ थियो भने सर्वोच्च अदालतको फैसला नआउँदासम्म आफू प्रदीपकै घरमा बस्न पाउनुपर्ने माग बिनुको छ। शान्तिपूर्ण रूपमा घरमा बस्ने वातावरण मिलाइदिनु भनि राष्ट्रिय महिला आयोगबाट जिल्ला प्रशासन कार्यालयलाई पत्र लिएर आएकी यादवको विषयमा प्रमुख जिल्ला अधिकारी अनीता निरौलाले जनप्रतिनिधि, सरोकारवाला तथा दुवै पक्षलाई राखेर पटक पटक छलफल गराउँदा प्रदीपको परिवार अदालतको फैसला अनुसार बिनुलाई मासिक ९ हजार रुपियाँ दिन तयार भएको तर बिनुले सो रकम नलिने, घरमा नै बस्न पाउनुपर्ने अडान राखेपछि विवाद भएको थियो। मुद्दा सर्वोच्च अदालतमा विचाराधीन भएकोले आफूहरूले बल प्रयोग गरेर बिनुलाई घरमा राखिदिने अवस्था नभएको प्रमुख जिल्ला अधिकारी निरौलाले बताइन्।

वातावरण र मानव अधिकार

बसाइँसराइ

रामेछापमा यो वर्ष १ हजार २८ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

ईँटाभट्टा र सिमेन्ट उद्योग

रामेछापमा इटाभट्टा र सिमेन्ट उद्योग स्थापना भएको छैन।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष रामेछापमा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

रामेछापमा ४६ हजार ४ सय ६६ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ९१ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा ८५ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

तालिका ८.३.१०.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
महिला अधिकार	२	२

(स्रोत : इन्सेक, २०२४)

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा प्रदेशस्तरको एक, एक सहकारी, दुई सामुदायिक, एक संस्थागत अस्पताल, ६ प्राथमिक अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र, ५० स्वास्थ्य चौकी, एक उपस्वास्थ्य चौकी, १३ सहरी स्वास्थ्य केन्द्र, १३ आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा एक आयुर्वेद सेवा केन्द्र र एक आयुर्वेद औषधालय छन्।

जिल्ला सदरमुकाम मन्थलीमा रहेको मन्थली अस्पतालमा दुईजना डाक्टरको दरबन्दी रहेकोमा दरबन्दीका दुवै जना र ६ जना छात्रवृत्ति करार गरी आठ जना कार्यरत छन्। जिल्लामा ३८ हजार ८५ महिला र ३४ हजार ३ सय ६८ पुरुष गरी ७२ हजार ४ सय ५२ जनाले स्वास्थ्य बीमा गरेका छन्।

तालिका ८.३.१०.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	कानुनी दायरामा नल्याइएका	जम्मा
विद्यालयमा दिइने शारीरिक सजाय			२	२
बलात्कार	१	३		४
यौनदुर्व्यवहार		१		१
जम्मा	१	४	२	७

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	८		८
बलात्कार		३	३
बलात्कार प्रयास		२	२
जम्मा	८	५	१३

(स्रोत : इन्सेक, २०२४)

८.३.११ सिन्धुली

जम्मा जनसङ्ख्या	३,००,०२६
महिला	१,५२,९६१
घर परिवार सङ्ख्या	६९,३१७
घरजग्गामा महिलाको स्वामित्व	१४,९३१
साक्षरता प्रतिशत	७२.५९
आश्रित जनसङ्ख्या	१,४८,८१६
अपाङ्गता भएका	७,६४०

यस वर्ष सिन्धुली जिल्लामा ज्यादतीका घटनामा १ सय ५ जना महिला र दुई जना पुरुष गरी १ सय ७ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १४ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ९१ जना महिला पीडित भए।

कारागार र बन्दी

२ सय ८ जनाको क्षमता भएको सिन्धुली जिल्ला कारागारमा ५९ जना महिला र ५ सय ६८ पुरुष रहेका छन्। कारागारमा पाँच बालक र पाँच बालिका आश्रित छन्। कारागारमा नियमित स्वास्थ्य परीक्षणका लागि एक जना अहेबको दरबन्दी रहेको कारागार प्रमुख बालकृष्ण कटुवालले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतको सिन्धुलीमा एक न्यायाधीश दरबन्दी रहेको छ। वर्ष फौजदारी मुद्दातर्फ ५ सय ४२ थानमध्ये १ सय ६० थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ८ सय २६ थानमध्ये ४ सय २७ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा २ सय ७१ थान छन् भने देवानी मुद्दा १ सय ८९ थान बाँकी रहेको जिल्ला अदालत, सिन्धुलीका स्रेस्तेदार विदुरप्रसाद कोइरालाले बताए।

बाल अधिकार

यस वर्ष सिन्धुली जिल्लामा बलात्कार घटनामा सात, यौन दुर्व्यवहार घटनामा चार, हाडनाता करणी घटनामा एक, बेचबिखन तथा ओसारपसार घटनामा एक र बालविवाहका घटनामा एक गरी १४ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

शिक्षाको अवस्था

जिल्लामा ५ सय ८७ बालविकास केन्द्र, ४ सय ३८ आधारभूत विद्यालय ७६ ओटा माध्यमिक विद्यालय रहेका छन्। ५४ हजार १ सय ६३ बालबालिका आधारभूत विद्यालय र ११ हजार ६ सय ८ बालबालिका माध्यमिक विद्यालयमा अध्ययनरत रहेका छन्। जिल्लामा तीन ओटा अपाङ्गमैत्री विद्यालय रहेका छन्। जसमा अपाङ्गता भएका बालक ३ सय ४६ र ४ सय ११ बालिका रहेका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ८४ जना महिलाले महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका एक, खानलाउन नदिएका १५, सामान्य घरायसी झगडाका ६९ उजुरी छन्। यीमध्ये प्रहरीले ६९ ओटामा मेलमिलाप गरायो भने चार ओटा उजुरी कारबाही प्रक्रियामा रहेको, ११ वटा सम्बन्धित निकायमा गएको, जिल्ला प्रहरी कार्यालय सिन्धुलीका एसपी गोबिन्दराज काफ्लेले जानकारी दिए।

यो वर्ष सिन्धुली जिल्लामा बलात्कारका घटनामा आठ, बलात्कार प्रयासका घटनामा पाँच, बेचबिखन तथा ओसारपसार घटनामा एक र घरेलु

हिंसाका घटनामा ७६ गरी ९० जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट एक जना महिलाको हत्या भयो ।

वातावरण र मानव अधिकार

बसाइँसराइ

सिन्धुलीमा यो वर्ष ३ हजार ८ सय ३५ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

सिन्धुलीमा हालसम्म दुई ओटा इँटाभट्टा रहेका छन्।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष सिन्धुलीमा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

सिन्धुलीमा ६९ हजार ३ सय १७ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ३१ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा १४ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तहहरू

तालिका ८.३.११.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
महिला अधिकार	२	२

(स्रोत : इन्सेक, २०२४)

तालिका ८.३.११.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
हत्या			२	२
बाल अधिकार	बालविवाह	१		१
	बेचबिखन तथा ओसारपसार	१		१
	बलात्कार	७		७
	यौनदुर्व्यवहार	४		४
	हाडनाता करणी	१		१
	जम्मा	१४		१४
महिला अधिकार	घरेलु हिंसा	७६		७६
	बलात्कार	८		८
	बलात्कार प्रयास	५		५
	बेचबिखन तथा ओसारपसार	१		१
	पारिवारिक हत्या	१		१
	जम्मा	९१		९१
कूल जम्मा		१०५	२	१०७

(स्रोत : इन्सेक, २०२४)

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, ४ प्राथमिक स्वास्थ्य केन्द्र, ५१ स्वास्थ्य चौकी, २३ आधारभूत स्वास्थ्य केन्द्र, ४० सामुदायिक स्वासथ्य केन्द्र ५ शहरी स्वास्थ्य केन्द्र, २०० गाउँघर क्लिनिक, २२९ खोप केन्द्र र ३७ प्रसूती केन्द्र रहेका छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा १४ जना विशेषज्ञको दरबन्दीमा ७ जनाको दरबन्दी रिक्त छ। ६३ जना स्वास्थ्यकर्मीको दरबन्दीमा ४० दरबन्दी रिक्त छ।

तालिका ८.३.११.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	**अपूर्ण**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बालविवाह	१		१
बेचबिखन तथा ओसारपसार		१	१
बलात्कार	३	५	८
यौन दुर्व्यवहार		४	४
जम्मा	४	१०	१४

महिला अधिकार					
घटनाको प्रकार	**मेलमिलाप**	**अपूर्ण**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा	५६	२०			७६
बलात्कार		१		७	८
बलात्कार प्रयास		३	२		५
बेचबिखन तथा ओसारपसार		१			१
पारिवारिक हत्या				१	१
जम्मा	५६	२५	२	८	९१

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
हत्या	२	२

(स्रोत : इन्सेक, २०२४)

८.३.१२ मकवानपुर

जम्मा जनसङ्ख्या	४,६६,०७३
महिला	२,३२,२५७
घर परिवार सङ्ख्या	१,०५,६२०
घरजग्गामा महिलाको स्वामित्व	२२,५३६
साक्षरता प्रतिशत	७७.८२
आश्रित जनसङ्ख्या	२,१२,९०४
अपाङ्गता भएका	१०,१८३

यस वर्ष मकवानपुर मानव अधिकार उल्लङ्घनका घटनामा ६ जना महिला र १५ जना पुरुष गरी २१ जना पीडित भए। ज्यादतीका घटनामा ५८ जना महिला र पाँच जना पुरुष गरी ६३ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३३ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २४ जना महिला पीडित भए।

कारागार र बन्दी

भीमफेदीस्थित क्षेत्रीय कारागारको क्षमता १ हजार ५ सय जनाको रहेको छ। कारागारमा १ हजार ६० जना कैदीबन्दी रहेको कारागार प्रमुख तिर्थराज पौडेलले बताए। जसमध्ये ७ सय जना कैदी र ३ सय ६० जना बन्दी रहेका छन्। कारागारको 'क' र 'ख' ब्लकमा पुरुष कैदीबन्दी राखिएको छ। 'ग' ब्लकमा ४८ जना महिला कैदीबन्दी राखिएको छ। कारागारमा आन्तरिक मामिला तथा कानुन मन्त्रालयको सहयोगमा भौतिक पूर्वाधार निर्माण र कैदीबन्दीलाई आयआर्जनका कार्यक्रम सञ्चालनमा रहेका छन्। आयआर्जनका लागि २० ओटा सिलाइ मिसिन र तीन ओटा इन्टरलक उपलब्ध छन् भने भौतिक पूर्वाधारतर्फ भेटघाट कक्ष र

शौचालय तथा कारागारको कम्पाउण्डवाल निर्माण भइरहेको कारागार प्रमुख पौडेलले बताए। कारागारमा अहेबसहित तीन जना स्वास्थ्यकर्मी कार्यरत छन्।

बाल सुधार गृह

३५ जना बालकको क्षमता भएको बाल सुधार गृहमा ६६ जना बालक छन्। जसमा ३८ जना कैद तोकिएका र कैद नतोकिएका २८ जना थुनुवा छन्।

सुधार गृहमा १८ वर्षभन्दा माथिका ३६ जना रहेका छन् । बाल सुधार गृहमा रहेका बालकहरूलाई उनीहरूले अध्ययन गरेको कक्षा अनुसार वार्षिक परीक्षा दिने व्यवस्था गरिएको छ भने औपचारिक अध्ययन नगरेका बालकहरूलाई अनौपचारिक कक्षा सामूहिक रूपमा दैनिक तीन घण्टा सञ्चालन गरिँदै आएको सुधार गृहका प्रमुख प्रदीप गौतमले बताए।

झडप

मिटरब्याजी पीडित र स्थानीयबीच ०८० फागुन ३ गते मनहरिमा झडप हुँदा २० जना मिटरब्याज पीडित घाइते भए। झापाको काकडभिट्टाबाट आएका मिटरब्याज पीडितहरूसँग मनहरिमा एक स्कुटर चालक आएर ठोक्किँदा विवाद भएको थियो। सोही क्रममा स्थानीय आएर आक्रमण गर्दा झडप भएको हो। उक्त झडपमा २० जना घाइते भएको इलाका प्रहरी कार्यालय, मनहरिका इन्स्पेक्टर दीपक थापाले जानकारी दिए। उनका अनुसार सबै घाइतेहरूको स्वास्थ्य उपचार चितवन मेडिकल कलेजमा भयो। सरकारले मिटरब्याजको समस्या समाधान नगरेको भन्दै पीडितहरूले ०८० माघ १६ गतेदेखि झापाको काकडभिट्टाबाट पैदल हिँडेर न्यायको लागि अभियान थालेका थिए।

तालिका ८.३.१२.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट					२		२
हत्या					१	३	४
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		६	१५	२१			
बाल अधिकार	बलात्कार				१५		१५
	यौनदुर्व्यवहार				१२	२	१४
	हाडनाता करणी				४		४
	जम्मा				३१	२	३३
महिला अधिकार	घरेलु हिंसा				१		१
	बलात्कार				१६		१६
	बलात्कार प्रयास				२		२
	यौन दुर्व्यवहार				१		१
	वैवाहिक/सामूहिक बलात्कार				१		१
	पारिवारिक हत्या				३		३
	जम्मा				२४		२४
कूल जम्मा		६	१५	२१	५८	५	६३

(स्रोत : इन्सेक, २०२४)

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

मकवानपुर जिल्ला अदालतमा चार जना न्यायाधीशको दरबन्दी रहेको छ। सन् २०२४ भित्र यस अदालतमा देवानी मुद्दातर्फ २ हजार १ सय ३९ थान मुद्दामध्ये १ हजार २ सय ७३ थान फैसला भयो। फौजदारी मुद्दातर्फ २ हजार २८ थान मुद्दामध्ये १ हजार १ सय ३० थान फैसला भयो। यस अदालतमा दुई वर्ष नाघेका आठ थान मुद्दा बाँकी रहेको स्रेस्तेदार रोशी भण्डारीले बताए।

उच्च अदालत पाटन, हेटौँडा इजलास

सात जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत पाटन, हेटौँडा इजलासमा ६ जना न्यायाधीश कार्यरत छन्। यो वर्ष देवानी मुद्दातर्फ ३ सय २१ थान मुद्दामध्ये १ सय ४५ थान फैसला भए। त्यसैगरी फौजदारीतर्फ ६ सय ७३ थान मुद्दामध्ये ४ सय १० थान मुद्दा फैसला भएको उच्च अदालत पाटन, हेटौँडा इजलासका सूचना अधिकारी केशरनाथ अर्यालले बताए। उनका अनुसार ८८ थान रिटमध्ये ६५ थान फैसला भए।

तालिका ८.३.१२.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
महिला अधिकार	३	३

(स्रोत : इन्सेक, २०२४)

बाल अधिकार

यस वर्ष मकवानपुर जिल्लामा बलात्कार घटनामा १५, यौन दुर्व्यवहार घटनामा १४ र हाडनाता करणी घटनामा चार गरी ३३ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

शिक्षाको अवस्था

यस जिल्लामा ६ सय ५२ बाल विकास केन्द्र, ४ सय आधारभूत र १ सय ४९ माध्यमिक विद्यालय छन्। यस वर्ष ६३ हजार ३ सय २३ बालक र ५८ हजार १ सय १८ जना बालिका विद्यालय भर्ना भए। ६ जना द्वन्द्वपीडित बालबालिकाले छात्रवृत्ति शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख सुदीप गिरीले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव दुर्व्यवहार

यो वर्ष घरेलु हिंसाबाट पीडित भएको भन्दै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा २ सय ८९ जना महिलाले उजुरी गरेको जिल्ला प्रहरी कार्यालयकी असई सङ्गीता लामाले बताइन्। दर्ता जसमा १ सय ९८ उजुरीमा मेलमिलाप भयो भने १ सय १ उजुरी अदालत गएको लामाले बताइन्।

यो वर्ष मकवानपुर जिल्लामा बलात्कारका घटनामा १६, वैवाहिक/सामूहिक बलात्कार घटनामा एक, यौन दुर्व्यवहार घटनामा एक, बलात्कार प्रयासका घटनामा दुई र घरेलु हिंसाका घटनामा एक गरी २१ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। यस वर्ष परिवारबाट तीन जना महिलाको हत्या भयो।

बलात्कार

२३ वर्षीया महिलालाई ०८० पुस २६ गते बलात्कार गरेको आरोपमा बकैया गाउँपालका-३ का ५१ वर्षीय चतुरमान गोलेविरुद्ध पीडित पक्षले पुस २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २८ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश अवनी मैनाली भट्टराईको ०८१ वैशाख १८ गतेको इजलासले आरोपितलाई बलात्कार गरेको कसुरमा ७ वर्ष र बौद्धिक अपाङ्गता भएकोमा थप तीन वर्ष गरी १० वर्ष कैद, ३ लाख रुपियाँ जरिबानासहित ५० हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनु पर्ने फैसला सुनायो।

वातावरण र मानव अधिकार

बसाइँसराइ

मकवानपुरमा यो वर्ष ६ हजार २ सय २० जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

जिल्लामा एउटा इँटाभट्टा र तीन ओटा सिमेन्ट उद्योग सञ्चालित छन्।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष मकवानपुरमा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

मकवानपुरमा ८३ हजार ६ सय २२ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ४४ प्रतिशत घरपरिवारमा खानेपानीकाको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा ६ सय १८ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, दुई सामुदायिक अस्पताल, एक आँखा अस्पताल, चार निजी अस्पताल, ३७ स्वास्थ्य चौकी, पाँच आधारभूत अस्पताल, शहरी स्वास्थ्य केन्द्र १७, सामुदायिक स्वास्थ्य इकाइ १७, आधारभूत स्वास्थ्य सेवा केन्द्र २९ रहेको जिल्ला स्वास्थ्य कार्यालय प्रमुख कृष्णबहादुर मिजारले बताए।

तालिका ८.३.१२.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	२	१७	१९
यौन दुर्व्यवहार	२	१२	१४
जम्मा	४	२९	३३

महिला अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		१		१
बलात्कार	१	१	१५	१७
बलात्कार प्रयास			२	२
यौन दुर्व्यवहार			१	१
पारिवारिक हत्या			३	३
जम्मा	१	२	२१	२४

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अपूर्ण	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	३	४

(स्रोत : इन्सेक, २०२४)

८.३.१३ चितवन

जम्मा जनसङ्ख्या	७,१९,८५९
महिला	३,६८,०७०
घर परिवार सङ्ख्या	१,७९,१६७
घरजग्गामा महिलाको स्वामित्व	५२,३६१
साक्षरता प्रतिशत	८३.६८
आश्रित जनसङ्ख्या	३,१४,३४०
अपाङ्गता भएका	१६,४९६

यस वर्ष चितवन जिल्लामा मानव अधिकार उल्लङ्घन घटनामा ६ महिला र ३४ पुरुष गरी ४० जना पीडित भए। ज्यादतीका घटनामा ७७ जना महिला र चार जना पुरुष गरी ८१ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ५६ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २० जना महिला पीडित भए।

हिरासतमा मृत्यु

इलाका प्रहरी कार्यालय रत्ननगर टाँडीको हिरासतमा ०८१ कात्तिक ३ गते रत्ननगर नगरपालिका-१३ बस्ने ४५ वर्षीय महमद क्यामोदिनको मृत्यु भयो। आपराधिक लाभ कसुरमा कात्तिक १ गते गिरफ्तार गरिएका क्यामोदिन बिहान ४:४५ बजेको समयमा थुनुवा कक्षको बाथरुमको ढोका छेउमा लडिरहेका अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालयका एसपी भावेश रिमालले बताए। उनलाई उपचारको लागि भरतपुर अस्पताल पुऱ्याइए लगत्तै चिकित्सकले मृत्युको घोषणा गरेका थिए। शवको कात्तिक ५ गते भरतपुर अस्पतालमा पोष्टमार्टम भयो।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता २ सय ८० जनाको रहेको छ। कारागारमा ८ सय १ जना कैदीबन्दी छन्।

जसमा कैद तोकिएकामध्ये ४ सय ६१ पुरुष र ३५ महिला छन्। कैद नतोकिएका २ सय ९२ जना पुरुष र १३ जना महिला छन्। एक जना बालक र दुई जना बालिका आश्रित छन्। कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि एकजना हेल्थ असिस्टेन्टको दरबन्दी रहेको छ। कारागारमा पुरुष कक्षतर्फ झण्डै तीन गुणा कैदीबन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता रहेको जेलर कमलप्रसाद आचार्यले बताए। कारागारमा पाँच जना जटिल र तीन जना सामान्य मानसिक रोगी छन्। ६० वर्ष नाघेका ४४ जना ज्येष्ठ नागरिक (पुरुष ३९ र महिला पाँच) रहेका छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा आठ जनाको दरबन्दी रहेको छ। जिल्ला अदालतमा ४ हजार २ सय ६७ थान मुद्दा दर्ता भए। जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार ३ सय १३ थान मुद्दा दर्ता भए। जसमा १ हजार १ सय ९ फैसला भए। दुई वर्ष नाघेको मुद्दा छैन। त्यस्तै देवानीतर्फ २ हजार ९ सय ५४ मुद्दा दर्ता भएकोमा २ हजार १ सय ३६ थान फैसला भएको जिल्ला अदालतका स्रेस्तेदार विष्णुप्रसाद आचार्यले बताए।

बाल अधिकार

यस वर्ष चितवन जिल्लामा बलात्कार घटनामा ३४, यौन दुर्व्यवहार घटनामा १८, हाडनाता करणीका घटनमा एक, सामूहिक बलात्कार घटनामा एक, विद्यालयमा दिइने शारीरिक दण्ड सजायका घटनामा एक र बेचबिखन तथा ओसारपसार घटनामा एक गरी ५६ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा २ सय ४ आधारभूत र २ सय २२ मावि छन्। २ हजार ७ सय २ शिक्षक दरबन्दी रहेको छ। यस वर्ष ९ हजार ३ सय छात्रा र १८ हजार हजार

७ सय ५ जना छात्र विद्यालय भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय १२ छन्। ५३ जना द्वन्द्वपीडितले छात्रवृत्ति पाए। द्वन्द्वपीडित परिवारका ५३ जना बालबालिकाले छात्रवृत्ति पाए। दलित, अपाङ्गलाई निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ। पढ्ने उमेरका सबै बालबालिका विद्यालय भर्ना भएको शिक्षा तथा तथा समन्वय इकाइका प्रमुख भूमिलाल सुवेदीले बताए।

बलात्कार, यौन दुर्व्यवहार

पाँच वर्षीया बालिकालाई ०८० चैत १४ गते बलात्कार गरेको आरोपमा ७६ वर्षीय ज्येष्ठ नागरिकविरुद्ध पीडित पक्षले चैत १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपित चैत १४ गते गिरफ्तार भए। जिल्ला अदालतका न्यायाधीश रमेश ज्ञवालीको ०८१ भदौ ५ गतेको इजलासले आरोपितलाई ६ महिना कैद, १५ हजार रुपियाँ जरिबाना, २० हजार क्षतिपूर्ति भराउनुका साथै पीडित राहत कोषमा ६ सय रुपियाँ जम्मा गर्ने फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४ सय ९६ महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता भए। जसमा कुटपिट गरी घर निकाला गरिएका १ सय ६८, खानलाउन नदिएको १ सय २८, गाली बेइज्जतीका २ सय उजुरी थिए। तीमध्ये ४ सय १७ उजुरीमा मेलमिलाप भयो। ७९ उजुरी अदालती प्रक्रियामा गएको जिल्ला प्रहरी कार्यालयका डिएसपी भेषराज रिजालले बताए।

यो वर्ष चितवन जिल्लामा बलात्कारका घटनामा १२, बलात्कार प्रयासका घटनामा दुई, बेचबिखन तथा ओसारपसार घटनामा एक र बेचबिखन तथा ओसारपसार प्रयास घटनामा पाँच गरी २० जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

तालिका ८.३.१३.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट		४	१९	२३			
हिरासतमा मृत्यु			१	१			
अमानवीय व्यवहार					१	२	३
घाइते		२	१४	१६			
हत्या						१	१
जातीय विभेद					१		१
बाल अधिकार	बेचबिखन तथा ओसारपसार				१		१
	विद्यालयमा दिइने शारीरिक सजाय					१	१
	बलात्कार				३४		३४
	यौन दुर्व्यवहार				१८		१८
	हाडनाता करणी				१		१
	सामूहिक बलात्कार				१		१
	जम्मा				५५	१	५६
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास				५		५
	बलात्कार				१२		१२
	बलात्कार प्रयास				२		२
	बेचबिखन तथा ओसारपसार				१		१
	जम्मा				२०		२०
कूल जम्मा		६	३४	४०	७७	४	८१

(स्रोत : इन्सेक, २०२४)

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

४१ वर्षीया महिला ०८१ असार २ गते बलात्कार गरेको आरोपमा भरतपुर मनपा-२९ का ५४ वर्षीय गोपाल गुरुङविरुद्ध पीडितले असार ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई असार ३ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश पुष्पराज थपलियाको मङ्सिर १५ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै सात वर्ष कैद, २ हजार रुपियाँ जरिबाना र ३० हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला सुनायो।

तालिका ८.३.१३.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
बाल अधिकार	१	१
महिला अधिकार	२	२
कूल जम्मा	३	३

(स्रोत : इन्सेक, २०२४)

वातावरण र मानव अधिकार

बसाइँसराइ

चितवनमा यो वर्ष १० हजार ९ सय ९३ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत : स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

चितवनमा १० ओटा इँटाभट्टा रहेका छन्।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष चितवनमा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

चितवनमा १ लाख ७९ हजार १ सय ६७ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ७५ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा ५० ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा भरतपुर अस्पताल केन्द्रीय अस्पतालको रूपमा रहेको छ। यस अस्पतालमा ६ सय शैया रहेको छ। त्यस्तै वीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालले राष्ट्रिय स्तरको सेवा दिइरहेको छ। रत्ननगर नगरपालिकामा र माडी नगरपालिकामा प्रादेशिक अस्पताल, दुई ओटा जिल्ला स्तरीय अस्पताल, ३० स्वास्थ्य चौकी र चार प्राथमिक स्वास्थ्य केन्द्र छन्। चितवनमा ३ लाख ३५ हजार जनाले स्वास्थ्य बिमा वापतको सेवा लिएका छन्। सरकारी अस्पतालहरूमा विपन्न परिवार र सीमान्तकृत समुदायका लागि नि:शुल्क उपचारको व्यवस्था रहेको भरतपुर अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट प्रा.डा कृष्णप्रसाद पौडेलले बताए।

तालिका ८.३.१३.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बोचबिखन तथा ओसारपसार			१		१
विद्यालयमा दिइने शारीरिक सजाय		१			१
बलात्कार	१		७	२८	३६
यौन दुर्व्यवहार	३		५	१०	१८
जम्मा	४	१	१३	३८	५६

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार प्रयास			५	५
बलात्कार	२	४	६	१२
बलात्कार प्रयास		१	१	२
बेचबिखन तथा ओसारपसार		१		१
जम्मा	२	६	१२	२०

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	अनुसन्धान	जम्मा
हत्या	१	१

(स्रोत : इन्सेक, २०२४)

परिच्छेद

८

८.४ सन् २०२४ मा मानव अधिकार ज्यादतीका तथ्यहरु

गण्डकी प्रदेश

८.४.१ गोरखा

जम्मा जनसङ्ख्या	२,५१,०२७
महिला	१,३२,८७२
घर परिवार सङ्ख्या	७१,७२९
घरजग्गामा महिलाको स्वामित्व	१५,००१
साक्षरता प्रतिशत	७२.३७
आश्रित जनसङ्ख्या	१,२४,८२२
अपाङ्गता भएका	८,९९८

यस वर्ष गोरखा जिल्लामा ज्यादतीका घटनामा ३१ जना महिला र दुई जना पुरुष गरी ३३ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १९ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १० जना महिला पीडित भए।

कुटपिट/दुर्व्यवहार

अन्यपक्षबाट

गण्डकी गाउँपालिका-१ को मकैसिङ प्राथमिक स्वास्थ्यका मेडिकल अधिकृत ३५ वर्षीय दिलिपकुमार कुशवाहलाई ०८१ भदौ ३१ गते गण्डकी गाउँपालिका-२ का पूर्व वडा अध्यक्ष देउबहादुर गुरुङ नेतृत्वमा आएको समूहले दुर्व्यवहार र कुटपिट गरेको पीडितले आरोप लगाए। घटनाको विरोधमा स्वास्थ्यकर्मीले असोज १ गते सेवा प्रवाह बन्द गरे। गाउँपालिकाद्वारा सञ्चालित घरघरमा डाक्टर कार्यक्रम अन्तर्गत ताङ्लीचोक स्वास्थ्य चौकीमा सेवा दिने क्रममा मेडिकल अधिकृत कुशवाहमाथि कुटपिट भएको पीडित पक्षको आरोप छ। भदौ ३१ गते र असोज १ गते छलफल भए पनि यो घटनामा निष्कर्ष बिना नै कामकाज सुचारू भयो।

पालुङटार नगरपालिका-४ को वहुप्राविधिक शिक्षालयका प्रशिक्षक ३५ वर्षीया आशिष रानाभाटलाई

०८१ साउन १० गते प्रयोगात्मक परीक्षामा न्यून अङ्क दिएको भन्दै नेपाल विद्यार्थी सङ्घ निकट विद्यार्थीहरूले दुर्व्यवहार गरेको पीडितको आरोप छ। दुई जना पूर्व विद्यार्थीसहित १०/१२ जनाको सङ्ख्यामा आएका समूहले मोसो दल्ने प्रयास गरेको र हातपात गरेको पीडित रानाभाटले बताए। शिक्षालयमा अध्ययन गर्ने श्यामहरि सङ्ग्रौलालाई प्रयोगात्मक परीक्षामा न्यून अङ्क दिएको नेपाल विद्यार्थी सङ्घले जनायो। घटनाका विषयमा छलफल गरिएको भए पनि वर्षको अन्त्यसम्म निष्कर्ष आएन।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता २० जना महिला र ३५ पुरुष गरी ५५ जनाको रहेको छ । कारागारमा १ सय १० जना कैदीबन्दी छन्। जसमा १० जना महिला र १ सय जना पुरुष रहेका छन्। कारागारमा दुई जना आश्रित बालबालिका छन्। कारागारमा दरबन्दी अनुसार स्वास्थ्यकर्मी नहुँदा सामान्य उपचारका लागि पनि गोरखा अस्पताल जानुपर्ने बाध्यता छ। अहेवको दरबन्दी रहेपनि तीन वर्षदेखि पद रिक्त रहेको निमित्त जेलर रिमबहादुर भुजेलले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। जिल्ला अदालतमा दर्ता भएका र जिम्मेवारी सरेर आएका गरी ६ सय ३९ थान मुद्दामध्ये २ सय ४८ थान मुद्दा फैसला भए। ३ सय ९१ थान मुद्दा फैसला गर्न बाँकी छन्। दुई वर्ष नाघेका मुद्दा छैनन्। ६०.३० प्रतिशत मुद्दा फैसला भएको जिल्ला अदालतका स्रेस्तेदार कृष्णमुरारी सिग्देलले बताए।

बाल अधिकार

यस वर्ष गोरखा जिल्लामा बलात्कार घटनामा नौ, यौन दुर्व्यवहार घटनामा नौ र विद्यालयमा दिइने शारीरिक सजायका घटनामा एक जना गरी १९ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा ३ सय २९ आधारभूत र १ सय ३५ माध्यमिक विद्यालय छन्। राष्ट्रिय जनगणना २०७८ अनुसार गोरखाको साक्षरता प्रतिशत ७२.३७ रहेको छ। आधारभूत तह ३२ हजार ३ सय ३४, माध्यमिक तहमा ११ हजार ४ सय ९ विद्यार्थी भर्ना भए।

तालिका ८.४.१.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			२	२
हत्या		२		२
बाल अधिकार	विद्यालयमा दिइने शारीरिक सजाय	१		१
	बलात्कार	९		९
	यौन दुर्व्यवहार	९		९
	जम्मा	१९		१९
महिला अधिकार	घरेलु हिंसा	१		१
	साइबर अपराध	१		१
	बलात्कार	५		५
	बलात्कार प्रयास	१		१
	पारिवारिक हत्या	२		२
	जम्मा	१०		१०
कूल जम्मा		३१	२	३३

(स्रोत : इन्सेक, २०२४)

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २७ जना महिलाले महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दिए। जसमा कुटपिट झैझगडाका १३, मादक पदार्थ सेवन गरी कुटपिटका चार, खानलाउन नदिएको, हेरचाह नगरेको चार, अन्य ६ उजुरी छन्। तीमध्ये १८ उजुरीमा मेलमिलाप गरिएको, तीन उजुरी थप कानुनी कारबाहीका लागि सम्बन्धित निकायमा गएको र ६ उजुरी बाँकी रहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर धुव्रप्रसाद शर्माले बताए।

यो वर्ष गोरखा जिल्लामा बलात्कारका घटनामा पाँच, बलात्कार प्रयासका घटनामा एक, साइबर अपराधका घटनामा एक र घरेलु हिंसाका घटनामा एक गरी आठ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट दुई जना महिलाको हत्या भयो।

वातावरण र मानव अधिकार

बसाइँसराइ

गोरखामा यो वर्ष २ हजार ९ सय ४३ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

गोरखामा पाँच ओटा इँटाभट्टा छन्।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष गोरखामा विषालु च्याउको सेवनबाट मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

गोरखामा ७१ हजार ७ सय २९ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ९२ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा ५ सय ४ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, ६७ स्वस्थ्य चौकी, तीन प्रथामिक स्वास्थ्य केन्द्र, ४५ आधारभूत स्वास्थ्य इकाइ, ११ शहरी स्वास्थ्य केन्द्र छन्। सबै स्थानीय तहमा आधारभूत अस्पताल बनाउने सरकारको नीति अनुरूप धार्चे गाउँपालिकाले वडा नम्बर ३ स्थित खोर्लाबेशीमा पाँच शैयाको आधारभूत अस्पताल यो वर्ष सञ्चालनमा ल्याएको छ। अजिरकोट र भीमसेन थापा

तालिका ८.४.१.२ **अपाङ्गता भएका पीडित सङ्ख्या**

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
महिला अधिकार	३	३

(स्रोत : इन्सेक, २०२४)

गाउँपालिकाकामा पनि अस्पताल सञ्चालनमा आइसकेका छन्। सिरानचोक गाउँपालिकाले वडा नम्वर ८ को जौवारी प्राथमिक स्वास्थ्य केन्द्र सँगैको जग्गामा, वारपाक सुलिकोट गाउँपालिका-४ स्थित हुडिफनटमा र शहीद लखन गाउँपालिकाले वडा नम्बर ५ को तिनमाने स्थित केउरेनीमा अस्पताल भवन निर्माण गरिरहेका छन्।

तालिका ८.४.१.३ **सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

बाल अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
विद्यालयमा दिइने शारीरिक सजाय	१			१
बलात्कार		२	७	९
यौन दुर्व्यवहार		४	५	९
जम्मा	१	६	१२	१९

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१			१
साइबर अपराध		१		१
बलात्कार			५	५
बलात्कार प्रयास			१	१
पारिवारिक हत्या		१	१	२
जम्मा	१	२	७	१०

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	अनुसन्धान	जम्मा
हत्या	२	२

(स्रोत : इन्सेक, २०२४)

८.४.२ मनाङ

जम्मा जनसङ्ख्या	५,६५८
महिला	२,४६६
घर परिवार सङ्ख्या	१,५४७
घरजग्गामा महिलाको स्वामित्व	४४७
साक्षरता प्रतिशत	७८.३६
आश्रित जनसङ्ख्या	१,९०९
अपाङ्गता भएका	२६५

यस वर्ष मनाङ जिल्लामा ज्यादतीका घटनामा एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

कारागार र बन्दी

३५ जना पुरुष र २० जना महिलाको क्षमता रहेको जिल्ला कारागारमा कैद तोकिएका नौ जना पुरुष रहेको जेलर रुद्र गुरुङले बताए। हालै निर्माण सम्पन्न भएको कारागारमा ०८१ साउनबाट कैदीबन्दी राख्न थालिएको पनि उनले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। यो वर्ष मनाङमा ६ थान फौजदारी मुद्दा दर्ता भए। जसमध्ये पाँच थान फैसला भएको श्रेस्तेदार लोकनाथ पराजुलीले बताए। प्रतिवादी फरार रहेको एउटा मुद्दा मात्रै फैसला गर्न बाँकी रहेको छ।

बाल अधिकार

शिक्षाको अवस्था

मनाङ जिल्ला २०७४ सालमा साक्षर जिल्ला घोषणा भइसकेको छ। तर, २०७८ को जनगणनाले ७८.३६ प्रतिशत साक्षर रहेको देखाएको छ। जिल्लामा २६ सामुदायिक विद्यालय छन्। मनाङमा यो वर्ष २ सय ५२ जना छात्रा र २ सय ७७ जना छात्र विद्यालयमा भर्ना भएको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख ध्रुवप्रसाद कोइरालाले बताए। जिल्लामा १ सय ५८ शिक्षक दरबन्दी रहेकोमा तीन रिक्त छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष मनाङ जिल्लामा घरेलु हिंसा विरुद्ध कुनै पनि घटनाको उजुरी नआएको जिल्ला प्रहरी कार्यालयका डिएसपी नरेशकुमार सिंहले बताए ।

यो वर्ष मनाङ जिल्लामा बलात्कारका घटनामा एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

तालिका ८.४.२.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट	
		महिला	जम्मा
महिला अधिकार	बलात्कार	१	१

(स्रोत : इन्सेक, २०२४)

बलात्कार

२१ वर्षीया मानसिक अपाङ्गता भएकी महिलालाई ०८० चैत ३० गते बलात्कार गरेको आरोपमा डिस्याङ गाउँपालिका- ३ ङावलका २७ वर्षीय अर्जुन राईविरुद्ध पीडितका आफन्तले ०८१ वैशाख २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले वैशाख २९ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको असोज ९ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गरी ७ वर्ष ६ महिना कैदको फैसला सुनायो। यससँगै राईलाई ३ लाख रुपियाँ जरिबाना, ५० हजार रुपियाँ क्षतिपूर्ति र पीडित सहायता राहत कोषमा १ हजार ३ सय रुपियाँ भराउने फैसला गरेको जिल्ला

तालिका ८.४.२.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
महिला अधिकार	१	१

(स्रोत : इन्सेक, २०२४)

अदालतका स्रेस्तेदार लोकनाथ पराजुलीले बताए।

वातावरण र मानव अधिकार

बसाइँसराइ

मनाङमा यो वर्ष ९७ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

मनाङमा इँटाभट्टा र सिमेन्ट उद्योग स्थापना भएको छैन।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष मनाङमा विषालु च्याउको सेवनबाट मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

मनाङमा १ हजार ५ सय ४७ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ६३ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा आठ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, १२ आधारभूत स्वास्थ्य केन्द्र, एक सामुदायिक स्वास्थ्य इकाइ र १३ स्वास्थ्य चौकी छन्। बेसक्याम्पमा दुई ट्रिटमेन्ट सेन्टर छन्। ट्रिटमेन्ट सेन्टरहरूमा प्राय: बेसक्याम्पमा घुम्न आउने पर्यटकहरू लेक लागेपछि उपचारका लागि आउने गर्छन्। यो पर्यटकीय सिजनमा मात्र सञ्चालनमा आउने गर्दछ। जिल्लामा दरबन्दी अनुसारका जनशक्ति नहुँदा व्यवस्थापन राम्रो हुन नसकेको स्वास्थ्य कार्यालय, मनाङका तथ्याङ्क अधिकृत (छैठौं) मेघनाथ रेग्मीले बताए।

जिल्ला अस्पतालमा सामान्य रोगको उपचार गरिने भए पनि जटिल खालका रोग तथा शल्यक्रिया गर्नुपरेमा नजिकको जिल्ला लमजुङ तथा अन्यत्र रेफर गरिने पनि उनले बताए। सामान्य भिडियो एक्सरेको सेवा अस्पतालमा छैन। जिल्लामा प्राय:जसो मौसमी विषालु च्याउ तथा लालीगुराँसको जुस खाएर बिरामी पर्नेहरू उपचारका लागि आउने गर्छन्। दक्ष जनशक्तिको अभावले गर्दा नयाँ प्रविधिको ल्याब परीक्षणको सुविधा दिन नसकेको तथ्याङ्क अधिकृत रेग्मीले बताए। मनाङमा स्वास्थ्य बीमा बोर्ड स्थापना भए पनि लागु भइसकेको छैन।

तालिका ८.४.२.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

महिला अधिकार		
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	जम्मा
बलात्कार	१	१

८.४.३ मुस्ताङ

जम्मा जनसङ्ख्या	१४,४५२
महिला	६,५१८
घर परिवार सङ्ख्या	३,६०६
घरजग्गामा महिलाको स्वामित्व	७५६
साक्षरता प्रतिशत	७५.०५
आश्रित जनसङ्ख्या	६,१६२
अपाङ्गता भएका	५२६

यस वर्ष मुस्ताङ जिल्लामा ज्यादतीका घटनामा तीन जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा एक जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा दुई जना महिला पीडित भए।

कारागार र बन्दी

मुस्ताङ जिल्ला कारागारको क्षमता २५ जनाको छ। कारागारमा आठ जना कैदी र दुई जना बन्दी पुरुष छन्। कारागारमा पर्खालको व्यवस्था नहुँदा कैदीबन्दी कोठामै बस्नुपर्ने बाध्यता छ भने सुरक्षाको दृष्टिकोणले समेत कारागारको संरचना अनुपयुक्त छ। सुधारगृह भनिने गरेको भए पनि यहाँको कारागार निकै जटिल अवस्थाको मान्न सकिन्छ। कैदी बन्दीहरू कोठाबाट शौचालय जाने बाहेक अन्य कार्यमा सहभागी हुन पाउँदैनन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा दुई वर्षभन्दा पुराना मुद्दा छैनन्। यस वर्ष देवानीतर्फ दुई थान पुराना र १३ थान नयाँ गरी १५ थान मुद्दा रहेकामा १२ थान फैसला भए भो तीन थान बाँकी छन्। फौजदारीतर्फ १४ थान पुराना र ६ थान नयाँ रहेकामा पाँच थान फैसला भए भने १५ थान बाँकी रहेका छन्।

बाल अधिकार

यस वर्ष मुस्ताङ जिल्लामा बलात्कार घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा सामुदायिक ५३, कम्पनी विद्यालय चार र गुम्बा विद्यालय आठ गरी ६५ विद्यालय छन्। राज्यले आरक्षण गरेको र नि:शुल्क शिक्षा प्रदान गर्ने वर्गमा पर्ने सबैले मुस्ताङमा नि:शुल्क शिक्षा पाएका छन्। अपाङ्गतामैत्री विद्यालय छैनन्।

तालिका ८.४.३.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट	
		महिला	जम्मा
बाल अधिकार	बलात्कार	१	१
	जम्मा	१	१
महिला अधिकार	घरेलु हिंसा	२	२
	जम्मा	२	२
कूल जम्मा		३	३

(स्रोत : इन्सेक, २०२४)

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै दुई जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। दुवै उजुरीमा प्रहरीले मेलमिलाप गरायो।

यो वर्ष मुस्ताङ जिल्लामा घरेलु हिंसाका घटनामा दुई जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

वातावरण र मानव अधिकार

बसाइँसराइ

मुस्ताङमा यो वर्ष ७४ जना बसाइ सराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

मुस्ताङमा इँटाभट्टा र सिमेन्ट उद्योग स्थापना भएको छैन।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष मुस्ताङमा विषालु च्याउको सेवनबाट मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

मुस्ताङमा ३ हजार ६ सय ६ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ८९ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा एउटा सार्वजनिक शौचालय रहेको छ।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, एक आधारभूत अस्पताल र १५ स्वास्थ चौकी छन्। १८ जना स्वास्थ्य कर्मचारीको दरबन्दी रहेकोमा चार जना कार्यरत रहेका छन् भने दुई डाक्टरको दरबन्दी रहेकामा एक जना कार्यरत् छन्। अस्पतालमा मौसमी ज्वरो, रुघा/ खोकी, उच्च उचाइमा लेक लाग्ने जस्ता समस्या लिएर बिरामी आउने गरेका छन्। गम्भीर बिरामीलाई थप उपचारका लागि पोखरा तथा काठमाडौँमा पठाइने गरिएको छ।

तालिका ८.४.३.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	१

महिला अधिकार		
घटनाको प्रकार	मेलमिलाप	जम्मा
घरेलु हिंसा	२	२

(स्रोत : इन्सेक, २०२४)

८.४.४ म्याग्दी



जम्मा जनसङ्ख्या	१,०७,०३३
महिला	५४,८८०
घर परिवार सङ्ख्या	२८,७६६
घरजग्गामा महिलाको स्वामित्व	५,४०७
साक्षरता प्रतिशत	७९.७०
आश्रित जनसङ्ख्या	५२,८०४
अपाङ्गता भएका	५,१०५

यस वर्ष म्याग्दी जिल्लामा ज्यादतीका घटनामा ३८ जना महिला र एक जना पुरुष गरी ३९ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा सात जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २६ जना महिला पीडित भए।

कारागार र बन्दी

२५ पुरुष र सात जना महिला गरी ३२ जना बन्दी क्षमता भएको जिल्ला कारागारमा ९६ जना कैदीबन्दी छन्। जसमा ३१ जना थुनुवा र ६५ जना कैदी रहेका छन्। जसमा चार जना महिला कैदी र एक जना महिला थुनुवा रहेका छन्। ६५ वर्ष माथिका दुई जना ज्येष्ठ नागरिक पुरुष रहेका छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा दुई वर्षभन्दा पुराना मुद्दा छैनन्। यस वर्ष देवानीतर्फ २ सय २५ थान मुद्दा परेकामा १ सय ६१ थान फैसला भए ६४ थान बाँकी छन्। फौजदारी मुद्दातर्फ ८८ थान मुद्दा परेकामा ३४ थान फैसला भए भने ५४ थान बाँकी छन्। एउटा पुनरावेदनको मुद्दा बाँकी छ।

बाल अधिकार

यस वर्ष म्याग्दी जिल्लामा बलात्कार घटनामा पाँच र यौन दुर्व्यवहार घटनामा दुई गरी सात जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

यस जिल्लामा १ सय ८९ आधारभूत र ६९ मावि छन्। बाल विकास केन्द्र व्यवस्थापन खर्चदेखि कक्षा १ देखि १२ सम्म तोकिएका मापदण्डका पाठ्यपुस्तक नि:शुल्क उपलब्ध हुन्छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १६ जना

तालिका ८.४.४.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
घाइते		२		२
हत्या		३	१	४
बाल अधिकार	बलात्कार	५		५
	यौन दुर्व्यवहार	२		२
	जम्मा	७		७
महिला अधिकार	घरेलु हिंसा	१५		१५
	बलात्कार	८		८
	बलात्कारपछि हत्या	१		१
	पारिवारिक हत्या	२		२
	जम्मा	२६		२६
कूल जम्मा		३८	१	३९

(स्रोत : इन्सेक, २०२४)

महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। अन्य १० जना महिलाहरूले पनि ठाडो उजुरी दर्ता गराएका थिए। प्रहरीले सबै उजुरीका पीडित र आरोपितलाई बोलाएर मेलमिलाप गरायो।

यो वर्ष म्याग्दी जिल्लामा बलात्कारका घटनामा आठ र घरेलु हिंसाका घटनामा १५ गरी २३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट दुई जना महिलाको हत्या भयो। बलात्कारपछि एक जना महिलाको हत्या भयो।

वातावरण र मानव अधिकार

बसाइँसराइ

म्याग्दीमा यो वर्ष १ हजार १ सय १ जना बसाइँसराइ गरी बाहिरी जिल्ला गए।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

म्याग्दीमा एउटा इँटाभट्टा कारखाना छ।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष म्याग्दीमा विषालु च्याउको सेवनबाट मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

म्याग्दीमा २८ हजार ७ सय ६६ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ६६ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा एउटा सार्वजनिक शौचालय रहेको छ।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

म्याग्दी जिल्लामा एउटा अस्पताल, एउटा आधारभूत स्वास्थ्य केन्द्र, ३९ ओटा स्वास्थ्य चौकी र पाँच शहरी स्वास्थ्य केन्द्र रहेका छन्।

तालिका ८.४.४.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	२	३	५
यौन दुर्व्यवहार		२	२
जम्मा	२	५	७

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१५			१५
बलात्कार		१	७	८
पारिवारिक हत्या			२	२
बलात्करपछि हत्या			१	१
जम्मा	१५	१	१०	२६

मारिएकाहरूको सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	४	४

(स्रोत : इन्सेक, २०२४)

८.४.५ कास्की

जम्मा जनसङ्ख्या	६,००,०५१
महिला	३,०७,२६०
घर परिवार सङ्ख्या	१,६०,४१६
घरजग्गामा महिलाको स्वामित्व	५४,४९५
साक्षरता प्रतिशत	८७.७३
आश्रित जनसङ्ख्या	२,५६,५४२
अपाङ्गता भएका	१२,३६२

यस वर्ष कास्की जिल्लामा ज्यादतीका घटनामा १ सय १३ जना महिला र ३६ जना पुरुष गरी १ सय ४९ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २५ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ८१ जना महिला पीडित भए।

अमानवीय व्यवहार

वडा प्रहरी कार्यालय रामबजारमा कार्यरत प्रहरी नायव निरीक्षक अनुप अर्याललाई सार्वजनिक स्थानमा सुरक्षाका लागि खटिएको अवस्थामा ०८० पुस २३ गते पोखरा महानगरपालिका-१४ स्थित विपीमार्गको सार्वजनिक स्थानमा पोखरा महानगरपालिका-१४ विपीमार्गका ४१ वर्षीय विष्णु काप्रीले कुटपिट गरी काममा बाधा अवरोध पुर्‍याएको भन्दै पीडितले पुस २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले पुस २३ गते गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध माघ १० गते सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालत कास्कीमा मुद्दा दर्ता भयो। न्यायाधीश चन्द्रकान्त पौडेलको इजलासले माघ ११ गते १५ हजार रुपियाँ धरौटी माग्ने आदेश दियो। न्यायाधीश नवराज दाहालको इजलासले फागुन २९ गते १० दिन कैद र २ हजार ५ सय रुपियाँ जरिबानाको फैसला गर्‍यो।

राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यकर्ता र समर्थकले ०८१ कात्तिक २० गते पोखरामा गरेको प्रदर्शनको समाचार सङ्कलन गर्न पुगेका कान्तिपुर दैनिकका समाचारदाता इन्द्रप्रसाद पौडेल र पब्लिक फोरके टेलिभिजनका राजकुमार माझीलाई प्रहरीले कुटपिट गरेको पीडित पत्रकार पौडेलले बताए। नेपाल पत्रकार महासङ्घ कास्कीले कुटपिट घटनाको विज्ञप्ति निकालेर भर्त्सना गर्‍यो। कुटपिटबाट सामान्य घाइते भएका पत्रकारद्वयको सामान्य उपचारपछि आआफ्नो दैनिकीमा फर्किए। सहकारी ठगी प्रकरणमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवम् पूर्व गृहमन्त्री तथा सांसद रवि लामिछानेलाई कात्तिक २ गते काठमाडौँबाट गिरफ्तार गरी पोखरामा ल्याएपछि रास्वपाका कार्यकर्ताले पोखरामा प्रदर्शन गरेका थिए। घटनाका सम्बन्धमा थप कारबाही भएन।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कार्यकर्ताले ०८१ कात्तिक ५ गते पोखरामा रास्वपाको मादी गाउँपालिका संयोजक पदमराज पौडेललाई सोही पार्टीका कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। सहकारी ठगी र सङ्गठित अपराधमा अनुसन्धान गर्न भन्दै गिरफ्तारी भएका रास्वपा सभापति एवम् पूर्वउपप्रधान तथा गृहमन्त्री रवि लामिछानेलाई हिरासतमा राखेर अनुसन्धान गर्ने समय माग्न अदालत लगिँदै गर्दा सो कुटपिट भएको थियो। प्रहरीमा उजुरी गरिएको भए पनि थप कारबाही भएन।

तालिका ८.४.५.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		३	१०	१३
अमानवीय व्यवहार		२	१२	१४
घाइते			१२	१२
हत्या		१	२	३
धम्की		१		१
बाल अधिकार	बेचबिखन तथा ओसारपसार	४		४
	बाल विवाह	१		१
	बलात्कार	४		४
	सामूहिक बलात्कार	१		१
	यौन दुर्व्यवहार	१५		१५
	जम्मा	२५		२५
महिला अधिकार	घरेलु हिंसा	७३		७३
	बलात्कार	४		४
	सामूहिक बलात्कार	२		२
	बोचबिखन तथा ओसारपसार	२		२
	जम्मा	८१		८१
कूल जम्मा		११३	३६	१४९

(स्रोत : इन्सेक, २०२४)

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ४ सय २० जनाको भए पनि ७ सय ६९ जना कैदीबन्दी रहेको जेलर केशव लामिछानेले बताए। जसमा महिला ४२ जना र पुरुष ७ सय २३ जना कैदीबन्दी छन्। कारागारमा दुई जना आश्रित बालबालिका छन्। क्षमता भन्दा बढी कैदीबन्दी हुँदा एउटै कोठामा १० जनासम्म कोचिएर बस्नुपर्ने बाध्यता रहेको छ। पुरानो तथा जीर्ण भवन चुहिने गरेको र भत्किने त्रासमा कैदीबन्दी बस्नुपर्छ। कैदीबन्दीहरू कोचिएर बस्नुपर्ने भएकाले सानोतिनो विषयमा पनि वादविवाद हुने गरेको जेलर लामिछानेले बताए। कारागारमा मेडिकल अधिकृतको दरबन्दी भए पनि सिनियर अहेब एक जना कार्यरत छन्।

बाल सुधारगृह

६० जना बालकको क्षमता भएको बाल सुधार गृहमा १ सय १३ जना बालक छन्। जसमा कैद तोकिएका ७३ जनाको फैसला भएका बालक छन् भने ४० जना पुर्पक्षका लागि बाल सुधार गृहमा पुगेकाहरू छन्। जसमा १८ वर्षभन्दा माथिका पनि छन्। बलात्कार घटनाका २८ जना, हत्या घटनाका १० जना आरोपित कारागारमा छन्। केहीका उमेर कम हुँदा फैसला भएपछि बालगृहमै बस्नुपर्ने कानुनी बाध्यता छ। बालगृहमा यसअघि पानीको समस्या भए पनि अहिले प्रदेश सरकारले लिफ्टिङको व्यवस्था गरेर खानेपानी सहज भएको छ। अहिले बालकहरूले बीमाबाट नि:शुल्क औषधी उपचार पाएका छन्।

बाल सुधार गृहमा झडप

पोखरा महानगरपालिका-१८ सराङकोटस्थित बालसुधार गृहमा बालकहरूबिच झडप हुँदा १५, १६ र १७ वर्षीय तीन जना बालक घाइते भए। खाना खान लाइन बस्ने क्रममा फागुन ५ गते विवाद हुँदा झडप भएको थियो। घाइते तीनै जनाको उपचार मणिपाल शिक्षण अस्पतालमा गरेपछि फागुन ६ गते पुन: सुधार गृह पुऱ्याइएको सुधार गृहकी मनोविमर्शकर्ता ज्योति शर्माले बताइन्। त्यसपछि कुटपिटमा संलग्न १९ वर्षीय तीन जना 'युवा'लाई फागुन ९ गते नेपालगञ्ज पठाइएको थियो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

जिल्ला अदालतमा आठ जना न्यायाधीशको दरबन्दी रहेकामा कार्यरत छन्। यो वर्ष जिल्ला अदालतमा २ हजार २ सय १ थान देवानी मुद्दामध्ये १ हजार १९ थान फैसला भए। १ हजार १ सय ८२ थान बाँकी छन्। फौजदारी मुद्दातर्फ २ हजार ४ सय ४७ थान मुद्दामध्ये ९ सय ८७ थान मुद्दा फैसला भए। १ हजार ४ सय ६० थान बाँकी छन्। यो वर्ष ११ थान रिटमध्ये ६ थान फैसला भए भने पाँच थान बाँकी रहेको जिल्ला अदालतका सूचना अधिकारी सुरज अधिकारीले बताए।

उच्च अदालत, पोखरा

उच्च अदालतमा सात जना न्यायाधीशको दरबन्दी रहेकोमा सबै कार्यरत छन्। यो वर्ष उच्च अदालतमा देवानी मुद्दातर्फ ५ सय १ थान मुद्दामध्ये ३ सय ८२ थान मुद्दा फैसला भए। फौजदारी मुद्दातर्फ २ सय ३७ थानमध्ये १ सय ५० थान फैसला भएको अदालतका उपरजिष्ट्रार तथा सूचना अधिकारी विश्वनाथ अर्यालले बताए।

बाल अधिकार

यस वर्ष कास्की जिल्लामा बलात्कार घटनामा चार, सामूहिक बलात्कारका घटनामा एक, यौन दुर्व्यवहार घटनामा १५, बेचबिखन तथा ओसारपसार घटनामा चार र बालविवाहका घटनामा एक जना गरी २५ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

शिक्षाको अवस्था

कास्की जिल्ला ०७२ साउनमा साक्षर जिल्ला घोषणा भइसकेको छ। तर, जनगणना २०७८ अनुसार कास्कीको साक्षरता ८७.७३ प्रतिशत छ। कास्कीका पाँच ओटै स्थानीय तहमा गरेर बालविकास केन्द्र ३ सय ७७ छन्। सामुदायिक विद्यालयको सङ्ख्या ३ सय ७५ र संस्थागत विद्यालयको सङ्ख्या २ सय ५९ छ। शिक्षा विकास तथा समन्वय इकाइ, कास्कीका प्रमुख उपसचिव लोकनाथ आचार्यले कास्की जिल्लामा रहेको सबै विद्यालयमा शौचालय र खानेपानी पुगेको बताए। उनका अनुसार कास्की जिल्लाका सामुदायिक विद्यालय अपाङ्गतामैत्री छैनन्।

विद्यालयमा दिइने शारीरिक दण्ड सजाय

पोखरा महानगरपालिका-३२ राजाको चौतारा नजिकै रहेको यूनिभर्स अङ्ग्रेजी बोर्डिङ स्कुलमा कक्षा पाँचमा अध्ययनरत नौ वर्षीय बालकलाई ०८१ जेठ १३ गते कुटपिट गरी घाइते बनाएको आरोपमा अङ्ग्रेजी शिक्षक रुपा गाउँपालिका-६ निवासी ३२ वर्षीय सुदीप अधिकारीविरुद्ध बालकका अभिभावकले जेठ २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले जेठ २० गते नै गिरफ्तार गर्‍यो। बालकलाई गृहकार्य दिएको र अक्षर नराम्रो भएको भन्दै शिक्षकले कुटपिट गरेको पीडितले बताए। शिक्षकले लाठीले कुट्दा बालकको पिठ्यूँमा गहिरो चोट लागेको साथै नीलडाम भएको थियो। विद्यालय प्रशासनले विद्यार्थीलाई कुट्ने शिक्षक सुदीप अधिकारीलाई बर्खास्त गर्‍यो। पीडित बालकको उपचार पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा भयो। घटनाको अनुगमनपछि इन्सेक लगायतका अन्य सङ्घसंस्थाका अधिकारकर्मीहरूको पहलमा उजुरी दर्ता भएको थियो। अधिकारकर्मीहरूद्वारा आरोपितविरुद्ध जिल्ला अदालतमा सरकारी वकिलको कार्यालयमार्फत असार २ गते मुद्दा दर्ता भयो। न्यायाधीश नवराज दाहालको इजलासले असार ४ गते आरोपित अधिकारीलाई दोषी ठहर गर्‍यो। उनलाई १० दिन कैद र ७ हजार रुपियाँ जरिबाना तोकिएको अदालतले जनायो।

बलात्कार तथा यौन दुर्व्यवहार

१५ वर्षीया बालिकालाई ०८० फागनु २८ गते यौन दुर्व्यवहार गरेको आरोपमा जिल्ला प्रहरी कार्यालयमा पीडित पक्षले पोखरा महानगरपालिका-८ सभागृहका ४६ वर्षीय सुरेश श्रेष्ठविरुद्ध फागुन २८ गते उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २९ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश नवराज दाहालको ०८१ साउन २८ गतेको इजलासले आरोपितलाई दोषी ठहर गर्दै १५ दिन कैद र ५ हजार रुपियाँ जरिबानाको फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ८ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये पतिपत्नी झैँझगडाका १ सय र अन्य झैँझगडाका आठ उजुरी आएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर सरला ढकालले बताइन्। यीमध्ये ८९ उजुरीमा मेलमिलाप भयो भने १३ उजुरी अन्य निकायमा गएको र ६ उजुरीकर्ता सम्पर्कमा नआएको ढकालले बताइन्।

यो वर्ष कास्की जिल्लामा बलात्कारका घटनामा चार, सामूहिक बलात्कारका घटनामा दुई, बेचबिखन तथा ओसारपसार घटनामा दुई र घरेलु हिंसाका घटनामा ७३ गरी ८१ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

बलात्कार

२२ वर्षीया महिलालाई ०८० चैत १७ गते बलात्कार गरेको आरोपमा पोखरा महानगरपालिका-१४ छिनेडाँडा राधाकृष्ण टोलका २७ वर्षीय अनिश श्रेष्ठविरुद्ध पीडित महिलाले सोही दिन जिल्ला प्रहरी कार्यालय, कास्कीमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले चैत १८ गते गिरफ्तार गर्‍यो। जिल्ला न्यायाधीश चन्द्रकान्त पौडेलको ०८१ असार ११ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै ३ वर्ष कैद, २ लाख रुपियाँ क्षतिपूर्ति र ३० हजार रुपियाँ जरिबानाको फैसला सुनायो।

तालिका ८.४.५.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
बाल अधिकार	१	१
महिला अधिकार	१	१
कूल जम्मा	२	२

(स्रोत : इन्सेक, २०२४)

वातावरण र मानव अधिकार

बसाइँसराइ

कास्कीमा यो वर्ष ३ हजार ३ सय ६४ जना बसाइ सराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

कास्कीमा इँटाभट्टा र सिमेन्ट उद्योग स्थापना भएको छैन।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष कास्कीमा विषालु च्याउको सेवनबाट मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

कास्कीमा १ लाख ६० हजार ४ सय १६ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ६६ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा ३ सय ६९ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा सरकारी अस्पताल पाँच, क्षयरोग उपचार केन्द्र एक, प्राथमिक स्वास्थ्य सेवा केन्द्र चार, स्वास्थ्य चौकी ४२, आधारभूत स्वास्थ्य सेवा केन्द्र ११, सामुदायिक स्वास्थ्य एकाइ १३ र अन्य स्वास्थ्य केन्द्र सात ओटा रहेका छन्। त्यसैगरी, जिल्ला आयुर्वेद केन्द्र एक, आयुर्वेद औषधालय पाँच रहेको स्वास्थ्य कार्यालय, कास्की प्रमुख रामबहादुर नेपालले बताए।

तालिका ८.४.५.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार		४	४
बालविवाह		१	१
बलात्कार		५	५
यौन दुर्व्यवहार	२	१३	१५
जम्मा	२	२३	२५

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएको	मेलमिलाप	अपूर्ण	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		५४	१४	५	७३
बलात्कार	१			५	६
बेचबिखन तथा ओसारपसार				२	२
जम्मा	१	५४	१४	१२	८१

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	३	३

(स्रोत : इन्सेक, २०२४)

८.४.६ लमजुङ

जम्मा जनसङ्ख्या	१,५५,८५२
महिला	८१,७७५
घर परिवार सङ्ख्या	४४,०७४
घरजग्गामा महिलाको स्वामित्व	११,७९४
साक्षरता प्रतिशत	७७.४९
आश्रित जनसङ्ख्या	७४,२४३
अपाङ्गता भएका	५,५५७

यस वर्ष लमजुङ जिल्लामा ज्यादतीका घटनामा ४३ महिला र १५ जना पुरुष गरी ५८ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १३ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३० जना महिला पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ३५ जनाको भए पनि १ सय ७ जना कैदीबन्दी रहेको जेलर राधिका रेग्मीले बताइन्। जसमध्ये महिला चार जना र पुरुष १ सय ३ जना कैदीबन्दी छन्। क्षमताभन्दा बढी कैदी बन्दी हुँदा एउटै कोठामा २५ जनासम्म कोचिएर बस्नुपर्ने बाध्यता रहेको छ। पुरानो तथा जीर्ण भवन चुहिने गरेको र भत्किने त्रासमा कैदी बन्दी बस्नुपर्छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। यो वर्ष जिल्ला अदालतमा देवानीतर्फ ८ सय ७ थान मुद्दामध्ये ५ सय ७९ थान फैसला भए। फौजदारीतर्फ २ सय १२ थान मुद्दामध्ये ९५ थान फैसला भए। त्यसैगरी पुनरावेदनतर्फ एउटा मुद्दा रहेकोमा फैसला भयो भने निषेधाज्ञा र बन्दी प्रत्यक्षीकरणका चार थान मुद्दामध्ये तीन थान फैसला भए। दुई वर्ष नाघेका दुई थान मुद्दा रहेको अदालतका स्रेस्तेदार भेषराज पौडेलले बताए।

बाल अधिकार

यस वर्ष लमजुङ जिल्लामा बलात्कार घटनामा ६, यौन दुर्व्यवहार घटनामा पाँच र विद्यालयमा दिइने शारीरिक सजायका घटनामा दुई जना गरी १३ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा २ सय ३४ आधारभूत र ८२ माध्यमिक विद्यालय छन्। विद्यालयहरूमा शौचालय र खानेपानीको राम्रो व्यवस्था भए पनि अपाङ्गतामैत्री विद्यालय भने कतै पनि नरहेको शिक्षा विकास तथा समन्वय इकाइले जनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो आर्थिक वर्षमा घरेलु हिंसाबाट पीडित भएको भन्दै १२ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। १२ उजुरीमा मेलमिलाप भएको जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रकी वरिष्ठ हवल्दार परमेश्वरी नेपालीले बताइन्। गत आर्थिक वर्षमा ५८ ओटा त्यस्ता उजुरी परेकामा ५२ मा मेलमिलाप भएको र ६ उजुरीका पीडित थप न्यायका लागि भन्दै अदालत जाने भनी गएको उनले बताइन्।

मेलमिलाप भएका पीडित पुन: पीडित भएको भन्दै उजुरी लिएर नआएको पनि उनले बताइन्।

यो वर्ष लमजुङ जिल्लामा बलात्कारका घटनामा तीन, साइबर अपराधका घटनामा एक र घरेलु हिंसाका घटनामा २५ गरी २९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट एक जना महिलाको हत्या भयो।

तालिका ८.४.६.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		१		१
अमानवीय व्यवहार			१	१
घाइते			१३	१३
बाल अधिकार	विद्यालयमा दिइने शारीरिक सजाय	१	१	२
	बलात्कार	६		६
	यौन दुर्व्यवहार	५		५
	जम्मा	१२	१	१३
महिला अधिकार	घरेलु हिंसा	२५		२५
	साइबर अपराध	१		१
	बलात्कार	३		३
	पारिवारिक हत्या	१		१
	जम्मा	३०		३०
कूल जम्मा		४३	१५	५८

(स्रोत : इन्सेक, २०२४)

वातावरण र मानव अधिकार

बसाइँसराइ

लमजुङमा यो वर्ष २ हजार ४ सय १८ जना बसाइ सराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

लमजुङमा इँटाभट्टा र सिमेन्ट उद्योग स्थापना भएको छैन।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष लमजुङमा विषालु च्याउको सेवनबाट मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

लमजुङमा ४४ हजार ७४ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ६४ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

तालिका ८.४.६.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
बाल अधिकार	१	१

(स्रोत : इन्सेक, २०२४)

सार्वजनिक शौचालय

जिल्लामा १ सय ३० ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा सरकारी अस्पताल दुई, डट सेन्टर १ सय १, प्राथामिक स्वास्थ्य सेवा केन्द्र दुई, स्वास्थ्य चौकी ५७, आधारभूत स्वास्थ्य सेवा केन्द्र ११ र सामुदायिक स्वास्थ्य इकाइ १० रहेका छन्। त्यसैगरी गाउँघर क्लिनिक १ सय ८, खोप क्लिनिक २ सय ७ र महिला स्वास्थ्य स्वयम्सेविका ६ सय ६९ रहेको स्वास्थ्य कार्यालयका सूचना अधिकारी लेखनाथ उपाध्यायले बताए।

तालिका ८.४.६.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	**मेलमिलाप**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
विद्यालयमा दिइने शारीरिक दण्ड सजाय	२			२
बलात्कार		४	२	६
यौन दुर्व्यवहार		४	१	५
जम्मा	२	८	३	१३

महिला अधिकार				
घटनाको प्रकार	**मेलमिलाप**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा	१९	५	१	२५
साइबर अपराध	१			१
बलात्कार		३		३
पारिवारिक हत्या			१	१
जम्मा	२०	८	२	३०

(स्रोत : इन्सेक, २०२४)

८.४.७ तनहुँ

जम्मा जनसङ्ख्या	३,२१,१५३
महिला	१,७१,०५९
घर परिवार सङ्ख्या	८८,५१३
घरजग्गामा महिलाको स्वामित्व	२७,८२१
साक्षरता प्रतिशत	८१.६०
आश्रित जनसङ्ख्या	१,५१,३७८
अपाङ्गता भएका	८,७८०

यस वर्ष तनहुँ जिल्लामा ज्यादतीका घटनामा ६८ जना महिला र तीन जना पुरुष गरी ७१ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २५ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ४१ जना महिला पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता १ सय ३५ जनाको भए पनि कैद तोकिएका २ सय १ जना र कैद नतोकिएका १ सय २४ जना बन्दी गरी ३ सय २५ जना कैदीबन्दी रहेको जिल्ला कारागारका निमित्त प्रमुख नारायण अधिकारीले बताए। जसमध्ये महिला २५ जना र पुरुष ३ सय जना कैदीबन्दी छन्। दुई जना आश्रित बालिका छन्। कैदीबन्दीको नियमित स्वास्थ्य जाँचका लागि एक जना अहेवको दरबन्दी रहेकोमा यस आर्थिक वर्षको सुरुवातदेखि नै उक्त दरबन्दी रिक्त छ। स्वास्थ्यकर्मी नहुँदा कैदीबन्दी सामान्य बिरामी भए पनि दमौली अस्पताल र चिकित्सकको सिफारिसको आधारमा अन्य अस्पतालमा लैजानु पर्ने बाध्यता रहेको छ। ६० वर्ष नाघेका २९ जना ज्येष्ठ नागरिक (पुरुष) रहेको कारागारका निमित्त प्रमुख अधिकारीले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा तीन जना न्यायाधीशको दरबन्दी रहेको छ। यो वर्ष जिल्ला अदालतमा देवानी मुद्दातर्फ १ हजार ३ सय १४ थान मुद्दामध्ये १ हजार १ सय ४ थान फैसला भए। फौजदारी मुद्दातर्फ ४ सय ३६ थान मुद्दामध्ये ४ सय १ थान फैसला भए। एक वर्ष नाघेका ९५ थान मुद्दा रहेको अदालतका स्रेस्तेदार नन्दप्रसाद अधिकारीले बताए।

बाल अधिकार

यस वर्ष तनहुँ जिल्लामा बलात्कार घटनामा १४, हाडनाता करणीका घटनामा दुई, सामूहिक बलात्कारका घटनामा एक र यौन दुर्व्यवहार घटनामा आठ गरी २५ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

शिक्षाको अवस्था

तनहुँ जिल्ला पूर्ण साक्षर घोषणा भइसकेको छ। तर, जनगणना २०७८ अनुसार ८१.६० प्रतिशत मात्रै साक्षर छन्। जिल्लामा सामुदायिकतर्फ ३ सय १६ आधारभूत र १ सय १९ मावि छन् भने संस्थागत तर्फ ५८ आधारभुत र ५८ माध्यमिक विद्यालय रहेका छन्। यस वर्ष भर्ना भएका बालबालिकाको सङ्ख्या एकीन नभएको जिल्ला शिक्षा तथा समन्वय इकाइले जनायो। भर्ना भएका दलित तथा अपाङ्गता भएका बालक र बालिकाको तथ्याङ्क जिल्ला शिक्षा इकाइ तथा स्थानीय तहहरूसँग छैन। विद्यालयहरूमा शौचालय र खानेपानीको सुविधा रहेको छ। सहिद परिवारका तीन जना बालिकाले छात्रवृत्ति पाएका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २८ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये पतिपत्नी झैझगडाका १५ र विवाह दर्ता तथा नागरिकता नबनाइदिएका १३ ओटा उजुरी आएको जिल्ला प्रहरी कार्यालयका एसपी वीरेन्द्रबहादुर शाहीले बताए। यीमध्ये सबै उजुरीमा मेलमिलाप भएको एसपी शाहीले बताए।

यो वर्ष तनहुँ जिल्लामा बलात्कारका घटनामा ११, बेचबिखन तथा ओसारपसार घटनामा एक र घरेलु हिंसाका घटनामा २७ गरी ३९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। यस वर्ष परिवारबाट दुई जना महिलाको हत्या भयो।

तालिका ८.४.७.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			१	१
हत्या		२	२	४
बाल अधिकार	बलात्कार	१४		१४
	सामूहिक बलात्कार	१		१
	हाडनाता करणी	२		२
	यौन दुर्व्यवहार	८		८
	जम्मा	२५		२५
महिला अधिकार	घरेलु हिंसा	२७		२७
	बेचबिखन तथा ओसारपसार प्रयास	१		१
	बलात्कार	११		११
	पारिवारिक हत्या	२		२
	जम्मा	४१		४१
कूल जम्मा		६८	३	७१

(स्रोत : इन्सेक, २०२४)

पारिवारिक हत्या

भानु नपा-८ गैरीफाँटकी ३९ वर्षीया प्रतीक्षा श्रेष्ठलाई बञ्चरो प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले ३९ वर्षीय पति ओमनारायण श्रेष्ठलाई ०८१ कात्तिक २२ गते गिरफ्तार गर्‍यो। घरायसी विवादमा प्रतीक्षालाई आरोपितले कात्तिक २२ गते साँझ बञ्चरो प्रहार गर्दा घाइते भएकी उनलाई छिमेकीले उपचारका लागि सोही राति दमौली अस्पताल लगेकोमा चिकित्सकले मृत घोषणा गरेका थिए। शवको पोष्टमार्टम पश्चात अन्तिम संस्कारको लागि कात्तिक २३ गते आफन्तको जिम्मा लगाइएको प्रहरी कार्यालयले जनायो। आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय, तनहुँले मङ्सिर १३ गते ज्यानसम्बन्धी कसुरमा मुद्दा दर्ता गरेकोमा आरोपित मङ्सिर १४ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्। वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

वातावरण र मानव अधिकार

बसाइँसराइ

तनहुँमा यो वर्ष ५ हजार ७ सय ७३ जनाले बसाइँसराइ गरी बाहिरिएका तथ्याङ्क रहेको छ।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

तनहुँमा दुई ओटा सिमेन्ट उद्योग र सात ओटा इँटा उद्योग सञ्चालनमा रहेका छन्।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष तनहुँमा विषालु च्याउको सेवनबाट मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

तनहुँमा ८८ हजार ५ सय १३ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ९२ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा २० ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा तीन सरकारी अस्पताल, ४६ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र, २९ आधारभूत स्वास्थ्य केन्द्र र १५ ओटा शहरी स्वास्थ्य केन्द्र छन्। स्वास्थ्य केन्द्रमा दरबन्दी अनुसारका स्वास्थ्यकर्मी छैनन्।

तालिका ८.४.७.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
बाल अधिकार	१	१
महिला अधिकार	२	२
कूल जम्मा	३	३

(स्रोत : इन्सेक, २०२४)

ग्रामीण क्षेत्रका स्वास्थ्य चौकीमा राज्यले नि:शुल्क प्रदान गर्ने सबै प्रकारका औषधी उपलब्ध छैनन्। यसवर्ष तनहुँमा डेङ्गीबाट ५ हजारभन्दा बढी नागरिक सङ्क्रमित भए। स्वास्थ्य संस्थामा डेङ्गीका बिरामीलाई उपचारको अभाव रह्यो। डेङ्गीबाट एक जनाको मृत्यु भयो।

तालिका ८.४.७.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	४	१३	१७
यौन दुर्व्यवहार	४	४	८
जम्मा	८	१७	२५

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	२६		१	२७
बेचबिखन तथा ओसारपसार प्रयास			१	१
बलात्कार		५	६	११
पारिवारिक हत्या			२	२
जम्मा	२६	५	१०	४१

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	४	४

(स्रोत : इन्सेक, २०२४)

८.४.८ नवलपरासी पूर्व

जम्मा जनसङ्ख्या	३,७८,०७९
महिला	२,००,१९२
घर परिवार सङ्ख्या	९३,८५०
घरजग्गामा महिलाको स्वामित्व	३२,०४२
साक्षरता प्रतिशत	८२.३५
आश्रित जनसङ्ख्या	१,७२,४८४
अपाङ्गता भएका	१२,०८८

यस वर्ष नवलपरासी पूर्व जिल्लामा ज्यादतीका घटनामा २५ जना महिला र चार जना पुरुष गरी २९ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १५ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा सात जना महिला पीडित भए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

दुई जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालत नवलपुरमा यो वर्ष फौजदारी मुद्दातर्फ ३ सय ९७ मध्ये ३ सय ४७ र देवानी मुद्दातर्फ ९ सय ७ मध्ये ९ सय ५४ थान मुद्दा फैसला भए। अदालतमा यो अवधिमा दुई वर्ष नाघेका कुनै पनि मुद्दा बाँकी नरहेको अदातलका स्रेस्तेदार गम्भीर घिमिरेले बताए।

बाल अधिकार

यस वर्ष नलपरासी पूर्व जिल्लामा बलात्कार घटनामा नौ, सामूहिक बलात्कारका घटनामा एक, हाडनाता करणीको घटनामा एक र यौन दुर्व्यवहार घटनामा चार गरी १५ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा ८६ माध्यमिक र २ सय २२ आधारभूत विद्यालय रहेको शिक्षा विकास तथा समन्वय इकाइ, नवलपुरका सूचना अधिकारी सरीता राना खाम्चा मगरले बताइन्। नवलपरासी पूर्वमा ५४ हजार ७ सय २३ छात्र र ४८ हजार २ सय ५७ छात्रा यो वर्ष भर्ना भएको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख दीपेन्द्रराज श्रेष्ठले बताए। गत वर्ष ३८ जना द्वन्द्वपीडित बालबालिकाले छात्रवृत्ति पाएको प्रमुख श्रेष्ठले बताए। नवलपुरमा गत वर्ष ९७ जना वैदेशिक रोजगारीमा गएर अभिभावक गुमाएका बालबालिकाले छात्रवृत्ति प्राप्त गरेको सुरक्षित आप्रवासन कार्यक्रम नवलपुरका जिल्ला संयोजक रितुराम सोती थापाले बताए।

तालिका ८.४.८.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		२	१	३
घाइते			१	१
हत्या			२	२
धम्की		१		१
बाल अधिकार	बलात्कार	९		९
	सामूहिक बलात्कार	१		१
	हाडनाता करणी	१		१
	यौन दुर्व्यवहार	४		४
	जम्मा	१५		१५
महिला अधिकार	घरेलु हिंसा	२		२
	बलात्कार	४		४
	पारिवारिक हत्या	१		१
	जम्मा	७		७
कूल जम्मा		२५	४	२९

(स्रोत : इन्सेक, २०२४)

तालिका ८.४.८.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
महिला अधिकार	१	१

(स्रोत : इन्सेक, २०२४)

सामूहिक बलात्कार

पाँच वर्षीया बालिकालाई ०८० फागुन ४ गते बलात्कार गरेको भन्दै १४ वर्षीय र १३ वर्षीय बालकविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा फागुन ८ गते उजुरी दियो। प्रहरीले आरोपितहरूलाई सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०८१ जेठ २९ गतेको इजलासले आरोपितहरूले बाल यौन दुरुपयोग ठहर गर्दै मुलुकी अपराध संहिता, २०७४ को दफा २२५(३) तथा बालबालिकासम्बन्धी ऐन, २०७५ दफा ३६(३) बमोजिम ३(तीन) महिना कैद सजाय तोक्यो। उक्त तीन महिना कैदका हकमा अनुसन्धान र मुद्दा पुर्पक्षका क्रममा व्यतित भएकोले केही गर्नु नपरेको र पीडित राहत कोषमा २ सय रुपियाँ दाखिल हुने र यी कानुनको विवादमा परेका बालकबाट पीडितले ४० हजार रुपियाँ क्षतिपूर्ति भराइ पाउने ठहर आदेश गऱ्यो।

नौ वर्षीया बालिकालाई ०८० पुस २१ गते बलात्कार गरेको आरोपमा १६ वर्षीय बालकविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा ०८० चैत ९ गते उजुरी दियो। प्रहरीले आरोपितलाई चैत ९ गते उनकै घरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०८१ जेठ २४ गतेको इजलासले आरोपितलाई तीन महिना बाल सुधार गृहमा पठाउने साथै ४० हजार रुपैया क्षतिपूर्ति भराउने फैसला गऱ्यो।

११ वर्षीय बालिकालाई मध्यविन्दु नगरपालिका-११, अरुणखोलाका १९ वर्षीय युवराज कुमालले ०८१ साउन २८ गते यौन दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले आरोपितविरुद्ध ०८१ साउन २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले ०८१ साउन ३० गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०८१ मङ्सिर १९ गतेको आदेशले ६ महिना कैद, ५० हजार रुपियाँ जरिबाना र ५० हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति भराउने फैसला गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव,दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ९० जना महिलाले जिल्ला प्रहरी कार्यालय, नवलपरासी पूर्वको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये ६३ उजुरीमा मेलमिलाप गरिएको सेवा केन्द्रका प्रमुख विन्दु बिकले बताइन्।

यो वर्ष नवलपरासी पूर्व जिल्लामा बलात्कारका घटनामा चार र घरेलु हिंसाका घटनामा दुई गरी ६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट एक जना महिलाको हत्या भयो।

बलात्कार

मानसिक अपाङ्गता भएकी १८ वर्षीया युवतीलाई ०८० पुस २७ गते बलात्कार गरेको भन्दै हुप्सेकोट गाउँपालिका-३ जुल्पेटार निवासी ७० वर्षीय ज्येष्ठ नागरिकविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा माघ २८ गते उजुरी दिए। पीडित पक्षले माघ २३ गते जिल्ला प्रहरी कार्यालयमा मौखिक उजुरी दिएको थियो। प्रहरीले आरोपितलाई माघ २३ गते गिरफ्तार गरी इन्सेक गण्डकी प्रदेश कार्यालयको पहलमा प्रहरीले माघ २८ गते उजुरी दर्ता गऱ्यो। जिल्ला अदालतको ०८१ मङ्सिर ५ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गरी ८ वर्ष कैद, ३ लाख रुपियाँ जरिबाना र पीडितलाई २५ हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला गऱ्यो।

वातावरण र मानव अधिकार

बसाइँसराइ

नवलपरासी पूर्वमा यो वर्ष ५ हजार ९ सय ८२ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

जिल्लामा ६ ओटा इँटाभट्टा र दुई ओटा सिमेन्ट उद्योग सञ्चालनमा छन्।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष नवलपरासी पूर्वमा विषालु च्याउको सेवनबाट मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

नवलपरासी पूर्वमा ९३ हजार ८ सय ५० घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ६० प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा २ सय ३९ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा जिल्ला अस्पताल, चार नगर अस्पताल, तीन प्राथमिक स्वास्थ्य केन्द्र, ३२ स्वास्थ्य चौकी, ५१ आधारभूत स्वास्थ्य सेवा केन्द्र, १५ सामुदायिक स्वास्थ्य इकाइ, एक जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, पाँच आयुर्वेद औषधालय र दुई नागरिक आरोग्य सेवा केन्द्र रहेका छन्। यसका साथै १ सय ५२ खोप केन्द्र रहेका छन्। स्वास्थ्य संस्थाहरूको उपलब्धता उल्लेख्य रहे पनि आवश्यक उपकरण र विशेषज्ञको कमीका कारण कतिपय उपचारका लागि अन्य जिल्ला जानुपर्ने बाध्यता भने कायम रहेको छ। जिल्ला अस्पतालमा दरबन्दी अनुसारका कर्मचारी नहुँदा गुणस्तरीय सेवा प्रदान गर्न समस्या हुँदै आएको छ। साँघुरो भवनका कारण जिल्ला अस्पताल सेवाग्राहीमैत्री हुन सकेको छैन।

तालिका ८.४.८.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	१०	११
यौन दुर्व्यवहार	२	२	४
जम्मा	३	१२	१५

महिला अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		२		२
बलात्कार	१		३	४
पारिवारिक हत्या			१	१
जम्मा	१	२	४	७

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा नल्याइएका	जम्मा
हत्या	२	२

(स्रोत : इन्सेक, २०२४)

८.४.९ स्याङ्जा



जम्मा जनसङ्ख्या	२,५३,०२४
महिला	१,३६,३४६
घर परिवार सङ्ख्या	६८,९२३
घरजग्गामा महिलाको स्वामित्व	१७,६३१
साक्षरता प्रतिशत	८१.६७
आश्रित जनसङ्ख्या	१,२२,१५२
अपाङ्गता भएका	६,५७९

तालिका ८.४.९.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
अमानवीय व्यवहार		१		१
हत्या			२	२
जातीय विभेद			३	३
धम्की		१		१
कुटपिट		१		१
बाल अधिकार	बालविवाह	१	१	२
	नवजात शिशुको हत्या	१		१
	बलात्कार	४		४
	हाडनाता करणी	१		१
	यौन दुर्व्यवहार	४	१	५
	जम्मा	११	२	१३
महिला अधिकार	घरेलु हिंसा	२८		२८
	बलात्कार	१		१
	जम्मा	२९		२९
कूल जम्मा		४३	७	५०

(स्रोत : इन्सेक, २०२४)

यस वर्ष स्याङ्जा जिल्लामा ज्यादतीका घटनामा ४३ जना महिला र सात जना पुरुष गरी ५० जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १३ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २९ जना महिला पीडित भए। जातीय विभेदका घटनामा तीन जना पुरुष पीडित भए।

कारागार र बन्दी

६५ जनाको क्षमता भएको जिल्ला कारागारमा १ सय ४२ जना कैदीबन्दी रहेका जेलर दिनेश शर्मा मरासिनीले बताए। जसमा ६ जना महिला र १ सय ३७ जना पुरुष छन्। कारागारमा ६५ वर्ष माथिका चार जना ज्येष्ठ नागरिक रहेका छन्। कारागारमा सिनियर अहेबको दरबन्दी रिक्त भई लोकसेवामा माग गरिएको र हाल सो पूर्ति नहुन्जेलसम्मका लागि पुतलीबजार नगरपालिकासँग समन्वय गरी स्वास्थ्य सेवा दिइरहेको जेलर मरासिनीले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुई जना न्यायाधीशको दरबन्दी रहेको छ। यो वर्ष जिल्ला अदालतमा देवानी मुद्दातर्फ ५ सय ९० थान मुद्दामध्ये ३ सय ४८ थान फैसला भए। फौजदारी मुद्दातर्फ १ सय ९४ थान मुद्दामध्ये ८० थान फैसला भएको अदालतका स्रेस्तेदार भूमिप्रसाद शर्माले बताए। दुई वर्ष नाघेका मुद्दा छैनन्।

बाल अधिकार

यस वर्ष स्याङ्जा जिल्लामा बलात्कार घटनामा चार, हाडनाता करणीको घटनामा एक, यौन दुर्व्यवहार घटनामा पाँच र बालविवाहका घटनामा दुई गरी १२ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यो वर्ष नवजात शिशुको हत्याको एक घटना अभिलेख भयो।

शिक्षाको अवस्था

स्याङ्जामा ५ सय ७२ बाल विकास केन्द्र छन्। १ सय ६२ प्राथमिक तहका र १ सय ६७ माध्यमिक विद्यालय छन्। यो वर्ष ३२ हजार १ सय ६ जना छात्र र २८ हजार ४ सय ४३ जना छात्रा भर्ना भएका शिक्षा विकास तथा समन्वय इकाइका सूचना अधिकारी, सुरेश सुवेदीले बताए। जिल्लामा ३ हजार ६ सय ७८ दरबन्दीमा १८ रिक्त छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २९ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये झैझगडाका २१, विवाह दर्ता तथा नागरिकता नबनाइदिएका एक र अन्य हिंसाका सात उजुरी आएको सेवा केन्द्रका इन्स्पेक्टर उमेशलाल श्रेष्ठले बताए। यी मध्ये प्रहरीले २८ उजुरीमा मेलमिलाप गरायो भने एक उजुरीका पीडित अदालत गएको इन्स्पेक्टर श्रेष्ठले बताए।

यो वर्ष स्याङ्जा जिल्लामा बलात्कारका घटनामा एक, घरेलु हिंसाका घटनामा २८ जना गरी २९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

तालिका ८.४.९.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
महिला	१	१

(स्रोत : इन्सेक, २०२४)

वातावरण र मानव अधिकार

बसाइँसराइ

स्याङजामा यो वर्ष ६ हजार २ सय ९४ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

स्याङजामा इँटाभट्टा र सिमेन्ट उद्योग स्थापना भएको छैन।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष स्याङजामा विषालु च्याउको सेवनबाट मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

स्याङजामा ६८ हजार ९ सय २३ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ४२ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा २ सय सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा सात सरकारी अस्पताल, १ सय ८ क्षयरोग उपचार केन्द्र, दुई प्राथमिक स्वास्थ्य सेवा केन्द्र, ६४ स्वास्थ्य चौकी, ४१ आधारभूत स्वास्थ्य केन्द्र र पाँच सामुदायिक स्वास्थ्य इकाइ रहेको स्वास्थ्य कार्यालयका सूचना अधिकारी विष्णुप्रसाद सुवेदीले बताए।

तालिका ८.४.९.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह			२	२
बलात्कार			५	५
यौन दुर्व्यवहार	१	१	३	५
नवजात शिशुको हत्या		१		१
जम्मा	१	२	१०	१३

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	२६	२		२८
बलात्कार			१	१
जम्मा	२६	२	१	२९

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	२

(स्रोत : इन्सेक, २०२४)

८.४.१० पर्वत

जम्मा जनसङ्ख्या	१,३०,८८७
महिला	६९,२०९
घर परिवार सङ्ख्या	३६,११२
घरजग्गामा महिलाको स्वामित्व	९,३२७
साक्षरता प्रतिशत	८०.१२
आश्रित जनसङ्ख्या	६४,१९८
अपाङ्गता भएका	४,२५९

यस वर्ष पर्वत जिल्लामा ज्यादतीका घटनामा २१ जना महिला र एक जना पुरुष गरी २२ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा चार जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १६ जना महिला पीडित भए।

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्न पाउने अधिकार

हत्या

अन्यपक्षबाट

जलजला गाउँपालिका-२ मल्लाजका ६९ वर्षीय सूर्यबहादुर घर्ती क्षेत्री र ६३ वर्षीया गमला घर्तीको ०८० चैत २० गते हत्या भयो। हत्याको आरोपमा मृतकका छोराले चैत २० गते जलजला गाउँपालिका-२ का ३५ वर्षीय कृष्णबहादुर विश्वकर्मा, कुश्मा नगरपालिका-२ खुर्कोटका ३३ वर्षीय दीपक दर्जी, जलजला गाउँपालिका-१ का ६० वर्षीय कर्णबहादुर विक र बागलुङ नगरपालिका-७ मूलपानीका ५१ वर्षीय परशुराम विश्वकर्माविरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले वैशाख २१ गते आरोपितहरूलाई गिरफ्तार जिल्ला अदालतको ०८१ मङ्सिर १० गतेको इजलासले आरोपित कृष्णबहादुर विश्वकर्मा र दीपक दर्जीलाई जन्मकैदको सजाय तथा कर्णबहादुर बिक र परशुराम विश्वकर्मालाई सफाइ दिने फैसला सुनायो।

कारागार र बन्दी

२५ जनाको क्षमता रहेको पर्वत जिल्ला कारागारमा ८९ जना कैदीबन्दी रहेका छन्। जसमध्ये सजाय तोकिएका कैदीबन्दी ६३ जना रहेका छन् भने सजाय नतोकिएका थुनुवा २६ जना छन्। कारागारमा एक जना आश्रित बालिका रहेका छन्। कारागारमा तीन जना महिला र ८६ जना पुरुष छन्। कैदीबन्दी मध्ये १२ जना दीर्घरोगी रहेको अहेव धर्मलालकुमार यादवले बताए। कारागारमा रहेका कैदीबन्दीहरूले विशेष गरी मुढा बुन्ने र कपडा सिउने काम गरेको कारागार प्रमुख शीला श्रेष्ठले बताइन् ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। ३ सय ६२ थान मुद्दामध्ये २ सय ६० थान मुद्दा फैसला भए। जस अन्तर्गत ४२ थान मुद्दा सरकारवादी फौजदारी, ६९ थान मुद्दा दुनियावादी फौजदारी र २ सय ५१ थान दुनियावादी देवानी मुद्दा थिए।

तालिका ८.४.१०.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
हत्या		१	१	२
बाल अधिकार	बलात्कार	२		२
	यौनदुर्व्यवहार	२		२
	जम्मा	४		४
महिला अधिकार	घरेलु हिंसा	१४		१४
	हाडनाता करणी	१		१
	पारिवारिक हत्या	१		१
	जम्मा	१६		१६
कूल जम्मा		२१	१	२२

(स्रोत : इन्सेक, २०२४)

बाल अधिकार

यस वर्ष पर्वत जिल्लामा बलात्कार घटनामा दुई र यौन दुर्व्यवहार घटनामा दुई गरी चार जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

पर्वत जिल्लालाई २०७४ साल माघ १८ गते साक्षरता भएको जिल्ला घोषणा गरिएको हो। पर्वत जिल्ला राष्ट्रिय तथ्याङ्क अनुसार ९६.९३ प्रतिशत साक्षरता रहेको छ। पर्वतमा २ सय ९६ सामुदायिक विद्यालय रहेका छन् भने २८ निजी विद्यालय रहेको जिल्ला शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख मोती चापागाइँले बताए ।

यौन दुर्व्यवहार

१२ वर्षीया बालिकालाई ०८० माघ २२ गते यौन दुर्व्यवहार गरेको आरोपमा जलजला गाउँपालिका-७ धाइरिङका २३ वर्षीय राजेश नेपाली विरुद्ध पीडित पक्षले ०८० माघ २५ गते मौखिक र माघ २९ गते जिल्ला प्रहरी कार्यालयमा लिखित उजुरी दिए। आरोपितलाई प्रहरीले ०८० माघ २९ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतले ०८१ वैशाख ३ गते आरोपितलाई कसुरदार ठहर गर्दै तीन महिना कैद सजायको फैसला सुनायो।

१३ वर्षीया बालिकालाई ०८१ जेठ ७ गते यौन दुर्व्यवहार गरेको भन्दै महाशिला गाउँपालिका-५ लुङ्खुका २५ वर्षीय दुर्गाबहादुर सुनारविरुद्ध पीडितका आफन्तले जेठ ८ गते जिल्ला प्रहरी कार्यालय, पर्वतमा उजुरी दिए। आरोपितलाई प्रहरीले जेठ ९ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतले असार १८ गते आरोपितलाई तीन महिना कैद र २० हजार रुपियाँ जरिबाना हुने फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै पर्वतमा २३ जना महिलाले महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, पर्वतमा उजुरी दर्ता गराए। जसमा पतिले मादकपदार्थ सेवन गरी कुटपिट गरेका, मार्ने धम्की दिएका, खान/लाउन नदिएको र सामान्य घरायसी झैँझगडाका छन्। यीमध्ये प्रहरीले १७ मुद्दामा मेलमिलाप गरायो भने दुई उजुरीमा कानुनी प्रक्रिया अघि बढेको र चार उजुरीमा पक्षविपक्ष बोलाएर छलफल गराउने कार्य भइरहेको महिला बालबालिका सेवा केन्द्रकी सई पूर्णिमा थापाले बताइन्।

यो वर्ष पर्वत जिल्लामा हाडनाता करणीका घटनामा एक र घरेलु हिंसाका घटनामा १४ जना गरी १५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट एक जना महिलाको हत्या भयो।

वातावरण र मानव अधिकार

बसाइँसराइ

पर्वतमा यो वर्ष २ हजार ३ सय ८० जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

पर्वतमा एक ओटा इँटाभट्टा सञ्चालनमा छन्।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष पर्वतमा विषालु च्याउको सेवनबाट मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

पर्वतमा ३६ हजार १ सय १२ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ९४ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा १ सय १८ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

पर्वत जिल्लामा एक अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र र ५५ स्वास्थ्य चौकी रहेका छन्। चार सामुदायिक स्वास्थ्य केन्द्र समेत सञ्चालन रहेका छन्। पर्वत अस्पतालले १५ शैयाको मात्रै स्वीकृति प्राप्त गरे पनि आन्तरिक स्रोत उपयोग गरेर ५० शैया सञ्चालन गरिरहेको छ। अस्पतालमा उपलब्ध हुनुपर्ने ९८ प्रकारका नि:शुल्क औषधीमध्ये ३५ प्रकारका औषधी मात्रै उपलब्ध गराउन सकिएको अस्पतालका मेडिकल सुपरीटेण्डेन्ट डाक्टर हेमन्त बास्तोलाले बताए।

जिल्लाका कूल १ लाख ३० हजार १ सय ५१ जनसङ्ख्यामध्ये ४८ हजार ७ सय ३ जनाले स्वास्थ्य बिमा गराएका छन्। बीमा गरेका बिरामीहरूले सहज रूपमा उपचार पाइरहेको मेडिकल सुपरीटेण्डेन्ट बास्तोलाले बताए।

तालिका ८.४.१०.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१	१	२
यौन दुर्व्यवहार	२			२
जम्मा	२	१	१	४

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	९	४	१		१४
बलात्कार				१	१
पारिवारिक हत्या				१	१
जम्मा	९	४	१	२	१६

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	२

(स्रोत : इन्सेक, २०२४)

८.४.११ बागलुङ

जम्मा जनसङ्ख्या	२,४९,२११
महिला	१,३३,०१७
घर परिवार सङ्ख्या	६४,०९६
घरजग्गामा महिलाको स्वामित्व	१२,४२७
साक्षरता प्रतिशत	७९.९७
आश्रित जनसङ्ख्या	१,२७,४२६
अपाङ्गता भएका	७,८११

यस वर्ष बागलुङमा ज्यादतीका घटनामा ४४ जना महिला र ६ जना पुरुष गरी ५० जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा नौ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३६ जना महिला पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ९० जनाको रहेको छ। कारागारमा १ सय १३ जना कैद तोकिएका र ५६ जना कैद नतोकिएका गरी १ सय ६९ जना कैदीबन्दी छन्। जसमा महिला १६ र पुरुष १ सय ५३ रहेका छन्। कारागारमा दुई जना आश्रित बालक छन्। कैदीबन्दीको नियमित स्वास्थ्य परीक्षणका लागि एक जना अहेबको दरबन्दी रहेकोमा कार्यरत छन्। कारागारमा ६५ वर्ष माथिका ६ जना ज्येष्ठ नागरिक पुरुष रहेको कारागार प्रशासक धिरेन्द्र पन्तले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ८३ थानमध्ये ७० थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ३ सय १५ थानमध्ये १ सय ५६ थान मुद्दा फैसला भए। यस अदालतमा १८ महिना नाघेका फौजदारी मुद्दा दुई थान छन् भने देवानी मुद्दा चार थान बाँकी छ। दुई वर्ष नाघेको कुनै पनि मुद्दा छैनन्।

उच्च अदालत पोखरा, बागलुङ इजलास

चार जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत, बागलुङमा दुनियावादी देवानीका ६१ थान मुद्दामध्ये २७ थान फैसला भए, दुनियावादी फौजदारीका ३३ थान मुद्दामध्ये १४ थान फैसला भए। सरकारवादी फौजदारीका १ सय ३४ थान मुद्दा दर्ता भए। जसमध्ये ७७ थान फैसला भएका छन्। यस अदालतमा १८ महिना नाघेका कुनै पनि मुद्दा छैनन्।

बाल अधिकार

यस वर्ष बागलुङ जिल्लामा बलात्कार घटनामा चार, हाडनाता करणी घटनामा तीन र बालविवाहका घटनामा दुई जना गरी नौ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

यस जिल्लामा ४ सय ३४ आधारभूत र १ सय ४६ माध्यमिक विद्यालय छन्। ५ हजार ९ सय ५१ शिक्षक दरबन्दी रहेकामा दरबन्दी अनुसार कार्यरत छन्। यस वर्ष ३४ हजार ८ सय ५८ छात्र र ३१ हजार ५ सय ८७ जना छात्रा विद्यालय भर्ना भए। यस वर्ष जिल्लाभर १३ हजार १८ दलित छात्र र १२ हजार ३ सय १७ दलित छात्रा विद्यालय भर्ना भए।

बलात्कार

१३ वर्षीया बालिकालाई ०८० माघ १० गते बलात्कार गरेको आरोपमा काठेखोला गाउँपालिका-८ लेखानी घर भई निसीखोला बस्ने ४१ वर्षीय होमबहादुर पुनविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालय, बागलुङमा माघ २२ गते उजुरी दियो। प्रहरीले आरोपितलाई माघ २२ गते निसीखोलाबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रमेशकान्त अधिकारीको ०८१ साउन २२ गतेको इजलासले आरोपितलाई आंशिक अभियोग दावी पुग्ने भन्दै १ वर्ष ६ महिना कैद, १५ हजार रुपियाँ जरिबाना र ५० हजार रुपियाँ क्षतिपूर्तिको फैसला सुनायो।

पाँच वर्षीया बालिकालाई ०८१ असार २१ गते बलात्कार गरेको आरोपमा १४ वर्षीय बालकविरुद्ध पीडित पक्षले असार २५ गते जिल्ला प्रहरी कार्यालय बागलुङमा उजुरी दियो। प्रहरीले आरोपितलाई असार २४ गते जैमिनी नगरपालिका-८ बाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रमेशकान्त अधिकारीको ०८१ कात्तिक २६ गतेको इजलासले आरोपितलाई अभियोग दावी पुग्ने भन्दै ६ महिना कैद र २० हजार रुपियाँ क्षतिपूर्तिको फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २९ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका दुई, खानलाउन नदिएका १२, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका, अर्की पत्नी ल्याएर हेला गरेको आठ र सामान्य घरायसी झगडाका सात उजुरी छन्। यीमध्ये प्रहरीले १५ उजुरीमा मेलमिलाप गरायो भने १० उजुरी अदालत गएको र चार उजुरी कारबाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालय बागलुङका असई श्रद्धा कवरले बताइन्।

यो वर्ष बागलुङ जिल्लामा बलात्कारका घटनामा चार, हाडनाता करणी घटनामा एक र घरेलु हिंसाका घटनामा ३० जना गरी ३५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट एक जना महिलाको हत्या भयो।

तालिका ८.४.११.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			१	१
अमानवीय व्यवहार			२	२
घाइते			१	१
हत्या			१	१
बाल अधिकार	बालविवाह	१	१	२
	बलात्कार	४		४
	हाडनाता करणी	३		३
	जम्मा	८	१	९
महिला अधिकार	घरेलु हिंसा	३०		३०
	बलात्कार	४		४
	हाडनाता करणी	१		१
	पारिवारिक हत्या	१		१
	जम्मा	३६		३६
कूल जम्मा		४४	६	५०

(स्रोत : इन्सेक, २०२४)

वातावरण र मानव अधिकार

बसाइँसराइ

बागलुङमा यो वर्ष ४ हजार ४ सय ६९ जना बसाइ सराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

बाग्लुङमा दुई ओटा इँटाभट्टा सञ्चालनमा छन्।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष बाग्लुङमा विषालु च्याउको सेवनबाट मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

बागलुङमा ६४ हजार ९६ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ८९ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा १ सय ६७ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोतः स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा चार सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, ५७ स्वास्थ्य चौकी, एक प्राथमिक स्वास्थ्य केन्द्र र १५ शहरी स्वास्थ्य केन्द्र, २१ सामुदायिक स्वास्थ्य इकाइ छन्। १ सय ७६ खोप केन्द्र र २१ आधारभूत स्वास्थ्य केन्द्र रहेका छन्। जिल्ला स्थित स्वास्थ्य कार्यालय बागलुङमा वरिष्ठ जनस्वास्थ्य प्रशासक सहित १४ जनाको स्वीकृत दरबन्दी रहेकोमा तीन जनाको दरबन्दी रिक्त रहेको छ। सदरमुकामस्थित सरकारी अस्पतालमा विशेषज्ञ, विभिन्न पदका स्वास्थ्यकर्मी र प्रशासनमा सहित ७८ जनाको दरबन्दी रहेकोमा २५ जनाको पद रिक्त रहेको छ। जिल्लामा १ लाख ३० हजार ९ सय ८७ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ०७७ मङ्सिर १५ गते शिलान्यास भएका ६ अस्पतालमध्ये गल्कोट नगरपालिकाको निर्माण सम्पन्न भएर सञ्चालनमा आएको छ। बडिगाड गाउँपालिकामा भवन निर्माण सम्पन्न भएको छ तर, सेवा शुभारम्भ भएको छैन। अन्य चारको निर्माण पूरा भएको छैन।

तालिका ८.४.११.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अपूर्ण	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह		२		२
बलात्कार	२		५	७
जम्मा	२	२	५	९

महिला अधिकार					
घटनाको प्रकार	मेलमिलाप	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	२२	३		५	३०
बलात्कार			१	४	५
पारिवारिक हत्या				१	१
जम्मा	२२	३	१	१०	३६

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

(स्रोत : इन्सेक, २०२४)

परिच्छेद
८

८.५ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरु

लुम्बिनी प्रदेश

८.५.१ रूकुम पूर्व

जम्मा जनसङ्ख्या	५६,७८६
महिला	२९,२७०
घर परिवार सङ्ख्या	१२,८७८
घरजग्गामा महिलाको स्वामित्व	१,१३२
साक्षरता प्रतिशत	७१.३५
आश्रित जनसङ्ख्या	२९,७८५
अपाङ्गता भएका	२,१५६

यस वर्ष रूकुम पूर्व जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा १३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा पाँच जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा पाँच जना महिला पीडित भए।

नागरिक तथा राजनीतिक अधिकार

हत्या

अन्य पक्षबाट

भूमे गाउँपालिका-७ की ७४ वर्षीया पुर्मला दमाइलाई ०८० चैत १६ गते बाँफीकोट गाउँपालिका-२ रूकुम पश्चिमका २३ वर्षीय भागेन्द्र भनिने पवनकुमार सुनारले हत्या गरेको भन्दै पीडित पक्षले चैत १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। शवको पोष्टमार्टम चैत १९ गते रूकुम पूर्व अस्पतालमा भएपछि परिवारले शव बुझेर चैत २० गते परम्पराअनुसार सद्गत गरे। प्रहरीले आरोपितलाई चैत १८ गते घरबाटै गिरफ्तार गऱ्यो। जिल्ला अदालतको वैशाख १८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।



कारागार र बन्दी

जिल्लामा कारागार नहुँदा कैदी र थुनुवाहरूलाई रूकुम पश्चिम कारागारमा पठाउने गरिएको छ। जिल्लाबाट सवा एक घण्टाको यात्रा गराएर रूकुम पश्चिम लैजानुपर्ने र बयानका लागि अदालत उपस्थित गराउन समस्या भएको छ। थुनुवा ओसारपसारका लागि छुट्टै सवारी पनि नभएको र प्रहरीकै नियमित सुरक्षा मोवाइलको गाडी प्रयोग गर्ने गरिएको छ। विकट क्षेत्र भएकाले बाटोमा पहिरो खसेर सडक अवरुद्ध हुँदा थुनछेक बहससमेत प्रभावित भएको रूकुम पूर्व जिल्ला अदालतका स्रेस्तेदार ईश्वरी पाण्डेले बताइन्। जग्गा अभावले कारागार कार्यालय निर्माणमा ढिलाइ भएकोमा त्यसका लागि पहल भइरहेको प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद सुवेदीले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीश दरबन्दी रहेकोमा कार्यरत छन्। यो वर्ष फौजदारी मुद्दातर्फ १ सय १० थानमध्ये ८३ थान मुद्दा फैसला भए भने २७ थान बाँकी छन्। देवानी मुद्दातर्फ २ सय ६० थानमध्ये १ सय ६० थान मुद्दा फैसला भए। अदालतमा दुई वर्ष नाघेका मुद्दाको सङ्ख्या नरहेको अदालतका स्रेस्तेदार ईश्वरी पाण्डेले बताइन्।

बाल अधिकार

यस वर्ष रूकुम पूर्व जिल्लामा बलात्कार घटनामा दुई र सामूहिक बलात्कारका घटनामा तीन जना गरी पाँच जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा ९६ आधारभूत र २६ माध्यमिक विद्यालय छन्। जिल्लामा ५ सय ५१ शिक्षक दरबन्दी रहेको छ। यस वर्ष ८ हजार ६ सय १३ बालक र ९ हजार ७४ जना बालिका विद्यालय भर्ना भए। जसमा

अपाङ्गता भएका ३० बालिका र ५३ बालक छन्। जिल्लामा २ सय अपाङ्गमैत्री विद्यालय छन्। यसवर्ष जिल्लाभर २ हजार २ सय ३० दलित बालक र २ हजार २ सय ३६ दलित बालिका विद्यालय भर्ना भएको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख तिलक गौतमले बताए। निःशुल्क शिक्षा भनिए पनि सहयोगको नाममा शुल्क लिने कार्य चलिरहेको गौतमले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ५० जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरिएका २१, खानलाउन नदिएका सात, हेला गरेको तीन र सामान्य घरायसी झगडाका १९ उजुरी छन्। यीमध्ये प्रहरीले ४६ उजुरीमा मेलमिलाप गरायो भने चार उजुरी कानुनी प्रक्रियामा गएको जिल्ला प्रहरी कार्यालयका डिएसपी माधवराज खरेलले बताए।

यो वर्ष रूकुम पूर्व जिल्लामा बलात्कारका घटनामा चार जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। परिवारबाट एक जना महिलाको हत्या भयो।

बलात्कार

७० वर्षीया महिलालाई ०८१ साउन १ गते बलात्कार गरेको भन्दै सिस्ने गाउँपालिका-३ का ४८ वर्षीय मैते भनिने बलबहादुर केसीविरुद्ध पीडित पक्षले साउन १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण साउन ४ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई साउन ४ गते घरबाटै गिरफ्तार गऱ्यो। जिल्ला अदालतको भदौ ५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

वातावरण र मानव अधिकार

बसाइँसराइ

रूकुम पूर्वमा यो वर्ष १ सय ९ जना बसाइँसराइ गरी गएका छन्।

स्रोत : स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

रूकुम पूर्वमा इँटाभट्टा र सिमेन्ट उद्योग स्थापना भएको छैन।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

तालिका ८.५.११ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट	
		महिला	जम्मा
हत्या		३	३
बाल अधिकार	बलात्कार	२	२
	सामूहिक बलात्कार	३	३
	जम्मा	५	५
महिला अधिकार	बलात्कार	४	४
	पारिवारिक हत्या	१	१
	जम्मा	५	५
कूल जम्मा		१३	१३

(स्रोत : इन्सेक, २०२४)

विषालु च्याउ

यस वर्ष रूकुम पूर्वमा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

रूकुम पूर्वमा १२ हजार ८ सय ७८ घरपरिवार रहेकोमा ३५ प्रतिशत घरमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

रूकुम पूर्वमा ११ सार्वजनिक शौचालय छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, १५ स्वास्थ्य चौकी, एक प्राथमिक स्वास्थ्य केन्द्र, १५ आधारभूत स्वास्थ्य सेवा केन्द्र र १३ स्वास्थ्य इकाइ छन्। सरकारी अस्पतालमा नौ जना विशेषज्ञको दरबन्दीमा रिक्त छ। ६४ स्वास्थ्यकर्मीको दरवन्दीमा १५ रिक्त र एक जना बिदा र ४९ कार्यरत छन्। जिल्लामा १० हजार ४ सय ४३ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रममा १ सय ९१ जनाको बीमा गरिएको छ। हिमाली र विकट क्षेत्र तथा जनसङ्ख्याको चाप कम हुँदा विशेषज्ञ डाक्टरहरू आउन नमान्ने गरेको जिल्ला अस्पतालका निमित्त मेडिकल सुपरीटेन्डेन्ट सृष्टि कोइरालाले बताइन्।

तालिका ८.५.१.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	५	५

महिला अधिकार

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	३	४
पारिवारिक हत्या		१	१
जम्मा	१	४	५

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	३	३

(स्रोत : इन्सेक, २०२४)

८.५.२ रोल्पा

जम्मा जनसङ्ख्या	२,३४,७९३
महिला	१,२४,९२१
घर परिवार सङ्ख्या	५२,२०६
घरजग्गामा महिलाको स्वामित्व	५,७१२
साक्षरता प्रतिशत	७५.६३
आश्रित जनसङ्ख्या	१,२४,०९६
अपाङ्गता भएका	८,९१६



यस वर्ष रोल्पा जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा ६० जना महिला र चार जना पुरुष गरी ६४ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा चार जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ५६ जना महिला पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता १५ महिला र ३५ पुरुष गरी ५० जनाको रहेको छ। कारागारमा नौ महिला र १ सय १५ पुरुष गरी १ सय २४ जना कैदीबन्दी छन्। नियमित स्वास्थ्य परीक्षणका लागि एक जना अहेवको दरबन्दी रहेकोमा सेवा प्रदान गरिरहेका छन्। कारागारमा ६ जना ज्येष्ठ नागरिक पुरुष रहेको जिल्ला कारागार प्रमुख यामलाल वलीले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीश दरबन्दी रहेकोमा कार्यरत छन्। यो वर्ष फौजदारी मुद्दातर्फ ९५ थानमध्ये २४ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २ सय ४१ थानमध्ये १ सय ३४ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा नभएको जिल्ला अदालतका स्रेस्तेदार कुलप्रसाद दाहालले बताए।

बाल अधिकार

यस वर्ष रोल्पा जिल्लामा बलात्कार घटनामा दुई, बालविवाहका घटनामा एक र विद्यालयमा दिइने शारीरिक सजायका घटनामा एक जना गरी चार जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा १ हजार २ सय ३५ आधारभूत र १ सय ३८ माध्यमिक विद्यालय छन्। यस वर्ष ३५ हजार ४ सय ९ बालक र ३५ हजार ६९ जना बालिका विद्यालय भर्ना भए। यस वर्ष जिल्लाभर ६ हजार ५ सय ९ दलित बालक र ६ हजार ४ सय ३९ दलित बालिका विद्यालय भर्ना भएको शिक्षा विकास तथा समन्वय इकाइका नायब सुब्बा शिवराज न्यौपानेले बताए। यस वर्ष द्वन्द्वपीडित परिवारका ६८ जना बालबालिकाले छात्रवृत्ति पाए।

विद्यालयमा दिइने शारीरिक दण्ड सजाय

रुन्टीगढी गाउँपालिका-९ सखीस्थित सरस्वती आधारभूत विद्यालयमा कक्षा ५ मा अध्ययनरत १० वर्षीय बालकलाई ०८१ भदौ ६ गते शिक्षक चन्द्रज्योति सेजुवालले कुटपिट गरे। कुटपिटबाट बालकको हात भाँचियो। बालक शौचालय जान लागेको अवस्थामा शिक्षकले 'किन बाहिर निस्केको' भन्दै टाउकोमा समाएर हुत्याउँदा भुइँमा ठोकिएर देब्रे हात भाँचिएको बुबा रेशमबहादुर विश्वकर्माले बताए। आरोपितविरुद्ध बालकका बुबाले इलाका प्रहरी कार्यालय, होलेरी र जिल्ला प्रहरी कार्यालय, लिवाङमा उजुरी दर्ता गर्न जाँदा प्रहरीले उजुरी नलिएको आरोप पीडित पक्षले लगायो। आरोपित शिक्षक सेजुवाल र प्रधानाध्यापक नरेन्द्र

डिसीले घटनाबारे बाहिर कुरा नलैजान भन्दै उपचार गर्न १० हजार रुपियाँ दिएका थिए। तर उक्त रकमले उपचार गर्न नपुगेपछि थप रकमसमेत शिक्षक सेजुवाले दिएका थिए। बालकको नेपालगञ्ज वेर्स्टन हस्पिटल प्रालिमा अपरेशन गरी हातमा दुई ओटा रड राखिएको बालकका बुबाले बताए। इलाका प्रहरी कार्यालय, होलेरीमा जाहेरी दर्ता गर्न नमानेका इन्स्पेक्टर रोहितकुमार शाही सरुवा भएर जिल्ला प्रहरी कार्यालयमा गएको र जिल्ला प्रहरी कार्यालयमा जाँदासमेत इन्स्पेक्टर शाहीले निवेदन दर्ता हुँदैन भन्दै आफूलाई फर्काएको रमेशले बताए। जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर रोहितकुमार शाहीले कुटपिट घटनाको जाहेरी आफूहरूले दर्ता गर्न नमिल्ने भन्दै फर्काएको रमेशले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ५३ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका १४, खानलाउन नदिएका ६, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका ६ र सामान्य घरायसी झगडाका २७ उजुरी छन्। जसमध्ये प्रहरीले २८ उजुरीमा मेलमिलाप गराएको सेवा केन्द्रका जितबहादुर बुढाथोकीले बताए।

यो वर्ष रोल्पा जिल्लामा बलात्कारका घटनामा एक, यौन दुर्व्यवहार घटनामा दुई, हाडनाता करणी घटनामा एक र घरेलु हिंसाका घटनामा ५१ जना गरी ५५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। परिवारबाट एक जना महिलाको हत्या भयो।

तालिका ८.५.२.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
घाइते		१		१
हत्या			३	३
बाल अधिकार	बालविवाह	१		१
	बलात्कार	२		२
	विद्यालयमा दिइने शारीरिक सजाय		१	१
	जम्मा	३	१	४
महिला अधिकार	घरेलु हिंसा	५१		५१
	बलात्कार	१		१
	हाडनाता करणी	१		१
	यौन दुर्व्यवहार	२		२
	पारिवारिक हत्या	१		१
	जम्मा	५६		५६
कूल जम्मा		६०	४	६४

(स्रोत : इन्सेक, २०२४)

ज्येष्ठ नागरिक

हत्या

थवाङ गाउँपालिका-२ जाजरकोट छेर्लावाङ टोलका ७१ वर्षीया सारु रोकालाई ०८१ भदौ २४ गते छिमेकीसँग सामान्य विवाद हुँदा भरुवा बन्दुकको कुन्दाले टाउकोमा प्रहार गरी हत्या गरेको भन्दै थवाङ गाउँपालिका-२ का ३५ वर्षीय रामकुमार रोकाविरुद्ध पीडित पक्षले भदौ २५ गते इलाका प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई भदौ २४ गते गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम भदौ २५ गते जिल्ला अस्पतालमा गरी परिवारले शव बुझी सद्गत गरे। प्रहरीले आरोपितविरुद्ध असोज १३ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा हत्या गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असोज १३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

घाइते

रोल्पा नगरपालिका-१ पानाकी ८५ वर्षीया पवित्रा घलेलाई ०८१ साउन ९ गते घरमा सामान्य विवाद हुँदा चक्कु प्रहार गरी गम्भीर घाइते बनाएको भन्दै छोरा ४६ वर्षीय खामबहादुर घलेविरुद्ध पीडित पक्षले साउन ९ गते जिल्ला प्रहरी कार्यालय, लिवाङमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन ९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य उपचार साउन ९ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध साउन ३१ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा कर्तव्य ज्यानसम्बन्धी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको साउन ३१ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

वातावरण र मानव अधिकार

बसाइँसराइ

रोल्पामा यो वर्ष ५ सय ९२ जनाले बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत : स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

रोल्पामा इँटाभट्टा र सिमेन्ट उद्योग स्थापना भएको छैन।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष रोल्पामा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

जिल्लामा ५२ हजार २ सय ६ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ६५ प्रतिशत घरपरिवारमा खानपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा २५ सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

तालिका ८.५.२.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
महिला अधिकार	१	१

(स्रोत : इन्सेक, २०२४)

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, २२ सामुदायिक अस्पताल, ४८ स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र दुई, नगर स्वास्थ्य क्लिनिक ६ छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा ११ जना विशेषज्ञको दरबन्दीमा रिक्त छ। ७० जना स्वास्थ्यकर्मीको दरबन्दीमा ५७ रिक्त, दुई जना बिदा र ५० जना कार्यरत छन्। जिल्लामा ४३ हजार ७ सय ११ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा ६ हजार ९ सय १५ जनाको बीमा गरिएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख विशाल सुवेदीले बताए।

तालिका ८.५.२.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	अपूर्ण	अनुसन्धान	जम्मा
बालविवाह	१		१
विद्यालयमा दिइने शारीरिक सजाय	१		१
बलात्कार	१	१	२
जम्मा	३	१	४

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	अपूर्ण	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	२५	२६		५१
बलात्कार		१	१	२
यौन दुर्व्यवहार		२		२
पारिवारिक हत्या		१		१
जम्मा	२५	३०	१	५६

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	३	३

(स्रोत : इन्सेक, २०२४)

८.५.३ प्यूठान

जम्मा जनसङ्ख्या	२,३२,०१९
महिला	१,२७,८८७
घर परिवार सङ्ख्या	५६,१९५
घरजग्गामा महिलाको स्वामित्व	८,५४६
साक्षरता प्रतिशत	८०.१३
आश्रित जनसङ्ख्या	१,२५,००२
अपाङ्गता भएका	६,३१७

यस वर्ष प्यूठान जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा ४८ जना महिला र तीन जना पुरुष गरी ५१ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा पाँच जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ४३ जना महिला पीडित भए। जातीय विभेदका घटनामा एक जना पुरुष पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता २५ जनाको रहेको छ। कारागारमा कैद तोकिएका ८४ र कैद नतोकिएका ३१ जना थुनुवा गरी १ सय १५ जना छन्। जसमा ६ जना महिला रहेका छन्। कारागारमा एक जना आश्रित बालिका र नौ जना पुरुष ज्येष्ठ नागरिक छन्। क्षमता भन्दा चार गुणा भन्दा बढी कैदीबन्दी भएकाले बस्न तथा सुत्न समस्या रहेको, शौचालय प्रयोगका लागि लामो समय कुर्नुपर्ने अवस्था रहेको जेलर सूर्यबहादुर पन्थले बताए। कैदीबन्दीको नियमित स्वास्थ्य परीक्षणका लागि एक जना हेल्थ असिस्टेन्टको दरबन्दी रहेकोमा हाल रिक्त छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। यो वर्ष फौजदारी मुद्दातर्फ १ सय १८ थानमध्ये ३५ थानमुद्दा फैसला भए। देवानी मुद्दातर्फ ३ सय ४० थानमध्ये १ सय ५० थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा र देवानी मुद्दा छैन। जिल्ला अदालतमा गत वर्षका केही मुद्दाहरू फैसला हुन बाँकी भएकाले मुद्दा सङ्ख्या बढी भएको र एक जनामात्र न्यायाधीशको दरबन्दी हुनाले मुद्दा फैसला हुन ढिलाइ भएको जिल्ला बारका अध्यक्ष माधव श्रेष्ठले बताए।

बाल अधिकार

यस वर्ष प्यूठान जिल्लामा बलात्कार घटनामा चार र हाडनाता करणी घटनामा एक गरी पाँच जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

शिक्षाको अवस्था

जिल्लामा ३ सय ४ आधारभूत र ८९ मावि रहेका छन्। यस वर्ष ७६ हजार १ सय ६३ बालबालिका विद्यालय भर्ना भए। आधारभूत तहमा दरबन्दी ९ सय ७१ र राहत ३ सय ६२ र मावि तहमा दरबन्दी १ सय ३१ राहत तथा अनुदान ७२ शिक्षक कार्यरत रहेका छन्। जिल्लामा १५ देखि ६० वर्ष उमेर समूहको साक्षरता प्रतिशत ९७.८६ रहेको छ। बालबालिका विद्यालय आउन दुई घण्टासम्म पैदल हिँडेर आउनुपर्ने बाध्यता रहेको छ। पुराना भवन भएका विद्यालयका भवनहरू अपाङ्गतामैत्री नभएता पनि नेपाल सरकारको मापदण्ड अनुरूप सबै विद्यालय अपाङ्गतामैत्री मान्नुपर्ने र अहिले निर्माण भएका र हुँदै गरेका विद्यालयका

भवनहरू अपाङ्गता मैत्री रहेको जिल्ला शिक्षा विकास समन्वय इकाइ प्रमुख दुर्गाबहादुर खड्काले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४२ महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरिएका १५, खान/लाउन नदिएको दुई, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएको ६ र सामान्य घरायसी झगडाका १९ उजुरी छन्। यीमध्ये ४० उजुरीमा मेलमिलाप भयो भने एक उजुरी कानुनी प्रक्रिया गएको र एक उजुरीकर्ता सम्पर्कमा नआएको सेवा केन्द्रका असई मनोज शाहीले बताए।

यो वर्ष प्यूठान जिल्लामा बलात्कारका घटनामा तीन, हाडनाता करणी घटनामा एक र घरेलु हिंसाका घटनामा ३९ जना गरी ४३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

जातीय विभेद

झिमरुक गाउँपालिका-६ का २६ वर्षीय रेशम सुनारलाई ०८१ मङ्सिर ४ गते जातीय विभेद गरेको भन्दै झिमरुक गाउँपालिका-३ का ४२ वर्षीय प्रमोद पोखेलविरुद्ध पीडितले मङ्सिर ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितविरुद्ध मङ्सिर २३ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। आरोपित सोही दिन आफै अदालतमा उपस्थित भए। जिल्ला अदालतको मङ्सिर २४ गतेको इजलासले ओरापितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश गर्‍यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

वातावरण र मानव अधिकार

बसाइँसराइ

प्यूठान जिल्लामा यो वर्ष ५ सय ७० जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत : स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

प्यूठानमा इँटाभट्टा र सिमेन्ट उद्योग स्थापना भएको छैन।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

तालिका ८.५.३.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
हत्या			२	२
जातीय विभेद			१	१
बाल अधिकार	बलात्कार	४		४
	हाडनाता करणी	१		१
	जम्मा	५		५
महिला अधिकार	घरेलु हिंसा	३९		३९
	बलात्कार	३		३
	हाडनाता करणी	१		१
	जम्मा	४३		४३
कूल जम्मा		४८	३	५१

(स्रोत : इन्सेक, २०२४)

विषालु च्याउ

यस वर्ष प्यूठानमा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

प्यूठानमा ५६ हजार १ सय ९५ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ५६ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा १७ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, ४६ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र, ६ नगर स्वास्थ्य केन्द्र छन्। ५० शैयाको जिल्ला अस्पतालमा नौ जना विशेषज्ञको दरबन्दीमा ६ जना कार्यरत र तीन जनाको दरबन्दी रिक्त छ। मेडिकल अधिकृत सात जनाको दरबन्दीमा ६ जना कार्यरत र एक रिक्त छ। जिल्लामा ७० हजार १ सय जनाले बीमा गराएर सेवा लिइरहेको स्वास्थ्य बीमा बोर्डका जिल्ला संयोजक जेदबहादुर घर्तीमगरले बताए।

तालिका ८.५.३.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बलात्कार	५	५

महिला अधिकार			
घटनाको प्रकार	**मेलमिलाप**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा	३९		३९
बलात्कार		४	४
जम्मा	३९	४	४३

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
हत्या	१	१

(स्रोत : इन्सेक, २०२४)



८.५.४ गुल्मी

जम्मा जनसङ्ख्या	२,४६,४९४
महिला	१,३४,४६९
घर परिवार सङ्ख्या	६६,१००
घरजग्गामा महिलाको स्वामित्व	१०,८०१
साक्षरता प्रतिशत	८०.३४
आश्रित जनसङ्ख्या	१,२८,०४१
अपाङ्गता भएका	७,८३२

यस वर्ष गुल्मी जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा ६१ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा आठ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ५२ जना महिला पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता पाँच महिला र २० पुरुष गरी २५ जनाको रहेको छ। कारागारमा कैद तोकिएका ६९ पुरुष, कैद नतोकिएका २८ महिला गरी १ सय ५ जना छन्। क्षमताभन्दा पाँच गुणा बढी कैदीबन्दी हुँदा व्यवस्थापनको चुनौती रहेको छ। कारागारमा खानेपानी, भौतिक संरचना, जनशक्ति तथा तालिमको अभाव रहेको छ। कारागारमा नियमित स्वास्थ्य परीक्षण, मनोसामाजिक परामर्श तथा दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति नहुँदा समस्या भएको कारागारका निमित्त प्रमुख रेश्मीराज पन्थीले बताए । पुराना र जीर्ण भवनहरूको मर्मतसम्भार, आवश्यकता अनुसार नयाँ भवन निर्माण र कैदीबन्दीहरूको उचित व्यवस्थापनमा सम्बन्धित निकायले ध्यान दिनुपर्ने वैतनिक वकिल अधिवक्ता हिरा कुँवरले बताइन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीश दरबन्दी रहेकोमा कार्यरत छन् । यो वर्ष फौजदारी मुद्दातर्फ २४ थानमध्ये २१ थान मुद्दा फैसला भई तीन बाँकी रहे । देवानी मुद्दातर्फ १ सय ८९ थानमध्ये ९७ थान मुद्दा फैसला भई ९२ थान मुद्दा बाँकी छन् । अदालतमा दुई वर्ष नाघेका फौजदारी र देवानी मुद्दा मुद्दा बाँकी छैनन् । १८ महिना नाघेको एउटा मुद्दा रहेको जिल्ला अदालतका सूचना अधिकारी कमल पन्थीले बताए ।

बाल अधिकार

यस वर्ष गुल्मी जिल्लामा बलात्कार घटनामा ६, हाडनाता करणीका एक र यौन दुर्व्यवहारका घटनामा एक जना गरी आठ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

शिक्षाको अवस्था

जिल्लाको साक्षरता दर ८०.३४ प्रतिशत

तालिका ८.५.४.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट	
		महिला	जम्मा
हत्या		१	१
बाल अधिकार	बलात्कार	६	६
	हाडनाता करणी	१	१
	यौन दुर्व्यवहार	१	१
	जम्मा	८	८
महिला अधिकार	घरेलु हिंसा	४५	४५
	बलात्कार	६	६
	यौन दुर्व्यवहार	१	१
	जम्मा	५२	५२
कूल जम्मा		६१	६१

(स्रोत : इन्सेक, २०२४)

रहेको छ । जिल्लामा ५ सय ८१ बाल विकास केन्द्र, ३ सय ८५ आधारभूत सामुदायिक विद्यालय र २७ संस्थागत विद्यालय छन्। मावि सामुदायिक १ सय २६ र संस्थागत १९ रहेको शिक्षा तथा समन्वय इकाइ, गुल्मीका प्रमुख थानेश्वर घिमिरेले बताए। यस वर्ष ३३ हजार १ सय २८ बालक र ३० हजार ७ सय ७३ बालिका गरी ६३ हजार ९ सय १ जना बालबालिका विद्यालय भर्ना भए। जसमा दलित छात्र ९ हजार ३ सय ९९ र छात्रा ९ हजार १ सय ३३ छन्। जिल्लामा अपाङ्गतामैत्री २२ मावि र १५ आधारभूत विद्यालय छन्। द्वन्द्वपीडित परिवारका ६ जना बालबालिकाले छात्रवृत्ति पाए । जिल्लामा विज्ञान र गणित विषयका विषयगत शिक्षक पाउन निकै मुस्किल छ। रेसुंगा नगरपालिका-५ को जनबोध माविमा लामो सयमदेखि विज्ञान शिक्षक नहुँदा पठनपाठन प्रभावित भएको प्रमुख घिमिरेले बताए। विद्यालयहरूमा स्वच्छ र सफा खानेपानीको अभाव हुनुका साथै सफा शौचालय छैनन्।

यौन दुर्व्यवहार

१३ वर्षीय बालिकालाई ०८० पुस १६ गते यौन दुर्व्यहार गरेको भन्दै ३६ वर्षीय पुरुषविरुद्ध पीडित पक्षले माघ ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । प्रहरीले आरोपितलाई माघ ६ गते गिरफ्तार गऱ्यो । जिल्ला न्यायाधीश युवराज गौतमको ०८१ जेठ १७ गतेको इजलासले आरोपितलाई एक वर्ष ६ महिना कैद र १५ हजार जरिबाना हुने फैसला सुनायो ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ९४ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा ६६ उजुरीमा मेलमिलाप र २८ उजुरी अदालत गएको जिल्ला प्रहरी कार्यालयका डिएसपी शंकरप्रसाद पोखरेलले बताए ।

यो वर्ष गुल्मी जिल्लामा बलात्कारका घटनामा ६, यौन दुर्व्यवहार घटनामा एक र घरेलु हिंसाका घटनामा ४५ गरी ५२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये एक जना अपाङ्गता भएकी महिला पीडित भइन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आगलागी

यो वर्ष जिल्लामा आगलागीबाट मानवीय तथा भौतिक क्षति भयो । आगलागीबाट दुई महिला, एक

इस्मा गाउँपालिकामा आगलागीबाट क्षति भएको घर

पुरुष, एक बालिका र एक जेष्ठ नागरिक गरी पाँच जनाको मृत्यु भयो भने ६ महिला, ११ पुरुष, पाँच बालबालिका, एक ज्येष्ठ नागरिक गरी २३ जना घाइते भए । आगलागीमा परी ८१ घर र १ सय ११ गोठमा पूर्ण रूपमा क्षति पुग्यो । सरकारी कार्यालय दुई र तीन सवारी साधनमा क्षति पुगेको जिल्ला प्रहरी कार्यालय जनायो । इस्मा गाउँपालिकाका विभिन्न ठाउँहरूमा ०८१ वैशाख ८ गते आगलागी हुँदा ३१ जना विद्यार्थी र दुई जना शिक्षकको घरगोठसँगै पाठ्यपुस्तक, कापी, कलम, झोला र पोसाक जलेर नष्ट भयो ।

आगलागीबाट पीडितहरूले लाभग्राही बनेर घर निर्माण गरेको वर्ष दिन हुन लाग्दासमेत सरकारले सम्झौता अनुसार रकम दिएको छैन । ४६ हजार ९८ हेक्टर वन क्षेत्र रहेकोमा २ हजार २४ हेक्टर वन क्षेत्र आगलागीको कारण नष्ट भएको डिभिजन वन कार्यालयका सूचना अधिकारी मेघलाल पाण्डेयले बताए।

बाढीपहिरो

मालिका गाउँपालिका-६ अर्जेमा ०८१ असार १५ गते गएको पहिरोमा परी भेषबहादुर विकका परिवारका पाँच जनाको मृत्यु भयो । त्यसैगरी असार १५ गते पछि मुसिकोट नगरपालिका-१ थाम बिसौनामा पहिरोमा परी चार जनाको मृत्यु भयो ।

मानव अधिकार र वातावरण

बसाइँसराइ

गुल्मी जिल्लामा यो वर्ष १ हजार २ सय १७ जनाले बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन् ।

स्रोतः स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

गुल्मीमा इँटाभट्टा र सिमेन्ट उद्योग स्थापना

भएको छैन ।

स्रोतः घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष गुल्मीमा विषालु च्याउको सेवनबाट आठ जना बिरामी भए।

स्रोतः जिल्ला प्रहरी कार्यालय

खानेपानी

गुल्मीमा ६६ हजार १ सय घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ५५ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ ।

स्रोतः खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा चार ओटा सार्वजनिक शौचालय रहेका छन् ।

स्रोतः स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, ७६ स्वास्थ्य चौकी, तीन प्राथमिक स्वास्थ्य केन्द्र, एक आधारभूत अस्पताल, ३८ सामुदायिक स्वास्थ्य इकाइ, चार शहरी स्वास्थ्य केन्द्र र १५ आधारभूत स्वास्थ्य सेवा केन्द्र रहेका छन् । गुल्मी अस्पतालमा स्थायी दरबन्दी ५९ जनाको रहेकोमा २१ जना कार्यरत छन् । अस्पतालमा विशेषज्ञ डाक्टरहरूको १० स्थायी दरबन्दी रिक्त छ । पछिल्लो समय छात्रवृत्ति करारका एक र दरबन्दी करारका दुई जना विशेषज्ञ कार्यरत छन् । अस्पतालका चार स्थायी मेडिकल अधिकृतमध्ये एक जना कार्यरत छन् । सो पदमा छात्रवृत्ति करारका ६ जनाले काम गरिरहेका छन् ।

जिल्लामा स्वास्थ्य बीमा कार्यान्वयनमा आएदेखि ४७.४ प्रतिशत नागरिक बीमाको पहुँचमा आएका छन् । ५६ हजार ४ सय ४७ पुरुष र ६० हजार ३ सय १३ जना महिला गरी १ लाख १६ हजार ७ सय ६० जना बीमा आबद्ध भएको स्वास्थ्य बीमा बोर्डको तथ्याङ्क रहेको छ ।

तालिका ८.५.४.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
महिला अधिकार	१	१

(स्रोत : इन्सेक, २०२४)

तालिका ८.५.४.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		७	७
यौन दुर्व्यवहार	१		१
जम्मा	१	७	८

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	३९	४	१	१	४५
बलात्कार				६	६
यौन दुर्व्यवहार			१		१
जम्मा	३९	४	२	७	५२

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	अनुसन्धान	जम्मा
हत्या	१	१

(स्रोत : इन्सेक, २०२४)

८.५.५ अर्घाखाँची

जम्मा जनसङ्ख्या	१,७७,०८६
महिला	९६,४१४
घर परिवार सङ्ख्या	४८,४४९
घरजग्गामा महिलाको स्वामित्व	११,०८२
साक्षरता प्रतिशत	८०.०५
आश्रित जनसङ्ख्या	९१,३५३
अपाङ्गता भएका	६,२४६

यस वर्ष अर्घाखाँची जिल्लामा ज्यादतीका घटनामा ४३ जना र आठ जना पुरुष गरी ५१ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ११ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २८ जना महिला पीडित भए।

तालिका ८.५.५.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
घाइते		१		१
हत्या			२	२
अमानवीय व्यवहार		३	६	९
बाल अधिकार	बलात्कार	५		५
	हाडनाता करणी	१		१
	यौन दुर्व्यवहार	२		२
	बालविवाह	३		३
	जम्मा	११		११
महिला अधिकार	घरेलु हिंसा	२४		२४
	बलात्कार	४		४
	जम्मा	२८		२८
कूल जम्मा		४३	८	५१

(स्रोत : इन्सेक, २०२४)

कुटपिट

अन्यपक्षबाट

मालारानी गाउँपालिका-८ हंसपुर प्रहरी चौकीबाट ड्युटीमा खटिएका प्रहरी जवान ३० वर्षीय गोरख यादव र २६ वर्षीय सुनिल नेपालीलाई ०८१ भदौ २१ गते दुर्व्यवहार गरेको भन्दै मालारानी गाउँपालिका-७ बामरुकका ३० वर्षीय कृष्ण रेश्मी, २७ वर्षीय मदन रेश्मी र २७ वर्षीय विनोद रेश्मीविरुद्ध पीडित पक्षले भदौ २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितहरूलाई प्रहरीले भदौ २१ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध भदौ ३० गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा अभद्र व्यवहार गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको भदौ ३० गतेको इजलासले आरोपितहरूलाई जनही १५ हजार रुपियाँका दरले धरौटीमा रिहा गर्ने आदेश गऱ्यो।

दुर्व्यवहार

अन्यपक्षबाट

मालारानी गाउँपालिका-८ कमेरेपानी स्थित बाल शिक्षा माध्यमिक विद्यालयका प्रधानाध्यापक ५७ वर्षीय राजेन्द्र पन्थीलाई ०८० माघ २८ गते विद्यालय जाँदै गरेको अवस्थामा क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल, जिल्ला सङ्गठन समितिले १० बुँदे माग राख्दै मोसो दलेर दुर्व्यवहार गरेको भन्दै मालारानी गाउँपालिका-८ बाटुलेखोला बस्ने ३८ वर्षीय नरिश्वर पाण्डे र रूकुम रानोभेरी गाउँपालिका-९ स्थायी घर भई हाल सन्धिखर्क नगरपालिका-१ रतहले बस्ने ४० वर्षीय हकुम भनिने हुमबहादुर खड्काविरुद्ध पीडित

पक्षले माघ २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितहरूलाई प्रहरीले माघ २८ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको फागुन ११ गतेको इजलासले आरोपितहरूलाई १० हजार रुपियाँका दरले धरौटीमा रिहा गऱ्यो। धर्मेन्द्र बास्तोला नेतृत्व क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल जिल्ला सङ्गठन समिति अर्घाखाँचीले माघ २८ गते एक विज्ञप्ति जारी गरी प्रधानाध्यापक पन्थीले विद्यालय समयमा मादक पदार्थ सेवन गरेर बालबालिकालाई दुर्व्यवहार गरेको, दिवा खाजाको रकम हिनामिना गरेको, विद्यार्थीहरूबाट अनावश्यक शुल्क असुल गरेको, शिक्षक नियुक्तिमा घुस खाएको, विद्यालयको भवन निर्माणमा कमिसनको खेल गरेको, वडाको बजेटमा भ्रष्टाचार गर्ने भूमिका खेलेको लगायतका अनिमियतता गरेको आरोप लगायो।

धारापानी प्रहरी चौकीबाट ड्युटीमा खटिएका प्रहरी सहायक हबल्दार विष्णु पछाइलाई ०८१ वैशाख २७ गते दुर्व्यवहार गरेको भन्दै भूमिकास्थान नगरपालिका-२, ठूलाखर्क बस्ने २४ वर्षीय हिमाल केसीलाई प्रहरीले वैशाख २७ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध ०८१ जेठ ४ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला प्रशासन कार्यालयमा मुद्दा दर्ता गऱ्यो। प्रशासन कार्यालयको सोही दिनको आदेशले आरोपितलाई १५ हजार रुपियाँका दरले धरौटीमा रिहा गऱ्यो।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता १ सय ५० जनाको रहेको छ। कारागारमा कैद तोकिएका ६५ र कैद नतोकिएका २४ जना गरी ८९ जना कैदीबन्दी छन्। जसमध्ये ६ जना महिला र ८३ जना पुरुष छन्। कारागारमा एक जना ज्येष्ठ नागरिक छन्। यस वर्ष सरुवा भएर गएका आठ जना रहेका छन्। कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि एक जना हेल्थ असिस्टेन्टको दरबन्दी रहेको भए पनि विगत पाँच वर्षदेखि रिक्त रहेको जेलर पोमकला भण्डारीले बताइन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। यो वर्ष फौजदारी मुद्दा ८४ थानमध्ये ३४ थान फैसला भए। देवानी मुद्दातर्फ २ सय ३८ थानमध्ये १ सय २९ थान फैसला भए। एक वर्ष नाघेका फौजदारी मुद्दा पाँच थान र एक वर्ष नाघेका देवानी मुद्दा नौ थान छन्। यस वर्ष ३ सय ८३

तालिका ८.५.५.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
बाल अधिकार	१	१
महिला अधिकार	२	२
कूल जम्मा	३	३

(स्रोत : इन्सेक, २०२४)

थानमध्ये १ सय ६५ थान फैसला भएको जिल्ला अदालतका स्रेस्तेदार नारायण पौडेलले बताए।

बाल अधिकार

यस वर्ष अर्घाखाँची जिल्लामा बलात्कार घटनामा पाँच, हाडनाता करणीका घटनामा एक, बालविवाह घटनामा तीन र यौन दुर्व्यवहारका घटनामा दुई गरी ११ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये अपाङ्गता भएकी एक जना बालिका पीडित भइन्।

शिक्षाको अवस्था

जिल्लामा १ सय ४२ आधारभूत विद्यालय र ८७ माध्यमिक विद्यालय छन्। जिल्लामा शिक्षक दरबन्दी सङ्ख्या २ हजार ५० जनाको छ। यस वर्ष जिल्लामा ७२ हजार १ सय ८८ जना छात्रा र ४७ हजार ३ सय ५३ जना छात्र विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका २ सय ९९ जनामध्ये छात्रा र १ सय २६ जना छात्र छन्। अपाङ्गतामैत्री विद्यालय १ सय २ छन्। द्वन्द्वपीडित परिवारका छात्रवृत्ति पाउने बालबालिका तीन जना छन्। दलित विद्यार्थी सङ्ख्या १२ हजार ५ सय ६३ जनामध्ये छात्रा सङ्ख्या ६ हजार २ सय १६ जना छन्।

जिल्लाका ६ ओटै स्थानीय तहका शिक्षा शाखामा कर्मचारी पर्याप्त मात्रामा नहुँदा दैनिक प्रशासनिक काममा मात्र समय दिनुपर्ने हुनाले आवश्यकता अनुरूप विद्यालय सुपरीवेक्षण, अनुगमन, मूल्याङ्कन र शैक्षिक क्षेत्र सुधार गर्न समस्या भएको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख मनिराम पराजुलीले बताए।

बलात्कार

१२ वर्षीया बालिकालाई ०८१ असार ९ गते बलात्कार गरेको भन्दै पाणिनि गाउँपालिका-४ भर्तापुर गेजाका ३६ वर्षीय पोमबहादुर रास्कोटीविरुद्ध पीडित

पक्षले असार १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले असार १० गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश शिवलाल पाण्डेयको भदौ १८ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै एक वर्ष कैद सजाय, ४० हजार रुपियाँ जरिबाना र पीडित राहत कोषमा ५० हजार रुपियाँ भराउने फैसला गरेको जिल्ला अदालतको मुद्दा फाँटका नायब सुब्बा रामप्रसाद आचार्यले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसाबाट पीडित भएको भन्दै ३८ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दिए। तीमध्ये ३६ उजुरीमा मेलमिलाप भएको र दुई उजुरी दिएर सम्पर्कमा नआएको सेवा केन्द्रका इन्स्पेक्टर विष्णुप्रसाद पौडेलले बताए।

यो वर्ष अर्घाखाँची जिल्लामा बलात्कारका घटनामा चार र घरेलु हिंसाका घटनामा २४ गरी २८ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये अपाङ्गता भएकी दुई जना महिला पीडित भए।

वातावरण र मानव अधिकार

बसाइँसराइ

अर्घाखाँचीमा यो वर्ष ८ सय ३१ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोतः स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

अर्घाखाँचीमा सात ओटा इँटाभट्टा सञ्चालनमा रहेका छन्।

स्रोतः घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष अर्घाखाँचीमा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोतः जिल्ला प्रहरी कार्यालय

खानेपानी

अर्घाखाँचीमा ४८ हजार ४ सय ४९ घरपरिवार सङ्ख्या रहेको छ। जसमा ८९ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोतः खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

अर्घाखाँचीमा २८ ओटा सार्वजनिक शौचालय छन्।

स्रोतः स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालमा १० जना विशेषज्ञको दरबन्दी भएकोमा नौ रिक्त छ। स्टाफ नर्सको सात जनाको दरबन्दी भएकोमा चार जना स्थायी, दुई जना करार र अनमीको चार दरबन्दीमा सबै कार्यरत छन्।

जिल्लामा ३९ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। आधारभूत स्वास्थ्य अस्पताल ६ ओटै स्थानीय तहमा निर्माणाधीन अवस्थामा रहेका छन्। ११ सामुदायिक स्वास्थ्य केन्द्र, २३ शहरी स्वास्थ्य केन्द्र, १९ आधारभूत स्वास्थ्य सेवा केन्द्र, २४ बर्थिङ्ग सेन्टर, एक सरकारी अस्पताल र दुई निजी अस्पताल छन्। जिल्लामा स्वास्थ्य बीमा कार्यक्रममा ४५ प्रतिशत नागरिकहरू बीमित छन्। बीमितहरूले झण्झटिलो, औषधी नपाएको जस्ता गुनासाहरू गर्ने गरेको जिल्ला स्वास्थ्य कार्यालय, प्रमुख शिव नेपालीले बताए।

तालिका ८.५.५.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	**मुद्दा टुङ्गिएका**	**अपूर्ण**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बालविवाह		१	२		३
बलात्कार	१	२	२	१	६
यौन दुर्व्यवहार		१	१		२
जम्मा	१	४	५	१	११

महिला अधिकार				
घटनाको प्रकार	**मेलमिलाप**	**अपूर्ण**	**अनुसन्धान**	**जम्मा**
घरेलु हिंसा	१७	७		२४
बलात्कार		२	२	४
जम्मा	१७	९	२	२८

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	**अनुसन्धान**	**जम्मा**
हत्या	२	२

(स्रोत : इन्सेक, २०२४)

८.५.६ पाल्पा

जम्मा जनसङ्ख्या	२,४५,०२७
महिला	१,३२,२६६
घर परिवार सङ्ख्या	६४,९९१
घरजग्गामा महिलाको स्वामित्व	११,३५६
साक्षरता प्रतिशत	८३.६७
आश्रित जनसङ्ख्या	१,१६,१८५
अपाङ्गता भएका	७,७१९

यस वर्ष पाल्पा जिल्लामा ज्यादतीका घटनामा ५६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा सात जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ४८ जना महिला पीडित भए।

तालिका ८.५.६.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट	
		महिला	जम्मा
हत्या		१	१
बाल अधिकार	बलात्कार	६	६
	यौन दुर्व्यवहार	१	१
	जम्मा	७	७
महिला अधिकार	घरेलु हिंसा	४३	४३
	बलात्कार	४	४
	बोक्सीको आरोप	१	१
	जम्मा	४८	४८
कूल जम्मा		**५६**	**५६**

(स्रोत : इन्सेक, २०२४)

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता १ सय ५० महिला र १ सय ७५ पुरुष गरी ३ सय २५ जनाको रहेको छ। कारागारमा १७ महिला र २ सय ४६ पुरुष गरी २ सय ६३ जना कैदीबन्दी छन्। कारागारमा आश्रित बालक एक जना छन्। कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एक जना सिनियर अहेव छैठौँ तह दरबन्दी रहेको छ। कारागारमा रहेका आश्रित बालबालिकलाई पठनपाठनको लागि विद्यालय पठाइएको कारागारका सूचना अधिकारी गणेशकुमार गैरेले बताए। दीर्घ रोगी तथा मानसिक रोगीहरूलाई चौकीदार, नाइके तथा सहनाइकेको टोली बनाइ विशेष स्याहार गर्ने गरिएको छ। कारागारमा मुढा बुन्ने, बत्ती कात्ने, नाम्लो बाट्ने लगायतका सीपमूलक कार्य हुने गरेको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। यो वर्ष अदालतमा देवानी मुद्दातर्फ २ सय ३८ थान मुद्दामध्ये २ सय ८ थान मुद्दा फैसला भए। फौजदारी मुद्दातर्फ ६७ थानमा ५६ थान मुद्दा फैसला भए। जिल्लामा दुई वर्ष नाघेको मुद्दा नरहेको अदालतका स्रेस्तेदार केशव पराजुलीले बताए।

बाल अधिकार

यस वर्ष पाल्पा जिल्लामा बलात्कार घटनामा ६ र यौन दुर्व्यवहारका घटनामा एक गरी सात जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा ३ सय २१ आधारभूत र १ सय ३८ माध्यमिक विद्यालय छन्। २ हजार ८ सय शिक्षकको दरबन्दी रहेकोमा चार दरबन्दी मिलान हुन बाँकी छ। यस वर्ष ३० हजार ७ सय २ बालक र ३२ हजार ३ सय ५५ जना बालिका विद्यालय भर्ना भए। जसमा

अपाङ्गता भएका ९ सय ३४ बालिका र ५ सय २० बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय ७० ओटा छन्। द्वन्द्वपीडित परिवारका ६ जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। यसवर्ष जिल्लाभर ४ हजार ९ सय ६३ दलित बालक र ४ हजार ९ सय २० दलित बालिका विद्यालय भर्ना भएको शिक्षा विकास तथा समन्वय इकाइका सूचना अधिकारी बमबहादुर थापाले बताए।

बलात्कार

१२ वर्षीया बालिकालाई ०८० चैत ६ गते बलात्कार गरेको भन्दै रम्भा गाउँपालिका-४ का ७५ वर्षीय पदमबहादुर खनालविरुद्ध पीडित पक्षले ०८१ वैशाख १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख १८ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दलबहादुर केसीको ०८१ कात्तिक २७ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै १८ वर्षको कैद सजायको फैसला गरेको जिल्ला अदालतका स्रेस्तेदार केशव पराजुलीले बताए।

यौन दुर्व्यवहार

१२ वर्षीया बालिकालाई ०८१ वैशाख १२ गते यौन दुर्व्यवहार गरेको भन्दै चितवन जिल्ला भरतपुर महानगरपालिका-११ का ६५ वर्षीय मानबहादुर कार्कीविरुद्ध पीडित पक्षले वैशाख १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख १२ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायधीश दलबहादुर केसीको असोज ८ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै ६ महिना कैद र १० हजार रुपियाँ जरिबानाको फैसला गरेको जिल्ला अदालतका स्रेस्तेदार केशव पराजुलीले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै ५२ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिटका १२, गालीगलौज, खानलाउन नदिएका ४० उजुरी छन्। जसमा ४५ उजुरीमा मेलमिलाप भएको र सात उजुरी अदालत गएको सेवा केन्द्रका प्रहरी सहायक हवल्दार तारा कुँवरले बताइन्।

यो वर्ष पाल्पा जिल्लामा बलात्कारका घटनामा चार, बोक्सीको आरोपमा एक जना र घरेलु हिंसाका घटनामा ४३ गरी ४८ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

'बोक्सी' आरोप

४३ वर्षीया महिलालाई ०८१ जेठ ६ गते बोक्सी भनेर कुटपिट गरेको भन्दै बगनासकाली गाउँपालिका-९ चापपानी ग्वासिङका २९ वर्षीय पदम बस्यालविरुद्ध पीडित पक्षले जेठ ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ ९ गते गिरफ्तार गऱ्यो। आरोपितले 'पीडितको आँखामा बोक्सी देखिएको र उक्त बोक्सी भगाउने' भन्दै पीडित महिलालाई लाठी र हातले कुटपिट गरी शरीरभरी नीलडाम गराएको पीडित पक्षले जनायो। पीडितको उपचार जेठ ८ गते पाल्पा अस्पतालमा भयो। प्रहरीले आरोपितिवरुद्ध जेठ ३१ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दलबहादुर केसीको जेठ ३१ गतेको इजलासले आरोपितलाई १ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

वातावरण र मानव अधिकार

बसाइँसराइ

पाल्पामा यो वर्ष ९ सय ६७ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोतः स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट कारखाना

पाल्पामा तीन ओटा सिमेन्ट उद्योग सञ्चालनमा छन्।

स्रोतः घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष पाल्पामा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोतः जिल्ला प्रहरी कार्यालय

खानेपानी

पाल्पामा ६४ हजार ९ सय ९१ घरपरिवार सङ्ख्या रहेको छ। जसमा ९० प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोतः खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

पाल्पामा १ सय २९ ओटा सार्वजनिक शौचालय छन्।

स्रोतः स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र, ६२ स्वास्थ्य चौकी, १२ शहरी स्वास्थ्य केन्द्र, ५८ स्वास्थ्य इकाइ, १३ आधारभूत स्वास्थ्य केन्द्र रहेका छन्। जिल्ला अस्पतालमा १९ जना डाक्टरको दरबन्दी रहेकोमा १२ जना कार्यरत छन्। चार स्थायी अन्य आठ जना छात्रवृत्तिका डाक्टर रहेका छन्। जिल्लामा ६१ हजार ७ सय ६ घरका २ लाख ४६ हजार ३१ नागरिकले स्वास्थ्य बीमा गरेका छन्। जसमध्ये १३ हजार ८ सय ३८ घरका ज्येष्ठ नागरिक रहेको जिल्ला स्वास्थ्य कार्यालयका सूचना अधिकारी मधुसुधन भट्टराईले बताए।

तालिका ८.५.६.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१		१	४	६
यौन दुर्व्यवहार	१				१
जम्मा	२		१	४	७

महिला अधिकार					
घटनाको प्रकार	मेलमिलाप	अपूर्ण	कानुनी दायरामा ल्याइएका	कानुनी दायरामा नल्याइएका	जम्मा
घरेलु हिंसा	३५	७	१		४३
बलात्कार		१	२	१	४
बोक्सीको आरोपमा				१	१
जम्मा	३५	८	३	२	४८

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	अनुसन्धान	जम्मा
हत्या	१	१

(स्रोत : इन्सेक, २०२४)

८.५.७ नवलपरासी पश्चिम

जम्मा जनसङ्ख्या	३,८६,८६८
महिला	१,९८,६८६
घर परिवार सङ्ख्या	८२,७०९
घरजग्गामा महिलाको स्वामित्व	२३,६९६
साक्षरता प्रतिशत	७७.९७
आश्रित जनसङ्ख्या	१,७९,४६४
अपाङ्गता भएका	९,१३८

यस वर्ष नवलपरासी पश्चिम जिल्लामा ज्यादतीका घटनामा १ सय १७ जना महिला र १४ जना पुरुष गरी १ सय ३१ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २३ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ९१ जना महिला पीडित भए। परिवारबाट हत्याका घटनामा तीन जना महिलाको मृत्यु भयो।

गोली/विष्फोटक पदार्थबाट घाइते

बर्दघाट नगरपालिका-४ बर्दघाट घर भई सुस्ता गाउँपालिका-१ मा सुनचाँदी व्यवसाय गर्ने ६२ वर्षीय गजेन्द्र विश्वकर्मालाई पसल बन्द गरी घरतर्फ फर्किँदै गर्दा ०८० माघ २१ गते पहिचान नखुलेको समूहले गोली प्रहार गऱ्यो। सोही समूहले उनका छोरा महेन्द्र विश्वकर्मामाथि दायाँ हातमा खुँडा प्रहार गरी घाइते बनायो। गजेन्द्रको चिसापानी अस्पताल, प्रादेशिक अस्पताल लुम्बिनी मेडिकल कलेज, भैरहवामा समेत उपचार हुन नसकी काठमाडौँ स्थित मेडिसिटी अस्पतालमा र छोरा महेन्द्रको प्रादेशिक अस्पतालमा उपचार भयो। सुनचाँदी व्यवसायी समितिका अध्यक्ष इन्द्रबहादुर विश्वकर्मालेे माघ २२ गते इलाका प्रहरी कार्यालय, बर्दघाटमा उजुरी दिएको भए पनि आरोपित हालसम्म गिरफ्तार भएका छैनन्।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता २५ महिला र १ सय ५० पुरुष गरी १ सय ७५ जनाको रहेको छ। कारागारमा ८७ महिला र ४ सय ६४ पुरुष गरी ५ सय ५१ जना कैदीबन्दी छन्। कारागारमा आश्रित बालक तीन र बालिका पाँच जना छन्। कैदीबन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि एक दरबन्दी रहेकोमा कार्यरत छन्। कारागारमा १३ जना पुरुष र ६ जना महिला गरी कूल १३ जना ज्येष्ठ नागरिक रहेको कारागार प्रमुख अर्जुन रेग्मीले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा ६ जना न्यायाधीश दरबन्दी रहेकोमा एक रिक्त छ। यो वर्ष अदालतमा फौजदारी मुद्दातर्फ ८ सय २५ थानमध्ये २ सय २६ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ हजार ५ सय ६४ थानमध्ये ५ सय २३ थान मुद्दा फैसला भए। अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा २३ थान छन् भने देवानी मुद्दा १ हजार ३१ थान बाँकी रहेको जिल्ला अदालतका स्रेस्तेदार जानकीरमण यादवले बताए।

बाल अधिकार

यस वर्ष नवलपरासी पश्चिम जिल्लामा बलात्कार घटनामा १२, यौन दुर्व्यवहार घटनामा ६, बेचबिखन तथा ओसारपसारका घटनामा तीन, बालविवाहका घटनामा एक र विद्यालयमा दिइने

तालिका ८.५.७.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		२	३	५
घाइते		१	२	३
हत्या		१	८	९
बाल अधिकार	बालविवाह	१		१
	बेचबिखन तथा ओसारपसार	३		३
	विद्यालयमा दिइने शारीरिक सजाय		१	१
	बलात्कार	१२		१२
	यौन दुर्व्यवहार	६		६
	जम्मा	२२	१	२३
महिला अधिकार	घरेलु हिंसा	७४		७४
	बोक्सीको आरोपमा	१		१
	बलात्कार	८		८
	सामूहिक बलात्कार	१		१
	यौन दुर्व्यवहार	२		२
	बेचबिखन तथा ओसारपसार	२		२
	पारिवारिक हत्या	३		३
	जम्मा	९१		९१
कूल जम्मा		११७	१४	१३१

(स्रोत : इन्सेक, २०२४)

शारीरिक सजायका घटनामा एक जना गरी २३ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा १ सय ५४ आधारभूत र ६३ माध्यमिक विद्यालय छन्। सामुदायिक विद्यालयतर्फ ३३ हजार ४ सय ३१ जना छात्रा र ३१ हजार १ सय ३८ छात्र गरी ६४ हजार ५ सय ६९ जना रहेका छन्। संस्थागत विद्यालयतर्फ १६ हजार ६ सय १६ छात्रा र २४ हजार १ सय ९१ जना छात्र गरी ४० हजार ८ सय ७ विद्यार्थी रहेका छन्। जिल्लामा शिक्षक दरबन्दी स्थानीय तहले नै रिक्त हुने बित्तिकै पदपूर्ति गर्ने गरेको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख महेन्द्र सुवेदीले बताए।

तालिका ८.५.७.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
महिला अधिकार	१	१

(स्रोत : इन्सेक, २०२४)

माहिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३ सय ४९ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा २ सय ७५ उजुरीमा मेलमिलाप, ३४ उजुरी मेलमिलापको प्रक्रिया छ भने ४० उजुरी अन्य कारबाहीको लागि माथिल्लो निकायमा पठाएको सेवा केन्द्रका असई यशोदा विकले बताइन्।

यो वर्ष नवलपरासी पश्चिम जिल्लामा बलात्कारका घटनामा आठ, यौन दुर्व्यवहार घटनामा दुई, सामूहिक बलात्कारका घटनामा एक, बेचबिखन तथा ओसारपसार घटनामा दुई, बोक्सीको आरोपमा एक र घरेलु हिंसाका घटनामा ७४ गरी ८८ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट तीन जना महिलाको हत्या भयो। जसमध्ये अपाङ्गता भएकी एक जना महिला पीडित भइन्।

वातावरण र मानव अधिकार

बसाइँसराइ

नवलपरासी पश्चिममा यो वर्ष ५ सय ९२ जनाले बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

जिल्लामा हालसम्म १२ ओटा इँटाभट्टा र ६ ओटा सिमेन्ट उद्योग स्थापना भई सञ्चालनमा रहेका छन्।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष जिल्लामा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

जिल्लामा ८२ हजार ७ सय ९ घरपरिवार सङ्ख्या रहेको छ। जसमा ६२ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा ५३ ओटा सार्वजनिक शौचालय छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा तीन सरकारी अस्पताल, तीन सामुदायिक अस्पताल, ३६ स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, एक नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा नौ जना विशेषज्ञको दरबन्दीमा ६ जनाको दरबन्दी रिक्त छ। स्वास्थ्यकर्मीको ४१ दरबन्दीमा ४३ करारमा कार्यरत छन् भने पाँच जना बिदा छन्। जिल्लामा ५४ हजार ९ सय ४१ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा ७ सय ६१ जनाको बिमा गरिएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख ओमप्रकाश पन्थीले बताए।

तालिका ८.५.७.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बाल विवाह			१	१
बेचबिखन तथा ओसारपसार			३	३
विद्यालयमा दिइने शारीरिक सजाय	१			१
बलात्कार	२	२	८	१२
यौन दुर्व्यवहार		१	५	६
जम्मा	३	३	१७	२३

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	६३	९		२	७४
बोक्सीको आरोपमा	१				१
बलात्कार		१		८	९
यौन दुर्व्यवहार			१	१	२
बेचबिखन तथा ओसारपसार				२	२
पारिवारिक हत्या				३	३
जम्मा	६४	१०	१	१६	९१

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	८	९

(स्रोत : इन्सेक, २०२४)

८.५.८ रूपन्देही

जम्मा जनसङ्ख्या	११,२१,९५७
महिला	५,७१,४७९
घर परिवार सङ्ख्या	२,३८,१७१
घरजग्गामा महिलाको स्वामित्व	६९,९९३
साक्षरता प्रतिशत	८१.२३
आश्रित जनसङ्ख्या	२,७०,२२९
अपाङ्गता भएका	१८,२३९

यस वर्ष रुपन्देही जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा ७ सय ७८ जना महिला र दुई जना पुरुष गरी ७ सय ८० जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ७६ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ७ सय २ जना महिला पीडित भए।

कारागार र बन्दी

भैरहवा कारागारको क्षमता १ सय ५० रहेको छ । कारागारमा २ सय ७८ जना कैदी र २ सय ९७ जना बन्दीहरू गरी ५ सय ७५ जना छन्। जसमध्ये १६ जना विदेशी कैदी र २५ जना विदेशी बन्दीहरू छन्। कारागारमा क्षमता भन्दा बढी कैदी थुनुवाहरू भएकाले सुत्न बस्न, समस्या छ।

बालसुधार गृहको अवस्था

भैरहवामा रहेको बालसुधार गृहमा १ सय ३ जना बालकहरू रहेका छन्। जसमध्ये फैसला भएर सुधारका लागि सजाय तोकेका ५२ जना र सजाय नतोकिएका ५१ जना छन्। जसमध्ये तीन जना विदेशी छन्।

बाल सुधारगृहमा बस्ने बालकहरू अधिकांश विद्यालय उमेर समूहका भए पनि विद्यालय नभएकोले पढ्नबाट वञ्चित छन्। बाल सुधारगृहमा क्षमताभन्दा बढी बाल कैदी बन्दी राख्दा सुत्न बस्न र शौचालय जान पालो कुर्नुपर्ने बाध्यता रहेको छ। सुधारगृहमा विगत लामो समयदेखि कार्यालय सहयोगीको भरमा रहेको छ। सुधार गृहमा स्वास्थ्य उपचारका लागि स्वास्थ्यकर्मी र बालमनो विमर्शकर्ता छैनन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

१० जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालत रूपन्देहीमा १० जना न्यायाधीश कार्यरत छन्। यो वर्ष २ हजार २ सय ३६ थान फौजदारी मुद्दामध्ये १ हजार ९ सय ३९ थान फैसला भए। २ सय ९७ थान मुद्दा बाँकी छन्। ३ हजार ४ सय ६७ थान देवानी मुद्दामध्ये १ हजार १ सय ६६ थान फैसला भए। २ हजार ३ सय १ थान मुद्दा बाँकी छन्। त्यसैगरी पुनरावेदनतर्फ १० थान मुद्दामध्ये पाँच थान मुद्दा फस्यौट ५ थान बाँकी छन्। त्यस्तै निषेधाज्ञाका ८८ थान रिट निवेदन दर्ता रहेकोमा ४८ थान फेसला भएको, फस्यौट हुन बाँकी ३३ थान रहेको जिल्ला अदालतका सूचना अधिकारी अनन्त मरासिनीले बताए।

उच्च अदालत तुलसीपुर, बुटवल इजलास

१२ जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा २ जना

न्यायाधीशको दरबन्दी रिक्त छ। यस वर्ष दुनियावादी देवानीका ३ सय ३७ थान, दुनियावादी फौजदारीका १ सय ३७ थान, सरकारवादी फौजदारीका २ सय ९४ थान, अघिल्लो वर्षको जिम्मेवारी सरेर आएको सुरु मुद्दा ६ सय ८८ थान नयाँ दर्ता १ हजार ८८ थान र ६ सय ९८ थान मुद्दा फैसला भए। त्यस्तै बन्दी प्रत्यक्षीकरणतर्फ यस वर्ष ११ थान मुद्दा दर्ता भए भएकोमा कुनै पनि फैसला भएन निषेधाज्ञाको निवेदनमा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएको ६ थान र नयाँदर्ता नौ गरी जम्मा १५ थानमा आठ थान मुद्दा फैसला भई सात थान बाँकी रहेको उच्च अदालतका रजिष्टार यमप्रसाद बास्कोटाले बताए।

बाल अधिकार

यस वर्ष रुपन्देही जिल्लामा बलात्कार घटनामा ३९, हाडनाताकरणी घटनामा दुई, सामूहिक बलात्कारका घटनामा पाँच, यौन दुर्व्यवहार घटनामा २३, बेचबिखन तथा ओसारपसारका घटनामा दुई, बालविवाहका घटनामा चार र विद्यालयमा दिइने शारीरिक सजायका घटनामा एक जना गरी ७६ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

तालिका ८.५.८.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
हत्या		२		२
बाल अधिकार	बाल विवाह	४		४
	बेचबिखन तथा ओसारपसार	२		२
	विद्यालयमा दिइने शारीरिक सजाय	१		१
	बलात्कार	३९		३९
	सामूहिक बलात्कार	५		५
	हाडनाता करणी	२		२
	यौन दुर्व्यवहार	२१	२	२३
	जम्मा	७४	२	७६
महिला अधिकार	घरेलु हिंसा	६५८		६५८
	दाइजोजनित हिंसा	२		२
	बलात्कार	२८		२८
	सामूहिक बलात्कार	४		४
	बलात्कार प्रयास	३		३
	पारिवारिक हत्या	२		२
	बेचबिखन तथा ओसारपसार	५		५
	जम्मा	७०२		७०२
कूल जम्मा		७७८	२	७८०

(स्रोत : इन्सेक, २०२४)

शिक्षाको अवस्था

जिल्लामा सामुदायिकतर्फ २ सय १७ आधारभूत र १ सय ७० माध्यमिक विद्यालय छन्। यो वर्ष १ लाख ४९ हजार ८ सय ३४ छात्र र १ लाख ४५ हजार ४ सय ५१ जना छात्राहरू विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ३ सय ६५ छात्रा र ३ सय ८६ छात्र छन्। विशेष विद्यालय एक माध्यमिक र तीन विद्यालयमा स्रोत कक्षा सञ्चालनमा छन्। द्वन्द्वपीडित परिवारका १९ जना विद्यार्थीहरूले छात्रवृत्ति पाएको शिक्षा विकास तथा समन्वय इकाइ रुपन्देहीका प्रमुख माधव बन्जाडेले बताए। यस वर्ष २३ हजार ९५ दलित छात्र र २० हजार ८ सय ८५ दलित छात्रा विद्यालय भर्ना भए। वैदेशिक रोजगारमा गएर मृत्यु भएका परिवारका ८४ जना बालबालिकाले ७ लाख ७२ हजार रुपियाँ छात्रवृत्ति पाए। द्वन्द्वपीडित परिवारका १९ बालबालिकाले ३ लाख २ हजार रुपियाँ छात्रवृत्ति पाएको प्रमुख बन्जाडेले बताए।

बलात्कार

१० वर्षीया बालिकालाई ०८१ साउन २२ गते बलात्कार गरेको भन्दै पीडित पक्षले बुटवल उपमहानपा-१४ भाटा बस्ने ५७ वर्षीय शंकरबहादुर पाण्डे रानाविरुद्ध पीडित पक्षले साउन २३ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन २३ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश अशोक कुमार बस्नेतको पुस १८ गते बसेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै मागदावी पुग्ने फैसला सुनायो। सजाय निर्धारण हुन बाँकी रहेको छ।

बालविवाह

१७ वर्षीया बालिकालाई ०८१ भदौ २९ गते बालविवाह गरेको भन्दै मायादेवी गाउँपालिका-६ बगौलीका ३१ वर्षीय उमेश कुर्मीविरुद्ध पीडित पक्षले भदौ २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले भदौ २९ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश अशोककुमार बस्नेतको पुस १८ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै मागदावी पुग्ने फैसला सुनायो। सजाय निर्धारण हुन बाँकी रहेको छ।

तालिका ८.५.८.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
महिला अधिकार	१	१

(स्रोत : इन्सेक, २०२४)

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष जिल्लामा घरेलु हिंसा पीडित भन्दै ७ सय ७१ जना महिलाले जिल्ला प्रहरी कार्यालय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी गरिएका ३ सय ७२ , खान/लाउन नदिएको १ सय ३८, विवाह दर्ता र नागरिकता नबनाएको ६२, अर्की पत्नी ल्याएर हेला गरेको २७, दाइजो नल्याएको भनी हेला गरेको ३८, शंका उपशङ्का गरी १ सय ३४ घटना छन्। यीमध्ये प्रहरीले ५ सय ९ उजुरीमा मेलमिलाप, १ सय ५७ उजुरी कारबाही प्रक्रियामा रहेको, ५८ उजुरी अदालत गएको र ५४ उजुरीकर्ता सम्पर्कमा नआएको सेवा केन्द्रका इन्स्पेक्टर अमृता केसीले बताइन्।

यस वर्ष रुपन्देही जिल्लामा बलात्कारका घटनामा २८, सामूहिक बलात्कार घटनामा चार, बलात्कार प्रयासका घटनामा तीन, बेचबिखन तथा ओसारपसार घटनामा पाँच, दाइजोजनित हिंसाका घटनामा दुई र घरेलु हिंसाका घटनामा ६ सय ५८ जना गरी ७ सय जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट दुई जना महिलाको हत्या भयो। जसमध्ये अपाङ्गता भएकी एक जना महिला पीडित भइन्।

वातावरण र मानव अधिकार

बसाइँसराइ

रुपन्देहीमा यो वर्ष १ हजार ३ सय ६१ जनाले बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

रुपन्देहीमा हालसम्म इँटाभट्टा ५४ ओटा र ११ ओटा सिमेन्ट उद्योग स्थापना भई सञ्चालनमा रहेका छन्।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष रुपन्देहीमा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सुचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

रुपन्देहीमा २ लाख ३८ हजार १ सय ७१ घरपरिवार सङ्ख्या रहेको छ। जसमा ४७.४ घरपरिवारमा खानेपानीकाको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

रुपन्देहीमा १ सय १० ओटा सार्वजनिक शौचालय छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक प्रादेशिक अस्पताल, एक जिल्ला अस्पताल र २१ निजी अस्पताल रहेका छन्। एक नगर अस्पताल, पाँच प्राथमिक स्वास्थ्य केन्द्र, ६२ स्वास्थ्य चौकी, पाँच प्राथमिक स्वास्थ्य केन्द्र, ५४ आधारभूत स्वास्थ्य केन्द्र, १२ शहरी स्वास्थ्य केन्द्र, दुई सामुदायिक इकाइ रहेका छन्। स्वास्थ्यकर्मीको ५ सय ४९ दरबन्दी रहेकोमा सबै कार्यरत छन्। २०७७ मङ्सिर १५ गते शिलान्यास भएका अस्पतालमध्ये निर्माण कार्य सम्पन्न नभएको जिल्ला स्वास्थ्य कार्यालयका सूचना अधिकारी भेषराज शर्माले बताए।

तालिका ८.५.८.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	**मुद्दा टुङ्गिएका**	**मेलमिलाप**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बाल विवाह	१		३	४
बेचबिखन तथा ओसारपसार			२	२
विद्यालयमा दिइने शारीरिक सजाय		१		१
बलात्कार	२		४४	४६
यौन दुर्व्यवहार			२३	२३
जम्मा	३	१	७२	७६

महिला अधिकार					
घटनाको प्रकार	**अपूर्ण**	**मेलमिलाप**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बेचबिखन तथा ओसारपसार				५	५
घरेलु हिंसा	८	६४०	१	९	६५८
बलात्कार				३२	३२
बलात्कार प्रयास				३	३
दाइजोजनित हिंसा		२			२
पारिवारिक हत्या				२	२
जम्मा	८	६४२	१	५१	७०२

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
हत्या	२	२

(स्रोत : इन्सेक, २०२४)

८.५.९ कपिलवस्तु

जम्मा जनसङ्ख्या	६,८२,९६१
महिला	३,४८,२७४
घर परिवार सङ्ख्या	१,२१,८६१
घरजग्गामा महिलाको स्वामित्व	३०,१४८
साक्षरता प्रतिशत	७१.८२
आश्रित जनसङ्ख्या	३,५८,९१३
अपाङ्गता भएका	१२,९२२

यस वर्ष कपिलवस्तु जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा दुई जना पुरुष तथा ज्यादतीका घटनामा ५ सय १९ जना महिला र तीन जना पुरुष गरी ५ सय २२ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३९ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ४ सय ७६ जना महिला पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ३ सय ५२ जनाको रहेको छ। कारागारमा ३ सय ५८ जना कैदी र १ सय ६५ जना थुनुवा गरी ५ सय २३ जना कैदीबन्दीहरू रहेका छन्। जसमध्ये २५ जना विदेशी नागरिक छन्। अत्यधिक गर्मी र क्षमताभन्दा बढी कैदीबन्दी राख्दा छाला र छालाजन्य रोगको सङ्क्रमण भएको छ। क्षमताभन्दा बढी बस्नुपर्दा सुत्न, बस्न, शौचालय जाँदा र नुहाउन पालो कुर्नुपर्ने बाध्यता छ। कारागारमा ६५ वर्ष माथि उमेर समूहका दुई जना ज्येष्ठ नागरिकहरू छन्।



हिरासतमा मृत्यु

विजयनगर गाउँपालिका-५ ठाकुरापुरका २१ वर्षीय नसिर उद्दिन खाँले ०८१ कात्तिक २१ गते बिहान इलाका प्रहरी कार्यालय गणेशपुरको हिरासतको शौचालयमा पासो लगाई आत्महत्या गरेको प्रहरीले जनायो। १७ वर्षीया बालिका बलात्कारको आरोपमा कात्तिक १५ गतेदेखि प्रहरी हिरासतमा थिए। अघिपछि सामान्य अवस्थामा रहेका मृतक खाँ कात्तिक १९ गते साँझ दिदी आएर भेटेर फर्किएपछि तनावमा रहेको र भोलिपल्ट कात्तिक २० गते बिहान शौचालयको झ्यालको जाली च्यातेर गम्छाले पासो लगाएर झुण्डिएको अवस्थामा सँगै बसेका थुनुवा शौचालय जाने क्रममा देखेर चिच्याएपछि घटना बाहिर आएको जिल्ला प्रहरी कार्यालयका डिएसपी मोहनमणि अधिकारीले बताए। प्रहरीका अनुसार 'अघिल्ला दिनमा सामान्य रहेको व्यक्तिले अघिल्लो दिन दिदीले भेटेर तैंले हाम्रो खानदानको बेइज्जत गरिस्' भनेर गएलगत्तै धेरै तनावमा रहेको सोही तनावलाई सहन नसकी आत्महत्या गर्न पुगेको प्रहरीको प्रारम्भिक अनुसन्धान रहेको डिएसपी अधिकारीले बताए। मृतकसँगै तीन जना थुनुवाहरू बस्दै आएको र अघिल्ला दिनहरूमा सधैंसँगै खाना खाएको र मृत्युको अघिल्लो दिन दिदीले भेटेर गएपछि तनावमा रहेको र खाना खान नमानेपछि आफूहरूले धेरै सम्झाएर कर गरेर खाना खुवाएको थुनुवाहरूलाई उद्धृत गर्दै मानव अधिकारकर्मी रामदयाल ठाकुरले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा पाँच जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। यो वर्ष ७ सय ७७ थान फौजदारी मुद्दामध्ये ५ सय ३७ थान फैसला भए। २ सय ७ थान मुद्दा बाँकी छन्। ३ हजार ४७ थान

तालिका ८.५.९.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण				३	१	४
कुटपिट				१		१
हिरासतमा मृत्यु		१	१			
अमानवीय व्यवहार		१	१			
हत्या					२	२
बाल अधिकार	बालविवाह			२		२
	बेचबिखन तथा ओसारपसार			१		१
	बलात्कार			१७		१७
	सामूहिक बलात्कार			३		३
	यौन दुर्व्यवहार			१६		१६
	जम्मा			३९		३९
महिला अधिकार	घरेलु हिंसा			४५७		४५७
	साइबर अपराध			१		१
	बलात्कार			११		११
	बलात्कार प्रयास			५		५
	बेचबिखन तथा ओसारपसार			२		२
	जम्मा			४७६		४७६
कूल जम्मा		२	२	५१९	३	५२२

(स्रोत : इन्सेक, २०२४)

देवानी मुद्दामध्ये १ हजार ८ सय ५ थान फैसला भए। १ हजार २ सय ४२ थान मुद्दा बाँकी रहेको जिल्ला अदालतका सूचना अधिकारी नारायणबहादुर भट्टराईले बताए।

बाल अधिकार

यस वर्ष कपिलवस्तु जिल्लामा बलात्कार घटनामा १७, सामूहिक बलात्कार घटनामा तीन, यौन दुर्व्यवहार घटनामा १६, बेचबिखन तथा ओसारपसारका घटनामा एक र बालविवाहका घटनामा दुई गरी ३९ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ८६ आधारभूत र १ सय ५९ मावि छन्। १ हजार ९ सय ९२ शिक्षक दरबन्दी रहेको छ। यो वर्ष ६० हजार ९ सय ६५ जना छात्र र ५८ हजार ५ सय ९८ जना छात्रा विद्यालयमा भर्ना भए। जसमा अपाङ्गता भएका ८ सय १० जना छात्रा र ७ सय १५ जना छात्र छन्। जिल्लामा १ सय ५१ ओटा विद्यालय अपाङ्गतामैत्री छन्। यो वर्ष द्वन्द्वपीडित तीन जना बालबालिकाले छात्रावृत्ति पाएको शिक्षा विकास तथा समन्वय इकाइ कार्यालयका प्रमुख लोकनाथ मरासिनीले बताए।

अपहरण तथा शरीर बन्धक

१७ वर्षीया बालिकालाई जेठ २ गते अपहरण तथा शरीर बन्धक गरेको भन्दै शिवराज नगरपालिका-७, जौवाभारीका २१ वर्षीय नुर मोहम्द मुसलमान, सोही ठाउँका ७६ वर्षीय मोहम्द मुस्तफा, ४० वर्षीय जनतुन मियाँ र २० वर्षीय अक्सर अलि मियाँविरुद्ध पीडित पक्षले भदौ १२ गते इलाका प्रहरी कार्यालय गणेशपुरमा उजुरी दियो। आरोपितहरूलाई प्रहरीले भदौ १२ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण भदौ १२ गते भीम अस्पताल, भैरहवामा भयो। प्रहरीले आरोपितहरूविरुद्ध भदौ २५ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबरजस्ती करणी अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको भदौ २९ गतेको इजलासले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठायो।

बलात्कार

१२ वर्षीया बालिकालाई ०८० पुस २४ गते बलात्कार गरेको भन्दै कपिलवस्तु नगरपालिका-८ का ६० वर्षीय तिरथ चमारविरुद्ध पीडित पक्षले पुस २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २५ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाशचन्द्र अधिकारीको ०८१ पुस ५ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै दावी पुग्ने फैसला गऱ्यो। यस वर्षको अन्त्यसम्म सजाय निर्धारण भएन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ५ सय ११ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरिएका ३ सय ५२, खान/लाउन नदिएको १ सय ४२, विवाह दर्ता र नागरिकता नबनाएको २२, अर्की पत्नी ल्याएर हेला गरेको १७, दाइजो नल्याएको भनी हेला गरेको ३२, शंका उपशंकाका ४६ घटना छन्। यीमध्ये प्रहरीले ४ सय २५ वटामा मिलापत्र भएको भने ८६ उजुरी कारबाही प्रक्रियामा रहेको सेवा केन्द्रकी असई पार्वती गुप्ताले बताइन्।

यो वर्ष कपिलवस्तु जिल्लामा बलात्कारका घटनामा ११, बलात्कार प्रयास घटनामा पाँच, बेचबिखन तथा ओसारपसार घटनामा दुई, साइबर अपराधका घटनामा एक र घरेलु हिंसाका घटनामा ४ सय ५७ गरी ४ सय ७६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

बलात्कार प्रयास

३५ वर्षीया महिलालाई ०८० माघ ८ गते बलात्कार प्रयास गरेको भन्दै बारा जिल्ला कलैया उपमहानगरपालिका-१२ बनभरियाका २७ वर्षीय विजयकुमार गुप्ताविरुद्ध पीडितले माघ २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले माघ २१ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दिलप्रकाश सापकोटाको ०८१ असार २५ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै तीन वर्ष कैद र ३० हजार रुपियाँ जरिबाना भराउने फैसला सुनायो।

घरेलु हिंसा

३९ वर्षीया घरेलु हिंसा पीडित महिलाले इन्सेकको सहयोगमा जिल्ला अदालत कपिलवस्तुमा घरेलु हिंसा सम्बन्धी मुद्दा दर्ता गराइन्। इन्सेक जिल्ला प्रतिनिधि, मानव अधिकार समूह र जिल्ला कानुनी सहायता समिती कपिलवस्तुको समन्वयमा शुद्धोधन गाउँपालिका-१ सोहसा घर भई हाल कपिलवस्तु नगरपालिका- ११ पचेहरा माइतीघरको आश्रयमा बस्दै आएकी ३९ वर्षीया गिता केवटले फागुन २२ गते पति ४० वर्षीय शिवप्रसाद केवटविरूद्ध जिल्ला अदालतमा घरेलु हिंसा, अंशसम्बन्धी र राजीनामा लिखत बदर सम्बन्धी मुद्दा दर्ता गराइन्। पतिले हिंसा गर्ने, खान लाउन नदिने, बिरामी हुँदा उपचार खर्च नदिने, शारीरिक, मानसिक र आर्थिक हिंसा गर्नुका साथै कुटपिट गरी घरबाट चार बालबालिका सहित पुस २१ गते घरनिकाला गरेको पीडित केवटले बताइन्। हाल आफन्तको सहारामा बस्दै आएकी पीडितले अदालतमा घरेलु हिंसा र अंश सम्बन्धी मुद्दा दर्ता गर्न आर्थिक तथा कानुनी सहयोगका लागि इन्सेकद्वारा गठित मानव अधिकार समूह कपिलवस्तुमा फागुन १७ गते र इन्सेक कपिलवस्तुलाई फागुन २० गते निवेदन दिएकी थिइन्।

वातावरण र मानव अधिकार

बसाइँसराइ

कपिलवस्तुमा यो वर्ष ४ सय ७४ जनाले बसाइँसराइ गरेका छन्।

स्रोतः स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

कपिलवस्तुमा हालसम्म ५० ओटा इँटाभट्टा र नौ ओटा सिमेन्ट उद्योग रहेको छ।

स्रोतः घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष कपिलवस्तुमा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोतः जिल्ला प्रहरी कार्यालय

खानेपानी

कपिलवस्तुमा १ लाख २१ हजार ८ सय ६१ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ४५ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोतः खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

पाल्पामा सात ओटा सार्वजनिक शौचालय छन्।

स्रोतः स्थानीय तह

स्वास्थ्य सेवाको अधिकार

जिल्लामा एक जिल्ला अस्पताल (प्रदेशको मातहतमा), चार स्थानीय अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र, ७२ हेल्थपोष्ट, १६ प्राथमिक स्वास्थ्य सेवा केन्द्र, ६ शहरी स्वास्थ्य केन्द्र, ३ सामुदायिक स्वास्थ्य केन्द्र रहेको छ। जिल्लाको अस्पतालमा तीन जना विशेषज्ञ डाक्टर रहेका छन्।

तालिका ८.५.९.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह				२	२
बेचबिखन तथा ओसारपसार		१			१
बलात्कार	१	३	१	१५	२०
यौन दुर्व्यवहार		२		१४	१६
जम्मा	१	६	१	३१	३९

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अपूर्ण	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		४५३	३	१	४५७
साइबर अपराध				१	१
बलात्कार			२	९	११
बलात्कार प्रयास	१		२	२	५
बेचबिखन तथा ओसारपसार			१	१	२
जम्मा	१	४५३	८	१४	४७६

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	अपूर्ण	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१	२

(स्रोत : इन्सेक, २०२४)

९.५.१० दाङ

जम्मा जनसङ्ख्या	६,७४,९९३
महिला	३,५४,४२०
घर परिवार सङ्ख्या	१,६२,२६६
घरजग्गामा महिलाको स्वामित्व	४३,७६७
साक्षरता प्रतिशत	८१.४०
आश्रित जनसङ्ख्या	३,१४,४७६
अपाङ्गता भएका	१२,८३६

यस वर्ष दाङ जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा ६ जना महिला र १२ जना पुरुष गरी १८ जना पीडित भए। ज्यादतीका घटनामा २ सय १० जना महिला र २३ जना पुरुष गरी २ सय ३३ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ७२ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १ सय २५ जना महिला पीडित भए।

कुटपिट

राज्यपक्षबाट

तुलसीपुर उमनपा-१३ घर भई राजपुर गाउँपालिका-७ स्थित सिक्टा माध्यमिक विद्यालयका प्रधानाध्यापक ४१ वर्षीय विष्णु खत्रीलाई ०८१ वैशाख ३१ गते राजपुर गाउँपालिका-७ का वडा सदस्य ४० वर्षीय प्रमोद बस्नेतले कुटपिट गरेको भन्दै पीडित पक्षले जेठ १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। वडाध्यक्ष पुस्कर वलीसँग शैक्षिक विषयमा छलफल भइरहेका बेला वडा सदस्यले कुटपिट गरेको पीडितले बताए। पीडितको उपचार वैशाख ३१ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। प्रहरीले

घटनाबारे द्विपक्षीय छलफलका लागि पटक पटक बोलाए पनि दुवैपक्ष नआएको डिएसपी जनकबहादुर मल्लले बताए। तर पीडितले जनप्रतिनिधि भएकाले प्रहरीले नै बचाउ गरेर गिरफ्तार नगरेको आरोप लगाए। घटनाका आरोपित यो वर्षको अन्त्यसम्म पनि गिरफ्तार भएनन्।

नेपाल संस्कृत विश्वविद्यालय केन्द्रीय आयुर्वेद विद्यापीठ आठौँ सेमेष्टरका विद्यार्थीहरूको पासआउटलाई व्यवस्थित गर्ने विषयमा क्याम्पस प्रमुख प्रा.डा. ६६ वर्षीय रामचन्द्र अधिकारीसँग छलफल भइरहेका बेला ०८१ भदौ ५ गते नेपाल प्रहरीले लाठी प्रहार गर्दा शिवराज नगरपालिका-८ कपिलवस्तु निवासी स्ववियु सभापति २६ वर्षीय हेमन्त बञ्जाडे र विरगञ्ज महानगरपालिका-१६ पर्सा निवासी अनेरास्ववियु क्याम्पस इकाइ कमिटी अध्यक्ष २७ वर्षीय रुपेश मिश्र घाइते भए। प्रहरीको लाठी प्रहारबाट हेमन्तको टाउकोमा र रुपेशको हातलगायत शरीरका विभिन्न भागमा चोट लाग्यो। पीडितहरूको भदौ ५ गते राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा उपचार भयो। इलाका प्रहरी कार्यालय, तुलसीपुर र जिल्ला प्रहरी कार्यालय घोराहीबाट गएको प्रहरीले विद्यार्थीमाथि लाठी प्रहार गरेको पीडितले बताए। जिल्ला प्रहरी कार्यालय दाङका प्रमुख एसपी रामबहादुर केसीले भने क्याम्पस प्रमुखलाई क्याम्पसमा बन्धक बनाएको भन्ने खबर आएपछि उद्दारका क्रममा सामान्य धरपकड भएको बताए। अनेरास्ववियु दाङका अध्यक्ष प्रदीप बस्नेत, सचिव सविन पोखेल र जिल्ला इन्चार्ज सर्जन परियारले भदौ ६ गते विज्ञप्ति प्रकाशित गर्दै क्याम्पस प्रमुखको राजनीनामा माग गरे। क्याम्पसका प्राचार्य रामचन्द अधिकारले असोज ८ गते विज्ञप्ति जारी गरी घटना त्रुटिपूर्ण भएको भनी आतमआलोचना गरेपछि दुवै

पक्षबीच मिलापत्र भयो।

बबई गाउँपालिका-३ निवासी बिरेन्द्र नमूना माध्यमिक विद्यालय हेकुलीका शिक्षक ३६ वर्षीय गोरख राना क्षेत्रीलाई ०८१ मङ्सिर ७ गते विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दंगीशरण गाउँपालिका-३ का ४५ वर्षीय ओमनारायण चौधरीले कुटपिट गरे। विद्यार्थी लाइन लागिरहेको समयमा मोटरसाइकलमा आएका अध्यक्ष चौधरीले शिक्षक रानालाई बाटोमा भेट्दा वास्ता नगरेको भन्दै गालीगलौज गर्दै कुटपिट गरेको पीडितले बताए। विनाकारण विद्यालयभित्रै कुटपिट गरेको भन्दै नेपाल शिक्षक सङ्घ दंगीशरणले मङ्सिर ७ गते विज्ञप्ति निकालेर दोषीमाथि कारबाहीको माग गऱ्यो। दंगीशरण गाउँपालिकाका उपाध्यक्ष तथा न्यायिक समितिका संयोजक पीमा खड्का, पीडित पक्षसहितको छलफलमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चौधरीले गल्ती भएको भन्दै माफी मागेपछि घटना नदोहोऱ्याउने सर्तमा मङ्सिर ७ गते नै दुबैपक्षबिच मेलमिलाप भयो।

तालिका ८.५.१०.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहण					२		२
कुटपिट			१	१		६	६
हिरासतमा मृत्यु			१	१			
अमानवीय व्यवहार					१	६	७
घाइते		४	१०	१४		२	२
हत्या					५	४	९
जातीय विभेद					१		१
धम्की					४	५	९
बाल अधिकार	बालविवाह				३		३
	विद्यालयमा दिइने शारीरिक सजाय				१		१
	बलात्कार	२		२	५१		५१
	हाडनाता करणी				२		२
	सामूहिक बलात्कार				३		३
	यौन दुर्व्यवहार				१२		१२
	जम्मा	२		२	७२		७२
महिला अधिकार	घरेलु हिंसा				८२		८२
	वैवाहिक बलात्कार				१		१
	बलात्कार				२९		२९
	हाडनाता करणी				१		१
	सामूहिक बलात्कार				२		२
	बलात्कार प्रयास				३		३
	बेचबिखन तथा ओसारपसार				१		१
	पारिवारिक हत्या				६		६
	जम्मा				१२५		१२५
कूल जम्मा		६	१२	१८	२१०	२३	२३३

(स्रोत : इन्सेक, २०२४)

अन्य पक्षबाट

शान्तिनगर गाउँपालिका-३ निवासी वीपी कोइराला मावि, शान्तिनगर विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा विद्यालय व्यवस्थापन समिति दाङका अध्यक्ष ४३ वर्षीय देवराज मल्ललाई ०८१ कात्तिक ३ गते शान्तिनगर गाउँपालिका-३ का २५ वर्षीय शिखर केसीले कुटपिट गरेको भन्दै पीडित पक्षले कात्तिक ४ गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा उजुरी दियो। पीडितको उपचार स्थानीय मेडिकलमा कात्तिक ३ गते भयो। शिक्षक अभावले पठनपाठनमा समस्या भएको र रिक्त प्रावि दरबन्दीका विषयमा छलफल भइरहेको बेला केसीले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मल्ललाई कुटपिट गरेका थिए। वडाध्यक्ष मीनबहादुर केसी र सदस्य भिमी नेपालीको उपस्थितिमा विद्यालय प्राङ्गणमै छलफल भइरहेका बेला केसीले अध्यक्षलाई कुटपिट गरेको इलाका प्रहरी कार्यालय, तुलसीपुरका इन्स्पेक्टर प्रकाश थापाले बताए। प्रहरीले आरोपित केसी फरार भएकाले खोजी भइरहेको जनायो। घटनाका आरोपित यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

कपिलवस्तु घर भई हाल नेपाल संस्कृत विश्वविद्यालय केन्द्रीय आयुर्वेद क्याम्पस बेलझुण्डी

तालिका ८.५.१०.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
महिला अधिकार	१	१

(स्रोत : इन्सेक, २०२४)

दाङमा बीएमएमएस अध्ययनरत नेपाल विद्यार्थी सङ्घ इकाइ उपसभापति २३ वर्षीय शिवम मिश्रमाथि ०८१ साउन २१ गते तुलसीपुर उमनपा-१८ निवासी केन्द्रीय आयुर्वेद क्याम्पस स्ववियु सचिव तथा अखिल क्रान्तिकारीका क्याम्पस इकाइ अध्यक्ष २७ वर्षीय गणेश पौडेलले धारिलो हतियार प्रहार गरी घाइते तुल्याउनुका साथै दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले ०८१ साउन २२ गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा उजुरी दियो। नाक, मुख, घाँटी, हातमा चोट लागी गम्भीर घाइते भएका मिश्रको साउन २१ गते देखि साउन २६ गतेसम्म राप्ती प्रादेशिक अस्पतालमा भर्ना गरेर उपचार भयो। घटनाको विरोध गर्दै नेविसङ्घ केन्द्रीय समितिका प्रवक्ता सुरज सेजवालले साउन २२ गते विज्ञप्ति निकालेर दोषीमाथि कारबाहीको माग गरे। आरोपितलाई प्रहरीले भदौ २५ गते घरबाटै गिरफ्तार गरी अभद्र व्यवहारसम्वन्धी मुद्दा चलाएकोमा जिल्ला प्रशासन कार्यालयले भदौ २८ गते २५ हजार धरौटीमा रिहा गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

शान्तिनगर गाउँपालिका-६ निवासी वाइसीएल नेपाल शान्तिनगरका अध्यक्ष २३ वर्षीय दिपेश भण्डारीलाई ०८० फागुन ७ गते दंगीशरण गाउँपालिका-५ निवासी राष्ट्रिय युवा सङ्घ, नेपाल दंगीशरणका उपाध्यक्ष २२ वर्षीय जेनिस मगर र बबइ गाउँपालिका-७ का २३ वर्षीय सन्दीप घर्तीले राजनीतिक प्रतिशोध राखेर कुटपिट गरेको भन्दै पीडित पक्षले फागुन ८ गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा उजुरी दिए। पीडितको स्थानीय मेडिकलमा फागुन ८ गते उपचार भयो। आरोपित फरार रहेकाले यो वर्षको अन्त्यसम्म गिरफ्तार नभएको प्रहरीले जनायो।

दुर्व्यवहार

राज्यपक्षबाट

घोराही उपमहानगरपालिका-८ निवासी जनआवाज नेपाल अनलाईन टिभीमा कार्यरत पत्रकार ३० वर्षीय सुदन थापालाई ०८० फागुन ३० गते जिल्ला प्रहरी कार्यालय घोराहीमा कार्यरत डिएसपी ४५ वर्षीय जनकबहादुर मल्लले दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले नेपाल पत्रकार महासङ्घ दाङमा निवेदन दिए। राजपुर गाउँपालिका-१ का ९ वर्षीय बालक सुरेश कवरको उपचारको क्रममा अस्पतालमै मृत्यु भएपछि भिडियो खिच्न गएका थापालाई डिएसपी मल्लले दुर्व्यवहार गर्दै क्यामेरा खोसेका थिए। घटनाको विरोध गर्दै प्रेस युनियन दाङ, प्रेस सेन्टर दाङले फागुन ३० गते छुट्टछुट्टै विज्ञप्ति जारी गरी घटनाको भर्त्सना गरेपछि डिएसपी मल्लले मानवीय कमजोरी भएको र अब नदोहोरिने भन्दै फागुन ३० गते क्यामेरा फिर्ता गरे। क्यामेराको स्क्रीन फुटेर क्षति भएको तर घटना नदोहोऱ्याउने प्रतिबद्धता आएकाले उजुरी दर्ता नगरेको पीडित थापाले बताए।

तुलसीपुर उमनपा-४ निवासी रेडियो हाम्रो पहुँच तुलसीपुरमा कार्यरत पत्रकार ३१ वर्षीय बसन्त पौडेल र तुलसीपुर उपमनपा-७ निवासी नयाँ युगबोध राष्ट्रिय दैनिकमा कार्यरत पत्रकार ३१ वर्षीय एकराज भण्डारीलाई ०८१ वैशाख २३ गते तुलसीपुर उमनपा-१८ निवासी तुलसीपुर उमनपाका प्रमुख प्रशासकीय अधिकृत ५४ वर्षीय गेहेन्द्र डाँगीले कार्यकक्षमै दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले नेपाल पत्रकार महासङ्घ दाङमा वैशाख २३ गते निवेदन दिए। तुलसीपुर क्षेत्रका बिरामीले एम्बुलेन्स सेवा नपाएको गुनासोको आधारमा तुलसीपुर उपमनपाले सञ्चालन गरेको एम्बुलेन्स सेवा र एम्बुलेन्स मर्मत खर्च माग गरी पत्रकार द्वयले सूचनाको हक सम्बन्धी ऐन २०६४ अनुसार निवेदन दर्ता गर्न खोज्दा 'जसलाई पायो उसलाई सूचना नदिने र जे मन लाग्छ त्यसै गर्न' भन्दै दुर्व्यवहार गरेको पीडितले बताए। स्वतन्त्र पत्रकार सङ्घ दाङ, प्रेस चौतारी नेपाल दाङ, नेपाल प्रेस युनियन दाङ, प्रेस सेन्टर नेपाल दाङले वैशाख २४ गते छुट्टाछुट्टै विज्ञप्ति प्रकाशन गरी सूचना उपलब्ध गराउन माग गरे। नेपाल पत्रकार महासङ्घ दाङ शाखाले वैशाख २७ गते द्विपक्षीय छलफल गराइ प्रमुख प्रशासकीय अधिकृत गेहेन्द्र डाँगीले सूचनाको अधिकारको सम्मान गर्दै मागेको सूचना तत्काल उपलव्ध गराउने र पालिकाले महिनामा एक पटक भए गरेका कार्यको पत्रकार सम्मेलन गरी सार्वजनिक गर्ने प्रतिद्धता जनाएपछि दुवैपक्षबिच मेलमिलाप भयो।

अन्यपक्षबाट

तुलसीपुर उमनपा-१ निवासी तुलसीपुर उमनपाका बजार व्यवस्थापक २४ वर्षीय डिल्ली न्यौपानेलाई ०८० पुस २५ गते तुलसीपुर उमनपा-१८ निवासी युवासंघका कार्यकर्ता ३२ वर्षीय गोविन्द नेपालीले कुटपिट तथा दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले पुस २७ गते इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दियो। मुख र दाँतमा चोट लागेका पीडितको स्वास्थ्य उपचार पुस २५ गते स्थानीय अस्पतालमा भयो। मादक पदार्थ सेवन गरी कार्यालय परिसरमै कर्मचारीमाथि कुटपिट तथा दुर्व्यवहार भएकोमा विरोध गर्दै तुलसीपुर उपमनपाका कर्मचारीहरूले पुस २६ गते संयुक्त विज्ञप्ति प्रकाशन गरी दोषीमाथि कारबाहीको माग गरे।

घोराही सिमेन्ट प्रालिका म्यानेजर घोराही उमनपा-४ का ४२ वर्षीय विष्णु घिमिरेलाई ०८० फागुन ३ गते घोराही उमनपा-३ निवासी नेकपा माओवादी (केन्द्र)का कार्यकर्ताहरू ४५ वर्षीय बसन्त अधिकारी, ३८ वर्षीय यादव अधिकारी र ४० वर्षीय खिमबहादुर डाँगीले दुर्व्यवहार तथा हातपात गरेको भन्दै पीडित पक्षले फागुन ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आवासबाट कार्यकक्षतर्फ जाँदै गरेका बेला उद्योग परिसरमै हातपात गरेको पीडितले बताए। प्रहरीले आरोपितहरू तीनै जनालाई फागुन ३ गते गिरफ्तार गरी अनुसन्धान थालेकोमा फागुन ८ गते हाजिरी जमानीमा रिहा गर्‍यो। प्रहरीले चैत २० गते आपराधिक उपद्रवसम्बन्धी मुद्दा चलाएकोमा जिल्ला न्यायाधिश मनोजकुमार श्रीवास्तवको इजलासले जनही ५०/५० धरौटी लिएर अनुसन्धान गर्न आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

कारागार र बन्दी

घोराही कारागार

घोराही कारागारको क्षमता १ सय जनाको छ। कारागारमा २ सय ३५ कैदी र १ सय ७३ बन्दीसहित ४ सय ८ जना पुरुष छन्। कैदी, बन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि एक जना सिनियर अहेबको दरवन्दी रहेकोमा सेवा प्रदान गरिरहेका छन्। कारागारमा आठ जना ज्येष्ठ नागरिक रहेको जिल्ला कारागार प्रमुख लक्ष्मणसिंह राठौरले बताए। सामान्य उपचार कारागारमै भए पनि गम्भीर समस्या आए राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा जानुपर्ने हुँदा कैदी बन्दीले नै उठाएर खर्च व्यहोर्ने गरेको भन्दै छुटको व्यवस्था गरिदिन चौकीदार सौगात वलीले माग गरे।

तुलसीपुर कारागार

तुलसीपुर कारागारको क्षमता ३ सय १५ जनाको रहेको छ। कारागारमा ४ सय ९५ कैदीबन्दी छन्। कारागारमा दुई बालिका र दुई बालक आश्रित छन्। कैदीबन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि एक जना सिनियर अहेवको दरवन्दी रहेकोमा सेवा प्रदान गरिरहेको कारागार प्रमुख रम्भा केसीले बताइन्।

हिरासतमा मृत्यु

सरुमारानी गाउँपालिका-४ प्यूठान घर भई २९ नम्बर ज्वालामाइ गणमा कार्यरत सशस्त्र प्रहरी जवान २६ वर्षीय रेवन पचभैया मगर घोराही नगर प्रहरी कार्यालयको हिरासत कक्षमा कात्तिक १२ गते मृत फेला परे। हिरासतको शौचालयको भेन्टिलेशनमा आफैले लगाएको टिशर्ट र गञ्जी प्रयोग गरेर झुण्डिएको अवस्थामा कात्तिक १२ गते बिहान मृत फेला परेको जिल्ला प्रहरी कार्यालय दाङका एसपी अर्जुनकुमार तिमिल्सिनाले बताए। शवको कात्तिक १२ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा पोष्टमार्टम गरी परिवारले बुझेर सद्गत गरे। उनी बलात्कार गरेको आरोपमा ०८१ कात्तिक ९ गते गिरफ्तार भएका थिए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

जिल्ला अदालतमा ६ न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार ५ सय १० थानमध्ये ३ सय ७७ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ हजार ७ सय १४ थानमध्ये ५ सय ९५ थान मुद्दा फैसला भए। यस अदालतमा दुइ वर्ष नाघेका मुद्दा छैनन्। १८ महिना नाघेका ७४ मुद्दा रहेको अदालतका स्रेस्तेदार दामोदर घिमिरेले बताए।

उच्च अदालत, तुलसीपुर

उच्च अदालतमा ६ न्यायाधीश दरबन्दी रहेकोमा तीन रिक्त छ। यस वर्ष दुनियावादी देवानीका ९ सय ९५ थान, दुनियावादी फौजदारीका ४ सय १४ थान मुद्दा दर्ता भएकोमा दुनियावादी देवानीका ७ सय २५ र दुनियावादी फौजदारीका ३ सय ६० थान मुद्दा फैसला भए। ३ सय १७ दुनियावादी देवानी र ९७

दुनियावादी फौजदारी गरी ४ सय १४ बाँकी छन्। यो वर्ष १ सय २५ रिट दर्ता भएकोमा १ सय १ फैसला भए। २४ थान बाँकी रहेको उच्च अदालतका सूचना अधिकारी राजेन्द्र शर्माले बताए।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

घोराही उमनपा-१४ का ५७ वर्षीय व्यवसायी दुर्गा पन्थलाई ०८१ असोज २९ गते पहिचान नखुलेका चार/पाँच जनाको समूहले मोसो दलेर अमानवीय व्यवहार गरे। न्यु पन्थ इन्टरप्राइजेजका प्रोप्राइटर पन्थ घरमै बसिरहेका बेला एक्कासि प्रवेश गरेका नचिनेका मान्छेहरूले मोसो दल्ने र जुत्ताको माला लगाएर फोटो तथा भिडियो खिचेर भागेका थिए। पीडित पन्थले आफूमाथि नचिनेका मान्छेहरूले दुर्व्यवहार गरेको भन्दै जिल्ला प्रहरी कार्यालयमा असोज २९ गते नै मौखिक जानकारी गराएको तर लिखित उजुरी दिएनन्। लिखित उजुरी नआए पनि दुर्व्यवहार गर्नेहरूको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयका एसपी अर्जुनकुमार तिमिल्सिनाले बताए। नेपाल कम्युनिष्ट पार्टी (बहुमत)ले पन्थले मिटर व्याज लिएर सर्वसाधारणलाई समस्यामा पारेकाले कारबाही गरिएको बतायो। पार्टीका जिल्ला सेक्रेटरी अमर खड्काले असोज २९ गते विज्ञप्ति जारी गरी मिटर व्याज लिएको, जाली तमसुक र चेक लिएर सर्वसाधारणलाई सास्ती दिएको, राजश्व छली गरेकोजस्ता आरोप लगाएर कारबाही गरिएको भन्दै घटनाको जिम्मेवारी लिए। कात्तिक ९ गते विज्ञप्ति जारी गर्दै नेकपा एमाले दाङका अध्यक्ष शिवकुमार आचार्यले कानुनविपरीत गतिविधि गर्नेलाई तत्काल कारबाही गर्न स्थानीय प्रशासनसँग माग गरे। यो वर्षको अन्त्यसम्म घटनाका आरोपित गिरफ्तार भएनन्।

राप्ती गाउँपालिका-६ का ४२ वर्षीय बासुदेव चौधरी, ६९ वर्षीय बुवा सुनाराम चौधरी, ६८ वर्षीया आमा छनकादेवी चौधरी, ३७ वर्षीया पत्नी देवकुमारी चौधरी, २४ वर्षीया बहिनी पवित्रा चौधरी, १५ वर्षीया छोरी रुपकला चौधरी र १४ वर्षीया छोरा विशाल चौधरीलाई ०८० चैत ७ गते देखि राप्ती गाउँपालिका-६ बगरापुर गाउँका अगुवा (मतावाँ) ४८ वर्षीय मानबहादुर चौधरीको निर्देशनमा स्थानीयवासीहरूले घरमै नाकावन्दी गरेको भन्दै पीडित पक्षले चैत १३ गते जिल्ला प्रशासन कार्यालय, दाङमा निवेदन दिए। बाटो निर्माणमा जमिन नदिएको भन्दै थारु अगुवा मानबहादुरको निर्देशनमा बासुदेवको परिवारलाई गाउँको बाटो हिँड्न नदिने, घर घेराउ गर्ने, घरमा ढुङ्गा हान्ने, गालीगलौज गर्ने, घाँस काट्न जान नदिदा १४ ओटा बाख्रा र २ भैंसी आफन्तको घरमा पठाइएको पीडित बासुदेवले बताए। कतै सुनुवाइ नभएको भन्दै पीडितले चैत १६ गते राष्ट्रिय मानव अधिकार आयोग सम्पर्क कार्यालय, वुटवलमा निवेदन दिए। नाकाबन्दीले बालीनाली स्याहार्न नपाएको र सिङ्गो परिवारको जीवन रक्षाको माग गरे। स्थानीयले ०८० चैत २६ गते बलजफ्ती बासुदेवकै जमिनबाट डोजर लगाएर सडक खोलेपछि नाकाबन्दी हटाए। पीडितले न्याय नपाएको इन्सेकलाई बताए।

भेला, अभिव्यक्ति तथा सङ्गठित हुने अधिकार

मोही हक कार्यान्वयनको माग गर्दै ०८१ जेठ २० गते जिल्ला मालपोत र भूमिसुधार कार्यालयमा तालावन्दी गर्न गएका घोराही उमनपा-१ का ३८ वर्षीय फूलमान चौधरी, ३६ वर्षीय रुपनारायण चौधरी, २७ वर्षीय तुलसी चौधरी, २६ वर्षीया सुनिता चौधरी, २२ वर्षीय सुशील चौधरी, ५० वर्षीय दुर्गाप्रसाद चौधरी, लमही नगरपालिका-३ की ३३ वर्षीया गङ्गावती चौधरी, ५० वर्षीय विष्णुप्रसाद चौधरी, ३२ वर्षीय सत्यनारायण चौधरी, लमही नगरपालिका-४ का ५२ वर्षीय देवराज चौधरी, सोही नगरपालिका-७ की ३६ वर्षीय कृष्णी चौधरी र घोराही उमनपा-१४ का ५५ वर्षीय महेन्द्र चौधरीलाई नियन्त्रणमा लिने क्रममा प्रहरीले १० सेल अश्रुग्याँस र लाठी प्रहार गर्दा घाइते भए। टाउको, खुट्टा, हात, छातीमा गहिरो चोट लागेका घाइतेहरूको जेठ २० गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गरिएको गुठी पीडित सङ्घर्ष समिति दाङका सचिव प्रवीण चौधरीले बताए। आन्दोलनकारीले दिनभर मालपोत र भूमिसुधार कार्यालय घेराउ गर्दै सेवा अवरुद्ध गर्दा सेवाग्राही मर्कामा परे।

बाल अधिकार

यस वर्ष दाङ जिल्लामा बलात्कार घटनामा ५१, हाडनाता करणी घटनामा दुई, सामूहिक बलात्कारका घटनामा तीन, यौन दुर्व्यवहार घटनामा १२, विद्यालयमा दिइने शारीरिक सजायका घटनामा एक र बालविवाहका घटनामा तीन जना गरी ७२ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

शिक्षाको अवस्था

जिल्लामा ३ सय ७ आधारभूत र १ सय ६ माध्यमिक विद्यालय छन्। शिक्षक दरबन्दी २ हजार ५ सय ५० रहेकोमा सबै कार्यरत छन्। यस वर्ष ४७ हजार २ सय २९ बालक र ४४ हजार १ सय २० जना बालिका विद्यालयमा भर्ना भए। जसमा अपाङ्गता भएका २ सय ८ बालिका र १ सय २६ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय २ सय १० छन्। द्वन्द्वपीडित परिवारका चार छात्र र १२ छात्रा गरी १६ जना बालबालिकाले छात्रवृत्ति पाए। यसवर्ष जिल्लाभर १० हजार ७ सय दलित बालक र १० हजार २ सय ५ दलित बालिका विद्यालय भर्ना भए। सामुदायिक विद्यालयमा अभिभावक सहयोगको नाममा शुल्क लिने कार्य अझै बन्द गर्न नसकिएको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख देवमणी चौधरीले बताए।

हत्या

दुई वर्षीय छोराको जिल्ला प्रहरी कार्यालय दाङमा कार्यरत प्रहरी जवान ३२ वर्षीय पिमलाल नेपालीले ०८० माघ २१ गते हत्या गरेको भन्दै पीडित पक्षले माघ २१ गते जिल्ला प्रहरी कार्यालय, दाङमा उजुरी दिए। घोराही उमनपा-१५ स्थित होटेल सुपरग्रीनमा रात बसेका नेपालीले होटेलमै सलले घाँटी बाँधेर हत्या गरेको प्रहरीले बतायो। शवको पोष्टमार्टम माघ २२ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरेर घर परिवारले बुझी सद्गत गरे। हत्यापछि आफै जिल्ला प्रहरी कार्यालयमा उपस्थित भएका नेपालीलाई प्रहरीले माघ २१ गते गिरफ्तार गरी फागुन १४ गते कर्तव्य ज्यानसम्बन्धी मुद्दा चलाएकोमा जिल्ला अदालतले फागुन १६ गते पुर्पक्षका लागि कारागार पठायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

अपहरण तथा शरीर बन्धक

१६ वर्षीया बालिकालाई ०८१ साउन १ गते तुलसीपुर उमनपा-६ की ४० वर्षीया महिला र उनका १९ वर्षीय छोराले अपहरण गरेको भन्दै पीडित पक्षले साउन ३ गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा उजुरी दिए। घरबाटै काम छ भनी बोलाएर दुईदिन बन्धक बनाएको पीडित पक्षले बताए। आरोपितलाई साउन ३ गते घरबाटै गिरफ्तार गरी अपहरणसम्बन्धी कसुरमा साउन २२ गते मुद्दा चलाएकोमा जिल्ला अदालतले साउन २३ गते जनही ४०/४० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दाका फैसला भएन।

बलात्कार

१६ वर्षीया बालिकालाई ०८० माघ १ गते दंगीशरण गाउँपालिका-६ का २२ वर्षीय बिजय बिकले बलात्कार गरेको भन्दै पीडित पक्षले माघ २ गते इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ २ गते घरबाटै गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०८१ वैशाख २५ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै १८ वर्ष कैद, ७ लाख पीडितलाई क्षतिपूर्ति र १ लाख रुपियाँ पीडित राहत कोषमा जम्मा गर्ने फैसला सुनायो।

१५ वर्षीया बालिकालाई ०८० फागुन १ गते बलात्कार गरेको भन्दै १७ वर्षीय बालकले पीडित पक्षले फागुन २ गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन २ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश तेजनारायण पौडेलको ०८१ मङ्सिर ११ गतेको इजलासले आरोपितलाई दोषी ठहर गर्दै ६ वर्ष ६ महिना कैद र ३ लाख ३३ हजार ३ सय रुपियाँ जरिबाना तथा १ हजार ३ सय रुपियाँ पीडित राहत कोषमा जम्मा गर्ने फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २ सय २ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका २०, खानलाउन नदिएका ५०, विवाह दर्ता जन्मदर्ता र नागरिकता नबनाएका १५, अर्की पत्नी ल्याएर हेँला गरेको १३ र सामान्य घरायसी झगडाका १ सय ४ उजुरी छन्। यीमध्ये प्रहरीले १ सय ७० उजुरीमा मेलमिलाप गरायो भने १० ओटा उजुरी कारवाहीको प्रक्रियामा रहेको, २२ उजुरीमा अदालतमा पठाएको सेवा केन्द्रका इन्स्पेक्टर शारदा उप्रेतीले बताइन्।

यो वर्ष दाङ जिल्लामा बलात्कारका घटनामा २९, सामूहिक बलात्कारका घटनामा दुई, वैवाहिक बलात्कार घटनामा एक, हाडनाता करणी घटनामा एक, बलात्कार प्रयासका घटनामा तीन, बेचबिखन तथा ओसारपसार घटनामा एक र घरेलु हिंसाका घटनामा ८२ गरी १ सय १९ जना महिला पीडित

भएको इन्सेकले अभिलेख गर्‍यो। यो वर्ष परिवारबाट ६ जना महिलाको हत्या भयो।

बेचबिखन तथा ओसारपसार

१८ वर्षीया पत्नीलाई ०८० पुस १८ गते शान्तिनगर गाउँपालिका-२ का १९ वर्षीय विजय वलीले भारतमा लगेर बेचबिखन तथा बलात्कार गरेको भन्दै पीडित पक्षले पुस २० गते इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ २ गते घरबाटै गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश मनोजकुमार श्रीवास्तवको ०८१ भदौ ३१ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै ११ वर्ष कैद, ५ लाख रुपियाँ जरिबाना, १ लाख क्षतिपूर्ति र १ हजार ८ सय रुपियाँ पीडित राहत कोषमा भराउने फैसला सुनायो।

बलात्कार

२५ वर्षीया महिलालाई ०८० पुस १६ गते दंगीशरण गाउँपालिका-२ का ४५ वर्षीय दीपक वलीले बलात्कार गरेको भन्दै पीडित पक्षले पुस १७ गते इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस १७ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश तेजनारायण पौडेलको ०८१ भदौ १७ गतेको इजालसले आरोपितलाई दोषी ठहर गर्दै सात वर्ष कैद, ३ लाख रुपियाँ जरिबाना र ४० हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला सुनायो।

पारिवारिक हत्या

पञ्चपुरी नपा-९ घर भई वडा प्रहरी कार्यालय घोराही दाङमा कार्यरत २६ वर्षीया धनमाया थापामगरलाई ०८० फागुन ३ गते नौबहिनी गाउँपालिका-४ घर भइ कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र, नेपालगञ्जमा कार्यरत सहायक हवल्दार ३५ वर्षीय यामबहादुर झाँक्रीले घोराही नगरपालिका-१४ स्थित दामोदर चोकमा ड्युटीमा बसेका बेला गोली प्रहरी गरी हत्या गरेको भन्दै पीडित पक्षले फागुन ४ गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दियो। छातीमा तीन राउण्ड गोली लागेर गम्भीर घाइते भएकी थापाको उपचारको क्रममा फागुन ३ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा मृत्यु भयो। फागुन ४ गते पोष्टमार्टमपछि आफन्तले शव बुझेर सद्गत गरे। प्रहरीले आरोपितलाई लमही नपा-६ अर्जुनखोलाबाट फागुन ३ गते एक थान पेस्तोल, एक थान म्यागजिन, सात राउण्ड गोली र भे १२ प ११५० नम्वरको मोटरसाइकलसहित गिरफ्तार गरी फागुन २७ गते कर्तव्य ज्यानसम्बन्धी मुद्दा चलाएकोमा जिल्ला अदालतले फागुन ३० पुर्पक्षका लागि कारागार पठायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

जातीय विभेद

घोराही उमनपा-८ का ३० वर्षीया सरीता विकलाई ०८० पुस २४ गतेसम्म पटक पटक घोराही उमनपा-८ का ५० वर्षीय बसन्त बुढाथोकीले जातीय विभेद गरेको भन्दै पीडित पक्षले पुस २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। उजुरीलगत्तै आरोपित फरार भए। प्रहरीले आरोपितविरुद्ध ०८० माघ १० गते जातीय छुवाछुतसम्बन्धी मुद्दा चलाएकोमा चैत १६ गते आरोपित अदालतमा हाजिर भएपछि जिल्ला न्यायाधीश लोकबहादुर हमालको इजलासले चैत १६ गते ३० हजार धरौटीमा रिहा गर्ने आदेश गर्‍यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

वातावरण र मानव अधिकार

बसाइँसराइ

दाङमा यो वर्ष १ हजार ३ सय २४ जनाले बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

दाङमा ६४ ओटा इँटाभट्टा र तीन ओटा सिमेन्ट उद्योग स्थापना भएका छन्।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

दाङमा सन २०२४ मा विषालु च्याउ खाएर एक जनाको मृत्यु भयो भने ५१ जना बिरामी भए।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

दाङ जिल्लामा १ लाख ६२ हजार २ सय ६६ घरपरिवार सङ्ख्या रहेको छ। जसमा ५७ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

दाङमा १६ ओटा सार्वजनिक शौचालय रहेका छन्। जसमा तीन ओटा घुम्ती शौचालय छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा सात सरकारी अस्पताल, १३ सामुदायिक अस्पताल, ३५ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र, ३३ नगर स्वास्थ्य केन्द्र रहेका छन्। जिल्ला अस्पतालमा १२ जना विशेषज्ञको दरबन्दीमा तीन रिक्त छ। ७४ जना स्वास्थ्यकर्मीको दरवन्दीमा २७ रिक्त र ४७ कार्यरत छन्। जिल्लामा ६४ हजार ४ सय जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नगरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा पनि १० हजार जनाको बीमा गरिएको छ। २०७७ मङ्सिर १५ गते शिलान्यास भएका सात अस्पतालमध्ये ६ ओटाको निर्माण कार्य पूरा भएको जिल्ला स्वास्थ्य कार्यालयका निमित्त प्रमुख किश्वर आचार्यले बताए।

तालिका ८.५.१०.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बाल विवाह			३	३
विद्यालयमा दिइने शारीरिक सजाय		१		१
बलात्कार	२	६	५०	५८
यौन दुर्व्यवहार		२	१०	१२
जम्मा	२	९	६३	७४

महिला अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		८०		२	८२
बलात्कार	१		७	२५	३३
बलात्कार प्रयास				३	३
बेचबिखन तथा ओसारपसार	१				१
पारिवारिक हत्या			१	५	६
जम्मा	२	८०	८	३५	१२५

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	८	९

(स्रोत : इन्सेक, २०२४)

८.५.११ बाँके



जम्मा जनसङ्ख्या	६,०३,१९४
महिला	३,०६,४४९
घर परिवार सङ्ख्या	१,२९,२३४
घरजग्गामा महिलाको स्वामित्व	३१,१८५
साक्षरता प्रतिशत	७३.४०
आश्रित जनसङ्ख्या	२,९२,३२०
अपाङ्गता भएका	१३,२५४

यस वर्ष बाँके जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा १० जना पुरुष तथा ज्यादतीका घटनामा १ सय ३० जना महिला र १४ जना पुरुष गरी १ सय ४४ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३६ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ८५ जना महिला पीडित भए।

गोली प्रहारबाट घाइते

राज्यपक्षबाट

कोहलपुर नगरपालिका-१२, चप्परगौढीका २६ वर्षीय सुशील परियार जानकी गाउँपालिका-६, पिप्रहवास्थित रिहारमा ०८१ वैशाख २७ गते प्रहरीले चलाएको गोली लागेर घाइते भए। बायाँ खुट्टामा गोली लागेर घाइते भएका परियारको स्वास्थ्य उपचार वैशाख २७ गते नेपालगञ्जस्थित भेरी अस्पतालमा भयो। इलाका प्रहरी कार्यालयका डिएसपी, धर्मराज भण्डारीका अनुसार लागुऔषध कारोबारको सूचना पाएपछि प्रहरीले गिरफ्तार गर्न लाग्दा भागेपछि नियन्त्रणमा लिन गोली प्रहार गरेको थियो। प्रहरीले परियारको साथबाट १ सय १० ग्राम ब्राउन सुगर समेत बरामद गरेको डिएसपी भण्डारीले बताए।

हिरमिनिया गाउँपालिका-६, सिख्नपुर्वामा ०८१ असार २१ गते प्रहरीले चलाएको गोली लागेर सोही ठाउँका ५५ वर्षीय सन्नाम भनिने सरनाम सिंह र सरनाम सिंहलाई भाग्न मद्दत गर्ने क्रममा ३० वर्षीय नानक सिंह घाइते भए। सरनाम सिंहको बायाँ खुट्टामा र नानक सिंहको दायाँ खुट्टामा गोली लागेर घाइते भए। घाइतेहरूको स्वास्थ्य उपचार असार २१ गते नेपालगञ्जस्थित भेरी अस्पतालमा भयो। जिल्ला अदालतको ०८० असार १८ गतेको इजलासले डाका चोरी मुद्दामा ६ वर्ष कैद सजाय, १२ हजार रुपियाँ जरिबाना भराउने फैसला भएको फरार अभियुक्तलाई गिरफ्तार गर्न गएका प्रहरी टोली र प्रहरी गाडीमाथि स्थानीयले ढुङ्गामुढा गरी भगाउन खोज्दा प्रहरीले गोली चलाएको जिल्ला प्रहरी कार्यालयका डिएसपी नारायण डाँगीले बताए।

कुटपिट

राज्यपक्षबाट

नेपालगञ्ज उपमहानगरपालिका-१७, परसपुरका ४५ वर्षीय नन्कु साहुलाई ०८१ मङ्सिर ३० गते सशस्त्र प्रहरीको ३० नम्बर गणबाट खटिएका प्रहरीले कुटपिट गरे। भारतको रुपैडिहाबाट ल्याइँदै गरेको सामान चौलिका चोकमा बरामद गर्नेक्रममा साहुमाथि कुटपिट भएको थियो। साहुका अनुसार आफ्नो घुम्ती पसलमा बेच्नका लागि भारतीय सीमावर्ती बजार रुपैडिहाबाट १ हजार ७ सय रुपियाँको सामान लिएर फर्किरहेका बेला सशस्त्र प्रहरीले उक्त सामान बरामद गरेको थियो। सामान्य विवादका क्रममा सशस्त्र प्रहरीले कुटपिट गरेको पीडितले आरोप लगाए। पीडितको स्वास्थ्य उपचार नेपालगञ्जस्थित भेरी अस्पतालमा भयो। सशस्त्र प्रहरीले अस्पतालको सबै खर्च उपलब्ध

गराउने सर्तमा पुस १ गते मेलमिलाप भयो। घटनाको अनुसन्धानका लागि सशस्त्र प्रहरी बल प्रधान कार्यालयले ०८१ पुस ५ गते नौबस्ता तालिम केन्द्रका एसएसपी गंगाराम श्रेष्ठको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरी स्थलगत अध्ययन गऱ्यो।

तालिका ८.५.११.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण				१		१
कुटपिट		१	१		१	१
कारागारमा मृत्यु		१	१			
अमानवीय व्यवहार				३	१०	१३
घाइते		८	८	१	१	२
हत्या				२	१	३
धम्की				२	१	३
बाल अधिकार	बेचबिखन तथा ओसारपसार			४		४
	बलात्कार			२६		२६
	सामूहिक बलात्कार			३		३
	यौन दुर्व्यवहार			३		३
	जम्मा			३६		३६
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास			४		४
	घरेलु हिंसा			५२		५२
	'बोक्सी'को आरोप			१		१
	बलात्कार			२०		२०
	सामूहिक बलात्कार			३		३
	बेचबिखन तथा ओसारपसार			५		५
	जम्मा			८५		८५
कूल जम्मा		१०	१०	१३०	१४	१४४

(स्रोत : इन्सेक, २०२४)

कारागार र बन्दी

जिल्ला कारागार

जिल्ला कारागारको बन्दी क्षमता ३ सय ५० जनाको रहको छ। कारागारमा कैदी ३ सय ८७ र बन्दी २ सय ५४ जना छन्। जसमा विदेशी कैदी ३८ जना र थुनुवा १५ जना रहेका छन्। कारागारमा पुरुष ६ सय ६ सय ४१ जना रहेका छन्। कारागारमा आश्रित बालकबालिका छैनन्। कारागारमा महिलाहरूलाई राख्ने व्यवस्था नभएको कारण १६ जना महिलालाई बर्दिया कारागारमा पठाएको जिल्ला कारागार प्रमुख अर्जुनजंग शाहले बताए। कैदी/बन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि आ.हे.ब. सरह दरबन्दी १ जनाले सेवा प्रदान गरिरहेका छन्।

नौबस्ता कारागार

बैजनाथ गाउँपालिका-३ स्थिति नौबस्ता कारागारको बन्दी क्षमता ३ हजार जनाको रहको छ। कारागारमा चार ओटा ब्लक रहेका छन्। जसमा दुई ओटा ब्लक नौबस्ता बालसुधार गृहका लागि प्रयोग भएका छन्। कारागारमा महिलालाई राख्ने व्यवस्था गरिएको छैन। कारागारमा कैदी ५ सय १३ जना र बन्दी ५४ जना छन्। जसमा विदेशी कैदी ४१ जना र थुनुवा ६ जना रहेका छन्। कैदी/बन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि भेरी अस्पताल, नेपालगञ्ज लगिने गरिएको छ। कारागारमा पाँच जना ज्येष्ठ नागरिक रहेको नौबस्ता कारागार प्रमुख काशीप्रसाद पंगेनीले बताए।

कारागारमा मृत्यु

नेपालगञ्ज उपमहानगरपालिका-८, महेन्द्रपार्क घर भई जिल्ला कारागार, नेपालगञ्जका कैदी ६६ वर्षीय अब्दुल बारी जोलाहको हृदयघातका कारण भेरी अस्पताल, नेपालगञ्जमा ०८० चैत २१ गते मृत्यु भयो। पेट दुःखेको कुरा बताएपछि उनलाई उपचारका लागि भेरी अस्पताल, नेपालगञ्ज लैजाँदै गर्दा बाटोमा मृत्यु भएको कारागार प्रमुख अर्जुनजङ्ग शाहले बताए।

नौबस्ता बालसुधार गृह

बैजनाथ गाउँपालिका-३ स्थित नौबस्ता बालसुधार गृह १ सय ९० जनाको क्षमता रहेको छ। बालसुधार गृहमा कैदी १ सय १५ जना र थुनुवा १ जना गरी जम्मा १ सय १६ जना बालबन्दी रहेको बालसुधार गृहका प्रमुख श्याम रानाले बताए। बालसुधार गृहमा बालबन्दीहरूबीच ०८१ साउन १४ गते भएको

झडपमा काठमाडौँ कीर्तिपुर नगरपालिका-२२ का २० वर्षीय सविन मानन्धर, बैजनाथ गाउँपालिका-१ का २० वर्षीय चन्द्र विक, कैलाली लम्कीचुँहा नगरपालिका-१ का २२ बर्षीय सत्यम रावत, २२ वर्षीय गौरव विष्ट, धादिङ नीलकण्ठ नगरपालिका-५ का २२ वर्षीय राजन मगर घाइते भए। राजन मगरको उपचार नेपालगञ्ज शिक्षण अस्पताल, कोहलपुरमा भएको थियो भने बाँकी चार जनाको उपचार भेरी अस्पताल नेपालगञ्जमा भयो।

जयेन्दु बालसुधार गृह

डुडुवा गाउँपालिका-६, आसमानपुरस्थित जयेन्दु बालसुधार गृहमा बालबन्दीको क्षमता १ सय ९० जनाको रहेको छ। बालसुधार गृहमा कैदी १ सय २७ जना र थुनुवा १ सय ४३ जना गरी जम्मा २ सय ७० जना बालबन्दी रहेका छन्। जसमध्ये ६ जना भारतीय बालबन्दी रहेका छन्। उनीहरूलाई पढ्ने, खेल्ने व्यवस्थासहित उचित सुरक्षा मिलाइएको छ। जयेन्दु बालसुधार गृहमा पटकपटक झडप हुने गरेकाले पटक पटक नौबस्ता बालसुधार गृहमा पठाउने गरेको बालसुधार गृह प्रमुख विमला काउचा मगरले बताइन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

आठ जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा आठ जना न्यायाधीश कार्यरत रहेका छन्। यो वर्ष फौजदारी मुद्दातर्फ २ हजार ३ सय ९८ थानमध्ये ५ सय ४८ थान मुद्दा फैसला भए। देवानी मुद्दातफ २ हजार ८ सय २३ थानमध्ये ७ सय २ थान मुद्दा फैसला भए। यस अदालतमा तीन देखि ४ वर्षभित्रका फैसला हुन बाँकी १४ थान मुद्दा बाँकी रहेको जिल्ला अदालतका सूचना अधिकारी सुरेश मल्लले बताए।

उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलास

६ जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत उच्च अदालत तुलसीपुर नेपालगञ्ज इजलास नेपालगञ्जमा एक जना न्यायाधीशको दरबन्दी रिक्त रहेको छ। यस वर्षका लागि देवानीका ५ सय ४२ थान, फौजदारीका १ सय ५२ थान, सरकारवादी फौजदारीका ५ सय ७६ थान र सुरू क्षेत्राधिकारबाट १ सय ८३ थान मुद्दा जिम्मेवारी सरेको छ। ०८० पुस १७ देखि ०८१ पुस १६ गतेसम्म दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ ६ सय ५९ थान उजुरी परे। अघिल्लो वर्षका जिम्मेवारी सरेका समेत ९ सय ३ थान मुद्दा फैसला भएको उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासका स्रेस्तेदार सरोजनिधि वाग्लेले बताए।

बाल अधिकार

यस वर्ष बाँके जिल्लामा बलात्कार घटनामा २६, सामूहिक बलात्कार घटनामा तीन, यौन दुर्व्यवहार घटनामा तीन र बेचबिखन तथा ओसारपसारका घटनामा चार जना गरी ३६ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

शिक्षाको अवस्था

यस जिल्लामा सामुदायिक तथा संस्थागत १ सय ९६ आधारभूत र २ सय १७ माध्यमिक विद्यालय छन्। १ हजार १ सय ४८ जना शिक्षक दरबन्दी रहेको छ। यस वर्ष ९७ हजार ४ सय ८ बालक र ८० हजार ९ सय ८७ जना बालिका विद्यालय भर्ना भए। सामुदायिक विद्यालयमा बालविकास शिक्षक सङ्घीयको तर्फबाट ५ सय ७० जना, स्थानीय तहको तर्फबाट ९ जना गरी जम्मा ५ सय ७९ रहेको छन् भने स्थायी प्राथमिक तहका ७ सय ६५ जना, राहततर्फ ४ सय ५७ जना, स्थानीय तहका अनुदानबाट १ सय जना शिक्षक रहेका छन्। त्यस्तै निमाविमा स्थायी १ सय ७९ जना, अस्थायी ४ जना, राहत ९९ जना, सङ्घीय अनुदानमा ७५ जना, स्थानीय तहका अनुदानमा १ सय ५७ जना र स्वयंसेवकका रुपमा २४ जना कार्यरत छन्। मावि तथा उच्च माविमा स्थायीतर्फ १ सय ५२ जना, राहत ५१ जना, सङ्घीय अनुदानमा ७५ जना, पालिका अनुदानमा ८७ जना, स्वयंसेवकमा २१ जना रहेको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख रामसुरेश यादवले बताए।

बेचबिखन तथा ओसारपसार

१५ वर्षीया बालिकालाई ०८१ असोज २८ गते बेचबिखन तथा ओसारपसार गरेको भन्दै नेपालगञ्ज उपमहानगरपालिका-४ बस्ने २१ वर्षीय अरहान भन्ने लक्की खानविरुद्ध पीडित पक्षले कात्तिक १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण कात्तिक १४ गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। प्रहरीले घटनाका आरोपितलाई कात्तिक १६ गते गिरफ्तार गर्‍यो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत मङ्सिर ८ गते

जिल्ला अदालतमा मानव बेचबिखन तथा ओसार पसार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रामाकान्त यादवको आदेशले मङ्सिर ८ गते पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ५ सय ६२ जना महिलाले महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा खानलाउन नदिएका ३, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएको एक र सामान्य घरायसी झगडाका ५ सय ५८ वटा उजुरी छन्। यीमध्ये प्रहरीले ४ सय ९१ उजुरीमा मेलमिलाप गरायो भने ६५ उजुरी कारबाही प्रक्रियामा रहेको सेवा केन्द्रका इन्स्पेक्टर शीवा थापाले बताइन्।

यो वर्ष बाँके जिल्लामा बलात्कारका घटनामा २०, सामूहिक बलात्कार घटनामा तीन, बेचबिखन तथा ओसारपसार घटनामा पाँच, बेचबिखन तथा ओसारपसारका घटनामा चार, 'बोक्सी'को आरोपमा एक र घरेलु हिंसाका घटनामा ५२ जना गरी ८५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

मानव बेचबिखन तथा ओसार पसार

२० वर्षीया र २४ वर्षीया महिलालाई ०८१ वैशाख २६ गते १ करोड रुपियाँको प्रलोभन दिइ भारतको लखनउ पठाइदिने भन्दै विभिन्न प्रलोभन देखाएर बेचबिखन गर्न लागेको भन्दै बैजनाथ गाउँपालिका-५, जीगाउँ बस्ने ६५ वर्षीय कर्णबहादुर दमाइविरुद्ध पीडित पक्षले वैशाख ३० गते इलाका प्रहरी कार्यालय, कोहलपुरमा उजुरी दियो। पीडितहरूको स्वास्थ्य परीक्षण वैशाख ३० गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। घटनाका आरोपित फरार रहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी नारायण डाँगीले बताए। यो वर्षको अन्त्यसम्म घटनाका आरोपित गिरफ्तार भएनन्।

वातावरण र मानव अधिकार

बसाइँसराइ

बाँकेमा यो वर्ष १ हजार २४ जना बसाइँसराई गरी जिल्ला बाहिर गएका छन्।

स्रोतः स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट कारखाना

बाँकेमा हालसम्म ९१ ओटा इँटाभट्टा र दुई ओटा सिमेन्ट उद्योग रहेका छन्।

स्रोतः घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यो वर्ष बाँकेमा विषालु च्याउ खाँदा १८ जना बिरामी भए।

स्रोतः जिल्ला प्रहरी कार्यालय

खानेपानी

बाँकेमा ८५ प्रतिशत घरमा खानेपानीको पहुँच पुगेको छ।

स्रोतः खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

बाँकेमा ३१ ओटा सार्वजनिक शौचालय छन्।

स्रोतः स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा चार सरकारी अस्पताल, दुई सामुदायिक अस्पताल, ५१ स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, ३१ नगर स्वास्थ्य केन्द्र छन्। भेरी अस्पताल २०६१ को पत्रानुसार १ सय शैयाबाट वृद्धि गरी २ सय शैयाको सञ्चालन गर्न अनुमति प्राप्त भए तापनि आर्थिक अभावका कारण सञ्चालन गर्न नसकिएकोले हालसम्म १ सय ५० शैया सञ्चालनमा रहको छ। जसमा १ सय शैया नेपाल सरकारबाट र ५० शैया अस्पताल व्यवस्थापन समितिले सञ्चालन गरेको जिल्ला स्वास्थ्य कार्यालयका सूचना अधिकारी नरेश श्रेष्ठले जानकारी दिए। जिल्लामा निजी अस्पताल २५ ओटा रहको सूचना अधिकारी श्रेष्ठले जानकारी दिए। जिल्लामा १ लाख १२ हजार ४ सय ३५ जनाले स्वास्थ्य बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रममा पनि १८ हजार ९ सय ९६ जनाको बीमा गरिएको छ। जिल्लामा महिला स्वयम्सेविका २ सय २५ जना रहेका छन्।

तालिका ८.५.११.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार		२	२	४
बलात्कार	१०	५	१४	२९
यौन दुर्व्यवहार			३	३
जम्मा	१०	७	१९	३६

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार प्रयास		१		३	४
घरेलु हिंसा	५१			१	५२
'बोक्सी'को आरोप			१		१
बलात्कार		४	५	१४	२३
बेचबिखन तथा ओसारपसार		५			५
जम्मा	५१	१०	६	१८	८५

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	२	३

(स्रोत : इन्सेक, २०२४)

८.५.१२ बर्दिया

जम्मा जनसङ्ख्या	४,५९,९००
महिला	२,४३,१३४
घर परिवार सङ्ख्या	१,०६,२८५
घरजग्गामा महिलाको स्वामित्व	२०,२०९
साक्षरता प्रतिशत	७६.८५
आश्रित जनसङ्ख्या	२,०८,८१२
अपाङ्गता भएका	१४,८३९



यस वर्ष बर्दिया जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक जना पुरुष तथा ज्यादतीका घटनामा १ सय २७ जना महिला र पाँच जना पुरुष गरी १ सय ३२ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ४५ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ८० जना महिला पीडित भए।

कारागार र बन्दी

१ सय २५ जना पुरुष र २५ महिला जना भएको क्षमता भएको कारागारमा अहिले ४ सय ४९ जना रहेका छन्। पुरुष कैदी २ सय ५३ जना, थुनवा १ सय ३४ जना गरी ३ सय ८७ जना रहेका छन्। महिला कैदी ३९ जना, थुनुवा २० जना र आश्रित बालबालिका ३ जना रहेका छन्। कारागारमा क्षमता भन्दा बढी कैदी र थुनुवा रहेको शौचालय, खानेपानी र सुत्न समस्या रहेको छ। कारागारमा एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा स्वास्थ्यकर्मी कार्यरत रहेको निमित जेलर नरबहादुर सार्कीले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

दुई जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा दुई जना न्यायाधीश रहेका छन्। यो वर्ष देवानी मुद्दातर्फ ७ सय ६० थान मुद्दामध्ये २ सय ५७ थान मुद्दाको फैसला भएको छ। फौजदारीतर्फ ४ सय १२ थान मुद्दामध्ये १ सय ६१ थान मुद्दा मुद्दाको फैसला भए। जिल्लामा दुई वर्ष नाघेको मुद्दा नरहेको बर्दिया जिल्ला अदालतका स्रेस्तेदार कपिल पौड्यालले बताए। जिल्ला अदालतमा बाल इजलास रहेको छ।

कुटपिट/दुर्व्यवहार

अन्यपक्षबाट

बढैयाताल गाउँपालिका-६ निवासी नेपाली कांग्रेस बढैयाताल गाउँपालिकाका सभापति ३१ वर्षीय भगत नेपाली ०८० फागुन २४ गते मानखोला नजिकको जङ्गलमा अपरिचित व्यक्तिहरूको आक्रमणमा परी घाइते भए। नेपालगञ्ज जाँदै गर्दा बिहान ५ बजे दुई ओटा मोटरसाइकलमा आएका तीन जनाले आक्रमण गर्न खोजेपछि आफू जङ्गलतिर भागेर सुरक्षित भएको पीडितले बताए। पीडितको उपचार फागुन २४ गते नेपालगञ्ज नर्सिङ होममा भयो। नेपाली कांग्रेसका जिल्ला सभापति अरुण प्रकाश सिंहले फागुन २५ गते एक विज्ञप्ति प्रकाशन गरी घटनाको भर्त्सना र संलग्नलाई कारबाहीको माग गरे। यस वर्षको अन्त्यसम्म आरोपितहरू कानुनी दायरामा आएनन्।

बढैयाताल गाउँपालिकाका शिक्षा शाखा प्रमुख ४० वर्षीय विष्णुप्रसाद ढकाललाई ०८० फागुन १६ गते बढैयाताल गाउँपालिका-३, भोलागौडीमा तीन जना अपरिचित व्यक्तिहरूले मोसो दली दुर्व्यवहार गरे।

तालिका ८.५.१२.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट				१	१	२
अमानवीय व्यवहार		१	१		३	३
घाइते				१		१
हत्या				१		१
बाल अधिकार	बेचबिखन तथा ओसारपसार			२		२
	बलात्कार			२५		२५
	सामूहिक बलात्कार			२		२
	हाडनात करणी			४		४
	यौन दुर्व्यवहार			११	१	१२
	जम्मा			४४	१	४५
महिला अधिकार	बेचबिखन तथा ओसारपसार			३		३
	घरेलु हिंसा			५९		५९
	बलात्कार			११		११
	सामूहिक बलात्कार			१		१
	बलात्कार प्रयास			४		४
	यौन दुर्व्यवहार			२		२
	जम्मा			८०		८०
कूल जम्मा		१	१	१२७	५	१३२

(स्रोत : इन्सेक, २०२४)

पीडितले इलाका प्रहरी कार्यालय, मैनापोखरमा फागुन १६ उजुरी दिए। घटनाको विरोध गर्दै कर्मचारीहरूले फागुन १६ गते गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीले अत्यावश्यक सेवा बाहेक अन्य सेवा अनिश्चितकालका लागि बन्द गरिएको प्रेस विज्ञप्ति मार्फत जनाए। जसका कारण गाउँपालिकाले दिने सेवा दुई दिन बन्द भयो। नेकपा क्रान्तिकारीको भातृ सङ्गठन अखिल (क्रान्तिकारी) ६ नम्बर प्रदेश समिति कर्णालीले घटनाको जिम्मेवारी लिएकाले घटनामा संलग्नलाई कारबाही गर्न बढैयाताल गाउँपालिकाको कार्यालयले सामाजिक सञ्जालमार्फत माग गऱ्यो। आरोपितहरूको खोजतलास भइरहेको इलाका प्रहरी कार्यालयका इन्स्पेक्टर, लोकेन्द्रसिंह ठगुन्नाले बताए।

ठाकुरबाबा नगरपालिकाका सवइञ्जिनियर २३ वर्षीय प्रदीपकुमार साहलाई 'राम्रो काम नगरेको' भन्दै ठाकुरबाबा नगरपालिका-१ का ५३ वर्षीय प्रशुराम थारुले ०८० माघ १८ गते घाँटी अठ्यार, अपशब्द बोल्दै कुटपिट गरे। आफ्नो क्वार्टरमा बसिरहेको बेला थारुले आफूलाई गालीगलौज गर्दै कुटपिट गरेको भन्दै पीडितले माघ १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी कार्यालयको फागनु १४ गतेको इजलासले आरोपितलाई २० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश गऱ्यो। प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माको ०८१ मङ्सिर ६ गतेको इजलासले आरोपितलाई १० हजार रुपियाँ भराउने फैसला भयो।

बाँसगढी नगरपालिका-५ निवासी नेकपा एमाले जिल्ला कमिटी सदस्य एवम् उद्योगी व्यवसायी ५२ वर्षीय नरबहादुर वलीलाई ०८१ पुस ४ गते कुटपिट गरेको आरोपमा पीडितले इलाका प्रहरी कार्यालय, बगनाहामा ०८१ पुस ४ गते उजुरी दिए। नेकपा एमाले जिल्ला कमिटीले ०८१ पुस ४ गते विज्ञप्ति जारी घटनाप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको जनायो। जिल्ला प्रहरी कार्यालयका डिएसपी ऋषिराम घर्तीमगरले घटनाको अनुसन्धान गरिरहेको बताए। घटनाका आरोपितहरू वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

बर्दिया कारागारका प्रमुख काशी पंगेनीलाई कैदीबन्दी भेट्न नदिएको भन्दै २०८१ असार १९ गते बाँसगढी नगरपालिकाका ४३ वर्षीय मानबहादुर गुरुङ र काभ्रेपलान्चोक मण्डनदेउपुरका ४० वर्षीय मानबहादुर तामाङले दुर्व्यवहार गरे। प्रहरीले आरोपितहरूलाई सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला प्रशासन कार्यालयलेको असार २६ गतेको आदेशमा आरोपितहरू १०/१० हजार रुपियाँ धरौटीमा रिहा भए। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

बाल अधिकार

यस वर्ष बर्दिया जिल्लामा बलात्कार घटनामा २५, सामूहिक बलात्कार घटनामा दुई, हाडनाता करणीमा चार, यौन दुर्व्यवहार घटनामा १२ र बेचबिखन तथा ओसारपसारका घटनामा दुई जना गरी

४५ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा १ सय २८ प्राथमिक विद्यालय ५९ आधारभूत विद्यालय र ८७ माध्यामिक विद्यालय रहेका छन्। जिल्लामा यो वर्ष विद्यालयमा विद्यालयमा बालिका ५७ हजार ३ सय ६२ जना र बालक ६२ हजार ५ सय २४ जना गरी १ लाख १९ हजार ८ सय ८६ जना विद्यार्थी भर्ना भए। जसमध्य दलित बालिका ८ हजार ३ सय ९९ जना र दलित बालक ९ हजार २ सय ६ जना गरी १४ हजार १ सय ५१ दलित विद्यार्थी रहेको शिक्षा विकास तथा समन्यव इकाइ प्रमुख सूर्यबहादुर खत्रीले बताए। यो वर्ष ५ हजार ७ सय ७८ जना विद्यार्थीले विद्यालय छाडेका छन्। आर्थिक अभाव, अभिभावक घर नहुनु, कम उमेरमा सुत्केरी हुनु, लागुऔषधको बढ्दो प्रयोगले विद्यालय छाड्नेको सङ्ख्या बढ्दै गएको छ।

मानव बेचबिखन तथा ओसारपसार

१२ वर्षीया बालिकालाई ०८१ वैशाख २८ गते बेचबिखन गर्न भन्दै भारतका १९ वर्षीय मो. युनुस साइविरुद्ध पीडित पक्षले वैशाख ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख २८ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश डल्लुराम चौधरीको ०८१ मङ्सिर १९ गतेको इजालसले कसुर ठहर गर्दै आरोपितलाई तीन वर्ष ६ महिना कैद सजाय र २५ हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति भराउने फैसला गऱ्यो।

बलात्कार

१७ वर्षीया बालिकालाई ०८१ वैशाख २७ गते बलात्कार गरेको भन्दै ठाकुरबाबा नगरपालिका-५ का २१ वर्षीय निरज थारुविरुद्ध पीडित पक्षले जेठ ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ ११ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश डल्लुराम चौधरीको ०८१ मङ्सिर १७ गतेको इजालसले कसुर ठहर गर्दै आरोपितलाई १० वर्ष कैद सजाय, ५० हजार रुपियाँ क्षतिपूर्ति र ५ लाख रुपियाँ जरिबाना भराउने फैसला गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै २ सय ८६ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट १ सय ४०, गालीगलोच ८५ सय, ३८ खान लाउन नदिएका ८ विवाह दर्ता नभएका ६ जन्मदर्ता नगराएको रहेको असई सरस्वती पौडेलले बताइन्। शाखामा दर्ता भएका २ सय ७७ उजुरीमा मेलमिलाप भएको र नौ उजुरी मेलमिलाप हुन नसकेर अदालत पठाइएको छ।

यो वर्ष बर्दिया जिल्लामा बलात्कारका घटनामा ११, सामूहिक बलात्कारका घटनामा एक, बेचबिखन तथा ओसारपसार घटनामा तीन, यौन दुर्व्यवहारका दुई, बलात्कार प्रयासका घटनामा चार र घरेलु हिंसाका घटनामा ५९ गरी ८० जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

वातावरण र मानव अधिकार

बसाइँसराइ

बर्दियामा यो वर्ष ८ सय २३ जनाले बसाइँसराइ गरी गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट कारखाना

बर्दियामा ३० ओटा इँटाभट्टा रहेका छन्।

स्रोत: घरेलु तथा सना उद्योग कार्यालय

विषालु च्याउ

यस वष बर्दियामा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

बर्दियामा ११ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

बर्दियामा १७ ओटा सार्वजनिक शौचालय सञ्चालनमा छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, चार नगर अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र, २९ स्वास्थ्य चौकी, ४२ आधारभूत स्वास्थ्य केन्द्र र ३ शहरी स्वास्थ्य केन्द्र रहेको छ। बर्दिया जिल्ला अस्पतालमा ११ जना विशेषज्ञको दरबन्दी रहे पनि दरबन्दी अनुसार सात जना विशेषज्ञ कार्यरत रहेको बर्दिया अस्पताल मेडिकल रेर्कडर केशब न्यौपानेले बताए। जिल्लामा ६ हजार ८ सय ३१ जना घरधुरी स्वास्थ्य बीमाको पहुँचमा रहेका छन्।

तालिका ८.५.१२.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार	१			१	२
बलात्कार	३	१	१	२६	३१
यौन दुर्व्यवहार	४	१		७	१२
जम्मा	८	२	१	३४	४५

महिला अधिकार			
घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	५९		५९
बलात्कार		१२	१२
बलात्कार प्रयास		४	४
यौन दुर्व्यवहार		२	२
बेचबिखन तथा ओसारपसार		३	३
जम्मा	५९	२१	८०

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

(स्रोत : इन्सेक, २०२४)

परिच्छेद
८

८.६ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरू

कर्णाली प्रदेश

८.६.१ डोल्पा



जम्मा जनसङ्ख्या	४२,७७४
महिला	२१,४०३
घर परिवार सङ्ख्या	९,३८०
घरजग्गामा महिलाको स्वामित्व	५६०
साक्षरता प्रतिशत	६७.०२
आश्रित जनसङ्ख्या	२०,९९५
अपाङ्गता भएका	१,२२१

यस वर्ष डोल्पा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक जना पुरुष तथा ज्यादतीका घटनामा सात जना महिला र दुई जना पुरुष गरी नौ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये महिला अधिकार उल्लङ्घनका घटनामा सात जना महिला पीडित भए।

कुटपिट

राज्यपक्षबाट

मुड्केचुला गाउँपालिका-२ का ३६ वर्षीय माधव रोकायालाई ०८० चैत ११ गते साँझ त्रिपुरासुन्दरी नगरपालिका-१ त्रिपुराकोट बगर बजारमा होली खेल्दा विवाद भई कुटपिट गरेको भन्दै त्रिपुराकोट प्रहरी चौकीका प्रहरी जवान ३३ वर्षीय दिलबहादुर पुन र ३४ वर्षीय देवेन्द्र खत्रीविरुद्ध पीडितले चैत १२ गते त्रिपुराकोट प्रहरी चौकीमा उजुरी दिए। आरोपितहरूलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। घाइतेको उपचार चैत १२ गते जिल्ला अस्पतालमा भयो। त्रिपुराकोट प्रहरी चौकीमा चैत १२ गते त्रिपुरासुन्दरी नगर प्रमुख जनचन्द्र रोकाया, त्रिपुराकोट प्रहरी चौकीका इन्चार्ज रमेशबहादुर सिंह र नेपाल पत्रकार महासङ्घ जिल्ला शाखाका अध्यक्ष सरोज थापासहितको छलफलमा घाइतेको औषधी खर्च दुई प्रहरीले व्यहोर्ने सर्तमा मेलमिलाप भयो।

तालिका ८.६.१.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट		१	१		२	२
महिला अधिकार	घरेलु हिंसा			५		५
	बलात्कार			२		२
	जम्मा			७		७
कूल जम्मा		१	१	७	२	९

(स्रोत : इन्सेक, २०२४)

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ५० महिला र १ सय पुरुष गरी १ सय ५० जनाको रहेको छ। कारागारमा कैद तोकिएका १३, कैदी नतोकिएका १२ जना गरी २५ जना कैदीबन्दी छन्। कारागारमा पुरुष कैदीबन्दी मात्र छन्। कारागारमा बालक र ज्येष्ठ नागरिक छैनन्। कारागारमा एक जना अहेब कार्यरत छन्। सामान्य बिरामीको उपचार कारागारमै गर्ने गरिएको छ। जटिल समस्याका बिरामीको उपचार जिल्ला अस्पतालमा गर्ने गरिएको जेलर दीर्घराज आरसीले बताए। कारागारमा खेलकुद सामग्रीको व्यवस्था हुन सकेको छैन। कारागारमा समस्याको चाङ रहे पनि सम्बन्धित सरोकारवाला निकाय सबै मौन रहेको जेलर आरसीले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १६ र फौजदारी तर्फ २१ थान रहेका छन्। पाँच वर्ष भन्दा पुराना मुद्दा बाँकी

छैनन्। भौगोलिक हिसाबले विकट भएका कारण वादी र प्रतिवादी समयमा आउन नसक्दा कतिपय मुद्दाहरूको सुनुवाइ ढिलो हुने गरेको अदालतका निमित्त स्रेस्तेदार हरिगोपाल ज्ञवालीले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ९६ आधारभूत र १९ माध्यमिक विद्यालय छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय छैनन्। द्वन्द्वपीडित तथा सहिद परिवारका बालबालिकाले छात्रवृत्ति पाउँदै आएका छन्। विद्यालयहरूमा भौतिक साधनको सुविधा, विज्ञान प्रयोगशाला, पुस्तकालय, इन्टरनेट, विद्युतीय सुविधाको अभाव रहेको छ। सामुदायिक विद्यालयले अनेक बहानामा शुल्क उठाउँदै आएका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै आठ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा दुई उजुरीमा मेलमिलाप भयो भने ६ उजुरी कानुनी प्रक्रियामा गएको सेवा केन्द्रका प्रहरी जवान दिलमाया रोकायाले बताइन्।

यो वर्ष डोल्पा जिल्लामा बलात्कारका घटनामा दुई र घरेलु हिंसाका घटनामा पाँच गरी सात जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

वातावरण र मानव अधिकार

बसाइँसराइ

डोल्पामा यो वर्ष १५ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

डोल्पामा इँटाभट्टा र सिमेन्ट कारखाना स्थापना भएको छैन।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष डोल्पामा विषालु च्याउको सेवनबाट मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

डोल्पामा ९ हजार ३ सय ८० घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ७० प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा दुई ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल र २३ वटा स्वास्थ्य चौकी रहेका छन्। ९८ प्रकारका औषधी नि:शुल्क पाउने सरकारी नीति भए पनि हाल १६ प्रकारका औषधी स्वास्थ्य चौकीबाट पाइने गरेको छ। जिल्ला करिब ६ हजार जनाले बीमा गराएर सेवा लिइरहेका छन्।

तालिका ८.६.१.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

महिला अधिकार			
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	जम्मा
घरेलु हिंसा	३	२	५
बलात्कार		२	२
जम्मा	३	४	७

(स्रोत : इन्सेक, २०२४)

८.६.२ मुगु

जम्मा जनसङ्ख्या	६४,५४९
महिला	३२,१६८
घर परिवार सङ्ख्या	१२,४३०
घरजग्गामा महिलाको स्वामित्व	५९८
साक्षरता प्रतिशत	६८.०९
आश्रित जनसङ्ख्या	३५,५०५
अपाङ्गता भएका	१,७५६

यस वर्ष मुगु जिल्लामा ज्यादतीका घटनामा ११ जना महिला र पाँच जना पुरुष गरी १६ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये महिला अधिकार उल्लङ्घनका घटनामा नौ जना महिला पीडित भए। जातीय विभेदका घटनामा एक जना पुरुष पीडित भए।

कारागार र बन्दी

१६ जनाको क्षमता भएको भवन निर्माणाधीन अवस्थामा रहेको छ। कैदीबन्दीलाई छिमेकी जिल्ला जुम्ला कारागारमा पठाउने गरिएको सहायक प्रमुख जिल्ला अधिकारी दिवाकर मिश्रले बताए।

तालिका ८.६.२.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		२	४	६
जातीय विभेद			१	१
महिला अधिकार	घरेलु हिंसा	८		८
	बलात्कार	१		१
	जम्मा	९		९
कूल जम्मा		११	५	१६

(स्रोत : इन्सेक, २०२४)

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक न्यायाधीश दरबन्दी रहेकोमा कार्यरत छन्। यो वर्ष फौजदारी मुद्दातर्फ ६५ थानमध्ये २० थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २३ थानमध्ये सात थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा एक थान र देवानी मुद्दा एक थान बाँकी छ।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा १ सय १० आधारभूत र ३२ माध्यमिक विद्यालय छन्। यस वर्ष ७ हजार ३ सय १८ छात्र र ७ हजार १ सय ३ जना छात्राका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ७२ छात्रा र ४६ छात्र छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय तीन ओटा छन्। द्वन्द्वपीडित परिवारका २५ जना बालबालिकाले छात्रवृत्ति पाए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका पाँच जना बालबालिकामध्ये आधारभूत तहमा प्रति विद्यार्थी ९ हजार रुपियाँ र माध्यमिक तहकाले १२ हजार रुपियाँ छात्रवृत्ति पाए। शहीद परिवारका दुई जनाले १८ हजार र द्वन्द्वपीडित परिवारका एक जनाले ९ हजार रुपियाँ छात्रवृत्ति पाए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४२ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका १५, खानलाउन नदिएका १५, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका पाँच, अर्की पत्नी ल्याएर हेला गरेको दुई र सामान्य घरायसी झगडाका पाँच उजुरी छन्। यीमध्ये प्रहरीले ४० उजुरीमा मेलमिलाप गरायो भने दुई उजुरी कारबाही प्रक्रियामा रहेको सेवा केन्द्रका असइ ज्ञानबहादुर बस्यालले बताए।

यो वर्ष मुगु जिल्लामा बलात्कारका घटनामा एक र घरेलु हिंसाका घटनामा आठ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

जातीय विभेद

सोरु गाउँपालिका-५ नेरका २५ वर्षीय सर्पराज नेपालीलाई ०८० माघ १० गते छाँयानाथ रारा नगरपालिका-१ बसपार्कमा जातीय विभेद गरेको भन्दै जुम्ला जिल्ला पातारासी गाउँपालिका-७ घर भई छायाँनाथ रारा नगरपालिका-१ गमगढी बजारकी २८ वर्षीया कमला थापा, २७ वर्षीय प्रकाश थापा र २४ वर्षीय प्रकाश मल्लविरुद्ध पीडितले माघ १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितहरूलाई प्रहरीले माघ २३ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश योग्यप्रसाद आचार्यको फागुन २४ गतेको इजलासले आरोपितहरू कमला थापालाई १० हजार रुपियाँ, प्रकाश थापा र प्रकाश मल्ललाई जनही २० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। जिल्ला अदालतको चैत २१ गतेको आदेशले प्रकाश मल्ललाई १ हजार जरिबाना तथा कमला थापा र प्रकाश थापाले सफाइ पाएको जिल्ला अदालत, मुगुले जनायो।

वातावरण र मानव अधिकार

बसाइँसराइ

मुगुमा यो वर्ष १ सय १८ जनाले बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोतः स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

मुगुमा इँटाभट्टा र सिमेन्ट उद्योग स्थापना भएको छैन।

स्रोतः घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष मुगुमा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोतः जिल्ला प्रहरी कार्यालय

खानेपानी

मुगुमा १२ हजार ४ सय ३० घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ६० प्रतिशत घरधुरीमा खानेपानीको पहुँच पुगेको छ।

स्रोतः खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा एउटा मात्र सार्वजनिक शौचालय छ।

स्रोतः स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, २४ स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र र एक नगर स्वास्थ्य केन्द्र छन्। सरकारी अस्पतालमा एक जना विशेषज्ञको दरबन्दीमा रहेकोमा रिक्त छ। ३ सय ३९ जना स्वास्थ्यकर्मी कार्यरत रहेका छन्। जिल्लामा ९ हजार २ सय ३ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रमअन्तर्गत २ सय ६३ जनाको बीमा गरिएको छ। २०७७ मङ्सिर १५ गते शिलान्यास भएका तीन ओटा अस्पतालको निर्माण कार्य सम्पन्न भएको छैन।

तालिका ८.६.२.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	७	१		८
बलात्कार			१	१
जम्मा	७	१	१	९

(स्रोत : इन्सेक, २०२४)

८.६.३ हुम्ला

जम्मा जनसङ्ख्या	५५,३९४
महिला	२७,५०८
घर परिवार सङ्ख्या	११,२०४
घरजग्गामा महिलाको स्वामित्व	५०३
साक्षरता प्रतिशत	६३.८४
आश्रित जनसङ्ख्या	३०,०११
अपाङ्गता भएका	२,०४१



यस वर्ष हुम्ला जिल्लामा मानव अधिकार उल्लङ्घन घटनामा एक महिला र दुई पुरुष गरी तीन जना तथा ज्यादतीका घटनामा सात जना महिला र ११ पुरुष गरी १८ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा तीन जना महिला पीडित भए।

कुटपिट, धम्की

राज्यपक्षबाट

खार्पुनाथ गाउँपालिका-५ याङ्चुका ३३ वर्षीय धनबहादुर परियारलाई मुगु जिल्ला घर भई खार्पुनाथ गाउँपालिका-५ स्थित याङ्चु प्रहरी चौकीमा कार्यरत सई ४५ वर्षीय लोकजन बुढाले ०८१ भदौ १९ गते धम्की दिएको भन्दै पीडितले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। गाउँपालिका कार्यालय नजिकै रहेको स्थानमा परियारको तरकारी बारी र प्रहरी चौकीसँगै रहेकोले उक्त बारीमा जाँदा आउँदा अपशब्द बोल्नुका साथै सई बुढाले बाटो बन्द गर्ने, तरकारीका लागि बनाएको मल फालिदिने, मदिरा सेवन गरी दलित भनेर आफू र आफ्नी पत्नीलाई धम्क्याउने गरेको पीडित पक्षले आरोप लगायो। पटक पटक धम्कीपूर्ण भाषा बोलेको भन्दै पीडितले उजुरी दिएपछि भदौ २२ गते नै सई बुढाको सरुवा गरिएको इन्स्पेक्टर नरेन्द्रबहादुर चन्दले बताए।

अन्यपक्षबाट

अदानचुली गाउँपालिका-१ कलखे घर भई जनता मिडियाका प्रबन्ध निर्देशक एवम् नेपाल पत्रकार महासङ्घ हुम्लाका सदस्य २२ वर्षीय चक्र दानीलाई ०८० माघ १० गते खार्पुनाथ गाउँपालिका-१ देउकुडी घर भई कर्णाली प्रदेश सरकारका पूर्व उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री नन्दसिंह बुढाका स्वकीय सचिव ३० वर्षीय लालप्रसाद जैसीले धम्की दिएको पीडितले आरोप लगाए। हुम्लाका स्थानीय बिरबहादुर रोकायाले माघ ७ गते योजना मिलाई दिन्छु भन्दै ठगी गरेको ४ लाख रुपियाँ बढी रकममा सचिव जैसीको पनि कनेक्सन' शीर्षकको समाचार लेखेको आरोपमा धम्की दिएको पीडितले बताए। नेपाल पत्रकार महासङ्घ, हुम्ला शाखाले घटनाको भर्त्सना गऱ्यो। पीडितले माघ ११ गते मौखिक रूपमा प्रहरीलाई उजुरी गरेको भए पनि यस वर्षको अन्त्यसम्म कुनै प्रक्रिया अघि नबढेको पत्रकार महासङ्घ, हुम्लाका अध्यक्ष राजन रावतले बताए।

सर्लाही जिल्ला स्थायी घर भई आयुर्वेद स्वास्थ्य केन्द्र, हुम्लाका कार्यालय प्रमुख ३९ वर्षीय शंकर गुप्तालाई ०८१ असार २१ गते कुटपिट गरेको भन्दै जुम्ला जिल्ला घर भई सोही कार्यालयमा नासु पदमा कार्यरत ३८ वर्षीय गोर्ख रावतविरुद्ध पीडितले जिल्ला प्रहरी कार्यालयमा असार २१ गते उजुरी दिए। आरोपितलाई प्रहरीले असार २१ गते गिरफ्तार गऱ्यो। घाइतेको उपचार जिल्ला अस्पतालमा भयो। जिल्ला प्रशासन कार्यालयको असार २७ गतेको इजलासले

आरोपितलाई ६ दिन कैद सजाय, ३ हजार रुपियाँ जरिबाना र १ सय २० रुपियाँ पीडित राहत कोषमा जम्मा हुने गरी फैसला सुनायो।

बैतडी जिल्ला पुरचौँडी नगरपालिका-५ कुवाकोट घर भई सर्केगाड गाउँपालिका-४ इलाका प्रहरी कार्यालयमा सर्केगाडमा कार्यरत प्रहरी जवान २५ वर्षीय डम्बरबहादुर बोहोरालाई ०८१ भदौ २८ गते कुटपिट गरी घाइते बनाएको आरोपमा प्रहरीले सर्केगाड गाउँपालिका-४ डल्ली गाउँका १८ वर्षीय विर्जन थापालाई ०८१ भदौ ३० गते गिरफ्तार गर्‍यो। घाइतेको उपचार चन्द्र एमएम स्वास्थ्य क्लिनिक, सर्केगाडमा भयो। आरोपित थापा सहित सोही ठाउँका १८ वर्षीय अपिन थापा र १९ वर्षीय लोकेन्द्र थापाले मदिरा सेवन गरी कुटपिट गरेको भन्दै प्रहरीले असोज ६ गते जिल्ला प्रशासन कार्यालय मुद्दा दर्ता गर्‍यो। जिल्ला प्रशासन कार्यालय, हुम्लाले विर्जन थापालाई असोज १९ गते ५ हजार रुपियाँ धरौटीमा रिहा गर्‍यो भने अन्य दुई जना आरोपित फरार रहेको डिएसपी रवीन्द्र खनालले बताए।

तालिका ८.६.३.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट			१	१		७	७
घाइते						१	१
धम्की						१	१
जातीय विभेद			१	१	१	२	३
बाल अधिकार	बलात्कार				२		२
	यौन दुर्व्यवहार				१		१
	जम्मा				३		३
महिला अधिकार	बलात्कार				२		२
	यौन दुर्व्यवहार	१		१			
	बेचबिखन तथा ओसारपसार				१		१
	जम्मा	१		१	३		३
कूल जम्मा		१	२	३	७	११	१८

(स्रोत : इन्सेक, २०२४)

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ४० महिला र ८० पुरुष गरी १ सय २० जनाको कारागार भवन निर्माणाधीन छ। कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि एक अहेब र एक हेल्थ असिस्टेन्टको दरबन्दी रहेको भए पनि रिक्त छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीश दरबन्दी रहेकोमा कार्यरत छन्। यस वर्ष देवानी मुद्दातर्फ १२ मध्ये आठ थान फैसला र चार थान बाँकी छन्। फौजदारी मुद्दातर्फ २४ थानमध्ये पाँच थान फैसला भए भने १९ थान बाँकी छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी तर्फ छैनन्। फौजदारी तर्फ चार थानमध्ये तीन थान फैसला हुन बाँकी छन्। यस वर्ष स्थानीय तहको उप निर्वाचनमा न्यायाधीश खटिनु परेकाले कम मुद्दा फैसला भएको स्रेस्तेदार ज्ञानबहादुर खत्रीले बताए।

बाल अधिकार

यस वर्ष हुम्ला जिल्लामा बलात्कार घटनामा दुई र यौन दुर्व्यवहारका घटनामा एक गरी तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

शिक्षाको अवस्था

जिल्लामा १ सय १८ आधारभूत र २८ माध्यमिक विद्यालय छन्। ४ सय १८ शिक्षक दरबन्दी रहेकामा चार दरबन्दी मिलान हुन बाँकी छ। यस वर्ष ११ हजार ९ सय ७ बालक र १२ हजार २ सय २० जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ३ सय ९ बालक र २ सय २१ बालिका छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय एउटा छ। द्वन्द्वपीडित परिवारका ११ जना बालबालिकाले छात्रवृत्ति पाए। यस वर्ष २ हजार ८६ दलित बालक र २ हजार ९१ दलित बालिका विद्यालय भर्ना भए। शहीद परिवारका एक जनाले १६ हजार र द्वन्द्वपीडित परिवारका ११ बालबालिकाले १ लाख ५४ हजार रुपियाँ छात्रवृत्ति पाए। दलित, अपाङ्ग, सहिद परिवार, जनजाति आदिलाई उच्च तहसम्म निःशुल्क रूपमा शिक्षा प्रदान हुन नसकेको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख योगेश आले मगरले बताए। विद्यालयमा खेलकुद, अतिरिक्त क्रियाकलाप, सहक्रियाकलाप, भौतिक साधनको सुविधा, विज्ञान प्रयोगशाला, पुस्तकालय, इन्टरनेट, विद्युतीय सुविधा राज्यको खर्चमा निःशुल्क

तालिका ८.६.१.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
महिला अधिकार	१	१

(स्रोत : इन्सेक, २०२४)

उपलब्ध हुने भनिए पनि यो सुविधा २८ ओटा विद्यालयमा मात्रै छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४१ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका चार, खान/लाउन नदिएको नौ, अर्की पत्नी ल्याएर हेला गरेको दुई र सामान्य घरायसी झगडाका २६ उजुरी छन्। यीमध्ये ३९ उजुरीमा मेलमिलाप भयो भने दुई ओटा उजुरी कारबाही प्रक्रियामा रहेको सेवा केन्द्रका प्रहरी जवान प्रसान्त सार्कीले बताए।

यो वर्ष हुम्ला जिल्लामा बलात्कारका घटनामा दुई, यौन दुर्व्यवहार घटनामा एक र बेचबिखन तथा ओसारपसार घटनामा एक गरी चार जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

जातीय विभेद

खार्पुनाथ गाउँपालिका-४ छिप्राका अपाङ्गता भएका १४ वर्षीय बालक, २० वर्षीय उवजन परियार र ४० वर्षीया भीमला दमाइलाई ०८१ पुस १२ गते दलित भनेर घरनिकाला गरेको आरोपमा सोही ठाउँका २० वर्षीय रामराज रावल, २१ वर्षीय विशाल रावल, २३ वर्षीय लोकेन्द्र रावल, २४ वर्षीय रामकृष्ण रावल, २७ वर्षीय प्रेम रावल, ३० वर्षीय सर्जन रावल र ४५ वर्षीय रामबहादुर रावलविरुद्ध पीडित पक्षले पुस १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। गाउँ नजिकै साना-साना बालबालिकाहरू पुस ११ गते फुटबल खेलिरहेको समयमा दुवै पक्षका बालबालिकाहरूको विवाद भएपछि रावल पक्षका विशाल रावल र रामराज रावल आएर बालकलाई कुटपिट गरेको बालकका बुबा झानसिङ परियारले बताए। कुटपिटबाट टाउको, घाँटी, हात र खुट्टामा चोट लागेका घाइतेहरूको उपचार जिल्ला अस्पतालमा भयो। पीडितको उजुरीका आधारमा घटनामा संलग्न व्यक्तिहरूलाई झिकाइ छलफल गर्ने इन्स्पेक्टर सुरेश सुवेदीले बताए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

तोडफोड

सिमकोट गाउँपालिका-५ को तल्लो गाउँमा निर्माण गरिएको सूचना केन्द्र भवन ०८१ वैशाख ७ गतेदेखि नियमित रूपमा पहिचान नखुलेको व्यक्तिले तोडफोड गर्दै आएको वडा अध्यक्ष चीनबहादुर रावतले बताए। सूचना केन्द्रको तीनकोठे पक्की भवनको झ्याल, ढोका र झ्यालमा लगाइएको सिसा समेत फुटाएर क्षति गरेको वडाध्यक्ष रावतले बताए। भवन तोडफोड गरिएका विषयमा वडाध्यक्षले वैशाख १० गते जिल्ला प्रहरी कार्यालयमा जानकारी गराएका थिए। तोडफोडमा संलग्नको खोजी कार्य भइरहेको प्रहरीले जनायो। तोडफोडबाट करिब १ लाख रुपियाँ बराबरको क्षति भएको वडाध्यक्ष चीनबहादुर रावतले बताए।

वातावरण र मानव अधिकार

बसाइँसराइ

हुम्लामा यो वर्ष २२ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

हुम्लामा इँटाभट्टा र सिमेन्ट कारखाना स्थापना भएको छैन।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष हुम्ला जिल्लामा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

हुम्लामा ११ हजार २ सय ४ घरधुरीमा खानेपानीका धारा वितरित छन्। जस अनुसार जिल्लामा २३ प्रतिशत घरधुरीमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा पाँच सार्वजनिक शौचालय छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, एक सामुदायिक अस्पताल र २६ स्वास्थ्य चौकी रहेका छन्। ९८ प्रकारका औषधी नि:शुल्क पाउने सरकारी नीति भए पनि स्वास्थ्य चौकीबाट नि:शुल्क पाइने औषधीको सङ्ख्या ४० रहेको छ। सरकारी अस्पतालमा तीन जना विशेषज्ञको दरबन्दी रहेकोमा सबै रिक्त छ। १ सय ९० जना स्वास्थ्यकर्मीको दरबन्दीमा ४५ रिक्त र १ सय ४५ कार्यरत छन्। जिल्लामा १६ हजार १ सय ३० जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा पनि ६ सय ६० जनाको बीमा गरिएको छ। जिल्लाका १ सय ६ जना बालबालिकामा पुड्कोपन, ४ सय ६८ जना बालबालिकामा कमतौल, ५४ जनामा रक्तअल्पता रहेको छ। जिल्ला अस्पताल हुम्लामा दरबन्दी अनुसारको पदपूर्ति नभए पनि करार सेवाबाट सेवा प्रवाह भई रहेको स्वास्थ्य सेवा कार्यालय, हुम्लाका प्रमुख प्रतीक्षा भारतीले बताइन्। विशेष गरेर हुम्ला जस्तो अति विकट क्षेत्रमा डाक्टरहरूको सेवासुविधा पर्याप्त मात्रामा नहुनु र सेवा दिनलाई पनि कठिनाइ भएकाले उनीहरू हुम्लामा आउन नमान्ने र सुविधा सम्पन्न अस्पतालतर्फ केन्द्रित हुने गरेकोले दरबन्दी रिक्त भएको प्रमुख भारतीले बताइन्। यो वर्ष स्वास्थ्य बीमा गर्नेको संख्या वृद्धि भएको छ। स्वास्थ्य बीमाको प्रभावकारी कार्यान्वयन नहुँदा यसको प्रभावकारिता कमजोर हुँदै गएको स्वास्थ्य बीमाका सहजकर्ता नरेश ठकुल्लाले बताए।

तालिका ८.६.३.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	अपूर्ण	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	१	२
यौन दुर्व्यवहार	१		१
जम्मा	२	१	३

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		२	२
यौन दुर्व्यवहार	१		१
बेचबिखन तथा ओसारपसार		१	१
जम्मा	१	३	४

(स्रोत : इन्सेक, २०२४)

८.६.४ जुम्ला

जम्मा जनसङ्ख्या	१,१८,३४९
महिला	५९,१२१
घर परिवार सङ्ख्या	२४,४२२
घरजग्गामा महिलाको स्वामित्व	२,३९४
साक्षरता प्रतिशत	७०.२०
आश्रित जनसङ्ख्या	६०,०३३
अपाङ्गता भएका	२,७०७



यस वर्ष जुम्ला जिल्लामा मानव अधिकार उल्लङ्घनको घटनामा एक जना पुरुष तथा ज्यादतीका घटनामा १४ जना महिला र तीन जना पुरुष गरी १७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा सात जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६ जना महिला पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको बन्दी क्षमता ८० महिला र १ सय २० जना पुरुष गरी २ सय जनाको छ। कारागारमा ६ महिला १ सय १८ पुरुष गरी १ सय २४ जना कैदीबन्दी छन्। कैदी/बन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि एक दरबन्दी रहेकोमा कार्यरत छन्। कारागारमा दुई जना पुरुष ज्येष्ठ नागरिक रहेको कारागार प्रमुख गयाप्रसाद पाण्डेले बताए।

कारागारमा मृत्यु

खत्याड गाउँपालिका-३ मुगु घर भई हाल जुम्ला कारागारमा रहेका ३४ वर्षीय प्रदीप टमटाको २०८१ साउन २० गते मृत्यु भयो। उच्च रक्तचापका कारण कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लामा मृत्यु भएको जेलर जयप्रसाद पाण्डेले बताए। उनी साउन २० गते बिहान ब्याडमिन्टन खेलिसकेपछि खाना खानु अघि 'छाती दुख्यो' भनेर कारागारको गल्लीमा ढलेको पाण्डेको उपचारका लागि अस्पताल पुऱ्याएको दुई घण्टापछि मृत्यु भएको जेलर पाण्डेले बताए। उच्च अदालत सुर्खेत, जुम्ला इजलासले बलात्कार घटनामा प्रदीपलाई २०७९ साउन महिनामा पाँच वर्ष कैद तोकेको थियो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

जिल्ला अदालतमा एक जना न्यायाधीश दरबन्दी रहेकोमा कार्यरत छन्। यो वर्ष फौजदारी मुद्दातर्फ १ सय २४ थानमध्ये १९ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ९० थानमध्ये २० थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ३ थान छन् भने देवानी मुद्दा एक थान बाँकी छ।

उच्च अदालत सुर्खेत जुम्ला इजलास

चार जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत, सुर्खेत, जुम्ला इजलासमा दुई जना कार्यरत, एक जना काजमा र एक रिक्त छ। यस वर्षका लागि दुनियावादी देवानीका पाँच थान, दुनियावादी फौजदारीका दुई थान, सरकारवादी फौजदारीका ९१ थान र सुरु क्षेत्राधिकारबाट २६ थान मुद्दा जिम्मेवारी सरेका आएका थिए। यो वर्ष दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ ७४ थान उजुरी परे। अघिल्लो वर्षका जिम्मेवारी सरेका समेत ६१ थान मुद्दा फैसला भए।

बाल अधिकार

यस वर्ष जुम्ला जिल्लामा बलात्कार घटनामा चार जना र यौन दुर्व्यवहार घटनामा तीन बालिका गरी सात जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा १ सय ४५ आधारभूत र ५५ माध्यमिक विद्यालय छन्। यस वर्ष २१ हजार ९ सय ७७ बालक र २१ सय ४ सय ४२ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ५३ बालिका र ६९ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय ९१ ओटा छन्। द्वन्द्वपीडित परिवारका २१ जना बालबालिकाले छात्रवृत्ति पाए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका एक जना बालबालिकामध्ये आधारभूत तहमा प्रति विद्यार्थी ९ हजार रुपियाँ छात्रवृत्ति पाए। शहीद र द्वन्द्वपीडित परिवारका २१ बालबालिकाले ३ लाख रुपियाँ छात्रवृत्ति पाए।

तालिका ८.६.४.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट					२	२
कारागारमा मृत्यु		१	१			
हत्या				१	१	२
बाल अधिकार	बलात्कार			४		४
	यौन दुर्व्यवहार			३		३
	जम्मा			७		७
महिला अधिकार	बलात्कार			१		१
	हाडनाता करणी			१		१
	घरेलु हिंसा			४		४
	जम्मा			६		६
कूल जम्मा		१	१	१४	३	१७

(स्रोत : इन्सेक, २०२४)

यौन दुर्व्यवहार

१७ वर्षीया बालिकालाई ०८१ वैशाख १६ गते सिंजा गाउँपालिका- ३ का २१ वर्षीय लली बुढाले बलात्कार यौन दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले वैशाख १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरी आरोपितलाई वैशाख १७ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतको भदौ २३ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै ५ हजार रुपियाँ जरिबानासहित १५ दिन कैद सजायको फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २९ जना महिलाले महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका २२, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका एक, अर्की पत्नी ल्याएर हेला गरेको एक र सामान्य घरायसी झगडाका पाँच उजुरी छन्। यीमध्ये प्रहरीले २६ ओटामा मिलापत्र गरायो भने ३ ओटा उजुरी कारबाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी छेदिलाल कामतीले बताए।

यो वर्ष जुम्ला जिल्लामा बलात्कारका घटनामा एक, हाडनाता करणी घटनामा एक र घरेलु हिंसाका घटनामा चार जनासहित ६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

वातावरण र मानव अधिकार

बसाइँसराइ

जुम्लामा यो वर्ष २ सय ३९ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

जुम्लामा इँटाभट्टा र सिमेन्ट कारखाना स्थापना भएको छैन।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष जुम्लामा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

जुम्लामा २४ हजार ४ सय २२ घरपरिवार सङ्ख्या रहेका छन्। ४०.४७ प्रतिशत घरधुरीमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा १० ओटा सार्वजनिक शौचालय छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक प्राथामिक स्वास्थ्य केन्द्र, २८ स्वास्थ्य चौकी छन्। स्वीकृति दरबन्दी १ सय ७७ जना रहेकोमा करार १ सय ८७ गरी ३ सय ८६ जना स्वास्थ्यकर्मी कार्यरत छन्। ९८ प्रकारका औषधी नि:शुल्क पाउने सरकारी नीति भए पनि ३५ प्रकारका औषधी स्वास्थ्य चौकीमा पाइने गरेको छ। जिल्लामा ९५ हजार ६ सय ७५ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा पनि ३ हजार ३ सय ९१ जनाको बीमा गरिएको छ। २०७७ मङ्सिर १५ गते शिलान्यास भएका दुई ओटा अस्पतालमध्ये दुवैको निर्माण कार्य पूरा भएको छैन।

जुम्लाका अधिकांश गाउँमा बर्थिङ सेन्टर नहुँदा गर्भवती महिला घरमै सुत्केरी हुन बाध्य छन्। गुठीचौर, पातारासी, तिला, कनकासुन्दरी तातोपानी, सिंजा गाउँपालिकाका दुर्गम गाउँबस्तीका महिलाले सहजै प्रसूती सेवा पाउन सकेका छैनन्। कनकासुन्दरी गाउँपालिका स्वास्थ्य शाखाका अनुसार लेकपुर गाउँबाट मात्रै २० देखि २२ जना महिलाहरू बर्सेनि सुत्केरी हुने गरेका छन्। गाउँपालिकामा एम्बुलेन्स पनि छ। तर, गाउँमा सडक नजोडिएकोले एम्बुलेन्स जाँदैन। सुत्केरी, बिरामी बोक्ने राम्रो स्ट्रेचर समेत छैन।

तालिका ८.६.४.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१	३	४
यौन दुर्व्यवहार	१		२	३
जम्मा	१	१	५	७

महिला अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	४	४
बलात्कार	२	२
जम्मा	६	६

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	२

(स्रोत : इन्सेक, २०२४)

८.६.५ कालीकोट

जम्मा जनसङ्ख्या	१,४५,२९२
महिला	७३,०४७
घर परिवार सङ्ख्या	२६,७७०
घरजग्गामा महिलाको स्वामित्व	१,१३२
साक्षरता प्रतिशत	७२.७२
आश्रित जनसङ्ख्या	८२,९५४
अपाङ्गता भएका	४,२४५

यस वर्ष कालीकोट जिल्लामा ज्यादतीका घटनामा १९ जना महिला र दुई जना पुरुष सहित २२ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा सात जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ११ जना महिला पीडित भए।

तालिका ८.६.५.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		१		१
हत्या		१		१
जातीय विभेद			१	१
बाल अधिकार	बलात्कार	६		६
	विद्यालयमा दिइने शारीरिक सजाय		१	१
	जम्मा	६	१	७
महिला अधिकार	घरेलु हिंसा	५		५
	बलात्कार	५		५
	सामूहिक बलात्कार	१		१
	जम्मा	११		११
कूल जम्मा		१९	२	२१

(स्रोत : इन्सेक, २०२४)

कुटपिट

अन्य पक्षबाट

महाबै गाउँपालिका-३ निवासी सो वडाका वडाध्यक्ष ५१ वर्षीय पदमबहादुर सिंहलाई ०८१ पुस ५ गते साँझ घरमा बसिरहेको समयमा धारिलो हतियार प्रहार गरी घाइते बनाएको आरोपमा सोही वडा राताटोलका १९ वर्षीय जीवन सिंह, २१ वर्षीय तारा सिंह, २० वर्षीय टोप सिंह र २१ वर्षीया घमण्ड शाहीविरुद्ध पीडितले पुस ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितहरूलाई प्रहरीले पुस ९ गते गिरफ्तार गऱ्यो। आरोपितहरूले उपभोक्ता समिति बनाउँदा आफूहरूलाई समितिमा नराखेको भन्दै कुटपिट गरेको पीडितले बताए। टाउकोमा गम्भीर चोट लागेका पीडितको जिल्ला अस्पतालमा उपचार हुन नसकेपछि प्रदेश अस्पताल, सुर्खेतमा उपचार भयो। यो वर्षको अन्त्यसम्म घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनायो।

तालिका ८.६.५.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
बाल अधिकार	१	१

(स्रोत : इन्सेक, २०२४)

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता १० महिला र १५ पुरुष गरी २५ जनाको रहेको छ। कारागारमा पाँच महिला र ४९ पुरुष गरी ५४ जना कैदीबन्दी छन्। कैदीबन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि एक जनाको दरबन्दी रहेकोमा कार्यरत छन्। कारागारमा तीन पुरुष र पाँच महिला गरी आठ जना ज्येष्ठ नागरिक रहेको जेलर मानबहादुर विकले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीश दरबन्दी रहेकोमा कार्यरत छन्। यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ५२ थानमध्ये ६४ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ८१ थानमध्ये ३६ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी र देवानी मुद्दा छैनन्।

बाल अधिकार

यस वर्ष कालीकोट जिल्लामा बलात्कार घटनामा ६ र विद्यालयमा दिइने शारीरिक सजायका घटनामा एक गरी सात जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये अपाङ्गता भएका एक जना बालिका पीडित भए।

शिक्षाको अवस्था

जिल्लामा २ सय ८९ आधारभूत र ७७ माध्यमिक विद्यालय छन्। १ हजार २१ शिक्षक दरबन्दी रहेको छ। यस वर्ष २५ हजार ८ सय ७१ बालक र २६ हजार ५ सय २७ बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ७२ बालिका र ८५ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय १ सय ७५ ओटा छन्। यस वर्ष जिल्लाभर ८ हजार ८ सय ८ दलित बालक र ९ हजार ८५ दलित बालिका विद्यालय भर्ना भए। शहीद परिवारका चार जनाले ७२ हजार र द्वन्द्वपीडित परिवारका २७ बालबालिकाले ४ लाख ५ हजार रुपियाँ छात्रवृत्ति पाए।

विद्यालयमा शारीरिक दण्ड सजाय

१५ वर्षीय बालकलाई ०८१ पुस ४ गते कुटपिट गरेको आरोपमा खाँडाचक्र नगरपालिका-७ स्थित कालिका माध्यमिक विद्यालयका प्रधानाध्यापक ४२ वर्षीय खेमराज शाहीविरुद्ध पीडित पक्षले पुस ५ गते जिल्ला प्रहरी कार्यालयमा दियो। विद्यालयमा कलम लिएर नआएको आरोपमा आरोपित शाहीले कुटपिट गरी घाइते बनाएको पीडित पक्षले दिएको उजुरीमा उल्लेख छ। घटनाका आरोपित विरुद्ध थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी गोविन्द चौधरीले बताए। पीडितको उपचार जिल्ला अस्पतालमा भयो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १५ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा खानलाउन नदिएका एक, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका एक र सामान्य घरायसी झगडाका १३ उजुरी छन्। यीमध्ये प्रहरीले १४ उजुरीमा मेलमिलाप गरायो भने एक उजुरी कारबाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

यो वर्ष कालीकोट जिल्लामा बलात्कारका घटनामा पाँच, सामूहिक बलात्कार घटनामा एक र घरेलु हिंसाका घटनामा पाँच गरी ११ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

जातीय विभेद

सान्नीत्रिवेणी गाउँपालिका-९ का वडाध्यक्ष ४२ वर्षीय नरपति तिरुवालाई ०८० फागुन २७ गते जातीय विभेद शब्द प्रयोग गरी गाली गरेको आरोपमा सोही गाउँपालिका-८ का स्थित स्वास्थ्य चौकी मुम्रामा कार्यरत अहेब २८ वर्षीय तपेन्द्र बुढाविरुद्ध पीडितले फागुन २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई फागुन २९ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतले फागुन ३० गते आरोपितलाई साधारण तारेखमा रिहा गर्ने आदेश गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

वातावरण र मान वअधिकार

बसाइँसराइ

कालीकोट जिल्लामा यो वर्ष २ सय ९३ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

कालिकोटमा इँटाभट्टा र सिमेन्ट उद्योग स्थापना भएको छैन।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष कालिकोटमा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

जुम्लामा २६ हजार ७ सय ७० घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ३५ प्रतिशत घरधुरीमा खानेपानीका धाराको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा एउटा सार्वजनिक शौचालय छ।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक प्राथामिक स्वास्थ्य केन्द्र, २८ स्वास्थ्य चौकी छन्। ९८ प्रकारका औषधी नि:शुल्क पाउने सरकारी नीति भए पनि ३५ प्रकारका औषधी स्वास्थ्य चौकीमा पाइने गरेको छ। जिल्लामा ९५ हजार ६ सय ७५ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा ३ हजार ३ सय ९१ जनाको बीमा गरिएको छ।

तालिका ८.६.५.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
विद्यालयमा दिइने शारीरिक सजाय		१		१
बलात्कार	१	२	३	६
जम्मा	१	३	३	७

महिला अधिकार				
घटनाको प्रकार	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	३	१	१	५
बलात्कार		५	१	६
जम्मा	३	६	२	११

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

(स्रोत : इन्सेक, २०२४)

८.६.६ दैलेख



जम्मा जनसङ्ख्या	२,५२,३१३
महिला	१,३१,५३९
घर परिवार सङ्ख्या	५४,५९४
घरजग्गामा महिलाको स्वामित्व	४,५४३
साक्षरता प्रतिशत	७५.५०
आश्रित जनसङ्ख्या	१,३८,५३४
अपाङ्गता भएका	७,९६०

यस वर्ष दैलेख जिल्लामा ज्यादतीका घटनामा ५५ जना महिला र १६ जना पुरुष गरी ७१ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १६ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३१ जना महिला पीडित भए।

कुटपिट

अन्यपक्षबाट

नारायण नगरपालिका-३ भूर्ती घर भई नेपाल राष्ट्रिय प्राथमिक विद्यालयकी शिक्षिका ३९ वर्षीया उमा मल्ललाई ०८० पुस २५ गते नारायण नगरपालिका-१० भवानीका ४२ वर्षीय दलबहादुर विकले मदिरा सेवन गरी हातपात गरेको आरोपमा पीडित पक्षले पुस २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आफ्नो छोरालाई विद्यालयमा कुटपिट गरेको भन्दै आरोपितले आफूलाई हातपात गरेको पीडितको उजुरीमा उल्लेख थियो। जिल्ला प्रशासन कार्यालयले चैत २७ गते आरोपितलाई १ हजार रुपियाँ जरिबाना गरेको प्रशासन कार्यालयका मुद्दा शाखाका इन्चार्ज नासु बिष्णुबहादुर थापाले बताए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता १ सय जनाको रहेको छ। कारागारमा १६ महिला र १ सय ४७ पुरुष गरी १ सय ६३ जना छन्। कारागारमा आश्रित बालबालिका एक जना छन्। कैदीबन्दीहरूको स्वास्थ्य परीक्षण दैलेख अस्पतालमा मासिक रूपमा गर्ने गरिएको जेलर लिलु गिरीले बताए। कारागारमा ज्येष्ठ नागरिक पाँच जना छन्। महिला र पुरुष गरी छुट्टाछुट्टै भवनहरूमा जोडिएका धाराहरूमा पानी निकै सानो आउने भएकोले खानेपानी र नुहाउने लगायत सरसफाइका लागि पानी अभाव हुने गरेको कैदीबन्दीहरूले गुनासो गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीश दरबन्दी रहेकोमा कार्यरत छन्। अदालतमा यो वर्ष ४ सय ६२ थान मुद्दा दर्ता भयो। जसमा फौजदारी मुद्दातर्फ १ सय ९१ थानमा र त्यसमध्ये १ सय ६९ थान मद्दा फैसला भए। देवानी मुद्दातर्फ २ सय ७१ थानमध्ये १ सय ६४ थान मुद्दा फैसला भए। यस अदालतमा डेढ वर्ष नाघेका चार थान मुद्दा फैसला हुन बाँकी रहेका र दुई वर्ष नाघेका मुद्दा नरहेको अदालतका सूचना अधिकारी नासु हरिप्रसाद उपाध्यायले बताए।

बाल अधिकार

यस वर्ष दैलेख जिल्लामा बलात्कार घटनामा नौ, बेचबिखन तथा ओसारपसारका घटनामा एक र यौन दुर्व्यवहारका घटनामा ६ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा ४ सय ३२ आधारभूत र ९१ माध्यमिक विद्यालय छन्। यस वर्ष दैलेखमा ३८ हजार १ सय ४५ बालक र ३७ हजार १ सय तीन जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका १ सय ५६ बालिका र २ सय १९ जना बालक छन्। कूल विद्यार्थीमध्ये ९ हजार ३ सय १५ दलित बालक र ९ हजार ८ सय ३४ दलित बालिका छन्। दुल्लुमा दृष्टिबिहीन र सदरमुकाममा बहिरा विद्यार्थीका लागि स्रोत कक्षा सञ्चालमा रहेको छ। यी विद्यालयमा अध्ययरत बालबालिकालाई आवासको सुविधा समेत छ।

तालिका ८.६.६.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		३	५	८
घाइते		३	५	८
हत्या		२	६	८
बाल अधिकार	बेचबिखन तथा ओसारपसार	१		१
	बलात्कार	९		९
	यौन दुर्व्यवहार	६		६
	जम्मा	१६		१६
महिला अधिकार	घरेलु हिंसा	२०		२०
	'बोक्सी'को आरोप	२		२
	बलात्कार	७		७
	यौन दुर्व्यवहार	१		१
	हाडनाता करणी	१		१
	जम्मा	३१		३१
कूल जम्मा		५५	१६	७१

(स्रोत : इन्सेक, २०२४)

यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई ०८१ जेठ ८ गते यौन दुर्व्यवहार गरेको भन्दै दुल्लू नगरपालिका-१३ मालिकाका ५२ वर्षीय प्रदीप शाहीविरुद्ध पीडित पक्षले जेठ ९ गते प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ १६ गते गिरफ्तार गऱ्यो। जिल्ला न्यायाधीश कुलप्रसाद पाण्डेको ०८१ मङ्सिर १८ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै ६ महिना कैद, २५ हजार रुपियाँ क्षतिपूर्ति र ५ हजार जरिबाना फैसला गरेको स्रेस्तेदार उपसचिव बीरेन्द्रबहादुर मल्लले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २ सय ६२ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका १२, खानलाउन नदिएका २१, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका २१ र सामान्य घरायसी झगडाका २ सय ८ उजुरी छन्। यीमध्ये केन्द्रले २ सय ४० ओटामा मेलमिलाप गरायो भने २२ ओटा उजुरी कारबाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी इन्स्पेक्टर लालबहादुर सुनारले बताए।

यो वर्ष दैलेख जिल्लामा बलात्कारका घटनामा सात, यौन दुर्व्यवहार घटनामा एक, हाडनाता करणी घटनामा एक, बोक्सीको आरोप घटनामा दुई र घरेलु हिंसाका घटनामा २० गरी ३१ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

घरेलु हिंसा

२६ वर्षीया महिलाले आफूलाई ०८० माघ २७ गते पति २६ वर्षीय पतिले कुटपिट गरेको भन्दै माघ २८ गते जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दिइन्। सेवा केन्द्रले माघ २९ गते दुवै पक्षलाई बोलाएर छलफल गराएकोमा सहमति हुन नसकेको सेवा केन्द्रका इञ्चार्ज असई चन्द्रबहादुर बनगडीले बताए। पीडित महिला ५ वर्षको छोरा र ७ वर्षकी छोरीसहित माइतीमा बस्दै आएकी थिइन्। प्रहरीमा उजुरी दिएको विषयमा आरोपितले चैत १५ गते माइतीघरमै कुटपिट गरेको विषयमा जिल्ला प्रहरी कार्यालय दैलेखमा चैत १६ गते उजुरी दिएपछि प्रहरीले चैत १७ गते अभद्र व्यवहार मुद्दामा थुनामा राखी अनुसन्धान सकेर चैत २८ गते जिल्ला प्रशासन कार्यालयमा अभियोग दर्ता गऱ्यो। प्रमुख जिल्ला अधिकारी खिमराज भुषालको ०८१ जेठ १६ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै ५ हजार रुपियाँ जरिबानाको आदेश गरेको जिल्ला प्रशासन कार्यालय दैलेखका मुद्दा शाखा प्रमुख बिष्णु थापाले बताए।

'बोक्सी' आरोप

नारायण नगरपालिका-४ सोतकी २३ वर्षीया पदमकुमारी बुढालाई ०८१ जेठ २४ गते 'बोक्सी'को आरोपमा कुटपिट गरेको भन्दै देवरानी २३ वर्षीया कल्पना सिंहविरुद्ध पीडित पक्षले जेठ २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले जेठ २६ गते दुवै पक्षलाई बोलाएर छलफल गराएकोमा सहमति हुन नसकेको महिला तथा बालबालिका सेवा केन्द्रका इञ्चार्ज असई चन्द्रबहादुर बनगडीले बताइन्। पीडितको जेठ २५ गते दैलेख अस्पतालमा उपचार भयो।

चामुण्डाबिन्द्रासैनी नगरपालिका-६ लैनचौरकी ४५ वर्षीया चन्द्रा नेपालीलाई ०८१ भदौ ७ गते 'बोक्सी'को आरोप लगाएको भन्दै चामुण्डाबिन्द्रासैनी नगरपालिका-६ लैनचौरकी ३० वर्षीया दिपा नेपाली, ५० वर्षीया सितली नेपाली र ७० वर्षीय नौले नेपालीविरुद्ध पीडित पक्षले भदौ ७ गते प्रहरीमा उजुरी दिए। घटना लगत्तै मुख्य आरोपित फरार भएकोले खोजी र घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

वातावरण र मानव अधिकार

बसाइँसराइ

दैलेख जिल्लामा यो वर्ष १ हजार जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत : स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

दैलेखमा इँटाभट्टा र सिमेन्ट कारखाना स्थापना भएको छैन।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष दैलेखमा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

दैलेखमा ५४ हजार ५ सय ९४ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ९१ प्रतिशत घरधुरीमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा ३४ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्ला सदरमुकाम र निर्वाचन क्षेत्र नं. २ को क्षेत्रीय मुकाममा दुल्लूमा एकसमेत गरी दैलेखमा दुई सरकारी अस्पताल, नौ सामुदायिक अस्पताल, ५६ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा नौ जना विशेषज्ञको दरबन्दी रिक्त छ। तर, अस्पताल व्यवस्थापन समितिले दुई जना अस्थायी र तीनजना ओजेटीसमत पाँच जना चिकित्सक करारमा राखेर सेवा प्रदान गरिरहेको छ। जिल्लामा ३७ हजार ९ सय ८८ जनाले स्वास्थ्य बीमा गराएको भए पनि यो वर्ष करिब ५ सय जनाले नवीकरण नगरेको, ज्येष्ठ नागरिक, महिला स्वास्थ्य स्वयम्सेविका, 'क' वर्गका अपाङ्गता भएका व्यक्ति समेत ११ हजार ४ सय ८२ जनाको निशुल्क बीमा गरिएको स्वास्थ्य बीमा बोर्ड, दैलेखका कार्यालय प्रमुख प्रेमसिंह सुनारले बताए।

तालिका ८.६.६.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	**मुद्दा टुङ्गिएका**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बेचबिखन तथा ओसारपसार		१		१
बलात्कार	१	१	७	९
यौन दुर्व्यवहार	३		३	६
जम्मा	४	२	१०	१६

महिला अधिकार						
घटनाको प्रकार	**मुद्दा टुङ्गिएका**	**मेलमिलाप**	**अपूर्ण**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा	१	२	६	१	१०	२०
'बोक्सी'को आरोप			२			२
बलात्कार				३	५	८
यौन दुर्व्यवहार			१			१
जम्मा	१	२	९	४	१५	३१

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
हत्या	८	८

(स्रोत : इन्सेक, २०२४)

८.६.७ जाजरकोट



जम्मा जनसङ्ख्या	१,८९,३६०
महिला	९५,२९७
घर परिवार सङ्ख्या	३७,४५३
घरजग्गामा महिलाको स्वामित्व	२,४७५
साक्षरता प्रतिशत	७५.५०
आश्रित जनसङ्ख्या	१,०६,६९२
अपाङ्गता भएका	९,३६३

यस वर्ष जाजरकोट जिल्लामा ज्यादतीका घटनामा ३९ जना महिला र १३ जना पुरुष गरी ५२ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा आठ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २९ जना महिला पीडित भए।

कुटपिट/दुर्व्यवहार

नलगाड नगरपालिका-२ छेप्कास्थित खण्डमा इलाका प्रहरी कार्यालय, दल्लीमा कार्यरत प्रहरी सहायक हबल्दार ३३ वर्षीय विक्रमबहादुर पुनलाई असार ५ गते ड्युटीमा खटिएको अवस्थामा बारेकोट गाँउपालिका -१ का ३२ वर्षीय विरु नेपालीले मादकपदार्थ सेवन गरी गालीगलौज गरी अभद्र व्यवहार गरेको भन्दै पीडितले असार ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई असार ५ गते गिरफ्तार गऱ्यो। जिल्ला प्रशासन कार्यालयमा भएको छलफलपछि असार ११ गते ५ हजार रुपियाँ धरौटीमा रिहा भए। जिल्ला प्रशासन कार्यालयको असोज १५ गतेको इजलासले आरोपित ५ हजार रुपियाँ जरिबाना हुने फैसला गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी पुरुषोत्तम पाण्डेले बताए।

जिल्ला प्रहरी कार्यालयका हबलदार ३४ वर्षीय बेलु खत्रीलाई ०८० फागनु २७ गते ड्यूटीमा खटिएको अवस्थामा कुटपिट तथा अभद्र व्यवहार गरेको आरोपमा भेरी नगरपालिका-४ का २५ वर्षीय प्रमोदजंग शाह, २२ वर्षीय प्रेम खडका, २० वर्षीय गणेश शाही र भेरी नगरपालिका-३ का २१ वर्षीय सिजन शाहविरुद्ध पीडितले फागुन २९ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए। प्रहरीले अरोपितलाई लाई सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपित विरुद्ध ०८० फागुन २९ गते कुटपिट तथा अभद्र व्यवहारसम्बन्धी मुद्दा जिल्ला प्रशासनमा दर्ता गऱ्यो। जिल्ला प्रशासन कार्यालयले ०८० चैत ९ गते आरोपितहरूलाई जनही ५ हजार रुपियाँ जरिबाना र १४ दिन कैद गर्ने फैसला सुनायो।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ३५ जनाको रहेको छ। कारागारमा कैद तोकिएका ३७ र कैदी नतोकिएका ४० जना थुनुवा गरी ७७ जना कैदीबन्दी छन्। कारागारमा चार जना ज्येष्ठ नागरिक छन् । क्षमताभन्दा दुई गुणा कैदीबन्दी भएकाले पालो मिलाएर सुत्नुपर्ने, शौचालय प्रयोगका लागि लामो समय कुर्नुपर्ने अवस्था छ। कैदीबन्दीको स्वास्थ्य परीक्षण कारागारमै हुने गरेको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। यस वर्ष देवानी मुद्दातर्फ १ सय ३४ र फौजदारी मुद्दातर्फ ७२ थान फैसला हुन बाँकी छन्। भूकम्प अघि आफ्नै भवनबाट सेवा प्रवाह गरेको अदालत हाल सरकारी वकिलको कार्यालयको तल्लो तलाको पाँच ओटा कोठामा सीमित भएको छ।

एउटै कोठाबाट दुई, तीन ओटा फाँटका सेवा सञ्चालन गर्नुपरेको जिल्ला अदालतका स्रेस्तेदार इन्द्रबहादुर कार्कीले बताए।

बाल अधिकार

यस वर्ष जाजरकोट जिल्लामा बलात्कार घटनामा तीन र यौन दुर्व्यवहारका घटनामा पाँच गरी आठ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

शिक्षाको अवस्था

जिल्लामा २ सय ६३ प्रावि, निमावि ८१, मावि ७६ र उच्च मावि २१ रहेका छन्। विद्यालयहरूले भौतिक साधनको सुविधा, विज्ञान प्रयोगशाला, पुस्तकालय, इन्टरनेट, विद्युतको सुविधा पाउन सकेका छैनन्।

गत वर्ष जाजरकोट जिल्लाको बारेकोट गाउँपालिका-१ रामिडाँडा केन्द्रविन्दु भई गएको भूकम्पले २ सय ८९ विद्यालय पूर्ण र ५ सय ९८ विद्यालय आंशिक क्षति भए। भूकम्पले विद्यालयको भवन क्षति भएपछि १ सय १ ओटा सिकाइ केन्द्र निर्माण गरिएको थियो । सोही सिकाइ केन्द्रबाट हाल पठनपाठन भइरहेको छ। भूकम्पले क्षति गरेका विद्यालय भवन पुनर्निर्माणका लागि कर्णाली प्रदेश सरकारले करिब २५ करोड विनियोजन गरे पनि काम सुरु भएको छैन। विद्यालयमा शौचालय, खानेपानी, अपाङ्गतामैत्री कक्षाकोठा नहुँदा बालबालिकालाई समस्या हुने गरेको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा ४३ उजुरी दर्ता भएका थिए। जसमा ३६ ओटा उजुरीमा मेलमिलाप भएको, सात उजुरी कानुनी प्रक्रियामा गएको सेवा केन्द्रकी असइ पार्वता खड्काले बताइन्।

यो वर्ष जाजरकोट जिल्लामा बलात्कारका घटनामा चार, बलात्कार प्रयासका दुई र घरेलु हिंसाका घटनामा २३ गरी २९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

गत वर्ष गएको भूकम्पले जिल्लाका ३५ हजार १ सय ४० घरमा क्षति पुगेको थियो। सरकारले अस्थायी आवासको लागि दिने भनेको दोस्रो किस्ता यो वर्षको अन्त्यसम्म स्थानीयहरूले पाएका छैनन्। कर्णाली प्रदेश सरकारले चालु आर्थिक वर्षमा जिल्लाका सात ओटै गाउँ तथा नगरपालिकाका स्वास्थ्य चौकी र विद्यालय भवन निर्माण गर्नका लागि २५ करोड विनियोजन गरे पनि विद्यालय र स्वास्थ्य चौकीका भवन निर्माण कार्य शुरु हुन सकेको छैन। भूकम्पले मुहान भाँसिएपछि खानेपानीको समस्या भएको छ।

तालिका ८.६.७.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			६	६
अमानवीय व्यवहार		१		१
घाइते			३	३
हत्या		१		१
धम्की			४	४
बाल अधिकार	बलात्कार	३		३
	यौन दुर्व्यवहार	५		५
	जम्मा	८		८
महिला अधिकार	घरेलु हिंसा	२३		२३
	बलात्कार	४		४
	बलात्कार प्रयास	२		२
	जम्मा	२९		२९
कूल जम्मा		३९	१३	५२

(स्रोत : इन्सेक, २०२४)

वातावरण र मानव अधिकार

बसाइँसराइ

जाजरकोट जिल्लामा यो वर्ष ५ सय १० जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत : स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

जाजरकोटमा इँटाभट्टा र सिमेन्ट कारखाना स्थापना भएको छैन।

स्रोत : घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष जाजरकोटमा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत : जिल्ला प्रहरी कार्यालय

खानेपानी

जाजरकोटमा ३७ हजार ४ सय ५३ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ८० प्रतिशत घरधुरीमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा सात ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, तीन प्राथमिक स्वास्थ्य केन्द्र र ३० स्वास्थ्य चौकी रहेका छन्। ९८ प्रकारका औषधी नि:शुल्क पाउने सरकारी नीति भए पनि स्वास्थ्य संस्थामा नि:शुल्क पाइने औषधीको ७५ प्रकारको रहेको छ। ५० शैयाको अत्याधुनिक अस्पतालको भवन भए पनि सेवा प्रवाहका हिसाबले उपकरण अभाव, विशेषज्ञ चिकित्सको अभाव रहेको छ।

जिल्लामा चार प्रतिशत बालबालिकामा पुड्कोपन, ५३ प्रतिशत बालबालिकामा कमतौल र दुई प्रतिशतमा रक्तअल्पता रहेको छ। जसमध्ये महिला ३५ प्रतिशत रहेका छन्।

स्वास्थ्य बीमाको प्रभावकारी कार्यान्वयन नहुँदा यसको प्रभावकारिता कमजोर हुँदै गएको छ। स्वास्थ्य बीमा लिन अपनाउनुपर्ने झन्झटिलो प्रकृयाका कारण यसप्रति सेवाग्राहीको चासो कम हुँदै गएको स्थानीयले बताए।

तालिका ८.६.७.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		३	३
यौन दुर्व्यवहार	१	४	५
जम्मा	१	७	८

महिला अधिकार					
घटनाको प्रकार	मेलमिलाप	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१०	१	२		१३
बलात्कार				४	४
बलात्कार प्रयास				२	२
जम्मा	१०	१	२	६	१९

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

(स्रोत : इन्सेक, २०२४)

८.६.८ रुकुम पश्चिम

जम्मा जनसङ्ख्या	१,६६,७४०
महिला	८५,६४९
घर परिवार सङ्ख्या	३७,२९०
घरजग्गामा महिलाको स्वामित्व	५,५८७
साक्षरता प्रतिशत	७५.७४
आश्रित जनसङ्ख्या	८७,३४६
अपाङ्गता भएका	४,२१६

यस वर्ष रुकुम पश्चिम जिल्लामा ज्यादतीका घटनामा ४५ जना महिला र नौ जना पुरुष गरी ५४ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा आठ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३५ जना महिला पीडित भए।

झडपमा घाइते

इलाका प्रहरी कार्यालय, बाँफिकोटमा कार्यरत प्रहरी जवान २५ वर्षीय महेन्द्रबहादुर शाही र २७ वर्षीय हिमराज खड्कालाई ०८० माघ १४ गते बाँफिकोट गाउँपालिका-३ स्यार्पुमा स्थानीयको झगडा छुट्टयाउन गएको बेला बाँफिकोट गाउँपालिका-४ का २८ वर्षीय लक्ष्मण विक, सोही ठाउँका २२ वर्षीय जनक खनाल, २२ वर्षीय कैलाश पुरी र १५ वर्षीय एक बालकले ढुङ्गा प्रहार गरी घाइते बनाए। प्रहरीले आरोपितहरूलाई सोही दिन गिरफ्तार गऱ्यो। घाइते प्रहरी जवानहरूको प्रारम्भिक उपचार जिल्ला अस्पताल र थप उपचार बाँकेको कोहलपुर मेडिकल कलेजमा भयो। जिल्ला अदालतका न्यायाधीश रामप्रसाद बस्यालको माघ फागुन ८ गतेको इजलासले लक्ष्मण विक, जनक खनाल, कैलाश पुरीलाई १ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गर्न अदेश दियो। १५ वर्षीय बालकलाई अभिभावकको जिम्मा लगाइएको इन्स्पेक्टर धर्मेन्द्र खड्काले बताए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता पाँच महिला र २० पुरुष गरी २५ जनाको रहेको छ। कारागारमा कैद तोकिएका १ सय २ जना पुरुष र चार जना महिला तथा कैद नतोकिएका ३८ जना पुरुष र चार जना महिला छन्। कारागारमा दुई जना आश्रित बालक छन्। क्षमताभन्दा ६ गुणा कैदीबन्दी भएकाले पालो मिलाएर सुत्नुपर्ने, शौचालय प्रयोगका लागि लामो समय कुर्नुपर्ने अवस्था रहेको छ। स्वास्थ्य परीक्षणका लागि एक जना जनस्वास्थ्य निरीक्षकको दरबन्दी रहेकोमा कार्यरत छन्। कारागार भवन जीर्ण भएकोले व्यवस्थापनमा समस्या हुने गरेको कारागारका नायब सुब्बा गौमता पुनले बताइन्। कपडा धुन र नुहाउनका लागि खोलाबाट पानी ल्याउने गरिएको पुनले बताइन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। यस वर्ष दर्ता भएका मुद्दामध्ये देवानी मुद्दातर्फ २ सय ५५ मध्ये १ सय ११ फैसला भए। फौजदारी मुद्दातर्फ १ सय ८ मध्ये ३९ थान फैसला भए।

तालिका ८.६.८.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		१	१	२
घाइते			३	३
हत्या		१	५	६
बाल अधिकार	बलात्कार	५		५
	सामूहिक बलात्कार	१		१
	यौन दुर्व्यवहार	२		२
	जम्मा	८		८
महिला अधिकार	घरेलु हिंसा	३४		३४
	बलात्कार	१		१
	जम्मा	३५		३५
कूल जम्मा		४५	९	५४

(स्रोत : इन्सेक, २०२४)

बाल अधिकार

यस वर्ष रुकुम पश्चिम जिल्लामा बलात्कार घटनामा पाँच, सामूहिक बलात्कारका एक र यौन दुर्व्यवहारका घटनामा दुई जना गरी आठ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा २ सय १६ प्रावि र २ सय ७ बालविकास, निमावि, ७९ मावि, आठ क्याम्पस रहेका छन्। विद्यालयमा भौतिक साधनको सुविधा, विज्ञान प्रयोगशाला, पुस्तकालय, इन्टरनेट, विद्युत सुविधा १० ओटा विद्यालयमामात्रै उपलब्ध छ।

गतवर्ष गएको भूकम्पका कारण जिल्लाका ४९ विद्यालय पूर्ण र २ सय १३ विद्यालय आंशिक क्षति भए। भूकम्पले विद्यालयको भवन क्षति हुँदा बालबालिकालाई अस्थायी सिकाइ केन्द्र निर्माण गरी पठनपाठ सुचारु गरिएको छ। २ सय ११ अस्थायी सिकाइ केन्द्र निर्माण भएपनि हावाहुरीले उडाएपछि ४१ ओटा पुनर्निर्माण भएका छन्। भूकम्पले क्षति भएका विद्यालयका पुनर्निर्माणको काम सुरु भएको छैन। विद्यालयमा शौचालय, खानेपानी, अपाङ्गतामैत्री कक्षाकोठाको नहुँदा बालबालिकालाई समस्या हुने गरेको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भन्दै ६० जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा ४४ उजुरीमा मेलमिलाप, १६ उजुरी सम्बन्ध विच्छेदका लागि अदालत गएको सेवा केन्द्रका प्रहरी सहायक हवल्दार कल्पना घर्तीले बताइन्।

यो वर्ष रुकुम पश्चिम जिल्लामा बलात्कारका घटनामा एक र घरेलु हिंसाका घटनामा ३४ जना गरी ३५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

वातावरण र मानव अधिकार

बसाइँसराइ

रुकुम पश्चिम जिल्लामा यो वर्ष २ सय ८४ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

रुकुम पश्चिममा इँटाभट्टा र सिमेन्ट उद्योग स्थापना भएको छैन।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष रुकुम पश्चिममा विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको छैन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

रुकुम पश्चिममा ३७ हजार २ सय ९० घरपरिवार सङ्ख्या रहेका छन्। जसमा पाँच प्रतिशत घरधुरीमा आधारभूत खानेपानीको पहुँच छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा तीन ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

रुकुमपश्चिम जिल्लामा १ सय ५० शैयाको चौरजहारी अस्पताल, जिल्लाको सदरमुकाममा एउटा १५ शैयाको जिल्ला अस्पताल, तीन नगर अस्पताल (चौरजहारी, आठबीसकोट र मुसिकोटमा) ३५ ओटा स्वास्थ्य चौकी रहेका छन्। ९८ प्रकारका औषधी निःशुल्क पाउने सरकारी नीति भए पनि स्वास्थ्य संस्थामा निःशुल्क पाइने औषधीको सङ्ख्या ७५ प्रकारको मात्र रहेको छ।

तालिका ८.६.८.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बलात्कार		६	६
यौन दुर्व्यवहार	१	१	२
जम्मा	१	७	८

महिला अधिकार				
घटनाको प्रकार	**मेलमिलाप**	**अपूर्ण**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा	२०	१३	१	३४
बलात्कार			१	१
जम्मा	२०	१३	२	३५

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
हत्या	१	५	६

(स्रोत : इन्सेक, २०२४)

८.६.९ सल्यान

जम्मा जनसङ्ख्या	२,३८,५१५
महिला	१,२३,५३३
घर परिवार सङ्ख्या	५४,६७२
घरजग्गामा महिलाको स्वामित्व	८,६४३
साक्षरता प्रतिशत	७७.३०
आश्रित जनसङ्ख्या	१,२२,०५२
अपाङ्गता भएका	६,८७२

यस वर्ष सल्यान जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक जना पुरुष पीडित भए। ज्यादतीका घटनामा ३५ जना महिला र तीन जना पुरुष गरी ३८ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ६ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २४ जना महिला पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता पाँच महिला र २० पुरुष गरी २५ जनाको रहेको छ। कारागारमा १६ महिला र १ सय २८ पुरुष गरी १ सय ४४ जना कैदीबन्दी छन्। आश्रित बालिका दुई र एक बालक गरी तीन जना छन्। कैदी-बन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि एक जनाको दरबन्दी रहेकोमा कार्यरत छन्। दीर्घरोगी आठ जना पुरुष छन्। कारागारमा १० जना ज्येष्ठ नागरिक रहेको जिल्ला कारागार प्रमुख भीम घर्तीले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीश दरबन्दी रहेकोमा कार्यरत छन्। यो वर्ष सरकारीवादी फौजदारी मुद्दातर्फ १ सय १६ थानमध्ये ४८ थान मुद्दा फैसला भए। दुनियावादी देवानी मुद्दातर्फ २ सय ४५ थानमध्ये १ सय १३ थान मुद्दा फैसला भए। दुनियावादी फौजदारीमा ३४ मुद्दामा २६ थान फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका कुनै मुद्दा छैनन्।

बाल अधिकार

यस वर्ष सल्यान जिल्लामा बलात्कार घटनामा तीन, हाडनाता करणीमा दुई र विद्यालयमा दिइने शारीरिक सजायमा एक जना गरी ६ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ५३ आधारभूत र ८६ माध्यमिक विद्यालय छन्। जिल्लामा १ हजार ३४ शिक्षक दरबन्दी छन्। यस वर्ष ३३ हजार ५ सय ४१ बालक र ३२ हजार ४ सय ४ जना बालिका विद्यालय भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय छैनन्। द्वन्द्वपीडित परिवारका १६ जना बालबालिकाले छात्रवृत्ति पाए।

बलात्कार

१० वर्षीया बालिकालाई ०८१ असार ३० गते बलात्कार गरेको भन्दै ५९ वर्षीय पुरुषविरुद्ध पीडित पक्षले असार ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। घटना लगत्तै फरार रहेका आरोपित असार ३१ गते घर नजिक झुण्डिएको अवस्थामा मृत भेटिएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर, भवानीप्रसाद धमलाले बताए। पीडितको स्वास्थ्य परीक्षण असार ३० गते जिल्ला अस्पतालमा भयो। शवको पोष्टमार्टम असार ३१ गते जिल्ला अस्पताल गरी सोही दिन परिवारले शव बुझी सद्गत गरे।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ६४ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका ४०, खानलाउन नदिएका, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका २४ उजुरी रहेका छन्। यीमध्ये प्रहरीले ५८ उजुरीमा मेलमिलाप गरायो भने ६ उजुरी कारबाही प्रक्रियामा रहेको सेवा केन्द्रका प्रमुख प्रहरी वरिष्ठ हवल्दार सुरेशबहादुर शाहीले बताए।

यो वर्ष सल्यान जिल्लामा बलात्कारका घटनामा चार, सामूहिक बलात्कार घटनामा एक, बोक्सीको आरोपमा एक र घरेलु हिंसाका घटनामा १८ जना गरी २४ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

तालिका ८.६.९.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट				२	२	४
हत्या				३		३
धम्की				१		१
अमानवीय व्यवहार		१	१		१	१
बाल अधिकार	विद्यालयमा दिइने शारीरिक सजाय				१	१
	हाडनाता करणी			२		२
	बलात्कार			३		३
	जम्मा			५	१	६
महिला अधिकार	घरेलु हिंसा			१८		१८
	'बोक्सी'को आरोप			१		१
	सामूहिक बलात्कार			१		१
	बलात्कार			४		४
	जम्मा			२४		२४
कूल जम्मा		१	१	३५	४	३९

(स्रोत : इन्सेक, २०२४)

पारिवारिक हत्या

सिद्धकुमाख गाउँपालिका-४ सागिनेकी २७ वर्षीया केवली राणालाई पति ३२ वर्षीय केशव राणाले ०८१ जेठ १ गते बञ्चरोले घाँटीमा प्रहार गरी हत्या गरे। आरोपितले सोही दिन घर नजिकैको रुखमा झुण्डिएर आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर भवानीप्रसाद धमलाले बताए। पीडित १३ दिनको सुत्केरी थिइन्। आर्थिक अवस्था कमजोर, मदिरा सेवन र मानसिक स्वास्थ्य ठिक नभएका कारण घटना भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीको भनाइ छ।

'बोक्सी'को आरोप

शारदा नगरापालिका-६, बरालाकी ५४ वर्षीया सङ्गीता बुढाथोकीलाई सोही ठाउँ बस्ने १८ वर्षीया अनीता बुढाथोकीले ०८१ कात्तिक २७ गते बोक्सीको आरोप लगाएको भन्दै जिल्ला प्रहरी कार्यालय सल्यानको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा कात्तिक २८ गते उजुरी दिइन्। प्रहरीले दुवै पक्ष राखेर कात्तिक ३० गते माफी मगाइ मिलापत्र गरायो।

वातावरण र मानव अधिकार

बसाइँसराइ

सल्यान जिल्लामा यो वर्ष ७ सय १६ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

सल्यानमा इँटाभट्टा र सिमेन्ट उद्योग स्थापना भएको छैन।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष सल्यानमा विषालु च्याउको सेवनबाट सात जना बिरामी भए।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

सल्यानमा ५४ हजार ६ सय ७२ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ३७ प्रतिशत घरधुरीमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा १५ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, तीन नगर अस्पताल, ४५ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र ३५ आधारभूत स्वास्थ्य केन्द्र र आठ सामुदायिक स्वास्थ्य इकाइ, पाँच सहरी स्वास्थ्य केन्द्र छन्। सरकारी अस्पतालमा ६ जना विशेषज्ञको दरबन्दीमा चार रिक्त छन्। अन्य आठौं तहका दुई जना विशेषज्ञले काम गरिरहेका छन्। २९ जना स्वास्थ्यकर्मीको दरबन्दीमा ६७ जना करार कार्यरत छन्। यस जिल्लामा यस वर्षको अन्त्यसम्म २ हजार ३ सय ५३ जनाले बीमा कार्यक्रमबाट सेवा लिएका छन्।

तालिका ८.६.९.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मेलमिलाप	अपूर्ण	कानुनी दायरामा ल्याइएका	जम्मा
विद्यालयमा दिइने शारीरिक सजाय	१			१
बलात्कार		१	४	५
जम्मा	१	१	४	६

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	अपूर्ण	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१७	१		१८
'बोक्सी'को आरोप	१			१
बलात्कार			५	५
जम्मा	१८	१	५	२४

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	३	३

(स्रोत : इन्सेक, २०२४)

८.६.१० सुर्खेत

जम्मा जनसङ्ख्या	४,१५,१२६
महिला	२,१५,३८६
घर परिवार सङ्ख्या	९७,८२२
घरजग्गामा महिलाको स्वामित्व	१९,४९७
साक्षरता प्रतिशत	८२.७१
आश्रित जनसङ्ख्या	२,०५,९९५
अपाङ्गता भएका	१२,२२३

यस वर्ष सुर्खेत जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक महिला र एक पुरुष गरी दुई जना पीडित भए। ज्यादतीका घटनामा २ सय ८२ जना महिला र १५ जना पुरुष गरी २ सय ९७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ४६ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २ सय ३० जना महिला पीडित भए। जातीय विभेदका घटनामा तीन जना महिला र तीन पुरुष गरी ६ जना पीडित भए।

कुटपिट

राज्यपक्षबाट

दैलेखको डुङ्गेश्वर गाउँपालिका-१, बेलापाटा स्थायी घर भई हाल वीरेन्द्रनगर नगरपालिका-९ लाटीकोइली बस्दै आएकी ३२ वर्षीया मानकुमारी खत्रीलाई ०८० पुस १८ गते प्रहरीले जिल्ला प्रहरी कार्यालयमा कुटपिट गर्दै एक रात हिरासतमा राखेको आरोप पीडितले लगाइन्। ४४ पति वर्षीय कृष्णबहादुर खत्री बहुविवाह कसुरमा धरौटीमा छुटेको खबर बुझ्न जिल्ला प्रहरी कार्यालयमा जाँदा प्रहरीले अदालतबाट भएको सबै प्रक्रियाबारे जानकारी दिएको तर आफ्नो पीडा थाम्न नसकेर पीडितले प्रहरीलाई पैसा खाएर



छोडेको भनेपछि प्रहरीले कुटपिट गर्दै एक रात हिरासतमा राखेको पीडितले बताइन्। हिरासतभित्र बिरामी परेपछि मानकुमारीको सोही रात प्रदेश अस्पतालमा उपचार भयो। प्रहरीले पुस १९ गते पीडितलाई बिना सर्त रिहा गऱ्यो।

दुर्व्यवहार

अन्यपक्षबाट

गुर्भाकोट नगरपालिका-७ मेलहलकुनास्थित डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडका शाखा प्रमुख ३३ वर्षीय दीपेन्द्र कट्टेललाई माघ २५ गते मोसो दलेर दुर्व्यवहार गरेको आरोपमा वैद्य नेतृत्वको क्रान्तिकारी माओवादीका कार्यकर्ता गुर्भाकोट नगरपालिका-९ का २० वर्षीय विष्णुहरि घर्ती र मुगु जिल्लाको सोरु गाउँपालिका-८ का २५ वर्षीय रामबहादुर विक विरुद्ध पीडितले इलाका प्रहरी कार्यालय, छिन्चुमा माघ २५ गते उजुरी दिए। प्रहरीले आरोपितहरूलाई माघ २५ गते गिरफ्तार गऱ्यो। तीन जनाको समूहमा कार्यालयमा आएका उनीहरूले 'केही कुरा सोधपुछ गर्नु छ' भनी एसिड र अलकत्रा निकालेर अनुहार तथा शरीरमा दलेर भागेका थिए। जिल्ला प्रशासन कार्यालयको फागुन ४ गतेको आदेशले आरोपितहरू १० हजार रुपियाँ धरौटीमा रिहा भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ३० महिला र ७० पुरुष गरी १ सय जनाको रहेको छ। कारागारमा ३७ महिला र ३ सय ७९ पुरुष गरी ४ सय १६ जना कैदीबन्दी छन्। कारागारमा दुई जना आश्रित बालिका रहेका छन्। कैदी-बन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा कार्यरत छन्। क्षमताभन्दा चार गुणा कैदीबन्दी

तालिका ८.६.१०.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट		१	१	२		५	५
अमानवीय व्यवहार						१	१
घाइते						२	२
हत्या					४	२	६
जातीय विभेद					३	३	६
धम्की					१		१
बाल अधिकार	बाल विवाह				१		१
	बेचबिखन तथा ओसारपसार				१		१
	विद्यालयमा दिइने शारीरिक सजाय					२	२
	सामूहिक बलात्कार				१		१
	हाडनाता करणी				१		१
	बलात्कार				३६		३६
	यौन दुर्व्यवहार				४		४
	जम्मा				४४	२	४६
महिला अधिकार	घरेलु हिंसा				१९५		१९५
	साइबर अपराध				१		१
	दाइजोजनित हिंसा				१		१
	बलात्कार				३०		३०
	बलात्कार प्रयास				२		२
	बेचबिखन तथा ओसारपसार				१		१
	जम्मा				२३०		२३०
कूल जम्मा		१	१	२	२८२	१५	२९७

(स्रोत : इन्सेक, २०२४)

राखिएकाले व्यवस्थापनमा समस्या हुने गरेको कारागार प्रशासनले जनायो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

जिल्ला अदालतमा तीन जना न्यायाधीश दरबन्दी रहेकोमा कार्यरत छन्। यो वर्ष फौजदारी मुद्दातर्फ ९ सय ४९ थानमध्ये २ सय ७६ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ८ सय ८७ थानमध्ये ३ सय ३३ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १५ थान छन् भने देवानी मुद्दा ७ थान बाँकी छन्।

उच्च अदालत, सुर्खेत

सात जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत सुर्खेतमा तीन जना न्यायाधीशको दरबन्दी रिक्त छ। यस वर्षका लागि दुनियावादी देवानीका २२ थान, दुनियावादी फौजदारीका नौ थान, सरकारवादी फौजदारीका १ सय थान र सुरू क्षेत्राधिकारबाट पाँच थान मुद्दा जिम्मेवारी सरेका थिए। अघिल्लो वर्षका जिम्मेवारी सरेका समेत २ सय ८३ थान मुद्दा फैसला भए।

बाल अधिकार

यस वर्ष सुर्खेत जिल्लामा बलात्कार घटनामा ३६, हाडनाता करणीका एक, सामूहिक बलात्कारका एक, यौन दुर्व्यवहारका चार, बेचबिखन तथा ओसारपसारका घटनामा एक, विद्यालयमा दिइने शारीरिक सजायमा दुई र बालविवाहका घटनामा एक गरी ४६ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

शिक्षाको अवस्था

जिल्लामा ३ सय ८५ आधारभूत र १ सय ८ माध्यमिक विद्यालय छन्। १ हजार १ सय ९१ शिक्षक दरबन्दी रहेकामा १ सय दरबन्दी मिलान हुन बाँकी

छ। यस वर्ष ४ हजार ६ सय ६९ बालक र ४ हजार २ सय ४९ जना बालिका विद्यालयमा भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय १० ओटा छन्। द्वन्द्वपीडित परिवारका २७ जना बालबालिकाले छात्रवृत्ति पाए।

बलात्कार

१५ वर्षीया बालिकालाई ०८० फागुन ३ गते बलात्कार गरेको आरोपमा वीरेन्द्रनगर नगरपालिका-९ लाटीकोइलीका २० वर्षीय राजेन्द्र खड्काविरुद्ध पीडित पक्षले फागुन ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन १० गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतको ०८१ असार २४ गतेको इजलासले आरोपितलाई दोषी ठहर गर्दै १० वर्ष कैद सजाय सुनायो।

१२ वर्षीया बालिकालाई ०८१ असार २३ गते बलात्कार गरेको भन्दै वीरेन्द्रनगर नगरपालिका-१० का १९ वर्षीय अरुण सिंहविरुद्ध पीडित पक्षले असार २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले असार २५ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतको मङ्सिर १९ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै १० वर्ष कैद सजाय सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३ सय ७४ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका २ सय १९, खानलाउन नदिएका ४४, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका १ सय १ जना र अर्की पत्नी ल्याएर हेला गरेको १० उजुरी छन्। प्रहरीले २ सय ८१ उजुरीमा मेलमिलाप गरायो भने ९३ उजुरी कारबाही प्रक्रियामा रहेको सेवा केन्द्रकी प्रमुख सङ्गीता रसाइलीले बताइन्।

यो वर्ष सुर्खेत जिल्लामा बलात्कारका घटनामा ३०, बलात्कार प्रयासका घटनामा दुई, बेचबिखन तथा ओसारपसार घटनामा एक, दाइजो घटनाका एक, साइबर अपराधका एक र घरेलु हिंसाका घटनामा १ सय ९५ जना गरी २ सय ३० जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

बलात्कार

२९ वर्षीया महिलालाई ३२ वर्षीय पतिले ०८१ वैशाख २३ गते मादक पदार्थ सेवन गरी आफ्नो इच्छा विपरीत बलात्कार गरेको भन्दै पीडित महिलाले वैशाख २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले वैशाख २४ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतको मङ्सिर ९ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै ६ वर्ष कैद सजायको फैसला सुनायो।

३९ वर्षीया महिलालाई ०८१ साउन २१ गते बलात्कार गरेको भन्दै भेरीगङ्गा नगरपालिका-१२ का ३९ वर्षीय भीमबहादुर कामीविरुद्ध पीडित पक्षले साउन २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन २४ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतको मङ्सिर २८ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै ६ वर्षको कैद सजायको फैसला सुनायो।

साइबर अपराध

३१ वर्षीया महिलालाई बराहताल गाउँपालिका-५ का ४३ वर्षीय पुरुषले सामाजिक सञ्जाल फेसबुकमा विभिन्न आक्षेप लगाइ फोटोहरू हालेर चरित्र हत्या गरेको आरोपमा पीडितले ०८१ मङ्सिर ८ गते जिल्ला प्रहरी कार्यालय, सुर्खेतमा उजुरी दिइन्। आरोपित भारतमा रहेका कारण यस वर्षको अन्त्यसम्म गिरफ्तार नभएको प्रहरीले जनायो।

वातावरण र मानव अधिकार

बसाइँसराइ

सुर्खेतमा यो वर्ष १ हजार २ सय ४० जना बसाइँसराइ गरी जिल्ला बाहिर गए।

स्रोत : स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

सुर्खेत जिल्लामा ६ ओटा इँटाभट्टा र दुई ओटा सिमेन्ट उद्योग रहेका छन्।

स्रोत: घरेलु तथा सना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष सुर्खेतमा विषालु च्याउको सेवनबाट तीन जना बिरामी भए।

स्रोत : जिल्ला प्रहरी कार्यालय

खानेपानी

सुर्खेतमा ९७ हजार ८ सय २२ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ७५ प्रतिशत घरधुरीमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा ३३ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, चार नगर अस्पताल (तीन निर्माणाधीन), ४७ स्वास्थ्य चौकी, ४७ प्राथमिक स्वास्थ्य केन्द्र, ४७ आधारभूत स्वास्थ्य केन्द्र, नौ नगर स्वास्थ्य केन्द्र र ३१ वटा सामुदायिक स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा ३ सय २५ जना विशेषज्ञको दरबन्दीमा २ सय ३४ जनाको दरबन्दी रिक्त छ। ९१ जना स्वास्थ्यकर्मीको दरबन्दीमा २ सय ८१ करारमा कार्यरत छन्। यस जिल्लामा यस वर्षको अन्त्यसम्म ४ लाख १५ हजार १ सय २६ जना र ३५ हजार ७ सय २ घरपरिवारले बीमा कार्यक्रमबाट सेवा लिएका छन्।

तालिका ८.६.१०.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बाल विवाह	१				१
बेचबिखन तथा ओसारपसार				१	१
बलात्कार	२		१२	२४	३८
विद्यालयमा शारीरिक सजाय		२			२
यौन दुर्व्यवहार			३	१	४
जम्मा	३	२	१५	२६	४६

महिला अधिकार						
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		१३१	१	३	६१	१९५
साइबर अपराध				१		१
बलात्कार	२			७	२१	३०
बलात्कार प्रयास					२	२
दाइजोजनित हिंसा		१				१
बेचबिखन तथा ओसारपसार				१		१
जम्मा	२	१३१	१	१२	८४	२३०

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	५	६

(स्रोत : इन्सेक, २०२४)

परिच्छेद

८

८.७ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरू

सुदूरपश्चिम प्रदेश

८.७.१ बाजुरा

जम्मा जनसङ्ख्या	१,३८,५२३
महिला	७१,४५३
घर परिवार सङ्ख्या	२८,०४१
घरजग्गामा महिलाको स्वामित्व	१,१६९
साक्षरता प्रतिशत	७१.२४
आश्रित जनसङ्ख्या	७८,१११
अपाङ्गता भएका	४,४४५

यस वर्ष बाजुरा जिल्लामा ज्यादतीका घटनामा ३३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा सात जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २६ जना महिला पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता २५ जनाको रहेको छ। कारागारमा कैद तोकिएका ४३ र कैद नतोकिएका २५ जना गरी ६८ कैदीबन्दी रहेका छन्। महिला कैदीबन्दीहरूलाई अछाम र डोटी कारागार पठाउने गरिएको छ। कारागार जीर्ण हुँदा वर्षात्को समयमा कैदीबन्दीहरूलाई सुत्न र बस्न समस्या हुने गरेको छ। कारागार पुनर्निर्माणका लागि पटक पटक पहल गरिएको भए पनि सुनुवाइ नभएको जेलर अनिलकुमार तिवारीले बताए। कारागारमा ६५ वर्ष माथिका चार जना ज्येष्ठ नागरिक छन्। कारागारमा खेलकुद तथा मनोरञ्जनका सामग्री छैनन्। सीपमूलक तालिम सञ्चालन हुन नसकेको कैदी डम्मर रोकायाले बताए। क्षमता भन्दा झण्डै तीनगुणा कैदीबन्दी भएकाले पालो मिलाएर सुत्नुपर्ने, शौचालय प्रयोगका लागि लामो समय कुर्नुपर्ने अवस्था छ। एकै कोठामा चार/पाँच जना सुत्नु पर्दा बिरामी हुने गरेको कैदी नरपति चँदाराले बताए। कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि एक जना हेल्थ असिस्टेन्ट करारमा कार्यरत छन्।

तालिका ८.७.१.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट	
		महिला	जम्मा
बाल अधिकार	बलात्कार	७	७
	जम्मा	७	७
महिला अधिकार	घरेलु हिंसा	२३	२३
	बलात्कार	२	२
	वैवाहिक बलात्कार	१	१
	जम्मा	२६	२६
कूल जम्मा		३३	३३

(स्रोत : इन्सेक, २०२४)

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। यस वर्ष जिल्ला अदालतमा फौजदारीतर्फ ७६ थान मुद्दा दर्ता भएकोमा २४ थान मुद्दा फैसला भए भने ५२ थान मुद्दा बाँकी रहे। देवानीतर्फ ३० थान मुद्दा दर्ता भएकोमा १२ थान मुद्दा फैसला भए भने १८ थान मुद्दा बाँकी रहे। दुई वर्ष भन्दा पुराना फौजदारीतर्फ एक थान मात्रै फैसला हुन बाँकी छ। एक वर्ष अगाडि जिम्मेवारी सरेर आएका फौजदारीतर्फ ११ थान र देवानीतर्फ तीन थान मुद्दा फैसला हुन बाँकी छन्। दरबन्दी अनुसारका कर्मचारी अभाव र पुरानो जीर्ण भवनबाट सेवा प्रदान गरिएकोले सेवाप्रवाह प्रभावकारी हुन नसकेको जिल्ला अदालतका स्रेस्तेदार शंकरप्रसाद अधिकारीले बताए।

बाल अधिकार

यस वर्ष बाजुरा जिल्लामा बलात्कार घटनामा सात जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये अपाङ्गता भएका एक जना बालिका पीडित भइन्।

शिक्षाको अवस्था

जिल्लामा १ सय ८० आधारभूत, ६७ माध्यमिक विद्यालय छन्। विद्यालयमा निःशुल्क सेनिटरी प्याड खरिद गरी वितरणको जिम्मा स्थानीय तहमा छ। स्थानीय तहले समयमा खरिद नगर्ने र गुणस्तरीय नहुँदा समस्या भएको श्री दुधिर आधारभूत विद्यालयकी शिक्षिका चन्द्रकला शाहले बताइन्। विद्यालयहरूमा शिक्षक, भौतिक संरचना, अपाङ्गतामैत्री भवन, खानेपानी, शौचालयको अभाव रहेको छ। खेल मैदान नहुँदा खेलकुद र अतिरिक्त क्रियाकलापमा कमजोर रहेको बडिमालिका नगरपालिकाका शिक्षा शाखा प्रमुख रंगमल विकले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु तथा लैङ्गिक हिंसा पीडित भन्दै ६६ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा खान बस्न नदिएको भन्दै २९, गालीगलौज गरी कुटपिट गरेका २४, घरनिकाला गरेका दुई र लैंङ्गिक हिंसाका ११ उजुरी थिए। घरेलु हिंसाका ५५ उजुरीमध्ये ४९ उजुरी र लैङ्गिक हिंसाका ११ उजुरीमा मेलमिलाप भयो। घरेलु हिसाका ६ उजुरीमा मेलमिलाप हुन नसकेपछि सम्बन्धित निकायमा जान सुझाव दिएको सेवा केन्द्रका प्रमुख पुष्पा गिरीले बताइन्।

यो वर्ष बाजुरा जिल्लामा बलात्कारका घटनामा दुई, वैवाहिक बलात्कार घटनामा एक र घरेलु हिंसाका घटनामा २३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

वातावरण र मानव अधिकार

बसाइँसराइ

बाजुरा जिल्लामा यो वर्ष २ सय ५६ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

तालिका ८.७.१.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
बाल अधिकार	१	१

(स्रोत : इन्सेक, २०२४)

इँटाभट्टा र सिमेन्ट उद्योग

बाजुरामा इँटाभट्टा र सिमेन्ट उद्योग स्थापना भएको छैन।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष बाजुरामा विषालु च्याउको सेवनबाट मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

बाजुरामा २८ हजार ४१ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा १९ प्रतिशत घरपरिवारमा खानेपानीका धाराको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा आठ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

एक जिल्ला अस्पताल, एक प्राथमिक स्वास्थ्य केन्द्र र २७ स्वास्थ्य चौकी रहेका छन्। नेपाल सरकारले निःशुल्क भनी तोकेका औषधी स्वास्थ्य संस्थामा उपलब्ध नहुँदा सिटामोल समेत किन्नु परेको बडिमालिका नगरपालिकाका लक्ष्मीराज पाध्यायले बताए।

जिल्ला अस्पतालको भवन निर्माण कार्य पूरा भई सञ्चालनमा आएको छ। अस्पतालमा दक्ष चिकित्सक र उपचारमा प्रयोग हुने सामग्री नहुँदा बिरामीलाई अन्यत्र रेफर गर्नुपर्ने बाध्यता रहेको अस्पतालका सूचना अधिकारी नृप गिरीले बताए। गरिब, द्वन्द्वपीडित, लैङ्गिक हिंसा पीडितलाई २ हजार ५ सय रुपियाँसम्मको र भर्ना भएका बिरामीलाई ५ हजार रुपियाँ बराबरको उपचार अस्पतालले निःशुल्क गर्ने गरेको गिरीले बताए।

तालिका ८.७.१.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	६	७
जम्मा	१	६	७

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	२३			२३
बलात्कार		२	१	३
जम्मा	२३	२	१	२६

(स्रोत : इन्सेक, २०२४)

८.७.२ बझाङ

जम्मा जनसङ्ख्या	१,८९,०८५
महिला	१,००,६१५
घर परिवार सङ्ख्या	३८,०२५
घरजग्गामा महिलाको स्वामित्व	२,२५९
साक्षरता प्रतिशत	७०.५४
आश्रित जनसङ्ख्या	१,०८,८२४
अपाङ्गता भएका	४,३३९

यस वर्ष बझाङ जिल्लामा ज्यादतीका घटनामा ७७ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा नौ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६७ जना महिला पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता २५ जनाको रहेको छ। कारागारमा कैद तोकिएका ५६ जना र कैद नतोकिएका १२ जना गरी ६८ जना कैदीबन्दी रहेका छन्। कारागारमा तीन जना ज्येष्ठ नागरिक छन्। महिला कैदीबन्दीका लागि बनाइएको भवनमा पुरुष कैदीबन्दी राखिएको छ। क्षमताभन्दा झण्डै दुई गुणा बढी कैदीबन्दी राखिएका कारण पालो कुरेर सुत्नुपर्ने, शौचालय प्रयोगका लागि लामो समय कुर्नुपर्ने अवस्था छ। कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि एक जना हेल्थ असिस्टेन्ट कार्यरत छन्। कारागारमा खेलकुद सामग्री नभएको र पुस्तकालयको व्यवस्था गरिएको भए पनि किताबको अभाव रहेको जेलर राजेन्द्र फडाराले बताए। कैदीबन्दीका लागि हाते होजियारी लगायतका सीपमूलक तालिमको व्यवस्था गरिएको छ। ८१ जनाको क्षमता भएको नयाँ कारागार भवन निर्माण भइरहेको छ।



सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। अदालतमा यस वर्ष फौजदारी मुद्दातर्फ ४५ थान मुद्दा र देवानी मुद्दातर्फ ५२ थान मुद्दा दर्ता भए। जसमा २३ थान फौजदारी र २९ थान देवनी मुद्दा फैसला भए। यस वर्ष फौजदारी २२ थान र देवानी २३ थान मुद्दा फैसला हुन बाँकी रहेको अदालतका वरिष्ठ सुब्बा अक्कल रावलले बताए। दुई वर्ष नाघेका फौजदारी र देवानी मुद्दा जिल्ला अदालतमा छैनन्।

बाल अधिकार

यस वर्ष बझाङ जिल्लामा बलात्कारका घटनामा आठ जना र सामूहिक बलात्कारका घटनामा एक गरी नौ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये अपाङ्गता भएका एक जना

तालिका ८.७.२.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट	
		महिला	जम्मा
हत्या		१	१
बाल अधिकार	बलात्कार	८	८
	सामूहिक बलात्कार	१	१
	जम्मा	९	९
महिला अधिकार	घरेलु हिंसा	६५	६५
	सामूहिक बलात्कार	१	१
	यौन दुर्व्यवहार	१	१
	जम्मा	६७	६७
कूल जम्मा		७७	७७

(स्रोत : इन्सेक, २०२४)

तालिका ८.७.२.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
बाल अधिकार	१	१

(स्रोत : इन्सेक, २०२४)

बालिका पीडित भइन्।

शिक्षाको अवस्था

जिल्लामा ५ सय ९८ आधारभूत, ८९ मावि र उच्च मावि रहेका छन्। विद्यालयमा खेलकुद, विज्ञान प्रयोगशाला, पुस्तकालय, इन्टरनेट, विद्युतीय सुविधा जिल्लाका ८९ विद्यालयमा उपलब्ध रहेको शिक्षा विकास तथा समन्वय इकाइ, बझाङका सूचना अधिकारी बसन्तबहादुर सिंहले बताए।

गत वर्षको भूकम्पका कारण जिल्लाका १० विद्यालय पूर्णरूपमा क्षति भए। २ सयभन्दा बढी विद्यालय भवनहरू चर्किएका थिए। क्षति भएका भवन पुनर्निर्माण नहुँदा विद्यार्थीहरू खुला चौरमा पठनपाठन गर्न बाध्य छन्।

हत्या

दुई वर्षीया बालिकालाई २०८१ मङ्सिर २ गते कुटपिट गरी हत्या गरेको भन्दै सूर्मा गाउँपालिका-१ नाउलाका ३५ वर्षीय सौतेलो बाबु प्रेम बोहराविरुद्ध पीडित पक्षले मङ्सिर २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई मङ्सिर २ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश सुदर्शन लामिछानेको मङ्सिर २७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गर्‍यो।

बलात्कार, यौन दुर्व्यवहार

१० वर्षीया बालिकालाई ०८० पुस २४ गते बलात्कार गरेको आरोपमा खप्तडछान्ना गाउँपालिका-६ का ३० वर्षीय जनक आग्रीविरुद्ध पीडित पक्षले पुस २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २४ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश सुर्दशन लामिछानेको चैत ४ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै १२ वर्ष ६ महिना कैद र ३ लाख ५० हजार रुपियाँ जरिबाना गर्ने फैसला सुनाएको जिल्ला अदालतका नायब सुब्बा सुशील सुवर्णकारले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४२ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। घरबाट निकाला गरिएका, मानसिक यातना, खानलाउन नदिएको र घरेलु हिंसा गरेको भन्दै सेवा केन्द्रमा आएका उजुरीहरूमा दुवैपक्षलाई बोलाई छलफल गरी दुवैपक्षको सहमतिमा मेलमिलाप गरी घर पठाउने गरिएको छ। तर, बहुविवाह, सम्बन्धबिच्छेद, जबरजस्तीकरणी जस्ता घटनामा आएका उजुरीहरूलाई कानुनी प्रकृयाका लागि अपराध अनुसन्धान शाखामा पठाउने गरिएको छ।

जिल्लामा मदिरा र बालविवाह न्युनीकरण नगरेसम्म घरेलु हिंसामा कमी नआउने सेवा केन्द्रका प्रहरी कपुर खत्रीले बताए। घरेलु हिंसाका ९० प्रतिशत घटनामा मेलमिलाप हुने गरेको उनले बताए।

यस वर्ष बझाङ जिल्लामा सामूहिक बलात्कारका घटनामा एक जना, यौन दुर्व्यवहारका घटनामा एक जना र घरेलु हिंसाका घटनामा ६५ गरी ६७ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

वातावरण र मानव अधिकार

बसाइँसराइ

बझाङमा यो वर्ष ४ सय ६५ जना जिल्ला बाहिर बसाइँसराइ गरी गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

ईंट्टाभट्ट र सिमेन्ट उद्योग

बझाङमा ईंटाभट्टा दुई ओटा रहेका छन्।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष बझाङ जिल्लामा एक जना महिला सहित पाँच जना विषालु च्याउ खाएर बिरामी भए। विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

बझाङमा २८ हजार २५ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ३४ प्रतिशत घरपरिवारमा खानेपानीका धाराको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा १५ ओटा सार्वजनिक शौचालय छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, तीन निजी अस्पताल तथा पोलिक्लिनिक, दुई प्राथमिक स्वास्थ्य केन्द्र, ४५ स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्र, ४३ सहरी स्वास्थ्य इकाइ, पाँच सामुदायिक स्वास्थ्य इकाइ र २१ प्रसूती केन्द्र रहेका छन्। सदरमुकाम स्थित सरकारी अस्पतालमा दुईजना विशेषज्ञको दरबन्दी रहेकोमा रिक्त छ।

ज्येष्ठ नागरिकका लागि नि:शुल्क स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत २१ हजार ७ सय ४१ जनाको बीमा गरिएको छ। अस्पतालले सेवा प्रवाह गर्ने क्रममा ज्येष्ठ नागरिकलाई पहिलो प्राथमिकता दिने गरेको छ। जिल्लामा ४३ हजार ७ सय ४८ जनाले स्वास्थ्य बीमा गरेको स्वास्थ्य बीमा बोर्ड, बझाङका दर्ता अधिकारी खगेन्द्र भट्टले बताए।

तालिका ८.७.२.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	३	३	३	९
जम्मा	३	३	३	९

महिला अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	जम्मा
घरेलु हिंसा		६५		६५
बलात्कार			१	१
यौन दुर्व्यवहार	१			१
जम्मा	१	६५	१	६७

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

(स्रोत : इन्सेक, २०२४)

८.७.३ दार्चुला



जम्मा जनसङ्ख्या	१,३३,३१०
महिला	६८,८८६
घर परिवार सङ्ख्या	२८,३८१
घरजग्गामा महिलाको स्वामित्व	१,५७४
साक्षरता प्रतिशत	७७.७७
आश्रित जनसङ्ख्या	६६९,१८१
अपाङ्गता भएका	२,७८५

यस वर्ष दार्चुला जिल्लामा ज्यादतीका घटनामा ५८ जना महिला र पाँच जना पुरुष गरी ६३ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ५५ जना महिला पीडित भए।

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्न पाउने अधिकार

हत्या

अन्य पक्षबाट

नौगाड गाउँपालिका-१ का ५५ वर्षीय धङ्के भनिने धनसिंह डडालको सोही ठाउँ बस्ने ५३ वर्षीय जयसिंह डडालले २०८१ असार ८ गते चलाएको गोली लागेर घटनास्थलमै मृत्यु भयो। शिकार खेल्ने क्रममा जयसिंह डडालले बोकेको बन्दुक पड्केर झाडीमा पासो थापेर बसेका धनसिंहको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर एवम् सूचना अधिकारी ज्ञानेन्द्रबहादुर सिंहले बताए। जयसिंहले असार ८ गते प्रहरी चौकी, दल्लेखमा आत्मसमर्पण गरे। जिल्ला अदालतका न्यायाधीश पुष्पराज पाण्डेको असोज ७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गर्‍यो।

मालिकार्जुन गाउँपालिका-५ निवासी वडा नम्बर ५ का वडासचिव ४६ वर्षीय गंगाराम लुहारलाई ०८० चैत १६ गते भीरबाट लडाएर हत्या गरेको भन्दै मालिकार्जुन गाउँपालिका-५ का ३२ वर्षीय किशोर पाल, ४२ वर्षीय श्यामबहादुर पाल र ३० वर्षीय केशबबहादुर पालविरुद्ध पीडित पक्षले चैत २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितहरूलाई चैत २९ गते गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर ज्ञानेन्द्रबहादुर सिंहले बताए। जिल्ला अदालतका न्यायाधीश धुव्रकुमार ढकालको ०८१ वैशाख १८ गतेको इजलासले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला नभएको सूचना अधिकारी गणेशबहादुर विष्टले बताए।

कुटपिट

अन्यपक्षबाट

सामुदायिक प्रहरी बङ्गाबगडमा कार्यरत प्रहरी हवल्दार जयबहादुर खड्का र प्रहरी जवान डम्बरबहादुर ठगुन्नालाई ०८० माघ ६ गते ड्युटीमा खटिएको अवस्थामा महाकाली नगरपालिका-१ का २१ वर्षीय उमेशसिंह कुँवरले चक्कु प्रहार गरी घाइते बनाए। आरोपित कुँवरलाई प्रहरीले फागुन २२ गते महाकाली नपा-४ खलंगाबाट गिरफ्तार गर्‍यो। चक्कु प्रहारबाट ठगुन्नाको आँखाको तल्लो भागमा चोट लाग्यो। घाइतेहरूको उपचार जिल्ला अस्पतालमा भएको इन्स्पेक्टर गोविन्द भण्डारीले बताए। कुँवर जिल्ला प्रहरी कार्यालयको हिरासतबाट फागुन २८ गते

भाग्न खोजेपछि उनलाई समात्न खोज्दा प्रहरी जवान सोहन चौधरीको भीरबाट खसेर मृत्यु भयो। कुँवरले घरमा बन्दी बनाइ आफूलाई कुटपिट गर्ने गरेको भन्दै आरोपितकी पत्नीले माघ ६ गते प्रहरीमा उजुरी दिएपछि गिरफ्तार गर्न गएका प्रहरीमाथि उनले चक्कु प्रहार गरी फरार भएका थिए। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयमार्फत माघ १५ गते बन्धक बनाएको, ज्यान मार्ने उद्योग र जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको चैत १६ गतेको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा छन्। मुद्दा फैसला हुन बाँकी रहेको जिल्ला अदालत दार्चुलाले जनायो। पीडित महिलाले ०८१ असार २३ गते महाकाली नदीमा हामफालेर आत्महत्या गरिन्। उनको शव भेटिएन।

शैल्यशिखर नगरपालिकाका सहायक लेखापाल शेरबहादुर विष्टलाई ०८० चैत १६ गते गालीगलौज, हातपात, कुटपिट गरी कार्यालयको प्रिन्टर लगायतका समान तोडफोड गरेको आरोपमा शैल्यशिखर नगरपालिका-९ का धनबहादुर विष्टलाई प्रहरीले चैत १६ गते गिरफ्तार गर्‍यो। जिल्ला प्रशासन कार्यालय, दार्चुलाका प्रमुख जिल्ला अधिकारी किरण जोशीले आरोपितलाई ३ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। मुद्दाको फैसला हुन बाँकी रहेको जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी हेमन्ती साउदले बताइन्।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता १५ महिलासहित ४० जनाको रहेको छ। कारागारमा कैद तोकिएका ५४ पुरुष तथा कैद नतोकिएका एक महिला र ३१ पुरुष गरी ८५ जना कैदीबन्दी रहेका छन्। पुरुष कैन्दीबन्दीको सङ्ख्या कारागारको क्षमताभन्दा दोब्बर रहेको छ। कारागारको भवन जीर्ण छ। कारागारमा खानेपानी, शौचालय, पुस्तकालय, खेलकुदका सामग्रीको व्यवस्था गरिएको छ। कैदीबन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि एक जना अहेव कार्यरत छन् ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। यो वर्ष अदालतमा फौजदारी मुद्दातर्फ ९२ थान र देवानी मुद्दातर्फ ६८ थान दर्ता भए। जसमा फौजदारी मुद्दा ३४ थान र देवानी मुद्दा ४२ थान फैसला भए। मुद्दाहरूको अङ्ग

तालिका ८.७.३.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			१	१
घाइते			२	२
हत्या			२	२
बाल अधिकार	बलात्कार	१		१
	हाडनाता करणी	१		१
	यौनदुर्व्यवहार	१		१
	जम्मा	३		३
महिला अधिकार	घरेलु हिंसा	५२		५२
	बलात्कार	१		१
	बलात्कार प्रयास	२		२
	जम्मा	५५		५५
कूल जम्मा		५८	५	६३

(स्रोत : इन्सेक, २०२४)

पुर्‍याउन ढिलाइ, उपनिर्वाचन तथा न्यायाधीश बीचमा सरुवा हुँदा पनि फैसलामा केही ढिलाइ भएको जिल्ला अदालतका नायव सुब्बा सुरेन्द्रसिंह धामीले बताए।

बाल अधिकार

यस वर्ष दार्चुला जिल्लामा बलात्कारका घटनामा एक, हाडनाता करणीका एक र यौन दुर्व्यवहारका घटनामा एक जना गरी तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

शिक्षाको अवस्था

जिल्लामा २ सय ७४ आधारभूत र ७६ मावि गरी ३ सय ३४ विद्यालय छन्। आधारभूत तहमा १ हजार १ सय ५८ शिक्षक दरबन्दी र माध्यमिक तहमा २ सय ३ शिक्षक दरबन्दी रहेको छ। यस वर्ष १८ हजार १ सय ५७ बालक र १८ हजार ६० जना बालिका विद्यालय भर्ना भए। जिल्लामा निर्माण भएका अधिकांश विद्यालय अपाङ्गतामैत्री छन्। दलित, अपाङ्गता भएका विद्यार्थीलाई निःशुल्क शिक्षाको व्यवस्था भएको शिक्षा तथा समन्वय इकाइका प्रमुख जयराज पन्तले बताए।

सिद्धनाथ आधारभूत विद्यालय, दैभात अन्तर्गत सञ्चालनमा रहेको बालविकास कक्षाका लागि भवन निर्माण नहुँदा बालबालिका छानोमुनि पढ्न बाध्य छन्। आधारभूत विद्यालय दैभात जान पाँच घण्टा र महादेव

मावि घुसा पुग्न तीन घण्टा बढी समय लाग्ने गर्छ। अहिले बालविकास कक्षामा तीन जना मात्रै विद्यार्थी अध्ययनरत रहेको बालविकास सहजकर्ता ललिता कार्कीले बताइन्।

शैल्यशिखर नगरपालिका-७ दोबाटास्थित भैरवनाथ आधारभूत विद्यालयको भवन जीर्ण हुँदा चर्को घाम र वर्षातमा पानी आउनसाथ विद्यालय बन्द गर्नु पर्ने बाध्यता रहेको प्रधानाध्यापक जानकी धामीले बताइन्।

बालश्रम

मालिकार्जुन गाउँपालिकामा ६८ जना बालबालिकाहरू बालश्रमिकका रूपमा काम गरिरहेको गाउँपालिका महिला बालबालिका शाखाका प्रमुख आरती शर्माले बताइन्। बालश्रममा रहेकामध्ये ३७ जना बालक भारतका विभिन्न ठाउँमा मजदुरी गर्छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ८८ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरबाट निकालिएका सात, खान/लाउन नदिएको २१ र सामान्य घरायसी झगडा, गालीगलौजका ६० उजुरी छन्। यीमध्ये प्रहरीले ७५ उजुरीमा मेलमिलाप गरायो भने ६ जना उजुरीकर्ता सम्पर्कमा आएनन्। सात उजुरीकर्ता अदालत जान्छु भन्दै गएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर कान्तिराज जोशीले बताए।

यो वर्ष दार्चुला जिल्लामा बलात्कारको घटनामा एक जना, बलात्कार प्रयास घटनामा दुई र घरेलु हिंसाका घटनामा ५२ जना महिला गरी ५५ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

आर्थिक तथा सामाजिक सांस्कृतिक अधिकार

सामाजिक सुरक्षा भत्ता लिन बैंकसम्म पुग्नु पर्ने बाध्यताले दुर्गमका ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिले सास्ती भोग्नु परेको छ। अपिहिमाल गाउँपालिका-२ को दैभातका स्थानीय एक दिन लगाएर बैंक भएको स्थानमा पुग्नु पर्छ।

सडक पहुँच नपुगेका अपि हिमाल र व्याँस गाउँपालिकाका नागरिकलाई नागरिकता बनाउन सदरमुकाम आउन दुई दिन लाग्छ। व्यास गाउँपालिका-१ छाङ्गरु टिंकरका नागरिकले अहिले पनि भारतीय बाटो प्रयोग गरी सदरमुकाम आएर नागरिकता बनाउनुपर्ने बाध्यता छ।

वातावरण र मानव अधिकार

बसाइँसराइ

दार्चुलामा यो वर्ष ५ सय १५ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

दार्चुलामा इँटाभट्टा र सिमेन्ट उद्योग स्थापना भएको छैन।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष दार्चुलामा विषालु च्याउको सेवनका कारण कसैको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत : जिल्ला प्रहरी कार्यालय

खानेपानी

दार्चुलामा २८ हजार ४ सय १७ घरपरिवार सङ्ख्या रहेको छ। जसमा ८० प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा २४ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

१५ शैयाको जिल्ला अस्पताललाई स्तरोन्नति गर्दै ५० शैयाको अस्पताल निर्माण गर्ने योजना समयमा पूरा नहुँदा अस्पताल व्यवस्थापन तथा सञ्चालनमा समस्या उत्पन्न भएको कार्यालय प्रमुख डाक्टर सञ्जीव श्रेष्ठले बताए। सघन सहरी तथा भवन निर्माण आयोजना डोटीबाट निर्माण भइरहेको अस्पताल २०७८ असार २४ गते सम्झौता भएको थियो। जिल्ला अस्पतालमा दुई वर्षदेखि बालरोग विशेषज्ञ नहुँदा समस्या भएको छ। विशेषज्ञ डाक्टरको लागि माग गरे पनि हालसम्म पदपूर्ति भएको छैन। जिल्लामा ब्लड बैंक छैन। रगत आवश्यक पर्दा बिरामीले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीय सर्वसाधारण र स्वास्थ्यकर्मीको भर पर्नुपर्ने बाध्यता रहेको जिल्ला अस्पताल, दार्चुलाका सूचना अधिकारी डम्मरदत्त भट्टले बताए।

तालिका ८.७.३.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बलात्कार	२	२
यौन दुर्व्यवहार	१	१
जम्मा	३	३

महिला अधिकार			
घटनाको प्रकार	**मेलमिलाप**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा	५१	१	५२
बलात्कार		१	१
बलात्कार प्रयास		२	२
जम्मा	५१	४	५५

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	**मुद्दा टुङ्गिएको**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
हत्या	१	१	२

(स्रोत : इन्सेक, २०२४)

८.७.४ बैतडी



जम्मा जनसङ्ख्या	२,४२,१५७
महिला	१,२८,२९३
घर परिवार सङ्ख्या	४९,४०७
घरजग्गामा महिलाको स्वामित्व	२,०५८
साक्षरता प्रतिशत	७६.७९
आश्रित जनसङ्ख्या	१,३१,१८५
अपाङ्गता भएका	५,७६९

यस वर्ष बैतडी जिल्लामा ज्यादतीका घटनामा ९३ जना महिला र तीन जना पुरुष गरी ९६ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १३ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ८० जना महिला पीडित भए।

तालिका ८.७.४.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
धम्की		१	२	३
बाल अधिकार	बलात्कार	८		८
	हाडनाता करणी	१		१
	यौन दुर्व्यवहार	२		२
	बालविवाह	१	१	२
	जम्मा	१२	१	१३
महिला अधिकार	घरेलु हिंसा	६९		६९
	बलात्कार	५		५
	बलात्कार प्रयास	१		१
	बेचबिखन तथा ओसारपसार	१		१
	बलात्कारपछि हत्या	१		१
	परिवारजनबाट हत्या	३		३
	जम्मा	८०		८०
कूल जम्मा		९३	३	९६

(स्रोत : इन्सेक, २०२४)

बेपत्ता

पञ्चेश्वर गाउँपालिका- १ डिम्बरकी १८ वर्षीया युवतीलाई ०८१ असोज २५ गते बेपत्ता बनाएको भन्दै युवतीका परिवार र स्थानीयले महाकाली प्रहरी चौकीका निमित्त इन्चार्ज प्रहरी हवल्दार कृष्णराज जोशीलाई असोज २५ गते नियन्त्रणमा लिई प्रहरीलाई बुझाए। पीडित पक्षले आरोपित विरुद्ध ०८१ असोज २९ गते जिल्ला प्रहरी कार्यालय, बैतडीमा उजुरी दियो। आरोपितलाई प्रहरीले असोज २९ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत व्यक्ति बेपत्ता शीर्षकमा असोज ३० गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश तिर्थराज भट्टको कात्तिक १६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। बेपत्ता युवतीको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय, बैतडीका प्रहरी निरीक्षक जनकराज ढुंगानाले बताए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता १० महिला र १५ पुरुष गरी २५ जनाको रहेको छ। कारागारमा कैद तोकिएका ७३ र कैद नतोकिएका १७ गरी ९० कैदीबन्दी रहेका छन्। कैदी बन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि एक जनाको दरबन्दी रहेकोमा रिक्त छ। ६५ वर्ष माथिका तीन जना ज्येष्ठ नागरिक (पुरुष) रहेको, क्षमताभन्दा तेब्बर कैदीबन्दी भएकाले टेन्टमा राख्नु परेको कारागार प्रमुख धारा भण्डारीले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। जिल्ला अदालतमा यो वर्ष सरकारवादी फौजदारी मुद्दातर्फ ६१ थान, दुनियावादी फौजदारी मुद्दातर्फ १४ थान र देवानी मुद्दातर्फ १ सय ३५ थान दर्ता भए। जसमा सरकारवादी फौजदारी मुद्दातर्फ १५ थान, दुनियावादी फौजदारी मुद्दातर्फ चार थान र देवानी मुद्दातर्फ ११ थान फैसला भए। अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा छैनन्।

बाल अधिकार

यस वर्ष बैतडी जिल्लामा बलात्कार घटनामा आठ जना, हाडनाता करणीमा एक जना, यौन दुर्व्यवहारमा दुई जना र बालविवाहका घटनामा दुई जना गरी १३ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा ४ सय २० आधारभूत र १ सय ३७ मावि छन्। एक बहिरा विद्यालय, एक अपाङ्गता भएका लागि छुट्टै विद्यालय, दुई गुरुकुल, २० सामुदायिक अध्ययन केन्द्र र ४ सय १७ बालविकास केन्द्र छन्। जिल्लामा २ हजार ६२ शिक्षक दरबन्दी छ। तीन ओटा पालिकामा शिक्षक दरबन्दी मिलान हुन बाँकी छ। यस वर्ष ३२ हजार ९ सय ९ छात्र र ३३ हजार २ सय २७ छात्रा गरी ६६ हजार १ सय ३६ जना विद्यार्थी विद्यालय भर्ना भए। शहीद र द्वन्द्वपीडित परिवारका ११ जना बालबालिकाले १ लाख ७८ हजार रुपियाँ छात्रवृत्ति पाए। विद्यालयहरूमा गणित, अङ्ग्रेजी, विज्ञान विषयका शिक्षकको अभावमा पठनपाठन प्रभावित हुने गरेको शिक्षा विकास तथा समन्वय इकाइ, प्रमुख नरेन्द्र अवस्थीले बताए। यहाँका अधिकांश विद्यालय अपाङ्गमैत्री छैनन्। सुरक्षित र सफा शौचालयको समस्या विद्यमान छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै ६४ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। घरनिकाला गरेको, कुटपिट गरेको, खानलाउन नदिएको ५९ उजुरीमा छलफल गरी मेलमिलाप भएको र पाँच उजुरीकर्ताहरू सम्पर्कमा नआउँदा छलफल हुन सकेन।

यो वर्ष बैतडी जिल्लामा बलात्कारका घटनामा पाँच जना, बलात्कार प्रयासको घटनामा एक, बेचबिखन तथा ओसारपसार घटनामा एक र घरेलु हिंसाका घटनामा ६९ गरी ७७ जना महिला पीडित भए। बलात्कारपछि हत्याका घटनामा एक जना महिलाको मृत्यु भयो। परिवारजनबाट तीन जना महिलाको हत्या भयो।

परिवारजनबाट हत्या

पाटन नगरपालिका-४ चिल्लेपानीकी ६० वर्षीया सुना ऐरीलाई ०८१ जेठ २९ गते हत्या गरेको भन्दै ६५ वर्षीय पति प्रतापसिंह ऐरीविरुद्ध पीडित पक्षले जेठ ३१ गते इलाका प्रहरी कार्यालय, पाटनमा उजुरी दियो। प्रहरीले अरोपितलाई जेठ ३१ गते घरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश तिर्थराज भट्टको मङ्सिर ६ गतेको इजलासले आरोपितलाई जन्मकैदको फैसला सुनाएको अदालतका सूचना अधिकारी लक्ष्मीदत्त पन्तले बताए।

वातावरण र मानव अधिकार

बसाइँसराइ

बैतडीमा यो वर्ष १ हजार ४ सय १७ जना बसाइँसराइ गरी बाहिर जिल्ला गएका छन्।

स्रोतः स्थानीय तहका पञ्जीकरण शाखा

ईंटाभट्टा र सिमेन्ट उद्योग

बैतडी जिल्लाा ईंटाभट्टा र सिमेन्ट उद्योग स्थापना भएका छैनन्।

स्रोतः घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष बैतडीमा विषालु च्याउ सेवनका कारण मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोतः जिल्ला प्रहरी कार्यालय

खानेपानी

बैतडीमा ४९ हजार ४ सय ७ घरपरिवार सङ्ख्या रहेको छ । जसमा ८६ प्रतिशत घरधुरीमा मात्रै खानेपानीको पहुँच पुगेको छ।

स्रोतः खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा १३ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोतः स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा वर्षैभरी नि:शुल्क पाइने औषधीको अभाव हुने गरेको स्वास्थ्य कार्यालयका प्रमुख तिर्थराज भट्टले बताए। सरकारले २०७७ पुस १५ गते देशभर शिलन्यास गरिएका बैतडीका ५, १०, र १५ शैयाका अस्पताल अझै निर्माण हुन सकेका छैनन्।

जिल्ला अस्पताल बैतडीको नयाँ भवन बने पनि ५० शैयाको दरबन्दी स्वीकृत नहुँदा समस्या छ। जिल्ला अस्पतालमा उपकरण अभावमा सेवा प्रभावकारी बन्न सकेको छैन्। जिल्लामा ब्लड बैंक सञ्चालनमा नहुँदा जिल्ला अस्पतालमा आउने बिरामीले आफन्त वा दाताका भरमा रगत जुटाउँदै आइरहेका छन्।

तालिका ८.७.४.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह	१	१	२
बलात्कार	१	८	९
यौन दुर्व्यवहार		२	२
जम्मा	२	११	१३

महिला अधिकार						
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		६८			१	६९
पारिवारिक हत्या	१				२	३
बलात्कार			३		२	५
बलात्कार प्रयास					१	१
बलात्कारपछि हत्या					१	१
बेचबिखन तथा ओसारपसार				१		१
जम्मा	१	६८	३	१	७	८०

(स्रोत : इन्सेक, २०२४)

८.७.५ डडेल्धुरा



जम्मा जनसङ्ख्या	१,३९,६०२
महिला	७३,७०९
घर परिवार सङ्ख्या	३१,१७२
घरजग्गामा महिलाको स्वामित्व	२,३३०
साक्षरता प्रतिशत	७८.१९
आश्रित जनसङ्ख्या	७३,११०
अपाङ्गता भएका	४,१६४

यस वर्ष डडेल्धुरा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक जना पुरुष तथा ज्यादतीका घटनामा ४१ जना महिला र पाँच जना पुरुष गरी ४६ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा सात जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३६ जना महिला पीडित भए। जातीय विभेदका घटनामा एक जना पुरुष पीडित भए।

कुटपिट

राज्यपक्षबाट

परशुराम नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत कृष्णदेव जोशीलाई ०८० चैत १ गते कार्यपालिका बैठकमा कुटपिट गरेको आरोपमा परशुराम नगरपालिकाका उपप्रमुख विमलाकुमारी बोहरा, सोही नगरपालिका- ७ का वडा अध्यक्ष कर्णबहादुर धामी र सोही नपा-१ का वडा अध्यक्ष लालबहादुर धामीविरुद्ध परशुराम नागरपालिकाका प्रमुख भरत बडायर जोशी र पीडित कृष्णदेव जोशीले चैत १ गते इलाका प्रहरी कार्यालय, जोगबुढामा उजुरी दिए। प्रहरीले आरोपितहरूलाई चैत १ गते घरबाट गिरफ्तार गरी तीन घण्टा प्रहरी कार्यालयमा राखेर सोही दिन साँझ रिहा गऱ्यो। कुटपिटबाट घाइते भएका प्रशासकीय अधिकृत जोशीको उपचार जोगबुडा अस्पतालमा भयो। आरोपित पक्षले पनि नगरप्रमुख र प्रशासकीय अधिकृतविरुद्ध उजुरी दिने भनेपछि चैत १ गते नगरप्रमुख र प्रशासकीय अधिकृत जोशीले इलाका प्रहरी कार्यालयमा दिएको उजुरी फिर्ता लिए। घटनाको सत्यतथ्य छानबिन गर्ने भन्दै चैत ७ गते जिल्ला प्रशासन कार्यालय, डडेल्धुराका प्रशासकीय अधिकृत कृष्णानन्द जोशीको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको भए पनि यो वर्षको अन्त्यसम्म प्रतिवेदन तयार भएन।

अन्यपक्षबाट

जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी सहायक हवल्दार थानेश्वरप्रकाश पन्तलाई ०८१ कात्तिक २० गते ड्युटीमा खटिएको समयमा कुटपिट गरेको भन्दै भीमदत्त नगरपालिका-४, कञ्चनपुरका कार चालक २२ वर्षीय रोहित सार्की, अजयमेरु गाउँपालिका-४ का २८ वर्षीय विनोद बैज, अजयमेरू गाउँपालिका-४ चिपुरका २६ वर्षीय पदम चटौत, २३ वर्षीय सुवास बोहोरा र २७ वर्षीय जित ऐरलाई प्रहरीले कात्तिक २१ गते गिरफ्तार गऱ्यो। कुटपिटबाट घाइते पन्तको डडेल्धुरा अस्पतालमा उपचार सम्भव नभएपछि थप उपचारका लागि धनगढी रेफर गरियो। आरोपितहरूलाई कात्तिक २९ गते जिल्ला प्रशासन कार्यालयले जनही ७ हजार रुपियाँ धरौटीमा रिहा गरेको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी चन्द्र रोकायाले बताए।

तालिका ८.७.५.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट					१	१
अमानवीय व्यवहार		१	१	१	१	२
जातीय विभेद					१	१
बाल अधिकार	बलात्कार			१		१
	यौन दुर्व्यवहार			३		३
	यौन दुर्व्यवहारपछि हत्या			१		१
	विद्यालयमा दिइने शारीरिक सजाय				२	२
	जम्मा			५	२	७
महिला अधिकार	घरेलु हिंसा			३३		३३
	बलात्कार			२		२
	पारिवारिक हत्या			१		१
	जम्मा			३६		३६
कूल जम्मा		१	१	४१	५	४६

(स्रोत : इन्सेक, २०२४)

बाल अधिकार

यस वर्ष डडेल्धुरा जिल्लामा बलात्कार घटनामा एक जना, यौन दुर्व्यवहारका घटनामा तीन जना, विद्यालयमा दिइने शारीरिक सजायका घटनामा दुई गरी ६ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। यौन दुर्व्यवहारपछि एक जना बालिकाको हत्या भयो।

शिक्षाको अवस्था

जिल्लामा १ सिय ८४ आधारभूत, ६३ मावि र तीन क्याम्पस रहेका छन्। अपाङ्गमैत्री भवन नभएकाले अपाङ्गता भएका विद्यार्थीलाई पठनपाठनमा समस्या रहेको शिक्षा विकास तथा समन्वय इकाइ, डडेल्धुराका सूचना अधिकारी केशवराज जोशीले बताए। बसाइँसराइ, रोजगारी, बालविवाहका कारण विद्यालयमा विद्यार्थीको सङ्ख्यामा कमी रहेको भागेश्वर गाउँपालिका-४ स्थित कैलपाल आधारभूत विद्यालयका प्रधानाध्यापक चन्द्रबहादुर साउदले बताए। विज्ञान विषयका लागि तीन पटक सूचना प्रकाशित गर्दा समेत शिक्षक नपाएको अजयमेरु गाउँपालिका-३ स्थित दुर्गास्थान आधारभूत विद्यालयका प्रधानाध्यापक तीर्थ पनेरुले बताए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता १ सय २५ जनाको रहेको छ। कारागारमा ११ महिलासहित १ सय ३२ जना कैदीबन्दी रहेका छन्। जसमा तीन जना ज्येष्ठ नागरिक, एक नाबालक र आठ जना भारतीय नागरिक छन्। कारागारमा कैद तोकिएका १ सय १३ र कैद नतोकिएका १९ जना थुनुवा रहेको जेलर सन्तोषकुमार भट्टले बताए। कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि एक जना हेल्थ असिस्टेन्टको दरबन्दी रहेको छ। पर्याप्त बेड नभएका कारण भुइँमा सुत्नुपरेको नाइके बीरबहादुर बोहोराले बताए।

विद्यालयमा शारीरिक यातना

अमरगढी नगरपालिका-५ स्थित क्याम्ब्रिज पब्लिक स्कुलमा अध्ययनरत १२ वर्षीय र १३ वर्षीय बालकालाई ०८१ असार १७ गते कुटपिट गरेको आरोपमा अमरगढी नगरपालिका-५ स्थित क्याम्ब्रिज पब्लिक स्कुलका होस्टेल वार्डेन महेश नाथविरुद्ध पीडित पक्षले असार १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई असार १७ गते विद्यालयबाट गिरफ्तार गर्‍यो। पीडित बालकका अभिभावक र विद्यालयबीच असार १७ गते वार्डेन नाथलाई विद्यालयबाट निष्कासन गर्ने सहमति भएपछि उनलाई असार १८ गते रिहा गरिएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर बिरबहादुर थापाले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ ९९ थान र देवानी मुद्दातर्फ ८५ थान दर्ता भए। जसमा फौजदारी मुद्दातर्फ ६१ थान र देवानी मुद्दातर्फ ५१ थान मुद्दा फैसला भए। फौजदारी ३८ थान र देवानी ३४ थान मुद्दा फैसला हुन बाँकी छन्। जिल्ला अदालतमा २८ जनाको दरबन्दी रहेकोमा सात जना करारमा कर्मचारी पदपूर्ति गरी कार्य सम्पादन भइरहेको जिल्ला अदालतका सूचना अधिकारी पुष्पराज जोशीले बताए। अदालतले आफ्नो वार्षिक कार्ययोजना अनुसार काम कारबाही अगाडि बढाएको नेपाल बार एशोसिएसन, डडेल्धुराका अध्यक्ष पुष्पराज जोशीले बताए।

पीडित बालकहरूको डडेल्धुरा अस्पतालमा उपचार भयो।

यौन दुर्व्यवहारपछि हत्या

१४ वर्षीया बालिकालाई ०८१ असोज २५ गते सोही ठाउँका ५८ वर्षीय पुरुषले यौन दुर्व्यवहार गरी हत्या गरेको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालय, डडेल्धुरामा असोज २६ गते उजुरी दियो। शवको पोष्टमार्टम असोज २७ गते डडेलधुरा अस्पतालमा भयो। प्रहरीले आरोपितलाई असोज २६ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको कात्तिक ३ गतेको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ८१ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा ४५ उजुरीमा मेलमिलाप भएको र ३६ उजुरीहरू कानुनी प्रक्रियामा रहेका छन्। कुटपिट गरी घरनिकाला गरिएको, खानलाउन नदिएको, विवाह दर्ता र नागरिकता नबनाएको, पतिले मदिरा सेवन गरी कुटपिट गरेको र घरायसी झगडा उजुरीहरू आउने गरेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर उपेन्द्र बमले बताए।

यो वर्ष डडेल्धुरा जिल्लामा बलात्कारको घटनामा दुई र घरेलु हिंसाका घटनामा ३३ गरी ३५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। परिवारबाट एक जना महिलाको हत्या भयो।

ज्येष्ठ नागरिक हत्या

परशुराम नगरपालिका-५ बसगौराकी ६३ वर्षीया गोमती थापा मगरको ०८१ वैशाख ७ गते ढुङ्गा प्रहार गरी हत्या गरेको भन्दै परशुराम नगरपालिका-४ रज्यौडाका गोपाल राउटेविरुद्ध पीडित पक्षले वैशाख ७ गते इलाका प्रहरी कार्यालय, जोगबुढामा उजुरी दियो। प्रहरीले आरोपित राउटेलाई वैशाख ७ गते घरबाटै गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश बालकृष्ण वाग्लेको मङ्सिर १२ गतेको इजलासले आरोपितलाई जन्मकैदको फैसला सुनाएको अदालतका सूचना अधिकारी पुष्पराज जोशीले बताए।

पारिवारिक हत्या

आलिताल गाउँपालिका-२ मटेलाकी ३८ वर्षीया डम्मरीदेवी देउवालाई ०८१ वैशाख १८ गते ४२ वर्षीय पति कर्णबहादुर देउवाले टाउकोमा कोदालो प्रहार गरी गम्भीर घाइते बनाएकोमा उनको वैशाख १९ गते धनगढीस्थित माया मेट्रो अस्पतालमा मृत्यु भयो। प्रहरीले आरोपितलाई वैशाख १८ गते गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत आरोपितविरुद्ध वैशाख २० गते कर्तव्य ज्यान अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदातलका न्यायाधीश हर्कबहादुर क्षेत्रीको जेठ ९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो।

जातीय विभेद

भागेश्वर गाउँपालिका-४ आर्कुडाका ५६ वर्षीय कल्याण कामीलाई ०८१ जेठ १९ गते कार्यालय समयमा नै जातीय विभेदजन्य गालीगलौज(डुम शब्द प्रयोग) गरेको आरोपमा सोही ठाउँ निवासी भागेश्वर गाउँपालिका योजना शाखाका सवओभरसियर ४२ वर्षीय लालसिंह भाटविरुद्ध पीडित पक्षले जेठ २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ २२ गते घरबाटै गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश हर्कबहादुर क्षेत्रीको असार ३१ गतेको इजलासले आरोपितलाई तीन महिना कैद र ३० हजार रुपियाँ जरिबानाको सजाय सुनाएको जिल्ला अदालतका तहसिल्दार राजेन्द्र चन्दले बताए।

वातावरण र मानव अधिकार

बसाइँसराइ

डडेल्धुरामा यो वर्ष ८ सय ९४ जना बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोतः स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

डडेल्धुरामा इँटाभट्टा र सिमेन्ट उद्योग स्थापना भएको छैन्।

स्रोतः घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्षसम्म डडेल्धुरामा विषालु च्याउको सेवनबाट एक जनाको मृत्यु भयो।

स्रोतः जिल्ला प्रहरी कार्यालय

खानेपानी

डडेल्धुरामा ३१ हजार १ सय ९३ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ७० प्रतिशत घरपरिवारमा खानेपानीका धाराको पहुँच पुगेको छ।

स्रोतः खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा १४ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोतः स्थानीय तह

स्वास्थ्यको सेवाको अवस्था

जिल्लामा स्वास्थ्य चौकी २४, प्राथामिक स्वास्थ्य केन्द्र २६ र सामुदायिक स्वास्थ्य इकाइ र सहरी स्वास्थ्य केन्द्र १८ रहेका छन्। सरकारले निःशुल्क दिने औषधीको सङ्ख्या बढाउँदै गएको तर बजेट घटाउँदै गएकोले सरकारले दिने भनेको ९८ प्रकारका औषधी किन्न नसकिएको अजयमेरु गाउँपालिकाका स्वास्थ्य शाखा संयोजक गणेश पालले बताए।

सङ्घीय सरकार मातहतको डडेल्धुरा अस्पतालमा दरबन्दी अनुसारका विशेषज्ञ चिकित्सक नहुँदा स्वास्थ्य सेवा प्रभावकारी हुन सकेको छैन। ११ औं तहको मेडिकल सुपरिटेनडेण्ट एक दरबन्दी रहेको अस्पतालमा हाल १० औं तहका चिकित्सक कार्यालय प्रमुख छन्। अस्पतालमा ९, १० औं तहका १७ जना विषेशज्ञ चिकित्सको स्वीकृत दरबन्दी भएपनि हाल स्थायी एक जना र अस्थायी नौ गरी १० जना रहेका छन्। आठौं तहका १८ जना मेडिकल अधिकृतको पद स्वीकृत भएकोमा १४ जना स्थायी र १४ जना काररर गरी २८ जना रहेको अस्पतालका निमित्त मेसु डा. नरेन्द्र कुमार खनालले बताए। नेपाल सरकारले छात्रबृत्तिमा पढाउने चिकित्सक मात्रै डडेल्धुरा अस्पताल आउने र दुई वर्ष नपुग्दै जाने भएकाले चिकित्सकको दरबन्दी रिक्त हुने गरेको डा. खनालले बताए।

तालिका ८.७.५.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	**मेलमिलाप**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
विद्यालयमा दिइने शारीरिक सजाय	२		२
बलात्कार		१	१
यौन दुर्व्यवहार		३	३
बलात्कारपछि हत्या		१	१
जम्मा	२	५	७

महिला अधिकार			
घटनाको प्रकार	**मेलमिलाप**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा	३३		३३
बलात्कार		२	२
पारिवारिक हत्या		१	१
जम्मा	३३	३	३६

(स्रोत : इन्सेक, २०२४)

८.७.६ डोटी



जम्मा जनसङ्ख्या	२,०४,८३१
महिला	१,११,२२७
घर परिवार सङ्ख्या	४५,१४०
घरजग्गामा महिलाको स्वामित्व	२,६३८
साक्षरता प्रतिशत	७०.७४
आश्रित जनसङ्ख्या	१,१६,७८२
अपाङ्गता भएका	५,११९

यस वर्ष डोटी जिल्लामा ज्यादतीका घटनामा ३३ जना महिला र एक जना पुरुष गरी ३४ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा चार जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २८ जना महिला पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता २५ जनाको रहेको छ। कारागारमा दुई जना महिलासहित ६५ जना कैदीबन्दी छन्। कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी रहेकाले बसोबास, शुद्ध खानेपानी, शौचालय र स्वास्थ्य परीक्षण गर्न समस्या रहेको जेलर लालबहादुर बोगटीले बताए। क्षमताभन्दा बढी कैदीबन्दी राखिँदा समस्या उत्पन्न भएको भए पनि कैदीबन्दीहरूलाई सीपमूलक तालिम, पुस्तकालय, मनोरञ्जनका साधन उपलब्ध गराइएको जेलर बोगटीले बताए।

बाल सुधार गृह

बाल सुधार गृहको क्षमता २५ जनाको रहेको छ। सुधार गृहमा २४ जना थुनुवा र ३७ जना कसुरदार ठहर भएका बालक गरी ६१ जना छन्। सुदूरपश्चिम प्रदेशको कञ्चनपुर जिल्ला बाहेकका आठ जिल्ला र लुम्बिनी प्रदेशको दाङ जिल्लाका बालकहरूलाई बाल सुधार गृह, डोटीमा राखिएको छ। एक जना स्टाफ नर्सको दरबन्दी रहकोमा रिक्त छ। शैक्षिक सामग्रीको अभाव, खेल मैदानको अभाव, क्षमताभन्दा दोब्बर बढी बालक राख्नुपर्ने बाध्यताले शौचालय प्रयोग गर्न र सुत्नलाई समेत समस्या भएको बाल सुधार गृहका प्रमुख सानुमाया गुरुङले बताइन्। पानीको अभावमा सरसफाइ र लुगा धुनसमेत समस्या हुने गरेको र वयस्कलाई समेत बाल सुधार गृहमा राख्दा सुरक्षाको चुनौती थपिएको उनले बताइन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। अदालतमा यस वर्ष फौजदारी मुद्दातर्फ ४२ थान र देवानी मुद्दातर्फ ३० थान मुद्दा दर्ता भए। जसमा फौजदारी १२ थान र देवानी १३ थान मुद्दा फैसला भए। दुई वर्षभन्दा पुराना मुद्दाहरू फैसला हुन बाँकी नरहेको अदालतका डिट्ठा (खरिदार) देवी कुन्जेडाले बताइन्। न्याय सम्पादनलाई प्रभावकारी बनाउन अदालतमा दरबन्दी अनुसारको जनशक्ति हुनु पर्ने, अनुसन्धान तथा अभियोजन प्रक्रिया छिटोछरितो हुनु पर्ने र बार र बेन्चको सहकार्य आवश्यक रहेको अधिवक्ता शंकरदीप मडैले बताए।

उच्च अदालत, दीपायल

उच्च अदालत, दिपायलमा सात जना न्यायाधीशको दरबन्दी रहेकोमा तीन जना कार्यरत छन्। दुई जना न्यायाधीश काजमा गएका र दुई जनाको दरबन्दी रिक्त रहेको छ। उच्च अदालतमा यस वर्ष

तालिका ८.७.६.१	घटनाको प्रकारअनुसार पीडित सङ्ख्या			
घटनाको प्रकार		**अन्यपक्षबाट**		
		महिला	**पुरुष**	**जम्मा**
हत्या		१	१	२
बाल अधिकार	बलात्कार	२		२
	हाडनाता करणी	२		२
	जम्मा	४		४
महिला अधिकार	घरेलु हिंसा	२४		२४
	बलात्कार	३		३
	वैवाहिक बलात्कार	१		१
	जम्मा	२८		२८
कूल जम्मा		३३	१	३४

(स्रोत : इन्सेक, २०२४)

दुनियावादी देवानी मुद्दातर्फ ४६ थान, दुनियावादी फौजदारी मुद्दातर्फ १ सय थान, सरकारवादी फौजदारी मुद्दातर्फ ५ सय ७३ थान र रिट, परमादेश, उत्प्रेषण तर्फ ३३ थान, सुरु कारबाहीतर्फ सात थान गरी ७ सय ५९ थान मुद्दा दर्ता भए। जसमा दुनियावादी देवानी ४८ थान, दुनियावादी फौजदारी २० थान, सरकारीवादी फौजदारी ३ सय ९१ थान, रिट, परमादेश र उत्प्रेषण २२ थान र सुरु कारबाही तीन थान मुद्दा फैसला भए। दुनियावादी देवानीतर्फ ५२ थान, दुनियावादी फौजदारीतर्फ २६ थान, सरकारवादी फौजदारीतर्फ १ सय ८२ थान, रिट, परमादेश र उत्प्रेषण ११ थान र सुरु कारबाही चार थान मुद्दा फैसला हुन बाँकी रहेको उच्च अदालत, दीपायलका शाखा अधिकृत नरबहादुर नेगीले बताए।

बाल अधिकार

यस वर्ष डोटी जिल्लामा बलात्कार घटनामा दुई र हाडनाता करणी घटनामा दुई गरी चार जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

शिक्षाको अवस्था

जिल्लामा सामुदायिक विद्यालय ३ सय ८५, संस्थागत विद्यालय ५२ र प्राविधिक शिक्षालय एक रहेका छन्। जिल्लाका सबै विद्यालयहरूमा दिवा खाजा कार्यक्रम सञ्चालनमा रहेको छ। जिल्लाको साक्षरता दर ९६.५५ रहेको छ। जिल्लामा अधिकांश विद्यालयहरू अपाङ्गमैत्री नभएका र शुद्ध खानेपानीको अभाव छ। विद्यालयहरूमा समयमै निःशुल्क पाठ्यपुस्तकहरू उपलब्ध हुने गरेको र माध्यमिक विद्यालयमा खेलकुद, अतिरिक्त क्रियाकलाप, भौतिक साधनको सुविधा, विज्ञान प्रयोगशाला, पुस्तकालय, इन्टरनेट, विद्युतीय सुविधा निःशुल्क उपलब्ध भएको शिक्षा विकास तथा समन्वय इकाइका प्राविधिक सहायक पदम साउदले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ७१ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरिएका ३१, घर निकाला गरिएका चार, खान लाउन नदिएका पाँच, अंश सम्बन्धी एक उजुरी छन्। यीमध्ये ४५ उजुरीमा मेलमिलाप गरिएको सेवा केन्द्रका प्रहरी जवान पदमसिंह ठगुन्नाले बताए।

यो वर्ष डोटी जिल्लामा बलात्कारको घटनामा तीन, वैवाहिक बलात्कार घटनामा एक र घरेलु हिंसाका घटनामा २४ गरी २८ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

पारिवारिक हत्या

पूर्वीचौकी गाउँपालिका-५ उपरकाँडाकी ४५ वर्षीया नरु साउदलाई ०८१ भदौ ५ गते हँसियाले घाँटी रेटेर हत्या गरेको आरोपमा प्रहरीले ५० वर्षीय पति पदी साउदलाई भदौ ५ गते प्रहरीले गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश रुद्रमणि गिरिको भदौ २७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गर्‍यो।

वातावरण र मानव अधिकार

बसाइँसराइ

डोटीमा यो वर्ष १ हजार १ सय ३९ जनाले बसाइँसराइ गरी जिल्ला बाहिर गएका छन्।

स्रोत : स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

डोटीमा इँटाभट्टा र सिमेन्ट उद्योग स्थापना भएको छैन।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष डोटीमा विषालु च्याउको सेवनबाट मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत : जिल्ला प्रहरी कार्यालय

खानेपानी

डोटीमा ४५ हजार १ सय ८२ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ४५ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा ५० ओटा सार्वजनिक शौचालय छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, एक प्रहरी अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र, १३ आधारभूत स्वास्थ्य केन्द्र, एक आधारभूत अस्पताल, एक सामुदायिक अस्पताल १, तीन निजी अस्पताल, ४९ हेल्थ पोस्ट, शहरी / सामुदायिक स्वास्थ्य केन्द्र ६० रहेको स्वास्थ्य कार्यालय, डोटीका परिवार नियोजन निरीक्षक सूर्य विष्टले बताए। ९८ प्रकारका औषधी नि:शुल्क पाउने सरकारी नीति भए पनि त्यस्ता औषधी न्यून मात्रामा पाइने गरेको स्थानीय राजु नेपालीले बताए।

तालिका ८.७.६.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	२	२	४
जम्मा	२	२	४

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	२३	१			२४
बलात्कार			२	२	४
जम्मा	२३	१	२	२	२८

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	२

(स्रोत : इन्सेक, २०२४)

८.७.७ अछाम

जम्मा जनसङ्ख्या	२,२८,८५२
महिला	१,२३,५३३
घर परिवार सङ्ख्या	४९,५६७
घरजग्गामा महिलाको स्वामित्व	२,८३३
साक्षरता प्रतिशत	७२.६४
आश्रित जनसङ्ख्या	१,३५,२९५
अपाङ्गता भएका	७,००६

यस वर्ष अछाम जिल्लामा ज्यादतीका घटनामा ६१ जना महिला र ६ जना पुरुष गरी ६७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा पाँच जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ५६ जना महिला पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ७५ जनाको रहेको छ। कारागारमा ७० जना कैदीबन्दी रहेका छन्। जसमा ६५ पुरुष, चार महिला र एक जना आश्रित बालिका छन्। कारागारमा एक जना अहेबको दरबन्दी रहेकोमा नियमित कैदीबन्दीको स्वास्थ्य परीक्षण भइरहेको जिल्ला कारागारका प्रमुख इन्द्र चौधरीले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। अदालतमा यस वर्ष फौजदारीतर्फ ७१ र देवानीतर्फ २३ थान गरी ९४ थान मुद्दा दर्ता भए। जिल्ला अदालतमा यो वर्ष अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएका समेत गरेर फौजदारीतर्फ ७२ र देवानीतर्फ २४ थान गरी ९६ थान मुद्दा फैसला भए। दुई वर्ष भन्दा बढी पुराना कर्तव्य ज्यानको एक मुद्दा फैसला हुन बाँकी छ।

बाल अधिकार

यस वर्ष अछाम जिल्लामा यौन दुर्व्यवहारका घटनामा दुई र बलात्कारका घटनामा तीन जना गरी पाँच जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा ४ सय ३२ विद्यालय रहेका छन्। बाल विकासदेखि कक्षा १२ सम्म ७३ हजार ७ सय १७ जना विद्यार्थी छन्। शिक्षक दरबन्दी १ हजार ४६ रहेको छ। जिल्लामा २०६३ सालपछि शिक्षक दरबन्दी थपिएको छैन। सरकारले ८ सय ७६ राहत शिक्षक दरबन्दी उपलब्ध गराउँदा पनि विद्यालयमा शिक्षक अभाव कायमै रहेको छ। स्थायी शिक्षकहरू शहर बजारमा सरुवा भएर जाने भएकाले ग्रामीण क्षेत्रका विद्यालयमा शिक्षक अभाव हुँदै आएको छ। बसाइँसराइ र रोजगारीको लागि परिवारसँगै बालबालिका पनि बसाइँ सर्ने भएकोले विद्यालय भर्ना हुने सङ्ख्या घट्दो र विद्यालय छाड्ने दर बढेको शिक्षा विकास तथा समन्वय इकाइ, अछामका प्राविधिक सहायक मदन विष्टले बताए। विद्यालय भवन जीर्ण, साँघुरा र फर्निचरको अभावमा विद्यार्थीहरूले भुईंमै बसेर पढ्नुपर्ने बाध्यता छ। विद्यालयमा शौचालय निर्माण भए पनि अधिकांश भवन जीर्ण छन् भने पानी र सरसफाइको अभाव छ।

यौन दुर्व्यवहार

१० वर्षीया बालिकालाई २०८० चैत १५ गते यौन दुर्व्यवहार गरेको आरोपमा १५ वर्षीय बालकविरुद्ध पीडित परिवारले चैत १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत १८ गते घरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाश ढुङ्गानाको ०८१ भदौ ४ गतेको इजलासले आरोपितलाई एक वर्ष कैद, २० हजार रुपियाँ जरिबाना र १० हजार रुपियाँ क्षतिपूर्तिको फैसला सुनाएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर राजेन्द्रबहादुर साउदले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भएको भन्दै ६३ जना महिला र दुई जना पुरुष गरी ६५ जनाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबकालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जस मध्येमा सामान्य घरयासी झगडामा २७, कुटपिटमा ११, अभद्र व्यवहारमा आठ, गालीगलौजमा सात, खानलाउन नदिएको र लाञ्छना लाउनेमा दुई/दुई उजुरी थिए। ५७ उजुरीमा मेलमिलाप भएको र बाँकी आठ उजुरी थप कानुनी प्रक्रियाका लागि पठाइएको छ।

यो वर्ष अछाम जिल्लामा बलात्कारका घटनामा दुई, बलात्कार प्रयासको घटनामा तीन, साइबर अपराधका घटनामा दुई, वैवाहिक बलात्कारका घटनामा दुई र घरेलु हिंसाका घटनामा ४७ गरी ५६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

ज्येष्ठ नागरिक

कुटपिट

७४ वर्षीय नन्दसिंह बोहोरालाई ०८१ भदौ १७ गते गालीगलौज र हातपात गरेको भन्दै मंगलसेन नगरपालिका-४ का १८ वर्षीय मिलन बोहोराविरुद्ध पीडित पक्षले भदौ १८ गते जिल्ला प्रहरी कार्यालय, अछाममा उजुरी दियो। प्रहरीले आरोपितलाई भदौ १८ गते घरबाटै गिरफ्तार गऱ्यो। जिल्ला प्रशासन कार्यालयले आरोपितलाई कात्तिक ८ गते आठ दिन कैद र १० हजार रुपियाँ जरिबानाको फैसला सुनायो।

साइबर अपराध

२१ वर्षीया महिलालाई ०८० चैत महिनाभरी फेसबुक म्यासेन्जरबाट गालीगलौज तथा धम्की दिने गरेको भन्दै मंगलसेन नगरपालिका-१३ का २३ वर्षीय

तालिका ८.७.७.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			२	२
घाइते			४	४
बाल अधिकार	बलात्कार	३		३
	यौन दुर्व्यवहार	२		२
	जम्मा	५		५
महिला अधिकार	घरेलु हिंसा	४७		४७
	बलात्कार	२		२
	बलात्कार प्रयास	३		३
	वैवाहिक बलात्कार	२		२
	साइबर अपराध	२		२
	जम्मा	५६		५६
कूल जम्मा		६१	६	६७

(स्रोत : इन्सेक, २०२४)

कमल सोनी भन्ने कमल सुनारविरुद्ध पीडित पक्षले ०८१ वैशाख ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ १ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत आरोपितविरुद्ध वैशाख ३० गते साइबर कसुर अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदातलका न्यायाधीश प्रकाश ढुङ्गानाको जेठ २४ गतेको इजलासले आरोपितलाई २ लाख रुपियाँ धरौटीमा रिहा गर्न आदेश दियो। मुद्दा जिल्ला अदालतमा विचाराधीन छ।

२६ वर्षीया महिलालाई ०८१ कात्तिक १६ गते सामाजिक सञ्जाल फेसबुकमा आफूलाई अपमान हुने गरेर स्टाटस लेखेकोले विद्युतीय अपराध भएको भन्दै कमलबजार नगरपालिका-९ मष्टाबण्डालीका १८ वर्षीय हरि कामीविरुद्ध पीडितले कात्तिक २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई कात्तिक २७ गते गिरफ्तार गऱ्यो। आरोपितलाई प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत मङ्सिर १६ गते अछाम अदालतमा पेश गऱ्यो। जिल्ला अदालतको सोही दिनको आदेशले आरोपितलाई २ लाख रुपियाँ धरौटी तारिखमा रिहा गर्ने आदेश दियो। घटना अदातलमा विचाराधीन अवस्थामा छ।

घरेलु हिंसा

४५ वर्षीया महिलालाई २०८१ वैशाख ४ गते

मदिरा सेवन गरी हातपात तथा कुटपिट गरेको भन्दै ४७ वर्षीय पति चक्र ठकुल्लाविरुद्ध पीडितले वैशाख ४ गते जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई वैशाख ५ गते गिरफ्तार गऱ्यो। जिल्ला प्रशासन कार्यालयले आरोपितलाई असार २३ गते २५ दिन कैद र २ हजार रुपियाँ जरिबानाको फैसला सुनायो।

वातावरण र मानव अधिकार

बसाइँसराइ

अछाममा यो वर्ष १ हजार २ सय ४ जनाले बसाइँसराइ गरेका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

अछाममा इँटाभट्टा र सिमेन्ट उद्योग स्थापना भएका छैनन्।

स्रोत: घरेलु तथा साना उद्योग

विषालु च्याउ

यस वर्ष अछाममा कुनै पनि व्यक्तिको विषालु च्याउ सेवन गरेर मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत : जिल्ला प्रहरी कार्यालय

खानेपानी

जिल्लामा ४९ हजार ५ सय ६७ घरपरिवार सङ्ख्या रहेको छ। जसमा १५ प्रतिशत घर परिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा २१ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, एक सामुदायिक अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्रसहित १ सय ५ स्वास्थ्य संस्था रहेका छन्। स्वास्थ्य संस्थामा आवश्यक भवन, उपकरण र दक्ष जनशक्तिको अभावले सबैभन्दा बढी आर्थिक अवस्था कमजोर भएका, ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति, महिला र बालबालिका प्रभावित भएका छन्।

जिल्लामा कुपोषण, मातृ मृत्युदरको समस्या कायम रहेको स्वास्थ्य कार्यालय, अछामका प्रमुख दीपेन्द्र जोशीले बताए। आर्थिक वर्ष २०८०/८१ मात्र ३७ बालबालिका गर्भमै र २५ जना बालबालिका जन्मेको २८ दिनभित्र मृत्यु भएको स्वास्थ्य कार्यालयमा तथ्याङ्क रहेको छ।

सरकारले २०७७ साल मङ्सिरमा शिलान्यास गरेका अछामका ६ स्थानका पालिकास्तरका अस्पतालको निर्माण कार्य हालसम्म पूरा हुन सकेको छैन। जिल्लामा ५८ हजार ६ सय ५६ जनाले स्वास्थ्य बीमा गरेका भए पनि झन्झटिलो प्रक्रिया र सबै प्रकारका उपचार र औषधी नि:शुल्क नपाएको गुनासो स्वास्थ्य बीमितहरूले गरेका छन्।

तालिका ८.७.७.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	**मुद्दा टुङ्गिएका**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बलात्कार		३	३
यौन दुर्व्यवहार	१	१	२
जम्मा	१	४	५

महिला अधिकार					
घटनाको प्रकार	**मेलमिलाप**	**अपूर्ण**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा	३३	८	२	४	४७
साइबर अपराध			१	१	२
बलात्कार				४	४
बलात्कार प्रयास			१	२	३
जम्मा	३३	८	४	११	५६

(स्रोत : इन्सेक, २०२४)

८.७.८ कैलाली

जम्मा जनसङ्ख्या	९,०४,६६६
महिला	४,७१,२१०
घर परिवार सङ्ख्या	१,९५,८७२
घरजग्गामा महिलाको स्वामित्व	३३,३५५
साक्षरता प्रतिशत	७७.६१
आश्रित जनसङ्ख्या	४,२७,७६७
अपाङ्गता भएका	२२,४६५

यस वर्ष कैलाली जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा आठ जना पुरुष तथा ज्यादतीका घटनामा ३ सय ३१ जना महिला र ११ जना पुरुष गरी ३ सय ४२ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ४५ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २ सय ८५ जना महिला पीडित भए।

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्न पाउने अधिकार

हत्या

अन्यपक्षबाट

गौरीगङ्गा नगरपालिका-११ कान्तिपुर टोल निवासी राष्ट्रिय दलित पत्रकार सङ्घ, कैलालीका सहसचिव तथा सूचनाको हकका अभियन्ता ३० वर्षीय सुरेश भुललाई कुटपिट गरी हत्या गरेको आरोपमा गौरीगङ्गा नगरपालिका-११ का ६५ वर्षीय जङ्ग भुल, ३४ वर्षीया रमा रावल, ३० वर्षीय धर्म विक, २३ वर्षीय विशाल विक, ३८ वर्षीया बिस्ना भुल र १८ वर्षीय प्रकाश भुलविरुद्ध पीडित पक्षले कात्तिक २६ गते इलाका प्रहरी कार्यालय, मालाखेतीमा उजुरी दियो। प्रहरीले आरोपितहरूलाई कात्तिक २५ गते गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपितविरुद्ध कात्तिक २७ गते कर्तव्य ज्यान शीर्षकमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दण्डपाणी लामिछानेको मङ्सिर २३ गतेको इजलासले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो।

घोडाघोडी नगरपालिका-२ साडेपानीका २३ वर्षीय सुनिल शाहीको ०८१ वैशाख २६ गते घोडाघोडी नगरपालिका-४ भालुफाँटास्थित नयाँबाटो पुनर्स्थापना सुधार केन्द्रबाट भाग्न खोजेको भन्दै कुटपिट गरी हत्या गरेको आरोपमा घोडाघोडी नगरपालिका-१ का १९ वर्षीय विपुल सापकोटा, १६ वर्षीय बालक, ३२ वर्षीय भुपेन्द्र खड्का, २४ वर्षीय नविन रावल, १८ वर्षीय आकाश अधिकारी, २२ वर्षीय सुमन भट्ट, १७ वर्षीय बालक, २९ वर्षीय बलबहादुर खत्री, २५ वर्षीय रोशन ऐर, २७ वर्षीय विनोद शाही, २१ मिनेश मन्नी, २५ वर्षीय कमल रिजाल, १७ वर्षीय रोशन पनाडी, २४ वर्षीय गौरव आचार्य, २१ वर्षीय नमराज चौधरी, १८ वर्षीय बालक र ३६ वर्षीय होम तामाङविरुद्ध इलाका प्रहरी कार्यालय, सुख्खडमा पीडित पक्षले उजुरी दियो। प्रहरीले आरोपितविरुद्ध जिल्ला अदालतमा कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश दण्डपाणी लामिछानेको जेठ २९ गतेको आदेशले होम तामाङ ५ लाख, बलबहादुर खत्री ७ लाख, रोशन ऐर ७ लाख, दिनेश मन्नी ३ लाख रुपियाँ धरौटी र तारिखमा वीपुल सापकोटा, १६ वर्षीय बालक, भुपेन्द्र खड्का, नवीन रावल, आकाश अधिकारी, सुमन भट्ट, १७ वर्षीय बालक थुनामा र कमल रिजाल, गौरव आचार्य, नमराज चौधरी, विनोद शाही, धरौटी तिर्न

नसकेर थुनामा छन् भने अर्का १७ वर्षीय बालकलाई अभिभावकको जिम्मा लगाइएको जिल्ला अदालतका सूचना अधिकारी कमल घलेले बताए।

तालिका ८.७.८.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		६	६			
कुटपिट					३	३
कारागारमा मृत्यु		१	१			
हिरासतमा मृत्यु		१	१			
अमानवीय व्यवहार					१	१
घाइते					४	४
हत्या					२	२
जातीय विभेद				१	१	२
बाल अधिकार	बलात्कार			२२		२२
	सामूहिक बलात्कार			५		५
	हाडनाता करणी			४		४
	यौन दुर्व्यवहार			१४		१४
	जम्मा			४५		४५
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास			१		१
	घरेलु हिंसा			२२७		२२७
	बोक्सीको आरोपमा			२		२
	बलात्कार			४२		४२
	बलात्कार प्रयास			४		४
	सामूहिक बलात्कार			३		३
	यौन दुर्व्यवहार			३		३
	पारिवारिक हत्या			१		१
	बेचबिखन तथा ओसारपसार			२		२
	जम्मा			२८५		२८५
कूल जम्मा		८	८	३३१	११	३४२

(स्रोत : इन्सेक, २०२४)

गोली तथा विस्फोटक पदार्थबाट घाइते

चुरे गाउँपालिका-३ सहजपुरस्थित भासुभिर नजिकै बाटो खन्ने क्रममा २०८० फागुन ९ गते जमिनमुनि गाडिएको विस्फोटक पदार्थ विस्फोट हुँदा जेसीबी चालक डडेलधुरा, आलिताल गाउँपालिका-८ का २४ वर्षीय विकास थापा रोलर अप्रेटर सुर्खेतका २२ वर्षीय हिरा थापा, चुरे गाउँपालिका-३ सहजपुरका ४५ वर्षीय बसन्त खडायत र इन्जिनियर विराटनगर महानगरपालिका-३ मोरङका ३५ वर्षीय नवीत देव घाइते भए। गम्भीर घाइते भएका हिरा थापा, नवीत देव र बसन्त खडायतको धनगढीस्थित म्याट्रो अस्पतालको आइसीयू कक्षमा राखेर उपचार भयो भने सामान्य चोट लागेका विकास थापाको सहजपुर स्वास्थ्य चौकीमा उपचार भयो। सो विस्फोटक पदार्थ द्वन्द्वकालको बेलामा जमिनमुनि गाडिएको हुनसक्ने जिल्ला प्रहरी कार्यालय कैलालीका डीएसपी कुलदीप चन्दले बताए।

गिरफ्तार

सुदूरपश्चिम प्रदेश नेकपा बहुमत निकट विद्यार्थी सङ्गठनका कार्यकर्ता घोडाघोडी नगरपालिका-८ का ५२ वर्षीय शङ्कर साउद, बाजुरा जिल्ला त्रिवेणी नगरपालिका-२ निवासी धनगढी उपमहानगरपालिका-१६ का ३५ वर्षीय प्रकाश कुँवर, बाजुरा जिल्ला त्रिवेणी नगरपालिका-२ का ४० वर्षीय डम्मर विक, डोटी जिल्ला आदर्श नगरपालिका निवासी गोदावरी नगरपालिका-६ का ३४ वर्षीय कडी लोहार, डोटी जिल्ला आदर्श नगरपालिका-३ का ३५ वर्षीय गणेशबहादुर कोली र अछाम जिल्ला पञ्चदेवल विनायक नगरपालिका-३ का ३३ वर्षीय तपेन्द्र तिमिल्सेनालाई ०८१ भदौ ११ गते प्रहरीले गिरफ्तार गर्‍यो। गोदावरी नगरपालिका-१ अत्तरियामा बैठक गरिरहेका बेला प्रहरीले उनीहरूलाई गिरफ्तार गरेको थियो। प्रहरीले आरोपितहरूविरुद्ध जिल्ला प्रशासन कार्यालय, कैलालीमा भदौ १२ गते साङ्गठनिक तथा सार्वजनिक अपराध अन्तर्गत मुद्दा दर्ता गर्‍यो। जिल्ला प्रशासन कार्यालयको भदौ १४ गतेको इजलासले आरोपितहरूलाई साधारण तारेखमा रिहा गरेको जिल्ला प्रशासन कार्यालयका मुद्दा शाखाका प्रमुख दुर्गा जोशीले बताए। मुद्दा जिल्ला प्रशासनमा विचाराधीन छ।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता १ सय ५० जनाको रहेको छ। कारागारमा ५ सय ७२ जना पुरुष र ४८ जना महिला गरी ६ सय २० जना कैदीबन्दी रहेका छन्। चार वर्षमुनिका एक जना आश्रित नाबालक छन्। १९९७ सालमा स्थापना भएको कारागारमा क्षमता भन्दा झण्डै चारगुणा बढी कैदीबन्दी भएकाले पालो मिलाएर सुत्नुपर्ने, शौचालय प्रयोगका लागि लामो समय कुर्नुपर्ने अवस्था छ। कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि एक जना हेल्थ असिस्टेन्टको दरबन्दी रहेकाले नियमित रूपमा सामान्य परीक्षण गर्न सहज भएको र जटिल समस्या भएका कैदीबन्दीहरूको उपचारका लागि अस्पताल लैजानु पर्ने अवस्था रहेको जेलर सन्देश जोशीले बताए। कैदीबन्दीहरू कोचिएर बस्नुपर्ने भएकाले सानोतिनो विषयमा वादविवाद हुने गरेको छ। कारागारमा ठाउँको अभावमा खेलकुदका गतिविधि गर्न समस्या छ। कारागारको फोहोर व्यवस्थापन र ढल निकास नहुँदा कारागार नै दुर्गन्धित हुने गरेको, सबै कैदीबन्दीहरूलाई सीपमूलक तालिममा सहभागी गराउन नसकिएको र जीर्ण भवनको मर्मत हुन नसक्दा जोखिम बढेको जेलर जोशीले बताए।

कारागारमा मृत्यु

जिल्ला कारागार, कैलालीमा थुनामा रहेका घोडाघोडी नगरपालिका-४ जनकपुरका २२ वर्षीय दीपक विकको विषसेवनका कारण ०८१ भदौ ३१ गते मृत्यु भयो। थुनामा रहेका विक भदौ ३१ गते शौचालयभित्र बेहोस अवस्थामा फेला परेपछि सेती प्रादेशिक अस्पताल, धनगढीमा उपचारका क्रममा उनको मृत्यु भएको जिल्ला कारागारका प्रमुख दीपक पाण्डेले बताए। शवको पोष्टमार्टम असोज २ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा गरी सोही दिन शवको सद्गत गरिएको आफन्त निर्माण पहराइले बताए। कारागारमा विष पुऱ्याएको आरोपमा १७ वर्षीया बालिकालाई प्रहरीले असोज १ गते अत्तरियाबाट गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी कविन्द्रसिंह बोहोराले बताए। जिल्ला अदालतको आदेशमा आरोपित बालिका बाल सुधार गृहमा छिन्। विक बलात्कार घटनामा २०८० फागुन ३ गतेदेखि जिल्ला कारागार,कैलालीमा पुर्पक्षका लागि थुनामा रहेका थिए।

हिरासतमा मृत्यु

जिल्ला प्रहरी कार्यालय, कैलालीको हिरासतमा राखिएका धनगढी उपमहानगरपालिका-८ गाउँ धनगढीका ३५ वर्षीय बुद्धिराम चौधरीको २०८१ जेठ ६ गते मृत्यु भयो। जेठ ३ गते भन्सार छलीका समानसहित गिरफ्तार भएका चौधरी जेठ ६ गते एक्कासि बेहोस भएपछि सेती प्रादेशिक अस्पताल, धनगढीमा उपचारको क्रममा जेठ ६ गते मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, कैलालीका डिएसपी कविन्द्रसिंह बोहराले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा चार जना न्यायाधीशको दरबन्दी रहेकोमा चारैजना कार्यरत छन्। यस वर्ष जिल्ला अदालत,कैलालीमा फौजदारीतर्फ १ हजार ७२ थान मुद्दा दर्ता भएकोमा ६ सय २२ थान मुद्दा फैसला भए भने ४ सय ५० थान मुद्दा फैसला हुन सकेनन्। देवानीतर्फ १ हजार २ सय ५९ मुद्दा दर्ता भएकोमा ६ सय ६४ थान मुद्दा फैसला भए भने ५ सय ९५ थान मुद्दा फैसला हुन सकेनन्। दुई वर्ष भन्दा पुराना फौजदारीतर्फ आठ थान र देवानीतर्फ १८ थान मुद्दा फैसला हुन बाँकी छन्। मुद्दाको प्रकृति अनुसार अनुसन्धान, मुचुल्का, मुद्दा मुल्तवीमा जाने, सार्वजनिक बिदाको दिन पर्ने, कहिले न्यायाधीश नहुने, मुद्दाको चाप अनुसार जनशक्तिको अभावलगायतका विभिन्न कारणले समयमा मुद्दाको फैसला हुन नसकेको जिल्ला अदालत, कैलालीका सूचना अधिकारी कमल घलेले बताए।

बाल अधिकार

यस वर्ष कैलाली जिल्लामा यौन दुर्व्यवहारका घटनामा १४, बलात्कारका घटनामा २२, सामूहिक बलात्कार पाँच र हाडनाता करणीका चार गरी ४५ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये अपाङ्गता भएकी एक जना बालिका पीडित भइन्।

शिक्षाको अवस्था

जिल्लामा ८ सय ७६ बाल विकास केन्द्र, ५ सय ५५ आधारभूत, ३ सय १० मावि छन्। विद्यालयमा भौतिक साधनको सुविधा, विज्ञान प्रयोगशाला, पुस्तकालय, इन्टरनेट, विद्युतीय सुविधा मोहन्याल गाउँपालिका र चुरे गाउँपालिकाका दुर्गम ठाउँका प्राथमिक विद्यालयमा उपलब्ध हुन सकेको छैन।

सामुदायिक विद्यालयमा शिक्षण शुल्क पूर्ण नि:शुल्क छ तर, केही विद्यालयले अभिभावक सहयोग शुल्क उठाउने गरेको शिक्षा विकास तथा समवय इकाइका शाखा प्रमुख प्रतापपिसंह धामीले बताए। जिल्लामा नयाँ बनेका भौतिक संरचना खानेपानी सहितको छात्रामैत्री तथा आपाङ्गमैत्री रहेको र सुस्तश्रवण र दृष्टिविहीन विद्यार्थीका लागि अलग्गै पढ्ने व्यवस्था रहेको धामीले बताए।

जिल्लामा सामुदायिक विद्यालयमा १ हजार ४ सय ३६ दरबन्दी छन् भने ७२ जना अस्थायी र १ हजार ५ सय ८५ जना राहत शिक्षक रहेका छन्। यसैगरी सामुदायिक विद्यालयमा ७८ हजार ७ सय १७ छात्रा र ६९ हजार ६ सय १९ छात्र गरी १ लाख ४८ हजार ३ सय ३६ विद्यार्थी अध्ययनरत छन्। संस्थागत विद्यालयमा ४८ हजार ३६ छात्रा र ८६ हजार ७ सय ७५ गरी १ लाख ३४ हजार ८ सय ११ विद्यार्थी अध्ययनरत छन्। सामुदयिक विद्यालयमा सात जना र संस्थागत विद्यालयमा १० जना गरी १७ जना लैङ्गिक अल्पसङ्ख्यक समुदायका विद्यार्थी अध्ययनरत रहेको प्रमुख धामीले बताए।

बलात्कार, यौनदुर्व्यवहार

आठ वर्षीया बालिकालाई ०८० चैत २५ गते बलात्कार गरेको आरोपमा ११ वर्षीय बालकविरुद्ध पीडित पक्षले चैत २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत २६ गते घर गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दण्डपाणी लामिछानेको असार ७ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गरी ६ महिना कैद, २५ हजार रुपियाँ क्षतिपूर्ति र २ सय रुपियाँ पीडित राहत कोषमा जम्मा गर्ने फैसला गरेको जिल्ला अदालतको सूचना अधिकारी कमल घलेले बताए।

सामूहिक बलात्कार

१७ वर्षीया बालिकालाई ०८१ साउन ९ गते बलात्कार गरेको आरोपमा गोदावरी नगरपालिका-१२ खमौराका २० वर्षीय पदम थापा, सोही ठाउँका २३ वर्षीय केशव भण्डारी, २४ वर्षीय बालकृष्ण जोशी, २३ वर्षीय हरि थापा र बलात्कार गर्न सहयोग गरेको आरोपमा २२ वर्षीय सोम विकविरुद्ध पीडित पक्षले साउन ११ गते इलाका प्रहरी कार्यालय, मालाखेतीमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण साउन ११ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो।

तालिका ८.७.८.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
बाल अधिकार	१	१
महिला अधिकार	५	५
कूल जम्मा	६	६

(स्रोत : इन्सेक, २०२४)

घटनामा संलग्न भएको आरोपमा २० वर्षीय पदम थापालाई साउन १२ गते गिरफ्तार गऱ्यो। अन्य आरोपितहरू फरार छन्। जिल्ला अदालतका न्यायाधीश दण्डपाणी लामिछानेको भदौ ४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको अदालतका सूचना अधिकारी कमल घलेले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ५ सय ५ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये ४ सय १८ उजुरीमा मेलमिलाप भएको छ भने ३१ उजुरी सम्बन्धित निकायमा पठाइएको छ। घरेलु हिंसाको मुद्दा दर्ता गराएका ३१ जना उजुरीकर्ताहरू सम्पर्कमा नआएपछि छलफल हुन नसकेको सेवा केन्द्रकी प्रहरी निरीक्षक कल्पना पौडेलले बताइन्।

यो वर्ष कैलाली जिल्लामा बलात्कारका घटनामा ४२, बलात्कार प्रयासका घटनामा चार, यौन दुर्व्यवहारका घटनामा तीन, बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा एक, बोक्सीको आरोपमा दुई, सामूहिक बलात्कार घटनामा तीन, बेचबिखन तथा ओसारपसारका घटनामा दुई जना र घरेलु हिंसाका घटनामा २ सय २७ गरी २ सय ८४ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। परिवारबाट एक जनाको हत्या भयो। जसमध्ये अपाङ्गता भएका पीडित पाँच जना महिला छन्।

बलात्कार प्रयास

३२ वर्षीया महिलालाई ०८१ साउन १० गते बलात्कार प्रयास गरेको आरोपमा घोडाघोडी नगरपालिका-१० पहलमानपुरका ३५ वर्षीय रामप्रसाद चौधरीविरुद्ध पीडित पक्षले साउन १० गते इलाका प्रहरी कार्यालय, सुख्खडमा उजुरी दियो। प्रहरीले आरोपितलाई साउन १० गते घरबाट गिरफ्तार गऱ्यो। जिल्ला

अदालतका न्यायाधीश दण्डपाणी लामिछानेको भदौ १५ गतेको इजलासले आरोपितलाई २० दिनको कैद सजायको फैसला गरेको जिल्ला अदालतका सूचना अधिकारी कमल घलेले बताए।

अमानवीय व्यवहार

लम्कीचुहा नगरपालिका शिक्षा शाखा अधिकृत ३९ वर्षीय गौरीकान्त न्यौपानेलाई ०८० माघ २२ गते मोसो दलेर दुर्व्यवहार गरेको भन्दै क्रान्तिकारी युवा सङ्गठन नेपालका कार्यकर्ताविरुद्ध पीडितले माघ २३ गते इलाका प्रहरी कार्यालय, लम्कीमा उजुरी दिए। प्रहरीले क्रान्तिकारी युवा सङ्गठन नेपालका सुदूरपश्चिम प्रदेश इन्चार्ज लम्कीचुहा नगरपालिका-९ का ३१ वर्षीय भुवन रम्तेललाई माघ २३ गते कैलारी गाउँपालिका-७ बाट गिरफ्तार गर्‍यो। प्रहरीले आरोपितविरुद्ध सार्वजनिक अपराध अन्तर्गत जिल्ला प्रशासन कार्यालय, कैलालीमा माघ २३ मुद्दा दर्ता गरेकोमा फागुन १३ गते बसेको इजलासले आरोपितलाई २ हजार रुपियाँ धरौटी र साधारण तारेखमा रिहा गरेको जिल्ला प्रशासन कार्यालय, कैलाली मुद्दा फाँटका प्रमुख दुर्गाप्रसाद जोशीले बताए।

'बोक्सी'को आरोपमा कुटपिट

टिकापुर नगरपालिका-९ बौनियाकी ५५ वर्षीया विपतदेवी चौधरीलाई ०८१ मङ्सिर २२ गते कथित 'बोक्सी'को आरोपमा घाँटी थिची, कपाल काटेर जलाइ जबरजस्ती 'बोक्सी' स्वीकार्न लगाएर दुर्व्यवहार गरेको आरोपमा टिकापुर नगरपालिका-९ कालाकुण्डाका ५५ वर्षीय सुनिल मिस्त्री, टिकापुर नगरपालिका-९ बौनियाकी ३७ वर्षीया लालिदेवी डगौराथारु र ३० वर्षीया हिरामोती डगौराथारुविरुद्ध पीडित पक्षले मङ्सिर २३ गते इलाका प्रहरी कार्यालय, टिकापुरमा उजुरी दियो। प्रहरीले आरोपित तीनै जनालाई मङ्सिर २३ गते घरबाट गिरफ्तार गर्‍यो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत आरोपित विरुद्ध मङ्सिर २८ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश हरिसिंह धामीको पुस ११ गतेको इजलासको आदेशले आरोपित सुनिल मिस्त्रीलाई १ लाख र लालीदेवी डगौराथारु र हिरादेवी डगौराथारुलाई जनही २५ हजार रुपियाँ धरौटी र तारेखमा रिहा गरेको इलाका प्रहरी कार्यालय, टिकापुरका डिएसपी विश्वराज अधिकारीले बताए। मुद्दा जिल्ला अदालतमा विचाराधीन रहेको छ।

भजनी नगरपालिका-१ गौनहियाकी २६ वर्षीया हसीना चौधरीलाई कथित बोक्सीको आरोपमा ०८१ पुस ४ गते कुटपिट गरी घाइते बनाएको आरोपमा भजनी नगरपालिका-१ गौनहियाका बाबुराम चौधरी, लहानु चौधरी, मनोज चौधरी र सोही ठाउँकी रूपा चौधरी, जयराम चौधरी र करन चौधरीविरुद्ध पुस ४ गते पीडित पक्षले इलाका प्रहरी कार्यालय, भजनीमा उजुरी दियो। कुटपिटबाट पीडित घाइते महिलाको धनगढीस्थित नवजीवन अस्पतालको आइसीयु कक्षमा राखेर उपचार भयो। प्रहरीले आरोपितलाई पुस ४ गते गौनहीयाबाट गिरफ्तार गर्‍यो। प्रहरीले आरोपितविरुद्ध सरकारी वकिल कार्यालयमार्फत जिल्ला अदालतमा पुस ५ गते बोक्सीको आरोपमा मुद्दा दर्ता गर्‍यो। घटनाको अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय, भजनीका इन्स्पेक्टर युवनकुमार चौधरीले बताए।

पारिवारिक हत्या

चुरेगाउँपालिका-६ मल्लोढुङ्गेनीकी ४७ वर्षीया हिरादेवी चुनाराको २०८१ असोज २४ गते घरायसी विवादको कारण बन्चरो प्रहार गरी हत्या गरेको आरोपमा ५५ वर्षीया पति डम्मर चुनाराविरुद्ध पीडित पक्षले असोज २५ इलाका पहरी कार्यालय, मालाखेतीमा उजुरी दियो। प्रहरीले आरोपितलाई असोज २५ गते घरबाट गिरफ्तार गर्‍यो। शवको पोष्टमार्टम असोज २५ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा गरी सोही दिन आफन्तले दाहसंस्कार गरे। जिल्ला अदालतका न्यायाधीश हरिसिंह धामीको कात्तिक २३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका सूचना अधिकारी कमल घलेले बताए।

जातीय विभेद

गोदावरी नगरपालिका-२ तेघरीकी ६५ वर्षीय विजय सोव र ६० वर्षीया दीपिका सोवलाई २०८१ साउन ३ गते सोही ठाउँका ५६ वर्षीय कृष्णानन्द भट्ट र ५२ वर्षीया पार्वतीकुमारी भट्टले जातीय छुवाछुत गरी अमानवीय व्यवहार गरेको आरोपमा पीडित पक्षले आरोपितहरूविरुद्ध साउन २१ गते इलाका प्रहरी कार्यालय, मालाखेतीमा उजुरी दियो। प्रहरीले आरोपितहरूलाई साउन २१ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश हरिसिंह धामीको भदौ २४ गतेको इजलासले आरोपितहरूलाई जनही २५ हजार रुपियाँ धरौटी तारेखमा रिहा गरेको जिल्ला

अदालतका सूचना अधिकारी कमल घलेले बताए। मुद्दा जिल्ला अदालतमा विचाराधीन रहेको छ।

वातावरण र मानव अधिकार

बसाइँसराइ

कैलालीमा यो वर्ष २ हजार २ सय २१ जना बसाइँसराइ गरी जिल्लाका विभिन्न स्थानमा गएका छन्।

स्रोत : स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

कैलालीमा ६८ इँटाभट्टा सञ्चालनमा रहेका छन्।

स्रोत : घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष कैलालीमा विषालु च्याउको सेवनबाट कसैको पनि मृत्यु भएको सुचना अभिलेख भएनन्।

स्रोत : जिल्ला प्रहरी कार्यालय

खानेपानी

कैलालीमा १ लाख ९५ हजार ५ सय ९७ घरपरिवार सङ्ख्या रहेका छन्। जसमा ३१ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा १६ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अधिकार

कैलाली जिल्लामा एक सङ्घीय अस्पताल, दुई प्रादेशिक अस्पताल, चार नगर अस्पताल, तीन प्राथमिक स्वास्थ्य केन्द्र, ३५ स्वास्थ्य चौकी, ५४ आधारभूत स्वास्थ्य केन्द्र र ४६ ओटा बर्थिङ सेन्टर छन्। ९८ प्रकारका औषधी निशुल्क पाउने सरकारी नीति भए पनि स्वास्थ्य संस्थामा नि:शुल्क पाइने औषधीको ३० ओटा मात्र पालैपालो गरी सबै स्वास्थ्य संस्थामा उपलब्ध रहेको छ। जिल्लाका सबै स्वास्थ्य संस्थाहरूका दरबन्दी अनुसार स्वास्थ्यकर्मी र डाक्टरको अभावमा बिरामीहरूले समस्या भोग्नुपर्ने बाध्यता रहेको स्वास्थ्य कार्यालयका सूचना अधिकारी तेजविक्रम शाहीले बताए। घोडाघोडी नगर अस्पतालको शिलान्यास भएको १० वर्ष बितिसक्दा पनि निर्माण सम्पन्न भएको छैन।

तालिका ८.७.८.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	**मुद्दा टुङ्गिएका**	**अपूर्ण**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बलात्कार	१	१	३	२६	३१
यौन दुर्व्यवहार		४	३	७	१४
जम्मा	१	५	६	३३	४५

महिला अधिकार						
घटनाको प्रकार	**मुद्दा टुङ्गिएका**	**मेलमिलाप**	**अपूर्ण**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बेचबिखन तथा ओसारपसार प्रयास			१			१
घरेलु हिंसा		२२६			१	२२७
बोक्सीको आरोपमा				१	१	२
बलात्कार	१		७	३	३४	४५
बलात्कार प्रयास				१	३	४
यौन दुर्व्यवहार					३	३
बेचबिखन तथा ओसारपसार			१		१	२
पारिवारिक हत्या					१	१
जम्मा	१	२२६	९	५	४४	२८५

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	**अपूर्ण**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
हत्या	१	१	२

(स्रोत : इन्सेक, २०२४)

८.७.९ कञ्चनपुर

जम्मा जनसङ्ख्या	५,१३,७५७
महिला	२,७३,०७१
घर परिवार सङ्ख्या	१,११,१६७
घरजग्गामा महिलाको स्वामित्व	१९,५८१
साक्षरता प्रतिशत	७९.६४
आश्रित जनसङ्ख्या	२,४७,९७१
अपाङ्गता भएका	१३,५८५

यस वर्ष कञ्चनपुर जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक महिला र एक जना पुरुष तथा ज्यादतीका घटनामा ३ सय २७ जना महिला र तीन जना पुरुष गरी ३ सय ३० जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १२ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३ सय १४ जना महिला पीडित भए।

गोली तथा विष्फोटक पदार्थबाट घाइते

वेदकोट नगरपालिका-२ बसन्थलाका १६ वर्षीय बालक घरमा विष्फोटक पदार्थ बनाउँदै गर्दा विस्फोट भई घाइते भए। पीडित बालकलाई विस्फोटक पदार्थ बनाउन लगाएको आरोपमा कैलाली जिल्लास्थित लम्की आर्दश नमूना माविका ४५ वर्षीय शिक्षक हरेन्द्र भण्डारीविरुद्ध पीडित पक्षले ०८१ जेठ २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। घाइते बालकको भारतको लखनउस्थित गायत्री अस्पतालमा उपचार भयो। प्रहरीले आरोपितलाई जेठ २८ गते गिरफ्तार गऱ्यो। विष्फोटक पदार्थको प्रकार जाँचका लागि प्रयोगशालामा पठाइएको र त्यसको प्रतिवेदन समेत प्राप्त नभएकोले जिल्ला सरकारी वकिल कार्यालयले आरोपितलाई असार १९ गते जिम्मा जमानीमा तारिखमा रिहा गरेको जिल्ला प्रहरी कार्यालयका डीएसपी उमेश जोशीले बताए।

कुटपिट, धम्की

राज्यपक्षबाट

बेदकोट नगरपालिका-१ हात्तीथलाका ४० वर्षीय बसन्तबहादुर धामीलाई ०८० माघ ४ गते गड्डाचौकीस्थित भन्सार सुरक्षार्थ खटिएका सशस्त्र प्रहरीका वरिष्ठ हवल्दार ४५ वर्षीय कर्णबहादुर बोहोराले कुटपिट गरेको आरोपमा पीडित पक्षले माघ ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। कुटपिटबाट टाउकोमा गहिरो चोट लागे घाइते भएका धामीको माघ ४ गते प्रादेशिक अस्पताल, महेन्द्रनगरमा उपचार भयो। घटनाका अरोपित र पीडित पक्षबीच छलफल गर्दा आरोपितले उपचार खर्च व्यहोर्ने र उपरान्त गल्ती नगर्ने भनेपछि दुबै पक्षको आपसी सहमतिमा माघ ५ गते मेलमिलाप भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी प्रकाश डाँगीले बताए।

भारतको बनबासाबाट घरायसी सामान लिएर आउँदै गरेकी भीमदत्त नगरपालिका-५ सुकाशालकी ३२ वर्षीया सन्ध्या विकलाई ०८१ असोज ४ गते सशस्त्र प्रहरी गुल्ममा कार्यरत ३४ वर्षीय सहायक हबल्दार सरस्वती भण्डारीले कुटपिट गरिन्। कुटपिटबाट घाइते भएकी विकको स्वास्थ्य उपचार ०८१ असोज ५ गते महाकाली प्रादेशिक अस्पतालमा भयो। जिल्ला प्रशासन कार्यालयमा असोज ९ गते दुबै पक्ष उपस्थित भई

तालिका ८.७.९.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बम विस्फोटबाट घाइते						१	१
कुटपिट		१	१	२		१	१
हत्या					१	१	२
बाल अधिकार	बेचबिखन तथा ओसारपसार				४		४
	बलात्कार				६		६
	यौन दुर्व्यवहार				२		२
	जम्मा				१२		१२
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास				१		१
	घरेलु हिंसा				२९२		२९२
	पारिवारिक हत्या				२		२
	बलात्कार				६		६
	बलात्कार प्रयास				३		३
	सामूहिक बलात्कार				१		१
	वैवाहिक बलात्कार				७		७
	बेचबिखन तथा ओसारपसार				२		२
	जम्मा				३१४		३१४
कूल जम्मा		१	१	२	३२७	३	३३०

(स्रोत : इन्सेक, २०२४)

घटनामा मेलमिलाप भएको सहायक प्रमुख जिल्ला अधिकारी पर्शुराम पोखरेलले बताए।

अन्यपक्षबाट

डयुटीमा खटिएको प्रहरी टोलीमाथि ०८१ असोज ९ गते राति स्थानीय युवाहरूको समूहले आक्रमण गर्दा इलाका प्रहरी कार्यालय, त्रिभुवनबस्तीमा कार्यरत इन्स्पेक्टर ३६ वर्षीय महेशविक्रम शाही घाइते भए भने ४० वर्षीय प्रहरी जवान तिलकबहादुर बलायर, ३१ वर्षीय जयप्रकाश चौधरी र सवारी चालक ४० वर्षीय प्रेमबहादुर खड्कालाई सामान्य चोट लाग्यो। घाइतेहरूको उपचार असोज ९ गते राती पुनर्वास नगरपालिका-६ स्थित टाउन हस्पिटलमा भयो। घटना संलग्न युवा फरार रहेकाले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी उमेश जोशीले बताए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ९५ जनाको रहेको छ। कारागारमा कैद तोकिएका २ सय ४९ र कैद नतोकिएका २ सय २० गरी ४ सय ६९ कैदीबन्दी रहेका छन्। कारागारको क्षमता महिला २० जना र पुरुष ७५ जनाको हो। जसमा महिला २१ जना र पुरुष ४ सय ४८ जना रहेका छन्। कैदीबन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि एक जना सिनियर अहेब दरबन्दी रहेको छ। कारागारमा ६० वर्ष नाघेका पाँच जना ज्येष्ठ नागरिक (पुरुष) रहेको निमित्त कारागार प्रमुख, रामदत्त जोशीले बताए। ०२३ सालमा स्थापना भएको कारागार जीर्ण अवस्थामा रहेको, दिनदिनै थपिरहने कैदीबन्दीहरूको चापले खान, बस्न, शौचालय प्रयोग गर्न पालो कुर्नुपर्ने बाध्यता छ। क्षमताभन्दा झन्डै ६ गुणा बढी कैदीबन्दी भएकोले पालो मिलाएर सुत्नुपर्ने, शौचालयको प्रयोगको लागि लामो समय कुर्नुपर्ने अवस्था रहेको, कोचिएर बस्नुपर्ने भएकोले सानोतिनो कुरामा वादविवाद हुने गरेको, कारागारमा पुस्तकालयको अभाव, पर्याप्त शौचालयको अभाव र सीपमूलक तालिमको व्यवस्था नभएको नाइके टेकराज जोशीले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

जिल्ला अदालतमा दुई जना न्यायाधीशको दरबन्दी रहेको छ। अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ ५ सय ७९ थानमध्ये २ सस ५३ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ८ सय ५ थानमध्ये ५ सय ५१ थान मुद्दा फैसला भए। दुई वर्ष नाघेका फौजदारी मुद्दा १९ थान र देवानी मुद्दा आठ थान फैसला हुन बाँकी रहे। फैसला ढिलो हुनुमा प्रशासनको ढिला सुस्ती प्रमुख कारण रहेको उच्च बार एसोसिएशनका अध्यक्ष भुपेन्द्र विष्टले बताए।

उच्च अदालत दीपायल, महेन्द्रनगर इजलास

उच्च अदालत, कञ्चनपुरमा चार जना न्यायाधीशको दरबन्दी रहेकोमा तीन जना कार्यरत छन्। उच्च अदालतमा यो वर्ष दुनियावादी देवानीका १ सय ११ थान, दुनियावादी फौजदारीका ५० थान, सरकारवादी फौजदारीका ३ सय ११ थान र सुरु क्षेत्राधिकारबाट जिम्मेवारी सरेर आएका तीन थान मुद्दा छन्। यो वर्ष दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ १ सय ३८ थान फैसला भयो। अघिल्लो वर्षका जिम्मेवारी सरेर आएका समेत २ सय १८ थान मुद्दा फैसला भएका छन् भने २ सय ९३ थान मुद्दा फैसला हुन बाँकी छन्। दुई वर्ष नाघेका फौजदारी मुद्दा दुई थान र देवानी मुद्दा एक थान फैसला हुन बाँकी रहेको छ।

बाल अधिकार

यो वर्ष कञ्चनपुर जिल्लामा यौन दुर्व्यवहारका घटनामा दुई, बलात्कारका घटनामा ६ जना र बेचबिखन तथा ओसारपसारका घटनामा चार गरी १२ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये अपाङ्गता भएका एक जना बालिका पीडित भइन्।

शिक्षाको अवस्था

जिल्लामा २ सय ९१ आधारभूत र २ सय ९ मावि छन्। स्थायी शिक्षक दरबन्दी १ हजार ८ सय ८८ रहेकोमा १२ ओटा रिक्त दरबन्दी मिलान हुन बाँकी छ। जिल्लामा अपाङ्गतामैत्री विद्यालय ६ ओटा छन्। दलित, अपाङ्ग, सहिद परिवारलाई निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ। सीमान्तकृत बालबालिकाको विद्यालयमा पहुँच अपेक्षा गरेजति नभए पनि सुधारोन्मुख रहेको शिक्षा विकास तथा समन्वय इकाइका सूचना अधिकारी, दशरथ भट्टले बताए।

विद्यालयमा खेलकुद, अतिरिक्त क्रियाकलाप, सहक्रियाकलाप, भौतिक साधनको सुविधा, विज्ञान प्रयोगशाला, पुस्तकालय, इन्टरनेट, विद्युतीय सुविधा २ सय ४० विद्यालयमा उपलब्ध छ।

भीमदत्त नगरपालिका-९ मुसेट्टीस्थित सरस्वती आधारभूत विद्यालयको भवनमा ०८१ भदौ अन्तिम साता अविरल वर्षासँगै आएको पहिरोले विद्यालयको भवनमा क्षति पुऱ्याएपछि पठनपाठन प्रभावित भएको छ। पहिरोले विद्यालयको कक्षाकोठाभित्र रहेका कागजात, फर्निचरलगायत भवनमा क्षति पुऱ्याएको भए पनि मर्मतसम्भार हुन नसक्दा पठनपाठनमा समस्या भएको विद्यालयका प्रधानाध्यापक दिवाकर जोशीले बताए।

तालिका ८.७.९.२ अपाङ्गता भएका पीडित सङ्ख्या

घटनाको प्रकार	अन्यपक्षबाट	
	महिला	जम्मा
बाल अधिकार	१	१
महिला अधिकार	१	१
कूल जम्मा	२	२

(स्रोत : इन्सेक, २०२४)

शुक्लाफाँटा नगरपालिका-८ पारिफाँटास्थित बैजनाथ आधारभूत विद्यालयमा अध्ययनरत ३ सय १० जना विद्यार्थीका लागि एउटा मात्रै शौचालय निर्माण गरिएको र शिक्षक तथा विद्यार्थीले सोही शौचालय प्रयोग गर्न पालो कुर्नुपर्ने बाध्यताले विद्यार्थीको पढाइ प्रभावित हुने गरेको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३ सय ६२ जनाले महिला, बालवालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये २ सय ५२ ओटा उजुरीमा मेलमिलाप गरिएको छ भने ४२ उजुरी कानुनी प्रक्रिया छन्। ६८ जना उजुरीकर्ताको निर्णय हुन बाँकी रहेको सेवा केन्द्रकी इन्स्पेक्टर जमुना जोशीले बताइन्। मेलमिलापले पीडितको अधिकार स्थापित गरेको भए पनि बहुविवाह र अपराधका घटनामा प्रहरीले मिलापत्र नगर्ने उनले बताइन्।

यो वर्ष कञ्चनपुर जिल्लामा बलात्कारका घटनामा ६, बलात्कार प्रयासका घटनामा तीन, बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा एक, सामूहिक बलात्कार घटनामा एक, वैवाहिक बलात्कारका घटनामा सात, बेचबिखन तथा ओसारपसार घटनामा दुई र घरेलु हिंसाका घटनामा २ सय ९२ गरी ३ सय १२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये अपाङ्गता भएका एक जना महिला पीडित भइन्। परिवारबाट हत्याका दुई घटना भए।

पारिवारिक हत्या

२८ वर्षीया महिलालाई ०८० चैत १५ गते कुटपिट गरी हत्या गरेको आरोपमा भीमदत्त नगरपालिका-१८ सालघारीका पति ३४ वर्षीय बलराम थारुलाई प्रहरीले ०८० चैत १६ गते गिरफ्तार गऱ्यो। कुटपिटबाट गम्भीर घाइते भएकी महिलाको महाकाली प्रादेशिक अस्पतालमा चैत १५ गते उपचारका क्रममा मृत्यु भयो। शवको पोष्टमार्टम चैत १६ गते महाकाली प्रादेशिक अस्पतालमा गरिएपछि आफन्तजनले चैत १६ गते महाकाली नदीमा सद्गत गरे। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत आरोपितविरुद्ध चैत २८ गते जिल्ला अदालतमा कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश चाणकमणि अर्यालको चैत ३० गतेको इजलासले आरोपितलाई पुर्पपक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। हाल मुद्दा जिल्ला अदालत विचाराधीन छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भौतिक संरचना क्षति

लालझाडी गाउँपालिका-४ पर्सियास्थित भृकुटी विद्यालयमा ०८१ असार २ गते राति अपरिचित व्यक्तिहरूको समूहले आगजनी गऱ्यो। अपरिचित व्यक्तिहरुले गरेको आगजनीबाट विद्यालयको पाँच ओटा कक्षाकोठा, कागज-पत्र, पुस्तक, फर्निचर, पङ्खाहरू, विद्यालयको छाना, ढोकालगायतका सामग्री पूर्ण रूपमा जलेर नष्ट भएको भन्दै विद्यालयका संस्थापक भक्त रानाले असार ४ गते इलाका प्रहरी कार्यालय, शंकरपुरमा उजुरी दिए। घटनामा संलग्नहरूको खोजीकार्य भइरहेको इलाका प्रहरी कार्यालय, शंकरपुरका प्रहरी हवल्दार हिरासिंह महराले बताए।

वातावरण र मानव अधिकार

बसाइँसराइ

कञ्चनपुरमा यो वर्ष १ हजार ७ सय २४ जना बसाइँसराइ गरेर जिल्ला बाहिर गएका छन्।

स्रोत: स्थानीय तहका पञ्जीकरण शाखा

इँटाभट्टा र सिमेन्ट उद्योग

कञ्चनपुरमा इँटाभट्टा उद्योग ४३ ओटा स्थापना भई सञ्चालना रहेका छन्।

स्रोत: घरेलु तथा साना उद्योग कार्यालय

विषालु च्याउ

यस वर्ष यस विषालु च्याउको सेवनबाट कुनै व्यक्तिको मृत्यु भएको सूचना अभिलेख भएन।

स्रोत: जिल्ला प्रहरी कार्यालय

खानेपानी

कञ्चनपुरमा १ लाख ११ हजार ९ सय घरपरिवार सङ्ख्या रहेका छन्। जसमा तीन प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ।

स्रोत: खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

सार्वजनिक शौचालय

जिल्लामा ४६ ओटा सार्वजनिक शौचालय रहेका छन्।

स्रोत: स्थानीय तह

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, तीन सामुदायिक अस्पताल, ५९ आधारभूत स्वास्थ्य केन्द्र, दुई सामुदायिक स्वास्थ्य सेवा इकाइ र आठ नगर स्वास्थ्य केन्द्र रहेका छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा २० जना विशेषज्ञको दरबन्दी रहेकोमा रिक्त छ। अस्पताल व्यवस्थापन समिति मार्फत भर्ना भई ११ जना विशेषज्ञले सेवा प्रवाह गरिरहेका छन्। ४० जना स्टाफ नर्सको दरबन्दीमा सबै कार्यरत रहेका छन्। अनमी चार जनाको दरबन्दीमा सबै कार्यरत रहेका अस्पताल व्यवस्थापन समितिका अध्यक्ष कृष्णानन्द भट्टले बताए। जिल्लामा बीमित परिवार ३० हजार १६ जना छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रम सञ्चालनमा रहेको छ।

तालिका ८.७.९.३ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	**अपूर्ण**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बेचबिखन तथा ओसारपसार		१	३	४
बलात्कार	१		५	६
यौन दुर्व्यवहार			२	२
जम्मा	१	१	१०	१२

महिला अधिकार					
घटनाको प्रकार	**मेलमिलाप**	**अपूर्ण**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बेचबिखन तथा ओसारपसार प्रयास			१		१
घरेलु हिंसा	२९०			२	२९२
बलात्कार		१	१	१२	१४
बलात्कार प्रयास				३	३
पारिवारिक हत्या				२	२
बेचबिखन तथा ओसारपसार				२	२
जम्मा	२९०	१	२	२१	३१४

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
हत्या	१	१	२

(स्रोत : इन्सेक, २०२४)

परिच्छेद ९

सन् २०२४ को मानव अधिकार स्थितिबारे राजनीतिक दलका धारणा

नेपाली कांग्रेस

नेपालको संविधानमा धारा १३ देखि ४८ सम्म मौलिक हकसम्बन्धी व्यवस्था छ। यी मौलिक हकको कार्यान्वयनको अनुगमन गर्ने मुख्य जिम्मेवार निकायले मानव अधिकार उल्लङ्घन हुन सक्ने वा उल्लङ्घन गर्न अभिप्रेरित गर्ने मौजुदा ऐन कानुन भए समय सापेक्ष परिमार्जन हुन आवश्यक छ।

यसै सन्दर्भमा, सन् २०२४ मा देशका विगतका तुलनामा मानव अधिकार उल्लङ्घनका घटनाहरू केही कम भएको देखिन्छ। २०८१ साल असार १७ पछि नेपालमा नेपाली कांग्रेसको समर्थनमा लोकतन्त्र र मानव अधिकारप्रति संवेदनशीलता अपनाउने सरकार बनेको हुँदा सो समयपछि मानव अधिकार उल्लङ्घनका गम्भीर घटनाहरू घटेको पाइएन।

सर्लाहीको बरहथवास्थित प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नतिको विषयलाई लिएर २०८० साल पुस २० गते शुक्रबार भएको प्रदर्शनका क्रममा सुरक्षाकर्मीको गोली लागी स्थानीय युवा जयशङ्कर साहको मृत्यु भएको, केही व्यक्तिहरू घाइते भएको र त्यसपछि उत्पन्न परिस्थितिबाट मानव अधिकार उल्लङ्घन भएको देखिएको छ। २०८० साल माघ २८ गते भ्रष्टाचार, बेथिति, पक्षपातको विरुद्ध जनताको हितका लागि सिरहा जिल्लाको मिर्चैया नगरपालिकामा विभिन राजनीतिक दल र सर्वसाधारण व्यक्तिहरूद्वारा गरिएको शान्तिपूर्ण संयुक्त आन्दोलनका क्रममा नगर प्रमुखको ठाडो निर्देशनमा सुरक्षाकर्मीद्वारा आन्दोलनकारीलाई धरपकड गर्नु, कुटपिट गर्नु मानव अधिकार उल्लङ्घन भएको विषय पनि मानव अधिकार उल्लङ्घनका घटनाको रूपमा नेपाली कांग्रेसले लिएको छ।

२०८१ साल जेठ २ गते अपाङ्गता भएका व्यक्तिहरूको प्रदर्शनमा भएको दमन मानव अधिकार उल्लङ्घनको घटना हो, पूर्ण/अशक्त अपाङ्गता भएका दीपक भण्डारीको नेतृत्वमा अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी नियमावली २०७७ को नियम ९ सँग सम्बन्धित सामुदायिक सहायता सेवामा उल्लेख भएको व्यक्तिको सहयोगीको माग गर्दै काठमाडौँको रत्नपार्कमा अपाङ्गता भएका व्यक्तिहरूको धर्ना, अनसन तथा सडक आन्दोलनमा भएको प्रहरी दमन र धरपकड पनि मानव अधिकार उल्लङ्घन घटनाका रूपमा रहेको छ।

आगामी वर्ष मानव अधिकारसँग सम्बन्धित यस्ता घटनालाई नदोहोरिन दिनका लागि इन्सेकले आफ्नो क्षेत्रबाट प्रभावकारी कार्य गर्नेछ भन्ने नेपाली कांग्रेसले विश्वास लिएको छ।

कृष्णप्रसाद पौडेल
मुख्य सचिव

नेकपा (एमाले)

इन्सेकले सन् १९९२ देखि हरेक वर्ष प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकले देशको मानव अधिकारको अवस्था सार्वजनिक गरी राज्यका तीन ओटै अङ्ग तथा राजनीतिक दलहरूलाई जिम्मेवार र जबाफदेही बनाउन सहयोग प्रदान गर्दै आएको नेकपा (एमाले) ले ठानेको छ।

नेकपा (एमाले) नेपाली समाजमा रहेका सबैखाले विभेद र असमानताकको अन्त्य गर्दै सामाजिक न्यायसहितको मानव अधिकार प्रत्याभूतिका लागि निरन्तर कृयाशील पार्टी हो। नेपाली जनतालाई अधिकार सम्पन्न बनाउन गठित जनआधारित पार्टी हुनुका नाताले एमाले सधैँ मानव अधिकारको पक्षमा रहँदै आएको छ। आम निर्वाचन ०७९ मा नै नेकपा एमालेले 'समृद्ध नेपाल, सुखी नेपाली'को सङ्कल्प जनसमुदाय समक्ष प्रस्तुत गरी सोही मार्गमा अघि बढ्दै आएको छ। पार्टीका हरेक नीति, कार्यक्रम, योजना तथा क्रियाकलापहरू यसै विषयलाई केन्द्रमा राखेर गरिँदै आएको विदितै छ। नेकपा एमालेले सुशासन, विकास र समृद्धिका माध्यमबाट जनतालाई अधिकार सम्पन्न गराउने बाटोमा लागेर विभिन्न अभियानहरू गर्दै आएको छ। अहिले सञ्चालन गरिरहेको 'जरा' अभियान पनि यसैको निरन्तरता हो।

स्थानीय सरकारमार्फत जनता र जनजीविकाका सवाललाई उजागर गर्दै आवश्यक सम्बोधन गर्नेतर्फ यो अभियान केन्द्रित छ। जनता अधिकार सम्पन्न हुँदा मात्रै मुलुक समृद्ध हुन्छ भन्ने हाम्रो मान्यता रही आएको छ। तसर्थ हामी जनताका आधारभूत अधिकारका पक्षमा लाग्न कुनै कसर बाँकी राख्दैनौँ।

पछिल्ला केही वर्ष यता राज्य पक्षबाट हुने मानव अधिकार उल्लङ्घनका घटनामा कमी आएको र घर परिवार र समाजबाट हुने हिंसा र ज्यादतीका घटनाहरू बढिरहेको तथ्य इन्सेकले सार्वजनिक गर्दै आएको वर्ष पुस्तकले देखाएको छ। सामाजिक सञ्जाल प्रयोग गरी महिला तथा बालकालिकमाथि हिंसाका घटना हुने क्रम हरेक वर्ष बढेर गएको छ। सामाजिक सञ्जाल प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्ने परिपाटी डरलाग्दो किसिमले बढेर गएको छ। यस्ता अराजकताका विरुद्ध कठोर कदम चाल्न सकिएन भने समाज गलत दिशातर्फ जाने सम्भावना रहन्छ। यो चिन्ताको विषय हो। यस्ता घटनाको न्यूनीकरण गर्नु राज्यको दायित्व हो। यही दायित्वबोधलाई आत्मसात् गर्दै अपराधको न्यूनीकरण गर्न हाम्रो पार्टीले सरकारलाई निरन्तर झकझक्याइरहेको छ।

पञ्चायतकालीन शासन व्यवस्थामा नागरिक तथा राजनीतिक अधिकारमा हाम्रो जोड रहँदै आएकोमा अहिले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थामा प्रवेश गरिसकेपछि त्यस्ता अधिकारका मुलभूत विषय सम्बोधन भइसकेका छन्। जुन कुरा व्यवहारमा पनि पाउन सकिन्छ। अब भने हामीले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका लागि जुट्नु पर्ने अवस्था छ। हामीले संविधानमा यी व्यवस्थालाई लिपीबद्ध गरेका छौँ। तर, व्यवहारमा क्रमश: यस्ता अधिकारको कार्यान्वयनलाई बढाउनुपर्ने आवश्यकता छ। नेकपा (एमाले) ले 'समृद्ध नेपाल, सुखी नेपाल' को नारा पनि यही विषयलाई मध्यनजर गरी ल्याएका हो।

नेकपा एमालेले शान्ति प्रक्रियाका बाँकी काम सम्पन्न गर्न निष्ठापूर्वक प्रयत्न गरेका छ। यस विषयमा तथ्यहरूले नै पुष्टि गर्छ। धेरै भनिरहनै पर्दैन। एमालेकै नेतृत्वको सरकारले सुरुमा सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक व्यवस्थापिका संसदमा प्रस्तुत गरेको हो। यो नै सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनी व्यवस्थाको पहिलो कदम हो। लामो समयदेखि अवरुद्ध यो प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन वर्तमान सरकारले संशोधन विधेयक ल्याएर संसदबाट सर्वसम्मत पारित गऱ्यौँ। यी घटनाक्रमले हाम्रो प्रयत्नलाई उजागर गर्छ। यो विषयलाई राजनीतिक दाउपेच बनाउनु हुँदैन भन्ने मान्यता नेकपा एमालेको रहँदै आएको छ। पीडितको न्याय सुनिश्चित गर्दै सङ्क्रमणकालीन न्यायका बाँकी काम सफलतापूर्वक सम्पन्न गर्नु पर्छ। पीडित, अन्तर्राष्ट्रिय समुदाय र मुख्य सरोकारवालालाई मान्य हुने गरी सम्बोधन गर्नु नै पर्छ।

समग्रमा नेपालको मानव अधिकारको अवस्थामा विगतमा भन्दा सुधार देखिएको भए पनि सुधार गर्नुपर्ने प्रशस्त ठाउँ रहेका छन् भन्ने कुरा नेपाल मानव अधिकार वर्ष पुस्तकले देखाउँदै आएको छ। नेपालको मानव अधिकारको स्रोत पुस्तकका रूपमा वर्ष पुस्तकलाई आधार मानेर थप कार्यक्रम ल्याउनु पर्ने आवश्यकतालाई हामीले महसुस गरेका छौँ। यसको पूर्तिका लागि नेकपा एमाले क्रियाशील छ।

शंकर पोखरेल
महासचिव

नेकपा (माओवादी केन्द्र)

यस संस्थाले सन् १९९२ देखि हरेक वर्ष देशको मानव अधिकारको स्थितिबारे समग्र आँकलन, अवलोकन र विश्लेषण गरी नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आएको तथ्यमा हामी सबै अवगत नै छौँ। यसक्रममा नेपाल मानव अधिकार वर्ष पुस्तक २०२५ प्रकाशनको अन्तिम तयारीमा जुटेको तथ्य थाहा पाउँदा हामीलाई खुसी लागेको छ।

सर्वप्रथम यस कार्यको लागि हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) अनौपचारिक क्षेत्र सेवा केन्द्र(इन्सेक) लाई हार्दिक शुभकामना व्यक्त गर्दछौँ। यो वर्ष पनि इन्सेकको आफ्नो गरिमा, विश्वसनीयता र सन्तुलनलाई कायम राख्दै मानव अधिकार उल्लङ्न गर्ने जो कोहीप्रति पनि खबरदारी गर्ने र उल्लङ्नका घटनाहरूको न्यूनीकरण गरी मानव अधिकारको क्षेत्रमा सुशासन कायम गर्न सकोस् यो शुभेच्छा पनि प्रकट गर्न चाहन्छौँ।

गत वर्ष २०८० पुस १६ गतेदेखि २०८१ पुस १५ गतेसम्मका कामहरूबारे टिप्पणी गर्नुपर्ने खासै कुनै विषय छैनन्। तथापि, सुशासन, सामाजिक न्याय, विधिको शासनमा मुलुकलाई हिँडाउने र मानव अधिकार भन्ने विषयमा सबैको समान दृष्टिकोण हुन जरुरी छ भन्ने लाग्दछ। नेपालको वर्तमान संविधानले

प्रदान गरेको मौलिक हकहरूको पूर्णरूपमा कार्यान्वयन, आर्थिक सुशासन कायम गरी समाजवादको आधार तयार गर्न सकिन्छ भन्ने कुरामा हामी प्रष्ट छौँ। कतिपय विषयहरूमा मानव अधिकार क्षेत्रले पनि साझा दृष्टिकोण निर्माण गर्न आफ्नो पहलकदमी बढाउनुपर्ने देखिन्छ। घटना भएपछिको विश्लेषण भन्दा घटना हुनै नदिने प्रयास हामी सबैको हुन जरुरी छ। त्यसका लागि मानव अधिकारको क्षेत्र राज्य सत्ताको छायाँ होइन प्रकाश बनेर उभिन सक्नुपर्दछ। राज्य दीर्घकालीन प्रकृतिको हुन्छ भने सरकार अल्पकालीन चरित्रको हुन्छ। त्यसैले इन्सेकले राज्य सत्ताको चरित्र सरकारका काम कारबाही र कतिपय सन्दर्भमा व्यक्तिका मानव अधिकार हनन्का विषयमा खुल्ला र प्रष्ट बोल्न सक्नुपर्दछ। इन्सेकले यो भूमिका र दायित्व दुवै पूरा गर्न सक्षम छ भन्ने हामीलाई लागेको छ। पश्चगमनको विरुद्ध अग्रगमनको पक्षमा बोल्नु नै आजको प्रगतिशीलता हो। त्यसैले घटनाहरूको आकलन, अवलोकन वा विश्लेषण मात्र होइन संविधानको कार्यान्वयनमा सरकारलाई समेत खबरदारी गर्ने र विश्व मानचित्रमा नेपालको नयाँ मानक स्थापित गर्न प्रयत्नशील रहनु नै आजको यथार्थ हो।

हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) विश्वव्यापी रूपमा रहेका मानव अधिकारका मान्यताहरूप्रति प्रतिबद्ध छ। हामी अहिले प्राप्त उपलब्धिहरूको रक्षा, प्रयोग र विकासमा सबैको साझा हकहरू स्थापित गर्न दृढ छौँ। मानव अधिकार वर्ष पुस्तक २०२५ सबैको साझा निष्कर्षको दस्तावेज बन्न सकोस् फेरि पनि शुभकामना।

पुष्पकमल दाहाल (प्रचण्ड)
(अध्यक्ष)

राष्ट्रिय स्वतन्त्र पार्टी

मानव अधिकार एक समीक्षा

मानव अधिकारको विश्वव्यापी घोषणापत्रको प्रस्तावनामा नै मानव अधिकार कानुनी शासनद्वारा संरक्षित हुने भनिएको छ। जहाँ कानुनी शासनको सम्मान हुन्छ, त्यहाँ नै मानव अधिकारको प्रत्याभूति हुन्छ। कानुनी शासन, मानव अधिकार र लोकतन्त्रमा सभ्य राष्ट्र र समाजको प्रतिबिम्ब हुन्छ। कानुनी शासन भनेको यस्तो शासन व्यवस्था हो, जहाँ कानुन कार्यान्वयन गर्ने निकाय र नागरिक दुबै कानुनी र आचरणमा बाँधिएका हुन्छन्। त्यो नै उत्कृष्ट लोकतन्त्रको नमूना र मानव अधिकारको उच्च सम्मान हो।

मौलिक हक कार्यान्वयनमा समस्या

नेपालले अन्तर्राष्ट्रिय रूपमा मानव अधिकारको परिपालना गर्ने प्रतिबद्धता गरे अनुरूप त्यसलाई सम्बोधन गर्न नीति तथा कानुन, संरचना, रणनीति, कार्ययोजना निर्माण गरिनुलाई सकारात्मक रूपमा लिन सकिन्छ। नेपालको संविधानमा अन्तर्राष्ट्रिय मानव अधिकार कानुनमा भएका अधिकांश अधिकार समावेश पनि गरिएका छन्। तिनको कार्यान्वयनका लागि स्वतन्त्र न्यायपालिकाका अतिरिक्त राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारू आयोग र मुस्लिम आयोग लगायतका विभिन्न आयोगको परिकल्पना समेत संविधानमा गरिएको छ।

तर, संविधानमा रहेका कतिपय मौलिक हक कानुन नबनाइ कार्यान्वयन नै हुन नसक्ने खालका छन्। कूल ३२ वटा धारामा व्यवस्थित गरिएका मौलिक हकमध्ये २३ ओटामा कानुन बमोजिम भन्ने पदावली प्रयोग भएको पाइन्छ। यसबाट संविधानले सुनिश्चित गरेका मौलिक हक कार्यान्वयनका लागि नयाँ कानुनहरूतर्जुमा अनिवार्य हुन्छ, यसतर्फ राष्ट्रिय स्वतन्त्र पार्टी ध्यानाकर्षण गराउन चाहन्छ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेमाथिको दुर्व्यवहार

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई दुर्व्यवहार गरी थुनुवाको मानव अधिकार हनन् हुने गरी रातारात चितवनबाट पोखरा पुऱ्याइनुले मानव अधिकार, विधिको शासनको उपहास गरेको छ। मानव अधिकार मानव सभ्यताको उत्कृष्ट उपहार हो। यसलाई राज्यले कुनै पनि बहानामा हरण गर्न मिल्दैन। राजनीतिक प्रतिशोधको भावना वृद्धि हुनाले पनि यहाँ मानव अधिकार खतरामा भएको देखाएको छ। अनुसन्धानमा साथ दिइरहेको जनप्रतिनिधिलाई अपराधी जस्तो प्रचार गर्दै सोहीस्तरको व्यवहार हुनु नेपालको संविधानको धारा १८, २२ तथा मुलुकी अपराध संहिता, २०७४ को दफा १६७ एवं यातना र अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा अन्तर्राष्ट्रिय सजाय विरुद्धको महासन्धि १९८४ विपरीत भएको हुँदा यस प्रकारको सरकारी कदमप्रति राष्ट्रिय स्वतन्त्र पार्टी राष्ट्रिय मानव अधिकार आयोग एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकारकर्मी तथा मानव

अधिकारवादी सङ्घ संस्थाहरूको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छौँ।

सङ्क्रमणकालीन न्याय

सङ्क्रमणकालीन न्याय सम्बन्धी आयोगमा पदाधिकारीहरूको नियुक्तिका लागि सिफारिस गर्न सिफारिस समिति असफल भएपछि मुलुकको शान्ति प्रक्रिया पुनः अवरुद्ध भएको छ। यसबाट मुलुकमा १८ वर्षदेखि जारी सङ्क्रमणकालीन न्यायको प्रक्रिया र द्वन्द्व पीडितहरूको न्याय तथा परिपूरणको हकको सुनिश्चितता माथि पुनः अवरोध खडा भएको छ।

दुई भिन्न सङ्क्रमणकालीन न्याय आयोग सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले पीडितहरूबाट ६० हजारभन्दा धेरै उजुरी प्राप्त गरेका भए पनि हालसम्म एउटा पनि अनुसन्धान सम्पन्न गर्न सकेका छैनन्।

विधिको शासन

सुरक्षाकर्मीद्वारा निरन्तर गरिएका दुर्व्यवहार अन्त्य गर्नमा अधिकारीहरू असमर्थ रहेका छन्। विरोध प्रदर्शन नियन्त्रणको क्रममा अत्याधिक वा अनावश्यक शक्ति प्रयोगका कारण हुने मृत्यु तथा हिरासतमा हुने मृत्यु र यातनाका आरोपबारे बिरलै मात्रै अनुसन्धान हुने गर्छन्। त्यस्ता अपराधमा संलग्नहरूलाई न्यायको दायरामा झनै कम ल्याइन्छ।

पछिल्लो समय भीडलाई नियन्त्रण गर्न प्रहरीले पोखरामा दर्जनौँ सेल टियर ग्याँस प्रयोग गरेको थियो। यसक्रममा एउटा डरलाग्दो तथ्य उजागर भयो। पोखरामा प्रयोग गरिएका टियर ग्यासका सेल म्याद गुज्रिएका थिए। भीड नियन्त्रणका लागि सुरक्षा फौजले प्रयोग गर्ने 'टियर ग्यास' यसै पनि मानव स्वास्थ्यका लागि घातक हुन्छ।

भ्रष्टाचार र सरकारमा पारदर्शिताको कमी

कानुनले सार्वजनिक पद धारण गरेका व्यक्तिहरूबाट हुने भ्रष्टाचारका विरुद्ध शून्य सहनशीलता भन्दै सजायको व्यवस्था गरेको छ। यद्यपि, सरकारले यी कानुनी प्रावधानलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन र लागु गरेको पाइएको छैन। अधिकारीहरू भ्रष्टाचारमा संलग्न रहेको र आफूलाई पदीय मर्यादाको अधीनस्थ नराखेको प्रति ध्यानाकर्षण गराउन चाहन्छौँ।

महिला तथा बालिकाका अधिकार

बलात्कार विरुद्ध आरोपको शृङ्खलापछि नेपालमा व्याप्त यौन हिंसालाई सम्बोधन गर्न माग गर्दै विभिन्न विरोधका कार्यक्रम भए। हालका केही वर्ष यता बलात्कारका घटनामा सङ्ख्यात्मक वृद्धि भएको आधिकारिक तथ्याङ्कले पुष्टि गर्दछन्। अन्य समुदायको तुलनामा यस्ता घटनाका पीडितमा दलित तथा अन्य सीमान्तकृत समुदायका महिलाहरू अत्यधिक हुने गर्छन्।

जलवायु परिवर्तनले मानव अधिकारमा पारेको असर

जलवायु परिवर्तन हाल विश्वको चिन्ताको विषय बनेको छ। जलवायु परिवर्तन मानव जातिका लागि सबैभन्दा ठूलो खतरा हो। वायु प्रदूषण, रोग, चरम मौसमी घटना, जबरजस्ती विस्थापन, मानसिक स्वास्थ्यमा दबाब र मानिसहरू बढ्न वा पर्याप्त खाना पाउन नसक्ने ठाउँमा बढ्दो भोक र खराब पोषणमार्फत् जलवायु प्रभावले स्वास्थ्यलाई हानि पुऱ्याएको हुन्छ। नेपालको संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको व्यवस्था गरेको छ, संविधानद्वारा प्रत्याभूत गरिएको जीवनको अधिकार, विकाससम्बन्धी अधिकार, खाद्य अधिकार, लैङ्गिक अधिकार, बाल अधिकारको संरक्षण र संवर्द्धनका लागि सङ्घीय सरकारले खासगरी स्थानीय सरकारसँग समन्वय र सहकार्य गरी कार्ययोजना अगाडि ल्याई प्रभावकारी कार्यान्वयन गर्न राज्यको ध्यानाकर्षण गराउँदछौँ।

यौनिक झुकाव तथा लैङ्गिक पहिचान (LGBTQI+)

लेस्बियन, गे, बाइसेक्सुअल तथा पारलैङ्गिक (LGBTQI+) व्यक्तिका अधिकारबारे नेपालको रवैया मिश्रित प्रकृतिको छ। केही हिसाबमा नेपालको कानुनी प्रगति यस क्षेत्रमा उदाहरणीय छ, तर ती कानुनको कार्यान्वयनमा समरूपता छैन। २०६४ सालमा सर्वोच्च अदालतले व्यक्ति स्वयम्ले पहिचान गरे अनुसार पारलैङ्गिक व्यक्तिको पहिचान कायम हुने कानुनी व्यवस्था रहनुपर्ने बताए पनि हालसम्म केही सरकारी अधिकारीहरूले पारलैङ्गिक व्यक्तिहरूले लिङ्ग परिवर्तनका लागि शल्यक्रिया गरेको प्रमाण पेश माग्दै आएका छन्।

अदालतले समलिङ्गी जोडीहरूलाई विवाहको समान हक दिलाउन आवश्यक अध्ययन गर्न निर्देशन दिएको भए पनि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले पुरुष र महिलाबीचको विवाहलाई मात्रै मान्यता दिएको छ। केही वर्षयता कानुनी अभ्यासमा पारलैङ्गिक व्यक्तिहरूका अधिकारलाई संरक्षण तथा प्रवर्द्धन गर्ने दायित्व पूरा गर्न नसकेको देखिन्छ।

कविन्द्र बुर्लाकोटी
कार्यवाहक महामन्त्री

राष्ट्रिय प्रजातन्त्र पार्टी

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सधैँ झैं यस वर्ष पनि मानव अधिकार वर्ष पुस्तक २०२५ प्रकाशन गर्न लागेको खबरले हामीलाई खुसी लागेको छ। देशमा वर्षभर मानव अधिकारको अवस्था के कस्तो रहृयो भनी गैरसरकारी क्षेत्रबाट मूल्याङ्कन गरी पुस्तक निकाल्ने विषय आफैमा चुनौतीपूर्ण रहेको छ। इन्सेकले यस कार्यमा पुऱ्याउँदै आएको योगदानप्रति राष्ट्रिय प्रजातन्त्र पार्टी तथा मेरो व्यक्तिगत तर्फबाट धन्यवाद दिन चाहन्छु। सम्वत् २०२४ जनवरी १ देखि डिसेम्बर ३१, २०२४ सम्म मानव अधिकारको अवस्था हिसाबले उत्साहप्रद नरहेको राप्रपाको धारणा छ।

संविधान प्रदत्त मानव अधिकारको उपयोगमा पछिल्लो अवस्थामा खोसै सुधार हुन सकेको देखिँदैन। ज्येष्ठ नागरिक, महिला, असहाय तथा बालबालिकाहरू कुनै न कुनै रूपबाट सामाजिक सुरक्षाको छाता बाहिर छन्। खासगरी चार वर्ष मुनिका बालबालिका र न्यून आय भएका मानिस उक्त लाभबाट वञ्चित रहेका छन्। शिक्षा, स्वास्थ्यमा अझै सहज पहुँच छैन। प्रारम्भिक शिक्षामा भर्ना भएका बालबालिका कक्षा १० सम्म आइपुग्दा झण्डै आधा सङ्ख्यामा विद्यालय बाहिर पुगिसकेका हुन्छन्। यसलाई टिकाउन सकिएको छैन। अस्पतालको सुविधामा सहज पहुँच छैन। मातृ मृत्यदर र नवजात शिशु मृत्युदरमा अझै पनि उच्च रहेको छ।

सङ्क्रमकालीन न्यायसम्बन्धी कानुन बने पनि अझै पनि यो राजनीतिक दाउपेचको शिकार भएको द्वन्द्व पीडितले न्याय र क्षतिपूर्ति पाउने अवस्था अझै सुनिश्चित हुन सकेन। सहकारी क्षेत्रमा देखिएको समस्याले साना बचतकर्ता गरिबीतर्फ धकेलिने वातावरण बन्नु दु:खदायी छ। यसतर्फ सरकार अझै उत्तरदायी बन्ने सकेको छैन। अत: आगामी दिनमा नेपालको मानव अधिकार स्थितिमा थप सुधार आओस् भन्ने शुभेच्छासहित इन्सेकको प्रयासको प्रशंसा र सफलताको कामना गर्दछु।

राजेन्द्र लिङदेन
अध्यक्ष

नेकपा (एकीकृत समाजवादी)

नेपालको मानव अधिकार क्षेत्रको अग्रणी संस्था इन्सेकले नेपालको मानव अधिकारको अवस्थालाई सार्वजनिक गर्ने महत्वपूर्ण दस्तावेजको रूपमा “नेपाल मानव अधिकार वर्ष पुस्तक २०२५” प्रकाशन गर्न लागेकोमा खुसी प्रकट गर्दै शुभकामना व्यक्त गर्न चाहन्छौँ।

मानव अधिकारको अर्थ

मानव अधिकार भनेको मानव भएको नाताले उसले मात्र प्राप्त गर्ने सहभागिता, पहुँच, बाँच्न पाउने र विकासको अधिकार हो। यो उसको जन्मसिद्ध अधिकार हो। यो कुनै धर्म, संस्कृति, वर्ग, जातजाति, जन्म उत्पत्तिको आधारमा प्राप्त हुने पनि होइन, बञ्चित हुने पनि होइन, नत वर्गका हिसाबले धनी, गरिब, अग्लो, होचो, रोजगार, बेरोजगार, शिक्षित, अशिक्षित, सरकारी तथा गैरसरकारी हैसियतमा कम, बेसी हुने अधिकार नै हो। यो केवल बोल्ने, लेख्ने, छाप्ने, भेला हुने र सङ्गठन गर्ने अधिकार मात्र होइन। बोल्न पाउने तर खान नपाउने, मनलागी लेख्न पाउने तर, आधारभूत आवश्यकताको पूर्तिसहित मान्छेझैँ भएर बाँच्न नपाउने, अरुलाई चुनेर पठाउन भोट हाल्न पाउने तर, सीमान्तकृत समुदाय आफै चुनिएर शासन गर्ने, निर्णय गर्ने र नियम कानुन निर्माण गर्ने ठाउँमा पुग्न नपाउने मानव अधिकारलाई मानव अधिकार भन्न सकिँदैन। आधारभूत राजनीतिक स्वतन्त्रताको साथसाथै खाना र बास पाउने हक, शिक्षा, स्वास्थ्य र रोजगारी पाउने हक, ज्येष्ठ नागरिक, बालबालिका अपाङ्ग, असहाय र एकल अवस्थामा राज्यबाट सामाजिक सुरक्षा पाउने हक, पाखा पारिएका र सीमान्तकृत समुदायको समतामूलक ढङ्गले राज्यशक्ति र स्रोतमा पहुँचको हक, राज्यको हरेक अङ्ग र तहमा, शासन गर्ने र नियम कानुन बनाउने हरेक स्थानमा समानताको आधारमा समानुपातिक ढङ्गले समावेश हुने हक र मानवझैँ भएर मर्यादित जीवन बाँच्न पाउने हक नै मानव अधिकार हो।

सन् १९४८ को मानव अधिकारको विश्वव्यापी घोषणापत्रसमेतलाई आधार मानेर समय समयमा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू जारी हुँदै आएका छन्। यीमध्ये आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, १९६६, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, १९६६, सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि १९६५, यातना तथा अन्य क्रूर, अमानवीय वा

अपमानजनक व्यवहार वा दण्डसम्बन्धी महासन्धि, १९८४, महिला विरुद्ध हुने सबैप्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९, बालअधिकारसम्बन्धी महासन्धि, १९८९, जस्ता दस्तावेजहरूले मानव अधिकारका विविध पक्षलाई सम्बोधन गरेका छन्। संयुक्त राष्ट्रसङ्घ र अन्तर्राष्ट्रिय समुदायको एक जिम्मेवार सदस्यका रूपमा नेपाल सहस्राब्दी विकास लक्ष्यहरू, अन्तर्राष्ट्रिय श्रम सङ्गठन र सार्क क्षेत्रका अभिसन्धिहरूलगायत २० भन्दा बढी मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूको पक्षराष्ट्र बन्नुका साथै राष्ट्रिय कानुन तथा नीतिहरूमार्फत तिनलाई कार्यान्वयन गर्न प्रयत्नशील रहेको सर्वविदितै छ। वर्तमान परिवर्तित सन्दर्भमा मानव अधिकार भनेको जलवायु न्याय, गरिबी, अशिक्षा स्वास्थ्य उपचार, बालबालिका अधिकार हनन्, महिला हिंसा र वर्गीय, जातीय, लैङ्गिक, क्षेत्रीय, धार्मिक तथा सामाजिक विभेदहरू मुख्य रहेका छन्।

सन् २०२४ मा मानव अधिकारको अवस्था

नेपालको संविधानले मानव अधिकार, कानुनी शासन, स्वतन्त्रता न्यायपालिका, आवधिक निर्वाचनको प्रणालीजस्ता लोकतान्त्रिक मूल्य मान्यताबाट मुलुक स्वतन्त्र, सार्वभौम र स्वाधीन एवम् मौलिक विविधता तथा विशिष्टता सुनिश्चित गरेको छ। मानव अधिकार प्रवर्द्धन, उल्लङ्नका घटनाको छानबिन र दोषीउपर कारबाहीका लागि संवैधानिक संरचनाको रूपमा मानव अधिकार आयोग लगायतका अन्य आयोगहरूले गरेका सिफारिसहरू कार्यान्वयन नगरेर दण्डहीनतालाई संस्थागत गर्ने सरकारकै प्रवृत्तिको निरन्तरता एक चुनौतीको रूपमा रहेको देखिन्छ। सन् २०२४ मा नेपालमा मानव अधिकारको स्थिति अपेक्षाकृत सन्तोषजनक मान्न सकिँदैन। विभिन्न प्रतिवेदनहरूका अनुसार, हत्या, यातना, स्वेच्छाचारी थुना, धम्की, अभिव्यक्ति स्वतन्त्रता, मिडियामाथि गम्भीर अवरोध, शान्तिपूर्ण भेलामा हस्तक्षेप, भ्रष्टाचार, यौनहिंसा, जातीय छुवाछूत तथा भेदभावलगायतका घटनामा अपेक्षाकृत कमी आएको देखिएन। अमेरिकी सरकारको मानव अधिकार प्रतिवेदन २०२३ र एम्नेस्टी इन्टरनेसनल नेपालले मानव अधिकारको स्थिति २०२३ मा उल्लेखनीय परिवर्तन नभएको उल्लेख हुनुले हाम्रो मानव अधिकारमा गम्भीर चुनौती रहेको देखिन्छ। सशस्त्र द्वन्द्वका करिब दुई दशक बितिसक्दा समेत सङ्क्रमणकालीन न्याय निरूपण गर्न सकिएको छैन। जाजरकोट, बझाङ, बाजुरालगायतका जिल्लाको भूकम्प तथा देशैभरि परेको प्राकृतिक प्रकोपमा राहत, उद्धार र पुर्नस्थापनामा विभेद र उदासीनताबाट नागरिक पीडित भएको गुनासो रहेको सुनिन्छ। सङ्घीयतामा प्रवेश गरिए पनि न्याय प्राप्ती र सुनुवाइका लागि नागरिकहरू राजधानी पुगेर आन्दोलन गर्नुपर्ने अवस्था कायम हुनु, मुलुकको अर्थतन्त्र धराशायी हुनु, युवाहरू विदेश पलयान, नागरिकहरू महँगीको चर्को मारमा रहनु, किसानहरूले समयमा मलबीउ, औषधीहरू नपाउनु, शिक्षा, स्वास्थ्य, रोजगारी, यातायात र सार्वजनिक सेवा र उपभोगको उचित व्यवस्थाको संस्थागत विकास हुननसक्नु, उत्पादनको लागि समर्थन मूल्यसमेत समयमा निर्धारण नहुनु, मिटरव्याजबाट साना किसानहरू चपेटामा पर्नु, दलितहरूमाथि जातीय छुवाछूत र भेदभावका घटना हुनु र सुशासन, सामाजिक न्याय र समृद्धिको विषयमा गम्भीरतापूर्वक नागरिकका अधिकारहरू सुनिश्चित गर्न सरकारले यथेष्ट पहल गर्न सकेको देखिँदैन। अन्तर्राष्टिय क्षेत्रमा हेर्दा प्यालिष्टाइनी जनतामाथिको बर्बर मानव अधिकार हनन् लाजमर्दो अवस्था रहेको छ। यसका अलावा नेपालको संविधानले आत्मसात गरेको सङ्घीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समावेशी समानुपातिक निर्वाचन प्रणालीको सन्दर्भमा सैद्धान्तिकरूपमा सबै राजनीतिक पार्टी सहमति भए पनि यसको कार्यान्वयनमा जुन हिच्किचाहट पैदा भएको अवस्थाले मानव अधिकारको सम्मानमा सन् २०२४ मध्यमस्तरको स्थितिमा रहेको मूल्याङ्कन गर्न सकिन्छ। त्यसैले संयुक्त राष्ट्रसङ्घको एक सक्रिय सदस्य राष्ट्रको हैसियतले नेपालले व्यक्त गरेका प्रतिबद्धताहरूलाई व्यवहारमा कार्यान्वयन र प्रवर्द्धन गर्दै मानव अधिकार संस्कृतिमा आधारित एक समावेशी, न्यायपूर्ण र सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्रको निर्माणमा जोड दिन आवश्यक देखिन्छ।

मानव अधिकारको प्रत्याभूतिका लागि सुझाव

मानव अधिकारको विषयवस्तुलाई कसैले नागरिक अधिकारका रूपमा मात्र व्याख्या गर्ने, कसैले संवैधानिक अधिकारको रूपमा मात्र व्याख्या गर्ने, कसैले मौलिक हकको रूपमा मात्र व्याख्या गर्ने गरेता पनि यसको गहिराइ र मर्मलाई विचार गर्दा यो सबैलाई साझा रूपमा सम्बोधन गर्ने विषयवस्तु हो। पुँजीवादी व्यवस्थाको पक्षधरहरू र त्यसका अनुयायीहरू केही सीमित नागरिक तथा राजनीतिक अधिकारहरू मात्र मानव अधिकार हुन् र उक्त अधिकारहरूमा मात्र मौलिक हकका रूपमा राख्नुपर्दछ भन्ने ठान्दछन्। एकाधिकार विश्वव्यापीकरणमा आधारित खुला बजार अर्थतन्त्रमा विश्वास गर्ने पुँजीवादीहरूभन्दा निकै भिन्न र प्रगतिशील मत राख्ने

लोकतन्त्रवादीहरू यी सबैखाले मानव अधिकारलाई आर्थिक समानता र सामाजिक न्यायमा आधारित राज्यव्यवस्थामा परिणत गरेर सम्पन्नताको शिखरमा पुगेको देखिन्छ। साम्यवादका पक्षधर राष्ट्रहरू नागरिक तथा राजनीतिक अधिकारलाई भन्दा आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणलाई बढी प्राथमिकता दिएर अघि बढेको देखिन्छ। त्यसैले मानव अधिकारको विषयलाई सबै क्षेत्रगत विकास नीति, योजना र कार्यक्रमहरूमा समावेश गर्ने, लक्षित समूहका लागि मानव अधिकार प्रवर्द्धनका विशेष कार्यक्रमहरू सञ्चालन गर्ने, मानव अधिकारको क्षेत्रमा कार्यरत सबै सरकारी तथा गैरसरकारी संस्थाहरूको क्षमता र प्रभावकारितामा अभिवृद्धि गर्ने, राजनीतिक दलहरू तथा आम जनसमुदायमा व्यापक मानव अधिकार शिक्षा तथा सचेतना कार्यक्रमका साथै सुशासनका माध्यमबाट सामाजिक सेवाहरूको प्रवाहलाई सहज सुलभ र प्रभावकारी बनाउन प्रचलित कानुनी प्रावधानहरूमा परिमार्जन र नयाँ कानुनहरूको तर्जुमा तथा कार्यान्वयन गर्ने, क्षेत्रगत विकासका नीति तथा कार्यक्रमहरू तर्जुमा, अनुगमन र मूल्याङ्कन गर्ने परिपाटी अवलम्बन गर्ने, मानव अधिकार राष्ट्रिय कार्ययोजना समय सापेक्ष बनाउन आवश्यक कार्यक्रम तय गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, जातजाति, लिङ्ग, क्षेत्र, भाषा, धर्म र सम्प्रदायका आधारमा हुने विभेद, जातीय छुवाछुत, शोषण, हिंसा र दुर्व्यवहारको अन्त्य गरी सबै नागरिकहरूको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको संरक्षण एवं प्रवर्द्धन गर्ने कार्यक्रमहरू कार्यान्वयन गर्न नेपाल सरकार गम्भीर हुनुपर्दछ।

हाम्रो प्रतिबद्धता

मानव अधिकार तथा सामाजिक न्यायको सम्मान, संरक्षण र परिपूर्ति गर्नु राज्यको प्रमुख कर्तव्य हो र जनतालाई त्यसको प्रत्याभूति गराउन उचित कदम चाल्ने जिम्मेवारी राज्यको हुनु पर्दछ भन्ने कुरामा नेकपा (एकीकृत समाजवादी) स्पष्ट छ र हामी एक राजनीतिक दलको हैसियतमा यसमा योगदान गर्न प्रतिबद्ध छौँ। हाम्रो पार्टीले सन् २०२४ मा सम्पन्न गरेको १०औँ ऐतिहासिक राष्ट्रिय महाधिवेशनबाट पारित गरेको "नेपाली विशेषताको समाजवाद" मा मानव अधिकार र सामाजिक न्यायलाई एक महत्वपूर्ण विशेषताका रुपमा समावेश गरेका छौँ। जसमा समाजलाई भौतिक वा वैज्ञानिक ढङ्गले बुझ्ने, सही ढङ्गले व्याख्या गर्ने र त्यसलाई सकारात्मकतर्फ बदल्न मार्गदर्शन गर्ने मार्क्सवादी दृष्टिकोणलाई हामी मानव अधिकारका रूपमा समेत व्याख्या गर्न सक्छौँ। नेकपा (एकीकृत समाजवादी) मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन र प्रवर्धनका लागि मानव अधिकारको सवाललाई राज्यका निकाय, विभिन्न मानव अधिकार तथा नागरिक सङ्घसंस्था र व्यवसायिक निजी प्रतिष्ठानहरूको साझा जिम्मेवारी तथा दायित्वको रूपमा लिँदै आफ्नो दायित्व पूरा गर्ने प्रतिबद्धता जाहेर गर्न चाहन्छ।

रामकुमार भट्टराई
उपमहासचिव तथा कार्यालय सचिव नेकपा
(एकीकृत समाजवादी)

जनता समाजवादी पार्टी, नेपाल

मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राज्यको प्रमुख दायित्व हो। राज्यले यस दायित्वलाई इमान्दारीका साथ निर्वाह गर्नु पर्दछ। सन् २०२४ को मानव अधिकारको अवस्था विगतका वर्षहरू जस्तै छ। नेपाल जस्तो विकासोन्मुख देश जहाँ मानव अधिकारको निरन्तर उल्लङ्घन भइरहेका हुन्छन्। राज्य तथा मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि काम गर्ने निकायले गम्भीरताका साथ काम गरेनन् भने सर्वसाधारणको राज्यप्रतिको विश्वास कायम हुन सक्दैन। हाम्रो जस्तो मुलुकमा हत्या, हिंसा, बलात्कार, नश्लीय भेदभाव तथा जातीय छुवाछुत लगायत प्रहरी प्रशासनको ज्यादती लगायत थुप्रै मानव अधिकार उल्लङ्घनका घटना दैनिक भइरहेको छ। राज्य पक्षबाट यसका लागि ठोस तथा सशक्त कदम चालिएको छैन। राज्य पक्षबाट पनि थुप्रै यस्ता मानव अधिकार उल्लङ्घनका घटना भएको पाइन्छ। अधिकार प्राप्तीका लागि गरिने शान्तिपूर्ण जुलुस प्रदर्शनमा अत्यधिक बल प्रयोग गर्ने, यातना दिने, झुट्टा मुद्दामा फसाउने आन्दोलनकारीसँग नश्लीय व्यवहार गर्ने, सत्तामा बस्ने राजनीतिक दलको इसारामा राज्य संयन्त्र सञ्चालन हुने जस्ता थुप्रै घटना यत्रतत्र देखिन्छ। जबकि, मानव अधिकारको रक्षा संरक्षण एवम् संवर्द्धन गर्नु राज्यको दायित्व नै हो।

राज्यको विभेदकारी व्यवहारका कारण वास्तविक दोषी कारबाहीको दायरामा नपर्ने र अपराध नै नगरेका निर्दोष व्यक्ति सजाय भोगिरहेको अवस्था छ। राजनीतिक आस्थाकै कारण अधिकार प्राप्तीका लागि मधेश जनविद्रोहमा लागेका कतिपय हाम्रा नेता कोही जेलमा छन् भने कोही प्रवासमा जीवनयापन गर्न

बाध्य भएका छन्। दोषीलाई बचाउने र निर्दोषलाई फसाउने कार्य सरकारको नेतृत्व गर्ने प्रमुख राजनीतिक दलहरूबाट तराई मधेशका जिल्लाहरूमा सामान्य जस्तो देखिन्छ। राज्यका सम्पूर्ण संयन्त्रहरू इमान्दारीका साथ संविधान ऐन कानुनलाई पालना गर्नु बाध्यकारी व्यवस्था हुँदाहुँदै पनि राजनीतिक आस्थाका कारण सरकारमा बस्ने पार्टी नेताहरूको इसारामा प्रहरी प्रशासन कठपुतली बनी कार्य गर्ने परिपाटीले मधेश प्रदेशका साथै विभिन्न प्रदेशमा समेत प्रहरी प्रशासनले आफ्नो विश्वसनीयता कायम गर्न नसकेको अवस्था छ।

संविधानमा भएका अनुसूची अनुसारका अधिकारहरूमा प्रहरी प्रशासन र शान्ति सुरक्षा प्रदेशको क्षेत्राधिकारभित्र हुँदाहुँदै पनि हालसम्म प्रहरी प्रशासन प्रदेशको मातहतमा हुन नसक्दा प्रदेशका आपराधिक गतिविधि हिंसा, हत्या, बलात्कार लगायतका थुप्रै घटनालाई नियन्त्रण गर्न सङ्घीय सरकारतर्फ नै मुख ताक्नुपर्ने अवस्थाले प्रदेश सरकार एउटा विकास इकाइ भन्दा फरक हुन सकेको छैन। प्रदेश सभाले प्रदेश प्रहरी ऐन, प्रदेश निजामती सेवा ऐन लगायतका महत्वपूर्ण ऐनहरू बनाइसकेको भए पनि सङ्घीय सरकारको सङ्घीयताप्रतिको बेइमानीपूर्ण नीतिले हालसम्म प्रहरी समायोजन हुन सकेको छैन। तसर्थ सक्दो चाँडो संविधान तथा कानुन प्रदत्त अधिकार नागरिक समक्ष पुर्‍याउन सङ्घीय शासन प्रणालीको मर्म अनुसार सबैले आ-आफ्नो स्थानबाट काम गर्नुपर्ने आवश्यकता छ।

मानव अधिकार उल्लङ्घनका थुप्रै घटना भए पनि केहीको चर्चा गर्न आवश्यक रहेको छ। नेपालको संविधान, ऐन कानुनले आमाको नामबाट नागरिकता दिन सक्ने प्रष्ट प्रावधान हुँदा हुँदै पनि प्रमुख जिल्ला अधिकारीहरूले आमाको नामबाट नागरिकता दिन नसकेको कारणले यो मुलुकमा कानुनको शासन नभएको प्रत्याभूति हुन्छ। यसबाट हजारौं नेपाली नागरिक नागरिकता पाउने अवसरबाट बञ्चित भएको देखिन्छ। सम्बन्धित निकायको यसमा ध्यान पुगोस् भनी हाम्रो आग्रह छ। पर्सा जिल्लाको कालिकामाई गाउँपालिकाबाट नेपालमै स्थानीय तहमा निर्वाचित कान्छो अध्यक्ष वशिष्ट कुमारका बुवा सुरेशप्रसाद कलवारलाई विरगञ्ज महानगरपालिका-१० मा आफ्नै निवासबाट एउटा राजनीतिक दलका नेताको निर्देशनमा प्रहरीले पक्राउ गरी अन्यायपूर्ण तरिकाले कारबाही अगाडी बढाएको र हालसम्म दोषीलाई गिरफ्तार गर्न नसकेको अवस्था छ। विरगञ्ज-२२ जगरनाथपुर बस्ने हरेन्दर यादवको साढे ३ बिघा धानबालीमा आगो लगाउने दोषीलाई किटानी जाहेरी गर्दा पनि हालसम्म राजनीतिक दबावको कारणले दोषीलाई गिरफ्तार गरिएको छैन। बरु निर्दोष व्यक्तिहरूलाई दु:ख दिइएको छ। बारा जिल्ला सिम्रौनगढ-२ ,महुवाई बस्ने रामसेवक साह कानुलाई सुनियोजित रूपले लागूऔषध राखी फसाउने कार्य गरिएको तथा सडक दवावपछि मात्र निर्दोषलाई रिहा गरेको र दोषीलाई समातेको, सिरहा जिल्लाबाट प्रतिनिधित्व गर्ने हाम्रो पार्टीका मा. शाहिदा खातुन लगायत परिवारका अन्य सदस्यहरूमाथि साङ्घातिक आक्रमण गर्दा पनि प्रहरीले हालसम्म मुद्दा दर्ता नगर्नु जस्ता थुप्रै घटनाबाट के देखिन्छ भने मधेश प्रदेशका साथै मुलुकका अन्य ठाउँहरूमा पनि राजनीतिक प्रतिशोधले निर्दोष व्यक्तिलाई फसाउने र दोषीलाई दण्डित नगर्ने थुप्रै घटना भएका छन्।

जनता समाजवादी पार्टी, नेपालले आफ्नो स्थापनाकालदेखि नै मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि राज्य तथा सम्बन्धित निकायहरूलाई इमान्दारी तथा दृढताका साथ सहयोग गर्दै आएको छ। तर, राज्यको विभेदकारी तथा नश्लीय नीतिले गर्दा विभेदमा रहेका मधेशी, दलित, अल्पसङ्ख्यक, मुस्लिम, थारु, पिछडावर्ग, जनजाति लगायतका समुदाय मानव अधिकारको कार्यान्वयनको लागि राज्यबाट गरिने समान व्यवहारबाट बञ्चित रहेका छन्। यस्तो अवस्थामा मानव अधिकारको संरक्षण र सम्वर्द्धनको लागि इन्सेकले कानुनी राज्यको भावना अनुरूप कार्य गर्न सकोस्। शुभकामना ।

लालबाबु राउत
महासचिव

जनता समाजवादी पार्टी

मानव अधिकारको क्षेत्र अत्यन्तै विस्तारित र गहिरो छ। जीवनका लागि आवश्यक गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी र मनोरञ्जनदेखि लिएर संस्कृतिको संरक्षण, स्वाभिमानपूर्वक सुरक्षित रूपमा बाँच्न पाउने हक तथा जाति, भाषा, धर्म र संस्कृतिको आधारमा विभेदरहित राज्य व्यवस्था र समाजमा वाँच्न पाउने हक साथै आफ्ना प्रतिनिधि चुन्ने र चुनिन पाउने हकसम्मका मानवीय जन्मसिद्ध अधिकार यसभित्र पर्दछन्। यस आधारमा नेपाली राज्य र समाजभित्रको अवस्थालाई नियाल्दा अहिले पनि नेपाली जनताको मानव अधिकार प्रत्याभूत भएको देखिँदैन।

आज पनि भोकमरीले जनता मर्नुपर्ने अवस्था छ। मानिसहरू सुरक्षित आवासको अभावमा ओडार र जङ्गलमा जीवन बिताउन बाध्य छन्। जाडोमा कठ्याङ्ग्रिएर मर्नुपर्ने अवस्थामा छन्। विद्यालय शिक्षा अनिवार्य तथा निःशुल्क भनिए पनि उपयुक्त भौतिक पूर्वाधार, विषय शिक्षक र प्रयोगशालाको अभाव तथा कुशल व्यवस्थापनको अभावमा बालबालिका गुणस्तरयुक्त शिक्षाबाट वञ्चित भइरहेका छन्। विद्यालय जाने उमेर समूहका बालबालिकाहरू विद्यालय भर्ना हुन सकेका छैनन्। भर्ना भएका कतिपय बालबालिका बिचैमा विद्यालय छाड्छन्। निरक्षरता अझै उन्मूलन भएको छैन। आज पनि जनताले आधारभूत स्वास्थ्य सेवा पाउन सकेका छैनन्। अस्पतालमा वा बर्थिङ सेन्टरमा सुत्केरी सेवा पाउन नसकेका मातृ शिशुको मृत्यु हुने घटना अझै छन्। स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी हुन सकेको छैन। रोजगारीको अभावमा लाखौँ युवा जनशक्ति विदेशको मानव मर्यादा बाहिरका खतरा, फोहर र कठिन श्रम गर्न बाध्य छन्। यो समग्र परिस्थितिभित्र मर्यादित र मनोरञ्जन युक्त मानव जीवन कल्पना भन्दा बाहिर छ।

संविधानले बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र भौगोलिक विविधता समेत भएको मुलुक भनेर स्वीकार गरेको भए पनि अझैसम्म एकजाति, एकभाषा, एकधर्म, एकसंस्कृति र भौगोलिक रूपमा एक क्षेत्रको प्रभुत्वशाली अवस्थामा परिवर्तन आएको छैन। व्यवहारमा पुरानै परम्परा कायम रहनुले पीडितहरूले विभेद गरिएको कुरा उठाइरहेका छन्। आफ्नो भाषा, संस्कृति, आस्था र विश्वासको हकलाई संरक्षण गर्न आवाज उठाउँदा राज्यद्वारा दमन गर्ने काम भइरहेको छ। यो निश्चय पनि मानिस अधिकारको हनन् हो।

संविधानमा मृत्युदण्ड निषेध गरिएको छ तर, राज्यले विभिन्न बहानामा बल प्रयोग गरेर जनतालाई मार्छ। यतिसम्म कि हिरासतमा वा जेलमा रहेको थुनुवा कैदीसमेत यातनाद्वारा मारिन्छन्। यसप्रकार मानव अधिकारको खिल्ली उडाइएको छ।

आज पनि उचनिच, छुवाछुत बोक्सा-बोक्सीजस्ता अनेकौं मानव मर्यादा विरोधी प्रचलनबाट मानिस पीडित भइरहेका छन्। महिलामाथि घरेलु हिंसा भइरहेकै छ। कानुनको कार्यान्वयन गर्न राज्य असक्षम देखिएको छ। तसर्थ, यस्तो अवस्थाको अन्त्य गर्न मानव अधिकारसम्बन्धी चेतनाको व्यापक प्रचार, प्रसार र प्रशिक्षण जरुरी छ। राज्यबाट भएका मानव अधिकारको विरोधी कार्यको विरोध, भण्डाफोर, निन्दा र भर्सना गरिनु पर्दछ।

मानव अधिकार हननसम्बन्धी प्रतिवेदनसहित यस क्षेत्रमा इन्सेकले वर्षौंदेखि गर्दै आएको सेवा उत्कृष्ट र प्रशंसनीय छ। यसलाई जारी राख्न र अझ प्रभावकारी बनाउन सफलता मिलोस्।

अशोककुमार राई
अध्यक्ष
जनता समाजवादी पार्टी

परिच्छेद १०

सन् २०२४ को मानव अधिकार अवस्थाबारे प्रदेश सरकारहरूको धारणा

सङ्घीयता कार्यान्वयनका सवालमा आफ्नो सीमित स्रोत साधनका बाबजुद प्रदेश सरकारले नीतिगत, कानुनी र शासकीय सुधार तथा विकास निर्माणका क्षेत्रहरूमा उल्लेखनीय कार्यहरू गरेका छन्।

हिक्मत कार्की,
माननीय मुख्यमन्त्री, कोशी प्रदेश

मधेश प्रदेश सरकार प्रादेशिक संरचनालाई स्वायत्त र स्वशासनयुक्त बनाउनुपर्ने पक्षमा छ। यसका लागि संवैधानिक तथा कानुनी रूपमा प्रदेश सरकारलाई अधिकार सम्पन्न तुल्याउनै पर्छ।

सतिश कुमार सिंह
माननीय मुख्यमन्त्री, मधेश प्रदेश

प्रदेशभित्र जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्दै मौलिक हक र राज्यका निर्देशक सिद्धान्त एवम् नीतिहरू कार्यान्वयनका लागि विषयगत कानुन निर्माण र कार्यक्रम निर्धारणमा प्राथमिकता प्रदान गर्दै आएको छ।

बहादुर सिंह लामा
माननीय मुख्यमन्त्री, बागमती प्रदेश

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय सरकारलाई मानव अधिकार संरक्षण, संवर्द्धन र परिपूर्तिको दायित्व निर्वाह गर्नुपर्ने जिम्मेवारी प्रदान गरेको छ।

सुरेन्द्रराज पाण्डे
माननीय मुख्यमन्त्री, गण्डकी प्रदेश

सङ्घीयता कार्यान्वयनमा प्रदेश नयाँ संरचना हो। प्रदेश स्थापना भएपछि नागरिकका आवश्यकता पूरा गर्न प्रदेश सरकारले आफ्नो भूमिका बढाएको छ।

चेतनारायण आचार्य
माननीय मुख्यमन्त्री, लुम्बिनी प्रदेश

नयाँ संविधान जारी भई मुलुक सङ्घीय ढाँचामा प्रवेश गरेको एक दशक पुग्न लागेको छ। तथापि हामी सङ्घीयताको नयाँ अभ्यासमा छौँ। सङ्घीय संरचनाको सफल कार्यान्वयन भनेको अधिकारको समुचित प्रयोग हो।

यामलाल कडेल
माननीय मुख्यमन्त्री, कर्णाली प्रदेश

मानव अधिकारको संरक्षण तथा प्रवर्धनका लागि विगतदेखि गर्दै आएका कार्यहरूलाई प्रदेश सरकारले निरन्तरता दिँदै मानव अधिकारसँग सम्बन्धित थुप्रै कानुनहरू निर्माण गरिएको छ।

कमलबहादुर शाह
माननीय मुख्यमन्त्री, सुदूरपश्चिम प्रदेश

कोशी प्रदेश

नेपालमा मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि अनौपचारिक सेवा केन्द्र (इन्सेक) को भूमिका महत्त्वपूर्ण रहेको छ। यसले अभिव्यक्ति स्वतन्त्रता र नागरिकका मौलिक अधिकारहरू स्थापित गर्ने प्रक्रियामा उल्लेखनीय योगदान पुऱ्याएको छ।

नागरिकका अधिकारहरूलाई स्थापित गर्दै शासन व्यवस्थामा नागरिकको सहभागितालाई अभिवृद्धि गर्न नेपालले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई अङ्गीकार गरेको छ। २०७२ साल असोज ३ गते नेपालको संविधान जारी भएपश्चात जनताका अधिकारहरूलाई सुनिश्चित गर्दै दीर्घकालीन विकास र समृद्धिको दिशामा नेपालले आफ्नो गन्तव्य अगाडि बढाएको छ। २०७४ सालको आम निर्वाचन सम्पन्न भएसँगै हामी संविधान कार्यान्वयनको चरणमा प्रवेश गऱ्यौँ। अहिले संविधान जारी भएको १० औँ तथा सङ्घीयता कार्यान्वयनको सातौँ वर्षमा छौँ। यस अवधिमा सङ्घीय, प्रदेश तथा स्थानीय सरकारहरूका माध्यमबाट मुलुकलाई समृद्धितर्फ अगाडि बढाउन योजनाबद्ध र परिणाममुखी कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयनको चरणमा हामी रहेका छौँ। संविधानमा उल्लेख गरिएका तीनै तहका सरकारका अधिकार र कार्यक्षेत्र अनुरूप कानुन निर्माण र संरचनाहरू विस्तार गर्दै जनस्तरमा गुणस्तरीय सार्वजनिक सेवा प्रवाह गरी हामीले तय गरेका कार्यक्रम र योजनाहरूबाट अपेक्षित नतिजा प्राप्त गर्न सकिन्छ।

संविधान कार्यान्वयन गर्न तीन तहकै सरकारहरूको उत्तिकै महत्त्वपूर्ण भूमिका आवश्यक हुन्छ। सङ्घीयता कार्यान्वयनका सवालमा आफ्नो सीमित स्रोतसाधनका बाबजुद प्रदेश सरकारले नीतिगत, कानुनी र शासकीय सुधार तथा विकास निर्माणका क्षेत्रहरूमा उल्लेखनीय कार्यहरू गरेका छन्। खर्चमा मितव्ययिता अपनाउँदै समयमा नै योजनाहरू सम्पन्न गर्ने तथा सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो र गुणस्तरीय बनाउन प्रदेश सरकारले प्रभावकारी भूमिका निर्वाह गरेका छन्। संविधानको सफल तथा पूर्ण कार्यान्वयनका लागि आवश्यक नीति तथा कानूनहरूको निर्माण र प्रभावकारी कार्यान्वनसँगै सङ्घ, प्रदेश र स्थानीय सरकारहरूबीच सहकार्य र समन्वय अभिवृद्धि गर्न अत्यन्तै जरुरी हुन्छ।

कोशी प्रदेश सरकारले मानव अधिकार संरक्षणका लागि विभिन्न कानुन निर्माण गरी कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। प्रदेश सरकारले निर्माण गरेका घरेलु हिंसासम्बन्धी ऐन, २०७५, जनस्वास्थ्य ऐन, २०७७, बालबालिकासम्बन्धी ऐन, २०७७, विपद् व्यवस्थापन ऐन, २०७५ लगायत ऐनहरू हाल कार्यान्वयनमा रहेका छन्। साथै सन् २०३० सम्म कोशी प्रदेशलाई बालविवाहमुक्त प्रदेश बनाउने अभियान सञ्चालनमा रहेको छ।

मानव अधिकार संरक्षण, संवर्द्धन र प्रवर्द्धनका लागि कोशी प्रदेश सरकार प्रतिवद्ध छ। बाल अधिकार सुरक्षाका लागि निःशुल्क चिकित्सकीय सेवा, हिंसा पीडित महिलाहरूलाई कानुनी सहायता, अपाङ्गता, ज्येष्ठ नागरिक, लैङ्गिक तथा अल्पसङ्ख्यक समुदायहरूको अधिकार संरक्षणका लागि प्रदेश सरकारले विविध कार्यक्रम सञ्चालन गरिरहेको छ। मानव अधिकारसम्बन्धी पाँचौँ राष्ट्रिय कार्ययोजनाले निर्दिष्ट गरेका १७ ओटा विषयप्रति कोशी प्रदेश सरकार विशेष संवेदनशील र सजग छ। साथै, मानव अधिकारको प्रत्याभूतिका लागि मानव अधिकारको संरक्षणको क्षेत्रमा काम गर्ने इन्सेक लगायतका संस्थाहरूसँग सहकार्य गर्न प्रदेश सरकार हरदम तत्पर छ। प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयमार्फत विभिन्न सङ्घसंस्था, निकाय तथा स्थानीय तहहरूसँगको सहकार्यमा पिछडिएको समुदायका भाषा, धर्म र संस्कृति संरक्षण एवम् फरक क्षमता भएका व्यक्तिहरूको सशक्तीकरणका लागि विभिन्न कार्यहरू भइरहेका छन्।

सङ्घीयता कार्यान्वयनको प्रभावकारिता वृद्धि गर्न प्रदेश सरकारले विज्ञहरूबाट सुझावहरू लिँदै कानुनहरूको पुनरावलोकन गर्ने तथा क्रमशः कार्यान्वयमा लैजाने कार्यको थालनी गरेको छ। साथै कानुनको प्रभावकारी कार्यान्वयन र नतिजामुखी विकासका लागि सङ्घीय सरकार र स्थानीय तहहरूसँग संवाद, सहकार्य र समन्वय गर्दै जनतालाई विकास र समृद्धिको मूल प्रवाहमा समाहित गर्न प्रदेश सरकार क्रियाशील रहेको छ। सङ्घीयतालाई बलियो बनाउँदै सबै वर्गका जनताको सहभागिता र अधिकार सुनिश्चित गर्ने तथा विकास र समृद्धिमार्फत संविधानको सफल कार्यान्वयनको लागि हामी दृढ सङ्कल्पित छौँ। सङ्घीय संरचनालाई अझ प्रभावकारी र जनमुखी बनाउन हामीले सबै क्षेत्रबाट रचनात्मक र सिर्जनात्मक सहकार्य एवम् सल्लाह सुझावको अपेक्षा राखेका छौँ। साथै "स्वच्छ, सुखी र समुन्नत" प्रदेश बनाउने अभियानमा सबैको साथ, सहयोग र पहलकदमी हुनेछ भन्ने विश्वास लिएका छौँ।

हिक्मतकुमार कार्की
माननीय मुख्यमन्त्री

मधेश प्रदेश

मधेश प्रदेश सरकार मानव अधिकारको वैश्विक मान्यता र तिनको पालना गर्ने उच्चतम अभ्यासप्रति प्रतिबद्ध रहँदै आएको छ। मानव अधिकारको अभिवृद्धि र पालना हुँदा नागरिकका राजनीतिक, सामाजिक, सांस्कृतिक र आर्थिक अधिकार सुनिश्चित हुन्छ भन्ने कुरामा मतैक्य छैन।

व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र गरिमासँग सम्बन्धित अधिकारका लागि थुप्रै अन्तर्राष्ट्रिय सन्धि सम्झौताको नेपाल पक्ष राष्ट्र हो। संविधानले पनि मौलिक हकका रूपमा मानव अधिकारसँग जोडिएका विषयलाई प्रत्याभूत गरेको छ। देशको मूल कानुन र अन्य कानुनबाट संरक्षित मानव अधिकारका सबाललाई प्रष्ट ढङ्गले सम्बोधन गरी सार्थक परिणाम प्राप्त गर्ने मार्ग निर्धारण गर्नु राज्यको कर्तव्य पनि हो। प्रादेशिक सरकारहरू त्यस्तो दायित्व निर्वाहबाट विमुख हुन सक्दैनन्। वर्षौंदेखि उत्पीडन, उपेक्षा, बहिष्करण र विभेदको शिकार रहँदै आएको मधेशको सन्दर्भमा मानव अधिकारको पालना, संरक्षण र संवर्द्धन सदैव संवेदनशील एवम् गम्भीर सन्दर्भका रूपमा विद्यमान छ।

मधेशप्रति परम्परागत शासकीय दृष्टिकोण र व्यवहारका कारण उत्पन्न जनविद्रोहहरूबाट स्थापित अधिकारका अपेक्षा र आवश्यकताबाट पनि मानव अधिकारको आयाम बृहत् भएको छ। जसलाई राजनीतिक परिवर्तन, नीतिगत बदलाव र कानुनमा भएका संशोधनहरूबाट सम्बोधन गर्ने प्रयत्न भइरहेको छ। तर, ती जम्मै प्रयास पर्याप्त छैनन्। मानव अधिकारको फराकिलो बन्दै गएको अवधारणाअनुसार काम गर्न राज्यका सबै तह र अङ्गले तीव्र, प्रभावी एवम् उचित तरिकाले काम गर्नुपर्ने हुन्छ। कतिपय विषयमा सङ्घीय कानुन अभाव र विद्यमान कानुनमा अस्पस्टता तथा केन्द्रीकृत मानसिकताको उपजबाट राखिएका प्रावधानले गर्दा पनि प्रदेश सरकारसँग मानव अधिकारको परिपालना गराउने संयन्त्र निर्माण तथा तिनलाई क्रियाशील बनाउन कठिनाइ अनुभव गरिएको छ। यद्यपि मानव अधिकार उल्लङ्घनका घटनाप्रति प्रदेश सरकारले सुक्ष्म निगरानी गर्दै आएको छ। त्यस्ता घटनामा द्रुत, निष्पक्ष तथा तटस्थ अनुसन्धान, सटिक अभियोजन र सही न्याय निरूपणको पक्षमा प्रदेश सरकारको भूमिका अनुभूतियोग्य छ।

एकातिर राजनीतिक अधिकार प्राप्तीको सबालमा देशका कतिपय भूगोल, वर्ग र समुदाय अझै सन्तुष्ट बन्न सकिरहेका छैनन् अर्कोतिर जडतापूर्ण सामाजिक संरचना, रूढ व्यवहार र अन्धविश्वासका कारण पनि कतिपय सन्दर्भमा देश नै मानव अधिकार उल्लङ्घन हुने चुनौतीबाट गुज्रिरहेको छ। मधेश प्रदेश यसको अपवाद छैन। अझ सामाजिक जीवनमा आएको तीब्र तर, अव्यवस्थित परिवर्तन पनि कतिपय अवस्थामा मानव अधिकार बाधित हुने कारण बनिरहेका छन्। तर, पछिल्लो समयमा उर्ध्वगामी बन्दै गएको नागरिक चेतनाको आलोकमा मानव अधिकारका सबालहरू मुखरित भएका छन्। आफ्ना अधिकार र कर्तव्यप्रति सचेत यो स्थिति सुखदायी छ।

सन्तोष, सुरक्षा र आनन्दपूर्वक जीवनयापन गर्न पाउने मानव अधिकारको अवधारणाले व्यक्तिको जन्मजात गौरव, सम्मान तथा तिनका अविछिन्न अधिकारको स्वीकृति एवम् पालनाप्रति सचेत गराउँछ। र यो सचेतता नै स्वतन्त्रता तथा न्यायको आधार निर्माण गर्छ।

मधेश प्रदेश सरकार प्रादेशिक संरचनालाई स्वायत्त र स्वशासनयुक्त बनाउनुपर्ने पक्षमा छ। यसका लागि संवैधानिक तथा कानुनी रूपमा प्रदेश सरकारलाई अधिकारसम्पन्न तुल्याउनै पर्छ। सङ्घीयतामा सत्ताभ्यासको केन्द्रीकरण पूर्णत:वर्जनायोग्य हुन्छ। अझ यो संस्कार र प्रवृत्तिले लोकतान्त्रिक मूल्यमान्यतालाई नै अचानोमा राख्ने गर्छ। त्यसैले मधेश प्रदेश सरकार सरकारहरूबीच अर्थपूर्ण समन्वय, सहकार्य सहअस्तित्वको पक्षपोषण गर्दछ।

मानव अधिकारका क्षेत्रमा काम गर्ने संस्थाहरूले यसको संरक्षण तथा संवर्द्धनमा पुऱ्याउँदै आएको योगदान सराहनीय छ। तर, कहिलेकाहीं मानव अधिकारको एउटा पाटामात्र कज्याएर खास भूगोल र क्षेत्रमा टुटुल्कोमात्र हेर्ने भ्रान्तीसमेत कतिपय सन्दर्भमा यसका रक्षक भएको दाबी गर्नेहरूमा देखिन्छ। यो दृष्टिदोष जोखिमपूर्ण छ। मानव अधिकारको कुरा गर्दा दोषीलाई सजायसँगै निर्दोष व्यक्ति दोषी ठहऱ्याउने उपक्रम निषेधित हुनुपर्छ।

मानव अधिकार वर्ष पुस्तक थप तथ्यपरक, अनुसन्धानमूलक र विस्तृत विवरणयुक्त हुँदै जानेमा म विश्वस्त छु।

सतिश कुमार सिंह
माननीय मुख्यमन्त्री

बागमती प्रदेश

प्रत्येक व्यक्तिले सम्मानपूर्वक बाँच्न पाउने अधिकार नै मानव अधिकार हो। यो मानिसको जन्मसँगै नैसर्गिक हकका रूपमा प्राप्त हुने र समयानुकूल अद्यावधिक हुँदै जाने विषय हो। मानव अधिकारका सिद्धान्तहरूलाई अनुसरण गर्दै यसको सम्मान, संरक्षण, संवर्द्धन तथा प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राज्यको दायित्व हो। नेपालले मानव अधिकारसम्बन्धी दर्जनौँ अन्तर्राष्ट्रिय सन्धि तथा महासन्धिहरूको अनुमोदन गरी ती महासन्धिहरूको कार्यान्वयनमा जनाएको प्रतिबद्धताहरूलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न नेपाल सरकारले मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना तर्जुमा गरी लागु गर्न थालेको छ। नेपालको संविधानको धारा १६ देखि ४८ सम्म ३२ ओटा मानव अधिकारसम्बन्धी अधिकारलाई मौलिक हकको रूपमा प्रत्याभूत गरिएको छ।

नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७७ असोज २६ गतेको बैठकबाट स्वीकृत मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (२०७७/७८ देखि २०८१/८२) कार्यान्वयनको हामी अन्तिम वर्षमा छौँ। उक्त कार्ययोजना कार्यान्वयनको सुनिश्चितताको लागि सङ्घ, प्रदेश र स्थानीय तहमा तहगत समन्वय समितिको व्यवस्था गरिएको छ। जिल्लास्तरका सरकारी निकाय एवम् स्थानीय तहबाट कार्ययोजनाको कार्यान्वयनको क्रममा समन्वय र सहजीकरण गर्ने तथा समग्र प्रदेशमा मानव अधिकारको अवस्था विश्लेषण गरी त्यसमा आवश्यक सहजीकरण र सवलिकरण गर्ने जिम्मेवारी प्रदेश समन्वय समितिले निर्वाह गर्ने व्यवस्था रहेको छ।

बागमती प्रदेश सरकारले मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाले निर्दिष्ट गरेको उद्देश्य अनुसारको सूचकलाई टेवा पुग्ने केही नीतिगत तथा कानुनी व्यवस्था गरेको छ। उदाहरणका लागि प्रदेश बालबालिकासम्बन्धी नीति, २०८०, मानव बेचबिखन ओसारपसार विरुद्धको संरक्षण नीति, २०८०, सीपमूलक तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०७९, ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूका लागि नि: शुल्क हवाइ उद्धारसम्बन्धी कार्यविधि, २०८०, जनचेतनामूलक प्रचार सामग्री निर्माण, प्रसारण तथा वितरण कार्यविधि, २०८० लाई लिन सकिन्छ। साथै, बागमती प्रदेश सरकारले प्रदेशभित्र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्दै मौलिक हक र राज्यका निर्देशक सिद्धान्त एवम् नीतिहरू कार्यान्वयनका लागि विषयगत कानुन निर्माण र कार्यक्रम निर्धारणमा प्राथमिकता प्रदान गर्दै आएको छ।

हाल बागमती प्रदेश सरकारले एक घर एक धारा, पूर्ण सरसफाइ हाम्रो अभिभारा अभियान, चेपाङ, बनकरिया, माझी, बोटे एकीकृत बस्ती तथा आवास कार्यक्रम, खर्कको छाना मुक्ति बागमती प्रदेश कार्यक्रम, गरिब तथा विपन्न जनतालाई आवास कार्यक्रम, सबै बालबालिकाको लागि अनिवार्य तथा नि:शुल्क शिक्षा कार्यक्रम, चेपाङ चिउरी र चमेरो संरक्षण कार्यक्रम, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका लागि सशक्तिकरण कार्यक्रम, प्रदेशमा पूर्वाधार विकासका लागि प्रदेश सडक यातायात गुरूयोजना लगायतका कार्यक्रमहरू सञ्चालन गरी कार्यान्वयन गर्दै आएको छ। यी कार्यक्रमहरूबाट मानव अधिकार संरक्षण र संवर्द्धनमा विशेष सहयोग पुगेको छ। यसरी बागमती प्रदेशले हरेक नीति तथा कार्यक्रममा मानव अधिकारलाई केन्द्रविन्दुमा राखी कार्यसम्पादन गरिरहेको र यसबाट क्रमश: सम्मुनत प्रदेश निर्माणतर्फ बागमती प्रदेश सरकार अग्रसर भइरहेको छ। यसक्रममा आइपरेका चुनौतीहरू र तिनको समाधान गर्न बागमती प्रदेश सरकार सक्षम रहेको जानकारी गराउन चाहन्छु।

बहादुर सिंह लामा
माननीय मुख्यमन्त्री

गण्डकी प्रदेश

मानव अधिकारको सम्मान, रक्षा र प्रवर्द्धनका लागि गण्डकी प्रदेश सरकार सँधै प्रतिबद्ध रहेको छ। मानव अधिकार प्रत्याभूत गर्ने कानुनी र संरचनागत सुधारका लागि सरकार कटिबद्ध छ। सुशासन, पारदर्शिता, नागरिक सहभागिता र समावेशी नीति निर्माणतर्फ गण्डकी प्रदेश सरकार प्रयत्नशील छ।

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय सरकारलाई मानव अधिकार संरक्षण, संवर्द्धन र परिपूर्तिको दायित्व निर्वाह गर्नुपर्ने जिम्मेवारी प्रदान गरेको छ। कतिपय सन्दर्भमा प्रदेश सरकारलाई अधिकार प्रत्यायोजन नहुँदा सङ्घीयताको मर्म र भावना अनुसार योजना कार्यान्वयनमा समस्या सिर्जना भएको

छ। संविधानमा उल्लेख भएका हक अधिकार, कानून निर्माण र कार्यान्वयनमा तीनै तहका सरकार दृढ हुने हो भने हरेक नागरिकलाई मानवअधिकारको प्रत्याभूति दिलाउन सहज हुनेछ।

सङ्घीयतापछिको नयाँ संरचना अनुसार प्रदेश सरकारले नागरिकलाई सेवा प्रवाह गर्दै आएको छ। आम नागरिकले महसुस गर्ने गरी नजिकबाट सहज सेवाको अनुभव गर्नु गराउन प्रदेश सरकारको दायित्व हो। यसका लागि प्रदेश सरकार आफैंले पनि कानुन निर्माण गरी नागरिकलाई सरल, सहज सेवा प्रवाह गर्न प्रयत्नशील छ। सङ्घीय कानुन नबन्दा कतिपय बनाइएका कानुन कार्यान्वयनमा प्रदेश सरकारलाई समस्या परेको छ। जसका कारण कानुनी, प्रशासनिक, सामाजिक तथा आर्थिक पक्षसँग जोडिएका मानव अधिकारका चुनौतीको समाधानमा जटिलता सृजना भएको छ।

आफ्ना नीति कार्यक्रम र बजेट मार्फत मानव अधिकारका गतिविधिलाई आम नागरिकसम्म पुऱ्याउन यस क्षेत्रमा काम गर्ने विभिन्न सरोकारवाला सङ्घ संस्थाको सहकार्यमा गण्डकी प्रदेश सरकारले विभिन्न कार्यक्रम गर्दै आएको छ। मानवअधिकारको रक्षा र न्याय निरूपणमा सहजीकरणका लागि स्थानीय तहसँगको समन्वयमा गण्डकी प्रदेश सरकारले सबैजसो स्थानीय तहमा यस वर्षदेखि कानुनी सहजकर्ताको व्यवस्था गरेको छ।

मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाले औंल्याएका विषयलाई गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) मा समावेश गरिएको छ। हरेक वर्ष नीति कार्यक्रम र बजेटमा गण्डकी प्रदेश सरकारले मानव अधिकार प्रवर्द्धनका लागि विभिन्न कार्यक्रम समावेश गर्दै आएको छ। आगामी दिनमा पनि यस्ता कार्यक्रमले निरन्तरता पाउने नै छन्। शिक्षा, स्वास्थ्य, महिला तथा बाल अधिकार, श्रमिक अधिकार र अन्य संवेदनशील समूहका हक अधिकारलाई सशक्त बनाउन सरकार प्रयत्नशील छ। न्यायको सहज, समान पहुँच, आर्थिक तथा सामाजिक अधिकारको सुदृढीकरण, मानव अधिकार उल्लङ्घनका घटना न्यूनीकरणका विषय हाम्रो लागि अहिले पनि चुनौतीपूर्ण छ। यी चुनौतीको सामना गर्न गण्डकी प्रदेश सरकार नागरिक समाज, अधिकारकर्मी तथा अन्य सबै सरोकारावालाहरूसँग सहकार्य गर्न तयार छ।

संविधान प्रदत्त अधिकार र कर्तव्यको पालनाका लागि राज्यका निकायहरूको भूमिका मात्र पर्याप्त हुँदैन। नागरिक समाज, मानव अधिकारकर्मी, विभिन्न सङ्घ संस्था र विभिन्न सरोकारावाला सबैको सहकार्यले मात्र मानव अधिकारलाई व्यवहारिक रूपमा सार्थक बनाउन सकिन्छ।

हाम्रो देशले मानवअधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पक्ष राष्ट्रसमेत भएकाले मानव अधिकारको सवालमा राज्यको निकाय अझै बढी संवेदनशील र जिम्मेवार हुनुपर्छ।

अन्त्यमा, वर्ष पुस्तक प्रकाशन गरी मानव अधिकारको सवाललाई उजागर गर्न अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले खेल्दै आएको भूमिकाको प्रशंसा गर्न चाहन्छु। मानव अधिकारको रक्षा र संवर्द्धनका सवालमा गण्डकी प्रदेश सरकार सधैँ प्रतिवद्ध छ।

सुरेन्द्रराज पाण्डे
माननीय मुख्यमन्त्री

लुम्बिनी प्रदेश

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले नेपाल मानव अधिकार वर्ष पुस्तक-२०२५ प्रकाशन गर्न थालेको खबर थाहा पाउँदा खुसी भएको छु। यस पुस्तकमार्फत मानव अधिकारको क्षेत्रमा नेपालमा भएका राम्रा अभ्यास तथा कहीं कतै उल्लङ्घन एवम् ज्यादतीका घटनाहरूलाई तथ्य तथ्याङ्कमार्फत बाहिर ल्याउने प्रयत्न गरेकोमा हार्दिक आभार प्रकट गर्दछु। दस्तावेजीकरणले आगामी वर्षका मानव अधिकारको रक्षा प्रत्याभूति र सुदृढीकरणको क्षेत्रमा नीति तथा कार्यक्रम तर्जुमा गर्न समेत घटाउने भएकाले प्रकाशनको पूर्ण सफलताको कामना गर्दछु।

राज्यको पुनर्संरचना पश्चात् संविधानको कार्यान्वयनसँगै तीन तहका सरकारले आफ्ना कामहरूलाई अघि बढाइरहेका छन्। संविधानले दिएको अधिकारलाई कार्यान्वयन गर्दै सरकारले आफ्ना भूमिका बढाइरहेका छन्। सरकारको ध्यान मानिसको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग जोडिएका विषयमा केन्द्रित छ। जुन विषय मानव अधिकारको प्रमुख सवालभित्र पर्दछन्। लुम्बिनी प्रदेश सरकारले मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्न आफ्ना नीति तथा कार्यक्रमलाई सोही अनुसार प्राथमिकतामा राख्दै आएको छ। नागरिकको मौलिक हकसँग

जोडिएका विषयलाई कार्यान्वयन गर्न नागरिकको जीवनसँग प्रत्यक्ष जोडिएका सवाल (जस्तैः शिक्षा, स्वास्थ्य, रोजगार, खाद्य अधिकार, अभिव्यक्ति स्वतन्त्रता, पूर्ण प्रेस स्वतन्त्रता) लाई टेकेर कार्यक्रम केन्द्रित गरेका छौँ।

नागरिकलाई शिक्षा, स्वास्थ्य, खाद्य अधिकारको प्रत्याभूति हुने गरी सरकारले काम बढाएको छ। प्रदेशका नागरिकलाई उपचार नपाएर पर्ने अवस्था आउन नदिन मुख्य गरी दीर्घरोगहरू क्यान्सर, मिर्गौला प्रत्यारोपण, मुटुको भल्व फेर्न बिरामीको उपचारका लागि दुई लाखसम्म उपचार खर्च उपलब्ध गराउँदै आएका छौँ भने विशेषगरी थारु समुदायमा देखिएको सिकेलसेल एनिमियाको उपचार, द्वन्द्वपीडितलाई मातहतका अस्पतालबाट जनरल सेवा निःशुल्क, पैसाकै कारण पढ्न समस्या आउन नदिन छात्रवृत्ति, विद्यालयलाई प्रविधिमैत्री बनाउनेजस्ता कार्यक्रम तय भएका छन्। त्यसैगरी खाद्य अधिकारलाई सुनिश्चित गर्न नियमित बजार अनुगमन, उपभोग्य वस्तुको परीक्षणदेखि शुद्ध र गुणस्तरीय खाद्य वस्तु उत्पादनका लागि अर्ग्यानिक कृषि उत्पादका लागि अनुदान र किसानहरूलाई पुरस्कृत गर्ने जस्ता कार्यक्रम भइरहेका छन्।

यस्ता समस्या सरकारसम्म आइपुगून् भनेर प्रदेशअन्तर्गतका कार्यालयमा नागरिकका गुनासा सुन्न गुनासो पेटिका राख्ने काम पनि भइरहेका छन्। समग्रमा शिक्षातर्फ प्रावधिक शिक्षामा प्रदेश सरकारले ध्यान दिएको छ भने प्राविधिक विश्वविद्यालय सञ्चालन गरेर यसमा काम थालिसकेको छ। विद्यालयहरूको भौतिक पूर्वाधार सुधारदेखि शैक्षिक गुणस्तर बढाउन ध्यान दिएका छौँ। नागरिकहरूलाई सेवा दिन विशेषज्ञ उपचारको सुनिश्चितता प्रदेश सरकारले गरेको छ। प्रादेशिक अस्पतालहरूबाट सेवा प्रवाह भइरहेका छन्। बुटवलमा देशकै ठूलो अस्पताल बनाउने काम सुरु भएको छ भने खाद्य अधिकार सुनिश्चितताका लागि उत्पादन बढाउने गरी कृषि सिँचाइको क्षेत्रमा लगानी भइरहेको छ। नागरिकलाई अनुभूति हुने गरी हामीले काम गरिरहेका छौँ।

प्रदेश सरकारले प्रदेश निजामती सेवालाई समावेशी बनाएको छ। प्रदेश निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पदपूर्ति हुने पदमध्ये ४९ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानेर उम्मेदवार बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गर्ने व्यवस्था गरिएको छ। प्रदेशमा बसोवास गर्ने आदिवासी जनजाति, थारु, मुस्लिमदेखि लैङ्गिक अल्पसङ्ख्यकसम्मको समावेशी प्रतिनिधित्व सुनिश्चित गरिएको छ। अब लोकसेवा आयोगले यो ऐनको आधारमा विज्ञापन खोलेर पदपूर्तिको प्रक्रिया अघि बढाउनेछ। यसबाट सीमान्तकृत वर्गको अधिकार संरक्षणमा प्रदेश सरकारले गरेको प्रतिबद्धता स्पष्ट हुन्छ।

सङ्घीयता कार्यान्वयनमा प्रदेश नयाँ संरचना हो। प्रदेश स्थापना भएपछि नागरिकका आवश्यकता पूरा गर्न प्रदेश सरकारले आफ्नो भूमिका बढाएको छ। सभामार्फत कानुन निर्माण गर्ने र सरकारबाट त्यसलाई कार्यान्वयन भइरहेको छ। संविधानमा उल्लेख भएका एकल र साझा अधिकारका सूचीलाई कार्यान्वयन गर्न अझै केही कानुनी जटिलता छन्। तर, प्रदेश सरकारले ती जटिलतालाई फुकाउँदै सङ्घीयता र प्रदेशको औचित्य पुष्टि गर्न कार्य सम्पादनलाई प्रभावकारी बनाउँदै लगेका छौँ।

अन्त्यमा, मानव अधिकारको रक्षा, मौलिक हकको प्रत्याभूति र मानव अधिकारसँग जोडिएका सम्पूर्ण पक्षलाई कार्यान्वयन गर्न प्रदेश सरकार दृढ र स्पष्ट रहेको समेत यसैमार्फत जानकारी गराउँदछु।

चेतनारायण आयार्य

माननीय मुख्यमन्त्री, लुम्बिनी प्रदेश

कर्णाली प्रदेश

कर्णाली प्रदेश नेपालको सबैभन्दा ठूलो भूगोल भएको प्रदेश हो। यो प्रदेश प्राकृतिक, साँस्कृतिक र ऐतिहासिक रूपमा अत्यन्त धनी छ। सबैभन्दा ठूलो र प्राकृतिक रूपमा मनोरम रारा ताल, अग्लो ठाउँमा अवस्थित शे–फोक्सण्डो ताल, हिन्दु धर्मालम्बीहरूको प्रमुख तीर्थस्थलका रूपमा रहेको कैलाश मानसरोवर अवलोकन गर्ने लिमिलाप्चा क्षेत्र जस्ता धार्मिक क्षेत्र यसै प्रदेशमा पर्दछन्। कर्णाली प्रदेशको सिंजा क्षेत्रलाई नेपाली भाषा साहित्यको उद्गमस्थल मानिन्छ। अपार जलस्रोत भएकाले जलविद्युतको प्रचुर सम्भावना छ। भौगोलिक रूपमा विकट भएकाले दुर्गम र आर्थिक रूपमा कमजोर ग्रामीण बस्तीहरू धेरै छन्। यहाँका नागरिकको आधारभूत अधिकारको स्थिति संविधानद्वारा सुनिश्चित गरिएका मौलिक अधिकारको तुलनामा अझै कमजोर रहेको पाइन्छ।

नेपालको संविधानले नेपाली जनतालाई न्याय, समानता, राजनीतिक स्वतन्त्रता र सम्मानका

साथ बाँच्न पाउने मौलिक अधिकार प्रत्याभूत गरेको छ। मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापना भएपछि राज्य सञ्चालनको दायित्व सङ्घ, प्रदेश र स्थानीय तीन तहका सरकारबीच सहकार्य, सहअस्तित्व र समन्वयवाट हुनेछ भनेर भनिएको छ। नेपालको संविधान र कानुनले दिएको स्वतन्त्रता र मौलिक अधिकारले कर्णाली प्रदेशका नागरिकलाई पनि राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, पर्यावरणीयसहित सबै क्षेत्रमा स्वतन्त्र रूपमा योगदान गर्ने अवसर प्रदान गरेको छ। यति हुँदाहुँदै पनि कर्णाली प्रदेशको भूगोल जटिल छ। भूगोलको जटिलताले यहाँका नागरिकको मानव अधिकारको पहुँचलाई खुम्च्याएको छ। गरिबी र स्रोत साधनको अभावका कारण संविधानद्वारा प्रत्याभूत अधिकारको पूर्ण कार्यान्वयन चुनौतीपूर्ण रहेको छ। तथापि कर्णाली प्रदेश सरकारले संविधानमा व्यवस्था गरिएका मौलिक हकहरूको कार्यान्वयन गर्दै यस क्षेत्रका जनताको जीवनस्तर सुधार गर्न सामाजिक न्याय सहितको विकास, सुशासन, 'समृद्ध कर्णाली सुखारी कर्णालीवासी'को दीर्घकालीन सोच र 'सुखी नेपाली समृद्ध नेपाल' को राष्ट्रिय आकाङ्क्षा समेत पूरा गर्न नेपालको संविधान, प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम र बजेटलाई मार्गदर्शन मानेर कार्य सम्पादन गरिरहेको छ।

गत वर्ष कर्णाली प्रदेशको जाजरकोट केन्द्रबिन्दु भएर विनाशकारी भूकम्प गयो। भूकम्पले जाजरकोटसहित रुकुमपश्चिम र सल्यानमा जनधनको क्षति गरेको थियो। प्राकृतिक विपत्को समयमा सरकारको उपस्थिति र सक्रियतालाई आत्मसात गर्दै सरकारको नीति तथा कार्यक्रम र बजेटमार्फत भूकम्प लगायतका विपत्को पुर्वतयारी, खोज, उद्धार, उपचार, राहत, पुनर्निर्माण तथा पुनर्स्थापनामा प्रदेश सरकारको भुमिकालाई थप प्रभावकारी बनाउँदै लगिएको छ। भूकम्पबाट क्षति भएका विद्यालय भवन र स्वास्थ्य संस्थाहरूको पुर्ननिर्माणको काम शुरु भएको छ। विभिन्न दातृ संस्थाहरूसँग मिलेर प्रभावित क्षेत्रका नागरिकका लागि काम पछिको नगद, सुत्केरी पोषण, बालबालिकाको लागि शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइका क्षेत्रमा विभिन्न कार्यक्रमहरू सञ्चालनमा छन्। प्राकृतिक प्रकोपको जोखिमबाट नागरिकलाई सुरक्षित गर्न कर्णाली प्रदेशमा स्थायी बसोबास भएका र सेवारत सबैको विपत् दुर्घटना बीमा गरिएको छ। पिछडिएका क्षेत्र र न्यून आय भएका जनताका लागि विपत् घर सुरक्षा कार्यक्रम अन्तर्गत घर बीमाको काम सञ्चालनमा ल्याउने तयारी भइरहेको छ।

दलित तथा विपन्न समुदायको बसोबासको लागि विपन्नको घर र जनता आवास कार्यक्रम अर्न्तगत आवास निर्माणका कामहरू भएका छन्। दलित तथा सीमान्तकृतहरूको आयआर्जन तथा सशक्तिकरणको लागि सशक्तिकरणका कार्यक्रमहरू विभिन्न जिल्लास्तरमा सञ्चालनमा छन्। त्यस्तै मुख्यमन्त्री रोजगार कार्यक्रममार्फत रोजगारी सृजना गरि युवाहरूलाई विभिन्न अवसर उपलब्ध गराउन प्रदेशका सबै वडामा कार्यक्रम लागु गरिएको छ।

भौगोलिक कठिनाइका कारण सबै स्थानहरूमा सडक यातायात पुगेको छैन। यसको प्रत्यक्ष प्रभाव शिक्षा, स्वास्थ्य र अन्य सेवाहरूको पहुँचको अवस्था सन्तोषजनक छैन। तथापि प्रदेश सरकारले सबै वडा तथा बस्तीहरूमा सडक यातायातको पहुँच विस्तारका लागि काम गरिरहेको छ। विकासको मेरुदण्डको रूपमा रहेका सडक पूर्वाधारलाई व्यवस्थित, दिगो र सुरक्षित बनाउन प्रादेशिक सडक गुरुयोजना निर्माणको अन्तिम तयारीको अवस्था छ।

कर्णालीवासीको स्वास्थ्य सेवाको पहुँचलाई एकीकृत, सरलसुलभ, गुणस्तरीय र प्रभावकारी बनाउँदै लगिएको छ भने प्रदेश र जिल्ला अस्पतालहरूमा ज्येष्ठ नागरिक, अशक्त अपाङ्गता भएका व्यक्तिको लागि क्रमशः छुट्टै वार्डको व्यवस्था मिलाउने कामहरू भएको छ। यस वर्षदेखि मुटु, मृगौला प्रत्यारोपण, क्यान्सर, स्पाइनल इन्जुरी र हेडइन्जुरीका बिरामीलाई शल्यक्रिया गरेपछि एकमुष्ठ एक लाख रुपियाँ उपचार खर्च प्रदान गर्ने व्यवस्था गरी नागरिकको बाँच्न पाउने अधिकारलाई सुनिश्चित गरिएको छ। त्यस्तै महिला सशक्तिकरण, बालिकाहरूमाथिको विभेद अन्त्य गरी हानिकारक सामाजिक अभ्यास रोक्ने, बालविवाह, छाउपडी र छुवाछुतमुक्त जस्ता सामाजिक विकृतिलाई उन्मूलन गर्न सशक्तिकरण कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरिएको छ। जसले गर्दा सामाजिक कुरीतिको अन्त्यमा सहयोगी भूमिका निर्वाह भएको छ।

नेपाल सरकारले अघि सारेको मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयनको लागि प्रमुख सचिवको संयोजकत्वमा प्रदेश स्तरीय समिति गठन भएको छ। उक्त समितिले आफनो क्षेत्राधिकार र कार्यादेश अनुसार पालिका तहसम्म समिति निर्माण गर्न उत्प्रेरित र सहजीकरणको काम गरिरहेको छ।

नयाँ संविधान जारी भई मुलुक सङ्घीय ढाँचामा प्रवेश गरेको एक दशक पुग्न लागेको छ। तथापि हामी सङ्घीयताको नयाँ अभ्यासमा छौँ। सङ्घीय संरचनाको सफल कार्यान्वयन भनेको अधिकारको समुचित प्रयोग हो। सङ्घीयताको मर्म अनुसार कतिपय कानुनहरू अझै बन्न सकेका छैनन्। संविधानत: कतिपय कानुन नबन्दा प्रदेश र स्थानीय तहले प्रयोग गर्ने अधिकार अझै सङ्घमै रही आएको अवस्था छ। जसकाकारण कतिपय सेवाप्रवाहलाई सहज बनाउन सकिएको छैन। सङ्घ, प्रदेश र स्थानीय तहका सरकारबीच सहकार्य, सहअस्तित्व र समन्वयबाट मात्र सङ्घीयताको सफल कार्यान्वयन सम्भव छ। त्यसका लागि संविधानमा उल्लेखित अधिकारलाई यथोचित रूपमा प्रयोग गर्ने कानुनी वातावरणको सृजना हुनु नितान्त जरुरी पर्दछ।

यामलाल कडेल
माननीय मुख्यमन्त्री

सुदूरपश्चिम प्रदेश

नेपालको संविधान २०७२ जारी भएपछि नेपालले गणतन्त्रात्मक शासकीय व्यवस्था अवलम्बन गरिरहेको छ। यस परिप्रेक्ष्यमा विगत आठ वर्षदेखि सुदूरपश्चिम प्रदेश सरकारले संविधानले प्रदान गरेको अधिकार क्षेत्रभित्र रहेर सुदूरपश्चिम प्रदेशको विकास, समृद्धि, सुशासन लगायतका कार्यहरू गर्दै आइरहेको छ। संविधानले मार्गदर्शन गरेबमोजिम गरिबी निवारण, रोजगारी सृजना, सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य लगायतका अधिकारहरू नागरिकका अधारभूत अधिकारका विषय भएकोले यी अधिकारहरूको संरक्षण, संवर्द्धन र परिपूर्तिका लागि प्रदेश सरकारले नीति तथा योजनाहरू निर्माण गरेर कार्यान्वयन गर्दै आएको छ।

मानव अधिकारको संरक्षण तथा प्रवर्धनका लागि विगतदेखि गर्दै आएका कार्यहरूलाई प्रदेश सरकारले निरन्तरता दिँदै मानव अधिकारसँग सम्बन्धित शिक्षा, स्वास्थ्य, खेलकुद तथा सामाजिक क्षेत्रका थुप्रै कानुनहरू निर्माण गरिएको छ। मानव अधिकारसँग प्रत्यक्ष सरोकार राख्ने कानुनहरू सुदूरपश्चिम प्रदेश जनस्वास्थ्य ऐन-२०७६, सुदूरपश्चिम प्रदेश बालबालिका सम्बन्धी ऐन-२०७७, दलित सशक्तिकरण ऐन, २०७८, लैङ्गिक समानता तथा सामाजिक समावेशिता नीतिहरू जस्तै छाउगोठ उन्मूलन नीति, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, अपाङ्गता नीति, बालबालिका नीति र श्रम तथा रोजगार नीति लगायतका नीतिहरू निर्माण गरी कार्यान्वयनको चरणमा रहेका छन्। मुख्य गरेर मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनालाई प्रभावकारी कार्यान्वयन गर्न प्रदेशस्तरीय अनुगमन समिति बनाइ कार्यहरू भइरहको छ। र, सुदूरपश्चिम प्रदेशका ८८ ओटै स्थानीय तहमा अनुगमन समितिहरू बनाउने तयारी समेत गरिएको र केही स्थानीय तहमा अनुगमन समिति बनाइ मानव अधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा ल्याइएको छ। यद्यपि, सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबीच संविधानले परिकल्पना गरेको सहकारिता, समन्वयन र सहअस्तित्वको विषय पेचिलो नै छ। सङ्घ, प्रदेश र स्थानीय सरकारबीच समुधर सम्बन्धबाट मात्रै नागरिकहरूको मानव अधिकारका सवालहरूलाई सहज रूपमा परिपूर्ति गर्न सकिने भएकाले तीनै तहका सरकारहरूबीच संविधानले परिकल्पना गरेको र प्रदान गरेका अधिकारहरूको समुचित प्रयोग र कार्यान्वयन गर्न आवश्यक देखिएको छ।

सुदूरपश्चिम प्रदेश प्रहरी ऐन, २०७७ जारी भएको भए पनि कार्यान्वयन नहुँदा प्रदेश सरकारले शान्ति सुरक्षाको क्षेत्रमा प्रभावकारी कार्य गर्न र उच्चपदस्थ कर्मचारीहरू सङ्घीय सरकार मातहत हुनुले पनि सङ्घीयता कार्यान्वयनमा समस्या देखिएको छ। नेपालका राष्ट्रिय कानुन र नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनहरूले प्रदान गरेका अधिकारहरू नै मानव अधिकारका विषय भएकाले यसको प्रभावकारी कार्यान्वयन गर्न सङ्घ, प्रदेश र स्थानीय सरकारको साझा दायित्व हो। प्रदेश सरकार आफ्नो दायित्व पूरा गर्न प्रतिबद्ध रहेको छ।

कमलबहादुर शाह
माननीय मुख्यमन्त्री

परिच्छेद ११

सन् २०२४ को मानव अधिकार स्थितिबारे विभिन्न आयोगहरूका धारणा

राष्ट्रिय दलित आयोग

नयाँ संविधान अनुरूप विभेद उन्मूलनका संवाहकका रूपमा निर्वाचित भएका स्थानीय तहका दलित जनप्रतिनिधिहरूमाथि नै हिंसा भएको र त्यसलाई बाहिर ल्याउन राजनीतिक दलले दबाब दिएका थुप्रै घटनाहरू छन्। जनताको आत्मसम्मान, स्वाभिमान र मानव अधिकार हनन् हुनुका साथै न्यायको प्रत्याभूति नहुनुले राष्ट्रिय आयमा समेत गम्भीर नोक्सानी भएको विभिन्न अध्ययनको निष्कर्ष छ। विभेद दलितहरूको अन्याय मात्र होइन राष्ट्रिय क्षति पनि हो। तसर्थ, यो समस्या युगान्तरसम्म कायम होइन, छिटो उन्मूलन गर्नु पर्दछ। व्यक्तिगत विषयका त परको कुरा सार्वजनिक स्थानमा हुने यसप्रकारका विभेद निरूत्साहन गर्ने कुरामा हाम्रो ध्यान पुगिरहेको छैन।

इन्सेकले चालेको अभियानले दलित समुदाय आफ्नो अधिकारको विषयमा बोल्न सक्ने भएका छन्। सरकार र सरकारका विभिन्न अङ्गमा बस्नेहरूलाई यो लुकाउने होइन छलफल गरेर कुप्रथालाई अन्त गर्न सकिन्छ भन्ने महत्त्वपूर्ण शिक्षा यो मानव अधिकार वर्ष पुस्तकले दिएको छ। यो पैरवी निरन्तरताको हार्दिक शुभकामना प्रकट गर्दछु।

दलित समुदायको आँखाबाट हेर्दा सामूहिक र विभत्स प्रकारका हत्याका घटना नभए पनि दलित समुदायमाथि हुने छुवाछूत, अपमान, अपहेलना, बहिष्करण, गालीगलौज भइरहेका छन्। राष्ट्रिय दलित आयोगमा परेका उजुरी र आयोगको अभिलेखमा भएको विवरण अनुसार आवरणमा जातीय कारण नदेखिए पनि भित्री कारण जात नै भएका हत्याका पाँच घटनाहरू छन्। जस्तो कि कुनै युवाले दलित भनिएकी युवतीसँग प्रेम गऱ्यो, शारीरिक सम्बन्ध राख्यो र परिवारले अस्वीकार गर्ने अवस्था आएपछि हत्या गरिएका घटना धेरै छन्। एक आर्थिक वर्षमा पाँच जना दलितको हत्या हुनु र हत्याका योजनाकार संलग्न व्यक्तिहरू ज्ञात हुँदाहँदै पनि कानुनबमोजिम कारबाहीको दायरामा नआउनु अर्को दु:खद कुरा हो। आवश्यक प्रमाणको अभाव भनेर पीडकहरू उम्किइरहेका छन्। सबै प्रकारका जातीय हिंसाका घटनामा पीडकलाई राजनीतिक संरक्षण हुने गरेको छ। राजनीतिक हैसियत नै प्रयोग गरेर घटना दबाइएको, मेलमिलाप गर्न र विषयान्तर गर्न बाध्य पारिएको अवस्था छ। जातीय हिंसा उन्मूलनको दिशातिर नजानुको मुख्य कारण राजनीतिक दलहरू यथास्थितिको पृष्ठपोषक बन्नु नै हो।

देवराज विश्वकर्मा
माननीय अध्यक्ष

मधेशी आयोग

संविधानको धारा ४२ मा सामाजिक न्याय सम्बन्धी व्यवस्था गरिएको छ। सोही अनुसार पहिचान, पहुँच र प्रतिनिधित्वको व्यवस्था उल्लेख गरिएको भए तापनि सो व्यवस्था व्यवहारपरक हुन नसकेको यर्थाथ सबै सामु छर्लङ्ग छ। पहिचानभित्रको पहिचान, पहुचभित्रको पहुँच र प्रतिनिधित्वभित्रको प्रतिनिधित्वमा समस्या रहेका छन्। अधिकार र कर्तव्यलाई हेर्न जात भित्रका वर्ग र वर्गभित्र रहेका जातहरूको यथार्थपरक समस्याको समुचित निदान गर्नु आवश्यक छ।

आयोग तथ्यपरक समस्या समाधानका लागि क्रियाशील छ। आयोगले सामाजिक, सांस्कृतिक, आर्थिक, पर्यावरणीय न्याय, प्रशासनिक, राजनीतिक, शैक्षिक र आरक्षित अवस्थाको अध्ययन गरी संवैधानिक दायित्व अनुसार कार्य गरिरहेको छ। अति न्यून स्रोत र साधनका बावजुद पनि स्थापनाकालदेखि नै यसले कानुनी रूपमा परिभाषित जिम्मेदारी अनुसार समस्या पहिचान, वर्ग पहिचान, प्रतीक चिन्ह निर्माण, पदाधिकारीदेखि कर्मचारीसम्म प्रविधियुक्त व्यवस्था, पञ्चवर्षीय रणनीतिक योजना निर्माण, उजुरी सङ्कलन तथा कारबाहीको सिफारिस, मधेशको परिभाषा र जातजातिको थरको निरूपण, खण्डीकृत तथ्याङ्कको प्रकाशन, राज्यमा मधेशी समुदायको पहुँच र मधेश प्रोफाइल अद्यावधिक गरी प्रकाशन गरेको छ।

आयोगको बेरुजु शून्य रहेको छ। यसका लागि आयोग पुरस्कृत र सम्मानित समेत भएको छ।

प्राप्त कानुनी अधिकार अनुसार आयोगले नीति निर्माणमा सहयोगी र जनचेतनामूलक कार्यक्रम सम्पादन गर्दै आएको छ। आयोगले जनअपेक्षा अनुसार अझै धेरै गर्नुपर्ने छ तर, दक्ष मानव स्रोतको अभावका कारण सोचेजस्तो काम हुन सकेको छैन। चुनौतीहरूलाई अवसरमा रूपान्तरण गर्नुको विकल्प आयोगसँग छैन।

मुलुकभित्र खासगरि मधेशी लक्षित र केन्द्रित दीर्घकालीन समस्या जरैदेखि समाधान गर्न गुणात्मक शिक्षा, गुणात्मक शिक्षालाई व्यवसायिक सीपसँग, व्यवसायिक सीपलाई रोजगारसँग, रोजगारलाई गुणस्तर उत्पादनसँग गुणस्तरीय उत्पादनलाई उचित बजारसम्म, उचित बजारलाई समग्र मुलुकको विकाससँग समन्वय गर्नु आवश्यक छ।

मधेशी आयोग ऐनमा उल्लेखित अधिकार, इतिहास, संस्कृतिको पहिचान र त्यसको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन गर्न मधेशी आयोगले अन्तरक्रिया कार्यक्रमहरूको आयोजना गरेको छ।

स्थापनाकालदेखि आयोगले गरेको मुख्य कार्यहरू

१. आयोगको लागि आवश्यक पर्ने बैठक सञ्चालन नियमावली कार्यविधि, नियमावली लगायत कानुनी दस्तावेज तयार गरी कार्यान्वयन गरिएको
२. आयोगको पञ्चवर्षीय रणनीतिक योजना तयार गरी कार्यन्वयनको लागि नेपाल सरकारमा पेश गरिएको
३. आयोगको प्रतीक चिन्ह, वर्षतालिका निर्माण गरी कार्यान्वयन गरिएको,
४. समुदायको वस्तुस्थिति विवरण प्रकाशित गरी सिफारिस गरिएको,
५. जनतालाई आयोगसँग सगज पहुँचका लागि आयोगलाई प्रभावकारी बनाइएको छ।

१. आयोगमा प्राप्त उजुरीहरूको सङ्ख्या वर्ष अनुसार

वर्ष	उजुरी सङ्ख्या
०७५/०७५	१२
०७६/०७७	१८३
०७७/०७८	१९०
०७८/०७९	११६
०७९/०८०	१३३
०८०/०८१	५८

यी उजुरीहरूमा आयोगले निर्णय गरी ९३ प्रतिशत सिफारिस गरेकोमा सरकारले ३७ प्रतिशत कार्यान्वयन गरेको छ।

२. आर्थिक वर्ष ०७५ देखि ०८१ को पुस महिनासम्म आयोगको बैठक सङ्ख्या १ सय १२ रहेको र निर्णय सङ्ख्या २ सय ३८ रहेको छ। जसमा सरोकारवालालाई ९७ प्रतिशत सिफारिस गरिएको छ।
३. आरक्षणको नीतिमा पुनरावलोकन गर्न आयोगले सिफारिस गरेको छ।
४. मधेश प्रदेश र मधेशी समुदायमा हिंसाका घटना उच्च रहेकाले स्थानीय रूपमै सरोकारवालाई प्रशिक्षण कार्य धनुषा जिल्लाबाट शुरु गरिएको छ। यसले ५० प्रतिशत हिंसा न्यूनीकरण भएको देखिन्छ।

डा. विजय दत्त
माननीय अध्यक्ष, मधेशी आयोग

राष्ट्रिय समावेशी आयोग

नेपालको संविधानको प्रस्तावनामा 'बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्द्धन गर्ने उल्लेख छ। यो नै समानुपातिक समावेशी राज्य व्यवस्थाको मूल आधार हो। संविधानले विशेषत: नेपालका विविध जात जाति र भौगोलिक क्षेत्रको पहिचान स्थापित गरी न्यायोचित र समतामूलक समावेशी विकासको माध्यमबाट विद्यमान आर्थिक, सामाजिक र राजनीतिक विभेदहरूको अन्त्य गर्ने उद्देश्य राखेको छ।

नेपालको संविधानको धारा २५८ मा खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक एवम् सीमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली एवम् आर्थिक रूपले विपन्न लगायतका समुदायको हक अधिकारको संरक्षण र संवर्द्धन गर्न अध्ययन अनुसन्धान गर्ने, ती वर्ग समुदाय र क्षेत्रसँग सम्बन्धित कानून कार्यान्वयन अवस्थाको अनुगमन गरी नेपाल सरकारलाई सिफारिस र सुझाव दिने उद्देश्य सहित राष्ट्रिय समावेशी आयोगको परिकल्पना गरिएको छ।

आयोगले स्थापनाकालदेखि तोकिएका ११ ओटा

लक्षित वर्गमा केन्द्रित रही विभिन्न विषयमा अध्ययन, अनुसन्धान गरी सोको आधारमा नेपाल सरकारलाई कानुन एवम् नीति तथा कार्यक्रममा समावेश गर्न सुझाव प्रदान गर्दै आएको छ। जसमा सरकारी सेवामा आरक्षण प्रणाली सुधार, ज्येष्ठ नागरिकको हकहित अभिवृद्धि, अपाङ्गता भएका नागरिकको हकहित अभिवृद्धि, श्रमिकको हकहित अभिवृद्धि, कृषकहरूको हकहित अभिवृद्धि, लोपोन्मुख तथा अल्पसङ्ख्यक जातिहरूको हकहित अभिवृद्धि, खस आर्यको थर सूचीकरण, विपन्न खस आर्यको हकहित सम्बन्धमा,कर्णाली क्षेत्रको विकास सम्बन्धमा, कृषि ऐन तथा नीतिले समेट्नुपर्ने विषयहरू सम्बन्धमा, पिछडा वर्गको जात र थर सूचीकरण सम्बन्धमा, किसानका हक अधिकार र जीवनस्तर सुधार लगायतका विषय प्रमुख रूपमा रहेका छन्।

सन् २०२४ मा रासायनिक मलको अपर्याप्तता, कृषि उपजको न्यूनतम समर्थन मूल्य नतोकिएका कारण बजारीकरणको अभाव, कृषि अनुदानको लाभबाट महिला, साना किसान सीमान्तकृत तथा मध्यमस्तरका किसानहरू वञ्चित भएको, प्राकृतिक प्रकोप तथा उद्धार र राहत कार्यक्रमको अपर्याप्तता, श्रमिकहरूको न्यूनतम पारिश्रमिक, बालश्रमको प्रयोगजस्ता विषयवस्तुहरू यो वर्ष पनि मानव अधिकारका लागि चुनौतीका रूपमा रहे। ११ ओटै लक्षित वर्गको मानव अधिकार संरक्षण, संवर्द्धन र प्रवर्धनका लागि विभिन्न विषयहरूमा खोजमूलक अध्ययन, अनुसन्धान गरी नेपाल सरकार समक्ष सिफारिस गर्न तथा अनुगमन समेत गरी आफ्नो भूमिकालाई प्रभावकारी बनाउन आयोग सदैव क्रियाशील रहनेछ।

विष्णुमाया ओझा

माननीय सदस्य (कार्यवाहक अध्यक्ष)

राष्ट्रिय मानव अधिकार आयोग

दस्तावेज वर्तमानको चित्रणमात्र होइन, इतिहास साथै भविष्यको सङ्केत पनि हो। भावी पुस्तालाई विगत बुझी अगाडि बढ्ने आधार वा माध्यम हो। अत: सङ्ग्रहणीय र पठनीय दस्तावेज निर्माण गर्नु आफैँमा चुनौती तर, महत्वपूर्ण कार्य हो। विभिन्न तह र तप्काबाट एक हदसम्म यस प्रकृतिका कार्यहरू हुँदै आएका छन्। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सन् १९९२ देखि प्रकाशित गर्दै आएको “नेपाल मानव अधिकार वर्ष पुस्तक” अहिले पनि निरन्तर छ। पुस्तकभित्र समावेश सामग्रीहरू सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको साथै मानव अधिकारको क्षेत्रमा कार्यरत राष्ट्रिय/अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू, अनुसन्धानकर्ता एवम् सरकारवालाहरूको लागि कुनै न कुनै रूपमा उपयोगी हुनेमा कुनै सन्देह देखिँदैन।

मुलुकमा अहिले सङ्घीय गणतन्त्रात्मक शासन-प्रणाली छ। समय-समयमा भएका परिवर्तनले नेपाली नागरिकहरूमा आशाको सञ्चार प्रवाह गरे पनि त्यो दिगो बन्न सकेको छैन। राष्ट्रिय तहमा संविधान, ऐन हुँदै अन्तर्राष्ट्रिय तहमा मानव अधिकारसम्बन्धी बडापत्र, सङ्कल्प प्रस्ताव, महासन्धि, इच्छाधीन आलेख एवम् कार्यान्वयन संयन्त्र हेर्दा सन्तोष गर्ने ठाउँ छ। व्यवहारत: मानव अधिकारको उपभोगको अवस्था वा कार्यान्वय पक्ष हेर्दा परिणाम सोचनीय छ।

सुशासन, कानुनी शासन, नागरिकले प्राप्त गर्ने सेवा मानव अधिकारसँग प्रत्यक्ष जोडिएका विषय हुन्। बिडम्वना यी सवालमा सिद्धान्त र व्यवहारबीच निकै खाडल छ। सशस्त्र द्वन्द्वबाट सिर्जित तर सल्टाइसक्नुपर्ने कतिपय मुद्दाहरू ज्युँका त्युँ छन्। बारम्बार गिजोलिँदै आएको सङ्क्रमणकालीन न्याय अहिले पनि टुङ्गिन सकेको छैन। फलत: सशस्त्र द्वन्द्वबाट पीडित व्यक्तिहरू न्यायबाट विमुख छन् भने पीडक कानुनको दायरामा आउन सकेका छैनन्। यसले राजनीतिमा अपराधीकरण र अपराधमा राजनीतिकरणको मान्यतलाई नकार्न सक्ने अवस्था छैन। यो लोकतन्त्र र मानव अधिकारको निम्ति पनि गम्भीर चुनौतीको विषय हो।

मानव अधिकारको दृष्टिकोणबाट हेर्दा यो वर्ष पनि अपेक्षित सुखद् रहन सकेन। नागरिकमा सरकारी प्रतिबद्धताहरू एकातिर व्यवहार अर्कोतिर भएको आभास हुनु सुखद् सङ्केत होइन। मानव अधिकारको संरक्षण, संवर्द्धन, परिपालन एवम् संस्कृतिको विकासको जिम्मेवारी बहन गर्न स्थापित राष्ट्रिय संस्था राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनमा उल्लिखित सिफारिस कार्यान्वयन अवस्था र आयोगप्रति सरकारको अनपेक्षित असहयोगबाट पनि यस पाटोलाई पुष्टि गर्दछ।

आयोगको तथ्याङ्कलाई हेर्दा आव २०८०/८१ मा आयोगका कार्यालयहरूमा मानव अधिकारको उल्लङ्घनसम्बन्धी १ सय २० वटा उजुरीहरू दर्ता भएका छन्। मानव अधिकार संवर्धनसम्बन्धी १ सय ५७ कार्यक्रम सम्पन्न हुनुको साथै विविध विषयमा १ हजार २ सय ४५ परामर्श सेवा उपलब्ध गराइएको छ।

प्रतिवेदन/शोधपत्रिका १७ सामग्रीहरू प्रकाशन र ६५ प्रेस विज्ञप्ति/ प्रेसनोट र १६ ओटा सूचनाको हक उपलब्ध गराइएको छ।

यस अवधिमा आयोगबाट पुराना र नयाँ गरी ३ सय ६८ वटा उजुरीमाथि अनुसन्धान सम्पन्न भएको छ। अनुसन्धानसम्बन्धी विषयमा ३९ पटक बैठक बसी १ सय ६१ ओटा उजुरीगत सिफारिस र पाँच ओटा नीतिगत सिफारिस गरिएको छ। त्यसैगरी, यस अवधिमा २ सय ७६ उजुरी तामेलीमा राखिएको छ भने १५ ओटा उजुरीहरू खारेज गरिएको छ। आयोगबाट यसै अवधिमा १ सय १ ओटा उजुरीहरूमा अन्य कारबाहीको सिफारिस, नौ जना व्यक्तिहरूलाई विभागीय कारबाहीको सिफारिस र चार जना व्यक्तिहरूलाई दोषी किटान गरिएको छ। यस आवमा आयोगले ९० जना पीडित तथा पीडितका परिवारका नाममा ७४ लाख २१ हजार रुपैयाँ क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरेको छ।

उजुरीउपर गरिएका सिफारिसको कार्यान्वयन अवस्था गत वर्षसम्म १ हजार ४ सय ७ मध्ये पूर्ण कार्यान्वयन २ सय १५ (१५.३० प्रतिशत), आंशिक कार्यान्वयन ५ सय ५२ (३९.२० प्रतिशत) र कार्यान्वयन नभएको सङ्ख्या ६ सय ४० (४५.५० प्रतिशत) रहेको थियो। यस वर्ष थप १ सय ६६ वटा निर्णय गरेकोमा सिफारिस सङ्ख्यामा वृद्धि भई १ हजार ५ सय ७३ पुगेको छ, जुन कार्यान्वयन विगतको भन्दा पनि कम हो। कार्यान्वयनको अवस्था हेर्दा पूर्ण कार्यान्वयन १३.६६ प्रतिशत, आंशिक कार्यान्वन भएको ३५.०९ प्रतिशत र कार्यान्वन नभएको सङ्ख्या ५१.२३ प्रतिशत हुन आउँछ। विगत वर्षको तुलनामा यस वर्ष पूर्ण कार्यान्वयन १.६ प्रतिशत, आंशिक कार्यान्वयन ४.१ प्रतिशतले कमी हो। पूर्ण कार्यान्वयन नभएको सिफारिसको सङ्ख्या भने थप ५.७३ प्रतिशतले बढेको देखिन्छ।

यस आवमा आयोगबाट आफ्नो कार्य-सम्पादनको सवालमा संसद, नेपाल सरकार, मानव अधिकारसम्बन्धी विषयगत आयोगहरू, पेशागत सङ्घ सङ्गठन, नागरिक समाज/गैरसरकारी संस्थाहरूसँगको समन्वय र सहकार्यलाई निरन्तरता दिएको छ। यसको साथै अन्तर्राष्ट्रिय तहमा पनि समन्वय र सहकार्यमा कार्य हुँदै आएको छ। यी कतिपय सकारात्मक कार्यका वावजुद् पनि समयसापेक्ष आयोग ऐन निर्माण नहुनु, आयोगको साङ्गठनिक संरचना सरकारी तहमै अलपत्र पर्नु आवश्यक स्रोत उपलब्ध नगराइनु, भवन नहुनु, सिफारिस कार्यान्वयनको न्यून हुनु आदि कारणबाट आयोग चुनौतीकाबीचमा रहेको छ। यसतर्फ सरकार र सम्बन्धित सरोकारवालाहरू सकारात्मक भूमिका देखिएको छैन, जुन दुखद् साथै मननीय पक्ष हो।

मुरारिप्रसाद खरेल
सचिव, राष्ट्रिय मानव अधिकार आयोग

राष्ट्रिय महिला आयोग

न्यूनतम मानवीय मयार्दासहित जीवनयापन गर्न पाउने अधिकार नै मानव अधिकार हो। नेपालको संविधानले सम्पूर्ण नेपालीलाई पूर्ण मानव अधिकार प्रत्याभूति गराउन ३१ ओटा मौलिक हकको व्यवस्था गरेको छ। मौलिक हकको कार्यान्वयन गर्न अधिकांश विषयगत क्षेत्रमा ऐनहरू समेत तर्जुमा भई कार्यान्वयन भइसकेको अवस्था छ। प्रत्येक लिङ्ग, वर्ग र समुदायमा नागरिकलाई मानव अधिकारको प्रयोगबाट बञ्चित नगर्ने उद्देश्यले विभिन्न संवैधानिक निकायको व्यवस्था संविधानमा नै गरिएको छ। यस विषयलाई सम्बोधन गर्न तहगत सरकारहरूले आ-आफ्नो अधिकार क्षेत्रभित्र रही संस्थागत संरचनाहरू, कानुनी र प्रक्रियागत व्यवस्थाहरू तथा विविध कार्यगत व्यवस्था पनि गरेको देखिन्छ।

समग्रमा मानव अधिकार मानव भएकै कारण स्वत: प्राप्त हुनुपर्ने भएको हुँदा कुनै पनि नागरिकलाई मानव अधिकारबाट बञ्चित नगर्न राज्य र सरकारको तर्फबाट प्रयास भएको देखिन्छ।

नेपालको जनसङ्ख्याको ५१.०३ प्रतिशत हिस्सा ओगटेको महिलाको मानव अधिकार संरक्षणका लागि राष्ट्रिय महिला आयोगको स्थापना भएको हो। आयोगले नेपालको संविधान र राष्ट्रिय महिला आयोग ऐन, २०७४ बमोजिम सम्पूर्ण नेपाली महिलाको मानव अधिकार संरक्षण र संवर्द्धनका लागि आवश्यक कार्य गर्दै आएको छ। आयोगले महिला अधिकार संरक्षणका लागि नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको कार्यान्वयनका लागि नेपाल सरकारलाई नीतिगत सिफारिसको रूपमा सुझाव दिने, लैङ्गिक समानता प्रवर्द्धनका लागि आवश्यक अध्ययन गरी सुझाव दिएर त्यसको कार्यान्वयन पक्षको अनुगमन गर्ने तथा हिंसा पीडित महिलालाई न्यायको पहुँचमा पुऱ्याउन उपयुक्त सेवा प्रवाहसहित सिफारिसकर्ताको भूमिका निर्वाह गर्दै आएको छ। सन् २०२४ मा पनि राष्ट्रिय महिला आयोगले आफ्नो क्षेत्राधिकार बमोजिम सम्पूर्ण

गतिविधिहरू सञ्चालन गरेको छ।

मानव अधिकार संरक्षणको सवालमा राज्यका सबै निकायहरू आ-आफ्नो जिम्मेवारीमा खटिएको देखिन्छ। सुरक्षा निकायहरू, संवैधानिक निकायहरू, तहगत सरकार, गैरसरकारी क्षेत्र तथा निकायहरू र नागरिक समाजबाट पनि मानव अधिकारको विषयलाई प्राथमिकतामा राखी आफ्ना कार्यक्रम, क्रियाकलाप एवम् अभियानहरू सञ्चालन गरेको देखिन्छ। सबै क्षेत्रबाट बहुआयामिक प्रयासहरू हुँदाहुँदै पनि देहाय बमोजिमको अवस्थाले मानव अधिकारको सम्पूर्ण नागरिकमा पूर्ण प्रत्याभूति गराउनका लागि अझ प्रभावकारी प्रयासहरू अगाडि बढाउनु पर्ने देखिन्छ।

- घरेलु हिंसाको रूपमा समुदायस्तरमा धेरै ठूलो हिस्सामा महिलाको मानव अधिकार हनन् भएको विषय राष्ट्रिय महिला आयोग, नेपाल प्रहरी, स्थानीय न्यायिक समिति, जस्ता हिंसा सम्बोधन गर्न स्थापित निकायमा प्राप्त भएका उजुरीको अभिलेखबाट देखिन्छ। घरेलु हिंसाका उजुरीमध्ये पनि मानसिक यातना घटनाहरू अत्यधिक हुने गरेको तथ्याङ्कबाट देखिएको छ।
- महिलाको मानव अधिकारका घटनाहरू दूरदराजमा, सीमान्तकृत समुदायमा र चेतनाको स्तर कमजोर रहेको स्थानमा हुने गरेको र सन् २०२४ मा पनि यसै किसिमको अनुभव राष्ट्रिय महिला आयोगबाट गरिएको छ।
- जबरजस्तीकरणी र यौनजन्य दुर्व्यवहारका घटनाहरू पनि सन् २०२४ मा उल्लेख्य सङ्ख्यामा हुन गई पीडितलाई न्यायको पहुँचमा पुऱ्याउन राष्ट्रिय महिला आयोग लगायतका सरकारका अन्य निकायहरू सकृय रही अधिकांश घटनाहरूलाई न्यायको प्रक्रियाबाट निष्कर्षमा पुऱ्याएको देखिन्छ।
- मानव अधिकार उल्लङ्घन र महिला हिंसाका घटनाहरूको बदलिँदो स्वरूपका रूपमा कार्यस्थलमा हुने हिंसा, सार्वजनिक स्थालहरूमा हुने हिंसा, साइबर अपराधजस्ता हिंसाका फरक प्रवृत्तिहरू देखिँदै आएकोमा सन् २०२४ मा पनि यस किसिमका हिंसाहरू भएको हुँदा मानव अधिकारको पूर्ण प्रत्याभूतिमा नवीनतम् किसिमका नीति, कार्यक्रम एवम् संस्थागत व्यवस्था र कार्य प्रक्रियाहरू अवलम्बन गर्नुपर्ने हुन्छ।
- महिला अधिकार र समग्र मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि स्थापित कानुन, संस्थाहरू, कार्यक्रम एवम् कार्य प्रक्रियामा समयानुकूल परिमार्जन र सुधार गरी कार्यान्वयनमा लैजानु पर्ने देखिन्छ।
- विभिन्न वर्ग, लिङ्ग र समुदायका अधिकार संरक्षण र सशक्तिकरणका लागि स्थापित राष्ट्रिय महिला आयोग तथा अन्य संवैधानिक निकायहरूलाई संस्थागत संरचना सक्षम बनाउने गरी थप साधन स्रोत सहित परिचालन गर्नु पर्दछ।
- प्रत्येक नागरिकको सबै भन्दा नजिक स्थानीय सरकार क्रियाशील रहने हुँदा महिला विकास र मानव अधिकार प्रवर्द्धनमा कार्यक्रम र बजेटको पर्याप्त व्यवस्थाहरू स्थानीय तहबाट पनि हुनु आवश्यक छ।
- मानव अधिकार उल्लङ्घनका घटनाहरू हुन नदिन र घटना भइसकेपछि शून्य सहनशीलता अवलम्बन गर्ने र मानव अधिकारको पूर्ण प्रत्याभूति गराउने विषयमा नागरिक सचेतना अभिवृद्धि गर्नु पर्दछ।
- मानव अधिकार उल्लङ्घनकर्तालाई राजनीतिक दलको सदस्यता नदिने कानुनी प्रबन्ध गरिनु पर्छ।
- मानव अधिकारको पूर्ण प्रत्याभूति गराउने विषयमा सरकार, नागरिक समाज, गैरसरकारी संस्थाहरू, राजनीतिक दलहरू, निजी क्षेत्र जस्ता बहुपक्षीय सरोकारवालाको सहकार्य र ऐक्यबद्धता आवश्यक हुन्छ।

समीता थापा
शाखा अधिकृत

थारू आयोग

थारू आयोगले २०८० पुस १६ देखि २०८१ पुस १६ सम्मको अवधिमा थारु समुदायको मानव अधिकारसम्बन्धी विवरण:

१. बरघर प्रथाको सकारात्मक पहलबाट बालविवाह रोक्न सहयोग पुगेकाले यस प्रथालाई कानुनी मान्यता दिई अन्य समुदायमा समेत आन्तरिकरण गरिनुपर्ने।

२. मुक्त कमैया समस्या समाधन गर्न सरकारले कमैयालाई प्रदान गरेको जग्गा १० वर्षसम्म बेचबिखन गर्न नपाउने प्रावधान छ। सो प्रावधान १० वर्ष पश्चात् पनि यथावत रहेको हुँदा कमैयाहरू अर्को व्यवसायमा स्थानान्तरण हुन तथा अरु आय आर्जनको अवसर प्राप्त गर्नबाट पछाडि पर्नुको साथै जग्गा धितो राखी कर्जामा सहज पहुच समेत नपाउँदा आर्थिक स्तरोन्नति हुन सकेको छैन। पुनर्स्थापना कार्यले समेत पूर्णता पाएको छैन।
३. कम्लहरी मुक्तिको घोषणा भएको वर्षौं बितिसक्दा पनि नेपाल सरकारबाट कम्लहरीको उचित पुनर्स्थापना हुन सकेको छैन। काठमाडौंमा दाङकी उर्मिला चौधरीको बालश्रम शोषण भएको घटनाबाट कम्लहरी प्रथा पूर्णत: अन्त्य नभएको हो कि भन्ने देखिएको छ।
४. थारूहरूको पेशागत अवस्थाका कारण विभिन्न संरचना निर्माण तथा भूमिसम्बन्धी कानुन निर्माण गर्दा थारू समुदाय आफ्नो थातथलोबाट विस्थापित हुन सक्ने।
५. संविधानले थारू समुदायको छुट्टै क्लष्टर प्रदान गरेकोमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका संयन्त्रमा पहुँचको अधिकारको कार्यान्वयनका लागि आवश्यक पर्ने आधारभूत कानुन नबन्दा थारू समुदायले समानुपातिक समावेशी सिद्धान्तको आधारमा संविधान प्रदत्त अधिकारको हालसम्म उपयोग गर्न नपाएको अवस्था छ।
६. थारू समुदाय सम्बन्धित रोग सिकलसेल ऐनिमिया तथा बिटाथालासेमियाका बिरामीको उपचारमा दक्ष जनशक्ति र औषधीको पर्याप्तता नहुँदा उपचारमा पर्ने असर न्यून हुने उपाय अवलम्बन गरिनुपर्छ।

अन्जु सिंह केसी
उपसचिव

परिच्छेद १२

सन् २०२४ को मानव अधिकार स्थितिबारे विभिन्न क्षेत्रको धारणा

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय मानव अधिकार आयोगबाट नेपाल सरकारको नाममा यस आर्थिक वर्षमा करिब ८५ र गत आर्थिक वर्षमा ९९ सिफारिस प्राप्त भई मानव अधिकार तथा सन्धि सम्झौता महाशाखा प्रमुखको संयोजकत्वमा गठित सहजीकरण समिति मार्फत उक्त सिफारिसहरू कार्यान्वयनको अवस्थाको बारेमा जानकारी लिने र सरोकारवाला निकायबीच कार्यान्वयनका लागि समन्वय र सहजीकरण गरिएको छ।

नेपालले सन् २०१८ मा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको समितिमा पेस गर्नुपर्ने चौथौ राष्ट्रिय प्रतिवेदन मन्त्रिपरिषद्बाट २०८१ मङ्सिर २८ गते स्वीकृत गरी परराष्ट्र मन्त्रालय मार्फत उक्त अभिसन्धिको समितिमा पठाइएको छ।

त्यसैगरी, सन् १९९४ मा नेपालले पहिलोपटक पेस गरेपश्चात हालसम्म अद्यावधिक हुन नसकेको मानव अधिकारसम्बन्धी सबै सन्धिजनित निकायहरूमा पेस गरिने प्रतिवेदनहरूको अभिन्न अङ्गका रूपमा रहने मानव अधिकारसम्बन्धी महासन्धिको साझा दस्तावेज मन्त्रिपरिषद्को २०८१ मङ्सिर २८ गतेको बैठकबाट स्वीकृत भई परराष्ट्र मन्त्रालय मार्फत संयुक्त राष्ट्रसङ्घका महासचिवको सचिवालयमा पठाइएकोमा संयुक्त राष्ट्रसङ्घ मानव अधिकार परिषद्को वेवसाइटमा प्रकाशित भइसकेको छ।

द्वन्दपीडितहरूको परिपूरणको अधिकार सुनिश्चित गर्न परिपूरणसम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना निर्माण गर्न राय तथा सुझाव सङ्कलनका लागि सरोकारवाला र नागरिक समाज समेतको उपस्थितिमा हालसम्म लुम्बिनी, गण्डकी र बागमती प्रदेश गरी तीन ओटा प्रदेशमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ।

मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आर्थिक वर्ष २०७७-७८-२०८१-८२) को सम्बन्धमा सङ्घ, प्रदेश र स्थानीय तह समेतबाट भएका कार्यान्वयन अवस्थाको प्रगति समीक्षा तथा मानव अधिकारसम्बन्धी छैठौँ राष्ट्रिय कार्ययोजना (आर्थिक वर्ष २०८२-८३-२०८६-८७) तर्जुमा गर्नका लागि पूर्व सुझाव सङ्कलनसम्बन्धी अन्तरक्रिया कार्यक्रम लुम्बिनी प्रदेश, गण्डकी प्रदेश र बागमती प्रदेश गरी तीन वटा प्रदेशमा सम्पन्न गरिएको छ।

सन् २०२५ मा हुने विश्वव्यापी आवधिक पुनरावलोकन तेस्रो चक्रको समीक्षा र चौथो चक्रको लागि प्रतिवेदन तयार गर्ने प्रारम्भिक कार्य भइरहेको छ।

"भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको व्यवस्था कार्यान्वयन सम्बन्धी दोश्रो राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०८१" निर्माणका लागि उक्त रणनीति तथा कार्ययोजनाको प्रारम्भिक मस्यौदा तयार भएको छ। सम्बन्धित मस्यौदा परिमार्जन तथा राय प्रतिक्रिया सङ्कलनका लागि प्रदेशहरूमा सम्बन्धित सरोकारवालाहरूसँग माननीय मुख्यमन्त्रीज्यूहरूको उपस्थितिमा अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भई राष्ट्रियस्तरको अन्तरक्रिया कार्यक्रम मार्फत थप सुझाव सङ्कलन गर्ने तयारी छ।

विधिको शासनलाई आत्मसात् गर्दै नेपाल सरकार मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने जिम्मेवारीमा प्रतिबद्ध रही अन्य पक्षहरूबाट हुनसक्ने मानव अधिकारको दुरुपयोग रोक्न कानुनी, प्रशासनिक, न्यायिक लगायतका संस्थागत तथा कानुनी संरचनाहरूको व्यवस्था गरी निरन्तर कार्यरत रहँदै आएको छ।

राजेन्द्र थापा
सहसचिव
मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता
महाशाखा

परराष्ट्र मन्त्रालय

नेपाल मानव अधिकार संरक्षण र प्रवर्धनप्रति प्रतिबद्ध छ। जुन, हाम्रो परराष्ट्र नीतिको एक महत्वपूर्ण पक्ष हो। यस अनुरूप, हामीले मानव अधिकार परिषद् र अन्य सम्बन्धित संयन्त्रहरूमा प्रभावकारी भूमिका निर्वाह गर्दै आएका छौँ। नेपालले सन् २०२४ मा आयोजित मानव अधिकार परिषद्को ५५ औं, ५६ औं र ५७ औं सत्रहरूमा सक्रिय रूपमा भाग लिएको थियो। सो क्रममा विभिन्न वक्तव्य तथा प्रस्तावहरूमा सहप्रस्तावक बनेको थियो।

माननीय परराष्ट्र मन्त्री नारायण प्रकाश साउदले मानव अधिकार परिषद्को ५५ औं सत्रमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्नुभएको थियो। २०२४ फेब्रुअरी २७ मा सत्रको उच्चस्तरीय बैठकलाई भर्चुअल माध्यमबाट सम्बोधन गर्दै नेपालको संविधानमा मानव अधिकार र लोकतान्त्रिक मूल्यहरूको व्यवस्था रहेको उल्लेख गर्नुभयो। उहाँले महिला, आदिवासी, दलित र अपाङ्गता भएका व्यक्तिहरूको राज्य संरचनामा सहभागिता सुनिश्चित गर्ने संवैधानिक सुनिश्चितताहरू, प्रेस स्वतन्त्रताजस्ता विषयमा प्रकाश पार्नुभयो। साथै, उहाँले नेपालको तेस्रो चक्रको विश्वव्यापी आवधिक समीक्षा (युपीआर) का सिफारिसहरूको कार्यान्वयन प्रगतिबारे परिषद्लाई जानकारी गराउनुभयो। सङ्क्रमणकालीन न्यायको विषयलाई पीडित-केन्द्रित दृष्टिकोणबाट निष्कर्षमा पुऱ्याउने प्रतिबद्धता पनि उहाँले दोहोऱ्याउनु भयो।

नेपालले ४५ औं, ४६ औं र ४७ औं सत्रहरूमा पनि सक्रिय सहभागिता जनाएको थियो। ती सत्रहरूमा नेपालद्वारा प्रस्तुत प्रमुख विषयहरूमा राष्ट्रिय मानव अधिकार संस्थाहरूको स्थापना/सुदृढीकरण, मृत्युदण्ड उन्मूलनसम्बन्धी आइसीसीपीआरको दोस्रो वैकल्पिक प्रोटोकलको अनुमोदन, महिला, बालबालिका, आप्रवासी, अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक र सर्वसाधारण नागरिकहरूको अधिकार संरक्षण र प्रवर्धन, नीति-निर्माण निकायहरूमा महिलाहरूको सहभागिता अभिवृद्धि, सार्वजनिक तथा राजनीतिक जीवनमा महिलाको संलग्नता वृद्धि जस्ता विषय समावेश थिए। यसैगरी, नेपालले लिङ्गमा आधारित हिंसा,मानव बेचबिखन, बालविवाह, भेदभाव र जातीय विभेदजस्ता समस्याहरूको रोकथामका उपायहरू सिफारिस गरेको थियो।

यसैगरी, माननीय महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्री भगवती चौधरी, २०२४ मार्चमा न्यूयोर्कमा आयोजित महिला स्थितिसम्बन्धी आयोगको ६८ औं सत्र (सीएसडब्लु ६८) मा सहभागी हुनुभएको थियो। २०२४ मार्च १८ मा सत्रलाई सम्बोधन गर्दै उहाँले लैङ्गिक समानता र महिला सशक्तिकरण प्राप्त गर्न समावेशी र दिगो विकासको आवश्यकतामा जोड दिनुभयो। साथै, उहाँले अन्तर्राष्ट्रिय समुदाय तथा विकास साझेदारहरूलाई विकास सहायता प्रतिबद्धता पूरा गर्न, जलवायु वित्त, प्रविधि हस्तान्तरण, र क्षमता निर्माणमा सहयोग गर्न आग्रह गर्नुभयो।

नेपालको सीड समिति समक्ष नियमित सहभागिता र आवधिक प्रतिवेदन प्रस्तुति मानव अधिकार कार्यान्वयनप्रति नेपालको दृढ प्रतिबद्धताको सङ्केत हो। यसै सन्दर्भमा, नेपालले ९० औं सिड सत्रमा आफ्नो सातौं आवधिक प्रतिवेदन पेश गरिरहेको छ।

सन् २०२४ नेपालका लागि श्रम र आप्रवासनसम्बन्धी विषयहरूमा अन्तर्राष्ट्रिय संलग्नताका दृष्टिले महत्त्वपूर्ण रह्यो। सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलले २०२४ जुन १३ मा ११२ औं अन्तर्राष्ट्रिय श्रम सम्मेलन (आइएलसी) को उच्चस्तरीय खण्डमा 'ग्लोबल कोएलिशन फर सोसल जस्टिस' को उद्घाटन सत्रलाई सम्बोधन गर्नु भयो। सो क्रममा उहाँले श्रमिकहरूको सामाजिक न्याय सुनिश्चित गर्न नेपालद्वारा गरिएका प्रमुख पहलकदमीहरूबारे चर्चा गर्नुभयो। साथै, जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरूले सामाजिक न्याय प्राप्तीमा पार्ने असरप्रति अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउनुभयो। यसैगरी, माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्यालले २०२४ जुन ११ मा अन्तर्राष्ट्रिय श्रम सम्मेलनको प्लेनरीमा सम्बोधन गर्दै नेपालले न्यायपूर्ण तथा समान विश्व निर्माण गर्न प्रतिबद्ध रहेको कुरामा जोड दिनुभयो।

सन् २०२४ को जुलाइ महिनामा नेपाल संयुक्त राष्ट्रसङ्घको आर्थिक तथा सामाजिक परिषद्को एसिया-प्रशान्त समूहबाट उपाध्यक्ष पदमा निर्वाचित भयो। यसैगरी, नेपाल अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) को शासकीय निकायको उपसदस्य पदमा २०२४ देखि २०२७ सम्मका लागि निर्वाचित भएको छ।

नेपाल मानव अधिकारलाई अविभाज्य तथा परस्पर निर्भर ठान्दछ र यसलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा प्रवर्धन गर्न निरन्तर प्रयासरत छ।

(अनौपचारिक अनुवाद)

गृह मन्त्रालय

नेपालको संविधानद्वारा प्रत्याभूत गरिएका आधारभूत मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा मन्त्रालय प्रतिबद्ध रहेको छ। मानव अधिकारको संरक्षण, प्रवर्द्धन एवम् नागरिक स्वतन्त्रताका लागि मन्त्रालयको मानव अधिकार इकाइका रूपमा रहेको मानव अधिकार प्रवर्द्धन शाखाबाट राष्ट्रिय मानव अधिकार आयोग, विषयगत मन्त्रालय तथा निकायसँग नियमित समन्वय र सहकार्य गर्नुका साथसाथै राष्ट्रिय नीति, कानुन तथा कार्यक्रम तर्जुमा एवम् कार्यान्वयनमा जोड दिइएको छ।

संयुक्त राष्ट्रसङ्घ यातना तथा अन्य क्रुर अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि अन्तर्गत नेपालले बुझाउनु पर्ने संयुक्त आवधिक (तेस्रोदेखि नवौं) प्रतिवेदन र संयुक्त राष्ट्रसङ्घ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र अन्तर्गत नेपालले बुझाउनु पर्ने आवधिक प्रतिवेदन सम्बन्धित निकायको सहयोग र समन्वयमा तयारीको क्रममा रहेको छ।

महिला शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसङ्घको प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना (आ.ब. २०७९/८०-२०८१/८२) द्वन्द्वबाट पीडित तथा प्रभावित महिला र बालिकाको विशेष तथा समष्टिगत आवश्यकतालाई सम्बोधन गर्ने उद्देश्यले अर्थपूर्ण सहभागिता एवम् आत्मसम्मानपूर्वक जीवनयापन गर्ने वातावरण सुनिश्चित गर्ने लक्ष्य प्राप्तीका लागि चार ओटा प्राथमिकता (सहभागिता, सुरक्षा र रोकथाम, राहत तथा परिपूरण तथा क्षमता विकास, स्रोत व्यवस्थापन, अनुगमन मूल्याङ्कन) क्षेत्र तोकी कार्यान्वयन भइरहेको छ।

मानव अधिकारकर्मीहरूको सुरक्षा र संरक्षण गर्नेसम्बन्धी आदेश २०७७, राष्ट्रिय मानव अधिकार आयोगबाट प्राप्त सिफारिस तथा निर्णय, मानव अधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्यान्वयन कार्यायोजना र विश्वव्यापी आवधिक पुनरावलोकनको तेस्रो चक्र कार्यान्वयन कार्ययोजनाको मन्त्रालयसँग सम्बन्धित विषय प्राथमिकताका साथ कार्यान्वयन भइरहेको छ।

अन्त्यमा, मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा राज्यका सबै पक्षको महत्वपूर्ण भूमिका हुने हुँदा इन्सेकले मानव अधिकार तथा सामाजिक न्यायका लागि गरेको प्रयासको सराहना गर्दै आगामी दिनमा पनि मानव अधिकार संरक्षण र प्रवर्द्धनका क्षेत्रमा थप योगदान पुऱ्याउने अपेक्षासहित मन्त्रालय "नेपाल मानव अधिकार वर्ष पुस्तक २०२५" प्रकाशनको शुभकामना व्यक्त गर्दछ।

हरिता श्रेष्ठ
शाखा अधिकृत

नेपाली सेना

१. नेपाल सरकारबाट सुम्पिएका संविधान प्रदत्त जिम्मेवारीहरू निर्वाह गर्दा एवम् आम नागरिकको मौलिक हक कायम राख्न निर्बाध रूपमा नेपाली सेनाले मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको उच्च सम्मान यसको पालना, संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा पूर्ण प्रतिबद्ध रही संस्थाको गौरवमय इतिहास तथा परम्परा अक्षुण्ण राख्न हरपल क्रियाशील हुँदै आइरहेको छ।

२. नेपाली सेनाका सकल दर्जालाई मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको विषयमा सजग र सचेत गराउने हेतुले यस संस्थामा सञ्चालन हुने विभिन्न वृत्ति विकास तथा अन्य तालिमहरूमा उक्त विषय अनिवार्य रूपमा पाठ्यक्रममा समावेश गर्ने नीतिको अवलम्बन गरी सो को प्रभावकारी कार्यान्वयन हुँदै आइरहेको यथार्थता रहेको छ भने श्री मानव अधिकार निर्देशनालयद्वारा वार्षिक रूपमा योजनावद्ध तवरले विभिन्न पृतना हेडक्वाटरहरूमा उक्त पृतना अन्तर्गतबाट शिक्षार्थीहरू झिकाइ IHL & Gender Basic तालिम तथा नेपाली सेनाका अधिकृत शिक्षार्थीहरू मात्र समावेश गरी जङ्गी अतहमा Advance course on LOAC (Law of Armed Conflict) तालिम सञ्चालनमा जोड दिँदै आइरहेको छ। साथै, नेपाली सेनाका सम्पूर्ण सकल दर्जालाई सम्पूर्ण युनिटहरूमा वितरीत मानव अधिकारसम्बन्धी निर्देशिका, म्यानुअल, हातेपुस्तिका लगायत परिपत्र तथा निर्देशनहरूको माध्यमबाट समेत निरन्तर रूपमा सजग र सचेत गराउँदै आइरहेको छ।

३. सङ्क्रमणकालीन न्याय सम्पादन कार्य अन्तर्गत आफ्नो भूमिका/जिम्मेवारीहरूलाई नेपाली सेनाले गम्भीरताका साथ कार्यान्वयन गरी प्रभावकारी तवरबाट कार्य सम्पादन गर्न सदैव प्रतिबद्ध रहेको

छ। राष्ट्रिय मानव अधिकार आयोग, केन्द्रीय कार्यालय एवम् प्रदेश कार्यालयहरूबाट गत आ.व. २०८०/८१ मा प्राप्त ४१ वटा र आ.व. २०८१/८२ को पुस महिनासम्म प्राप्त ११ ओटा सिफारिस तथा राय/प्रतिक्रियाहरू सत्यतथ्यमा आधारित रही न्यायोचित ढङ्गबाट कार्यान्वयन गरिसकेको र उक्त कार्यलाई निरन्तरता दिई निष्कर्षमा पुऱ्याउन नेपाली सेना सदैव कटिबद्ध रहेको छ। साथै, मानव अधिकारसँग सम्बद्ध मन्त्रालय, आयोग, सरकारी तथा गैर सरकारी निकाय लगायत स्वदेशी तथा विदेशी मानव अधिकारवादी सङ्घ संस्थाहरूसँग नेपाली सेना प्रभावकारी समन्वय एवम् सहकार्य गर्न समेत निरन्तर तत्पर रहिरहने छ।

४. अन्त्यमा, मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन उल्लङ्‌घनका घटना लगायत लैङ्‌गिक हिंसा, यौन शोषण, यौनजन्य हिंसा तथा यौन दुर्व्यवहारसम्बन्धी विषयमा शून्य सहनशीलताको नीति अङ्‌गीकार गरेको नेपाली सेनाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा आफूलाई प्राप्त जिम्मेवारी वहन गर्ने क्रममा मानव अधिकार सम्बन्धी स्थापित मापदण्डहरूलाई उच्च सम्मान गर्दै त्यसको उल्लङ्‌घनका घटना संस्थागत नीति विपरीत हुनुको साथै दण्डहीनताको अवस्था समेत नरहेको ब्यहोरा सहित नेपाली सेना मानव अधिकारको उच्च सम्मान, पालना, संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा सदैव कटिबद्ध रहेको पुन: अवगत गराउन चाहन्छ।

(राम चन्द्र कार्की)
सहायक रथी
निर्देशक, श्री मानव अधिकार निर्देशनालय
जङ्‌गी अड्डा

नेपाल प्रहरी

वर्ष २०२४ को अवधिमा देशको मानव अधिकारको अवस्थालाई प्रकाश पार्दै मानव अधिकार तथा सामाजिक न्यायका लागि कार्यरत अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले यस वर्ष पनि "मानव अधिकार वर्ष २०२५" प्रकाशन र्न लागेकोमा हामीलाई खुशी लागेको छ।

राज्यले मानव अधिकारका मूल्य मान्यता र स्थापित सिद्धान्तलाई संविधानको मौलिक हकको रूपमा समावेश गरी नागरिकको मानव अधिकार सुनिश्चित गरेको छ। मौलिक हकको प्रभावकारी कार्यान्वयनबाट देशमा सुशासन र समृद्धि हासिल गर्न र नागरिकका मानव अधिकारको संरक्षण र प्रत्याभूतिका लागि राज्यले नेपाल प्रहरीलाई अग्रणी भूमिका प्रदान गरेको छ। राज्यको कानुन कार्यान्वयन गर्ने निकायको रूपमा रहेको नेपाल प्रहरी नागरिकका संविधान प्रदत्त मौलिक अधिकारहरूको साथै विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय कानुनहरूद्वारा सुनिश्चित अधिकारको संरक्षण, संवर्द्धन र परिपूर्तिको लागि कटिबद्ध छ। राज्यले प्रदान गरेका विभिन्न कानुनी अधिकारहरूको कानुन बमोजिम प्रयोग गरी कानुनी राज्यको अवधारणा अनुरूप मानव अधिकार संरक्षण र संवर्द्धन गर्नु नेपाल प्रहरी र यसमा आबद्ध सकल दर्जाले आफ्नो मुख्य दायित्व र कर्तव्य रूपमा ग्रहण गरेको जानकारी गराउन पाउँदा हामीलाई खुशी लागेको छ।

नागरिक अधिकारहरूको सुनिश्चित गर्ने क्रममा प्रहरी काम कारबाहीमा मानव अधिकारका मूल्य मान्यता र सिद्धान्तलाई अवलम्बन गन तथा प्रहरीबाट मानव अधिकार उल्लङ्‌घन हुन नदिन प्रहरी महानिरीक्षकको प्रत्यक्ष मातहतमा रहने गरी २०५९ माघ २ गते विशिष्टिकृत इकाइको रूपमा मानव अधिकार सेलको स्थापना गरिएको थियो र यो इकाइ समयक्रममा विकसित र परिमार्जित हुँदै हाल 'मानव अधिकार उल्लङ्‌घन अनुगमन इकाइ' को नामले क्रियाशील छ। समग्र प्रहरी सङ्‌गठनलाई नै मानव अधिकार मैत्री बनाउने लक्ष्यका साथ नेपाल प्रहरीले काठमाडौँ उपत्यका प्रहरी कार्यालय, सात ओटै प्रदेश प्रहरी कार्यालय, प्रत्येक जिल्ला प्रहरी कार्यालय र मातहत मुद्दा चल्ने सबै प्रहरी इकाइहरूमा मानव अधिकार सम्पर्क अधिकृतको व्यवस्था गरेर मानव अधिकारसम्बन्धी विभिन्न क्रियाकलाप तथा गतिविधि सञ्चालन गर्दै आइरहेको छ।

नेपाल प्रहरीले मानव अधिकारलाई आफ्नो साङ्‌गठनिक प्राथमिकतामा राखी मानव अधिकारको संरक्षण, सम्वर्द्धन र परिपूर्तितर्फ विगत एक वर्षमा सम्पादन गरेका कार्य निम्न बमोजिम छन्।

१. **मानव अधिकार संरक्षणतर्फ**

- मानव अधिकारको विषयमा शून्य सहनशीलताको नीति अवलम्बन गरी प्रहरी कार्यालयहरूमा सबैले देख्ने गरी सम्पर्क नम्बरसहित गुनासो सुन्ने अधिकारीको विवरण

राखिएको साथै इमेल, टेलिफोन, नेपाल प्रहरीको वेबसाइट तथा अन्य सामाजिक सञ्जाल मार्फत गुनासो गर्न सक्ने सेवा सुविधा तथा प्रावधान मिलाइएको।

- सम्मानित अदालतबाट प्राप्त निर्देशन/निर्णय तथा आदेशको कार्यान्वयन गर्नुका साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोग, बेपत्ता पारिएको व्यक्तिको छानविन आयोगबाट प्राप्त उजुरी, सिफारिस तथा निर्णय कार्यान्वयन, आवश्यक अनुसन्धान एवम् छानविन गरी भई आएको आदेशको कार्यान्वयन सम्बन्धमा मातहत सबै प्रहरी इकाइहरूलाई जानकारी दिने गरिएको।
- कुनै पनि प्रहरी कार्यालयहरूमा वा प्रहरी कर्मचारीहरूबाट मानव अधिकार उल्लङ्घनका घटना भएको भनी उजुरी वा पत्रपत्रिका, इमेल तथा अन्य स्रोतबाट सूचना प्राप्त हुन आएमा सो सम्बन्धमा आवश्यक अनुसन्धान तथा छानविन गरी दोषी देखिएमा प्रहरी कर्मचारीलाई कानुनबमोजिम विभागीय कारबाही गर्ने गरिएको। २०८० पुस १६ गतेदेखि २०८१ पुस १६ गतेसम्म तीनजना प्रहरी कर्मचारीहरूलाई विभागीय कारबाही गरिएको साथै हालसम्म ८ सय ३२ जना प्रहरी कर्मचारीहरूलाई विभागीय कारबाही गरिसकिएको।
- प्रभावकारी अनुसन्धान गरी दोषीलाई निरूत्साहित गर्दै अपराध रोकथामको माध्यमबाट नागरिकको मानव अधिकारको संरक्षण गरिएको छ।
- प्रहरी हिरासतमा हुन सक्ने यातना तथा अमानवीय व्यवहार र हिरासत कक्षको व्यवस्थापन जस्ता मानव अधिकारसम्बन्धी विषयहरूलाई उच्च प्राथमिकतामा राखी विभिन्न इकाइका थुनुवा गृह, मुद्दाको अनुसन्धान प्रगति कानुनको सिद्धान्तको अनुसरण र स्वच्छ सुनुवाइको अवलम्बन तथा गुनासो सुनुवाइको अवस्था, मानव अधिकार उल्लङ्घनसँग सम्बन्धित घटनाको प्रगतिबारे अनुगमन गर्ने गरिएको।

२. मानव अधिकार संवर्द्धनतर्फ

- नेपाल प्रहरीमा मानव अधिकारसम्बन्धी प्रशिक्षक प्रशिक्षण (सिनियर प्रहरी अधिकृत तथा जुनियर प्रहरी अधिकृत) तालिम सञ्चालन गरी प्रशिक्षक तयार पारी नेपाल प्रहरीमा सञ्चालन हुने सबै प्रकारका आधारभूत तथा उन्नत तालिमहरूमा मानव अधिकारसम्बन्धी प्रशिक्षण प्रदान गरिँदै आएको।
- वार्षिक तालिम क्यालेण्डर तथा पाठ्यक्रम निर्माण गरी मानव अधिकारको संरक्षण र संवर्द्धन (प्रशिक्षक प्रशिक्षण तालिम) सिनियर प्रहरी अधिकृतहरूलाई र प्रहरी कारबाही तथा मानव अधिकार विषय तालिम जुनियर प्रहरी अधिकृत, प्रहरी हवल्दार र प्रहरी जवानहरूलाई प्रदान गर्ने गरिएको छ जसअनुसार २०८० पुस १६ गतेदेखि २०८१ पुस १६ गतेसम्ममा १ हजार ९ सय ४९ जना प्रहरी कर्मचारीहरूलाई तालिम प्रदान गरिसकिएको।
- उपत्यकास्थित काठमाडौँ उपत्यका प्रहरी कार्यालय रानीपोखरी मातहत, जिल्ला प्रहरी परिसर, प्रहरी वृत्त र प्रहरी प्रभाग, प्रदेश प्रहरी कार्यालय, नेपाल प्रहरी प्रदेश कार्यालय, जिल्ला प्रहरी कार्यालय लगायत मातहत सबै प्रहरी कार्यालयहरूमा कार्यरत प्रहरी कर्मचारीहरूलाई प्रत्येक महिना पुनर्ताजगी स्वरूप एक दिने मानव अधिकार अनुशिक्षण कार्यक्रम सञ्चालन गरिँदै आएको छ। २०८० पुस १६ गतेदेखि २०८१ पुस १६ गतेसम्ममा ३५ हजार ४ सय ७२ जना प्रहरी कर्मचारीहरूलाई प्रशिक्षण प्रदान गरिएको।
- नेपाल प्रहरी र सर्वसाधारण नागरिकबीचको सम्बन्ध सदैव सुमधुर एवम् प्रगाढ रहिरहोस् भन्ने हेतुले समुदाय प्रहरी साझेदारी कार्यक्रममार्फत काठमाडौँ उपत्यका लगायत सबै प्रदेश प्रहरी कार्यालयहरू अन्तर्गत जिल्ला प्रहरी कार्यालयहरूले मानव अधिकारसम्बन्धी जनचेतना कार्यक्रम प्रत्येक महिना विभिन्न स्थानमा सञ्चालन गर्दै आएको छ। २०८० पुस १६ गतेदेखि २०८१ पुस १६ गतेसम्ममा ३ सय ८१ ओटा कार्यक्रम सञ्चालन गरी १३ हजार ६ सय ९९ जना सर्वसाधारण नागरिकहरूलाई बोक्सीको आरोप, दाइजो, छुवाछूत जस्ता विकृति विरुद्ध कार्यक्रमहरू समावेश गरी मानव

अधिकारसम्बन्धी जनचेतना प्रदान गरिएको छ। साथै स्कूल तथा समुदाय सचेतना शिक्षा कक्षा, ट्राफिक सप्ताह सचेतना जस्ता कार्यक्रमहरू समेत सञ्चालन गरी जनचेतना प्रदान गरिएको।

३. मानव अधिकार परिपूर्तितर्फ

- सम्मानित अदालत, संवैधानिक निकायहरू तथा अन्य न्यायिक/अर्धन्यायिक निकायहरूबाट भएका निर्णय/फैसलाहरूको तत्काल प्रभावकारी फैसला कार्यान्वयन गर्ने गरिएको छ।

उल्लेखित तथ्याङ्क र गतिविधिहरूको आधारमा नेपाल प्रहरीले मानव अधिकारलाई उच्च प्राथमिकतामा राखी विभिन्न कार्यक्रम र गतिविधिहरू सञ्चालन गर्दै आइरहेको तथ्य स्पष्ट हुन आउँछ। नेपाल प्रहरी आगामी दिन र वर्षहरूमा समेत अझ सशक्त र सक्रिय रूपमा मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धनसँग सम्बद्ध कार्यहरूमा प्रतिबद्ध भएर लागिरहने विश्वास दिलाउन चाहन्छौँ। साथै नेपाल प्रहरी र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को सहकार्य आगामी दिनमा अझ बढी प्रगाढ र फलदायी हुनेछ भन्ने अपेक्षा समेत गर्दछौँ।

मानव अधिकारको संरक्षण र परिपूर्ति एवम् मानव अधिकार प्रवर्द्धन गर्ने कार्यमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) लाई प्रभावकारी सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछौँ।

मोहनकुमार थापा
प्रहरी उपरीक्षक

सशस्त्र प्रहरी बल

सशस्त्र प्रहरी बल, नेपाल मानव अधिकारसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय कानुनको सम्मान, संरक्षण र संवर्द्धन गर्न एवम् अन्तर्राष्टिय् स्तरमा स्थापित मानव अधिकारका मूल्य मान्यता र सिद्धान्तहरूको उल्लङ्घन हुन नदिन सदैव प्रतिबद्ध रहेको छ। सोही उद्देश्य प्राप्तीका लागि सङ्गठनले मानव अधिकार उल्लङ्घनमा शून्य सहनशीलताको नीति अवलम्बन गर्दै सङ्गठनभित्र जुनसुकै सदस्यहरूबाट मानव अधिकार उललङ्घनमा भएका त्यस्ता घटना उपर तत्कालै छानविन गरी दोषी ठहरिएमा विभागीय कारबाही गर्दै आएको छ। साथै, मानव अधिकार संरक्षण र संवर्द्धनमा नेपाल सरकारद्वारा निर्दिष्ट कार्यादेशलाई अझ व्यवसायिक तथा विशिष्टिकृत तवरले सम्पादन गर्ने लक्ष्य अनुरूप सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, कानुन महाशाखा अन्तर्गत मानव अधिकार सेलका साथै क्षेत्रीयस्तरमा समेत मानव अधिकार सेल स्थापना गरी सोसम्बन्धी कार्यहरू सञ्चालन हुँदै आइरहेको छ।

नागरिकहरूका संविधान प्रदत्त मौलिक हक अधिकारको संरक्षण गर्दै मानव अधिकारलाई जनताको सेवा र आफ्नो व्यवसायिक दक्षताको मापदण्ड बनाइ समाजमा कानुको कार्यान्वयन गर्ने जस्ता अत्यन्तै महत्वपूर्ण एवम् संवेदनशील जिम्मेवारी बोकेको सशस्त्र प्रहरी बल, नेपालले सीमा क्षेत्रमा हुने मानव बेचबिखन तथा ओसार-पसार जस्ता जघन्य अपराध रोकथामका लागि सुक्ष्म रूपमा निगरानी बढाइ पीडितहरूको उद्धार गर्न सरोकारवालाहरूसँग आवश्यक समन्वय तथा सहकार्य गरी कर्तव्य निर्वाह गर्दै आइरहेको छ।

सशस्त्र प्रहरी बल, नेपालमा सञ्चालन गरिने सबै आधारभूत तथा उन्नत तालिमहरूमा मानव अधिकार तथा मानवीय कानुनसम्बन्धी कानुनी कक्षाहरू समावेश गरिनुका साथै संयुक्त राष्ट्रसङ्घ शान्ति स्थापनार्थ खटिने सशस्त्र प्रहरी कर्मचारीहरूले समेत मानव अधिकार संरक्षण र संवर्द्धनमा प्रतिबद्ध हुनु पर्छ भन्ने उद्देश्यले प्रशिक्षण प्रदान गरिँदै आइरहेको छ।

सशस्त्र प्रहरी बल, नेपालमा कार्यरत सम्पूर्ण दर्जाका सशस्त्र प्रहरी कर्मचारीहरूलाई मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन, Human Rights and Democratic Policing, कानुन कार्यान्वयन गर्ने व्यक्तिको आचारसंहिता, कानुनी राज्य एवम् शक्ति प्रयोग जस्तो संवेदनशील विषय उपर आवश्यक ज्ञान दिलाउँदै आइरहेको र कानुन कार्यान्वयन, मानव अधिकार र लैङ्गिक हिंसासम्बन्धी अनुशिक्षण तालिम सञ्चालन गरी हालसम्म ३१,२०५ (एकत्तीस हजार दुई सय पाँच) जना सकल दर्जाका सशस्त्र प्रहरी कर्मचारीहरूलाई प्रशिक्षण गरिएको छ। साथै, सङ्गठनले प्रशिक्षणलाई निरन्तरता दिने उद्देश्य राखी वार्षिक क्यालेण्डरमा मानव अधिकार अनुशिक्षण तालिमको व्यवस्था गरी सञ्चालन गर्दै आएको एवम् समय सापेक्ष ज्ञान हासिल गर्ने तथा सङ्गठनका कामकारबाहीमा प्रभावकारिता ल्याउन सङ्गठनबाट सरकारी तथा गैरसरकारी निकायहरूमा समय-समयमा सञ्चालन हुँदै आएका तालिम, सेमिनार, अन्तरक्रिया तथा छलफलहरूमा समेत सशस्त्र प्रहरी बल, नेपालले सहभागिता जनाउँदै आएको छ।

सशस्त्र प्रहरी बल, नेपालमा कार्यरत महिला सशस्त्र प्रहरी कर्मचारीहरूको हकहितको संरक्षण, सशक्तिकरण एवम् विकासको लागि अधिकार प्रदान गर्ने, अन्य सकल दर्जाका सशस्त्र प्रहरी कर्मचारीहरूलाई समेत लैङ्गिक हिंसाबारे सचेतना दिलाउने उद्देश्यले नेपाल सरकारको लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीतिलाई सशस्त्र प्रहरी बल, नेपालले अक्षरश: पालना गर्ने नीति अनुरूप आन्तरिक रूपमा लैङ्गिकमैत्री वातावरण निर्माण गर्ने अभिप्रायले लैङ्गिक हिंसा न्यूनीकरण गर्ने अभियानका रूपमा लैङ्गिक हिंसा विरुद्धको सचेतना कार्यक्रम केन्द्रीय एवम् क्षेत्रीयस्तरमा सञ्चालन गर्दै आइरहेको छ।

अन्त्यमा, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले वार्षिक रूपमा प्रकाशन गर्ने "मानव अधिकार वर्ष पुस्तक २०२५" को सफलताको कामना गर्दै नागरिकहरूको मानव अधिकार संरक्षण र संवर्द्धनमा यस सुरक्षा सङ्गठनले सदैव महत्वपूर्ण योगदान पुऱ्याउनेछ भन्ने विश्वास दिलाउँदै आगामी दिनमा समेत मानव अधिकार संरक्षण र संवर्द्धनको निम्ति इन्सेक तथा अन्य सरोकारवाला निकायसँग निरन्तर सहकार्य हुनेछ भन्ने विश्वास व्यक्त गर्दछौँ।

छविलाल पाण्डे
सशस्त्र प्रहरी उपरीक्षक,
मानव अधिकार सेल, सशस्त्र प्रहरी बल, नेपाल
प्रधान कार्यालय

नेपाल बार एशोसियशन

विगत वर्षहरूमा झैँ यस वर्ष पनि त्यस संस्थाले देशको मानव अधिकारको स्थिति बारे समग्र स्थितिको अध्ययन गरी नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्न लागेको खबरले खुसी लागेको छ। मानव अधिकारको क्षेत्रमा नेपालमा महत्वपूर्ण भूमिका र योगदान दिँदै आइरहेको संस्था इन्सेकले सन् १९९२ देखि हरेक वर्ष प्रकाशन गर्दै आइरहेको प्रकाशनको निरन्तरको सत्कर्ममा यस वर्ष पनि "नेपाल मानव अधिकार वर्ष पुस्तक २०२५" प्रकाशन गर्नु नेपाल र समग्र विश्वमा मानव अधिकारको सम्मान र संरक्षणको क्षेत्रमा थप योगदानको लागि शुभ कार्य हुनेछ।

सँधझैँ यस वर्ष पनि त्यस संस्थाले प्रकाशन गर्न लागेको "नेपाल मानव अधिकार वर्ष पुस्तक २०२५" ले देशको मानव अधिकारको अवस्थाको यथार्थपरक चित्र प्रस्तुत गर्न र त्यसमार्फत देशमा मानव अधिकार संस्कृतिको अभिवृद्धि गर्न सफलता मिल्नेछ भन्ने विश्वासका साथ नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशनको भव्य सफलताको शुभकामना पनि व्यक्त गर्दछु ।

अन्जिता खनाल
महासचिव

नेपाल पत्रकार महासङ्घ

सन् २०२४ प्रेस स्वतन्त्रता तथा पत्रकार सुरक्षाको सवालमा चुनौतीपूर्ण वर्ष रह्यो। समाचार लेखेको तथा सूचना मागेका कारण पत्रकारमाथि धम्की दिने, गिरफ्तार र हत्या गर्नेसम्मका घटनाका कारण प्रेस स्वतन्त्रताको सवाल यो वर्ष चुनौतीपूर्ण देखियो।

नेपाल पत्रकार महासङ्घ, सञ्चार अनुगमन शाखामा यो वर्ष प्रेस स्वतन्त्रता हनन्का ६० वटा घटना अभिलेख भएका छन्। विगतका वर्षको तुलनामा यसवर्ष प्रेस स्वतन्त्रता हनन्का घटना वृद्धि भएको छ। सन् २०२३ मा प्रेस स्वतन्त्रता हननका ५८ र सन् २०२२ मा ५३ वटा घटना अभिलेख भएका थिए। यसषर्ष प्रेस स्वतन्त्रता हनन्का ६० वटा घटना हुँदा ३४ जना पत्रकार महिला र १ सय १३ जना पुरुष पत्रकार पीडित भएका छन् भने १३ वटा सञ्चार संस्था प्रभावित भएका छन्।

राष्ट्रिय दलित पत्रकार सङ्घ, कैलालीका सहसचिव सुरेश भुलको हत्या भएको घटनाको प्रारम्भिक रिपोर्ट हेर्दा उक्त घटना लक्षित हत्या भएको देखिन्छ। समाचार लेखेकै कारण ज्यान लिनेसम्को धम्की खेपिरहेका इटहरीका पत्रकार गोपाल दाहालका सम्बन्धमा महासङ्घले मिडिया मिसन खटाउनुपऱ्यो। समाचार लेखेकै कारण राज्यको नेतृत्व तहमा रहेका तथा जनताको प्रतिनिधि भनिएकाबाट पत्रकारमाथि भएको धम्की, धरपकड तथा दुर्व्यवहारका घटना अत्यन्त निन्दनीय मात्र हैन लोकतन्त्रमाथिकै प्रहार भएको महासङ्घ ठान्दछ।

सन् २०२४ मा नेपाली प्रेस जगतले प्रेससम्बन्धी कानुन पाउन सकेन। लामो सयमदेखि प्रतिक्षारत मिडिया काउन्सिल विधेयकले पूर्णता पाएको छैन। यसबिचमा सरकारले सूचना प्रविधि विधेयक, सामाजिक सञ्जाल व्यवस्थापन तथा सञ्चालनसम्बन्धी विधेयक ल्याउने तयारी गरिरहेको छ। महासङ्घले

विगतदेखि नै सञ्चार सम्बन्धी कानुनलाई व्यवस्थित गर्न र संविधानको मर्म अनुसार कानून निर्माण गर्न सरकारलाई आग्रह गर्दै आएको सर्वविदितै छ।

महासङ्घ प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र पत्रकारको भौतिक तथा व्यवसायिक सुरक्षामा प्रतिबद्ध रहेको छ। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता हनन्का घटनामा सत्यतथ्य छानबिन गरी दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउन महासङ्घ सरकारसँग जोडदार माग गर्दछ। साथै, सरकारले ल्याउने प्रेससम्बन्धी कानुन प्रेस स्वतन्त्रताका विश्वव्यापी मान्यता र हाम्रा संवैधानिक प्रावधानका आधारमा मिडिया मैत्री बनाउन समेत सरकारलाई आग्रह गर्दछ।

सन् २०२४ मा प्रेस स्वतन्त्रता हनन्का घटनाहरूमा हत्याका घटनामा एक पुरुष, गिरफ्तारीका घटनामा एक महिला र तीन पुरुष, आक्रमणको घटनामा दुई महिला र १३ पुरुष, दुर्व्यवहार/धम्कीका घटनामा पाँच महिला र ३० पुरुष पीडित भए। त्यसैगरी पेसागत असुरक्षाका घटनामा २६ महिला र ६५ पुरुष तथा अवरोधका घटनामा एक पुरुष पीडित भए। अवरोध/कब्जाका चार ओटा घटनामा १३ सञ्चार संस्था/सामग्रीमा क्षति पुग्यो।

नेपाल पत्रकार महासङ्घ

क्रिया-प्रतिक्रिया

मौलिक हकको कार्यान्वयन भए नभएको कुरालाई वर्ष पुस्तकले प्राथमिकतामा राख्न आवश्यक छ। मानव अधिकारको क्षेत्रमा निरन्तर अध्ययन, अनुसन्धान, खोज र खबरदारी गर्ने प्रयोजनका लागि मानव अधिकार वर्ष पुस्तक प्रकाशित गर्नु मानव अधिकारको रक्षाका लागि अत्यन्त सराहनीय छ।

विनोदकुमार खड्का
प्रमुख जिल्ला अधिकारी, सङ्खुवासभा

मानव अधिकारको विषय गहन भएकाले सोही अनुसारको नीति राज्यले बनाउन आवश्यक छ। साइबर क्राइमका घटना जिल्लामा नै दर्ता हुने व्यवस्थाले पीडितलाई न्याय दिलाउने कुरामा केही सहज भएको छ।

दक्षकुमार बस्नेत
प्रहरी नायब उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, सङ्खुवासभा

वर्ष पुस्तकले आप्रवासी कामदार, जलवायु परिवर्तनलगायतका विषयमा विश्लेषण गर्न आवश्यक छ। संविधानले दिएको स्वच्छ वातावरणको हक वा रोजगारीको हकलाई राज्यले के कति सम्बोधन गर्न सक्यो त्यसको लेखाजोखा वर्ष पुस्तकमा हुनु आवश्यक छ।

शिवकुमार कार्की
प्रमुख जिल्ला अधिकारी, खोटाङ

मानव अधिकारको सवाल र विषय अब फेरिएका छन्। सुशासनको प्रत्याभूति हुन नसक्नुले पनि नागरिकले राज्यबाट मानव अधिकार प्राप्ति नभएको महसुस गर्छ। तसर्थ सुशासनलाई प्राथमितकतामा राखी राज्यले बनाएका कानुनको कार्यान्वयन गर्न आवश्यक छ। वर्ष पुस्तकले कानुन कार्यान्वयनका लागि राज्यलाई नैतिक दबाब सिर्जना गर्ने विषयवस्तु उठान गर्न आवश्यक छ।

निशाकुसुम पौडेल
जिल्ला सरकारी वकिलको कार्यालय, तेह्रथुम



पत्रकारको दृष्टिबाट हेर्दा पत्रकारहरूसँग सम्बन्धित मानव अधिकारका विषयहरूलाई वर्ष पुस्तकले प्राथमिकता नदिएको भन्ने लागेको छ। मानव अधिकारको संरक्षणका लागि भएका सफल अभ्यासहरूको विवरण पुस्तकमा समेट्नु जरूरी छ।

विदुर खवास
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, धनकुटा शाखा

मानव अधिकार उल्लङ्घन भनिरहँदा अपराधलाई प्रश्रय दिने काम हुन भएन। हरेक घटनामा मानव अधिकार उल्लङ्घन भयो भन्दै गर्दा राज्यले दोषीलाई कारबाही गरेको पनि पुस्तकमा मानव अधिकार उल्लङ्घन भन्ने गरिएको छ। यसले हामीजस्ता सुरक्षा निकायलाई कानुन कार्यान्वयनमा फितलो बनाउन खोजेको हो कि भन्ने लागेको छ। संविधानको मौलिक हक हेरेर घटना सङ्कलन गर्नुपर्ने र दोषीले सजाय पाएकोलाई मानव अधिकार उल्लङ्घन भन्दा पनि कानुनी राज्यको पालना भएको बुझाइ हुन आवश्यक छ। अनुसन्धानका लागि कसैलाई सोधपुछ

तथा पक्राउ गर्दा मानव अधिकार उल्लङ्घन नभइ कानुन पालनामा राज्यका निकाय रहेको पुस्तकमा उल्लेख हुन आवश्यक छ। घटनाको प्रकृति मात्रै हेरेर मानव अधिकारको धारणा बनाउन नहुने देखिन्छ।

टुवराज पोखेल
प्रमुख जिल्ला अधिकारी, धनकुटा

मानव अधिकार र न्यायालय एक अर्का परिपूरक हुन्। संविधानले स्थानीय तहलाई न्याय निरूपणको अधिकार दिएको छ। अबको वर्ष पुस्तकमा न्यायिक समितिले गरेका न्याय निरूपणको प्रक्रियाका बारेमा विश्लेषण गर्न आवश्यक छ।

भरतमणि पोखरेल
स्रेस्तेदार(उपसचिव) सङ्खुवासभा, जिल्ला अदालत

मानव अधिकारको अनुगमन, अभिलेख तथा वकालत गर्ने काम वर्ष पुस्तकले गरेको छ। इन्सेकको वर्ष पुस्तकको चित्रण र वकालतबाट मानव अधिकार उल्लङ्घनका घटना न्यूनीकरण गर्न गराउन राज्यलाई थप मद्दत पुगेको छ। उन्नत प्रविधि एवम् सोसल मिडिया लगायतका कारण पीडितहरूमाथि जोखिम बढ्दो छ, यसतर्फ इन्सेकले थप वकालत गर्ने अपेक्षा गरेको छु।

चिरन कोइराला
प्रमुख अनुसन्धान अधिकृत
राष्ट्रिय अनुसन्धान कार्यालय, पाँचथर

द्वन्द्व र राजनीतिक हस्तक्षेपका कारण स्वतन्त्र अध्ययनमा प्रभाव परेको टिप्पणी अबको वर्ष पुस्तकमा पढ्न पाइयोस्। मानव अधिकार उल्लङ्घनप्रति ध्यानाकर्षण गराउँदै समाधानका उपायहरूको खाका तयार गर्न राज्यलाई वर्ष पुस्तकले सहयोग पुऱ्याउन आवश्यक छ।

भीमकुमार बाँस्कोटा
अध्यक्ष,नेपाल पत्रकार महासङ्घ, पाँचथर

मानव अधिकार उलङ्घनका तथ्य र घटनाहरुलाई उजागर गरी सार्वजनिक गर्ने तथा मानव अधिकारको अवस्थाको यथार्थ चित्रण गर्ने कार्यमा इन्सेकले महत्वपुर्ण भूमिका निर्वाह गरेको छ। मानव अधिकारको संरक्षणको जिम्मेवारी राज्य तथा यसका निकायको भए पनि मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्नु सबै वर्ग, तह, निकाय र आम नागरिकको कर्तव्य र दायित्व हो।

राजकुमार आचार्य
स्रेस्तेदार, जिल्ला अदालत सिरहा

मानव अधिकारको संरक्षण र संवर्द्धन गरी सामाजिक न्याय कायम गर्न इन्सेकको भूमिका अहम् रहेको परिप्रेक्ष्यमा मानव अधिकार वर्ष पुस्तकको वार्षिक प्रकाशनले मानव अधिकारको क्षेत्रमा चेतनशील समाज निर्माण गर्न पुऱ्याएको छ। सार्वजनिक सेवा प्रवाहलाई अझै गुणस्तरिय बनाउने सामग्री सहित वर्ष पुस्तकको निरन्तरताको कामना गर्दछु।

विष्णु प्रसाद सोती
प्रहरी नायब उपरीक्षक
इलाका प्रहरी कार्यालय, लहान सिरहा

२५ वर्ष भन्दा बढी समयदेखि प्रकाशित हुँदै आएको मानव अधिकार वर्ष पुस्तक एक शक्तिशाली उपकरण हो र यसले मानव अधिकारको अवस्था सुधार गर्न महत्वपूर्ण भूमिका खेल्दै आएको छ र सम्बन्धित निकायहरूलाई मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि आवश्यक कदम चाल्न मार्ग प्रशस्त गरेको छ।

राजेशकुमार कर्ण
केन्द्रीय सदस्य, नेपाल पत्रकार महासङ्घ

मानव अधिकारको अवस्था कस्तो छ ? कुन पक्षबाट र कसरी मानव अधिकार हनन्का घटना भएका छन् ? सो को जानकारी मानव अधिकार वर्ष पुस्तकबाट प्राप्त गर्न सकिन्छ। मानव अधिकार रक्षकको रूपमा विगतदेखि नै काम गर्दै आइरहेकाले मेरो मानव अधिकारको क्षेत्रमा ज्ञान आर्जनको महत्वपूर्ण पूरक पुस्तकमध्ये मानव अधिकार वर्ष पुस्तक पनि एक हो।

नागेन्द्रकुमार कर्ण
महोत्तरी समाचारदाता, गोरखापत्र दैनिक

मानव अधिकारको उल्लङ्घनका घटनामा इन्सेकले सत्य तथ्य खोजमा राज्य र पीडितलाई सहयोग गरेको देखिन्छ। पीडितलाई न्यायिक प्रकृयामा सहयोगका लागि पहल गरेको र सहायता गरेको प्रति धन्यवाद व्यक्त गर्दछु। पुस्तकमा सबैको पहुँच पुऱ्याउन आवश्यक छ। सशस्त्र द्वन्द्वको समयमा घटनाको तथ्य खोजीलाई प्राथमिकतामा राखेको मेरो अनुभव रहेको छ।

उपेन्द्र न्योपाने
सहायक प्रमुख जिल्ला अधिकारी, महोत्तरी

इन्सेकले मानव अधिकार उल्लङ्घन तथा ज्यादती, जातीय विभेद, बलात्कार, महिला हिंसा र अपहरणको अनुगमन गरी घटनाको सत्य तथ्य बुझी

प्रभावित व्यक्तिलाई न्यायको लागि सहजीकरण गरेको छ। यस्ता घटना दिनानुदिन बढिरहेकाले जिल्लाका सबै स्थानीय तहमा इन्सेकलगायत मानव अधिकारको क्षेत्रमा काम गर्ने सङ्घ संस्थाहरुले जनचेतनामूलक कार्य सञ्चालन गरी चेतनाको विकास गर्नुपर्ने आवश्यक्ता रहेको छ।

गोपालकुमार अधिकारी
प्रमुख जिल्ला अधिकारी, सर्लाही

इन्सेकले प्रकाशन गर्न लागेको नेपाल मानव अधिकार वर्ष पुस्तक २०२५ को लागि इन्सेक परिवारलाई शुभकामना। नेपालको ७७ ओटै जिल्लामा भएको मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको इन्सेकले अनुगमन गरी सत्यतथ्य पत्ता लगाइ वास्तविक पीडितको पहिचान गरी न्यायको लागि सहजीकरण गर्ने कार्य सराहनीय रहेको छ।

रविन्द्रबहादुर सिंह
प्रहरी उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, मलङ्गवा

इन्सेकले मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि पुऱ्याएको योगदान सरहानीय छ। राज्य तथा गैर राज्य पक्षद्वरा भएको मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको तथ्याङ्क समेतको पुस्तक प्रकाशन गरी यसले सरकार र सम्बन्धित निकायलाई मानव अधिकारको संरक्षण तथा संरक्षण गर्न खबरदारी गरेको छ।

एकराज अधिकारी
जिल्ला न्यायाधिवक्ता,
जिल्ला सरकारी वकिल कार्यालय, सर्लाही

इन्सेकले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाक सङ्कलन र अभिलेखिकरण गर्ने कार्य प्रशंसनीय रहेको छ। मानव अधिकार उल्लङ्घनका घटनाको रोकथाम तथा न्यूनीकरणका लागि प्रभावित समुदाय, वर्ग र लिङ्गलाई लक्षित गरी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आग्रह गर्दछु

कौशलकिशोर सिंह
प्रमुख, जिल्ला समन्वय समिति, सर्लाही

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको वर्तमान अवस्था र मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनालाई बुझ्न मद्दत गर्दछ। यसले मानव अधिकार उलङ्घनका घटनाहरू न्यूनीकरणका साथै सम्बन्धित निकायलाई मानव अधिकारको संरक्षण र संवर्द्धन गर्न उत्प्रेरित गर्दै यसका लागि पालना गर्नु पर्ने आवश्यक राय सुझावहरू प्रस्तुत गर्दै सरोकारवालालाई सचेत बनाएको छ। मानव अधिकारका विषयमा धेरै कुरा जान्न यो पुस्तक उपयोगी र पठनीय छ।

दिलिप घिमिरे
प्रहरी उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, रौतहट

कारागारमा कैदीहरूको मानव अधिकार संरक्षण र संवर्द्धन गर्ने गराउने कार्यमा ठोस प्रगति गर्न हासिल गर्न मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाका विषयमा कुनै पूर्वाग्रह नराखी अभिलेखिकरण हुने गरेकाले यसको विश्वसनीयता निरन्तर उकालो लागेको मलाई महसुस भएको छ।

मनिष झा
कारागार प्रशासक
कारागार कार्यालय, रौतहट

नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हकहरू, अन्तर्राष्ट्रिय सन्धि-सम्झौतामा व्यक्त प्रतिबद्धताहरू, तथा स्थानीय प्रशासनको जिम्मेवारीलाई मध्यनजर गर्दै मानव अधिकारको संरक्षण र प्रवर्द्धन प्रत्येक नागरिकको समान अधिकार सुनिश्चित गर्ने महत्वपूर्ण आधार हो।

जिल्ला प्रशासन कार्यालय, बारा कानुनी शासनको प्रवर्द्धन, नागरिक अधिकारको संरक्षण, र शान्ति सुरक्षा प्रबर्धनको सुनिश्चित गर्न प्रतिवद्ध छ। शान्ति, सुरक्षा, र विधिको शासनलाई बलियो पार्दै प्रत्येक नागरिकलाई आफ्नो हक र कर्तव्यबारे सचेत गराउनु प्रशासनको जिम्मेवारी हो।

नेपाल मानव अधिकार वर्ष पुस्तकले प्रत्येक वर्ष मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई तथ्यगत रूपमा प्रस्तुत गर्दै नीति-निर्माताहरू, प्रशासनिक निकाय, तथा नागरिक समाजलाई आवश्यक सुधारका लागि मार्गनिर्देशन गर्ने कार्य गर्दै आएको छ। यस पुस्तकले स्थानीय प्रशासनका लागि समेत मानव अधिकार संरक्षण तथा प्रवर्द्धनमा मार्गदर्शकका रूपमा भूमिका खेल्ने विश्वास लिएको छु।

बसन्त अधिकारी
प्रमुख जिल्ला अधिकारी, बारा

मानव अधिकारको रक्षा, मौलिक हकको स्वतन्त्र उपयोग, प्रेस स्वतन्त्रता, लोकतन्त्रको प्रभावकारी वितरण, आवधिक स्वतन्त्र निर्वाचनजस्ता पक्षको वकालतका सन्दर्भमा इन्सेकको अमूल्य योगदान रहेको छ। कोही नभएका र न्यायको पर्खाइमा रहेका नागरिकको न्याय प्राप्तीमा इन्सेकले महत्वपूर्ण योगदान गरेको छ।

कारागार प्रशासक
कारागार कार्यालय, पर्सा

नेपाल मानव अधिकार वर्ष पुस्तकले नागरिकको मानव अधिकार संरक्षणमा उपयोगी छ। यसले आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा आगामी दिन थप केन्द्रित गर्नुपर्ने देखिन्छ।

औलखबहादुर आले
सहायक प्रमुख जिल्ला अधिकारी, दोलखा

इन्सेकबाट प्रकाशित नेपाल मानव अधिकार वर्षपुस्तकको निरन्तरताको कामना। यस पुस्तकका माध्यमबाट पीडित पक्षले न्याय प्राप्त गर्न सकेका थुप्रै उदाहरण छन्। इन्सेकले अधिकार र कर्तव्यका बारेमा नागरिकलाई थप सुसूचित गराउँदै न्याय र समानता प्राप्तिका लागि काम गरोस्।

चिरञ्जीवि मास्के, सदस्य
प्रेस काउन्सिल नेपाल

इन्सेकद्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्तक नेपालको मानव अधिकारको महत्वपूर्ण दस्ताबेज हो। पुस्तकका कारण पीडित पक्षले न्याय दिलाउन सक्षम सावित छ। पुस्तकलाई निरन्तरता दिनु पर्दछ।

कृष्ण बस्नेत
अध्यक्ष, नेपाल बार एशोसियसन, दोलखा शाखा

मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि नेपाल मानव अधिकार वर्ष पुस्तकले सहयोग गरेको छ। मानव अधिकारका घटना समेटिएको पुस्तक प्रकाशन गर्ने इन्सेकको कार्यको सराहना गर्दछु।

सिर्जना कार्की
मानव अधिकारकर्मी, दोलखा

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, नेपाल पक्ष भएका सन्धि सम्झौता र नेपालको मौलिक हक अनुसार नागरिकले आफ्नो हक अधिकारको प्रत्याभूति गर्न पाउनु पर्ने कुरामा इन्सेकले गरेको पहल सरहानीय छ। जनताले पेटभरी खानपाउने अधिकारमात्र नभएर सम्मानपूर्वक बाँच्ने अधिकार समेत नागरिकको छ। सबै नागरिकले सामाजिक सांस्कृतिक र वातावरणीय न्याय पाउनु पर्ने र सरकारले पूरा गर्नुपर्दछ।

कूलमान विश्वकर्मा
उपप्रमुख, जिल्ला समन्वय समिति, धादिङ

सरकारले संरक्षण गर्न खोज्दा खोज्दै मानव अधिकारको हनन् हुने गरेकोले कमजोरी सच्याएर सरकारी पक्ष अघि बढिरहेको छ। मौलिक हक मानव अधिकारको रूपमा रहेकाले कानुन बनाएर मानव अधिकारको प्रत्याभूति गर्नुपर्छ। यस विषयमा इन्सेकले थप पहल गरोस्।

युवराज अर्याल
सहायक प्रमुख जिल्ला अधिकारी, धादिङ

मानव अधिकारको संरक्षणमा प्रहरीले काम गरिरहेको छ। जात धर्म, वर्णको आधारमा समाजमा क्लेस फैलाउनेलाई नियन्त्रण गरेर नेपाल प्रहरीले सबै नागरिकको सम्मान, परिपूर्ति र जीवन रक्षाका लागि काम गरिरहेको छ। इन्सेकले गरेको घटना सङ्कलन र मानव अधिकारप्रतिको चासो र चिन्ताले हामीलाई काम गर्न अझ सहज भएको छ।

दीपेन्द्र शाही
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, धादिङ

इन्सेकले मानव अधिकार वर्ष पुस्तक, इन्सेक अनलाइनमार्फत मानव अधिकार संरक्षणमा योगदानमात्र दिएको छैन मानव अधिकार संरक्षणमा पहल र पैरवी समेत गरेको छ।

शालिकराम दुवाडी
गैसस महासङ्घ, धादिङ

दलित अधिकारको संरक्षण, मानव अधिकारका लागि पहल र पैरवी गर्दै समस्यामा परेका नागरिक खासगरि यौन हिंसा पीडितका लागि इन्सेकले पैरवी गर्दै सहयोग गर्ने गरेको छ।

श्याम मगराती
अध्यक्ष, दलित सेवा सङ्घ, धादिङ

महिला मानव अधिकार र मानव अधिकार स्थापित गराउन इन्सेकको पहल महत्वपूर्ण छ। पीडित महिलाहरूका लागि गरिरहेको काम र उनीहरूको अधिकारका लागि गरेको पैरबीले निरन्तरता पाओस्।

गायत्री खतिवडा
महिला मानव अधिकारकर्मी, धादिङ

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू समेटेर प्रकाशित हुने पुस्तकले मुलुकको अवस्थालाई छर्लङ्ग परेको छ। विभिन्न घटनाका पीडकहरू र राज्यलाई अझै जवाफदेही बनाउन गाउँ गाउँमा मानव अधिकार शिक्षा सचेतना कार्यक्रम हुन आवश्यक छ। पछाडि पारिएका समुदाय, दलित, भूमिहीनका समस्या तथा वातावरण अधिकार र प्राकृतिक स्रोतको अधिकार रक्षाका लागि पनि अझै ध्यान दिन अनुरोध छ।

न्हिमाटसी तामाङ
कोषाध्यक्ष, सामुदायिक वन उपभोक्ता महासङ्घ, रसुवा

मानव अधिकार उल्लङ्घनका सम्पूर्ण घटनाहरू समेटेर मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्नुले राज्यलाई जवाफदेही बनाउन मद्दत गरेको छ। यसमा समेटिएका मानव अधिकार उल्लङ्घनका घटनाहरू तथ्यपरक ढङ्गबाट विश्लेषण भएको पाइयो। यसले मानव अधिकार उल्लङ्घन कर्तालाई नैतिक दवाव परेको महसुस भएको छ। यस्ता घटनाहरू सार्वजनिक गरेर पीडितहरूलाई न्याय दोषीलाई कानुनी कारबाही र घटनाहरूको न्यूनीकरण हुने विश्वास लिएको छु।

अशोककुमार घिमिरे
प्रमुख, जिल्ला समन्वय समिति, रसुवा

इन्सेकले प्रकाशन गरेको नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घनका घटनाका पीडितलाई न्याय दिलाउन, पीडकलाई दण्डित गर्न मात्र नभई आम नागरिकलाई सचेत पार्ने काम गरेको छ। यस्तो पुस्तकले आगामी दिनमा समयानुकूल परिस्कृत गर्दै लैजानु पर्ने आजको आवश्यकता देखिन्छ। पुस्तक मानव अधिकारको तथ्यांकहरूको संगालोको रूपमा रहेको छ। स्वास्थ्य, शिक्षा, वातावरण र प्राकृतिक स्रोत, आर्थिक सामाजिक, साँस्कृतिक अधिकारका विषयलाई प्राथमिकता दिनुपर्छ।

बाबुलाल तामाङ
अध्यक्ष, नागरिक समाज
तथा सभापति, नेपाल रेडक्रस सोसाइटी, रसुवा

नेपाल मानव अधिकार वर्षपुस्तकले नेपालको मानव अधिकारको अवस्था तथा मानव अधिकार हनन्का घटनाहरूबारे सूचना दिने गरेको छ। यो निकै राम्रो दस्तावेज हो। जसले गर्दा जिल्लाको मानव अधिकारको अवस्था र आगामी दिनमा गर्नु पर्ने कार्यको कार्ययोजना बनाउन मद्दत गर्दछ। मानव अधिकार हनन् न्युनीकरण गर्न तथा मानव अधिकारको संरक्षण प्रवर्द्धन गर्न यस वर्ष पुस्तकले महत्वपूर्ण भुमिका खेल्ने छ।

वेदनिधि खनाल
प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, रसुवा

नेपाल मानव अधिकार वर्ष पुस्तक प्राप्त गरी अध्ययन गरेँ। पुस्तकले आम नागरिकलाई मानव अधिकारको सूचना दिन निकै राम्रो काम गरेको छ। वर्ष पुस्तकले निरन्तरता पाओस्।

ज्ञानेन्द्रनाथ न्यौपाने
पत्रकार तथा अध्यक्ष, मानव अधिकार संरक्षण मञ्च, रसुवा

पुस्तकमा प्रकाशित सामग्रीहरू जहाँ जसले पनि सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्न सक्छ। नेपाल मानव अधिकार वर्षपुस्तक २०२४ अध्ययन गर्दा मुलुकको मानव अधिकारको अवस्था स्पष्ट हुन्छ। पुस्तकमा मानव अधिकारको तथ्याङ्कहरू सङ्ग्रहित छन्। दलित, भूमिहीन, सुकुमवासी तथा बिर्ता पीडितको समस्या गहन तवरले विश्लेषण गरी उठान गर्न सुझाव दिन चाहन्छु।

विश्वास नेपाली
कोषाध्यक्ष, मानव अधिकार तथा सामुदायिक विकास स्रोत केन्द्र, रसुवा

वर्षभरिका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू समेटेर प्रकाशित हुने नेपाल मानव अधिकार वर्ष पुस्तकले मुलुकको अवस्था छर्ल पारेको छ। यो पुस्तक अध्ययन गर्दा मुलुकको मानव अधिकारको अवस्था स्पष्ट हुन्छ। मानव अधिकारको तथ्याङ्कहरूको संगालोको रूपमा छ। यो पुस्तक प्रकाशनले मानव अधिकारको उल्लङ्घन तथा ज्यादतीका घटनाहरूमा न्यूनीकरण गर्न उल्लेखनीय भूमिका खेलेको जस्तो जस्तो लाग्छ।

दीपक लामा
अध्यक्ष, सामुदायिक रेडियो प्रशारक सङ्घ बागमती प्रदेश तथा अध्यक्ष
रेडियो रसुवा १०२.१ मेगाहर्ज धुन्चे, रसुवा

पुस्तकमार्फत सबै मानव अधिकार उल्लङ्घनका घटनाहरू बर्सेनी इन्सेकले जनतामाझ ल्याउन गरेको सराहनीय र स्वागतयोग्य काम हो। यो पुस्तक अध्ययन गर्दा मुलुकको मानव अधिकारको अवस्था स्पष्ट हुन्छ।

प्रवेश परियार
दलित अधिकारकर्मी तथा मानव अधिकार सञ्जाल, रसुवा

वर्षभरका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू समेटेर प्रकाशित हुने पुस्तकले मुलुकको अवस्था छर्लङ्ग पारेको पाइयो। पुस्तक प्रकाशनले मानव अधिकारको उल्लङ्घन तथा ज्यादतीका घटनाहरूमा न्युनीकरण गर्न उल्लेखनीय भूमिका खेलेको जस्तो जस्तो लाग्छ।

गायत्री लामिछाने

कोषाध्यक्ष, गैसस महासङ्घ, रसुवा

इन्सेकले हरेक वर्ष प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकमा मानव अधिकार उल्लङ्घनका घटनाका प्रतिवेदनहरू र अभिलेखिकरण सूचनाको महत्वपूर्ण दस्तावेजका रूपमा लिने गरिन्छ। यस पुस्तकले मानव अधिकार अवस्था तथा मानव अधिकार उल्लङ्घनका घटना न्यूनीकरणमा सचेतना समेत फैलाउन महत्वपूर्ण भूमिका खेल्दै आएको छ। नागरिकहरूको मानव अधिकार संरक्षण र संर्वद्धन गर्ने कार्यमा प्रतिबद्ध रहेको इन्सेकले प्रकाशन गर्ने पुस्तकमा मानव अधिकार उल्लङ्घनका घटनाका साथै नागरिक कर्तव्य र नागरिक शिक्षा समेत समावेश गरी अझ प्रभावकारी बनाउन सकिने देखिन्छ।

उमेशकुमार ढकाल

प्रमुख जिल्ला अधिकारी, काभ्रेपलाञ्चोक

मानव अधिकार संरक्षण, संवर्द्धन र प्रर्वद्धनमा इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकको दशकौं लामो योगदान गरेको देखिन्छ। यस पुस्तकमा मानव अधिकार अवस्थाको यथार्थ चित्रण गरिएको छ। यस पुस्तकले सम्बन्धित पक्षलाई आफ्नो जिम्मेवारी र दायित्व निर्वाहमा गर्न प्रभावकारी भूमिका निर्वाह गर्ने विश्वास लिएको छु।

बसुन्धरा खड्का

प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय,
काभ्रेपलाञ्चोक

इन्सेकद्वारा प्रकाशित हुँदै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक नेपालको मानव अधिकार अवस्थाको यथार्थ चित्रण हो। सन् २०२४ मा पनि न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकाद्वारा भए गरेका काम र मानव अधिकार संरक्षणमा खेलेको भूमिकालाई प्रष्ट रूपमा राखिएको छ।

कृष्णा भण्डारी

जिल्ला न्यायाधिवक्ता
जिल्ला सरकारी वकिल कार्यालय, काभ्रेपलाञ्चोक

नेपाल मानव अधिकार वर्ष पुस्तकमा समावेश भएका विषयवस्तुहरू सान्दर्भिक छन्। तथापि समयको परिवर्तनसँगै मानव अधिकारको परिभाषा पनि परिवर्तन भएको छ। पर्यावरणीय अधिकार अबको मानव अधिकारको मुख्य विषय बन्नु पर्छ। वातावरण परिवर्तनको कारण विश्व समुदायमा पारेको प्रभाव अबको पुस्ताको प्रमुख चिन्ताको विषय बनेको छ। अब हामी सबैको ध्यान पृथ्वी जोगाउन तर्फ केन्द्रित हुनुपर्छ। पृथ्वी जोगियो भने मात्र मानव समुदाय जोगिन्छ। पृथ्वी रहेन भने हामी कोही पनि रहँदैनौँ। पृथ्वी जोगाउने सवाल मानव अधिकारको प्रमुख सवाल बन्नुपर्छ।

आनन्दकुमार श्रेष्ठ

सभापति, बागमती प्रदेश उद्योग, पर्यटन तथा
वातावरण समिति

नेपाल मानव अधिकार वर्ष पुस्तक नेपालको मानव अधिकारको महत्वपूर्ण दस्तावेज हो। मानव अधिकारको विषयमा अध्ययन र खोज गर्नेको लागि यो स्रोत सामाग्री पनि हो। पुस्तकमा समेटिएका सबै विषयवस्तु महत्वपूर्ण छन्। विगत लामो समयदेखि यो पुस्तक एउटै फरम्याटमा आइरहेको छ। परिवर्तित समय अनुसार मानव अधिकारको विषयका क्षेत्र पनि फैलिएका छन्। त्यसलाई पनि पुस्तकले समेट्न सक्नु पर्छ।

पाण्डव प्रसाईं

अध्यक्ष, जिल्ला बार एशोसिएशन, रामेछाप

नेपालको संविधान जारी हुनु भन्दा अघि र त्यस पश्चात निर्माण गरिएका कानुन मानव अधिकारसँग सम्बन्धित रहेका छन्। कतिपय कानुनहरू मानव अधिकार मैत्री बनाउन आवश्यक संशोधन गर्नुपर्ने देखिन्छ। पाचौं मानव अधिकार राष्ट्रिय कार्य योजना हाल कार्यान्वयनको अवस्थामा रहेको छ। दिगो विकास लक्ष्य सन् २०१५ देखि २०३० सम्म गरिबी उन्मुलन, समृद्धिका लागि एक सम्मान न्यायपूर्ण र सुरक्षित विश्व निर्माण गर्ने परिकल्पना गरेको छ। त्यसैले दिगो विकासका १७ ओटै लक्ष्यहरू मानव अधिकारसँग सम्बन्धित रहेकाले तिनको कार्यान्वयमा मानव अधिकारमुखी विकास पद्धतिका बारेमा वर्ष पुस्तकमा समावेश गर्न आवश्यक छ।

मातृका भट्टराई 'बसन्त'

सदस्य, प्रदेशसभा बागमती प्रदेश सिन्धुली

हाम्रो मुलुकबाट धैरै मानिस रोजगारीका लागि विदेशिने गरेका छन्। आप्रवासी कामदारहरू न्यूनतम

ज्यालाबाट वञ्चित भएका छन्। घरेलु कामदारहरू जोखिममा पर्ने गरेको र उनीहरूको श्रमशोषण हुने गरेका विषय आम सञ्चार माध्यममा प्रशारण र प्रकाशित भइरहेका छन्। यस्ता विषय मानव अधिकार वर्ष पुस्तकमा समावेश गर्न आग्रह गर्दछु।

कारसाङ लामा

प्रमुख, जिल्ला समन्वय समिति सिन्धुली

अधिकार र दायित्वको समुचित प्रयोग र परिपालनाबाट मानव अधिकार मैत्री समाजको निर्माण हुन सक्छ। त्यसैले मानव अधिकार पुस्तकमा उल्लेख गरिएका सम्पूर्ण विषयवस्तुले हामी सबैलाई सूचना सन्देश मार्फत चेतना प्रवाह गरेको छ। त्यसैले मानव अधिकार पुस्तकमा उल्लेख गरिएका सम्पूर्ण विषयवस्तुले हामी सबैलाई आफ्नो अधिकार कर्तव्य र दायित्वप्रति संवेदनशील बन्न प्रेरणा प्रदान गरेको छ। मानव अधिकार वर्ष पुस्तकले सधैँभरि खबरदारी गर्ने र जनतालाई सुसूचित गर्ने दायित्व बोध गराउन इन्सेकले भूमिका खेलेको छ।

दिनेश अधिकारी

प्रमुख, दुधौली नगरपालिका, दुधौली बजार, सिन्धुली

हाम्रो देशको मानव अधिकारको कुरा गर्दा सङ्क्रमणकालीन न्यायको विषयलाई अलग राख्न मिल्दैन। दश वर्ष लामो सशस्त्र सङ्घर्षको समयमा भएका मानव अधिकार उल्लङ्घनका घटनाका पीडितहरूको न्याय र परिपूरणका विषय हामी सबैको साझा सरोकार र जिम्मेवारीको विषय हो। मानव अधिकार वर्ष पुस्तकले यस्ता विषयलाई प्राथमिकतामा राख्नुपर्छ।

उपेन्द्रकुमार पोखरेल

प्रमुख, कमलामाई नगरपालिका, सिन्धुली

नेपालमा राजनीतिक तथा नागरिक अधिकारको अवस्था विगतको तुलनामा अहिले सुधिएको छ। शासन प्रणाली परिवर्तन र सशस्त्र सङ्घर्ष अन्त्य भएपछि मानव अधिकार उल्लङ्घन सम्बन्धी घटनामा कमी आएको इन्सेकको तथ्याङ्कले प्रष्ट पारेको छ। लोकतान्त्रिक आन्दोलनको परिवर्तनले राजनीतिक, सामाजिक, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारहरू संविधानका मौलिक हकका रूपमा स्थापित गरेका छन् मानव अधिकार वर्ष पुस्तकले सङ्घीयता र मानव अधिकार अवस्थाको बारेमा चित्रण गरेको पाइन्छ।

कर्णबहादुर मगर

अध्यक्ष, तीनपाटन गाँउपालिका लाम्पान्टार, सिन्धुली

नेपालको संविधानले सुनिश्चित गरेका मानव अधिकारसँग अन्तरनिहित विषयवस्तुहरू कार्यान्वयनको क्षेत्रमा निकै अप्ठयारो भएको छ। बेरोजगारीका कारण नेपाली युवाहरू विदेश पलायन भएका छन्। शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात र सार्वजनिक सेवा र उपभोगको उचित व्यवस्थापनको संस्थागत विकास हुन नसक्नुले नै नेपालमा मानव अधिकारको अवस्था राम्रो मान्न सकिँदैन। मानव अधिकार वर्ष पुस्तकमा पछाडि पारिएको समुदायको आवाजलाई समेट्न आग्रह गर्दछु।

बज्रध्वज वाइवा

अध्यक्ष, हरिहरपुर गढी गाउँपालिका, झनझने, सिन्धुली

लिङ्गका आधारमा, अन्धविश्वास र कुप्रथाका आधारमा गरिने हिंसासमेत महिला मानव अधिकार उल्लङ्घनभित्र पर्छ। तर, राज्यले न प्रभावकारी रूपमा अनुगमन गर्न सकेको छ न पीडकलाई कारबाही गर्न। विद्यमान कानुनको आधारमा मात्रै अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार मानव अधिकारको पूर्ण प्रत्याभुति दिन नसकिने भएकाले कानुनी संरचनात्मक सुधारमा राज्यले ध्यान दिनु जरुरी छ।

दीपा बोहोरा (दाहाल)

अध्यक्ष, सुनकोशी गाउँपालिका रामटार सिन्धुली

मानव अधिकार प्रर्वधन र संरक्षणका लागि सङ्घ, प्रदेश र स्थानीय तहबिच अधिकारको सूची नै उल्लेख गरी बाँडफाडसमेत गरेको छ। स्थानीय सरकारहरू कानुन कार्यान्वयन गरी मानव अधिकार संरक्षण संवर्द्धन तथा मर्यादित बनाउन प्रतिबद्ध रहेका छन्।

मानव अधिकार वर्ष पुस्तकमा समावेश कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाभित्रका विषयवस्तुले हामीलाई गाउँपालिकामा गर्नुपर्ने कामका बारेमा जानकारी लिन सजिलो माध्यम बनेको छ।

विमर्श मोक्तान

अध्यक्ष, मरिण गाउँपालिका, सिन्धुली

संविधान प्रदत नागरिकको हकलाई स्थापित र कार्यान्वयन गर्ने सर्न्दभमा जे जति हुनु पर्दथ्यो, त्यो हुन सकेको छैन। नेपालको संविधानले आत्मसात गरेको सङ्घीय लोकतान्त्रिक, गणतन्त्र, धर्म निरपेक्षता, समावेशी समानुपातिक निर्वाचन प्रणालीको सर्न्दभमा सैद्धान्तिक रूपमा सबै दल सहमत भए पनि यसको कार्यान्वयन गर्ने निकाय फितलो छ। संविधान कार्यान्वयन र मानव अधिकार संरक्षणमा सन् २०२४

ले प्राथमिकता पाउन नसकेको विषय सन् २०२५ को वर्ष पुस्तकमा उल्लेख गर्न आवश्यक छ।

पार्वती सुनुवार

अध्यक्ष, फिक्कल गाउँपालिका, सिन्धुली

राज्यले सङ्क्रमणकालीन न्याय निरूपण गर्न प्रयत्न गर्न सकेको छैन। शान्ति सम्झौता भएको २० वर्ष बितिसक्दा पनि पीडितहरूले न्याय पाउन नसक्नु अन्याय पूर्ण अवस्था हो। मुलुकमा महिला हिंसा, मानव बेचबिखन, मानव अधिकार उल्लङ्घन जातीय छुवाछुतका घटना कमी नआएको वर्ष पुस्तकको तथ्याङ्कले प्रष्ट पारेको छ।

शङ्करराज बराल

अध्यक्ष, गोलञ्जोर गाउँपालिका, ग्वालटार, सिन्धुली

नेपालको संविधानको धारा १३ देखि ४८ सम्म मौलिक हकका व्यवस्था गरिएको छ। मौलिक हकको कार्यान्वयन गर्ने प्रमुख जिम्मेवार निकायले मानव अधिकार उल्लङ्घन गरेको प्रमाण पाइन्छ। नेपाली युवा रोजगारी तथा अध्ययनका लागि विदेशमा जाने र कतिपय परिवार बसाइसराइले अन्य ठाउँ जाने क्रम बढेको छ। मुलुकमा असमानता विकृति, विसङ्गति, भ्रष्टाचार बढेको वर्षपुस्तकबाट छर्लङ्ग हुन्छ। विधिको शासनमा सरकारले खेलवाड गरिरहेको छ। अदालतले दोषी ठहर गरेको व्यक्तिहरूलाई राजनीतिक प्रभावका आधारमा माफी दिने काम भएका छन्। मानव अधिकार रक्षा र प्रवर्द्धन गर्न अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सदैव क्रियाशील रहेको छ। नागरिकका आवाजहरूलाई सम्बोधन गर्न वर्ष पुस्तक मार्फत आवाज उठाउने काम गरेकोमा त्यस संस्थालाई धन्यवाद दिन चाहान्छु।

जगतबहादुर भोलन

अध्यक्ष, घ्याङलेख गाउँपालिका, बस्तीपुर हायुटार, सिन्धुली

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको अवस्थाका बारेमा चित्रण गरेको छ। मानव अधिकार उल्लङ्घनका घटनाहरू दस्तावेज रहेको छ। समय अनुकूल परिमार्जन र गतिशीलताका उदाहरणहरू पनि धेरै मात्रामा प्रस्तुत गरेको हामी माझ छर्लङ्ग भएको छ। सातै ओटा प्रदेशहरूको तुलनात्मक अवस्था बुझ्न सकिने गरी मानव अधिकार, उल्लङ्घन सूचकाङ्क प्रस्तुत गरिएको पाइएको छ। आगामी दिनहरूमा वर्षपुस्तक अझै वस्तुनिष्ठ, खदिलो र उपयोगी बनाउँदै लैजाने र यसका दिगोपनका उपायहरू पनि खोज्दै जानु आवश्यक देखिन्छ। तथ्य सङ्कलन, सम्पादन परिमार्जन गरी उच्चस्तर कायम राख्न र प्रभावकारी बनाउन सबैको साथ र सहयोगको अपेक्षा गर्दछौँ।

रुद्रबहादुर खड्का

प्रधान सम्पादक, स्वाधीन खबरपत्रिका, सिन्धुली

इन्सेकले नियमित रुपमा प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार संरक्षण र संवर्द्धनमा राज्यलाई सहयोग पुगेको छ। इन्सेक जस्ता संस्थाले मानव अधिकार कार्यान्वयनका लागि सरकारलाई खबरदारी गरिरहनु पर्छ । सरकारले मानव अधिकारको उल्लङ्घन गर्ने नभई संरक्षण गर्छ तर, कानुन कार्यान्वयनको क्रममा कहीँ कतै मानव अधिकारको हनन् हुन गएमा खबरदारी गर्नुपर्छ। मानव अधिकार वर्ष पुस्तकले देशको मानव अधिकार अवस्थाको बारेमा पनि चित्रण गर्छ। यो पुस्तकमा नागरिकको मानव अधिकारको विषय सँगसँगै नागरिकको कर्तव्य र जिम्मेबारीको बारेमा पनि उल्लेख भएमा अझ राम्रो हुने थियो।

श्यामकृष्ण थापा

प्रमुख जिल्ला अधिकारी, तनहुँ

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको बारेमा राज्यसँगै नागरिक समाजलाई पनि यथार्थ जानकारी दिएको हुन्छ। मानव अधिकारको घटना राज्यसँग सम्बन्धित हुने भएकोले प्रहरीले मानव अधिकार हनन्का घटनामा शून्य सहनशीलताको नीति लिएको छ। मानव अधिकारको संरक्षण र संवर्द्धनको लागि प्रहरीले विभिन्न स्थानमा सचेतनाको कार्यक्रम गर्दै आइरहेको र राज्य नै मानव अधिकारको मुख्य संरक्षक भएको हुँदा मानव अधिकार र मौलिक हकमा समावेश भएका अधिकारहरू नागरिकलाई उपलब्ध गराउनु राज्यको मुख्य दायित्व हो। घरेलु हिंसा अन्त्यका लागि र मानव अधिकारको प्रत्याभूतिका लागि कानुन बमोजिम कार्य गर्नु पर्छ। इन्सेक अभियानले मानव अधिकारको संरक्षण र संवर्द्धनमा राज्यलाई सहयोग गर्दै आएको छ।

वीरेन्द्रबहादुर शाही

प्रहरी उपरीक्षक

जिल्ला प्रहरी कार्यालय, तनहुँ

मानव अधिकार वर्ष पुस्तकले देशको मानव अधिकार अवस्थाका बारेमा सबैलाई जानकारी दिन्छ। यो पुस्तक विशेष गरी कानुन व्यवसायीलाई झन अति महत्त्वपूर्ण छ। पुस्तकमा अदालतमा विचाराधीन

मुद्दाहरूका बारेमा पनि उल्लेख गरिएको पाइन्छ। अदालतमा विचाराधीन मुद्दाको विषयमा मानव अधिकार वर्ष पुस्तकमा राख्न हुँदैन। यसले मुद्दालाई नै प्रभावित पार्न सक्छ।

डम्बरदेव हड्खले

अध्यक्ष, जिल्ला बार एशोसिएशन, तनहुँ

मानव अधिकारको प्रसङ्ग उठाइरहँदा जातीय विभेदका मुद्दालाई पनि सँगसँगै उठाउनु जरुरी छ। अहिलेको अवस्थामा पनि जातीय विभेदका मुद्दाहरू समाजमा देखा पर्नु दुखद् कुरा हो। इन्सेकले आफ्नो वर्ष पुस्तकमा जातीय विभेदका घटनाहरूलाई पनि प्राथमिकताका साथ उठान गरेर यसको न्यूनीकरणमा सहयोग पुऱ्याउनु पर्छ।

विष्णुराम बिक

प्रमुख, जिल्ला समन्वय समिति, पर्वत

राज्यपक्ष र अन्यपक्षबाट भएका घटनाहरूको अतिरिक्त परिवार र समाजबाट खासगरी महिला, बालबालिका एवम् पिछडिएका वर्ग माथि हुने गरेका अमानवीय घटना र व्यववहार समेत खोजमुलक ढङ्गबाट पुस्तकमा समावेश गर्न सके अझै उपयोगी हुन्छ।

दिलिप पौडेल

अध्यक्ष, जिल्ला बार एशोसिएशन इकाइ, पर्वत

मानव अधिकारको सम्बर्द्धनका लागि राज्य तहबाट अझै चासो दिन पर्ने देखिएको छ। राज्यका न्यायिक तथा अर्धन्यायिक निकायमा पनि विभिन्न घटनाका पीडितहरूले अझै पनि सहज रुपमा सेवा लिन नसकिरहेको अवस्था छ। दुरदराजमा पुगेर मानव अधिकार सम्बद्ध घटनाहरूलाई मसिनो गरी नियालेर मानव अधिकार वर्ष पुस्तक प्रकाशनका क्रममा यस्ता प्रकारका घटनाहरू पनि समावेश हुनु पर्छ।

लक्ष्मण सापकोटा

अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, पर्वत

कास्की जिल्लामा मानव अधिकारको अवस्था सामान्य नै छ। यो राज्यको दायित्व पनि हो। विशेषगरी कैदीबन्दी, लैङ्गिक हिंसा, जातीय विभेदका विषयमा कास्की जिल्ला प्रशासन सचेत छ। यस्ता हिंसा र गतिविधिलाई रोक्न हामीहरूले सचेतनात्मक क्रियाकलापदेखि शान्ति सुरक्षाका विषयमा निष्पक्ष भएर काम गरेका छौँ। यसमा इन्सेकलगायतका संस्थाहरूको सल्लाह सुझाव लिएर नै अगाडि बढिरहेका छौँ।

भरतमणी पाण्डे

प्रमुख जिल्ला अधिकारी, कास्की

मानव अधिकारको विषयमा नेपाल प्रहरी सदैव सचेत छ। मुद्दाको अवस्था र शान्ति सुरक्षाको विषयमा नेपाल प्रहरी सक्षम छ। हामी हाम्रो काम कानुन सम्मत नै गरिरहेको छौँ र गर्छौं। नेपाल प्रहरीले मानव अधिकार उल्लङ्घनका घटनाको न्यूनीकरणका लागि हरसम्भव प्रयास गरिरहेको छ।

श्यामबाबु ओलीया

एसपी, जिल्ला प्रहरी कार्यालय, कास्की

नेपाल मानव अधिकार वर्ष पुस्तकले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारका विषयलाई पनि उजागर गर्न थालेकोमा खुशी लागेको छ। मुख्य गरी हिमाली जिल्ला रुकुम पूर्वमा यस्ता समस्या धेरै छन्। खासगरी शिक्षा, स्वास्थ्य, रोजगारी र खाद्य अधिकारका विषयलाई वर्ष पुस्तकमा समेटियोस् भन्ने आशा छ।

किरण गौतम

सदस्य, जिल्ला बार इकाइ, रुकुम पूर्व

नेपाल मानव अधिकार वर्ष पुस्तकले रुकुम पूर्वको मानव अधिकार अवस्था उजागर गरेको छ। तर सबै विषय समेटिएको जस्तो लागेन। दुर्गम र कान्छो जिल्लाका मानव अधिकारका थुप्रै विषयलाई वर्ष पुस्तकमा समेटेर राज्यको ध्यानाकर्षण गराउने काम वर्ष पुस्तकबाट हुनेछ भन्ने अपेक्षा छ।

बसन्त बाँठामगर

अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, रुकुम पूर्व

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको सवालको दस्ताबेज बनेको छ। सबै खाले मानव अधिकार उल्लङ्घनका विषय समावेश भएको अनुभूति गरेको छु। यसले घटनाको दोषीलाई कारबाही र पीडितलाई न्याय दिलाउनमा निष्पक्ष भूमिका निर्वाह गरेको छ। साथै आम नागरिकमा मानव अधिकारको महत्व र न्यायिक निकायलाई थप गम्भीर बनाइ फैसला गर्न प्ररित गरेको छ।

कमल विक

अध्यक्ष, राष्ट्रिय दलित पत्रकार सङ्घ नेपाल
जिल्ला शाखा, प्यूठान

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२५ प्रकाशन हुन लागेकोमा धेरै खुसी लागेको छ। मानव अधिकार संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनका लागि इन्सेकको भूमिका अग्रणी रहेको छ। मानव अधिकारको सम्मानको लागि इन्सेक र प्रहरीबिचको सम्बन्ध थप मजबुत हुँदै जाने कुरामा विश्वास व्यक्त गर्न चाहन्छु।

दिपेश बस्याल

प्रहरी नायब उपरीक्षक

जिल्ला प्रहरी कार्यालय, प्यूठान

विगत लामो समयदेखि मानव अधिकारको क्षेत्रमा क्रियाशील अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा हरेक वर्ष प्रकाशन गरिने नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको अवस्थाको यथार्थ चित्रण गर्ने गरेकोमा संस्था प्रति आभार प्रकट गर्न चाहन्छु। मानव अधिकार वर्ष पुस्तकमा प्रकाशित घटनाहरूले विशेष गरी नागरिक तथा राजनीतिक अधिकार हनन् तथा उल्लङ्घनप्रति राज्यको ध्यानाकर्षण गर्दै आएको छ।

पार्वता आचार्य

संयोजक, मानव अधिकार सञ्जाल, प्यूठान

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानव अधिकार वर्ष पुस्तकको दायरा फराकिलो बनाएर आर्थिक समाजिक अधिकारका विषयहरू समावेश गर्ने र अनलाइनलाई पनि बलात्कार र हत्याका घटनाहरूको संग्रह जस्तो नबनाएर समाजका शिक्षा, स्वास्थ्य, वातावरण लगायतका समाचारमा जोड दिनुपर्छ।

अनिल खत्री

अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, गुल्मी

मानव अधिकारका विषय तीन तहका सरकारको प्राथमिकतामा छैन। त्यसैले वर्ष पुस्तकको काम सरकारकै लागि पनि राम्रो अभिलेख हो। इन्सेकले गर्ने आर्थिक सहयोग, अस्पताल, कारागार, विद्यालय, बजार अनुगमनसहित विषयगत क्षेत्रका विषय उठान र ध्यानाकर्षण सान्दर्भिक छन्। आगामी दिनमा अझै बढी क्षेत्रहरूलाई ओझिलो बनाउनुपर्छ।

पदम पाण्डेय

संयोजक, नागरिक समाज,गुल्मी

वर्ष पुस्तकमा समाजको चित्र छ। विषयहरूलाई समयानुकुल बनाएर जिल्ला तहसम्म आर्थिक, समाजिक, साँस्कृतिक तथा वातावरणीय अधिकारका विषय पुस्तकमा समावेश गर्नुपर्छ।

हरिप्रसाद गैरे

सहायक प्रमुख जिल्ला अधिकारी,

जिल्ला प्रशासन कार्यालय, गुल्मी

इन्सेकले प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तकले समग्रमा मानव अधिकारको प्रारम्भिक अवस्था सार्वजनिक गर्दछ। पुस्तक प्रकाशनले निरन्तरता पाओस् भन्ने शुभकामना।

जीवनारायण कोइराला

प्रमुख, जिल्ला समन्वय समिति, अर्घाखाँची

मानव अधिकार तथा सामाजिक न्यायका लागि समर्पित रही सो विषयमा चासोका साथ अध्ययन, अनुसन्धान गरी मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्ने कार्य अत्यन्तै प्रशंसनीय छ। मानव अधिकारको संरक्षण तथा प्रवर्द्धनमा इन्सेकले खेल्दै आएको भूमिकालाई वर्ष पुस्तक मार्फत समेटिँदै आएकोले यो पुस्तक निकै उपयोगी भएको हुँदा यसले निरन्तरता पाउने विश्वास लिएको छु।

नरारायण पौडेल

स्रेस्तेदार, अर्घाखाँची, जिल्ला अदालत

इन्सेकले प्रत्येक वर्ष प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तकले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा मानव अधिकार र न्यायका लागि महत्वपूर्ण दस्तावेजको रूपमा रहेको छ। यस वर्ष प्रकाशन हुने मानव अधिकार वर्ष पुस्तक २०२५ महिला बालबालिकाको अधिकार साथै शिक्षा, स्वास्थ्य, खाद्य र वातावरणको अधिकार प्रत्याभूतिका लागि दवाब सृजना गर्न सफल होस् भन्ने शुभकामना व्यक्त गर्दछु।

बाबुराम अर्याल

प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय, अर्घाखाँची

नेपाल मानव वर्ष पुस्तकले मानव अधिकार र न्यायका लागि महिला, दलित, अल्पसंख्यक तथा पछाडि पारिएका वर्ग समुदायको पक्षमा पैरवी गर्दै अधिकार सम्पन्न गराउन महत्वपूर्ण योगदान दिँदै आएकोमा उच्च सम्मानसहित प्रकाशन हुन लागेको नेपाल मानव अधिकार वर्ष पुस्तक २०२५को सफलताको हार्दिक शुभकामना।

विष्णु परियार

संयोजक, जिल्ला दलित अधिकार सञ्जाल, अर्घाखाँची

इन्सेकले मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा लामो समयदेखि महत्वपूर्ण काम गर्दै आएको छ। हरेक वर्ष प्रकाशन हुने नेपाल मानव अधिकार वर्ष पुस्तक गतिलो दस्ताबेज हो। नेपालको मानव अधिकार अवस्थाबारे जान्न बुझ्नका लागि यो पुस्तक सहयोगी भएको छ। इन्सेकको यो रचनात्मक अभियानको निरन्तरताको कामना गर्दछु।

टङ्कनाथ खनाल
प्रमुख जिल्ला समन्वय समिति, पाल्पा

बगनासकाली गाउँपालिकामा पनि इन्सेकले सञ्चालन गरेको कार्यक्रमले राम्रो प्रभाव पारेको थियो। अहिलेसम्म पनि त्यसको राम्रो प्रभाव परेको छ। नेपाल मानव अधिकार वर्ष पुस्तकमा स्थानीय तहहरूले गर्दै आएका मानव अधिकार सम्बन्धी रचनात्मक पहलहरूबारे पनि प्रकाशन गर्न सके अझ राम्रो र प्रभावकारी हुने थियो।

सरस्वती दर्लामी चिदी
अध्यक्ष, बगनासकाली गाउँपालिका, पाल्पा

इन्सेकले इन्सेक अनलाइनमार्फत् मानव अधिकार पत्रकारिता गर्दै आएको छ भने लामो समयदेखि नेपाल मानव अधिकार वर्ष पुस्तक मार्फत मानव अधिकारको अवस्थाको चित्रण गर्दै आएको छ। हरेक जिल्लामा जिल्ला प्रतिनिधिहरू मार्फत सही र सत्य सूचना गरी इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकको निरन्तरताको कामना गर्दछु।

कमलराज तिमिल्सेना
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, पाल्पा

मानव अधिकार वर्ष पुस्तक २०२५ प्रकाशन हुन लागेको थाहा पाउँदा खुशी व्यक्त गर्दछु। मानव अधिकार घटनाका विषयमा नवलपरासी जिल्लामा घटेका घटनालाई समेटेको हुँदा यस जिल्लावासीलाई झनै सङ्गहणीय बनेको छ। यस पुस्तकमा मानव अधिकारका सम्बन्धमा डिजिटल हिंसाका घटनाहरूलाई पनि समेट्नु आवश्यक देखिन्छ।

वरिष्ठ अधिवक्ता धन जैशी शर्मा
अध्यक्ष, नेपाल बार एसोसियशन, नवलपरासी (पश्चिम)

मानव अधिकारको सम्मान, संरक्षण र त्यसको प्रभावकारी कार्यान्वयन गरि प्रत्येक नागरिकलाई अधिकारको उपभोगको ग्यारेन्टी गर्ने सरकार (राज्य) को दायित्व हो। सरकार तथा सेवा प्रवाह गर्ने निकायहरूले प्रवाह गरेको सेवाहरूको अनुगमन गरी नागरिकको अधिकारको उपभोगको क्रममा आएका समस्याहरूको अभिलेखीकरण गरी राज्य र निकायहरूलाई जिम्मेवार बनाउनको लागि नेपाल मानव अधिकार वर्ष पुस्तकले महत्वपूर्ण भूमिका खेलेको छ। मानव अधिकारको प्रत्याभूतिको लागि सरोकारवाला सबैको दायित्वबोध, कानुनको प्रभावकारी कार्यान्वयन र नागरिक सचेतना अभिवृद्धि गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्न मानव अधिकार वर्ष पुस्तक सहयोगी बनेको छ।

हरिप्रसाद ज्ञवाली
प्रमुख, राष्ट्रिय मानव अधिकार आयोग
लुम्बिनी प्रदेश कार्यालय, बुटवल

मानव अधिकारका विभिन्न आयामहरूलाई तथ्य र तथ्याङ्कसहितको विश्लेषणबाट नेपालमा मानव अधिकारको वर्तमान अवस्थालाई उजार गरी इन्सेकद्वारा हरेक वर्ष प्रकाशन हुने नेपाल मानव अधिकार वर्ष पुस्तक यस वर्ष पनि प्रकाशन हुने जानकारी पाउँदा मलाई खुसी लागेको छ। राज्यका कानुन कार्यान्वयन गर्ने निकायहरूलाई मानव अधिकारका विषयहरूमा सचेत गराउन र समाजका हरेक व्यक्तिलाई आफ्ना अधिकारका बारेमा जानकारी दिनुका साथै कर्तव्य बोध समेत गराउन महत्वपूर्ण दस्तावेज हुनेछ भन्ने विश्वास तथा अपेक्षा लिएको छु।

रञ्जितसिंह राठोर
एसपी, जिल्ला प्रहरी कार्यालय, रुपन्देही

इन्सेकले विगतका वर्षहरूमा जस्तै यो वर्ष पनि नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्न लागेको थाहा पाउँदा निकै खुसी लागेको छ। नेपाल मानव अधिकार वर्ष पुस्तकबारे राजनीतिक दलका धारणा समेट्नु आफैमा प्रशंसनीय छ। लामो समयदेखि मानव अधिकारको क्षेत्रमा क्रियाशील इन्सेकले मानव अधिकार उल्लङ्घन, ज्यादती र मानव अधिकार हननका पीडितका क्षेत्रमा सराहनीय कार्य गर्दै आएको छ। यी र यस्ता घटना विवरणलाई सङ्कलन गरी तथ्यपरक रूपमा पुस्तक प्रकाशन गरी अभिलेखीकरण गर्ने इन्सेकको कार्य प्रशंसनीय छ। मानव अधिकार विषयमा अध्ययन, अनुसन्धान गर्नेहरूका लागि यो पुस्तक अत्यन्तै उपयोगी सावित भएको छ।

रामकृष्ण खाँण
सभापति, नेपाली कांग्रेस जिल्ला कार्यसमति, रुपन्देही

नेपालमा धेरै लामो समयदेखि मानव अधिकारको संरक्षण, प्रवर्द्धन र अभिलेखिकरणको क्षेत्रमा इन्सेक नेपालले संस्थागत रूपमा कार्य गर्दै आएको र यसले मानव अधिकारको संरक्षणमा महत्वपूर्ण भूमिका खेलेको कुरामा कुनै शंका छैन। इन्सेकले देशको समग्र मानव अधिकारको अवस्थालाई नागरिकसम्म पुऱ्याउनका लागि र राज्यलाई मानव अधिकारको परिपालनाका लागि घचघच्याउने कार्य गर्दै आएको छ। विगत लामो समयदेखि वार्षिक रूपमा प्रकाशन गरिँदै आएको पुस्तकले समग्र देशको मानव अधिकारको अवस्थाको चित्रण गरेकाले पुस्तक पढन र जान्न पाउनु निकै गर्वको कुरा हो।

निर्मल जि.सी.

नेकपा माओवादी केन्द्र, संयोजक रुपन्देही

इन्सेक मानव अधिकार र कानुनी शासनका लागि क्रियाशील अग्रणी संस्था रहेको भन्ने कुरामा दुईमत छैन। यसले नेपालमा भएका मानव अधिकार उल्लङ्घनका घटनामा राज्य पक्षलाई सजग गराउने, पीडकलाई कानुनको दायरामा ल्याउने र पीडितलाई न्याय र मानव अधिकारको प्रत्याभूति दिलाउने कार्यमा सरहानीय भूमिका खेलेको छ।

शिवप्रसाद गौडेल

वरिष्ठ अधिवक्ता, भैरहवा, रुपन्देही

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। खास गरेर मानव अधिकार उल्लङ्घनको विषयमा जिल्लाका कुना काप्चामा पुगेर मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई लिपीवद्ध गर्ने सचेत गराउने, सम्बन्धित निकायहरूसम्म पुऱ्याउने र सरोकारवाला सबै निकायलाई मानव अधिकारको पक्षमा उल्लेखनीय भूमिका निर्वाह गर्न सचेत बनाउने काम गरेको छ। नियमित अन्तरक्रिया, छलफल र सुझाव लिने काम इन्सेकले गर्दै आएको छ।

यज्ञ गैरे

जिल्ला अध्यक्ष, नेकपा एमाले, रुपन्देही

मानव अधिकार क्षेत्रमा खोज, अध्ययन, अनुसन्धान तथा सो सम्बन्धमा प्रदेश र जिल्लागत तथ्याङ्कसमेत समावेश गरी इन्सेकले हरेक वर्ष मानव अधिकार वर्ष पुस्तक प्रकाशित गर्दै आएको छ। मानव अधिकारका विषयमा इच्छुक व्यक्तिहरूले यस पुस्तकबाट धेरै जानकारी प्राप्त गर्न सक्छन्। यसका अलावा यसले मानव अधिकारको संरक्षण, संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनमा टेवा पुऱ्याउने देखिन्छ।

उमाकान्त चपाई

प्रमुख, जिल्ला समन्वय समिति, रुपन्देही

इन्सेकले प्रत्येक वर्ष मानव अधिकार वर्ष पुस्तक प्रकाश गरेर देशको समग्र मानव अधिकारको अवस्था जानकारी गराउने प्रयास सराहनीय रहेको छ। वर्ष पुस्तकमा मानव अधिकार संरक्षणमा राज्यले थालेका प्रयासहरूका विषयहरू पनि समावेश हुनुपर्छ। अन्तर्राष्ट्रिय स्तरमा समेत यो पुस्तकले प्रभाव पार्ने हुँदा मानव अधिकार उल्लङ्घनका घटना मात्र नभएर मानव अधिकार संरक्षणमा नागरिकको भूमिका समेत समावेश हुनुपर्छ।

निरञ्जनदत्त भट्ट

एसपी, जिल्ला प्रहरी कार्यालय, कपिलवस्तु

मनव अधिकारसँग सम्बन्धित घटना र त्यसको समीक्षा सहितको विवरणका आधारमा तयार पारिएको नेपाल मानव अधिकार वर्ष पुस्तकको प्रकाशनले मुलुकको मानव अधिकारको अधिकारको अवस्थालाई उजागर गरेको छ। जिल्लागत रूपमा उल्लेख गरिएका घटनाले यस क्षेत्रमा काम गर्ने सरोकारवाला निकायहरू र पदाधिकारीहरूलाई थप जिम्मेवार भई मानव अधिकारको संरक्षण र संवर्द्धनमा अझ बढी काम गर्नुपर्ने अवस्था देखिएको छ।

विश्वप्रकाश अर्याल

प्रमुख जिल्ला अधिकारी, कपिलवस्तु

मानव अधिकार वर्ष २०२४ पुस्तकको सन्देश र मार्गनिर्देशलाई हामी सबैले पालना गरी सभ्य सुसंस्कृत समाज निर्माण गर्न सबैले आ-आफ्नो क्षेत्रबाट योगदान पुऱ्याउनु पर्छ। मानव अधिकार समान रूपले उपभोग गर्न पाउनु हरेक मानवको अधिकार हो। आगामी वर्षहरूमा मानव अधिकारको पूर्ण पालना भएको संसार हेर्न र देख्न पाइयोस्। शुभकामना !

बाबुराम आचार्य

समन्वय प्रमुख, जिल्ला समन्वय समिति, कपिलवस्तु

नेपालमा मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको इन्सेकले प्रकाशन गरेको नेपालमा मानव अधिकार वर्ष पुस्तकहरूले देशभित्रका विभिन्न जिल्लाहरूमा मानव अधिकार उल्लङ्घनमा देखा परेका घटनाहरूलाई तथ्यपरक ढङ्गले उजागर गर्ने गरेको छ। न्यायालय, सुरक्षा निकाय, नेपाल सरकारकार विभिन्न प्रशासनिक निकायहरू, सामाजिक

र राजनीतिक क्षेत्रमा काम गर्ने व्यक्ति व्यक्तित्वहरूलाई यस्ता घटनाहरू न्यूनीकरण गर्नका लागि मद्दत पुग्ने अपेक्षा गर्न सकिन्छ।

डम्मर शर्मा

प्रदेश कमिटी सदस्य, नेकपा एमाले

नेपाल मानव अधिकार वर्ष पुस्तकमा हामी यौनिक अल्पसङ्ख्यकहरू माथि हुने विभेद र हिंसाका घटनालाई पनि समावेश गरे अझ राम्रो हुने थियो। पल पलमा हामी माथि हिंसा भइरहेका छन्। हामीहरूलाई मान्छेहरूले मजाकको विषय बनाइरहेका छन्। हाम्रो पहिचान र अधिकारको विषय वर्ष पुस्तक समेटिए सरोकारवालाहरू गम्भीर बन्ने थिए।

भूमि यौनिक

अल्पसङ्ख्यक दाङ

नेपाल मानव अधिकार वर्ष पुस्तकले हाम्रो वास्तविकता दर्शाउने काम गरेको छ। जसले नीति निर्माणका कार्यक्रमका बनाउन मद्दत पुगेको छ। अझ स्थानीय सरकारलाई आफ्ना कार्यक्रम निर्माणमा सहज भएको छ। उपमहानगरलाई लैङ्गिक हिंसा नियन्त्रित पालिका बनाउने अभियानलाई वर्ष पुस्तकले टेवा मिलेको छ।

हुमा डिसी

उपप्रमुख, घोराही उपमहानगरपालिका

नेपालको मानव अधिकार संरक्षण, प्रर्वद्धन र संवर्द्धनका क्षेत्रमा विगत लामो समयदेखि क्रियाशील इन्सेकले मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आएको छ। यो पुस्तकले हामी मानव अधिकार रक्षक तथा कानुन कार्यान्वयनको जिम्मेवारीमा रहेका सवैका लागि आफना सकरात्मक पक्ष र सुधार गर्नुपर्ने पक्ष बारे जानकारी लिन र मानव अधिकारको क्षेत्रमा थप संवेदनशील भई लाग्न प्रेरित गरिरहेको छ।

खगेन्द्रप्रसाद रिजाल

प्रमुख जिल्ला अधिकारी, बाँके

मानव अधिकार संरक्षण, संवर्द्धन र सचेतना अभिवृद्धिका लागि इन्सेकले विगतदेखि निरन्तर रूपमा पुऱ्याउँदै आएको योगदान अत्यन्त सराहनीय र उदाहरणीय छ। समाजमा भएका मानव अधिकार विरुद्धका घटनाहरूको सत्य तथ्यको खोज सहितको अभिलेखीकरणले एउटा आधिकारिक दस्तावेजको स्थान लिन सफल भएको छ।

सरोजनिधि वाग्ले

स्रेस्तेदार, तुलसीपुर उच्च अदालत इजलास नेपालगञ्ज

नेपाल मानव अधिकार वर्ष पुस्तक सत्य तथ्य घटनामा आधारित अभिलेख हो। नेपालको मानव अधिकारको अवस्थाको चित्रण यस पुस्तकले दिएको छ। द्वन्द्व पीडितहरूको लागि वर्ष पुस्तकले स्मृति पुस्तकको काम गरेको छ। सशस्त्र द्वन्द्वको समयावधिमा सङ्कलित उल्लङ्घन र ज्यादतीका घटनाका अभिलेखहरूले द्वन्द्व पीडितहरूलाई न्यायको खोजीका लागि वकालत गर्न ठूलो बल पुगेको छ।

भागीराम चौधरी

अध्यक्ष, द्वन्द्व पीडित समिति, बर्दिया

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई तथ्यपरक ढङ्गबाट विश्लेशण गरी सार्वजनिक गरिँदा पीडितलाई न्याय र पीडकलाई सजाय दिलाई न्याय सम्पादन गर्न सहज बनेको छ। यस पुस्तकमा उल्लेख हुने घटनाहरूले सरोकारवाला निकायलाई जिम्मेवार जवाफदेही बनाई सिङ्गो समाजलाई मानव अधिकारको पक्षमा भूमिका खेल्न प्रेरित गर्दछ भन्ने विश्वास लिँदै यसको उच्च मूल्याङ्कन गर्दछु।

केदार खनाल

प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय बर्दिया

इन्सेकले मानवीय मूल्य मान्यताको रक्षाका लागि आवाज उठाउँदै आएको छ। यसले मानव अधिकारको क्षेत्रमा खोज, अध्ययन, अनुसन्धान र मानव अधिकारको संरक्षण, संवर्द्धन तथा यसको प्रभावकारी कार्यान्यवनका लागि सम्बद्ध पक्षलाई घच्घचाउँदै आएको छ।

कपिल पौड्याल

स्रेस्तेदार, जिल्ला अदालत, बर्दिया

अदालतमा दर्ता भएका मानव अधिकारको गम्भीर उल्लङ्घनको मुद्दामा हुने न्यायिक प्रकृया फैसलाको इन्सेकले अभिलेख गर्दै आएको छ। यसले मानव अधिकारको पक्षमा इन्सेकले प्रकाशन गर्ने पुस्तकले सरोकारवाला सबै पक्षलाई जिम्मेवार बनाएको छ। साथै इन्सेकले प्रकाशन गर्ने वर्ष पुस्तकमा समावेश हुने शब्दहरू मुलुकी अपराध संहिता अनुसार कानुनी प्रयोग गर्न सुझाव दिन चाहन्छु।

कमलप्रसाद पाण्डे

अध्यक्ष, बर्दिया जिल्ला अदालत बार एसोशियशन

मानिसको नैसर्गिक, अहरणीय तथा अविभाज्य अधिकारको रूपमा रहेको मानव अधिकारको संरक्षण, संवर्द्धन र सम्मान गर्नु राज्यको दायित्व हो। विगत लामो समयदेखि मानव अधिकारको क्षेत्रमा क्रियाशील इन्सेकले मानव अधिकार उल्लङ्घनका घटनाहरूको सुक्ष्म खोज तथा उत्खनन् गरी तथ्याङ्कसहित पुस्तक प्रकाशन गर्दै आएको छ। मानव अधिकारको संरक्षण, संवर्द्धन र सम्मानका साथसाथै सचेतना जगाउने कार्यमा विगतको जस्तै यो वर्षको पुस्तक पनि कोशेढुङ्गा सावित हुने नै छ। नेपालमा पनि पछिल्लो समय राज्यको तर्फबाट मानव अधिकारको पक्षमा समयसमयमा व्यक्त गरिएको प्रतिबद्धताले राज्य मानव अधिकारको पक्षमा सजग छ भन्ने अवस्था देखाएको छ।

नारायण पाण्डे

प्रमुख जिल्ला अधिकारी, हुम्ला

राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा २ ले व्यक्तिको जीवन स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित विषय नै मानव अधिकार हो भनी परिभाषित गरिएको परिप्रेक्ष्यमा संविधान तथा अन्य प्रचलित कानुन एवम् मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा निहित अधिकारलाई संरक्षण र सम्वर्द्धन गर्ने दायित्व राज्यको हुने हुँदा मानव अधिकारको प्रत्याभूतिको लागि राज्य संयन्त्रले गर्ने हरेक प्रत्यत्नमा निधिखोजी गरी मानव अधिकारको संरक्षणको लागि सदा तत्पर रहने इन्सेकको सकृय भूमिका देखिन्छ।

मानव अधिकार वर्ष पुस्तक २०२४ अध्ययन गर्दा कर्णाली प्रदेशको मानव अधिकारको अवस्था गत वर्षहरूका तुलनामा सुधार भएको देखिन्छ। तथापि भौगोलिक विकटता, शिक्षा, समाजको चेतनास्तर आदिको दृष्टिबाट मानव अधिकारसँग सम्बन्धित समस्याहरू जुन रूपमा इन्सेकले उजागर गर्नुपर्ने थियो त्यो हुन सकेको पाइएन। सो विषयमा केही कमजोरी नदेखिएको भने होइन। जस्तो छाउपडी प्रथा, हलिया प्रथा, बालविवाह, धामी प्रथा आदि कुरीति र कुसंस्कारसँग सम्बन्धित सवालहरू मानव अधिकारसँगै जोडिएका हुन्छन्। यस्ता विषयमा मानव अधिकारसँग सम्बन्धित इन्सेक जस्ता संस्थाले गाउँगाउँसम्म पुगी सूचना सङ्कलन गरी राज्य संयन्त्रलाई त्यहाँको मानव अधिकारको बारेमा सुसूचित गर्ने दायित्व रहेको हुन्छ। सो कुरा मानव अधिकार वर्ष पुस्तक २०२४ मा तथ्याङ्कसहित उजागर गर्नुपर्थ्यो।

कृष्णलाल भट्टराई

कायममुकाम मुख्य न्यायाधीश
उच्च अदालत, सुर्खेत

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२४ मा समेटिएका विषयहरू सान्दर्भिक छन्। मानव अधिकार उल्लङ्घन हुने क्षेत्र प्रहरी, कारागार लगायतका कार्यालयमा भएका परिवर्तनका कुरा पनि वर्ष पुस्तकमा उल्लेख गर्न मिल्ने भए उल्लेख गर्दा राम्रो हुने थियो।

कृष्णबहादुर हमाल

मुख्य न्यायाधीवक्ता, कर्णाली प्रदेश सुर्खेत

इन्सेकले हरेक वर्ष मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आएको विदितै छ। यस वर्ष पनि मानव अधिकार वर्ष पुस्तक २०२५ प्रकाशन गर्ने कुराले हर्षित भएको छु। मानव अधिकारको क्षेत्रमा सरकारको सेवा विस्तारमा जोड दिएको छ। तर, विद्युत, सडक र खानेपानी जस्ता सार्वजनिक सेवाका सवालमा विशेष सुझावसहितका पालिका स्तरीय विवरण पनि इन्सेकले ल्याउनुपर्ने अहिलेको आवश्यकता छ।

शंकरहरि आचार्य

प्रमुख जिल्ला अधिकारी,
जिल्ला प्रशासन कार्यालय, सुर्खेत

मानव अधिकार उल्लङ्घनका घटना र आपराधिक घटना भिन्दाभिन्दै विषय हुन तर पनि आपराधिक घटनाहरूको सङ्ख्याको आधारमा त्यस जिल्लाको शान्ति सुरक्षा र मानव अधिकारको अवस्थालाई विश्लेषण गर्न सकिन्छ। वर्ष पुस्तक २०२४ मा कर्णाली प्रदेशका मानव अधिकारसँग सम्बन्धित अधिकांश विषयवस्तु समेटिएका छन्। आगामी दिनमा समेटिने घटनाहरू मूलरूपमा मानव अधिकार उल्लङ्घनका घटनासँग सम्बन्धित हुनसके यसको थप महत्व बढ्ने छ। आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारका साथसाथै मानसिक स्वास्थ्य, उपभोक्ता अधिकार, सडक दुर्घटना, प्राकृतिक प्रकोपजस्ता विषयहरू पनि वर्ष पुस्तकमा समेटियोस् भन्ने शुभकामना व्यक्ति गर्न चाहन्छु।

रमेशकुमार थापा

कार्यालय प्रमुख,
राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश
कार्यालय, सुर्खेत

मानव अधिकार उल्लङ्घनका घटना डोल्पामा औपचारिक रूपमा नगन्य नै छन्। यद्यपि माथिल्लो डोल्पामा लामा तथा गुरु र तल्लो डोल्पामा मस्ट देवता प्रतिको विश्वासले मानिसको दैनिकीका हरेक क्रियाकलाप उनीहरूकै सल्लाहमा निर्भर रहेको देखिँदा झै-झगडा, बहुविवाह, लैङ्गिक हिंसा तथा जातीय भेदभावका घटना समेत सहमतिमै मेलमिलाप हुने सम्भावना रहेको छ। यसरी यस जिल्लामा अनौपचारिक रूपमा हुन सक्ने मानव अधिकार विरुद्धका घटना प्रहरी तथा प्रशासन समक्ष आउन मानव अधिकार सम्बद्ध सरकारी तथा गैरसरकारी संस्थाले सचेतनाका कार्यक्रम संचालन गर्नुपर्छ।

दामोदर ज्ञवाली

सहायक प्रमुख जिल्ला अधिकारी,
जिल्ला प्रशासन कार्यालय, डोल्पा

इन्सेकले मानव अधिकार उल्लङ्घनका घटनाको अभिलेखीकरण मानव अधिकारको संरक्षण, सम्वर्द्धन तथा प्रवर्धन गर्दै आइरहेको छ। समाजमा भएका विकृति, विसङ्गति, बेथितिलाई उजागर गर्दै समाजमा लुकेर रहेका मानव अधिकार उल्लङ्घनका घटनालाई बाहिर ल्याउन इन्सेकले कार्य गरिरहेको छ।

डिएसपी हरिकृष्ण केसी

जिल्ला प्रहरी कार्यालय, डोल्पा

शिक्षा र चेतनाको हिसाबले जिल्ला अगाडि छ। तर, मानव अधिकारका घटनाको प्रकृति हेर्दा सामाजिक बहिष्कार, जातीय भेदभावजस्ता घटना हुनु दुखद् हो। सबैको सकारात्मक प्रयासले मात्रै मानव अधिकार उल्लङ्घनका घटना न्यूनीकरण गर्न सकिन्छ।

ललितबहादुर थापा

अध्यक्ष, नेपाल बार एशोसियसन, दैलेख

मानव अधिकार वर्ष पुस्तकले महिला, बालबालिकामाथि भएका हिंसाका घटनाहरूको तथ्य र तथ्याङ्क उजागर गरी सबैलाई मानव अधिकारको अवस्थाको बारेमा सचेत र राज्यका निकायलाई जिम्मेवार बनाउँदै आएको छ। यो पुस्तक महिला तथा बालबालिका विरुद्ध हुने हिंसाका दोषीलाई कानुनी दायरामा ल्याएर कारबाही गर्न, मौलिक हक तथा मानव अधिकारलाई सुनिश्चित गर्न र राज्यलाई जिम्मेवार बनाउन सहयोगी बन्नेछ।

रीताकुमारी शाही

अध्यक्ष, भैरबी गाउँपालिका, दैलेख

मानव अधिकार उल्लङ्घनका सम्पूर्ण घटनाहरू एकै सँगालोमा समेटेर प्रकाशन गर्नुले राज्यलाई जबाफदेही बनाउन मद्दत पुगेको छ। यसमा समेटिएका मानव अधिकार उल्लङ्घनका घटनाहरू तथ्यपरक ढङ्गबाट विश्लेषण भएको पाइयो। जसबाट मानव अधिकारको उल्लङ्घनकर्तालाई नैतिक दबाब दिएको छ। यस्ता घटनाहरू सार्वजनिक गरेर पीडितहरूलाई न्याय, दोषीलाई कानुनी कारबाही र घटनाहरूको न्यूनीकरण हुने विश्वास लिएको छु।

सुनिल दाहाल

डिएसपी, जिल्ला प्रहरी कार्यालय दैलेख

मानव अधिकार उल्लङ्घनको घटना राज्यसँग सम्बन्धित हुने भएकाले प्रहरीले मानव अधिकार हनन्का घटनामा शून्य सहनशीलताको नीति लिएको छ। पछिल्लो समय लागु औषधको प्रयोग र बिक्रीवितरणले मानव जीवनमा ठुलो आघात पुगेको छ। यसले मानिसको स्वास्थ्य शिक्षा प्रभावित हुँदै गएको छ। राज्यले पनि यस लागुऔषधको रोकथाम गर्न निगरानी गर्दै आएको छ। यो विषय पनि वर्ष पुस्तकमा अभिलेख राख्न आवश्यक छ।

छेदिलाल कामती

प्रहरी नायब उपरीक्षक, जिल्ला प्रहरी कार्यालय,
जुम्ला

नेपाल मानव अधिकार वर्ष पुस्तकमा जिल्लामा भए गरेका मानव अधिकार हनन् तथा ज्यादतीका घटनाहरू समेटिने र सार्वजनिक हुने हुनाले यस्ता घटना पुन दोहोरिने कार्यमा कमी आएको छ। आगामी दिनमा जिल्लाका कुना र कन्दरामा भएका घटना मानव अधिकार वर्ष पुस्तकले समेट्न सकोस्।

राजन रावत

अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, हुम्ला

मानव अधिकारको अवस्था उजागर गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तक उपयोगी साबित भएको छ। मानव अधिकार पुस्तक मानव अधिकारको क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्नेहरूलाई पनि उपयोगी हुने विश्वास लिएको छु।

धर्मेन्द्रकुमार मिश्र

प्रमुख जिल्ला अधिकारी, कैलाली

इन्सेकले स्थापनाकालदेखि नै मानव अधिकारको संरक्षणको सवालमा उल्लेखनीय कार्य सम्पादन गर्दै आइरहेको विदितै छ। नेपाल मानव

अधिकार वर्ष पुस्तकलाई विश्वासिलो बनाउन मानव अधिकार उल्लङ्घनका सवालमा पक्ष विपक्ष नहेरी निष्पक्ष रूपमा अभिलेख गर्न र कार्यसम्पादन गर्नुले वर्ष पुस्तकको ओज बढ्छ।

कविन्द्रसिंह बोहरा

डीएसपी, जिल्ला प्रहरी कार्यालय, कैलाली

नेपाल मानव अधिकार वर्ष पुस्तकले जातीय विभेद, छुवाछुत, बेथिति, कुप्रथा, अभिव्यक्ति स्वतन्त्रता जस्ता घटनालाई समेटेको पाइन्छ। आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारका अनुसन्धनात्मक प्रतिवेदन तथा न्यायका विषयलाई वर्ष पुस्तकमा समेट्न सक्दा उपयुक्त हुन्थ्यो।

भरत शाह

अध्यक्ष, नेपाल पत्रकार महासङ्घ सुदूरपश्चिम प्रदेश

इन्सेकले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको तथ्याङ्क सङ्कलन र प्रकाशन गरी राज्यलाई जवाफदेही बनाउने कार्य गरिरहेको छ। एक जना प्रतिनिधिले वर्षभर मानव अधिकारको सवाल अभिलेख गर्नु चुनौतीपूर्ण कार्य हो। सरोकारवालाले यस्ता विषयबस्तुको समाधान कसरी गर्न सकिन्छ भन्नेतर्फ ध्यान दिनुपर्छ।

महादेव बडू (कस्यप)

प्रमुख, जिल्ला समन्वय समिति, दार्चुला

राज्यको सहयोगीका रूपमा इन्सेकले भूमिका खेलेको छ। मानव अधिकारकर्मीले उठान गरेका विषयबस्तुले कर्मचारी होस् या नीति निर्मातालाई सहयोग पुऱ्याइरहेको छ।

यज्ञराज जोशी

प्रमुख जिल्ला अधिकारी,दार्चुला

मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाका विषयमा कुनै पूर्वाग्रह नराखी अभिलेखिकरण हुने गरेकाले यसको विश्वसनीयता निरन्तर उकालो लागेको मैले महसुस गरेको छु। मानव अधिकार उल्लङ्घनका घटना तथा नेपाल मानव अधिकार वर्ष पुस्तक सूचनाको स्रोतका रूपमा प्रयोग गरिने गरिएको छ।

राजेन्द्र फडारा

प्रमुख, जिल्ला कारागार, बझाङ

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घनका घटना उजागर गर्न सफल भएको छ। यसमा उल्लेखित तथ्याङ्कले मानव अधिकार उल्लङ्घनका घटना न्यूनीकरणको योजना बनाउन पनि सघाउ पुग्छ।

विरेन्द्रबहादुर खड्का

अध्यक्ष,मानव अधिकार एलाएन्स, बझाङ

वर्ष पुस्तकले मानव अधिकारको अवस्थाको बारेमा चित्रण गर्ने गर्दछ। मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि नेपाल प्रहरीका सकल दर्जालाई मानव अधिकारबारे प्रशिक्षण गरेका छौँ। सरकारी तहबाट मानव अधिकार उल्लङ्घनका घटनाहरू भएका छैनन्।

युवराज भण्डारी

डिएसपी, जिल्ला प्रहरी कार्यालय, बझाङ

मानव अधिकारको विषयलाई इन्सेक र मानव अधिकार वर्ष पुस्तकले राम्रोसँग उठान गरेको छ। वर्ष पुस्तकमा उठान गरिएका विषयले राजनीतिक पार्टीलाई पनि योजना बनाउन सहयोग पुगेको छ।

नयन बोहरा

सचिव, नेकपा एमाले जिल्ला कार्यासमिति, बझाङ

नेपाल मानव अधिकार वर्ष पुस्तकले नेपालको समग्र मानव अधिकार अवस्थाको चित्रण गर्दै आएको छ। यो हाम्रो समाजका लागि महत्वपूर्ण दस्तावेज हो। नेपाल मानव अधिकार वर्ष पुस्तकले राज्यको दायित्व तथा जिम्मेवारीलाई सरल रूपमा प्रष्ट्याएको छ।

ओम प्रसाद भट्टराई

प्रमुख जिल्ला अधिकारी, बझाङ

वर्ष पुस्तकले मानव अधिकार संरक्षणका लागि सचेतना अपनाउन सुझाउने गरेको पाइन्छ। राजनीतिक व्यवस्था परिवर्तनसँगै फेरिएका अधिकार उल्लङ्घनका घटनामा सुक्ष्म अध्ययन अझ बढाउनुपर्ने आवश्यकता देखिएको छ।

ललित बहादुर सिंह

अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, बझाङ

इन्सेकले मानव अधिकार हनन्का गतिविधि न्यूनिकरण गर्न सकारात्मक ढङ्गले अभियान सञ्चालन गरेको छ। मानव अधिकारको पक्षमा वकालत गर्न एक विश्वस्त संस्थाका रूपमा समेत इन्सेक परिचित छ।

हिक्मतबहादुर सिंह

अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, डडेल्धुरा

मानव अधिकारको प्रत्याभूति, संरक्षण र प्रवर्द्धनका लागि राज्यले कानुन निर्माण र त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्छ। मानव

अधिकारको सम्मान प्रत्याभूतिका लागि व्यक्तिलाई सचेत र कर्तव्य पालनामा सजग बनाउन आवश्यक छ।

ललितबहादुर कुँवर

प्रमुख, जिल्ला समन्वय समिति, अछाम

नेपाल मानव अधिकार वर्ष पुस्तकले नेपालभरको मानव अधिकारको अवस्था तथा मानव अधिकार हनन्का घटनाहरूबारे जानकारी दिन्छ। मानव अधिकारजस्तो संवेदनशील विषयमा यसको सम्मान, संरक्षणमा प्रभावकारी कार्यान्वयनका लागि इन्सेकले पुऱ्याएको योगदान अत्यन्तै महत्वपूर्ण छ। मानव अधिकार हनन्का घटना न्युनीकरण गर्न तथा मानव अधिकारको संरक्षण प्रवर्द्धन गर्न वर्षपुस्तकले महत्वपूर्ण भूमिका खेल्नुका साथै महिला तथा बालबालिकामाथि हुने सबै खाले हिंसा न्युनीकरणका लागि इन्सेक क्रियाशील हुन आवश्यक छ।

ईश्वरीप्रसाद भण्डारी

प्रमुख, जिल्ला प्रहरी कार्यालय, अछाम

मानव अधिकारको रक्षाका लागि हरेक व्यक्ति र निकायलाई मानव अधिकार सम्बन्धी चेतना आवश्यक हुन्छ। मानव अधिकार, कानुनी ज्ञानको अभावले समाजमा कतिपय घटा बाहिर आउन सकेका छैनन्।

हरिसप्रसाद भट्ट

न्यायाधिवक्ता, जिल्ला सरकारी कार्यालय, अछाम

इन्सेकले प्रकाशन गर्ने वर्ष पुस्तक अध्ययनका लागि उपयोगी सामग्री मध्येको एक हो। यो पुस्तकको सहायताले वर्षभरिका मानव अधिकार उल्लङ्घनको अवस्था बुझ्न् मद्दत पुग्छ। समाजमा भइरहेको विभिन्न हिंसाबाट हुने गरेको मानव अधिकार उल्लङ्घनको वास्तविक अवस्था विश्लेषणपछि न्याय सम्पादनमा मद्दत पुग्ने देखिन्छ।

मोहनराज जोशी

प्रमुख जिल्ला अधिकारी, डोटी

मानव अधिकारजस्तो संवेदनशील विषयमा यसको सम्मान, संरक्षण र प्रभावकारी कार्यान्वयनका लागि इन्सेकले पुऱ्याएको योगदान अतुलनीय छ। महिला तथा बालबालिकामाथि हुने सबैखाले हिंसा न्यूनीकरणका लागि इन्सेक थप क्रियाशील हुन आवश्यक छ।

बिनोद शर्मा

एसपी, जिल्ला प्रहरी कार्यालय, डोटी

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको अभिलेख गरी वर्ष पुस्तक प्रकाशन गरिनुले मानव अधिकार संरक्षणमा योगदान पुगेको छ। मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्न सबै पक्षहरू संवेदनशील भएमा मानव अधिकारको रक्षाको निमित्त टेवा पुग्ने देखिन्छ।

लक्ष्मणबहादुर सिंह

प्रमुख, जिल्ला समन्वय समिति,डोटी

मानव अधिकारको संरक्षण, प्रवर्द्धन र जनचेतना अभिवृद्धिका लागि इन्सेकले विगतमा पुऱ्याएको योगदान प्रेरणादायी छ। यो पुस्तकले मानव अधिकारका विषयमा जानकारीमूलक विश्लेषण प्रस्तुत गर्दै यस क्षेत्रमा काम गर्ने नीति-निर्माता, अनुसन्धानकर्ता, तथा सङ्घ-संस्थाहरूलाई मानव अधिकारको क्षेत्रमा थप काम गर्न सहज बनाएको छ।

शंकर विश्वकर्मा

जिल्ला संयोजक, दलित महिला सङ्घ, फेडो, डोटी

मानव अधिकारको क्षेत्रमा बहस र पैरवी गर्दै आएको इन्सेकले लामो समयदेखि वर्ष पुस्तक प्रकाशन मार्फत मुलककै समग्र मानव अधिकारको अवस्था सार्वजनिक गर्दै आएको छ। यो सराहनीय कार्य हो। मानव अधिकारको संरक्षण, सम्बर्धन र परिपुर्ति गर्ने मुख्य दायित्व राज्यको भए पनि नागरिकहरू अवसरबाट वञ्चित हुनु र नागरिकका आधारभूत अधिकारको सुनिश्चितता नहुनु दुःखद पक्ष हो।

अमर खड्का

नगर प्रमुख, बडिमालिका नगरपालिका, बाजुरा

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको प्रवर्द्धनका लागि उपयोगी दस्तावेज हो। मानव अधिकार वर्ष पुस्तकको प्रचारप्रसार राज्यको तल्लो तहसम्म पुऱ्याउन सकियो भने थप प्रभावकारी हुने देखिएको छ। नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाको अभिलेख मात्रै नभएर समग्र मुलुकै मानव अधिकारको महत्वपूर्ण दस्तावेज पनि हो। १९९२ देखि प्रकाशन गरिँदै आइएको नेपाल मानव अधिकार वर्ष पुस्तकले घटना, घटनाको प्रकृति र घटनाको स्वरूपको विस्तृत अध्ययन गर्न र जिल्लामा सोही अनुसारका कार्यक्रमहरू तय गर्न पनि सहज भएको छ।

जनक बोहोरा

नगर प्रमुख,बुढीनन्दा नगरपालिका, बाजुरा

नेपाल मानव अधिकार वर्ष पुस्तकले सबै ठाउँ र सबै किसिमका घटनाको अभिलेख गरेको छ। जसको विकासक्रम र राज्यले क्रिया प्रतिक्रिया अधिकारप्रति निर्बाह गरेको जवाफदेहिता र भूमिकाबारे अध्ययन गर्ने जुनसुकै नागरिकको लागि महत्वपूर्ण पुस्तक बनेको छ।

दिलीपकुमार गिरी
डिएपी, जिल्ला प्रहरी कार्यालय, बाजुरा

मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि वर्ष पुस्तकमा समेटिएका विषय वस्तु तथा तथ्याङ्कले मानव अधिकारबारे भएगरेका त्रुटि र तिनको समाधानको लागि सरोकारवाला निकायलाई सच्याउने मौका प्रदान गरेको छ।

लालबहादुर ओली
अध्यक्ष, नेकपा एमाले जिल्ला कमिटी, बाजुरा

इन्सेकले नागरिकको न्यायका लागि वकालतका गर्दै आएको छ। मानव अधिकार वर्ष पुस्तक सबैको लागि एक महत्वपूर्ण स्रोत सामग्रीका रूपमा रहेको छ। आर्थिक, समाजिक तथा सास्कृतिक अधिकारका सवालहरूलाई थप महत्व दिएर वर्ष पुस्तकमा प्रकाशन गर्न सकियो भने थप प्रभावकारी हुने देखिएको छ।

रुक्मिणी शाह
अध्यक्ष, महिला अधिकार मञ्च, बाजुरा

मानव अधिकार वर्ष पुस्तकले अधिकारबाट वञ्चित महिला, बालबालिका, ज्येष्ठ नागरिकमाथि भएका मानव अधिकार उल्लङ्घनको विषयमा सरोकारवालाहरूको ध्यानाकर्षण गर्ने काम गर्दै आइरहेको छ।

निलम लेखक जोशी
उपप्रमुख, भीमदत्त नगरपालिका, कञ्चनपुर

मानव अधिकार वर्ष पुस्तकमा मानव अधिकार उल्लङ्घनका घटनामात्रै समावेश नगरी अपराधरहित समाजको निर्माण गर्न नागरिकका दायित्व र कर्तव्य तथा अपराधका घटनाहरूमा प्रहरीले गरेको उत्कृष्ट अनुसन्धान र पीडितले पाएको न्याय समेतका विषयलाई यथार्थ परक ढङ्गबाट समावेश गर्नसके यो पुस्तकको गरिमा अझै बढ्ने थियो।

चक्रराज जोशी
एसपी, जिल्ला प्रहरी कार्यालय, कञ्चनपुर

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२५ तयारीका क्रममा संलग्न व्यक्तिहरू

परिच्छेद लेखनमा संलग्न व्यक्तिहरू

परिच्छेद १ : राजनीतिक दाउपेजमा सङ्क्रमणकालीन न्याय

लेखक : विजयराज गौतम
कार्यकारी निर्देशक, इन्सेक

परिच्छेद ३: सन् २०२४ को मानव अधिकार उल्लङ्घन सूचकाङ्क, नेपाल

लेखक : डा. भीमराज सुवाल

परिच्छेद ४: नेपाल मानव अधिकार वर्ष पुस्तक र वातावरणीय अधिकार

लेखक : प्रा. डा. दिनेशराज भुजु

परिच्छेद ६

६.१ न्यायपालिका

लेखक : विद्या चापागाईं

६.२ कार्यपालिका

लेखक : श्रेया पराजुली

६.३ व्यवस्थापिका

लेखक : कृष्ण गौतम

परिच्छेद ७

७.१ सुनसरी, मोरङका उद्योग र मानवीय स्वास्थ्यमा परेको प्रभाव

लेखक : पुण्यप्रसाद अधिकारी

७.२ अनियमितता र अक्षमताको छायामा परेको 'बेटी पढाउ, बेटी बचाउ' कार्यक्रम

लेखक : राजु पासवान

७.३ वातावरण विनाशः विकास र उद्यमले काभ्रेमा पारेको प्रभाव

लेखक : रमेशप्रसाद तिमल्सिना/गोविन्दप्रसाद त्रिपाठी

७.४ गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र अवस्था

लेखक : शिवप्रसाद खकुरेल

७.५ दाङमा सिमेन्ट कारखानाले वातावरण तथा अन्य क्षेत्रमा पारेको प्रभाव

लेखक : सोम नेपाली/जयनारायण पुन

७.६ सुर्खेतको रेक्चामा खानेपानी समस्याः शिक्षा, स्वास्थ्य, कृषि र विस्थापन

लेखक : सोम नेपाली/जगतदल जनाला विक

७.७ कैलाली जिल्लामा एचआईभी सङ्क्रमितहरूको अवस्था

लेखक : कृष्णबहादुर वि.क.

जिल्ला प्रतिनिधिहरू

कोशी प्रदेश

१.१	ताप्लेजुङ	- एलिना दियाली
१.२	सङ्खुवासभा	- भविन कार्की
१.३	सोलुखुम्बु	- अञ्जु कार्की
१.४	ओखलढुङ्गा	- सरस्वती बानिया
१.५	खोटाङ	- तारानाथ फुँयाल
१.६	भोजपुर	- गणेश बिष्ट
१.७	धनकुटा	- ईश्वर थापा
१.८	तेह्रथुम	- सुरेश खत्री
१.९	पाँचथर	- इवारा जबेगु लिम्बू
१.१०	इलाम	- मनोज अधिकारी
१.११	झापा	- नरेश खाती
१.१२	मोरङ	- विनोद सुवेदी
१.१३	सुनसरी	- जयकृष्ण यादव
१.१४	उदयपुर	- राकेश नेपाली

मधेश प्रदेश

२.१	सप्तरी	- मनोहरकुमार पोखरेल
२.२	सिरहा	- दुर्गा परियार
२.३	धनुषा	- सन्तोषकुमार यादव
२.४	महोत्तरी	- ममता विश्वकर्मा
२.५	सर्लाही	- बुधन साह
२.६	रौतहट	- गौरी न्यौपाने
२.७	बारा	- भोलानाथ पौडेल
२.८	पर्सा	- शम्भुकुमार सुमन

बागमती प्रदेश

३.१	दोलखा	- उद्धवप्रसाद पोखरेल
३.२	सिन्धुपाल्चोक	- नातिबाबु धिताल
३.३	रसुवा	- हेमनाथ खतिवडा
३.४	धादिङ	- सीताराम अधिकारी
३.५	नुवाकोट	- नवदीप श्रेष्ठ
३.६	काठमाडौं	- पार्वती साउद
३.७	भक्तपुर	- जमुना भट्टराई
३.८	ललितपुर	- दीपकप्रसाद घिमिरे
३.९	काभ्रेपलान्चोक	- सुमित्रा आचार्य
३.१०	रामेछाप	- नवराज घिमिरे
३.११	सिन्धुली	- नवीनबाबु अधिकारी
३.१२	मकवानपुर	- पुष्पराज अधिकारी
३.१३	चितवन	- दीपेन्द्र अधिकारी

गण्डकी प्रदेश

४.१	गोरखा	- हरिराम उप्रेती
४.२	मनाङ	-
४.३	मुस्ताङ	- अमृतप्रसाद पौडेल
४.४	म्याग्दी	- अमृतप्रसाद पौडेल
४.५	कास्की	- सञ्जय रानाभाट
४.६	लमजुङ	- सुमित्रा भुजेल
४.७	तनहुँ	- प्रकाशचन्द्र भट्टराई
४.८	नवलपरासी पूर्व	- ज्ञानुमाया पंगेनी दयाराम आचार्य
४.९	स्याङ्जा	- समीक्षा ढकाल
४.१०	पर्वत	- सन्तोष थापा
४.११	बागलुङ	- सिर्जना पन्त

लुम्बिनी प्रदेश

५.१	रुकुम पूर्व	- जयनारायण पुन
५.२	रोल्पा	- तिलक घर्ती
५.३	प्यूठान	- रवीन्द्र पाण्डे
५.४	गुल्मी	- टोपलाल अर्याल
५.५	अर्घाखाँची	- कुलबहादुर नेपाली
५.६	पाल्पा	- यज्ञमूर्ति तिमिल्सिना
५.७	नवलपरासी पश्चिम	- नारायण पराजुली
५.८	रुपन्देही	- रीमा बीसी
५.९	कपिलवस्तु	- रीमा बीसी
५.१०	दाङ	- जयनारायण पुन
५.११	बाँके	- ध्रुवराज शर्मा
५.१२	बर्दिया	- प्रकाश पौडेल

पुरस्कृत जिल्ला प्रतिनिधिहरू

यस वर्ष प्रत्येक प्रदेशबाट एक/एक जनालाई 'उत्कृष्ट जिल्ला प्रतिनिधि' पुरस्कारले पुरस्कृत गर्ने निर्णय भएअनुरूप निम्नानुसारका जिल्ला प्रतिनिधि छानिनु भएको छ। 'उत्कृष्ट जिल्ला प्रतिनिधि'लाई प्रशंसापत्र र ७ हजार ५ सय रुपियाँ प्रदान गरिन्छ।

उत्कृष्ट

कोशी प्रदेश	: राकेश नेपाली, उदयपुर
मधेस प्रदेश	: ममता विश्वकर्मा, महोत्तरी
बागमती प्रदेश	: सुमित्रा आचार्य, काभ्रे
गण्डकी प्रदेश	: हरेराम उप्रेती, गोरखा
लुम्बिनी प्रदेश	: जयनारायण पुन, दाङ
कर्णाली प्रदेश	: जगतदल जनाला विक, सुर्खेत
सुदूरपश्चिम प्रदेश	: सत्यराजबहादुर सिंह, बझाङ

फोटो स्रोत : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

कर्णाली प्रदेश

६.१	डोल्पा	- पूर्ण सार्की
६.२	मुगु	- सर्जनकुमार शाही/मानदत्त रावल
६.३	हुम्ला	- नन्द सिंह
६.४	जुम्ला	- मानदत्त रावल
६.५	कालीकोट	- कालीबहादुर मल्ल
६.६	दैलेख	- अमर सुनार
६.७	जाजरकोट	- बासुदेव शर्मा
६.८	रुकुम पश्चिम	- बासुदेव शर्मा
६.९	सल्यान	- बुद्धिमान पुन/ जगतदल जनाला विक
६.१०	सुर्खेत	- जगतदल जनाला विक

सुदूरपश्चिम प्रदेश

७.१	बाजुरा	- पदमबहादुर सिंह
७.२	बझाङ	- सत्यराज सिंह
७.३	दार्चुला	- नरेन्द्रसिंह कार्की
७.४	बैतडी	- नरीदत्त बडु
७.५	डडेल्धुरा	- शेरबहादुर भण्डारी
७.६	डोटी	- सुभाष नेपाली
७.७	अछाम	- शिवराज ढुङ्गाना
७.८	कैलाली	- मैनामोती चौधरी
७.९	कञ्चनपुर	- लिली कुँवर

केन्द्रीय कार्यालयमा संलग्न

शैलेस शर्मा, भार्गव काफ्ले

प्रदेश कार्यालयमा संलग्न

कोशी प्रदेश	: सोमराज थापा पुण्यप्रसाद अधिकारी
मधेस प्रदेश	: राजु पासवान मोहनकुमार चौधरी
बागमती प्रदेश	: गणेश भण्डारी विनोद पाण्डे
गण्डकी प्रदेश	: शिव खकुरेल रेनुका विक
लुम्बिनी प्रदेश	: भोला महत सोम नेपाली
कर्णाली प्रदेश	: नारायण सुवेदी पुरनप्रसाद चौधरी/सोम नेपाली
सुदूरपश्चिम प्रदेश	: खडकराज जोशी कृष्णबहादुर विक

इन्सेक पुस्तक २०९/२०८१



विस्तृत शान्ति सम्झौतामा उल्लेख भए अनुसार माओवादी लडाकुको नेपाली सेनामा समायोजन, संविधानसभाको निर्वाचनजस्ता जटिल कार्य सुझबुझ ढङ्गले टुङ्ग्याएका ठूला राजनीतिक दल सङ्क्रमणकालीन न्याय प्रकृयालाई निष्कर्षमा पुऱ्याउने सुनौलो अवसरबाट चुके । नेपालको मौलिक शान्ति प्रकृयाका बाँकी काम पूरा गर्न र विश्वसामु प्रस्तुत गर्ने महत्त्वपूर्ण अवसर उनीहरूले गुमाए भने न्यायको आशामा रहेका हजारौं द्वन्द्वपीडितलाई धोका दिए । सत्तामा जान गरिने प्रयासमा राजनीतिक दल केन्द्रित हुँदा शान्ति प्रक्रियाका महत्त्वपूर्ण काम राजनीतिक दाउपेचभन्दा बाहिर निस्कन सकेन ।

इन्सेक
insec
मानव अधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१०, स्यूचाटार, काठमाडौं
पत्र मञ्जुषा: २७२६, काठमाडौं
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
इमेल: insec@insec.org.np
वेबसाइट: www.insec.org.np, www.inseconline.org

ISBN 978-9937-9817-0-5
9789937981705